# विषय सूचि

लेखकबाटको दुई शब्द........................................................................२

व्याख्या:
पत्रुस, एक व्यक्तित्व.........................................................................१४
मर्कूसको परिचय...............................................................................१७
मर्कूस १.........................................................................................२५
मर्कूस २.........................................................................................७२
मर्कूस ३.........................................................................................८८
मर्कूस ४........................................................................................१०९
मर्कूस ५........................................................................................१२८
मर्कूस ६........................................................................................१४०
मर्कूस ७........................................................................................१५८
मर्कूस ८........................................................................................१७५
मर्कूस ९........................................................................................१९२
मर्कूस १०......................................................................................२१४
मर्कूस ११......................................................................................२५०
मर्कूस १२......................................................................................२६४
मर्कूस १३......................................................................................२९८
मर्कूस १४......................................................................................३३३
मर्कूस १५......................................................................................३६८
मर्कूस १६......................................................................................३९४

१ पत्रुसको परिचय ...........................................................................४०२
१ पत्रुस १......................................................................................४०८
१ पत्रुस २......................................................................................४४१
१ पत्रुस ३......................................................................................४६५
१ पत्रुस ४ .....................................................................................४९०
१ पत्रुस ५......................................................................................५०८

२ पत्रुसको परिचय............................................................................५२५
२ पत्रुस १......................................................................................५३१
२ पत्रुस २......................................................................................५६०
२ पत्रुस ३......................................................................................५८५
परिशिष्ट १: ग्रीक व्याकरणका शब्दहरुको संक्षिप्त परिभाषाहरु........................६०३
परिशिष्ट २: मूल पाठ सम्बन्धीका समालोचना ........................................६१४
परिशिष्ट ३: सैद्धान्तिक विवरण...............................................................६१९

## लेखकबाटको दुई शब्द

## यस आलोचनाले तपाईँलाई कसरी सहयोग पुऱ्याउन सक्छ ?

बाइबलीय व्याख्या एउटा तर्कपूर्ण र आत्मिक प्रक्रिया हो जसले एकजना पूराना प्रेरित लेखकलाई यस्तो एउटा विधिबाट बुझ्ने प्रयास गर्दछ कि परमेश्वरबाटको सन्देश हाम्रा दिनमा बुझ्न अनि लागू गर्न सकिन्छ ।

आत्मिक प्रक्रिया निर्णायक तर परिभाषित गर्नलाई कठिन छ । यसले परमेश्वरप्रति एउटा समर्पण अनि खुलापनलाई समावेश गर्दछ । (१) उहाँको लागि (२) उहाँलाई चिन्न, अनि (३) उहाँको सेवा गर्नलाई त्यहाँ एउटा तीब्र इच्छा हुनु नै पर्दछ । यस प्रक्रियाले प्रार्थना, पाप–स्वीकार अनि जीवन जिउने तरिकाको परिवर्तनको निम्ति तत्परतालाई समावेश गर्दछ । पवित्र आत्मा व्याख्यात्मक प्रक्रियामा निर्णायक हुनुहुन्छ तर सच्चा, परमेश्वरमा आदर गर्ने ख्रीष्टियनहरुले बाइबललाई किन फरक प्रकारले बुझ्दछन् भन्ने कुरा एउटा रहस्य नै छ ।

तर्कपूर्ण प्रक्रिया वर्णन गर्नलाई सजिलो हुन्छ । हामी पाठप्रति सामञ्जस्य र निष्पक्ष हुनुपर्दछ अनि आफ्ना व्यक्तिगत अथवा साम्प्रायिक पूर्वाग्रहहरुबाट प्रभावित हुनुहुँदैन । हामी सबै ऐतिहासिक रुपमा अवस्थित छौं । हामीमध्ये कोही पनि वस्तुगत, तटस्थ प्रदान गर्दछ जसले हाम्रा पूर्वाग्रहहरु पार गर्न हामीलाई सहयोग गर्न बनाइएका तीनवटा व्याख्यात्मक सिद्धान्तहरु समावेश गर्दछ ।

### पहिलो सिद्धान्त

पहिलो सिद्धान्त भनेको ऐतिहासिक दृश्य जसमा एउटा बाइबलीय पुस्तक लेखियो अनि यसको लेखकका निम्ति विशेष ऐतिहासिक अवसर टिप्पणी गर्नु हो । सुरुका लेखकको एउटा उद्देश्य, सञ्चार गर्ने एउटा सन्देश थियो । हाम्रो ऐतिहासिक, भावपूर्ण, साँस्कृतिक, व्यक्तिगत वा साम्प्रदायिक आवश्यकता होइन – उहाँको आशय नै प्रमुख हो । व्याख्या गर्नलाई प्रयोग एउटा आवश्यक साथी हो, तर राम्रो व्याख्या सँधै प्रयोगभन्दा पहिले आउनुपर्दछ । हरेक बाइबलीय लेखको एउटामात्रै अर्थ हुन्छ भन्ने कुरा धेरैपटक भनिनु नै पर्दछ । यो अर्थ नै सुरुका बाइबलीय लेखकले पवित्र आत्माद्वारा आफ्ना दिनमा प्रचार गर्न चाहे । यस एकल अर्थको विभिन्न संस्कृतिहरु र अवस्थाहरुमा धेरै सम्भावितत् प्रयोगहरु हुनसक्छ । यी प्रयोगहरु सुरुका लेखकको वास्तविक सत्यतासित मिलाइनुपर्दछ । यसै कारणले गर्दा, यो अध्ययन सहयोगी समालोचना बाइबलका हरेक पुस्तकको एउटा परिचय दिनलाई रुपरेखा तयार गरिएको छ ।

### दोस्रो सिद्धान्त

दोस्रो सिद्धान्त भनेको साहित्यिक एकाइहरु पहिचान गर्नु हो । हरेक बाइबलीय पुस्तक एउटा एकत्रित लेख हो । अरुहरुलाई छोडेर सत्यताको एक पक्षलाई अँगाल्ने व्याख्याकारहरुसित अधिकार छैन । त्यसकारण, हामीले हरेक साहित्यिक एकाइहरु व्याख्या गर्नु पहिले सम्पूर्ण बाइबलको पुस्तकको उद्देश्य बुझ्नलाई हामीले प्रयास गर्नुपर्दछ । अध्यायहरु, परिच्छेदहरु अथवा वाक्यहरु जस्ता छुट्टाछुट्टै भागहरुले पूरै अध्यायले दिने अर्थ दिन सक्दैनन् । व्याख्या पूर्णताको अनुमानित पहुँचबाट अंशहरुको तथ्यपूर्ण जानुपर्दछ । त्यसकारण, यो अध्ययन सहयोगी समालोचना परिच्छेदहरुद्वारा हरेक साहित्यका एकाइको

बनोट विश्लेषण गर्न विद्यार्थीलाई सहयोग गर्ने गरी तयार पारिएका छन् । परिच्छेद साथै अध्याय विभाजनहरु कसैद्वारा उत्प्रेरित होइनन् तर तिनीहरुले सोचनीय एकाइहरु पहिचान गर्नमा हामीलाई मद्दत गर्दछन् ।

बाइबलीय लेखकको आत्मिक अर्थ मान्दा अनुच्छेद स्तरमा – वाक्य, उपवाक्य, वाक्यांश वा शाब्दिक स्तरमा होइन–गरिने व्याख्या प्रमुख पक्ष हो । परिच्छेदहरु एउटा एकत्रित शीर्षकमा आधारित हुन्छन् जसलाई भाव वा शीर्षवाक्य भनिन्छ । अनुच्छेदमा हरेक शब्द, वाक्यांश, अर्धवाक्य र वाक्य केही तरिकामा यस एकीकृत भावसित सम्बन्धित हुन्छन् । तिनीहरुले यसलाई सीमित पार्छन्, विस्तृत बनाउँछन्, यसलाई व्याख्या गर्छन् अनि । अर्थात् प्रश्न गर्छन् । उपयुक्त व्याख्या गर्ने एउटा वास्तविक तरिका बाइबलीय पुस्तकका हरेक साहित्यिक एकाइहरुमा अनुच्छेद स्तरमा सुरुका लेखकको विचारलाई पछ्याउनु हो । यस अध्ययन सहयोगी समालोचना विद्यार्थीलाई आधुनिक अंग्रेजी अनुवादहरुबीच तुलना गर्दै त्यसो गर्न सघाउ पुऱ्याउनलाई निर्माण गरिएको छ । निम्न लिखित अनुवादहरु छानिएका छन् किनभने तिनीहरुले विभिन्न अनुवादका सिद्धान्तहरु लागू गर्दछन् ।

१. United Bible Society को ग्रीक लेख पुनःलिखित चौथो संस्करण (UBS[4]) हो । यस लेखलाई आधुनिक पुस्तकका विज्ञहरुद्वारा अनुच्छेद दिइयो ।

२. New King James Version (NKJV) एउटा Textus Receptus भनिने ग्रीक पाण्डुलिपीको परम्परामा आधारित शाब्दिक अनुवाद हो । अरु अनुवादहरु यसका अनुच्छेद विभाजनहरु लामो छन् । यी लामा एकाइहरुले एकत्रित शीर्षकहरु हेर्न विद्यार्थीलाई महत्त्व गर्छन् ।

३. New Revised Standard Version (NRSV) एउटा परिवर्तित शब्द–शब्दको अनुवाद हो । यसले प्रचलित दुईटा आधुनिक अनुवादहरुबीचको एउटा मध्यबिन्दुको निर्माण गर्दछ । विषयवस्तुहरु पहिचान गर्न यसका परिच्छेद विभाजनहरु अति नै सहयोगी छन् ।

४. आजको अंग्रेजी (TEV) यूनाइटेड बाइबल सोसाइटीद्वारा प्रकाशित एउटा गतिशील समान अनुवाद हो । एउटा आधुनिक अंग्रेजी पाठक वा वक्ताले ग्रीक पाठको अर्थ बुझ्न सक्ने गरी यसले बाइबललाई अनुवाद गर्ने प्रयास गर्दछ । प्राय, विशेष गरी सुसमाचारहरुमा विभाजन गर्दछ । व्याख्याकारको उद्देश्यहरुका निम्ति, यो सहयोगी हुँदैन । UBS[4] र TEV दुवै उही सत्ताद्वारा प्रकाशित गरिएका हुन् तर पनि तिनीहरुको अनुच्छेदीकरण बेग्लाबेग्लै छ जुन चाखलाग्दो कुरा हो ।

५. यरुशलेम बाइबल (JB) एउटा फ्रान्सको क्याथोलिक अनुवादमा आधारित एउटा गतिशील समान अनुवाद हो । यो एउटा यूरोपियन मान्यताबाट अनुच्छेदीकरणलाई तुलना गर्नमा अति सहयोगी हुन्छ ।

६. यहाँ छापिएको पुस्तक १९९५ *Updated New American Standard Bible* (NASB) हो जुन एउटा शाब्दिक अनुवाद हो । यस अनुच्छेदीकरणलाई पद–पदको आलोचनाले मान्दछ ।

**तेस्रो सिद्धान्त**

तेस्रो सिद्धान्त भनेको बाइबलका शब्दहरु र वाक्यांशहरुका हुन सक्ने जतिसुकै सम्भावित अर्थ ( अर्थसम्बन्धी क्षेत्र) प्राप्त गर्नलाई बाइबलका विभिन्न अनुवादहरु पढ्नु हो । एउटा ग्रीक शब्द वा वाक्यांशलाई सँधै विभिन्न तरिकाले बुझ्न सकिन्छ । यी विभिन्न अनुवादहरुले यी विकल्पहरु ल्याउँदछन् अनि ग्रीक लिपिका विभिन्नताहरु पहिचान गर्न र व्याख्या गर्न सहयोग गर्छन् । यिनीहरुले सिद्धान्तलाई

असर पार्दैनन्, तर एउटा पूरानो उत्प्रेरित लेखकद्वारा लेखिएको सुरुको लेखमा हामीलाई फर्कन यिनीहरुले मद्दत गर्छन् ।

यस आलोचनाले विद्यार्थीलाई आफ्ना व्याख्याहरुलाई परीक्षण गर्ने एउटा छिटो तरिका प्रदान गर्दछ । यो निश्चित हुनुपर्दछ भन्ने छैन तर जानकारीमूलक अनि विचार प्रदान गर्नेहुन्छ । प्राय, अन्य सम्भावित व्याख्याहरुले हामीलाई संकुचित, हठी अनि साम्प्रदायिक नहुन सहयोग गर्छ । व्याख्याकारहरुसित पूरानो लेख कति अस्पष्ट हुनसक्छ भन्ने पहिचान गर्न व्याख्या गर्ने विकल्पहरुको ठूलो अन्तरहरु हुनुपर्दछ । बाइबल सत्यताको आफ्नो श्रोत हो भनेर दाबी गर्ने खीष्टियनहरुबीच त्यहाँ सानो सम्झौता छ भन्नु दुःखलाग्दो कुरा हो ।

पूराना पुस्तकहरुसित मलाई संघर्ष गर्न प्रेरित गरेर मेरा धेरै ऐतिहासिक अवस्था पार गर्न यी सिद्धान्तहरुले मलाई सहयोग पुऱ्याएका छन् । आशा छ यो तपाईँलाई पनि एउटा आशिर्वाद हुनेछ ।

**असल बाइबल अध्ययनका लागि एउटा सहयोगी प्रमाणित सत्यताका लागि एउटा व्यक्तिगत खोज :**

के हामी सत्यता जान्न सक्छौं ? यो कहाँ पाइन्छ ? के हामी यसलाई तार्किक रुपमा प्रमाणित गर्न सक्छौं ? के त्यहाँ एउटा आधारभूत अख्तियार छ ? के त्यहाँ हाम्रो जीवन हाम्रो संसारलाई सहयोग पुऱ्याउने पूर्णताहरु छन् ? के त्यहाँ जीवनको अर्थ छ ? किन हामी यहाँ छौं ? हामी कहाँ जाँदैछौं ? यी प्रश्नहरु – जुन सम्पूर्ण विवेकशील मानिसहरुले सोंच्दछन् – ले समयको सुरुवातदेखि नै मानव मगजलाई आघात दिएका छन् (उपदेशक १:१३–१८; ३:९–११) मेरो जीवनको एकीकृत केन्द्रका निमि मैले मेरो व्यक्तिगत खोजलाई सम्झन सक्छु । मेरो परिवारमा अरुहरुको साक्षीमा आधारित भएर म जवानीदेखि नै खीष्टप्रति विश्वासी एउटा विश्वासी बनें । जब म बढ्दै गएँ, मेरो आफ्नै बारेमा अनि मेरो संसारका बारेमा प्रश्नहरु पनि बढे । सामान्य साँस्कृतिक र धार्मिक वाक्यहरुले मैले पढेका वा भोगेका अनुभवहरुमा अर्थ राखेनन् । असंवेदनशील, कठिन संसारको रुपमा, जहाँ म बाँचे, यो एउटा दोधार, खोजी, चाहना र प्रायः एउटा निराशाको अनुभवको समय थियो ।

धेरैले यी मूलभूत प्रश्नहरुका उत्तरहरु आफूसँग भएको दाबी गरे तर शोध अनि खोजपछि मैले पत्ता लगाए कि तिनीहरुका जवाफहरु (१) व्यक्तिगत दर्शनहरु, (२) पूराना कहानीहरु (३) व्यक्तिगत अनुभवहरु या (४) मनोवैज्ञानिक योजनाहरुमा आधारित थिए । मेरा संसारसम्बन्धी धारणाहरु, मिसाइएका केन्द्र, बाँच्नुको मेरो कारणलाई आधार बनाउने केही विविधता, केही प्रमाण, केही विवेक मलाई चाहिन्थ्यो ।

बाइबलको मेरो अध्ययनमा मैले यीकुराहरु पाएँ । यसको विश्वसनीयताको प्रमाणको निम्ति जब मैले खोज सुरु गरें जुनचाहिँ मैले (१) पूरातात्विक विज्ञानबाट निश्चित गरिएको बाइबलको ऐतिहासिक विश्वास (२) पूरानो करारको अगमवाणीहरुको सही (३) यसको उत्पादनको सोह्र सय वर्षसम्म बाइबल सन्देश एकता अनि (४) मानिसका व्यक्तिगत उत्पादनहरु जसको जीवन बाइबलसितको सम्पर्कपछि सँधैका निम्ति परिवर्तन भएका थिए । तिनीहरुमा प्राप्त गरे । विश्वास र भरोसाको एउटा एकत्रित प्रणालीका रुपमा क्रिश्चियनीटिसित मानव जीवनका जटिल प्रश्नहरुसित सरोकार राख्ने क्षमता छ ।

यसले एउटा तर्कपूर्ण रुपरेखा मात्र प्रदान गरेन कि तर बाइबलीय विश्वासको अनुभव सिद्ध पक्षले ममा भावुक आनन्द अनि स्थीरता ल्यायो ।

मेरो जीवनका निम्ति मिलाउने केन्द्रका रुपमा मैले ख्रीष्टलाई पाएँ भन्ने मैले सोचें जुन धर्मग्रन्थहरुमार्फत् पनि बुझियो । यो एउटा दिमागी अनुभव, एउटा भावुक उन्मुक्ति थियो । जे होस्, मैले त्यो दर्द र वेदना अझै सम्झन सक्छु जब यस पुस्तकका कति धेरै व्याख्याहरु, कहिलेकाहीँ उही मण्डलीहरु र विचार प्रदान गर्ने संस्थाहरुभित्रै, समर्थन गरिएका थिए भन्ने कुरा मलाई महसुस भयो । बाइबलका उत्प्रेरणा र विश्वसनीयतालाई जोड दिनु मात्र आखिरी थिएन तर सुरुवात मात्रै थियो । तिनीहरुद्वारा धर्मग्रन्थमा विभिन्न कठिन अनुच्छेदहरुको फरक र विरोधी व्याख्याहरुलाई मैले कसरी प्रमाणित वा इन्कार गर्दछु जसले यसको अख्तियार र विश्वसनीयताप्रति दाबी गर्दै थिए ?

यो काम मेरो जीवनको उद्देश्य अनि विश्वासको पवित्र ठाउँ बन्यो । मैले थाहा पाएँ कि ख्रीष्टप्रतिको मेरो विश्वासले (१) ममा ठूलो शान्ति अनि आनन्द ल्यायो । मेरो दिमागले मेरो संस्कृति ( उत्तर–आधुनिकता) को सापेक्षताको बीचमा केही पूर्णताहरुको खोजी गर्‍यो । (२) विरोधपूर्ण धार्मिक प्रणालीहरु (संसारका धर्महरु) को सिद्धान्त र (३) साम्प्रदायिक अहंकार । पूराना साहित्यको व्याख्या गर्ने उपयुक्त तरिकाहरुको मेरो खोजमा, मेरो आफ्नै ऐतिहासिक, साँस्कृतिक, साम्प्रदायिक र अनुभवी पूर्वाग्रहहरु पत्ता लगाउँदा म चकित परें । मैले आफ्ना विचारहरुलाई जोड दिनमात्रै सँधै बाइबल पढेको थिए । मैले यसलाई मेरा आफ्नै असुरक्षाहरु र अप्रयाप्तताहरुलाई जोड दिने अरुलाई आक्रमण गर्ने सिद्धान्तको स्रोतका रुपमा प्रयोग गरें । यो महसुस मेरा निम्ति कति दुखद् थियो ।

म पूर्णरुपमा कहिल्यै वस्तुगत् हुन नसके तापनि, म बाइबलको असल पाठक हुनसक्छु । मेरा पूर्वाग्रहहरुलाई तिनीहरुको पहिचान र तिनीहरुको उपस्थिति औंल्याएर मैले सीमित पार्न सक्छु । म तिनीहरुबाट मुक्त त छैनँ तर मेरा आफ्ना कमजोरीहरुलाई प्रस्ट पारेको छु । असल बाइबल पढाइको सबैभन्दा ठूलो शत्रु व्याख्याकार नै हो ।

बाइबलको मेरो अध्ययनमा मैले प्रयोग गर्न केही पूर्वमान्यताहरुको सूची तयार गर्न दिनुहोस् तसर्थ तपाइँहरु, पाठकले मसँगै परीक्षण गर्नु हुनेछ :

अ. पूर्व मान्यताहरु

क. मैले विश्वस गर्दछु बाइबल एउटा सत्य परमेश्वरको एउटा मात्रै उत्प्रेरित आत्म–प्रकट हो । त्यसकारण, यसलाई एउटा निश्चित ऐतिहासिक दृश्यमा एउटा मानव लेखकमार्फत् सुरुका ईश्वरीय लेखक (पवित्र आत्मा) को आशयको सन्दर्भमा व्याख्या गरिनुपर्दछ ।

ख. बाइबल सम्पूर्ण मानिसहरु–सामान्य व्यक्तिका लागि लेखिएको थियो भन्ने मैले विश्वस गर्दछु । परमेश्वरले एउटा ऐतिहासिक र साँस्कृति सन्दर्भभित्र हामीसित प्रस्ट रुपमा आफैं बोल्ने चेष्टा गर्नुभयो । परमेश्वरले सत्यता लुकाउनुहुन्न – उहाँले हामीलाई बुझाउन चाहनुहुन्छ । त्यसकारण, यसलाई हाम्रा होइन यसैका दिनका सन्दर्भमा व्याख्या गरिनुपर्दछ । बाइबलले हामीलाई यस्तो अर्थ लाग्नुहुँदैन जुन सुरुमा यसलाई पढ्ने वा सुन्नेलाई लागेन । यो औसत

मानव दिमागबाट बुभ्न सकिने खालको छ अनि सामान्य मानिसका सञ्चारका रुपहरु र तरिकाहरु प्रयोग गर्दछ ।

ग. बाइबलको एउटा एकीकृत सन्देश र उद्देश्य छ भन्ने मैले विश्वास गर्दछु । यसमा कठिन र विरोधपूर्ण अनुच्छेदहरु भएता पनि यो आफैंसित विरोधपूर्ण हुँदैन । यसरी, बाइबलको सबैभन्दा उत्तम व्याख्याकार बाइबल आफैं हो ।

घ. मलाई विश्वास छ कि हरेक अनुच्छेद (अगमवाणीहरु बाहेक) को सुरुको, उत्प्रेरित लेखकको आशयमा आधारित एउटा मात्रै अर्थ हुन्छ । हामी पूर्णरुपमा निश्चित कहिल्यै हुन नसके तापनि हामीले सुरुका लेखकको आशय थाहा पाउँछौं, धेरै सूचकहरुले यसतर्फ देखाउँछन् :

१. सन्देश अभिव्यक्त गर्नलाई रोजिएको विधा (साहित्यको किसिम)
२. लेख सृजना गर्ने ऐतिहासिक दृश्य र/या निश्चित अवसर
३. पूरै पुस्तक साथै हरेक साहित्यिक एकाइका साहित्यिक सन्दर्भ
४. साहित्यिक एकाइहरुका पुस्तकमा (रुपरेखा) ढाँचा किनभने तिनीहरुले पूरै सन्देशसित सम्बन्ध राख्छन् ।
५. सन्देश प्रवाह गर्न प्रयोग गरिएका निश्चित व्याकरणीय विशेषताहरु
६. सन्देश प्रस्तुत गर्न छानिएका शब्दहरु
७. समानान्तर परिच्छेदहरु

यी हरेक क्षेत्रहरुको अध्ययन एउटा अनुच्छेदको हाम्रो अध्ययनको उद्देश्य बन्दछ । असल बाइबल अध्ययनका लागि मेरा तरिका व्याख्या गर्नु पहिले आज प्रयोग गरिएका केही अनुपयुक्त तरिकाहरु चित्रण गर्न दिनुहोस् उसले व्याख्याको विभाजन गरेका छन् अनि त्यसैले ती हटाइनुपर्दछ :

आ. अनुपयुक्त तरिकाहरु :

क. बाइबलको पुस्तकको साहित्यक सन्दर्भ वेवास्ता गर्नु र हरेक वाक्य, वाक्यांश वा शब्दहरुलाई लेखकको आशयसित असम्बन्धित सत्यताको भनाइहरु वा बृहत् सन्दर्भका रुपमा प्रयोग गर्नु । यसलाई प्रायजसो "दोस्रो – लेख" भनिन्छ ।

ख. एउटा कवित ऐतिहासिक दृश्यद्वारा पुस्तकहरुको ऐहिासिक दृश्य वेवास्ता गर्नु जसलाई पुस्तकले सघाउ पुऱ्याउँदैन वा थोरै मात्र सान्दर्भिक हुन्छ ।

ग. पुस्तकको ऐतिहासिक दृश्यको वेवास्ता गर्नु र यसलाई आधुनिक ख्रीष्टियनहरुका निम्ति लेखिएको बिहानी स्थानीय पत्रिकाका रुपमा पढ्नू,

घ. सुरुका लेखकको आशय र सुरुका स्रोताहरुसित पूरै रुपमा असम्बन्धित एउटा ईश्वरशास्त्रीय । दर्शनशास्त्रीय सन्देशभित्र पुस्तकलाई मिलाएर पुस्तकहरुका ऐतिहासिक दृश्यलाई वेवास्ता गर्नु,


ङ. सुरुका लेखकका उद्देश्य र उल्लेखित सन्देशसित पूर्ण रुपमा असम्बन्धित समसामयिक प्रसंग ईश्वरशास्त्रीय प्रणाली, आफ्नै मान्यताद्वारा प्रतिस्थापन गरेर सुरुका सन्देशलाई वेवास्ता गर्नु ।

यसले बाइबलको सुरुको पढाइलाई एउटा वक्ताको अधिकार स्थापना गर्ने साधनका रुपमा मान्दछ । यसलाई सँधै 'पाठक प्रतिक्रिया' र ("पाठले मलाई के अर्थ दिन्छ" व्याख्या)का रुपमा संकेत गरिन्छ ।

सम्पूर्ण लिखित मानिसका सञ्चारमा कम्तीमा तीनवटा सम्बन्धि तत्त्वहरु पाउन सकिन्छ :




विगतमा, विभिन्न अध्ययनका प्रविधिहरुले तीन तत्त्वहरुमध्ये एउटालाई जोड दिएका छन् । तर बाइबलको अनौठो उत्प्रेरणालाई साँच्चिकै जोड दिनलाई, एउटा परिवर्तित चित्र बढी उपयुक्त हुन्छ :




सबै तीनवटा साँच्चै व्याख्यात्मक प्रक्रियामा समावेश गरिनुपर्दछ । जाँच गर्नका निम्ति मेरो व्याख्याले सुरुका दुई तत्त्वहरुलाई जोड दिन्छ : सुरुका लेखक र पाठ । (१) लेखकहरुलाई आत्मिकी रुपमा वा रुपकीय रुपमा व्याख्या गर्दा र (२) "पाठक प्रतिक्रिया" व्याख्या (यसले मलाई – के – अर्थ दिन्छ) भन्ने निरीक्षण गर्दा शायद मैले दुरुपयोगहरुप्रति प्रतिक्रिया दिँदै छु । हरेक चरणमा दुरुपयोग हुनसक्छ । हामीहरुले सँधै हाम्रा, उद्देश्यहरू पूर्वाग्रहहरु, प्रविधिहरु र प्रयोगहरुलाई परीक्षण गर्नुपर्दछ । तर यदि त्यहाँ कुनै व्याख्याहरुका सीमाहरु, परिधिहरु र क्षेत्र छैनन् भने हामीले तिनलाई कसरी जाँच्छौं ? त्यहाँ नै लेखकका आशय र पाठको बनोटले मलाई सम्भावित उपयुक्त व्याख्याहरुको क्षेत्रलाई सीमित पार्नका निमित केही सिद्धान्त प्रदान गर्दछ ।

यी अनुपयुक्त प्रविधिहरुका सन्दर्भमा बाइबलको असल अध्ययन र व्याख्याका केही सम्भावित तरिकाहरु के हुन् जसले विविधता र सामञ्जस्यताको एउटा उपाधि दिन्छन् ?

इ. **असल बाइबल पढाइका सम्भावित तरिकाहरु**

यस बिन्दुमा मैले विशेष विधाहरु व्याख्या गर्ने अनौठा प्रविधिहरु बारे छलफल गरिरहेको छैन तर सबै प्रकारको बाइबलका पाठहरुका निम्ति उपयुक्त साधारण Hermeneutical सिद्धान्तहरु प्रदान गर्नेछु । विधा विशेषका तरिकाहरुका निम्ति एउटा असल पुस्तक Zondervan द्वारा प्रकाशित Gordon Fee र Dougeas Stuart द्वारा लेखिएको *How To Read The Bible For All Its Worth* हो ।

मेरो तरिकाले चारओटा व्यक्तिगत पढाइका चक्रहरुमार्फत् बाइबलको प्रकाश पार्न पवित्र आत्मालाई अनुमति दिने पाठकलाई जोड दिन्छ । यसले पवित्र आत्मा, पाठ र पाठकलाई, सहयोगी होइन आधारभूत बनाउँदछ । यसले समालोचकहरुद्वारा पाठकलाई अत्यधिक प्रभावित हुनबाट पनि बचाउँछ । "बाइबलले समालोचकहरुलाई धेरै प्रयोगहरु प्रदान गर्दछ" भनेको मैले सुनेको छु । यो अध्ययन सामग्रीहरुबारे एउटा निरुत्साहपूर्ण समालोचना होइन तर तिनीहरुका प्रयोगका निम्ति उपयुक्त समय दिने अर्थ राख्छ ।

हामीले पाठबाटै हाम्रा व्याख्याहरुलाई प्रमाणित गर्न सक्षम हुनुपर्दछ । कम्तीमा तीन क्षेत्रहरुले सीमित जाँच गर्ने तरिका दिन्छ :

१. सुरुका लेखकको
   अ. ऐतिहासिक दृश्य
   आ. साहित्यिक सन्दर्भ
२. सुरुका लेखकका रोजाइ
   अ. व्याकरणीय बनोट (शब्द विन्यास)
   आ. तत्कालिन शब्द प्रयोग
   इ. विधा
३. उपयुक्त (अ) सान्दर्भिक समानान्तर अनुच्छेदहरु (आ) सिद्धान्तहरु (विरोधाभास) बीचको सम्बन्धको हाम्रो बुझाइ

हामीले हाम्रा व्याख्याहरुका कारणहरु र तर्क दिन सक्षम हुनुपर्दछ । बाइबल विश्वास र अभ्यासको निम्ति हाम्रो एउटामात्र स्रोत हो । निराशापूर्वक, खीष्टियनहरुले सँधै यसले सिकाउने वा जोड दिने कुराहरुलाई अस्वीकार गर्दछन् । यसले सिकाउने र जोड दिने आवश्यक कुरामा सहमत हुन सक्षम नहुने विश्वासीहरुका निम्ति र बाइबलको निम्ति दाबी गर्नु धोका हो ।

चारओटा अध्ययन चक्रहरु निम्नलिखित व्याख्यात्मक अन्तदृष्टिहरु प्रदान गर्नलाई बनाइएका छन् :

अ. पहिलो अध्ययन चक्र
   १. एउटा बसाइँमा नै पुस्तक पढ्नुहोस् । विभिन्न अनुवादका सिद्धान्तद्वारा गरिएका विभिन्न अनुवादहरुमा यसलाई फेरि पढ्नुहोस्
      अ. शब्द–शब्द (NKJV, NASB, NRSV)
      आ. गतिशील समानता (TEV, JB)
      इ. व्याख्या (जीवित बाइबल, ठूलो पारिएको बाइबल)
   २. पूरै लेखको मुख्य उद्देश्य खोज्नुहोस् । यसको भाव पहिल्याउनुहोस् ।
   ३. (सम्भव छ भने) एउटा साहित्यिक एकाइ, एउटा अध्याय, परिच्छेद वा एउटा वाक्यलाई छुट्याउनुहोस् जसले स्पष्टसित यो मुख्य भाव वा उद्देश्यलाई अभिव्यक्त गर्छ ।
   ४. निहित साहित्यिक विधा पहिल्याउनुहोस्
      अ. पूरानो करार
         (१) हिब्रू कथा
         (२) दृष्टान्तहरु (सुसमाचारहरु)
         (३) पत्रहरु/चिठीहरु
         (४) Apocalyptic (विध्वाँसक)साहित्य
आ. दोस्रो अध्ययन चक्र
   १. मुख्य शीर्षकहरु अथवा विषयहरु पहिचान गर्नलाई पूरै पुस्तक फेरि पढ्नुहोस् ।
   २. मुख्य शीर्षकहरुलाई रेखाङ्कन गर्नुहोस् र एउटा सामान्य भनाइमा तिनका आशयहरु छोटकरीमा उल्लेख गर्नुहोस् ।
   ३. अध्ययन सामग्रीहरुसहित आफ्ना उद्देश्यका भनाइ र रेखाङ्कनलाई जाँच्नुहोस् ।

इ. चक्र तीन अध्ययन
१. बाइबलको पुस्तकबाट निश्चित परिस्थिति र ऐतिहासिक दृश्य पहिचान गर्नलाई सम्पूर्ण पुस्तक पुनः पढ्नुहोस् ।
२. बाइबल पुस्तकमा उल्लेख गरिएका ऐतिहासिक विषयहरुको सूची बनाउनुहोस् ।
क. लेखक
ख. मिति
ग. प्रापकहरु
घ. लेख्नुको मुख्य उद्देश्य
ङ. साँस्कृतिक दृश्यका पक्षहरु जुनचाहिँले लेखकको उद्देश्यसित सम्बन्धित हुन्छन्
च. ऐतिहासिक मानिसहरु र घटनाहरु सन्दर्भहरु
३. तपाइँले व्याख्या गरिरहेको बाइबलीय पुस्तकको कुनै अंशको तपाइँको रुपरेखालाई अनुच्छेद स्तरमा विस्तृत पार्नुहोस । सँधै साहित्यिक एकाइलाई पहिचान गर्नुहोस् र ढाँचा तयार पार्नुहोस् । यो धेरै अध्यायहरु वा अनुच्छेदहरु हुनसक्छ । यसले तपाइँलाई सुरुका लेखकको तर्क र पाठको ढाँचा पछ्याउन सक्षम बनाउँछ ।
४. अध्ययन सामग्रीहरु प्रयोग गरेर तपाइँको ऐतिहासिक दृश्य जाँच्नुहोस् ।

ई. चौथो अध्ययन चक्र
१. विभिन्न अनुवादहरुमा निश्चित साहित्यिक एकाइलाई फेरि पढ्नुहोस्
अ. शब्द–शब्द (NKJV, NASB, NRSV)
आ. गतिशील समानता (TEV, JB)
इ. व्याख्या (Living Bible, Amplified Bible)
२. साहित्यिक या व्याकरणीय बनोटहरु खोज्नुहोस् ।
अ. दोहोरिएका वाक्यांशहरु, एफिसी १:६, १२, १३
आ. दोहोरिएका व्याकरणीय बनोटहरु, रोमी ८:३१
इ. विरोधपूर्ण धारणाहरु
३. तलका विषयहरुको सूची बनाउनुहोस्
अ. महत्त्वपूर्ण शब्दहरु
आ. असाधारण शब्दहरु
इ. महत्त्वपूर्ण शब्दहरु
ई. विशेष रुपमा कठिन शब्दहरु, वाक्यांशहरु र वाक्यहरु
४. सान्दर्भिक समानान्तर अनुच्छेदहरु खोज्नुहोस्
अ. तपाइँको विषय प्रयोगसम्बन्धी प्रस्ट शिक्षाका अनुच्छेदहरु खोज्नुहोस्
(१) "प्रणालीयुक्त ईश्वरशास्त्र" का पुस्तकहरु
(२) सन्दर्भ बाइबलहरु
(३) सामञ्जस्यताहरु
आ. तपाइँको विषयभित्र एउटा सम्भावित विरोधाभासपूर्ण जोडी खोज्नुहोस् । धेरै बाइबलीय सत्यताहरु भाषिक जोडीहरुमा प्रस्तुत गराइएका छन् ; धेरै साम्प्रदायिक द्वन्द्वहरु एउटा बाइबलीय तनावको आधा पाठ–परीक्षणबाट आउँछन् । सम्पूर्ण बाइबल प्रेरित छ अनि हाम्रो व्याख्यालाई एउटा धर्मग्रन्थको सन्तुलन प्रदान गर्न यसको पूर्ण सन्देश हामीहरुले खोज्नुपर्दछ ।

इ. एउटै पुस्तक, एउटै लेखक वा एउटै विधाभित्र समानान्तरहरु खोज्नुहोस्; बाइबल यसको आफ्नै उत्तम व्याख्याकार हो किनभने यसको एउटा लेखक, पवित्र आत्मा हुनुहुन्छ ।

५. ऐतिहासिक दृश्य र परिस्थितिका तपाइँका निरीक्षणहरुलाई जाँच्नलाई अध्ययन सामग्रीहरु प्रयोग गर्नुहोस्

अ. बाइबलहरु पढ्नुहोस्

आ. बाइबलका बृहत् शब्दकोषहरु, हाते पुस्तकहरु र शब्दकोशहरु

इ. बाइबलका परिचयहरु

ई. बाइबलका समालोचनाहरु (तपाइँको अध्ययनमा अब तपाइँको व्यक्तिगत अध्ययनलाई सघाउन र सच्याउन विश्वास गर्ने समुदाय, विगत र वर्तमानलाई अनुमति दिनुहोस्)

ई. बाइबल व्याख्याका प्रयोग

यस बिन्दुमा हामी प्रयोगतिर फर्कन्छौं । तपाइँले यसको सुरुको दृश्यमा बुझ्नलाई समय लिनुभएको छ : अब तपाइँले यसलाई आफ्नो जीवन, आफ्नो संस्कृतिमा लागू गर्नुपर्दछ । मैले बाइबलीय अख्तियारलाई "सुरुका बाइबलका लेखकले आफ्ना दिनमा के भन्दै थिए त्यो बुझेर हाम्रा दिनमा त्यसलाई लागू गर्ने" भन्ने रुपमा परिभाषित गर्दछु ।

प्रयोगले दुवै समय र तर्कमा सुरुका लेखकको आशयसहितको व्याख्यालाई मान्नुपर्दछ । एउटा बाइबलको परिच्छेदले आफ्ना दिनमा के भन्दै थियो भनेर थाहा नपाउँदासम्म यसलाई हाम्रा दिनमा लागू गर्न सक्दैनौं ! एउटा बाइबलको परिच्छेदको अर्थ पहिले कहिल्यै नभएको अर्थ जस्तो हुनुहुँदैन ।

अनुच्छेद स्तरमा (# ३ अध्ययन चक्र) तपाइँको विस्तृत रुपरेखा तपाइँको सहयोगी हुनेछ । प्रयोग शब्दस्तरमा होइन, अनुच्छेद स्तरमा गरिनुपर्दछ । शब्दहरुका सन्दर्भ मात्र अर्थ हुन्छन् : वाकयांशहरुका सन्दर्भमा मात्र अर्थ हुन्छन् : वाक्यहरुका सन्दर्भमा मात्र अर्थ हुन्छन् । व्याख्यात्मक प्रक्रियामा समावेश भएको एउटा मात्र उत्प्रेरित व्यक्ति नै सुरुको लेखक हो । पवित्र आत्माको प्रकाशद्धारा मात्रै हामीले उसको नेतृत्व मान्न सक्छौं । तर प्रकाश छर्नु उत्प्रेरणा दिनु होइन । "परमप्रभुले भन्नुभयो" भन्नलाई हामीले सुरुका लेखकको आशयलाई मान्नुपर्छ । प्रयोगले विशेषरुपमा पूरै लेख, निश्चित साहित्यिक एकाइ र अनुच्छेद स्तरको सोच विकासको सामान्य आशयसित मेल खानुपर्छ ।

हाम्रा दिनका प्रसङ्गहरुबाट बाइबलको व्याख्या नगर्नुहोस्, बाइबललाई आफैं बोल्न दिनुहोस् ! यसका लागि पाठबाटका सिद्धान्तहरु आवश्यक पर्न सक्छन् । यदि लेखले सिद्धान्तलाई बल पुऱ्याउँछ भने यो प्रासङ्गिक हुन्छ । दुर्भाग्यवश, धेरै पटक हाम्रा सिद्धान्तहरु "हाम्रा" सिद्धान्तहरु मात्रै हुन्छन्, पाठका सिद्धान्तहरु होइन ।

बाइबललाई लागू गर्दा, यो सम्झिनु महत्त्वपूर्ण हुन्छ कि (अगमवाणीमा बाहेक) एउटा निश्चित बाइबल पुस्तकका निम्ति एउटा मात्रै अर्थ युक्तिपूर्ण हुन्छ । त्यो अर्थ सुरुका लेखकको आशयविना सम्बन्धित हुन्छ जुन उसले आफ्ना दिनमा एउटा संकट वा आवश्यकतातिर संकेत गरे । यो एउटा अर्थबाट धेरै सम्भावित प्रयोगहरु निकाल्न सकिन्छ । प्रयोग प्रापकहरुको आवश्यकतामा आधारित हुनेछ तर सुरुका लेखकको अर्थसित सम्बन्धित हुनैपर्दछ ।

उ.	व्याख्याको आत्मिक पक्ष

अहिलेसम्म मैले व्याख्या र प्रयोगमा समावेश भएका तार्किक र पुस्तकीय प्रक्रिया छलफल गरेको छु । अब व्याख्याको आत्मिक पक्ष छोटकरीमा छलफल गर्न दिनुहोस् । तलको परीक्षासूची मेरा निम्ति सहयोगी भएको छ :

क. आत्माको सहयोगको निम्ति प्रार्थना गर्नुहोस्, (१ कोरिन्थी १:२६–२:१६)
ख. व्यक्तिगत क्षमा र जानेका पापबाट शुद्धीकरणका निम्ति प्रार्थना (१ यूहन्ना १:९)
ग. परमेश्वरलाई जान्ने इच्छाका लागि प्रार्थना गर्नुहोस् (भजन १९:७–१४; ४२:१; ११९:१)
घ. तपाईंको आफ्नो जीवनमा कुनै नयाँ अन्तदृष्टि तुरुन्त लागू गर्नुहोस्
ङ. नम्र र सिकाउन योग्य रहनुहोस् ।

पवित्र आत्माको तार्किक प्रक्रिया र आत्मिक नेतृत्वबीच सन्तुलन कायम गर्न अति कठिन छ । दिइएका उद्धरणहरुले यी दुईबीच सन्तुलन राख्न सहयोग पुऱ्याएका छन् :

अ. James W. Sire, *Scripture Twisting*, पृष्ठ १७–१८ बाट :

“प्रकाशको ज्योति आत्मिकरुपले सम्पन्नलाई मात्र होइन परमेश्वरका मानिसहरुको ज्ञानमा आउँदछ । खीष्टलाई विश्वास गर्ने धर्ममा त्यहाँ कुनै गुरु कक्षा, ज्योति दिने, कुनै मानिसहरु हुँदैनन् जसबाट उपयुक्त व्याख्या आउनै पर्दछ । अनि त्यसैले, जसै पवित्र आत्माले ज्ञान, बुद्धिमानी र आत्मिक विवेकका विशेष उपहारहरु दिनुहुन्छ, उहाँले उपहार दिएका खीष्टियनहरुलाई मात्रै आफ्ना वचन व्याख्या गर्ने अख्तियारी व्याख्याकारहरुमा काम लगाउनुहुन्न । उहाँका हरेक मानिसहरुले बाइबलका सन्दर्भ सिक्न, जाँच्न र विवेक पुऱ्याउन सक्छन् जुन तिनीहरुका निम्ति पनि अख्तियार हुन्छ जसलाई परमेश्वरले विशेष क्षमताहरु दिनुभएको छ । सारांशमा, मैले पूरै पुस्तकभरि बनाएको मान्यता के हो भने बाइबल सम्पूर्ण मानवताप्रतिको परमेश्वरको साँचो प्रकट हो अनि यसले बोल्ने हरेक कुराहरु हाम्रो अख्तियारभित्र पर्दछ, यो पूरै रहस्य होइन तर हरेक संस्कृतिका सामान्य मानिसहरुद्वारा यसलाई बुझ्न सकिन्छ ।

आ. Bernard Ramm, *Protestant Bibilical Interpretation*, पृष्ठ ७५ मा पाइने Kierkegaard बारे,

Kierkegaard का अनुसार बाइबलको व्याकरणीय, शाब्दिक र ऐतिहासिक अध्ययन बाइलबको साँचो अध्ययनका लागि आवश्यक र आधारभूत थियो । “बाइबललाई परमेश्वरको वचनका रुपमा पढ्न जो कोही हृदयसहित, उत्तेजित रुपमा, उतहपूर्वक, परमेश्वरसित छलफल गरेजस्तै पढ्नुपर्छ । बाइबललाई विचार नगरिकनै वा होशियारविना वा शैक्षिक रुपमा वा पेशागत रुपमा पढ्नु बाइबललाई परमेश्वरका रुपमा पढ्नु होइन । कसैले यसलाई प्रेम पत्र पढेजस्तै पढ्दछ भने कसैले परमेश्वरको वचनका रुपमा यसलाई पढ्दछन्”

इ. *The Relevance of the Bible*, पृष्ठ १९ मा M.H. Rowley

“जतिसुकै पूर्ण भएपनि, बाइबलको बौद्धिक बुझाइले मात्र यसको सबै भावहरु समेट्न सक्दैन । यसले बुझाइलाई धोका दिँदैन किनभने एउटा पूर्ण बुझाइको निम्ति यो आवश्यक हुन्छ । यदि यो पूर्ण हुनु छ भने यसले यस पुस्तकको आत्मिक महत्त्वहरुको आत्मिक बुझाइतर्फ डोऱ्याउनुपर्दछ । अनि त्यस्तो आत्मिक बुझाइका निम्ति बौद्धिक चेतनाभन्दा केही बढी आवश्यक पर्दछ । आत्मिक कुराहरु

आत्मिक रुपमा भरिएका छन्, अनि बाइबलको विद्यार्थीलाई आत्मिक प्रापकको धारणा आवश्यक पर्दछ, परमेश्वरप्रति आफैंलाई मिलाउन सक्ने इच्छा गर्नुपर्दछ, आफ्नो वैज्ञानिक अध्ययनलाई सबै पुस्तकहरुको महान् प्राप्तिमा मिलाउनुपर्दछ ।"

ई. यस समालोचनाका तरिका

*Study Guide Commentary* लाई निम्न लिखित तरिकाहरुमा तपाइँका व्याख्या गर्ने तरिकाहरुमा सहयोग गर्ने गरी बनाइएको छ :

क. हरेक पुस्तकलाई एउटा छोटो ऐतिहासिक रुपरेखाबाट सुरु हुन्छ । तपाइँले "अध्ययन चक्र #३" सकेपछि यो जानकारीलाई जाँच्नुहोस् ।

ख. हरेक अध्यायको सुरुमा सान्दर्भिक अन्तदृष्टिहरु पाइन्छन् । यसले तपाइँलाई साहित्यिक एकाइ कसरी बनेको छ भन्ने देख्न सहयोग गर्नेछ ।

ग. हरेक अध्याय र मुख्य साहित्यिक एकाइको सुरुवातमा विभिन्न आधुनिक अनुमतिहरुबाटका अनुच्छेद विभाजनहरु र तिनीहरुका व्याख्यात्मक अंशहरु दिइएका छन् :

१) The United Bible Society Greek text, संशोधित चौथो संस्करण (UBS[4])
२) The New American Standard Bible, १९९५ नयाा (NASB)
३) The New King James Version (NKJV)
४) The New Revised Standard Version (NRSV)
५) Today's English Version (TEV)
६) The Jerusalem Bible (JB)

अनुच्छेद विभाजनहरु उत्प्रेरित होइनन् । तिनीहरुलाई सन्दर्भसहित व्याख्या गरिनुपर्दछ । विभिन्न अनुवादका सिद्धान्तहरु र ईश्वरशास्त्रीय विचारहरुद्वारा विभिन्न आधुनिक अनुवादहरु तुलना गर्दा, हामी सुरुका लेखकको विचारको यसलाई "शीर्षवाक्य" अथवा "पाठको मुख्य विचार" भनिएको छ । यो एकत्रित सोंच नै उपयुक्त ऐतिहासिक, व्याकरणिक व्याख्याका लागि प्रमुख हुन्छ । एउटा अनुच्छेदभन्दा कममा कसैले कहिल्यै व्याख्या, आराधना वा सिकाउनु हुँदैन । यो पनि सम्झनुहोस् कि हरेक अनुच्छेद यसका वरिपरिका अनुच्छेदहरुसित सम्बन्धित हुन्छ । त्यसैकारणले गर्दा सम्पूर्ण पुस्तकको एउटा अनुच्छेद स्तरको रुपरेखा अति महत्त्वपूर्ण छ । सुरुका उत्प्रेरित लेखकले उल्लेख गरेको विषयको तार्किक महत्त्वपूर्ण हामीले पछ्याउन सक्षम हुनुपर्दछ ।

घ. Bob का टिप्पणीहरुले व्याख्यामा पद–पदको तरिका मान्दछन् । यसले हामीलाई सुरुका लेखकको विचार पछ्याउन प्रेरणा दिन्छ । विभिन्न क्षेत्रहरुबाट टिप्पणीहरुले जानकारी प्रदान गर्छन् :

१. साहित्यिक सन्दर्भ
२. ऐतिहासिक, साँस्कृतिक अन्तदृष्टिहरु
३. व्याकरणीय जानकारी
४. शब्द अध्ययन
५. सान्दर्भिक समानान्तर अनुच्छेदहरु

ङ. टिप्पणीका निश्चित बिन्दुहरुमा, New American Standard Version (१९९५ संस्करण) को मुद्रित पुस्तक विभिन्न अरु आधुनिक अनुवादहरुद्वारा प्रतिस्थापन गरिने छन् :

१. The New King James Version (NKJV), जसले "Textus Receptus" को पुस्तकको पाण्डुलिपीहरुलाई पछ्याउँछ ।
२. The New Revised Standard Version (NRSV), जुनचाहिँ Revised Standard Version को मण्डलीहरुको राष्ट्रिय परिषद्‌बाटको एउटा शब्द–शब्दको अनुबाद हो ।
३. The Today's English Version (TEV), जुनचाहिँ American Bible Society बाटको एउटा गतिशील समान अनुवाद हो ।
४. The Jerusalem Bible (JB) जुनचाहिँ एउटा फ्रान्सेली क्याथोलिक गतिशील समान अनुवादमा आधारित एउटा अंग्रेजी अनुवाद हो ।

ऊ. अंग्रेजी अनुवादहरु तुलना गरेर ग्रीक नपढ्नेहरुका निम्ति पुस्तकमा समस्याहरु पहिचान गर्नमा सहयोग पुग्न सक्छ :

१. पाण्डुलिपी विभिन्नताहरु
२. आलोपालो गरिने शब्दका अर्थहरु
३. व्याकरणीय रुपमा कठिन पाठहरु र बनोट
४. अस्पष्ट पाठहरु

अंग्रेजी अनुवादहरुले यी समस्याहरु समाधान गर्न नसकेतापनि, तिनीहरुले पूरा अध्ययनका निम्ति लक्षित ठाउँहरुका रुपमा काम गर्दछन् ।

ए. हरेक अध्ययनको अन्त्यमा सान्दर्भिक छलफलका प्रश्नहरु दिइएका छन् जसले त्यस अध्यायको मुख्य व्याख्यात्मक प्रसङ्गहरुतर्फ लक्षित हुने प्रयास गर्दछन् ।

# पत्रुस, एक व्यक्तित्व

## उसको परिचय

(क) पत्रुसको परिवार गालिलको समुद्र (अथवा तिवेरियसको समुद्र यूहन्ना १:४४) को उत्तरी किनारामा बेथेसथा शहरको अन्य जातिहरुका गालिलमा बस्दथे ; तर कुनै समयमा कफर्नहुमतिर सरेर गएको जस्तो देखिन्छ (मर्कूस १:२१,२९)।

(ख) पत्रुसको पिताको नाउँ योना (मत्ती १६:१७) अथवा यूहन्ना (यूहन्ना १:४२, २१:१५-१७) थियो ।

(ग) उसलाई दिइएको नाउँचाहिँ सिमोन थियो (मर्कूस १:१६, २९,३०,३६), जुनचाहिँ पहिलो शताब्दीको प्यालेष्टाइनमा प्रचलित थियो । योचाहिँ साइमिओनको यहूदी रुप थियो (प्रेरित १५:१४; २ पत्रुस १:१) जुनचाहिँ इस्राएलीहरुको बाह्र कुलको एउटा नाउँ थियो (उत्पत्ति २९:३३; प्रस्थान १:१)

येशूले उसलाई मत्ती १६:१८; मर्कूस ३:१६; लूका ६:१४; अनि यूहन्ना १:४२ ; मा पत्रुस भनी पुनः नामाकरण गर्नुभयो (पेत्रोस, जसको अर्थ हो 'चट्टान' जसले उसको अन्तिम सामर्थ्य अनि स्थिरतालाई वर्णन गर्दथ्यो)। यसको आरामिक रुपचाहिँ कैफास हुन्छ (यूहन्ना १:४२; १ कोरिन्थी १:१२; ३:२२; ९:५ ;१५:५ ; गलाती १:१८; २:९, ११, ४)। नयाँ करारमा यी दुई नाउँहरुलाई घरिघरि एकैसाथ दिइएको छ ( मत्ती १६:१६; लूका ५:८; यूहन्ना १:४०; ६:८, ६८; १३:६, ९, २४, ३६; १८:१०, १५, २५; २०:२, ६; २१: २-३, ७, ११, १५)

(घ) पत्रुसको दाज्यूको नाउँ आन्द्रियस थियो (मर्कूस १:१६)। उनी बप्तिस्मा दिने यूहन्नाका चेला थिए ( यूहन्ना १:३५, ४०) अनि पछि गएर विश्वासी अनि येशूको अनुयायी बने (यूहन्ना १:३६-३७)। उसले नै सिमोनलाई येशूकहाँ ल्याएका थिए (यूहन्ना १:४१)। कैयौं महिनापछि गालीलको समुद्रमा येशूले तिनीहरुलाई भेट्टाउनुभयो अनि तिनीहरुलाई उहाँका आधिकारिक पूर्ण-कालिन चेलाहरु हुनको लागि आह्वान गर्नुभयो (मत्ती ४:१८-२०; मर्कूस १:१६-१८; अनि लूका ५:१-११)

(ङ) उनी विवाहित थिए (मर्कूस १:३०; १ कोरिन्थी ९:५), तर बालबच्चाहरु पनि थिए भन्ने कुनै उल्लेख गरिएको छैन ।

## उसको पेशा

(क) पत्रुसका परिवारको थुप्रै माछा पक्रने डुंगाहरु थिए नौकरहरु पनि थिए ।

(ख) पत्रुसका परिवारको याकूब, यूहन्ना अनि तिनीहरुका पिता जब्दीसँग साझेदारी हुन सक्दछ (लूका ५५:१०)।

(ग) येशूको मृत्युपछि लगत्तै पत्रुस माछा पक्रने काममा फर्केका थिए (यूहन्ना २१)।

## उसको व्यक्तित्व

**(क) पत्रुसको सामर्थ्य**

१. उनी एकजना घोषित चेला थिए, तर केही आवेगशील (मर्कूस ९:५; यूहन्ना १३:४-११)।

२. उसले विश्वासको कार्य गर्ने कोशिस गरेको थियो, तर प्रायजसो असफल भए (उदाहरणको लागि, पानीमाथि हिंडेका थिए, मत्ती १४:२८-३१)

३. उनी साहसी अनि मर्नलाई इच्छुक थिए (मत्ती २६:५१-५२; मर्कूस १४:४७; लूका २२:४९-५१; यूहन्ना १८:१०-११ ) ।

४. उहाँको पुनरुत्थानपछि, यूहन्ना २१ मा येशूले उसलाई व्यक्तिगतरुपमा बाह्र चेलाहरुका विश्वासहीन् अगुवाको रुपमा सम्बोधन गर्नुभएको थियो ।

**(ख) पत्रुसको कमजोरीहरु**

१. यहूदी बैधतावादप्रति उसको झुकाव रहेको थियो

   अ. अन्य जातिहरुसँग खाएको (गलाती २:११-१२)

   आ. खाद्य नियम (प्रेरित १०:९-१६)

२. अरु सबै प्रेरितहरुले झैं उसले पनि येशूको मुख्य नयाँ शिक्षाहरु अनि तिनीहरुको संकेतलाई पूर्णरुपले बुझेनन्

   अ. मर्कूस ९:५-६

   आ. यूहन्ना १३:६-११; १८:१०-११

३. उसलाई येशूद्वारा व्यक्तिगतरुपमा अनि कठोरतापूर्वक दण्ड दिइयो (मर्कूस ८:३३; मत्ती १६:२३)

४. गेतसमनीमा येशूलाई ठूलो आवश्यकता परेको समयमा प्रार्थना गर्नुको साटो उसलाई त सुतिरहेको भेट्टाइयो (मर्कूस १४:३२-४२; मत्ती २६:३६-४६; लूका २२:४४-६०)

**प्रेरितहरुका झूण्डमा उसको अगुवापना**

(क) प्रेरितहरुको त्यहाँ चारओटा सूचीहरु छन् (मत्ती १०:२-४; मर्कूस ३:१६-१९: लूका ६:१४-१६; प्रेरित १:१३) । पत्रुसलाई जहिले पनि पहिलो सूचीमा राखिएको छ । बाह्र जनालाई चार जना गरेर तीनओटा झूण्डमा बाँडिएको थियो । म विश्वास गर्छु कि यसले तिनीहरुलाई पालैपालो गरेर आफ्ना परिवारहरुलाई भेट गर्ने अनुमति दिन्थ्यो ।

(ख) पत्रुसले जहिले पनि प्रेरितहरुका झूण्डको लागि प्रवक्ताको रुपमा सेवा गर्दछ (मत्ती १६:१३-२०; मर्कूस ८:२७-३०; लूका ९:१८:२१) । यी परिच्छेदहरुलाई झूण्डमा पत्रुसको अधिकारलाई दाबी गर्नलाई पनि प्रयोग गरिएको छ (मत्ती १६:१८) तरैपनि, यसै सन्दर्भभित्रै येशूद्वारा उसलाई सैतानको हतियार भनी गाली गरियो (मत्ती १६:२३; मर्कूस ८:३३) ।

जब चेलाहरुले महान् को हो भन्ने विषयमा विवाद गर्दै गरेको समयमा पनि, पत्रुसले त्यस स्थानलाई लिएको जस्तो देखिँदैन (मत्ती २०:२०-२८, विशेष गरेर २४ पद, मर्कूस ९:३३-३७, १०:३५-४५) ।

(ग) पत्रुस यरुशलेम मण्डलीका अगुवा थिएनन् । यो चाहिँ येशूको भ्फ्ड्केलो भाइ, याकूबको जिम्मामा आएको थियो (प्रेरित १२:१७; १५:१३; २१:१८; १ कोरिन्थी १५:७; गलाती १:१९; २:९, १२) ।

**येशूको पुनरुत्थानपछि उसको सेवाकाई**

(क) पत्रुसको अगुवापनको भूमिका प्रेरितको पहिलो केही अध्ययनहरुमा स्पष्टरुपले देख्न सकिन्छ

१. यहूदाको स्थानमा कसलाई नियुक्त गर्नुपर्ने हो भन्ने चुनावमा उसले अगुवाई गरेका थिए (प्रेरित १:१५-२६)

२. पेन्तिकोसमा उसले पहिलो पल्ट प्रचार गरेका थिए (प्रेरित २)

३. उसले एकजना लंगडो मानिसलाई निको बनाए अनि दोस्रो पल्ट प्रचार गरे (प्रेरित ३:१-१०; ३:११-२६)

४. प्रेरित ४ मा उसले महासभामा साहसपूर्वक बोलेका थिए ।

५. प्रेरित ४ मा उसले हननिया र सफीराको मण्डलीप्रतिको अनुशासनको विषयमा बोलेका थिए ।

६. प्रेरित १५:७-११ मा उसले यरुशलेमको परिषद्मा बोलेका थिए ।

७. प्रेरितमा भएका थुप्रै अरु घटनाहरु अनि आश्चर्य कर्महरुको श्रेय उसलाई जान्छ ।

(ख) यद्यपि, पत्रुसले सु-समाचारको तात्पर्यलाई सदैव मूर्तरुप दिएनन् :

१. उसले पुरानो करारका विचारहरुलाई थामिराखे (गलाती २:११-१४)

२. कर्नेलियस अनि अरु अन्य जातिहरुलाई सामेल गराउनलाई उसले एउटा विशेष प्रकाश पाउनु परेको थियो (प्रेरित १०)।

**सन्नाटाका वर्षहरु**

(क) प्रेरित १५ को यरुशलेमको परिषद्पछि पत्रुसको विषयमा त्यहाँ एकदमै कम अथवा कुनै जानकारी छैन

१. गलाती १:१८

२. गलाती २:७-२१

३. १ कोरिन्थी १:१२; ३:२द्द; ९:५; १५;५

(ख) सुरुवाती मण्डलीका परम्परा

१. रोममा पत्रुस शहिद भएको कुरा सन् ९५ मा कोरिन्थीमा भएका मण्डलीलाई लेखिएको रोमका क्लेमेन्टको पत्रमा उल्लेख गरिएको छ ।

२. टरटुलियन (सन् १५०-२२२) ले पनि नेरो (सन् ५४-६८) को अधिनमा पत्रुसलाई शहिद बनाइएको कुराको उल्लेख गर्दछ ।

३. पत्रुसलाई रोममा मारियो भनेर अलेकजान्डरीयाका क्लेमेन्ट (सन् २०००) ले बताएका छन् ।

४. पत्रुसलाई रोममा उँधो मुन्टो गरेर क्रूसमा शहिद बनाइएको थियो भनेर अरिजेन (Origen) ( सन् २५२) ले बताएका छन् ।

## मर्कूसको परिचय

### प्रारम्भिक बयान

(क) प्राचीन मण्डलीहरुले मत्ती अनि लूका तुलनामा मर्कूसलाई प्रतिलिपि गर्न, अध्ययन गर्न अनि शिक्षा दिन सामान्यतया उपेक्षा गर्दथे किनभने तिमीले मर्कूसलाई एउटा 'पाठन योग्य पुस्तक' को रुपमा (अर्थात् संक्षिप्त सु-समाचार) मात्र देखेका थिए, जुनचाहिँ अगस्टिनद्वारा पछि गएर विशेषरुपले उल्लेख गरिएको मन्तव्य हो ।

(ख) सुरुवाती ग्रीक मण्डलीका फादरहरु अर्थात् दोस्रो शताब्दीका क्षमायाचकहरु (विश्वासका रक्षकहरु) द्वारा मर्कूसको विषयमा प्रायजसो बोलिएको छैन ।

(ग) बाइबलीय व्याख्या गराईको आधुनिक ऐतिहासिक-व्याकरणीय आगमनको उत्थानदेखि, मर्कूसको सु-समाचारलाई नयाँ महत्त्वका साथमा लिइएको छ किनभने यसलाई लेखिएको पहिलो सु-समाचारको रुपमा हेरिएको छ । मत्ती अनि लूका दुवैले येशूको जीवन अनि महत्त्वबारे तिनीहरुको प्रस्तुतीकरणमा यसको रुपरेखालाई प्रयोग गरेका छन् । यसोस्ले गर्दा मर्कूस मण्डलीको पहिलो आधारभूत प्रलेख अनि येशूको जीवनको पहिलो आधिकारिक लिखित विवरण भएको छ ।

### शैली

(क) सु-समाचारका पुस्तकहरु आधुनिक जिवनीहरु अथवा इतिहासहरु होइनन् । तिनीहरु त येशूलाई विभिन्न श्रोताहरुसमक्ष परिचित गराउन अनि तिनीहरुलाई उहाँको विश्वासमा ल्याउनलाई प्रयोग गरिएको चुनिएको ईश्वरशास्त्रीय लेखहरु हुन् । तिनीहरु त सु-समाचार प्रचार गराईको उद्देश्यको लागि येशूका विवरणका 'असल सन्देश' हुन् (यूहन्ना २०:३०-३१)।

(ख) मर्कूसले चारओटा विशेष ऐतिहासिक घटनाहरु अनि चारओटा ईश्वरशास्त्रीय उद्देश्यहरुलाई सम्बोधन गर्दछ ।

१. येशूको जीवन अनि शिक्षा

२. पत्रुसको जीवन अनि सेवाकाई

३. प्रारम्भिक मण्डलीका आवश्यकताहरु

४.	यूहन्ना मर्कूसको सु-समाचार प्रचार गराईको उद्देश्य

(ग)	चार सु-समाचारका पुस्तकहरु पूर्वीय अनि ग्रीक-रोमन साहित्यको छेउछाउमा अनौठा कुराहरु भएका छन् । प्रेरित लेखकहरुसँग येशूका शिक्षाहरु अनि कामहरुको छनोट गराईमा आत्माबाटै अगुवाई गरिएका कामहरु थिए जसले उहाँको चरित्र अनि उद्देश्यलाई स्पष्टरुपले प्रकट गरेका थिए ।

तिनीहरुले यी वचनहरु अनि कामहरुलाई विभिन्न तरिकामा मिलाएका थिए । एउटा उदाहरणचाहिँ डाँडामा मत्तीको उपदेश (मत्ती ५-७) लाई समतलमा लूकाको उपदेश (लूका ६:२०-४९) सँग एउटा लामो उपदेशमा जम्मा गर्ने कुराप्रति थियो, जब कि लूकाले त्यही नै शिक्षाहरुलाई उसको सु-समाचारभरि नै छरे । यही कुरालाई नै मत्तीले येशूका आश्‍चर्य कर्महरुलाई एकैसाथ राखेका विषयमा भनिएको हुनसक्दथ्यो, जबकि लूकाले तिनीहरुलाई उसको सु-समाचारभरि नै छरेका छन् ।

यसले सु-समाचारका लेखकहरुको योग्यतालाई येशूको शिक्षालाई छान्नु अनि मिलाएर राख्नमात्र संकेत गर्दैन, तर तिनीहरुलाई तिनीहरुका आफ्नै ईश्‍वरशास्त्रीय उद्देश्यको लागि पनि ग्रहण गर्दछ (Fee and Stuart को *How Read the bible for all its worth*. पृष्ठ ११३-१३४ लाई पढ्नुहोस् । सु-समाचारलाई पढेका समयमा यी लेखकहरुले कस्तो ईश्‍वरशास्त्रीय बुँदालाई अर्थ्याउने कोशिस गर्दैछ भनेर कसैले निरन्तर सोधि नै रहनुपर्दछ । तिनीहरुको येशूको प्रस्तुतीकरणको यस बिन्दुमा यस विशेष घटना, आश्‍चर्यका अनि अध्ययनलाई किन समावेश गरिएको हो त ?

(घ)	मेडिटेरानियन संसारका मानिसहरुका दोस्रो भाषाको रुपमा मर्कूसको सु-समाचार कोइनी ग्रीकको एउटा असल उदाहरण हो । मर्कूसकी आमाले आरमिक भाषा बोल्थिन् (जस्तो येशूको आमाले अनि पहिलो शताब्दीको प्यालेस्टाइनका सबै यहूदीहरुले पनि बोल्दथे ।) यस सेमिटिक विशिष्टतालाई मर्कूसको सु-समाचारमा घरिघरि पुष्टि गरिएको छ ।

**लेखकत्व (ग्रन्थकारिता)**

(क)	यूहन्ना मर्कूसलाई यस सु-समाचारको लेखन कार्यमा परम्परागत रुपमा प्रेरित पत्रुससँग पहिचान गरिएको छ । यो कार्यचाहिँ (अरु सबै सु-समाचारहरु जस्तै) अज्ञात छ ।

(ख)	पत्रुसको प्रत्यक्षदर्शी विवरणको अर्को प्रमाणचाहिँ त्यो सत्यता हो कि मर्कूसले तीनओटा विशेष घटनाहरुलाई अभिलेख गरेका छैनन् जसमा पत्रुस व्यक्तिगत रुपमा संलग्न थिए

१.	उसको पानीमाथिको हिंडाई (मत्ती १४:२८-३३)

२.	बाह्र जनाको विश्‍वासको लागि सिजरिया फिलिप्पीमा प्रवक्ताको रुपमा उसले गरेका काम (मत्ती १६:१३-२०), मर्कूस ८:२७-३० मा मात्र अनि “यस चट्टानमा” अनि “राज्यको साँचो” परिच्छेदहरुलाई छोडिएको छ ।

३. येशू अनि आफ्नै लागि उसले प्राप्त गरेका मन्दिरको कर (मत्ती १७:२४-२७) हुनसक्छ, पत्रुसले रोममा उसको उपदेशमा यी घटनाहरुलाई जोड नदिन भनी उसलाई विनितभावमा प्रेरित गरेका थिए होलान् ।

(ग) सुरुवाती मण्डलीका परम्परा

१. करिब सन् ९५ मा रोमबाट लेखिएको, १ कलेमेन्टसले मर्कूसलाई संकेत गर्दछ (जस्तो *Shepherd of Hermes* लेख गर्दछ)।

२. करिब सन् १३० तिर Hierapolis को विषय, पापिअसले *Interpretation of the lord's saying* लेखे, जसलाई येशूवियस (सन् २७५-३३९) द्वारा आफ्नो *Ecclesiastical History* ३:३९:१५ मा उल्लेख गरिएको छ । उसले दाबी गर्दछ कि मर्कूसचाहिँ पत्रुसको व्याख्यादार थिए जसले येशूको बारेमा पत्रुको स्मरणहरुलाई कालक्रमिकरुपमा नभए पनि ठीकसँग अभिलेख गरेका थिए । मर्कूसले प्रत्यक्षरुपमा सुव्यवस्थित गरेका थिए । पापियसले यस जानकारीलाई 'एल्डर' बाट प्राप्त गरेका थिए भनेर दाबी गर्दछ, जसलाई प्रेरित यूहन्ना भनेर उल्लेख गर्न सकिन्छ ।

३. मर्कूस ३:१७ लाई उल्लेख गर्दै, जस्टिन मार्टिर (सन् १५०) ले, योचाहिँ पत्रुसको स्मरणबाट आएको हो भनेर थप्दछ ।

४. करिब सन् १८० तिर लेखिएको The Anti-Marcionite Proloque to Mark ले पत्रुसलाई मर्कूसको सु-समाचारको प्रत्यक्षदर्शीको रुपमा पहिचान गर्दछ । यसले यो पनि उल्लेख गर्दछ कि पत्रुसको मृत्युपछि सन् ६५ को छेउछाउ परम्परागत रुपले रोममा इटलीबाट मर्कूसले सु-समाचारका पुस्तक लेखे ।

५. करिब सन् १८० तिर इरेनसले आफ्नो लेखमा यूहन्ना मर्कूसलाई पत्रुसको मृत्युपछि उसको स्मरणहरुका व्याख्याकार अनि संकलकर्ताको रुपमा उल्लेख गर्दछ (*Contra Haeresese* ३:१:२)

६. Clement of Alexandria (सन् १९५) ले दाबी गरेका छन् कि रोममा जो-जतिले पत्रुसको प्रचारलाई सुनेका थिए तिनीहरुले ती उपदेशहरुलाई अभिलेख गर्नको लागि मर्कूसलाई भनेका थिए ।

७. The Muratorian Fragment, (अर्थात्, ग्रहणयोग्य पुस्तकहरुको सूची) सन् २०० तिर रोमबाट लेखिएको, यद्यपि लेख अधुरै भए तापनि, यसले यूहन्ना मर्कूसले पत्रुसको उपदेशहरुलाई अभिलेख गरेका थिए भन्ने कुरालाई ठोकुवा गर्दछ ।

८. Against Marcion (४:५) मा टरटुलियन (सन् २००) ले भनेका छन् कि मर्कूसले पत्रुसको सम्झनाहरुलाई प्रकाशित गरेका थिए ।

९. *The Expositor's Bible Commentary* Vol.8. पृष्ठ ६०६ मा, Walter Wessel ले सुरुवाती मण्डलीका परम्पराहरु भौगोलिकरुपमा विविध मण्डलीका केन्द्रहरुबाट आएका हुन् भनेर रोचक टिप्पणी गरेका छन् ।

(a) पापियस एसिया माइनरबाट आएका हुन् ।

(b) Anti-Marcion Proloque अनि Muratorian Fragment दुवै रोमबाट आएका हुन् ।

(c) Irenaeus (Haer. 3:1:1) फ्रान्सको लियोनबाट आएका हुन् । इरेनसको परम्परा उत्तर अफ्रिकाबाटको Tertullion (*Adv Marc.* ४:५) अनि इजिप्टको Clement of Alexandria मा पनि पाइन्छ (*Hypotyposis 6*, येशूवियसद्वारा भनिएको *Eccl. His* २:१५:१-२, ३:२४:५-८; ६:१४:६-७)। सुरुवाती इसाईपनामा परम्परालाई खुल्ला रुपमा ग्रहण गरेको कारण यस भौगोलिक विविधताले यसको विश्वास योग्यताप्रति विश्वास दिन्छ ।

१०. येशूवियसको *Eccl. His.* ४:२५, Origen (सन् २३०) ले *Commentary on Matthew* (पाँचौं शताब्दसिम्म मर्कूसमाथि कसैले टिप्पणी गरेका थिए भनेर जानिएको छैन) भन्दछ कि मर्कूसले सु-समाचारलाई त्यसबेला लेखे जहिलेचाहिँ पत्रुसले उसलाई यसको व्याख्या गरे ।

११. यशूवियस आफैंले पनि Eccl. His २:१५ मा मर्कूसको सु-समाचारबारे बहस गरेका छन् अनि भनेका छन् कि मर्कूसले पत्रुसको उपदेशलाई तिनीहरुको आज्ञाअनुसार लेखे जसले तिनीहरुलाई सुनेका थिए ताकि तिनीहरुलाई सबै मण्डलीहरुमा पढ्न सकियोस् । येशूवियसले यस परम्परालाई अलेक्जान्डरियाको क्लेमेन्टको लेखमाथि आधारित राखेका छन् ।

(d) यूहन्ना मर्कूसको विषयमा हामी के जान्दछौं

१. उसको आमा यरुशलेमको प्रख्यात विश्वासी थिइन् जसको घरमा सँगती हुन्थ्यो (सम्भवत् प्रभु भोजको रात, मर्कूस १४:१४-१५; प्रेरित १:१३-१४; प्रेरित १२:१२)। उनी सम्भवत् अज्ञात मानिस थिए जो गेतसमनीबाट "नाङ्गै" भागेका थिए (मर्कूस १४:५१-५२)

२. यरुसलेमबाट एन्टिओखतिर फर्कदा उसले आफ्नो काका वर्णवास (*Col. 4:10*) अनि पावललाई साथ दिएका थिए (प्रेरित १२:२५)।

३. पहिलो सु-समाचार प्रचारको यात्राक्रम (प्रेरित १३:५) मा उनी वर्णवास र पावलका साथमा थिए, तर अचानक घर फर्केका थिए (प्रेरित १३:१३)।

४. पछि गएर दोस्रो सु-समाचारीय यात्रामा वर्णवासले मर्कूसलाई लैजान चाहेका थिए तर यसले वर्णवास र पावल बीचमा डरलाग्दो भेदभाव ल्यायो (प्रेरित १५:३७-४०)

५. उनी पछि गएर पावलसँग पुनर्मिलन गरें अनि उसको भित्र अनि सहयोगी बने (कलस्सी ४:१०; २ तिमोथी ४:११; फिलेमोन २४)

६. सम्भवत् रोममा, उनी पत्रुसको भित्र अनि सहयोगी थिए (१ पत्रुस ५:१३)

(ङ) येशूको जीवनप्रतिको मर्कूसको व्यक्तिगत ज्ञानचाहिँ १४:५१-५२ ले पुष्टि गरेको जस्तो देखिन्छ, जहाँ येशूको गिरफ्तारपछि एकजना मानिस गेतसमनीको बगैंचाबाट नांगै भागेका थिए । यस असाधारण अनि पूर्णरुपले अप्रत्यासिक विवरणले मर्कूसको व्यक्तिगत अनुभवलाई प्रतिविम्वित गरेको जस्तो देखिन्छ ।

**मिति**

(क) सु-समाचारचाहिँ प्रत्यक्षरुपले पत्रुसको शिक्षाहरुबाट लिइएको येशूको जीवन, कामहरु अनि शिक्षहरुको प्रत्यक्षदर्शी अभिलेख अनि व्याख्या हो । उसको मृत्युपछि तिनीहरुलाई संकलन गरियो, बाँडियो, जस्तो *Anti-Marcionite Prologue* and Irenaeus ले भन्दछन् (जसले पावलको मृत्युपछि पनि थपेका छन्)। पत्रुस र पावल दुवै जना रोम (मण्डलीको परम्परा) मा नीरो (सन् ५४-६८) को अधिनमा शहीद भएका थिए । वास्तविक मितिहरु अनिश्चित नै छन्, तर यदि साँचो हो भने, तब त मर्कूसको मिति मध्य ६० तिर हुन सक्दछ ।

(ख) यो सम्भव छ कि *Anti-Marcionite Prologue* and Irenaeus ले पत्रुसको मृत्युको उल्लेख गरेको छैन, तर रोमबाटकों उसको प्रस्थानलाई मात्र उल्लेख गरेका छन् । क्लाउडियसको (सन् ४१-५४) शासनकालमा पत्रुसले रोमको भ्रमण गरेका थिए भन्ने त्यहाँ केही परम्परागत प्रमाणहरु छन् (Justin and Hippolytus), (येशूवियसको *Eccl. His* 2:14:6)।

(ग) यस्तो देखिन्छ कि साठीको सुरुवातमा पावल भ्यालखानामा हुँदा नै लूकाले प्रेरित लेखिसकेको हुन्छ । लूकाले मर्कूसलाई उसको सु-समाचारमा प्रयोग गरेको साँचो हो भने, तब त यो प्रेरितभन्दा पहिले नै लेखिएको हुनुपर्दछ अनि, त्यसैकारण, साठीको सुरुवात भन्दा पनि पहिले नै ।

(घ) मर्कूसको लेखकत्वको मितिले कुनै पनि हालतमा यस अथवा जुनै पनि सु-समाचारलाई ऐतिहासिक/ईश्वरशास्त्रीय/सु-समाचार प्रचारको सत्यतालाई प्रभाव पार्दैन । येशू, जो मानव लेखक हुनुहुन्न, उहाँ नै मुख्य चरित्र हुनुहुन्छ ।

(ङ) अचम्मको कुरोचाहिँ यो छ कि कुनै पनि सु-समाचारले (नता सन् ९५-९६ मा लेखिएको यूहन्नाले पनि) रोमी जनरल, पछि गएर सम्राट भएका तितसले सन् ७० मा येरुशलेम नष्ट गरेको उल्लेख अथवा संकेत गरेका छैन (मत्ती २४; मार्कूस १३; लूका २१) । मर्कूसचाहिँ यस घटनाभन्दा अघि नै लेखिएको हुन सक्दछ । यो पनि सम्भव छ कि मत्ती अनि लूकाचाहिँ यहूदी धर्ममाथिको यस ठूलो इन्साफ अघि नै लेखिएको थियो । यसले यतिमात्र उल्लेख भने गरेकै थियो कि संक्षिप्त सु-समाचारको रचनाको ठीक मितिचाहिँ यसमा अनिश्चित नै रहेको छ (जस्तो तिनीहरुको एक अर्कामा साहित्यिक सम्बन्ध छ)।

**प्रापक :**

(क) मर्कूसलाई कैयौं सुरुवाती मण्डलीका लेखकहरुद्वारा रोमसँग जोडिएको छ ।

१. १ पत्रुस ५:१३

२. *Anti-Marcionite Prologue* (इटली)

३. Irenaeus (Rome, *Adv. Hear. 3:1:2*)

४. Clement of Alexandria (Rome, Eusebius *Eccl. Hist* 4:14:6-7; 6:14:5-7)

(ख) मर्कूसले सु-समाचार लेख्नुमा उसको उद्देश्यलाई विशेषरुपले उल्लेख गरेको छैन । त्यहाँ कैयौं सिद्धान्तहरु छन् ।

१. रोमीहरु ९१:१५; १०:४५) लाई विशेषरुपले लेखिएको एउटा सु-समाचारीय पर्ची (१:१)

अ. यहूदि मुल तत्त्वहरुको व्याख्या गराई (७:३-४; १४:१२; १५:४२)

आ. आरमिक भाषाको अनुवाद (३:१७; ५:४१; ७:१, ३४; १०:४६; १४:३६; १५:२२, ३४)

इ. थुप्रै ल्याटिन शब्दहरुको प्रयोग (शिर काट्ने सिपाही, ६:२७, कचौरा, भाँडो अनि काँसाडो कचौरा धूने परम्परा, ७:४; कर तिर्ने काम, १२:१४; तामाका सिक्काहरु, १२:४२; प्रटोरियन, अर्थात् महल, १५:१६; कप्तान, १५:३९;

ई. येशूको सम्बन्धमा समावेश भएका भाषा

१. प्यालेष्टाइनमा भएकाहरुको सम्बन्धमा समावेश भएका भाषाहरु (१:५, २८, ३३, ३९; २:१३; ४:१; ६:३३, ३९, ४१, ५५)

२. सबै मानिसहरुको सम्बन्धमा समावेश भएका भाषाहरु (१३:१०)

२. सन् ६४मा रोममा आगलागीपछिको सतावटले, जसलाई नेरोले खीष्टियनहरुलाई दोष लगाएका थिए, विश्वासीहरुतर्फ सतावटको डरलाग्दो लहरको सुरुवात गर्‍यो । मर्कूसले घरिघरि सतावटको (येशूको सतावट ८:३१; ९:३९; १०:३३-३४, ४५ अनि उहाँका अनुयायीहरुमाथिको सतावट ८:३४-३८; १०२१, ३०, ३५-४४) उल्लेख गर्दछ ।

३. दोस्रो आगमनमा ढिलाई

४. येशूको प्रत्यक्षदर्शीहरुको मृत्यु, विशेष गरेर चेलाहरु

५. व्यापकरुपमा फैलिएको खीष्टियन मण्डलीभित्र उठेको नास्तिकतावाद

अ. गलातीहरु

आ. नोस्टिक्स (१ यूहन्ना)

इ. क अनि ख को मेल (कलस्सी अनि एफिसी; २ पत्रुस २)

**बनावटको रुपरेखा**

अ. मर्कूसलाई यस्तो तरिकामा तयार पारिएको छ कि पुस्तकको एक तिहाइ भाग येशूको जीवनको अन्तिम साताहरुमाथि केन्द्रित छ । कष्टको साताको ईश्वरशास्त्रीय महत्त्वलाई स्पष्ट पारिएको छ ।

आ. सुरुवाती मण्डलीका व्यवस्थाअनुसार, मर्कूसलाई पत्रुसको प्रवचनहरुबाट लिइएकोले गर्दा (त्योचाहिँ सायद रोममा हुनसक्दछ) जन्मका विवरणहरुलाई किन उल्लेख गरिएन भन्ने कुरा प्रमाणित भएको छ। मर्कूसले पत्रुस जवान हुँदा, येशूसँगको अनुभव सुरु भएकैबाट सुरु गर्दछ, अनि मसीहले गर्नुपर्ने कामको लागि बप्तिस्मा दिने यूहन्नाको तयारीको लागि पश्चाताप अनि विश्वाससँग ईश्वरशास्त्रीय रुप नै सम्बन्धित छ ।

पत्रुसको उपदेशहरुले 'मानिसको पुत्र' अनि 'परमेश्वरको पुत्र' को अवधारणालाई प्रयोग गरेकै हुनुपर्दछ । सु-समाचारले चाहिँ येशूको व्यक्तित्वमाथि पत्रुसको आफ्नै ईश्वरशास्त्रलाई प्रतिविम्वित गर्दछ । सुरुमा त उनी एकजना महान् शिक्षक अनि चँगाईकर्त्ता थिए, तर उहाँ मसीह हुनुहुन्थ्यो भन्ने स्पष्ट भयो ! यस मसीहले सेनाहरुसँग युद्ध गर्ने आशा गरिएको थिएन, तर एउटा पीडित दासको रुपमा आउनुभएको थियो (यशैया ५३) ।

इ. मर्कूसको आधारभूत भौगोलिक बनावटी रुपरेखालाई अरु स-साना सु-समाचारहरुद्वारा (मत्ती अनि लूका) बाँडिएको छ ।

१. गालीलको सेवाकाई (१:१४-६:१३)

२. गालील बाहिरको सेवाकाई (६:१४-८:३०)

३. यरुशलेमतर्फको यात्रा (८:३१-१०:५२)

ई. यो पनि सम्भव छ कि मर्कूसको ढाँचाले सुरुवाती प्रेरितहरुद्वारा गरिएको प्रचारको आधारभूत शैलीलाई स्पर्धा गर्दछ (प्रेरित १०:३७-४३, C.H. Dodd को *New Testament Studies* पृष्ठ १-११) । यदि यो साँचो हो भनेता लेखिएको सु-समाचारहरु मौखिक परम्पराहरुको अवधिको सञ्चय हो (Kerygma) । यहूदीवादले मौखिक शिक्षालाई लेखिएको पुस्तकहरु भन्दा श्रेष्ठ ठान्दथे ।

उ. मर्कूसलाई येशूको जीवनको द्रूतगतिको विवरणद्वारा चरितार्थ गरिएको छ (त्यो भनेकोचाहिँ "तत्कालै" हो, १:१०)। मर्कूसले लामो शिक्षाका सत्रहरुलाई आलेख गर्दैन, तर एउटा घटनादेखि अर्को घटनातर्फ द्रूतगतिमा जान्छ (अर्थात,उसले 'तुरुन्तै' शब्दलाई घरिघरि प्रयोग गरेको छ)। मर्कूसको सु-समाचारले येशूलाई उहाँका कामहरुद्वारा प्रकट गर्दछ । तरैपनि, उसको द्रूतगतिको विवरण स्पष्ट प्रत्यक्षदर्शी विवरणहरुसँग गरिएको छ (अर्थात, पत्रुस हो)।

**अध्ययन चक्र**

योचाहिँ अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ तपाइँको आफ्नै बाइबलको व्याख्या गराईप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिड्नै पर्दछ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराइमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

बाइबलका सम्पूर्ण पुस्तकलाई एकै बसाइँमा पढ्नुहोला । सम्पूर्ण पुस्तकको केन्द्रीय विषयलाई तपाइँको आफ्नै शब्दहरुमा उल्लेख गर्नुहोस् ।

१. सम्पूर्ण पुस्तकको विषय

२.	भाषाको (शैली) प्रकार

## अध्ययन चक्र दुई ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

योचाहिँ अध्ययन गर्नलाई सहायता गर्ने एउटा टिप्पणी हो, जसको अर्थ हुन्छ तपाइँको आफ्नै बाइबलको व्याख्या गराईप्रति तपाइँ नै जिम्मेवार हुनहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिड्ने पर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

बाइबलका सम्पूर्ण पुस्तकलाई एकै बसाइँमा एक सेकेण्ड पढ्नुहोस् । मुख्य विषयहरुलाई रुपरेखा खिँच्नुहोस् अनि विषयलाई एउटा एकमात्र वाक्यमा प्रकट गर्नुहोस् ।

१.	पहिलो साहित्यिक एकाईको विषय

२.	दोस्रो साहित्यिक एकाईको विषय

३.	तेस्रो साहित्यिक एकाईको विषय

४.	चौथो साहित्यिक एकाईको विषय इत्यादि ।

# मर्कूस १

**आधुनिक अनुवादकहरुद्धारा गरिएको परिच्छेदीय विभाजन**

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| बप्तिस्मा दिने युहन्नाको प्रचार | बप्तिस्मा दिने यूहन्नाले बाटो तयार पारेको | बप्तिस्मा दिने यूहन्नाको र | बप्तिस्मा दिने यूहन्नाको प्रचार | बप्तिस्मा दिने यूहन्नाको घोषणा |
| १:१-८ | १:१-८ | १:१-८ | १:१-३, १:४-५, १:६-६ | १:१-८ |
| येशूको बप्तिस्मा | यूहन्नाले येशूलाई बप्तिस्मा दिएको | येशूको बप्तिस्मा | येशूको बप्तिस्मा अनि परीक्षा | येशूले बप्तिस्मा लिनुभएको |
| १:९-११ | १:९-११ | १:९-११ | १:९-११ | १:९-११ |
| येशूको परीक्षा | शैतानद्वारा येशूको परीक्षा | येशूको परीक्षा | | उजाड स्थानमा परीक्षा |
| १:१२-१३ | १:१२-१३ | १:१२-१३ | १:१२-१३ | १:१२-१३ |
| गालीली सेवाकाईको सुरुवात | येशूले उहाँको गालीली सेवाकाई सुरु गर्नुभएको | गालीलमा येशूको क्रियाकलापको सुरुवात | येशूको चारजना जालहारीलाई बोलाउनुभएको | येशूले सन्देशको घोषणा गर्न सुरु गर्नुभएको |
| १:१४-१५ | १:१४-१५ | १:१४-१५ | १:१४-१५ | १:१४-१५ |
| चारजना जालहारीहरुको बोलावट | चारजना जालहारीहरुलाई चेलाहरु भनिएको | | | चारजना जालहारीहरुलाई चेलाहरु भनियो |
| १:१६-२० | १:१६-२० | १:१६-२० | १:१६-२० | १:१६-२० |
| दुष्ट आत्मा लागेको मानिस | येशूले दुष्ट आत्मालाई निकाल्नुभएको | | दुष्ट आत्मासँगको मानिस | येशूले कफर्नहूममा दिनुभएको शिक्षा अनि दुष्टलाई दिनुभएको सराप |

| | | | | |
|---|---|---|---|---|
| १:२१-२८ | १:२१-२८ | १:२१-२८ | १:२१-२८ | १:२१-२८ |
| धेरै मानिसहरुको चँगाईं | पत्रुसकी सासुको चंगाईं | | येशूद्वारा धेरै मानिसहरुको चंगाईं | सियोनकी सासु निको भएको |
| १:२९-३४ | १:२९-३४ | १:२९-३४ | १:२९-३४ | १:२९-३४ |
| | सवाथको सूर्यास्तपछि धेरैको चँगाईं | | | धेरै जना निको भएको |
| | १:३२-३४ | १:३२-३४ | १:३२-३४ | १:३२-३४ |
| प्रचारको यात्रा | गालीलमा प्रचार | | गालीलमा येशूको प्रचार | येशूले चुपचाप कफर्नहूम छोड्नुभएर गालीलतिर जानुभएको |
| १:३५-३९ | १:३५-३९ | १:३५-३९ | १:३५-३७,<br>१:३८<br>१:३९ | १:३५-३९ |
| कोढीलाई निको पारिएको | येशूद्वारा कोढीलाई निको पारिएको | | येशूद्वारा मानिसको चँगाईं | छालाको रोग लागेको मानिसको चँगाईं |
| १:४०-४५ | १:४०-४५ | १:४०-४५ | १:४०<br>१:४१-४४<br>१:४५ | १:४०-४५ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवाहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**शब्द अनि वाक्यांशको अध्ययन**

**NASB (UPDATED) TEXT 1:1)**

१परमेश्वरको पुत्र, येशू ख्रीष्टको सु-समाचारको सुरुवात

१:१ "सुरुवात" के यो परिचयात्मक वाक्यांशले निम्न वाक्यांशहरुलाई उल्लेख गर्दछ :

१. उत्पत्ति १:१ अनि यूहन्ना १:१ मा जस्तो 'आदिमा'

२. १ यूहन्ना १:१ मा जस्तो येशूको पुनर्जन्म

३. येशूद्वारा मानिसहरुलाई गरिएको प्रचारको सुरुवात (जुनचाहिँ व्यक्तिगत अनुभवहरु हुन्)

पहिलो परिच्छेदले विशेष गरेर यशैयाद्वारा मसीहको विषयका पुरानो करारका अगमवाणीलाई उल्लेख गर्दछ । सु-समाचारका कथाचाहिँ इस्राएलको अगमवाणीय परम्परामा सुरु हुन्छ । १ अनि ३ पदमा भनिएको कुरोचाहिँ मलाकी ३:१ अनि यशैया ४०:३ को मेल हो ।

**विशेष विषय** *: ARCHĒ*

'अधिकार - क्षेत्र' शब्दचाहिँ ग्रीक शब्द *'archē'* जसको अर्थ हुन्छ केही कुराको 'सुरुवात' अथवा 'उत्पत्ति' ।

१. सृष्टि गरिएको आज्ञाको सुरुवात (यूहन्ना १:१; १ १ यूहन्ना १:१; हिब्रू १:१०)

२. सु-समाचारको सुरुवात (मर्कूस १:१; फिलिप्पी ४:५; २ थेसलोनिकी २:१३; हिब्रू २:३)

३. पहिलो प्रत्यक्षदर्शी (लूका १:२)

४. चिन्हहरुको सुरुवात (आश्चर्यकर्म, यूहन्ना २:११)

५. सिद्धान्तहरुको सुरुवात (हिब्रू ५:१२)

६. सु-समाचारीय सत्यतामाथि आधारित आश्वासनको सुरुवात (हिब्रू ३:१४)

७. सुरुवात (कलस्सी १:१८; प्रकाश ३:१४)

यसलाई 'नियम' अथवा 'अख्तियार' द्वारा प्रयोग गरियो

१. मानिसको सरकारी अधिकारीहरुद्वारा

अ. लूका १२:११

आ. लूका २०:२०

इ. रोमी १३:३, तितस ३:१

२. स्वर्गीय अख्तियारवालाहरुद्वारा

अ. रोमी ८:३८

आ. १ कोरिन्थी १५:२४

इ. एफिसी १:२१; ३:१०; ६:१२

ई. यहूदा, ६

यी झूटा शिक्षकहरुले सबै संसारिक अनि स्वर्गीय अख्तियारहरुको अवहेलना गर्दछन् । तिनीहरु *एन्टिनोमियन लिबरटाइन्स्* हुन् । तिनीहरुले परमेश्वर स्वर्गदूतहरु, सरकारी अधिकारीहरु अनि मण्डलीका अगुवाहरुको सामु पहिले आफ्नै चाहनालाई राख्दछन् ।

- 'सु-समाचारको' मर्कूस नै सम्भवत् पहिलो लेखिएको सु-समाचार भएकोले गर्दा, सु-समाचारका लेखकद्वारा evangelion (१:१४, १५; ८:३५; १०:२९; १३:१०; १४:९) शब्दलाई पहिलो पटक प्रयोग गरिएको हो (गलाती २:२ अनि १ थेसलोनिकी २:९ मा पावलद्वारा गरिएको प्रयोगचाहिँ कालक्रमिकरुपले पहिलो हुन्थ्यो)। यो चाहिँ साहित्यिक रुपमा 'सु-समाचार' शब्दचाहिँ पावलले गरेकासँग कुरासंग समान छ जहाँ यसको अर्थचाहिँ घोषणा गर्ने काम अथवा जे घोषणा गरिएको छ त्यसको विषयवस्तु हुनसक्दछ (पृष्ठ २४)।

- 'परमेश्वरको पुत्र येशू ख्रीष्टको' यसको व्याकरणीय रुपलाई यसरी बुझ्न सकिन्छ (१) येशूद्वारा दिइएको सन्देश अथवा (२) येशूको विषयका सन्देश । २ चाहिँ सम्भवत् निर्दिष्ट अर्थ हो । तरैपनि IVP द्वारा प्रकाशित *Dictionary of Jesus and the Gospels* ले भन्दछ "सम्बन्ध-

कारक 'को' चाहिँ विषयवस्तुप्रधान अनि उद्देश्यप्रधान दुवै हुन सक्दछ : येशूले सु-समाचारको घोषणा गर्नुहुन्छ अनि यस्तो उहाँको कथालाई घोषणा गर्दछ" (पृष्ठ २८५)।

१ पदचाहिँ पूर्ण वाक्य होइन । यो चाहिँ सम्भवत् पुस्तकको शीर्षक हुनसक्दछ । प्राचीन ग्रीक पाण्डुलिपीहरु ℵ, A, B, C, D, L अनि W 'परमेश्वरको पुत्र' वाक्यांशमा जोडिन्छ जसलाई NKJV अनि NRSV, TEV अनि NIV ले पालन गरेका छन्, जब कि यो (१) ℵ*; (२) पलिस्ती साइरिक, (३) एउटा Coptic पाण्डुलिपी (४) Georgian संस्करण, साथसाथै (५) Armenian अनुवाद अनि (६) यहून्नामाथिको यस मुल पाठको Origen को टिप्पणीबाट एउटा उद्धघृतमा छोडिएको छ । $UBS^4$ ले समावेशलाई 'ग' (निर्णय गर्नलाई गाह्रो) सूचीमा राखेको छ । ३:११ मा 'परमेश्वरको पुत्र' माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

यस्ता विभिन्न ग्रीक पाण्डुलिपीहरुसँग बौद्धिकरुपमा कार्य गर्न बाइबललाई माया गर्ने अनि विश्वास गर्ने आधुनिक ख्रीष्टियनहरुको लागि कठीन काम भएको छ, तर परमेश्वरको स्वःप्रकटीकरणको प्रेरणा अनि दृढताको विषयप्रति हाम्रो अनुमानको लागि जति कठीन भए पनि, तिनीहरु सत्य हुन् । यसले संयोगवश्मात्र होइन तर उद्देश्यपूर्णरुपले पनि हेर्दछ । सुरुवाती परम्परावादी शास्त्रीहरु येशूको विषयका सुरुवाती प्रचलित धर्मविरुद्धका विचारहरुप्रति सचेत थिए, जस्तै अंगीकरणवाद, जसले येशू परमेश्वरको पुत्र हुनुभयो भन्ने कुरालाई दाबी गर्दथ्यो । यी सुरुवाती शास्त्रीहरुले तिनीहरुले नक्कल गरेका ग्रीक मुल पाठहरुलाई तिनीहरुलाई अझ ईश्वरशास्त्रीय रुपमै परम्परागत बनाउनलाई घरिघरि परिवर्तन गर्दथे (१ यूहन्ना ५:७-८)। परम्परावादी शास्त्रीहरुद्वारा उद्देश्यपूर्ण रीतिले परिवर्तन गरिएको ग्रीक पाण्डुलिपीहरुलाई अझ पढ्नको लागि Bart D.Ehrmans को *The Orthodox Corruption of Scripture* लाई हेर्नुहोस् । तिनले मर्कूस १:१ लाई पृष्ठ ७२-७५ मा विशेष रुपले बहस गरेका छन् ।

- 'येशूको' साधारणत् यहूदीवादको पहिलो शताब्दीमा बाबुले बालकको नाम राख्दथे । यस मामलामा स्वर्गदूतमार्फत्, स्वर्गीय पिताले बालकलाई नामाकरण गरियो । यहूदी नाउँहरुले प्रायजसो संकेतिक अर्थ बोक्दथ्यो; यसको पनि कुनै अर्थ थियो । येशूचाहिँ हिब्रू नाम (१) YHWH अनि (२) उद्धारको मेल हो । यसको महत्त्वलाई मत्री १:२१ मा लेखिएको छ । येशूचाहिँ हिब्रू यहोशूको ग्रीक अनुवाद हो । उहाँलाई नयाँ मोशा, नयाँ यहोशू, अनि नयाँ प्रधान पूजाहारी भनी प्रमाणित गरियो ।
- 'ख्रीष्ट' योचाहिँ हिब्रू शब्द 'मसिह' को ग्रीक अनुवाद हो जसको अर्थ हुन्छ 'अभिषेक गरिएको'। पुरानो करारमा परमेश्वरद्वारा अभिषेक गरिएका अगुवाहरुले (अगमवक्ताहरु पूजाहारीहरु राजाहरु) उहाँका बोलावट अनि एउटा सुम्पिएको कामको लागि नियुक्त गरिएको भन्ने संकेत गर्दथ्यो ।

'मसीह' शब्दलाई पुरानो करारमा प्रायजसो प्रयोग गरिएको छैन (मृत्यु र इन्साफको राजाको लागि दानिएल ९:२५, २६), तर अवधारणाचाहिँ निश्चय नै छ । यो चाहिँ मत्ती १:१ मा 'दाऊदको पुत्र' सँग समानान्तर छ, जसले इस्राएलको आदर्श राजा 'दाऊद' को राजकीय वंशलाई उल्लेख गर्दछ । २

शमूएल ७ मा परमेश्वरले दाऊदलाई प्रतिज्ञा गर्नुभयो कि उसको वंशका एकजनाले इस्राएलमा सदैव शासन गर्नेथ्यो । यो प्रतिज्ञाचाहिँ बेबिलोनीहरुले यरुशलेमलाई ध्वंस गरेर यसको बासिन्दाहरुलाई देश निकाला गरेको कारण भताभुङ्ग भएको देखिन्थ्यो (त्यो चाहिँ ५८६ ई.पू.मा हो)। तरैपनि, अगमवक्ताहरुले एकजना दाऊदको एकजना भावी वंश देख्न सुरु गरेका थिए (अर्थात, यशैया, मीका अनि मलाकी)। येशू प्रतिज्ञा गरिएको "दाऊदको पुत्र", 'मानिसको पुत्र' (दानिएल ७:१३), अनि "परमेश्वरका पुत्र" (मर्कूसमा पाँच पटक प्रयोग गरिएको) हुनुहुन्छ ।

यो रोचक कुरो हो कि सम्पूर्ण सु-समाचारमा 'येशू ख्रीष्ट' नाम एकै पटकमात्र सुरुको पदमा प्रयोग गरिएको छ (मत्ती र यूहन्नामा दुई पटक अनि लूकामा बिल्कुलै प्रयोग गरिएको छैन) साधारणत्, मर्कूसले "येशू" प्रयोग गर्दछ । यस प्रयोग गराइचाहिँ येशूको मनुष्यतामाथि मर्कूसको ईश्वरशास्त्रीय जोड दिने कुरासँग मिल्दछ, जबकि उहाँको ईश्वरत्वचाहिँ (जुनचाहिँ मसिही रहश्य हो)। उहाँको मसिही काम(जुनचाहिँ पीडित दास हो) पूरा नभईञ्जेलसम्म गुप्तमा राखिएको छ । योचाहिँ प्रेरितको पुस्तकमा 'येशू ख्रीष्ट' बारम्बार आउने उपाधि नबनेसम्म राखिएको छ ।

## NASB (UPDATED) TEXT 1:2–8

२यशैया अगमवक्ताको पुस्तकमा यसरी लेखिएको छ : 'हेर, म मेरो दूतलाई तिम्रो अघि अघि पठाउँछु, जसले तिम्रो मार्ग तयार गर्नेछ । ३उजाड-स्थानमा एकजना कराउनेको आवाज, 'परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ ।' ४बप्तिस्मा दिने यूहन्ना पापमोचनको लागि पश्चातापको बप्तिस्मा प्रचार गर्दै उजाड-स्थानमा देखा परे । ५समस्त यहूदिया देश र यरुशलेमका सबै बासिन्दाहरु तिनीकहाँ निस्किआए । र तिनीहरुले आ-आफ्ना पाप स्वीकार गर्दै तिनीबाट यर्दन नदीमा बप्तिस्मा लिए । ६यूहन्नाले ऊँटको रौंबाट बुनेको लुगा लाउँथे, र कम्मरमा छालाको पटुका बाँध्थे, र सलह र वन-मह खान्थे । ७तिनले यसो भन्दै प्रचार गरे, 'जो मपछि आउनुहुन्छ उहाँ मभन्दा शक्तिशाली हुनुहुन्छ, अनि निहुरेर उहाँका जुत्ताका फित्ता फुकाउने लायकको म छैन । ८मैले तिनीहरुलाई पानीले बप्तिस्मा दिएको छु, तर उहाँले तिमीहरुलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुन्छ । '

**१:२ 'यसरी लेखिएको छ'** 'लेखिएको' शब्दचाहिँ पुर्णकालिन काल हो, जुनचाहिँ परमेश्वरको अनन्त प्रकाशलाई सहयोग गर्नलाई प्रयोग गरिने एउटा यहूदी उखान थियो (जस्तै धर्मशास्त्र)।

- **'यशैया अगमवक्ताको'** यो आख्यानचाहिँ मलाकी ३:१ अनि यशैया ४०:३ को मेल हो । यो *Hebrew Masoretic Text* अथवा यशैया ४० को Greek Septuagint बाट आएको होइन । यसैको कारण केही शास्त्रीहरुले मूल पाठलाई "अगमवक्ताहरुमा लेखिएको" (पुरानो नियमका अगमवक्ताका पुस्तकहरुमा) भनेर परिवर्तन गरे । एकवचनचाहिँ Greek Uncial पाण्डुलिपी א, B, L अनि D मा पाइन्छ, तर बहुवचनचाहिँ MSSA, अनि W मा पाइन्छ ।

यशैया ४०-६६ मा दुईओटा मुख्य दण्ड अनि इन्साफको कुराहरुलाई जोड दिइएको छ : (१) पीडित दास (विशेष गरेर ५२:१३-५३:१२) अनि (२) आत्माको नयाँ युग (विशेष गरेर ५६-६६)। मर्कूसको निम्नलिखित सारांशको प्रकटीकरणमा त्यहाँ यशैयाप्रति कैयौं सम्भावित संकेतहरु छन् ।

- **'मेरो दूतलाई तिम्रो अघि अघि पठाउँछु'** 'दूत शब्दले एउटा स्वर्गदूतलाई उल्लेख गर्न सक्दछ ( प्रस्थान २३:२०, जुनचाहिँ प्रस्थानको अर्को संकेत हुन सक्दथ्यो), तर यहाँ यसले 'दूत' को उल्लेख गर्दछ (मलाकी ३:१) यो चाहिँ सु-समाचार शब्दमा शब्दलाई खेलाइएको हुनसक्दछ (जुन असल सु-समाचार हो)। यो मर्कूसमा पूराना नियमका केही उद्धृतहरुमध्ये एउटा हो जसलाई सुरुमा रोमीहरुलाई लेखिएको थियो । यसले बप्तिस्मा दिने यूहन्नाको सेवाकाइलाई उल्लेख गर्दछ (४ पद)। यसले पूराना करारका परम्पराहरु पूरा भएको छ भन्ने देखाउँदछ (यसलाई येशूको चँगाईंको कार्यक्रमहरुमा पनि प्रतिविम्वित पारिएको छ, जुन यशैया मसीहसम्बन्धीको अगमवाणीहरु पनि हुन् । चारैओटा सु-समाचारहरुमा बप्तिस्मा दिने यूहन्नाको सेवाकाइलाई उल्लेख गरिएको छ ।

**१:३ "उजाड स्थानमा एकजना कराउनेको आवाज"** यो चाहिँ एउटा अज्ञात स्रोतमार्फत् यशैया ४०:३ को कथन हो । 'उजाड-स्थान' शब्दको अर्थ हुन्छ बसोबास नगरिएको चरन, सुख्खा, बतास लाग्ने अनि बलौटे भूमि ।

- **'परमप्रभुको मार्ग तयार पार'** यो एउटा कर्तृवाचक आज्ञासूचक वाक्य हो, जसले अत्यन्त जरुरी भन्ने कुरा देखाउँछ । MT मा, परमप्रभु (एडोन) भनेर पढिन्छ, तर हिब्रू मुलपाठमा YHWH ( परमप्रभु) पढिन्छ । वाक्यांशले मूलरुपमा राजकीय भेटघाटको लागि शारीरिक तयारी भन्ने कुरालाई उल्लेख गर्दछ । योचाहिँ बप्तिस्मा दिने यूहन्नाले येशू मसिहको लागि (जसलाई 'प्रभु' अथवा Kuriso पनि भनिन्छ)। आत्मिकी बाटो तयार गर्नलाई गरेका सेवाकाईलाई अलंकारिकरुपमा उल्लेख गर्नलाई आएको थियो ।

- **"उहाँका पथ सोफा बनाओ"** MT अनि LXX मा 'हाम्रो प्रभुको लागि मार्ग सोझ्हा पार' भन्ने ८ । मर्कूसले (अथवा पत्रुस) यसलाई विशेषरुपले YHWH लाई नभई येशूसँग सम्बन्धित गराउनको लागि मूल पाठलाई परिवर्तित गरेका थिए (अथवा अज्ञात पाठको रुपमा भनिएको छ)।

१:४ **"बप्तिस्मा दिने यूहन्ना"** यूहन्नाले किन पानीले बप्तिस्मा दिन्थे त ?

१. पूरानो करारले 'नयाँ करार' को उद्घाटनलाई दर्शाउन पूर्व उदाहरण (प्रस्थान १९:१०, १४; यशैया १:१६; यर्मिया ३१:३४;; इजकिएल ३६:२५)

२. विधिवत् अशुद्धताबाट शुद्ध पारिने कार्य (लेवी १५)

३. परमेश्वरबाट जीवन दिने पानीको अगमवाणीको रुपमा दण्ड र इन्साफको अलंकार (जस्तै यशैया १२:२-३; यर्मिया २:१३; १७:१३; इजकिएल ४७:१; जकरिया १३:१; १४:८; प्रकाश २२:१)

४. परमेश्वरका मानिसहरुको भाग बन्नलाई प्रवर्तनको रुपमा अरुहरुलाई मनाएर बप्तिस्मा दिने कामको नकल ।

५. यहूदी संस्कारको तरिकामा सबै मानिसहरुलाई YHWH लाई उहाँको मन्दिरमा ल्याउनलाई तयार पार्ने उपाय (सम्भवत् पानीमा डुबाएर, Miqvaot tractate in *Mishnah*)। यस धार्मिक स्थानलाई आजसम्म पनि मुस्लिमहरुले मस्जिदमा पस्न अघि पालन गर्दछन् ।

- **"देखा परे"** योचाहिँ एलियाको अघि 'मसिह' को 'अचानक प्रकटीकरण' को अचम्मलाग्दो प्रस्तुतीकरणको अगमवाणीलाई संकेत गर्ने मर्कूसको तरिका हुन सक्दछ (मलाकी ३:१)

- **'प्रचार गर्दै'** यो चाहिँ 'आगमन' (*kērssō*) शब्द हो, जसको अर्थ हुन्छ 'बृहत्‌रुपमा अथवा मानिसहरुलाई सन्देशको घोषणा गर्नु' (१:४, ७, १४, ३८, ३९, ४५)। मर्कूसले सु-समाचारबाट क्रियालाई प्रयोग गरेका छैनन् (*euaggelizō*)

यूहन्ना पश्चातापको बप्तिस्माको प्रचार गर्दै आए (विशेष शीर्षकलाई हेर्नुहोस्)। यसै सन्देशलाई नै येशूले पनि निरन्तरता दिनुभयो, तर 'विश्वास' थप गरेर जोड दिँदै (विशेष शीर्षक १:१५ लाई हेर्नुहोस)। बप्तिस्माद्वारा देखाइएको पश्चाताप अनि विश्वासको लागि अवश्य दुवै ओटा करार प्रेरितमा प्रेरितहरुद्वारा दिइएको उपदेशको विषय बन्दछ (जनुचाहिँ Kerygma हो)।

१. पत्रुस

अ. मण्डलीको पहिलो उपदेश (प्रेरित २:३७-३९)

(क) पश्चाताप

(ख) बप्तिस्मा लिनु

आ. मण्डलीको दोस्रो उपदेश (प्रेरित ३:१६, १९)

(क) विश्वास

(ख) पश्चाताप

२. फिलिप (प्रेरित ८:१२)

अ. विश्वास

आ. बप्तिस्मा लिनु

३. पावल

अ. फिलिप्पीका झ्यालखानाका हाकिम (प्रेरित १६:३१, ३३)

(क) विश्वास

(ख) बप्तिस्मा लिनु

आ. एफिसीका अगुवाहरुसँगको बिदावारी (प्रेरित २०:११)

(क) परमेश्वरतर्फ पश्चाताप

(ख) ख्रीष्टमा विश्वास

इ. अग्रीपाको अगाडि गवाही (प्रेरित २६:१८)

(क) अन्धकार (सैतान) बाट हट्नु त्यो भनेको पश्चाताप हो ।

(ख) ज्योति (परमेश्वर) तर्फ

मेरो लागि नयाँ करारका आवश्यकताहरु

१. पश्चाताप

२. विश्वास

३. आज्ञापालन

४. दृढता

नयाँ करारको लक्ष्यचाहिँ अहिले खीष्टमै हुनु हो ताकि अरुहरुले परिवर्तन देख्ने छन् अनि खीष्टमाथिको विश्वासतर्फ आकर्षित हुने छन् ।

'पश्चापको बप्तिस्मा' बप्तिस्मा क्षमादानको संयन्त्र होइन, तर विश्वासीहरुको अवसरको विश्वासको बाहिरी स्वीकरण हो । यो संस्कारको कार्य होइन, तर पापतर्फको नयाँ मनोवृत्ति अनि परमेश्वरसँगको नयाँ सम्बन्ध हो । योचाहिँ भित्री परिवर्तनको बाहिरी चिन्ह हो ।

**विशेष शीर्षक : पश्चाताप**

विश्वास सहितको पश्चाताप पूरानो करार दुवैको करारीच आवश्यक हो (Nacham, BDB ६३६, जस्तै १३:१२; ३२:१२, १४; Shuv, BDB, जस्तै, १ राजा ८:४७; इजकिएल १६:४; १८:३०) अनि नयाँ करार,

१. बप्तिस्मा दिने यूहन्ना (मत्ती ३:२; मर्कूस १:४; लूका ३:३, ८
२. येशू (मत्ती ४:१७; मर्कूस १:१५; लूका ५:३२; १३:३, ५; १५:७; १७:३)
३. पत्रुस (प्रेरित २:३८; ३:१९; ८:२२; ११:१८; २ पत्रुस ३:९)
४. पावल (प्रेरित १३:२४; १७:३०; २०:२१; २६:२०; रोमी २:४; २ कोरिन्थी २:९-१० तर पश्चातापचाहिँ के हो त ? के यो कष्ट हो ? के यो पापको समाप्ती हो ?

यस धारणाको विभिन्न संकेतार्थलाई बुझ्नको लागि नयाँ करारका सर्वोत्तम अध्यायचाहिँ २ कोरिन्थी ७:८-११ हो, जहाँ तीनओटा सम्बन्धित तर बेग्लाबेग्लै ग्रीक शब्दहरु प्रयोग गरिएको छ ।

१. "कष्ट" (*lupē* vv. 8 (दुईपटक), ९ (तीनपटक), ११)। यसको अर्थ सन्ताप अथवा खिन्नता हुन्छ अनि ईश्वरशास्त्रीयरुपमा तथस्ट संकेतार्थ छ ।
२. 'पश्चाताप' (*metanoeō* vv. 9, 10) योचाहिँ 'पछि' अनि 'मन' को मिश्रण हो, जसले एउटा नयाँ हृदय, सोंचाइको नयाँ तरिका, परमेश्वर अनि जीवनतर्फ एउटा नयाँ मनोवृत्तिको संकेत गर्दछ । योचाहिँ साँचो पश्चाताप हो ।
३. 'पछुतो' (*metamelomai*, vv 8 (दुईपटक), १०) योचाहिँ 'पछि' अनि 'वास्ता' को मिश्रण हो । यसलाई मत्ती २७:३ अनि हिब्रूमा एसाब १२:१६-१७ मा प्रयोग गरिएको छ । यसले कामहरु माथिको कष्टलाई नभएर, परिणामहरु माथिको कष्टलाई संकेत गर्दछ ।

पश्चाताप अनि विश्वासचाहिँ आवश्यक करारका कार्यहरु हुन् (मर्कूस १:१५; प्रेरित २:३८, ४१; ३:१६, १९; २०:२१)। त्यहाँ केही मूलपाठहरु छन् जसले पश्चातापचाहिँ परमेश्वरले नै दिनुहुन्छ भनेर संकेत गर्दछ (प्रेरित ५:३१; ११:१८; २ तिमोथी २;२५)। तर प्रायजसो मूलपाठहरुले यसलाई परमेश्वरले प्रदान गर्नुभएको निशुल्क उद्धारप्रतिको आवश्यक प्रतिज्ञारुपी उत्तरको रुपमा हेर्दछ ।

पश्चातापको सम्पूर्ण अर्थ पाउनलाई दुवै हिब्रू अनि ग्रीक शब्दहरुको परिभाषाहरुको आवश्यक पर्दछ । हिब्रूले 'कामको परिवर्तन' भन्दछ, जबकि ग्रीकले 'मनको परिवर्तन' भन्दछ । बचाइएको व्यक्तिले नयाँ मन र हृदय प्राप्त गर्दछ । उसले बेग्लै प्रकारले सोंच्दछ अनि बेग्लै प्रकारले जिउँदछ । 'यसमा मेरो लागि के छ ?' को साटो अब प्रश्न यस्तो हुन्छ, "परमेश्वरको इच्छा के हो ?" पश्चाताप यस्तो भावना होइन जुनचाहिँ आइलाउँदछ अथवा पूर्णरुपले पापरहित हुन्छ, तर पवित्रजनसँगको नयाँ सम्बन्ध हो जसले विश्वासीलाई बिस्तारै पवित्रजनमा परिवर्तन गर्दछ ।

- **"पापमोचनको लागि"** 'मोचन' शब्दको साहित्यिक अर्थ हुन्छ  "हटाउनु" । योचाहिँ मोचनको लागि कैयौं बाइबलीय शब्दहरुमा एउटा हो । यसको प्रायस्चितको पुरानो करारका दिन (लेबी १६) सँग अलंकारिकरुपमा सम्बन्ध रहेको छ जहाँ दुईओटा असल बाखाहरुमा एउटालाई चाहिँ ईस्राएलीहरुको पालबाट लखेटिन्थ्यो, जसले सांकेतिकरुपमा पापलाई बोकेर लैजानु भन्ने हुन्छ ( लेबी १६:२-२२; हिब्रू ९:२८;१ पत्रुस २:२४)। 'पापको' वाक्यांशचाहिँ कर्मवाचक सम्बन्धकारक हो ।

**१:५ "समस्त यहूदिया देश र यरुशलेमका सबै बासिन्दाहरु तिनीकहाँ निस्कि आए ।"** यो एउटा दिशाबोध गराउने अतिशयोक्ति बयान हो (अर्थात,अतिशयोक्ति कुरा हो), तर यसले यूहन्नाको प्रचारमा विशाल प्रभाव रहेको देखाउँदछ । केही ४०० वर्ष पहिले मलाकीदेखि उनी नै पहिलो अगमवाणीको आवाज थिए । यो एउटा अपूर्ण काल हो जसको अर्थ हुन्छ कि मानिसहरु निरन्तर आइरहेका थिए किनभने तिनीहरुले यूहन्नालाई एकजना अगमवक्ताको रुपमा चिनेका थिए ।

- **"बप्तिस्मा लिए"** यो पनि अपूर्ण काल हो जसले बितेको समयको निरन्तर कार्यहरुको विषयमा बताउँदछ । थुप्रै यहूदीहरुले परमेश्वरको क्रियाकलापको नयाँ दिनको आभास गर्दै थिए अनि यसको लागि तयार हुँदै थिए ।
- **"आ-आफ्ना पाप स्वीकार गर्दै"** यो एउटा वर्तमान मध्य कृदन्त हो, जसको साहित्यिक अर्थ हुन्छ "त्यसरी नै भन्नु ।" यो चाहिँ आत्मिकी क्षमादानको लागि तिनीहरुको आवश्यकताको सार्वजनिक स्वीकार थियो ।

त्यहाँ एउटा संकेत छ कि यदि यहूदीहरुले पश्चाताप गरेर तिनीहरुको जीवनशैलीहरुलाई परिवर्तन गर्दथ्यो भने, YHWH ले तिनीहरुको पापहरुलाई पूर्णरुपले क्षमा गरिदिनुहुन्थ्यो (१:४; मत्ती ३:६; लूका ३:३)। यो चाहिँ निश्चय नै पूरानो करारका शैली हो । यसले बाहिरी चिन्हको रुपमा पश्चाताप, विश्वास, जीवनशैलीमा परिवर्तन, अनि अहिले बप्तिस्मामार्फत् पूर्ण क्षमादानलाई समावेश गर्दथ्यो । यस पूरानो करारका शैलीलाई येशूको मसिही सेवाकाईद्वारा परिवर्तित गरिएको छ । त्यही कुराहरु अझै पनि वैध नै रहेको छ, तर खीष्टको रुपमा येशूमाथिको व्यक्तिगत विश्वासचाहिँ मुख्य विषय बनेको छ (प्रेरित २:३८; ३:१६, १९; २०:२१)। चारओटा सु-समाचारले संक्रमणको काल गठन गर्दछ । मर्कूस १:१४-१५ बप्तिस्मा दिने यूहन्नाको समयको हो, तर यसले पूर्ण सु-समाचारका सन्देशलाई ईश्वरशास्त्रीयरुपमै संकेत दिन्छ (जस्तै : पश्चाताप, विश्वास, अनि नयाँ जीवन जिउनु)। मुख्य विषयचाहिँ हो येशू को हुनुहुन्छ ? उहाँ त YHWH को प्रतिनिधी, प्रकट गर्नुहुने, अनि उद्धार र इन्साफको प्रतिनिधी हुनुहुन्छ । मर्कूसमा मसिही रहश्यको कारणचाहिँ यही नै हो । येशू त सुरुवातदेखि

नै पूर्णरुपले परमेश्वर हुनुहुन्छ (जुनचाहिँ कन्याबाट गर्भधारण हो), तर उहाँको पुनरुत्थान अनि स्वर्गारोहणपछि सम्म यसलाई पूर्णरुपले प्रकट गरिएको थिएन ।

**विशेष शीर्षक :- पाप स्वीकार**

अ. पाप स्वीकार अनि प्रायश्चितको लागि प्रयोग गरिएको एउटै ग्रकी मूलका त्यहाँ दुईओटा रुपहरु छन्, *homolegeō* अनि *exomologe* । मिश्रित रुप याकूबचाहिँ homo बाट प्रयोग गरिन्छ, त्यस्तै, बोलनको लागि *Legō* अनि बाटको लागि *ex* । आधारभूत अर्थचाहिँ एउटै कुरा भन्नलाई हो, जनुचाहिँ सहमत हुनु भन्ने हो । *ex* ले सार्वजनिक घोषणाको विचारलाई थप्दछ ।

आ. यस शब्द झूण्डको अंग्रेजी अनुवादचाहिँ हुन्छ :

१. प्रशंसा

२. मानिलिनु

३. घोषणा

४. प्रायश्चित

५. स्वीकार

इ. यस शब्द झूण्डको दुईओटा प्रत्यक्ष विपरित प्रयोग भएको थियो :

१. प्रशंसा गर्नु (परमेश्वरलाई)

२. पाप मानिलिनु

यिनीहरुचाहिँ परमेश्वरको पवित्रता अनि यसको आफ्नो पापपूर्णताप्रतिको मानिसको ज्ञानबाट विकास भएको हुनसक्दछ । एउटा सत्यतालाई बुझ्नुचाहिँ दुवैओटालाई बुझ्नु हो ।

ई. शब्द झूण्डको नयाँ करारीय प्रयोगचाहिँ हुन् :

१. प्रतिज्ञा गर्नु (मत्ती १४:७; प्रेरित ७:१७)

२. केही कुरालाई मानिलिनु अथवा सन्तुष्ट हुनु (यूहन्ना १:२०; लूका २२:६; प्रेरित २४:१४; हिब्रू ११:१३)

३. प्रशंसा गर्नु (मत्ती ११:२५; लूका १०:२१; रोमी १४:११; १५:९)

४. सहमत हुनु

अ. मानिससँग (मत्ती १०:३१; लूका १२:८; यूहन्ना ९:२२; १२:४२; रोमी १०:९; फिलिप्पी २:११; १ यूहन्ना २:२३; प्रकाश ३:५)

आ. सत्यतासँग (प्रेरित २३:८; २ कोरिन्थी ११:१३; १ यूहन्ना ४:२)

उ. सार्वजनिक घोषणा गर्नु (धार्मिक पुष्टिकरणमा वैद्यानिक अर्थको विकास, प्रेरित २४:१४; १ तिमोथी ६:१३)

क. गल्तीलाई स्वीकार नगर्दै (१ तिमोथी ६:१२; हिब्रू १०:२३)

ख. गल्तीलाई स्वीकार गर्दै (मत्ती ३:६; प्रेरित १९:१८; हिब्रू ४:१४; याकूब ५:१६; १ यूहन्ना १:९)

**१:६ "यूहनले ऊँटको रौंबाट बुनेको लुगा लाउँथे"** यो चाहिँ उसको साधारण दैनिक वस्त्र थियो (जुन पूर्ण मध्य कृदन्त हो)। यो ऊँटको छाला थिएन, तर यसको रौंबाट बुनिएको लुगा थियो (२ राजा १:८; मत्ती ३:४)। उनी मरुभूमिमा बस्ने मानिस अनि एकजना अगमवक्ता थिए (जकरिया १३:४)। यूहन्नाले एलियाले झैं लुगा लगाउँथे, जसलाई मलाकी ३:१ अनि ४:५ ले मसिहको अघि-अघि हिड्ने थियो भनेर भने ।

- **"सलह र बन मह"** योचाहिँ मरुभूमिका मानिसहरुका मुख्य भोजन थियो । सलहहरु विधिवत् रुपमै शुद्ध अनि ग्रहणयोग्य भोजन थिए (लेवी ११:२२)। उसले प्राकृतिक रुपमै उपलब्ध खाना खान्थे ।

१:७ यस पद अनि ८ पदले यूहन्नाले सन्देशको प्रारम्भिक विषयलाई देखाउँदछ । परमेश्वरको एकजना आउन लागेको सम्बन्धमा उसले आफ्नो भूमिका अनि स्थानलाई बुझ्यो (यूहन्ना ३:३०)। उसले आफैंलाई सेवक अथवा दासको रुपमा अनुभव गर्‍यो (अर्थात, अरुको जुत्ताको फिता फुकाल्ने)। यूहन्नाको स्व-घटाइलाई सबै चारैओटा सु-समाचारहरुमा अभिलेख गरिएको छ (मत्ती ३:११; लूका ३:१६; यूहन्ना १:२७; प्रेरित १३:२५ मा पावलको प्रचारमा पनि)। यसलाई चाहिँ सम्भवत् सु-समाचारका लेखकहरुले समावेश लेखकहरुले समावेश गरेका थिए किनभने एउटा धर्मविरुद्धका कुराहरु पालन गराईचाहिँ पछि गएर वप्तिस्मा दिने यूहन्नाको वरिपरि विकास भए (प्रेरित १८:२४-१९:७)।

**१:८ "मैले तिमीहरुलाई पानीले बप्तिस्मा दिएको छु"** याद गर्नुहोस्, यूहन्नाको बप्तिस्माचाहिँ प्रारम्भिक काम थियो । यसले खीष्टियन बप्तिस्माको उल्लेख गर्दैन । यूहन्ना पहिलो सु-समाचार प्रचारक थिएन ( लूका १६:१६; प्रेरित १९:१७), तर तिनी त अन्तिम पूरानो करारका प्रचारक (लूका १६:१६), अनि संक्रमणको प्रचारक थिए । उसले, यशैयाबाट उद्धृत गरिएको जस्तै, पूरानो करार र नयाँ करारलाई जोडेका छन् ।

- **"उहाँले तिमीहरुलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुन्छ"** योचाहिँ यूहन्नाको बप्तिस्माको विपरित छ । मसिहले आत्माको नयाँ युगलाई उद्घाटन गर्नुहुनेछ । उहाँको बप्तिस्माचाहिँ आत्मासँग ( अथवा 'बाट' वा 'मा') हुनेछ । यसले चाहिँ खीष्टियन अनुभवहरुको कुनचाहिँ घटनालाई उल्लेख गर्दछ भन्ने कुरामा सम्प्रदायहरु माझ थुप्रै तर्क भएको छ । केहीले यसलाई उद्धारपछिको एउटा शक्तिशाली बनाउने अनुभव, अथवा एक प्रकारको दोस्रो आशिषलाई उल्लेख गर्दछ भन्ने ठान्दछन् । मलाईचाहिँ व्यक्तिगतरुपमा के लाग्छ भने यसले खीष्टियन हुनु भन्ने कुरालाई उल्लेख गर्दछ (१ कोरिन्थी १२:१३)। पछिल्लो भरिपुरी अनि पूर्ण छुवाईलाई म इन्कार गर्दिन, तर म विश्वास गर्दछु कि खीष्टमा त्यहाँ एउटै मात्र प्रारम्भिक आत्मिकी बप्तिस्मा छ जसमा विश्वासीहरुले येशूको मृत्यु अनि पुनरुत्थानसँग पहिचान राख्दछ (रोमी ६:३-४; एफिसी ४:५; कलस्सी २:१२)। आत्माको यस प्रारम्भिक कार्यलाई यूहन्ना १६:८-११ मा वर्णन गरेर देखाइएको छ । मेरो बुझाइमा पवित्र आत्माका कामहरुचाहिँ हुन् :

(१) पापको दोषी ठहराउनु

(२) खीष्टको विषयका सत्यता प्रकट गर्नु

(३) सु-समाचारलाई ग्रहण गर्न अगुवाई गर्नु

(४) खीष्टमा बप्तिस्मा लिनु

(५) विश्वासीहरुको निरन्तर पापको दोषी ठहराउनु

(६) विश्वासीमा खीष्टकै रुप बनाउनु,

NASB (UPDSTED) TEXT :1:9-11

९ अब ती दिनमा येशू गालीलको नासरतबाट आउनुभयो, र यूहन्नाबाट यर्दन नदीमा बप्तिस्मा लिनुभयो । १०पानीबाट उक्लिआउने बित्तिकै उहाँले स्वर्ग उघ्रिएको र पवित्र आत्मालाई ढुकुरको रुपमा आफूमाथि ओर्लदै गर्नुभएको देख्नुभएको । ११अनि स्वर्गबाट यस्तो एउटा आवाज भयो, "तिमी मेरा प्रिय पुत्र हौं, तिमीसँग म अति प्रसन्न छु ।

**१:९ "येशू गालीलको नासरतबाट आउनुभयो"** येशू यहूदियाको बेतलेममा जन्मनुभएको थियो, केही वर्ष मिश्रमा बस्नुभयो अनि त्यसपछि योसेफ र मरियमको जन्मथलो नासरतमा बसोबास गर्नुभयो, जनुचाहिँ उत्तरमा यहूदीहरुले भर्खरैमात्र स्थापित गरेको एउटा सानो सहर थियो । येशूको सुरुवाती सेवाकाई गालीलको समुद्रको छेउछाउको उत्तरी क्षेत्र भएको थियो, जसले यशैया ९:१ को भविष्यवाणीलाई पूरा गर्दछ ।

- **"येशूले ..... बप्तिस्मा लिनुभयो"** सु-समाचारहरुले गालील अनि यहूदियामा येशूको सेवाकाईप्रतिको तिनीहरुको सुरुवाती कालक्रमहरुमा बेग्लाबेग्लै मत राख्दछ । यो यस्तो देखिन्छ कि त्यहाँ एउटा सुरुवाती यहूदी सेवाकाई अनि त्यसपछिको कालक्रमहरुलाई मिलाउनै पर्दछ ( यूहन्ना २:१३; ४:३)।

येशूले किन बप्तिस्मा लिनुभयो भन्ने कुराचाहिँ विश्वासीहरुका लागि जहिले पनि चासोको विषय भएको छ किनभने यूहन्नाको बप्तिस्मा त पश्चातापको बप्तिस्मा थियो । येशूलाई क्षमाको आवश्यकता थिएन किनभने उहाँ त पाप रहितको हुनुहुन्थ्यो (२ कोरिन्थी ५:२१; हिब्रू ४:१५; ७:२६; १ पत्रुस २:२१; १ यूहन्ना ३:५)।

सिद्धान्तहरुचाहिँ यस्तो छ :

(१) यो विश्वासीहरुले पालन गर्नुपर्ने एउटा उदाहरण थियो

(२) यो विश्वासीहरुसँगको आवश्यकतामा उहाँको पहिचान थियो

(३) यो उहाँको अभिषेक अनि सेवाकाईको लागि तयारी थियो

(४) यो उहाँको छुटकाराको कामको चिह्न थियो

(५) यो सेवाकाईको लागि अनि बप्तिस्मा दिने यूहन्नाको सन्देशको लागि उहाँको स्वीकृति थियो

(६) यो उहाँको मृत्यु, गडाई अनि पुनरुत्थानको अगमवक्ताहरुद्वारा गरिएको अगमवाणी पूरा भएको कुरो थियो (रोमी ६:४; कलस्सी २:१२)

कारण जे-जस्तै भए पनि, योचाहिँ येशूको जीवनमा एउटा परिभाषित क्षण भएको थियो । यद्यपि यसले यस बिन्दुमा येशू मसिह बन्नुभयो भनेर कुनै संकेत त गर्दैन, जुनचाहिँ अंगीकरणवादको सुरुवाती विश्वास थियो (*The Orthodox Corruption of Scripture* by Bard D. Ehrman पृष्ठ ४७-११८), यसले उहाँको लागि विशाल महत्त्व राख्दथ्यो ।

**१:१०,**

**NASB, NKJV "लगत्तै"**

**NRSV "जसै"**

**TEV "तत्कालै"**

**NJB "अचानक"**

मर्कूसमा यो एकदमै प्रचलित शब्द हो । यसले उसको सु-समाचारलाई चित्रण गर्दछ । यहाँ *Euthus* लाई "लगत्तै" अथवा "तुरुन्तै" भनेर अनुवाद गरिएको छ (१:१०, १२, १८, २०, २१, २८, ४२; २:२, ८, १२; ३:६; ४५, १५, १६, १७, २९; ५:५, २९, ४२; ६:२५, २७, ४५, ५०, ५४; ७:३५; ८:१०; ९:१५, २०, २४; १०:५२; ११:३; १४:४३, ४५; १५:१)।

योचाहिँ त्यो शब्द हो जसले मर्कूसको सु-समाचारलाई द्रूतगति अनि कामप्रति संलग्न आभास दिन्छ, जुनचाहिँ रोमीहरुलाई अपील गरिएको हुनुपर्दथ्यो । यस शब्द भ्रूण्डलाई मर्कूसमा लगभग ४७ पटक प्रयोग गरिएको छ (Robert Bratcher अनि Eugene द्वारा लिखित *A Translator's Handbook on the Gospel of Mark,* पृष्ठ २९)

- **"पानीबाट उकिल आउँदा"** यसले यशैया ६३:११ लाई संकेत गरेको हुनुपर्दछ, जहाँ यसले मूलरुपमा लाल सागरलाई उल्लेख गरेको थियो (जुनचाहिँ येशूमा नयाँ प्रस्थान हो, जसलाई चाँडै नै चालिस दिनको लागि परीक्ष गरिन गइरहेको थियो जस्तो इस्राएलीहरुलाई चालिस वर्ष गरिएको थियो)। यस पदलाई डुबाउनुको लागि प्रमाण गर्ने पाठको रुपमा प्रयोग गर्न सकिँदैन । यो सन्दर्भमा यसले पानी मुनिबाट निस्किनआएर नदीबाट उक्लिआएको भन्ने संकेत गरेको हुनसक्दछ ।

- **"उहाँले .... देख्नुभयो"** यसले केवल येशूले मात्र यस मसिही पुष्टिकरणलाई देख्नुभयो भन्ने संकेत गर्न सक्दछ । यदि त्यसो हो भने, यो मर्कूसको मसिही रहश्यको घरिघरि आउने शीर्षकमा मिल्दथ्यो । तरैपनि, अरु सु-समाचारहरुले पनि यस घटनालाई त्यसरी नै अभिलेख गर्दछ (मत्ती ३:१३-१७; लूका ३:२१-२२)।

- **"स्वर्ग उघ्रिएको"** यसले यशैया ६४:१ लाई संकेत गरेको हुनुपर्दछ । यस शब्दको अर्थ हुन्छ उघ्रिनु, जुनचाहिँ पृथ्वीमाथिको घुम्टो च्यातिनु भन्ने कुराको अलंकार हुनुपर्दछ (उत्पत्ति १:६)

- **"पवित्र आत्मालाई ढुकुरको रुपमा"** यस अलंकारको उत्पत्ति यसरी भएको हुनुपर्दछ

  १. उत्पत्ति १:२ मा पानीमाथि डुली हिड्ने आत्मा

२. उत्पत्ति ८:६-१२ मा नोआले जहाजबाट चरालाई बाहिर पठाएको

३. यहूदीहरुले यसलाई इस्राएल राष्ट्रको चिन्हको रुपमा प्रयोग गरेको (भजन ६८:१३; ७४:१९)

४. भद्रता अनि शान्तिको चिन्ह (मत्ती १०:१६)

बाइबलीय व्याख्या गराईको ऐतिहासिक व्याकरणीय तरिकाप्रति, जसले साहित्यिक सन्दर्भमा बयान गरेको झैं लेखकीय अभिप्रायलाई केन्द्रित गरेको कुरामा व्यक्तिगत रुपमै म एकदमै समर्पित भएको एउटा कारणचाहिँ के हो भने, प्राचीन व्याख्याकाहरुले (साथसाथै आधुनिक व्याख्याकारहरु) मूल पाठलाई तिनीहरुको पूर्व तयारी ईश्वरशास्त्रीय ढाँचाप्रति हेरफेर गराइमा चलाखी अथवा चालबाजी तरिका अपनाउनु ।

ग्रीक शब्द 'ढुकुर' (*Peristera*) शब्दको अक्षरको संख्यात्मक मूल्य जोड्दै, जसले ८०१ मा समानान्तर हुन्छ, कसैले ग्रीक शब्दहरु alpha (९१ को समानान्तर) अनि Omega (८०० को समानान्तर) को त्यस्तै संख्यात्मक मूल्य पाउँदछ, यसैले ढुकुर अनन्त खीष्टको आत्मासँग समानान्तर हुन्छ । यो यति चलाखपूर्ण कुरो हो, तर यो *आइसोजेटिक* हो, *एक्सीजेटिक* होइन ।

"आफूमाथि" यो संज्ञा वा सर्वनामसँग प्रयोग हुने शब्द *eis* हो जसको अर्थ हुन्छ "माथि" । योचाहिँ येशूले अघिबाटै पवित्र आत्मा पाउनुभएको थिएन भनेर संकेत गर्नलाई थिएन, तर यो एउटा उहाँको सुम्पिएको मसिही कामको लागि आत्माको अधिकारको विशेष देख्न सकिने चिह्न थियो । यो पूरा भएको अगमवाणी (यशैया ६३:११) को संकेत पनि हुनसक्दछ ।

मर्कूसले 'माथि' (*eis*) भन्ने संज्ञा वा सर्वनामसँग प्रयोग हुने शब्द प्रयोग गर्दछ, तर मत्ती र लूकाले "मा" (*epi*) प्रयोग गर्दछ । योचाहिँ मर्कूसको सु-समाचारमा जन्मको कुनै उल्लेख नगरिएकोले अनि निरीक्षण नगरिएकोले गर्दा, येशूको सेवाकाईलाई बप्तिस्माको घटनासँगै सुरु गर्दछ । यस संक्षिप्ततालाई धर्ममा विश्वास नगर्ने समूहले प्रयोग गरेका थिए । अँगीकरणवादीहरु अनि नोस्टिकहरुले यस बिन्दुमा येशूलाई, 'खीष्टको आत्मा' ले अलौकितरुपमा अधिकार गरेका, अनि त्यसैकारणले गर्दा आश्चर्यकर्म गर्न सक्षम भएको भनेर दाबी गर्दथे । त्यसैकारण, पछि गएर शास्त्रीहरुले नामायोगी 'तिर' (*Pros*) भनी परिवर्तन गरे ।

**विशेष शीर्षक : अंगीकरणवाद (ADOPTIONISM)**

योचाहिँ परमेश्वरको सम्बन्धमा येशूका सुरुवाती विचारमध्येको एउटा थियो । यसले आधारभूतरुपमा येशू हरेक तरिकामा एकजना साधारण मानिस थिए अनि उहाँको बप्तिस्मा (मर्कूस १:११, मत्ती ३:१७) अथवा उहाँको पुनरुत्थान (रोमी १:४) मा परमेश्वरद्वारा एउटा विशेष अर्थमा ग्रहण गरिएको थियो भनेर दाबी गर्दथ्यो । येशूले त्यस्तो उदाहरणीय जीवन बिताउनुभयो कि कुनै बिन्दुमा ( बप्तिस्मा, पुनरुत्थान) परमेश्वरले उहाँलाई आफ्नो 'पुत्र' को रुपमा ग्रहण गर्नुभयो (रोमी १:४; फिलिप्पी २:९)। यो सुरुवाती मण्डली अनि आठौं शताब्दीको अल्पसंख्यक विचार थियो ।

येशू, परमेश्वरको पुत्र, पहिले नै अस्तित्वमा हुनुभएको परमेश्वरलाई एउटा उदाहरणीय जीवनको लागि पुरस्कृत गरियो अथवा प्रशंसा गरियो भन्ने कुरालाई मौखिकरुपमा भन्नु कठिन छ । यदि उहाँ पहिल्यैबाटै परमेश्वर हुँदो हो त, उहाँलाई कसरी पुरस्कृत गर्न सकिन्थ्यो त ? यदि उहाँसँग पहिलेबाटै अस्तित्वमा रहेको स्वर्गीय महिमा थियो भने, उहाँलाई कसरी अझ सम्मान दिन सकिन्थ्यो त ? यद्यपि यो कुरा बुझ्न हामीलाई गाह्रो परेतापनि, पिताको इच्छालाई उहाँले सिद्धरुपमा पूरा गरेको हुनाले पिताले कुनै किसिमले येशूलाई विशेष अर्थमा सम्मान दिनुभयो ।

### विशेष शीर्षक : GNOSTICISM (नोस्तिकवाद)

अ. यस विश्वासका हाम्रा प्रायजसो ज्ञान दोस्रो शताब्दीको नोस्टिकी लेखहरुबाट आएका छन् । तरैपनि, यसको विचारहरुचाहिँ पहिलो शताब्दीका मृत सागरको लेख (*Dead Sea Scroll*) अनि प्रेरित यूहन्नाका लेखहरुमा प्रस्तुत गरिएको थियो ।

आ. एफिसस (१ तिमोथी), क्रेट (तितस) अनि कलस्सी (कलस्सी) मा भएको समस्याचाहिँ सुरुवाती अवस्थाको नोस्तिकवाद अनि वैध यहूदीवादको मिश्रण थाये ।

इ. दोस्रो शताब्दीका भ्यालेन्टिनीहरु (Valentinian) अनि सरिन्थिनी नोस्तिकवाद (Cerinthian Gnosticism) को केही सिद्धान्तहरु :

१. शरीर अनि आत्माचाहिँ दुवै अनन्तका थिए (Onthological दोहोरोवाद (dualism).शरीर दुष्ट कुरो हो, आत्मा असल कुरो हो । परमेश्वर, जो आत्मा हुनुहुन्छ, दुष्ट शरीरलाई मोड्ने काममा सोझै संलग्न हुन सक्नुहुन्न ।

२. परमेश्वर अनि शरीरको माझमा त्यहाँ प्रकट हुने कुराहरु छन् (eons अथवा दूतहरुको स्तर)। पूरानो करारको YHWH चाहिँ अन्तिम अनि तल्लो स्तरको थियो, जसले ब्रमाहण्ड सृष्टि गरे (Kosmos)

३. YHWH जस्तै, येशू पनि एउटा निस्ररण नै हुनुहुन्थ्यो, तर माथिल्लो स्तरको, अनि सानो परमेश्वरसँग नजिक । केहीले उहाँलाई उच्चको रुपमा राखेका छन् तर अझै पनि परमेश्वरभन्दा कम अनि निश्चय नै परमेश्वरको अवतार हुनुहुन्न (यूहन्ना १:१४)। शरीरचाहिँ दुष्ट हुने भएकोले, येशूले मनुष्य शरीर पाउन सक्नुहुन्नथ्यो अनि अझै पनि स्वर्गीय नै हुनुहुन्थ्यो । उहाँ मानिसजस्तो देखा पर्नुभयो, तर वास्तवमा एउटा आत्मामात्र हुनुहुन्थ्यो (१ यूहन्ना १; १-१-३; ४:१-६)

४. येशूमाथिको विश्वास साथै विशेष ज्ञानमार्फत् उद्धार प्राप्त हुन्थ्यो, जसलाई विशेष व्यक्तिहरुले मात्र जान्छन् । स्वर्गीय क्षेत्रहरुमा प्रवेश गर्नको लागि ज्ञान (गुप्त शब्दहरु) को आवश्यकता पर्दथ्यो । परमेश्वरमा पुग्नको लागि यहूदी वैधवादकों पनि आवश्यकता पर्दथ्यो ।

ई. नोस्तिकवादी झूटा शिक्षकहरुले दुई विपरित नैतिक प्रणालीहरुलाई समर्थन गर्दथे ।

१. केहीको लागि जीवनशैलीचाहिँ पूर्णरुपले उद्धारसँग सम्बन्धित थिएन । तिनीहरुको लागि, उद्धार अनि आत्मिकीपना ईश्वरीय क्षेत्रहरु (*eons*) मार्फत् गुप्त ज्ञान (गुप्त शब्दहरु) मा प्रकट हुने कुराहरु थिए ।

२. अरुहरुका लागि, जीवनशैलीचाहिँ उद्धारप्रति ठूलो महत्त्वको कुरो थियो । यस पुस्तकमा, झूटा शिक्षकहरुले तपस्वी जीवनशैलीलाई साँचो उद्धारको प्रमाणको रुपमा जोड दिन्थे (२:१६-२३)

उ. James M. Robinsion अनि Richard Smith द्वारा लिखित *The Nag Hammadi Library* एउटा असल शब्दकोषको पुस्तक हो ।

**१:११ "स्वर्गबाट यस्तो एउटा आवाज भयो"** यहूदी धर्मगुरुहरुले स्वर्गीय आवाजलाई (Bath Kol भन्दथे (९:७), जुनचाहिँ अगमवक्ता नभएको अन्तर बाइबलीय समयको अवधिमा परमेश्वरको इच्छालाई पुष्टि गर्ने तरिका थियो । यहूदी धर्म गुरुहरुको यहूदीवादसँग परिचित हुनेहरुका लागि यो एउटा शक्तिशाली स्वर्गीय पुष्टिकरण हुन सक्दथ्यो ।

**"तिमी मेरा प्रिय पुत्र हौ"** यी दुई उपाधिहरुले मसिहको राजकीय पक्ष (भजन २:७) लाई यशैयाको पीडित दास (यशैया ४२:१) सँग जोड्दनछ । पूरानो करारको 'पुत्र' शब्दले (१) इस्राएल राष्ट्र; (२) इस्राएलका राज; अथवा (३) आउनुहुने दाऊद वंशको मसिही राजालाई उल्लेख गरेको हुनसक्दछ । ३:१६ को विशेष शीर्षकलाई हेर्नुहोस् ।

११ पदको त्रि-एकको तीनजना व्यक्तिहरु : आत्मा, स्वर्गबाटको आवाज, अनि पुत्र, दुवैको प्रापकलाई ध्यान दिनुहोस् ।

**विशेष शीर्षक : त्रि एक (The Trinity)**

त्रि-एकका तिनै व्यक्तिहरुको क्रियाकलापलाई एकिकृत सन्दर्भहरुमा ध्यान दिनुहोस् । Tertullian द्वारा पहिलो पटक शब्द निर्माण गरिएको 'त्रि-एक' शब्द बाइबलीय शब्द त होइन, तर धारणाचाहिँ व्यापकरुपमा छ ।

अ. सु-समाचारहरु

१. मत्ती ३:१६-१७; २८:२९ (सबै समानान्तर छन्)

२. यूहन्ना १४:२६

आ. प्रेरित - प्रेरित २:३२-३३, ३८-३९

इ. पावल :

१. रोमी १:४-५; ५:१, ५; ८:१-४, ८-१०

२. १ कोरिन्थी २:८-१०; १२:४-६

३. २ कोरिन्थी १:२१; १३:१४

४. गलाती ४:४-६

५. एफिसी १:३-१४, १७; २:१८; ३:१४-१७; ४:४-६

६. १ थेसलोनिकी २:१३

७. २ थेसलोनिकी २:१३

८. तीतस ३:४-६

ई. पत्रुस - १ पत्रुस १:२

उ. यहूदा - २०-२१ पद

परमेश्वर बहुवचनमा हुनुहुन्छ भन्ने कुराको संकेत पूरानो करारमा दिइएको छ ।

अ. परमेश्वरको लागि बहुवचनहरुको प्रयोग

१. *Elohim* नाउँ बहुवचन हो, तर परमेश्वरको विषयमा प्रयोग हुँदा जहिले पनि एकवचन क्रिया हुन्छ ।

२. उत्पत्तिमा 'हामी' १:२६-२७; ३:२२; ११:७

आ. परमप्रभुका दूतचाहिँ परमेश्वरको एकजना देख्न सकिने प्रतिनिधी थियो ।

१. उत्पत्ति १६:७-१३; २२: ११-१५; १३:११, १३; ४८:१५-१६

२. प्रस्थान ३:२, ४; १३:२१; १४:१९

३. न्यायकर्ता २:१; ६:२२-२३; १३:३-२२

४. जकरिया ३:१-२

इ. परमेश्वर अनि उहाँको आत्मा बेग्लाबेग्लै हुन्, उत्पत्ति १:१-२; भजन १०४:३०; यशैया ६३:९-११; इजकिएल ३७:१३-१४

ई. परमेश्वर (YHWH) अनि मसीह (*Adon*) बेग्लाबेग्लै हुन., भजन ४५:६-७; ११०:१; जकरिया २:८-११; १०:९-१२

उ. मसीह अनि आत्मा बेग्लाबेग्लै हुन्, जकरिया १२:१०

ऊ. यशैया ४८:१६; ६१:१ मा तीनै जनाको उल्लेख गरिएको छ

येशूको ईश्वरत्व अनि आत्माको व्यक्तित्वले कठोर, एउटैमात्र ईश्वर छ भन्ने सुरुवाती विश्वासीहरुमा समस्या सृष्टि गरेका थिए ।

१. टरटुलियन (Tertullian) - पुत्रलाई पिताको अधीनस्थ राख्दथ्यो ।

२. ओरिजन (Origen) - पुत्र अनि आत्माको स्वर्गीय सारलाई अधीनस्थ राख्दथ्यो ।

३. अरिअस (Arius) - पुत्र अनि आत्मामा ईश्वरत्व छ भन्ने कुरामा इन्कार गर्दथ्यो ।

४. मोनार्कियनिज्म (Monarchianism) - पिता, पुत्र अनि आत्माको रुपमा एउटै परमेश्वरको क्रमिक प्रकटीकरणमा विश्वास गर्दथ्यो । त्रि-एक त बाइबलीय सामग्रीबाट सूचित गरिएको ऐतिहासिकरुपमा विकास गरिएको स्पष्ट व्यक्त गराई हो ।

१. पितासँग बराबर रहेको येशूको पूर्ण ईश्वरत्वलाई निसीया (Nicea) को परिषद्द्वारा सन् ३२५ मा पुष्टि गरियो ।

२. पिता अनि पुत्रसँग समान रुपमा रहेको आत्माको पूर्ण व्यक्तित्व अनि ईश्वरत्वलाई कन्स्टयान्टिनोपलको परिषद् (*Council of Constantinople*) द्वारा सन् ३८१ मा पुष्टि गरियो ।

३. त्रि-एकको सिद्धान्तलाई अगस्टिनको कार्य *De Trinitate* मा पूर्णरुपले वर्णन गरिएको छ ।

यहाँ साँच्चै रहस्यमय कुरो छ । तर नयाँ करारले एउटा स्वर्गीय सारलाई तीन अनन्त व्यक्तिगत प्रकटीकरणहरुलाई पुष्टि गरिएको जस्तो देखिन्छ ।

- **"मेरा प्रिय"** यस वाक्यांश (१) NRSV, NJB, अनि विल्यिमस् अनुवादहरुमा भएको जस्तो मसीहको लागि एउटा उपाधी हो अथवा (२) NSAB, NKJV अनि TEV मा भएको जस्तो वर्णनात्मक वाक्यांश हो । पूरानो करार सेप्टुअजिन्ट (The Septuagint) को ग्रीक अनुवादमा, यसलाई यूहन्ना ३:१६ मा जस्तै गरी "प्रिय" अथवा "केवल" को रुपमा बुझिन्थ्यो ।
- **"तिमीसँग म अति प्रसन्न छु"** यस वर्णनात्मक वाक्यांश मत्ती ३:१७ अनि १७:५ (रुप परिवर्तन) सँग समानान्तर छ । तरैपनि, मर्कूस ९:७ अनि लूका ९:३५ मा यस वर्णनात्मक वाक्यांश हराएको छ ।

## NASB (UPDATED) TEXT 1:12-13

१२पवित्र आत्माले उहाँलाई तुरुन्तै उजाड-स्थानमा लैजानुभयो । १३शैतानबाट परीक्षित हुँदै उहाँ चालिस दिन उजाड-स्थानमा रहनुभयो । उहाँ जङ्गली जनावरहरुसँग रहनुभयो, र स्वर्गदूतहरुले उहाँको सेवा टहल गरे ।

१:१२-१३ मत्ती ४:१-१ अनि लूका ४:१-१३ को तुलनामा येशूको परीक्षाको यस अभिलेख एकदमै छोटो छ । यी अभिलेखहरुमा परीक्षाको उद्देश्य स्पष्टै छ : उहाँको छुटकाराको कामलाई पूरा गर्न येशूले उहाँको मसिही शक्तिहरुलाई कसरी प्रयोग गर्नुभएको थियो (James Stewart, *The Life and teaching of Jesus Christ,* पृष्ठ ३९-४६)। तर मर्कूसको छोटो अभिलेखको अर्थ के हुन सक्दथ्यो त ? यो सम्भव छ कि पत्रुसले यस घटनालाई येशूले दुष्टलाई जित्नुभएको एउटा चिन्ह (आत्माको अधिकारमा), परीक्षाको साताको एउटा अगमवाणीको रुपमा देखेका थिए । तर यो त केवल अनुमान मात्र हो । पाठले पनि घटनाको समय-येशूको (१) आत्मा अनि सेवाकाई (२) पिताबाट पुष्टिकरण, तर उहाँको सार्वजनिक सेवाकाई अघि, बाहेक कुनै संकेत दिँदैन । योचाहिँ येशूको सार्वजनिक सेवाकाई अगाडि उल्लेख गरिएको तीनओटा घटनाहरु (१) यूहन्नाको सेवाकाई; (२) यूहन्नाको वप्तिस्मा अनि (३) सैतानद्वाराको परीक्षा) मध्येको एउटा हो ।

**१:१२ "तुरुन्तै"** १:१० को टिप्पणीलाई हेर्नुहोस् ।

● **"पवित्र" आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो"** "लैजानु" शब्दचाहिँ "पठाउनु" शब्द हो (आश्चर्यक्रर्महरुमा प्रायजसो प्रयोग गरिएको, १:३४, ३९; ३:१५, २२, २३; ६:१३; ७:२६; ९:१८, २८, ३८)। पुत्रको परीक्षाचाहिँ दुष्टको सहयोगद्वारा गरिएको थियो, तर आत्माद्वारै प्रेरित गरिएको थियो (मत्ती ४:१-११; लूका ४:१-१३)। येशू परीक्षित हुनुपर्ने चाहिँ परमेश्वरकै इच्छा थियो ! यस शीर्षकमाथि म दुईओटा राम्रा पुस्तकहरुको सिफारिस गर्न चाहन्छु, James S. Stewart द्वारा लिखित *The life and Teaching of Jesus* अनि Helmut Thielicke द्वारा लिखित *Between God and Satan*.

पूरानो करारमा उजाड-स्थानचाहिँ इस्राएलीहरुका लागि जाँचको समय थियो, तर घनिष्ट संगतिको समय पनि थियो । यहूदि धर्मगुरुहरुले उजाड-स्थानमा घुमिहिँडेको समयलाई YHWH अनि इस्राएलीहरुका मिलापको अवधि थियो । एलिया अनि बप्तिस्मा दिने यूहन्ना उजाड-स्थानमै हुर्केका थिए । योचाहिँ प्रशिक्षण, ध्यान गराई अनि सक्रिय सेवाकाईको लागि एउटा एकान्त ठाउँ थियो । येशूको तयारीको लागि यो स्थान महत्त्वपूर्ण थियो (हिब्रू ५:८)

**१:१३ "चालिस दिन"** बाइबलमा यसलाई शारीरिक अनि आलंकारिक दुवै रुपमा प्रयोग गरिएको छ । यसले समयको एउटा लामो अनिश्चित अवधिलाई सूचित गर्दछ (त्यो भनेकोचाहिँ एक महिनाभन्दा लामो तर ऋतु परिवर्तनको समयभन्दा छोटो हो)।

**विशेष शीर्षक : धर्मशास्त्रमा सांकेतिक संख्याहरु**

अ. निश्चित संख्याहरुले संख्याहरु अनि चिन्हहरु दुवैको रुपमा काम गर्दथ्यो ।

१. एक - परमेश्वर (जस्तै व्यवस्था ६:४; एफिसी ४:४-६)

२. चार - सम्पूर्ण पृथ्वी (जस्तै चार कुना, चार बतास)

३. छ - मानिसको दोष (७ भन्दा एक कम, जस्तै प्रकाश १३:१८)

४. सात - स्वर्गीय सिद्धता (सृष्टिको सात दिन)। प्रकाशमा सांकेतिक प्रयोगहरुलाई ध्यान दिनुहोस्

क. सातओटा सामदानहरु, १:१२, २०; २:१

ख. सातओटा ताराहरु, १:१६, २०; २:१

ग. सात मण्डलीहरु, १:२०

घ. परमेश्वरका सात आत्माहरु, ३:१; ४:५; ५:६

ङ. सातओटा बत्तीहरु, ४:५

च. सातओटा मोहोरहरु, ५:१, ५

छ. सातओटा सिंगहरु अनि आँखाहरु, ५:६

ज. सात स्वर्गदूतहरु, ८:२, ६; १५:१, ६, ७, ८; १६:१; १७:१

झ. सातओटा तुरहीहरु, ८:२, ६

ञ. सात मेघ गर्जनहरु, १०:३, ४

ट. सात हजार, ११:१३

ठ. सात ओटा शिरहरु, १३:१; १७:३, ७, ९

ड. सात महामारीहरु, १५:१, ६, ८; २१: ९

ढ. सातओटा कचौराहरु, १५:७

ण. सातजना राजाहरु, १७:१०

त. सात कचौरा, २१:९

५. दश - पूर्णता

अ. सु-समाचारहरुमा प्रयोग गरिएको

(१) मत्ती २०:२४; २५:१, २८

(२) मर्कूस १०:४१

(३) लूका १४:३१; १५:८; १७:१२, १७; १९:१३, १६, १७, २४, २५

आ. प्रकाशमा प्रयोग गरिएको

(१) २:१०, महा-संकष्टकालको दश दिन

(२) १३:३; १७:३, ७, १२, १६, दशओटा सिंगहरु

(३) १३:१, दशओटा मुकुटहरु

इ. प्रकाशमा १० लाई गुणा गरिएको

(१) १,४४,००० = १२×१२×१०००, ७:४; १४:१, ३

(२) १,००० = १० ×१०×१०, २०:२, ३, ६

६. बाह्र - मानिसको संगठन

अ. याकूबका बाह्रजना छोराहरु (जो इस्राएलका बाह्र कूलहरु हुन्, उत्पत्ति ३५:२२; ४९:२८)

आ. बाह्र ओटा खामाहरु, प्रस्थान २४:४

इ. प्रधान पूजाहारीको छाती-पातामा भएको बाह्रओटा मणिहरु, प्रस्थान २८:२१; ३९:१४

ई. पवित्र स्थानको टेबलका लागि बाह्रओटा रोटीहरु (बाह्र कुलहरुका लागि परमेश्वरको बन्दोबस्तको चिह्न) लेबी २४:५; प्रस्थान २५:३०

उ. बाह्र जातिहरु, व्यवस्था १:२३; यहोशू ३:२२; ४:२, ३, ४, ८, ९, २०

ऊ. बाह्र प्रेरितहरु, मत्ती १०:१

ऋ. प्रकाशमा प्रयोग गरिएको

(१) बाह्र हजारलाई छाप लगाइएको, ७:५-८

(२) बाह्रओटा ताराहरु, १२:१

(३) बाह्रओटा ढोकाहरु, बाह्रजना स्वर्गदूतहरु, बाह्र कुलहरु, २१:१२

(४) बाह्र जगहरु, बाह्र प्रेरितहरुका नाउँ, २१:१४

(५) नयाँ यरुशलेम बाह्र हजार किलोमिटर वर्गाकार थियो, २१:१६

(६) बाह्रओटा रत्नहरुले बनिएको बाह्र ढोकाहरु, २१:१२

(७) बाह्र किसिमका फलहरु दिने जीवनको वृक्ष, २२:२

७. चालिस - समयको संख्या

अ. कहिलेकाहीँ शारीरिक (प्रस्थान अनि उजाड-स्थानको अलमलाई, जस्तै प्रस्थान १६:३५), उत्पत्ति २७; ८:२

१. यथार्थ पनि अथवा सांकेतिक पनि हुनसक्दछ

(१) जलप्रलय, उत्पत्ति ७:४; १७; ८:६

(२) सीनै पर्वतमा मोशा, प्रस्थान २४:१८; ३४:२८; व्यवस्था ९:९, ११, १८, २५

(३) मोशाको जीवनलाई विभाजन गरिएको :

(अ) मिश्रमा चालिस वर्ष

(आ) मरुभूमिमा चालिस वर्ष

(इ) इस्राएलीहरुलाई अगुवाई गर्नमा चालिस वर्ष

(४) येशूले चालिस दिन उपवास बस्नुभयो, मत्ती, ४:२; मर्कूस १:१३; लूका ४:२

२. शब्दानुक्रमणिकाको माध्यमबाट समयको संख्यालाई ध्यान दिनुहोस्, यो संख्या बाइबलको समय देखाउने कुरामा देखा पर्दछ ।

८. सत्तरी - मानिसहरुको लागि पूर्ण संख्या

अ. इस्राएल, प्रस्थान १:५

आ. सत्तरी धर्म गुरुहरु, प्रस्थान २४:१, ९

इ. मृत्यु र इन्साफसँग सम्बन्धित ईश्वरशास्त्र, दानिएल ९:२, २४

ई. सु-समाचार प्रचार गर्नेको झूण्ड, लूका १०:१, १७

उ. क्षमादान (७०×७), मत्ती १८:२२

आ. राम्रा निर्देश-ग्रन्थहरु

१. John J. Davis, *Biblical Numerology*

२. D. Brent Sandy, *Plowshares and Puring Hooks.*

- **“परीक्षित हुनुभयो”** यो अपूर्ण कर्तृवाचक ‘हुनु’ क्रियासँग गाँसिएको अपूर्ण कर्मप्रधान घुमाउरो कुरा हो । ‘परीक्षा’ (*Peirazō*) शब्दको “विनाशतर्फको दृष्टिकोणसँगको जाँच” प्रति संकेतार्थ छ । मत्ती ४ (४:३, ६) को सर्वोत्कृष्ट शर्त भएको वाक्यद्वारा, हामी सिक्दछौं कि परीक्षाचाहिँ परमेश्वरको छुटकारा दिलाउने इच्छालाई पूरा गर्न उहाँको मसिही शक्तिलाई कसरी प्रयोग गर्नुपर्ने भन्ने कुरामाथि थियो ।

**विशेष शीर्षक : जाँच अनि अरु संकेतार्थको लागि ग्रीक शब्द**

त्यहाँ दुईओटा ग्रीक शब्दहरु छन् जसको अर्थ कुनै उद्देश्यको लागि कसैलाई जाँच गर्नु भन्ने हुन्छ ।

१. *Dokimazō, dokimion, dokimasia*

यो शब्दचाहिँ आगोद्वारा केही कुराको असलीपना जाँच्नको लागि (आलंकारिकरुपमा कसैको) धातुविज्ञानसम्बन्धीको शब्द हो । आगोले असली धातुलाई निकाल्दछ अनि धातुको मैलालाई जलाउँदछ (शुद्ध पार्दछ)। यस शारीरिक प्रक्रियाचाहिँ अरुहरुलाई जाँच गर्न परमेश्वर, शैतान अनि मानिसहरुको लागि एउटा शक्तिशाली लोकोक्ति बन्यो । यस शब्दलाई स्वीकार गर्ने दृष्टिकोणबाट जाँच गरिने कुराको सकारात्मक अर्थमा मात्र प्रयोग गरिन्छ ।

यसलाई नयाँ करारको जाँच गराईमा प्रयोग गरिएको छ ।

१. गोरु, लूका १४:१९

२. हामी अझै, १ कोरिन्थी ११:२८

३. हाम्रो विश्वास, याकूब १:३

४. परमेश्वर, हिब्रू ३:९

यस्ता जाँचहरुको नतिजाहरुचाहिँ सकारात्मकरुपमा लिइन्थ्यो (रोमी १:२८; १६:१०; २ कोरिन्थी १०:१८; १३:३; फिलिप्पी २:२७; १ पत्रुस १:७)। त्यसैकारण, यस शब्दले कसैलाई जाँच गरियो अथवा प्रमाणित गरियो भन्ने विचार ल्याउँदछ ।

| | | |
|---|---|---|
| अ. योग्यको | इ. साँचो | उ. सम्मानित |
| आ. असल | ई. बहुमूल्य | |

२. *Peirazō, peirasmus*

यस शब्दको दोष भेट्टाइन अथवा रद्द तुल्याउनको उद्देश्यको लागि गरिएको परीक्षाको संकेतार्थ छ । यसलाई उजाड-स्थानमा येशूको परीक्षाको संकेतार्थको घरिघरि प्रयोग गरिएको छ ।

अ. यसले येशूलाई पासोमा पार्ने कोशिसलाई अर्थ्याउँदछ (मत्ती ४:१; १६:१; १९:३; २२:१, ३५; मर्कूस १:१३; लूका ४:२; हिब्रू २:१८)

आ. यो (*peirazō*) शब्दलाई मत्ती ४:३; १ थेसलोनिकी ३:५ मा शैतानको उपाधिको रुपमा प्रयोग गरिएको छ ।

इ. योचाहिँ परमेश्वरलाई जाँच नगर्नु भनेर येशूद्वारा प्रयोग गरिएको हो (मत्ती १४:७; लूका ४:१२)। यसले केही कुरा गर्नलाई गरिएको प्रयासलाई पनि दर्शाउँदछ जुनचाहिँ असफल भएको छ (प्रेरित ९:२०; २०:२१; हिब्रू ११:२९)

उ. यसलाई विश्वासीहरुको परीक्षा अनि जाँचको सम्बन्धमा प्रयोग गरिएको छ (१ कोरिन्थी ७:५; १०:९, १३; गलाती ६:१; १ थेसलोनिकी ३:५; हिब्रू २:१८; याकूब १:२, १३, १४; १ पत्रुस ४:१२; २, पत्रुस २:९)

"शैतानबाट" बाइबलले बारम्बार दुष्टको व्यक्तित्व, अलौकिक शक्तिको रुपमा दाबी गर्दछ ।

**विशेष शीर्षक : शैतान**

धेरै कारणहरुको लागि यो एकदमै कठिन विषय हो ।

१. पूरानो करारले असलको शत्रु होइन, त YHWH को नोकर भनी प्रकट गर्दछ, जसले मानिस-जातिलाई एउटा विकल्प प्रदान गर्दछ अनि अधार्मिकताका मानिस-जातिलाई दोषरोपण पनि गर्दछ । पूरानो करारमा त्यहाँ एउटै मात्र परमेश्वर (*Monotheism*), एउटै मात्र शक्ति - YHWH छ ।

२. परमेश्वरको व्यक्तिगत शत्रुताको धारणा फारसिली दोहोरोबाट धर्महरु (*zoroastrianism*) को प्रभावमा अन्तरबाइबलीय (असैद्धान्तिक) साहित्यमा विकास भएको थियो । फलस्वरुप, यसले यहूदी धर्म गुरुहरुको यहूदीबाट अनि एस्सेन (*Essene*) समुदाय (मृत सागरका पत्र) लाई विशाल रुपले प्रभाव पार्‍यो ।

३. नयाँ करारले पूरानो करारका विषयलाई पूर्ण आश्चर्यजनक रुप तर छनौट गरिएको दर्जामा विकास गर्दछ ।

यदि कसैले बाइबलीय ईश्वरशास्त्रको प्रत्याशाबाट दुष्टको अध्ययनलाई अगाडि लैजान्छ भने, (अध्ययन गरिएको अनि बेग्लाबेग्लै रुपमा संक्षिप्तीकरण गरिएको प्रत्येक पुस्तक अथवा लेखक अथवा शैली), तब त दुष्टको विषयमा एकदमै बेग्लै दृष्टिकोणहरु प्रकट हुन्छन् ।

तरैपनि, यदि, दुष्टको अध्यनलाई बाइबलबाट नभएर, संसारको धर्महरु अथवा पूर्वीय धर्महरुको बाइबल बाहेकका पहुँचबाट गर्दछ भने, तब त नयाँ करारका प्रायजसो विकासलाई फारिसी दोहोरोवाद (*Persian dualism*) अनि ग्रीक-रोमी आत्मावाद (*Greco-Roman spiritism*) मा भविष्यवाणी गरिएको छ ।

धर्मशास्त्रको स्वर्गीय अख्तियारप्रति यदि कोही व्यक्तिले अघिबाटै मानिलिएको आधारमा समर्पित हुन्छ भने, तब त नयाँ करारको विकासलाई प्रगतिशील प्रकाशको रुपमा देखिनै पर्दछ । यहूदी लोक परम्परा अथवा पश्चिमी साहित्य (*Dante, Milton*) को धारणाले अझ प्रभाव पार्नबाट त्यसको विरुद्धमा खीष्टियनहरुले रोकावट गर्नैपर्दछ । प्रकाशको यस क्षेत्रमा त्यहाँ निश्चय नै रहश्य अथवा दुई अर्थ लाग्ने कुराहरु छन् । परमेश्वरले दुष्टको सबै पक्षहरु, यसको उत्पत्ति, यसको विकास अनि यसको उद्देश्यलाई प्रकाश पार्नलाई होइन, तर उहाँले त यसको पराजयलाई प्रकट गर्नुभएको छ ।

पूरानो करारमा 'सैतान' अथवा "दोष लगाउने" (*BDB 966*) शब्द तीन बेग्लाबेग्लै झूण्डहरुमा मिलेको हुन सक्दछ ।

१. दोष लगाउने मानिसहरु (१ शमूएल २९:४; २ शमूएल १९:२२; १ राजा ११:१४, २०, २९; भजन १०९:६)

२. दोष लगाउने स्वर्गदूतहरु (गन्ती २२:२२-२३; अय्यूब १-२; जकरिया ३:१)

३. दोष लगाउने सैतानहरु (१ इतिहास २१:२; १ राजा २२:२१; १ राजा २२:२१; जकरिया १३:२)

केवल पछिल्लो अन्तर करारीय अवधिमा मात्र उत्पत्ति ३ को सर्पलाई सैतानसँग पहिचान गराइयो (*Book of Wisdom* २.२३-२४; *2 Enoch* ३१:३), अनि यसभन्दा पनि पछि गएर यो यहूदी धर्म गुरुहरुको विकल्प बन्दछ (Sot-9आ अनि Sanh. 29अ) । उत्पत्ति ६ को "परमेश्वरका छोराहरु" १ Enoch ५४:६ मा स्वर्गदूतहरु बन्दछ । यसको ईश्वरशास्त्रीय शुद्धतालाई पुष्टि गर्नलाई मैले यसलाई उल्लेख गरेको होइन, तर यसको विकासलाई देखाउन गरेको हुँ । नयाँ करारमा यस्ता पूरानो करारका क्रियाकलापहरु स्वर्गदूतीय, मानिसरुपी दुष्टहरुले गरेका हुन् भनेर देखाइन्छ (१ कोरिन्थी ११; प्रकाश १२:९)

पूरानो करारबाट मानवरुपी दुष्ट आत्माको उत्पत्तिलाई निर्धारण गर्न कठीन अथवा असम्भव छ (तपाइँको विचारमाथि आश्रित हुँदै)। यसको एउटा कारणचाहिँ इस्राएली जातिहरु हो ७:१४; यशैया ४५:७; आमोस ३:६)। सम्पूर्ण घटनाहरुको श्रेयचाहिँ YHWH लाई उहाँको अनौठोपना अनि श्रेष्ठताको प्रदर्शनलाई जान्दथ्यो (यशैया ४३:११; ४४:६, ८, २४; ४५:५-६, १४, १८, २१, २२) ।

सम्भवत् जानकारीको श्रोतचाहिँ (१) अय्यूब १-२, जहाँ शैतान "परमेश्वरकै एकजना छोरा" हुन्छ (जुनचाहिँ स्वर्गदूतहरु हुन्) अथवा (२) यशैया १४ अनि इजकिएल २८, जहाँ पूर्व नजिकका घमण्डी राजाहरु (बेबिलोन अनि टुरोस) लाई शैतानको घमण्डलाई चित्रण गर्न सम्भवत् प्रयोग गरिएको छ (१ तिमोथी ३:६)। यस विचारप्रति मैले मनोभावलाई मिसाएको छु । इजकिएलले अदनको बगैंचा अलँकारहरुलाई सैतानको रुपमा टुरोसको राजालाई मात्र होइन (इजकिएल २८:१२-१६), तर असल र खराबको ज्ञान दिने रुखको रुपमा मिश्रको राजा (इजकिएल ३१) लाई पनि प्रयोग गरेका छन् । तरैपनि, यशैया १४, विशेष गरेर १२-१४ पदले घमण्डमार्फत् स्वर्गदूतीय विद्रोहलाई वर्णन गरेको जस्तो देखिन्छ । यदि परमेश्वरले हामीलाई सैतानको विशेष स्वभाव अनि उत्पत्तिलाई प्रकट गर्न चाहनुहुन्थ्यो भने, योचाहिँ यसो गर्नलाई एकदमै छड्के तरिका अनि स्थान हो । विभिन्न इच्छा-पत्रहरु, लेखकहरु, पुस्तकहरु अनि शैलीहरुको सानो अनि दुई अर्थ लाग्ने भागहरुलाई लिने क्रमबद्ध ईश्वरशास्त्रलाई अनि तिनीहरुलाई एउटा स्वर्गीय पहेलीको टुक्राको रुपमा मिलाउने चलनको विरुद्धमा हामीले रोकावट गर्नैपर्दछ ।

यहूदी धर्मगुरुहरुका यहूदीबाट फारिसी दोहोरोवाद (Persian dualism) अनि सैतानिक अनुमानबाट एकदमै प्रभावित भएको छ भन्ने Alfred Edersheim (*The life and Times of Jesus the Messih*, Vol. 2, परिशिष्ट XIII पृष्ठ ७४८-७६३ अनि XIV पृष्ठ ७७०-७७६) सँग म सहमत छु । यस क्षेत्रमा यहूदी धर्मगुरुहरु सत्यताको राम्रा स्रोत होइनन् । यस क्षेत्रमा येशू सभाघरहरुको शिक्षाहरुबाट उग्ररुपमा छुट्टिनुहुन्छ । मलाई लाग्छ कि YHWH को प्रधान स्वर्गदूतीय शत्रुको धारणाचाहिँ इरानी दोहोरोवाद (Iranian dualism) को दुई उच्च देवताहरु, अखिमान

(Akhiman) अनि ओरमाजा (Ormaza) बाट विकास भएको थियो, अनि त्यसलाई पछि धर्म गुरुहरुद्वारा YHWH सैतानको बाइबलीय दोहोरोवादमा विकास गरिएको थियो ।

दुष्टलाई मानवीकरण गराइप्रति नयाँ करारमा निश्चय नै प्रगतिशील प्रकटीकरण गरिएको छ, तर धर्मगुरुहरुले झैं विस्तृतरुपमा भने होइन । यस भिन्नताको एउटा राम्रो उदाहरणचाहिँ "स्वर्गमा भएको लगाईं" हो । सैतानको पतनचाहिँ एउटा तार्किक आवश्यकता हो, तर विशेषताहरु दिइएको छैन । जे-जति दिइएको छ त्यो पनि संसारको अन्त्यको शैलीमा लुकाइएको छ (प्रकाश १२:४, ७, १२-१३)। यद्यपि शैतान येशूमा पराजित भएर पृथ्वीमा निर्वासन गरेको भएतापनि, त्यसले अझै पनि YHWH को एकजना नोकरको रुपमा कार्य गर्दछ (मत्ती ४:१; लूका २२:३१-३२; १ कोरिन्थी ५:५; १ तिमोथी १:२०) ।

यस क्षेत्रमा हामीले हाम्रो जिज्ञासालाई नियन्त्रण गर्नैपर्छ । परीक्षा अनि दुष्टको त्यहाँ व्यक्तिगत शक्ति छ, तर त्यहाँ अझै पनि एउटैमात्र परमेश्वर हुनुहुन्छ अनि हाम्रो छनोटप्रति हामी अझै पनि जिम्मेवार छौं । उद्धार अघि अनि पछि दुवैमा त्यहाँ एउटा आत्मिकी युद्ध हुन्छ । विजयचाहिँ त्रि-एक परमेश्वरमा रहेकोले अनि उहाँमार्फत् मात्र आउन सक्दछ । दुष्टलाई हराई सकिएको छ अनि हटाइनेछ ।

- **"जङ्गली जनावरहरु"** योचाहिँ सम्भवत् उजाड-क्षेत्रको लागि सजिलो संकेत हो । तरैपनि, पूरानो करारमा (NEB) जङ्गली जनावरहरुलाई सैतानिक नाउँहरु अथवा त्यसको लागि प्रयोग गरिएको अलकांर भएको हुनाले, यसलाई पनि सैतानिक क्रियालकलापहरुको ठाउँ भनी उल्लेख गरिएको हुनसक्दछ (भजन २२:१२-१३, १६, २१; यशैया १३:२१-२२; ३४:११-१५)

यस्ता जङ्गली जनावरहरु मानिसजाति अनि जनावरहरु माझको पुनर्स्थापित संगतिको नयाँ युग, अथवा नयाँ प्रस्थानको लगातार संकेत पनि हुन सक्दथ्यो (यशैया ११:६-९; ६५:२५; होशे २:१८)। नयाँ युगलाई बाइबलले बारम्बार अदनको बगैंचा (उत्पत्ति २; प्रकाश २१-२२) को पुनर्स्थापनको रुपमा वर्णन गर्दछ । मानिस-जातिमा परमेश्वरको असली प्रतिरुप (उत्पत्ति १:२६-२७) लाई येशूको त्यागपूर्ण मृत्युद्वारा पुनर्स्थापित गरिएको छ । पूर्ण संगति, जुन पतनभन्दा अघि अस्तित्वमा थियो (उत्पत्ति ३), फेरि पनि सम्भव भएको छ ।

"स्वर्गदूतहरुले उहाँको सेवा टहल गरे" यो एउटा अपूर्ण काल हो जसको अर्थ हुन्छ (१) बितेको समयमा हुने गरेको काम अथवा (२) बितेको समयमा एउटा क्रियाकलापको सुरुवात । स्वर्गदूतहरुले (१) एलियालाई पनि उजाड-स्थानमा त्यसरी नै सेवा टहल गरे (जस्तै भोजन उपलब्ध गर्ने काम, १ राजा १८:७-८) । यसले येशूलाई नयाँ अगमवक्ताका आवाज (उत्पत्ति १८:१८-२२) को रुपमा संकेत गरेको हुनुपर्दछ अनि (२) उजाड-स्थानमा इस्राएलीहरुलाई, जसरी, येशू उजाड-स्थानमा हुँदा गरिएको थियो । यसले नयाँ मोशाको समानान्तरको रुपमा येशूलाई उहाँको बप्तिस्मा अनि परीक्षाको संकेत गरेको हुनुपर्दछ (१ कोरिन्थी १०:१-१३) ।

## NASB (UPDATED) TEXT: 1:14-15

१४अब यूहन्ना पक्राउमा परेपछि परमेश्वरको सु-समाचार प्रचार गर्दै येशू गालीलमा आउनुभयो । १५उहाँले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ । पश्चाताप गर, र सु-समाचारमा विश्वास गर ।"

१:१४-१५ यी दुई पदहरु संक्षिप्त बयान हो । मर्कूसले बारम्बार यस्तो प्रवृत्ति प्रयोग गरेका छन् (१:१४-१५, २१-२२, ३९; २:१३; ३:७-९; ६:७, १२-१३)। यी संक्षिप्त विवरणहरुले कैयौं ईश्वरशास्त्रीय सत्यताहरुलाई व्यक्त गर्दछ :

१. येशू प्रख्यात हुनुहुन्थ्यो अनि धेरै जना उहाँका प्रचार/शिक्षा सुन्नलाई आउँदथे ।

२. येशू शक्तिशाली हुनुहुन्थ्यो, भूतहरुलाई निकाल्नुहुन्थ्यो अनि मानिसहरुलाईं चंगाई गर्नुहुन्थ्यो ।

३. येशूले आफ्ना चेलाहरुलाई उहाँका शक्ति दिनुभयो (जुनचाहिँ बाह्र जना अनि सत्तरी जनाको सु-समाचारीय मात्र हो ।)

४. येशूको घोषणाको उद्देश्यचाहिँ पश्चाताप अनि विश्वास थियो ।

१:१४ "यूहन्ना पक्राउमा परेपछि" यूहन्नालाई हेरोद एन्तिपासद्वारा कैदमा हालिएको थियो (जुनचाहिँ *paradidōmi* हो, जसलाई "अधिकारहरुतिर फर्कनु" को लागि मर्कूसमा बीस पटक प्रयोग गरिएको छ) किनभने उसले आफ्नी भाइकी स्वास्नीसँगको हेरोदको विवाहलाई सार्वजनिक रुपमै दोषी तुल्याइदिएका थिए (मर्कूस ६:१६-१७) ।

**विशेष शीर्षक : महान् हेरोदका परिवार**

अ. महान हेरोद

१. यहूदाका राजा (३७-४ ई.पू.), एकजना ईदूमिया (एदोमबाट), जसले, राजनैतिक चालबाजी अनि मार्क एन्टोनी (Mark Antony) को सहयोगमा, ४० ई.पू.मा रोमी परिषद्‌बाट प्यालेष्टाइन (कनान) को ठूलो क्षेत्रको नियुक्त शासक बन्ने प्रबन्ध गरेका थिए ।

२. मत्ती २:१-१९ अनि लूका १:५ मा तिनको उल्लेख गरिएको छ ।

३. तिनका छोराहरु

अ. हेरोद फिलिप (मरियम्नेको सिमोन (Simon of Mariamne) को छोरा)

(१) हेरोदियसको पति (४ ई.पू.-सन् ३४)

(२) मत्ती १४:३; र्कस ६:१७ मा उल्लेख गरिएको छ

आ. हेरोद फिलिप १ (क्लियोपेट्राको छोरा (Son of Cleopatra))

(१) गालीलको समुद्रको उत्तर-पश्चिमी क्षेत्रको शासक (४ ई.पू. - सन् ३४)

(२) लूका ३:१ मा उल्लेख गरिएको छ

इ. हेरोद अन्तिपास

(१) गालील अनि पेरियाका शासक (४ ई.पू.-सन् ३९)

(२) मत्ती १४:१-१२; मर्कूस ६:१४, २९; लूका ३:१, १९; ९:७-९; १३:३१; २३:६-१२, १५; प्रेरित ४:२७; १३:१ मा उल्लेख गरिएको छ ।

ई. अर्खिलाउस, शासक हेरोद

(१) यहूदिया, सामरिया अनि इदुमियाका शासक (४ ई.पू.-सन् ६)

(२) मत्ती २२ मा उल्लेख गरिएको छ ।

उ. अरिस्टोबुलस् (मरियम्नेका छोरा)

(१) हेरोद अग्रिपास १ को पिताको रुपमा उल्लेख गरिएको छ, जो

(अ) यहूदियाका राजा थिए (सन् ३७-४४)

(आ) प्रेरित १२:१-२४; २३:३५ मा उल्लेख गरिएको छ

(क) उसको छोरा हेरोद अग्रिपास II थिए

- उत्तरी क्षेत्रका शासक (सन् ५०-७०)

(ख) उसकी छोरीको नाउँ बरनिकी (Bernice) थियो,

- आफ्नै दाज्यूकी पत्नी

- प्रेरित २५:१३-२६:३२ मा उल्लेख गरिएको छ

आ. हेरोदको लागि बाइबलीय टिप्पणीहरु

१. मत्ती १४:१; लूका ३:१; ९:७, १३:३१ अनि २३:७ मा उल्लेख गरिएको शासक हेरोद, महान् हेरोदका पुत्र थिए । महान् हेरोदको मृत्युपछि, उसको साम्राज्य उसका थुप्रै छोराहरुमाझ बाँडियो । 'शासक' शब्दको अर्थ हुन्थ्यो "चौथो भागको अगुवा" । यस हेरोदलाई हेरोद अन्तिपास भनेर चिनिन्थ्यो । जसलाई अन्तिपासबाट छोट्याइएको हो । तिनले गालील अनि पेरियालाई शासन गर्थे । यसको अर्थ हुन्थ्यो कि येशूको प्रायजसो सेवाकाई यस दोस्रो पुस्ताका इदुमिया शासकको क्षेत्रमा भएको थियो ।

२. हेरोदियसचाहिँ हेरोद अन्तिपासका दाज्यू, अरिस्तोबुलसकी छोरी थिइ । उनले हेरोद अन्तिपासको झड्केलो दाज्यू फिलिपसँग पनि पहिले नै विवाह गरिसकेकी थिइन् । योचाहिँ शासक फिलिप थिएन, जसले गालीलको ठीक उत्तरको क्षेत्रलाई अधिकार गर्थे; तर फिलिपको अर्को दाज्यू थिए, जो रोममा बस्दथे । फिलिपबाट हेरोदियसले एउटी छोरी जन्माएकी थिइन् । हेरोद अन्तिपासको रोम भ्रमणको समय उसले हेरोदियसलाई भेटेका थिए अनि आकर्षित भएका थिए, जसले राजनैतिक प्रगतिको खोजी गर्दै थिए । त्यसैकारण, हेरोद अन्तिपासले आफ्नी स्वास्नीलाई तलाक दिए, जो नाबाती (Nabatean) राजकुमारी थिइन, अनि हेरोदियसले पनि फिलिपसँग पारपाचुके गरिन् ताकि उनी अनि हेरोद अन्तिपास विवाह गर्न सकेकी होस् । उनी हेरोद अग्रिपास १ की दिदी पनि थिइन् (प्रेरित १२)

३. फ्लेभियस जोजेफस (Flavius Josephus) को पुस्तक *The Antiquities of the Jews* 8:5:4, बाट हामीले हेरोदकी छोरी सलोमी (Salome) को नाउँ जान्यौं । यस बिन्दुमा उनी बाह्रदेखि सत्र वर्षको बीचमा भएको हुनुपर्दछ । उनलाई स्पष्टरुपले आफ्नी आमाबाट नियन्त्रण गरिएकी अनि चलाखीसाथ प्रयोग गरिएकी हुनुपर्दछ । उनले पछि गएर शासक फिलिपसँग विवाह गरिन्, तर चाँडै नै विधवा भइन् ।

४. बप्तिस्मा दिने यूहन्नाको शीर काटिएको लगभग दश वर्षपछि, आफ्नी स्वास्नी हेरोदियसले उक्साएकीले गर्दा राजाको उपाधि खोज्न हेरोद अन्तिपास रोममा गए उनको दाज्यू अग्रिपास १, ले त्यो उपाधि प्राप्त गरेका थिए । तर अग्रिपास १ ले रोममा पत्र लेखे अनि Fertile Crescent (मेसोपोटामिया) बाटै रोमीहरुको घृणित शत्रु पारथिनीहरु (Parthians) सँग मिलजुल रहेको भनी अन्तिपासलाई दोष लगाए । सम्राटले प्रत्यक्षरुपमा अग्रिपास १ लाई विश्‍वास गरे अनि हेरोद अन्तिपासलाई तिनकी स्वास्नी हेरोदियससँगै स्पेन निर्वासित गरियो ।

५. यी विभिन्न हेरोदहरुलाई सम्झना गर्न सजिलो बनाउन सक्दछ जसै तिनीहरुलाई नयाँ करारमा महान् हेरोदले बेतलेहेमका बालकहरुलाई मारेका थिए; हेरोद अन्तिपासले बप्तिस्मा दिने यूहन्नालाई मारेका थिए; हेरोद अग्रिपास १ ले प्रेरित यूहन्नालाई मारेका थिए; अनि हेरो अग्रिपास II ले प्रेरितको पुस्तकमा अभिलेख गरिएको पावलको अपिललाई सुनेका थिए भनेर सम्झना गरिँदै प्रस्तुत गरिएका छन् ।

इ. महान् हेरोदको परिवारको पृष्ठभूमि जानकारीको लागि, Flavious Josephus को *Antiquities of the Jews* को तालिकामा हेर्नुहोस् ।

- **"येशू गालीलमा आउनुभयो"** सु-समचारले येशूको सेवाकाइलाई भोगोलिकरुपमै गालील, यहूदिया, गालील अनि यहूदियामा अभिलेख गर्दछ । जब यूहन्ना पक्राउ परे (मत्ती ४:१२; लूका ४:१४-१५; यूहन्ना १:४३), येशूले दक्षिणी प्यालेष्टाइनलाई छोडिदिनुभयो । अन्य जातिहरुको बाहुल्य रहेको उत्तरी प्यालेष्टाइनमा गरिएको सेवाकाइचाहिँ यशैया ९ को अगमवाणीको पूर्णता थियो । मन्दिरदेखि टाढामा रहेको (यूहन्ना १:४६) अनि मेसोपोटामियन (Mesopotamian) शक्तिहरु (अस्सूर अनि न्यो-बेबिलोन) बाट पहिले हराइएको अनि पूनर्वासमा पठाइएको यस क्षेत्रमा सुरु गर्दा कसैले पनि आत्मिकीरुपमै महत्त्वपूर्ण रहेको कुनै कुरालाई आशा गरेका थिएनन् ।

- **"परमेश्‍वरको सु-समाचार प्रचार गर्दै"** यस "सु-समाचार" शब्दचाहिँ योग्यको हुनैपर्दछ । सुरुमा त येशूको सन्देश पनि यूहन्नाको जस्तै नै थियो । येशूको पूर्ण सु-समाचारचाहिँ उहाँको जीवन, मृत्यु, गडाई, पुनरुत्थान अनि स्वर्गारोहण नभएसम्म पूरा हुने थिएन । १५ पदले येशूको सुरुवाती प्रचारको सार दिन्छ । यूहन्नाले जे प्रचार गर्थे त्यो नासरथको येशूमा व्यक्तिगतरुपमै सम्मिलित भएको थियो (यूहन्ना १४:६)। १:१५ "समय पूरा भएको छ" यस वाक्यांशलाई होटी (hoti) द्वारा चिनाइएको हो, जसले साधारणत् कथनलाई बताउँदछ, अनि मर्कूसमा यो प्रचलित रहेको छ । यसले येशूका वचनहरुलाई पत्रुसले स्मरण गरेका कुरालाई प्रतिविम्वित गर्दछ । यो पूर्ण कर्तृवाच्य संकेतवाचक हो, जसको अगमवाणीय/मसिही महत्त्व रहेको छ (गलाती ४:४; १

तिमोथी २:६; तीतस १:३)। कर्तृवाच्यले इतिहासको समयमा परमेश्वरको क्रियाकलाप अनि त्यसमा भएको नियन्त्रणलाई प्रतिविम्वित गर्दछ ।

- **"परमेश्वरको राज्य"** यसले परमेश्वरको शासनकाललाई उल्लेख गर्दछ । यो वर्तमान वास्तविकता अनि भावी पूर्णता हो । मत्तीको सु-समाचारमा परमेश्वरको साधारणत् "स्वर्गको राज्य" भनेर उल्लेख गर्दछ । यी वाक्यांशहरु पर्यायवाची शब्दहरु हुन् (मत्ती १३:११ लाई मर्कूस ४:११ अनि लूका ८:१० सँग तुलना गर्नुहोस्)। जब येशू जन्मनुभयो, राज्य आयो । यसलाई येशूको जीवन अनि शिक्षामा वर्णन गरिएको थियो अनि मूर्तरुप दिइएको छ । यो उहाँको आगमनमा पूर्ण हुनेछ । यो येशूको उपदेशहरु अनि दृष्टान्तहरुको विषय थियो । यो उहाँद्वारा बोलिएको सन्देशको मुख्य विषय थियो ।

**विशेष विषय : परमेश्वरको राज्य**

पूरानो करारमा यहोवा (YHWH) लाई ईस्राएलको राजाको रुपमा लिइन्थ्यो (१ शमूएल ८:७; भजन १०:१६; २४:७-९; २९:१०; ४४:४; ८९:१८; ९५:३; यशैया ४३:१५; ४४:४, ६) अनि मसीहलाई आदर्श राजाको रुपमा लिइन्थ्यो (भजन २:६; यशैया ९:६-७; ११:१-५) । बेतलेहेममा येशूको जन्मसँगै (६-४ ई.पू.) परमेश्वरको राज्य नयाँ शक्ति अनि छुटकारासँग मानिसको इतिहासमा टुक्रियो (नयाँ करार, यर्मिया ३१:३१-३४; इजकिएल ३६:२७-३६ ) । बप्तिस्मा दिने यूहन्नाले राज्यको निकटताको विषयमा घोषणा गरे (मत्ती ३:२; मर्कूस १:१५) । येशूले स्पष्टरुपले सिकाउनुभयो कि राज्य उहाँ आफैंमा अनि उहाँको शिक्षाहरुमा थियो (मत्ती ४:१७, २३; ९:३५; १०:७; ११:११-१२; १२:२८; १६:१९; मर्कूस १२:३४; लूका १०:९, ११; ११:२०; १२:३१-३२; १६:१६; १७२१) । तर राज्य भविष्य पनि हो (मत्ती १६:२८; २४-१४; २६:२९; मर्कूस ९:१; लूका २१:३१; २२:१६, १८) ।

मर्कूस अनि लूकाको संक्षिप्ती समानान्तरहरुमा हामी 'परमेश्वरको राज्य' भन्ने वाक्यांशलाई पाउँदछौं । येशूको शिक्षाको यस प्रचलित विषयले मानिसको हृदयमा परमेश्वरको वर्तमान राज्य गराईसँग संलग्नता रहेको थियो, जुनचाहिँ एकदिन पृथ्वीभरि नै पूरा हुनेछ । यसलाई मत्ती ६:१० मा, येशूको प्रार्थनामा प्रतिविम्वित गरिएको छ । यहूदीहरुका लागि लेखिएको मत्तीले, त्यस्ता वाक्यांशलाई रुचाए जसमा परमेश्वरको नाउँ (स्वर्गको राज्य) प्रयोग भएको थिएन, जब कि, अन्य जातिहरुलाई लेखिएको मर्कूस अनि लूकाले, परमेश्वरको नाउँलाई प्रयोग गरिएको प्रचलित नाउँलाई प्रयोग गरे ।

योचाहिँ संक्षिप्त सु-समाचारहरुको मुख्य वाक्यांश हो । येशूको पहिलो अनि अन्तिम उपदेश, अनि उहाँका प्रायजसो दृष्टान्तहरुले यस विषयसँग सम्बन्ध राख्दछ । यसले अहिले मानिसहरुको हृदयमा परमेश्वरको राज्यलाई उल्लेख गर्दछ ! यो आश्चर्यलाग्दो कुरो हो कि यूहन्नाले यस वाक्यांशलाई दुईपटक मात्र प्रयोग गरेका छन् (येशूको दृष्टान्तमा त गर्दै गरेनन्)। यूहन्नाको सु-समाचारमा 'अनन्त जीवन' चाहिँ मुख्य अलंकार हो ।

खीष्टको दुईपटकको आगमनले यस वाक्यांशलाई अप्ठ्यारोमा पारेको छ । पूरानो करारले परमेश्वरको मसीहको एउटा आगमन - सेना, इन्साफी अनि महिमित आगमनप्रति मात्र केन्द्रित गरेको छ - तर नयाँ करारले देखाउँदछ कि पहिलो पटक उहाँ यशैया ५३ को पीडित दास अनि जकरिया ९:९ को विनम्र राजाको रुपमा आउनुभयो । दुईओटा यहूदी युग, दुष्टताको युग अनि धार्मिकताको नयाँ युगलाई केही अंशसम्म ढाकियो । यस समयमा येशूले विश्वासीहरुको हृदयहरुमा राज्य गर्नुहुन्छ, तर एकदिन सारा सृष्टिमाथि राज्य गर्नुहुनेछ । उहाँ त पूरानो करारमा अगमवाणी गरिएझैं आउनुहुनेछ !

विश्वासीहरु परमेश्वरको राज्यको "अघिबाटै" को विरुद्ध "अझसम्म नभएको" मा जिउँछन् (Gordon D. Fee अनि Douglas Stuart को *How to Read The Bible For All Its Worth,* पृष्ठ १३१-१३४)

- **NASB, NKJV** **"नजिकै छ"**

  **NRSV** **"नजिकै आएको छ"**

  **TEV** **"नजिक छ"**

  **NJB** **"छेवैमा छ"**

यो एउटा सिद्ध कर्मवाच्य संकेतवाचक हो, जसले संकेत गर्छ कि राज्यचाहिँ एउटा बितेको वास्तविकता (१-३ पद) साथसाथै एउटा वर्तमान वास्तविकता हो (मत्ती १२:२८; लूका ११:२०; १७:२१)। "समय पूरा भएको छ" वाक्यांशले यस वाक्यांशलाई समानान्तर गर्दछ अनि अहिले एउटा ऐतिहासिक घटना बनिसकेको परमेश्वरका अगमवाणीका वचनको वास्तविकतालाई जोड दिन्छ । "धार्मिकताको नयाँ युग" चाहिँ येशूको जन्ममा उद्घाटन भएको थियो, तर कष्टको साताको घटनासम्म पूर्णरुपले जानिएको थिएन अनि पेन्तिकोतसम्म पूर्णरुपले अधिकार दिइएको थिएन ।

यद्यपि राज्य साँच्चै आइसकेकै भएतापनि, नयाँ करारमा त्यहाँ केही त्यस्ता पाठहरु छन् जसले यसको पूर्ण प्रकटीकरणचाहिँ भविष्यमा हुनेछ भनेर संकेत गर्दछ (९:१; १४:२५; मत्ती २६:२९; लूका २२:१८; प्रेरित १:११; १ थेसलोनिकी ४:१३-१८)। अहिले हामीले येशूसँग जे गर्छौं त्यसैले मृत्यु अनि इन्साफको विषयप्रतिको हाम्रो आशालाई निर्धारण गर्दछ (८:३८)

- **"पश्चाताप"** १:४ पदमा पश्चातापमाथिको विशेष विषयलाई हेर्नुहोस् ।
- **"अनि सु-समाचारमा विश्वास गर"** मत्ती (४:१७) अनि लूका (४:१४-१५) मा भएको समानान्तरको एउटै सारांश छैन ।

**विशेष विषय : विश्वास** *PISTIS* **(नाम)**, *PISTEUŌ* **(क्रिया)**, *PISTOS* **(विशेषण)**)

अ. यो बाइबलको एकदमै महत्त्वपूर्ण शब्द हो (हिब्रू ११:१, ६)। योचाहिँ येशूको सुरुवाती प्रचारको विषय हो (मर्कूस १:१५)। त्यहाँ कमसेकम दुईओटा नयाँ करारका आवश्यकताहरु प्रायश्चित अनि विश्वास छन् (१:१५; प्रेरित ३:१६, १९; २०:२१)

आ. यसको शब्द विज्ञान

अ. पुरानो करारमा "विश्वास" को अर्थ हुन्थ्यो, इमान्दारीता अथवा विश्वास योग्यता अनि परमेश्वरको स्वभाववको वर्णन थिाये, हाम्रो होइन ।

आ. यो हिब्रू शब्द (*emun, emunah*, BDB53) बाट आएको थियो, जसको अर्थ हुन्थ्यो "निश्चित हुनु अथवा स्थिर हुनु" । त्यस व्यक्तिको लागि बचाउने विश्वासचाहिँ मानसिक

सहमति (सत्यताहरुको समूह), नैतिक जीवनयापन (जीवनशैली), अनि प्रारम्भिकरुपमा एउटा सम्बन्धनात्मक (मानिसलाई स्वागत गर्ने) अनि स्वेच्छिक प्रतिबद्धता हो ।

इ. यसको पूरानो करारीय प्रयोग

यस कुरालाई जोड दिनैपर्दछ कि अब्राहमको विश्वास भावी मसीहमा थिएन, तर परमेश्वरको प्रतिज्ञामा उसले एकजना छोरा अनि सन्तानहरु पाउने थियो (उत्पत्ति १२:२; १५:२-५; १७:४-८; १८:१४)। परमेश्वरमा विश्वास गरेर अब्राहमले यस प्रतिज्ञाको जवाफ दिए । यस प्रतिज्ञाप्रति उसको अझैपनि शंकाहरु अनि समस्याहरु थियो, जसलाई पूरा हुन तेह्र वर्ष लाग्यो । यद्यपि, उसको अपूर्ण विश्वासलाई, परमेश्वरले ग्रहण गर्नुभयो । परमेश्वरले दोषी मानिस जातिहरुसँग काम गर्न ईच्छुक हुनुहुन्छ, जसले उहाँलाई जवाफ दिन्छ अनि विश्वासमा उहाँको प्रतिज्ञामा, रायोको दाना जति भए पनि विश्वास गर्छ (मत्ती १७:२०)

ई. यसको नयाँ करारीय प्रयोग

'विश्वास' शब्दचाहिँ ग्रीक शब्द (*pisteuō*) बाट आएको हो, जसलाई "भरोसा", अथवा "आशा राख्नु" भनेर पनि अनुवाद गर्न सकिन्छ । उदाहरणको लागि, यूहन्नाको सु-समाचारमा संज्ञा आएको छैन, तर क्रियालाई बारम्बार प्रयोग गरिएको छ । यूहन्ना २:२३-२५ मा नासरतको येशूलाई मसिहको रुपमा भीडको प्रतिबद्धताको साँचोपनामा त्यहाँ अनिश्चितता छ । यस 'विश्वास' शब्दको देखावटी प्रयोग गराईको अरु उदाहरणहरु यूहन्ना ८:३१-५९ अनि प्रेरित ८:१३, १८-२४ मा छ । एउटा प्रारम्भिक प्रतिउत्तरभन्दा साँचो बाइबलीय विश्वासचाहिँ अझ धेरै हो । यसलाई चेलापनको प्रक्रियाबाट पालन गरिनै पर्दछ (मत्ती १३:२०-२२, ३१-३२)।

उ. नामयोगीहरु (Preposition) सँग यसको प्रयोग

१. *eis* को अर्थ हुन्छ "मा" । यस अनौठो बनावटको विश्वासीहरुलाई तिनीहरुको विश्वास/भरोसा येशूमा राख्नु भनेर जोड दिन्छ ।

अ. उहाँको नाउँमा (यूहन्ना १:१२; २:२३; ३:१८; १ यूहन्ना ५:१३)

आ. उहाँमा (यूहन्ना २:११; ३:१५, १८; ४:३९; ६:४०; ७:५, ३१, ३९, ४८; ८:३०; ९:३६; १०:४२; ११:४५, ४८; १७:३७, ४२; मत्ती १८:६; प्रेरित १०:४३; फिलिप्पी १:२९;१ पत्रुस १:८)

इ. ममा (यूहन्ना ६:३५; ७:३८; ११:२५, २६; १२:४४, ४६; १४:१, १२; १६:९; १७:२०)

ई. पुत्रमा (यूहन्ना ३:३६; ९:३५; १ यूहन्ना ५:१०)

उ. येशूमा (यूहन्ना १२:११; प्रेरित १९:४; गलाती २:१६)

ऊ. ज्योतिमा (यूहन्ना १२:३६)

ऋ. परमेश्वरमा (यूहन्ना १४:१)

२. *en* को अर्थचाहिँ यूहन्ना ३:१५, मर्कूस १:१५; प्रेरित ५:१४ मा जस्तो "माथि" हुन्छ ।

३. *epi* को अर्थचाहिँ मत्ती २७:४२; प्रेरित ९:४२; ११:१७; १६:३१; २२:१९; रोमी ४:५, २४; ९:३३; १०:११; १ तिमोथी १:१६; १ पत्रुस २:६ मा जस्तो "मा" अथवा "माथि" हुन्छ ।

४. गलाती ३:६; प्रेरित १८:८; २७:२५; १ यूहन्ना ३:२३; ५:१० मा जस्तो विना नामयोगी कर्म कारकमा प्रयोग गरिएको छ ।

५. hoti ले, जसको अर्थ हुन्छ "त्यसलाई विश्वास गर्नु", हामीले के-कस्ता विश्वास गर्नुभयो भनेर विषयवस्तु दिन्छ

अ. येशू परमेश्वरको एकजना पवित्रजन हुनुहुन्छ (यूहन्ना ६:६९)

आ. येशू 'म हुँ' हुनुहुन्छ (यूहन्ना ८:२४)

इ. येशू पितामा हुनुहुन्छ अनि पिता उहाँमा हुनुहुन्छ (यूहन्ना १०:३८)

ई. येशू मसीह हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)

उ. येशू परमेश्वरको पुत्र हुनुहुन्छ (यूहन्ना ११:२७; २०:३१)

ऊ. येशूलाई पिताद्वारा पठाइनुभयो (यूहन्ना ११:४२; १७:८, २१)

ऋ. येशू पितासँग हुनुहुन्छ (यूहन्ना १४:१०-११)

ॠ. येशू पिताबाट आउनुभयो (यूहन्ना १६:२७, ३०)

ए. येशूले आफैंलाई पिताको प्रतिज्ञा गरिएको नाउँ "म हुँ" मा पहिचान गराउनुहुन्छ (यूहन्ना ८:२४; १३:१९)

ऐ. हामी उहाँसँगै जिउने छौं (रोमी ६:८)

ऐ. येशू मर्नुभयो अनि फेरि बौह्री उठ्नुभयो (१ थेसलोनिकी ४:१४)

## NASB (UPDATED) TEXT: 1:16-20

१६गालील - समुद्रको किनारै-किनार जाँदै हुनुहुँदा उहाँले सिमोन र तिनका भाइ अन्द्रियासलाई समुद्रमा जाल हानिरहेको देख्नुभयो । किनकी तिनीहरु जालहारी थिए । १७येशूले तिनीहरुलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरुलाई मानिसहरुका जालहारी बनाउनेछु ।" १८तिनीहरुले तुरुन्तै आफ्ना जालहरु छोडे, र उहाँको पछि लागे । १९अनि अलि पर गएपछि उहाँले जब्दियाका दुई छोरा याकूब र यूहन्नालाई डुङ्गामा बसी जाल तुनिरहेको देख्नुभयो । २०उहाँले तुरुन्त तिनीहरुलाई बोलाउनुभयो, र तिनीहरु आफ्ना पिता जब्दियालाई ज्यामीहरुका साथ डुङ्गामा छोडेर उहाँको पछि लागे ।

१:१६ "गालील-समुद्र" यस झीललाई बाइबलमा थुप्रै नाउँहरुद्वारा चिनिन्छ ।

१. किन्नरेतको झील (गन्ती ३४:११; यहोशू १२:३; १३:२७)

२. गनेसरेतको झील (लूका ५:१)

३. तिबेरियस समुद्र (यूहन्ना ६:१; २१:१)

४. गालील-समुद्र (एकदमै प्रचलित १:१६; ७:३१; मत्ती ४:१८; १५:२९; यूहन्ना ६:१)

**"सिमोन र अन्द्रियास .... जाल हानिरहेको ........."** ध्यान दिनुहोस् मर्कूसमा आधिकारीक रुपमै प्रथममा बोलाइएको चाहिँ पत्रुस हो, जबकि यूहन्ना १:३५-४२ मा यो अन्द्रियस थियो । गालील-समुद्रले प्यालेष्टाइनभरि नै माछा उपलब्ध गराउँथ्यो । यस जालले चाहिँ हाते जाललाई उल्लेख गर्दछ, जुनचाहिँ लगभग १० फीट लम्बाइ अनि १५ फीट चौडाईको हुने गर्दथ्यो । माछा यहूदीहरुको मुख्य भोजन थियो ।

**१:१७ "मेरो पछि लाग"** यो एउटा एवरिस्ट आज्ञामूलक (Aorist-Imperative) को रुपमा काम गर्ने एउटा क्रिया विशेषण हो । यो येशू अनि यी जालहारीको बीचमा भएको पहिलो भेट नहुन पनि सक्दछ (यूहन्ना १:३५)। यो त अधिकारी, एकजना धर्मगुरुको स्थायी अनुयायीहरु हुनलाई तिनीहरुको बोलावट हो (१७ अनि २० पद)।

- **"म तिमीहरुलाई मानिसहरुका जालहारी बनाउनेछु"** योचाहिँ तिनीहरुको पेशामाथि लगाइएको शब्द हो । पूरानो करारमा माछा मार्ने कामचाहिँ प्रायजसो इन्साफको लागि आलंकारिक शब्द हुन्थ्यो (यर्मिया १६:१६; इजकिएल २९:४-५; ३८:४; आमोस ४:२; हबकूक १:१४-१७)। यहाँचाहिँ यो उद्धारको एउटा आलंकारिक शब्द हो ।

१:१८ त्यसलाई मत्ती ४:१८-२२ मा दोहोराइएको छ, तर लूका ५:१-११ मा अलिकता बेग्लै अभिलेख पाइन्छ ।

**१:१९-२० "डुङ्गा"** यिनीहरुचाहिँ ठूला-ठूला माछा पक्रने डुङ्गाहरु थिए । जब्दियाका छोराहरु, याकूब र यूहन्ना, सफल मध्य वर्गीय जालहारीहरु थिए (त्यो भनेको तिनीहरुका नौकर चाकरहरु थिए)। यूहन्नाको चाहिँ यरुशलेममा पूजाहारीहरुका परिवारहरुलाई नियमित माछा बेच्ने ठेक्काको व्यापार थियो (अर्थात, तिनीहरुले यूहन्नालाई चिन्दथे भन्ने हो, यूहन्ना १८:१५-१६)।

## NASB (UPDATED) TEXT: 1:21-28

२१तब उहाँहरु कफर्नहुममा जानुभयो, र तुरुन्तै शवाथ-दिनमा सभाघरमा पसी उहाँले शिक्षा दिन लाग्नुभयो । २२अनि तिनीहरु उहाँका शिक्षामा चकित भए । किनकी उहाँले तिनीहरुलाई शास्त्रीहरुले जस्तो होइन, तर अधिकारसँग सिकाउनुभयो । २३त्यही बेला त्यस सभाघरमा अशुद्ध आत्मा भएको एकजना मान्छे थियो । २४त्यसले यसो भन्दै चिच्यायो, "हे नासरतका येशू, हामीलाई तपाइँसँग के सरोकार ? के तपाइँ हामीलाई सर्वनाश पार्नलाई आउनुभएको हो ? म तपाइँलाई चिन्छु, तपाइँ परमेश्वरका पवित्रजन हुनुहुन्छ ।" २५तर येशूले त्यसलाई यसो भन्दै हकार्नुभयो, "चूप लाग्, र त्यसबाट निस्किजा ।" २६त्यस मान्छेलाई लछार-पछार पार्दै त्यो अशुद्ध आत्मा ठूलो स्वरले चिच्च्याएर त्यस मान्छेबाट निस्कि गयो । २७तब सबै जनाले अचम्म माने, र तिनीहरु यसो भन्दै आपसमा सोधासोध गर्न लागे, "यो के हो ? यो त नयाँ शिक्षा रहेछ । यिनले त अधिकारसँग अशुद्ध आत्माहरुलाई पनि आज्ञा गर्छन्, र तिनीहरुले यिनका आज्ञा मान्दा रहेछन् । २८अनि चाँडै नै येशूको कीर्ति गालीलको इलाका वरिपरि चारैतिर फैलियो ।

**१:२१ "कफर्नहुम"** नासरत शहरको विश्वासको कमीको कारण (लूका ४:१६-३०) अनि भविष्यवाणीको पूर्ण छुवाई (मत्ती ४:१३-१६) को रुपमा येशूले यस शहरलाई उहाँको प्रधान कार्यालयको रुपमा लिनुभयो

(२:१) । कफर्नहुम शहरको सेवाकाई (१:२१-३:१६) लाई येशूको क्रियाकलापको आदर्शतालाई चित्रण गर्नलाई लिइन्छ । यी घटनाहरुले उहाँको अधिकार, शक्ति अनि मसिहीपनालाई सफासँग प्रकट गर्दछ । योचाहिँ सार्वजनिक सेवाकाईको सम्पूर्ण कालको यस अवधिमा येशूको दैनिक जीवन अनि क्रियाकलापको झलक जस्तै हो ।

- "तुरुन्तै" १:१० को टिप्पणी हेर्नुहोस् ।
- "शबाथ" विशेष विषय तल दिइएको छ ।

**विशेष विषय : शबाथ**

यो हिब्रू शब्दबाट आएको हो जसको अर्थ हुन्छ "विश्राम" अथवा "समाप्ति"। यो सृष्टिको सातौं दिनसँग जोडिएको छ जहाँ परमेश्वरले प्रारम्भिक सृष्टिलाई समाप्त गर्नुभएपछि उहाँको परिश्रमलाई रोक्नुभएको थियो (उत्पत्ति २:१-३)। उहाँ थकित हुनुभएको कारण परमेश्वरले विश्राम लिनुभएको थिएन, तर किनभने (१) सृष्टि पूरा अनि असल भएको थियो (उत्पत्ति १:३१) अनि (२) मानिस-जातिलाई आराधना अनि विश्रामको लागि एउटा नियमित नमूना दिनको लागि थियो । उत्पत्ति १ को अरु सबै दिनहरु झैं शबाथ पनि बेलुकीपख सुरु हुन्छ ; त्यसकारण शुक्रबार बेलुकीदेखि शनिबार बेलुकीसम्मचाहिँ आधिकारिक समयावधि नै थियो । यसलाई पालन गर्नुपर्ने विषयका सबै विवरणहरु प्रस्थान (विशेष गरेर १६, २०, ३१ अनि ३५ अध्यायहरु) अनि लेबी (विशेष गरेर २३-२६ अध्यायहरु) मा दिइएको छ । फारिसीहरुले यी नियमहरुलाई मानिलिएका थिए अनि तिनीहरुको मौखिक बहसहरुद्वारा, तिनीहरुका थुप्रै नियमहरु सामेल गर्नलाई व्याख्या गरेका थिए । तिनीहरुसँग बहस भएको होस् भनेर तिनीहरुका छनौटे नियमहरुलाई जानीबुझीकन उलङ्घन गर्दै येशूले प्रायजसो आश्चर्यकर्महरु गर्नुहुन्थ्यो । येशूले शबाथलाई रद्द तुल्याउनु भएको अथवा महत्त्वहीन पार्नुभएको थिएन, तर तिनीहरुको स्व-धार्मिक वैधतावाद अनि प्रेमको कमीलाई पो थियो ।

- **"सभाघर"** यो एउटा संयुक्त शब्दबाट आएको हो जसको शाब्दिक अर्थ हुन्छ "भेला हुनु" । आराधनामा नियमितरुपले उपस्थित हुनु येशूको चलन थियो । सभाघरचाहिँ बेबिलोनमा निर्वासन भएको समयमा मेसोपोटामियामा विकास भएको थियो । यो आराधना, शिक्षा अनि सांस्कृतिक जगेडाको एउटा स्थान थियो । यो यहूदी विश्वासको स्थानीय अभिव्यक्ति थियो, जस्तो मन्दिर राष्ट्रिय अभिव्यक्ति थियो । हरेक शहरमा कमसेकम दशजना यहूदीहरु भएको एउटा सभाघर हुने गर्दथ्यो ।
- **"शिक्षा दिन लाग्नुभयो"** समुदायबाट अथवा प्रसिद्ध अतिथिबाट आराधना सेवाको शिक्षाको मागलाई अगुवाई गर्नलाई कसैलाई चुन्नुचाहिँ एउटा चलन थियो । विशेष गरेर तोरहबाट ( जुनचाहिँ उत्पत्ति-व्यवस्था हो) अनि अगमवक्ताहरुबाट (जस्तै, यहोशू - राजा अनि यशैया-मलाकी) एउटा परिच्छेदलाई पढिन्थ्यो ।

**१:२२, २७ "चकित भए"** यसको शाब्दिक अर्थ हुन्थ्यो" ध्यान आकर्षण गर्‍यो ।" येशूको शिक्षा दिने शैली अनि विषयहरु यहूदी धर्मगुरुहरुको भन्दा मूलरुपमा बेग्लै थियो । तिनीहरुले एक अर्कालाई

अख्तियारवालाहरुले झैं बताउँदथे, त उहाँले त परमेश्वरको अख्तियारसँग बोल्नुभयो (मत्ती ५:१७-४८)। येशूका शिक्षाहरु अनि कामहरुले आश्चर्य अनि त्रास पनि सृजना गर्‍यो (१:२२, २७; २:१२; ५:४२; ६:२, ५१; ७:३७; ९:६, १५; १०:२६, ३२; ११:१८; १४:३३)।

**१:२२ "शास्त्रीहरुले जस्तो होइन"** येशूले मौखिक परम्परा (Talmud) लाई व्यक्त गर्नुभएन । तिनीहरुले परमेश्वरको आज्ञालाई कतै उलंघन गर्छन् कि भन्ने कुराप्रति यहूदीहरु साह्रै होसियार थिए, यसैले तोरहको (मोशाका पुस्तकहरु, उत्पत्ति-व्यवस्था) हरेक पदलाई धर्मगुरुहरुले छलफल गरेर व्याख्या गरिएको थियो । पछि गएर यिनीहरुलाई स्कुलहरुमा, एउटा उदारवादी (Hillel) अनि एउटा रुढिवादी (Shammai) मा विकास भयो । यी दुई प्राचीन स्कुलहरुलाई अगुवाई गर्ने धर्मगुरुहरुले प्रायजसो अख्तियारवालाहरुले झैं उद्धत गर्दथे । शास्त्रीहरु यहूदीवादका पेशागत शिक्षकहरु थिए जसले मौखिक परम्परालाई स्थानीय अवस्थाहरु अनि अभावहरुमा व्याख्या गरे । येशूका पालामा प्रायजसो शास्त्रीहरु फारसीहरु थिए ।

**विशेष विषय : शास्त्रीहरु**

यस उपाधि हिब्रू नाम (BDB 706) बाट आउँदछ, जसको अर्थ हुनछ "बोलिएको सन्देश", अनि "लेखिएको कागज-पत्र/उर्दी ।" ग्रीक अनुवाद "ग्राम्माटियस" (grammateus) ले साधारणत कुनै लेखिएको सन्देशलाई उल्लेख गर्दछ । यसले यसरी पनि बताउन सक्दछ :

१. शिक्षक (नहेम्याह ८)

२. सरकारी अधिकारी (२ राजा २२:३-१३)

३. अभिलेखकर्ता/सचिव (१ इतिहास २४:६; २ इतिहास ३४:१३; यर्मिया ३६:२२)

४. सैन्य अधिकारी (न्यायकर्ता ५:१४)

५. धार्मिक अगुवा (एज्रा ७:६; नहेम्याह १२:१२-१३)

नयाँ करारमा तिनीहरु प्रायजसो फारिसीहरुसँग सम्बन्धित हुन्थे । एक अर्थमा तिनीहरु पूरानो करार अनि मौखिक परम्पराहरु (Talmud) मा शिक्षा पाएका मानिसहरु थिए । तिनीहरुले व्याख्या गराईमा सहायता गर्थे अनि यहूदी परम्पराहरुलाई दैनिक जीवनमा लागू गर्दथे (मत्ती ५:२०; रोमी ३:१९-२०; ९:१-५, ३०-३२; १०:१-६; कलस्सी २:२०-२२)।

तिनीहरुलाई संक्षिप्त सु-समाचारहरुमा (यूहन्नाले तिनीहरुको उल्लेख कहिले पनि गरेनन्, ८:३ मूल पद होइन), प्रायजसो येशूको विरोधीको रुपमा चित्रण गरियो, यद्यपि केहीले त उहाँलाई उत्तर पनि दिएका थिए (मत्ती ८:१९)

१. पापीहरुसँग अनि कर उठाउनेहरुसँग खाएको विषयमाथि विरोध, मर्कूस २:१६; मत्ती ९:९-१३

२. भूतहरु धपाउने कामहरुमा येशूको अधिकारका स्रोतमाथि विरोध, मर्कूस ३:२२

३. येशूले पापलाई क्षमा गर्नुभएको कुरामाथि विरोध, मत्ती ९:३; लूका ५:२१

४. चिह्न हेर्ने माग, मत्ती १२:३८

५. हात धूने काममाथि विरोध (जुनचाहिँ विधिवत् धुवाई हो), मत्ती १५:१-२; मर्कूस ७:१-५

६. तिनीहरुको उद्देश्यहरुप्रतिको (जस्तैः आदर र उच्चस्थान खोज्ने) येशूको दोषारोपण, मर्कूस १२:३८-४०

७. यरुशलेम माथिको विजयी प्रवेशप्रति भीडको पुष्टिकरण माथि विरोध, मत्ती २१:१५

८. तिनीहरुको पाखण्डीपना अनि मोशाको आसनमा अन्धोरुपले गरिएको अगुवाईप्रति येशूको हप्की, मत्ती २३:१-३६

धर्मशास्त्रप्रतिको तिनीहरुको ज्ञानको कारण, तिनीहरुले नै येशूलाई पहिला बुझ्नुपर्ने अनि अँगाल्नु पर्ने हो, तर तिनीहरुको परम्पराले तिनीहरुलाई अन्धा तुल्याइदिएका थिए (यशैया २९:१३; ६:९-१०)! जब ज्योति अँध्यारो हुन्छ, तब त अन्धकार कति गहिरो हुन्छ !

**१:२३ "अशुद्ध आत्मा भएको मान्छे"** योचाहिँ शैतानले गरेको अधिकारको विषय थियो (३४ पद)। याद गर्नुहोस् त्यो देखिने गरिनै अझै पनि आराधनामै थियो । नयाँ करारले शारीरिक अस्वस्थता अनि शैतानिक अधिकारको बीचको भिन्नता देखाउँदछ, यद्यपि तिनीहरुको प्रायजसो एउटै खाले लक्षण हुन्थ्यो । यस मामलामा शैतानले मानिसलाई नियन्त्रण गरेको छ । मान्छेले उसको आफ्नै इच्छा शक्तिलाई गुमाएको छ । यहूदी विश्वासले आत्मिकी वस्तुहरुको उपस्थितिलाई असल (मर्कूस १:१३; मत्ती १८:१०; प्रेरित १२:१५; २ राजा ६:१७) अनि दुष्ट (१:२३, २६, २७; ३:११, २०; ५:२, ८, १३; ६:७; ७:२५) भनी ठान्दथे; जसले मानिसहरुको जीवनलाई प्रभावित पार्दथ्यो ।

**विशेष विषय : शैतानिक (अशुद्ध आत्मा)**

अ. प्राचीन कालका मानिसहरु सबै कुरामा आत्मा हुन्छ भन्ने विचारका थिए । तिनीहरुले मानिसको व्यक्तित्वको लक्षणहरुको श्रेय प्रकृति, पशु-पक्षीहरु अनि प्राकृतिक वस्तुहरुलाई दिन्थे । मानिस-जातिसँगको यस्ता आत्मिकी अस्तित्वहरुको पारस्परिक क्रियाकलापहरु मार्फत् जीवनलाई व्याख्या गरिन्थ्यो ।

आ. यस मानवीकरण नै बहु ईश्वरवाद बन्न पुग्यो । साधारणत् शैतानिक (*genni*) हरु अलि कम शक्तिका देउताहरु हुन्थे अथवा आधा देउताहरु (असल र दुष्ट) हुन्थे, जसले हरेक मानिसको जीवनमा प्रभाव पार्थ्यो ।

१. मेसोपोटामिया, लथालिङ्गको अवस्था अनि विद्रोह

२. मिश्र, आज्ञा अनि काम

३. कनान, W.F. Albright को *Archaeology and the Religion of Isreal*, पाँचौं संस्करण, पृष्ठ ६७-९२ हेर्नुहोस् ।

इ. पूरानो करारले आधा-देउताहरु, दूतहरु अथवा सैतानहरुको विषयलाई विकास गर्दैन अथवा लेख्दैन, सम्भवत् यसको कठोर एक ईश्वरवादको कारणले हुनसक्दछ (प्रस्थान ८:१०; ९:१४; १५:११; व्यवस्था ४:३५, ३९; ६:४; ३३:२६; भजन ३५:१०; ७१:१९; ८६:६; यशैया ४:९; यर्मिया

१०:६-७; मीका ७:१८)। यसले धर्ममाथि विश्वास नगर्ने झूटा देउताहरुको उल्लेख गर्दछ (*Shedim*, व्यवस्था ३२:१७; भजन १०६:३७), अनि यसले केहीको त नाउँ पनि दिन्छ :

१. *Se'im* (satyrs अथवा रौं भएको शैतान, लेवी १७:७;२ इतिहास ११:१५)

२. *Lilith* (स्त्री, प्रलोभनमा पार्ने शैतान, यशैया ३४:१४)

३. *Mavet* (पातालको कनानी देउताको लागि मृत्युको रुपमा प्रयोग गरिएको हिब्रू शब्द, *Mot*, यशैया २८:१५, १८; यर्मिया ९:२१; अनि सम्भवत् व्यवस्था २८:२२)

४. *Resheph* (महामारी, व्यवस्था ३३:२९; भजन ७८:४८; हबकूक ३:५)

५. *Dever* (प्राणघातक, भजन ९१:५-६; हबकूक ३:५)

६. *Az'azel* (नाउँ अनिश्चित, तर सम्भवत् एउटा मरुभूमिको शैतान अथवा ठाउँको नाउँ ( लोभी १८:८, १०, २६)

(यी उदाहरणहरु *Encyclopaedia Judaica*, Vol. 5 पृष्ठ १५२३ बाट लिइएको हो ।)

तरैपनि, पूरानो करारमा YHWH बाट त्यहाँ कुनै दोहोरोवाद अथवा दूतीय स्वतन्त्रता छैन । सैतान YHWH को एउटा दास हो (अय्यूब १-३; जकरिया ३), तर एउटा स्वतन्त्र, अनि स्व-निर्देशित शत्रु होइन (A.B. Davidson, *A theology of the Old Testament*, पृष्ठ ३००-३०६)

ई. यहूदीवादचाहिँ बेबिलोनमा निर्वासनको समयमा विकास भएको थियो (५८६-८३८ ई.पू.)

यसलाई *Zoroastrianism* को मानवीकरण गरिएको फारिसी दोहोरावादबाट ईश्वरशास्त्रीय रुपमै प्रभाव पारिएको थियो, जसमा, असल र उच्च देउतालाई *Mazda* अथवा *Ormazd* अनि दुष्ट प्रतिद्वन्दीलाई *Ahriman* भनिन्थ्यो । निर्वासनपछिको यहूदीवादलाई मानवीकरण गरिएको दोहोरोवादभित्र YHWH अनि उहाँका दूतहरु अनि सैतान र त्यसको दूतहरु अथवा भूतहरुको माझमा अनुमति दिइयो ।

दुष्टलाई मानवीकरण गर्ने यहूदीवादको ईश्वरशास्त्रलाई बीचमा Edersheim को *The life and times of Jesus the Messiah*, Vol. 2. परिशिष्ट XIII (पृष्ठ ७४९-८६३) अनि XVI (पृष्ठ ७७०-७७६) मा व्याख्या गरिएको छ अनि असल रुपले प्रालेख गरिएको छ । यहूदीवादले दुष्टलाई तीन प्रकारले मानवीकरण गरेका थिए

१. शैतान अथवा Sammael

२. मानिसभित्रको दुष्ट उद्देश्य (*Yetzer hara*)

३. मृत्युको दूत

Edersheim ले यिनीहरुलाई (१) दोष लगाउने; (२) परीक्षामा पार्ने; अनि (३) दण्ड दिने भनी चरितार्थ गरेका छन् (Vol. 2, पृष्ठ ७५६)। निर्वासन पछिको यहूदीवाद अनि नयाँ करारको प्रस्तुति अनि दुष्टको व्याख्या गराईको माझमा त्यहाँ एउटा सुस्पष्ट ईश्वरशास्त्रीय भिन्नता छ ।

उ. नयाँ करार, विशेष गरेर सु-समाचारहरुले मानवतामा अनि YHWH मा दुष्ट आत्मिकी वस्तुको अस्तित्व अनि विरोधलाई दाबी गर्दछ (यहूदीवादको शैतान मानिस-जातिको शत्रु थियो, तर परमेश्वरको होइन)। तिनीहरुले परमेश्वरको इच्छा, शासन अनि राज्यको विरोध गर्दछ ।

येशूले मानिसहरुबाट त्यस्ता शैतानिक अस्तित्वहरुलाई विरोध गर्नुभयो अनि निकालिदिनुभयो, जसलाई (१) अशुद्ध आत्माहरु (लूका ४:३६; ६:१८) अथवा (२) दुष्ट आत्माहरु (लूका ७:२१; ८:२) पनि भनिन्छ । येशूले शारीरिक अनि मानसिक बिरामी अनि शैतानबाटको बिरामीको माझमा स्पष्टरुपले भिन्नता देखाइदिनुभयो । यस्ता दुष्टहरुलाई चिनेर अनि धपाएर उहाँले आफ्नो शक्ति अनि आत्मिकी अर्न्तदृष्टिको प्रदर्शन गर्नुभयो । तिनीहरुले उहाँलाई सदैव चिन्थे अनि उहाँलाई सम्बोधन गर्ने कोशिस गर्दथे, तर येशूले तिनीहरुका गवाहीलाई इन्कार गर्नुहुन्थ्यो अनि तिनीहरुलाई चूप लाग्ने आज्ञा गर्नु भएर तिनीहरुलाई धपाईदिनुहुन्थ्यो । भूत धपाउने कामचाहिँ सैतानको राज्यलाई जितेको एउटा चिन्ह हो ।

यस विषयमा नयाँ करारका प्रेरितहरुका पत्रहरुमा जानकारीहरुको अचम्मलाग्दो कमी रहेको छ । भूत धपाउने कामलाई कहिले पनि आत्मिकी वरदानको रुपमा सूचीबद्ध गरिएन, नता सेवकहरु अनि विश्वासीहरुका भावी पिंढीहरुका लागि यसको कार्य प्रणाली नै दिइयो ।

ऊ. दुष्ट साँचो हो; दुष्ट व्यक्तित्व हो; दुष्ट उपस्थित रहेको छ । यसको नता कुनै उत्पत्ति न कुनै उद्देश्य नै प्रकट गरिएको छ । बाइबलले यसको वास्तविकतालाई दाबी गर्दछ अनि यसको प्रभावलाई आक्रमकरुपमा प्रतिवाद गर्दछ । वास्तविकतामा त्यहाँ कुनै विशिष्ट दोहोरोवाद छैन । परमेश्वरले सबै कुरालाई पूर्णरुपले नियन्त्रण गर्नुहुन्छ; दुष्टलाई हराई सकिएको छ अनि न्याय गरिसकिएको छ अनि सृष्टिबाटै हटाइनेछ ।

ऋ. परमेश्वरका सन्तानहरुले दुष्टको विरोध गर्नैपर्छ (याकूब ४:७)। यसबाट तिनीहरुलाई नियन्त्रणमा राख्न त सकिँदैन (१ यूहन्ना ५:१८), तर तिनीहरु परिक्षित हुन सक्दछ अनि तिनीहरुको गवाही अनि प्रभाव नष्ट हुन्छ (एफिसी ६:१०-१८)। ख्रीष्टियनहरुको जन-विश्वासमा दुष्टचाहिँ प्रकट गरिएको भाग हो । आधुनिक ख्रीष्टियनहरुमा दुष्टलाई फेरि परिभाषित गर्ने (Rudolf Balt mann को *demythologizing*); दुष्टलाई अमानवीकरण गर्ने (Paul Tillich को *Social Structure*) कुनै अधिकार छैन, नता यसलाई पूर्णरुपले मनोवैज्ञानिक शब्दमा (Sigmund Freud) व्याख्या गर्ने कोशिस गर्नु नै छ । यसको प्रभाव व्यापकरुपले रहेको भएतापनि, यो पराजित छ । विश्वासीहरुले ख्रीष्टको विजयमा हिँड्नु आवश्यक छ !

१:२४

**NASB "हामी एकअर्कासँग के काम छ र"**

**NKJV "हामीलाई तपाइँसँग के सरोकार"**

**NRSV "तपाइँको हामीसँग के सरोकार"**

**TEV, NJB "तपाइँ हामीसँग के चाहनुहुन्छ"**

योचाहिँ शाब्दिकरुपमा “हामीसँग अनि तपाइँसँग के छ र” हो । Mark Bratcher and Nida को *A Translator's Handbook on the Gospel of Mark* टिप्पणी गरिएको छ कि “पूरानो ग्रीकमा वाक्यांशको अर्थ हुन्थ्यो “हामीसँग समानान्तर के छ त ?” तरैपनि, यहाँ, यसले हिब्रूलाई यसरी जवाफ दिन्छ “तपाइँ हाम्रो माझमा किन हुनुहुन्छ” (पृष्ठ ४९) । यस वाक्पद्धतिलाई न्यायकर्ता ११:१२; २ शमूएल १६:१०; १९:२२; १ राजा, १७:१८; २ इतिहास ३५:१२ मा चित्रण गरिएको छ ।

**“नासरतका येशू”** १०:४७ को टिप्पणीलाई हेर्नुहोस्

**“के तपाइँ हामीलाई सर्वनाश पार्नलाई आउनुभएको हो”** व्याकरणीयरुपमा यो एउटा प्रश्न अथवा बयान दुवै हुन सक्दछ । यो शत्रुताको लागि पूरानो करारका वाक्पद्धति हो (न्यायकर्ता ११:१२; २ शमूएल १६:१०; १९:२२; १ राजा १७:१८; २ राजा ३:१३; २ इतिहास ३५:२१) । यसको एकदिन इन्साफ हुनेछ भनेर दुष्टले जान्दछ ।

परमेश्वरका पवित्रजन “यो पूरानो करारको एउटा मसिही उपाधि थियो । यो एउटा स्वेच्छिक पश्चाताप थिएन तर येशूलाई दु:ख दिनको लागि जानी-बुझी गरिएको प्रयास थियो । पछि गएर येशूलाई सैतानबाट शक्ति प्राप्त गरेको भन्ने दोषरोपन गरियो (मत्ती ९:३४; १९:२४; मर्कूस ३:२२; लूका ११:१५)।

**विशेष विषय : पवित्रजन**

“पवित्र जन” ले निम्नलिखित व्यक्तित्वलाई उल्लेख गर्न सक्दछ

१. पिता परमेश्वर (“इस्राएलको पवित्र जन” माथि पूरानो करारका असंख्यौं परिच्छेदहरु)

२. पुत्र परमेश्वर (मर्कूस १:२४; लूका ४:३४; यूहन्ना ६:६९; प्रेरित ३:१४)

३. आत्मा परमेश्वर (उहाँको उपाधि, “पवित्र आत्मा” यूहन १:३३; १४:२६” २०:२२)।

प्रेरित १०:३८ एउटा त्यस्तो पद हो जहाँ परमेश्वरमा भएका तीनैजना व्यक्तित्वहरु अभिषेक गर्ने काममा संलग्न छन् । येशूलाई अभिषेक गरियो (लूका ४:१८; प्रेरित ४:१७; १०:३८) । सबै विश्वासीहरुलाई समावेश गर्न यहाँ धारणालाई विस्तार गरिएको छ (१ यूहन्ना २:२७) । अभिषेक जनचाहिँ अभिषेक जनहरु भएका छन ! यो एन्ट्रिकाइष्ट अनि एन्टिक्राइष्टहरुसँग समानान्तर छ (१ यूहन्ना २:१८) । तेलद्वारा शारीरिकरुपमा अभिषेक गरिने पूरानो करारका सांकेतिक कार्य (प्रस्थान २९:७; ३०:२५; ३७:२९) तिनीहरुसँग सम्बन्धित छ जसलाई परमेश्वरद्वारा एउटा विशेष कामको लागि (जस्तै अगमवक्ताहरु, पूजाहारीहरु अनि राजाहरु) बोलाइएको थियो अनि तयार पारिएको थियो । “खीष्ट” शब्दचाहिँ हिब्रू शब्द “अभिषेक जन” अथवा मसीहको अनुवाद हो ।

१:२५ **“येशूले त्यसलाई ……… हकार्नुभयो”** मर्कूसले यस शब्दलाई घरिघरि प्रयोग गर्दछ : (१) कहिलेकाहीँ शैतानहरुलाई (१:२५; ३:२; ९:२५); (२) बतास अनि समुद्रलाई (४:३९); अनि (३) उहाँका आफ्नै चेलाहरुलाई (८:३०, ३३; १०:१३)।

- **"चुप लाग"** यो एउटा एवरिस्ट कर्मवाच्य आज्ञासूचक शब्द हो जसको अर्थ हुन्छ, "मुख बन्द गर्नु" (४:३९)। भूतलाई निर्देशन गरिएको येशूको दुईओटा आज्ञाहरु नकारात्मक संकेतार्थसँगको गहकिला शब्दहरु हुन् ।
- **"त्यसबाट निस्किजा"** यो एउटा एवरिस्ट कर्मवाच्य आज्ञासूचक हो ।

**विशेष विषय : भूत धपाउने काम (EXORCISM)**

येशूको समयमा भूत धपाउने काम सामान्य थियो, तर येशूको तरिकाचाहिँ मूलरुपमा बेग्लै थियो । उहाँका भूत धपाउने कामहरुचाहिँ नयाँ युगको एउटा चिह्न थियो । यहूदी धर्मगुरुहरुले टुनामुनाको युक्ति प्रयोग गर्थे (Alfred Edersheim, *The life and times of Jesus, The Messiah*, Vol. 2, परिशिष्ट XIII, पृष्ठ ७४८-७६३; XIV, पृष्ठ ७७०-७७६ मा हेर्नुहोस्), तर येशूले उहाँका आफ्नै अख्तियारको प्रयोग गर्नुहुन्थ्यो । भूत धपाउने काम अनि शैतानिक कामको विषयमा आज यति विघ्न गडबडी अनि नराम्रो जानकारीहरु फैलिएको छ । यस समस्याको मागचाहिँ त्यो हो कि नयाँ कराररले यस्ता विषयहरुलाई छलफल गरेको छैन । एउटा पाष्टर भएको नाताले यस विषयमा मैले अझ धेरै जानकारी पाउन सकौं भनी म इच्छा गर्दछु । यहाँ केही पुस्तकहरु छन् जसलाई म विश्वास गर्छु

1. *Christian Counseling and the Occult.* Kurt E. Koch
2. *Demons in the World Today,* Merrrill F. Unger
3. *Biblical Demonology*, Merrill F. Unger
4. *Principalities and powers*, John Warwick Montgomer
5. *Christ and the powers*, Hendrik Berkhof
6. *Three Crucial Question About Spiritual Warfare* by Clinton Anton.

भूत धपाउने कार्यलाई एउटा आत्मिकी वरदानको रुपमा सूचीबद्ध नगरिएको अनि यस विषयलाई प्रेरितहरुको पत्रमा सम्बोधन नगरिएको कुरा मलाई आश्चर्य लाग्छ । म एउटा यस्तो बाइबलीय जन दृष्टिकोणमाथि विश्वास गर्छु जसमा आत्मिकी साम्राज्यको (जुनचाहिँ असल र खराब हो), उपस्थिति रहेको छ अनि शारीरिक साम्राज्यमा पनि सक्रिय छ (अय्यूब १-२; दानिएल १०; एफिसी ६:१०-१८)। तरैपनि, परमेश्वरले यस्ता विशेषताहरु प्रकट नहोस् भनी चुन्नुभएको छ । विश्वासीहरुको रुपमा हामी सबैसँग हामीले ईशवरीयरुपमा जिउनलाई प्रकट गरिएका छैनन् अथवा विकास भएका छैनन् ।

१:२६ कुनै अशुद्ध आत्माले मानिसलाई छोडेको कैयौं शारीरिक प्रकटीकरणहरुलाई अभिलेख गरिएको छ ( १:२६; ९:२६; लूका ९:३९)। योचाहिँ आत्माले साँच्चै छोड्यो भनेर पुष्टि गर्ने तरिका हुनसक्दछ ।

शक्तिको पहिलो चिह्नले येशूको मसिही अधिकारको संकेतलाई स्पष्टरुपले देखाउँदछ । पूरानो करारका उपाधि (भजन १६:१०) जसबाट भूतहरुले उहाँलाई अनि तिनीहरुलाई नियन्त्रण गर्ने अनि इन्साफ गर्ने उहाँका शक्तिलाई चिनेको छ, त्यसले नासरतको येशूको आत्मिकी अधिकारलाई स्पष्टरुपले प्रतिविम्वित गर्दछ (२७ पद)। लूका ४:३१-३७ मा पनि यस विवरणलाई त्यसरी नै राखिएको छ ।

१:२७ **"यो के हो ? यो त नयाँ शिक्षा रहेछ"** "नयाँ" को लागि यस ग्रीक शब्दको (जुनचाहिँ *Kainos* हो) जसको अर्थ हुन्छ, "गुणको दृष्टिकोणबाट नयाँ," तर "समयको दृष्टिकोणबाट नयाँ" होइन । "अधिकारसँग" वाक्यांशलाई येशूको शिक्षा (मत्ती ७:२९; NASB, NRSV, NJB) अथवा येशूको आज्ञा (लूका ४:३६; NKJV, TEV) सँग उल्लेख गर्न सकिन्छ । लूका ४:३६ चाहिँ एकदमै समानान्तर भएकोले, दोस्रो विकल्पचाहिँ उत्तम हुन्छ भन्ने देखिन्छ ।

येशूको अधिकारका स्रोतचाहिँ येशू अनि यहूदी अगुवाहरुको माझमा केन्द्रीय विषय बनेको थियो (११:२८; मत्ती १२:२३; लूका २०:२)। तिनीहरुले उहाँका शक्तिलाई इन्कार गर्न सक्दैन थिए यसैले तिनीहरुले यसको स्रोतलाईं सन्देह गर्दथे । यो क्षमा दिन नसकिने पाप हो !

१:२८ **"चाँडै"** १:१० को टिप्पणीलाई हेर्नुहोस् ।

**"येशूको कीर्ति** ....... **चारैतिर फैलियो"** जस्तै सार्वजनिक भूत धपाउने कार्यलाई घरिघरि भनिने गरिएको थियो ।

## NASB (UPDATED) TEXT) : 1:29-31

२९अब उहाँ तुरुन्तै सभाघरबाट निस्केर याकूब र यूहन्नाका साथमा सिमोन र अन्द्रियासको घरमा पस्नुभयो । ३०सिमोनकी सासू जरोले थला परेकी थिइन्, र तिनीहरुले झट्टै उहाँलाई तिनको विषयमा भने । ३१उहाँले नजिक आएर तिनको हात समाती तिनलाई उठाउनुभयो, र जरोले तिनलाई छोडिहाल्यो । अनि तिनले उहाँहरुको सेवा गरिन् ।

१:३० **"सिमोनकी सासू"** यसले पत्रुस विवाहित थिए भन्ने देखाउँदछ । नयाँ करारमा उसकी श्रीमतीलाई कहिल्यै उल्लेख गरिएको छैन । उनी मरिसकेकी हुनसक्दछ, तर १ कोरिन्थी ९:५ ले उनलाई पत्रुससँगै यात्रा गरेको संकेत दिन्छ । यस विवरण लूका ४:३१-३७ अनि मत्ती ८:१४-१७ मा समानान्तर गरिएको छ ।

- "थला परेकी थिइनू यो एउटा अपूर्णकाल हो जसले बितेको समयमा भएको कामको निरन्तरतालाई देखाउँदछ । उनी केही समयदेखि बिरामी परेकी थिइन् ।
- "जरोले" यसको शाब्दिक अर्थ हुन्छ "जरोले समातेको" । यो एउटा वर्तमान काल हो, जसले एउटा भइरहेको समस्यालाई संकेत गर्दछ । ध्यान दिनुहोस् कि यो विमार शैतानिक अधिकारसँग गाँसिएको थिएन (३२ पद) । विमारमाथिको येशूको शक्तिचाहिँ उहाँको व्यक्तित्व अनि मसिही सु-समाचार, प्रचार कार्यको अर्को चिन्ह हो । सु-समाचारहरुमा येशूका आश्चर्यकर्महरु चेलाहरुका लागि पनि प्रापकको लागि जस्तै घरि त्यत्तिकै रुपमा घरिघरि गरिएको थियो । उहाँका नयाँ चुनिएका प्रेरितहरुप्रति येशूले आफैंलाई स्पष्टरुपले प्रकट गर्दै हुनुहुन्छ । यहाँ शबाथमा

सहानुभूतिका साथमा कार्य गर्नुभएको छ । यो कुरा ती यहूदी मानिसहरुका लागि आघातपूर्ण कुरो भएको थियो ।

## NASB (UPDATED) TEXT : 1:32-34

३२त्यो साँझ घाम डुबेपछि मानिसहरुले उहाँकहाँ बिरामीहरु र भूत लागेकाहरु जम्मैलाई ल्याए । ३३सारा शहर नै घरको ढोकामा जम्मा भएको थियो । ३४अनेक किसिमका रोगले ग्रस्त भएका धेरै बिरामीहरुलाई उहाँले निको पार्नुभयो, र धेरै भूतहरुलाई निकाल्नुभयो, तर भूतहरुले उहाँलाई चिनेका हुनाले तिनीहरुलाई बोल्न दिनुभएन ।

१:३२ **"साँझ घाम डुबेपछि"** योचाहिँ प्रत्यक्षरुपले घाम डुबेपछि हो, यसैले शबाथ आधिकारिक रुपमै सकिएको थियो अनि शारीरिक चंगाइँका कामहरुचाहिँ धर्मगुरुहरुको विचारअनुसार अब वैध भएको थियो ।

- **"उहाँकहाँ … ल्याए"** यो एउटा अपूर्ण काल हो जसको अर्थ हुन्छ "बोकेर ल्याइरहे" । येशूले आश्चर्यकर्म गर्ने भनेर चिनिएको चाहनुहुन्थेन, तर सत्यताको घोषक भनेर चाहनुहुन्थ्यो (लूका ४:४३), तरैपनि वचन निस्किरहेको थियो (२८ पद)

- **"बिरामी"** ३२ पदले संकेत गर्दछ कि "सारा सहरका "सबै" बिरामीहरु अनि भूत लागेकाहरुलाई येशूकहाँ ल्याइयो । ३४ पदले बताउँदछ कि उहाँले धेरैलाई निको पार्नुभयो अनि छुटकारा दिनुभयो, तर सबैलाई होइन । यो रोचक कुरो छ कि बाइबलमा "सबै" अनि "धेरै" शब्दहरु पर्यायवाचीको रुपमा प्रायजसो प्रयोग गरिएको छ (यशैया ५३:६, ११, १२ अनि रोमी ५:१८, १९)। येशूले उहाँकहाँ ल्याइएका सबैलाई अथवा तिनीहरुमध्ये धेरैलाई निको पार्नुभयो भन्ने कुरा अनिश्चित नै छ । यरुशलेममा बेथेसदाको दहमा, येशूले धेरै बिरामीहरुमध्ये केवल एउटालाई मात्र निको पार्नुभयो भनेर अभिलेख गरिएको छ । येशू उहाँको मार्गमा निको पार्ने उद्देश्यले जनन् हुँदैनथियो, तर यदि आफैंआफ त्यस्तो स्थिति प्रस्तुत हुन्थ्यो भने (त्यो भनेकोचाहिँ चेलाहरुलाई शिक्ष दिने क्षणमा साथै चोट परेकाहरु अनि आवश्यकतामा परेकाहरुका लागि येशूको सहानुभूति हो), उहाँले शक्तिमा काम गर्नुहुन्थ्यो । उहाँ सु-समाचार प्रचार गर्ने उद्देश्यले जानुहुन्थ्यो (जस्तै सामरी स्त्री, यूहन्ना ४:४)। चँगाईचाहिँ एउटा चिन्ह थियो, तर उहाँको सेवाकाईको उद्देश्य अनि केन्द्रित गरिएको कुराचाहिँ सु-समाचार प्रचार थियो ।

येशूको चँगाई गर्ने प्रणालीको विषयमा त्यहाँ केही अलमलिने अवस्था छ ! कहिलेकाहीँ यो बिरामी व्यक्तिको विश्वासको प्रतिउत्तरमा भर पर्दछ, कहिलेकाहीँ तिनीहरुका कुनै मित्र अथवा प्रियजनहरुका विश्वासमा, अनि प्रायजसो प्रापकको पक्षमा सम्बन्ध नभएको विश्वासप्रति उहाँको शक्ति देखाउने उद्देश्यमा भर पर्दछ । उद्धारले शारीरिक छुटकारा अथवा चँगाईसँग आफैआफ साथ दिँदैनथियो ।

- **"भूत लागेकाहरु"** बिरामी अनि भूत लागेकाको माझको फरकलाई ध्यान दिनुहोस् ।

१:३३ शहरका यी मानिसहरु एकदमै जिज्ञासु थिए अनि केही त शारीरिक स्वस्थ अनि आत्मिकी परिपूर्णताको लागि अति गम्भीर थिए ।

**१:३४ "उहाँले धेरैलाई निको पार्नुभयो"** यो पदचाहिँ मर्कूसका थुप्रै पदहरुमा (१:३४, ४३-४४; ३:१२; ४:११; ५:४३; ७:२४; ३६; ८:२६, ३०; ९:९) पहिलो हो जसलाई "मर्कूसको मसिही रहश्य" को रुपमा प्रायजसो उल्लेख गरिएको छ । येशूले आफ्ना चेलाहरुलाई अनि उहाँले चँगाई पार्नुभएकाहरुलाई उहाँको चँगाईको कामको विषयमा नभन्नू भनी भन्नुहुन्थ्यो । येशूले एकजना चँगाईकर्ता अथवा आश्चर्य काम गर्ने भनेर मात्र चिनिएको चाहनु हुँदैनथियो । यिनीहरु त उहाँका मसिहीपनालाई देखाउने केवल चिन्हहरुमात्र थिए, जुनचाहिँ उहाँको जीवनको यस बिन्दुमा पूर्णरुपले प्रकट भएको थिएन । येशू त (१) पितालाई प्रकट गर्न, (२) आफैंलाई पापको लागि बलि दिन अनि (३) विश्वासीहरुलाई पालन गर्नु भन्ने एउटा उदाहरण दिनलाई आउनुभयो । चँगाईहरु अनि छुटकाराहरु त कमजोर, बिरामी अनि त्यागिएकाहरुप्रति उहाँको सहानुभूतिका चिन्हहरुमात्र थिए । यो मसिहको सेवाकाइको पूरानो करारमा गरिएको अगमवाणीको एउटा चिन्ह पनि थियो (यशैया ६१:१) ।

- "भूतहरुलाई बोल्न दिनुभएन" यो त कैयौं भूत धपाउने कामहरुलाई संकेत गर्ने अपूर्ण काल हो (२४ पद) । १:२४ मा भूतहरुको विशेष विषयलाई हेर्नुहोस् ।

## NASB (UPDATED) TEXT : 1:35-39

३५बिहान उज्यालो हुनभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो । ३६सिमोन र तिनीसँग हुनेहरु उहाँलाई खोज्दै गए । ३७उहाँलाई भेट्टाएपछि तिनीहरुले भने, "सबैले तपाईँलाई खोजिरहेका छन् ।" ३८तब उहाँले तिनीहरुलाई भन्नुभयो, "आओ, हामीहरु नजिकका अरु शहरहरुमा जाऔं, र त्यहाँ पनि म प्रचार गर्न पाऊँ, किनकी यसैको निम्ति म आएको हुँ ।" ३९अनि सारा गालीलमा तिनीहरुका सभाघरहरुमा प्रचार गर्दै र भूतहरुलाई निकाल्दै उहाँ हिँड्नुभयो ।

**१:३५ "बिहान उज्यालो हुनभन्दा धेरै अघि"** यसले रातको अन्तिम प्रहरलाई उल्लेख गर्दछ, ३:०० अनि ६:०० बजे बीचको कुनै समयलाई ।

- "त्यहाँ प्रार्थना गर्नुभयो" यो अपूर्ण काल हो जसले येशूको नियमित प्रार्थनाको जीवनलाई देखाउँछ । लूकाको सु-समाचारमा यस कुरालाई बारम्बार दोहोऱ्याइएको छ । मर्कूसमा येशूका प्रार्थनाको केवल तीनओटा उदाहरणहरु मात्र छ : यहाँ, पाँच हजारलाई खुवाएको समयमा (८:६) अनि गेतसमनीमा (१४:३२-४२) । १:३७-३९ मानिसहरुले उहाँको खोजी गर्दै थिए, उहाँको शिक्षाको कारणले होइन तर उहाँले तिनीहरुलाई निको पार्नुभएको थियो (लूका ४:४३) । येशू लगातार अगाडि बढिरहनुभयो किनभने (१) सबैले उहाँको सन्देशलाई सुनेको उहाँ चाहनुहुन्थ्यो अनि (२) उहाँको सेवाकाईलाई गलत अर्थ लगाइएको थियो ।

१:३८

| | |
|---|---|
| **NASB** | **"म त्यसैको लागि आएँ"** |
| **NKJV** | **"किनभने यसै उद्देश्यको लागि म आएको हुँ"** |
| **NRSV** | **"त्यसो गर्नलाई नै म आएँ"** |
| **TEV, NJB** | **"किनभने यसैको लागि म आए"** |

उहाँलाई परमेश्वरको सु-समाचार घोषणा गर्नको लागि (१:१४-१५) पठाइएको थियो (लूका ४:४३) भनेर येशूले गहिरोरुपमा अनुभव गर्नुभएको थियो । उहाँले बुझ्नुभएको थियो कि उहाँलाई एउटा आश्चर्यकर्म गर्ने अनि चँगाईकर्ताको रुपमा होइन, तर एउटा नयाँ दिन, पितासँग नयाँ सम्बन्ध स्थापित गराउन, अनि परमेश्वरको राज्यको उद्घाटन गर्ने कामको स्थापना गर्ने व्यक्तिको रुपमा पठाइएको थियो । उहाँको व्यक्तित्वको केन्द्रबिन्दु, उहाँको सन्देशको विषयवस्तु, उहाँको छुटकाराको कार्य, अनि उहाँको महिमित पुनरुत्थान अनि स्वर्गारोहण उहाँका सन्देशका केन्द्रीय वस्तुहरु थिए । मर्कूसको मसिही रहश्यचाहिँ भविष्यका वर्षहरुसम्म यी कुराहरुलाई पूर्णरुपले नबुझिनु अनि प्रकट नगरिनु भन्ने कुराको शाब्दिक तरिकामा पुष्टि गर्नु थियो ।

१:३९ ३९ पदमा त्यहाँ एउटा मूल पाठको भिन्न रुप छ । केही प्राचीन ग्रीक पाण्डुलिपीहरुमा "उहाँ जानुभयो" (א, B, L, the Palestinian Syriac, अनि Coptic अनुवादहरु, NASB, NRSV, TEV, NJB पनि) भन्ने छ, जबकि ग्रीक Uncial पाण्डुलिपीहरु A,C,D,W, the Vulgate, अनि Pestitta अनुवादहरु साथै अगस्टिनद्वारा प्रयोग गरिएको ग्रीक पाठमा "उहाँ हुनुहुन्थ्यो" (NKJV) Testament, Bruce Metzger को *The Textual Commentary on the Greek New Testament* पृष्ठ 75-76, ले पुष्टि गर्दछ कि एकजना नक्कलकर्त्ताले लूका ४:४४ सँग मेल गराउनलाई "उहाँ जानुभयो" भनेर परिवर्तन गरेका थिए । प्रायजसो ग्रीक पाण्डुलिपीका विभिन्नताले विवरणको सम्पूर्ण अर्थमा कुनै महत्त्वपूर्ण ईश्वरशास्त्रीय अथवा ऐतिहासिक भिन्नता ल्याउँदैन भन्ने वास्तविकताको यो एउटा राम्रो उदाहरण हो ।

## NASB (UPDATED) TEXT : 1:40-45

४०अनि एकजना कुष्ठरोगी उहाँकहाँ आएर घुँडा टेक्दै यसो भनेर बिन्ती गर्‍यो, "तपाइँले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ ।" ४१तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ ।" ४२त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो । ४३ अनि उहाँले त्यसलाई कडा आज्ञा दिएर यसो भनी तुरुन्तै पठाउनुभयो, ४४"हेर, तिमीले यो कसैलाई नभन्नू, तर गएर तिमी आफैंलाई पूजाहारीकहाँ देखाऊ र तिमी निको भएकोमा मानिसहरुका प्रमाणको लागि मोशाको आज्ञा बमोजिम बलि चढाऊ ।" ४५तर त्यो निस्केर गयो, अनि यस विषयमा खुल्लमखुल्ला प्रचार गर्न लाग्यो, र येशू फेरि शहरमा खुलस्त प्रवेश गर्न सक्नुभएन, र एकान्त ठाउँहरुमा रहनुभयो । तर मानिसहरु चारैतिरबाट उहाँकहाँ आए ।

**१:४० "एकजना कुष्ठरोगी"** यसलाई मत्ती ८:२-४ अनि लूका ५:१२-१६ मा समानान्तर गरिएको छ । यहूदीवादले कुष्ठरोगीलाई परमेश्वरबाट दिइएको बिरामीको रुपमा देख्ने गर्थे (२ इतिहास २६:१६-२१) । कुष्ठरोगी सँगको सम्पर्कले कसैलाई विधिवत् रुपमै अशुद्ध बनाउँथ्यो । यस विमारको अर्थ हुन्थ्यो पूर्ण सामाजिक बिमुखता ! योचाहिँ साँस्कृतिकरुपमै अचम्मलाग्दो कुरो छ कि यस सामाजिकरुपले बहिष्कृत व्यक्ति येशूसम्म आइपुग्यो अनि येशूले त्यसलाई छुनुभयो (४१ पद) । लेवी १३-१४ मा छलफल गरिएको कुष्ठरोग भनिने विमारले थुप्रै प्रकारका छालाका बिरामीहरुको वर्णन गर्दछ, जसले कुनै व्यक्तिलाई आरधना गर्नबाट वञ्चित गराउँथ्यो ।

- **“घूँडा टेक्दै”** लूका ५:१२ मा यसले भन्दछ त्यो येशूको अगाडि लम्पसार पर्‍यो । येशू अरु यहूदी धर्मगुरुहरु जस्तो हुनुहुन्थेन । उहाँले त्यागिएका अनि बहिष्कृतहरुलाई वास्ता गर्नमा समय लिनुहुन्थ्यो ।

- **“तपाईँले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ”** यो एउटा तेस्रो श्रेणीको शर्तबन्द वाक्य हो जसको अर्थ हुन्छ लुकेर बसेको शक्तिको कार्य । त्यसले येशूको शक्तिमा कुनै शङ्का गरेको थिएन (अर्थात, मत्ती ८:२ मा कुष्ठरोगीले येशूलाई ‘प्रभु’ भनेर बोलाएको छ) तर काम गर्ने उहाँको इच्छामाथि शंका गरेको थियो ।

**१:४१ “दयाले भरिएर”** परमेश्वरको स्वरुपमा बनिएको मानवतालाई येशूले वास्ता गर्नुहुन्छ । पश्चिमी मूल पाठ, MS D, मा “रुष्ट” छ, तर MSS ℵ, A, B अनि C मा “दया” छ । आरामिकमा पनि शब्दहरु त्यस्तै नै छन् । यद्यपि सबैभन्दा पुरानो अनि उत्तम पाण्डुलिपीमा “दया” भएता पनि प्राय अनौठो पाठनचाहिँ ”रुष्ट” अथवा “रिसाएको छ । *Textual Criticism* माथिको परिशिष्ट दुईलाई हेर्नुहोस् । मर्कूसमा त्यहाँ कैयौं अरु ठाउँहरु छन् जहाँ येशूको क्रोधलाई नचिताएको सन्दर्भमा अभिलेख गरिएको छ (१:४३; ३:५ अनि १०:१४; यूहन्ना ११:३३, ३८ मा पनि छ) । उहाँको क्रोधले यस युगको विमार अथवा दुष्टलाई निर्देशन दिएको हुन सक्दछ ।

मर्कूसले येशूलाई पूर्ण मानिसको रुपमा, अनि मानिसको भावनाहरुलाई पूर्णरुपले अनुभव गर्ने अनि व्यक्त गर्ने, आफ्नै लागि साथसाथै अरुहरुका लागि पनि भनेर वर्णन गर्दछ :

१. दया अथवा क्रोध (१:४१; ३:५)

२. शारीरिक भोकोपना (२:२५)

३. गहिरो सुस्केरा (७:३४; ८:१२)

४. रोष/कठोरता (१०:१४)

५. प्रेम (१०:२१)

६. कष्ट/दु:ख (१०:३३-३४)

७. परित्याग (१५:३४)

८. तृष्णा (१५:३६)

- **“त्यसलाई छुनुभयो”** योचाहिँ विधिवत रुपमा गर्न नहुने कुरो थियो । सु-समाचारहरुमा येशूले मानिसहरुलाई छुनुभएको कुरोचाहिँ एउटा सामान्य घटना हो (७:३३; ८:२२; १०:१३; साथै व्यक्तिगत वास्ता अनि चासोको भाव प्रकट गर्ने संकेतको रुपमा पनि मानिसहरुले येशूलाई कैयौं पटक छोएका थिए जस्तै ३:१०; ५:२२-२८, ३०, ३१; ६:५६) ।

- **“निको भइहाल्यो”** यो एउटा एवरिस्ट कर्तृवाचक आज्ञासूचक हो । येशूले त्यही व्यक्तिगत अधिकारको साथमा निको पार्नुहुन्छ जुन अधिकारद्वारा उहाँले भूतहरु धपाउनुहुन्छ । १:४३ “त्यसलाई कडा आज्ञा दिनुभयो” शाब्दिकरुपमा यो “नाक बजाउनु” हो जसको अर्थ हुन्छ एउटा नबुभ्ने गरी बरबराउने कुरा । यसले मर्कूसको मसिही रहस्यलाई प्रतिविम्बित गर्दछ । सु-

समाचार अझै सकिएको थिएन, अनि सन्देश अझै पनि अपूर्ण नै थियो । येशूले एकजना आश्चर्यकर्म गर्नेको रुपमा चिनिएको चाहनुहुन्थेन ।

- "........ **त्यसलाई** .......... **तुरुन्तै पठाउनुभयो"** यो आत्माले येशूलाई उजाड-स्थानतिर लैजाँदा प्रयोग गरिएको त्यही नै कठोर शब्द हो (मर्कूस १:१२) ।

- १:४४ "मोशाको आज्ञा बमोजिम बलि चढाओ" यस आवश्यकताचाहिँ कुष्ठरोगको चँगाईसँग सम्बन्धित थियो (लेवी १३, १४; व्यवस्था २४:८) । येशूले पूरानो कराररलाइ रद्द तुल्याउनुभएन ( मत्ती ५:५:१७-१९), तर यहूदीवादभित्र विकास भएको मौखिक परम्परालाई रद्द तुल्याउनुभयो ( मत्ती ५:२१-४८)। यो पनि सम्भवत् पूजाहारीहरुलाई एउटा गवाहीकै लागि नै थियो ।

- १:४५ "प्रचार गर्न लाग्यो" यो एउटा वर्तमान असीमितता हो । यो चाहिँ कडा अनुरोधप्रति सोझै अनाज्ञाकारिता थियो (४३-४४ पद) ।

- **"एकान्त ठाउँहरुमा रहनुभयो"** यसले ३ पदले जस्तै उजाड चरनलाई उल्लेख गरेको थियो ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्तामाथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१.मर्कूसले किन बप्तिस्मा दिने यूहन्नाको सेवाकाईबाट सुरु गरे ? उसले के कुराको प्रतिनिधित्व गर्दछ ?

२. के बप्तिस्माले क्षमादान दिन्छ अथवा संकेत गर्दछ ?

३. येशूले किन बप्तिस्मा लिनुभयो ? के उहाँ पापपूर्ण हुनुहुन्थ्यो अनि पश्चातापको आवश्यकता थियो ?

४. यस भागमा त्रि-एकको लागि कहाँनेर प्रमाणहरुको संकेत गरिएको छ ?

५. येशूलाई किन परीक्षा गरियो त ? उहाँको जीवनको कुनचाहिँ क्षेत्रमा परीक्षा आयो ?

६. के परमेश्वरको राज्य यहीँ नै छ कि अथवा यो भविष्य हो ?

७. के मर्कूस १ ले येशू अनि जालहारीहरु माझको पहिलो भेटलाई वर्णन गर्छ त ?

८. कफर्नहूमको सभाघरमा येशूको शिक्षाप्रति मानिसहरु किन यति विघ्न छक्क परे ?

९. भूत आत्मा लाग्नुचाहिँ एउटा वास्तविकता हो कि परम्पारिक अन्धोविश्वास हो ?

१०.येशू को हुनुहुन्थ्यो भनेर भूतहरुले किन प्रकट गरे

# मर्कूस २

## आधुनिक अनुवादहरुको अनुच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| एकजना पक्षाघाती निको पारिएको | येशूले एकजना पक्षाघातीलाई क्षमा दिनुहुन्छ र निको पार्नुहुन्छ | एकजना पक्षाघातीलाई निको पारिएको | येशूले एकजना पक्षाघात भएको मानिसलाई निको पार्नुहुन्छ | एकजना पक्षाघातीको निदान |
| २:१-१२ | २:१-१२ | २:१-१२ | २:१-५<br>२:६-७<br>२:८-११ | २:१-१२ |
| लेवीलाई बोलावट | कर उठाउने मत्ती | लेवीको बोलावट | येशूले लेबीलाई बोलाउनुहुन्छ | लेबीको बोलावट |
| २:१३-१७ | २:१३-१७ | २:१३-१७<br>२:१५-१७ | २:१३-१४ | २:१३-१४ |
| उपवासका बारे प्रश्नहरु | येशूलाई उपवासका बारे प्रश्न गरियो | उपवास | उपवासबारे प्रश्न | उपवास विषयको एक छलफल |
| २:१८-२०<br>२:२१-२२ | २:१८-२२ | २:१८-२०<br>२:२१-२२ | २:१८<br>२:१९-२०<br>२:२१-२२ | २:१८-२२ |
| शबाथ-दिनमा अन्नका बाला टिप्नु | येशू शबाथ दिनको परमप्रभु हुनुहुन्छ | येशू अनि शबाथ नियमहरु | शबाथका बारे प्रश्न | शबाथ दिनमा अन्नका बाला टिप्नु |
| २:२३-२८ | २:२३-२८ | २:२३-२८ | २:२३-२४<br>२:२५-२६<br>२:२७-२८ | २:२३-२६<br>२:२७-२८ |

## अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**सान्दर्भिक अन्तर्दृष्टिहरु**

अ. अध्याय २:१-३:६ चाहिँ १:३८-३९ मा भनिएको प्रचार गर्दै हिड्ने अवधिका चार घटनाहरुसित सम्बन्धित छ ।

१. एकजनालाई निको पारिएको (२:१-१२)

२. एउटा पापीहरुको भीडसितको भेट (२:१३-१७)

३. उपवासको विषयका एक प्रश्न (२:१८-२०)

४. मौखिक परम्पराबारे एक विवाद (२:२३-३८)

आ. अध्याय २:१-३:६ एउटा साहित्यिक एकाइ हो । जुनचाहिँले येशू धार्मिक यथास्थितिबाट विरोध उन्मुख भएको देखाउँदछ । येशू आफैंले धार्मिक नेताहरुसँग एउटा ईश्वरीय कुराकानी सुरु गर्नलाई मौखिक परम्परा (अर्थात्, Talmud) को विरोधमा काम गर्नुभयो । "किन" को दोहोऱ्याईलाई ख्याल गर्नुहोस् - (जस्तो ७, १६, १८, २४)।

इ. समानान्तरहरु

१. २:१-१२- मत्ती ९:१-८; लूका ५:१२-२६

२. २:१३-७- मत्ती ९:९-१३; लूका ५:२७-३२

३. २:१८-२२- मत्ती ९:१४-१७; लूका ५:३३-३९

४. २:२३-२५- मत्ती १२:१-८; लूका ६:१-५

ई. येशू पितालाई प्रकट गर्न आउनुभयो । यहूदीवादले उहाँलाई नियमहरु र संस्कृतिहरुमा प्रकट गरिएको थियो । येशूले धार्मिक नेताहरुका पूर्वाग्रह र तर्क तिनीहरुसँग मर्कूसमा अभिलेख गरिएको उहाँको विरोधहरु देखाउनुहुन्छ । यी प्रसङ्गहरुले यहूदीबाट र येशूको नयाँ करार स्वतन्त्रताका र सत्य धर्म बीचमा विभेदहरुलाई परिभाषित गर्दछन् ।

१. पाप क्षमा गर्ने येशूको अख्तियार (२:१-१२)

२. उपवासको आवश्यकता (२:१८-२२)

३. शबाथ नियमहरु पालना गर्नुको आवश्यकता (२:२३-२८)

४. विधिवत् नियमहरुको आवश्यकता (७:१-८)

५. विवाह-विच्छेदबारे (१०:२-९)

६. कैसरलाई कर बुझाउने (१२:१३-१७)

७. पुनरुत्थानको प्रकृति (१२:१८-२७)

८. सबैभन्दा ठूलो आज्ञा (१२:२८-३४)

**शब्द र वाक्यांश अध्ययन**

NASB (UPDATED) TEXT :2:1-12

१केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरुले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने । २अनि
यति धेरै मानिसहरु जम्मा भए कि तिनीहरु त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरुलाई परमेश्वरको वचन प्रचार गर्दै हुनुहुन्थ्यो । ३अनि चार जनाले बोकेको
एकजना पक्षाघातीलाई लिएर मानिसहरु उहाँकहाँ आए । ४भीडको कारणले येशूको नजिक त्यस
मानिसलाई पुऱ्याउन नसक्दा तिनीहरुले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए । ५येशूले तिनीहरुको विश्वास देखेर
त्यस पक्षाघातीलाई भन्नुभयो, “ए छोरा, तिम्रा पापहरु क्षमा भए ।” ६तर त्यहाँ केही शास्त्रीहरु
बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, ७“यस मानिसले किन यसरी
बोल्दछ ? यो त ईश्वर निन्दा हो । केवल एक, अर्थात् परमेश्वरले बाहेक अरु कसले पाप क्षमा गर्न
सक्छ ? ८अनि तिनीहरु आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरुलाई भन्नुभयो, “किन तिमीहरु आफ्ना मनमा यस्तो विचार गर्दैछौ ? ९पक्षाघातीलाई तिम्रा
पापहरु क्षमा भए भन्नु कि “उठ, तिम्रो खाट उठाएर हिँड, भन्नु, कुनचाहिँ सजिलो छ ? १०तर
मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरुले जान । तब उहाँको त्यस
पक्षाघातीलाई भन्नुभयो, ११“म तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ र घर जाऊ । १२त्यो उठ्यो,
र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो । त्यहाँसम्म कि, सबैजस्ता आश्चर्य चकित भए, र “हामीले यस्तो त कहिल्यै देखेका छैनौं भन्दै तिनीहरुले परमेश्वरको महिमा गरे ।

**२:१ “कफर्नहुम”** नामको अर्थ “नहुम को गाऊँ” भन्ने हुन्छ । नासरथका मानिसहरुको अविश्वासका कारण, येशूले गालिलीको यो शहरलाई मुख्य शहरका रुपमा रोज्नुभयो ( मत्ती ४:१३)। यो दमासकसदेखि

इजिप्टसम्मको मुख्य सामूहिक मार्गमा अवस्थित थियो । अन्य छलफलका निम्ति Moine F. DeVries द्वारा लेखिएको *Cities of the Biblical world* पृष्ठ २६९-२७५ हेर्नुहोस् ।

- **"भन्ने सुनियो"** येशूको प्रसिद्धिले धेरै मानिसहरु (जसको अर्थ, बिरामी, उत्सुकता, सत्यता खोज्नेहरु, र धार्मिक गुरुहरु) लाई उहाँ कहाँ आएर भेट्ने बनायो । येशूका वचनहरु सँधैजसो श्रोताहरुका विभिन्न समूहहरुतर्फ संकेत गरिन्छन् तर कुनचाहिँ समूहलाई भन्ने चाहिँ प्राय अभिलेख गरिँदैन ।

- **"उहाँ घरमा हुनुहुन्थ्यो"** यो पत्रुसको अथवा मरियमको अथवा भाडाको घर थियो भन्ने अनिश्चित छ ।

२:२ **"धेरै मानिसहरु जम्मा भए"** पूर्वीय समाजहरुमा एउटा खुला ढोकाको अर्थ "भित्र आउनुहोस्" भन्ने हुन्थ्यो अनि तिनीहरु आए ।

- **"ढोकाको बाहिर पनि ठाउँ भएन"** त्यहाँ एउटा सानो पिंढी हुनसक्छ, भएतापनि, यस घरमा धेरै मानिसहरु अट्न सक्दैनथे ।

- **"उहाँले तिनीहरुलाई परमेश्वरको वचन प्रचार गर्दै हुनुहुन्थ्यो"** यो एउटा अपूर्ण कर्तृवाच्य संकेतार्थ हो, जुनचाहिँ (१) एउटा कार्यको सुरुवात वा (२) एउटा कामको दोहोऱ्याइँका रुपमा बुझ्न सकिन्छ । "वचन" ले १:१४-१५ मा उल्लेख गरिएको येशूको सु-समाचारलाई जनाउँछ । उहाँका लक्षणहरु र कामहरु परिवर्तन भए, तर उहाँको सन्देशको मूल आशय उही रह्यो ।

२:३ **"एकजना पक्षाघाती"** यो "कमजोर" र "एकतर्फ" को एउटा संश्लेषण हो । शायद यो एउटा मस्तिष्कघाती, एकतर्फ पक्षाघात भएको हुनसक्दथ्यो । येशूका कार्यहरुको दोहोरो उद्देश्य थियो : (१) यशैया ६१:६ को मसिही अगमवाणी पूरा गर्नु र (२) पापको क्षमा दिएर उहाँको ईश्वरत्व र अख्तियारको घोषणा गर्नु । आत्मिक दृष्टि हुनेहरुका निम्ति यो एउटा स्पष्ट/प्रस्ट संकेत थियो !

२:४ **"छाना खोले"** यसको शाब्दिक अर्थ "उनीहरुले छाना फालिदिए" भन्ने हुन्छ । छानाहरु सडकबाट पुग्न सकिने थिए अनि सँधैं सामाजिक भेलाका ठाउँ हुन्थे । सँधैं जसो ती फराकिला र घाँससितका हाँगाहरु तथा माटोबाट बनेका हुन्थे । लूका ५:१९ मा "छत" छ जसले पिंढीलाई संकेत गरेको हुनसक्छ । तिनीहरुमाथि छानाका टुक्राहरु खसिरहँदा येशूले तिनीहरुलाई सिकाइरहेको बारे के तपाइँ कल्पना गर्न सक्नुहुन्छ ?

- **"खाट"** यो सुत्नका निम्ति प्रयोग गरिने एउटा सानो परालको गुन्द्री थियो ।

२:५ **"तिनीहरुको विश्वास"** येशूले साथीहरु साथै पक्षाघातीको विश्वास देख्नुभयो अनि त्यसैअनुसार काम गर्नुभयो ।

- **"तिम्रा पापहरु क्षमा भए"** यो शायद धार्मिक नेताहरुलाई एउटा आशयपूर्ण संकेत हुनसक्छ जो उपस्थित थिए । येशूले यो मानिसको विश्वासलाई प्रोत्साहन गर्दै हुनुहुन्थ्यो यहूदीहरुले बिरामीपन र पापबीच सम्बन्ध थियो भनेर विश्वास गरे । यहूदीहरुले यो मानिसले उसको पाप उसको पक्षाघातसँग संलग्न थियो भन्ने सोचेको हुनसक्छ (याकूब ५:१५-१६, यूहन्ना ९:२) ।

UBS[4] पुस्तकमा वर्तमान कर्मवाच्य संकेतार्थ छ । केही ग्रीक कृतिहरुसँग पूर्ण कर्मसूचक छ (א,A,C,D,C,W), जुनचाहिँ लूका ५:२० जस्तै छ । जेहोस्, मत्ती ९:२ र MSB सँग वर्तमान कर्म सूचक छ । यी दुई रोजाइमध्ये कुनचाहिँ सठीक हो भनेर रोज्न गाह्रो छ ।

२:६ "शास्त्रीहरु" यिनीहरु मौखिक र लिखित कानुनमा ज्ञाता थिए । तिनीहरु या त (१) येरुशलेमबाट येशूको निगरानी गर्न पठाइएका सरकारी दूत थिए अथवा (२) शहरका मानिसहरुका निम्ति यहूदी परम्पराका स्थानीय व्याख्यानकर्ताहरु थिए । तिनीहरु घरभित्र पस्नलाई पहिल्यै आएको हुनुपर्छ वा तिनीहरुको सामाजिक अवस्थाले पहिल्यै आएको हुनुपर्छ वा तिनीहरुको सामाजिक अवस्थाले गर्दा तिनीहरु अगाडि बढ्ने अनुमति पाउने आशा गरे । १:२२ मा शास्त्रीहरु भन्ने मुख्य शीर्षक हेर्नुहोस् ।

- **NASB, NKJV "विचार गरिरहेका थिए"**

  **NRSV "प्रश्न गरिरहेका थिए"**

  **TEV, NJB "तिनीहरुले सोचे"**

के येशूले आफ्नो ईश्वरत्वको अर्को प्रमाण देखाउँदै तिनीहरुको विचारहरु पढ्नुभयो (१ शामुएल १६:७; भजन सङ्ग्रह ७:९; १३९ : १-४; हितोपदेश १६:२; २१:२; २४:१२; यर्मिया ११:२०; १७:१० २०:१२; लूका १६:१५; प्रेरित १५:८; हिब्रू ४:१२) अथवा के उहाँले तिनीहरुको अनुहारको अभिव्यक्ति हेरेर तिनीहरुको परम्परा जान्नुभयो भन्ने प्रश्न हो ।

यो आफैं (पद ८) अर्को ईश्वरशास्त्रीय चिन्ह हुनसक्छ । धर्मगुरुहरुले यशैया ११:३ लाई मसीहले मानिसहरुका विचारहरुलाई छुट्याउन गर्नसक्ने रुपमा व्याख्या गर्नुभयो ।

विशेष शीर्षक : हृदय

Septuagint र NT मा हिब्रू शब्द lēb लाई जनाउनलाई ग्रीक शब्द kardia प्रयोग गरिन्छ (BDB ५२३)। यो धेरै तरिकामा प्रयोग गरिएको छ (Bauer, Arndt, Gingrich र Danker, A Greek-English Lexicon, पृष्ठ ४०३-४०४)

१. भौतिक जीवनको केन्द्र, व्यक्तिको निम्ति अलङ्कार (प्रेरितहरु १४:१७; २ कोरिन्थी ३:२-३; याकूब ५:५)

२. आत्मिक जीवनको केन्द्र (जसको अर्थ, नैतिक)

   अ. परमेश्वरले हृदय जान्नुहुन्छ (लूका १६:१५; रोमी ८:२७; १ कोरिन्थी १४:२५; १ थेसलोनिकी २:४; प्रकाश २:२३)

   आ. मानवजातिको आत्मिकी जीवनको प्रयोग (मत्ती १५:१८-१९; १८:३५; रोमी ६:१७; १ तिमोथी १:५; २ तिमोथी २:२२; १ पत्रुस १:२२)

३. सोचाइ जीवनको केन्द्र (जसको अर्थ, बिद्वता, मत्ती १३:१५; २४:४८; प्रेरित ७:२३; १६:१४; २८:२७; रोमी १:२१; १०:६; १६:१८; २ कोरिन्थी ४:६; एफिसी १:१८; ४:१८; जकरिया १:२६; २ पत्रुस १:१९; प्रकाश १८:७;२ कोरिन्थी ३:१४-१५ र फिलिप्पी ४:७ मा हृदय मष्तिस्कसित पर्यायवाची छ ।

४. इच्छा शक्तिको केन्द्र (जसको अर्थ इच्छा, प्रेरितहरु ५:४; ११:२३; १ कोरिन्थी ४:५; ७:३७; २ कोरिन्थी ९:७)

५. संवेगहरुको केन्द्र (मत्ती ५:२८; प्रेरित २:२६, ३७; ७:५४; २१:१३; रोमी १:२४; २ कोरिन्थी २:४; ७:३; एफिसी ६:२२; फिलिप्पी १:७)

६. आत्मिक क्रियाकलापको विशेष स्थान (रोमी ५:५;२ कोरिन्थी १:२२; गलाती ४:६ (जसको अर्थ, खीष्ट हाम्रो हृदयभित्र, एफिसी ३:१७))

७. पूर्ण व्यक्तिलाई संकेत गर्ने एउटा तरिका हृदय हो (मत्ती ३२:३७, व्यवस्था ६:५ लाई लिँदा) । सोंचाइहरु, उद्देश्यहरु र हृदयलाई व्याख्या गर्ने क्रियाहरुले व्यक्तिको व्यक्तित्वलाई पूर्णरुपले प्रकट गर्दछन् । ती शब्दहरुका पूरानो करारमा केही विशेष प्रयोगहरु छन् ।

   अ. उत्पत्ति ६:६; ८:२१ "परमेश्वर मनमा साह्रै दुखित हुनुभयो होशे ११:८-९ पनि हेर्नुहोस् ।

   आ. व्यवस्था ४:२९:६:५, "तिमीहरुका सारा हृदय र प्राणले"

   इ. व्यवस्था १०:१६ "हृदयको खतना" र रोमी २:२९

   ई. इजकिएल १८:३१-३२, "नयाँ हृदय"

   उ. इजकिएल ३६:२६, "नयाँ हृदय" र ढुङ्गाको हृदय"

**२:७ "उसले ईश्वर निन्दा गर्दैछ"** ईश्वर निन्दको सजाय ढुङ्गाले हानेर मार्नु थियो (लेबी २४:१६)। येशू उहाँ परमेश्वर नहुँदासम्म यस आरोपको दोषी हुनुहुन्थ्यो । येशूले पापको क्षमा गर्नु पनि परमेश्वरको अस्पष्ट रुपमा दावी गर्नु वा ईश्वरीय सामर्थ्य र अख्तियारको प्रतिनिधित्व गर्नु हो ।

- **"परमेश्वर बाहेक अरु कसले पाप क्षमा गर्न सक्छ"** क्षमा र विश्वासको येशूको सन्देश (१:१४-१५) सम्पूर्ण मानिसहरुको पापको मान्यतामा अगमवाणी गरियो । पुरानो करारमा मानिसहरु पनि रोमी ३:९-१८) । पाप गम्भीर हुन्छ अनि यसको क्षणिक असरमात्र हुँदैन कि अनन्त विनाशकारी पक्ष समेत हुन्छ । पाप, अनि यसको सामर्थ्य र परिणाम नै येशू आउनुको कारण हो । (१०:४५, २ कोरिन्थी ५:२१)।

परमेश्वरले मात्र पाप क्षमा गर्न सक्नुहुन्छ किनभने प्रथमतः पाप उहाँ विरुद्धमा नै हुन्छ (उत्पत्ति २०:६, ३९:९; २ शमूएल १२:१३; भजन ४१:४; १५:४)।

यशैयाको पुस्तक मर्कूसको सु-समाचारमा दोहोरिइरहने प्रसङ्ग (वा अलङ्कार) भएकोले यहाँ यशैयामा केही पदहरु छन् जसले नयाँ युग र क्षमासित सम्बन्ध राख्छ : १:१८; ३३:२४; ३८:१७; ४३:२५; ४४:२२( यो अर्को मसिही चिह्न हो ।

२:८, १२ "तुरुन्तै" १:१० मा टिप्पणी हेर्नुहोस् ।

- **"येशूले थाहा पाएर"** पद ७ मा टिप्पणी हेर्नुहोस् ।

- **"उहाँको आत्मामा"** नयाँ करारको ग्रीक Uncial पाण्डुलिपीमा निम्नलिखित कुराहरु छैनन् ।

१. वचनहरु बीचको रिक्त स्थान

२. लेख्य चिह्नहरु

३. ठूला अक्षरमा लेखिएको (सबै अक्षरहरु ठूला अक्षरहरुमा थिए)

४. पदहरु र अध्याय विभाजनहरु

त्यसकारण, सन्दर्भले मात्र ठूला अक्षरको आवश्यकता निर्धारण गर्छ । प्रायजसो ठूला अक्षरहरु

१. ईश्वरका नाम

२. ठाउँका नामहरु

३. व्यक्तिवाचक नामहरु आदि जनाउन प्रयोग गरिन्छन् ।

"आत्मा" भन्ने शब्दले -

१. पवित्र आत्मा (१:५)

२. मानवताको सचेत व्यक्तिगत पक्ष (८:१२; १४:३८)

३. आत्मिकी राज्यको कुनै अस्तित्व (अशुद्ध आत्मा; १:२३) लाई जनाउन सक्छ ।

यस सन्दर्भमा यसले येशूलाई एक व्यक्तिका रुपमा जनाउँछ ।

मैले व्यक्तिगत रुपमा मानिससँग तीन पक्षहरु (१ थेसलोनिकी ५:२३ मा आत्मा, प्राण र शरीर) हुन्छन् भन्ने परमेश्वरीय धारणा इन्कार गर्दछु । प्राय यो धारणालाई जोड दिनेहरुले यो ईश्वरशास्त्रीय मान्यतालाई हर्मन्यूटिकल सिद्धान्तमा पल्टाउँदछ जसद्वारा सम्पूर्ण बाइबलीय पुस्तकहरु व्याख्या गरिएका छन् । यी वस्तुवर्गहरु गोप्य बन्दछन् । जसद्वारा परमेश्वरले मानिसहरुसँग सम्बन्ध स्थापना गर्नुहुन्छ । मानिसहरु जीवित प्राणी हुन् (उत्पत्ति २:७)। मानिस-जातिको त्रिपक्षीय, द्विपक्षीय वा एकताको रुपमा सिद्धान्तहरुको एउटा राम्रो सारांशका निम्ति Frank Stagg को *Polarities of Man's Existence in a Biblical Perspective* र Millard J. Erickson को *Christian Theology* (दोस्रो प्रकाशन) पृष्ठ ५३८-५५७ हेर्नुहोस् ।

**२:९, ११ "उठ, तिम्रो खाट उठाएर हिँड"** यी दुई एवरिष्ट आज्ञार्थक साथसाथै वर्तमान आज्ञार्थक हुन् । यो एउटा उदाहरणीय अति अतुलनीय चँगाई थियो । तीन कारणहरुले गर्दा यसो गरियो ।

१. कारण येशूले आवश्यक परेका मानिसको हेरचाह गर्नुभयो अनि उसको र उसका साथीहरुको विश्वासलाई पुरस्कृत अनि उसको र उसका साथीहरुको विश्वासलाई पुरस्कृत गर्नुभयो ।

२. चेलाहरुलाई सु-समाचार सिकाउन सुचारु गर्न किनकी यो उहाँको व्यक्ति र कामसित सम्बन्धित छ ।

३. धर्मगुरुहरुसित को कुराकानी र विरोधलाई सुचारु गर्न,

यी धर्मगुरुहरुसित दुईटा मात्र विकल्प छन् : उहाँमा विश्वास गर्नु अथवा उहाँको क्षमता र अख्तियारको व्याख्या गर्नु ।

**२:१० "मानिसको पुत्र"** यो पुरानो करारदेखि नै एउटा विशेषणीय वाक्यांश थियो । इजकिएल २:१ र भजन ८:४ मा यो "मानिस जाति" को वास्तविक शाब्दिक अर्थका रुपमा प्रयोग गरिन्थ्यो । जे भएपनि, दानिएल ७:१३ मा यसलाई एक अनौठो सन्दर्भमा प्रयोग गरियो जसले मृत्यु अनि इन्साफको राजकीय उपाधिद्वारा सम्बोधन गरिएका मानिसका देव र मानवतालाई संकेत गर्दथ्यो ।

(मर्कूस ८:३८; ९:९; १३:२६; १४:२६) किनकी यो उपाधि धर्मगुरुहरुका यहूदीवादको प्रयोग नगरेका हुनाले अनि त्यसैकारण राष्ट्रियतावाद, निषेधितवाद, सैन्यवाद, संकेतार्थहरुमध्ये कुनैलाई पनि येशूले उहाँको दोहोरो स्वभाव, पूर्ण मानिस अनि पूर्व ईश्वरीय कुराहरु दुवै अदृश्य अनि प्रकाशमा आएको सिद्ध उपाधिको रुपमा चुन्नुभएन ।

(१ यूहन्ना ४:१-३)। यो उहाँको रुचिको आफ्नै योजना थियो । मर्कूसमा यो तेह्र पटक प्रयोग गरिएको छ । (सँधै जसो येशूको विभिन्न यातनाहरुको सम्बन्धमा, ८:३१; ९:१२; ३१; १०:३३, ४५; १४:२१, ४१)

"पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ" येशूले यी शास्त्रीहरुलाई साक्षी गराउने उद्देश्यले यो चमत्कार गर्नुभयो । यो अधिकारको प्रसङ्ग (अर्थात्, *Exousia*) प्रमुख प्रसङ्ग हुनेछ । उनीहरुले उहाँको अधिकारलाई इन्कार गर्न सक्दैनन्, त्यसैकारण उहाँको शक्ति र अधिकार सुरुमा शैतानिक र दुष्ट छ भनेर उनीहरुले जोड दिनेछन् (मत्ती १०:२५; १२:२४-२९; लूका ११:१४-२२)

**२:१२ "सबैजना आश्चर्य चकित भए"** चंगाईका कारण यसो भएको थिएन ; उहाँलाई उनीहरुले पहिल्यै त्यसो गरेको देखेका थिए ; तर पापको क्षमा दिएका कारण ! तिनीहरु (शास्त्रीहरु र फारिसीहरु) का आफ्ना चिन्ह थिए । येशूले प्रस्ट रुपमा उहाँको क्षमता र अधिकार देखाउनुभयो । यस अवस्थामा पनि यी गुरुहरु "महिमित परमेश्वर" थिए ।

## NASB (UPDATED) TEXT : 2:13-14

१३उहाँ फेरि एकपल्ट समुद्रको किनारामा जानुभयो । अनि मानिसहरुको एउटा ठूलो भीड उहाँकहाँ आयो, र उहाँले तिनीहरुलाई शिक्षा दिनुभयो । १४त्यसपछि जाँदै गर्दा उहाँले अल्फयासका छोरा लेवीलाई कर उठाउनेहरुको ठाउँमा बसिरहेको देख्नुभयो र तिनलाई भन्नुभयो, "मेरो पछि लाग", तिनी उठेर उहाँको पछि लागे ।

**२:१३ "मानिसहरुको एउटा ठूलो भीड उहाँकहाँ आयो र उहाँले तिनीहरुलाई शिक्षा दिनुभयो"** यी दुई अपूर्वकालका क्रियापदहरु हुन् । येशूसँग सँधै सु-समाचार सिकाउने र मानिसहरुको हेरविचार गर्ने समय हुन्थ्यो । यसैकारण उहाँलाई सामान्य मानिसहरुले अति नै मन पराउँथे । उहाँ न्यायकर्ता, बहिष्कारवादी, धर्मगुरुहरुभन्दा अति नै फरक हुनुहुन्थ्यो । २:१४ "लेवी" हिब्रू भाषामा लेवीको अर्थ "साथी" भन्ने हुन्छ । यो इस्राएलको पूजाहारी जातिको नाम थियो । येशूले यस मानिसको नाम "मत्ती" मा परिवर्तन गर्नुभएको हुनसक्छ । जसको अर्थ "YHWH को वरदान" (३:१८; मत्ती ९:९) अथवा पावल जस्तै हुन्छ, उसका बाबुआमाले जन्ममा उसलाई दुईवटा नामहरु दिए ।

- **"कर उठाउनेहरुको ठाउँमा बसिरहेका"** यहूदी जनसंख्याले कर उठाउने पेशालाई मन पराउँदैनथे । किनभने यो रोमी अधिकारीद्वारा लिइएको थियो । कर उठाउनेहरुले सम्पूर्ण समानहरुमा रोमका निम्ति एउटा निश्चित कर लेवी तिर्नुपर्थ्यो । हेरोद एन्तिपासले पनि उठेको करको केही रकम प्राप्त गर्दथ्यो । उनीहरुले जम्मा गरेको करमध्ये बढी रकम, उनीहरुले आफ्नो

तलबका रुपमा राख्थे । कर उठाउनुलाई ठगीको घटनाका रुपमा टिप्पणी गरिन्थ्यो । लेवीले शायद माछा निर्यातहरुमा कर उठाइरहेका थिए ।

- **"मेरो पछि लाग"** यो एउटा वर्तमान कर्तृवाचक आज्ञार्थक हो । चेलापनको लागि गरिएको यो एउटा आधिकारिक बोलावट थियो (१:१७, २०) । यो सम्भिmनुपर्दछ कि धर्मगुरुहरुले चेलाहरुलाई व्यवस्थामा बाँध्न भन्नुभयो तर येशूले उनीहरुलाई उहाँको पछि लाग्न भन्नुभयो ( मोशाका नियमहरुमा मानव नमानिने (अर्थात्, Talmud), येशू नै मुक्तिको बाटो हुनुहुन्छ । पश्चाताप गर्नु मोशाको व्यवस्था मान्नु होइन तर YHWH को मसीह, येशूतर्फ फर्कनु हो । येशूले व्यवस्था अस्वीकार गर्नुभएन तर आफैंलाई परम्परागत ठाउँमा र यसको एकमात्र राम्रो व्याख्यामा राख्नुभयो । (मत्ती ५:१७-४८)। मुक्ति एक व्यक्ति हो, भाषाको अभिव्यक्ति वा विश्वास मात्र होइन । यो विषय नै येशू धर्मगुरुहरुसित द्वन्द्व आउनुको उद्देश्य हो ।

Robert H. Stein ले आफ्नो पुस्तक *The method and message of Jesus' Teachings* मा यो भनाइ बारेमा एउटा राम्रो बुँदा लेखेका छन् ।

"पूर्णतावाद" भन्ने पदावलीको धेरै नराकारत्मक अर्थहरु भएतापनि, Archibald M. Hunter को यस पदको प्रयोग सही छ अनि येशूले आफ्ना चेलाहरुको पूर्ण समर्पणता व्याख्या गर्नुहुन्छ । हरेकको मुखमा येशूले गरेका कुराहरु कुल अहम्वादीको प्रमाण स्वरुप देखिन्छन्, किनकी येशूले स्पष्टरुपमा संकेत दिनुहुन्छ कि पूरै संसार उहाँमा परिक्रमा गर्दछ अनि सम्पूर्ण मानिसको भाग्य उहाँको स्वीकार वा अस्वीकारमा भर पर्दछ । येशूका अनुसार, मानिसको भाग्य उनैमा केन्द्रित हुन्छ । उहाँलाई अस्वीकार गर्नु भनेको अनन्त न्याय हो; उहाँलाई स्वीकार गर्नु भनेको परमेश्वरलाई स्वीकार्नु हो । येशूले दाबी गर्नुहुन्छ, मुक्ति र इतिहासको जड उहाँ नै हो । उहाँको आज्ञा पालन गर्नु नै बुद्धिमानी हुनु र नाश नहुनु हो; किनकी उहाँका वचनहरु मात्र निश्चित आधार हुन् जसमाथि निर्माण गरिनुपर्छ (मत्ती ७:२४-२७) (पृष्ठ ११८) ।

## NASB (UPDATED) TEXT: २:१५-१७

१५उहाँ लेवीको घरमा भोजन गर्न बस्नुहुँदा कर उठाउने धेरै जना र पापीहरु पनि येशू र उहाँका चेलाहरुका साथमा बसिरहेका थिए । किनकी उहाँलाई पछ्याउनेहरु धेरै थिए । १६उहाँ पापीहरु र कर उठाउनेहरुसँग खाइरहनु भएको देखेर फारिसी दलका शास्त्रीहरुले उहाँका चेलाहरुलाई भने, "तिनी किन कर उठाउनेहरु र पापीहरुसँग बसेर खान्छन् ?" १७यो सुनेर येशूले तिनीहरुलाई भन्नुभयो "निरोगीहरुलाई वैद्यको खाँचो पर्दैन, तर रोगीहरुलाई मात्र पर्छ । म धर्मीहरुलाई होइन, तर पापीहरुलाई बोलाउन आएको हुँ ।"

**२:१५ "उहाँ लेवीको घरमा भोजन गर्न बस्नुहुँदा"** यो लेवीको घर थियो (लूका ५:२९) । येशूले तिनीहरुसित धार्मिक कुराकानी सुरु गर्ने एउटा माध्यम बनाउनलाई धर्मी र सामाजिक मानिसहरुसित सँगै खानुभयो । तिनीहरुले उहाँलाई पछ्याए किनभने उहाँले अन्य स्व-धार्मिक यहूदी गुरुहरुभन्दा फरक तरिकाले काम गर्नुहुन्थ्यो । प्राचीन निकटपूर्वीमा भोजन गर्नु एउटा विशेष कार्य थियो जसले मित्रता र स्वीकार गर्नु भन्ने जनाउँथ्यो । उनीहरु एउटा होचो घोडाको खुर आकारको टेबलमा खुट्टा पछाडि पार्दै बायाँपट्टि भुकेका हुनसक्छन् । (J. Jeremias द्वारा उनको पुस्तक *The Eucharistic words of Jesus* मा यसलाई चुनौती गरिएको छ । उनले जोड दिन्छन् कि यहूदीहरुले Mediterranian

परम्पराहरुको झुक्ने रीति भोजका दिनहरु बाहेकमा पालना गर्दैनन्) । पूर्वमा भोजमा निमन्त्रणा नगरिएकाहरु भोजन गरेका क्षेत्रमा आउन सक्थे अनि ढोका, झ्याल वा पर्खालहरु नजिक उभिएर तिनीहरुको कुराकानी सुन्न सक्थे ।

यस सन्दर्भमा मृत्यु र न्यायको चिह्नवादलाई कतिसम्म पढिनुपर्छ भनेर कसलाई आश्चर्य लाग्न सक्छ । के यो भोजहरुलाई समेट्ने मसिही भोजको भविष्यवाणी हो ? "मत्ती ८:११; लूका १३:२९ सम्भवत प्रतिविम्वित यशैया ५९:१५-२१) ? यदि हो भने, तब त्यहाँ ईश्वरशास्त्रीय अन्तर्दृष्टि छ कि येशूसँगको सांसारिक सङ्गतीले मृत्यु र न्यायको राज्यका सङ्गतीलाई प्रतिविम्वित गर्दछ । पापीहरु अहिले अनि अनन्ततामा मिल्दछन् । सम्पूर्ण पापीहरुलाई स्वागत गरिन्छन् । (अनि सबै पापीहरु पूरानो करार प्रतिज्ञाका मानिसहरु पनि, रोमी ३:९-१५)

- **"पापीहरु"** यसले तिनीहरुलाई जनाउँदछ जसले मौखिक परम्परा छ (जसको अर्थ Talmud) को सम्पूर्ण विवरणहरु राखेनन् । तिनीहरु सधैं "जमिनका मानिसहरु" का रुपमा नकारात्मक अर्थमा जनाइन्थे । तिनीहरु सभाघरमा पूर्णरुपमा स्वागत गरिँदैनथे ।

- **"अनि उहाँका चेलाहरु"** यी चुनिएका मानिसहरु येशूका सम्पूर्ण वचन अनि कामहरुप्रति जानकार थिए । वास्तवमै तिनीहरु उनीहरुका निम्ति नै थिए । उनीहरुले संसारलाई नै येशूलाई अभिलेख गरेर व्याख्या गर्थे ।

- **"किनकी उहाँलाई पछ्याउनेहरु धेरै थिए"** व्याकरण अस्पष्ट छ तर उहाँका चेलाहरुलाई होइन कि पापीहरुलाई संकेत गर्नेजस्तो देखिन्छ ।

**२:१६ "फारिसी दलका शास्त्रीहरु"** शास्त्रीहरु कुनै राजनैतिक/धार्मिक दलका थिएनन्, यद्यपि येशूका समयमा तिनीहरुमध्ये धेरैजसो फारिसीहरु थिए । फारिसीहरु यहूदीवादको एउटा झूण्ड थिए जुनचाहिँ मक्काबीहरुको विकास भयो । उनीहरु अति नै कट्टर अनि असल धर्मीहरु थिए जसले मौखिक परम्पराहरु (अर्थात्, Talmud) लाई राम्ररी पालना गर्थे ।

**विशेष शीर्षक : फारिसीहरु**

क. यस शब्दको तलमध्येका एउटा सुरुवात थियो :

अ. "अलग हुनु" । यो समूह मक्काबी अवधिमा विकसित भयो । (यो सबैभन्दा बढी ग्रहण गरिएको विचार हो ।)

आ. "विभाजित हुनु" यो उही हिब्रू जातिको अर्को अर्थ हो । कसैले यसको अर्थ व्याख्यान्कर्त्ता हुन्थ्यो भनेर भन्दछन् (२ तिमोथी २:१५)।

इ. "पर्सियन" । यो उही आरामिक जातिको अर्को अर्थ हो । फारिसीहरुका केही सिद्धान्तहरु Persian Zoroastrian दोहोरावादसित धेरै नै समान छन् ।

आ. तिनीहरु *Hasidim* (धर्मीजन) बाट मक्काबी युगको अवधिमा विकसित भए । Essenes जस्ता धेरै समूहहरु Antiochus IV Epiphanes तर्फ anti-Hellenistic फारिसीहरु सर्वप्रथम Josephus को *Antiquities of the Jews* ८, ५, १-३ मा उल्लेख गरिएका छन् ।

इ. तिनीहरुका मुख्य सिद्धान्तहरु

क. मसिह आउँदै हुनुहुन्छ भन्नेमा विश्वास, जुनचाहिँ पहिलो Enoch जस्तै अन्तर बाइबलीय यहूदीवाद विध्वंसकारी साहित्यद्वारा प्रभावित थियो ।

ख. दैनिक जीवनमा परमेश्वरको सक्रियता । यो सदूकीहरुभन्दा प्रत्यक्ष रुपमा उल्टो थियो । धेरै फारिसीहरुका सिद्धान्तहरु सदुकीहरुका सिद्धान्तहरुसँग ईश्वरशास्त्रीय विरोधपूर्ण थिए ।

ग. पृथ्वीको जीवनमा आधारित भौतिक स्वरुपको पुनर्जीवन जुनचाहिँले पुरस्कार र दण्ड समावेश गर्थ्यो ।

घ. पूरानो करार र मौखिक परम्पराहरु (*Talmud*) को अख्तियार । उनीहरु परमेश्वरका पूरानो करारका निर्देशनहरुप्रति आज्ञाकारी थिए जसरी धर्मगुरुहरुका विज्ञहरुद्वारा व्याख्या गरिएका र लागू गरिएका थिए । (Shammai र Hillel, उदारवादी)

दुई बेग्लै दर्शनशास्त्रहरु, एउटा पूरातनवादी एउटा उदारवादी बीचको वार्तालापमा आधारित थियो । धर्मशास्त्रका अर्थसम्बन्धी यी मौखिक छलफलहरु अन्तिममा palestinian Talmud । मोशाले सीनै पर्वतमा यी मौखिक व्याख्याहरु प्राप्त गरेका थिए भनेर उनीहरुले विश्वास गर्थे । यी छलफलहरुको ऐतिहासिक सुरुवात Ezra र "महान् सभाघर" का मानिसहरुसित सुरु भयो (पछि Sanhedrin भनियो)।

ङ. अति विकसित स्वर्गदूतशास्त्र यसले दुवै असल र दुष्ट आत्मिक अस्तित्वलाई समेट्यो । यो पर्सियाको दोहोरोवाद र बाइबलबीचको यहूदी साहित्यबाट विकसित भयो ।

**२:१६ "उहाँले पापीहरुसँग खाइरहनुभएको थियो"** यो यदाकदा होइन, सधैं भएको क्रियाकलाप हुनुपर्छ ( लूका ५:२९; ७:३४; १५:१-२)। यो स्व-धार्मिक धर्मी-सम्भ्रान्तहरुलाई अति आघातको विषय थियो ।

**२:१७ "रोगीहरु"** तिनीहरुलाई विश्वासको निमित्त एउटा आवश्यकता थियो अनि येशू तिनीहरुका साथी अनि घाउ निको पार्ने व्यक्ति हुनुहुन्थ्यो (लूका ७:३४; १९:१०)।

- "म धर्मीहरुलाई होइन तर पापीहरुलाई बोलाउन आएको हुँ" यो ७:१९ जस्तै व्यङ्ग्यात्मक, सम्भवत् व्यङ्ग्यात्मक भनाइ हो । धर्म गुरुहरु धर्मी थिए (मत्ती ५:२०) अनि तिनीहरुलाई पश्चातापको आवश्यकता पर्ने थिएन भन्ने कुरालाई लुकाउनका निम्तिको भनाइ थिएन तर कि येशूको सन्देश (१:१४-१५) जसले आफ्नै आत्मिक आवश्यकता अर्थपूर्ण ठाने तिनीहरुप्रति बढी अनुरोध पूर्व थियो (२:१७, २१, २२, २७, ३; ४:२१, २२,, २५; ७:१५; ८:३५, ३६, ३७; ९:४०, ५०; १०: २५, २७, ३१, ४३-४४)। लूका समानान्तर (५:२२) अनि Byzantine पाठहरुलाई पछ्याउँदै The Textus Receptus ले "पश्चाताप गर्नु" लाई यस पदको अन्तमा थप्दछ, तर यस भिन्नतालाई सम्भवत् UBS[4] को आलोचक उपकरणमा समेत समावेश गरिएन । येशूले आफ्ना सिकाइमा सधैंजसो उखानरुपी भनाइहरु प्रयोग गर्नुहुन्छ । आँखाले देखेको सोंच्नेहरु भन्दा बढी अन्धो कोही पनि हुँदैन !

NASB (UPDATED) TEXT: २:१८-२०

१८यूहन्नाका चेलाहरु र फारिसीहरु उपवास बस्तथे । मानिसहरुले आएर उहाँलाई भने, “यूहन्नाका चेलाहरु र फारिसीका चेलाहरु उपवास बस्तछन्, तर तपाइँका चेलाहरु किन उपवास बस्दैनन् ?” १९येशूले तिनीहरुलाई भन्नुभयो, “के दुलहा तिनीहरुका साथमा रहुन्जेल जन्तीहरु उपवास बस्छन् र ? जहिलेसम्म दुलाहा तिनीहरुका साथमा हुन्छन् । तिनीहरु उपवास बस्दैनन् । २०तर समय आउनेछ, जब दुलाहा तिनीहरुबाट अलग गराइनेछन्, तब तिनीहरु त्यस दिन उपवास बस्नेछन् ।

**२:१८-२० “उपवास बस्नु”** फारिसीहरु र यूहन्नाका चेलाहरु हप्ताको दुईचोटि, सोमबार र बिहीबार उपवास बस्नलाई परम्पारिकरुपमा बाध्य थिए । मोशाको व्यवस्थामा वर्षको एक दिन, प्रायश्चितको दिन, उपवास बस्ने दिन थियो । ती हप्ताको दुईपटक उपवास बस्ने विकसित परम्परावादको एउटा असल उदाहरण हो । जब उपवास छलफलको विषय बन्दछ अनि यसले ध्यान खिँच्दछ तब यसको आत्मिक महत्त्व घटाउँछ ।

**विशेष शीर्षक : उपवास**

नयाँ करारमा कहिल्यै नअह्राइए पनि येशूका चेलाहरुका निम्ति उपवास बस्नु उपयुक्त समय ठानिन्थ्यो (मत्ती ६:१६, १७; ९:१५; मर्कूस २:१९; लूका ५:३५)। यशैया ५८ मा उपयुक्त उपवासबारे व्याख्या गरिन्छ । येशूले आफैं सुरुवात गर्नुभयो । सुरुको मण्डलीले उपवास बस्यो (प्रेरित १३:२-३; १४:२३; २ कोरिन्थी ६:५; ११:२७)। उद्देश्य र तरिका महत्त्वपूर्ण छन्; समय; लम्बाइ अनि बारम्बारता ऐच्छिक हुन् । नयाँ करार विश्वासीहरुलाई पूरानो करार उपवास आवश्यकता होइन (प्रेरित १५:१९-२९) उपवास बस्नु कसैको आतिमकता बाहिर देखाउनु होइन तर परमेश्वरको नजिक हुनु अनि उहाँको सहयोग खोज्नु हो । यो आत्मिक रुपले सहयोगी बन्न सक्छ ।

सुरुका मण्डलीको सन्यासप्रतिको प्रवृतिहरुले गर्दा शास्त्रीहरुलाई विभिन्न अनुच्छेदहरुमा “उपवास” उल्लेख गर्नुपर्‍यो (जुनचाहिँ मत्ती १७:२१; मर्कूस ९:२९; प्रेरित १०:३०; १ कोरिन्थी ७:५)। यी प्रश्नसहितका पुस्तकहरुमा अझ धेरै जानकारीका निम्ति United Bible Societies द्वारा प्रकाशित Bruce Metzger को *Textual Commentary on the Greek New Testament* भन्ने पुस्तक सम्पर्क राख्नुहोस् ।

- **NASB, NKJV** **“तिनीहरु आए”**

  **NRSV** **“मानिसहरु आए”**

  **TEV, NJB** **“केही मानिसहरु आए”**

यूहन्नाका चेलाहरु र फारिसीहरु केही दिनका लागि उपवास बस्तथे भन्ने जनाउँदै पद १८ सुरु हुन्छ । केही अरुहरुले यसको टिप्पणी लेखे र आए अनि यस समयमा उहाँका चेलाहरुले किन उपवास बसेनन् भनी येशूलाई सोधे ।

२:१९ व्याकरणीय रुपले यो प्रश्नले एउटा नकारात्मक जवाफको आशा गर्दछ ।

- **"दुलाहा"** "दुलहा" को अवधारणमा धेरै पूरानो करारका चित्रहरु प्रयोग गरिएको छ । पूरानो करारमा YHWH नै इस्राएलको दुलाहा वा श्रीमान् हुन् । यस सन्दर्भमा येशू दुलहा हुनुहुन्छ र मण्डली दुलही हो (एफिसी ५:२३-३२)। पृष्ठ २० मा "दुलहा अलग गराइन्छन्" ले अलग हुने समयलाई संकेत गर्दछ ।

अब, व्याख्याकारसँग दुईटा रोजाइहरु छन् । पहिलो, हामीले यसलाई एउटा विवाहसित जोडिएको हर्षको समयका बारेको एउटा साँस्कृतिक अलङ्कारका रुपमा हेर्न सक्छौं । विवाह अवधिमा कसैले पनि उपवास बस्दैन ! दोस्रो, हामीले यसलाई पृथ्वीमा येशूको बेला र उहाँको आउने क्रूसीकरणको दृष्टान्तका रुपमा हेर्न सक्छौं । मर्कूस (पत्रुसका व्याख्याकार) ले यी आलङ्कारिक पदहरुको पूर्ण प्रयोगलाई जानेका हुनसक्छन् (यहूदीवादमा दुलही एउटा अलङ्कार थियो, मसिहको होइन, तर परमेश्वरको राज्यको आगमनको) । के यो येशूको मृत्युको भविष्यवाणी हो त ? उहाँले स्पष्टरुपमा आफ्नो मसीह रुप र देव उहाँका वचनहरु र कामहरु मार्फत् प्रकट गर्नुभएको छ (जसको अर्थ, भूत धपाउने काम, चङ्गाईहरु, पापहरुको क्षमा दिनु)। जे भएपनि, मर्कूसको मसिही रहस्यले सबैलाई आश्चर्यचकित पार्दछ । तर पद २१-२२ को दृष्टान्तिक भाषा र यसको संकेतले मलाई सारा सन्दर्भलाई उत्साहजनक, तर पनि मृत्यु र इन्साफको दृश्य देख्ने बनाउँछ (जस्तो कि; दुलाहा मर्छ तर परमेश्वरको पुत्र फर्कनुहुन्छ अनि रहनुहुन्छ । मृत्यु र आगमनको माभमा (मसिही भोज) उहाँका चेलाहरुले एक उपयुक्त समय अनि एक उपयुक्त तरिकामा उपवास बस्नेछन् ।

**२:२० "अलग गराइनेछन्"** यो *Septuagint* मा यशैया ५३:८ प्रति एउटा संकेत हुनसक्छ । क्रूसीकरण, पुनरुत्थान अनि स्वर्गारोहण पछि पत्रुसले यशैया ५३ को महत्त्व पूर्णरुपमा बुझेका थिए ।

- "तिनीहरु उपवास बस्नेछन्" यो एउटा भविष्यत् कर्तृवाच्यसूचक (तथ्यको एउटा भनाइ) हो, आज्ञार्थक (आदेश) होइन ।

## NASB (UPDATED) TEXT : २ : २१-२२

२१"कसैले पूरानो लुगामा नयाँ कपडाको टालो हाल्दैन, नत्रता टालेको कपडा फाटिनिस्कन्छ, अर्थात् नयाँ पुरानोबाट फाटेर निस्कन्छ, र फटाइ झन् नराम्रो हुनेछ । २२अनि कसैले नयाँ दाखमद्य पुरानो छालाको मशकमा हाल्दैन, नत्रता त्यस दाखमद्यले छालाका मशकहरु फुटाइदिन्छ, र दाखमद्य र मशक पनि नष्ट हुन्छन् । तर नयाँ दाखमद्यचाहिँ नयैं भाँडामा हालिन्छ ।"

२:२१ यसले एउटा उक्तितर्फ उन्मुख परम्पारिक सत्यतालाई बिम्वित गर्दछ ।

**२:२२ "छालाको मशक"** यसले तरलको भाँडाको रुपमा प्रयोग हुनलाई छालालाई अनुमति दिनलाई बाखाहरुको छाला निकालिएको सङ्केत गर्दथ्यो । यी नयाँ रुपमा तानिएका छालाहरुका लचकदार गुणहरु थिए । जब यी छालाहरु पुराना भए, नयाँ दाखमद्यको निर्माण प्रक्रिया र बिस्तारले तिनीहरुलाई विभाजित गरायो । येशूका अन्तर्दृष्टिहरु र सुधारहरु ग्रहण गर्न यहुदीवाद येशूका अन्तर्दृष्टिहरु र सुधारहरु ग्रहण गर्न यहूदीवाद असक्षम थियो अनि त्यसकारण, यसलाई निरर्थक बनाइन गइरहेको नयाँ करार (यर्मिया ३१:३१-३४; इजकिएल ३६:२२-३८) येशूमा आएको छ ! केही कुरा पनि उही रहँदैन ।

यस पदसित जोडिएका त्यहाँ विभिन्न ग्रीक अनुवादहरु छन् । कोही मत्ती ९:१७ र लूका ४५:३७-३८ मा भएका समानान्तरहरुबाट आउँदछन् । मर्कूसको यी घटनाहरु अभिलेख गर्ने सारगर्भित तरिकाले धर्मशास्त्रीहरुलाई उसको भाषा प्रष्ट पार्ने प्रयास गर्न बाध्य पार्‍यो ।

यस सन्दर्भमा येशूका निम्ति आलङ्कारिक शीर्षकहरु ख्याल गर्नुहोस् : (१) वैद्य, पद १७ (२) दुलहा, पद १९ : (३) नयाँ दाखमद्य (४) शबाथ दिनका परमप्रभु, पद २८ ।

- **"नष्ट हुनु"** ३:६ मा विशेष शीर्षक *Apollumi* हेर्नुहोस् ।

## NASB (UPDATED) TEXT: २:२३-२८

२३एक शबाथ दिन उहाँ अन्नका खेतहरुबाट भएर जाँदै हुनुहुन्थ्यो । त्यताबाट जाँदा उहाँका चेलाहरुले हिँड्दाहिड्दै अन्नका बाला टिप्न लागे । २४त्यो देखेर फारिसीहरुले उहाँलाई भने, "हेर्नुहोस्, शबाथ दिनमा जे गर्नु अनुचित छ तिनीहरु किन त्यही गर्दछन् ?" २५उहाँले तिनीहरुलाई भन्नुभयो । जब दाऊद र तिनीसँग हुनेहरु खाँचोमा परेका र भोकाएका थिए तब दाऊदले के गरे ? के तिमीहरुले कहिल्यै पढेका छैनौं ? २६प्रधान पूजाहारी अवियाथारको पालोमा परमेश्वरको भवनमा तिनी पसे, र परमेश्वरलाई चढाइएको रोटी खाए, जो पूजाहारीले बाहेक अरुले खान अनुचित छ, र त्यो रोटी तिनका साथमा हुनेहरुलाई पनि दिए ।" २७तिनीहरुलाई उहाँले भन्नुभयो "शबाथ-दिन मानिसको लागि बनेको हो, मानिस शबाथ-दिनको निम्ति होइन । २८यसैकारण मानिसको पुत्र शबाथ-दिनको पनि प्रभु हो ।

**२:२३ "एक शबाथ-दिन उहाँ अन्नका खेतहरुबाट भएर जाँदै हुनुहुन्थ्यो"** यसले अन्नका खेतहरुमा हुने बाटोलाई जनाउँथ्यो जसले गाउँ र शहरहरुलाई घेर्थ्यो । यी "अन्नका खेतहरु" ले कुनै पनि प्रकारको अन्नबाली (जस्तो कि, जौ, गहुँ) लाई जनाउन सक्थ्यो ।

**२:२४ "शबाथ दिनमा जे गर्नु अनुचित छ तिनीहरु किन त्यही गर्दछन् ?"** फारिसीहरुले चेलाहरुका कार्यहरुलाई (१) अन्न रोप्ने (२) निफन्ने काम अनि (३) शबाथका दिनमा अन्नका बाला टिप्ने कामका रुपमा सोंचे जुनचाहिँ प्रस्थान ३४:२१ मा आधारित तिनीहरुको मौखिक परम्पराअनुसार गैरकानुनी थियो । पूरानो करारको उदृत गरिएका व्यवस्थाअनुसार येशूका चेलाहरुले आफ्ना कामहरुमा कुनै पनि गैरकानुनी कुरा गरिरहेका थिएनन् (व्यवस्था २३:२५) त्यो दिन नै समस्या थियो (उत्पत्ति २:१-३, प्रस्थान २०:८-११, २३:१२; ३१:१५; व्यवस्था ५:१२-१५) जब तिनीहरुले यसो गरे । यस्तो देखिन्छ कि सु-समाचार लेखकहरुले शबाथ दिनमा येशूका कामहरुलाई (१) तिनीहरुले ल्याएका विरोधाभासहरु अथवा (२) येशूले यस्ता कामहरु हरेक दिन गर्नुहुन्थ्यो अनि शबाथ दिनमा पनि उहाँले यसो गर्नुभयो ।

२:२५-२८ येशूद्वारा भनिएको यो प्रसिद्ध भनाइ (पद २७) मर्कूसका निमित्त विशेष हो । यसले पूरानो करारको परम्परागत बुझाइ र सहयोगी रुपरेखाहरु (मत्ती ५:१७-४८) लाई पुर्नव्याख्या गर्न उहाँको अख्तियार अभिव्यक्त गर्दछ । येशूले परमेश्वरको मसीह हुँ भनी दाबी गर्नुभएको अर्को चिह्न थियो ।

२:२५ व्याकरणीयरुपमा यस प्रश्नले नकारात्मक जवाफको आशा गर्दछ । यसले १ शमुएल २१ मा अभिलेख गरिएको दाऊदको जीवनको लेखलाई जनाउँदछ । येशूले आफ्ना सिकाइहरु चित्रण गर्नलाई पूरानो करार प्रायः प्रयोग गर्नुहुन्थ्यो (२:२५-२६; ४:१२; १०:६-८, १९; १२:२६, २९-३०, ३६)

**२:२६ "परमेश्वरको भवन"** यसले नोदमा अवस्थित सानो पाललाई उल्लेख गर्दथ्यो ।

- **“अबियाथार”** १ शमुएल २१:१, लाई २ शमुएल :१७ र १ कोरिन्थी १८:१६ सित तुलना गर्दा अबियाथार र अबिमेलेकको बीचमा ऐतिहासिक समस्या छ (१) दुवै बाबु र छोरालाई प्रधान पूजाहारी भनिन्छ अनि (२) “उहाँको समयमा” भन्ने अर्थ हुने “का दिनमा भन्ने अर्थ दिन येशूले सम्बन्धकारकसित *epi* भन्ने एउटा नामयोगी प्रयोग गर्नुभयो (प्रेरित ११:२८; हिब्रू १:२)। हामीलाई थाहा छ कि यो घटनापछि तुरुन्तै शाऊल राजाले अबिमेलेकलाई मारे अनि अबियाथार भागेर दाऊद कहाँ पुगे (१ शमुएल २२:११-२३) अनि दुई परिचित प्रधान पूजाहारी ( अबियाथार र दोएग) मध्ये एक भए ।

साधारणरुपले व्याख्या गर्न नसकिने खालका समस्याहरुमध्येको यो एउटा उदाहरण हो । यो कुनै ग्रीक पाण्डुलिपी परिवर्तन होइन । यदि हुन्थ्यो भने त पाण्डुलिपी हातले लेखिनु भन्दा पहिले नै कसैले पूरानो धर्मशास्त्रीय गल्ती कुरा औंल्याउनुपर्दछ (जुनचाहिँ अगमवाणी हो) । यस सन्दर्भमा वास्तवमै येशूले फारिसीहरुलाई धर्मशास्त्र नपढेको आरोप लगाएजस्तै येशूले पूरानो करार इतिहासको कुनै भागलाई गलत प्रयोग गर्नुहुन्छ भनेर यसले सम्पूर्ण बाइबल शिक्षकहरुलाई सताउँछ ।

कठिन पुस्तकहरु व्याख्या गर्दा पूराना विकल्पहरुसित मिल्न प्रयास गर्ने त्यहाँ केही पुस्तकहरु छन् ।

१. Walter C Kaiser, Jr., Peter H. Davids, F.F. Bruce अनि Manfred T. Branch द्वारा लिखित *Hard Sayings of the Bible*
२. Gleason L.Archer द्वारा लेखिएको *Encyclopedia of Bible difficulties*
३. F.F. Bruce द्वारा लेखिएको *Answers to Questions*

- **“परमेश्वरलाई चढाइएको रोटी”** हरेक रोटिको तौल करिब ६ पाउण्ड थियो ! इस्राएलका बाह्र जातिहरु पूजाहारीहरुद्वारा मात्र खाइने भन्ने YHWH को योजनाहरुलाई संकेत गर्दै एक हप्ता पूराना रोटीहरु साप्ताहिक रुपमा १२ रोटीहरु त्यहाँ हटाइन्थे । (प्रस्थान २५:२३-२८; लेबी २४:५-९) । यस परिस्थितिमा परमेश्वरले नियम बाहिर गएर काम गरे ।

येशूले महान् पूजाहारीको जस्तै अख्तियार र छिटै राजा हुने दाऊद जस्तै अधिकार ग्रहण गर्ने दाबी गरिरहनुभएको छ ।

२:२७ शबाथ दिनका नियमहरु प्रमुख बनेका थिए । यी परम्पराहरु परमेश्वरको प्रतिरुपमा निर्मित धर्मका प्रसङ्गहरु बनेका थिए । मानिसहरुको प्रेम होइन नियमहरुको प्रभुत्वले सम्बन्धको प्रभुत्वलाई हटाएको थियो । विशेषताले प्रेमलाई हटाएको थियो । धार्मिक परम्पराहरु (जसको अर्थ मौखिक व्यवस्था) ले परमेश्वरको चाहनालाई हटाएका छन् (यशैया २९:१३; कलस्सी २:१६-२३)। कसरी कसैले परमेश्वरलाई खुसी पार्न सक्छ ? एक असल पूरानो कराररले बलिसित तुलना गर्न सक्छ । परमेश्वरले यसलाई उहाँसित आउने आवश्यकता मानवता अनि टाढिएको मित्रतालाई पुन: गाँस्ने तरिका बनाउने चाहना गर्नुभयो तर यो एउटा धार्मिक, मण्डलीमा आरधना गरिने तरिकामा परिवर्तन भयो । त्यसैले शबाथ नियम पनि ! मानवजाति वस्तुको सट्टामा नोकर बनेको थियो (जसको अर्थ नियमहरुका निम्ति कारण)

पद २७-२८ का तीन भनाइहरु समानान्तर छन् (जसको मतलब, सबैले मानवताको निम्ति सामान्य पदहरु प्रयोग गर्दछन्)। पद २८ मा “मानिसको पुत्र” ले “मानिस” को निम्ति Semitic उखान हो (भजन ८:४; इजकिएल २:१)। यो येशूको स्व-उपाधि बन्यो । मानवको रुपमा येशूले,

मानवताको प्रभुत्व र चरम सम्मानलाई प्रकट गर्दछ ! परमेश्वर हाम्रा निम्ति, हामीमध्ये एक बन्नुभयो ! मानिसको आवश्यकता अन्तर्गत धार्मिक परम्परा पनि पर्दछ । परमेश्वर हाम्रा निम्ति व्यक्तिगत रुपमा र सामूहिक रुपमा हुनुहुन्छ ।

२:२८ **"मानिसको पुत्र"** २:१० मा टिप्पणी हेर्नुहोस् !

## (छलफलका प्रश्नहरु)

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. १७, १९, २१-२२, २८ मा येशूले आफैंलाई व्याख्या गर्न प्रयोग गरेका अलङ्कारहरुको सूची तयार पार्नुहोस् ।
२. धर्मगुरुहरु येशूको शिक्षाप्रति किन यति बैरी भएका थिए ?
३. येशूले किन उहाँको चेलाजस्तै घृणित र एकल पारिएको लेवी जस्तै कोही व्यक्तिलाई बोलाउनुभयो ?
४. येशूका सिकाइहरु यहूदीहरुको मौखिक परम्परासित कसरी सम्बन्धित छन् ?
५. उपवास किन परमेश्वरको हाम्रो आराधनाको नियमित अंश होइन ?
६. पद १९-२२ मा येशूको दृष्टान्तको केन्द्रीय सत्यता के हो ?
७. के येशू विधिवत् व्यवस्थासित असम्बन्धित हुनुहुन्थ्यो कि अथवा २३-२८ पदमा उहाँका कामहरुमा त्यहाँ अर्को सम्भावना छ त ?
८. पद २६ मा ऐतिहासिक त्रुटिबारे तपाइँ के सोच्नुहुन्छ ?
९. वर्तमान समयसँग २७ पद कसरी सम्बन्धित रहेको छ त

# मर्कूस ३

**आधुनिक अनुवादहरुको अनुच्छेद विभाजनहरु**

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| सुकेको हात भएको एउटा मानिस | शबाथ-दिनमा निको पार्नु | येशू र शबाथ | पक्षाघाती हातसहितको मान्छे | सुकेको हात भएको मानिसलाई निको पार्नु |
| ३:१-६ | ३:१-६ | (२:२३-३:६) | ३:१-४अ ३:४आ-६ | ३:१-६ |
| समुद्र छेउमा एउटा भीड | भीडहरुले येशूलाई पछ्याएका | निको पार्ने काम | ताल छेउ एक भीड | भीडहरुले येशूलाई पछ्याउँछन् । |
| ३:७-१२ | ३:७-१२ | ३:७-१२ | ३:७-११ ३:१२ | ३:७-१२ |
| बाह्रको नियुक्ति | बाह्र प्रेरितहरु | बाह्रको नियुक्ति | येशूले बाह्र प्रेरितहरुलाई रोज्नुहुन्छ | बाह्र जनाको नियुक्ति |
| ३:१३-१९ | ३:१३-१९ | ३:१३-१९अ | ३:१३-१५ ३:१६-१९ | ३:१३-१९ |
| येशू र बालाजिबुल | फुट भएको घर टिक्न सक्दैन | येशूको शक्तिबारे प्रश्नहरु | येशू र बालाजिबुल | उहाँका परिवारले येशूबारे चासो राख्छन् । |
| ३:२०-३० | ३:२०-२७ | ३:१९आ-२७ | ३:२०-२१ | ३:२०-२१ |
| | क्षमा नहुने पापकर्म | | | शास्त्रीहरुको |
| | ३:२८-३० | ३:२८-३० | ३:२२ ३:२३-२६ ३:२७ ३:२८-३० | ३:२८-३० |
| येशूका आमा र भाइहरु | येशूका आमा र भाइहरुले उहाँलाई डाके | | येशूका आमा र भाइहरु | येशूका सत्य आफन्तहरु |
| ३:३१-३५ | ३:३१-३५ | ३:३१-३५ | ३:३१-३२ ३:३३-३५ | ३:३१-३५ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**शब्द र वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT: 3:1:6
१पछिबाट फेरि उहाँ सभाघरमा पस्नुभयो । त्यहाँ सुकेको हात भएको एउटा मानिस थियो । २ कतै
उहाँले त्यसलाई शबाथ दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लाउन मानिसहरु उहाँको चेवामा
थिए । ३तब उहाँले सुकेको हात भएको मानिसलाई भन्नुभयो "यता आऊ ।" ४उहाँले तिनीहरुलाई
भन्नुभयो, "शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ
?" तर तिनीहरु चूप लागिरहे । ५तिनीहरुका हृदयको कठोरतामा दुःखित भई क्रोधित भएर उहाँले
तिनीहरु सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो," तिम्रो हात पसार ।" त्यसले हात पसायो र
त्यसको हात निको भयो । ६तब निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरुले तुरुन्तै
हेरोदीहरुसँग उहाँको विरुद्धमा मतो गरे ।

**३:१ "सभाघरमा"** यो घटना मत्ती १२:९-१४ र लूका ६:६-११ मा समानान्तर गरिन्छ । बेबिलोनमा निर्वासनको अवधिभरिमा सभाघर विकसित भए । सुरुमा यो शिक्षा, प्रार्थना, आराधना अनि मित्रताको एउटा ठाउँ थियो । यो यहूदीवादको स्थानीय अभिव्यक्ति थियो जब कि मन्दिरचाहिँ राष्ट्रिय केन्द्रबिन्दु थियो ।

येशू नियमित सभाघर पस्नुहुन्थ्यो । उहाँले आफ्ना धर्मग्रन्थहरु र परम्पराहरु नासरतमा सभाघर स्कुलमा सिक्नुभयो । उहाँले पहिलो शताब्दीमा यहूदी आराधनामा पूर्णरुपमा भाग लिनुभयो ।

येशूले सभाघरमा अनि शबाथ दिनमा स्पष्टरुपमा उद्देश्यपूर्ण तरिकाले उत्प्रेरित तरिकामा काम गर्नुभयो भन्ने कुरा पनि चाखलाग्दो छ । उहाँले धर्मगुरुहरुसित एउटा ईश्वरशास्त्रीय प्रवेश गर्नका निम्ति चाहेर नै एल्डरहरुको मौखिक परम्परा (जुन Talmud हो) हरुलाई भङ्ग गर्नुभयो (दुवै स्थानीय र

राष्ट्रिय, दुवै फरिसीहरु र सदुकीहरु)। परम्परागत मान्यताहरुबाट फरक भएका उहाँका ईश्वरशास्त्रको उत्तम रुपमा विस्तार गरिएको छलफलचाहिँ पहाडी उपदेश हो । मत्ती ७, विशेष गरी ५:१७-४८)

- **"सुकेको हात"** यो एउटा पूर्ण कर्मवाच्य हो । लूका ६:६ ले भन्दछ यो उसको दायाँ हात थियो, जसले काम गर्न उसको क्षमतालाई असर गरेको हुनसक्थ्यो ।

३:२ **"तिनीहरुले उहाँलाई चेवा गरिरहेका थिए"** यो अपूर्ण काल हो । यसले धार्मिक नेताहरुको अनन्त चिहाउने उपस्थितिलाई जनाउँदछ ।

- **"यदि"** यो एउटा पहिलो दर्जाको शर्तात्मक वाक्य हो, जुनचाहिँ सत्य छ भन्ने मानिन्छ । येशूले शबाथ दिनमा सभाघरमा तिनीहरुका अगाडि नै निको पार्नुभयो ।
- **"यसर्थ उनीहरुले उहाँलाई दोष लगाउन सक्थे"** यो एउटा *hina* वा उद्देश्य, वाक्यांश हो । तिनीहरुले अपाङ्ग मानिसलाई चासो राख्दैनथे । तिनीहरुले येशूलाई एउटा व्यवहारिक विनियममा समाउन चाहन्थे तसर्थ उहाँलाई नमान्न र अस्वीकार गर्न सकियोस् । येशूले मानिसको निम्ति इच्छा विपरित, उहाँका चेलाहरुलाई सिकाउन सुचारु गर्ने अनि नियमप्रति आबद्ध, परम्परालाई स्वीकार्ने धर्मगुरुहरुको धर्मपनालाई गर्न काम गर्नुहुन्छ ।

३:३

| | |
|---|---|
| **NASB** | **"उठ र यता आऊ !"** |
| **NKJV** | **"अगाडि बढ"** |
| **NRSV** | **"अगाडि आऊ"** |
| **TEV** | **"यहाँ अघिल्तिर आऊ"** |
| **NJB** | **"उठ र बीचमा उभिऊ"** |

शाब्दिक रुपमा यो "बीचमा उठ" हुन्छ । यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । यसो भयो जसर्थ हरेकले देख्न सक्थे ।

३:४ धर्मशास्त्रीसँग एउटा पूर्ण विकसित मौखिक परम्परा (Talmud) थियो जुनचाहिँले मोशाको व्यवस्था (२:२४) व्याख्या गर्‍यो । शबाथ दिनमा व्यवस्थाअनुसार के गर्न सकिन्थ्यो र के गर्न सकिँदैनथ्यो भनेर तिनीहरुले स्थीर घोषणाहरु बनाए । आपतकालमा कसैले एउटा घाइते मानिसलाई सान्त्वना दिन सक्दथ्यो तर उसको अवस्था सुधार गर्न सक्दैनथ्यो । येशूका प्रश्नले उनीहरुको मानव आवश्यकताप्रतिको हराइरहेको परम्पराको मर्मको समस्यालाई प्रकट गर्‍यो । यो व्यवस्था पालन गर्नेहरुको निम्ति सँधैं सत्य छ ।

- **"बचाउनु"** ग्रीक शब्द *sōzō* को यो रुप हो । नयाँ करारमा यसलाई दुई फरक तरिकामा प्रयोग गरिन्छ । शारीरिक समस्याहरुबाट मुक्त हुनु भन्ने पुरानो करारको प्रयोगलाई यसले मान्दछ (२) आत्मिक मुक्तिका लागि यो प्रयोग गरिन्छ । सु-समाचारहरुमा सँधै पहिलो अर्थ प्रयोग हुन्छ (३:४, ८:३५अ, १५:३०-३१; उपचार गर्नु भन्ने पनि, ५:२३, २८, ३४; ६:५६; १०:५२),

तर ८:३५आ; १०:२६; १३:१३ मा यसले दोस्रो अर्थ दिन सक्छ । अय्युबमा यसको दुवै प्रयोग छ ( ५:१५, २० मा #१, १:२१; २:१४; ४:१२ मा #२)।

- **"जीवन"** यो ग्रीक शब्द *psuchē* हो । यसलाई परिभाषित गर्नु अति कठिन छ । यसले
  १. हाम्रो सांसारिक भौतिक जीवन (३:४; ८:३५; १०:४५)
  २. हाम्रा अनुभवहरु अनि आत्मचेतना (१२:३०; १४:३४)
  ३. हाम्रो आत्मिक, अनन्त चेतना (८:३६, ३७) का बारेमा बोल्न सक्दछ ।

यसको ग्रीक दर्शनशास्त्रीय प्रयोग, प्राणसहितको मानिसबाट नै यस शब्दको रुपान्तर कठिन हुन्छ न कि प्राण भएका मानिस भन्ने हिब्रू धारणा (उत्पत्ति २:७)

**३:५ "तिनीहरुलाई रिसाएर हेरिसकेपछि"** येशूका सोचाइहरु अभिलेख गर्नमा मर्कूसको सु-समाचार सबैभन्दा प्रस्ट छ (१:४०-४२, ४३; ३:१-५; १०:१३-१६, १७-२२; १४:३३-३४; १५:३४)।

- **"तिनीहरुका हृदयको कठोरतामा दुःखित भएर"** यो शोक (*lupē*) भन्ने सूर्य नामयोगी सहितको शब्दको संश्लेषित रुप हो । यो नयाँ करारमा यहाँ मात्र प्रयोग गरिन्छ । जसै उहाँले धर्म गुरुहरुका हठी प्रवृत्तिहरुतर्फ नकारात्मक प्रतिक्रिया दिनुभयो येशूले यो मानिसको समस्या र आवश्यकता पहिचान गर्नुभयो । तिनीहरुको परम्पराप्रतिको कारण तिनीहरुले सत्यता देख्न चाहेनन् । (यशैया २९:१३; हामीलाई यस्तो कतिको हुन्छ ?)

**"कठोर"** भन्ने पदावलीको अर्थ भष्म पार्नु हुन्छ (रोमी ११:२५; एफिसी ४:१८)। २:६ मा हृदय भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

- **"निको भयो"** यो पद (जसको अर्थ हो; सुरुको अवस्थामा ल्याउनु) ले संकेत गर्दछ कि सुकेको हात एउटा जन्मदैको असर नभई एउटा दुर्घटना थियो । साधारण *Gospel of Hebrews* ले परम्परा उल्लेख गर्दछ कि ऊ सिकर्मी थियो जो आफ्नो हात निको पार्न येशूलाई सोध्न आएको थियो जसर्थ ऊ कामतर्फ फर्कन सक्थ्यो ।

**३:६ "फरिसीहरु गए"** लूका ६:११ मा "रीसले चुर हुनु भन्नेछ । यो शाब्दिक रुपमा "मूर्ख हुनु" हो (र तिमोथी ३:९) २:१६ मा फरिसीहरु भन्ने टिप्पणी हेर्नुहोस् ।

- **"तुरुन्तै"** १:१० मा टिप्पणी हेर्नुहोस् ।
- **"भलो गर्न सुरु गरे"** विगत समयमा एउटा कामको सुरुवातको अर्थमा यो एउटा अपूर्ण कर्तृवाच्य सूचक हो । पद ११ मा विगत समयका दोहोर्‍याएका कामहरु देखाउनलाई तीन अपूर्ण वाक्य प्रयोग गरिन्छन् । यी दुई प्रयोगहरु यो कालका मुख्य भाषिक कार्यहरु हुन् ।
- **"हेरोदीहरुसँग"** सामान्यतः रोमी पेशा र हेरोदको शासनलई मान्ने राजनीतिबाट उत्प्रेरित हेरोदीहरुसित अति पुरातनवादी र राष्ट्रियतावादी फरिसीहरुले केही गर्नुपर्ने थिएन ।

**विशेष शीर्षक : हेरोदीहरु**

यो पद हेरोदको शासक परिवारसित उनीहरुको सम्बन्धबाट छुटिएको हो । हेरोदीहरु महान् हेरोदसित सुरु हुने Idumean (*Edom*) शासक परिवारहरु थिए । उनको मृत्युपछि उनका धेरै छोराहरुले उनको राज्य विभाजन गरे । सबै हेरोदीहरु रोमी सरकारका पक्षपाती थिए । उनीहरुका पछौटेहरुले राजनैतिक अवस्था राखिरहन चाहन्थे । तिनीहरुले रोमी शासन निर्देशित गर्नलाई हेरोदका नियम मन पराए । यो समूह कठोर राजनैतिक थियो । तिनीहरु सरकारी रुपमा फरिसीहरु अथवा सदूकीहरुको धर्मबाट ईश्वरशास्त्रसित परिचित भएनन् ।

१. हेरोदीहरुको परिवार

महान् हेरोद

अ. यहूदियाका राजा (३७-४ ई.पू.)

आ. मत्ती २:१-१९; लूका १:५ मा उल्लेख गरिएको

इ. उनका छोराहरु

१. फिलिप हेरोद ( मरियमनेका सिमोनका छोरा)

अ. हेरोदीहरुका दुलहा (४ ई. पू.-इ.सं. ३४)

आ. मत्ती १४:३; मर्कूस ६:१७ मा अभिलेख गरिएको

२. फिलिप हेरोद (Cleopatra का छोरा)

अ. गालीलको समुद्रको उत्तर र पश्चिम क्षेत्रका Tetrarch (ई.पू.४-सन् ३४)

आ. लूका मत्ती १४:१-१२; मर्कूस ६:१४, २९; लूका ३:१९; ९; ७-९; १३:३१; २३:६-१२, १५; प्रेरित ४:२७; १३:१ मा रेकर्ड गरिएको

३. फिलिप एन्तिपास

अ. गालील र

आ. मत्ती १४:१-१२; मर्कूस ६:१४, २९; लूका ३:१९; ९, ७-९; १३:३१; २३:६-१२, १५; प्रेरित ४:२७; १३:१ मा अभिलेख गरिएको

४. अर्खिलाउस, शासक हेरोद

अ. तुदिया, सामरिया र इदुमियाका शासक (ई.पू. ४-सन् ६)

आ. मत्ती २:२२ मा अभिलेख गरिएको

५. अरिस्तोवुलस (मरियमनेका छोरा)

अ. हेरेद अग्रिपास प्रथमका पिताका रुपमा अभिलेख गरिएको

(१) Tudea का राजा (सन् ३७-४४)

(२) प्रेरित १२:१-२४; २३:३५ मा अभिलेख गरिएको

(३) उनका छोरा हेरेद अग्रिपास द्वितीय थिए

- उत्तरी क्षेत्रका Tetrarch (सन् ५०-७०)

(आ) उनकी छोरी बर्निकी थिइन्

- उनका दाजुकी पत्नी
- प्रेरित २५:१३-२६:३२

(इ) उनकी छोरी ड्रुसिल्ला थिइन्

- फेलिक्सकी श्रीमती
- प्रेरित २४:२४

आ.	हेरोदको लागि बाइबलीय टिप्पणीहरु

१.	मत्ती १४:१; लूका ३:१; ९:७, १३:३१ अनि २३:७ मा उल्लेख गरिएको शासक हेरोद, महान् हेरोदका पुत्र थिए । महान् हेरोदको मृत्युपछि, उसको साम्राज्य उसका थुप्रै छोराहरुमाभ्क बाँडियो । 'शासक' शब्दको अर्थ हुन्थ्यो "चौथो भागको अगुवा" । यस हेरोदलाई हेरोद अन्तिपास भनेर चिनिन्थ्यो । जसलाई अन्तिपासबाट छोट्याइएको हो । तिनले गालील अनि पेरियालाई शासन गर्थे । यसको अर्थ हुन्थ्यो कि येशूको प्रायजसो सेवाकाई यस दोस्रो पुस्ताका इदुमिया शासकको क्षेत्रमा भएको थियो ।

२.	हेरोदियसचाहिँ हेरोद अन्तिपासका दाज्यू, अरिस्तोबुलसकी छोरी थिइ । उनले हेरोद अन्तिपासको भ्कड्केलो दाज्यू फिलिपसँग पनि पहिले नै विवाह गरिसकेकी थिइन् । योचाहिँ शासक फिलिप थिएन, जसले गालीलको ठीक उत्तरको क्षेत्रलाई अधिकार गर्थे; तर फिलिपको अर्को दाज्यू थिए, जो रोममा बस्दथे । फिलिपबाट हेरोदियसले एउटी छोरी जन्माएकी थिइन् । हेरोद अन्तिपासको रोम भ्रमणको समय उसले हेरोदियसलाई भेटेका थिए अनि आकर्षित भएका थिए, जसले राजनैतिक प्रगतिको खोजी गर्दै थिए । त्यसैकारण, हेरोद अन्तिपासले आफ्नी स्वास्नीलाई तलाक दिए, जो नाबाती (Nabatean) राजकुमारी थिइन, अनि हेरोदियसले पनि फिलिपसँग पारपाचुके गरिन् ताकि उनी अनि हेरोद अन्तिपास विवाह गर्न सकेकी होस् । उनी हेरोद अग्रिपास १ की दिदी पनि थिइन् (प्रेरित १२)

३.	फ्लेभियस जोजेफस (Flavius Josephus) को पुस्तक The Antiquities of the Jews 8:5:4, बाट हामीले हेरोदकी छोरी सलोमी (Salome) को नाउँ जान्यौं । यस बिन्दुमा उनी बाह्रदेखि सत्र वर्षको बीचमा भएको हुनुपर्दछ । उनलाई स्पष्टरुपले आफ्नी आमाबाट नियन्त्रण गरिएकी अनि चलाखीसाथ प्रयोग गरिएकी हुनुपर्दछ । उनले पछि गएर शासक फिलिपसँग विवाह गरिन्, तर चाँडै नै विधवा भइन् ।

४.	बप्तिस्मा दिने यूहन्नाको शीर काटिएको लगभग दश वर्षपछि, आफ्नी स्वास्नी हेरोदियसले उक्साएकीले गर्दा राजाको उपाधि खोज्न हेरोद अन्तिपास रोममा गए उनको दाज्यू अग्रिपास १, ले त्यो उपाधि प्राप्त गरेका थिए । तर अग्रिपास १ ले रोममा पत्र लेखे अनि ँभचतषभ Crescent (मेसोपोटामिया) बाटै रोमीहरुको घृणित शत्रु पारथिनीहरु (Parthians) सँग मिलजुल रहेको भनी अन्तिपासलाई दोष लगाए । सम्राटले प्रत्यक्षरुपमा अग्रिपास १ लाई विश्वास गरे अनि हेरोद अन्तिपासलाई तिनकी स्वास्नी हेरोदियससँगै स्पेन निर्वासित गरियो ।

५.	यी विभिन्न हेरोदहरुलाई सम्भ्कना गर्न सजिलो बनाउन सक्दछ जसै तिनीहरुलाई नयाँ करारमा महान् हेरोदले बेतलेहेमका बालकहरुलाई मारेका थिए; हेरोद अन्तिपासले बप्तिस्मा दिने यूहन्नालाई मारेका थिए; हेरोद अग्रिपास १ ले प्रेरित यूहन्नालाई मारेका थिए; अनि हेरो अग्रिपास II ले प्रेरितको पुस्तकमा अभिलेख गरिएको पावलको अपिललाई सुनेका थिए भनेर सम्भ्कना गरिँदै प्रस्तुत गरिएका छन् ।

"तब उहाँलाई कसरी नाश पारौं भनी" यी गुरुहरु शबाथ दिनमा निको पार्नाले रिसाएका थिए तर पहिल्यै विचार गरिएको मारकाटले कुनै समस्या देखेनन् । सायद तिनीहरुले यो निर्णयको प्रस्थान ३१:१३-१७ मा आधार बनाए  परमेश्वरको नाममा अनौठा कुराहरु सोचिएका छन् । यो यहूदी अगुवाइको हातमा येशूको मृत्युको एउटा भविष्यवाणी हो ।

**विशेष शीर्षक : विनाश (Apollumi)**

यस पदावलीको एउटा फराकिलो भावपूर्ण क्षेत्र छ, जसले अनन्त न्याय र विनाशको ईश्वरशास्त्रीय अवधारणाका सम्बन्धमा ठूलो दुविधा ल्याएको छ । खास शाब्दिक अर्थचाहिँ *Apo* अनि *Ollumi* बाट नष्ट पार्नु नाश गर्नु भन्ने हुन्छ ।

यस पदको सांकेतिक प्रयोगहरुमा समस्या आउँछ । Louw र Nida को *Greek-English Lexicon of the New Testament Based on Semantic Domains,* प्रकाशन २, पृष्ठ ३० मा यो प्रस्ट देख्न सकिन्छ । यसले यस पदका विभिन्न अर्थहरुको सूची बनाउँदछ ।

१. नाश हुनु (उदाहरण, मत्ती १०:२८; लूका ५:३७; यूहन्ना १०:१०; १७:१२; प्रेरित ५:३७; पुस्तक १ बाट रोमी ९:२२, पृष्ठ २३२)।
२. प्राप्त गर्न नसक्नु (उदाहरण, मत्ती १०:४२, पुस्तक १ पृष्ठ ५६६)।
३. गुमाउनु (उदाहरण, लूका १५:८; पुस्तक १, पृष्ठ ५६६)
४. स्थानको बारेमा अन्जान (उदाहरण, लूका १५:४ पुस्तक १, पृष्ठ ३३०)
५. मर्नु (उदाहरण, मत्ती १०:३९, पुस्तक १ पृष्ठ २६६)

Gerhard Kittel को *Theological Dictionary of the New Testament*, पुस्तक १, पृष्ठ ३९४ ले चारवटा अर्थहरु सूची बनाएर विभिन्न प्रयोगहरु प्रस्ट पार्न प्रयास गर्दछ :

१. नाश गर्नु वा मार्नु (उदाहरण, मत्ती २:१३; २७:२०; मर्कूस ३:६: ५:२२; लूका ६:९; १ कोरिन्थी १:१९)
२. गुमाउनु अथवा गुमाएकोले यातना भोग्नु (उदाहरण, मर्कूस ९:४१; लूका १५:४, ८)
३. हराउनु (उदाहरण, मत्ती २६:५२; मर्कूस ४:३८; लूका ११: ५१; १३:३, ५, ३३; १५: १७; यूहन्ना ६:१२, २७; १ कोरिन्थी १०:९-१०)
४. हराइनु (उदाहरण, मत्ती ५:२९-३०; मर्कूस २:२२; लूका १५:४, ६, २४, ३२; २१: १८; प्रेरित २७:३४)

त्यसपछि Kittel भन्दछन् "सामान्यतः संक्षिप्त सु-समाचारहरुमा जस्तै यस संसारका सन्दर्भमा हामी भन्न सक्छौं कि ३२ र ३४ का भनाइहरु यस संसारका सन्दर्भसित मिल्छन् अनि पावल र यूहन्ना ( पृष्ठ ३९४) मा जस्तो १ र ३ नम्बरका अर्थ अर्को संसारसित मिल्छन् ।

यहाँ दुविधा रहन्छ । यस पदको यति फराकिलो भावपूर्ण अप्रयोग छ कि विभिन्न नयाँ करारका लेखकहरुले यसलाई विभिन्न तरिकाबाट प्रयोग गर्दछन् । Robert B. Girdlestone को *Synonyoms of the old Testament* पृष्ठ २७५-२७७ मलाई मन पर्दछ । उहाँले यस पदलाई तिनीहरुसित सम्बन्ध देखाउनु हुन्छ  जो नैतिक रुपमा नाशिएका छन् अनि ख्रीष्टलाई चिन्ने र उहाँमा अनन्त जीवन हुने मानिसका विरुद्ध परमेश्वरसित अनन्त अलग हुन पर्खिरहेका छन् । अघिल्ला समूहका मानिस नाश गरिन्छन् र पछिल्लो समूहका मानिसहरु बचाइन्छन् ।

मलाई व्यत्तिगत रुपमा यो शब्दले विनाश जनाउँछ भन्ने लाग्दै (E. Fudge, *The Fire That Consumes*)। "अनन्त" भन्ने शब्द मत्ती २५:४६ मा अनन्त सजाय र अनन्त जीवन दुवै रुपमा प्रयोग हुन्छ । एउटालाई अनुपयोग गर्नु दुवैलाई तुच्छ ठान्नु हो ।

NASB (UPDATED) TEXT: 3:7-12

७त्यसपछि येशू आफ्ना चेलाहरुसँग समुद्रतिर जानुभयो, र गालीलबाट मानिसहरुको ठूलो भीड उहाँको पछि लाग्यो । ८यहूदिया, यरुशलेम, इदुमिआ यर्दनपारी र टुरोस र सीदोनका वरिपरिबाट मानिसहरुको ठूलो भीड उहाँका अचम्मका कामको कीर्ति सुनेर उहाँकहाँ आयो । ९भीडले उहाँलाई नचिनोस् भनी उहाँले आफ्ना चेलाहरुलाई आफ्नो निम्ति एउटा डुङ्गा तयार पार्न लगाउनुभयो । १०उहाँले धेरैलाई निको पार्नुभएको हुनाले रोग लागेका सबैले उहाँलाई, छोऔं भनेर ठेलमठेला गर्दथे । ११जब अशुद्ध आत्माहरुले उहाँलाई देख्दथे, तब उहाँको अघि घोप्टो परेर यसो भन्दै कराउँथे, "तपाइँ परमेश्वरका पुत्र हुनुहुन्छ ।" १२तर उहाँलाई प्रकट नगर्नू भनी तिनीहरुलाई उहाँले कडा हुकुम दिनुभयो ।

३:७-८ येशूको वृद्धि भइरहेको प्रसिद्धी धर्मगुरुहरुबाट विरोधका लागि अर्को कारण थियो (मत्ती १२:१५-१६; लूका ६:१७-१९)

**३:८ "इदुमिआ"** यसले पूरानो एदोमको राष्ट्रिय भूमिलाई जनाउँछ । जुनचाहिँ हेरोदको गृह क्षेत्र थियो ।

- **"यर्दनपारी"** यसले यर्दनपारीको क्षेत्रमा Perea भनिने क्षेत्रलाई जनाउँछ । मोशाको व्यवस्थाप्रति उत्तरदायी मानिएको अर्थ, यहूदिया, गालील र यर्दनको अर्को तर्फको जमीन - अर्थात, Perea, *Baba Bathra* ३:२)। सरकारी रुपमा परिभाषित गरिन्थ्यो (पूरानो करारमा आम्मोन र मोआब)
- **"टुरोस र सीदोनका वरिपरि"** यसले फोनेसियाको पूरानो राज्यलाई जनाउँदछ ।
- **"मानिसहरुको ठूलो भीड"** यिनीहरु यहूदीहरु र अन्य जातिहरुको एउटा मिश्रण थिए ।

**३:९ "एउटा डुङ्गा"** यसले एउटा सानो खियाउने डुङ्गालाई जनाउँछ ।

- **"उहाँको निम्ति सधैं तयार हुन"** उग्र भीडले उहाँलाई धकेलेर समुद्रमा पसाउलान् कि भन्ने डरले यो डुङ्गा सदैव उपलब्ध हुने गर्थ्यो ।

**३:१० "उहाँको वरिपरि ठेलमठेला गरे"** शाब्दिक रुपमा यो "विरुद्धमा लड्नु" हो । हरेक बिरामीले उहाँलाई छुन चाहन्थे (५:२५-३४)। यस भीड/एउटा प्रान्तीय अस्पतालको आकस्मिक कक्षको पर्खिबस्ने कोठा जस्तो देखियो ।

३:११ त्यहाँ यस पदमा तीनवटा अपूर्ण क्रियापदहरुको एउटा श्रृङ्खला छ । जसले येशूको शैतानसितको सामनालाई देखाउँदछ (१:२५ मा निस्कनु भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

- **"परमेश्वरको पुत्र"** यी शैतानहरु येशूको फाइदाका निम्ति होइन, तर भीडहरुका भ्रमित सोंचाइलाई बढावा दिने गवाही थिए । यसले ३:२२ मा येशूको शक्ति शैतानबाट आयो भन्ने आरोपसम्म पुर्‍यायो (मत्ती ९:३४; १०:२५; ११:१८)। यहूदी गुरुहरुले येशूको शक्तिमा धावा बोल्न सकेनन् । त्यसकारण उनीहरुले उहाँको अख्तियारको श्रोतमा सन्देह प्रकट गरे ।

**विशेष शीर्षक : परमेश्वरको पुत्र**

यो येशूका निम्तिको नयाँ करार शीर्षकहरुमध्ये एउटा हो । यसको पक्कै स्वर्गीय अर्थहरु छ । यसले येशूलाई "पुत्र" वा "मेरो पुत्र" का रुपमा र परमेश्वरलाई "पिता" का रुपमा समावेश गर्‍यो । नयाँ

करारमा यो १२४ भन्दा बढी पटक आउँछ । “मानिसको पुत्रका रुपमा येशूको स्व-ढाँचा पनि दानिएल ७:१३-१४ देखि ईश्वरीय अर्थपूर्ण छ ।

पूरानो करार ढाँचामा “पुत्र”ले चार निश्चित समूहलाई जनाउन सक्थ्यो ।

१. स्वर्गदूतहरु (सधैं बहुवचनमा, उत्पत्ति ६:२; अय्यूब १:६; २:१)
२. इस्राएलका राजा (२ शामूएल ७:१४; भजन २:७; ८९:२६-२७)
३. पूर्णरुपमा इस्राएलको राष्ट्र (प्रस्थान ४:२२-२३; व्यवस्था १४:१; होशे ११:१; मलाकी २:१०)
४. इस्राएली न्यायकर्ताहरु (भजन ८२:६)

यो येशूसित जोडिएको दोस्रो प्रयोग हो । यसप्रकारले “दाऊदका पुत्र” र “परमेश्वरका पुत्र” दुवै २ शमूएल ७; भजन २ अनि ८९ सित सम्बन्धित छन् । पूरानो करारमा “परमेश्वरको पुत्र” लाई इस्राएलको “तेल लगाउने कार्यालयहरु” मध्ये एउटा धर्म र पाप छुट्याउने राजाको रुपमा बाहेक, कहीँ पनि मसिहका रुपमा प्रयोग गरिएको छैन । जे होस्, मृतसागरका पत्रहरुमा मसिही प्रयोगहरुसहितका शीर्षक सामान्य छन् (*dictionary of Jesus and the Gospels* मा पृष्ठ ७७० विशेष सन्दर्भहरु हेर्नुहोस्)। दुईओटा अन्तर बाइबलीय यहूदी विध्वंसक कार्यहरुमा पनि “परमेश्वरको पुत्र” एउटा मसिही शीर्षक हो । *Esdras* ७:२८; १३:३२, ३७, ५२; १४:९ अनि *Enoch* १०५: २)

यसले येशूलाई संकेत गर्ने यसको नयाँ करार परिप्रेक्ष्यलाई विभिन्न श्रेणीहरुमा सार गरिन्छ :

१. उहाँको सुरुको अस्तित्व (यूहन्ना १:१-१८)
२. उहाँको अनौठो (ईश्वरीय) जन्म (मत्ती १:२३; लूका १:३१-३५)
३. उहाँको बप्तिस्मा (मत्ती ३:१७; मर्कूस १:११; लूका ३:२२ । भजन २ को शाही राजा, यशैया ५३ को नोकरको यातनासित स्वर्गबाट परमेश्वरको आवाज एकीकृत गर्दछ)
४. उहाँलाई गरिएको शैतानिक परीक्षा (मत्ती ४:१-११; मर्कूस १:१२; १३; लूका ४:१-१३ । क्रूसभन्दा फरक तरिकाले यसको उद्देश्य पूरा गर्नलाई उहाँको मानवरुपमा उहाँले शंका गर्नुहुन्छ ।
५. अस्वीकारपूर्ण पादरीहरुद्वारा उहाँको पुष्टि
   इ. भूतहरु (मर्कूस १:२३-२५; लूका ४:३१-३७, ४१; मर्कूस ३:११-१२; ५:७)
   ई. अविश्वासीहरु (मत्ती २७:४३; मर्कूस १४:६१; यूहन १६:७)
६. उहाँका चेलाहरुद्वारा उहाँको पुष्टि
   अ. मत्ती १४:३३; १६:१६
   आ. यूहन्ना १:३४, ४९; ६:६९; ११:२७
७. उहाँको आफैंले ठोकेर भनेको कुरा
   अ. मत्ती ११:२५-२७
   आ. यूहन्ना १०:३६
८. पिताका रुपमा परमेश्वरको पारिवारिक अलङ्कारको उहाँको प्रयोग
   अ. परमेश्वरका निम्ति उहाँको *"abba"* को प्रयोग
      १) मर्कूस १४:३६
      २) रोमी ८:१५
      ३) गलाती ४:६
   आ. ईश्वरत्वसँग उहाँको सम्बन्ध व्याख्या गर्न उहाँले बारम्बार गर्ने पिता (*Patēr*) को प्रयोग

सारांशमा, "परमेश्वरको पुत्र" शीर्षकको तिनीहरुका निम्ति महान् ईश्वरशास्त्रीय अर्थ थियो जसलाई पूरानो करार यसका वाचाहरु र वर्णहरु थियो तर

३:१२ मर्कूसमा यो "मसिही गोप्य कुरा" मा लगातारको जोड हो । मर्कूसमा सुरुमा येशू उहाँको वचन र कामद्वारा मसीहका रुपमा प्रकट गरिनु भएको छ तर (१) यहूदी गुरु (जसको अर्थ, इस्राएललाई संसारको क्षेत्रमा पुनस्थापना गर्ने राष्ट्रिय चिह्नका रुपमा मसीह) (२) भीड (आश्चर्यकर्म गर्नेका रुपमा मसीह) को नकारात्मक बुझाइका कारण, येशूले उहाँप्रतिको तिनीहरुको ज्ञानलाई प्रचार नगर्न विभिन्न मानिसहरुलाई हुकुम दिनुहुन्छ । उहाँको जीवन, मृत्यु, पुनरुत्थान र गद्दी आरोहणपछि मात्र सु-समाचार समाप्ती हुन्छ ।

NASB (UPDATED) TEXT:3:13-19

१३त्यसपछि येशू डाँडामा उक्लनुभयो, र उहाँले चाहनुभएका जतिलाई बोलाउनुभयो, र तिनीहरु उहाँकहाँ आए । १४आफूसँग रहन र प्रचार गर्न पठाउनलाई उहाँले बाह्र जनालाई नियुक्त गर्नुभयो, १५र तिनीहरुलाई भूतहरु निकाल्ने अधिकार पनि दिनुभयो । १६ती बाह्र प्रेरितहरु यिनै हुन् सिमोन, जसको नाउँ उहाँले पत्रुस राख्नुभयो, १७जब्दियाका छोरा याकूब र याकूबका भाइ यूहन्ना । उहाँले तिनीहरुलाई बोअनर्गेश अर्थात् गर्जनका छोराहरु भन्ने नाउँ दिनुभयो । १८अन्द्रियास, फिलिप, बारथोलोमाइ, मत्ती, थोमा, अल्फयसका छोरा याकूब र थेदियस, सिमोन, कनानी, १९र यहूदा इस्करियोत जसले उहाँलाई धोखा दियो ।

**३:१३ "उहाँ डाँडामा उक्लनुभयो"** यसलाई दुई तरिकाले बुझ्न सकिन्थ्यो (१) येशूले गालीलको समुद्र नजिकको क्षेत्र छोड्नुभयो अनि माथि डाँडातर्फ जानुभयो अथवा (२) यो डाँडामा बोलाउँदाको अवस्थितिको अघिल्लो दृश्य हो (मत्ती ५-७) जुनचाहिँ मर्कूसले अभिलेख गर्दैनन् ।

**३:१४ "बाह्र जनालाई नियुक्त गर्नुभयो"** यो लूका ६:१२-१६, मा लूकाले मैदानमा बोलाएकोसित समानान्तर हुन्छ । मर्कूसले मत्तीको डाँडामा बोलावट अभिलेख गर्दैनन् (मत्ती ५-७)।

**विशेष शीर्षक : संख्या बाह्र**

बाह्र सधैं संगठनको सांकेतिक अंक बनेको छ ।

अ. बाइबल बाहिर
  १.राशिका बाह्र चिह्नहरु
  २. वर्षका बाह्र महिनाहरु

आ. पूरानो करारमा (BDB १०४० जोड ७९७)
  १. याकूबका छोराहरु (यहूदी जाति)
  २. परिवर्तित

क. प्रस्थान २४:४ मा वेदीका बाह्रओटा खम्बाहरु

ख. प्रस्थान २८:२१ मा प्रधान पूजाहारीका छाप (जुनचाहिँ जातिहरुको प्रतिनिधित्व गर्छ) मा बाह्र मणिहरु
ग. लेवी २४:५ मा छाप्रोवास चाडको पवित्र स्थानमा बाह्रओटा रोटीहरु
घ. गन्ती १३ मा कनान पठाइएका बाह्र गुप्तचरहरु (हरेक कुलबाट एकजना)
ङ. गन्ती १७:२ मा कोरहको विद्रोहमा बाह्र लौराहरु (कुलका संकेतहरु)
च. यहोशू ४:३, ९; २० मा यहोशूका बाह्र ढुङ्गाहरु
छ. १ राजा ४:७ मा सोलोमनका प्रशासनमा बाह्र जिल्लापालहरु
ज. १ राजा १८:३१ मा एलियाको YHWH प्रतिको वेदीका बाह्र ढुङ्गाहरु
इ. नयाँ करारमा
१. बाह्र जना चुनिएका प्रेरितहरु
२. मत्ती १४:२० मा बाह्र रोटीका डालाहरु (हरेक प्रेरितलाई एउटा)
३. मत्ती १९:२८ मा बाह्र सिंहासनहरु जसमा नयाँ करारका चेलाहरु बस्दछन् (इस्राएलका १२ कुलतर्फ संकेत गर्दै)
४. मत्ती २६:५३ मा येशूलाई छुटाउन स्वर्गदूतहरुका बाह्र पल्टनहरु
५. प्रकाशको संकेतवाद
क. ४:४ मा २४ सिंहासनमा २४ जना धर्म गुरुहरु
ख. ७:४; १४:१, ३ मा १,४४,००० (१२×१२)
ग. १२:१ मा स्त्रीको मुकुटमा बाह्र ताराहरु
घ. २१:१२ मा बाह्र ढोकाहरु, बाह्र कुलका नाउँ लेखिएका बाह्र स्वर्गदूतहरु
ङ. २१:१४ मा नयाँ यरुशलेमका बाह्र जगका ढुङ्गाहरु अनि तिनीहरुमाथि बाह्र प्रेरितहरुका नामहरु
च. २१:१६ मा बाह्र हजार टाँगो (नयाँ यरुशलेमको आकार)
छ. २१:१७ मा पर्खाल १४४ हातको नाप छ ।
ज. २१:२१ मा मोतीका बाह्र ढोकाहरु
झ. २२:२ मा नयाँ यरुशलेममा बाह्र किसिमका फलहरु दिने रुखहरु (हरेक महिना एक फल)

३:१४ यस पदमा प्राचीन ग्रीक Uncial पाण्डुलिपी ℵ, B, द्वारा थपिएको अर्को वाक्यांश छ अनि C मा थोरै परिवर्तन छ । थप गरिएको वाक्यांश चाँहि "जसलाई उनले प्रेरितहरु भन्ने नाम दिए" भन्ने हो (NRSV मा पृष्ठ टिप्पणी हेर्नुहोस्) । धेरै समालोचकहरुले यो थप लूका ६:१३ बाट एक साभार हो भन्ने ठान्दछन् ।

- **"जसर्थ तिनीहरु उहाँसँग रहन्थे"** येशू बाह्र जनाको तालिममा आफैं सरिक हुनुभयो । येशूका तरिकाहरुमा Robert Coleman ले दुई सहयोगी पुस्तकहरु *The Master Plan of Evangelism* र *The Master Plan of Discipleship* पुस्तकहरु लेखेका छन् । दुवै येशूले जस्तै उही सिद्धान्तहरु प्रयोग गर्ने सुरुका मण्डलीको वृद्धिसँग सरोकार राख्छन् ।
- **"प्रचार गर्न पठाउन"** येशूले राज्यको सुसमाचार प्रचार गर्न सिकाउनुभयो । उहाँले आफ्ना चेलाहरुलाई पनि त्यसै गर्न सिकाउनुभयो (१) बाह्रजना (६:७-१३; मत्ती १०:१-२०)

**३:१५ "भूतहरु"** सायद यसले शैतानको पक्षमा सक्रिय, खसेका स्वर्गदूतहरुलाई जनाउँछ । जे होस्, शैतानको सुरुवात सम्बन्धमा बाइबल चुपचाप छ । तिनीहरुमाथि येशूको अख्तियारले उहाँको शक्ति र मसिही काम स्थापना गर्दछ । १:२४ मा विशेष शीर्षक हेर्नुहोस् ।

**३:१६ "उहाँले बाह्र जनालाई नियुक्त गर्नुभयो"** नयाँ करारमा चार ठाउँमा बाह्र जना उल्लेख गरिएका छन् (मत्ती १०:२-४; मर्कूस ३:१६-१९; लूका ६:१४-१६; अनि प्रेरित १:१३ (मत्ती १०:२-४ सित परिचित) सूची सधैं तीन मानिसहरुको चारओटा समूहहरुमा देखिन्छन् । समूहहरुभित्र प्रायः क्रम परिवर्तन हुन्छ ( तर पत्रुस सधैं पहिलो अनि यहूदा इस्करियोत सधैं अन्तिम हुन्छन्) । यो सम्भव छ कि यी समूहहरुले उनीहरुको पारिवारिक उत्तरदायित्वहरु परीक्षण गर्न समय समयमा घर फर्कन अनुमति प्रदान गर्ने आलोपालो तरिकालाई जनाउँदछन् । हामीले सुरुका धेरैजसो प्रेरितहरुका बारेमा थोरैमात्र जान्दछौं भन्ने आश्चर्यजनक छ । सुरुको मण्डली परम्परा हामी भर पर्ने पूर्ण कुरा हो ।

**"सिमोन (जसको नाउँ उहाँले पत्रुस राख्नुभयो)"** गालीलका धेरै यहूदीहरुको एउटा यहूदी नाम थियो ( जसको अर्थ, सिमोन अथवा Symeon अर्थ "सुन्नु") अनि एउटा ग्रीक नाम (जुनचाहिँ कहिल्यै दिइएन)। येशूले उनलाई "चट्टान" उपनाम दिनुहुन्छ । ग्रीकमा यो पेत्रोस हो अनि आरामिकमा यो कैफास हो (यूहन्ना १:४२; मत्ती १६:१६)। मर्कूसको सु-समाचारको स्रोत पत्रुस प्रेरित साक्षी हो । पूर्ण टिप्पणीका निम्ति परिचय हेर्नुहोस् ।
**३:१७ "बोअनर्गेश ....... गर्जनका छोराहरु"** मर्कूसले आरामिक नामलाई उनका यहूदी बाहेक (सायद रोमी) पाठकहरुका लागि परिवर्तन गर्दछन् ।

यी भाइहरु (यूहन्ना १:२९-४२ बाट हामी सिक्छौं कि अन्द्रियस यूहन्ना पूजाहारीका एक चेला थिए अनि उनले उनका भाइ पत्रुसलाई येशूसँग परिचित गराए ।

- **"फिलिप"** ग्रीक भाषामा जसको अर्थ "घोडाहरु मन पराउने" भन्ने हो । उहाँको भनाइलाई यूहन्ना १:४३-५१ मा व्याख्या गरिन्छ ।
- **"बारथोलोमाइ"** यसको अर्थ "Ptolemy का सन्तान" भन्ने हुन्छ । उनी यूहन्नाको सु-समाचारका नथानेल हुन सक्छन् (यूहन्ना १:४५-४९, २१:२०)
- **"मत्ती"** हिब्रूमा यसको अर्थ "YHWH को पुत्र" भन्ने हुन्छ । यसले लेवीलाई जनाइरहेछ ( २:१३-१७)
- **"थोमा"** हिब्रूमा यसको अर्थ "जुम्ल्याहा" वा Didymus भन्ने हुन्छ (यूहन्ना ११:१६, २०:२४; २१:२)
- **"याकूब"** "याकूब" हिब्रू नाम हो । बाह्र जनाको सूचीमा "याकूब" नामका दुईजना छन् । एउटा यूहन्नाका भाइ हुन् (पद १७) अनि भित्री घेराका भाग हुन् (अर्थ, याकूब, युहन्ना र पत्रुस)। यसलाई याकूब भनिन्छ ।
- **"थेदियस"** उनलाई "Lebbeus (मत्ती १०:३) वा यहूदा (यूहन्ना १४;२२) पनि भनिन्थ्यो । दुवै थेदियस र Lebbeus को अर्थ "प्यारो सन्तान" भने हुन्छ ।
- **NASB, NJB** **"सिमोन उग्रपन्थी"**
  **NKJV** **"सिमोन कनानी"**

| | |
|---|---|
| **NRSV** | **“सिमोन कनानी”** |
| **TEV** | **“सिमोन देशभक्त”** |

मर्कूसको ग्रीक पुस्तकमा “कनानी” छ (मत्ती १०:४ मा पनि मर्कूस, जसको सु-समाचार रोमीहरुलाई लेखियो - ले राजनैतिक रुपमा शरम शब्द ‘उग्रपन्थी’ प्रयोग गर्न नचाहेका हुनसक्छन् जसले एउटा यहूदी रोमी विरोधी लडाकु आन्दोलनलाई जनाउँथ्यो । लूकाले उसलाई यही शब्दले सम्बोधन गर्छन् (लूका ६:१५ र प्रेरित १:१३)। कनानी भन्ने शब्दका विभिन्न

१. कनान भनिने गालीलको क्षेत्रको
२. कनानी व्यापारी भन्ने पूरानो करारको प्रयोगबाट
३. कनानको नागरिकका रुपमा एउटा सामान्य ढाँचाबाट (Palestine पनि भनिन्थ्यो)

यदि लूकाको पदनाम ठीक छ भने, “उग्रपन्थी” आरामिक शब्द “साहसी” का निम्ति हो (लूका ६:१५; प्रेरित १:१७)। येशूले चुनेका बाह्रजना चेलाहरु विभिन्न प्रतिस्पर्धी समूहहरुबाट थिए । सिमोन एउटा राष्ट्रियतावादी समूहका सदस्य थिए जसले रोमी शासनलाई बलपूर्वक फ्याँक्न चाहन्थ्यो । सामान्यत यो सिमोन र लेवी (कर उठाउने मत्ती) एक अर्कासँग एउटै कोठामा नरहन सक्थे ।

**३:१९ “यहूदा इस्करियोत”** त्यहाँ दुई सिमोनहरु, दुई याकूबहरु र दुई यहूदाहरु छन् । “इस्करियोत” का दुई सम्भावित उत्पत्तिहरु छन् : (१) यहूदामा करियोतका मानिस (यहोशू १५:२३) अथवा (२) “हत्यारो” वा हत्या गर्ने जसको अर्थ ऊ पनि सिमोन जस्तै उग्रपन्थी थिए भन्ने हुन्छ ।

- **“जसले उहाँलाई धोखा दियो”** यो पद यहूदासम्बन्धी यूहन्नाको सु-समाचारको वर्णनबाट प्रभावित छ (यूहन्ना ६:७१; १२:४; १३:२, २६-२७; १८:२-५)। सुरुमा यसको अर्थ “अधिकारहरु खोस्नु” (मर्कूस १:१४) भन्ने हुन्थ्यो । येशूलाई धोखा दिने यहूदाको मनोवैज्ञानिक र/अथवा ईश्वरशास्त्रीय उत्प्रेरणा रहस्यमय नै छ ।

## NASB (UPDATED) TEXT: 3:20-27

२०त्यसपछि येशू फेरि घरतिर जानुभयो । फेरि भीड जम्मा भयो, यहाँसम्म कि उहाँहरुले भोजन खान पनि पाउनुभएन । २१जब येशूका परिवारले यो सुने, तब उहाँलाई लैजानलाई उनीहरु निस्के किनकी उहाँको मन ठेगानामा छैन भनी उनीहरु भन्थे । २२यरुशलेमबाट आएका व्यवस्थाका शास्त्रीहरुले भने, “त्यसमा बालजिबुल भूत छ र भूतहरुको मालिकद्वारा नै त्यसले भूतहरु निकाल्दछ ।” २३तर उहाँले तिनीहरुलाई आफूकहाँ बोलाएर दृष्टान्तहरुमा भन्नुभयो, “शैतानले शैतानलाई कसरी निकाल्न सक्छ ?” २४कुनै राज्यको आपसमा फूट आयो भने त्यो राज्य टिक्न सक्दैन । २५कुनै घरको पनि आपसमा फूट भयो भने त्यो घर टिक्न सक्नेछैन । २६यदि शैतानले शैतानकै विरुद्धमा खडा भएर फाटो ल्याएको छ भने त्यो टिक्न सक्दैन तर त्यसको अन्त्य आइसकेको हुन्छ । २७कसैले बलियो मानिसको घरमा पसेर उसको धनमाल लुट्छन् । सक्दैन जबसम्म त्यसले त्यो बलियो मानिसलाई पहिला बाँड्दैन । तब यो त्यसले उसको घर लुट्न सक्छ ।

**३:२० “उहाँ घर आउनुभयो”** यसले २:१ र सायद ७:१७; ९:३८ जस्तै उही घरलाई जनाएको हुनुपर्छ ।

- **"भीड"** यो येशूको चँगाई र छुटकारा दिने सेवाकाइको परिणाम थियो (१:४५; २:२, १३; ३:७, २०)
- **"कि उहाँहरुले भोजन खान पनि पाउनुभएन"** उहाँको परिवारको यसमा नै चासो थियो येशूले सधैं आवश्यक परेका मानिसहरुलाई समय दिनुहुन्थ्यो । उहाँले तिनीहरुलाई आफू नै समर्पण गर्नुहुन्थ्यो ।

**३:२१**

| | |
|---|---|
| **NASB, NKJV** | **"उहाँका आफ्नै मानिसहरु"** |
| **NRSV, TEV** | **"उहाँको परिवार"** |
| **NJB** | **"उहाँक नातेदारहरु"** |

यो "उहाँको पक्षमा हुनेहरु" हो । KJV मा "साथीहरु" छ तर यी उहाँकी आमा र छोराछोरीहरु थिए ।

- **NASB** **"उहाँलाई हत्कडी लगाउनु"**
  **NKJV** **"उहाँलाई समात्नु"**
  **NRSV** **"उहाँलाई लैजानु"**
  **TEV, NJB** **"उहाँलाई आरोप लगाउनु"**

मत्ती (१४:३; १८:२८) मा यो एउटा बलियो (क्रियापद हो, तर प्राय मर्कूसमा अप्रचलित । यसले प्रायः बिरामी मानिसहरुलाई हातमा समातेर सहयोग गर्नु भन्ने जनाउँछ । उहाँको परिवारले उहाँलाई जबर्जस्ती घर लैजान प्रयास गरे किनभने उहाँ ठेगानमा हुनुहुन्न भन्ने उनीहरुले सोंचे (पद ३१-३५)

- **NASB** **"उहाँ ठेगानमा हुनुहुन्न"**
  **NKJV, NJB** **"उहाँ दिमागबाहिर हुनुहुन्छ"**
  **NRSV** **"उहाँ पागल हुनुभएको छ"**
  **TEV** **"उहाँ पागल हुनुहुन्छ"**

यो भनाइ कसले भन्यो भन्नेमा ग्रीक पुस्तक अस्पष्ट छ । के यो परिवारले भन्यो (जसको अर्थ NASB, NKJV, NJB, NIV) वा के परिवारले अरुहरुले भनेको सुनेका थिए (जसको अर्थ, NRSV, TEV)?

यस सन्दर्भमा यो शब्दको अर्थ "मानसिक सन्तुलन नभएको" (२ कोरिन्थी ५:१३) भन्ने हुन्छ । मर्कूसमा प्राय "अचम्म" का मानिसहरुका निम्ति यो प्रयोग गरिन्छ ।

यसले देखाउँछ कि येशू मानिसहरुका बीचमा प्रख्यात भएता पनि (१) उहाँका आफ्नै चेलाहरु (२) धर्मगुरुहरु (३) उनको आफ्नै परिवार (४) भीडहरुद्वारा उहाँलाई गलत तरिकाले बुझिन्थ्यो ।

**३:२२ “यरुशलेमबाट आएका व्यवस्थाका शास्त्रीहरु”** यसले २:६, १६ मा उल्लेख गरिएकाहरुलाई जनाउन सक्छ, जो साँच्चै Sanhedrin बाट येशूका सिकाइहरु र कामहरुका जानकारी लिन आधिकारिकमा पठाइएका थिए ।

- **“उहाँ छ”** यसको अर्थ उहाँमा भूत थियो अनि शैतानबाट उहाँले शक्ति लिनुभयो भन्ने हुन्थ्यो ( मत्ती ९:३४; यूहन्ना ७:२०; ८:४८-५२; १०:२०) बप्तिस्मा दिने यूहन्नालाई पनि यसरी नै भनिन्थ्यो (मत्ती ११:१८)। उनीहरुले उहाँको शक्ति र अख्तियारको स्रोत पनि सन्देह प्रकट गरे ।
- **“बालजिबुल”** यो कहिल्यै नहट्ने नाम KJV मा Beelzebul भनेर भनिन्छ तर धेरै आधुनिक अनुवादहरुमा बालजिबुल छ । "beel" ले Semitic शब्द *Baal* लाई जनाउँछ जसको अर्थ “परमेश्वर” मालिक “शिक्षक” वा “श्रीमान” भन्ने हुन्छ । यो कनानका उर्वर भावनाको परमेश्वरको नाम थियो ।

"Zebul" को अर्थ (१) उचाइ (जसको अर्थ पर्वत वा स्वर्ग); (२) राजकुमार । जसको अर्थ Zebul) अथवा (३) गोबर हुनसक्छ । यहूदीहरुले प्रायः अपमानजनक भनाइ बनाउनलाई विदेशी परमेश्वरहरुका अक्षरहरु प्रायः परिवर्तन गरे ।

यदी यो "Zebub" हो भने यसको अर्थ हुन्छ :

१. Ekron को baal (२ राजा १:२, ३, ६)
२. Philistines, का एउटा देवता, *Zebaba*
३. “शत्रुताका परमप्रभु” प्रतिको एउटा अरेमिक शब्द जाल वा दुई अर्थ लाग्ने शब्द (अर्थात्, be’el dibaba)
४. “भिङ्गाहरुका परमेश्वर” (अरेमिक “उड्नु” dibaba)

*Beelzebub* भन्ने हिज्जे शास्त्रीय यहूदीवादमा पाइँदैन । व्यक्तिगत दुष्टताको निम्ति नामहरुबारे अन्य जानकारीका लागि *The New International Dictionary* या New *Testamant Theology*, पुस्तक ३, पृष्ठ ४६८-४७३ हेर्नुहोस् ।

- **“भूतहरुको मालिक”** यहूदीवादमा बालजिबुल भन्ने नाम शैतानहरुका लागि एक सामान्य नाम थिएन । पद २३ मा येशूले यसलाई शैतानका पर्यायवाचीका रुपा प्रयोग गर्नुहुन्छ ।

३:२३-२६ येशूले शैतानहरुलई उहाँको दुष्टतामाथिको सामर्थ्यलाई बढावा दिने तार्किक दुष्प्रयास देखाउनुभयो । वास्तवमै उहाँका नोकरहरु विरुद्धको गुरु भयानक हो !

**३:२३ “उहाँले तिनीहरुलाई आफूकहाँ बोलाउनुभयो ।”** उहाँले तिनीहरुको विचारहरु पढ्न सक्नुहुन्थ्यो भनेर तिनीहरुलाई देखाउनलाई यसो गरियो (जसको अर्थ पद २२ का व्यवस्थाका शास्त्रीहरु) (२:६ आ मा टिप्पणी हेर्नुहोस्)। यसले उहाँको सन्देह स्पष्टसित सुन्न तिनीहरुलाई अझ बढी मौका दियो ।

- **“दृष्टान्तहरु”** यस पदावली (*Parabole*, मर्कूसमा १३ पटक प्रयोग गरिएको) को साहित्यिक अर्थ हो “वरिपरि फ्याँक्नु” जीवनको एक सामान्य घटना आत्मिक सतयता चित्रण गर्नलाई हो ।

**३:२४ “यदि”** सम्भावित कामको अर्थ राख्ने यो एउटा तेस्रो दर्जाको शर्तात्मक वाक्य हो ।

**३:२७ “बलियो मानिसलाई पहिले नबाँधेसम्म”** यो यशैया ४९:२४-२५ प्रति एउटा पर्दाको मसिही प्रसंग थियो । यसले येशू शैतान भन्दा बलियो हुनुहुन्थ्यो भन्ने उहाँको सोचलाई पनि देखायो ।

यहूदीवादमा भूत धपाउने काम सामान्य हुन्थ्यो (९, ३८; प्रेरित १९:१४)। असामान्य के थियो भने शास्त्रीहरुद्वारा प्रयोग गरिएको जादुई औषधी र सूत्रहरुका विरुद्ध येशूद्वारा परिचालित शक्ति र अख्तियार । येशूले स्पष्टसाथ देखाउनुहुन्छ कि उहाँको आगमनद्वारा शैतान अगाडि नै हारिसकेको छ ! अगस्टिनले मर्कूस ३:२४ मा पनि प्रमाणका रुपमा भन्नुभयो कि तोकिएको एकहजार वर्षको समय पहिल्यै उपस्थित थियो ।

प्राय यस पदलाई खीष्टियन भेटहरुबाट शैतानलाई बाँध्नका लागि प्रमाण पुस्तकका रुपमा आज प्रयोग गरिन्छ । यो पुस्तकले शैतान विरोधी खीष्टियन प्रार्थनाको अग्ररुपका रुपमा कार्य गर्न सक्दैन । विश्वासीहरुलाई कहिल्यै पनि शैतानलाई सम्बोधन गर्न सिकाइँदैन । यस पद एउटा अन्धविश्वासी मन्त्रमा परिवर्तन भएको छ जुनचाहिँ नयाँ करारसित पूर्णरुपमा गुणविहीन छ ।

## NASB (UPDATED) TEXT: 3:28-30

२८साँच्चै, म तिमीहरुलई भन्दछु, मानिसहरुका सबै पाप र ईश्वर-निन्दा क्षमा गरिनेछन्, २९तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्तको पापकर्मको दोषी ठहर्छ । ३०उहाँले यो वचन भन्नुभयो, किनकी “उसमा अशुद्ध आत्मा छ” भनी तिनीहरुले भनेका थिए ।

**३:२८ “साँच्चै”** अक्षरशः यो “यस्तै होस्” हो । येशूको “साँच्चै” को सुरुको प्रयोग अनौठो छ । यसभन्दा अघि सधैं एउटा महत्त्वपूर्ण भनाइ आउँदछ ।

**विशेष शीर्षक : आमिन्**

अ. पूरानो करार

क. “आमिन” भन्ने पद एउटा हिब्रू शब्दबाट तलका कुराहरुका निम्ति हुन् :

१. “सत्यता” (*emeth* BDB ४९)
२. “साँचोपना” (*emun, emunah*, BDB ५३)
३. “विश्वास” अथवा “विश्वसनीयता”
४. “भरोसा” (*dmn*, BDB ५२)

ख. यसको सुरुवात एउटा व्यक्तिको स्थीर भौतिक स्थितिबाट हुन्छ । यसको विपरित अदृढ वा चिप्लिनु हुन्छ । (व्यवस्था २८:६४-६७; ३८:१६; भजन ४०:२; ७३:१८; यर्मिया २३:१२) अथवा चिप्लिनु (भजन ७३:२)

यस अक्षरशः प्रयोगबाट विश्वासी, भरोसापूर्ण, नम्र र भर पर्न सकिनेको आलङ्कारिक विस्तृतरुपको प्रयोग भयो (उत्पत्ति १५:१६; २:४)

ग. विशेष प्रयोगहरु

१. खामो, २ राजा १८:१६ (१ तिमोथी ३:१५)

२. भरोसा, प्रस्थान १७:१२
३. स्थिरता, प्रस्थान १७:१२
४. पक्का, यशैया ३३:६; ३४:५-७
५. साँचो, १ राजा १०:६; १७:२४; २२:१६; हितोपदेश १२:२२
६. स्थिर, २ इतिहास २०:२०; यशैया ७:९
७. आश राख्नु (Torah), भजन ११९:४३, १४२, १५१, १६८

घ. पूरानो करारमा सक्रिय विश्वासका निम्ति दुई अन्य हिब्रू पदहरु प्रयोगमा आउँछन्
१. *bathach* (BDB १०५), विश्वास
२. *yra* (BDB ४३१), डर, आदर, आराधना (उत्पत्ति २२:१२)

ङ. विश्वास वा विश्वसनीयताको अर्थबाट एउटा प्रयोग विकसित भयो जुनचाहिँ अरुको साँचो वा विश्वासी भनाइ जनाउन प्रयोग गरिन्थ्यो (व्यवस्था २७:१५-२६; नहेम्याह ८:६; भजन ४१:१३; ७०:१९, ८९:५२; १०६:४८)

च. यस पदको ईश्वरशास्त्रीय सत्यता मानवजातिको विश्वास होइन तर YHWH को (प्रस्थान ३४:६; व्यवस्था ३२:४; भजन १०८, ४; ११५:१; ११७, २, १३८:२)। YHWH को कृपालु विश्वासी व्यवस्थाको नियम र उहाँका वाचाहरु नै गुमेको मानवताको एकमात्र आशा हो । YHWH लाई जान्नेहरु उहाँ जस्तै हुन्छन् (२:४)। बाइबल एउटा इतिहास अनि मानवजातिमा परमेश्वरले आफ्नो प्रतिरुप पुनस्थापना गर्नुभएका अभिलेख हो (उत्पत्ति १:२६-२७) मुक्तिले नै परमेश्वरसित नजिकको साथीत्व हुने मानवजातिको क्षमतालाई स्थापित गर्दछ । यसकारण हामी सृष्टि गरियौं ।

आ. नयाँ करार

क. नयाँ करारमा एउटा भनाइको विश्वसनीयतको पूजा जोड दिने कुराका रुपमा "यस्तै होस्" भन्ने शब्दको प्रयोग (१ कोरिन्थी १४:१६; २ कोरिन्थी १:२०; प्रकाश १:७; ५:१४; ७:१

ख. नयाँ करारमा आराधनाको नजिकका रुपमा यस पदको प्रयोग सामान्य छ (रोमी १:२५; ९:५; ११:३६; १३:२७; गलाती १:५; ६:१८; एफिसी ३:२१; फिलिप्पी २१:२०; २ थेसलोनिकी ३:१८; १ तिमोथी १:१७; ६:१६; २ तिमोथी ४:१८)

ग. महत्त्वपूर्ण भनाइहरु परिचित गराउन यस पदको प्रयोग गर्नुहुने येशू एक मात्रै हुनुहुन्छ (यूहन्नामा दुइपटक) (लूका ४:२४; १२:३७; १८:१७, २९; २१:३२; २३:४३)

घ. प्रकाश ३:१४ मा यसलाई येशूका निम्ति शीर्षकका रुपमा प्रयोग गरिन्छ । (शायद यशैया ६:५:१६ बाट YHWH को एक शीर्षक)

ङ. विश्वासीय वा विश्वास, भर पर्न योग्य वा भर पर्नुको धारणा ग्रीकमा पद *pistos* वा *pistis* द्वारा अभिव्यक्त गरिन्छ जुनचाहिँ अंग्रेजीमा "भर पर्नु" "विश्वास" "भरोसा" को रुपमा अनुवाद गरिन्छ ।

**"मानिसहरुका सबै पाप र ईश्वर निन्दा क्षमा गरिनेछन्"** यसले खीष्टमा परमेश्वरको अनुग्रहको क्षेत्रलाई देखाउँथ्यो । "मानिसहरुका पुत्रहरु" भन्ने वाक्यांश मानव-जातिलाई जनाउने एउटा वाक्पद्धति हो । (भजन ८:४; इजकिएल २:१)

**३:२९ "तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेहरु"** यसलाई पेन्तिकोसभन्दा पहिलेको ऐतिहासिक स्थितिमा बुझिनुपर्दछ । परमेश्वरको सत्यता अस्वीकार गरिएको भन्ने अर्थमा यो प्रयोग गरियो । यस पदको सिकाइलाई सामान्य रुपमा "क्षमा गर्न नसकिने पाप" भनेर भनिएको छ ।

तलका स्थितिलाई ध्यानमा राखी यसलाई व्याख्या गरिनुपर्दछ :

१. पूरानो करारमा "जानीजानी" र "अन्जानमा गरिने पापहरु" बीचमा भिन्नता (गन्ती १५:२७-३१)
२. यस सन्दर्भमा फरिसीहरुका अविश्वास
३. पद २८ मा क्षमाको भनाइहरु
४. सु-समाचार समानान्तरहरु बीच फरकहरु, विशेष गरी "मानिसहरुका पुत्रहरु" (मत्ती १२:३१; मर्कूस ३:२८) मा "मानिसको पुत्र" (मत्ती १२:३२; लूका १२:१०) को परिवर्तन ।

माथिका सन्दर्भमा, यो पाप तिनीहरुद्वारा गरिन्छ जसले बुझेर र थाहा पाइकन पनि येशूलाई प्रकाश र मुक्तिको परमेश्वरको साधनका रुपमा अस्वीकार गर्दछन् । तिनीहरुले सु-समाचारको ज्योतिलाई शैतानको अन्धकारतर्फ धकेल्छन् (पद ३०) । तिनीहरुले पवित्र आत्माको खिचाइ र प्रदानतालाई अस्वीकार गर्छन् (यूहन्ना ६:४४, ६५)। कुनै एक काम वा वचनका कारण परमेश्वरद्वारा अस्वीकार गरिनु क्षमा गर्न नसकिने पाप होइन तर नचाहेर नै अविश्वासी भएर ख्रीष्टमा परमेश्वरको सदाको अस्वीकार हो (जस्तो कि, शास्त्रीहरु र फरिसीहरु) ।

यो पाप कर्म सु-समाचारमा देखाइनेहरुद्वारा मात्र गर्न सकिन्छ । येशूका बारेमा सन्देश सुनेकाहरु नै प्रस्टरुपमा यसको अस्वीकारप्रति सबैभन्दा बढी उत्तरदायी हुन्छन् । यो विशेष गरी आधुनिक संस्कृतिहरुप्रति खाँचो छ जो सु-समाचारको नजिक छन् तर येशूको विरोध गर्छन् (जस्तो कि; अमेरिका, पश्चिमी संस्कृति)

त्रि-एकको तेस्रो व्यक्तिका रुपमा पवित्र आत्माका निम्ति तलको विशेष शीर्षक हेर्नुहोस् ।

**विशेष शीर्षक : पवित्र आत्माको व्यक्तित्व**

पूरानो करारमा "परमेश्वरको आत्मा" (जसको अर्थ, *ruach*) एउटा शक्ति थियो जसले YHWH को उद्देश्य पूरा गऱ्यो, तर यो व्यक्तिगत थियो भन्ने त्यहाँ कुनै सन्देश छैन । अर्थात्, पूरानो करारको एकल ईश्वरवाद, जे होस्, नयाँ करारमा पवित्र आत्माको व्यक्तित्व र पूर्व व्यक्तित्वको अभिलेख राखिन्छ :

१. उहाँलाई निन्दा गर्न सकिन्छ (मत्ती १२:३१; मर्कूस ३:२९)
२. उहाँले सिकाउनुहुन्छ (लूका १२:१२; यूहन्ना १४:३६)
३. उहाँले गवाही दिनुहुन्छ (यूहन्ना १४:३६)
४. उहाँले फैसला गर्नुहुन्छ, डोऱ्याउनुहुन्छ (यूहन्ना १६:७-१५)
५. उहाँलाई "बैना" भनिन्छ (जसको अर्थ *hos*) (एफिसी १:१४)
६. उहाँलाई दु:खित तुल्याउन सकिन्छ (एफिसी ४:३०)
७. उहाँलाई निभाउन सकिन्छ (१ थेसलोनिकी ५:१४)

त्रि-एक सम्बन्धीका पुस्तकहरुले तीन व्यक्तिहरुका बारेमा पनि बोल्दछन् :

१. मत्ती २८:१९
२. २ कोरिन्थी १३:१४
३. १ पत्रुस १:२

आत्मा मानिसका कार्यसित गाँसिनुहुन्छ ।
१. प्रेरित १५:२८
२. रोमी ८:२६
३. १ कोरिन्थी १२:११
४. एफिसी ४:३०

प्रेरितको सुरुवातमै पवित्र आत्माको भूमिका जोड दिइन्छ । पेन्तिकोस पवित्र आत्माको कामको सुरुवात थिएन, तर एक नयाँ अध्याय थियो । येशूको सधैं पवित्र आत्मा थियो । उहाँको बप्तिस्मा पवित्र आत्माको कामको सुरुवात थिएन तर एक नयाँ अध्याय थियो । लूकाले मण्डलीलाई प्रभावित सेवाकाइको एक नयाँ अध्यायका निम्ति तयार पार्नुहुन्छ । येशू अझैसम्म केन्द्रबिन्दु हुनुहुन्छ, पवित्र आत्मा अझै महत्त्वपूर्ण साधन हुनुहुन्छ अनि पिताको प्रेम, क्षमा, अनि उहाँको प्रतिरुपमा सम्पूर्ण मानिसहरुको पुनप्राप्ति नै लक्ष्य हो ।

- **"कदापि क्षमा हुने छैन"** यस भनाइलाई पद २८ को सन्दर्भमा व्याख्या गरिनुपर्दछ ।
- **"तर अनन्त पापकर्मको दोषी ठहर्छ"** यो महान् ज्ञान हुँदाहुँदै सु-समाचार (जसको मतलत, येशूका कामहरु र व्यक्ति) को जानाजानी अस्वीकार थियो ।

"अनन्त पापकर्म" भन्ने वाक्यांशसित सम्बन्धित त्यहाँ धेरै विविधताहरु छन् । केही पूराना ग्रीक पाण्डुलिपीहरुले

१. यसलाई एउटा सम्बन्धकारक वाक्यांशमा परिवर्तन गरे (अर्थात्, *hamartias*)-C*,D,W
२. "न्याय" थपे (अर्थात्, *Kriseōs*) - A र $C^2$ (KJV)
३. "यातना" थपे (अर्थ *Kolaseōs*), minuscule १२३४

एउटा "अनन्त पापकर्म" बारे कुरा गर्नु पहिलेका शास्त्रीहरुलाई आघातपूर्व हुन्थ्यो ।
$UBS^4$ ले "अनन्त पापकर्म" लाई एउटा B श्रेणी दिन्छ । (लगभग निश्चित)।

विशेष शीर्षक : अनन्त

Robert B. Girdlestone ले आफ्नो पुस्तक *Synonyms of the Old Testament* मा 'अनन्त' शब्दबारे एउटा चाखलाग्दो आलोचना गर्दछन् : "अनन्त जीवनका समानार्थीका रुपमा नयाँ करारमा चालिसभन्दा धेरै चोटी *aiōnios* भन्ने विशेषण प्रयोग गरिएको छ, जुनचाहिँ एउटा वर्तमान उपहार वा भविष्यको निम्ति एउटा वाचाका रुपमा लिइन्छ । यसलाई रोमी १६:२६ मा परमेश्वरको अनन्त अस्तित्वका रुपमा हिब्रू ९:१२, १३:२० मा खीष्टको प्रायश्चितको अनन्त क्षमताका रुपमा अनि रोमी १६.२५, २ तिमोथी १, ९, तितस १.२ मा विगतका युगहरुका रुपमा पनि प्रयोग गरिएको छ ।

यो शब्द अनन्त ज्वालाका सन्दर्भमा, मत्ती १८, ८.२५, यहूदा ७, मा, मत्ती २५:४६ मा अनन्त दण्डका रुपमा, मर्कूस ३:२९, हिब्रू ६.२ मा अनन्त न्याय र निन्दाका रुपमा, २ थेसलोनिकी १.९ मा अनन्त विनाशका रुपमा प्रयोग हुन्छ । यी अनुच्छेदहरुमा यस शब्दले अन्तिमलाई लुकाउँदछ अनि यी न्यायहरु कहिले पीडादायी हुने छन्, परीक्षण काल, परिवर्तन अथवा एकजनाको भाग्य पुनः प्राप्ति गर्ने सम्भावना सम्पूर्ण कुरा सदाका निम्ति सकिएका हुने छन् । भविष्यका बारेमा, मानिसको जीवनको अन्य अस्तित्वसितको सम्बन्धका बारेमा, अविश्वासको नैतिक वजनका बारेमा, अनन्तताको दृष्टिबाट हेर्दा हामीले थोरैमात्र बुझ्दछौं । यदि, एकातर्फ, परमेश्वरको वचनमा थप्नु गलत हो भने, हामीले यसलाई

घटाउनु पनि हुँदैन अनि धर्मग्रन्थमा जनाइए अनुसार यदि हामी अनन्त दण्डको सिद्धान्तमुनि धर्मग्रन्थमा भनिएअनुसार डग्मगायौं भने, हामीले पर्खनलाई धैर्य गर्नैपर्छ अनि परमेश्वरको खीष्टमा हुने प्रेमको सु-समाचारप्रति अडिग रहेर हामीले विश्वासै नगरेको त्यहाँ अँध्यारोपना छ भन्ने थाहा पाउनुपर्छ । (पृष्ठ ३१८-३१९)।

**विशेष शीर्षक : "क्षमा दिन नसकिने पाप" को व्याख्या गराईको विस्तृत कार्याविधिहरु**

अ. सम्झनुहोस् कि सु-समचारहरुले एउटा यहूदी स्थितिलाई झल्काउँछ

१. दुई प्रकारका पापकर्महरु (लेवी ४:२, २२, २७; ५:१५, १७-१९; गन्ती १५:२७-३१; व्यवस्था १:४३; १७:१२-१३)

अ. बिना आशयपूर्ण र

आ. आशयपूर्ण

२. पेन्टिकोस पूर्वको यहूदी दृश्य (अर्थ, सु-समाचारको पूर्णता अनि पवित्र आत्मा अझैसम्म बाहिर आउनुभएको छैन)

आ. मर्कूस ३:२२-३० को साहित्यिक सन्दर्भ टिप्पणी गर्नुहोस् ।

१. येशूको आफ्नै परिवारको अविश्वास (३:३१-३२)

२. फरिसीहरुको अविश्वास (२:२४; ३:१, ६, २२)

इ. "मानिसका पुत्र" शीर्षक "मानिसहरुका पुत्रहरु" मा परिवर्तन भएका समानान्तरहरु तुलना गर्नुहोस् ।

१. मत्ती १२:२२-३७ (जसको अर्थ हो १२:३२, "मानिसको पुत्रका विरुद्ध एक शब्द")

२. लूका ११:१४-२६; १२:८-१२ (जसको अर्थ, १२:१०, "मानिसको पुत्रका विरुद्ध एउटा शब्द)

३. मर्कूस ३:२८ (अर्थ, मानिसका पुत्रहरुका सम्पूर्ण पापहरु क्षमा गरिनेछन्)।

## NASB (UPDATED) TEXT: 3:31-15

३१तब उहाँकी आमा र उहाँका भाइहरु त्यहाँ आए, र बाहिरै खडा भएर उहाँलाई डाकी पठाए । ३२भीड उहाँको वरिपरि बसिरहेको थियो र तिनीहरुले उहाँलाई भने, "हेर्नुहोस्, तपाइँकी आमा र तपाइँका भाइहरु तपाइँलाई बाहिर खोज्दैछन् ।" ३३उहाँले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो, "मेरी आमा र मेरा भाइहरु को हुन् ?" ३४अनि आफ्नो वरिपरि चारैतिर हेरेर उहाँले भन्नुभयो, "हेर, यिनै हुन् मेरी आमा र मेरा भाइहरु । ३५किनकी जसले परमेश्वरको इच्छा पालन गर्छ त्यो नै मेरो भाइ र मेरी बहिनी र मेरी आमा हुन् ।"

३:३१-३५ यी पदहरु पद २१ सित सम्बन्धित छन् । धर्मगुरुहरुको आशयपूर्ण, व्यर्थको अविश्वास र येशूका परिवारको अज्ञानी तर सहानुभूतिपूर्ण अविश्वसनीय त्यहाँ एउटा पक्कै विरोध छ । येशूले विशिष्ट रुपमा नै भन्नुहुन्छ कि परमेश्वरको इच्छा पालन नै उहाँमा विश्वास गर्नु हो । (यूहन्ना ६:४०; १४:६)।

**३:३३ "मेरी आमा र मेरा भाइहरु को हुन् ?"** यस घातक प्रश्नले बाइबलीय विश्वासको मूल प्रवृत्ति र येशूको आत्मा समझदारी देखाउँछ । जुनचाहिँ एउटा नयाँ जन्म, एउटा नयाँ परिवारको सन्दर्भमा मात्र व्याख्या गर्न सकिन्छ । यहूदी जीवनको पारिवारिक जीवन यति महत्त्वपूर्ण पक्ष थियो कि सँगैका विश्वासीहरुका निम्ति यी पारिवारिक पदहरु प्रयोग गर्नु महत्त्वपूर्ण छ । विश्वासीहरुले ईश्वरत्वलाई

पारिवारिक सदस्यहरुका रुपमा गाँस्छन्; परमेश्वर पिता हुनुहुन्छ, येशू अनौठो पुत्र र उद्धारकर्त्ता हुनुहुन्छ अनि हामी पनि परमेश्वरका सन्तान हौं ।

**३:३५ "किनकी जसले परमेश्वरको इच्छा पालन गर्छ"** खीष्टमा विश्वास गर्नु सम्पूर्ण मानिसहरुका लागि परमेश्वरको इच्छापालन गर्नु हो (यूहन्ना १:१२; ३:१६; ६:४०; १४:६, १ यूहन्ना ५:१२, १३) १ पत्रुस २:१५ मा परमेश्वरको इच्छा भन्ने विशेष शीर्षक हेर्नुहोस् । येशू र उहाँको सन्देशप्रति विश्वासमा समावेशी र विश्वव्यापी रुपमा आगमन हुने प्रतिक्रियाको ख्याल गर्नुहोस् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. लूकाको दृश्य किन मर्कूसको भन्दा भिन्न छ ? (पद २२-३०) मत्तीको लेखले मर्कूसमा के थप गर्दछ ?
२. धर्म गुरुहरुले यस अध्यायमा किन येशू विरुद्ध यी आरोपहरु लगाए ? के तिनीहरुले राम्ररी जान्दथे ?
३. किन येशूले उनीहरुलाई कारण दिन प्रयास गर्नुभयो ?
४. "क्षमा गर्न नसकिने पापकर्म" के हो ?
५. आज कुन सन्दर्भमा क्षमा दिन नसकिने पापकर्म गर्न सकिन्छ ? कसैले यसो गरेको छ भनेर के हामीले थाहा पाउन सक्छौं ?
६. क्षमा गर्न नसकिने पापकर्म बारेमा के यो अनुच्छेद १ यूहन्ना ५:६ अथवा हिब्रू ६ र १० सित सम्बन्धित छ ?
७. यो पाप मुक्तिसित कसरी सम्बन्धित छ ? यो पाप कसरी येशूको परिवारको अविश्वाससित सम्बन्धित छ ?
८. पवित्र आत्माको विरोध नभई के येशू विरुद्धको निन्दा क्षमा गर्न सकिन्छ ? फरक के छ (मत्ती १२:३१-३२ लाई लूका १२:१० र मर्कूस ३:२८ सित तुलना गर्नुहोस्)?

## मर्कूस ४

### आधुनिक अनुवादहरुका अनुच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| बीउ छर्नेको दृष्टान्त | बीउ छर्नेको दृष्टान्त | दृष्टान्तहरुमा सिकाइ | बीउ छर्नेको दृष्टान्त | बीउ छर्नेको दृष्टान्त |
| ४:१-९ | ४:१-९ | ४:१-९ | ४:१-२<br>४:३-८<br>४:९ | ४:१-९ |
| दृष्टान्तहरुको उद्देश्य | दृष्टान्तहरुको उद्देश्य | | दृष्टान्तहरुको उद्देश्य | किन येशूले दृष्टान्तहरुमा बोल्नुभयो |
| ४:१०-१२ | ४:१०-१२ | ४:१०-१२ | ४:१०-१२ | ४:१०-१२ |
| बीउ छर्नेको दृष्टान्त व्याख्या गरिएको | बीउ छर्नेको दृष्टान्त व्याख्या गरिएको | | येशूले बीउ छर्नेको दृष्टान्त व्याख्या गर्नुहुन्छ | बीउ छर्नेको दृष्टान्त व्याख्या गरिएको |
| ४:१३-२० | ४:१३-२० | ४:१३-२० | ४:१३-२० | ४:१३-२० |
| खाटमुनि बत्ती | पाथीमुनि बत्ती | | सामदानमुनि बत्ती | येशूको शिक्षा प्राप्ति र |
| ४:२१-२३ | ४:२१-२५ | ४:२१-२५ | ४:२१-२३ | ४:२१-२३ |
| | | | | नापको दृष्टान्त |
| ४:२१-२५ | | | ४:२१-२५ | ४:२१-२५ |
| मौलाउने बीउको दृष्टान्त | मौलाउने बीउको दृष्टान्त | बीउ सुटुक्क मौलाउँदै | मौलाउने बीउको दृष्टान्त | आफैं मौलाएको बीउको दृष्टान्त |
| ४:२६-२९ | ४:२६-२९ | ४:२६-२९ | ४:२६-२९ | ४:२६-२९ |
| रायोको बीउको दृष्टान्त | रायोको बीउको दृष्टान्त | रायोको बीउ | रायोको बीउको दृष्टान्त | रायोको बीउको दृष्टान्त |
| ४:३०-३२ | ४:३०-३२ | ४:३०-३२ | ४:३०-३२ | ४:३०-३२ |
| दृष्टान्तहरुको प्रयोग | दृष्टान्तहरुको येशूको प्रयोग | | | दृष्टान्तहरुको प्रयोग |
| ४:३०-३४ | ४:३३-३४ | ४:३३-३४ | ४:३३-३४ | ४:३०-३२ |
| आँधी शान्त पारेको | हुरी र समुद्रले हुकुम माने | बतास र समुद्र शान्त भएको | येशूले आँधी शान्त पार्नुहुन्छ | आँधी शान्त पारेको |
| ४:३५-४१ | ४:३५-४१ | ४:३५-४१ | ४:३५-३८<br>४:३९-४०<br>४:४१ | ४:३५-४१ |

## अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**सान्दर्भिक अन्तर्दृष्टिहरु**

क. मर्कूसमा पछिल्ला केही अध्यायहरुले धर्मगुरुहरुका बढिरहेका विरोधलाई परिवर्त्तन गर्दछन् । मर्कूसले येशूको भीडहरुसितको प्रसिद्धीलाई धर्मगुरुहरुसित उहाँको नीचपनासित तुलना गर्दछन् ।
ख. येशू सभाघरको आराधनाबाट खुला भेटहरुतर्फ जानु भएको छ । यो धर्मगुरुहरुको प्रभाव कम पार्ने र उहाँको वचनहरु सुन्ने सारा जनसंख्याको मौकालाई बढावा दिने एउटा तरिका थियो ।
ग. दृष्टान्तहरुको बुझाइ एउटा पूर्व विश्वाससित सम्बन्धित थियो र छ । प्रेरितहरुले पनि येशूका दृष्टान्तमा सिकाइहरु सुरुमा बुझेनन् । केही तरिकाले बुझाइ निम्नलिखित कुराहरुमा भर पर्दछ ।
   १. चुनाव
   २. पवित्र आत्माको
   ३. पश्चाताप गर्ने र विश्वास गर्ने एउटा इच्छा
   बुझाइले एउटा स्वर्गीय शक्ति र एउटा मानव विश्वास प्रतिक्रियालाई समावेश गर्दछ !

घ. ग्रीकमा "दृष्टान्त" एउटा मिश्र शब्द हो जसको अर्थ सामान्यतया आत्मिक सत्यताहरु चित्रण गर्न यिनीहरु प्रयोग हुन्थे । जे होस् सु-समाचार लेखकहरुका निम्ति यो ग्रीक शब्दले हिब्रू *mashal* (BDB ६०५) अर्थ दिन्थ्यो भन्ने सम्झिनुपर्दछ जसको अर्थ "अल्मलिने प्रश्न" अथवा "लोकोक्ति" ज्ञानको एउटा वचन भन्ने हुन्थ्यो । परमेश्वरको राज्यको चकितमय प्रकृतिको सन्दर्भमा प्रसङ्गहरु र आशापूर्ण परिणामहरु पुनविचार गर्न जो कोहीले इच्छा गर्नुपर्दछ जुनचाहिँ अहिले येशूमा उपस्थित छ । केही श्रोताहरुका निम्ति दृष्टान्तहरुले सत्यता लुकाउँछन् (४:१०-१२)।
ङ. मर्कूस ४ का दृष्टान्तहरु मत्ती र लूकामा समानान्तरहरु छन् :

| मर्कूस | मत्ती | लूका |
|---|---|---|
| चार जमीनहरु | | |
| ४:३-२० | १३:३-२३ | ८:५-१५ |
| एउटा बत्ती लुकाइएको | | |
| ४:२१-२५ | | ८:१६-१८ |
| बीउ मौलाएको | | |
| ४:२६-२९ | | |
| रायोको बीउ | | |
| ४:३०-३२ | १३:३१-३२ | |
| दृष्टान्तहरुको प्रयोग | | |
| ४:३३-३४<br>(४:१०-१२) | १३:३३-३५ | |

च. सम्पूर्ण सारपूर्ण सु-समाचारहरुमा पाइने माटोहरुको दृष्टान्त वा बीउ छर्नेको दृष्टान्त अरुहरुप्रति व्याख्याको मूल साँचो हो । येशूले चेलाहरुलाई यो व्याख्या गर्न एकान्तमा समय लिनुभयो । दृष्टान्तको रुपक अथवा विशेष पक्षहरु छ जुनचाहिँको लुकेको अर्थ हराउँछ वा जसलाई परिचित पार्नुपर्छ ।

छ. विभिन्न सन्दर्भहरुमा मर्कूस ४:२१-२५ मत्तीमा दोहोरिएको छ :

मर्कूस ४:२१ - मत्ती ५:१५
मर्कूस ४:२ - मत्ती १०:२६
मर्कूस ४:२४ - मत्ती ७:२
मर्कूस ४:१५ - मत्ती १३:१२; २५:२९

**कम्तीमा त्यहाँ दुईटा व्याख्याहरु छन् :**

१. येशूले आफ्ना शिक्षाहरु र चित्रणहरु विभिन्न समयहरुमा विभिन्न समूहहरुलाई दोहोऱ्याउनु भयो र पुनः प्रयोग गर्नुभयो ।
२. सु-समाचार लेखकहरुले तिनीहरुका आफ्नै साहित्यिक र ईश्वरशास्त्रीय उद्देश्यहरुका निम्ति येशूका वचनहरु खोजिरहेका, मिलाइरहेका र प्रयोग गरिरहेका छन् (Gordon Fee र Doug Stuart द्वारा लिखित *How to Read the Bible for All Its worth* पृष्ठ ११३-१३४)

ज. मर्कूसले आश्चर्यकर्मका श्रेणीहरु अभिलेख गरेका छन् जुनचाहिँले ४:३५-८:२६ मा येशूको शक्ति र अख्तियार प्रकट गर्छन् । आश्चर्यकमहरुको अर्थ येशूका नयाँ शिक्षाहरुको सत्यतालाई पक्का पार्नु थियो । यी प्रसङ्गहरु उहाँले आफैं बनाउनुभयो ।

**विशेष शीर्षक : दृष्टान्तहरुको व्याख्या**

सु-समाचारहरु येशूको जीवनको धेरै वर्षपछि लेखिए । सु-समाचार लेखकहरु (पवित्र आत्माको सहयोगमा) साँस्कृतिक रुपमा मौखिक परम्पराप्रति बानी परेका थिए । धर्मशास्त्रीहरुले मौखिक उपस्थिति द्वारा सिकाए । येशूले शिक्षामा यो मौखिक पहुँचको नक्कल गरे । हामीलाई थाहा भएसम्म उहाँले कहिल्यै पनि उहाँका सिकाइहरु या आह्वानहरु लेख्नुभएन । सम्झनलाई सघाउ पुऱ्याउनु शिक्षाका

अभिव्यक्तिहरु दोहोऱ्याइन्थे, सारांशमा भनिन्थे अनि चित्रण गरिन्थे । सु-समाचार लेखकहरुले यी सम्झनयोग्य सामग्रीहरु प्राप्त गरे । यी तरिकाहरुमध्ये दृष्टान्तहरु एक हुन् । दृष्टान्तहरुलाई परिभाषित गर्न गाह्रो छ :

"दृष्टान्तहरुलाई दुई तहका अर्थसितका कथाहरुका रुपमा राम्ररी परिभाषित गरिन्छन् ; कथाको तहले एउटा ऐना प्रदान गर्दछ जसद्वारा सत्यता बुझिन्छ र ग्रहण गरिन्छ ।" *Dictionary of Jesus and the Gospels*, (पृष्ठ ५९४) बाट साभार गरिएको ।

"दृष्टान्त एउटा भनाइ अथवा कथा हो जुनचाहिँले सामान्य जीवनको एउटा प्रसिद्ध अवस्थाबाट यसलाई चित्रण गर्दै वक्ताले जोड दिन चाहेको कुरालाई चित्रण गर्दछ ।" *The Zondervan Pictorial Bible Encyclopedia* (पृष्ठ ५९०) बाट लिइएको । येशूका दिनमा "दृष्टान्त" भन्ने पदद्वारा के बुझिन्थ्यो भनेर परिभाषित गर्न कठिन छ ।

१. केहीले भन्दछन् यसले हिब्रू शब्द *mashal* लाई जनाउँछ जुन कुनै शब्दजाल (मर्कूस ३:२३), स्पष्ट भनाइ (हितोपदेश), लूका ४:२३) छोटो भनाइ (मर्कूस ७:१५) वा रहस्यपूर्ण (कठिन भनाइ") थियो ।
२. अरुहरुले एउटा छोटो कथाको संक्षिप्त परिभाषा लिन्छन् ।

एकजनाले कसरी शब्दलाई परिभाषित गर्दछ भन्ने कुरालाई आधार बनाउँदा, येशूका अभिलेख गरिएका शिक्षाहरुमध्ये एक तिहाइभन्दा धेरैचाहिँ दृष्टान्तको रुपमा छन् । यो मुख्य साहित्यिक प्रारुप थियो । दृष्टान्तहरु पक्कै पनि येशूका आफ्नै भनाइहरु हुन् । यदि कसैले दोस्रो परिभाषा स्वीकार्छ भने, त्यहाँ अझै विभिन्न प्रकारका छोटा कथाहरु छन् ।

१. सामान्य कथाहरु (लूका १३:६-९)
२. जटिल कथाहरु (लूका १५:११-३२)
३. परस्पर विरोधी कथाहरु (लूका १६:१-८; १८:१-८)
४. विशेष/रुपकीय (मत्ती १३:२४-५०, ४७-५०; लूका ८:४-८, ११-१५; १०:२५-३७; १४:१६-२४; २०:९-१९; यूहन्ना १०; १५:१-८) दृष्टान्तको सामग्रीलाई ध्यानमा राख्दा हरेकले यी भनाइहरु विभिन्न तहहरुमा व्याख्या गर्नुपर्दछ । पहिलो दर्जाचाहिँ बाइबलीय विधाहरुसित मिल्ने सिद्धान्तहरु हुनेछन् ।

केही मार्गदर्शक कुराहरु :

१. पूरै पुस्तक अथवा कम्तीमा ठूलो साहित्यिक एकाइको उद्देश्य पहिचान गर्नुहोस् ।
२. सुरुका श्रोता पहिचान गर्नुहोस् । महत्त्वपूर्ण छ कि प्राय - एउटै दृष्टान्त विभिन्न समूहहरुलाई दिइन्छ, उदाहरण :
   अ. लूका १५ मा पापीहरुलाई निर्देशित हराएका भेंडाहरु
   आ. मत्ती १८ मा चेलाहरुतर्फ निर्देशित हराएका भेंडाहरु
३. दृष्टान्तको अकस्मात सन्दर्भ टिप्पणी गर्नुहोस् । प्रायः येशू अर्थात् सु-समाचार लेखकले मुख्य कुरा (प्रायः दृष्टान्तको अन्त्यमा वा यसको तुरुन्तै पछाडि) भन्दछन् ।

४. एउटा घोषणात्मक वाक्यमा दृष्टान्तको आन्तरिक अन्तदृष्टि (हरु) अभिव्यक्त गर्नुहोस् । दृष्टान्तहरुसित प्रायः दुई वा तीन मुख्य पात्रहरु हुन्छन् । सँधैजसो हरेक पात्रसित एउटा लुकेको सत्यता, उद्देश्य वा बुँदा (कथा) हुन्छ ।

५. अन्य सु-समाचारहरुमा त्यसपछि अन्य नयाँ करार पुस्तकहरु र पूराना करारका पुस्तकहरुका समानान्तर अनुच्छेदहरु परीक्षण गर्नुहोस् । व्याख्यात्मक सिद्धान्तहरुका दोस्रो तह ती हुन् जुनचाहिँ दृष्टान्तका सामग्रीसित विशेष रुपमा सम्बन्धित हुन्छन् ।

१. दृष्टान्त धेरै पटक पढ्नुहोस् (सम्भव भएसम्म सुन्नुहोस्)। यिनीहरु मौखिक प्रभावका निम्ति दिइएका थिए, लिखित विश्लेषणका निम्ति होइन ।

२. धेरैजसो दृष्टान्तहरुको एउटा मात्र भित्री सत्यता हुन्छ जुनचाहिँ येशू र/अथवा स्वर्गदूत दुवैको ऐतिहासिक र साहित्यिक सन्दर्भहरुसित सम्बन्धित हुन्छ ।

३. विवरणहरु व्याख्या गर्दा होसियार हुनुहोस् । प्रायः तिनीहरु कथाको दृष्यका भागहरु मात्र हुन् ।

४. दृष्टान्तहरु यथार्थ होइनन् भन्ने सम्झनुहोस् । तिनीहरु जीवनसित मिल्ने तुलनाहरु हुन्, तर प्रायः बढाइ चढाइ गरिएका एउटा बिन्दु (सत्यता) स्थापित गर्नलाई ।

५. कथाका मुख्य बुँदाहरु पहिचान गर्नुहोस् जुनचाहिँ एउटा पहिलो शताब्दीको यहूदी श्रोताले बुझेको होस् । त्यसपछि अचम्म वा अनौठा कुराहरु खोज्नुहोस् । प्रायः यो कथाको अन्त्यतिर आउँदछ (A Berkeley Mickelsen, *Interpreting the Bible*, पृष्ठ २२१-२२४)

६. सम्पूर्ण दृष्टान्तहरु एउटा प्रतिक्रिया निकाल्नलाई दिइएका थिए । त्यो प्रतिक्रिया सँधै "परमेश्वरको राज्य" को अवधारणासित सम्बन्धित छन् । नयाँ मसिही राज्यका उद्घाटक येशू हुनुहुन्थ्यो (मत्ती २१:३१; लूका १७:२१)। उहाँलाई सुन्नेहरुले अहिले नै प्रतिक्रिया दिनुपर्दछ !

राज्य भविष्य पनि थियो (मत्ती २५) । एउटा व्यक्तिको भविष्य उसले त्यस समयमा कसरी येशूलाई प्रतिक्रिया दियो भन्नेमा भर पर्दथ्यो । राज्यसम्बन्धी दृष्टान्तहरुको नयाँ राज्यको वर्णन गरे जुन येशूमा आइपुगेका थिए । तिनीहरुले चेलाहरुका निम्ति यसको नैतिक र द्रुत आवश्यकताको व्याख्या गरे । पहिले भएजस्तो केही पनि हुन सक्दैन । सम्पूर्ण नयाँ छ अनि येशूमा जोड दिन्थ्यो ।

७. दृष्टान्तहरुले प्रायजसो बुँदा वा खास सत्यता अभिव्यक्त गर्दैनन् । व्याख्याकर्त्ताले सान्दर्भिक साँचोहरु खोज्नुपर्दछ जसले हामीलाई अहिले अस्पष्ट भएका सुरुका साँस्कृतिक बीचको सत्यताहरु प्रकट गर्दछ ।

प्राय विरोधी हुने तेस्रो स्तर के हो भने दृष्टान्तको सत्यताको लुकेको रुप हो । येशूले प्राय दृष्टान्तरुको आशयबारे बोल्नुभयो (मत्ती १३:९-१५; मर्कूस ४:९-१३; लूका ८:८-१०; यूहन्ना १०:६; १६:२५) यो यशैया ६:९-१० मा अगमवाणीसित सम्बन्धित थियो । श्रोताको हृदयले बुझाइको स्तर निर्धारण गर्दछ (मत्ती ११:१५; १३:९, १५, १६, ४३; मर्कूस ४:९, २३, ३३-३४; ७:१६; ८:१८; लूका ८:८; ९:४४; १४:३५)

जे होस्, भीड (मत्ती १५:१०; मर्कूस ७:१४) र फरिसीहरुले (मत्ती २१:४५; मर्कूस १२:१२; लूका २०:१९) येशूले के भनिरहनु भएको थियो भन्ने सही बुझे तर विश्वास र पश्चातापका साथ यसप्रति राम्रो प्रतिक्रिया दिन इन्कार गरे भन्ने कुरा पनि उल्लेख गरिनुपर्दछ । एक अर्थमा माटोको दृष्टान्तको सत्यता यो नै हो (मत्ती १३; मर्कूस ४; लूका ८) ।

दृष्टान्तहरु सत्यता लुकाउने अर्थात् प्रकट गर्ने माध्यम थिए (मत्ती १३:१६-१७; १६:१२; १७:१३; लूका ८:१०; १०:२३-२४)

Grant Osborne ले उनको *Hermeneutical Spiral*, पृष्ठ २३९ मा, "दृष्टान्तहरु एक "जम्काभेट गर्ने यन्त्र रचना" हुन् अनि श्रोता अनुरुप फरकरुपले काम गर्दछन्" भन्ने बुँदा बनाउँछन् ........" हरेक समूह (गुरुहरु, भीडहरु, चेलाहरु) दृष्टान्तहरुद्वारा फरक तरिकाले काम गर्दछन् ।" प्रायः चेलाहरुले पनि उहाँको या त शिक्षा वा उहाँका दृष्टान्तहरु बुझेनन् (मत्ती १५:१६; मर्कूस ६:५२; ८:१७-१८, २१; ९:३२; लूका ९:४५; १८:३४; यूहन्ना १२:१६)।

एउटा चौथो तह पनि विरोधपूर्ण छ । यसले दृष्टान्तहरुको मूल सत्यतासित सरोकार राख्दछ । धेरैजसो आधुनिक व्याख्याकर्ताहरुले दृष्टान्तहरुको रुपकीय व्याख्याप्रति प्रतिक्रिया जनाएका छन् । रुपकले विवरणहरुलाई सत्यताको फरक तरिकाहरुमा फर्काइदियो । व्याख्यानको यस विधिले व्याख्याकर्त्ताको ऐतिहासिक दृश्य, साहित्यिक दृश्य अर्थात् लेखकको आशयलाई जोड दिएन तर पुस्तक नभई व्याख्यानकर्त्ताको विचार प्रकट गर्‍यो ।

जे भएपनि, यो भन्नु नै पर्दछ कि येशूले व्याख्या गर्नुभएका दृष्टान्तहरु रुपकसित नजिक अनि विशेष प्रकारका छन् । येशूले सत्यता प्रदान गर्नलाई विवरणहरुको प्रयोग गर्नुभयो (बीउ छर्ने, मत्ती १३; मर्कूस ४; लूका ८ अनि दुष्ट भाडामा बस्ने मत्ती २१; मर्कूस १२, लूका २०)।

अन्य दृष्टान्तहरुमध्ये केहीका विभिन्न मूल सत्यताहरु छन् । एउटा राम्रो उदाहरण हराएको छोराको दृष्टान्त हो (लूका १५:११-३२)। यो बुबाको प्रेम र कान्छो छोराको गलत बाटो मात्र होइन तर दृष्टान्तको पूरा अर्थ अन्तर्गत जेठो छोराको धारणा पनि पर्दछ ।

Peter Cotterell र Max Turner द्वारा लिखित *Lingustics and Biblical Interpretation* बाट एउटा सहयोगी उद्धरण :

"अन्य कोहीभन्दा पनि पछि ती Adulf Julicher थिए । जसले येशूको शिक्षामा दृष्टान्तको भूमिका बुझ्न नयाँ करार छात्रवृत्तिलाई एउटा निर्णयात्मक प्रयासतर्फ निर्देशित गरे । दृष्टान्तहरुको दूतरुपको कथा बनाउने काम छोडियो अनि तिनीहरुको साँचो अर्थभित्र छिर्न हामीलाई योग्य बनाउने एउटा मूल कुरो खोज्न सुरु गरियो । तर जसरी Jermias ले स्पष्ट पारे, "हरेक विवरणको मनमानी र अनौठो व्याख्याहरुबाट दृष्टान्तहरुलाई स्वतन्त्र बनाउने उहाँका प्रयासहरुका कारण उहाँ एउटा घातक त्रुटिमा फँस्नुभयो ।" एउटा दृष्टान्त एउटा मात्र विचार प्रदान गर्नेका रुपमा बुझ्नुपर्छ भन्ने कुरा जोड दिनुमात्र होइन तर त्यो विचार जतिसक्दो सामान्य हुनुपर्दछ भन्ने कुरापछि पनि गलत हो" (पृष्ठ ३०८) ।

Grant Osborne द्वारा लिखित *The Hermeneutical Spiral* बाट अर्को सहयोगी उद्धरण :

"यद्यपि मैले धेरै संकेतहरु टिप्पणी गरेको छु कि दृष्टान्तहरु लेखकको आशयद्वारा थोरै मात्रामा नियन्त्रण गरिएका वास्तवमै रुपकहरु हुन् । वास्तवमै Blomberg (१९९०) मतभेद राख्छन् कि दृष्टान्तहरुमा जति पात्रहरु छन् त्यति नै बुँदाहरु छन् अनि तिनीहरु साँच्चै रुपकहरु हुन् । जसै यसलाई बढाइचढाइ गरिन्छ, यो "एकपक्षीय तरीका" भन्दा पनि सत्यताको नजिक हुन्छ (पृष्ठ २४०)।

के दृष्टान्तहरुलाई सैद्धान्तिक सत्यताहरु सिकाउन अथवा सैद्धान्तिक सत्यताहरु प्रकाश पार्न प्रयोग गरिनुपर्दछ ? दृष्टान्तहरु व्याख्या गर्ने रुपक तरिकाको कुप्रयोगबाट धेरैजसो व्याख्याकारहरु प्रभावित भएका छन् जसले तिनीहरुलई सिद्धान्तहरु स्थापना गर्न अनुमति दियो जसको येशूका सुरुवा आशयसित कनै सम्बन्ध थिएन न त सु-समाचार लेखकसित । अर्थचाहिँ लेखकको आशयसित जोडिनु नै पर्दछ । येशू र सु-समाचार लेखकहरु यसद्वारा प्रभावित थिए तर व्याख्याकर्त्ताहरु छैनन् ।

जतिसुकै खराब तरिकाले दृष्टान्तहरुलाई दुष्प्रयोग गरिए तापनि अफैसम्म तिनीहरुले मान्यताको सत्यताको सिकाइको बाटोका रुपमा काम गर्दछन् । यस बुँदामा Bernard Ramm लाई सुन्नुहोस् । "दृष्टान्तहरुले मान्यता र दाबीहरु सिकाउँछन् जुन तिनीहरुलाई सिद्धान्तपूर्व लेखमा प्रयोग नगर्नु अनुपयुक्त हुन्छ । हामीले हाम्रा परिणामहरु हाम्रा परमप्रभुका सामान्य, प्रमाणित शिक्षासित अनि बाँकी नयाँ करारसित परीक्षण गर्नुपर्दछ । उपयुक्त सावधानीहरु सहितका दृष्टान्तहरु व्यावहारिक शिक्षा सिकाउन अनि खीष्टियन अनुभव प्रकाश पार्ने, सिद्धान्त चित्रण गर्न प्रयोग गरिन सक्छन् । *Protestant BiblicaI Interpretation* (पृष्ठ २८५)।

सारांशमा तीन उद्धरणहरु भन्न दिनुहोस् जसले दृष्टान्तहरुका हाम्रा व्याख्यामा भन्न दिनुहोस् जसले दृष्टान्तहरुका हाम्रा व्याख्यामा चेतावनीहरुलाई विम्बित गर्दछन् :

१. Gordon fee र Doug Suart द्वारा लिखित *How to Read the Bible for all its worth* बाट लिइएको :
   "प्रकाश बाहेक मण्डलीमा दृष्टान्तहरु गलत व्याख्याको एक शिकार बनेका छन् (पृष्ठ १३५)
२. J. Robertson McQuilkin द्वारा लेखिएको *Understanding and Applying the Bible* बाट लिइएको :

"दृष्टान्तहरु आत्मिक सत्यताबारे परमेश्वरका मानिसहरुलई ज्ञान दिलाउने आशिर्वादका स्रोत बनेका छन् । अर्कोतिर, दृष्टान्तहरु मण्डलीभित्र मान्यता र व्यवहारमा नभनिएका दुविधाका स्रोत भएका छन् (पृष्ठ १६४)।

३. Grant Osberne द्वारा लिखित *The HermeneuticaI SpiraI* बाट लिइएको; "दृष्टान्तहरु धर्मग्रन्थका ……… बाइबलीय विधाहरुका अनि गतिशील तर व्याख्या गर्न अति कठिन बनेका छन् । यसले दैनिक अनुभवहरुमा आधारित कथा अथवा एउटा तुलना सृजना गर्ने भएकाले सञ्चारका निम्ति दृष्टान्तको क्षमता अनि महान् छ । जेहोस्, त्यो कथाका आफ्नै धेरै अर्थहरु हुन्छन्, अनि पूराना श्रोताहरुलाई जस्तै आधुनिक पाठकहरुलाई पनि यसलाई व्याख्या गर्नु कठिनपूर्ण छ ( पृष्ठ २३५)।

**शब्द र वाक्यांश अध्ययन**

NASB (UPDATED) TEXT: 4:1-9

१पछिबाट फेरि समुद्रको किनारमा उहाँले शिक्षा दिन लाग्नुभयो । उहाँका चारैपट्टि भीड यति ठूलो भयो कि उहाँ समुद्रमा भएको एउटा डुङ्गामा चढ्नुभयो र त्यसैमा बस्नुभयो । मानिसहरुचाहिँ समुद्रको किनारका पाखामा बसेका थिए । २अनि उहाँले तिनीहरुलाई दृष्टान्तहरुमा धेरै कुरा सिकाउनुभयो । उहाँले आफ्नो शिक्षामा तिनीहरुलाई यसो भन्नुभयो : ३"सुन ! हेर, एक जना बीउ छर्ने मानिस बीउ छर्नलाई निस्क्यो । ४अनि छर्दाखेरि केही बीउ बाटोतिर परे, र ती बीउ चराचुरुङ्गीले आएर खाइहाले । ५केही बीउ ढुङ्गेनी ठाउँमा परे, जहाँ धेरै माटो थिएन, र माटोको गहिराइ नहुनाले ती छिट्टै उम्रे । ६घाम निकै चर्केपछि टुसाहरु डढिहाले, जरा नलागेकोले ती ओइलिहाले । ७केही बीउचाहिँ काँढाहरुका बीचमा परे । काँढाहरु बढे र बोट निस्सासिए, अनि तिनमा फल लागेनन् । ८र तर केही बीउ असल जमीनमा परे, र उम्रदै र बढ्दै गएर तीस गुणा, साठी गुणा र सय गुणा फल दिए ।" ९अनि उहाँले भन्नुभयो, "जसको सुन्ने कान छ, त्यसले सुनोस् ।"

**४:१ "फेरि समुद्रको किनारमा उहाँले शिक्षा दिन लाग्नुभयो"** यो कुनै पुर्णरुपले नौलो कुरा थिएन (२:११३; ३:७) तर अब उहाँका लागि सभाघर बन्दहुँदै गइरहेकोथियो, उहाँले यी खुलारुपमा शिक्षा दिन सुचारु गर्नुभयो । साधारण व्यक्तिले पनि उहाँ र उहाँको शिक्षाहरुप्रति पहुँच राखोस् भन्ने येशूले चाहना राख्नुहुन्थ्यो ।

- **"यति ठूलो भीड जम्मा भयो"** त्यहाँ एउटा ठूलो भीड थियो तर दृष्टान्तले जनाउँछ कि थोरैले प्रतिक्रिया दिए । ठूलो भीडको उपस्थिति मर्कूसमा दोहोरिरहने भाव हो (२:१३; ३:९; ४:१; ३६; ५:३१; ७:३३; ८:१, २;९: १४, १७; १४:४३; १५:८)

- **"एउटा डुङ्गा"** यो ग्रीक पदले एउटा चल्ने डुङ्गालाई जनाउँथ्यो । ३:९ मा येशूले भीड अति ठूलो भएकोले एउटा डुङ्गा तयार पार्न लगाउनुभयो । त्यसपछि यो एउटा बोल्ने मञ्च हुन्थ्यो । हरेक बिरामी व्यक्तिले उहाँलाई छुन चाहन्थ्यो । यसले गर्दा कति ठेलमठेल भए होला ।

- **"बस्नुभयो"** येशूको बसाइ (उभिनुको उल्टो) ले यहूदी गुरुहरु (शास्त्रीहरु शिक्षा दिनलाई बस्तथे) को परम्पारिक मान्यतालाई झल्काउँछ अथवा डुङ्गाको अस्थीरताका कारणले यसो भयो भन्नेमा जो कोहीले अचम्म मनन्दछ ।

- **"पाखामा"** येशूले यो ठूलो भीडतर्फ बोल्न पानीको प्राकृतिक आवाज ठूलो पार्ने यन्त्र प्रयोग गर्नुभएको हुनसक्छ ।

**४:२ "उहाँले तिनीहरुलाई सिकाउनुभयो"** यो एउटा अपूर्ण कर्तृवाच्य सूचक हो जसको अर्थ उहाँले धेरै पटक (धेरै कुराहरु) सिकाउनुभयो ।

**"दृष्टान्तहरु"** अध्याय ४ को परिचयमा दृष्टान्तहरुको व्याख्या भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

४:३ **"सुन"** यो एउटा पूर्ण कर्तृवाच्य आज्ञार्थक हो । सम्भनुहोस्, दृष्टान्तहरु मौखिक रुपमा सुनाइन्थे । शास्त्रीहरुले शिक्षा दिन्थे त्यसपछि सारांश भन्दथे अनि चित्रण गर्दथे । येशूले यही ढाँचा पछ्याउनुहुन्छ (William L. Blevin को *Birth of a New Testament,* पृष्ठ १-१३)

**"बीउ छर्ने"** गालीलका यो सँधै देखिने दृश्य थियो । यी गाउँका किसानहरुले उनीहरुको गाउँहरुको चारैतिरको जमीन जोत्दथे भन्ने यस दृष्टान्तले अर्थ दिन्छ जुन कोहीले महसुस गर्दछ । यी बीउहरु बाटाभरि, भारभरि हुन्थे । त्यसपछि तिनीहरुले हातैले सबै खेतमा बीउ छरे । येशूले आत्मिक ग्रहण गराइ चित्रण गर्नलाई यो सामान्य अभ्यास प्रयोग गर्नुभयो (चार प्रकारका जमिनहरु)।

४:४ **"बाटोतिर"** यसले गाउँहरुका खेतहरुका बीचबाट जाने सार्वजनिक मानिस हिड्ने बाटोहरुलाई जनाउँदछ । जब यी खेतहरु जोतिन्थे घाँसहरु हराउँथे तर तिनीहरु प्रयोगसितै छिटै  देखापर्थे ।
४:५ **"ढुङ्गेनी ठाउँ"** यसले खेतमा नरम चट्टानहरुलाई होइन कि माटोको केही तल हुने ढुङ्गेनी बनोटलाई जनाउँथ्यो ।
४:७ **"काँडाहरुका बीच"** यसले राम्ररी स्थापित काँडाका दागहरुलाई जनाउँदथ्यो जुन जोतिसकेपछि देखिँदैन थिए ।
४:८ **"तीस गुणा, साठी गुणा र सय गुणा फल दिए"** ठाउँ र मागेका विभिन्न प्रकारहरुले फलका विविध मात्राहरु दिए । त्यहाँ *en* नामयोगीसित सम्बन्धित विभिन्न पाण्डुलिपीहरु छन् । जे होस्, ग्रीक पाण्डुलिपीको विविधताले पुस्तकको अर्थ वास्तवमै परिवर्तन गर्दैन । सायद सबै तीनवटा *en* हुनुपर्दछ, जुनचाहिँले एउटा आरामिक प्रभावलाई मान्दछ ।
४:९, २३ **"जसको सुन्ने कान छ त्यसले सुनोस्"** यो एउटा Semitic वाक्यांश हो । यसले होशियारीपूर्ण विचार अनि व्यक्तिगत प्रयोगको आवश्यकतालाई देखाउँछ (मत्ती ११:१५; १३:९, ४३; लूका ७:८; १४:३५; प्रकाश २:७, ११, १७, २९; ३:६, १३, २२; १३:९)। यसले सम्भवत हिब्रू आराधना *Shema* (व्यवस्था ६:४) लाई विम्बित गर्छ, जसको अर्थ "सुनेजस्तै गर्नु हो ।" सुनेको जस्तो गर्नु नै पर्छ (यूहन्ना २:१४-२६)।

NSB (UPDATED) TEXT:4:10-12
१०जब उहाँ एक्लै हुनुभयो, तब बाह्र जना चेलाहरु र उहाँको वरिपरि भएकाहरुले उहाँलाई दृष्टान्तहरुको विषयमा सोधे । ११उहाँले तिनीहरुलाई भन्नुभयो, "परमेश्वरका राज्यको रहस्य तिमीहरुलाई दिइएको छ, तर बाहिरकाहरुलाई भने सबै कुरा दृष्टान्तमा भनिन्छ, १२कि तिनीहरु हेर्न त हेर्छन्, तर देख्दैनन्, सुन्न त सुन्छन् तर बुभ्दैनन्, नत्रता तिनीहरुले पश्चाताप गर्ने थिए र तिनीहरुको पाप क्षमा हुने थियो ।

४:१० **"जब उहाँ एक्लै हुनुभयो"** यसको अर्थ चेलाहरुसित एक्लै भन्ने हुन्छ । तिनीहरु समुदायमा प्रश्नहरु सोध्नलाई लाज मान्थे । तिनीहरुले दृष्टान्त बुभ्रेनन् भन्ने यसबाट पक्का हुन्छ ।
४:११ **"तिमीहरुलाई दिइएको छ"** यो पूर्व कर्मवाच्य संकेतार्थ हो । हामीहरु आफूसँग भएको आत्मिक सत्यताहरुको उत्तरदायी परिचारकहरुभैं जसलाई धेरै दिइएको छ, धेरै मागिनेछ (लूका १२:४८)।

यस व्यक्तिगत शिक्षाले संक्षिप्त सु-समाचारहरु र यूहन्नाको सु-समाचार बीचका फरकहरुलाई व्याख्या गर्नसक्छ, जुन एउटा नियमित घटना हो । येशूको यूहन्नामा अत्यन्तै फरक तरिकाले बोल्नुहुन्छ

। यो सम्भव छ कि दृष्टान्तिक शिक्षाहरु भीडहरुका अगाडि गरियो अनि अत्यन्त बेग्लै तरिका (जस्तो कि "म हुँ" भनाइहरु) चाहिँ चेलाहरुसित व्यक्तिगत रुपमा गरिए जुनचाहिँ यूहन्नाको सु-समाचारले अभिलेख गर्दछ ।

यसो पनि सम्भव छ कि बाह्र जनाको निम्ति विशेष सुझावको पूरै प्रसंगले ध्यान गरिरहेको प्रेरितको अख्तियारको एक तरिकाका रुपमा पहिलेका मण्डलीमा काम गरेको हुनसक्छ । तिनीहरुले मात्रै येशूका वचनहरुको "वास्तविक" व्याख्या थाहा पाए । सम्पूर्ण प्रकाश यिनै रोजिएका र प्रेरणा दिइएका चेलाहरुमार्फत् आउँदछ ।

"रहस्य" यो ग्रीक पद *mustērion* हो । नयाँ करारमा विभिन्न अर्थहरुमा प्रयोग गरिन्छ । यस सन्दर्भमा सत्यता प्रकट गरिएको छ जुनचाहिँ गुरुहरुको भीडले सामना गर्न सकेनन् (यशैया ६:९-१०)।

**विशेष शीर्षक : सु-समाचारहरुमा रहस्य**

अ. सारांशका सु-समाचारहरुमा येशूको दृष्टान्तहरुबाट चम्काइएको आत्मिक अन्तदृष्टिहरुका निम्ति "रहस्य" प्रयोग गरिन्छ ।

१. मर्कूस ४:११
२. मत्ती १३:११
३. लूका ८:१०

आ. पावलले यसलाई विभिन्न तरिकाले प्रयोग गर्दछन् ।

१. यहूदीबाहेक जातिलाई समावेश गर्ने अनुमति दिन इस्राएलको एउटा कठिनाइ । यहूदी बाहेकको यो आगमनले अगमवाणीका ख्रीष्टका रुपमा येशूलाई स्वीकार्न यहूदीहरुका निम्ति एउटा औजारका रुपमा काम गर्नेछ (रोमी ११:२५३२)।
२. तिनीहरु सबै ख्रीष्टमा समावेश गरिन्छन् अनि ख्रीष्ट मार्फत् भन्ने कुरा सम्पूर्ण राष्ट्रहरुलाई भन्दै सु-समाचार जानकारी गराइएको (रोमी १६:२५-२७, कलस्सी २:२)
३. दोस्रो आगमनमा विश्वासीहरुका नयाँ शरीरहरु (१ कोरिन्थी १५:५-५७,१ थेसलोनिकी ४:१३-१८)
४. ख्रीष्टमा सम्पूर्ण कुराहरुको सारांश (एफिसी १:८-११)
५. यहूदीहरु र अन्य जाति मिल्ने उत्तराधिकारीका रुपमा (एफिसी २;११-३:१३)
६. ख्रीष्ट र मण्डलीबीचको नजिकको सम्बन्ध विवाहका शब्दहरुमा व्याख्या गरिएको (एफिसी ५:२२-३३)।
७. यहूदी बाहेकका जातिहरु ख्रीष्टले मन पराउने परिपक्वता उत्पादन गर्न तथा मानिसमा परमेश्वरको स्वरुप पुनः प्राप्ति गर्नलाई ख्रीष्टको पवित्र आत्माद्वारा बसाइए र व्यवस्थाका मानिससित समावेश गरिए । (उत्पत्ति १:२६-२७; ५:१; ६:५; ११-१३; ८:२१; ९:६; कलस्सी १:२६-२८)
८. अन्त्यको समयको एन्टिक्राइष्ट (२ थेसलोनिकी २:१-११)
९. सु-समाचारको रहस्यबारे एउटा सुरुको मण्डलीको भजन १ तिमोथी ३:१६ मा भेटाइन्छ ।

इ. यूहन्नाको प्रकाशमा यसलाई यूहन्नाको अर्थका संकेतमा प्रयोग गरिन्छ ।

१. १:२०
२. १०:७
३. १७:५, ६

ई. यी सत्यताहरु मानिसले पत्ता लगाउन सक्दैन, तिनीहरु परमेश्वरद्वारा नै प्रकट गरिनुपर्दछ । यी अन्तदृष्टिहरु सम्पूर्ण मानिसहरुको क्षमाका निम्ति परमेश्वरको अनन्त योजनाको एउटा सत्य बुझाइका निम्ति विशेष हुन्छन् ।

"परमेश्वरको राज्य" १:१५ मा टिप्पणी हेर्नुहोस् ।

"बाहिरकाहरु" पवित्र आत्मा र व्यक्तिगत दुवै आत्मिकी सत्यता बुझ्नलाई आवश्यक पर्दछन् । पवित्र आत्मालाई अस्वीकार गर्नेहरुले ३:२९ को पापकर्म गर्दछन् । दृष्टान्तहरुको सत्यता लुकाउने (मत्ती ११:२५-२७) र स्पष्टसित सत्यता प्रकट गर्ने (लूका १०:२९ र त्यसपछि आउने दृष्टान्त) दुवै उद्देश्य थिए । श्रोताको हृदय नै मुख्य हो ।

४:१२ यो उद्धरण यशैया ६:९ को एउटा Aramaic Targum बाट को हो । *Septuagint* बाट दुवै यशैया ६:९ र १० लाई मत्ती समानान्तरका रुपमा उद्धृत गरिन्छ । उनले ईशापूर्व आठौं शताब्दीमा जनाउनुभएका कठोर इस्राएलीहरुद्वारा यशैयाको आराधनालाई इन्कार गरियो । यस्तै रुपमा इस्वी सन् पहिलो शताब्दीमा येशूका श्रोताहरुले उहाँको शिक्षालाई इन्कार गरे । यस भनाइमा क्रियापदहरु जसले श्रोताहरुको इच्छालाई जनाउँदछ ।

मर्कूसले यहूदी बाहेकका जातिहरु, सम्भवत रोमीहरुलाई लेखे तापनि उनले पुरानो करारका पुस्तकहरु (१:२-३; २:२५-२६; ४:१२; १०:६-८, १९; १२:२६, २९-३१, ३६) को सन्दर्भ लिनु लिन्छन् ।

"तिनीहरु फर्किन सक्थे" यो पश्चातापको निम्ति पूरानो करारको (*Shub*, BDB ९९६) प्रयोग थियो ।

NASB (UPDATED) TEXT: 4:13-20

१३उहाँले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु यस दृष्टान्तको अर्थ बुझ्दैनौं ? त्यसो भए अरु सब दृष्टान्तहरुका अर्थ कसरी बुझ्नेछौं ? १४बीउ छर्नेले वचन छर्दछ । जब तिनीहरुले वचन सुन्छन्, तब तुरुन्तै शैतान आउँछ, र तिनीहरुमा छरिएको वचन लगिहाल्छ । १६त्यसैगरी ढुङ्गेनी ठाउँमा छरिएकाहरु यिनै हुन्, जसले जब वचन सुन्छन् तब खुसीसाथ तुरुन्तै त्यो ग्रहण गर्छन् । १७तर तिनीहरुको आफ्नो जरा नलागेकोले ती थोरै बेर मात्र टिक्छन् । तर जब वचनको कारण सङ्कष्ट वा सतावट आउँछ, तिनीहरु तुरुन्तै लडिहाल्छन् । १८काँढाहरुका बीचमा छरिएका तिनै हुन्, जसले वचन सुन्छन् १९तर यस संसारके फिक्री र धनको मोह र अरु थोकको लालच आएर वचनलाई निस्सासिदिन्छन् । ती फलवन्त हुँदैनन् । २०तर असल जमीनमा छरिएकाहरु ती हुन्, जसले वचन सुन्छन् र ग्रहण गर्छन्, र फल दिन्छन्, तीस गुणा, साठी गुणा र सय गुणा ।

**४:१३ "तिमीहरु यस दृष्टान्तको अर्थ बुझ्दैनौं ? त्यसो भए अरु सब दृष्टान्तहरुका अर्थ कसरी बुझ्नेछौं ?"** यो मर्कूसमा अनौठो भनाइ हो तर येशूले चेलाहरु बुझुन् भन्ने चाहनुभयो भन्ने देखाउँछ । उहाँको

परिवारले बुझ्नेनन्, भीडहरुले बुझ्नेनन्, धर्म गुरुहरुले बुझ्नेनन्, विशेष ध्यान र व्याख्या विना, चेलाहरुले समेत बुझ्नेनन् ।

यो दृष्टान्त अरुहरुका निम्ति एउटा अनौठो हो । यहाँ दृष्टान्तहरु व्याख्या गर्ने विभिन्न सिद्धान्तहरु छन् :

१. ऐतिहासिक र साहित्यिक सन्दर्भहरुको टिपपणी लिनुहोस् ।
२. मूल सत्यताको पहिचान गर्नुहोस् ।
३. विवरणहरु नहटाउनुहोस् ।
४. सु-समाचार समानान्तरहरु परीक्षण गर्नुहोस् ।
५. नसोचिएका र अनौठा भनाइहरु खोज्नुहोस् जुनचाहिँले नयाँ राज्यको संस्कृतिमा आधारित भनाइ हुनेछन् ।

४:१४ बीउले सु-समाचार घोषणालाई जनाउँदछ । मत्तीको समानान्तर (१३:१९) ले यसलाई "परमेश्वरको वचन" बन्दछ ।

**४:१५ "शैतान"** २ कोरिन्थी ४:४ मा सत्यताको चोरी स्पष्टसित अभिव्यक्त गरिन्छ । मत्ती समानान्तर ( मत्ती १३:१९) ले थप्दछ कि "तिनीहरुले यो बुझ्दैनन्" त्यसपछि शैतानले दिमाग र हृदय बाहिर निकाल्दछ जसर्थ तिनीहरुले यसका बारेमा धेरै सोच्दैनन् । १:१३ मा विशेष शीर्षक हेर्नुहोस्

- **"लगिहाल्छ"** यो ग्रीक शब्द *airō* को अर्थ (१) विनाश गर्नु (यूहन्ना ११:४८) अथवा (२) एउटा व्यक्तिको जीवन लिनु (लूका २३:१८; प्रेरित १२:१९); वचन नभएमा जीवन हुँदैन भन्ने हुनसक्छ ।

**४:१६ "जसले जब वचन सुन्छन् तब खुसीसाथ तुरुन्तै त्यो ग्रहण गर्छन्"** सत्यतालाई सुरुमा स्वीकार्नु मात्रै मापदण्ड होइन (पद १७ र पद १९)। बाइबलीय विश्वास एउटा विगतको आवेगपूर्ण निर्णयमा आधारित छैन तर एउटा वृद्धि भइरहेको सम्बन्धमा । मुक्ति स्वर्गको निम्ति टिकट अथवा एउटा बीमा योजना होइन तर "परमेश्वरको प्रतिरुप" को एउटा प्राप्ति हो जसले परमेश्वरसित नजिकको दैनिक साथीत्वलाई अनुमति प्रदान गर्दछ । फसल उत्पादन गर्ने सम्बन्धलाई आनन्दमय बीउ छराइले प्रतिस्थापन गर्न सक्दैन (पद २०) ।

**४:१७ "तिनीहरुले आफ्नो जरा नलागेकोले"** यो ८:३० मा यूहन्नाको विश्वासको प्रयोगसित समानान्तर छ ।

**"जब सङ्कष्ट वा सतावट आउँछ"** टिकाइ नै सत्य विश्वासको प्रमाण हो ।

**विशेष शीर्षक : दृढताको आवश्यकता**

खीष्टियन जीवनसित सम्बन्धित बाइबलीय मान्यताहरु व्याख्या गर्न कठिन छ किनभने तिनीहरु पूरै पूर्वीय भाषिक जोडीमा उल्लेख गरिन्छन् । दुवै बाइबलीय भए पनि यी जोडीहरु विरोधी देखिन्छन् । पश्चिमी खिष्टियनहरुले एउटा सत्यतालाई रोजेर त्यसको विरोधी सत्यतालाई वेवास्ता गर्न अथवा घृणा गर्न बानी परेका छन् । म उदाहरण दिउँ है त ।

अ. के मुक्ति खीष्टलाई भरोसा गर्ने सुरुवातको निर्णय अथवा चेला बन्ने जीवनभरको प्रतिज्ञा हो ?

आ. के मुक्ति एउटा परम परमेश्वरको अनुग्रहको माध्यमको चुनाउ हो या एउटा ईश्वरीय अर्पणप्रति मानवजातिको विश्वास र पश्चातापको प्रतिक्रिया हो ?

इ. के एकपटक प्राप्त गरेपछि उक्ति गुम्दैन अथवा के यसलाई लगातार प्राप्त गर्नु आवश्यकता पर्दछ ?

मण्डली इतिहासभरि दृढताको प्रसङ्ग विवादित भएको छ । नयाँ कुराको प्रस्ट विरोधी अनुच्छेदहरुबाट समस्या सुरु हुन्छ :

अ. आत्मविश्वास बारेका पुस्तकहरु

१. येशूका भनाइहरु (यूहन्ना ६:३७; १०:२८-२९)

२. पावलका भनाइहरु (रोमी ८:३५-३९; एफिसी १:१३; २:५, ८-९; फिलिप्पी १:६; २:१३; २ थेसलोनिकी ३:३; २ तिमोथी १:१२; ४:१८)

३. पत्रुसका भनाइहरु (१ पत्रुस १:४-५)

आ. दृढताको आवश्यकता सम्बन्धी पुस्तकहरु

१. येशूका भनाइहरु (मत्ती १०:२२; १३:१-९, २४-३०; २४:१३; मर्कूस १३:१३; यूहन्ना ८:३१; १५:४-१०; प्रकाश २:७, १७, २०, ३:५, १२, २१)

२. पावलका भनाइहरु (रोमी ११:२२; १ कोरिन्थी १५:२; २ कोरिन्थी १३:५; गलाती १:६; ३:४; ५:४; ६:९; फिलिप्पी २:१२; ३:१८-२०; कलस्सी १:२३)

३. हिब्रूहरुका लेखकका भनाइहरु (२:१; ३:६, १४:४:१४; ६:११)

४. यूहन्नाका भनाइहरु (१ यूहन्ना २:६;२ यूहन्ना ९)

५. पिताको भनाइ (प्रकाश २१:७)

एक सर्वशक्तिमान् त्रि-एक स्वरुप परमेश्वरको अनुग्रह र प्रेम, कृपाबाट बाइबलीय मुक्तिको प्रसङ्ग आउँछ । पवित्र आत्माको स्वीकृतिविना कुनै पनि मानिसलाई बचाउन सकिँदैन (यूहनना ६:४४, ६५)। सुरुमा ईश्वरत्व आउनुहुन्छ अनि विषयहरु राख्नुहुन्छ तर सुरुबाटै र लगातार रुपमा मानिसहरुले विश्वास र पश्चातापमा प्रतिक्रिया जनाउनुपर्छ भन्ने चाहनुहुन्छ । एउटा व्यवस्थाको सम्बन्धमा परमेश्वरले मानिस जातिसित काम गर्नुहुन्छ । त्यहाँ मान्यताहरु अति उत्तरदायित्वहरु छन् ।

सबै मानिसहरुलाई उक्ति दिइन्छ । येशूको मृत्युले गुमेका सृष्टिको पाप समस्यासित सरोकर राख्दथ्यो । परमेश्वरले एउटा तरिका दिनुभएको छ अनि उहाँको प्रतिरुपमा बनाइएका सबैले येशूमा उहाँको प्रेम र व्यवस्थाप्रति प्रतिक्रिया जनाउनु भन्ने चाहनुहुन्छ ।

यदि तपाइँ यस विषयमा धेरै पढ्न चाहनुहुन्छ भने, यी हेर्नुहोस् :

१. Dale Moody, *The Word of Truth,* Eerdmans १९८१ (पृष्ठ ३४८-३६५)

२. Howard Marshall, *Kept by the power of God,* Bethany Fellowship, १९६९

३. Robert Shank, *Life in the son*, Westcott. १९६१

बाइबलले यस क्षेत्रमा दुईटा समस्याहरुलाई सम्बोधन गर्दैछ (१) फलहीन, स्वार्थी जीवन जीउनलाई एउटा अनुमतिपत्रको रुपमा विश्वास लिनु, अनि (२) सेवाकाई अनि व्यक्तिगत पापसँग संघर्ष गरिरहेकाहरुलई उत्साहित गराउनु । समस्या त्यो हो कि गलत समूहहरुले सीमित बाइबलीय परिच्छेदहरुमा गलत सन्देश लिइरहेका छन् अनि ईश्वरशास्त्रीय प्रणालीहरु निर्माण गरिरहेका छन् । केही खीष्टियनहरुले विश्वासको सन्देश अति गम्भीरपूर्वक चाहन्छन् । तपाइँचाहिँ कुन समूहमा पर्नुहुन्छ नि ?

- **“वचनको कारण”** सतावट सु-समाचारसित सम्बन्धित छ भन्ने कुरा ख्याल गर्नुहोस् (मत्ती ५:१०-१२:१ पत्रुस २:११-१२, २१; ३:१४-१७; ४:१२-१९)। परमेश्वरको पुत्र, परमेश्वरको वचन र परमेश्वरका मानिसहरु नै एउटा गुमेको संसारमा निशानाहरु हुन् ।

४:१८ तेस्रो प्रकारको माटोले तिनीहरुलाई जनाउँछ जसले वचन सुन्दछन्, तर बाहिरी समस्याहरुले (पद १९) यसलाई मार्दछन् (जसको अर्थ बीउ -वचन)। बीउ छर्ने र फल दिनेको प्रस्ट फरक ख्याल गर्नुहोस् ! राम्रो सुरुवातले दौड जित्दैन तर राम्रो अन्त्यले (यूहन्ना १५; हिब्रू ११) ।

४:१९ **“यस संसारको फिक्री र धनको मोह”** यिनीहरुले यो पतित संसार (अथवा युग) को मोहलाई जनाउँदछ ।
४:२० **“तीस गुणा, साठी गुणा र सय गुणा”** यो मात्र फल दिने जतिको महत्त्वपूर्ण छैन ।

NASB (UPDATED) TEXT: 4:21-25

२१उहाँले तिनीहरुलाई भन्नुभयो, “के कसैले बत्ती बालेर पाथीमुनि वा खाटमुनि राख्न भनेर भित्र ल्याउँछ ? के सामदानमाथि राख्न भनेर होइन र ? २२कुनै थोक लुकाएर राख्न सकिँदैन जो प्रकट गरिने छैन, अनि कुनै थोक गुप्त छैन जो प्रकाशमा ल्याइने छैन । २३यदि कुनै मानिसको सुन्ने कान छ भने त्यसले सुनोस् ।” २४उहाँले तिनीहरुलाई फेरि भन्नुभयो, “तिमीहरु सुन्छौ, त्यसमा ध्यान देओ । किनकी जुन नापले तिमीहरु दिन्छौ त्यही नापमा तिमीहरुले पाउँछौ । र तिमीहरुलाई झन् बडी दिइनेछ । २५किनभने जससँग छ त्यसलाई दिइनेछ, र जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ ।”

४:२१ **“बत्ती”** पद २१ का सुरुका दुई प्रश्नहरुले व्याकरणीय रुपमा नकारात्मक जवाफको आशा गर्दछन् । प्रकाश उज्यालो छर्नका निम्ति हो । फल लिनलाई विश्वासको आवश्यकता पर्दछ । यस परिच्छेदले किन धेरैले येशूका दृष्टान्तहरु बुझेनन् भनेर व्याख्या गर्दछ । दृष्टान्तहरुको अर्थ प्रकाश छर्नु हो तर परमेश्वरले होइन, मानिसहरुका दुष्ट हृदय र उद्देश्यहरुले प्रकाश रोज्दछन् । परमेश्वरले सञ्चार गर्न चाहनुहुन्छ (पद २२)।

यस सन्दर्भमा, उहाँको पुनरुत्थान र स्वर्गरोहणपछि येशूले पूरै सु-समाचारको भविष्यको घोषणाको बारेमा बालेको हुनुपर्दछ । मर्कूसको मसिही घटना दोहोरिएको दृष्टान्तहरुको प्रयोगका कारण सत्यताको लुकाइ अनि चेलाहरुको भित्री वृत्तको भागमा बुझाइको कमीले यसलाई एउटा भविष्यको सन्दर्भमा हेर्नुपर्ने बनाउँदछ (पेन्तिकोस्तपछि)

- **“पाथी”** योचाहिँ सुख्खा मापनको करिब एक पेक अथवा दुई ग्यालन अटाउने एउटा भाँडा थियो । यो पद एउटा ल्याटिनवाद थियो सायद मर्कूसको सु-समाचार रोमीहरुका निम्ति लेखिएको थियो भन्ने जोड दिन्थ्यो ।
- **“सामदान”** शाब्दिक रुपमा यो सुकुल हो । यो सुत्नका निम्ति (७:३०) मात्र होइन, तर ढल्केर खाना खाँदा एउटा गद्दीका रुपमा प्रयोग गरिन्थ्यो ।

- **"राख्नु"** यसले विभिन्न तरिकाहरुलाई जनाउन सक्थ्यो, जसको कारण सबैभन्दा धेरै प्रकाश छर्न बतीहरु राखिन्थे : (१) पर्खालमा अलिकति निस्केको ; (२) पर्खाला एउटा झुण्ड्याउने वस्तु वा (३) कुनै प्रकारको स्तम्भ

४:२३ "यदि यो एउटा पहिलो दर्जाको शर्तात्मक वाक्य हो । येशूले मान्नुहुन्छ कि (आखिरमा) कसैले उहाँको व्यक्ति, काम र वाचाहरु बुझ्नेछन् ।
४:२४-२५ यसले एउटा आत्मिक सिद्धान्तलाई उल्लेख गर्दछ । सु-समाचारको सन्देश चारैतिर फैलिन्छ; वृद्धि हुने मुख्य कुरा यसलाई छरिने माटोको प्रकारमा भर पर्दछ । आत्मिक सत्यताप्रति मानवजातिको खुलापन महत्त्वपूर्ण हुन्छ । यसले सुरुको प्रतिक्रियालाई मात्र होइन तर लगातारको प्रतिक्रियालाई संकेत गर्दछ ।
**४:२४ "तिमीहरु जे सुन्छौ, त्यसमा ध्यान देओ ।"** यसले येशूको व्यक्तिगत स्वीकार वा अस्वीकारलाई जनाउँछ ।

शास्त्रीहरुले विश्वास गरे कि दिमाग भनेको बीउको निम्ति तयार भएको जोतिएको बगैंचा थियो । हामीले हाम्रा आँखालाई जे हेर्न र कानलाई सुन्न दिन्छौं (पदहरु ९, २३) त्यसैले जरा गाड्दछ । हामी जहाँ बस्छौं, जेमा केन्द्रित हुन्छौं, जस कुरालाई प्राथमिकता दिन्छौं, त्यस्तै बन्दछौं ।

- **"जुन नापले तिमीहरु दिन्छौ, त्यही नापमा तिमीहरुले पाउँछौं"** यो पद आर्थिक सहयोगसित होइन तर आत्मिक बुद्धिसित सरोकार राख्छ । यो सत्यता मत्ती ५:७; ६:१४-१५: १८:२१-३५; मर्कूस ११:२५; लूका ६:३६-३७; यहूदा २:१३; ५:९ मा पनि व्यक्त गरिएको छ । यो एउटा कर्महरुको धर्म होइन तर एउटा व्यक्तिको कामले उसको हृदयलाई प्रकट गर्दछ भन्ने सत्यता हो । विश्वासीहरुको एउटा नयाँ हृदय र नयाँ परिवार हुन्छ ।

४:२५ जसै यो सु-समाचारतर्फ आउँदछ, यो प्रतिक्रिया दिनेहरु समक्ष प्रदान गरिरहन्छ तर इन्कार गर्नेहरुप्रति यसले केही पनि छोड्दैन । येशूले एउटा विरोधाभासपूर्ण उखान प्रयोग गर्दै हुनुहुन्छ (४:२२, २५; ६:४; ८:३५; १०:४३-४४)। यो यस अनुच्छेदले एउटा कर्मवाच्य बनोटलाई प्रयोग गर्दछ, जुनचाहिँ सम्भवत परमेश्वरको कुरा घुमाएर भन्ने तरिका हो । परमेश्वर कार्यको अनपेक्षित प्रतिनिधि हुनुहुन्छ ।

## NASB (UPDATED) TEXT: 4:26-29

२६उहाँले भन्नुभयो, "परमेश्वरको राज्य यस्तो हो - कुनै एउटा मानिसले जमीनमा बीउ छर्छ, २७र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ टुसाउँछ र बढ्छ तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन । २८जमीन आफैंले उमार्छ, पहिले टुसा त्यसपछि बाला, तब बालामा पूरा दाना लाग्छ । २९तर जब अन्न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको हुन्छ ।

**४:२६ "बीउ"** यो दृष्टान्त मर्कूसमा अनौठो छ । पद १४ का कारण यसले सु-समाचार सन्देशलाई जनाउँछ भन्ने हामी थाहा पाउँछौं । वृद्धि असल बीउ र असल माटोको परिणाम हो । यो व्यवस्थाको स्वर्गीय र मानव पक्षहरु हो ।

४:२७-२९ यसले मुक्तिलाई एउटा प्रक्रियाको रुपमा प्रतिविम्बत गर्छ (१ कोरिन्थी १:१८; १५:२; २ कोरिन्थी २:१५; २ पत्रुस ३:१८)। यस दृष्टान्तले आदमका पतित सन्तानहरुको जीवनमा विश्वासको रहस्यमय र चकितपूर्ण वृद्धिलाई वर्णन गर्दछ । लक्ष्य त फल नै हो !

**विशेष शीर्षक : मुक्तिका निम्ति प्रयोग भएका ग्रीक क्रियापदका कालहरु**

मुक्ति एउटा उपज होइन, तर एउटा सम्बन्ध । जब एउटाले खीष्टमा भर पर्दछ, यो अन्त्य हुँदैन तर सुरुमात्र भएको हुन्छ ! यो कुनै स्वर्ग जाने टिकट होइन न त आगोले नष्ट हुँदा प्राप्त गर्ने बीमा नीति नै तर खीष्टजस्तो बढ्दो जीवन हो ।

अमेरिकामा हामीसँग एउटा भनाइ छ कि जति लामो समयसम्म एउटा जोडी एकैसाथ बस्दछ, त्यति नै तिनीहरु उस्तै देखिन थाल्दछन् । यो नै मुक्तिको उद्देश्य हो ।

एउटा पूर्ण कार्यका रुपमा मुक्ति (एओरिष्ट)

- प्रेरित १५:११
- रोमी ८:२४
- २ तिमोथी १:९
- तितस ३:५
- रोमी १३:११ (एओरिष्ट सहित एउटा भविष्यत् दिशाबोधको संयुक्त) मुक्ति एक अनुग्रहका रुपमा ( पूर्व)
- एफिसी २:५, ८

एउटा लगातारको प्रतिक्रियाका रुपमा मुक्ति (वर्तमान)

- १ कोरिन्थी १:१८:१५:२
- २ कोरिन्थी २:१५
- १ पत्रुस ३:२१

एउटा भविष्यको प्राप्तिका रुपमा मुक्ति (क्रियापदको काल अथवा सन्दर्भमा भविष्यत्)

- रोमी ५:९, १०; १०:९, १३
- १ कोरिन्थी ३:१५; ५:५
- फिलिप्पी १:२८
- १ थेसलोनिकी ५:८-९
- हिब्रू १:१४; ९:२८
- १ पत्रुस १:५, ९

त्यसकारण, मुक्ति एउटा सुरुवातमै विश्वासको निर्णय सहित सुरु हुन्छ (यूहना १:१२; ३:१६; रोमी १०:९-१३), तर यो जीवनशैलीको विश्वासको एक प्रक्रियामा प्रसँग नै हुनुपर्दछ (रोमी ८:२९; गलाती ३:१९; एफिसी १:४; २:१०), जुनचाहिँ एकदिन देखाइमा पूर्ण हुनेछ (१ यूहन्ना ३:२)। यो अन्तिमको अवस्थालाई महिमा तुल्याउने काम भनिन्छ । यसलाई

१. सुरुको महिमा - पुष्टिकरण (पापको सँजायबाट बचाइनु)
२. प्रगतिशील मुक्ति - पवित्रीकरण (पापको शक्तिबाट बचाइनु)
३. अन्तिम युक्ति - महिमा (पापको उपस्थितिबाट बचाइनु)

**४:२९ "हँसिया लगाउनु"** यो अन्नबाली भित्र्याउने अन्तिम समयको निम्ति एउटा अलङ्कार हो । यसले न्यायको दिनलाई संकेत गर्दछ (योएल ३:१३; मत्ती ३:१२: १३:३०)

## NASB (UPDATED) TEXT: 4:30-32

३०उहाँले फेरि भन्नुभयो, "परमेश्वरका राज्यको तुलना केसँग गरौं ? अथवा कुन दृष्टान्तमा यसको व्याख्या गरौं ? ३१यो त रायोको बीउको दाना जस्तो छ, जो जमीनमा छरिन्छ । पृथ्वीभरिमा सबै बीउहरुमा साना भएतापनि ३२जब त्यो रोपिन्छ, तब त्यो बढ्छ, र सबै सागपातहरुभन्दा त्यो ठूलो हुन्छ र त्यसले ठूला-ठूला हाँगाहरु हाल्छ, र आकाशका पक्षीहरुले त्यसका छहारीमा गुँड लगाउँछन् ।

४:३० यो मत्ती १३:३१-३० सित समानान्तर गरिएको छ ।
**४:३१ "रायोको बीउ"** शास्त्रीहरुले भने कि यो बीउहरुमध्ये सबैभन्दा सानो थियो ।  सानै भएर पनि झाडी बाह्र फिट अग्लो हुन्थ्यो । यो दृष्टान्तले माथिको सित समानान्तर हुन्छ । आत्मिक सत्यता सानो हुनसक्छ तर परिणाम भयङ्कर हुन्छ ! जसै सु-समाचारको बीउ खीष्टसँग मिल्दो एक व्यक्तिको हृदयमा बढ्दछ, त्यस्तै, परमेश्वरको राज्य एक विश्वव्यापी राज्यभित्र बढ्दछ (मत्ती १३:३३)।

४:३२ इजकिएल १७:२२-२४ र दानिएल ४:११-१२ को पूरानो करार पुस्तकहरुमा ठूलो रुखहरुसित यस पदको अन्त्य एउटा संकेत हुनसक्छ जसले एउटा राज्य संकेत गर्दछ ।

## NASB (UPDATED) TEXT: 4:33-34

३३तिनीहरुले बुझ्न सकेसम्म उहाँले यस्तै धेरै दृष्टान्तहरु भनेर तिनीहरुलाई वचन सुनाउनु भयो । ३४दृष्टान्तविना उहाँ तिनीहरुसँग बोल्नुभएन, तर आफ्नो निज चेलाहरुलाई उहाँले गुप्तमा सबैको अर्थ खोलिदिनुभयो ।

**४:३३ "यस्तै धेरै दृष्टान्तहरु भनेर उहाँले तिनीहरुलाई वचन सुनाउनुभयो"** हामीले येशूको मौखिक सेवाकाईको एउटा सानो अंशमात्र अभिलेख गरेका छौं (यूहन्ना २१:२५)। हामीलाई लाग्छ हामीसँग येशूका धेरै शिक्षाहरु र कामहरु भइदिएको भए (यूहन्ना २०:३०) । तर हामीले महसुस गर्नुपर्दछ कि परमेश्वरको बारे थाहा पाउन आवश्यक सबै कुरा पापकर्म, जीवन, मृत्यु इत्यादि हामीसँग छ (यूहन्ना २०:३१)। हामीलाई जे दिइएको छ; सोहीबमोजिम काम गर्नुपर्दछ । यी दुई पदहरु मत्ती १३:३३-३५ सित समानान्तर छन् ।

- **"तिनीहरुले बुझ्न सकेसम्म"** यसले तिनीहरुको आत्मिक ग्रहणलाई संकेत गर्दछ (पदहरु ९, २३) । आज विश्वासीहरुसित येशूका वचनहरु बुझ्न हामीलाई सहयोग गर्न भित्र वास गरेका पवित्र आत्माको फाइदा छन् ।

४:३४ यसले ४:१०-१२ र १३ को पहिलेका भनाइहरुलाई प्रतिविम्बित गर्दछ ।

NASB (UPDATED) TEXT: 4:35-41

३५त्यो दिन साँझ परेपछि उहाँले चेलाहरुलाई भन्नुभयो, “आओ, हामी पारिपट्टि जाऔं ।” ३६अनि भीडसँग बिदा लिएपछि, उहाँ जुन डुङ्गामा बस्नुभएको थियो त्यसैमा उहाँलाई चेलाहरुले आफ्ना साथ लगे । र अरु-अरु डुङ्गाहरु पनि उहाँको साथमा थिए । ३७अनि त्यहाँ ठूलो हुरी-बतास चल्यो र छालहरु डुङ्गामा बज्रन लागे, यहाँसम्म कि डुङ्गा पानीले भरिन लाग्यो । ३८उहाँ आफैंचाहिँ डुङ्गाको पछिल्लो भागमा एउटा सिरानी लाएर निदाइरहनु भएको थियो । तिनीहरुले उहाँलाई यसो भन्दै ब्यूँझाए, “गुरुज्यू, हामी डुब्न लाग्यौं भन्ने के तपाइँलाई वास्ता छैन ?” ३९तब उहाँ ब्यूझनुभयो र बतासलाई हप्काउनुभयो, र समुद्रको छालहरुलाई भन्नुभयो, “शान्त हो ! रोकिजा !” अनि बतास थामियो र ठूलो सन्नाटा भयो । ४०उहाँले तिनीहरुलाई भन्नुभयो, “तिमीहरु किन यसरी भयभित हुन्छौं ? तिमीहरुमा विश्वस छैन ?” ४१तिनीहरु साह्रै भयभित भए र आपसमा भन्न लागे, “यिनी को हुन् ? बतास र समुद्रले पनि यिनको हुकुम मान्छन् ।”

४:३५-४१ यो चमत्कारहरुको विस्तारित सन्दर्भको एउटा सुरुवात हो, ४:३५-८:२६ । येशूले उहाँको अख्तियार देखाएर आफ्नो सन्देश सुनिश्चित पार्नुभयो । यो विशेष घटना मत्ती ८:१८, २३-२७ र लूका ८:२२-२५ सित समानान्तर भएको छ । ४:३६ यस पदको समानान्तरहरुमा नभेटिने विभिन्न अनौठा विशेषताहरु छन् ।

१. “ त्यसैमा उहाँलाई” को अर्थ के हो ? TEV ले यसलाई “येशू पहिल्यै बसिरहेको ढुङ्गामा चेलाहरु बसे” का रुपमा अनुवाद गर्दछ । यो सबैभन्दा राम्रो विकल्प हो ।
२. “अरु डुङ्गाहरु पनि उहाँको साथमा थिए” ले के संकेत गर्दछ ? के प्रेरितहरुको समूह विभिन्न साना डुङ्गाहरुमा थियो या के आँधीमा अरु डुङ्गाहरु पनि पाइए ?

पक्कैपनि त्यहाँ प्रत्यक्षदर्शी विवरणहरु छन् (जस्तो कि पत्रुसको) तर तिनीहरुका उद्देश्य र तात्पर्य अनिश्चित छन् ।

**४:३७ “अनि त्यहाँ ठूलो हुरीबतास चल्यो”** चारैतिर डाँडाहरु र समुद्री सतहभन्दा तल रहेका कारण गालीलको समुद्रमा अचानक आउने आँधीबेहरीहरु सामान्य हुन्छन् । यो पक्कै पनि एउटा खराब हुरी हुनुपर्दछ किनभने तिनीहरुमध्ये परिपक्व जालहारीहरु पनि डराए ।

४:३८ पक्कै पनि तत्कालीन परिस्थितिहरुप्रति चेलाहरुको डर र येशूको शान्त स्वभाव चित्रण गर्न यो घटनाको प्रयोग गरियो । येशूको हेरचाहाको बारेका प्रश्न विश्वव्यापी नै हो । यदि परमेश्वर मायालु र सर्वशक्तिमान हुनुहुन्छ भनेर किन विश्वासीहरुले जीवनका डरलाग्दा परीक्षणहरु भोग्नुपर्छ ?

- **“डुब्न लागेको”** ३:६ मा Apollumi भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

४:३९ यसले शक्ति र अख्तियारलाई बलपूर्वक प्रदर्शन गर्‍यो - प्रकृतिका निर्जीव शक्तिहरुले समेत उहाँको आज्ञापालन गर्दछन् ।

- **“शान्त हो । रोकिजा ।”** यो एउटा पूर्व कर्मवाच्य आज्ञार्थकद्वारा पछ्याइएको वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । पिता परमेश्वरको सृष्टिको सम्वाहकका रुपमा (यूहन्ना १:३, १०;१ कोरिन्थी ८:६; कलस्सी १:१३; हिब्रू १:२) येशूको यसमाथि शक्ति थियो र छ (भजन ३३:७; ३५:२; १४७:१८) । राम्रो प्रश्न हो । येशूले आफ्ना चेलाहरुलाई वचन र कर्मद्वारा शिक्षा दिँदै हुनुहुन्छ ।

४:४१ यस पदले प्रेरितहरुको ईश्वरशास्त्रीय अपरिपक्वतालाई प्रस्टसित देखाउँछ । यस सन्दर्भले अविश्वासका विभिन्न प्रकारहरुसित विरोध राख्छ (१) उहाँका परिवारका (२) धर्म गुरुहरुका र (३) चेलाहरुका । गन्तीहरु १ र ३ आत्मिक रुपमा मौलाइरहेका छन् । तिनीहरुको अविश्वासमा आधारित छ तर अंक २ इच्छापूर्ण छ । तिनीहरुलाई चिह्नहरु र सत्यताहरु दिइन्छ तर पहिल्यैदेखिका पक्षपातहरुका कारण धर्मगुरुहरुले विश्वास गर्न मात्र छोडेनन् । येशूका कमहरु र शिक्षाहरुलाई शैतानको सामर्थ्यसित तुलना गर्दछन् । यो नै क्षमा गर्न नसकिने पापकर्म हो ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. अरु सबै व्याख्या गर्दा यो दृष्टान्त (पद ३-५) किन धेरै महत्त्वपूर्ण छ ?
२. परमेश्वरको सर्वोच्चता र मानिसको स्वतन्त्र इच्छा बीचको सम्बन्ध यस अनुच्छेदमा कस्तो छ ?
३. यिनीहरुको मूल सत्यता दिनुहोस् :
    अ. पदहरु २१-२३
    आ. पदहरु २४-२५
    इ. पदहरु २८-२९
    ई. पदहरु ३०-३२
४. यी सम्पूर्ण दृष्टान्तहरुको आधारभूत सत्यता के हो ? (सन्दर्भ सम्झनुहोस्)
५. यस सन्दर्भमा विश्वास नहुने तीन समूहहरुको सूची बनाउनुहोस् ।

## मर्कूस ५

### आधुनिक अनुवादकहरुको परिच्छेद विभाजन

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| भूत लागेको मानिसको छुटकारा | भूतले अधिकार गरेको मानिस चँगाई भएको | भूत लागेको मानिस | येशूले दुष्ट आत्मा लागेको मानिसलाई चँगाई पार्नु हुन्छ | भूत लागेको मानिस |
| ५:१-१० | ५:१-२० | ५:१-१३ | ५:१-५, ५:६-८, ५:९,५:९-१० | ५:१-२० |
| ५:११-२० | - | ५:१४-२० | ५:१४-१६, ५:१७, ५:१८, ५:१९, ५:२० | - |
| येइरसकी छोरी अनि स्त्री जसले येशूको वस्त्रलाई छोइन् । | एउटी केटीले जविन प्राप्त गरिन् अनि एउटी स्त्री निको भइन् | येइरसकी छोरी ब्यूँतिइन् | येइरसकी छोरी अनि स्त्री जसले येशूको वस्त्रलाई छोइन् | रगत बग्ने स्त्री निको भएकी- येइरसकी छोरी जीवनमा ब्यूँतेकी |
| ५:२१-२४ | ५:२१-४३ | ५:२१-२४ | ५:२१-२३, ५:२४ | ५:२१-२४ |
| ५:२४-३४ | - | ५:२४-३४ | - | - |
| - | - | - | ५:२५-२८, ५:२९-३०, ५:३१, ५:३५, | ५:२५-३४ |
| ५:३५-४३ | - | ५:३५-४३ | ५:३६-३९, ५:४०-४१, ५:४२-४३ | ५:३४-४३ |

## अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

## ५:१-४३ प्रतिको सान्दर्भिक अन्तर्दृष्टिहरु

उहाँको सेवाकाइको यस सार्वजनिक अवधिको समयको येशूको जीवनको एउटा आदर्श दिनलाई देखाउन यस अध्यायलाई तयार पारिएको हो । येशूको शक्तिहरु अनि अधिकारहरुलाई निम्नलिखित कुराहरुद्वारा प्रदर्शन गरिएका छन् :

अ. भूत लागेको मानिस, मत्ती ८:२८-३४ अनि लूका ८:२६-३९ मा समानान्तर रहेको छ । १-२० पदले (आत्मिकी साम्राज्यमाथिको येशूको शक्तिलाई देखाउँदछ)

आ. येइरसकी छोरी, मत्ती ९:१८-१९, २३-२६ अनि लूका ८:०-४२, ४९-५६ मा समानान्तर गरिएको छ ।

२१-२४, ३५-४३ पदले (मृत्युमाथिको येशूको शक्तिलाई देखाउँदछ)

इ. रगत बग्ने स्त्री, मत्ती ९:२०-२२ अनि लूका ८:४३-४८ मा समानान्तर गरिएको छ २५-३४ पदले (विमारमाथि येशूको शक्तिलाई देखाउँछ)

## शब्द अनि वाक्यांशको अध्ययन

NASB (UPDATED) TEXT: 5:1-13

१अनि उहाँहरु समुद्रको पारिपट्टि गिरासिनीको देशमा आउनुभयो । २औं उहाँ डुङ्गाबाट बाहिर निस्कने
बित्तिकै चिहानबाट, अशद्ध आत्मा लागेको एउटा मानिसले उहाँलाई भेट्यो, ३जसको डेरा चिहानहरुमै
हुन्थ्यो, र कुनै मानिसले त्यसलाई साङ्लाहरुले समेत बाँध्न सकेको थिएन । ४किनकी त्यो धेरैपल्ट नेल

र साङ्गलाहरुले बाँधिएको थियो, र त्यसले साङ्गलाहरु धूजाधूजा पारी नेलहरुलाई पनि टुक्रा टुक्रा पारिदिएको थियो, र कुनै मानिसले पनि त्यसलाई वशमा पार्न सकेको थिएन । ५त्यो रात र दिन सँधै चिहानहरु र पर्वतहरुमा कराउँदै हिँड्थ्यो, ७औं जसै त्यसले येशूलाई टाढैबाट देख्यो, तब दौडेर आयो, र उहाँलाई दण्डवत् गयो । ७औ ठूलो स्वरले चिच्चाएर भन्यो, "हे सर्वोच्च परमेश्वरका पुत्र येशू, मेरो तपाइँसँग के सरोकार ? म परमेश्वरमा शपथ हालेर तपाइँलाई बिन्ती गर्दछु, मलाई दुःख नदिनुहोला ।" ८किनकी उहाँले त्यसलाई भन्नुभएको थियो, "ए अशुद्ध आत्मा, यस मानिसबाट निस्कि आइज ।" ९अनि उहाँले त्यसलाई सोध्नुभयो, "तेरो नाउँ के हो ?" त्यसले भन्यो, "मेरो नाउँ ता फौज हो, किनकी हामी धेरै छौं ।" १०औं त्यसले उहाँसँग तिनीहरुलाई देश निकाला नहोस् भनी जोरसँग बिन्ती गर्‍यो । अब त्यहाँ डाँडाको छेउमा सुँगुरहरुको एक ठूलो बगाल चरिरहेको थियो । १२औं तिनीहरुले यसो भनी उहाँलाई बिन्ती गरे, "हामीलाई सुँगुरहरुकहाँ जान दिनुहोस्, र हामी तीभित्र पस्छौं ।" तब उहाँले तिनीहरुलाई अनुमति दिनुभयो, र अशुद्ध आत्माहरु बाहिर निस्केर सुँगुरहरुभित्र पसे, अनि दुई हजार जतिको बगाल भीरबाट समुद्रतिर हुर्रिंदै गयो, र ती समुद्रमा निस्सासिएर मरे ।

**५:१ "अनि उहाँहरु समुद्रको पारिपट्टि ......... आउनुभयो"** योचाहिँ सम्भवत् अझै रातको समय नै थियो (४:३५) । चेलाहरुले डुङ्गालाई खियाउनुपरेको थियो किनभने येशूले बतासलाई पूर्णरुपले शान्त पार्नुभएको थियो ।

**"गिरासिनीको देशमा"** यो गालील समुद्रको उत्तर-पूर्वीय किनारमा भएको, डेकापोलिस भनिने ठाउँ हो । यस क्षेत्रमा प्रायःजसो अन्य जातिहरु थिए अनि एकदमै हेलेनिस्टिक थियो । सङ्क्षिप्त सु-समाचारहरुमा यसको वर्णविन्यास फरक फरक छ : Gerasa (MSS ℵ*, B, D, अनि लूका ८:२६), Gergesa (MSS, ℵ², L), Gergusta (MS W), अथवा Gadara (MSS A, C अनि मत्ती ८:२८) । यी सबै यस क्षेत्रमा भएका शहरहरु थिए ।

**५:२ "औं उहाँ ......... बाहिर निस्कने"** सायद चेलाहरुले कराएको आवाज सुनेका थिए होलान् (५ पद) अनि येशूलाई पहिला गएको खुसीसाथ चाहन्थे ।

- **"बित्तिकै"** १:१० को टिप्पणीलाई हेर्नुहोस् ।
- **"एउटा मानिस"** मत्ती ८:२८ मा दुईजना मानिसहरु छन् । मत्तीमा यरीहोबाहिर दुईजना अन्धो मानिसहरु छन् भन्ने उल्लेख छ (मत्ती २०:२९; मर्कूस १०:४६; लूका १८:३५) । यो मत्तीको मानिसहरु छन् भन्ने उल्लेख छ (मत्ती २०:२९; मर्कूस १०:४६; लूका सहमत छन् (लूका ८:२)। अरु छलफलका लागि *Hard Sayings of the Bible* को पृष्ठ ३२१-३२२ लाई हेर्नुहोस् ।
- **"चिहानबाट अशुद्ध आत्मा लागेको एउटा मानिस"** यो स्पष्ट विवरण हो । नयाँ करारले तिनीहरुसँग कसरी व्यवहार गरिनुपर्ने हो भन्ने कुराको विस्तृत कार्यविधि अथवा सैतानिक कुराको उत्पत्तिको छलफल गर्दैन । भूत धपाउने कामलाई आत्माको वरदानको रुपमा कहिले पनि सूचीबद्ध गरिएको छैन । १:२५ मा भूत लागेको अनि भूत धपाउने कामको विशेष विषयलाई हेर्हुहोस् ।

**५:३ "जसको डेरा चिहानहरुमै हुन्थ्यो"** तिनीहरु कुनै स्थानीय चिहानघारीको क्षेत्रमा आइपुगेका थिए । स्थानीय मानिसहरुले भूत लागेको पागललाई यस सुनसान क्षेत्रमा लखेटेका थिए । यो त्यसको डेरा भएको थियो ।

- **"कुनै मानिसले त्यसलाई साङ्लाहरुले समेत बाँध्न सकेको थिएन"** त्योसँग अलौकिक बल थियो ।

**५:४ "त्यो धेरैपल्ट नेल र साङ्लाहरुले बाँधिएको थियो"** यो एउटा पूर्ण कर्मवाच्य असीमितकाल हो । प्रत्यक्षरुपले शहरका मानिसहरुले त्यसलाई साङ्लाले बाँध्ने कोशिस गरेका थिए । त्यो एउटा चिरपरिचित स्थानीय समस्या भएको थियो ।

- **"त्यसले .... धूजाधूजा पारी ....... टुक्रा टुक्रा पारिदिएको थियो"** यसले पनि त्यसको अलौकिक बललाई देखाउँछ ।

**५:५ "कराउँदै आफूले आफैंलाई ढुङ्गाले चिर्दै हिँड्थ्यो"** यस्तो व्यवहार आफैंलाई नाश गर्ने प्रकटीकरण अथवा पूराना करारका अरु धर्मका पूजा गर्ने प्रथासँग (१ राजा १८:२८) सम्बन्ध रहेको हुन सक्दछ । यस मानिसको दैनिक व्यवहारको विषयका पूर्ण जानकारी गाउँवासीहरुबाटै आएको हुनु पर्दछ ।

**५:६ "....... दौडेर आयो, र उहाँलाई दण्डवत् गर्‍यो"** पहिलो वाक्यांशले विद्रोहलाई संकेत गर्दछ । दोस्रो वाक्यांशले येशूको स्तर अनि अधिकार (४ पद) लाई आदर गरेको अनि स्वीकार गरेको कुरालाई संकेत गर्दछ । ५:७ "ठूलो स्वरले चिच्चाएर भन्यो, "हे सर्वोच्च परमेश्वरका पुत्र येशू, मेरो तपाइँसँग के सरोकार ?" भूतहरुमध्ये एउटाले येशूलाई सम्बोधन गर्‍यो । उहाँ को हुनुहुन्थ्यो भनेर तिनीहरुले जान्दथे (१:२३, याकूब २:१९) । तिनीहरुले उहाँलाई मसिही वाक्यांशले समेत सम्बोधन गरे । यस विषयमा, तिनीहरु डराएका थिए (१:२३ जस्तै) ।

- **"म परमेश्वरमा शपथ हालेर तपाइँलाई बिन्ती गर्दछु"** यो एउटा हिब्रू टुक्का थियो जसको अर्थ हुन्छ "परमेश्वरमा शपथ हाल्नु"।
- **"मलाई दुःख नदिनुहोला ।"** यो निषेधको व्याकरणीय रुपमै एवरिस्ट कर्तृवाच्य संशयार्थ हो, जसले एउटा एवरिस्ट कर्तृवाच्य आज्ञासूचक जस्तो कार्य गर्ने एवरिस्ट कर्तृवाच्य संशयार्थ हो, जसले "कुनै काम कहिले सुरु नगर्ने" कुराको संकेत गर्दछ (Barbara and Timothy Friberg को *Analytical Greek New Testament,* पृष्ठ १२०) । भूतहरुले इन्साफ आइरहेको थियो भन्ने कुरालाई जान्दथे (१:२३-२४; मत्ती २५:४१; प्रकाश १२:९; २०:१०)। मत्ती ८:२९ अनि लूका ८:२८ अनि ३१ को समानान्तरले पनि मृत्यु र दण्डको इन्साफलाई संकेत गर्दछ । यी भूतहरुले मसीहको दुई पटकको आगमनलाई प्रत्यक्षरुपमा जान्दैन थिए । "आत्माहरु" समेतले पनि कष्ट भोग्न सक्दछ ।

**५:८, ९ "भन्नुभएको थियो"** यस अपूर्ण काललाई आधारभूत रुपमा दुई प्रकारको प्रयोग गरिएको थियो : (१) बितेको समयको कामलाई दोहोर्‍याउने काम अथवा (२) बितेको समयको कुनै कामको सुरुवात । यस सन्दर्भमा केवल #२ मात्र मिल्छ जस्तो देखिन्छ । तरैपनि, यदि भूतहरुलाई गरिएको येशूको बयानको आज्ञा कालक्रमिक क्रमबाट अलग्गै छ भने, तब #१ लागू हुन सक्दछ । मर्कूसले काललाई स्थानीय भाषाशैलीमा प्रयोग गरेको हुनसक्दछ किनभने १० पदमा पनि त्यस्तै काल छ ।

**५:९ "तेरो नाउँ के हो"** यस प्रश्न हिब्रू टुक्का हुनसक्दथ्यो अनि तिनीहरुको चरित्रहरुलाई उल्लेख गर्दछ ।

- **"फौज"** रोमी सेनामा ६,००० को झूण्डले एउटा फौज बन्दथ्यो । मर्कूसमा प्रयोग गरिएको थुप्रै ल्याटिन शब्दहरुमा यो एउटा हो । यो मानिसमाथिको तिनीहरुको नियन्त्रणको स्तरको एउटा अलंकार भएको हुन सक्दछ । तरैपनि, १३ पदको कारण, जसले भूतहरुले २,००० सुँगुरहरुलाई मारे भन्ने वर्णन गर्दछ, यो भौतिक नै हुन सक्दछ ।

**५:१० "देश निकाला"** यसले यी कुराहरुलाई उल्लेख गरेको हुन सक्दछ : (१) चिहानहरुका क्षेत्र; (२) डेकापोलिस जिल्ला; अथवा (३) सम्भवत् अगाध भड्खालो, जसलाई लूका ८:३१ को दृष्टान्तमा अभिलेख गरिएको छ । मत्तीको समानान्तरमा "बेला नपुग्दै" भन्ने लेखिएको छ (मत्ती ८:२९)।

५:११ सुँगुरको बगालले यो एउटा अन्य जातिको क्षेत्र थियो भन्ने देखाउँछ ।

**५:१२ "हामीलाई सुँगुरहरुकहाँ जान दिनुहोस्"** ध्यान दिनुहोस् कि भूतहरुले येशूलाई बिन्ती गरे । येशूले यी भूतहरुलाई सुँगुरहरुकहाँ जानलाई किन अनुमति दिनुभयो अथवा तिनीहरुले किन जान चाहे भन्ने कुरा मूलपाठले हामीलाई भन्दैन । भूतहरुले मानिसलाई छोडेर सुँगुरहरुमा प्रवेश गरेकोचाहिँ मानिसलाई ऊ छुटकारा भइसकेको छ भनेर मानिसलाई विश्वास गर्न लगाउने सम्भवत् एउटा देख्न सकिने तरिका हुन सक्दथ्यो (अर्थात, देख्न सकिने सहायता, अन्धो आँखामा थुक अनि माटो लगाउनु जस्तै हो) । भूतहरुले यसकारण बिन्ती गरेको हुनसक्दछ किनभने (१) तिनीहरुले सुँगुरहरुलाई अगाध भड्खालोमा गएको चाहन्थे अथवा (२) यस कामले गर्दा शहरका मानिसहरुले येशूलाई त्यस ठाउँ छोडेर जानु भन्ने लगाएको थियो । भूतहरुले येशूलाई सहायता गर्नलाई कार्यहरु गर्दैन !

**५:१३ "ती ..... निस्सासिएर मरे"** यो अपूर्ण कर्मवाच्य सूचक हो । तिनीहरु एकपछि अर्को गर्दै भीरबाट तल कुदे ।

## NASB (UPDATED) TEXT: 5:14-20

१४अब तिनलाई चराउनेहरु भागे, र शहर र गाउँ गाउँमा खबर दिए, र के भएको हो सो हेर्न तिनीहरु आए । १५तब तिनीहरु येशूकहाँ आए, र त्यस भूत लागेको मानिसलाई ठीक मनको भएर लुगा पनि लगाएर बसिरहेको देखे, र तिनीहरु डराए । १६औं जसले यो देखेथे, तिनीहरुले भूतहरु लागेको मानिसलाई र सुँगुरहरुका विषयमा के भएको थियो, सो तिनीहरुलाई बताइदिए । १७अनि तिनीहरुले उहाँलाई तिनीहरुका सीमानाहरुबाट जाइहाल्नुहोस् भनी बिन्ती गर्न लागे । १८औं उहाँ डुङ्गामा पस्न लाग्नुहुँदा त्यो भूत लागेको मानिसले उहाँकै साथमा रहनलाई बिन्ती गर्‍यो, १९तर उहाँले त्यसलाई अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरुलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान् काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ । २०अनि त्यो मानिस हिँडिहाल्यो, र येशूले त्यसको निम्ति कति ठूलो काम गरिदनुभयो, सो डिकापोलिसभरि प्रचार गर्न लाग्यो, र सबै मानिसहरु अचम्ममा परे ।

**५:१४ "........ र के भएको हो सो हेर्न तिनीहरु आए"** जिज्ञासा अनि डरले शहरका मानिसहरुलाई रातको समयमा पनि आउनलाई प्रेरित गरायो ।

**५:१५ "बसिरहेको"** अवस्थाहरुको श्रृङ्खलामा यो पहिलो कुरो हो जसले यस मानिसको नयाँ शान्ति अनि मनको शान्त अवस्थालाई वर्णन गर्दछ ।

- **"लुगा ……… लगाएर"** त्यो साधारणत् नग्न अवस्थामा थियो भनेर यसले संकेत गर्दछ (लूका ८:२७)
- **"ठीक मनको भएर"** भूतको अधिकारले यसलाई थुप्रै तरिकामा प्रकट गर्दछ
  १. बोल्न नसक्ने (मर्कूस ९:१७, २५; मत्ती ९:३२)
  २. बोल्न अथवा देख्न नसक्ने (मत्ती १२:२२)
  ३. छारे रोग (मत्ती १७:१५, १८)
  ४. ठूलो बल (मर्कूस ५:३-४)
  ५. शरीरलाई कक्राक-कुक्रुक्क पार्ने (मर्कूस १:२६; ९:२०)
  ६. पक्षाघात (प्रेरित ८:१७)

तरै पनि सबै शारीरिक समस्याहरु भूतहरुबाटै उत्पत्ति भएका होइनन् । सु-समाचारहरुमा, विमार अनि भूत लागेको कुरालाई प्रायजसो बेग्लाबेग्लै गरिएको छ (मर्कूस १:३२, ३४; ६:१३; मत्ती ४:२४; १०:८; लूका ४:४०-४१; ९:१; १३:३२) ।

**५:१७ "तिनीहरुले उहाँलाई तिनीहरुका सीमानाहरुबाट जाइहाल्नुहोस् भनी बिन्ती गर्न लागे"** यो एउटा एवरिष्ट मध्यम सूचक हो अनि वर्तमान कर्तृवाच्य अपरिमित हो । यस अस्वीकारचाहिँ भूतहरु सुँगुरहरुमा पस्न चाहेको एउटा सम्भवत् कारण थियो ! शहरका मानिसहरुले त्यस्तो व्यक्तिलाई चाहन्थे जसले त्यस मानिसलाई शान्त गरेथे कि तिनीहरुमा कसैले पनि छोड्न भनी शान्त गर्न सक्दैन थिए । यूहन्ना ४ को गाउँ कति बेग्लै छ । प्रत्यक्षरुपले आर्थिक कुराहरुले यस मानिसको पुनर्स्थापनालाई अर्थहीन बनाएको थियो ।

**५:१९ "तिमी आफ्नो घरमा गएर"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञासूचक हो । येशूले त्यसलाई घरमा फर्केर जानु भनेर भन्दै थिए । प्रत्यक्षरुपले एउटा अन्य जातिका अनुयायीको उपस्थितिले केही यहूदी मानिसहरुलाई अलग गरेका कुरा येशूले जान्नुहुन्थ्यो । त्यहीँ रहेर अब येशू यस अन्यजाति क्षेत्रमा एउटा गवाही बन्नुभएको थियो । यी भौतिकवादीहरुलाई उहाँले अझै पनि वास्ता गर्दै हुनुहुन्थ्यो ।

**"तिम्रा मित्रहरुलई सुनाइदेऊ"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञासूचक हो । परमेश्वरले तिमीलाई गर्नुभएको कुरा तिम्रा मानिसहरुसँग बाँड । प्रत्यक्षरुपमा त्यसले यसकारणलई असलरुपमा गरे (२० पद)। यसले अन्य जातिहरुप्रतिको येशूको वास्तालाई देखाउँदछ ।

**५:२० "डेकापोलिस"** यस ग्रीक शब्दको अर्थ हुन्छ "दश शहरहरु" । यो महान् अलेकजाण्डरको एउटा राज्यहरुको संघ थियो । यो क्षेत्र पेरियाको उत्तर अनि गालीलको समुद्रको पूर्व थियो । यो हेलेनी संस्कृति (Hellenistic Culture) को स्वर्ग नै थियो ।

## NASB (UPDATED) TEXT : 5:21-24

२१अनि जब येशू फेरि डुङ्गामा पारिपट्टि जानुभयो तब एउटा ठूलो भीड उहाँकहाँ जम्मा भयो । उहाँ समुद्रको किनारमा हुनुहुन्थ्यो । २२औं सभाघरका शासकहरुमध्ये याइरस नाउँ भएको एकजना उहाँकहाँ आए, र उहाँलाई देखेर उहाँका पाउमा घोप्टो परे । २३ौं यसो भनेर ज्यादै जोडसँग बिन्ती गरे, "मेरी सानी छोरी मर्न लागेकी छ, आएर त्यसमाथि तपाइँको हात राखिदिनुहोस्, र त्यो बाँचोस् र जिओस् ।" २४औं उहाँ तिनीसित लाग्नुभयो, र एउटा ठूलो भीड उहाँको पछि लाग्यो, र उहाँलाई घच्चाघच्ची पनि भयो ।

**५:२२ "सभाघरका शासकहरुमध्ये याइरस नाउँ भएको"** तिनको नाउँको अर्थ हुन्छ "यहोवाले प्रकाश दिनुभएको छ ।" यिनीचाहिँ कुनै सभाघरका भवनलाई मर्मत गर्ने प्रशासनिक कार्यको जिम्मा पाएका व्यक्ति थिए । तिनी समुदायमा केही धार्मिक प्रतिष्ठा भएको मानिस थिए ।

- **"उहाँका पाउमा घोप्टो परे"** योचाहिँ आदर अनि आराधनाको एउटा मनोभाव थियो (५:६, २२,३३ जहाँ बेग्लाबेग्लै शब्दहरु प्रयोग भएको छ, तर एउटै मनोभाव) । एउटा पूर्वीय अगुवाले कुनै अनाधिकारिक धर्मगुरुको अघि सडकमा घोप्टो पार्नुचाहिँ एकदमै अप्रत्याशित् कुरो थियो ।
- **"मेरी सानी छोरी मर्न लागेको छु"** मत्ती ९:१८ ले भन्दछ उनी मरिसकेकी थिई । यस मानिसले विश्वस गर्दथ्यो कि येशूको उपस्थिति अनि छुवाइले तिनको छोरी चँगाई हुने थियो अथवा पनुजीर्वित पाउने थियो ।

**५:२३**

**NASB, TEV "उनी निको हुनेछिन्"**

**NKJV "उनी चँगाई हुनेछिन्"**

**NRSV "सायद उनी निको हुनेछिन्"**

**NJ "सायद उनी बाँच्नेछिन्"**

यो शारीरिक छुटकाराको (याकूब ५:१५) यसको पूरानो करारको अर्थमा प्रयोग गरिएको *sōzō* शब्दको एउटा एवरिस्ट कर्मवाच्य संशयार्थ हो । नयाँ करारमा यसले आत्मिकी उद्धारको अर्थ लगाउँदछ । येशूले चँगाई गर्नुभएका सबैजना आत्मिकीरुपमै बचाइएका थिए कि थिएनन् भन्ने कुरा ईश्वरशास्त्रीय रुपमै अनिश्चित छ । उहाँका कामले एउटा यस्तो प्रक्रिया सुरु गरेको हुन सक्दछ जसले पछि गएर त्यस व्यक्तिको आत्मिकी जीवनलाई पराकाष्ठामा पुऱ्यायो अनि त्यसलाईचाहिँ धर्मशास्त्रमा अभिलेख गरिएन ।

एउटा उदाहरणको रुपमा यस अध्यायलाई हेर्नुहोस् जहाँ त्यसको चँगाई पछि भूतहरुको विश्वासलाई देखिन्छ, तर अघि होइन । उनको बाबुको विश्वासको कारण त्यस सानी केटी निको भइन्, अनि रगत बग्ने स्त्रीको समयाचाहिँ कुनै धर्मगुरुलाई छुने स्वार्थपूर्ण (अन्धविश्वासको समेत) काममा येशूलाई जानीबुझीकन विधिवत्रुपमै अशुद्ध पार्ने काम थियो । स्व-इच्छाचाहिँ कहाँ अन्त्य भएर विश्वास सुरु हुन्छ त ?

**५:२४ "उहाँलाई घच्चाघच्ची पनि भयो"** लूका ८:२४ ले यसरी थप्दछ कि भीडको घच्चाघच्ची चाहिँ यति विशाल थियो कि सास लिन पनि मुस्किल परेको थियो ।

## NASB (UPDATED) TEXT: 5:25-34

२५औं बाह्र वर्षदेखि रगत बग्ने व्यथा भएकी एउटी स्त्री, २६जसले धेरै वैद्यहरुका हातबाट कष्ट पाएकी
र आफूसँग भएका सारा धन दौलत खर्च गरेर पनि निको नभएर बरु झन् खराब हालतमा परेकी थिइ,
२७येशूको विषयमा कुराहरु सुनेर भीडको पछिल्तिरबाट आएर उहाँको पोशाक छोई । २८किनकी त्यसले
भनेकी थिइ, "मैले उहाँको पोशाकमात्र छोएँ भने पनि म निको हुनेछु ।" २९औं तुरुन्तै त्यसको रगत
बग्ने बन्द भइहाल्यो, र आफ्नो शरीरमा रोग निको भएको थाहा पाइहाली । ३०औं आफूबाट शक्ति
बाहिर निस्केको झट्टै येशूले थाहा पाएर भीडमा पछिल्तिर फर्केर भन्नुभयो, "कसले मेरा लुगा छोयो, हँ
?" ३१उहाँका चेलाहरुले उहाँलाई भने, "भीडले घच्चाघच्ची गरेको त तपाइँले देख्नुभएकै छ, औं तपाइँ
भन्नुहुन्छ, कसले मलाई छोयो ?" ३२औं जसले यो गरी, त्यसलाई हेर्नलाई उहाँले चारैपट्टि नजर
फिराउनुभयो । ३३तब आफूमा भएको थियो सो थाहा पाएर त्यो आइमाई डरले काम्दै आएर घोप्टो परी,
र उहाँलाई सारा सत्य कुरा भनिदिई, ३४अनि उहाँले त्यसलाई भन्नुभयो, "ए छोरी तिम्रो विश्वासले
तिमीलाई बचाएको छ । शान्तिसित जाऊ तिम्रो रोग निको भइजाओस् ।"

**५:२५ "बाह्र वर्षदेखि रगत बग्ने व्यथा भएकी"** यसले तिनलाई विधिवत् रुपमै अशुद्ध बनाएको थियो ( लेवी १५:२५-२७) अनि, त्यसैकारण, यहूदी आराधनाको सबै रुपहरुबाट तिनलाई अलग गरिएको थियो ( त्यो भनेकोचाहिँ, सभाघर अनि मन्दिरबाट)

**५:२६ "धेरै वैद्यहरुका हातबाट कष्ट पाएकी ........ थिई"** लूका, एकजना वैद्यले यस टिप्पणीलाई लूका ८:४३ मा लेखेका छन् ।

**"आफूसँग भएका सारा धनदौलत खर्च गरेर पनि निको नभएर ......"** यस समस्याको लागि यहूदी उपचारकहरुलाई Talmud मा यसरी सूचीबद्ध गरिएको थियो (१) ग्रीष्म ऋतुमा सुती कपडामा अनि शीत ऋतुमा सेतो गधीको गोबरमा फलेको जौंको बाला बोक्नुपर्ने (Shabb. 110 A अनि B)

**५:२७ "उहाँको पोशाक छोई"** शायद तिनले उहाँको प्रार्थना गर्दा प्रयोग गरिने बर्कोलाई छोई होली, जसलाई पुरुषहरुले आराधनाको समयमा आफ्नो शिरलाई ढाक्न प्रयोग गर्दथे । यसलाई झम्का भनिन्थ्यो (गन्ती १५:३८-४०; व्यवस्था २२:१२)। विधिवत् रुपमै अशुद्ध भएकी एउटी स्त्रीले धर्मगुरुलाई छुनुचाहिँ एउटा न्यायोचित कार्य थिएन । यस स्त्री लाचार भएकी थिई !

**५:३० "झट्टै"** १:१० को टिप्पणीलाई हेर्नुहोस् ।

- **"येशूले आफूबाट शक्ति"** यस शक्तिको ठीक प्रकृतिचाहिँ अनिश्चित छ । यो स्पष्टरुपले परमेश्वरबाटै थियो (लूका ५:१७) । येशूले यसको असरलाई अनुभव गर्नुभयो । येशूले यसलाई बाह्रजना अनि सत्तरी जनाको सु-समाचारीय कार्यमा अरुलाई सुम्पन सक्षम हुनुहुन्थ्यो ।
- **"बाहिर निस्केको......"** मसीहले हामीलाई निको पार्नु हुनेछ भनेर मत्ती ८:१७ ले यशैया ५३:४ लाई उद्धृत गरेको छ किनभने उहाँले हाम्रा बिमारीहरुलाई सहनुभयो ।
- **"कसले मेरा लुगा छोयो, हँ ?"** त्यहाँ एउटा ठूलो भीड थियो (३१ पद)। मत्ती ९:२० मा "लुगाको किनारा" छ । प्रार्थना गर्दा प्रयोग गरिने बर्कोमा मोसाइक व्यवस्थाको संस्मारकको रुपमा, तेह्रओटा निलो किनारा हुन्थ्यो ।

**५:३१ "उहाँले चारैपट्टि नजर फिराउनुभयो"** यस अपूर्ण काललले संकेत गर्दछ कि उहाँले भीडहरुलाई हेर्न सुरु गर्नुभयो । यस अवसरमा कसले के गरेको थियो अथवा के भएको थियो भन्ने विषयमा येशूलाई अलौकिकरुपमा जानकारी गराइएको थिएन । प्रश्नचाहिँ सम्भवत् त्यस स्त्रीकै लागि थियो (जुनचाहिँ तिनको विश्वासलाई सार्वजनिक रुपमै प्रकट गर्ने एउटा मौका थियो)।

**५:३३ "डरले काम्दै"** समाजमा स्त्रीहरुको एकदमै तल्लो दर्जा थियो । तिनलाई सार्वजनिक रुपमा बोल्ने इच्छा थिएन । तिनले यो पनि जान्दथी कि तिनी विधिवत् रुपमै अशुद्ध भएकीले गर्दा कुनै धर्मगुरुलाई छुने अनुमति तिनलाई थिएन ।

**५:३४ "ए छोरी"** येशूको शिक्षाले एउटा यस्तो गहिरो सत्यतालाई प्रकट गर्दछ कि येशूमाथिको विश्वासमार्फत्, मानिस जाति परमेश्वरको परिवारका सदस्य बन्न सक्दछ । पारिवारिक सम्बन्धलाई संकेत गर्दै उद्धारलाई जन्मनु अथवा कानुनी शब्दमा वर्णन गरिएको छ । खीष्टियन अनुभवका लागि कति शक्तिशाली अलंकार !

- **"तिम्रो विश्वासले तिमीलाई बचाएको छ"** तिनको छुवाईले होइन, तर उहाँमाथिको तिनको विश्वासको कामचाहिँ मुख्य विषय थियो । विश्वास आफैं मुख्य विषय होइन, विश्वासको विषय (जो येशू हुनुहुन्छ) चाहिँ मुख्य कुरो हो । यहाँ त्यस्तो कुनै चमत्कार भएको थिएन, नता कुनै सकारात्मक सोंचाइँको शक्ति नै थियो, तर केवल येशूको शक्तिमात्र थियो । यसको पूरानो करारको अर्थमा (२३ पद) त्यहाँ अर्को ग्रीक *sōzō* प्रयोगमा आएको छ । यहाँ यो पूर्ण कर्तृवाच्य सूचक हो, जसले तिनी निको भइन् अनि शारीरिक समस्याबाट चँगाई पाइन् भन्ने संकेत गर्दथे ।

- **"शान्तिसित जाऊ, तिम्रो रोग निको भइजाओस्"** यिनीहरु दुवै वर्तमान कर्तृवाच्य संकेतार्थक हुन् । शान्ति (*eirēnē*) शब्दको अर्थ समस्याहरुबाट अलग हुनुमात्र होइन, तर पूर्णता अनि निको हुनु भन्ने पनि हुन्छ । "रोग" शब्दचाहिँ "कोर्रा लगाउनु" को आधारबाट आएको हो ।

## NASB (UPDATED) TEXT: 5:35–43

३५उहाँ बोल्दै हुनुहुँदा, शासकको घरबाट मानिसहरु आएर भने, "तपाइँकी छोरी त मरी । गुरुज्यूलाई अब अरु कष्ट किन दिनुहुन्छ ?" ३६तर तिनीहरुले गरेका कुराहरुलाई ध्यान नदिई येशूले सभाघरका शासकलाई भन्नुभयो, "नडराऊ, विश्वासमात्र गर ।" अनि उहाँले पत्रुस, याकूब र याकूबका भाइ यूहन्नालाई बाहेक अरु कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन । ३८उहाँहरु सभाघरका शासकको घरमा आउनुभयो, अनि उहाँले खैलाबैला गर्नेहरु, रुनेहरु र ठूलो स्वरले बिलौना गर्नेहरुलाई देख्नुभयो । ३९ भित्र पसेर उहाँले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु किन खैलाबैला गर्छौ र रुन्छौ ? ठिटी मरेकी छैन, तर सुतिरहेकी छे ।" ४०तर तिनीहरु उहाँको कुरामाथि हाँसे । तब उहाँले तिनीहरु सबैलाई बाहिर निकाल्नुभयो, र ठिटीका बाबु र आमा र उहाँसँग हुनेहरुलाई साथमा लिएर ठिटी भएको ठाउँभित्र जानुभयो । ४१अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, "तालिता कूमी," जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ ।" ४२अनि ठिटी तुरुन्तै उठी, र हिँडडुल गर्न लागी । त्यो बाह्र वर्षकी थिई । अनि त्यति नै बेला तिनीहरु आश्चर्यचकित भए । ४३उहाँले तिनीहरुलाई यो कसैले थाहा

नपाओस् भन्ने कडा आज्ञा दिनुभयो । अनि बालिकालाई चाहिँ केही खान दिनू भनी तिनीहरुलाई भन्नुभयो ।

**५:२५ "मरी" यो एउटा एवरिष्ट कर्तृवाच्य संकेतार्थ** हो । याइरस एकदमै अधैर्य भएका थिए भन्ने कुरामा म निश्चित छु ! यो उसको विश्वासको जाँच अथवा येशूको शक्ति अनि अधिकारको अर्को उदाहरण जस्तो देखिन्छ ।

**५:३६**

| | |
|---|---|
| **NASB** | **"तिनीहरुले गरेका कुराहरुलाई ध्यान नदिई"** |
| **NKJV** | **"जसै येशूले गरेका कुराहरुलाई सुन्नुभयो"** |
| **NRSV, NJB** | **"तिनीहरुले भनेका कुराहरुलाई ध्यान नदिई"** |
| **TEV** | **"तिनीहरुले भनेका कुराहरुलाई येशूले ध्यान दिनुभएन"** |
| **NIV** | **"तिनीहरुले भनेका कुरालाई वेवास्ता गर्नुभयो"** |

ग्रीक शब्दको अर्थ हुन्छ, "लापरवाहको साथमा सुन्नु ।" यसलाई "वेवास्ता" अथवा "ध्यान नदिनु" भनेर बुझ्न सकिन्छ । यस शब्द यति साह्रो दुई अर्थ लगाउने खालको छ कि सुरुवातमै शास्त्रीहरुले यसलाई "सुन्नु" शब्दमा परिवर्तन गरिदिए (MSS $\aleph^a$, A, C, D, अनि K), जसलाई लूका ८:५० को समानान्तरमा पाइन्छ ।

- **"नडराऊ"** यो एउटा नकारात्मक कणसँगको वर्तमान आज्ञासूचक हो, जसको साधारणत् अर्थ हुन्छ गरिरहेको कामलाई रोक्नु । डरको विपरितचाहिँ विश्वास हुन्छ !
- **"विश्वास मात्र गर"** यो अर्को वर्तमान कर्तृवाच्य आज्ञासूचक हो । एउटा निकै नै साधारण, तर महत्त्वपूर्ण बयान (प्रेरित १६:३१) ।

**३:३७ "उहाँले अरु कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन"** येशूसँग एउटा भित्री झूण्ड किन थियो भन्ने कुरा अनिश्चित नै छ (१:२९; ५:३७; ९:२; १३:३; १४:३३)। मर्कूसको सु-समाचारचाहिँ पत्रुसको प्रत्यक्षदर्शी विवरण हो । भित्री समूहले कुनै विशेष सुविधाहरु प्रदान गरेनन् किनभने याकूबलाई एकदमै सुरुवातमा मारियो ।

येशूले आफ्ना ख्यातिलाई एउटा चँगाईकर्त्ता अनि एउटा मृत्युबाट समेत ब्युँताउन सक्नेको रुपमा चिनिएको चाहनु हुन्थेन । मर्कूसमा यो यस्ता प्रकारका कैयौं बयानहरुमध्ये एउटा हो, जसलाई ईश्वरशास्त्रीहरुले "मसिही रहस्य (४३ पद) भन्दछन् । उहाँले ठूलो भीडलाई शान्त पार्ने मुख्य समस्याहरुलाई अघिबाटै पाउनुभएको थियो ।

- पत्रुस, याकूब अनि यूहन्ना यो चाहिँ येशूका भित्री समूहका चेलाहरु थियो (९:२; १४:३३; मत्ती १७:१; २६:३७; लूका ९:२८)।

**५:३८ "………. रुनेहरु र ठूलो स्वरले बिलौना गर्नेहरु"** यिनीहरुचाहिँ आज्ञा गरिएकै आम यहूदी अन्त्येष्टि प्रचलनहरु थियो । यसले के देखाउँछ भने त्यस परिवारले सानी छोरीको मृत्यु हुने नै थियो आशा गरेका थिए अनि पहिल्यैबाट तयारीहरु गरिसकेका थिए ।

**५:३९ "ठिटी मरेकी छैन, तर सुतिरहेकी छे"** सुत्नुचाहिँ पूरानो करारमा मृत्युलाई मिठो भाषामा भनिने कुरा थियो । येशूले यसलाई यूहन्ना ११:११ मा लाजरसको लागि प्रयोग गर्नुभएको छ । यहाँ यसले मृत्युसँग तुलना गरेको छ । यदि ३७ पदलाई "मर्कूसको मसिही रहस्यको टिप्पणी हो भनी मानिलिएको भए, उहाँले त्यस ठिटीलाई ब्यूँताउने प्रतिक्रिया (जुनचाहिँ हल्ला फैलिएका कुराको नतिजाको रुपमा थियो) लाई घटाउने कोशिस गर्नको साटो यसलाई उहाँले भीडलाई किन भन्नुभयो, भन्ने कुरामा अचम्म लाग्न सक्दछ ।

**५:४० "उहाँको कुरामाथि हाँसे"** यो एउटा अपूर्ण काल हो जसले दर्शकहरु लम्बिएको समयको अवधिको लागि लगातार हाँसेका थिए अथवा यस विन्दुमा तिनीहरु हाँस्न सुरु गरे भन्ने कुराको संकेत गर्दछ ।

- **"उहाँसँग हुनेहरुलाई"** यसले पत्रुस, याकूब अनि यूहन्नालाई उल्लेख गर्दैछ । धेरै तरिकामा येशूका आश्चर्यकर्महरु चेलाहरुका प्रशिक्षण अनि विश्वासका लागि मानिसहरु निको भएका कुराहरु जतिकै महत्त्वपूर्ण हुन्थ्यो ।

**५:४१ "तालिता कूमी"** यो एउटा आरमिक वाक्यांश हो । येशूका पालाका यहूदीहरुले हिब्रू होइन तर आरमिक बोल्दथे । यो येशूको मातृभाषा हुन सक्दछ । सु-समाचारहरुमा अभिलेख गरिएको त्यहाँ कैयौं आरमिक वाक्यांशहरु छन् (शबाता, ३:४; बोउनर्गेश, ३:१७; शैतान, ३:२३, २६; ८:३३; तालिता कूमी, ५:४१; इफ्फाता ७:३४; गेहेन्ना ९:४३, ४५, ४७; पस्चा १४:१४, इलोई, इलोई लामा सबखथनी १५:३४)। मर्कूसले यसलाई अनुवाद गरेकोले यो देखाउँदछ कि उसको लक्षित श्रोताहरु अन्य जातिहरु थिए ।

**५:४२ "तुरुन्तै ……….. त्यति नै बेला"** १:१० को टिप्पणीलाई हेर्नुहोस् ।

- **"त्यो बाह्र वर्षकी थिई"** यसको अर्थ हुन्थ्यो कि त्यसले व्यवस्था पालन गर्नुपर्ने जिम्मा पाएकी थिई (अर्थात्, *bath mitzvah* हो) अनि विवाहको योग्य भएकी थिई । केटाहरु तेह्र वर्षमा व्यवस्था पालन गर्ने जिम्मेवार अनि विवाहको योग्य हुन्थ्यो (अर्थात्, *bar mitzvah* हो)। जीवनको अवधि एकदमै छोटो हुन्थ्यो अनि परिवारहरुका पुस्ताहरु एकैसाथ बस्दथे, त्यसैकारण, तिनीहरुले आजभन्दा निकै नै सानो उमेरमा विवाह गर्थे ।

**५:४३ "कसैले थाहा नपाओस् भन्ने कडा आज्ञा दिनुभयो"** येशूले एउटा चँगाईकर्त्ता अथवा आश्चर्यकर्म गर्नेको रुपमा उहाँको सन्देश अनि अधिकार (मर्कूस १:४४; ३:१२; ५:४३; ७:३६; ८:२६, ३०; ९:३०; मत्ती ८:४; ९:३०; १२:१६; १७:९) लाई मान्यता दिलाउनलाई गर्नुभयो ।

- **"बालिकालाई चाहिँ केही खान दिनु भनी तिनीहरुलाई भन्नुभयो"** यो अर्को प्रत्यक्षदर्शी विवरण हो । बालिकाप्रति येशूले वास्ता देखाउनुहुन्छ । त्यसले साँच्चै शारीरिक जीवन प्राप्त गरी भनेर पनि यसले प्रमाणित गर्दछ ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययन सहयोगी टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिंड्नुपर्छ । व्याख्या गराइमा तपाइँ, बाइबल अनि पवित्र आत्म मुख्य हुनुहुन्छ । तपाइँले यसलाई कुनै टिप्पणीकारको भरमा छोड्नुहुँदैन ।

यी छलफलका प्रश्नहरुचाहिँ पुस्तकको यस भागको मुख्य विषयमार्फत् सोंच्नको लागि तपाइँलाई सहायता गर्न प्रदान गरिएको हो । तिनीहरु आधिकारिक होइनन् तर विचारलाई उत्प्रेरित गर्नको लागि हो ।

१. भूत लागेको भन्ने कुरा के हो ? के त्यस्तो आज पनि हुनसक्छ ? के ख्रीष्टियनहरुलाई पनि प्रभाव पार्न सक्छ ?
२. येशूले सुँगुरहरुलाई नष्ट हुन किन दिनुभयो ?
३. स्थानीय शहरका मानिसहरुले येशूलाई किन जाइहाल्नुहोस् भने ?
४. भूतहरुले किन रहनु परेको थियो ?
५. "शक्ति निस्केर गएको थियो" भन्नेको अर्थ के हो ?
६. येशूले मरेकीलाई "सुतिरहेकी छे" भनेर किन भन्नुहुन्छ ?
७. याइरसकी छोरीलाई जीवित पार्नुभएको कुरालाई गुप्तमा राख्न येशूले किन चाहनुहुन्छ ?
८. येशूको चेलाहरुको एउटा भित्री समूह किन थियो ?

## मर्कूस ६

### आधुनिक अनुवादहरुको परिच्छेद विभाजन

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| नासरतमा येशूलाई इन्कार गरिएको | नासरतमा येशूलाई इन्कार | घरमै इन्कार | येशूलाई नासरतमा इन्कार गरिएको | नासरतको भ्रमण |
| ६:१-६ अ | ६:१-६ | ६:१-६ अ | ६:१-३; ६:४; ६:५-६ अ | ६:१-६ अ |
| बाह्र जनाको सु-समाचारीय सेवाकाई | बाह्र जनालाई पठाइएको | बाह्र जनालाई नियुक्त गरिएको अनि निर्देशन दिइएको | येशूले बाह्र चेलाहरुलाई पठाउनुहुन्छ | बाह्र जनाको सु-समाचारीय सेवाकाइ |
| ६:६आ-१३ | ६:७-१३ | ६:६आ-१३ | ६:६आ-११; ६:१२-१३ | ६:६आ-१३ |
| बप्तिस्मा दिने यूहन्नाको मृत्यु | बप्तिस्मा दिने युहन्नाको शिर काटिएको | यूहन्नाको मृत्यु | बप्तिस्मा दिने यूहन्नाको मृत्यु | हेरोद र येशू |
| ६:१४-२९ | ६:१४-२९ | ६:१४-१६ | ६:१४; ६:१५अ; ६:१५आ; ६:१६-१८ | |
| - | - | - | - | बप्तिस्मा दिने यूहन्नाको शिर काटिएको |
| - | - | ६:१७-२९ | - | ६:१७-२० |
| - | - | - | ६:१९-२०; ६:२१-२३; ६:२४; ६:२५; ६:२६-२९ | ६:२१-२९ |
| पाँच हजारलाई | पाँच हजारलाई | पाँच हजारले | येशूले पाँच | रोटीको पहिलो |

| | | | | |
|---|---|---|---|---|
| खुवाइएको | खुवाइएको | खाएको | हजारलाई खुवाउनुहुन्छ | आश्चर्यक्रम |
| ६:३०-४४ | ६:३०-४४ | ६:३०-४४ | ६:३०-३२; ६:३३-३६; ६:३७अ; ६:३७आ; ६:३८; ६:३९-४४ | ६:३०-४४ |
| पानीमाथि हिँड्नुभएको | येशू समुद्रमा हिँड्नुभएको | येशू पानीमाथि हिँड्नु भएको | येशू पानीमाथि हिँड्नु भएको | येशू पानीमाथि हिँड्नु भएको |
| ६:४५-५२ | ६:४५-५२ | ६:४५-४६ | ६:४५-५० | ६:४५-५२ |
| - | - | ६:४७-५२ | - | - |
| - | - | - | ६:५०-५२ | - |
| गनेसरेतमा रोगीको चँगाई | धेरैले उहाँलाई छोएको अनि निको भएको | चँगाई गर्ने येशूको शक्तिमाथि विश्वास | येशूले गनेसरेतको विरामीलाई निको पार्नुहुन्छ । | गनेसरेतमा चँगाई |
| ६:५३-५६ | ६:५३-५६ | ६:५३-५६ | ६:५३-५६ | ६:५३-५६ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**सङ्क्षिप्त सु-समाचारहरु समानान्तर रहेका छन् ।**

अ. १-६अ पदहरु मत्ती १३:५४-५८ मा समानान्तर गरिएका छन् ।

आ. ६अ-१३ पदहरु मत्ती ९:३५-११:१ अनि लूका ९:१-६ मा समानान्तर छन् ।

इ. १४-२९ पदहरु मत्ती १४:१-१२ अनि १४-१६ पद अनि लूका ९:७-९ मा समानान्तर छन् ।

ई. ३०-४४ पद, जुनचाहिँ पाँच हजारलाई खुवाइएको कुरो हो, सबै चारै सु-समाचारहरुमा पाइन्छ (मर्कूस ६:३०-४४; मत्ती १४:३१-२१; लूका ९:१०-१७; यूहन्ना ६:१-१३)।

उ. ४५-५२ पदहरु मत्ती १४:२२-२३ अनि यूहन्ना ६:१४-२१ मा समानान्तर छ ।

ऊ. ५३:५६ पदहरु मत्ती १४:३४-३६ मा समानान्तर छ ।

**शब्द र वाक्यांशको अध्ययन**

## NASB (UPDATED) TEXT: 6:1– 6a

१त्यहाँबाट निस्केर उहाँ आफ्नै नगरमा फर्कनुभयो । उहाँका चेलाहरु उहाँको पछि लागे । २शबाथ-
दिनमा उहाँले सभाघरमा शिक्षा दिन लाग्नुभयो । धेरै जना सुन्नेहरुले छक्क परेर भने, “यस मानिसले
यी सब कहाँबाट पायो ? यिनलाई दिइएको यो ज्ञान कस्तो हो ? यिनका हातबाट भएका कार्यहरु कति
शक्तिशाली ? ३के यिनी त्यही सिकर्मी होइनन् र ? के यिनी त मरियमका छोरा तथा याकूब, योसेफ,
यहूदा र सिमोनका दाज्यू होइनन् र ? के यिनका बहिनीहरु पनि हामीसँगै छैनन् र ?” अनि तिनीहरु
उहाँसँग चिढिए । ४तब येशूले तिनीहरुलाई भन्नुभयो, “अगमवक्ताहरुलाई आफ्नो देश र आफ्नो
नातादारहरुका बीचमा र आफ्नै घरमा बाहेक अन्त कहीँ अनादार हुँदैन ।” ५र उहाँले त्यहाँ कुनै कुनै
रोगीहरुमाथि आफ्ना हात राखेर तिनीहरुलाई निको पार्ने काम बाहेक अरु कुनै शक्तिशाली काम गर्न
सक्नुभएन । ६तिनीहरुको अविश्वास देखेर उहाँ छक्क पर्नुभयो ।

**६:१ “त्यहाँबाट निस्केर”** यसले कफर्नहूमलाई उल्लेख गर्दैछ, जुनचाहिँ उहाँको गालीलका मुख्य कार्यालय भएको थियो ।

- **“आफ्नै नगरमा फर्कनुभयो”** यो भौतिकरुपमा उहाँको “स्थानीय ठाउँ” हो अनि यसले नासरतलाई उल्लेख गर्दैछ (१:९, २४) जहाँ, उहाँ हुर्कनुभएको थियो । यो कपर्नहूमबाट बीस माइल दक्षिणमा थियो । प्रत्यक्षरुपले यो यहूदीहरुले भर्खरैमात्र बसोबास गर्न लागेको स्थान थियो ।

- **“उहाँका चेलाहरु उहाँ पछि लागे”** येशूले आफ्ना चेलाहरुलाई सँधै आफूसँगै लिएर तिनीहरुलई तालिम दिनुभएको थियो (Robert Coleman को *The Master Plan of Evangelism* हेर्नुहोस्) । येशूका प्रायजसो शिक्षाहरु अनि आश्चर्यकर्महरु तिनीहरुकै भलाईका लागि थिए ।

**६:२ “सभाघरमा शिक्षा दिन लाग्नुभयो”** येशूले सभाघरमा नियमित रुपले भाग लिन्थे । उहाँलाई बारम्बार आगन्तुक शिक्षकको रुपमा बोल्नलाई निमन्त्रणा गरिन्थ्यो, जुनचाहिँ एउटा आम चलन थियो ।

- **"धेरै जना सुन्नेहरुले छक्क परेर ...... "** तिनीहरु उहाँका शिक्षाहरुसँग असहमत हुँदैन थिए, तर उहाँको योग्यताहरु अनि स्कुलको शिक्षाको बारेमा प्रश्न गर्थे । योचाहिँ फारिसीहरुले उहाँको अधिकारको बारेमा प्रश्न गरेको जस्तै नै थियो ।

- **"यस मानिसले यी सब कहाँबाट पायो ?"** येशूको ज्ञान, शक्ति अनि अधिकारले सबैलाई चकित तुल्याएको थियो । बालक छँदा त येशू गाउँका अरु नानीहरु झैं हुनुहुन्थ्यो । विभिन्न झूण्डका मानिसहरुले यी सब गुणहरु कहाँबाट आयो भनेर प्रश्न गर्थे । येशूसँग विशाल ज्ञान अनि अधिकार छ भन्ने कुरा सबैलाई स्पष्टै थियो ।

- **"यिनका हातबाट भएका कार्यहरु कति शक्तिशाली"** नासरतबाट कफर्नहूम केवल २० माइल टाढा मात्र थियो यसर्थ उहाँका आश्चर्य कर्महरु फैलिएको थियो ।

**६:३ "के यिनी त त्यही सिकर्मी होइनन् र ?"** सिकर्मी शब्दको अर्थ हुन्छ 'करीगर' जसको अर्थ काठ, धातु, अथवा पत्थरमा काम गर्ने करीगर हुन सक्दछ । जस्टिनले भनेका थिए कि यसले कसैलाई उल्लेख गर्दथ्यो जसले हलो अनि जुवा बनाउँथ्यो (*Dial*, ८८:८)। प्रत्यक्षरुपले योसेफको असामयिक निधनपछि येशू सहरका सिकर्मी बन्नु भएको थियो ।

- **"मरियमका छोरा"** २ पदको "यस मानिस" जस्तै यसले पनि तिरस्कार देखाउने प्रयत्न गरेको हुनुपर्दछ । शहरका मानिसहरुले मरियमको गर्भाधारणलाई जान्दथे । Origen ले भन्दछ कि मूल पाठले "सिकर्मी र मरियमको छोरा" भनेर भन्दछ किनभने आमाको उल्लेख गर्नुचाहिँ एकदमै अस्वभाविक कुरो थियो । यूहन्ना ८:४१ को कारण कसैले यसलाई येशू कुनै रोमी सिपाहीको अवैध सन्तान थियो भनेर व्यापकरुपमा फैलिएको हल्लासँग सम्बन्धित रहेको देख्छन् । प्रायजसो MSS परिवर्तनहरु नक्कलकर्ताहरुका ईश्वरशास्त्रीय पक्षपातमाथि आधारित छ जो कन्याबाटको जन्मको सिद्धान्तचाहिँ "सिकर्मी र मरियमको छोरा" (मत्ती १३:५५) वाक्यांशको Matthean समानान्तरबाट बनिएको थियो भनेर डराएका हुन सक्दछ ।

- **"दाज्यू"** यसले येशूको साधारण बाल्यकाललाई देखाउँदछ (लूका २:४०, ५२) । यसले मरियमको अरु पनि नानीहरु थिए भनेर देखाउँछ । भाइ-बहिनीहरुको यस सूचीबाट (मत्ती १३:५५-५६), दुईजना, याकूब अनि यहूदाचाहिँ नयाँ करारका लेखकहरु हुन् ।

- **NASB** **"तिनीहरु उहाँसँग चिढिए"**
  **NKJV** **"तिनीहरु उहाँसँग रिसाए"**
  **NRSV** **"तिनीहरु उहाँसँग चिढिए"**
  **TEV** **"तिनीहरुले उहाँलाई इन्कार गरे"**
  **NJB** **"तिनीहरुले उहाँलाई स्वीकार गरेनन्"**

  योचाहिँ *Skandalon* शब्द हो, जसको अर्थ हुन्थ्यो "पासो थाप्नु" । यस ग्रीक शब्दबाट हामी "कलङ्क" भन्ने अङग्रेजी शब्द पाउँदछौं ।

यस धारणाको ठूलो पूरानो करारीय मसिही महत्त्व थियो (भजन ११८:२२; यशैया ८:१४; २८:१६) । धार्मिक अगुवाहरु झैं शहरका मानिसहरुले पनि तिनीहरुको पूर्वग्राहमाथि विजय पाउन सकेनन् (४ पद)।

**६:४ "अगमवक्ता"** ४ पद येशूको दिनको एउटा प्रख्यात कथन थियो । निश्चय नै येशू कुनै अगमवक्ता भन्दा अझ धेरै हुनुहुन्थ्यो, तर त्यो आउन लागेको परमेश्वरको विशेष कुरालाई मोशाद्वारा प्रयोग गरिएको एउटा उपाधि थियो (व्यवस्था १८:१५, १८)।

**६:५ "अरु कुनै शक्तिशाली काम गर्न सक्नुभएन"** त्यसले येशूको कमजोरीलाई सङ्केत गर्दैन, तर उहाँको सेवाईको स्वेच्छिक सीमालाई सङ्केत गर्दछ । मत्ती १३:५८ को समानान्तरमा "सक्नुभएन" को साटो "गर्नुभएन" भन्ने छ । येशूले मानिसहरुको आदर गर्नुहुन्न; उहाँको कोही प्रिय छैन । लूका ७:११-१४ ले देखाउँछ कि येशूले विश्वासको प्रतिउत्तरलाई सदैव माग गर्नुभएन, तर शर्तको रुपमा चाहिने साधारण कुरो थिएन । परमेश्वर अनि येशूमाथिको विश्वासले आत्मिकी राज्यको ढोका खोल्दछ । विश्वास कति चाहिन्छ भन्ने कुरो योचाहिँ कसमाथि राखिन्छ भन्ने जति महत्त्वपूर्ण छैन ।

- **"कुनै कुनै रोगीहरुमाथि आफ्ना हात राखेर ........ "** ७:३२ को विशेष शीर्षकलाई हेर्नुहोस् ।

**६:६अ**

| | |
|---|---|
| **NASB** | **"तिनीहरुको अविश्वासमा उहाँ छक्क पर्नुभयो"** |
| **NKJV** | **"तिनीहरुको अविश्वासको कारण उहाँ अचम्मित हुनुभयो"** |
| **NRSV** | **"तिनीहरुको अविश्वासमा उहाँ चकित हुनुभयो"** |
| **TEV** | **"उहाँ एकदमै अचम्मित हुनुभयो, किनभने मानिसहरुमा विश्वास थिएन"** |
| **NJB** | **"तिनीहरुको विश्वासको कमीमा उहाँ चकित हुनुभयो"** |

यो दोहोऱ्याइएको कामलाई सङ्केत गर्ने एउटा अपूर्ण कर्तृवाच्य सङ्केतार्थ हो । मानिसहरुको अन्धोपना अनि कठोरताबाट येशू छक्क पर्नुभयो (येशूलाई नासरतमा दुईपल्ट इन्कार गरियो, लूका ४:१६-३१) । विशाल सत्यताको उपस्थितिमा, अनि आश्चर्यकर्मका चिह्नहरु बापत् पनि (२ पद), तिनीहरुले विश्वास गर्न अस्वीकार गरे (यशैया ६:९-१०)।

## NASB (UPDATED) TEXT: 6:6b-13

६अनि उहाँ गाउँ-गाउँमा शिक्षा दिँदै जानुभयो । ७उहाँले बाह्र जनालाई आफूकहाँ बोलाउनुभयो, र तिनीहरुलाई दुई-दुई गरी पठाउनुभयो । तिनीहरुलाई अशुद्ध आत्माहरुमाथि अधिकार पनि दिनुभयो । ८तिनीहरुलाई उहाँले यस्तो आज्ञा दिनुभयो : "यात्राको निम्ति साथमा केही नबोक्नु, न त रोटी, न झोला, न खल्तीमा पैसा, तर एउटा लट्ठीमात्र बोक्नु । ९जुत्ता लाउनु, तर अरु बढी दौरा नबोक्नु ।" १०उहाँले तिनीहरुलाई भन्नुभयो, "जब कुनै घरमा पसौला, जबसम्म त्यस गाउँबाट निस्कदैनौं, तबसम्म त्यहीँ नै बस । ११यदि कुनै ठाउँमा तिमीहरुको स्वागत भएन भने, र मानिसहरुले तिमीहरुको वचन सुन्न इन्कार गरे भने, त्यस ठाउँबाट तिमीहरु निस्कँदा तिनीहरुका विरुद्धमा गवाहीको लागि आफ्नो

पैतालाको धूलो टक्टक्याइदिनू ।" १२तब तिनीहरु निस्केर गई मानिसहरुले पश्चाताप गरुन् भनी प्रचार गरे । १३तिनीहरुले धेरै भूतहरुलाई निकाले, र धेरै रोगीहरुलाई तेलले अभिषेक गरेर निको पारे ।

**६:७ "दुई-दुई गरी पठाउनुभयो"** यस शब्दले एउटा विश्वव्यापी अधिकारलाई होइन तर कुनै विशेष कामको प्रतिविम्बित गरेको हुनुपर्दछ ।

- **"दुई-दुई गरी"** यसले कुनै कुराको लागि चाहिने दुईजना गवाहीलाई उल्लेख गरेको हुन सक्दछ (व्यवस्था १९:१५) । यो सङ्ख्याहरुमा साहसको सामाजिक पक्ष पनि हुनसक्दछ । यी दुई गवाहीहरुले शत्रुतापूर्ण आत्मिकी अनि साँस्कृतिक संसारलाई सामना गरेका थिए ।
- **"तिनीहरुलाई अशुद्ध आत्माहरुमाथि अधिकार पनि दिनुभयो"** लूका ९:१ को समानान्तरले "अनि रोग निको पार्ने" भनेर थपेको छ । मत्ती १०:८ को समानान्तरले "रोगीलाई चँगाई गर्ने, मृतकलाई ब्यूँताउन, कोहीलाई शुद्ध पार्न अनि भूतहरु धपाउन" भनी थपेको छ । यी सबैकामहरु पूरानो करारका मसिही चिह्नहरु, परमेश्वरका हेरचाहका चिह्नहरु, परमेश्वरका शक्ति अनि उहाँको भावी साम्राज्यको चिह्नहरु हुन् । १:२५ को विशेष शीर्षकलाई हेर्नुहोस् ।

येशूको शक्ति अनि अधिकारलाई उहाँका अनुयायीहरुमा सुम्पन्न सकिन्थ्यो । बाह्र जना अनि येशूको माझमा त्यहाँ निश्चय नै एउटा उत्कतरुपमा बाँडिएको कुरो छ जसको नक्कल गर्न सकिँदैन, तर परमेश्वरको शक्ति उहाँका मण्डलीलाई उपलब्ध छ । हाम्रो दिनमा शक्ति कहाँ छ ? यो यस्तो देखिन्छ कि यस्ता शक्तिका चिह्नहरु सु-समाचारका सन्देशलाई पुष्टि गर्न अनि सु-समाचार प्रचारकलाई विश्वसनियता दिलाउन प्रयोग गरिएको छ । यो आजको दिनसम्म पनि साँचो छ । तरैपनि, सु-समाचारका सन्देशले जरा गाडेको संस्कृतिहरुमा, विश्वासीहरु विश्वासमा हिँड्नै पर्छ, दृश्यहरुद्वारा होइन; आश्चर्य कर्महरुको माग गरेर होइन (यूहन्ना ४:४८), तर परमेश्वरमा विश्वास राखेर । आश्चर्य कर्महरु विश्वासका समस्याहरुका जवाफ होइन ! यो पनि एकदमै सम्भव छ कि कुनै चिसो न तातो मण्डलीमाथिको परमेश्वरको इन्साफचाहिँ सफलताको बोध हो, तर अप्रभावकारिताको वास्तविकता पनिन हो ।

चिह्नहरु अनि आश्चर्य कर्महरु साथै सैतानिक अनि दैनिक क्रियाकलापहरु येशूको अनि प्रेरितहरुको समयमा बढेको थियो । हरेक युगमा आत्मिकी क्रियाकलापहरुचाहिँ निश्चय नै हुन्छन्, तर येशूको पहिलो आगमनमा गहनरुपले बढेको थियो अनि उहाँको दोस्रो आगमन नजिक आइरहँदा यो फेरि पनि अझ गहनरुपले बढ्नेछ ।

परमेश्वरको प्रेम अनि शक्तिको चिह्नहरुको प्रकटीकरणमा म आनन्दित हुन्छु (अर्थात, वरदानहरु अझै पनि सक्रिय छन्, भन्ने हो), तर म सु-समाचारको सत्यताहरुमा विश्वास गर्छु, न कि शारीरिक पुष्टिकरणहरुको उपस्थिति अथवा अनुपस्थितिमा) । आश्चर्यकर्महरु अनि चिह्नहरु कृत्रिम हुन सक्दछ ( मत्ती २२:२४; २ थेसलोनिकी २:९; प्रकाश १३:१३; १६:१४; १९:२०) । विश्वासीहरुले पुष्टिकरणको माग गर्नै हुन्न ! बालकहरुको जस्ता विश्वासचाहिँ अलौकिक चिह्नहरु अनि आश्चर्यहरुभन्दा आत्मिकीरुपमै सर्वश्रेष्ठ हुन्छ ।

**६:८ "तिनीहरुलाई उहाँले आज्ञा दिनुभयो ......... तर एउटा लठ्ठीमात्र बोकून्"** सङ्क्षिप्त सु-समाचारहरुले यी सबैको अभिलेख गरेका छन्, तर अलिकता बेग्लाबेग्लै तरिकामा । मत्ती १०:९-११ ले सङ्केत गर्छ, "अर्को लठ्ठी नकिन्नू ।" लूका ९:३ चाहिँ मत्ती १०:१० जस्तै नै छ, तर मत्ती १०:९ को

"नलिनू" भन्ने वाक्यांशलाई छोडेको छ । सबै यात्रीहरुले सुरक्षाको लागि लठ्ठी बोक्छन् । यस बयानको मुख्य विषयचाहिँ त्यो हो कि यी प्रचारकहरुले पूर्णरुपले परमेश्वरको बन्दोबस्तमाथि भर पर्नैपर्छ (शारीरिक अनि आत्मिकी दुवैमा), तर तिनीहरु आफैंमा होइन ।

चेलाहरुले तिनीहरुका सु-समाचारको यात्राक्रममा के लिनुपर्ने अनि के नलिनुपर्ने भन्ने सम्बन्धमा मत्ती, मर्कूस अनि लूकाको बीचको भिन्नताको पूर्ण छलफलको लागि *Hard Saying of the Bible*, पृष्ठ ४२२-२४ लाई हेर्नुहोस् ।

- **"झोला"** यो सम्भवत् एउटा पिठ्यूँमा बोक्ने झोला हो ।
- **"खल्तीमा पैसा"** यसको सम्भवत् अर्थ हुन्छ पैसा बोक्ने पेटी ।

**६:९ "अरु बढी दौरा नबोक्नू"** यसले बाहिरी वस्त्रको उल्लेख गर्दछ जसलाई सुत्दा ओढ्ने लुगाको रुपमा पनि प्रयोग गरिन्थ्यो । यसको अर्थ हुन्छ अरु बढी लूगा नबोक्नू (यसको अर्थ हुन्छ हरेक घटनाको लागि तयार रहने कोशिस नगर्नु)

**६:१० "जबसम्म ............. निस्कदैनौं तबसम्म त्यहीँ बस"** तिनीहरुले असल-असल बासस्थानहरुको खोजी गर्नु हुन्थेन । विश्वासद्वारा खुल्ला गरिएको तिनीहरुको पहिलो घर नै बस्ने ठाउँ थियो ।

**६:११ "कुनै ठाउँमा तिमीहरुको स्वागत भएन भने"** "कुनै ठाऊँ ले शब्द हो, तर स्वागतसँगको सङ्केतमा

- **"तिनीहरुका विरुद्धमा गवाहीको लागि आफ्नो पैतालाको धूलो टक्टक्याइदिनू"** यो कुरा आउन लागेको इन्साफ अनि विभाजनको एउटा देख्न सकिने चिह्नसँग सङ्लग्न हुन्छ (प्रेरित १३:५१; अनि प्रेरित १८:६ मा पनि त्यस्तै कुरा छ) । योचाहिँ सामरियाबाट फेरि पनि यहूदामा प्रवेश गर्दाको नियमित यहूदी चलन थियो ।
- NKJV को ११ पदमा, त्यहाँ एउटा थप वाक्य छ, "निश्चय म तिमीहरुलाई भन्दछु, इन्साफको दिनमा त्यस शहरलाई भन्दा त सदोम र गमोराको लागि त अझ सहन सक्ने कुरो हुनेछ । यो A पाण्डुलिपीमा अनि अरु थुप्रै पछिल्लो ग्रीकका स-सानो पाण्डुलिपीहरुमा पाइन्छ । यो मर्कूसको मूलरुप होइन, तर मत्ती १०:१५ बाट सम्मिलित गराइएको जस्तो देखिन्छ ।

**६:१२: तिनीहरु ........... मानिसहरुले प्रचार गरे"** परमेश्वरसितको विश्वासको सम्बन्धको लागि महत्त्वपूर्ण कुरो हो (मत्ती ३:२; ४:१७; मर्कूस ११५; ६:१२; लूका १३:३, ५; प्रेरित २:३८; ३:१९; २०:२१) । हिब्रूमा त्यस शब्दको अर्थ हुन्थ्यो कामहरुको परिवर्त्तन, जबकि ग्रीकमा यसको अर्थ अनि निर्देशन गरिएको एउटा जीवनमा परिवर्तन हुने इच्छा हो । यसले स्वयम्को प्राथमिकता अनि बन्धनबाट फर्कनलाई आह्वान गर्दछ । आधारभूत रुपमा यो नयाँ मनोवृत्ति हो, एउटा नयाँ सांसारिक दृष्टिकोण अनि एउटा नयाँ मालिक हो । पश्चातापचाहिँ उहाँको स्वरुपमा सृजिइएका हरेक मानिस-जातिको लागि उहाँको इच्छा हो (इजकिएल १८:२१, २३, ३२; लूका १३:१-५; अनि २ पत्रुस ३:९) ।

पश्चातापको लागि विभिन्न ग्रीक शब्दहरुलाई असल रुपमा प्रतिविम्बित गर्ने नयाँ करारको परिच्छेदचाहिँ २ कोरिन्थी ७:८-१२ हो ।

१. *lupe,* "शोक" अथवा "वेदना" ८ पदमा (दुईपल्ट), ९ मा (तीन पल्ट), १० मा (दुई पल्ट) ११ ।

२. *Metamelomai,* "शोकित" ८ पदमा (दुई पल्ट), ९

३. *Metanoeō,* "पश्चाताप", "पछितो" ९, १० पद

विषमताचाहिँ झूटो पश्चाताप हो (*Metamelomai*), यहूदा, मत्ती २७:३ अनि एसाव, हिब्रू १२:१६-१७ पद साँचो पश्चाताप (*Metanoeō*) ।

साँचो पश्चातापचाहिँ ईश्वरशास्त्रीय रुपमै तलका कुराहरुसँग गाँसिएको हुन्छ ।

१. येशूले नयाँ करारका शर्तहरु प्रचार गर्नुभयो (मत्ती ४:१७; मर्कूस १:१५; लूका १३:३, ५)

२. प्रेरितमा प्रेरितहरुले दिएका उपदेशहरु छन् (जुनचाहिँ *Kerygma* हो, प्रेरित ३:१६, १९; २०:२१)

३. परमेश्वरको सार्वभौम वरदान (प्रेरित ५:३१; ११:१८ अनि २ तिमोथी २:२५)

४. नष्ट हुनु (२ पत्रुस ३:९)। पश्चाताप कुनै विकल्प होइन ।

१:४ई.मा पश्चातापको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**६:१३ "...... धेरै भूतहरुलाई निकाले, र धेरै रोगीहरुलाई तेलले अभिषेक गरेर निको पारे"** ध्यान दिनुहोस् कि नयाँ करारले रोग अनि भूत लागेको कुराको बीचमा भिन्नता देखाउँछ । १:२५ को टिप्पणीलाई हेर्नुहोस् ।

**"...... तेलले अभिषेक गरेर ........."** तेललाई विभिन्न अर्थमा प्रयोग गरिन्थ्यो : (१) औषधीको रुपमा (याकूब ५:१४); (२) पवित्र आत्माको चिह्नको रुपमा, विशेष गरेर पूरानो करारका राजाहरु, पूजाहारीहरु अनि अगमवक्ताहरु; अनि (३) परमेश्वरको उपस्थितिलाई बुझ्नको लागि मनोवैज्ञानिक सहायताको रुपमा । चँगाई गर्ने काममा येशूले थुप्रै विभिन्न प्रकारका शारीरिक सहयोगहरु लिनुभयो ।

**विशेष शीर्षक : बाइबलमा अभिषेक गर्ने कम (BDB 603)**

अ. सुन्दरीकरणको लागि प्रयोग गरिन्थ्यो (व्यवस्था २८:४०; रुथ ३:३; २ शमूएल १२:२०; १४:२; २ कोरिन्थी २८:१-५; दानिएल १०:३; आमोस ६:६; मीका ६:१५)

आ. अथितीहरुका लागि प्रयोग गरिन्थ्यो (भजन २३:५; लूका ७:३८, ४६; युहन्ना ११:२)

इ. चँगाईको लागि प्रयोग गरिन्थ्यो (यशैया ६:१; यर्मिया ५१:८; मर्कूस ६:१३; लूका १०:३४; याकूब ५:१४) । इजकिएल १६:९ मा चाहिँ सरसफाईको रुपमा प्रयोग गरिन्थ्यो ।

ई. लाश गाड्ने तयारीमा प्रयोग गरिन्थ्यो (उत्पत्ति ५०:२; २ इतिहास १६:१४; मर्कूस १६:१; यूहन्ना १२:३-७; १९:३९-४०)।

उ. कुनै धार्मिक अर्थमा प्रयोग गरिन्थ्यो (कुनै वस्तुको रुपमा, उत्पत्ति २८:१८, २०; ३१:१३ (खामो); प्रस्थान २९:३६ (वेदी); प्रस्थान ३०:३६; ४०:९-१६; लेवी ८:१०-१३; गन्ती ७:१ (पाल) ।

ऊ. अगुवाहरुलाई नियुक्त गर्न प्रयोग गरिन्थ्यो

१. पूजाहारीहरु

अ. हारुन (प्रस्थान २८:४१; २९:७; ३०:३०)

आ. हारुनको छोरा (प्रस्थान ४०:१५; लेवी ७:३६)

इ. असल वाक्यांश अथवा शीर्षक (गन्ती ३:३; लेवी १६:३२)

२. राजाहरु

अ. परमेश्वरबाट (१ शमूएल २:१०; २ शमूएल २:१०; २ शमूएल १२:७; २ राजा ९:३, ६, १२; भजन ४५:७; ८९:२०)

आ. अगमवक्ताहरुबाट (१ शमूएल ९:१६; १०:१; १५:१, १७; १६:३, १२-१३; १ राजा १-४५; १९:१५-१६)

इ. पूजाहारीहरुबाट (१ राजा १:३४, ३९; २ राजा ११:१२)

ई. एल्डरहरुबाट (न्यायकर्त्ता ९:८, १५; २ शमूएल २:७; ५:३; २ राजा २३:३०)

उ. मसिही राजाको रुपमा येशूको (भजन २:२; लूका ४:१८ (यशैया ६१:१); प्रेरित ४:२७; १०:३८; हिब्रू १:९ (भजन ४५:७)।

ऊ. येशूका अनुयायीहरु (२ कोरिन्थी १:२१; १ यूहन्ना २:२०, २७ (*chrisma*)

३. सम्भवत् अगमवक्ताहरु (यशैया ६१:१)

४. स्वर्गीय छुटकाराको अविश्वासनीय उपकरण

अ. कोरेस (यशैया ४५:१)

आ. टुरोसको राजा (इजकिएल २८:१४, जहाँ उहाँले एदोम अलंकारको प्रयोग गर्नुहुन्छ)

५. "मसिह" शब्द अथवा उपाधिको अर्थ हुन्छ "अभिषेक जन" (BDB ६०३)

## NASB (UPDATED) TEXT: 6:14-16

१४हेरोद राजाले येशूको कीर्ति सुने, किनकी उहाँको नाउँ प्रचलित भएको थियो । कतिले भन्थे, "बप्तिस्मा दिने यूहन्ना मरेकाबाट जीवित भएछन्, यसैले त तिनीद्वारा यस्ता शक्तिका काम भइरहेछन् ।" १५तर अरुहरुले भने, "यिनी एलिया हुन् ।" र अझै अरुहरुले भने, "यिनी त प्राचीन समयका अगमवक्ताहरु जस्तै एक अगमवक्ता हुन् ।" १६तर जब हेरोदले यो सुने तब उनले भने, "यूहन्ना, जसको शिर मैले काट्न लगाएँ, त्यही बौरिउठेछ ।"

**६:१४"हेरोद राजा"** "राजा" हेरोद अन्तिपासको आधिकारिक उपाधी थिएन । तिनलाई त टेट्रार्च भनिन्थ्यो, जसको अर्थ हुन्थ्यो "चार जनाबाट शासन गरिएको" । तिनी महान् हेरोद अनि सामरी स्त्रीको छोरा थिए । तिनले ४ ई. पू. अनि सन् ३९ को बीचमा पेरिया अनि गालीलमा शासन गर्थे जहिलेचाहिँ सिजारलाई राजा बनाउनुपर्ने मागको लागि तिनलाई निर्वासन्मा पठाइयो ।

१:१४ मा हेरोदको परिवारमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"कतिले भन्थे, "बप्तिस्मा दिने यूहन्ना मरेकाबाट जीवित भएछन्** ......." यसले शारीरिक पुनरुत्थानमा फारिसी विश्वासलाई प्रतिविम्बित गर्दछ (प्रेरित २३:६; २४:२१; हिब्रू ६:२) । योचाहिँ येशूको शक्ति अनि अधिकारको व्याख्या गराईको अर्को कोशिस थियो (त्यो भनेकोचाहिँ धार्मिक अगुवाहरुले यस कुरालाई सैतान अथवा भूतलाई श्रेय दिन्छ; येशूको बाल्यकालसँग परिचित भएकोले गर्दा आफ्नै शहरका मानिसहरुले यसलाई इन्कार गर्छन् ; यी मानिसहरुले यस कुरालाई बप्तिस्मा दिने यूहन्ना अथवा केही अरु पूरानो करारका अगमवक्ताहरुलई श्रेय दिन्छन् ।

**६:१५ "एलिया"** यसले येशूको सेवाकाईको मसिही संकेतहरुलाई देखाउँछ । योचाहिँ मलाकी ३:१-२ अनि ४:५-६ को विशेष भविष्यवाणीसँग सम्बन्धित छ ।

- **"यिनी त प्राचीन समयका अगमवक्ताहरुजस्तै एक अगमवक्ता हुन्"** यसले देखाउँछ कि मानिसहरुले उहाँको शिक्षामा एउटा नयाँ अधिकार छ भन्ने बुझे जुनचाहिँ इस्राएलीहरुमा मलाकीदेखि (अथवा इतिहासका लेखकदेखि) सयौं वर्षसम्म पनि भएको थिएन । यसले मोशाझैं आउन लागेको अगमवक्ताको विषयमा व्यवस्था १८:१५ को मोशाद्वारा गरिएको मसिही अगमवाणीलाई पनि प्रतिविम्बित गछ ।

**६:१६ "जसको शिर मैले काट्न लगाएँ"** यसले यूहन्ना अनि येशूको माझको सम्बन्धको विषयमा हेरोदको दोषी विवेक (मत्ती १४:१०; लूका ९:९) अनि जानकारीको कमीलाई देखाउँछ ।

## NASB (UPDATES) TEXT: 6:17-29

१७किनभने हेरोदले आफ्नो भाइ फिलिपकी पत्नी हेरोदियसको खातिर यूहन्नालाई पक्रन लाएर
तिनलाई बाँधी झ्यालखानामा हालेका थिए, किनभने उनले हेरोदियसलाई विवाह गरेका थिए ।
१८किनकी यूहन्नाले हेरोदलाई यसो भनेका थिए, "आफ्नो भाइकी स्वास्नी राख्नु तपाइँलाई
न्यायसँगत छैन । १९यसैले हेरोदियसले तिनीमाथि ईख राखेकी थिइन्, र तिनलाई मार्न चाहन्थिन्,
तर सकेकी थिइनन् । २०किनकी यूहन्नालाई एक धर्मात्मा र पवित्र मानिस भनी ठानेर हेरोद
तिनीसँग डराउँथे, र तिनलाई सुरक्षित राखेका थिए । यूहन्नाको शिक्षा सुन्दा उनी साह्रै विचलित
हुन्थे, तापनि खुसीसित सुन्थे । २१तर अनुकूल मौका त्यसबेला आयो, जब हेरोदले आफ्नो
जन्मोत्सवमा आफ्ना उच्च पदाधिकारीहरु, अफिसरहरु र गालीलका मुख्य-मुख्य मानिसहरुलाई ठूलो
भोज दिए । २२किनकी जब हेरादियसकी आफ्नै छोरीभित्र आएर नाची, तब त्यसले हेरोद र उनका
अथितिहरुलाई खुसी तुल्याई । अनि राजाले त्यस केटीलाई भने, "तिमीलाई जे इच्छा लाग्छ सो मात्र,
र म तिमीलाई दिनेछु ।" २३तिनले शपथ हालेर त्यसलाई भने, "तिमी मसँग जे माग्छ्यौ म मेरो
आधा राज्यसम्म पनि तिमीलाई दिनेछु ।" २४अनि त्यसले बाहिर निस्केर आफ्नी आमालाई सोधी,
"म के मागू ?" तिनले भनिन्, "बप्तिस्मा-दिने यूहन्नाको शिर ।" २५त्यो झट्टै आतुरी साथ भित्र
राजाकहाँ गई, र यसो भनेर मागी," हजूरले अहिले मलाई बप्तिस्मा-दिने यूहनको शिर थालमा
दिनुहोस् भन्ने म इच्छा गर्दछु ।" २६राजा अत्यन्तै दु:खित भए, तर उनले आफ्नो शपथ र भोजमा
बस्ने अथितिहरुका खातिर त्यस केटीलाई दिएको वचन तोड्न चाहेनन् । २७राजाले तुरुन्तै गारदको
एकजना सिपाहीलाई पठाइए यूहनाको शिर थालमा ल्याएर केटीलाई दियो, र केटीले त्यो त्यसकी
आमालाई दिई । २९यूहन्नाका चेलाहरुले जब यो कुरा सुने तब तिनीहरु आएर तिनको लाश आएर
चिहानमा लगेर राखे ।

६:१७-२९ यो कालक्रमिक अनुक्रमदेखि बाहिरको कुरा हो । १४ पदलाई व्याख्या गर्नको लागि यसलाई हालिएको थियो ।

**६:१७ "हेरोदियस"** उनी हेरोद अन्तिपासका भाइ, फिलिपकी पत्नी थिइन (मत्ती १४:३)। तिनीहरु रोममा बस्दथे । अरिस्टोबुलसमार्फत् तिनी अन्तिपासकी भान्जी पनि थिइन् । अन्तिपासले उनलाई फिलिपबाट फकाएर लगेर अनि विवाह गरेका थिए ।

योसेफस अनुसार (*Antiquities of Jews* 18.5-4), हेरोदियसले हेरोदका नातिसँग विवाह गरेकी थिइन ( जसको आमा प्रधान पूजाहारीकी छोरी मरियाम्ने थिइन्) । उसले यो पनि भन्दछ कि हेरोदियसकी छोरी सलोमीलाई, पछि गएर हेरोदले विवाह गरे । हेरोदलाई हेरोद फिलिप भनेर चिनिनु सम्भव थियो ।

६:१८ यस सम्बन्धले लेवी १८:१६; २०:२१ को व्यवस्थालाई भंग गरेको थियो ।

**६:१९ "हेरोदियसले तिनीमाथि ईख राखेकी थिइन्"** यो अपूर्ण काल हो । उनले त्यस विषयलाई घरिघरि हेरोद साम ल्याएकी हुनुपर्दछ । हेरोदले तिनलाई उनीबाट सुरक्षित राखेका थिए (अपूर्ण काल) २० पद ।

**६:२० "हेरोद यूहन्नासँग डराउँथे"** यो डरचाहिँ यूहन्ना एकजना पवित्र मानिस भएकोले गर्दा थियो । मत्ती १४:४ ले भन्दछ कि मानिसहरुमाझ यूहन्नाको प्रख्यातीले गर्दा तिनी डराउँथे । तिनी यूहन्ना, हेरोदियस अनि आफ्नो अथितिहरुसँग डराउँथे-साह्रै खराब कुरोचाहिँ के थियो भने तिनी परमेश्वरसँग डराउँदैन थिए !

६:२१ त्यहाँ तिन झूण्डका अथितिहरु थिए (१) नागरिक अधिकारीहरु; (२) सैन्य अधिकारीहरु; अनि (३) स्थानीय धनी अनि प्रभावकारी अगुवाहरु ।

- **"युहन्नाको शिक्षा सुन्दा"** हेरोदले कि त यूहन्नालाई बोलाउँथे अथवा मसिरस (Machaerus) मा भएको उसको घरमा जान्थे (त्यो भनेकोचाहिँ मृत सागरको पूर्वपट्टि, (*Josephs' Antiquities* 18.5.2)
- **"उनी साह्रै विचलित हुन्थे, तापनि खुसीसित सुन्थे,"** यसले सत्यतातर्फ खिँचिदै गरेको मानिसको विरोधाभासलाई देखाउँछ, यद्यपि ज्योतिलाई भने इन्कार गरेकै हुन्छ (यूहन्ना ३:१९-२१)
- हेरोदियसले हेरोदलाई आफ्नो डाँकको लागि दबाब दिन कुनै अनुकूल समयलाई पर्खिरहेकी थिइन् जस्तै - कुनै सर्वसाधारण जमघट, कुनै मतवाला भेला, कामुक नाच, अनि कुनै दारुण प्रतिज्ञा ।

**६:२२ "हेरोदियसकी छोरी"** योसेफसद्वारा उनलाई फिलिपकी छोरी सलोमी भनिएको थियो ।

- **"नाची"** यस प्रकारको जमघटमा उनको जस्तो सामाजिक मर्यादा भएकी स्त्रीले नाच्नुचाहिँ साधारण कुरो थिएन । यस्ता कामुक नाचचाहिँ साधारणतय् वेश्याहरु अथवा पेशेवर नर्तकीहरुद्वारा गरिन्थ्यो ।

- **“तिमीलाई जे इच्छा लाग्छ सो माग, र म तिमीलाई दिनेछु”** हेरोदले यस कुरालाई आफ्नो प्रशासनिक अधिकारीहरुको उपस्थितिमा भनेका थिए अनि यसलाई फिर्ता लिन सक्दैन थिए (२१, २६ पद) ।

**६:२३ “तिनले शपथ हालेर त्यसलाई भने”** आफ्नो विश्वासनीयतालाई भरोसा दिलाउन तिनले परमेश्वरको नाउँलाई प्रयोग गरेका थिए ।

६:२४ यस पदले उनकी आमाको अव्यक्त उद्देश्य अनि षड्यन्त्रलाई पुष्टि गर्दछ (२८आ) ।

६:२६ आफ्नो डर लुकाउनलाई हेरोदले आफ्नो मित्रहरु अनि परिवारलाई प्रभावित पार्नुपरेको थियो *perilupos*, जसले अत्याधिक कष्टलाई संकेत गर्दछ, मत्ती २६:३८; मर्कूस १४:३४) ।

**६:२७ “गारदको एकजना सिपाही”** योचाहिँ उसको विशेष अंगरक्षकको ल्याटिन शब्द हो । यसले मूलरुपमा एउटा जासुसलाई उल्लेख गर्थ्यो तर गारद (अर्थात् *Seneca*) को प्रयोगमा आउँदथ्यो । अन्य सु-समाचारहरु भन्दा मर्कूसमा धेरै ल्याटिन शब्दहरु अनि वाक्यांशहरु छ । योचाहिँ विशेष गरेर रोमीहरुलाई लेखिएको हुन सक्दथ्यो ।

“झ्यालखानामा” *Antiquities* १८.५.२ मा योसेफसले हामीलाई भन्दछ कि योचाहिँ माखेरस नाउँ गरिएको हेरोदको किल्ला थियो, जुनचाहिँ मोआबमा मृत सागरको नजिकै थियो ।

६:२९ बप्तिस्मा दिने यूहन्ना स्पष्टरुपले परमेश्वरको इच्छामा थिए । तैपनि उनको सेवाकाई करिब अठार महिनासम्म मात्र रह्यो । यद्यपि उनको मृत्युको वास्तविक कारण एउटी दुष्ट स्त्रीको योजना भए तापनि आफ्नो उद्देश्यको लागि परमेश्वरले नै इतिहासमा नियन्त्रण गर्नुहुन्थ्यो । यस पदले उचित दफनकार्यको लागि यहूदीहरुको चासोलाई पनि प्रतिविम्बित गर्दछ ।

## NASB (UPDATED) TEXT: 6:30-44

३०अनि प्रेरितहरु येशूकहाँ भेला भए, र तिनीहरुले जे-जे गरेका थिए र सिकाएका थिए, ती सबै उहाँलाई बयान गरे । ३१उहाँले तिनीहरुलाई भन्नुभयो, “तिमीहरु आफै पनि मसँग एकान्त ठाउँमा आओ, र केही थकाइ मार ।” किनकी त्यहाँ आउने जानेहरु धेरै थिए, र उहाँहरुलाई खानसम्म पनि फुर्सद थिएन । ३२अनि उहाँहरु डुङ्गामा सुटुक्क एउटा एकान्त ठाउँम जानुभयो । ३३धेरै मानिसहरुले उहाँहरु गइरहनु भएको देखे, र धेरैले चिने, अनि सबै शहरहरुबाट पैदलै दौडेर त्यता गए, र उहाँहरुलाई उछिनेर अगाडि पुगे । ३४जब उहाँ किनारमा उत्रनुभयो तब उहाँले एउटा ठूलो भीड देख्नुभयो, र उहाँले तिनीहरुलाई टिठ्याउनुभयो । किनकी तिनीहरु गोठालो नभएका भेडाहरुजस्ता थिए । र उहाँले तिनीहरुलाई धेरै कुरा सिकाउन लाग्नुभयो । ३५अनि जब धेरै दिन ढल्क्यो । तब उहाँका चेलाहरुले उहाँकहाँ आएर भने, “यो एकान्त ठाउँ छ, र अब धेरै दिन ढल्किसक्यो । ३६मानिसहरुलाई बिदा दिनुहोस्, र तिनीहरुले वरपरका बस्ती र गाउँहरुमा गएर आफ्ना लागि केही खाने कुरा किनून् ।” ३७तर उहाँले तिनीहरुलाई भन्नुभयो, “तिमीहरुले नै तिनीहरुलाई केही खान देओ ।” तर तिनीहरुले उहाँलाई भने, “के हामीले गएर दुई सय दिनारको रोटी किनेर तिनीहरुलाई खान दिने र ? ३८उहाँले तिनीहरुलाई भन्नुभयो, “तिमीहरुसँग कतिओटा रोटी छन् ? गएर हेर ।” अनि पत्ता लाएपछि तिनीहरुले भने, “पाँच रोटी र दुईओटा माछा ।” ३९अनि उहाँले मानिसहरुलाई हरियो चउरमा दल बाँधेर बस्ने हुकुम गर्नुभयो । ४०तिनीहरु सय-सय र पचास-पचासका ताँती लागेर बसे । ४१उहाँले ती पाँच रोटी र दुईओटा माछा लिएर स्वर्गतिर हेरी आशिर्वाद दिनुभयो, र ती रोटीहरु भाँच्नुभयो अनि मानिसहरुका अगाडि राखिदिऊन्

भनेर चेलाहरुलाई दिनुभयो, र ती दुई माछा पनि उहाँले सबैलाई बाँडिदिनुभयो । ४२अनि सबैले खाए, र तृप्त भए । ४३पछिबाट चेलाहरुले रोटी र माछाका उब्रेका टुक्राहरु बाह्र डालाभरि उठाए । ४४ रोटी खाने पुरुषहरु पाँच हजार थिए ।

**६:३० "प्रेरितहरु"** मर्कूसको सु-समाचारमा प्रयोग गरिएको यो एउटैमात्र शब्द हो । साधारणत् उनले तिनीहरुलाई "चेलाहरु" भन्दछ । "प्रेरित" चाहिँ "पठाउनु" (*apostellō*) अर्थ लगाउने ग्रीक शब्द हो । येशूले एउटा विशेष अर्थमा उहाँसँग रहनको लागि उहाँका चेलाहरुमध्ये बाह्र जनालाई चुन्नुभयो अनि तिनीहरुलाई "प्रेरितहरु" भन्नुभयो (लूका ६:१३) । यस क्रियालाई पिताले येशूलाई पठाउनुभएको कुरामा प्रायजसो प्रयोग गरिएको छ (मत्ती १०:४०; १५:२४; मर्कूस ९:३७; लूका ९:४८; यूहन्ना ४:३४; ५:२४, ३०, ३६, ३७, ३८; ६:२९, ३८, ३९, ४०, ५७; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३, ८, १८, २१, २३, २५; २०: २१)। यहूदी स्रोतहरुमा, यस शब्दलाई अर्को "राजदूत" जस्तै गरी कसैलाई अधिकारिक प्रतिनिधिको रुपमा पठाइएको कुरामा प्रयोग गरिन्थ्यो । यस सु-समाचारको प्रचार यात्रामा तिनीहरुले येशूको धर्मपुत्रहरुको रुपमा कार्य गर्दथे । तिनीहरुका शक्ति अनि अधिकारलाई प्रतिनिधित्व गरिएको थियो ।

- **"तिनीहरुले ........... उहाँलाई बयान गरे"** योचाहिँ येशूको तालिमको भाग थियो । उहाँले तिनीहरुलाई सिकाउनुभएको थियो, अनि तिनीहरुलाई कसरी पठाउनुभएको थियो भनेर देखाउनुहुन्थ्यो अनि तिनीहरुलाई प्रश्न गर्नुहुन्थ्यो । तिनीहरुले यसरी नै सिकेका थिए । Robert Coleman को *The Master Plan of Evangelism* लाई हेर्नुहोस्, जसले आफ्ना चेलाहरु/प्रेरितहरुलाई येशूको तालिम प्रलेख गर्छ अनि कार्यान्वयन गर्छ ।

६:३१ जस्तो येशूले भीडको ठेलमठेलाबाट बाहिर निस्कनु परेको थियो (३:२०), अहिले उहाँका चेलाहरुलाई पनि त्यस्तै भयो । मानिसहरु चौबिसै घण्टा सहायता माग्नको लागि आउँथे । तिनीहरुको तालिम पूरा भएको थिएन । तिनीहरुलाई केही गोप्यता अनि केही समय चाहिएको थियो !

**६:३२ "डुङ्गा"** यस शब्दले साधारणत् माछा पक्रने एउटा ठूलो नाउँको उल्लेख गर्दछ, जसमाा तेह्र जना जति अटाउन सक्दथ्यो (मत्ती ४:२१-२२; ८:२३; प्रेरित २१:२-३), तर सानो डुङ्गाहरु पनि प्रयोग गरिएको छ (लूका ५:२)।

**६:३३ "सबै शहरहरुबाट पैदलै दौडेर त्यता गए"** के तपाइँले बिरामी, लङ्गडो अनि जिज्ञासु मानिसहरुको एउटा ठूलो भीड किनारै किनार दौडेको कल्पना गर्न सक्नुहुन्छ ? यी मानिसहरु गम्भीर थिए ।

**६:३४ "उहाँले तिनीहरुलाई टिठ्याउनुभयो"** येशूले जहिले पनि आवश्यकतामा परेका मानिसहरुलाई समय दिनुहुन्थ्यो (मत्ती ९:३६) ।

- **"गोठालो नभएका भेडाहरु जस्ता"** यस अलंकारको एउटा पूरानो करारीय आधार छ (गन्ती २७:१७) इजकिएल ३४:५; जकरिया १३)। यूहन्ना १० मा यसले येशूका वचनहरुको गुप्त संकेत हुन सक्दछ ।

- **"उहाँले .......... सिकाउन लाग्नुभयो"** भीडको आवश्यकताप्रतिको येशूको जवाफचाहिँ उहाँको शिक्षा थियो । तिनीहरुलाई शारीरिक पुनरुद्धारमात्र होइन, तर आत्मिकी पूर्णताको पनि खाँचो थियो । येशूले दुवैओटा खाँचोहरुलाई पूरा गर्नुभयो (मत्ती १४:१४) ।

**६:३५ "यो एकान्त ठाउँ छ"** यो ३१ पदको 'एकान्त' ठाउँ हो ।

**६:३७ "तिमीहरुले नै तिनीहरुलाई खान देओ"** येशूले चेलाहरुका विश्वासलाई जाँच्दै हुनुहुन्थ्यो । तिनीहरुले ठीकसित समस्याको निर्धारण गरे, अब यसलाई पूरा गर !

- **"दुई सय दिनार"** एउटा साधारण श्रमिक अथवा सिपाहीको एक दिनको ज्याला एक दिनार थियो (मत्ती २०:२) ।

**६:३८ "पाँच रोटी र दुईओटा माछा"** तिनीहरु आफैंहरुको लागि पनि पर्याप्त थिएन । येशूले यस अवसरलाई चेलाहरुसँग जे-जति छ त्यो उहाँलाई दिइयो अनि उहाँमा विश्वास गरे भने त्यो पर्याप्त हुने थियो भनेर देखाउनलाई प्रयोग गर्दै हुनुहुन्छ ।

**६:३९ "दल बाँधेर बस्ने"** यस वाक्पद्धति (शाब्दिक रुपमा *Sumpinō, Sumpinō,* company, company) ले "खानलाई तयार हुनु" भन्ने कुराको संकेत गर्दथ्यो । येशूले चेलाहरुलाई एउटा सामान्य बनोटमा खाना वितरणको लागि भीडलाई मिलाउन आज्ञा गर्नुभएजस्तो देखिन्छ ।

- **"हरियो चउरमा"** यो पत्रुसको प्रत्यक्षदर्शी विवरण हो । यसले शरद ऋतुमा निस्तार चाडको नजिकैको समयलाई पनि संकेत गर्दथ्यो ।

**६:४१ "स्वर्गतिर हेरी"** यहूदी प्रार्थनाको लागि आम शारीरिक अवस्थाचाहिँ हात अनि शिर उठाएर आँखा खुल्ला राखेर उभिनु थियो । येशूले के देखाउँदै हुनुहुन्थ्यो भने उहाँको अधिकारको स्रोत स्वर्गीय पिता हुनुहुन्थ्यो ।

- **"भाँच्नुभयो ........... बाँडिदिनुभयो"** यो एउटा एवरिष्ट काल अनि अपूर्ण काल हो । गुणनात्मकताको आश्चर्यकर्म येशूको हातमा हुन्थ्यो ।

यूहन्ना ६ को समानान्तरले यस भीडको कथनलाई ईश्वरशास्त्रीय प्रत्याशा भनी अर्थ्याउँदछ । येशूका पालाका यहूदीहरुले मसिहले तिनीहरुलाई पनि खानाको प्रबन्ध गरुन् भनी आशा गर्दथे जस्तो उजाड-स्थानमा घुमिरहेको समयमा मोशाले गरेका थिए (यूहन्ना ६:३०-४०) । येशूले तिनीहरुलाई तिनीहरुले आग्रह गरेका त्यही नै चिह्न दिँदै हुनुहुन्छ, तर तिनीहरुले यसलाई देख्न सकेनन्/देखेनन् । कुराके लागि *Septuagint* (पुरानो निमयको ग्रीक अनुवाद) मा प्रयोग गरिएको छ । यस पुरानो करारीय मुख्य विषयलाई यूहन्ना ६:३०-४० मा विकास गरिएको छ, जहाँ येशूले पनि मोशाले गरेझैं खानाको प्रबन्ध गराइलाई धर्मगुरुहरुले आशा गरेझैं पूरा गर्नुहुन्छ । येशू नयाँ मोशा हुनुहुन्छ; उहाँको छुटकारा नयाँ प्रस्थान हो; अनि उहाँले प्रशस्तताको नयाँ युगमा ल्याउनुहुन्छ (भजन १३२:१५; यशैया ४९:१०) ।

**६:४३ "रोटी र माछाका उब्रेका टुक्राहरु बाह्र डालाभरि उठाए"** यसले देखाउँदछ कि येशूले तिनीहरुका दैनिक भोजनको लागि आश्चर्यकर्म गर्नुभएन । भविष्यको भोजनको लागि तिनीहरुसँग भएका कुराहरुलाई तिनीहरुले सुरक्षित राख्नुपर्दथ्यो ।

केही टिप्पणीकारहरु (विलियम बारकले) ले आश्चर्यकर्मका तत्त्वलाई इन्कार गर्छन् अनि केटोले आफ्नो भोजन बाँडेका थिए (यूहन्ना ६:९) अनि भीडका अरुहरुले यसलाई देखे अनि तिनीहरुका भोजनहरु बाँडेका थिए भन्ने कुरालाई दाबी गर्छन् । यदि त्यसो हो भने, "उब्रेको बाह्र डालोचाहिँ कहाँबाट आयो त ? हाम्रा पूर्वाग्रहहरुले व्याख्या गराइमा त्यसरी नै प्रभाव पार्दछ जस्तो येशूका समयका मानिसहरुको पूर्वाग्रहहरुले तिनीहरुलाई प्रभावित पारेका थिए ।

**६:४४ "पाँचहजार पुरुषहरु"** यो एउटा लामो पैदल यात्रा थियो (३३ पद) अनि एकान्त ठाउँ थियो (३२ पद)। त्यहाँ सायद धेरै स्त्रीहरु अनि नानीहरु थिएनन् होला। भीडको वास्तविक आकार हामी जान्दैनौं। यो ठूलो थियो !

## NASB (UPDATED) TEXT: 6:45-46

४५अनि उहाँले तुरुन्तै आफ्ना चेलाहरुलाई डुङ्गामा चढेर पारि बेथसेदामा उहाँभन्दा अघि जान अह्राउनुभयो, र त्यतिञ्जेल उहाँले चाहिँ भीडलाई बिदा दिनुभयो । ४६तिनीहरुसँग बिदा भएपछि उहाँचाहिँ डाँडामा प्रार्थना गर्न जानुभयो ।

**६:४५ "बेथसेदा"** यस शहरको नाउँको अर्थ हुन्छ "ज्योतिको घर" । यो तालको पश्चिमतर्फ थियो ।

**"उहाँले भीडलाई बिदा दिनुभयो"** यूहन्ना ६ को समानान्तरमा यस भीडको प्रतिक्रियाको विषयमा यति धेरै जानकारीहरु छन् । मर्कूसको मुख्य बुँदाहरु चेलाहरुको तालिम अनि येशूको सहानुभूति, जबकि यूहन्नाको विवरणले मोशाले गरेझैं मसीहले पनि यहूदीहरुलाई भोजन (मन्न) खुवाएको विषयमा यहूदीहरुको आशालाई येशूले पूरा गर्नुभयो । तिनीहरुले उहाँलाई राजा बनाउने कोशिस गरे । यसले येशूको कामप्रतिको तिनीहरुको गलत बुझाइलाई देखाउँदछ (जस्तै उहाँका चेलाहरु, उहाँको परिवार अनि धार्मिक अगुवाहरु)।

**६:४६ "उहाँचाहिँ डाँडामा प्रार्थना गर्न जानुभयो"** येशूको प्रार्थना गर्ने नियमित समय थियो । योचाहिँ लूकाको सु-समाचारमा विशेष गरेर स्पष्ट छ । यस आश्चर्यकर्मलाई गलत बुझिने थियो भनेर येशूले जान्नुहुन्थ्यो । जस्तो उहाँ तिनीहरुका चँगाईकर्त्ता बन्न चाहनुभएन, त्यसरी नै उहाँ खाना खुवाउने बन्न चाहनुभएन (यूहन्ना ६:१५)। उहाँ त पितालाई प्रकट गर्न आउनुभयो, तर भीडले देख्न सकेनन्/देखेनन् । एक अर्थमा योचाहिँ उजाडस्थानमा रोटीद्वारा मानिसहरुलाई परीक्षामा पारिएको शैतानको परीक्षाको एउटा पूर्णता थियो (अलौकिक भोजनको प्रबन्ध मत्ती ४:३-४)

## NASB (UPDATED: 6:47-52

४७साँझ पर्दा डुङ्गा समुद्रको बीचमा थियो, र उहाँचाहिँ एक्लै पाखामा हुनुहुन्थ्यो । ४८चेलाहरुलाई डुङ्गा खियाउन कष्ट भइरहेको उहाँले देख्नुभयो, किनभने बतास तिनीहरुका विपरित थियो । तीन बजे बिहानतिर उहाँ तिनीहरुकहाँ समुद्रमाथि हिँड्दै आउनुभयो, र तिनीहरुलाई उछिनेर जान लाग्नुहुँदा, ४९तिनीहरुले उहाँलाई समुद्रमाथि हिँडिरहनु भएको देखेर प्रेत हो भन्ठाने, र तिनीहरु चिच्याए । ५०किनकी उहाँलाई देखेर सबै डराएका थिए । तर झट्टै उहाँले तिनीहरु भन्नुभयो, "ढाडस गर, म हुँ, नडराओ ।" ५१अनि उहाँ तिनीहरुकहाँ डुङ्गाभित्र चढ्नुभयो र बतास थामिहाल्यो । अनि तिनीहरु अत्यन्तै अचम्मित भए, ५२किनकी तिनीहरुले रोटीका विषयको कुरा बुझेकै थिएनन्, तर तिनीहरुको हृदय कठोर भएको थियो ।

**६:४८ "उहाँलाई ........ देखेर"** यो शारीरिक दृश्य थियो कि अलौकिक ज्ञान थियो भन्ने कुरा अनिश्चित छ ।

- **"डुङ्गा ख्याउन कष्ट भइरहेको"** यो 'यातना' को रुपमा ग्रीकबाट अंग्रेजीमा आएको हो । योचाहिँ बतासको विपरित कष्टको साथ ख्याउनु थियो ।
- **"तीन बजे बिहानतिर"** रोमी समयमा यो ३:०० देखि ६:०० बजे बिहान हुनुपर्दछ ।

- **"उहाँ तिनीहरुकहाँ समुद्रमाथि हिँड्दै आउनुभयो"** चेलाहरुको विश्वासलाई अझ बलियो बनाउने उद्देश्यको लागि यो येशूको आश्चर्यकर्मको अर्को प्रकृति थियो । तिनीहरुले थुप्रै विभिन्न तरिकामा उहाँका शक्ति अनि अधिकारलाई देखेका थिए । तर तिनीहरुले अझै पनि बुझेका थिएनन् (४९-५० पद) अनि अचम्मित भए (५१ पद)।

यो सम्भव छ कि यस आश्चर्यकर्मको अर्थचाहिँ अय्यूब ९:८; ३८:१६; भजन ७७:१९; अनि यशैया ४३:१६ लाई पूरा गर्नलाई थियो । येशूले पूरानो करारबाट स्वर्गीय कामहरुलाई गर्दै हुनुहुन्थ्यो ।

- **"तिनीहरुलाई उछिनेर जान लाग्नुहुँदा"** यसलाई अय्यूब ९:८ अनि ११ सँग जोडिएको छ भन्ने नअर्थ्याएसम्म यो सन्दर्भमा मिलेको छ जस्तो देखिँदैन । TEV को टिप्पणीमा यसलाई "तिनीहरुसँग मिल्नुभयो" भनेर लेखिएको छ । लूका १२:३२ अनि १७:७ मा पनि यस 'क्रिया' को संकेतार्थ छ ।

**६:४९ "प्रेत"** मत्ती १४:२६ मा जस्तै योचाहिँ शाब्दिक शब्द "भूत" हो । यो "मानसिक अनि आत्मिकी द्वन्द अनि अन्यौल" मा प्रयोग गरिएको एउटा अर्थपूर्ण शब्द हो (Bauer, Arndt, Gingrich अनि Danker को *The Greek-English Lexicon,* पृष्ठ ८०५)

**६६:५० "ढाडस गर"** यो येशूद्वारा बारम्बार प्रयोग गरिएको एउटा वर्तामन कर्तृवाच्य आज्ञासूचक हो ( मत्ती ९:२, २२; १४:२७; मर्कूस ६:५०; १०:४९; यूहन्ना १६:३३; प्रेरित २३:११)।

- **"नडराओ"** यो पनि येशूद्वारा बारम्बार प्रयोग गरिएको एउटा वर्तमान माध्यम आज्ञासूचक हो ( मत्ती १४:२७; १७:७; २८:१०; मर्कूस ६:५०; लूका ५:१०; १२:३२; यूहन्ना ६:२०; प्रकाश १:१७)। यसले येशूलाई फेरि पनि मोशासँग जोडेको हुन सक्दछ (प्रस्थान १४:१३; २०:२०)। येशू नयाँ मोशा अथवा नयाँ स्वर्गीय प्रवक्ता हुनुहुन्थ्यो (उत्पत्ति १५:१; यहोशू ८:१)।

६:५१ पत्रुस पानीमाथि हिँडेको (अनि डुबेको) कुराको विवरणलाई चाहिँ यहाँ ध्यान दिइएको छैन (मत्ती १४:२८-३१)। A. T. Robertson को *Word Pictures in the New Testatment*, Vol. 1. पृष्ठ ३१९ मा, यसरी लेखिएका छ, "हुनसक्छ त्यस कथालाई भन्न पत्रुसले रुचाउँदैन थिए होला)

**६:५२ "किनकी तिनीहरुले ......... बुझेकै थिएनन्"** तिनीहरु सिक्नमा साह्रै ढिला थिए । येशू तिनीहरुसँग धीरजी हुनुहुन्थ्यो । यो कुराचाहिँ मेरो लागि साह्रै उत्साहजनक छ ।

**"तिनीहरुको हृदय कठोर भएको थियो"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो । यो एउटा जटिल ईश्वरशास्त्रीय अवधारणा हो । के त्यसले (कर्मवाच्यबाट) परमेश्वर अथवा आत्माले तिनीहरुका हृदयलाई बन्द गरिदिएको थियो भन्ने संकेत गर्छ त ? सायद योचाहिँ तिनीहरुका आफ्नै पूर्वाग्रह अनि यहूदी परम्पराहरुले येशूका कामहरु अनि वचनहरुको स्पष्ट सत्यतालाई बन्द गरिदिएको कुराको लागि वाक्पद्धतिपूर्ण शब्द हो (८:१७-१८) । यस "मानिस" चाहिँ तिनीहरुले जानेको कुनै पनि वर्गमा मिल्दैन ( ४:१३, ४०; ७:१८) । योचाहिँ मर्कूसमा बारम्बार आइरहने मुख्य विषय हो । २:६ मा हृदयको बारेमा विशेष शीर्षकलाई हेर्नुहोस् ।

## NASB (UPDATED) TEXT: 6:53–56

५३समुद्र पार भएपछि उहाँहरु गनेसरेतको मुलुकमा आइ पुग्नुभयो, र तिनीहरुले डुङ्गा किनारमा ल्याए ।
५४जब उहाँहरु डुङ्गाबाट निस्किआउनुभयो तब उत्ति नै खेर मानिसहरुले येशूलाई चिनिहाले, ५५र
छेउछाउका समस्त गाउँ हुँदो तिनीहरु दगुरिएर, र जहाँ येशू हुनुहुन्छ भनी सुने त्यहाँ बिरामीहरुलाई
बिछ्याउनमा राखेर ल्याउन लागे । ५६अनि गाउँहरुमा वा शहरहरुमा वा बस्तीहरुमा जहाँ-जहाँ
पस्नुभयो, मानिसहरुले रोगीहरुलाई बजार-बजारमा राखिदिए, र उहाँका वस्त्रका छेउमात्र पनि छुन
पाऔं भनी तिनीहरुले उहाँलाई बिन्ती गरे, र जतिले छोए तिनीहरु सबै निको भए ।

६:५५ यसले येशूको आवश्यकता, अस्तव्यस्तता, सहानुभूति अनि शक्तिलाई देखाउँदछ । योचाहिँ मानिसहरुको प्राथमिकता माथिको एउटा अध्याय पनि थियो । येशूले जहिले पनि तिनीहरुलाई समय दिनुहुन्थ्यो ।

**६:५६ "उहाँका वस्त्रका छेउ"** यसले उहाँको "प्रार्थना गर्दा लाउने खास्टोलाई उल्लेख गर्दछ (गन्ती १५:३८-४०; व्यवस्था २२:१२)। यी मानिसहरु निराश, अन्धविश्वासी अनि स्वार्थी थिए ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. विभिन्न सु-समाचारहरुको बीचको असंगतिहरुलाई तपाइँले कसरी सम्हाल्नु हुन्छ त ?
२. येशू को हुनुहुन्छ भन्ने कुरामाथि त्यहाँ त्यति बिघ्न भिन्नता अनि विचारहरु किन थिए त ?
३. के पुनरुत्थानचाहिँ येशूको समयमा एउटा असाधारण धारणा थियो त ?
४. परमेश्वरले एउटी घृणित अनि दुष्ट स्त्रीलाई यूहन्ना जस्तो महान पुरुषको मृत्युको कारण बन्न किन लगाउनुभयो त ?
५. येशूले किन त्यस्तो ठूलो भीडलाई खिँच्नुभयो त ?
६. येशूले ५,००० लाई किन खुवाउनुभयो त ?
७. येशूको शिक्षा दिने सेवाकाई उहाँको चँगाईहरुमा कसरी सम्बन्धित छ त ?

# मर्कूस ७

## आधुनिक अनुवादहरुका अनुच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| एल्डरहरुका परम्परा | अशुद्ध भित्रबाट आउँछ | एल्डरहरुका परम्परा | पूर्खाहरुका शिक्षाहरु | फरिसीहरुका परम्परा |
| ७:१-१३ | ७:१-२३ | ७:१-८ | ७:१-२<br>७:३-४<br>७:५<br>७:६-७<br>७:९-१३ | ७:१-१३ |
| | | | एउटा व्यक्तिलाई अशुद्ध बनाउने कुराहरु | शुद्ध र अशुद्ध |
| ७:१४-२३ | | ७:१४-१६<br>७:१७-२३ | ७:१४-१६<br>७:१७-१९<br>७:२०-२३ | ७:१४-१६<br>७:१७-२३ |
| सिरिया-फोनिकेकी स्त्री | एउटी गैरयहूदीले आफ्नो विश्वास देखाउँछे | सिरिया-फोनिकेकी स्त्री | एउटी स्त्रीको विश्वास | सिरिया-फोनिकेकी स्त्रीकी छोरी निको पारिएकी |
| ७:२४-३० | ७:२४-३० | ७:२४-३० | ७:२४-३०<br>७:२८<br>७:२९<br>७:३० | ७:२४-३० |
| एउटा बहिरो र गूँगो मानिसलाई निको पारिएको | येशूले एउटा बहिरो र गूँगो मानिसलाई निको पार्नुहुन्छ | चङ्गाहरु | येशूले एउटा बहिरो र गूँगो मानिसलाई निको पार्नुहुन्छ | बहिरो मानिसको चंगाइ |
| ७:३१-३७ | ७:३१-३७ | ७:३१-३७ | ७:३१-३४<br>७:३-३७ | ७:३१-३७ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**संक्षिप्त सु-समाचारहरु समानान्तर रहेका छन्**

अ. मर्कूस ७:१-२३ मत्ती १५:१-२० सित समानान्तर छ ।
आ. मर्कूस ७:२४-३० लाई मत्ती १५:२१-२८ मा समानान्तर गरिन्छ ।
इ. मर्कूस ७:३१-८:९ लाई मत्ती १५:२९-३८ मा समानान्तर गरिन्छ ।

**शब्द र वाक्यांश अध्ययन**

NASB (UPDATED) TEXT: 7:1-8

१यरुशलेमबाट आएका फरिसीहरु र शास्त्रीहरु येशूका चारैतिर भेला भए । २येशूका कतिपय चेलाहरुले
अशुद्ध हात, अर्थात् नधोएको हातले खाएका तिनीहरुले देखे । ३फरिसीहरु र सबै यहूदीहरु तिनीहरुका
पूर्खाहरुले दिएका परम्परा अनुसार हात नधोइ भोजन खाँदैनन् । ४बजारबाट आएपछि स्नान गरेर शुद्ध
नभई तिनीहरु खाँदैनन् । यतिमात्र होइन, तिनीहरुले यस्ता धेरै अरू परम्परा मान्दछन्, अर्थात्
कचौराहरु, भाँडाहरु र काँसोका भाँडाहरु धुने परम्परा । ५तब फरिसीहरु र शास्त्रीहरुले उहाँलाई सोधे,
"तपाइँका चेलाहरु पिता-पूर्खाले राखिदिएका परम्परामा किन चल्दैनन्, तर अशुद्ध हातले खान्छन् ?"
६तब उहाँले तिनीहरुलाई भन्नुभयो, "यशैयाले तिमी कपटीहरुका विषयमा ठीकसँग यसरी अगमवाणी
गरे, जस्तो लेखिएको छ, यस जातिले मलाई ओंठले मात्र आदर गर्छ तर तिनीहरुको हृदय मदेखि टाढा
छ । ७तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका विधि मात्र
हुन् । र तिमीहरु परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरुका परम्परा मान्छौ ।"

**७:१ "फरिसीहरु"** यिनीहरु आफ्ना दिनका सबैभन्दा धेरै साँचो ईश्वरमा विश्वास राख्नेहरु थिए । परम्पारिकरुपमा तिनीहरु सबैभन्दा उत्तममध्येका पनि उत्तम थिए । तिनीहरुसित येशूका छलफलहरु प्रायः (७:५-८; ११:२७-३३; १२:१३-१७) अभिलेख गरिन्छन् । मर्कूस २:६ मा पूरै टिप्पणी हेर्नुहोस् ।

- **"शास्त्रीहरु ........ यरुशलेमबाट आएका थिए"** धर्मगुरुहरुले सँधैजसो दोष पत्ता लगाउनलाई उहाँलाई पछ्याइरहेका थिए (३:२२; यूहन्ना १:१९) । तिनीहरु स्पष्टरुपमा यरुशलेमको

Sanhedrin बाट एउटा सरकारी तथ्य पत्ता लगाउने समिति थिए (मर्कूस १२:१३ मा विशेष शीर्षक हेर्नुहोस्) । Sanhedrin चाहिँ :

१. शासक पूजाहारी परिवारहरु (जसको अर्थ हुन्छ; सदुकीहरु, मर्कूस १२:१८ मा विशेष शीर्षक हेर्नुहोस्)।
२. स्थानीय धर्मगुरुहरु (जसको अर्थ हो, फरिसीहरु)
३. स्थानीय धनी जमिनदारहरु बाट ७० मानिसहरुबाट बनेको थियो ।

**७:२ "अशुद्ध हात, अर्थात् नधोएको हात"** यो स्वस्थकर थिएन तर धार्मिक (पद ४) थियो । (लूका ११:३८; मत्ती १५:२) । Talmud मा यसलाई विशेष पदहरुमा उच्चारण गरिन्थ्यो । मौखिक परम्पराहरुमा विवाद थियो, जुनचाहिँले पूरानो करारका पुस्तकहरु व्याख्या गर्‍यो ।

**"अशुद्ध"** यो ग्रीक पद *koinos* हो, जसको अर्थ "सामान्य" अथवा "सबैलाई प्राप्त हुने" भन्ने हुन्छ । आधुनिकहरुले येशूका दिनका सामान्य ग्रीकलाई दिने नाम यही हौं, । ल्याटिन शब्दावली "vulgate" को उही सङ्केतार्थ (जसको अर्थ हो, "सबैलाई उपलब्ध हुने") हो । यस सन्दर्भमा यसले अन्य फोहोर कुराहरुसित यसको सम्पर्कका कारण वैधानिक रुपले अशुद्ध कुरालाई जनाउँछ ।

**७:३**

| | |
|---|---|
| **NASB** | **"तिमीहरुले होशियारीपूर्वक आफ्ना हातहरु नधोएसम्म"** |
| **NKJV** | **"तिनीहरुले विशेष प्रकारले आफ्ना हातहरु नधोएसम्म"** |
| **NRSV** | **"तिनीहरुले पूरै आफ्ना हातहरु नधोएसम्म"** |
| **TEV** | **"तिनीहरुले राम्रो तरिकाले आफ्ना हातहरु नधोएसम्म"** |
| **NJB** | **"आफ्ना पाखुराहरु कुहिनासम्म नधोइकन"** |

यस वाक्यांशमा त्यहाँ ग्रीक पाण्डुलिपी विभिन्नता छ । सबैभन्दा असाधारण पढाइ *pugmē* हो जसको अर्थ "मुठ्ठी" भन्ने हुन्छ, जुन प्राचीन Uncial पाण्डुलिपीहरु A, B, L मा पाइन्छ, त्यस्तै א, W अनि Vulgate र Peshitta मा पाइने *pukna* को अर्थ "बारम्बार" भन्ने हुन्छ । केही प्राचीन लेखहरुले पद ३-४ को कोष्ठक हटाउँदछन् (जसको अर्थ हो, नवौं शताब्दीको पाण्डुलिपी ०३७, ग्रीक ठूलो *delta* द्वारा चिनिने, अनि केही Coptic र सिरियाका अनुवादहरु अनि Diatessaron)। UBS[4] ले #१ and "A" दर (निश्चित) विकल्प दिन्छ ।

यो सम्भव हुन्छ कि यो कठिन ग्रीक शब्दावलीले एउटा आरामिक वाक्यांश "तिनीहरुले एउटा ( विशेष) जगमा आफ्ना हातहरु नधोएसम्म" को एउटा ग्रीक अनुवादलाई विम्बित गर्दछ (Gerhard Friedrich र Geoffrey W. Broomiley द्वारा सम्पादन गरिएको *Theological Dictionary of the New Testament,* पुस्तक ६ पृष्ठ ९१६) । फरिसीहरुले कर्तव्यमा पूजारीहरुका निम्ति पूरानो करारका आवश्यकता मन्दिरमा लगे अनि हरेक दिन उनीहरुलाई सम्पूर्ण "सत्य" यहूदीहरुसित बिस्तार गरे । तिनीहरुले मोशाको व्यवस्थामा थप्दै थिए ।

कसैको हात र पाखुरा मुठ्ठी पारेर धुने शास्त्रीय तरिकाको रुपमा यसलाई लिनु अर्को विकल्प हुन्थ्यो तर यो कुनै पनि लिखित शास्त्रीय परम्पराद्वारा प्रमाणित गरिएको छैन, यसले एउटा प्यालाजस्तो

आकारको हातसहित (हातहरु तल राखेर) कुहिनामाथिबाट खन्याइएको पानी समात्ने धारणालाई जनाउँदछ तसर्थ यसलाई फेरि पनि कुहिनामाथि रगड्न सकिन्थ्यो ।

"धुनु" भन्ने शब्दले (*niptō*, मत्ती १५:२० सँधैजसो पूरै उठाउने नभई शरीरको कुनै भाग धुनुलाई जनाउँथ्यो (जसको अर्थ *louō*, यूहन्ना १३:१०) ।

"पूर्खाहरुले दिएका परम्पराअनुसार" यी परम्पराहरु (गलाती १:१४) Talmud (अर्थ, Mishan) मा संकेत गरिएका थिए । त्यहाँ यी शास्त्रीय परम्पराहरुका दुईओटा संस्करणहरु छन् । Babylon Talmud बाट को बढी पूर्ण छ अनि Palestine बाटको अपूर्ण छ । यस साहित्यको आधुनिक अध्ययन अड्काइएको छ किनभने यी छलफलहरु सुरुमा कहिले भनिए वा अभिलेख गरिए भन्नेमा कोही पनि पक्का छैन । पछि व्याख्याका दुइओटा शास्त्रीय स्कुलहरु विकसित भए, एउटा पुरातनवादी (अर्थात्, *Shammai*) र अर्को उदारवादी (जसको अर्थ, Hillel) । सम्पूर्ण प्रसङ्गहरु यी शास्त्रीय छलफलहरुमा आधारित भएर विवाद गरिन्छन् । शास्त्रीयले आफ्ना अग्रजहरुलाई अख्तियारवालाका रुपमा उद्घोष गर्थे ।

**७:४ "तिनीहरु स्नान गरेर शुद्ध नभई"** यहूदीहरुले सम्पूर्ण यहूदीहरुलाई समावेश गर्न पूजास्थल पूजारी प्रवेश गर्नेसित सम्बन्धित व्यवस्थाहरुको विस्तार गरे (प्रस्थान ३०:१९) । यी नियमहरु वैधानिक शुद्धिकरणसित सम्बन्धित छन् । तिनीहरु लेवीका नियमहरुबाट अनुमानद्वारा समयको लामो अवधिमा विकसित भएका थिए ।

यो वाक्यांशमा विभिन्नता हुने त्यहाँ एउटा ग्रीक पाण्डुलिपी छ । केही ग्रीक लेखहरुसँग ।

१. *baptizō* को एओरिष्ट मध्यम छ (जसको अर्थ; MASS A, D, W साथै Vulgate र Syriac (अनुवादहरु)
२. *baptizō* को वर्तमान कर्मवाच्य सूचक (अर्थ, MSS F, L)
३. *Rantizō* "छर्कनु" को एओरिष्ट मध्यम

(अर्थ, MSS, ℵ, B अनि Coptic अनुवाद) । धेरै आधुनिक अनुवादहरु पहिलो विकल्पमा पर्दछन् । पहिलेका शास्त्रीहरुले #३ हालेका हुनसक्छन् किनभने *baptizō*ख्रीष्टियन बप्तिस्माको निम्ति एउटा प्राविधिक पद बनेको थियो ।

UBS[4] ले #१ लाई एउटा "B" दर्जा दिन्छ (झण्डै निश्चित) ।

| | |
|---|---|
| **NASB** | **"अनि काँसोका भाँडाहरु"** |
| **NKJV** | **"काँसोका भाँडाहरु"** |
| **TRSV** | **"काँसोका कित्लीहरु"** |
| **TEV** | **"काँसोका कचौराहरु र भाँडाहरु"** |
| **NJB** | **"काँसोका भाँडाहरु"** |

यो “भाँडाहरु” भन्ने शब्द एउटा ल्याटिन शब्द हो । मर्कूसले अन्य नयाँ करार पुस्तकभन्दा ल्याटिन शब्दहरु धेरै प्रयोग गर्नुहुन्छ । यसले यो रोमीहरुका निम्ति रोममा लेखिएको कुरा विम्बित गर्न सक्छ ।

त्यहाँ एउटा ग्रीक पाठको भिन्नता छ जसले A,D,W लिपिहरुमा *klinōn* थप गर्छ (जसको अर्थ हो, विस्तरा वा भाँडाहरु) जब कि $P^{45}$, ℵ, B,L ले यसलाई हटाउँदछन् । सायद लेवी १५ जानेका शास्त्रीहरुले वाक्यांश थप गरे अथवा पूरानो करार पुस्तकसित अपरिचित पछिका शास्त्रीहरुले यो अनावश्यक ठाने र हटाइदिए । अनुमान चाखलाग्दो तर ईश्वरशास्त्रीय रुपमा महत्त्वहीन छ ।

**७:५ “उहाँलाई सोधे”** यो एउटा अपूर्ण काल हो जसले उहाँलाई तिनीहरुले धेरैपटक सोधिरहे भन्ने जनाउँछ ।

- **“पितापूर्खाले राखिदिएका परम्परामा चल्दैनन्”** तिनीहरुका निम्ति यो एउटा गम्भीर कुरा थियो । त्यहाँ यहूदी साहित्यमा एउटा शास्त्री आफ्ना गम्भीर कुरा थियो । त्यहाँ यहूदी साहित्यमा एउटा शास्त्री आफ्ना हातहरु राम्ररी धुन असफल भएकोले बहिष्कृत गरिएको बारेमा अभिलेख गरिएको घटना पनि छ । Talmud “अख्तियार” बनेको थियो जसले पूरानो करार लेखहरु कसरी बुझ्ने अनि लागू गर्ने भन्ने बारेका शास्त्रीय छलफलहरु अभिलेख गर्दथ्यो ।

**७:६ “यशैयाले तिमी कपटीहरुका विषयमा ठीकसँग अगमवाणी गरे”** येशूले विश्वास गर्नु भयो कि यशैयाका दिनदेखि ऐतिहासिक रुपले विशेष पूरानो करार लेखहरु सात सय वर्षपछि फरिसीहरुको यस पुस्तासित सम्बन्धित थिए । यसले धर्मग्रन्थहरुको हरेक नयाँ पुस्तासितको प्रासङ्गिकतालाई देखाउँछ । परमेश्वरका सत्यताहरु संस्कृतिद्वारा प्रभावित छन्, तर तिनीहरुले समय र संस्कृति पार समेत गर्दछन् । येशूले यशैया २९:१३ उद्धृत गर्नुहुन्छ ।

- **“पाखण्डीहरु”** यो दुईटा शब्दहरु “मुनि” र “न्याय गर्नु” बाटको एउटा यौगिक हो । एउटा मुकुण्डो पछाडि एउटा भूमिकामा खेल्ने अभिनेताहरुलाई वर्णन गर्न यो शब्दको प्रयोग गरिन्थ्यो । येशूले तिनीहरुलाई केही विषयहरुबारे बढी उत्साही तर अरुहरुलाईचाहिँ तुच्छ ठानेको आरोप लगाउनुहुन्छ (यशैया २९:१३; कलस्सी २:१६-२३) “कपटीहरु” अनि हात धुनेसँगै भजन २६:४ र ६ मा देखिनु यो घटनामात्रै होइन ।

**विशेष शीर्षक : पाखण्डीहरु**

शाब्दिक रुपमा यो यौगिक पदलाई “न्यायमा तल पार्नु” का रुपमा अनुवाद गरिन्छ । यसको अर्थ (१) एउटा मुकुन्डो पछिबाट बोल्नका निम्ति एउटा नाटकीय शब्द अथवा (२) यसको सुरुको प्रयोग “बढी व्याख्या गर्नु” भन्ने हुन्थ्यो । यस सन्दर्भमा यसले धार्मिक नाटक-अभिनयलाई जनाउँदथ्यो ।

फरिसीहरुले परमेश्वरलाई प्रसन्न पार्न होइन कि, अन्य मानिसहरुबाट प्रशंसित हुन धार्मिक संस्कारहरु र कर्मकाण्डहरुका काम गरे (यद्यपि म विश्वस्त छु त्यो विभिन्न उद्देश्यहरुमध्ये एउटा थियो)

१. गरिबलाई सहयोग गर्न मात्र होइन कि मानिसहरुबाट प्रशंसा पाउन दान दिन्थे, मत्ती ६:२
२. सभाघरहरुमा र सडकहरुमा मानिसहरुले देखून् भनी प्रार्थना गर्थे, मत्ती ६:५

३. जब तिनीहरु उपवास बसे तिनीहरुका चेहरा उदास थिए त्यसकारण तिनीहरुका आत्मिकताद्वारा अरु प्रभावित हुने थिए, मत्ती ६:१६
४. तिनीहरुले दशांश दिन्थे, तर व्यवस्थाका गहकिला विषयहरु छुटाउँथे, मत्ती २३:२३
५. तिनीहरुले कचौराको बाहिरपट्टि माझ्थे तर भित्रपट्टि माझ्थेनन्, मत्ती २३:२५ (मर्कूस ७:१-८)
६. उनीहरु धर्मी थिए, मत्ती २३:२९-३०
७. तिनीहरुले अरुहरुलाई राज्यमा पस्नबाट रोक्थे, मत्ती २३:१३-१५ तिनीहरुले येशूलाई सत्य ज्ञानको निम्ति खोजी होइन कि मूर्ख प्रश्नहरुसित येशूलाई फसाउने प्रयास गरे, मत्ती २२:१५-२२
९. तिनीहरुको नरकमा एउटा विशेष ठाउँ हुनेछ, मत्ती २४:५१
१०. तिनीहरु चूना लाइराखेका चिहानहरुजस्ता अशुद्ध थिए, मत्ती २३:२७ (*Dictionary of Biblical Imagery* पृष्ठ ४१५)

- **"जस्तो लेखिएको छ"** "यसलाई लेखिएको छ" भन्ने अर्थ हुने यो पूर्ण काल हो । अभिप्रेरित धर्मशास्त्रलाई संकेत गर्नका निम्ति यो एउटा यहूदी वाक्पद्धति थियो (९:१२-१३; ११:१७: मत्ती ४:४, ७, १०) । यशैया २९:१३ को *Septuagint* बाटको यस उद्धरणले मानिसको धार्मिकतालाई वर्णन गर्दछ । येशूले यसको एउटा उदाहरण पदहरु ९-१९ मा र मत्ती १५:४-६ को समानान्तरमा दिनुहुन्छ ।
- **"हृदय"** यहूदीहरुका निम्ति यो मानसिक क्रियाकलापको केन्द्र, त्यसैले, कामहरुको आधार थियो । तिनीहरुले धार्मिक कर्मकाण्डलाई परमेश्वरसित अनुमोदन प्राप्त गर्ने साधनका रुपमा प्रयोग गरे । तिनीहरुका परम्पराहरु अन्तिम बनेका थिए ! धार्मिक मानिसहरुसित यो सँधै एउटा खतरा हुन्छ । २:६ मा विशेष शीर्षक हेर्नुहोस् ।
- **"टाढा छ"** यसको अर्थ "एउटा दूरीमा राख्नु" भन्ने हुन्छ । धार्मिक अभ्यासहरु प्रायः परमेश्वरप्रति पूर्ण समर्पण नगर्नलाई प्रयोग गरिन्थे । प्रायः धर्म परमेश्वरप्रति एउटा पुल होइन कि एउटा रोकावट हुन्छ ।

७:७ धार्मिक पाखण्डी र औपचारिकताको कस्तो एउटा विध्वंशकारी श्राप ।

**७:८ "त्यागेर"** यसको अर्थ "नमान्नु" (परमेश्वरको आदेश) भन्ने हुन्छ अनि "लिनु" को प्रत्यक्ष विरुद्धमा हुन्छ, जसको अर्थ परम्पराहरु "पक्रिनु" समात्नु अथवा "सँग गाँसिनु" भन्ने हुन्छ ।

"परमेश्वरको आज्ञा, मानिसहरुका परम्परा मान्छौं" परम्परा (Talmud) को विरुद्ध प्रकाश ( पूरानो करार) को विषय हो । यो हरेक संस्कृति (अथवा सम्प्रदाय) मा हरेक व्यक्तिका निम्ति एउटा विषय हो । धार्मिक अख्तियार एउटा महत्त्वपूर्ण प्रसङ्ग हो ।

NASB (UPDATED) TEXT: 7:9-13

९उहाँले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु आफ्ना परम्परा मान्नलाई कति धूर्ततासँग परमेश्वरको आज्ञालाई टारिदिन्छौं । १०किनभने मोशाले भनेका छन्, आफ्ना बाबु-आमालाई आदर गर, र जसले बाबु-आमाको विरुद्धमा दुष्ट कुरा बोल्छ त्यो मारिनैपर्छ ।" ११यदि कुनै मानिसले आफ्ना बाबु वा आमालाई "मबाट जे-जति मद्दत तपाइँहरुलाई मिल्नुपर्ने त्यो कुर्बान हो" (अर्थात् परमेश्वरलाई चढाइएको) भन्छ भने, १२तिमीहरु त्यसलाई आफ्ना बाबु-आमाको निम्ति फेरि केही गर्न दिँदैनौं ।

१३यसरी तिमीहरु आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाईचाहिँ रद्द तुल्याउँछौं । अनि यस्तै अनेक कामहरु तिमीहरु गर्दछौं ।”

७:९

| | |
|---|---|
| **NASB** | **“तिमीहरु टार्नलाई विज्ञ छौ”** |
| **NKJV** | **“तिमीहरु सबै कुरा इन्कार गर्छौ”** |
| **NRSV** | **“तिमीहरुसँग इन्कार गर्ने एउटा राम्रो तरिका छ”** |
| **TEV** | **“तिमीहरुसित इन्कार गर्ने धूर्तता छ”** |
| **NJB** | **“तिमीहरुले कति चलाख भएर टार्दछौ”** |

यो यूहन्ना ३:१० जस्तै ब्यूझ्याउने व्यङ्ग्य हो ।

७:१० **“मोशाले भने”** मत्ती १५:४ को समानान्तरसित “परमेश्वरले भन्नुभयो” छ । यसले मोशाका वचनहरुको पछाडि परमेश्वरको प्रेरणालाई देखाउँछ ।

- **“आदर”** यो प्रस्थान २०:१२ मा अभिलेख गरिएको र व्यवस्था ५:१६ मा दोहोऱ्याइएको दश आज्ञाहरुबाट एउटा उद्धरण हो । यो एउटा हिब्रू व्यापारिक शब्द “वजन दिनु” (BDB ४५७) बाट लिइएको हो, जसको अर्थ केही कुराको मूल्य पहिचान गर्नु भन्ने हुन्छ ।

७:११ **“यदि”** यो एउटा तेस्रो श्रेणीको शर्तात्मक वाक्य हो जसले सम्भावित कार्यका बारे बोल्दछ । येशूले परमेश्वरका कानून भंग गर्ने तत्कालिन तरिकाहरुतर्फ संकेत गर्दै हुनुहुन्छ (पद १२)

- **“जसले बाबु वा आमालाई सराप्छ”** यो प्रस्थान २१:१७ बाटको एउटा भनाइ हो । अपमानले कठोर न्याय ल्यायो । शास्त्रीहरुले आफ्ना परम्पराहरुका माध्यममार्फत् यस पदलाई एकापट्टि राखेका थिए ।
- **“कुर्बान”** यो हिब्रू (आरामिक होइन) परमेश्वर (अर्थ, अथवा मन्दिरतर्फ, NKJV) लाई दिइएको “वरदान” को एउटा ग्रीक अनुवाद थियो । उहाँका दिनका यहूदी परम्परा मान्नेहरुले कसरी उहाँको आशय मानेनन् र आफ्ना मौखिक परम्पराहरुद्वारा पूरानो करारका कानूनहरु उल्लेख गरे भन्ने एउटा उदाहरण येशूले देखाउनुहुन्छ । तिनीहरुले आफ्ना मौखिक परम्पराहरुमा धेरै उम्कने बाटोहरु आविष्कार गरेका थिए ।

## NASB (UPDATED) TEXT: 7:14-16

१४उहाँले मानिसहरुलाई फेरि आफूकहाँ बोलाएर तिनीहरुलाई भन्नुभयो, “तिमीहरु सबैले मेरा कुरा सुन र बुझ ।” १५यस्तो केही कुरा छैन जो बाहिरबाट मानिसभित्र पसेर त्यसलाई अशुद्ध पार्न सक्छ, तर मानिसबाट बाहिर निस्कने कुराहरुले नै मानिसलाई अशुद्ध पार्छ (१६जसको सुन्ने कान छ त्यसले सुनोस्)”

७:१४ **"उहाँले मानिसहरुलाई फेरि आफूकहाँ बोलाएर.....।"** येशूले शास्त्रीहरुका कपट र तिनीहरुका परम्पराहरु सार्वजनिक रुपमा प्रकट गर्नुभयो NKJV मा *palin* (अर्थ, फेरि) को सट्टामा *panta* ( जसको अर्थ हो, सबै) भन्ने शब्द छ ।

- **"सुन-बुझ"** यी दुवै एवरिष्ट कर्तृवाच्य आज्ञार्थकहरु हुन् । यस वाक्यांशले एउटा महत्त्वपूर्ण र आघातपूर्ण उदाहरण हो ।

७:१५ येशूले पूरानो करार पुनः व्याख्या गर्नुभएको यो एउटा पूरानो उदाहरण हो (मत्ती ५:१७-४८)। उहाँले लेवी ११ को खानेकुराको लेखाइलाई रद्द तुल्याउँदै हुनुहुन्छ । यो उहाँको अख्तियारलाई बढावा दिने एउटा शक्तिशाली तरिका थियो (अर्थ, उहाँले पूरानो करारलाई परिवर्तन गर्न अथवा नमान्न सक्नुहुन्थ्यो, तर तिनीहरुलाई होइन) । यो तिनीहरुप्रति चेतावनीको एउटा वचन पनि हुनुपर्ने थियो जसले खानेकुरा र पेयबाट एउटा धार्मिक कुरा बनाउँछन् (रोमी १४:१३-२३; १ कोरिन्थी ८:१-१३; १०:२३-३३) । येशूका वचनहरुले नयाँ व्यवस्थाको पृथक स्वतन्त्रता प्रकट गर्दछ । (रोमी १४:१-१५:१३;१ कोरिन्थी ८-१०) ।

७:१५ येशूले पूरानो करार पुनः व्याख्या गर्नुभएको यो एउटा पूरानो उदाहरण हो (मत्ती ५:१७-४८)। उहाँले लेवी ११ को खानेकुराको लेखाइलाई रद्द तुल्याउँदै हुनुहुन्छ । यो उहाँको अख्तियारलाई बढावा दिने एउटा शक्तिशाली तरीका थियो (अर्थ, उहाँले पूरानो करारलाई परिवर्तन गर्न अथवा नमान्न सक्नुहुन्थ्यो, तर तिनीहरुलाई होइन) । यो तिनीहरुप्रति चेतावनीको एउटा वचन पनि हुनुपर्ने थियो जसले खानेकुरा र पेयबाट एउटा धार्मिक कुरा बनाउँछन् (रोमी १४:१३-२३; १ कोरिन्थी ८:१-१३; १०:२३-३३)। येशूका वचनहरुले नयाँ व्यवस्थाको पृथक् स्वतन्त्रता प्रकट गर्दछन् । (रोमी १४:१-१५:१३; १ कोरिन्थी ८-१०)।

७:१६ यस पदलाई विभिन्न ग्रीक Uncial पाण्डुलिपीहरु (A, D, K, W, Θ), Diatessaron र Augustine द्वारा प्रयोग गरिएका Greek लेखहरुमा समावेश गरियो । जेहोस् MSS ℵ, B र L मा यसलाई हटाइएको थियो । यो सम्भवत मर्कूस ४:९ वा २३ बाट एउटा धार्मिक धपाइ थियो । यो सुरुको हो भन्नेमा केही शंका छ भन्ने देखाउनलाई NASB (१९९५ संस्करण) ले यसलाई कोष्ठहरुभित्र समावेश गर्दछ । $USB^4$ ले यसको छुटलाई "A" (निश्चित) का रुपमा दर्जा दिन्छ ।

NASB (UPDATED) TEST: 7:17-23

१७मानिसहरुलाई छोडेर घरभित्र पसेपछि उहाँका चेलाहरुले उहाँलाई यस दृष्टान्तको विषयमा सोधे । १८उहाँले तिनीहरुलाई भन्नुभयो, "के तिमीहरु पनि अझै अबुझ छौ ? जे बाहिरबाट मानिसभित्र पस्छ त्यसले उसलाई अशुद्ध पार्न सक्दैन भनेर तिमीहरु जान्दैनौ ? १९किनकी त्यो उसको हृदयमा होइन तर पेटभित्र पस्तछ, र बाहिर निस्किहाल्छ । त्यसरी उहाँले सबै भोजन शुद्ध हो भनी बताइदिनुभयो)। २०उहाँले भन्नुभयो, "मानिसबाट जे बाहिर निस्कन्छ त्यसैले मानिसलाई अशुद्ध पार्छ । २१किनकी भित्रबाट, अर्थात् मानिसको हृदयबाट खराब छल, छाडापन, इर्ष्या, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन् । २३यी सबै दुष्ट कुराहरु भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध पार्दछन् ।

**७:१७ "उहाँका चेलाहरुले उहाँलाई सोधे"** मत्ती १५:१५ ले पत्रुस भन्दछ । येशूका वचनहरु पहिलो शताब्दीका यी यहूदीहरुप्रति अति आघातपूर्ण थिए ! येशूले मोशालाई रद्द गर्दै हुनुहुन्थ्यो । यस अनाधिकारीक शास्त्री हुनलाई दावा गरिरहने को थियो ?

**७:१८ "के तिमीहरु पनि अझै अबुझ छौ ?"** येशू चेलाहरुको विश्लेषण गर्ने ढिलाइप्रति चकित पर्नुभयो । उहाँको सन्देश तिनीहरुले आफ्नो जीवनभरि सुनेका सबै कुरा (अर्थ, फरिसी ईश्वरशास्त्र) भन्दा अति भिन्न थियो । परम्परा सुधार गर्नलाई कठिन हुन्छ (४:१३, ४०; ६:५२; ८:२१)। येशूलाई वाचा गरिएका मसिहका रुपमा विश्वास गर्नु तिनीहरुका मन परेका परम्पराहरु र साँस्कृतिक आशाहरुसित एउटा आमूल अलग हुनु भन्ने अर्थ हुन्थ्यो । "जीवित वचन" ले "लिखित वचन" को ठाउँ लिन्छ । विश्वासीहरुले बाइबल होइन येशूको आराधना गर्दछन् ।

प्राय आलोचकहरु भन्दछन् कि येशूले यहूदीहरुका मौखिक परम्पराहरु अस्वीकार गर्नुभयो, तर सँधैं पूरानो करारका नियमहरुको पुष्टि गर्नुभयो । जे भएपनि, यो खानेकुरासम्बन्धी कानुनहरुको अस्वीकार अनि मत्ती ५:३१-३२ (मर्कूस १०:२-१२) मा मोशाको विवाह विच्छेदबारेमा शिक्षाप्रति उहाँको अस्वीकारले येशूले शिक्षाप्रति उहाँको अस्वीकारले येशूले आफैलाई पूरानो करारको परमप्रभु र उपयुक्त व्याख्याकारका रुपमा देख्नुभयो भन्ने देखाउँछ । उहाँ परमेश्वरको आधारभूत प्रकाश हुनुहुन्छ । बाइबललाई मन पराउने हामी जो कोहीले पनि यससित आरामदायी महसुस गर्दैनौ । हामीले बाइबललाई प्रमाणिक र प्रासङ्गिक रुपमा हेर्छौं । जे होस्, अरु कति धेरै पूराना करारका लेखहरुले येशूलाई पिताको आशय प्रष्टसित प्रकट नगर्नेका रुपमा हेर्दछन् ? यसले यहूदी धर्म गुरुहरुलाई मात्र आघात पारेन, केही हदसम्म यसले मलाई समेत आघात पार्दछ ! नयाँ करार विश्वासीहरुका लागि पूरानो करार अनिवार्य छ भन्ने कुरा यसले मलाई सम्झाउँछ (प्रेरित १५; गलाती ३)। यो पक्कै धर्मग्रन्थ हो अनि यसले पक्कै पनि परमेश्वरलाई प्रकट गर्दछ, तर तर म यसका कर्मकाण्डहरु अथवा कार्यप्रणालीहरुद्वारा आबद्ध छैन (प्रेरित १५:६-११, १९)। म त यसको संसारलाई हेर्ने दृष्टिकोण अनि परमेश्वरको प्रकट र उहाँका उद्देश्यहरु र वाचाहरुद्वारा बाध्य छु (मत्ती ५:१७-२०)।

७:१९

**NASB, NRSV** **"(यसरी उहाँले सबै भोजन शुद्ध हो भनी घोषण गर्नुभयो)"**
**NKJV** "( ......... **येशूले सबै भोजन शुद्ध हो भन्नुभयो)"**
**TEV** **"(येशूले सबै भोजन शुद्ध हो भनी घोषणा गर्नुभयो)"**
**NJB** **"(यसर्थ उहाँले सबै भोजन शुद्ध हो भन्नुभयो)"**

कोष्ठले यो एउटा सम्पादकीय टिप्पणी (प्रेरित १० मा सायद पत्रुसको अनुभवबाट) हो भन्ने अनुवादकहरुको विचारलाई परावर्तन गर्दछ । यो एउटा अति महत्त्वपूर्ण नयाँ करारको सत्यता हो (रोमी १४:१३-२३; १ कोरिन्थी ८:१-१३; १०:२३-३३) । मानिसहरुले के खान्छन् अथवा खाँदैनन् भन्ने आधारमा तिनीहरु परमेश्वरसित सही हुँदैनन् । नयाँ व्यवस्था पूरानो करारका नियमहरुमा आधारित छैन (अर्थ, लेवि ११; प्रेरित १५)। परमेश्वरले भूँडी होइन, हृदयमा हेर्नुहुन्छ ।

७:२० पूरानो करारका शास्त्रीहरुले भने कि दिमाग एउटा उर्बर, तत्पर बीउ रोप्ने ठाउँ थियो अनि आँखाहरु र कानहरु आत्माका झ्यालहरु हुन् । कसैले जे प्रवेश गर्न अनुमति दिन्छ त्यसैले जरा गाड्दछ । पाप वैचारिक जीवनमा सुरु हुन्छ अनि क्रियाकलापहरुमा विकसित हुन्छ । मानिसको बोलीले हृदय प्रकट गर्दछ ।

**विशेष शीर्षक : मानव वचन**

१. हितोपदेशबाट सुरुका विचारहरु

अ. भाषा मानवजातिमा परमेश्वरको प्रतिरुपको भाग हो (जसको अर्थ हुन्छ, सृष्टि अस्तित्वमा बोलिएको छ अनि परमेश्वरले आफ्ना मानव सृष्टिबारे कुरा गर्नुहुन्छ)। यो हाम्रो व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो हो ।

आ. हामीहरुले जीवनका बारेमा के सोंच्दछौं भन्नेबारे मानिसको बोलीले सञ्चार गर्न हामीलाई सक्षम बनाउँछ । त्यसकारण, यसले हामी साँच्चै को हौं भनी प्रकट गर्दछ (हितोपदेश १८:२; ४:२३ (२०-२७)। बोली व्यक्तिको तेजाब परीक्षण हो (हितोपदेश २३:७)।

इ. हामी सामाजिक प्राणीहरु हौं । हामी स्वीकार अनि पुष्टि गरिएको कुरासित सम्बन्धित हुन्छौं । यो परमेश्वरबाट र हाम्रा मानिस साथीहरुबाट हामीलाई आवश्यक पर्दछ । वचनहरुको यी आवश्यकताहरु पूरा गर्ने दुवै सकारात्मक (हितोपदेश १७:१०) र नकारात्मक (१२:१८) तरीकाहरु छन् ।

ई. मानिसको बोलीमा भयङ्कर शक्ति हुन्छ (हितोपदेश १८:२०-२१)-आशिर्वाद लिने र निको पार्ने शक्ति (हितोपदेश १०:११, २१) र सराप र विनाशको शक्ति (हितोपदेश ११:९)।

उ. हामीले जे रोप्तछौं (हितोपदेश १२:१४)

२. हितोपदेशबाट सिद्धान्तहरु

अ. मानिसको बोलीका नकारात्मक र विनाशकारी शक्ति

१. धूर्त मानिसहरुका वचनहरु (१:११-१९; १०:६; ११:९, ११; १२:२-६)
२. व्यभिचारीहरुका वचनहरु (५:२-५; ६:२४-३५; ७:५; ८:१३-१८; २२:१४)
३. ढँटुवाका बोलीहरु (६:१२-१५, १९; १०:१८; १२:१७-१९, २२; १४:५, २५; १७:४; १९:५, ९, २८; २१:२८; २४:२८; २५:१८:२६:२३-२८)
४. मूर्खका बोलीहरु (१०:१०, १४; १४:३; १५:१४; १८:६-८)
५. झूटो साक्षीका वचनहरु (६:१९; १२:१७; १९:५, ९, १८; २१:२८; २४:२८; २५:१८)
६. एउटा कुराउटेका बोलीहरु (६:१४, १९, ११:१३; १६:२७-२८; २०:१९; २५:२३; २६:२०)
७. असावधान वचनहरु (६:१-५; १२:१८; २०:२५; २९:२०)
८. झुक्याउने वचनहरु (२९:५)
९. धेरै बोलिएका वचनहरु (१०:१४, १९, २३; ११:१३; १३:३, १६; १४:२३; १५:२; १७:२७-२८; १८:२; २१:२३; २९:२०)
१०. कुटिल वचनहरु (१७:२०; १९:१)

आ. मानव बोलीका सकारात्मक, निको पार्ने र सुधार गर्ने क्षमताहरु

१. धर्मीका वचनहरु (१०:११, २०-२१, ३१-३२; १२:१४; १३:२; १५:२३; १६:१३; १८:२०)
२. विवेकशील वचनहरु (१०:१३; ११:१२)
३. ज्ञानका वचनहरु (१५:१, ४, ७, ८; २०:१५)
४. निको पार्ने वचनहरु (१५:४)
५. एउटा भद्र जवाफका वचनहरु (१५:१, ४, १८, २३; १६:१; २५:१५)
६. एउटा हर्षित जवाफका वचनहरु (१२:२५; १५:२६, ३०; १६:२४)
७. व्यवस्थाका वचनहरु (२२:१७-२१)

३. पूरानो करारका ढाँचा नयाँ करारमा सुचारु हुन्छ ।

अ. हामीहरुले जीवनका बारेमा के सोच्दछौं भन्नेबारे मानिसको बोलीले सञ्चार गर्न हामीलाई सक्षम बनाउँछ: त्यसकारण, हामी वास्तवमै को हौं भनी यसले प्रकट गर्दछ (मत्ती १२:३३-३७; १५:१-२०; मर्कूस ७:२-२३)।

आ. हामी सामाजिक प्राणीहरु हौं । हामीहरु स्वीकार अनि पुष्टि गरिएको कुरासित सम्बन्धित हुन्छौं । हामीलाई यो परमेश्वरबाट अनि हाम्रा मानिस साथीहरुबाट आवश्यक पर्छ । वचनहरुसित यी आवश्यकताहरु पूरा गर्ने दुवै सकारात्मक (२ तिमोथी ३:१५-१७) र नकारात्मक (यहूदा ३:२-१२) तरिकाहरु छन् ।

इ. मानवको बोलीमा भयङ्कर क्षमता हुन्छ; आशिर्वाद दिने क्षमता (एफिसी ४:२९) र सराप्ने क्षमता (यहूदा ३:९)। हामीले बोल्ने कुराका निम्ति हामी उत्तरदायी हुन्छौं (मत्ती १२:३६-३७; यहूदा ३:२-१२)

ई. हामीहरुलाई हाम्रा वचनहरु (मत्ती १२:३३-३७; लूका ६:३९-४५) साथै हाम्रा कामहरु (मत्ती २५:३१-४६) द्वारा न्याय दिइन्छ । हामीले जे रोप्तछौं त्यसको कटनी गर्नेछौं (गलाती ६:७)

७:२१ **"मानिसको हृदयबाट"** येशूले पाप लाग्ने प्रकृतिहरु र कामहरुको एउटा सिलसिलेदार सूची बनाउनुहुन्छ । Stoic हरुद्वारा यी यस्ता प्रकारका पापकर्महरु गरिएका थिए । यो एउटा जस्तै पावलसित पनि पापहरुका विभिन्न सूचीहरु छन् (रोमी १:२९-३१; १ कोरिन्थी ५:११; ६:९; २ कोरिन्थी १२:२०; गलाती ५:१९-२१; एफिसी ४:३१; ५:३-४; कलस्सी ३:५-९; २ तिमोथी ३:२-५)। १ पत्रुस ४:२ मा गुण र अवगुण भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

- **"व्यभिचार"** यस ग्रीक शब्द जस्तै अंग्रेजी शब्द "Pornography" ले पनि एउटै सुरुको शब्द चलाउँछ । यसको अर्थ जुनसुकै अनुपयुक्त यौनक्रिया : विवाहपूर्वको यौनक्रिडा, समलिङ्गी यौन, पशुसितको यौन, अनि लेवीहरुका उत्तरदायित्वहरुको एउटा इन्कारसमेत (उत्तराधिकार प्रदान गर्नलाई एउटा मृत दाज्यूकी विधवासित एउटा भाइ यौनिक सम्बन्ध राख्न असफल हुनु) भन्ने हुन्थ्यो ।

पूरानो करारमा विवाहपछिको अन्यगमन (परगमन) र विवाह अगाडिको धेरैसँगको यौनसम्बन्ध ( व्यभिचार) बीचमा एउटा विभेद थियो । जे भएपनि, नयाँ करार अवधिद्वारा यो फरक हराइएको छ ।

- **"हत्या .... लोभ ..... छल ...... घमण्ड"** यिनै शब्दहरुले रोमी १:२९-३१ मा अधर्मी संसारलाई वर्णन गर्दछन् । तिनीहरुले एउटा नियन्त्रण बाहिरको हृदय, "जस्तोसुकै मूल्यमा स्वार्थ" तर्फ झुकेको एउटा हृदयलाई देखाउँछन् ।
- **"परस्त्रीगमन"** यो *miocheia* भन्ने शब्द हो, जसले विवाहबाहेकको यौन क्रियाको सम्बन्धलाई संकेत गर्दछ (१ कोरिन्थी ६:९-१०) । यो मूर्तिपूजाको निम्ति आलङ्कारिक रुपमा प्रयोग भयो । पूरानो करारमा YHWH दुलाहा र इस्राएल दुलही थिए, त्यसकारण, अन्य परमेश्वरहरुलाई मान्नु अन्यगमनको एउटा रुप थियो ।
- **"छाडापन"** रोमी १३:१३ मा विश्वासीहरु कसरी बच्नुहँदैन भन्ने देखाउनलाई यसलाई प्रयोग गरिन्छ । *Greek-English Lexicon of the New Testament Based on Semantic Domains*, पुस्तक १, पृष्ठ ७७१ मा, यस पदलाई Louw र Nida ले "नैतिक नियन्त्रण पूर्णरुपले कमी भएको, प्रायः अश्लील यौनको आशय सहित" का रुपमा

परिभाषित गर्दछन् । यी पदहरुमध्ये कतिले एउटा अनियन्त्रित यौन तसर्थ पहिलो शताब्दीको अधर्मी संस्कृतिको विशेषतालाई संकेत गर्छन् भन्ने ख्याल गर्नुहोस् ।

७:२२ पापहरुको यस सूचीको क्रम अनुवादहरु पिच्छे फरक हुन्छ । सारांशमा, परमेश्वर बाहेकको जीवन नियन्त्रण बाहिरको हो । गलाती ५:१९-२१ मा पावलको सूचीले दुष्टतालाई वर्णन गर्छ अनि गलाती ५:२२-२३ मा सूचीले परमेश्वरीय कुराको वर्णन गर्छ ।

- **NASB, NRSAV, NJB** **"इर्ष्या"**
  **NKJV** **"एउटा दुष्ट युग"**
  **TEV** **"इर्ष्या"**

शाब्दिक रुपमा यो "एउटा दुष्ट युग" (NASB छेउको टिप्पणी) हो । पूर्व नजिकमा मानिसहरु आफूहरुलाई कसैले सरापको (अर्थ, सक्रिय दुष्टता) प्रति अति होसियार थिए । हिब्रूमा यो आत्मकेन्द्रित इर्ष्याको संकेतार्थ हो (व्यवस्था १५:९; उपदेशक २३:६)

- **NASB, NRSV, TEV, NJB** **"निन्दा"**
  **NKJV** **"निन्दा"**

शाब्दिक रुपमा यो शब्द "निन्दा" हो, जसले कसैका बारेमा केही कुरा भन्नुलाई जनाउँथ्यो जुन साँचो कुरा थिएन । यसलाई परमेश्वर या मानिसहरुबारे निन्दा वा बेइज्जतका रुपमा प्रयोग गर्न सकिन्छ (प्रेरित ६:११, रोमी २:२४)

- **"घमण्ड"** यसले "जिद्दी", "तिरस्कारी" या घमण्डी व्यक्तिलाई जनाउँदछ (लूका १:५१; रोमी १:३०; २ तिमोथी ३:२; यहूदा ४:६; १ पत्रुस ५:५)

७:२३ मत्ती १५:२० को समानान्तरले सम्पूर्ण मतभेदलाई सारांशमा दिन्छ (१ शमूएल १६:७)

NASB (UPDATED) TEXT:7:24-30

२४त्यहाँबाट उठेर उहाँ टुरोस र सीदोनका सीमातिर गएर एउटा घरभित्र पस्नुभयो । यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँ चाहनुहुन्थ्यो तर उहाँ गुप्त रहन सक्नुभएन । २५त्यसैबेला एउटी स्त्रीले उहाँको विषयमा सुनी र आएर उहाँको पाउमा परी - त्यस स्त्रीको छोरीलाई अशुद्ध आत्मा लागेको थियो । २६त्यो सिरियाको फोनिकेमा जन्मेकी एउटी ग्रीक स्त्री थिई त्यस स्त्रीले आफ्नी छोरीबाट भूत निकालिदिउन् भनी उहाँलाई बिन्ती गरी । २७उहाँले त्यसलाई भन्नुभयो, "पहिले छोराछोरीहरुलाई खान देऊ, किनकी छोराछोरीहरुका रोटी लिएर कुकुरहरुलाई फालिदिनु उचित होइन ।" २८तर त्यसले उहाँलाई भनी, "हो प्रभु, तर कुकुरहरुले पनि त छोराछोरीहरुले टेबुलमुनि खसालेका टुक्राहरु खान्छन् ।" २९उहाँले त्यसलाई भन्नुभयो, "तिमीले यसो भनेको कारण नै तिमी घर जाऊ । तिम्री छोरीबाट भूत निस्केर गएको छ ।" ३०त्यो घरमा गई र छोरीलाई खाटमा सुतिरहेकी भेट्टाई र त्यसबाट भूतचाहिँ निस्किसकेको थियो ।

**७:२४ "टुरोस"** पूरानो करारको वाचा गरिएको जमीनभन्दा बाहिर, यो गालीलको समुद्रको उत्तरपश्चिम भाग हो । यो विशेषतः अन्य जातिको एउटा क्षेत्र थियो ।" अनि सिरोन" भन्ने वाक्यांश D. L र W जस्ता केही पूराना ग्रीक पाण्डुलिपीहरुमा छुटेको छ तर मत्ती १५:२१ र मर्कूस ७:३१ र ℵ, A र B पाण्डुलिपीहरु साथै Vulgate र Pestitta म उपस्थित नै छ ।

- **"तर उहाँ गुप्त रहन सक्नुभएन"** यो उहाँको आश्चर्यकर्महरुको परिणाम थियो (३:८) । अन्य जातिको एउटा मुख्य क्षेत्रमा पनि उहाँले आफ्ना चेलाहरुसित व्यक्तिगत समय र विश्राम गर्ने समय पाउन सक्नुभएन ।

**७:२५ "छोरीलाई अशुद्ध आत्मा लागेको थियो"** सन्तानहरुलाई कसरी भूत लाग्दछ भन्ने बारे यहाँ उल्लेख गरिएको छैन न त ९:१७-१९ को लेखमा नै छ । यी एउटा पारिवारिक आत्मा (अर्थ, एउटा परिवारिभित्र पुस्तौदेखि लाग्ने भूत) हो जस्तो देखिँदैन । १:२५ मा भूत धपाउने नामक विशेष शीर्षक हेर्नुहोस् ।
**"उहाँको पाउमा परी"** (१) ठूलाबडालाई अनुरोध गर्ने अथवा (२) नमूनाको यो एउटा परम्पारिक चिह्न थियो । यो हुनसक्छ कि उनले येशूका आश्चर्यकर्महरुबारे सुनेकी थिइन् ।
**७:२६ "सिरियाको फानेकीमा जन्मिएकी एउटी ग्रीक स्त्री"** सम्झनुहोस्, येशूले एउटा अन्य जातिको जमीनमा एउटा निको पारिने सेवाकाइ सुरु गरेको भए, यहूदी जनसङ्ख्याद्वारा तिनीहरुको पूर्वाग्रहका कारण उहाँलाई अस्वीकार गर्न सक्दथे ।

१ राजा १७ मा त्यहाँ एउटी Phoenician स्त्रीलाई येशूको सेवाकाइ र एउटी Phoenician स्त्रीलाई एलियाको सेवाकाई बीचमा एउटा चाखलाग्दो समानान्तर छ । दुवैमा घृणित अन्यजातिहरुलाई परमेश्वरको प्रेम, चासो र सहयोग उपलब्ध छन् । यो उहाँको मसिहीको अर्को लुकेको प्रमाण हुनसक्छ ।

यो स्त्री र येशूबीचको अन्तरसम्वाद कुन भाषामा गरियो ? यो निश्चित देखिन्छ कि यो ग्रीक भाषा हुनुपर्दथ्यो । उत्तरी प्यालेस्टाइनमा हुर्केका येशू तीन भाषाका ज्ञाता भएको हुनुपर्दछ । लूका ४:१६-२० मा येशूले यशैयाको एउटा हिब्रूमा लेखेको कागजबाट पढ्नुहुन्छ । सभाघरको स्कुलमा उहाँलाई बाइबलीय हिब्रूको ज्ञान भएको हुनसक्छ । उहाँले प्रायः आरमिक बोल्नुभयो । उहाँले Koine Greek बोल्न सक्नुहुन्थ्यो (अर्थ हो, पिलातससितको व्यक्तिगत कुराकानी)।

- **"बिन्ती गरी"** यो एउटा अपूर्ण काल हो । उसले धेरैपटक भनी ।
- **"भूत निकालिदिन"** यो एवरिष्ट कर्तृवाच्य असम्भाव्यता हो । उसँग येशूको क्षमता र काम गर्ने इच्छाशक्ति बारेमा अझै पनि केही शंका थियो, जुनचाहिँ असम्भाव्यता अवस्थाद्वारा अभिव्यक्त गरिएको छ ।

**७:२७ "छोराछोरीहरु"** यस पारिवारिक पदले इस्राएललाई संकेत गर्दछ । (मत्ती १५:२४)

**७:२४-२८**

**NASB, NRSV, TEV** **"कुकुरहरु"**

**NKJV, NJB** **"साना कुकुरहरु"**

नयाँ करारमा यो पदावली यही मात्र छ । यो छोटो रुप (अर्थ, *Kunarion*) "कुकुरका बच्चा" (NJB सित "घरका कुकुरहरु" छ) मा भएको कारण यसको कठोरता हराएको छ । यहूदीहरुले अन्य जातिहरुलाई उपहासको निम्ति "कुकुरहरु" भन्दथे । यो वार्तालापले चेलाहरुलाई अन्य जातिहरुप्रति तिनीहरुको पूर्वाग्रहलाई मेटाउन सहयोग गरोस् भन्ने अपेक्षा राखिएको थियो (मत्ती १५:२३), उनको ठूलो विश्वास थियो भनेर येशूले पहिचान गर्नुभयो अनि सार्वजनिक रुपमा घोषित गर्नुभयो (मत्ती १५:२८)।

**७:२८ "प्रभु"** यूहन्ना ४:११ मा जस्तै यो "हजुर" अथवा "श्रीमान" को परम्पारिक अर्थका रुपमा सायद यसलाई प्रयोग गरिएको छ । आश्चर्यपूर्वक मर्कूसको सु-समाचारमा येशूलाई भनिएको *kurios* को प्रयोगको यो एउटामात्र उदाहरण हो ।

- **"छोराछोरीहरु"** शाब्दिक रुपमा यो "साना सन्तानहरु" (*paidion*) हो । यस सन्दर्भमा विभिन्न लघु रुपहरु त्यहाँ छन् । *Word Pictures in the New Testament*, पुस्तक १, पृष्ठ ३२६ मा A.T. Robertson भन्दछन्", साना छोराछोरीहरुले कुकुरका निम्ति नै केही टुक्राहरु खसाले"। प्रत्येकले आशा गर्दछन् कि येशूका आवाज रुपान्तरण, अनुहारको आकृति र शरीरको भाषा अभिलेख गरिएका हुन सक्थे । मलाई लाग्छ शब्दहरुले मात्रै अभिलेख गरेको भन्दा जम्काभेट अनि सकारात्मक थियो ।
- **"छोराछोरीहरुका रोटीहरु"** धनीहरुको खाना खाइसकेपछि हातहरु पुछ्नलाई, एउटा रुमाल जस्तै रोटी प्रयोग गर्थे ।

**७:२९ "यसो भनेको कारण"** यी आमाको दृढता र विश्वासको धारणाबाट येशू प्रभावित हुनुभयो (मत्ती १५:२८) । येशूले धेरैपटक अरुको विश्वासमा आधारित मानिसहरुलई निको पार्नुभयो । बचाउनुभयो ( २:३-१२; ९:१४-२९; मत्ती ८:५-१३) ।

- **"जाऊ, तिम्री छोरीबाट भूत निस्केर गएको छ"** यस स्त्रीले विश्वास गरी कि कुनै कर्मकाण्ड या जादुविना नै टाढैबाट येशूले भूत धपाउन सक्नुहुन्थ्यो ।

**७:२९; ३० "गएको छ"** पद २९ मा यो एउटा पूर्ण कर्तृवाच्य संकेतार्थ हो अनि पद ३० मा यो एउटा पूर्ण कर्तृवाच्य कृदन्त हो, जसले एउटा विगतको कामको स्थायी परिणाममा जोड दिन्छ । भूत निस्किसकेको थियो अनि टाढै रहने थियो ।

**७:३० "खाटमा सुतिरहेकी"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो जसलाई दुई तरिकाले बुझ्न सकिन्थ्यो : (१) भूतले हिंसापूर्वक छोडेको थियो (१:२६; ९:२६) अनि सानी केटीलाई ओछ्यानमा फ्याँकेको थियो अथवा (२) उनको भूत लागेको अवस्थाले गर्दा उनी खाटमा सुत्नुपरेको थियो ।

NASB (UPDATED) TEXT: 7:31-37

३१टुरोसको इलाकाबाट निस्केर उहाँ सीदोन भएर डेकापोलिसका सिमानाका बीचबाट हुँदै गालील -
समुद्रमा जानुभयो । ३२त्यहाँ मानिसहरुले एउटा बहिरो र गूँगो मानिसलाई उहाँकहाँ ल्याए र त्यसमाथि

हात राखिदिनोस् भनी उहाँलाई बिन्ती गरे ३३त्यसलाई भीडबाट अलग्गै एकान्तमा लगेर येशूले आफ्ना औंला त्यसका कानमा लगाउनुभयो । त्यसपछि थुकेर त्यसको जिब्रो छुनुभयो । ३४अनि स्वर्गतिर हेरेर लामो सास लिई त्यसलाई भन्नुभयो, "इफ्फाता" अर्थात् "खोलिजा" । ३५त्यति नै बेला त्यसका कान खोलिए, र त्यसको जिब्रोको बन्धन फुक्यो, र त्यो स्पष्ट बोल्न लाग्यो । ३६"यो कसैलाई नभन्नु" भनी उहाँले तिनीहरुलाई आज्ञा दिनुभयो । तर जति-जति उहाँले मानिसहरुलाई आज्ञा दिनुहुन्थ्यो, झन् बढी उत्साहसाथ तिनीहरुले यसको घोषणा गर्दथे । ३७मानिसहरु आश्चर्यले अत्यन्तै चकित भए, र भन्न लागे, "उहाँले सबै कुरा असल गर्नुभएको छ । उहाँले भन्न लागे, "उहाँले सबै कुरा असल गर्नुभएको छ । उहाँले बहिरालाई सुन्ने र गूँगालाई बोल्नेसम्म पनि तुल्याउनुहुन्छ ।"

७:३१ यो भौगोलिक व्याख्या असाधारण छ । समुद्र किनारमा सिदोन टुरोसको उत्तरमा थियो जब कि डेकापोलिस गालीलको समुद्रको पूर्व र दक्षिणमा थियो । NKJV मा "टुरोस र सिदोनको इलाकाबाट निस्केर" छ तर $P^{45}$, A, W, र Pestitta द्वारा यो अनुवादलाई आत्मसात गरिएको छैन । धेरै लेखका समालोचनाहरुले धेरै कठिन लेखलाई समर्थन गर्दछन् जसले येशूलाई दक्षिण जनुभन्दा पहिल्यै उत्तर र पूर्व लैजान्छ ।

- **"गालीलको समुद्र"** पानीको त्यस भागलाई (१) पूरानो करारमा किन्नरेत; (२) लूका ५:१ मा गनेसरेतको झील ; अनि (३) यूहन्ना ६:१; २१: १ मा पहिलो शताब्दी रोमी अवधि भरि तिबेरियासको समुद्र भनिन्थ्यो ।
- **"डेकापोलिसको क्षेत्र"** यो Gedarene Demoniac को क्षेत्र थियो (५:१-२०)। यो गालीलको समद्रुको पूर्व र दक्षिणको एउटा अन्य जातिको क्षेत्र पनि थियो । यी क्षेत्रहरुमा येशूको सेवाकाईको अन्य जातिहरुप्रति उहाँको प्रेमलाई देखाउँछ ।

**७:३२ "बहिरो थियो अनि कठिनसाथ बोल्यो"** यस पदलाई नयाँ करारमा यहाँ मात्रै र यशैया ३५:६ मा *Septuagint* मा प्रयोग गरिन्छ । पद ३७ ले यशैया ३५:५-६ सित सम्बन्धित हुनसक्छ, जुनले मसिहको भविष्यको निको पार्ने सेवाकाइ वर्णन गर्दछ ।

**"त्यसपछि उहाँका हात राखिदिन"** तलको विशेष शीर्षक हेर्नुहोस् ।

**विशेष शीर्षक : बाइबलमा हात राख्ने काम**

बाइबलमा व्यक्तिगत संलग्नताको यो संकेतलाई विभिन्न तरिकामा प्रयोग गरिन्छ ।

१. शपथ खानु (अर्थ, हात तिघ्रामूनि राख्नु (उत्पत्ति २२४:२ ९; ४७:२९))
२. परिवारको नेतृत्व हस्तान्तरण (उत्पत्ति ४८:१४, १७, १८)
३. प्रतिस्थापनको रुपमा एउटा बलि चढाइएको जनावरको मृत्युसित पहिचान गर्दा,
   अ. पूजाहारीहरु (प्रस्थान २९:१०, १५, १९; लेवी १६:२१; गन्ती ८:१२)
   आ. सामान्य मानिसहरु (लेवी १:४; ३:२, ८; ४:४, १५, २४: २ कोरिन्थी २९:२३)
४. एउटा विशेष कार्य वा सेवाकाइमा परमेश्वरको सेवा गर्न व्यक्तिहरुलाई अलग राख्नु (गन्ती ८:१०; २७, १८, २३; व्यवस्था ३४: ९; प्रेरित ६:६; १३:३; १ तिमोथी ४:१४; ५:२२; २ तिमोथी १:६)
५. एउटा पापीको न्याय ढुङ्गाले हानिने कुरामा भाग लिने (लेवी २४:१४)

६. कसैको मुखमा हात राख्नुले चूप रहनु वा मौन स्वीकृति जनाउँछ (न्याय १८:१९; यहोशू २१:५; २९:९; ४०:४; मिका ७:१६)
७. आफ्नै टाउकोमा हात राख्नुको अर्थ दु:ख । शोक भन्ने हुन्छ । (२ शमूएल १३:१९)
८. स्वास्थ्य, खुशीयाली, अनि परमेश्वरीयताको निम्ति एउटा आशिर्वाद प्राप्त गरिनु (मत्ती ९:१८; मर्कूस ५:२३; ६:५: ७:३२; १६:१८: लूका ४:४०; १३:१३; प्रेरित ९:१७; २८:८)
१०. पवित्र आत्मा प्राप्त गर्नु (प्रेरित ८:१७-१९; ९:१७; १९:६)

त्यहाँ परिच्छेदहरुमा समानताको एउटा आश्चर्यपूर्ण कमी छ जुन गुरुहरुको पादरीको प्रतिस्थापनलाई मद्दत गर्नलाई ऐतिहासिक रुपमा प्रयोग गरिएका छन् (अर्थ, कुनै व्यक्तिलाई पादरी अभिषेक गरिने समारोह) ।

१. प्रेरित ६:६ मा प्रेरितहरु सातजनामाथि स्थानीय सेवाकाइका निम्ति हात राखे ।
२. प्रेरित १३:३ मा अगमवक्ताहरु र शिक्षकहरुले बारनाबास र पावलमाथि सु-समाचार प्रचार गर्नका निम्ति हात राखेर बिदा दिए ।
३. १ तिमोथी ४:१४ मा स्थानीय एल्डरहरुको तिमोथीको सुरुको वरदान र अंश उनीमाथि हात राखेर दिलाए ।
४. २ तिमोथी १:६ मा पावलले तिमोथीमाथि हात राखे ।

यो विभिन्नता अनि अस्पष्टताले पहिलो शताब्दीको मण्डलीमा संगठनको कमी भएको चित्रण गर्दछ । सुरुको मण्डली बढी गतिशील थियो अनि विश्वासीहरुका आत्मिक उपहारहरु नियमित रुपमा प्रयोग गर्दथ्यो (१ कोरिन्थी १४)। एउटा सरकारी नमुना अथवा कुनै व्यक्तिलाई पादरी बनाउने तरिका समर्थन गर्न अथवा चित्रण गर्न मात्रै नयाँ करार लेखिएको थिएन ।

**७:३३ "त्यसलाई भीडबाट अलग्गै एकान्तमा लगे"** उसलाई छिटै निको पार्न र सजिलो पार्न यसो गरियो (८:२३)।

- **"आफ्ना औंलाहरु त्यसका कानमा लगाउनुभयो"** येशूले साँस्कृतिक रुपले स्वीकार्य हुने भौतिक संकेतद्वारा उहाँ के गर्ने कोशिस गर्दै हुने भौतिक संकेतद्वारा उहाँ के गर्ने कोशिस गर्दै हुनुहुन्थ्यो भनेर त्यो मानिससित सञ्चार गर्दै हुनुहुन्थ्यो (अर्थ, कानमा औंला र जिब्रोमा र्‍याल)
- **"थुकेर त्यसको जिब्रो छुनुभयो"** पहिलो शताब्दीमा Mediterranean संसारमा थुक सामान्य रुपमा औषधीका रुपमा प्रयोग गरिन्थ्यो । यसको अर्थ मानिसको विश्वास बढाउनुभएको हुन्थ्यो ।

**७:३४ "अनि स्वर्गतिर हेरेर"** येशूका दिनमा यो यहूदी आराधनाको निम्ति मानव शरीरको स्थिति थियो । अर्थ, उभिनु, आँखा खुला, शिर उठाएको, हातहरु उठाएको)

**"लामो सास लिई"** यसले एउटा नबोलिएको आवाजलाई जनाउँछ जसले बलियो भाव अभिव्यक्त गर्छ (रोमी ४;८: २२-२३; २ कोरिन्थी ५:१२)। यो सकारात्मक (मर्कूस ७:३४, रोमी ८:२६) अथवा नकारात्मक (प्रेरित ७:३४; यहूदा ५:९) हो भन्ने कुरा शाब्दिक सन्दर्भमा भर पर्दछ । यसले विद्रोहद्वारा विनाश गरिएको एउटा संसारमा पाप रोगप्रति येशूको शोकलाई प्रकट गरेको हुनसक्छ । यस पदको एउटा यौगिक रुपमा ८:१२ मा देखापर्छ ।

**"इफ्फाता"** यो एउटा आरामिक एवरिष्ट कर्मवाच्य आज्ञार्थक हो जसको अर्थ "खोलिजा" (अनि खुला थिए, पद ३५) हो । पत्रुसले यही Aramaic शब्द सम्भनुभयो । जुन येशूले बोल्नुभयो अनि मर्कूसले यसलाई अन्य जाति (रोमी) का पाठकहरुका निम्ति ग्रीकमा अनुवाद गरे । ५:४१ मा टिप्पणी हेर्नुहोस् ।

**७:२६ "यो कसैलाई नभन्नु"** भनी उहाँले तिनीहरुलाई आज्ञा दिनुभयो"

यसको कारण थियो कि सु-समाचार अभै पूरा भएको थिएन । येशूले एउटा आश्चर्यकर्म गर्नेका रुपमा चिनिन चाहनुभएन । मानिसहरुको भीड पहिले नै समस्या थियो । यो "मसिही रहस्य" मर्कूसको विशेषता हो । जे होस्, आश्चर्यपूर्ण छ किनभने येशूले मर्कूसमा आफ्ना बारेमा अति गोप्य कुरारु भन्नुहुन्छ अनि धेरै कामहरु गर्नुहुन्छ अनि आत्मिक आँखाहरु देख्नलाई खुला भएकाहरुका निम्ति प्रचलित यहूदी इच्छाहरुलाई पूरा गर्नुहुन्छ ।

७:२७ बहिरोलाई निको पार्नु एउटा प्रस्ट मसिही संकेत थियो (यशैया ३५:५-६)

- **"उहाँले सबै कुरा असल गर्नुभएको छ"** यो एउटा पूर्ण कर्तृवाच्य संकेतार्थ हो । उत्तरी प्यालेस्टाइनका मानिसहरुद्वारा निर्मित कस्तो एउटा सारगर्भित वाक्य !

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. हामीले परम्पारसित कसरी सम्बन्ध गाँस्नुपर्छ ? परम्परालाई परिभाषित गर्नुहोस् ।
२. के येशूले पूरानो करारलाई अलग राख्दै हुनुहुन्थ्यो ? यदि हो भने हामीले पूरानो करारलाई कसरी उत्प्रेरणाको स्रोतका रुपमा व्यवहार गर्छौं ? (पद १९)
३. धर्मप्रति येशूको धारणा र फरिसीहरुको धारणा बीचको फरक व्याख्या गर्नुहोस् ।
४. येशू किन एउटा अन्यजातिको मुख्य क्षेत्रमा जानुभयो ? (पद २४)
५. एउटा सन्तानलाई कसरी भूत लाग्दछ ? आजभोलि के यस्तो हुन्छ त ? (पद २५)
६. किन येशूले तिनीहरुलाई त्यस मानिसलाई निको पारिएको बारे कसैलाई नभन्नु भनेर भन्नुभएको थियो ? (पद ३६)

## मर्कूस ८

### आधुनिक अनुवादहरुको परिच्छेद विभाजन

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| चार हजारलाई खुवाइएको | चार हजारलाई खुवाइएको | चार हजारले खाएको | येशूले चार हजार मानिसहरुलाई खुवाउनु भएको | रोटीको दोस्रो आश्चर्यकर्म |
| ८:१-१० | ८:१-१० | ८:१-१० | ८:१-३; ८:४; ८:५; ८:६-१० | ८:१-१० |
| चिह्नको माग | फारिसीहरुले चिह्न खोजेका | चिह्नहरु माथिको कथन | फारिसीहरुले आश्चर्यको माग गरेका | फारिसीहरुले स्वर्गबाटको चिह्नको माग गरेको । |
| ८:११-१३ | ८:११-१२ | ८:११-१३ | ८:११-१२ | ८:११-१३ |
| | हेरोद अनि फरिसीहरुको खमीरदेखि होसियार | | | |
| | ८:१३-२१ | ८:१३ | | |
| फरिसी अनि हेरादको खमीर | | फारिसीहरुको खमीर | फारिसी अनि हेरोदको खमीर | फारिसी अनि हेरोदको खमीर |
| ८:१४-२१ | - | ८:१४-२१ | ८:१४-१५; ८:१६ ८:१७-१९; ८:२०; ८:२१ | ८:१४:२१ |
| बेथसेदामा अन्धो मानिसको चँगाई | बेथसेदामा अन्धो पक्षाघाती निको भएको | अन्धो मानिस निको भएको | बेथसेदामा येशूले अन्धो मानिसलाई निको | बेथसेदामा अन्धो मानिसको चँगाई |

| | | | | |
|---|---|---|---|---|
| | | | बनाउनुभएको | |
| ८:२२-२६ | ८:२२-२६ | ८:२२-२६ | ८:२२-२३; ८:२४; ८:२५-२६ | ८:२२-२६ |
| येशूको विषयमा पत्रुसको घोषणा | पत्रुसले येशूलाई खीष्टको रुपमा स्वीकारेका | पत्रुसको प्रायश्चित | येशूको विषयमा पत्रुसको घोषणा | पत्रुसको विश्वासको प्रायश्चित |
| ८:२७-३० | ८:२७-३० | ८:२७-३० | ८:२७; ८:२८; ८:२९अ; ८:२९आ ८:३० | ८:२७-३० |
| येशूले आफ्नो मृत्यु अनि पुनरुत्थानको भविष्यवाणी गर्नुहुन्छ | येशूले आफ्नो मृत्यु अनि पुनरुत्थानकृ अगमवाणी गर्नुहुन्छ | - | येशूले आफ्नो कष्ट अनि मृत्युको विषयमा बोल्नुहुन्छ | कष्टको पहिलो भविष्यवाणी |
| ८:३१-९:१ | ८:३१-३३ | ८:३१-३३ | ८:३१-३३ | ८:३१-३३ |
| - | क्रूस बोकेर उहाँको पछि लागेका | चेलापन | - | येशूलाई पछ्याउनुपर्नेमा शर्त |
| | ८:३४-९:१ | ८:३४-९:१ | ८:३४-९:१ | ८:३४-९:१ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

**संक्षिप्त सु-समाचारहरु समानान्तर रहेका छन् :**

अ. येशूले भीडलाई घरिघरि खुवाउनुभएको थियो कि अथवा, आधुनिक पश्चिमी व्याख्याकारहरुमा केही अज्ञात कारणको लागि, यस घटनालाई दोहोऱ्याइएको छ (जुनचाहिँ ६:३४-४४ अनि ८:१-१० हो) भन्ने कुरामा कसैलाई अचम्म लाग्न सक्छ ।

आ. मर्कूस ८:१०-१२ लाई मत्ती १५:३९-१६:४ मा समानान्तर गरिएको छ ।

इ. मर्कूस ८:१३-२६ लाई मत्ती १६:५-१२ मा समानान्तर गरिएको छ ।

ई. मर्कूस ८:२७-३० लाई मत्ती १६:१३-२० अनि लूका ९:१८-२१ मा समानान्तर गरिएको छ ।

उ. मर्कूस ८:३१-३७ लाई मत्ती १६:२१-२६ अनि लूका ९:२२-२५ मा समानान्तर गरिएको छ ।

ऊ. मर्कूस ८:३८-९:१ लाई मत्ती १६:२७-२८ अनि लूका ९:२६-२७ मा समानान्तर गरिएको छ ।

**शब्द अनि वाक्यांशको अध्ययन**

## NASB (UPDATED) TEXT: 8:1-10

१.ती दिनमा फेरि एउटा भीड जम्मा भयो, तर तिनीहरुसित खानेकुरा केही थिएन । तब येशूले चेलाहरुलाई आफुकहाँ बोलाएर भन्नुभयो, २"यस भीडलाई म टिठ्याउँछु, किनभने यिनीहरु मसँग रहेका आज तीन दिन भयो, र यिनीहरुसित खानलाई केही छैन । ३अनि यदि यिनीहरुलाई भोकै घर पठाएँ भने यिनीहरु बाटोमै मूर्च्छा पर्ने छन् । यिनीहरुमध्ये कोही-कोही टाढाबाट आएका छन् ।" ४उहाँका चेलाहरुले उहाँलाई भने, "यस निर्जन स्थानमा यिनीहरुलाई कसरी रोटी खुवाउने ?" ५उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरुसित कति ओटा रोटी छन् ?" तिनीहरुले भने, "सातओटा" ६उहाँले भीडलाई भूइँमा बस्ने हुकुम दिएर, सातओटा रोटी हातमा लिई धन्यवाद दिएपछि रोटी भाँच्नुभयो, र मानिसहरुका अघि राख्नु भनी चेलाहरुलाई दिनुभयो, र तिनीहरुले मानिसहरुका अघि राखिदिए । ७तिनीहरुसित केही ससाना माछाहरु पनि थिए, र उहाँले आशिर्वाद दिएर ती पनि तिनीहरुका अगाडि राख्न लाउनुभयो । ८अनि मानिसहरुले खाए, र तृप्त भए । अनि उब्रेका टुक्राहरु तिनीहरुले सात डालाभरि उठाए । ९त्यहाँ प्रायः चार हजार मानिसहरु थिए । १०उहाँले तिनीहरुलाई बिदा गरी पठाउनुभयो, अनि उहाँचाहिँ आफ्ना चेलाहरुसँग तुरुन्तै डुङ्गामा चढेर दलमनुथाको क्षेत्रमा जानुभयो ।

**८:१ "ती दिनमा"** यस विवरणचाहिँ प्रायजसो अन्य जातिहरु भएको डेकापोलिस क्षेत्रमा भएको थियो ( ७:३१)।

- **“फेरि एउटा ठूलो भीड जम्मा भयो”** यसले यस समयको अवधिमा येशूको सेवाकाईलाई चरितार्थ गर्दैनथ्यो ।

**८:२ “यस भीडलाई म टिठ्याउँछु”** यस “टिठ्याउनु” शब्दचाहिँ शरीरको तल्लो भाग (कलेजो, मिर्गौला, आन्द्राहरु) को लागि ग्रीक शब्दबाट आएको हो । पूरानो करारमा यहूदीहरुले संवेगको स्थानचाहिँ तल्लो आन्द्रालाई सुम्पिदिएका थिए ।

येशूले मानिसहरुलाई प्रेम गर्नुहुन्छ (१:४१; ६:३४; ८:२; ९:२२; मत्ती ९:३६; १४:४१; १५:३२; १८:२७; २०:३४; लूका ७:१३; १०:३३)। यी मानिसहरुलाई तिनीहरुका जीवनभरी नै धर्म गुरुहरुद्वारा इन्कार गरिएको थियो । तिनीहरु येशूको वास्ताप्रति झुम्मिन्थे ।

- **“यिनीहरु मसँग रहेको आज तीन दिन भयो”** यो एउटा बडाइएको शिक्षा दिने समय थियो । यहूदीहरुले दिनहरुलाई बेलुकीपखदेखि अर्को बेलुकीपखसम्म गन्थे । तिनीहरुले आफूहरुलाई अझ केही खानेकुरा किन्नको लागि सम्म पनि अलग गर्न सकेनन् । अहिलेसम्म त तिनीहरुले ल्याएका सबै कुरा तिनीहरुले खाइसकेका थिए ।

**८:३ “यदि”** यो एउटा तेस्रो श्रेणीको शर्तबन्द वाक्य हो, जसले क्षमतावान् कामको बारेमा बोल्दछ । तिनीहरु सबैजना शारीरिक रुपमै कमजोर छन् भन्ने कुरालाई येशूले दाबी गर्दै हुनुहुन्न, तर कोही कोही बिरामी अनि कमजोर थिए अनि मूर्च्छा पर्न सक्ने थिए ।

- **“यिनीहरु बाटोमै मूर्च्छा पर्नेछन्”** यस मूर्च्छा पर्ने कामचाहिँ खानाको कमीले गराउन सक्दथ्यो । सेप्टुअजिन्टको न्यायकर्त्ता ८:१५ अनि २:१९ मा हेर्नुहोस् । तिनीहरुले ल्याएका सबै खानेकुराहरु तिनीहरुले सकिसकेका थिए अनि उपवास बसिरहेका थिए ।
- **“कोही-कोही त टाढाबाट आएका थिए”** यसले येशूको प्रख्याती अनि आश्चर्यकर्म कतिसम्म फैलिएको थियो भन्ने देखाउँदछ । लाचार मानिसहरु सहायताको लागि कोशिस गर्दै जहाँ पनि जान्छन् । खानेकुरा किन्ने त्यहाँ कुनै ठाउँ नै थिएन । येशूले आफ्नो व्यवस्थामा चेलाहरुको विश्वासलाई जाँच गर्दै हुनुहुन्थ्यो ! तिनीहरु फेरि पनि असफल भए (६:३४-४४)

**८:६ “भूइँमा बस्ने”** यसले आराम गराइँको अवस्थालाई उल्लेख गर्दछ, जसले खानको लागि तयार रहेको संकेत गर्दथ्यो ।

**८:६.......८ “रोटी .... माछा”** योचाहिँ प्यालेष्टाइनका मानिसहरुका सामान्य दैनिक भोजन थियो । यो ६:३४-४४ मा जस्तै छ ।

- **“धन्यवाद दिएपछि”** खानेकुराको लागि आशिषको यो प्रार्थनाले परमेश्वरको दैनिक वास्ता अनि प्रबन्धलई स्वीकृति दिन्छ (मत्ती ६:११) । यहूदीहरुले खानभन्दा अघि सदैव प्रार्थना गर्दथे ।
- **“भाँच्नुभयो .......... अघि राखिदिनुभयो”** यो एउटा अपूर्ण काल अघि आएको एवरिष्ट हो । गुणनात्मकताको आश्चर्यकर्म त्यसबेला भयो जहिलेचाहिँ ६:४१ मा झैं येशूले रोटी भाँच्नुभयो ।

**८:८ "उब्रेका टुक्राहरु .......... सात डालाभरि ........."** योचाहिँ डालाको लागि ६:४३ भन्दा बेग्लै शब्द हो । यी डालाहरु एकदमै ठूला-ठूला थिए (प्रेरित ९:२५) । यस्ता उब्रेका टुक्राहरुलाई पछि प्रयोग गर्नको लागि संग्रह गरिन्थ्यो । तरैपनि, १४ पदबाट हामी सिक्छौं कि चेलाहरुले यसलाई बिर्से अनि तिनीहरुलाई छोडिदिए ।
**८:९ "प्रायः चार हजार"** मत्ती १५:८३ ले "मानिसहरु" पनि थपेको छ, जसको अर्थ हुन्छ भीड ठूलो थियो । यस निर्जन ठाउँमा त्यहाँ सम्भवत् धेरै स्त्रीहरु अनि नानीहरु थिएनन् होला, तर त्यहाँ निश्चय नै केही त थिए ।
**८:१० : "तुरुन्तै"** १:१० को टिप्पणीलाई हेर्नुहोस् ।

**"दलमनुथाको क्षेत्र"** यस वाक्यांशमा त्यहाँ कैयौं विभिन्नताहरु छन् । समस्याचाहिँ त्यो हो कि येशूको समयको प्यालेष्टाइन्मा यो नाउँ भएको कुनै पनि ठाउँलाई चिनिदैन थियो । त्यसैकारण, शास्त्रीहरुले यस स्थानको नाउँलाई मत्तीको "मगादान" सँग मिलाउनलाई परिवर्तन गरे (NKJV "मग्दाला")

## NASB (UPDATED) TEXT: 8:11-12

११फारिसीहरु उहाँकहाँ आएर उहाँसँग बहस गर्न लागे, र उहाँलाई परीक्षा गर्नलाई स्वर्गबाट एउटा चिह्न मागे । १२आफ्नो आत्मामा लामो सास लिएर उहाँले भन्नुभयो, "यस पुस्ताले किन चिह्न खोज्छ ?" साँच्चै म तिमीहरुलाई भन्दछु, यस पुस्तालाई कुनै चिह्न दिइने छैन ।" १३अनि तिनीहरुलाई छोडी उहाँ फेरि डुङ्गामा चडेर पारिपट्टि जानुभयो ।

८:११ **"फारिसीहरु ....... बहस गर्न लागे"** यो त सामान्य घटना थियो । तिनीहरुले उहाँको अधिकार, शक्ति अथवा प्रख्यातीलाई इन्कार गर्न सक्दैन थिए, यसैले तिनीहरुले उहाँलाई प्रश्नको जवाफ दिनु भनेर छल गर्ने कोशिस गर्थे, जुनचाहिँ उहाँका स्रोताहरुको विमुख गराउने माग हुन्थ्यो । २:१६ मा फारिसीमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"स्वर्गबाट एउटा चिह्न"** यूहन्नाको सु-समाचारमा "चिह्न" शब्दको विशेष अर्थ छ, तर यहाँ यसले उहाँका अधिकारका लागि फारिसीहरुका निवेदनलाई उल्लेख गर्दछ, सम्भवत् (१) कुनै भविष्यवाणी (व्यवस्था १३:२-५; १८:१८-२२); (२) कुनै स्वर्गीय चिह्न (यशैया ७:११; ३८:७-८); अथवा एउटा विध्वंशक चिह्न (शत्रुहरुमाथिको सैन्य विजयी)।
- **"उहाँलाई परीक्षा गर्न"** *Peirazō* शब्दको "विनाश गर्ने दृष्टिकोणबाट" कोशिस गर्नु, परीक्षा गर्नु अथवा सताउनुको संकेतार्थ रहेको छ । यो उजाड-स्थानमा भट्किएको कुराको अविश्वासको गुप्त उल्लेख हुन सक्दछ (प्रस्थान १७:७; गन्ती १४:११-१२, २२; व्यवस्था ३३:८) १:१३ मा "जाँच" को लागि ग्रीक शब्दमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**८:१२ "लामो सास लिएर"** यो एउटा मिश्रित शब्द हो अनि यसोस्ले "गहिरो आवाज" को विस्तृत रुप हो (७:३४)। येशूले काम अनि वचनद्वारा अघिबाटै तिनीहरुलाई आफ्नो अधिकार देखाइसक्नु भएको थियो, तर तिनीहरुको आत्मिकी अन्धोपन अझै पनि त्यत्तिकै थियो ।

- **"आफ्नो आत्मामा"** यसले येशूको व्यक्तित्वलाई उल्लेख गर्दछ (२:८) । मानिस-जातिको सम्बन्धमा १४:३८ मा पनि यसको त्यस्तै संकेतार्थ रहेको छ । मर्कूसमा 'आत्मा' शब्दचाहिँ तलका कुराहरुका लागि प्रयोग गरिएको छ :

१. पवित्र आत्मा (१:१०, १२)
२. अशुद्ध आत्मा (जुनचाहिँ भूत हो, १:२३, २६, २७; ३:११, २०; ५:२, ८, १३; ६:७; ७:५; ९:१७, २०, २५)
३. मानिसको आत्मा (२:८; ८:१२; १४:३८)

- **"यस पुस्ता"** यस शब्दको उजाड-स्थानमा घुमिहिँडेको अवधिसँग सम्बन्धित पूरानो करारका संकेतहरु पनि छन् (गन्ती ३२:१३; व्यवस्था १:३५; ३२:५, २०)
- **"साँच्चै"** यसको शाब्दिक अर्थ हुन्छ "आमेन्" को विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"म तिमीहरुलाई भन्दछु, यस पुस्तालाई कुनै चिह्न दिइने छैन"** एउटा बुझाइसँग संलग्न रहेको यो कठोर खण्डन (ग्रीक शर्तबन्ध वाक्य होइन) कि एउटा हिब्रू वाक्पद्धति हो, तरैपनि अव्यक्त शपथ हो । मत्ती १६:४ सँग तुलना गरिँदा येशूले स्पष्टरुपमा अरु कुनै चिह्न दिइने छैन भनेर अर्थ्याउनु भएको काम अनि वचनहरुमा पूरा भयो भन्ने हो), तर तिनीहरुले उहाँलाई अथवा तिनीहरुलाई स्वीकार गर्न इन्कार गरे किनभने उहाँले तिनीहरुको परम्पराहरु, साँस्कृतिक अवस्था अनि प्रख्यातीलाई चुनौति दिनुभएको थियो ।

८:१३ येशूले उत्तरी प्यालेष्टाइनमा एकदमै धेरै यात्रा गर्नुभयो किनभने सबैले उहाँको सन्देश सुनेको उहाँ चाहनुहुन्थ्यो तर भीडहरुको ठेलमठेलाको कारणले गर्दा पनि थियो ।

## NASB (UPDATED) TEXT: 8:14-21

१४चेलाहरुले साथमा रोटी बोक्न बिर्सेका थिए, र डुङ्गामा तिनीहरुसित एउटैमात्र रोटी थियो । १५येशूले चेलाहरुलाई यसो भनेर चेतावनी दिनुभयो, "तिमीहरु फरिसीहरुको खमीर र हेरोदको खमीरदेखि सतर्क रहे ।" १६तर तिनीहरुका साथमा रोटी नभएकोले येशूले यसो भन्नुभएको हो भनी तिनीहरुले आपसमा बहस गर्न लागे । १७येशूले यो थाहा पाएर तिनीहरुलाई भन्नुभयो, "तिमीहरुसित रोटी छैन भनी किन तिमीहरु बहस गर्दछौ ? के तिमीहरु अझै पनि देख्दैनौ वा बुझ्दैनौ ? के तिमीहरु सुन्दैनौं ? के तिमीहरुलाई याद छैन, १९जब मैले पाँचओटा रोटी ती पाँच हजारका बीचमा भाँचेथे, तब कति डालाभरि टुक्राटुक्रीहरु तिमीहरुले उठाएका थियौ ?" तिनीहरुले उहाँलाई जवाफ दिए "बाह्र"। २०"अनि जब ती सातओटा रोटी चार हजारको बीचमा भाँचेको थिएँ, तब कति डालाभरि टुक्राटुक्रीहरु तिमीहरुले उठाएका थियौ ?" तिनीहरुले उहाँलाई भने, "सात"। २१उहाँले तिनीहरुलाई भन्नुभयो, "तब के तिमीहरु अझै बुदैनौ ?"

८:१४ योचाहिँ स्पष्टरुपले पत्रुसको बाट एउटा प्रत्यक्षदर्शी विवरण हो ।

८:१५ **"उहाँले चेलाहरुलाई .......... चेतावनी दिनुभयो"** यो गहिरो शब्द "अधिकारसितको चेतावनी" बाटको अपूर्ण माध्यम संकेतार्थ हो । (५:४३; ७:३६; ८:१५; ९:९)। यस शब्दचाहिँ मर्कूसले चरित्र (त्यो भनेकोचाहिँ "मसिही रहश्य" सँग बारम्बार सम्बन्धित भएको भन्ने हो)।

**NASB, NRSV** **"सतर्क रहो !"**
**NKJV** **"ध्यान देओ"**
**TEV** **"होसियार गर"**
**NJB** **"आफ्नो आँखा खुल्ला राख"**

योचाहिँ शाब्दिकरुपमा "देख्नु" (अर्थात्, *horaō*) हो । यो एउटा वर्तमान कर्तृवाच्य आज्ञासूचक हो, जसले उचित सतर्कतालाई कायम राख्नलाई गरिएको निरन्तर प्रयत्नलाई संकेत गर्दछ ।

**NASB, NKJV, NRSV** **"होसियार रहो"**
**TEV** **"सावधान रहो"**
**NJB** **"हेर विचार गर"**

यो पनि एउटा वर्तमान कर्तृवाच्य आज्ञासूचक हो । यी दुवैओटा कठोर आज्ञाहरु "देख्नु" भन्ने अर्थ लगाउने विभिन्न ग्रीक शब्दहरु (*horaō* अनि *blepō*) बाट आएको हो, जसले विश्वासीहरु स्व-धार्मिक वैधतावाद अनि संस्थापनावादको विरुद्धमा निरन्तर सतर्कै रहनु नै पर्दछ (४:२४; १२:३८; १३:५, ९, २३, ३३)।

"हेरोदको" सुरुवातमा शास्त्रीहरुले येशूका भनाइहरुलाई एउटै प्रकारका बनाउने कुराप्रति ढल्केका थिए । ३:६ अनि १२:१३ मा येशूले भन्नुहुन्छ, "हेरोदीहरु"; त्यसैकारण ग्रीक पाण्डुलिपी P[45], G अनि W, साथसाथै Vulgate अनि Coptic अनुवादहरुको केही संस्करणहरुले यस सम्बन्ध कारकको रुपलाई परिवर्तन गरिदिए । अत्याधिक ग्रीक पाण्डुलिपीको पुष्टिकरण सम्बन्ध कारक हो (MSS, ℵ, A, B, C, D अनि L)। १:१४ मा हेरोदको परिवारमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

"खमीर" योचाहिँ वास्तवमा विकारको एउटा चिह्न थियो, जस्तो यस पाठमा पनि छ (१ कोरिन्थी ५:६-८; गलाती ५:९)। यो आरमिकमा चलाइएको शब्द हुनसक्दछ किनभने "खमीर" अनि "वचन" शब्दहरु एकदमै मिल्दोजुल्दो छ । चेलाहरुको पनि समस्याचाहिँ फरिसीहरुका जस्तै नै थियो - आत्मिकी बोधोपन अथवा अन्धोपन । तिनीहरुले यसको विरुद्धमा निरन्तर सतर्क हुनैपर्दछ । हेरोदहरुले उल्टो समस्याको प्रतिनिधित्व गर्दथ्यो - कुनै पनि हालतमा, सांसारिक, अथवा अहिले कै स्थिति !

**८:१६ तर तिनीहरुका साथमा रोटी नभएकोले ... तिनीहरुले आपसमा बहस गर्न लागे"** यो एउटा अपूर्ण काल हो । चेलाहरुले अझैसम्म शिक्षालाई सिकेकै थिएनन् । येशूले नै सबै आवश्यकता पूरा गर्नुहुनेछ ! येशूले भ्रष्ट प्रभावहरुको विषयमा बोल्दै हुनुहुन्छ अनि तिनीहरुलेचाहिँ उहाँले खानेकुराको विषयमा बोल्दै हुनुहुन्छ अनि तिनीहरुलेचाहिँ उहाँले खानेकुराको विषयमा बोल्दै हुनुहुन्छ भनी सोंच्दछन् !"

NKJV ले मत्ती १६:७ पछि आउने यस संक्षिप्त गरिएको वाक्यमा "भन्दै हुनुहुन्छ" भन्ने शब्द थपेको (जस्तो थुप्रै पछिल्ला स-साना ग्रीक पाण्डुलिपीहरुमा पनि छन्) । NASB ले पनि छड्के गरी लेखिएको शब्दहरुलाई थपेर त्यस्तै उद्देश्यलाई पूरा गरेको थियो (जस्तै "सुरु गर्नु" अनि "वास्तविकता") ।

**८:१७ "येशूले यो थाहा पाएर"** येशूले कसरी सबै कुराहरु थाहा पाउनुहुन्थ्यो भन्ने कुरा जहिले पनि स्पष्ट गरिएको छैन । कहिलेकाहीँ यो अलौकिक ज्ञान अनि अरु समयचाहिँ मानिसहरुको व्यवहार अनि चरित्रहरुलाई बुझेर हुन्थ्यो ।

- **"तिमीहरुसित रोटी छैन भनी किन तिमीहरु बहस गर्दछौं ?"** योचाहिँ छ अथवा सात ओटा प्रश्नहरुको श्रृङ्खलामा पहिलो पल्ट हो जहिलेचाहिँ आफ्नै चेलाहरुले पनि अझैसम्म बुझेनन् भनेर येशूले आफ्नो खिन्नता प्रकट गर्नुभयो ! मर्कूसको यस सम्पूर्ण सन्दर्भले येशूको आधारभूत नयाँ सन्देशलाई बुझ्न "मित्र अनि शत्रु" को यो कति कठिन कुरो थियो भनेर प्रकट गर्दछ । उहाँका चेलाहरु, उहाँको परिवार, उहाँका शहर, भीडहरु अनि धार्मिक अगुवाहरु सबैको आत्मिकी आँखा अनि कानहरु थिएन ।
- **"के तिमीहरु अझै पनि देख्दैनौ वा बुझ्दैनौ ?"** योचाहिँ बारम्बार आइरहने एउटा विषय हो (२१ पद; ६:५२) । येशूको परिवार, शहर, आफ्नै चेलाहरु, शहरका मानिसहरु, अनि धार्मिक अगुवाहरुले उहाँलाई बुझेका छैनन् । सम्भवत् योचाहिँ पेन्तिकोसमा आत्माको परिपूर्णता आउन अघि आत्मिकी स्थितिलाई देखाउने एउटा तरीका हो (अर्थात् क्रूसमा टाँगिएको अनि बौह्री उठ्नुभएको प्रभुमा मसिही रहश्य प्रकट भएको छ ।
- **"के तिमीहरुको मन कठोर भएको छ ?"** योचाहिँ एउटा बाहिरी प्रतिनिधिले ल्याएको निर्धारित आत्मिकी अवस्थालाई संकेत गर्ने एउटा पूर्ण कर्मवाच्य कृदन्त हो (३३; ९:१०, ३२)। यहूदा इस्करियोतलाई ठीक यस्तै नै भएको थियो । २:६ मा हृदयको विशेष शीर्षकलाई हेर्नुहोस् ।

८:१८ योचाहिँ इजकिएल १२:२ (यर्मिया ५:२१) बाटको एउटा पूरानो करारको कथन हो, जसले यशैया ६:९-१० (मर्कूस ४:१२) लाई ईश्वरशास्त्रीयरुपमै समानान्तर गर्दछ । पूरानो करारका अगमवक्ताहरुले परमेश्वरको वचन बोलेका थिए, तर तिनीहरुका आत्मिकी अवस्थाको कारण गलत बुझिएको थियो । यस्ता पूरानो करारका कथनहरु व्याकरणीय रुपमा छ जसले सकारात्मक जवाफको आशा गर्दछ ।

**"के तिमीहरुलाई थाहा छैन ?"** आश्चर्यजनक खाना खुवाईहरुसँग सम्बन्धित तिनीहरुका आत्मिकी बुझाइको कमीप्रति येशूले तिनीहरुलाई गाली गर्दै हुनुहुन्छ (१७-२१ पद) । यस वाक्यांशको एउटा पूरानो करारीय दिशा-बोध पनि छ (व्यवस्था ४:९-१०; ८:११, १९) । परमेश्वरका मानिसहरु अडिइरहनुपर्दछ अनि परमेश्वरको सत्यमा काम गर्नैपर्छ ।

**८:१९ "डालाहरु"** योचाहिँ ८:८ भन्दा बेग्लै शब्द हो । योचाहिँ ६:४३ मा प्रयोग गरिएको शब्द हो (जस्तै स-साना डालाहरु)। उहाँले तिनीहरुलाई अघिल्लो आश्चर्यजनक खाना खुवाइको कुरालाई स्मरण गराउँदै हुनुहुन्छ । तिनीहरुले सम्बन्ध बनाएकै थिएन (८:३२-३३; ९:३२-३४; १०:३५-३७)।

८:२० १९ पदले ६ अध्यायको खाना खुवाउनु भएको कुराको उल्लेख गर्दछ, तर २० पदले ८ अध्यायको भर्खरैको खाना खुवाईलाई उल्लेख गर्दछ ।

## NASB (UPDATED) TEXT: 8:22-26

२२त्यसपछि उहाँ बेथसेदा आउनुभयो, र मानिसहरुले एकजना अन्धो मानिसलाई उहाँकहाँ ल्याए, र त्यसलाई छोडिदिनुहोस् भनी उहाँसँग बिन्ती गरे । २३उहाँले त्यस अन्धो मानिसको हात समातेर

त्यसलाई सोध्नुभयो, "के तिमी केही देख्छौ ?"२४ अनि माथितिर हेरेर त्यसले भन्यो, "म मानिसहरुलाई रुखहरुझैं हिँडिरहेका देख्छु ।" २५तब उहाँले फेरि त्यसका आँखामा हात राख्नुभयो, र त्यसले एक टक लाएर हेर्‍यो । त्यसले आफ्नो दृष्टि प्राप्त गर्‍यो र सबैथोक छर्लङ्ग देख्न लाग्यो । २६तब उहाँले त्यसलाई गाउँतिर नपस्ने हुकुम गरी त्यसको घरमा पठाउनुभयो ।

८:२२ **"एकजना अन्धो मानिस"** मसीहको विषयमा यशैयाको एउटा अगमवाणीचाहिँ यो थियो कि उहाँले अन्धोलाई दृष्टि दिनुहुने थियो (यशैया २९:१८, ३५:५; ४२:७, १६, १८, १९) ।

शारीरिक अन्धोपनचाहिँ आत्मिकी अन्धोपनको लागि पूरानो करारको अलंकार हो (यशैया ५६:१०; ५९:१०)। शारीरिक अनि आत्मिक अन्धोपनको यस त्यस्तै शब्दलाई यूहन्ना ९ मा स्पष्टै देख्न सकिन्छ । योचाहिँ ८:१५, १८ मा चेलाहरुको अन्धोपनमा स्पष्टरुपले सम्बन्धित छ ।

८:२३ **गाउँबाट बाहिर ल्याउनुभयो"** योचाहिँ त्यस मानिसलाई आराम दिन अनि चँगाइँलाई एउटा रहश्य नै राख्ने उद्देश्यको लागि थियो (७:३३; ८:२६)।

**"त्यसका आँखामा थुकेर त्यसमाथि हात राखी"** यिनीहरुचाहिँ दुवै चँगाईको परम्परगत् तरिका थियो, एउटा शारीरिक अनि अर्को आत्मिकी । योचाहिँ मानिसको विश्वास निर्माण गर्नको लागि थियो । ७:३२ मा हात राख्ने कामको विशेष शीर्षकमा हेर्नुहोस् ।

८:२४ **"म मानिसहरुलाई रुखहरुझैं हिँडिरहेको देख्दछु"** येशू शक्तिमा सीमित हुनुहुन्थेन, तर यस मानिसको विश्वाससँग काम गर्दै हुनुहुन्थ्यो । योचाहिँ सु-समाचारहरुमा अभिलेख गरिएको एउटैमात्र आंशिक चँगाई अथवा चरणबद्ध चँगाई हो ।

८:२५ यस पद येशूले त्यस मानिसको आँखाा हात राख्नुभयो भन्ने कुरासँगै सुरु हुन्छ । त्यसपछि कामचाहिँ मानिसतर्फ ढल्कदछ (NJB). त्यसले केन्द्रित गर्नै पर्दथ्यो अनि जानी-बुझी हेर्नै पर्दथ्यो ( मत्ती ७:५)। जब त्यसले सहयोग गर्छ, त्यसको दृष्टि तुरुन्तै प्राप्त हुन्छ ।

८:२६ यसले येशूले चँगाई गर्नुभएका मानिसहरुलाई तिनीहरुको चँगाईको प्रचार नगर्नू भनी उहाँले सहानुभूतिरुपमा भन्नुभएको टिप्पणीलाई मर्कूसले दोहोर्‍याएको कुराको उल्लेख गर्दछ । The Textus Receptus (जुनचाहिँ KJV अथवा NKJV हो) ले त यसलाई अझ विशेष बनाउँदै एउटा वाक्यांशलाई थपेको छ । येशूले एउटा चँगाईकर्ताको रुपमा चिनिएको चाहनुहुन्थेन । उहाँले त परमेश्वरको दयालाई देखाउन, चेलाहरु विश्वासलाई बढाउन, अनि उहाँको शिक्षा दिने सेवाईलाई पुष्टि गराउनको लागि चँगाईको प्रयोग गर्नुहुन्थ्यो ।

NASB (UPDATED) TEXT: 8:27-30

२७येशू र उहाँका चेलाहरु कैसरिया फिलिप्पीका गाउँहरुमा जानुभयो । बाटोमा जाँदै गर्दा उहाँले आफ्ना चेलाहरुलाई यसो भनेर सोध्नुभयो, "मानिसहरुले के भन्छन्; म को हुँ ?" २८तिनीहरुले उहाँलाई भने, "कसैले भन्छन् 'बप्तिस्मा दिने यूहन्ना ।' अरुहरुले "एलिया" अनि अरु कतिले भन्छन्,

“अगमवक्ताहरुमध्ये एकजना ।” २९तब उहाँले तिनीहरुलाई सोध्नुभयो, “तर तिमीहरुचाहिँ के भन्छौ, म को हुँ ?” पत्रुसले उत्तर दिएर उहाँलाई भने, “तपाइँ ख्रीष्ट हुनुहुन्छ ।” ३०उहाँले तिनीहरुलाई उहाँको विषयमा कसैलाई केही नभन्नु भनी आज्ञा दिनुभयो !

८:२७-३० यस घटनाचाहिँ मर्कूसको सु-समाचारमा विभाजक घटना हो । आश्चर्यकर्मका कथाहरुले येशूको मौनताको शक्ति, अधिकार अनि ईश्वरत्वलाई पुष्टि गर्दछ । यस बिन्दुदेखि क्रूसीकरणलाई जोड दिइएको छ । मर्कूसको सु-समाचार उहाँको महान छुटकाराको कामको लागि उहाँ को हुनुहुन्छ भन्ने कुरा माथिको केन्द्रित गराईबाट परिवर्तन भएको छ (अर्थात उहाँले के गर्नुभएको थियो भन्ने हो) ।

**८:२७ “गाउँहरुमा”** मत्ती १६:१३ मा “क्षेत्रहरुमा” भन्ने छ । येशूले दुईओटा कुराहरु गर्न चाहनुहुन्थ्यो (१) भीडबाट अलग रहनु अनि (२) गाउँहरुमा प्रचार गर्नू । यस अर्थमा #१ चाहिँ मुख्य हो ।

**“कैसरिया फिलिप्पी”** यो शहर गालीलको समुद्रबाट लगभग २५ माइल टाढा अन्य जातिहरुले ढाकिएको क्षेत्रमा रहेको छ । यसलाई हेरोद अन्तिपासले होइन तर हेरोद फिलिपले शासन गर्दथे ।

**“बाटोमा जाँदै गर्दा उहाँले .......... सोध्नुभयो”** उहाँहरु हिँड्दै गर्नुहुँदा येशूले तिनीहरुसँग कुरा गर्न लाग्नुभयो (अपूर्ण काल)।

**“मानिसहरुले के भन्छन्, म को हुँ ?”** मत्ती १६:१३ मा “मानिसको पुत्र” छ, जुनचाहिँ येशू आफैंले चुन्नुभएको उपाधि थियो । योचाहिँ मुख्य धार्मिक प्रश्न हो ।

**८:२८ “बप्तिस्मा-दिने यूहन्ना”** त्योचाहिँ हेरोद अन्तिपास साथसाथै अरु केही मानिसहरुको पनि विचार थियो (मर्कूस ६:१४, १६; लूका ९:१९)।

**“एलिया”** यसले येशूलाई मसिहको अग्रदूत हुनुहुन्थ्यो भन्ने कुराको संकेत गर्दथ्यो (मलाकी ४:५)।

**“अगमवक्ताहरुमध्ये एकजना”** मत्ती १६:१४ मा “यर्मिया” छ । यी सबै विचारहरुचाहिँ होशमा ल्याइने काममा संलग्न थियो, अनि सम्मानजनक उपाधिहरु थिए, तर पूर्णरुपले मसिही थिएन ।

**८:२९ “........ तिमीहरुचाहिँ के भन्छौं, म को हुँ ?”** यो बहुवचन वाक्यांश हो अनि सबै चेलाहरुलाई सम्बोधन गरिएको थियो ।” “तिमीहरु” चाहिँ ग्रीकमा निश्चित शब्द हो किनभने सर्वनामलाई अघि राखिएको छ (त्यो भनेकोचाहिँ वाक्यको अगाडि राख्नु भन्ने हो)।

“तपाइँ ख्रीष्ट हुनुहुन्छ” पत्रुस, जो झूण्डको सबैभन्दा बहुमुखी व्यक्ति थिए, उनैले पहिले जवाफ दिए । योचाहिँ हिब्रू “मसीह” (BDB 603) को एउटा अनुवाद हो, जसको अर्थ हुन्छ “अभिषेकजन ।” यहूदीहरुको झूटो राजनैतिक, सैन्य अनि राष्ट्रियतावादी व्याख्याहरुको कारण यस उपाधिलाई सार्वजनिक रुपमै स्वीकार गर्न येशू अनिच्छुक हुनुहुन्थ्यो । यस गुप्त वातावरणमा उहाँले स्वीकार गर्नुहुन्छ, अनि यस उपाधिको खोजी पनि गर्नुहुन्छ । मत्ती १६:१६ को समानान्तरमा “जीवित परमेश्वरको पुत्र, ख्रीष्ट” भन्ने

पूर्ण उपाधि छ । मर्कूस (पत्रुसको अभिलेखकर्त्ता) ले पत्रुसले गरेका येशूको प्रसंशालाई छोडिदिएको छ ( मत्ती १६:१७, १९)।

**८:३० "उहाँले तिनीहरुलाई उहाँको विषयमा कसैलाई केही नभन्नू भनी आज्ञा दिनुभयो"** योचाहिँ मर्कूसमा एकदमै सामान्य रहेका मसिही रहस्यको अर्को उदाहरण हो (१:३-३४, ४३; ३:१२; ४:११; ५:४३; ७:२४, ३६; ८:२६, ३०)। तिनीहरुले उपाधिलाई जान्दथे तर कामलाईचाहिँ जान्दैन थिए !

NASB (UPDATED) TEXT: 8:31-33

३१"मानिसको पुत्रले धेरै दुःख भोग्नु, र धर्म-गुरुहरु, मुख्य पूजाहारीहरु र शास्त्रीहरुबाट इन्कार गरिनु र मारिनु अनि तीन दिनपछि जीवित भई उठनु आवश्यक छ" भनेर उहाँले तिनीहरुलाई सिकाउन लाग्नुभयो । ३२यसरी उहाँले यो कुरा प्रष्टै भन्नुभयो । तर यो सुनेर पत्रुसले उहाँलाई एकातिर लगेर हकार्न लागे । ३३तर फर्केर आफ्ना चेलाहरुलाई हेरी, पत्रुसलाई उहाँले यसो भनेर हप्काउनुभयो, "ए शैतान, मबाट हटिजा, किनकी तेरो मन परमेश्वरपट्टि छैन, तर मानिसपट्टि छ ।"

**८:३१ "उहाँले तिनीहरुलाई सिकाउन लाग्नुभयो ।"** अपूर्ण कालको अर्थ यस्तो हनुसक्छ (१) कुनै कामको सुरुवात अथवा (२) विगतका कुनै कामको निरन्तरता । यहाँ सन्दर्भले #१ लाई संकेत गर्दछ, तर ८:३२ मा त्यहाँ अर्को अपूर्ण काल ८ जसले #२ लाई संकेत गर्दछ । योचाहिँ येशूले गर्नुभएको आफ्नो कष्ट र मृत्युको पहिलो भविष्वाणी हो, तर त्यहाँ अरु पनि छन् (९:१२, ३१; १०:३३-३४)।

**"मानिसको पुत्रले"** यसले देखाउँदछ कि येशूले आफ्नो काम अनि मूल्यलाई स्पष्टसँग बुझ्नु भएको थियो (मर्कूस १०:४५)। योचाहिँ १२ पदमा साँचो अगमवक्ता भनी पुष्टि गर्नलाई फरिसीहरुले खोजेका अगमवाणी गरिएको चिह्न जस्तै प्रकारको थियो (व्यवस्था १३:२-५; १८:१८-२)

- **"धेरै दुःख भोग्नु"** योचाहिँ यहूदीहरुले गुमाएका मसीहको सेवाकाईको पक्ष थियो (उत्पत्ति ३:१५; भजन २२; यशैया ५२:१३; ५३:१२; जकरिया ९:१४)। यहूदीहरुको विचारमा मसीहलाई दाऊदको वंशको रुपमा अनि इस्राएलीहरुको एउटा विजयी सेनापतिको रुपमा देखिनेथियो । तर भजन ११० अनि जकरिया ३-४ मा जस्तो, उहाँ एउटा पूजाहारी पनि हुनुहुन्थ्यो । यस दुवै ओटा स्वभावलाई दुई मसीहहरुप्रतिको Dead Sea Scrolls समुदायमा प्रतिविम्बित गरिएको छ, एकजना राजकीय (यहूदाबाट) अनि अर्को पूजाहारी (लेवीबाट)। यस सक्रिय नेतृत्वको भूमिकाको प्रत्याशाचाहिँ मसीहको कष्ट अनि मृत्युबाट पूर्णरुपले अलग रहेको देखिन्थ्यो ।

येशूले उहाँका भविष्यवाणी गरिएको कष्टको विषयमा धेरै पटक चेलाहरुलाई जानकारी गराउने कोशिस गर्नुभयो (८:३१; ९:१२, ३०-३१; १०:३३-३४), तर तिनीहरुले बुझ्न सकेनन् (८:३२-३३; ९:३२-३४; १०:३५-३७)

- **"इन्कार गरिनु"** यसको अर्थ हुन्छ "अस्वीकार गरिएको" किनभने येशूले यहूदी अगुवापनको पूर्ण विश्वास दिलाइएको मसिही बुझाइहरुलाई पूरा गर्नुभएन । उहाँ तिनीहरुको प्रत्याशामा मिल्नु भएन ।

- **"धर्म-गुरुहरु, मुख्य पूजाहारीहरु र शास्त्रीहरुबाट"** योचाहिँ यरुशलेम सदृश्यबाट कुनै सर्वोच्च अदालतमा भएको सत्तरी जनाको एउटा परिषद् "Sanhedrin" लाई उल्लेख गर्ने एउटा तरिका थियो । मर्कूस १२:१३ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"मारिनु .......... जीवित भई उठ्न"** योचाहिँ सु-समाचारका सन्देशको सार हो : एउटा प्रतिस्थापित वलिदान, अनि यसको स्वीकृतिको एउटा महिमित स्वर्गीय पुष्टिकरण ।

**विशेष शीर्षक : पुनरुत्थान**

अ. पुनरुत्थानका प्रमाण

१. पचास (५०) दिनपछि पेन्तिकोसमा, पत्रुसको उपदेशमा (प्रेरित २) पुनरुत्थानचाहिँ मुख्य टिप्पणी भएको थियो । यो जहाँ भएको थियो त्यस क्षेत्रमा बसोबास गर्ने हजारौंले विश्वास गरेका थिए !

२. चेलाहरुको जीवन निराशा (तिनीहरुले पुनरुत्थानको आशा गरेका थिएनन्) देखि, साहसतिर, यहाँसम्म कि सहिद हुन पनि पछि नहट्ने गरी आमूलरुपमा परिवर्तन भएको थियो ।

आ. पुनरुत्थानका महत्त्व

१. यसले येशूलाई उहाँ को हुनुहुन्छ भनेर दाबी गरेको कुरालाई देखाउँछ (मत्ती १२:३८-४० मृत्यु र पुनरुत्थानको भविष्यवाणी)

२. परमेश्वरले येशूको जीवन, शिक्षा, अनि प्रतिस्थापित मृत्युमा आफ्नो स्वीकृति राख्नुहुन्छ, (रोमी ४:२५)।

३. यसले हामीलाई सबै ख्रीष्टियनहरुलाई गरिएको प्रतिज्ञा देखाउँछ (जुनचाहिँ शरीरहरुको पुनरुत्थान, १ कोरिन्थी १५)

इ. उहाँ मृत्युबाट बौह्री उठ्नु हुने थियो भनेर येशूबाट गरिएको दाबी

१. मत्ती १२:३८-४०; १६:२१; १७:९, २१, २३; २०: १८-१९; २६:३२; २७:६३

२. मर्कूस ८:३१; ९:१-१०, ३१; १४:२८, ५८

३. लूका ९:२२-२७

४. यूहन्ना २:१९-२२; १४-१६ अध्यायहरु

ई. अरु अध्ययन

१. Josh McDowell को *Evidence That Demands a Verdict*

२. Frank Morrison को *Who Moved the Stone?*

३. *The Zondervan Pictoral Encyclopedia of the Bible,* "पुनरुत्थान", "येशू ख्रीष्टको पुनरुत्थान"

४. L. Berkhof को *Systematic Theology,* पृष्ठ ३४६, ७२०

- **"तीन दिनपछि जीवित भई उठ्नु"** यस वाक्यांशले होसे ६:१-२ लाई उल्लेख गरेको हुन सक्दथ्यो । यसलाई आरामिक तारगम (Aramic Targum) मा त्यस्तै प्रकारले यस पदमा व्याख्या गरिएको छ । तरैपनि, येशूले योना १:१७ (मत्ती १२:३९; १६:४) लाई एउटा संकेत गर्नुभएको

जस्तो देखिन्छ । यसप्रकारको अगमवाणी गरिएको चिह्नचाहिँ १२ पद (मत्ती १६:४) मा फरिसीहरुले मागेको जस्तै नै थियो । यसप्रकारको भविष्यवाणीचाहिँ व्यवस्था १३:२-५; १८:१८-२२ अनुसार कुनै साँचो अगमवक्ताहरुलाई परिभाषित गर्ने आधार थियो । येशूले तिनीहरुलाई एकपछि अर्को चिह्न दिँदै हुनुहुन्थ्यो, तर तिनीहरुले बुझ्न सकेका थिएनन्/बुझ्नेनन् !

८:३२

| | |
|---|---|
| **NASB** | **"उहाँले यस विषयलाई स्पष्ट रुपले भन्दै हुनुहुन्थ्यो"** |
| **NKJV** | **"उहाँले यसलाई खुल्लारुपले बोल्नुभयो"** |
| **NRSV, NJB** | **"उहाँले यी सबै कुरा एकदमै प्रष्टै भन्नुभयो"** |
| **TEV** | **"उहाँले यसलाई तिनीहरुमा प्रष्टै पारिदिनुभयो"** |

३१ पदमा जस्तै यो पनि अर्को अपूर्ण काल हो । त्यहाँ यसको अर्थ हुन्थ्यो "सुरुवात्", तर यहाँ यसले दोहोरिएको कामलाई उल्लेख गर्दछ (त्यो भनेकोचाहिँ, येशूले आफ्नो कष्ट अनि मृत्युको विषयमा कैयौं पटक तिनीहरुलाई भन्नुभयो, भन्ने हो)। उहाँले तिनीहरुसित विना कुनै दृष्टान्त, चिह्न अथवा आलंकारिक शब्द प्रष्टै गरी भन्नुभयो (यूहन्ना १०:२४; ११:१४ १६:२५, २९; १८:२०) ।

- **"पत्रुसले उहाँलाई एकातिर लगेर"** योचाहिँ एउटा सोझोपन थियो, तर विना बुझाईको । पत्रुसले मानिसहरुमा पुग्नलाई अनि बचाउनलाई मसिहीको कार्यालयलाई कसरी प्रयोग गर्नु भनेर शैतानको धर्मपुत्रको रुपमा झैं कार्य गर्दछ (१:१२-१३; मत्ती ४:१-११)।

- **"हकार्न लागे"** यो एउटा गहिरो ग्रीक शब्द हो (उत्पत्ति ३७:१० को LXX; लूका ४:४१; २ तिमोथी ४:२)। १:२५; ३:१२; ४:३९ अनि ९:२५ मा यसलाई येशूको बरेमा प्रयोग गरिएको प्रकृतिलाई बुझेको थिएन । ८:३३ मा येशूले पत्रुसलाई तिनको आत्माको अन्तर्ज्ञानको कमी अनि बुझ्नमा ढिलाईको लागि हप्काउनुभयो ।

**८:३३ "आफ्ना चेलाहरुलाई हेरी"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । येशूले पत्रुसलाई येशूको दृष्टिबाट आफैंलाई हटि जाने आज्ञा गर्नुहुन्छ । यसको इन्कारको बारेको पूरानो करारीय संकेतार्थ छ ( त्यो भनेकोचाहिँ "पीठपछि राख्नु" हो, १ राजा १४:९; इजकिएल २३:३५) । यसलाई नबुझीकन, पत्रुसले येशूलाई त्यसरी नै परीक्षा गर्दै हुनुहुन्थ्यो जसरी उजाड-थानमा शैतानले परीक्षा गर्दै थियो (१:१२-१३; मत्ती ४:२-११) । शैतानले कुनै पनि हालतमा केवल कल्भरीमा येशूलाई मानिसहरुको निष्ठालाई जित्ने कोशिस गर्दै थियो (जुनचाहिँ तिनीहरुलाई खाना खुवाएको, आश्चर्य कर्म देखाएको, उहाँको सन्देशको सम्झौता छ) । येशूको कष्ट अनि मृत्युचाहिँ परमेश्वरको योजना थियो भन्ने कुरा पत्रुसले बुझेन ( १०:४५; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९; २ कोरिन्थी ५:२१)। १:१३ मा "शैतान" को विशेष शीर्षकलाई हेर्नुहोस् ।

मित्रहरु अनि परिवारबाटै प्रायजसो एकदमै पीडादायक अनि सूक्ष्म परीक्षाहरु आउँदछ ! व्यक्तिगत अभिरुचिहरु, व्यक्तिगतहरु, अथवा व्यक्तिगत लक्ष्यहरुलाई होइन, तर परमेश्वरको राज्यलाई उच्च प्राथमिकता दिनुपर्दछ (८:३४-३८)।

## NASB (UPDATED) TEXT: 8:3–9:1

३४तब उहाँले आफ्ना चेलाहरुका साथमा भीडलाई आफूकहाँ बोलाएर तिनीहरुलाई भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार नगरोस्, र आफ्नो क्रूस उठाएर मेरोपछि लागोस् । ३५किनकी जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सु-समाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ । ३६किनभने मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ ? ३८अनि यस व्यभिचारी र पापी पुस्ता जो म देखि र मेरो वचनदेखि शर्माउँछ, मानिसको पुत्र पनि आफ्नो पिताको महिमामा पवित्र दूतहरुदेखि आउँदा त्यसदेखि शर्माउनेछ ।" ९:१अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "साँच्चै, म तिमीहरुलाई भन्दछु, यहाँ उभिएकाहरुमध्ये कोही-कोही छन्, जसले परमेश्वरको राज्य शक्तिमा आएको नदेखुञ्जेल कुनै किसिमले मृत्यु चाख्ने छैनन् ।

**८:३४ "चेलाहरुलाई साथमा भीडलाई आफूकहाँ बोलाएर"** मर्कूसमात्र त्यो सु-समाचार हो जसले कैसरिया फिलिप्पीमा भीडहरुको उपस्थितिलाई अभिलेख गर्दछ । साधारणत् यस घटनालाई व्यक्तिगत शिक्षाको समयको रुपमा देखिएको छ, तर स्पष्टरुपले अरुहरु पनि उपस्थित थिए । यस भीडमा गैर यहूदीहरु संलग्न भएको हुन सक्दछ अनि सम्भवत् कुनै पनि फरिसी अथवा धर्म गुरुहरु थिएनन् किनभने यो परम्परागत प्रतिज्ञाको देश बाहिर अन्य जातिहरुको क्षेत्रमा थियो । यसै भीडमा नै येशूले चेलापनको साँचो मूल्य, उहाँलाई पछ्याउनलाई आवश्यक मूल अनि पूर्ण समर्पणतालाई प्रकट गर्नुभयो । उहाँले तिनीहरुलाई पछ्याउनलाई अनुमति दिनुभयो, तर यसको मूल्य पनि प्रष्टैसँग उल्लेख गरिदिनुभयो !

- **"यदि"** यो एउटा प्रथम श्रेणीको शर्तात्मक वाक्य हो, जसलाई लेखकको उद्देश्यबाट अथवा उसको साहित्यिक उद्देश्यबाट साँचो मानिएको छ ।

- **"कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने"** येशूका चेलाहरु बन्नको लागि विश्वव्यापी निमन्त्रणालाई ध्यान दिनुहोस् । तर त्यहाँ एउटा मूल्य तिर्नुपर्छ (त्यो भनेको, उद्धार त सितैंको कुरो हो, तर चेलापन चाहिँ व्यक्तिगतरुपमै एकदमै महँगो अनि आवश्यक छ, भन्ने हो) । ३३ पदमा पत्रुसलाई येशूले भन्नुभएको त्यही शब्द (*hupage opisō mou*) लाई अहिले फेरि पनि (*opisō mou*) प्रयोग गरिएको छ, तर "मेरो पछि लाग" (जुनचाहिँ चेलापन हो) भन्ने अर्थमा । त्यहाँ एउटा अनुपयुक्त संगति (पत्रुसले शैतानको धर्मपुत्रको रुपमा) अनि एउटा अनुपयुक्त संगति (जुनचाहिँ स्वार्थहीन् सेवा) रहेको छ । येशूले त्यस्ता कुराहरु सोंच्नुभयो भन्ने बारेमा पत्रुसले हकारेकै कुरा अहिले सबैको लक्ष्यको रुपमा सफासँग उल्लेख गरिएको छ, "आफ्नो क्रूस उठएर ........ ।"

- **"त्यसले आफूलाई इन्कार गरोस्"** योचाहिँ कुनै शब्दको एउटा एवरिष्ट मध्यम आज्ञार्थक हो जसले "इन्कार गर्नु" "अस्वीकार गर्नु" "त्याग्नु" अथवा "अनादार गर्नु" भन्ने कुरालाई संकेत गर्दछ (मत्ती १६:२४; २०:३५, ७५; मर्कूस ८:३४; १४:३०, ३२, ७२; लूका ९:२३; १२:९; २३:३४, ६१; यूहन्ना १३:३८)।

पतन (उत्पत्ति ३) ले जीवनको लक्ष्यलाई मानिस-जातिको स्वतन्त्र अनि स्व-केन्द्रियकरण बनाइदिएको छ, तर अब विश्वासीहरु परमेश्वरमाथिको स्वार्थहीनता, निर्भरतामा फर्कनै पर्दछ । उद्धारचाहिँ मानवता, अनि पतनमा खराब भएको परमेश्वरको स्वरुपको पुनर्स्थापन हो । यसले पितासँगको घनिष्ठ संगतिलाई अनुमति दिन्छ, जुनचाहिँ सृष्टिको लक्ष्य हो ।

- **"आफ्नो क्रूस उठाएर"** यो एउटा एवरिष्ट कर्तृवाच्य हो । यस "आफ्नो क्रूस उठाएर" वाक्यांशले एउटा शर्तबन्द अपराधीले क्रूसमा झुण्ड्याइने ठाउँसम्म आफ्नो क्रूस आफैं बोकेर गएको कुरालाई उल्लेख गर्दथ्यो । योचाहिँ एउटा पीडादायक अनि लज्जाजनक मृत्युको लागि साँस्कृतिक अलंकार थियो । यस सन्दर्भमा यसले "हाम्रो पूरानो पाप स्वभावमा मर्नू" भनेर उल्लेख गर्दछ । सु-समाचारचाहिँ सबैको लागि संगति, चेलापन (मत्ती १०:३८; १६:२४; लूका ९:२३; १४:२७; १७:३३; यूहन्ना १२:२५) को लागि मूल बोलावट हो । जसरी येशूले अरुहरुका लागि आफ्नो जीवन अर्पण गर्नुभयो, त्यसरी नै हामीले पनि उहाँको उदाहरण (२ कोरिन्थी ५:१४-१५; गलाती २:२०; १ यूहन्ना ३:१६) लाई पालन गर्नै पर्दछ । यसले पतनको नतिजालाई हटाइसकिएको छ भनेर स्पष्टसँग प्रदर्शन गर्दछ ।

- **"मेरो पछि लागोस्"** यो वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । योचाहिँ धर्म गुरुहरुको चेलापनको भाषा हो । ख्रीष्टियनिटीचाहिँ निरन्तरताको चेलापनद्वारा पछ्याइएको एउटा निर्णयात्मक रोजाइ हो (मत्ती २८:१९-२०; एफिसी २:८-१०)।

**८:३५-३७ "प्राण बचाउने इच्छा गर्छ .......... गुमाउनेछ"** योचाहिँ "स्वयम्" *psuchē* को लागि ग्रीक शब्दमा प्रयोग गरिएको हो । यस सन्दर्भमा, आत्मिकी जियाइ (राज्यलाई केन्द्रित गरेर) अनि स्वार्थी जियाई (सांसारिक, स्व-केन्द्रित) को बीचमा एउटा विषमता रहेको छ । नयाँ करारको William अनुवादमा "उच्च जीवन ........ तल्लो जीवन" छ । यदि हामी ख्रीष्टको लागि जिउँछौं भने हामी अनन्तरुपमै जिउनेछौं; १८-१९; ७:१०-११; ८:१-८; एफिसी २:१, ५; कलस्सी २:१३; याकूब १:१५) अनि एकदिन आत्मिकी रुपमै मर्छौं (प्रकाश २:११; २०:६, १४; २१:८)। यस सत्यताचाहिँ "धनी मूर्ख मानिस" को दृष्टान्त जस्तै नै हो (लूका १२:१६-२०)।

**८:३५ "सु-समाचारको"** योचाहिँ *eu* (असल) अनि *angelos* (समाचार) को एउटा संयुक्त रुप हो । यसको मूल अर्थ हुन्थ्यो असल समाचारहरुको घोषणा गर्नु, तर यसलाई मसीहले सु-समाचार ल्याउने कुराको रुपमा (अनि यसका सबै सम्बन्धित सिद्धान्तहरु) येशूको विषयमा समाचारको लागि प्रयोगमा ल्याइयो । यसको अर्थ हुन्छ ख्रीष्टियनिटीको सत्यताहरु अनि ती सत्यताहरुलई घोषणा गर्नु । यसलाई यो अर्थमा प्रयोग गर्ने मर्कूसको सु-समाचार पहिलो हुन सक्दछ (१:१, १४-१५; ८:३५; १०:२९; १४:९)।

**८:३६ "सारा जगत हात पारेर"** यो पनि शैतानले येशूलाई गरेको एउटा परीक्षा थियो (मत्ती ४:८-९)।

- **"आफ्नो प्राण गुमायो भने"** यो कसैकोमा पहिलेबाटै भएको कुरालाई गुमाएको वर्णन गर्नलाई प्रयोग गरिएको शब्दको एउटा एवरिष्ट कर्मवाच्य असीमित मूल क्रिया हो (मत्ती १६:२६; प्रेरित २७:१०)।

८:३७ यो एउटा शक्तिशाली प्रश्न हो । प्राथमिक, वर्तमान जीवन अथवा अनन्त जीवन कहाँ छ त ? स्वार्थी जियाइले जीवनको एउटा आनन्द अनि जीवनको वरदानबाट वञ्चित तुल्याउँदछ यो जीवन वरदान अनि परिचारकपन दुवै हो ।

**८:३८ "जो मदेखि र मेरो वचनदेखि शर्माउँछ"** यसले त्यस्तो समयलाई उल्लेख गर्दछ जतिखेर हरेक व्यक्तिले सु-समाचारसँग सामना गर्दछ । मत्ती १०:३२-३३ अनि लूका १२:८-९ मा बेग्लाबेग्लै तरिकामा त्यस्तै नै सत्यतालाई व्यक्त गर्दछ । आज मानिसहरुले सु-समाचारको विषयमा गरेका निर्णयले तिनीहरुको भविष्यलाई निर्धारण गर्दछ । येशू नै सु-समाचार हुनुहुन्छ ! यो शब्द तेस्रो श्रेणीको शर्तबन्द वाक्य हो, जसले सम्भावनाको परिचय दिन्छ (TEV अनि NJB)

- **"यस व्यभिचारी र पापी पुस्तामा"** अन्तरबाइबलीय कामका यहूदीहरुले दुईओटा युगका ईश्वरशास्त्रलाई विकास गरेका थिए । वर्तमान युगचाहिँ पाप, स्वयम् अनि अधार्मिकताले प्रभुत्व जमाएको थियो । मर्कूस १३:८ मा दुईओटा यहूदी युगमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् । तरैपनि परमेश्वरले मसीहलाई पठाउन गइरहनुभएको थियो अनि धार्मिकताको एउटा नयाँ युग स्थापना गर्न गइरहनुभएको थियो । येशूले भन्दै हुनुहुन्छ कि उहाँ आफैंले नै यस नयाँ दिनलाई सुरुवात गर्दै हुनुहुन्थ्यो अनि यस नयाँ धार्मिकताचाहिँ (जुनचाहिँ भर परेको, युहन्ना १:१२; ३:१६) मानिसको व्यक्तिगत विश्वास अनि उहाँमाथिको विश्वासमा निर्भर रहेको छ, तर मानिसको प्रदर्शनमाथि होइन (यर्मिया ३१:३१-३४; मत्ती ५:२०)

- **"मानिसको पुत्र"** योचाहिँ येशूको आफ्नै उपाधि हो; पहिलो शताब्दीको यहूदीवादमा यसको कुनै राष्ट्रिय, सैन्य अथवा अतिरिक्त संकेतहरु थिएन । यो शब्द इजकिएल २:१ अनि भजन ८:४ मा यसको आदर्श प्रयोग गराइबाट आएको हो, जहाँ यसको अर्थ हुन्थ्यो "मानिस-जाति" अनि दानिएल ७:१३, जहाँ यसले मसिह अनि ईश्वरत्वहरु (आकाशका बादलको सवारीमा परमेश्वर नजिक गई अनन्त राज्यलाई ग्रहण गरिने काम) लाई संकेत गर्दछ । यस शब्दमा येशूको जीवनका जम्ल्याहा पक्षहरु मिलेको छ पूर्ण परमेश्वर अनि पूर्ण मानिस (१ यूहन्ना ४:१-३)।

- **"आउँदा"** पूरानो कराररले मसीहको आगमनलाई स्पष्टसित प्रकट गर्दछ । तरैपनि, येशूको सांसारिक जीवनले यो कुरा देखायो कि उत्पत्ति ३:१५; भजन २२; यशैया ५३; अनि जकरिया ९-१४ ले पनि मसीहको कष्टलाई उल्लेख गर्दछ । ब्रमाह्ण्डको प्रभु अनि न्यायकर्त्ताको रुपमा मसीहको दोस्रो महिमित आगमनचाहिँ यहूदीहरुले उहाँ पहिलो पटक आउनुहुँदा आशा गरेझैं ठीक त्यस्तै हुनेछ । तिनीहरुका बन्द हृदय, ईश्वरशास्त्रीय सिद्धान्तवादले तिनीहरुलाई येशूलाई इन्कार गर्न लगाए ।

दोस्रो आगमनचाहिँ एउटा मुख्य अनि नयाँ करारमा बारम्बार दोहोर्‍याइएको सत्यता हो (मत्ती १०:२३; १६:२७-२८; २४:३, २७, ३०, ३७; २६:६४; मर्कूस ८:३८-३९; १३:२६; लूका २१:२७; यूहन्ना २१:२२; प्रेरित १:११; १ कोरिन्थी १:७; १५ फिलिप्पी ३:२०; १ थेसलोनिकी १:१०; २:१९; ३:१३; ४:१६; २ थेसलोनिकी १:७, १०; २:१, ८; याकूब ५:७-८; २ पत्रुस १:१६; ३:४, १२; १ यूहन्ना २:२८; प्रकाश १:७)।

- **"पिताको महिमामा पवित्र दूतहरुसँग"** योचाहिँ दानिएल ७:१० बाटको एउटा पूरानो करारीय भविष्यवाणी हो (मत्ती १६:२७; मर्कूस १३:२०; लूका ९:२६; २ थेसलोनिकी १:७)। यसले दोस्रो आगमनको संकेत गर्दछ । योचाहिँ येशूको ईश्वरत्वलाई पुष्टि गर्ने अर्को तरिका थियो । मत्ती कैयौं पटक स्वर्गदूतहरु मृत्यु र इन्साफको संग्रहकर्त्ता अनि मानवताको विभाजकहरु भएका छन् (१३:३९-४१, ४९; २४:३१)।

- **"महिमा"** पूरानो करारमा "महिमा" (*kabad*) को लागि एकदमै प्रचलित हिब्रू शब्दचाहिँ मूलरुपमा "गह्रौं हुनु" अर्थ लगाउने व्यवसायिक शब्द थियो (जसले तराजुलाई उल्लेख गर्दथ्यो)। जुनचाहिँ गह्रौं हुन्थ्यो त्यहीँ नै मूल्यवान हुन्थ्यो अथवा आन्तरिक मूल्यको हुने गर्दथ्यो । उज्यालोपनको अवधारणलाई प्रायजसो परमेश्वरको महिमा व्यक्त गर्ने शब्दमा थपिन्थ्यो (प्रस्थान १५:१६; २४:१७; यशैया ६०:१-२) ।  उहाँ एक्लै नै मूल्यावान् अनि आदरणीय हुनुहुन्छ । पतित मानिस-जातिलाई हेर्न उहाँ एकदमै ज्ञानी हुनुहुन्छ (प्रस्थान ३३:१७-२३; यशैया ६:५) । खीष्टमार्फत् मात्र परमेश्वरलाई साँच्चै जान्न सकिन्छ (यर्मिया १:१४; मत्ती १७:२; यूहन्ना १४:८-९; हिब्रू १:३; याकूब २:१) ।

'महिमा' शब्दचाहिँ अलिअलि दुईओटा अर्थ लाग्ने प्रकारको छ ।

१. यो "परमेश्वरको धार्मिकता" सँग समानान्तर हुन सक्दछ ।
२. यसले परमेश्वरको "पवित्रता" अनि "सिद्धान्त" लाई उल्लेख गरेको हुन सक्दछ ।
३. यसले परमेश्वरको स्वरुपलाई उल्लेख गरेको हुनसक्दथ्यो जसमा मानिसलाई सृष्टि गरियो ।

(उत्पत्ति १:२६-२७; ५:१; ९:६), तर जसलाई पछि गएर विद्रोहमार्फत् बिगारियो (उत्पत्ति ३:१-२२)।

योचाहिँ पहिले उजाड-स्थानमा घुमिहिँड्ने समयमा उहाँका मानिसहरुसँगको महिमाको बादलमा YHWH को उपस्थिति हो (प्रस्थान १६:७, १०; लेवी ९:२३; गन्ती १४:१०)।

९:१ येशूको बयानलाई व्याख्या गर्ने त्यहाँ थुप्रै सिद्धान्तहरु रहेका छन् । यसले तलका कुराहरुलाई उल्लेख गरेको हुन सक्दछ :

१. येशूको स्वर्गारोहण
२. येशूमा अघिबाटै उपस्थित रहेको राज्य
३. पेन्तिकोसमा आत्माको आगमन
४. सन् ७० मा यरुशलेमको नष्ट
५. येशूको चाँडो आगमनको आशा
६. खीष्टियनिटीको द्रूतगतिमा भएको बिस्तार
७. रुप परिवर्तन

यी सिद्धान्तहरुले पाठका विभिन्न वाक्यांशहरुमा केन्द्रित गर्दछ : (१) "केही मानिसहरु यहाँ खडा भएका छन्"; (२) "परमेश्वरको राज्य"; अथवा (३) "यसको शक्तिमा आउनु ।" मर्कूस ९:२-१३ अनि २ पत्रुस १:१६-१८ को तत्काल सन्दर्भको कारण सबैभन्दा उत्तम अनुमानचाहिँ ७ हो । यसबाहेक, अरु कुनै सिद्धान्तले पनि पाठको सबै तिनैओटा पक्षहरुलाई व्याख्या गर्न सक्दैन । तर बुझ्नुहोस् कि यदि यसले गर्छ भने, तब त यसले केवल पत्रुस, याकूब अनि युहन्नालाई मात्र उल्लेख गर्दछ ।

- “साँच्चै” यसको शाब्दिक अर्थ हुन्छ “आमेन्”। ३:२८ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।
- “मृत्यु चाख्ने छैन” योचाहिँ एउटा आलंकारिक वाक्यांशको रुपमा प्रयोग गरिएको एउटा गहिरो दोष र नकारात्मक हो (त्यो भनेको जीवनको समाप्तीको अनुभव हो)।
- “परमेश्वरको राज्य” १:१५ मा टिप्पणीलाई हेर्नुहोस् ।
- “शक्तिमा आएको” यो एउटा पूर्ण कर्तृवाच्य कृदन्त हो, जसले परमेश्वरको राज्यको पूर्ण आगमनको संकेत गर्दछ । योचाहिँ राज्यलाई केही साँचो अर्थमा येशूको आगमन (अवतार लिने काम) सँगै सुरुवात गरियो भन्ने वास्तविकतासित विषम रहेको छ, तर भविष्यका घटनाहरुलाई आशा गरिनुपर्दछ (जुनचाहिँ दोस्रो आगमन हो)।

**छलफलका प्रश्नहरु :**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. के येशूले दुई ठूला झूण्डलाई खुवाउनुभएको थियो कि अथवा दुईओटा उद्देश्यबाट त्यहाँ एउटा खाना खुवाई थियो ?
२. फरिसीहरुले कस्ता प्रकारको “चिह्न” मागेका थिए ?
३. येशूले चेलाहरुलाई किन हप्काउनुभयो ?
४. येशूले अन्धो मानिसलाई पहिलो पल्ट किन आंशिकरुपमा मात्र चँगाई गर्नुभयो ?
५. पत्रुसको प्रायश्चितलाई मर्कूसको अभिलेखमा भन्दा मत्तीको अभिलेखमा किन पूरै दिइएको छ त ?
६. येशूको विषयमा पत्रुसको प्रायश्चितले वास्तवमा के गऱ्यो त ?
७. येरुशलेममा आफ्नो मृत्युको विषयमा येशूका शिक्षाप्रति चेलाहरु त्यति विघ्न चकित किन भए ?
८. ३४-३८ पदले भन्न चाहेको कुरालाई तपाइँको आफ्नै शब्दमा व्याख्या गर्नुहोस् ।

# मर्कूस ९
## आधुनिक अनुवादहरुके परिच्छेद विभाजन

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| येशूको रुप परिवर्त्तन | डाँडामा येशूले रुप परिवर्त्तन गर्नुभएको | रुप परिवर्त्तन | रुप परिवर्त्तन | रुप परिवर्त्तन |
| ९:२-८ | ९:२-१३ | ९:२-८; एलियाको विषयमा अगमवाणी ९:९-१३ | ९:२-६; ९:७-८ ९:९; ९:१०-११ ९:१२-१३ | ९:२-८; एलियाको विषयमा प्रश्न ९:९-३ |
| अशुद्ध आत्मा लागेको केटोको चँगाई | केटो निको भएको | छारे रोग लागेको बालक निको भएको | येशूले दुष्ट आत्मा लागेको केटोलाई चँगाई गर्नुहुन्छ | छारे रोगको भूत लागेको |
| ९:१४-२९ | ९:१४-२९ | ९:१४-२९ | ९:१४-१६; ९:१७-१८; ९:१९-२०अ ९:२०आ-२१अ; ९:२१आ-२२; ९:२३; ९:२४, ९:२५; ९:२६-२७; ९:२८ ९:२९ | ९:१४-२९ |
| येशूले फेरि पनि आफ्नो मृत्यु र पुनरुत्थानको अगमवाणी गर्नुहुन्छ | येशूले फेरि पनि आफ्नो मृत्यु र पुनरुत्थानको भविष्यवाणी गर्नुहुन्छ | कष्टको अगमवाणी | येशूले फेरि पनि आफ्नो मृत्युको विषयमा बोल्नुहुन्छ | कष्टको दोस्रो भविष्यवाणी |
| ९:३०-३२ | ९:३०-३२ | ९:३०-३२ | ९:३०-३१; ९:३२ | ९:३०-३२ |
| महान् को हो ? | महान् को हो ? | साँचो महानता | महान् को हो ? | महान् को हो ? |
| ९:३३-३७ | ९:३३-३७ | ९:३३-३७ | ९:३३ ९:३४-३७ | ९:३३-३७ |
| जो हाम्रो विरुद्धमा छैन ऊ हाम्रो लागि हो | येशूले धार्मिक गुठबन्दीलाई निषेध गर्नुहुन्छ | अज्ञातन भूत धपाउने व्यक्ति | जो हाम्रो विरुद्धमा छैन ऊ हाम्रो लागि हो । | येशूको नाउँलाई प्रयोग गर्दै |
| ९:३८-४१ | ९:३८-४१ | ९:३८-४१ | ९:३८; ९:३९-४१ | ९:३८-४०; ख्रीष्टको चेलाहरुलाई उदारता |

| | | | | |
|---|---|---|---|---|
| | | | | देखाइएको, ९:४१ |
| पापको परीक्षा | येशूले अपराधहरुको चेतावनी दिनुहुन्छ | नरकको चेतावनी | पापको परीक्षा | अरुलाई पथभ्रष्ट गर्नु |
| ९:४२-५० | ९:४२-४८; | ९:४२-४८; | ९:४२-४८; ९:४९; ९:५०अ; ९:५०आ | ९:४२-५० |

## अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**संक्षिप्त सु-समाचारहरु समानान्तर रहेका छन् ।**

अ. मर्कूस ९:२-८ लाई मत्ती १७:१-८ अनि लूका ९:२८-३६ मा समानान्तर गरिएको छ ।
आ. मर्कूस ९:९-१३ लाई मत्ती १७:९-१३ अनि लूका ९:३६ सँग समानान्तर गराइएको छ ।
इ. मर्कूस ९:१४-२९ चाहिँ मत्ती १७:१४-२० अनि लूका ९:३७-४३ सँग समानान्तर रहेको छ ।
ई. मर्कूस ९:३०-३२ लाई मत्ती १७:२२-२३ अनि लूका ९:४३-४५ मा समानान्तर गरिएको छ ।
उ. मर्कूस ९:३३-३७ लाई मत्ती १८:१-५ अनि लूका ९:४६-४८ मा समानान्तर गरिएको छ ।
ऊ. मर्कूस ९:३८-५० मत्ती १८:६-१४ अनि लूका ९:४९-५० मा समानान्तर गरिएको छ ।

## NASB (UPDATED) TEXT : 9:2-8

२त्यसको छ दिनपछि येशूले पत्रुस, याकूब र यूहन्नालाई उहाँको साथ लिई एउटा उच्च पहाडमा लैजानुभयो । त्यहाँ उहाँहरुमात्र हुनुहुन्थ्यो, अनि तिनीहरुका सामुन्ने उहाँको रुप बदलियो । ३अनि उहाँका वस्त्र उज्ज्वल र अति सेता भए, यस्तो कि पृथ्वीमा कसैले पनि धोएर त्यतिको सेतो पार्न सक्दैन । ४त्यहाँ तिनीहरुकहाँ एलिया र मोशा देखा परे, र उनीहरु येशूसँग बातचित गरिरहेका थिए । ५पत्रुसले येशूलाई भने, "गुरुज्यू, हामी यहाँ भएको असल भयो । हामी यहाँ तीनओटा वासस्थान बनाऔं, एउटा तपाइँको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति ।" ६तिनीहरु ज्यादै डराएको कारणले के भन्ने हो सो तिनले जानेनन् । ७अनि एउटा बादल आएर तिनीहरुलाई ढाक्यो, र बादलबाट एउटा आवाज निस्क्यो, "यिनी मेरा प्रिय पुत्र हुन्, तिमीहरुले उनको वचन सुन ।" ८अनि झट्टै वरिपरि हेर्दा तिनीहरुले आफ्ना साथमा येशूलाई बाहेक अरु कसैलाई देखेनन् ।

९:२ **"छ दिन"** लूका ९:२८ मा "आठ दिन" छ । मर्कूसको सु-समाचारमा त्यस्तो विशेष समय निर्दिष्ट गर्ने कामचाहिँ एकदमै असाधारण कुरो भएको छ ।

- **"पत्रुस, याकूब र यूहन्ना"** योचाहिँ चेलाहरुको भित्री झूण्ड हो जो मुख्य घटनाहरुमा सदैव उपस्थित रहन्थे (५:३७)। यो घटनाचाहिँ तिनीहरुको लागि पनि येशूलाई जत्तिकै महत्त्वपूर्ण थियो ।
- **"एउटा उच्च पहाडमा"** परम्परा (हिब्रूहरुको गैर क्यानोनी सुसमाचार) ले भन्दछ कि यो ताबोर पर्वत थियो, तर यो सायद हर्मन पर्वतको एउटा डाँडा हुन सक्दथ्यो ।

यो अनुभव मोशाको सीनै पर्वतको अनुभवलाई प्रतिविम्बित गराउने एउटा घटनाहरुलाई बेग्लाबेग्लै विभाजन गर्ने प्रणाली पो हो कि भनेर कसैलाई अचम्म लाग्न सक्छ ।

१. एउटा उच्च पर्वत
२. बादल
३. महिमित मुहारहरु (प्रस्थान ३४:२९)
४. छ दिनको अवधि (प्रस्थान २४:१६)

प्रस्थानको यस उद्देश्यचाहिँ (त्यो भनेकोचाहिँ नयाँ मोशाको रुपमा येशूले नयाँ करार दिनुभएको, अनि आफ्ना मानिसहरुलाई पापको दासत्वबाट निकालेर ल्याइरहनुभएको, भन्ने हो) मर्कूसमा बारम्बार दोहोरिरहने संकेत हो । लूकाको सु-समाचारमा, यसले भन्दछ कि येशू, मोशा अनि एलियाले येशूको प्रस्थानबारे बातचित गरे ।

- **"उहाँहरुमात्र"** लूका ९:२८ ले त्यस उद्देश्यलाई "प्रार्थना गर्नको लागि" भनेर उल्लेख गर्दछ । चेलाहरुलाई गुप्तमा शिक्षा दिनलाई येशू भीडबाट अलग रहन चाहनुहुन्थ्यो । यस उदाहरणमा योचाहिँ नेतृत्वको यस भित्री समूह थियो ।

- **"तिनीहरुका सामुन्ने उहाँको रुप बदलियो"** यो "कसैको रुप परिवर्तन हुनु" भनेर अर्थ्याउने वाक्यांशसित निष्कर्ष ल्याउने मिश्रित शब्द *meta* (पछि) अनि *morophoō* (रुप) को एउटा एवरिष्ट कर्मवाच्य संकेतार्थ हो । यस ग्रीक शब्दबाट हामी 'रुप रिवर्तन' (meta morphosis) भन्ने अंग्रेजी शब्द पाउँदछौं । येशूको पूर्व अस्तित्वमा रहेको उज्ज्वल महिमाले उहाँको सांसरिक शरीरलाई देखाउँदछ । उहाँका वास्तविक स्वर्गीय अस्तित्वको उज्ज्वलतालाई यी चेलाहरुले देख्न सकेका थिए (२ पत्रुस १:१६-१८) । *morphē* (फिलिप्पी २:६--७) शब्दले केही कुराको अथवा कसैको नबदल्ने सारलाई देखाउँदछ (*schēma* को विपरित शब्द, फिलिप्पी २:८, बाहिरी रुप परिवर्त्तन)।

यही रुप परिवर्त्तन उहाँका चेलाहरुलाई पनि सम्भव रहेको छ (रोमी १२:२; २ कोरिन्थी ३:१८) । एउटा अर्थमा यसले उत्पत्ति ३ को पतनमा खराब भएका मानिस जातिमा भएको स्वर्गीय प्रतिरुपको पुनस्थार्पनालाई उल्लेख गर्दैछ । हामीलाई साँचो मानिस, साँचो ख्रीष्टजस्तो बनाउन येशू सक्षम हुनुहुन्छ ।

९:३

**NASB** **"उहाँका पोशाक उज्ज्वल अनि अत्यधिक सेतो भयो"**
**NKJV** **"उहाँका वस्त्र चम्किलो र अत्यधिक सेतो भयो"**
**NRSV** **"उहाँका वस्त्र एकदमै सेतो भयो"**
**TEV** **"उहाँका वस्त्र चहकिलो सेतो भयो"**
**NJB** **"उहाँका वस्त्र अत्यधिक सेतो भयो"।**
यसले कुनै धोबीको उल्लेख गर्दछ ।

यस्तै पदहरुमा ऐतिहासिक पुस्तकहरु एकदमै सहयोगी बन्दछ । म तपाइँलाई त्यस्ता थुप्रैको उल्लेख गरौं जसले मलाई प्राचीन पूर्वीय निकटवर्तीको संस्कृतिलाई बुझ्नमा मद्दत गरेको छ :

1. Roland de Vaux, *Ancient Isreal*, दुईओटा भागहरु
2. Fred. H. Wright, *Manners and Customs of Bible Lands*
3. James M. Freeman, *Manners and Customs of the Bible*
4. Jack Finegan, *Light From The Ancient Past* दुई ओटा भागहरु
5. James S. Jeffers, *The Greco-Roman World of the New Testament Era.*
6. K. A. Kitchen, *Ancient Orient and the Old Testament*
7. Edwin M. Yamauchi, *The Stone and the Scriptures*

**९:४ "एलिया ........... मोशा ........... येशू"** यसले परमेश्वरको लगातारको प्रकटीकरण देखाउँदछ । तिनीहरुले प्रत्यक्षरुपमा अघिबाटै आफ्ना पुनरुत्थित शरीरहरु पाइसकेका थिए, जुनचाहिँ १ थेसलोनिकी ४:१३-१८ को प्रकाशमा आश्चर्यजनक भएको कुरोलाई ध्यान दिनुहोस् । यिनीहरुचाहिँ पूरानो करारका

दुईओटा मुख्य चित्रहरु हुन् जसको एउटा मृत्यु अनि इन्साफको भविष्यवाणी गरिएको पक्षहरु थियो ( जस्तै मसिह अनि मोशाको अघि एलिया, येशूजस्ता अगमवक्ता)।

- **"देखा परे"** यस शब्दलाई लूका १:११ अनि २२:४३ मा दूतझैं देखापरेको कुरामा अनि, लूका २४:३४ मा येशूको बारेमा प्रयोग गरिएको छ ।
- **"उनीहरु येशूसित बातचित गरिरहेका थिए"** यो एउटा घुमाएर भनिएको कुराको अपूर्णकाल हो, जसले लामो वार्तालापलाई संकेत गर्दछ । लूका ९:३१ ले भन्दछ कि तिनीहरुले येरुशलेमबाट येशूको प्रस्थानको बारेमा बातचित गर्दै थिए । प्रस्थान २४:१२–१८ अनि यस परिच्छेदको बीचमा त्यहाँ एउटा आश्चर्यपूर्ण स्वभाविक परिणाम रहेको छ :

१. **"छ दिन"** को समय (२ पद)
२. **"उच्च पहाड"** को स्थान (२ पद)
३. बादलको उपस्थिति अनि यसबाट परमेश्वर बोल्नुभएको कुरा (७ पद)
४. मोशाको मुहारमा छाएको महिमा अनि यहाँ येशूको महिमित मुहारको उल्लेख (लूका ९:२९; प्रस्थान ३४:२९–३०)

**९:५ "पत्रुसले येशूलाई भने"** लूका ९:३२ ले भन्दछ कि लामो दिन अनि कठीन चडाई पश्चात् तीनजना चेलाहरु निदाएका थिए अनि पत्रुसचाहिँ एलिया र मोशा छुटिँदै गरेको हेर्नलाई ब्यूँझिएका थिए ।

- **"गुरुज्यू"** मत्तीको समानान्तरमा "प्रभु" अनि लूकाको समानान्तरमा 'मालिक'  छ ।
- **"हामी यहाँ भएको असल भयो"** यो एउट साह्रै अचम्मको आत्मिकी अनि शारीरिक अनुभव भएको हुनुपर्दछ; पूरानो करारमा प्रतिज्ञा गरिएको येशूको व्यक्तित्वको कस्तो पुष्टिकरण !
- **"वासस्थान"** योचाहिँ बूथको चाडको समयमा अस्थायीरुपमा बनाइने खरले छाएको झुप्रोहरु जस्तै नै ढाँचाको हुनुपर्दछ । पत्रुसको बयानको संकेतचाहिँ त्यो थियो कि यदि पूरानो करारका महिमित दर्शनार्थीहरु केही क्षणको लागि बसे भने, तिनीहरु केही लामो समयको लागि पनि बस्न सक्दथे !

९:६ पत्रुसले के गर्नु पर्ने हो भन्ने जानेनन्, यसैले तिनी बोले !

**९:७ "बादल"** योचाहिँ प्रस्थान (प्रस्थान १३–१४) मा YHWH को चिह्न थियो । धर्म गुरुहरुले यसलाई "*Shekinah*", महिमाको बादल" जसको अर्थ हुन्छ YHWH इस्राएलीहरुसँग देखिने गरी अनि स्थायी रुपमा वास गर्नुभयो ।

- **"तिनीहरुलाई ढाक्यो"** यस शब्दले उजाड–स्थानमा घुमिहिँडेको समयमा (३८ वर्ष) परमेश्वरका मानिसहरुलाई छहारी (अर्थात् सुरक्षा) प्रदान गर्ने अनि अगुवाई गर्ने यहोवाको उपस्थितिको विशेष बादलको विषयमा पुरानो करारको अर्थलाई प्रतिविम्बित गर्दछ । येशूको सम्बन्धमा यो बादल तीन पटक देखा पर्दछ ।

१. उहाँको गर्भाधारणमा मरियमलाई आत्माद्वारा ढाकिएको छ (लूका १:३५)
२. उहाँको बप्तिस्मामा येशूलाई स्वर्गबाटको एउटा आवाजले सम्बोधन गरिएको छ (बादललाई नै त विशेषरुपले उल्लेख गरिएको छैन, मत्ती ३:१७)।
३. रुप परिवर्तनको समयमा एउटा आवाज सुनिएको छ (मत्ती १७:५; लूका ९:३४)

यस शब्दलाई नयाँ करारमा अरु दुई पटक प्रयोग गरिएको छ, एकपटक पत्रुसको छाया मानिसहरुमा पर्दा तिनीहरु निको भएको सम्बन्धमा (प्रेरित ५:१५) अनि करारको सन्दूकमा कृपाआसनलाई करुबहरुले ढाकेको सम्बन्धमा, संयुक्त रुपमा हिब्रू ९:५ मा प्रयोग गरिएको छ ।

- **"आवाज"** योचाहिँ (१) उजाड–स्थानमा बादलबाट यहोवाको आवाजसँग सम्बन्धित छ अथवा (२) Bath Kol (अर्थात्, स्वर्गबाटको आवाज) सँग सम्बन्धित छ, जुनचाहिँ अन्तरकरारीय अवधिमा यहोवाको इच्छालाई प्रकट गर्ने परमेश्वरको तरीका थियो जतिखेर त्यहाँ कुनै अगमवक्ता थिएन (मर्कूस १:११)।
- **"मेरा प्रिय पुत्र"** यस पूरानो करारका 'पुत्र' भन्ने शब्द (१) पूर्णताको रुपमा इस्राएलीहरुलाई, (२) यहोवाको प्रतिनिधिको रुपमा इस्राएलका राजाको लागि, अनि (३) प्रतिज्ञा गरिएको आउनुहुने मसिहको लागि (भजन २:७) प्रयोग गरिएको थियो । पिताले पुत्रलाई विशेष प्रकारले सम्बोधन गर्नुभएको यो दोस्रो पटक हो (मत्ती ३:१७; १७:५)। १:११ मा पूरा टिप्पणी अनि ३:१ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"उनको वचन सुन"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो, जसले व्यवस्था १८:१५ को भविष्यवाणीलाई प्रतिविम्बित गर्दछ । पिताको अन्तिम प्रकटीकरणलाई स्वीकार्नु पर्दछ अनि पालन गर्नुपर्दछ (लूका ६:४६)।

९:८ यस पदले (१) यस अनुभवचाहिँ एउटा दर्शन थियो अथवा (२) रुप परिवर्तनले हुन आएको देख्न सकिने राज्यलाई फर्काएको छ ।

## NASB (UPDATED) TEXT : 9:9-13

९उहाँहरु पहाडबाट ओर्लदै गर्नुहुँदा येशूले तिनीहरुलाई "मानिसको पुत्र मृतकबाट पुनरुत्थान नहोउञ्जेल तिनीहरुले जे देखेका थिए त्यो कसैलाई नभन्नु भनी आज्ञा दिनुभयो । १०तिनीहरुले त्यो कुरा आफ्नो मनमा राखे, तर मृतकबाट पुनरुत्थान हुनु भनेको के हो भनी आपसमा बातचित गर्न लागे । ११अनि तिनीहरुले उहाँलाई यसो भनेर सोधे, "पहिला एलिया आउनुपर्छ भनी व्यवस्थाका शास्त्रीहरुले किन भन्दछन् ?" १२येशूले भन्नुभयो, "निश्चय नै, एलिया पहिले आउँछन्, र सबै कुराको पुनर्स्थापन गर्छन् । तर मानिसको पुत्रले धेरै कष्ट भोगेर अरुबाट तिरस्तकृत हुनेछ भनी कसरी धर्मशास्त्रमा लेखिएको छ त ? १३तर म तिमीहरुलाई भन्दछु, एलिया आइसकेका छन्, र उसको विषयमा लेखिए बमोजिम उनीसँग जे मन पर्‍यो तिनीहरुले त्यसै गरे ।

**९:९ "येशूले तिनीहरुलाई 'मानिसको पुत्र मृतकबाट पुनरुत्थान नहोउञ्जेल तिनीहरुले जे देखेका थिए त्यो कसैलाई नभन्नु भनी आज्ञा दिनुभयो'"** योचाहिँ एउटैमात्र  घटना थियो जहाँ येशूले तिनीहरुलाई चूप बस्नु भी बारम्बार दिनुभएको चेतावनीमा एउटा समयलाई जोडिएको छ (५:४३; ७:३६; ८:३०) यो निषेधचाहिँ सु–समाचार अझ पूरा भएको थिएन भन्ने वास्तविकतासँग सम्बन्धित रहेको छ । भविष्यको कुनै समयमा, यस घटनाप्रतिको तिनीहरुको सम्झनालाईचाहिँ सबै सु–समाचारका अरु घटनाहरुका प्रकाशमा स्पष्टरुपले बुझिने थियो ।

**९:१० "मृतकबाट पुनरुत्थान हुनु भनेको के हो भनी आपसमा बातचित गर्न लागे"** चेलाहरुले "दोस्रो आगमन" (८:३८) अनि 'पुनरुत्थान' (९:९) को बीचको भिन्नतालाई बुझ्ेनन् । येशूका समयको यहूदीहरुले इतिहासमा मसीहको केवल एउटै मात्र आगमनलाई आशा गर्दथे अनि यस आगमनचाहिँ विश्वव्यापी मापदण्डमा इस्राएल राष्ट्रको सैन्य विजयी अनि सर्वोचतासँग सम्बन्धित थियो । ८:३१ मा पुनरुत्थानमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**९:११ "शास्त्रीहरु"** यिनीहरुचाहिँ साँस्कृतिकरुपमै सम्मानित पूरानो करारका व्याख्याकारहरु थिए जसले पूरानो करारको व्याख्या गर्दथे अनि यसलाई तिनीहरुको दिनमा कसरी लागू हुन्थ्यो भनेर व्याख्या गर्दथे ।

**९:१२–१३ "एलिया पहिले आउँछन् ......... एलिया आइसकेका छन्"** मलाकी ३:१ अनि ४:५ मा पाइने एलियाको भविष्यवाणी गरिएको भूमिकालाई बप्तिस्मा दिने यूहन्नाले पूरा गरेका थिए भनेर येशूले दाबी गर्नुहुन्छ । येशूले दिनुभएको जवाफको विषयमा त्यहाँ थुप्रै वहसहरु भएका छन् । उहाँले विशेषरुपले उल्लेख गर्नुभएको छ कि बप्तिस्मा दिने यूहन्नाको सेवाकाई (मत्ती ११:१०, १४; मर्कूस ९:११–१३; लूका १:१७) मा एलिया अघिबाटै आइसकेका थिए । तैपनि, यूहन्नाको सु–समाचार (१:२०–२५) मा जब फरिसीहरुले उहाँलाई के तिमी नै एलिया हौ भनेर प्रश्न गर्दा उहाँको सोझै यसलाई इन्कार गर्नुभयो । देखिएको यस विवादलाई यूहन्नाले आफूलाई बौह्री उठेको एलिया हुँ भनेर इन्कार गरेको सत्यतालाई सम्हाल्न सकिन्छ, तर यूहन्नाले एलियाको सेवाकाईको तयारीलाई सांकेतिकरुपमै पूरा गरे भनेर येशूले दाबी गर्नुहुन्छ । तिनीहरु दुवैले एउटै प्रकारको वस्त्र लगाउँथे अनि त्यसरी नै काम गर्दथे, यसैले ती यहूदीहरुको हृदयमा पहिचान गर्ने कुराचाहिँ स्पष्ट भएको थियो जसले एलियाको विषयमा जान्दथे अनि जसले बप्तिस्मा दिने यूहनलाई देखेका अनि सुनेका थिए (लूका १:१७)।

**९:१२ "धेरै कष्ट भोगेर अरुबाट तिरस्कृत हुनेछ"** यो कुराचाहिँ येशूको पालाको यहूदी मानिसहरुका लागि एकदमै आघातपूर्ण कुरो थियो जसले पूराना करारका न्यायकर्त्ताहरु झैं एकजना शक्तिशाली उद्धारकको आशा गरेका थिए अनि कष्ट पाउने उद्धारकर्ताको आशा गरेका थिएनन् । तिनीहरु पूरानो करारका कैयौं संकेतहरुलाई गुमाएका थिए (उत्पत्ति ३:१५; भजन २२; यशैया ५२:१३–५३:१२; जकरिया ९–१४)। यस कुरा बुझ्नलाई बाह्र चेलाहरुको वर्ष लागेको थियो; तैपनि पेन्तिकोसमा (यूहन्ना १६:१३–१४) आत्माको विशेष सेवाकाईले यस कुरालाई तिनीहरुमा प्रकट नगरुञ्जेलसम्म तिनीहरुले पूर्णरुपले बुझ्ेनन् ।

ध्यान दिनुहोस् कि येशूले बाह्र चेलाहरुलाई ईश्वरशास्त्रीय हेतुले संलग्न गर्ने कोशिस गर्दै हुनुहुन्छ । उहाँले तिनीहरुलाई दुई बेग्लाबेग्लै भविष्यवाणीको बीचको सम्बन्धलाई बुझ्न जोड दिँदै हुनुहुन्छ । येशूले तिनीहरुलाई एउटा अप्रत्याशित पूर्णताद्वारा चकित पार्नुभयो जुनचाहिँ भौतिक कुरो थिएन, तर दुई कुरालाई बेग्लाबेग्लै तरिकामा विभाजन गर्ने प्रणाली थियो (जस्तै बप्तिस्मा दिने यूहन्नाले एलिया आएर मसीहको लागि बाटो तयार पारेको कुराको रुपमा काम गरेका थिए)।

येशूले आफ्ना चेलाहरुलाई सिकाउन हरेक गुप्त क्षणहरुलाई लिनुभयो । पहाडबाट ओर्लदैं गरेको समयमा पनि उहाँले एउटा सम्बन्धि विषयलाई ल्याउनुहुन्छ (जुनचाहिँ एलियाको विषयमा मलाकीको अगमवाणी थियो)। धार्मिक शिक्षणको लागि लिइएको यस हरेक अवसरको फाइदालाई व्यवस्था ६:७ अनि ११:१९ मा प्रतिविम्बित गरिएको छ ।

**९:१३ "उनको विषयमा लेखिएबमोजिम"** एलियाले यिजेवेलबाट खतराको चेतावनी पाएका थिए (१ राजा ९:२, १०, १४) जसरी यूहन्नाले पनि हेरोदियसबाट पाएका थिए ।

NASB (UPDATED) TEXT 9:14-29

१४उहाँहरु अरु चेलाहरुकहाँ फर्की आउँदा तिनीहरुलाई एउटा ठूलो भीडले घेरिराखेका र तिनीहरुसँग शास्त्रीहरुले बहस गरिरहेका उहाँहरुले देख्नुभयो । १५जम्मै भीडले उहाँलाई देख्ने बित्तिकै साह्रै आश्चर्य माने, र उहाँकहाँ दौडेर गई उहाँलाई अभिभावन गरे । १६उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरु यिनीहरुसँग के को बहस गर्दैछौ ?" १७भीडबाट एक जनाले उहाँलाई जवाफ दियो, "गुरुज्यू, मेरो छोरालाई गूँगो पार्ने आत्मा लागेको छ, र तपाइँकहाँ ल्याएको छु । १८जब यसले मेरो छोरालाई पक्रन्छ, यसलाई भूइँमा पछार्छ, र त्यसले मुखबाट फिँज काढ्छ, र त्यसले दाह्रा किट्न लाग्छ, र त्यो अरट्ठै पर्छ । मैले तपाइँका चेलाहरुलाई त्यो भूतात्मा निकालिदिऊन् भनी बिन्ती गरें, तर तिनीहरुले सकेनन् ।" १९तब उहाँले तिनीहरुलाई जवाफ दिनुभयो, "ए अविश्वासी पुस्ता, म कहिलेसम्म तिनीहरुसँग रहँला ? तिमीहरुलाई म कति सहूँ ? त्यसलाई मकहाँ ल्याउने ।" २०तिनीहरुले त्यस केटालाई उहाँकहाँ ल्याए । येशूलाई देख्ने बित्तिकै त्यस आत्माले केटालाई लछारपछार पार्‍यो, र त्यो भूइँमा पछारिए फिँज काढ्दै लडीबुडी गर्न लाग्यो । २१उहाँले त्यसका बाबुलाई सोध्नुभयो, "कहिलेदेखि यसलाई यस्ता भएको हो ?" तिनले भने, "बाल्यकालदेखि नै । २२यसलाई नाश गर्न त्यस आत्माले घरिघरि यसलाई आगो र पानीमा पनि फालेको छ । यदि तपाइँले केही गर्न सक्नुहुन्छ भने, दया गरी हामीलाई मद्दत गरिदिनुहोस् ।" २३येशूले तिनलाई भन्नुभयो, "तपाइँले सक्नुहुन्छ !" भनी के भनेको ? विश्वास गर्नेको लागि सबै कुरा सम्भव छ ।" २४तब झट्टै केटाको बाबुले कराएर भने, "म विश्वास गर्दछु । मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस् ।" २५तब भीड एकसथा दगुरी आएको देखेर उहाँले त्यस अशुद्ध आत्मालाई यसो भनेर हप्काउनुभयो, "ए गूँगो र बाहिरी आत्मा, म तँलाई हुकुम गर्दछु, त्यसबाट निस्केर आइजा, र फेरि कहिल्यै त्यसभित्र नपस् ।" २६अनि चिच्याएर त्यस केटालाई लछारपछार पारी त्यो आत्मा निस्क्यो, र त्यो केटो मुर्दासरि भयो, यहाँसम्म कि धेरैले त त्यो मरेछ भनी ठाने । २७तर येशूले त्यसको हात समातेर त्यसलाई जुरुक्क उठाउनुभयो, र त्यो उठ्यो । २८अनि जब उहाँ घरमा जानुभयो तब उहाँका चेलाहरुले गुप्तमा उहाँलाई यसो भनी सोधे, "हामीले त्यसलाई किन निकाल्न सकेकौं ?" २९उहाँले तिनीहरुलाई भन्नुभयो, "यस किसिमको चाहिँ प्रार्थनाले बाहेक अरु कुनै उपायले हटाउन सकिँदैन ।

**९:१४ "उहाँहरु चेलाहरुकहाँ फर्की आउँदा येशूले बाँकी चेलाहरुलाई पहाडको फेदीमा छोड्नुभएको थियो ।"** लूका ९:३७ ले भन्दछ तिनीहरु भोलिपल्ट फर्केका थिए ।

- **"एउटा ठूलो भीड .......... शास्त्रीहरुले बहस गरिरहेका ....... "** यी दुवैओटा कुराहरुले येशूको सेवाकाईलाई चरितार्थ गर्दथ्यो अनि अहिले चेलाहरुले येशूको ढाकिएको स्थितिको अनि तिनीहरुको आउने सेवाकाइको पनि अनुभव गर्दै थिए । त्यहाँ घरिघरि समस्याहरु आइरहेको थियो, तर अवसरहरु पनि उत्तिकै थियो ।

९:१५ **"बित्तिकै"** १:१० को टिप्पणीलाई हेर्नुहोस् ।

- "......... **साह्रै आश्चर्य माने"** कोही कोहीले यस आश्चर्यलाई प्रस्थान ३४:२९–३० सँग सम्बन्धित येशूको अझसम्म पनि बलिरहेको मुहारलाई उल्लेख गरेको रुपमा हेर्दछन्, तर सन्दर्भले यस्तो संकेत गरेजस्तो देखिन्छ कि येशूको उपस्थितिचाहिँ सेवाकाई अनि शिक्षाको लागि आवश्यक क्षणमा आएका थिए ।

| | |
|---|---|
| **NASB** | **"उहाँलाई अभिवादन गर्न उँभो दौडन सुरु गरे"** |
| **NKJV** | **"उहाँकहाँ दौडेर गई, उहाँलाई अभिवादन गरे"** |
| **NRSV** | **"उहाँलाई अभिवादन गर्न तिनीहरु दौडेर अघि गए"** |
| **TEV** | **"उहाँकहाँ दौडे अनि उहाँलाई अभिवादन गरे"** |
| **NJB** | **"उहाँलाई अभिवादन गर्न दौडे"** |

यो एउट अपूर्ण काल हो, जसको अर्थ हुन्छ, (१) कुनै कामको सुरुवात (NASB) अथवा, (२) बितेको समयको दोहोरिएको काम । येशूलाई हेर्न यो भीड उत्तेजित थियो अनि एकपछि अर्को गर्दै दौडेर उहाँलाई अभिवादन गरे ।

९:१६ **"तिमीहरु यिनीहरुसँग के को बहस गर्दैछौ ?"** येशूले भीडलाई यस प्रश्न सोध्नुहुन्छ । शास्त्रीहरुले त्यस केटोमाथि चासो राखेका थिएनन्, तर चँगाई गर्नमा चेलाहरुको अयोग्यताको ईश्वरशास्त्रीय पक्षमा चासो राखेका थिए ।

९:१७ **"गूँगो पार्ने आत्मा"** सु–समाचारहरुले भूत लागेको अनि शारीरिक बिरामीको बीचमा निश्चित भिन्नता देखाउँदछ । यस विशेष घटनामा त्यहाँ यस भिन्नता धमिलिएको जस्तो देखिन्छ । पिताद्वारा वर्णन गरिएको लक्षण अनि पाठमा भएका कैयौं ग्रीक शब्दहरुको संकेतले छारे रोग, विशेष गरेर, एउटा विशाल नराम्रो छोप्ने रोगको संकेत गर्दछ । यस शारीरिक तत्त्वहरुलाई शैतानिक अधिकारले अझ बिगारेको थियो अथवा उक्साएको थियो । १:२३ मा भूत लागेको विषयमाथि विशेष शीर्षकलाई हेर्नुहोस् ।

९:१८ **"अरठ्ठै पर्छ"** योचाहिँ एउटा साह्रै नराम्रो छोप्ने रोगको विवरण हो ।

- **"मैले तपाइँका चेलाहरुलाई त्यो भूत निकालिदिऊन् भनी बिन्ती गरें, तर तिनीहरुले सकेनन् ।"** चेलाहरु पनी छक्क परेका थिए । ६:७, १३ मा येशूले तिनीहरुलाई भूतहरुमाथि शक्ति दिनुभएको थियो, तर यस मामलामा तिनीहरुको प्रयत्न विफल भयो !

९:१९ चेलाहरुको, भीडहरुको अनि शास्त्रीहरुको विश्वासको कमीमा आफ्नो खिन्नता प्रकट गर्न १९ पदमा येशूले दुईओटा आंलकारिक प्रश्नहरुको प्रयोग गर्नुहुन्छ ।

९:२० **"येशूलाई देख्ने बित्तिकै, त्यस आत्माले केटालाई लछारपछार पार्‍यो"** योचाहिँ छारे रोगमा आफैंलाई प्रकट गरेको भूत लागेको विमार थियो ।

**९:२१ "सु–समाचारहरुमा"** साना नानीहरुलाई भूत लागेको त्यहाँ कैयौं विवरणहरु छन् । योचाहिँ कसरी अनि किन भयो भनेर कहिले उल्लेख गरिएको छैन ।

९:२२ भूतको नाश पार्ने प्रवृत्तिलाई यस केटाको जीवनको बारेमा बाबुको विवरणमा स्पष्ट देख्न सकिन्छ ।

- **"नाश"** ३:६ मा *Appollumi* माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"यदि"** योचाहिँ एउटा प्रथम श्रेणीको शर्तबन्द वाक्य हो जसलाई लेखकको उद्देश्य अथवा उसको साहित्यिक उद्देश्यहरुको लागि साँचो मानिएको छ । योचाहिँ चँगाई गर्नमा येशूको योग्यताप्रतिको पिताको पुष्टिकरण हो ।

- **"दया गरी हामीलाई मद्दत गरिदिनुहोस्"** चेलाहरुले आफ्नो छोरालाई छुटकारा गर्न असफल भएको भएता पनि यस बाबुमा येशूमाथि विश्वास थियो । *Word Studies in the New Testament* vol. 1 पृष्ठ ११३, मा M.R. Vincent ले टिप्पणी गरेका छन् कि यस बाबुले आफ्नो छोराको समस्यासंग पूर्णरुपले पहिचान राखेका थिए, जसरी Syro-Phoenician स्त्री आफ्नी छोरीको समस्यासँग परिचित थिइन् (मत्ती १५:२२)

**९:२३ "तपाईँले सक्नुहुन्छ"** योचाहिँ पद २२ को मानिसको वयानलाई दोहोराइएको हो । यो अर्को प्रथम श्रेणीको शर्तबन्ध वाक्य हो । यस मानिसले येशूको क्षमतालाई दाबी गरेका थिए : अब येशूले उसको विश्वासको जाँच गर्नुहुँदैछ ।

- **"विश्वास गर्नेको लागि सबै कुरा सम्भव छ"** मानवताको लागि यो एउटा खाली जाँच होइन, अनि मानवतालाई विश्वास गर्नु अनि परमेश्वरमा चलाकी गर्नु पनि होइन, तर यो त परमेश्वरले विश्वास गर्ने विश्वासमार्फत् आफ्नो इच्छा पूरा गर्नुहुनेछ भन्ने एउटा प्रतिज्ञा हो (Gordon Fee) को, *The Disease of the Health and Wealth Gospels* लाई हेर्नुहोस्) । त्यहाँ दुईओटा शर्तहरु छन् (१) परमेश्वरको इच्छा अनि (२) विश्वास गर्ने निष्ठा ! ११:२३ मा प्रभावकारी प्रार्थनामाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**९:२४ "म विश्वास गर्दछु । मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस्"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । याद गर्नुहोस्, महत्त्वपूर्ण कुरोचाहिँ परिमाण होइन तर विश्वासको उद्देश्य हो (मत्ती १७:२०; लूका १७:६)। ध्यान दिनुहोस् कि येशूले यस मानिसको शंकामा काम गर्नुभयो, जसरी हामीसँग उहाँले गर्नुहुनेछ ।

येशूले बाबुको विश्वाससँग काम गर्नुहुन्छ तर केटाको विश्वाससँग होइन, किनभने त्यसलाई त बाल्यकालदेखि नै भूतले अधिकार गरेको थियो । चेलाहरुले त्यस केटाबाट भूत निकाल्न नसकेको एउटा कारणचाहिँ तिनीहरुमाथि बाबुको विश्वासको कमीको कारण पो थियो कि भनेर कसैलाई लाग्न सक्दछ । प्रभावकारी चँगाई अनि छुटकाराप्रति आमा–बाबुको अथवा मित्रहरुको विश्वासलाई येशूले बारम्बार

केन्द्रित गर्नुहुन्छ । यस बाबुको भनाइले आफ्नो खाँचोलाई मानिलिन्छ अनि आफ्नो विश्वासलाई बढाउन येशूको सहायताको बिन्ती गर्दछ । योचाहिँ हामी सबैले गर्न सक्ने एउटा प्रार्थना हो ।

Textus Receptus ले *kurie* (त्यो भनेको परमेश्वरको सम्बोधन कारक हो) थपेको छ, जुनचाहिँ येशूलाई प्रभु भनेर गरिएको सम्बोधनद्वारा बाबुको विश्वासलाई देखाउन थप गरिएको शब्द हुनसक्दछ, तर KJV अनि NKJV बाहेक यस थप शब्दलाई अरु कुनै आधुनिक अंग्रेजी अनुवादहरुमा राखिएको छैन ।

**९:२५ "भीड एकसाथ दगुरी आएको** ......." यो कुराचाहिँ भूत धपाउने कामसँग कसरी सम्बन्धित छ भनेर अनिश्चित नै रहेको छ । यो कुरा मर्कूसको सु–समाचारमा बारम्बार पाइने मसिही रहश्यको विपरित रहेको छ । चेलाहरुले सम्हाल्न नसकेको अवस्थामा येशूले आफ्ना शक्ति र अधिकारको प्रयोग गर्नुहुन्छ । भीडको ठेलमठेल अनि जिज्ञासाचाहिँ जहिले पनि एउटा समस्या हुने गर्थ्यो, तर एउटा अवसर पनि थियो । योचाहिँ १४–१५ पद जस्तै त्यही नै भीड अथवा ठूलो संख्यामा आएका नयाँ मानिसहरु हुन सक्दथ्यो ।

- **"ए गूँगो र बाहिरी आत्मा"** योचाहिँ भूतले अधिकार गरेको कुरासँग सम्बन्धित यस केटाको समस्या (१७ पद) को अर्को पक्ष थियो ।
- **"त्यसबाट निस्केर आइजा, र फेरि कहिल्यै त्यसभित्र नपस्"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो अनि एवरिष्ट कर्तृवाच्य असम्भाव्यता हो जसको अर्थ हुन्थ्यो "निस्केर जा अनि फेरि कहिले फर्केर नआइजा ।"

९:२६ शरीरबाट भूतहरु निस्केर गएको शारीरिक प्रकटीकरणचाहिँ नयाँ करारको भूत निकाल्ने कामहरुमा सामान्य कुरो रहेको छ ।

- **"त्यो केटो मुर्दासरि भयो"** योचाहिँ साह्रै नराम्रो छोप्ने विमारका अर्को लक्षण हो ।

**९:२७ "येशूले त्यसको हात समातेर त्यसलाई जुरुक्क उठाउनुभयो"** यस कार्यविधिले येशूको वास्ता अनि सहानुभूतिलाई देखाउँदथ्यो (१:३१; ५:४१)। बिरामी अनि भूत लागेकाहरुलाई छुन उहाँ डराउनुहुन्न थियो ।

**९:२८ "हामीले त्यसलाई किन निकाल्न सकेनौं ?"** तिनीहरु चकित भए ! पहिले त तिनीहरुले भूतहरुलाई निकाल्न सकेका थिए, तर अहिलेचाहिँ किन सकेनन् त ? मत्ती १७:२० ले भन्दछ कि योचाहिँ तिनीहरुको विश्वासको कमीले थियो ।

**९:२९ "यस किसिमको चाहिँ प्रार्थनाले बाहेक अरु कुनै उपायले हटाउन सकिँदैन"** अरु थुप्रै ग्रीक पाण्डुलिपीहरुले "अनि उपवास" भनेर थपेका छन् । तरैपनि, यसलाई ℵ अथवा B मा पाइँदैन, नता क्लेमेन्टद्वारा प्रयोग गरिएको ग्रीक पाण्डुलिपीमै पाइन्छ । सुरुवाती मण्डलीको यहूदीवादबाट यस क्षेत्रप्रतिको झुकाउको कारण वाक्यांशमा थप्ने कामचाहिँ सम्भवत् एकदमै प्राचीन अनि चारैतिर

फैलिएको हुनसक्दछ । यसलाई MSS $P^{45}$, $N^2$, A, C, D, K, L, W, X अनि Diatessaron ममा समावेश गरिएको छ । २:१८–२० मा उपवासमाथिको विशेष शीर्षकमा हेर्नुहोस् । $UBS^4$ 'A' भन्ने छोटो पाठ दिन्छ जसलाई (निश्चित) भनिन्छ ।

ईश्वरशास्त्रीयरुपमा, यस विवरणले के संकेत गर्दछ भने त्यहाँ बेग्लाबेग्लै प्रकारका भूतहरु छन् जसलाई निकाल्न बेग्लाबेग्लै उपाय चाहिन्छ । १:२५ को विशेष शीर्षकलाई हेर्नुहोस् ।

NASB (UPDATED) TEXT : 9:30-32

३०अनि त्यहाँबाट निस्केर उहाँहरु गालील भएर जानुभयो । यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँको इच्छा थियो, ३१किनकी उहाँले आफ्ना चेलाहरुलाई शिक्षा दिँदै हुनुहुन्थ्यो । उहाँले तिनीहरुलाई भन्नुभयो, "मानिसको पुत्र मानिसहरुका हातमा सुम्पिइदिनेछ, र तिनीहरुले उसलाई मार्नेछन्, र ऊ मारिएको तीन दिनपछि फेरि जीवित भई उठ्नेछ ।" ३२तर उहाँले भन्नुभएको यो कुरा तिनीहरुले बुझ्नेनन्, र उहाँसँग सोध्न डराए ।

**९:३० "गालील भएर जानुभयो"** यो अझै पनि रुप परिवर्तनको पहाडलाई छोडेर गालील भएर दक्षिणतर्फ गएको दृश्य हो । येशूले सकेसम्म धेरै मानिसहरुसँग व्यक्तिगत रुपमै बातचित गर्न चाहनुहुन्थ्यो ।

- **"यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँको इच्छा थियो"** योचाहिँ एउटा चँगाईकर्त्ता अथवा आश्चर्य कर्म गर्नेको रुपमा चिनिएको नचाहने येशूको इच्छाको अर्को पक्ष थियो किनभने शारीरिक सहायतालाई खोज्न ९:३१ "मानिसको पुत्र" ८:३८ ग को टिप्पणीलाई हेर्नुहोस् ।

- **"सुम्पिईदिनेछ"** यो एउटा वर्तमान कर्तृवाच्य संकेतार्थ हो । यस शब्दको अर्थ हुन्छ, "अधिकारीहरुलाई "सुम्पिइदिनु ।" येरुशलेममा के हुने थियो भनेर येशूले चेलाहरुलाई स्पष्टरुपले प्रकट गर्नुभएको यो तेस्रो पटक थियो (८:३१; ९:१२)।

- **"ऊ ........... जीवित भई उठ्नेछ"** ८:३१ को विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"तीन दिनपछि"** यहूदीहरुको अभिलेख गरिएको समयमा, यो सम्भवत् करिब ३०–३८ घण्टाको समय थियो (त्यो भनेकोचाहिँ शुक्रबार बेलुकी अघिको अलिकता समय, शनिबार दिनभरि, अनि शनिबार बिहानको अलिकता भाग हो)। यस समय अवधिचाहिँ योनाको कैयौं पटकको अनुभवसँग गाँसिएको छ (मत्ती १२:३९–४०; १६:३; लूका ११:२९–३२)।

**९:३२ "तिनीहरुले बुझ्नेनन्"** संक्षिप्त सु–समाचारहरुमा योचाहिँ एउटा दोहोरिरहने विषय हो । लूकाको सु–समाचारले यस अवस्थालाई स्पष्टरुपले प्रकट गरेको छ ।

1. चेलाहरुले बुझ्नेनन् (२:५०; ९:४५; १८:३४)
2. तिनीहरुले बुझ्नुपर्दथ्यो किनभने येशूको वचनहरु तिनीहरुका लागि व्याख्या गरिएको थियो (८:१०) ।
3. चेलाहरुमा येशूले आफ्नो हृदय खोल्नुभयो (२४:४५) ।

येशूको वचन अनि आत्माको प्रेरणाले नयाँ करारको सत्यतातर्फ तिनीहरुको बन्द हृदय अनि मनहरु नखोलुञ्जेल तिनीहरु पनि भीडहरु जत्तिकै अन्धा थिए । आत्माको सहयोगविना मानिसको पतित हृदयलाई बुझ्न सक्दैन, त्यसपछि पनि उद्धारबाट शुद्धिकरणतर्फको यो एउटा सुस्त बढ्दो क्रम हो ।

## NASB (UPDATED) TEXT : 9:33-37

३३उहाँहरु कफर्नहुममा आउनुभयो, र घरमा हुँदा उहाँले तिनीहरुलाई सोध्नुभयो, "बाटोमा तिमीहरुले के बहस गरिरहेका थियौ ?" ३४तर तिनीहरु चूप रहे, किनकी बाटोमा तिनीहरुले "हामीमा सबैभन्दा महान् को हो ?" भनी आपसमा बहस गरेका थिए । ३५तब उहाँ बस्नुभयो, र बाह्रै जनालाई बोलाउनुभयो, र तिनीहरुलाई भन्नुभयो, "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्दछ ।" ३६अनि एकजना सानो बालकलाई लिएर उहाँले त्यसलाई तिनीहरुका बीचमा राख्नुभयो, र त्यसलाई काखमा लिएर उहाँले तिनीहरुलाई भन्नुभयो, ३७"जसले यस्ता साना बालकहरुमध्ये एकजनालाई मेरो नाउँमा ग्रहण गर्छ त्यसले मलाई नै ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ त्यसले मलाई होइन, तर मलाई पठाउनु हुने पितालाई ग्रहण गर्छ ।"

**९:३३ "कफर्नहुम"** नासरतको अविश्वासपछि पत्रुस अनि अन्द्रियासको यस शहर, येशूको मुख्य कार्यालय बन्यो ।

- **"घरमा हुँदा उहाँले"** योचाहिँ सम्भवत् पत्रुसको घर (१:२९) अथवा येशूद्वारा प्रयोग गरिएको भाडाको घर थियो ।
- **"बाटोमा तिमीहरुले के बहस गररिहेका थियौ ?"** तिनीहरुले त बातचितमात्र होइन तर बहस नै गरेका थिए । उहाँले तिनीहरुलाई आफ्नो मृत्युको विषयमा (तीन पल्ट) भन्नुभएको थियो अनि उहाँको स्थानमा अगुवाको रुपमा तिमीहरुमध्ये कसले चाहिँ स्थान लिन गइरहेको थियो भनेर तिनीहरु जान्न चाहन्थे (मत्ती १८:१–१८; लूका ९:४६–४८; २२:२४) ।

**९:३४ "महान्"** यसले चाहिँ पत्रुस, याकूब अनि यूहन्नाको भित्री झूण्डको विरुद्धमा चेलाहरुका अरु झूण्डहरुले गरेको आह्विसलाई देखाउँदछ । यसले सांसारिक राष्ट्रियताप्रतिको तिनीहरुका यहूदीहरुको धारणालाई पनि प्रतिविम्बित गर्दछ ।

**९:३५ "बस्नुभयो"** यसलेचाहिँ आधिकारिक शिक्षण सत्रलाई देखाएको हुन्थ्यो (४:१; ९:३५; मत्ती ५:१; लूका ४:२०)।

- **"कोही मानिस पहिलो हुने इच्छा गर्छ भने"** यो एउटा प्रथम श्रेणीको शर्तबन्द वाक्य हो, जसलाई लेखकको उद्देश्यबाट साँचो भनी मानिलिएको छ । येशूले लक्ष्यलाई रद्द तुल्याउनु भएन, तर यसलाई परमेश्वरको राज्यको नयाँ नीतिको रुपमा परिभाषित गर्नुभएको थियो । महानताले कुनै नियन्त्रण अथवा शक्तिसँग होइन तर सेवासँग (१०:३१, ४५; मत्ती २०:२६; १९:३०; यूहन्ना १३:५) गाँसिएको छ ! परमेश्वरको राज्यचाहिँ मानिसको समाजहरुभन्दा एकदमै बेग्लै छ ।

यी वचनहरुचाहिँ विभिन्न समयहरुमा विभिन्न घटनाहरुमा येशूले आफ्ना शिक्षाहरुलाई कसरी दोहोराउनुभयो भन्ने कुराको एउटा असल उदाहरण हो (१०:४३–४४; मत्ती २३:११; लूका २२:२४–२५)।

- **"सेवक"** येशूले आरमिक बोल्नुहुन्थ्यो । यस भनाइ (३५–३७) चाहिँ आरमिक शब्द *talya* माथि प्रयोग गरिएको शब्द हुन सक्दछ, जसको अर्थ हुन्छ "बालक" अथवा "सेवक"।

**९:३६ "बालकलाई लिएर"** मत्ती १८:१–१८, लूका ९:४६–४९ अनि यहाँ यसले स्पष्टसितले देखाउँदछ कि येशूले बालकहरुको बारेमा होइन, तर नयाँ विश्वासीहरुको विषयमा बोल्दै हुनुहुन्छ ।

- **"त्यसलाई काखमा लिएर"** यो पत्रुसको अर्को प्रत्यक्षदर्शी विवरण हो । यो सम्भवत् पत्रुसको आफ्नै घर अनि पत्रुसकै नानी पनि हुन सक्दछ ।

९:३७ जसले यस्ता साना बालकहरुमध्ये एकजनालाई मेरो नाउँमा ग्रहण गर्छ" "मेरो नाउँमा" को अर्थ हुन्छ "येशूको चरित्र" । यस्ता निश्चित शब्दहरुको दोहोरिने काममा कुनै अनौठो कुरा छैन । येशूलाई चिन्नु अनि उहाँका कामहरुलाई अझ राम्रो बनाउने कुराबाट शक्ति आउँदछ । हामी येशूका अनुयायीहरु भएकाले अरुहरुप्रतिको हाम्रो प्रेमीले प्रत्युत्तरचाहिँ उहाँप्रतिको हाम्रो प्रेमलाई व्यक्त गर्ने एउटा तरिका हो (मत्ती २५:३१–४५) ।

प्रेरित १९:१३–१६ बाट हामी जान्दछौं कि यहूदी टुनामुना गर्नेहरुले येशूको नाउँलाई लिन्थे, तर आश्चर्यलाग्दो नतिजासँग । मत्ती ७:२१–२३ बाट हामी जान्दछौं कि यो त ख्रीष्टसँगको व्यक्तिगत सम्बन्ध हो जुनचाहिँ महत्त्वपूर्ण छ, गम्भीर कुरोलाई हल्कारुपमा लिनुमात्र होइन अथवा नाउँलाई घरिघरि उल्लेख गर्नु पनि हो ।

- **"र जसले मलाई ग्रहण गर्छ त्यसले मलाई होइन, तर मलाई पठाउनुहुने पितालाई ग्रहण गर्छ"** येशूले पिताको सम्माननीय पदलाई विशिष्टरुपमै दाबी गर्नुहुन्छ । यसलाई यूहन्नाको सु–समाचारमा बारम्बार अभिलेख गरिएको छ । पिताप्रतिको यस समर्पणताचाहिँ एउटा अनेकता होइन, तर त्रि–एकसँगको कार्य गराई हो ।

**विशेष शीर्षक : पठाउनु (*APOSTELLŌ*)**

योचाहिँ 'पठाउनु' को लागि सामान्य ग्रीक शब्द हो (जुनचाहिँ *apostellō* हो)। यस शब्दको कैयौं ईश्वरशास्त्रीय प्रयोगहरु छन् :

१. धर्म गुरुहरुले यसलाई कसैलाई बोलाइएको अनि अर्काको लागि आधिकारिक प्रतिनिधिको रुपमा पठाइएको बारेका प्रयोग गर्दथे, हाम्रो अंग्रेजीमा "राजदूत" जस्तै नै (२ कोरिन्थी ५:२०)।
२. सु–समाचारहरुले येशूको यस शब्दलाई प्रायजसो पिताद्वारा पठाइएको भन्ने कुरामा प्रयोग गरेका छन् । यूहन्नामा, यस शब्दले मसिही संकेतहरु बुझाउँदछ (मत्ती १०:४०; १५:२४; मर्कूस ९:३७; लूका ९:४८ अनि विशेष गरेर यूहन्ना ४:३४; ५:२४; ३०, ३६, ३७, ३८; ६:२९, ३८, ३९, ४०, ५७; ७:२९; बारेमा प्रयोग गरिएको छ (यूहन्ना १७?१८; २०:२१)। यसलाई येशूले विश्वासीहरुलाई पठाउने बारेमा प्रयोग गरिएको छ (यूहन्ना १७:१८; २०:२१)।

३. नयाँ करारले यसलाई चेलाहरुका लागि प्रयोग गर्दथे
   अ. मूल बाह्र चेलाहरुको भित्री झूण्ड (लूका ६:१३; प्रेरित १:२१–२२)
   आ. प्रेरितहरुका सहयोगीहरु अनि सहकर्मीहरुको एउटा विशेष झूण्ड
      १. बारनाबास (प्रेरित १४:४, १४)
      २. एन्ड्रोनिकस र युनियस (KJV युनिया, रोमी १६:७)
      ३. अप्पोलोस् (१ कोरिन्थी ५:६–९)
      ४. प्रभुको भाइ याकूब (गलाती १:१९)
      ५. सिल्भानस र तिमोथी (१ थेसलोनिकी २:६)
      ६. सम्भवत तीतस (२ कोरिन्थी ८:२३)
      ७. सम्भवत् इपाफोडिटस (फिलिप्पी २:२५)
   इ. मण्डलीमा आइरहेको आशिष (१ कोरिन्थी १२:२८–२९; एफिसी ४:११)
४. खीष्टको प्रतिनिधिको रुपमा परमेश्वरद्वारा दिइएको उसको अधिकारलाई दाबी गर्ने एउटा तरिकाको रुपमा आफ्नो प्रायजसो पत्रहरुमा पावलले यस उपाधिलाई आफ्नै लागि प्रयोग गरेका छन् (रोमी १:१; १ कोरिन्थी १:१; २ कोरिन्थी १:१; गलाती १:१; एफिसी १:१; कलस्सी १:१; १ तिमोथी १:१; २ तिमोथी १:१; तीतस १:१

## NASB (UPDATED) TEXT : 9:38-41

३८यूहन्नाले उहाँलाई भने, “गुरुज्यू, एकजना मान्छेले तपाइँको नाउँमा भूतहरु निकालिरहेको हामीले देख्यौं । हामीले त्यसलाई त्यसो गर्न मनाही गर्‍यौं, किनकी त्यो हामीलाई पछ्याउने मान्छे होइन ।” ३९तर येशूले भन्नुभयो, “त्यसलाई मनाही नगर, किनकी मेरो नाउँमा शक्तिको काम गर्नेले तुरुन्तै मेरो विरुद्धमा खराब बोल्ने छैन । ४०किनकी जो हाम्रो विरुद्धमा छैन, त्यो हाम्रो पक्षमा छ । ४१किनभने जसले तिमीहरु खीष्टका हौ भनेर तिमीहरुलाई मेरो नाउँमा एक कचौरा पानी पिउन देला, साँच्चै म तिमीहरुलाई भन्दछु, त्यसले कुनै किसिमले आफ्नो इनाम गुमाउने छैन ।

**९:३८ “हामीले त्यसलाई त्यसो गर्न मनाही गर्‍यौं, किनकी त्यो हामीलाई पछ्याउने मान्छे होइन”** ग्रीक पाण्डुलिपीमा त्यहाँ कैयौं भिन्नताहरु छन् । यस पदलाई व्याख्या गर्न कठिन छ । यसले चाहिँ प्राचीन शास्त्रीहरुलाई यसलाई परिवर्तन गर्न लगायो । प्रायजसो आधुनिक अंग्रेजी संस्करणका पाठलाई स्वीकार गरिएको ( $UBS^4$ लाई पालन गर्दै) कुरा MSS ℵ अनि B अनि Syric अनुवादको परम्परामा पाइन्छ ।

**९:३९ “त्यसलाई मनाही नगर”** योचाहिँ एउटा नकारात्मक कृदन्तसहितको वर्तमान आज्ञार्थक हो, जसले साधारणत, गरिरहेको कामलाई रोक्नु भन्ने कुरालाई संकेत गर्दछ ।

**९:४० “किनकी जो हाम्रो विरुद्धमा छैन, त्यो हाम्रो पक्षमा छ”** येशूले आफ्नो शिक्षामा प्रायजसो साँस्कृतिक वाक्पद्धतिहरुको प्रयोग गर्नुहुन्थ्यो (२:१७, २१, २२; ३:२७; ४:२१, २२, २५; ७:१५; ८:३५, ३६, ३७; ९:४०, ५०; १०:२५, २७, ३१, ४३–४४)। यसलाई मत्ती १२:३० अनि लूका ११:२३ सँग तुलना गर्नुहोस् ।

IVP बाट प्रकाशित *Hard Saying of the Bible*, पृष्ठ ४६६–४६७ मा मर्कूस ९:४० अनि लूका ११:२३ को बीचमा देखिएको असंगतिको त्यहाँ एउटा रोचक बहस रहेको छ । यस पुस्तक प्रख्यात, सुसमाचार प्रचारका विद्वानहरुबाटको एउटा सहयोग पूर्ण स्रोत हो । तिमीहरुले दाबी गरेका छन् ? टिप्पणीको सान्दर्भिक दृश्यले देखिएको असंगतिलाई हटाइदिएको छ ।

९:४१ मत्ती १०:४२; २५:४० समानान्तर परिच्छेदलाई हेर्नुहोस् र ३८–४१ अनि ४२–४८ पदको बीचमा त्यहाँ एउटा तीक्ष्ण विषमता रहेको छ । येशूसँग अधिकारिकरुपमै सम्बन्धित नरहेका व्यक्तिहरु आफ्नै असल कामहरुलाई नै दाबी गर्छन्, तर उहाँलाई चिन्नेहरुलाई नयाँ विश्वासीहरुलाई तिनीहरुका जिम्मेवारीको विषयमा कठोर अलंकारहरुमा चेतावनी दिइएको छ । यस आश्चर्यमय विरोधाभासले ३३–३७ को सत्यतालाई चित्रण गर्दछ ।

यस पदले तिनीहरुका लागि दिइएको परमेश्वरको राज्यको पनि उल्लेख गर्दछ जसले विश्वासिलो रुपमा सेवा गरेका छन् (९:४१; १०:२१, २९–३१ अनि मत्ती ५:१२, ४६; ६:५–६, १६–१८, १९–२१ मा येशूको पहाडी उपदेशमा धेरै पटक) । तिनीहरुका विश्वासमा जिउनको लागि खीष्टको पूरा गरिएको निःशुल्क पाइने उद्धार अनि विश्वासीहरुका करारको जिम्मेवारीहरुलाई सन्तुलन गर्न कठिन कुरो रहेको छ ।

पुरस्कार अनि दण्डको बारेमा नयाँ करारमा मापदण्डको अवधारणालाई पनि सन्तुलन गर्न कठिन रहेको छ (मत्ती १०:४५; ११:२२; १८:६; २५:२१, २३; मर्कूस १२:४; लूका १२:४७–४८; २०:४७)। १२:४० मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

NASB (UPDATED) TEXT : 9:42-48

४२"जसले ममाथि विश्वास गर्ने यी सानाहरुमध्ये एकजनालाई बाधा देला, त्यसको निम्ति त बरु एउटा ठूलो जाँतोको ढुङ्गा त्यसको घिच्रोमा झूण्डयाएर त्यसलाई समुद्रमा फालिदिनु असल हुने थियो । ४३यदि तिम्रो हातले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ । दुई हात भएर नरकको ननिभ्ने आगोमा जानुभन्दा डूँडो भएर जीवनमा पस्नु असल हो । ४४नरकमा न त कीराहरु मर्दछन्, न आगो नै निभ्दछ । ४५अनि तिम्रो खुट्टाले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ । दुई खुट्टा भएर नरकमा फालिनुभन्दा त खोरण्डो भएर जीवनमा पस्नु तिम्रो निम्ति असल हो । ४६नरकमा न कीराहरु मर्दछन्, न आगो नै निभ्दछ । ४७यदि तिम्रो आँखाले तिमीलाई बाधा दिन्छ भने त्यसलाई झिकेर फालिदेऊ । दुई आँखा भएर नरकमा फालिनुभन्दा त एक आँखा भएर परमेश्वरको राज्यमा पस्नु तिम्रो निम्ति असल हो । ४८नरकमा त न कीरा मर्छन्, न आगो नै निभ्दछ ।

**९:४२ "जसले ...... यी सानाहरुमध्ये एकजनालाई बाधा देला"** यसले ईश्वरशास्त्रीयरुपमा नयाँ विश्वासीहरुको उल्लेख गर्दछ । तैपनि, भूत लागेको केटोबाट सिकाइएको शिक्षाबाट त्यहाँ एउटा सान्दर्भिक सम्बन्ध रहेको हुन सक्दछ । परमेश्वरले बालकहरुलाई प्रेम गर्नुहुन्छ अनि कसैले पनि तिनीहरुमाथि फाइदा लिएको चाहनुहुन्न ।

- **"विश्वास गर्ने"** यो एउटा वर्तमान कर्तृवाच्य कृदन्त हो, जसले लगातार विश्वास गराईलाई जोड दिन्छ ।

केही प्राचीन ग्रीक पाण्डुलिपीहरुले “ममाथि” (MSS, A, B, $C^2$, L, W अनि Vulgate, Syriac, अनि Coptic अनुवादहरु) थपेका छन् । यसलाई चाहिँ मत्ती १८:६ बाटको समानान्तरमा थपिएको एउटा शब्दजस्तो देखिन्छ किनभने यी शब्दहरु MSS ℵ अनि C मा राखिएका छैनन् । १:१५ को विशेष शीर्षकमा हेर्नुहोस् ।

- **“झूण्ड्याएर”** योचाहिँ पशुहरुलाई पक्रन राखिएको पासोको शाब्दिक प्रयोग गराई हो ।

- **“यदि”** यो एउटा प्रथम श्रेणीको शर्तबन्ध वाक्य हो । खीष्टियन अगुवाहरुलाई यो एउटा कडा चेतावनी हो । महान् गोठालोले सबै भेडाहरुको हेरचाह गर्दछ, विशेष गरेर नयाँ अनि असुरक्षितलाई, अनि तिनीहरुले पनि त्यसै गर्नुपर्छ ।

यो एउटा अतिशयोक्ति अलंकार हो (मत्ती ५:२९; ३०, ३८–४७; ६:२–४; ७:३–५; २३:२३–२४; १०:२४–२५) । अनन्त इन्साफको विषयमा येशूले आलंकारिक भाषामा बोल्दै हुनुहुन्छ । यस्ता पूर्वीय अतिशयोक्ति बयानले पश्चिमका विश्वासीहरुलाई पुस्तौंदेखि अल्मलाएका छन् । बाइबलप्रतिको हाम्रो प्रेम अनि खीष्टलाई पछ्याउने हाम्रो उद्देश्यले पश्चिमी विश्वासीहरुलाई बाइबलका पूर्वीय शैलीहरु अनि अलंकारहरुलाई सम्झना गराउन लगाएको छ ।

- **“एउटा ठूलो जाँतोको ढुङ्गा”** यसलेचाहिँ पशुहरुले तान्ने एउटा ठूलो जाँतोको गोलो अनि माथिल्लो भागलाई उल्लेख गर्दछ । उहाँको सन्देशलाई जोड दिने यो अर्को पूर्वीय बयान हो ।
- **“समुद्रमा फालिदिनु”** यो एउटा पूर्ण कर्मवाच्य संकेतार्थ हो, जसले कुनै स्थायी अवस्थालाई देखाउँदछ । योचाहिँ इन्साफको एउटा शक्तिशाली अलंकार हो । मरुभूमिमा बस्ने भएको हुनाले यहूदीहरु पानीदेखि डराउँथे ।

९:४३–४७ यो एउटा आलंकारिक (अतिशयोक्ति) भाषा हो, तर यसले येशूद्वारा आवश्यक मुख्य प्रतिबद्धतालाई जाहेर गर्दछ (Robert H. Stein, *The Method and Message of Jesus' Teaching* पृष्ठ ८:११)

यी पदहरु पूरानो करारमा (मर्कूस २:२१–२२; ३:४, २४–२५, २८; ४:२२, ३०; ८:१७, १८; ९:४३–४७; १०:३८, ४३–४४; १३:२४–२५) मा एकदमै सामान्य रहेको हिब्रू काव्यात्मक पर्यायवाची समानान्तरको एउटा असल उदाहरण हो । मर्कूसमा विरोधालंकारको समानान्तरीकरणको केही उदाहरणहरु हुन् २:१९–२०; ३:२८–२९; ४:२५; ७:८, १५; ८:३५ (Stein, पृष्ठ २७–२९)।

**४:४३ “यदि”** यो एउटा तेस्रो श्रेणीको शर्तबन्द वाक्य हो, जसले क्षमतावान् कामको बारेमा बोल्दछ ।

- **“जीवनमा पस्नु”** “जीवन” को लागि नयाँ करारमा त्यहाँ दुईओटा शब्दहरु छन् : (१) *bios* (जुनचाहिँ सांसारिक जीवन हो) अनि (२) *zoē* (जुनचाहिँ आत्मिकी जीवन हो । येशूले आत्मिकी जीवनमा प्रवेश गराइको विषयमा (जुनचाहिँ अनन्त जीवन हो) बोल्दै हुनुहुन्छ । यसलाई ४७ पदको “परमेश्वरको राज्य” वाक्यांशद्वारा समानान्तर गरिएको छ । अहिले विश्वासीहरु राज्यमा

प्रवेश गर्न सक्छन् अनि कुनै अर्थमा, अहिले नै स्वर्गको अनुभव पनि गर्न सक्छन् (एफिसी २:५–६)। नयाँ करारमा यसलाई कैयौं तरिकाबाट चित्रण गरिएको छ :

१. अनन्त जीवनको संसार आउन बाँकी छ (मर्कूस १०:१७, ३०)
२. जीवन बचाउने ...... गुमाउने (मर्कूस ८:३५; मत्ती १०:३९; लूका १७:३३)
३. जीवनमा प्रवेश गर्नु (मर्कूस ९:४३; मत्ती २५:४६)
४. परमेश्वरको आनन्दमा प्रवेश गर्नु (मत्ती २५:२१, २३)

- **"नरक"** "योचाहिँ गेहेन्ना (यर्मिया ७:३१) हो । योचाहिँ यरुशलेमबाट केही दक्षिणमा हिन्नोमका छोराहरुको उपत्यकामा फोनिसिनी उर्वरता अग्नि देव, मोलेख (Molech) लाई पूजा गर्ने ठाउँ थियो । यसै ठाउँमा नै कनानी उर्वरता देव (लेवी १८:२१; २०:२–५; व्यवस्था १२:३१; १८:१०; २ राजा २१:६; २ इतिहास २८:३; ३३:६; यर्मिया २:२३; ७:३२; ३२:३५) लाई पहिले जन्मेका नानीहरुको बलि दिनुपर्दथ्यो । यहूदीहरु तिनीहरुका पूर्खाहरुले गरेका मूर्ति पूजादेखि यति विघ्न लज्जित थिए कि तिनीहरुले यस क्षेत्रलाई यरुशलेमको फोहोर–मैला फ्याँक्ने क्षेत्रमा परिणत गरिदिए । पिताको प्रेमबाट अनन्त विभाजनको लागि येशूको अलंकारहरु (आगो, कीरा, दूर्गन्ध) यसै फोहोरको थुप्रोबाट निकालिएको थियो ।

यस शब्दलाई येशूद्वारा धेरै पटक प्रयोग गरिएको छ तर कुनै अरु नयाँ करारका लेखक (याकूब ३:६) बाट एकै पटकमात्र प्रयोग गरिएको छ । नरकचाहिँ स्वर्गजत्तिकै बाइबलीय वास्तविकता हो (मत्ती २५:४६) । तल दिएका B को २ को विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : मृतकहरु कहाँ छन् ?**

(१) पूरानो करार

अ. सबै मानिसजाति *Sheol* (शब्दको उत्पत्ति अनिश्चित नै छ, BDB १०६६), जनुचाहिँ प्रायःजसो ज्ञानका साहित्यहरु अनि यशैयामा मृत्यु अथवा चिहानलाई उल्लेख गर्ने एउटा तरिका हो । पूरानो करारमा यो एउटा अँध्यारो, चेतनशील तर आनन्दहीन् अस्तित्व थियो (अय्यूब १०:२१–२२; ३८:१७; भजन १०७:१०, १४)

आ. *Sheol* को चरित्र चित्रण

१. परमेश्वरको इन्साफ (आगो) सँग सम्बन्धित (व्यवस्था ३२:२२)
२. इन्साफको दिनभन्दा पहिलेको दण्डसँग सम्बन्धित, भजन १८:४–५
३. *abaddon* (विनाश) सँग सम्बन्धित, जसमा परमेश्वर पनि उपस्थित हुनुहुन्छ, अय्यूब २६:६; भजन १३९:८; आमोस ९:२
४. "अतल कुण्ड (चिहान) सँग सम्बन्धित, भजन १६:१०; यशैया १४:१५; इजकिएल ३१:१५–१७
५. *Sheol* मा दुष्ट वंशहरु जीवितै रहन्छन् गन्ती १६:३०, ३३; भजन ५५:१५
६. प्रायःजसो ठूलो मुख भएको पशुको रुपमा बनाइएको गन्ती १६:३०; यशैया ५:१४; १४:९; हबकूक २:५
७. त्यहाँका मानिसहरुलाई *Repha'im* भनिन्थ्यो यशैया १४:९–११)

(२) नयाँ करार

अ. हिब्रू *Sheol* लाई ग्रीक *Hades* (नदेखिएको संसार) बाट अनुवाद गरिएको हो

आ. *Hades* को चरित्र चित्रण
१. मृत्युलाई उल्लेख गर्दछ मत्ती १६:१८
२. मृत्युसँग सम्बन्धित छ प्रकाश १:१८; ६:८; २०:१३–१४
३. स्थायी दण्ड (*Gehenna*) को स्थानसँग प्रायः मिल्दोजुल्दो, मत्ती ११:२३ (पूरानो करारका उद्धरण); लूका १०:१५; १६:२३–२४
४. प्रायः चिहानसँग मिल्दो जुल्दो, लूका १६:२३
इ. सम्भवत् विभाजन गरिएको (धर्म गुरुहरु)
१. धार्मिक पक्षलाई स्वर्गलोक भनिन्छ (स्वर्गको साँच्चै अर्को नाउँ, २ कोरिन्थी १२:४; प्रकाश २:७), लूका २३:४३
२. दुष्ट पक्षलाई Tartarus भनिन्छ, २ पत्रुस २:४, जहाँ यो एउटा दुष्ट दूतहरुको लागि बस्ने ठाउँ हो (उत्पत्ति ६:१ हनोक)
ई. गेहेन्ना
१. "हिन्नोमका छोराहरुको बेंसी" (यरुशलेमको दक्षिणतर्फ) भन्ने पूरानो करारको वाक्यांशलाई प्रतिविम्बित गर्दछ । यसै ठाउँमा नै फोनिसिनी (Phoenician) अग्नि देव, मोलेख (Molech) BDB 574, बालकको बलिद्वारा पूजा गरिन्थ्यो (२ राजा १६:३; २१:६; २ इतिहास २८:३; ३३:६), जसलाई लेवी १८:२१; २०:२–५ मा निषेध गरियो ।
२. यर्मियाले यसलाई अधार्मिक पूजा गर्ने स्थानबाट यहोवाको इन्साफको स्थानमा परिवर्तन गरिदिए ( यर्मिया ७:३२; १९:६–७)।
३. येशूको समयका यहूदीहरु बालकलाई बलि दिएर गरिने अधार्मिक पूजामा तिनीहरुका पूर्खाहरुले सहभागी जनाएको कुराप्रति यति विघ्न तर्सेका थिए कि तिनीहरुले यस क्षेत्रलाई यरुशलेमको फोहोरमैला फाल्ने ठाउँमा बद्लाइदिए । अनन्त इन्साफको लागि येशूका थुप्रै आलंकारिक शब्दहरु यसै ठाउँबाट आएको थियो (जस्तै आगो, धूवाँ, कीराहरु, दूर्गन्ध, मर्कूस ९:४४–४६)। गेहेन्ना (*Gehenna*) शब्दलाई येशूद्वारामात्र प्रयोग गरिएको थियो (याकूब ३:६ बाहेक)
४. येशूद्वारा गरिएको *Gehenna* (गेहेन्ना) को प्रयोग
अ. आगो, मत्ती ५:२२; १८:९; मर्कूस ९:४३
आ. सदासर्वदा मर्कूस ९:४८ मत्ती २५:४६)
इ. विनाशको स्थान (आत्मा र शरीर दुवैको), मत्ती १०:२८
ई. *Sheol* सँग समानान्तर, मत्ती ५:२९–३०; १८:९
उ. दुष्टहरुलाई "नरकको छोरो भनेर चरितार्थ गरिएको, मत्ती २३:१५
ऊ. न्यायिक दण्डको नतिजा, मत्ती २३:३३; लूका १२:५
ऋ. गेहेन्ना (*Gehenna*) को अवधारणा दोस्रो मृत्यु (प्रकाश २:११; २०:६, १४) अथवा आगोको कुण्ड (मत्ती) १३:४२, ५०; प्रकाश १९:२०; २०:१०, १४–१५; २१:८) सँग समानान्तर रहेको छ । आगोको कुण्ड मानिसजातिको लागि (*Sheol* बाट) अनि दुष्ट दूतहरुका लागि (*Tartarus*, २ पत्रुस २:४; यहूदा ६ पद; अर्थात् अगाध खाँद, लूका ८:३१; प्रकाश ९:१–११; २०:१,३) स्थायी निवासको स्थान बन्न सम्भव छ ।
ॠ. यसलाई मानिसजातिका लागि होइन, तर शैतान अनि त्यसको दूतहरुको लागि तयार पारिएको थियो (मत्ती २५:४१)।
उ. *Sheol, Hades* अनि *Gehenna* लाई केहीअंशमा ढाकिएको कारण तलका कुराहरु सम्भव छ :

१. मूलरुपमा सबै मानिस–जातिहरु *Shoel/Hades* मा गए
२. इन्साफको दिनपछि तिनीहरुले त्यहाँ लिएका अनुभव (असल/खराब) लाई अझ खराब बनाइएको छ, तर दुष्टहरुको ठाउँचाहिँ त्यही नै रहन्छ (त्यसैले KJV ले *hades* (चिहान) लाई *Gehenna* (नरक) को रुपमा अनुवाद गरे ।
३. इन्साफअघि वेदनालाई उल्लेख गर्ने नयाँ करारको एउटै मात्र पाठचाहिँ लूका १६:१९–३१ (धनी मानिस र लाजरस) को दृष्टान्त हो । अहिले *Sheol* लाई पनि दण्डको ठाउँको रुपमा वर्णन गरिएको छ (व्यवस्था ३२:२२; भजन १८:१–५)। तरैपनि, दृष्टान्तमाथि कसैले पनि सिद्धान्तको स्थापित गर्न सक्दैन ।
३. मृत्यु अनि पुनरुत्थानबीचको माध्यमको अवस्था
अ. नयाँ करारले "आत्माको अमरत्व" को बारेमा सिकाउँदैन, जुनचाहिँ मृत्युपछिको कैयौं प्राचीन विचारहरुमा एक हो ।
१. मानिसको आत्मा तिनीहरुका शारीरिक जीवनअघि नै अस्तित्वमा आउँदछ ।
२. मानिसको आत्मा शारीरिक मृत्यु अघि अनि पछि अनन्त हुनेछ ।
३. भौतिक शरीरलाई प्रायजसो पूर्व–अस्तित्व अवस्थातिर छुटकाराको रुपमा कैद अनि मृत्युको रुपमा देखिन्छ ।
आ. नयाँ करारले मृत्यु र पुनरुत्थानको बीचको शरीरबाट अलग भएको अवस्थालाई संकेत दिन्छ ।
१. येशूले शरीर र आत्माको बीचको विभाजनको विषयमा बोल्दछ, मत्ती १०:२८
२. अहिले अब्राहमले एउटा शरीर पाएको हुन सक्दछ, मर्कूस १२:२६–२७; लूका १६:२३
३. रुप परिर्वनमा मोशा अनि एलियाले भौतिक शरीर पाएको छ, मत्ती १७
३. दोस्रो आगमनमा ख्रीष्टसँग आत्माहरुले पहिले तिनीहरुका नयाँ शरीरहरुलाई पाउनेछन् भनेर पावलले दाबी गर्छ, १ थेसलोनिकी ४:१३–१८
५. पुनरुत्थानको दिनमा विश्वासीहरुले तिनीहरुको नयाँ आत्मिकी शरीरहरु पाउने छन् भनेर पावलले ठोकुवा गर्दछ, १ कोरिन्थी १५:२३, ५२
६. विश्वासीहरु हादेस (*Hades*) मा जाँदैनन्, तर मृत्यु त येशूमा छ भनेर पावलले ठोकुवा गरेका छन्, २ कोरिन्थी ५:६, ८; फिलिप्पी १:२३ । येशूले मृत्युमाथि विजय पाउनुभयो अनि धर्मीहरुलाई आफूसँगै स्वर्गमा लैजानुभयो, १ पत्रुस, ३:१८–२२।
४. स्वर्ग
अ. यस शब्दलाई बाइबलमा तीन अर्थमा प्रयोग गरिएको छ
१. पृथ्वीमाथिको वातावरण, उत्पत्ति १:१, ८; यशैया ४२:५; ४५:१८
२. ताराहरुले भरिएको स्वर्गहरु, उत्पत्ति १:१४; उत्पत्ति १०:१४; भजन १४८:४; हिब्रू ४:१४; ७:२६
३. परमेश्वरको सिंहासनको ठाउँ, व्यवस्था १०:१४; १ राजा ८:२७; भजन १४८:४; एफिसी ४:१०; हिब्रू ९:२४ (तेस्रो स्वर्ग, २ कोरिन्थी १२:२)
आ. बाइबलले जीवनपछिको विषयमा त्यति धेरै कुराहरु प्रकट गर्दैन, सम्भवत् किनभने पतित मानिसहरुमा कुनै उपाय नै छैन अथवा बुझ्ने क्षमता नै छैन (१ कोरिन्थी २:९)।
इ. स्वर्गचाहिँ स्थान (यूहन्ना १४:२–३) अनि व्यक्ति (२ कोरिन्थी ५:६, ८) दुवै हो । स्वर्गचाहिँ अदनको बगैंचालाई जीर्णोद्वार गरिएको हुन सक्दछ (उत्पत्ति १–२; प्रकाश २१–२२) । संसारलाई सफा गरिनेछ अनि जीर्णोद्वार गरिनेछ (प्रेरित ३:२१; रोमी ८:२१; २ पत्रुस ३:१०) । ख्रीष्टमा परमेश्वरको

स्वरुपलाई जीर्णोद्वार गरिएको छ (उत्पत्ति १:२६–२७)। अब अदनको बगैंचाको घनिष्ट संगति फेरि पनि सम्भव भएको छ ।

तरैपनि, यो शाब्दिक होइन तर आलंकारिक हुन सक्दछ (प्रकाश २१:९–२७ मा स्वर्गलाई एउटा ठूलो वर्गाकार शहरको रुपमा वर्णन गरिएको छ) । १ कोरिन्थी १५ ले भौतिक शरीर अनि आत्मिकी शरीरको बीचको भिन्नतालाई छिप्पिएको रुखको बीऊको रुपमा वर्णन गर्दछ । फेरि पनि, १ कोरिन्थी २:९ (यशैया ६४:४ अनि ६५:१७ बाटको उद्धरण) चाहिँ प्रतिज्ञा अनि आशा हो ! म जान्दछु कि जब हामी उहाँलाई देख्नेछौं हामी उहाँलाई देख्नेछौं हामी उहाँ जस्तै नै हुनेछौं (१ यूहन्ना ३:२) ।

५. सहयोगी स्रोतहरु

अ. William Hendriksen, *The Bible on the life Hereafter*

आ. Maurice Rawlings, *Beyond Death's Door*

९:४४, ४६ र ४४ अनि ४६ पदहरु ४८ पद जस्तै नै छ । कुनै पनि पदहरु **ℵ**, B, $C^L$, अथवा W जस्ता प्राचीन Uncial पाण्डुलिपीहरुमा पाइँदैन । यस्तो देखिन्छ कि प्राचीन शास्त्रीहरुले ४८ पदबाट शब्दहरुलाई निकालेर तिनीहरुलाई ४४ अनि ४६ पदमा हालिदिए ।

**९:४८ "नरकमा त न कीरा मर्दछन्, न आगो नै निभ्दछ"** योचाहिँ यशैया ६६:२४ बाट उद्धृत गरिएको हो । यहूदीहरु तिनीहरुका पुर्खाहरुले आफ्ना नानीहरुलाई जलाएका कुराले यति चकित भएका थिए (२ राजा २१:६) कि तिनीहरुले यस स्थानलाई यरुशलेमको फोहोर मैला फाल्ने ठाउँमा परिवर्तन गरिदिए । यसै ठाउँबाटै येशूले परमेश्वरबाटको अनन्त विभाजन–नरकको विषयमा उहाँका आलंकारिक भाषालाई खिँच्नुहुन्छ । मत्ती २५:४६ मा स्वर्गको बारेमा प्रयोग गरिएको अनन्त, भन्ने त्यस्तै शब्दलाई पनि इन्साफको त्यस्तै पदमा प्रयोग गरिएको छ ।

NASB (UPDATED) TEXT : 9:49-50

४९किनकी प्रत्येकलाई आगोले नै नुनिलो पार्छ । ५०"नून असल हो, तर नूनको स्वाद गयो भने त्यो के ले स्वादिलो तुल्याउने ? तिमीहरु आफू–आफूमा नून राख, र आपसमा शान्तिमा रहो ।"

**९:४९ "आगोले नै नुनिलो पार्छ"** नूनचाहिँ चँगाई, शुद्धिकरण अनि परीक्षणको एउटा साधन थियो । यसलाई करारहरु (गन्ती १८:१९) लाई मोहोर लगाउनमा पनि प्रयोग गरिन्थ्यो । मरुभूमिमा बस्ने मानिसहरुका लागि यो जीवनको एउटा एकदमै महत्त्वपूर्ण तत्त्व थियो । यस सन्दर्भमा नून र आगो शब्दचाहिँ शुद्धिकरणको लागि पर्यायवाची शब्द हो । ४९ पदको थुप्रै पाण्डुलिपीय भिन्नताहरु छन् । यिनीहरुचाहिँ शायद (१) यो पद ४८ पदसँग कसरी सम्बन्धित छ अथवा (२) पदको आफ्नै अर्थ के हुन्थ्यो भन्ने अनिश्चियताको कारण भएको थियो । सम्भवत् कुनै शास्त्रीले लेवी २:१३ को टिप्पणीलाई देखे अनि यसलाई पाठको छेउमा राखिदिए । येशूले आत्मिक सत्यता (मत्ती ५:१३; लूका १४:३४–३५) को विषयमा बताउनु हादा एउटा समानताको रुपमा प्रायजसो नूनलाई प्रयोग गर्नुभयो ।

९:५० "यो पद पनि ४९ पद जस्तै नै पहिलेका सन्दर्भसँग केही असम्बन्धित झैं देखिन्छ । "आगो" शब्दको कारण जसरी ४९ पदलाई समावेश गरिएको थियो, त्यसरी नै यस पदलाई पनि "नून" शब्दको

कारण समावेश गरिएको थियो । यसले ३५ पदलाई उल्लेख गरेको हुनुपर्दछ । यसले खीष्टियनहरु कसरी जिउँछन् भन्ने कुरालाई महत्त्व दिन्छ ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. येशूको रुप किन परिवर्तन भयो ?
२. यस घटना पूरानो करारसँग कसरी सम्बन्धित रहेको छ त ?
३. चेलाहरु एलियाको विषयमा किन अलमलमा परे ?
४. येशूको मृत्यु अनि पुनरुत्थानको विषयमा चेलाहरुले अझसम्म पनि किन बुझेनन् ?
५. कुनै एउटा खीष्टियनलाई महत्त्वाकांक्षी हुनु के गलत कुरो हो त ? येशूले महानतालाई कसरी परिभाषित गर्नुहुन्छ ?
६. ३५–२७ अनि ४२ पदमा येशूले बालकहरुको विषयमा बोल्दै हुनुहुन्छ कि तिनीहरुलाई जवानहरुको उदाहरणको रुपमा तिनीहरुलाई प्रयोग गर्दै हुनुहुन्छ ?
७. के त्यहाँ इन्साफको मापदण्डहरु छन् त ?
८. ४३–४७ पदलाई के शाब्दिकरुपमै लिनुपर्ने हो त ?
९. नूनले के कुरालाई चिह्नित गर्दछ ?

# मर्कूस १०
## आधुनिक अनुवादहरुको परिच्छेद विभाजन

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| पारपाचुकेबारे शिक्षा | विवाह अनि पारपाचुके | विवाह अनि पारपाचुकेमा | येशूले पारपाचुकेको विषयमा शिक्षा दिनुभएको | पारपाचुकेको विषयमा प्रश्न |
| १०:१–१२ | १०:१–१२ | १०:१; १०; २–९ | १०:१, १०:२, १०:३, १०:४, १०:५–९, १०:१०–१२ | १०:१–१२ |
| बाल–बालिकालाई आशिर्वाद | येशूले साना बालकहरुलाई आशिर्वाद दिनुहुन्छ | बालबालिकाहरुलाई आशिर्वाद | येशूले साना बालकहरुलाई आशिर्वाद दिनुहुन्छ | येशू अनि साना बालकहरु |
| १०:१३–१६ | १०:१३–१६ | १०:१३–१६ | १०:१३–१६ | १०:१३–१६ |
| धनी मानिस | येशूले जवान शासकलाई परामर्श दिनुहुन्छ | धनी मानिस | धनी मानिस | धनी जवान मानिस |
| १०:१७–२२ | १०:१७–२२ | १०:१७–२२ | १०:१७–२२ | १०:१७–२२ |
| | परमेश्वरसँग सबैकुरा सम्भव छ | | | धन सम्पत्तिहरुको खतरा |
| १०:२३–३१ | १०:२३–३१ | १०:२३–३१ | १०:२३–३१ | १०:२३–३१ |
| तेस्रो पल्ट येशूले आफ्नो मृत्यु र पुरुत्थानको अगमवाणी गर्नुभएको | अगमवाणी गर्नुभएको | तेस्रो पल्ट अगमवाणी गरिएको | येशूको तेस्रो पटक आफ्नो मृत्युको विषयमा बोल्नुहुन्छ | कष्टको तेस्रो अगमवाणी |
| १०:३२–३४ | १०:३२–३४ | १०:३२–३४ | १०:३२–३४ | १०:३२–३४ |
| याकूब र यूहन्नाको निवेदन | सेवा नै सबैभन्दा महान हो | याकूब र यूहन्नाले सम्मान खोजेका | याकूब र यूहन्नाको निवेदन | जबदीयाका छोराहरुले तिनीहरुको निवेदन राखेका |
| १०:३५–४५ | १०:३५–४५ | १०:३५–४० | १०:३५, १०:३६, १०:३७, १०:३८, १०:३९–४०, १०:४१–४५ | १०:३५–४० |
| | | | | सेवासहितको |

| | | | | |
|---|---|---|---|---|
| | | | | अगुवापन |
| | | १०:४१–४५ | | १०:४१–४५ |
| अन्धा बारतिमैको चँगाई | येशूले अन्धा बारतिमैलाई निको पार्नुहुन्छ | अन्धा बारतिमै | येशूले अन्धा बारतिमैलाई निको पार्नुहुन्छ | यरीहोको अन्धा मानिस |
| १०:४६–५२ | १०:४६–५२ | १०:४६–५२ | १०:४६–४७, १०:४८, १०:४९, १०:५०, १०:५१अ, १०:५१आ, १०:५२ | १०:४६–५२ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

**संक्षिप्त सु–समाचारहरु समानान्तर रहेका छन् ।**

अ. पारपाचुके, १०:२–१२ (मत्ती १९:१–१२ मा समानान्तर)
आ. बाल–बालिकाहरुलाई आशिर्वाद, १०:१३–१६ (मत्ती १९:१३–१५ अनि लूका १८:१५–१७ मा समानान्तर)
इ. धनी जवान शासक, १०:१७:३७ (मत्ती १९:१६–२०:१६ अनि लूका १८:१८–३० मा समानान्तर)
ई. क्रूसीकरणको अगमवाणी, १०:३२–३४ (मत्ती २०:१७–२० अनि लूका १८:३१–३४ मा समानान्तर)
उ. १०:३५–४५ (मत्ती २०:२१–२८ मा समानान्तर)
ऊ. अन्धा बारतिमै, १०:४६–५२ (मत्ती २०:२९–३४ अनि लूका १८:३५–४३ मा समानान्तर)

**शब्द अनि वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT: 10:1
१.त्यस ठाउँलाई छोडेर यर्दन नदीको पारि यहूदियाको इलाकामा येशू जानुभयो र भीड उहाँकहाँ भेला भयो, अनि उहाँको रीतिअनुसार तिनीहरुलाई फेरि उहाँले शिक्षा दिनुभयो ।

**१०:१ "त्यस ठाउँलाई छोडेर यर्दन नदीको पारि यहूदियाको इलाकामा येशू जानुभयो"** RSV अनि ASV मा "यहूदा अनि यर्दन पारिको इलाकामा आउनुभयो" भन्ने छ । सन्दर्भले के संकेत गर्छ भने येशू यरुशलेमतिरको आफ्नो अन्तिम यात्रामा हुनुहुन्थ्यो । प्रत्यक्षरुपले उहाँ सामरिया भएर उत्तरतर्फ, गालीललाई नाघेर जानुभयो अनि येरुशलेमको लागि हिँडेका यात्रीहरुको भीडहरुमा सामेल हुनुभयो । प्रायजसो यहूदीहरुले यरुशलेम जानेक्रममा सामरियाबाट भएर जान इन्कार गर्नु, यसैले तिनीहरुले यर्दनको पूर्वी भागलाई पार गरे (अर्थात्, Perea) अनि त्यसपछि यरीहोको पश्चिमी भागलाई पार गरे । यदि यसरी नै भएको थियो भने तब त यसले यस अन्यौलपूर्ण पदको व्याख्या गर्दछ (A.T.Robertson, *Word Pictures in the New Testament*, Vol. 1, पृष्ठ ३४८, ले दाबी गर्दछ कि लूकाको सु–समाचारको एक तिहाइ मर्कूस ९ अनि १० को बीचमा घटेको थियो (त्यो भनेकोचाहिँ ९:५७–१८:१४ सम्म हो); साथै मत्ती १८ अनि यूहन्ना ७–११ पनि)।

- **"भीड उहाँकहाँ भेला भयो"** यसले (१) चाडको लागि यरुशलेम गइरहेका यात्रीहरु अथवा (२) बिरामी, जिज्ञासु, यहुदी अगुवाहरु अनि चेलाहरुलाई संकेत गरेको हुन सक्दछ । येशूले सदैव भीडलाई खिँच्थे ।
- **"उहाँको रीतिअनुसार"** जब–जब येशूले शिक्षा दिने मौका पाउँथे, उहाँले दिनुहुन्थ्यो (१:२१; २:१३; ४:२; ६:२, ६, ३४; १२:३५; १४:४९)। उहाँका सन्देशको विषयवस्तु यस्तो थियो :

१. पश्चाताप गर अनि विश्वास गर (बप्तिस्मा दिने यूहन्नाको सन्देश जस्तो)
२. उहाँमाथिको विश्वासद्वारा परमेश्वरको राज्यमा प्रवेश गरिन्छ
३. परमेश्वरको राज्यले कसैको सोंचाइ अनि जीवनहरुलाई मूलरुपमै परिवर्तन गर्दछ ।

NASB (UPDATED) TEXT : 10:2-9
२फरिसीहरु उहाँकहाँ आएर उहाँलाई परीक्षा गरी सोधे, "के कोही मानिसले आफ्नो स्वास्नीसँग विवाहविच्छेद गर्नु न्यायसङ्गत छ ?" ३उहाँले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो, "मोशाले तिमीहरुलाई के आज्ञा दिएका छन् ।" ४तिनीहरुले भने, "एउटा त्यागपत्र लेखेर मानिसले आफ्नी स्वास्नीसँग विवाहविच्छेद गर्न सक्छ भनी मोशाले अनुमति दिएका छन् ।" ५तर येशूले तिनीहरुलाई भन्नुभयो, "तिमीहरुका हृदयको कठोरताले गर्दा उनले तिमीहरुलाई यो आज्ञा लेखिदिए । ६तर सृष्टिको आरम्भदेखि परमेश्वरले तिनीहरुलाई नर र नारी गरी बनाउनुभयो । ७"यसैकारण मानिस आफ्ना बाबु र आमालाई छोडेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, ८र ती दुवै एउटै शरीर हुनेछन् ।" तिनीहरु फेरि दुई होइनन्, तर एउटै शरीर हुन्छन् । ९ त्यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, मानिसले नछुट्याओस् ।

**१०:२ "फरिसीहरु"** २:१६ मा फरिसीहरु माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"परीक्षा"** यस शब्द *periazō* को नाश गर्ने दृष्टिकोण सहितको जाँच गर्ने संकेतार्थ छ (८:११; १०:२; १२:१५; १:१३ मा 'परीक्षा' शब्दको लागि विशेष शीर्षक)। यस प्रश्नको अर्थचाहिँ Shammi (परम्परागत) अनि Hillel (स्वतन्त्र) को दुईओटा धर्मगुरुहरुको स्कुलको मतमाथिको मानिसहरु अनि धर्म गुरुहरु दुवैलाई ध्रुवीकरण गर्नु अथवा (२) हेरोद अन्तिपासको क्रोधलाई उठाउनु थियो ।
- **"के कोही मानिसले आफ्नी स्वास्नीसँग विवाहविच्छेद गर्नु न्याय संगत छ ?"** ध्यान दिनुहोस् कि फरिसीहरुको प्रश्नचाहिँ पुनर्विवाह होइन तर विवाहविच्छेद हो । येशूले एउटा विशेष प्रश्नको जवाफ दिएको कुरालाई पनि ध्यान दिनुहोस् । येशूले यस विषयलाई तथस्ट विवाद गर्दै हुनुहुन्न । यी फरिसीहरु उहाँलाई (१) Hillel को अनुयायीहरुबाट, जसहरुको विवाह विच्छेदप्रति एउटा खुल्ला मनोवृत्ति थियो । मत्ती १९:३ ले विवाह विच्छेदमा प्रश्नलाई बढाउन 'किन' समावेश गर्दछ अथवा (२) हेरोद ८ अन्तिपासबाट किनभने तिनले विवाहविच्छेद गरेका थिए (६:१७–२) आदि कुराबाट अलग गराएर उहाँलाई फसाउने कोशिस गर्दैछन् ।

"न्यायसङ्गत" शब्दले मोजाइक व्यवस्था अथवा धर्मगुरुहरुको परम्परा (जुनचाहिँ तालमुद हो) लाई उल्लेख गरेको हुनसक्दछ । जवाफमा येशूले व्यवस्थाको एउटा परिच्छेदबाट बताउनुहुन्छ । १०:४ "एउटा त्यागपत्र लेखेर" यो उद्धरणचाहिँ व्यवस्था २४:१–४ बाटको हो । पत्नीहरुलाई बचाउन मोशाले एउटा वैधानिक कार्यप्रणालीको विधि बनाए (प्रस्थान २१:१–११)। यस वैधानिक कार्यप्रणालीको कैयौं आवश्यकताहरु हुनुपर्दथ्यो :

१. यसले केही मात्रामा समय लिन्थ्यो
२. यसलाई लेख्न पूजाहारी अथवा लेवीको आवश्यकता पर्दथ्यो ।
३. यसले सम्भवत् दाइजोलाई फर्काउनु पर्दथ्यो ।

आशा राखिन्छ कि यस्ता कार्य प्रणालीहरुले जोडीलाई पुनर्मिलनको लागि एउटा मौका दिन्थ्यो ।

यसलाई पनि उल्लेख गरिनै पर्दछ कि व्यवस्था २४ ले पुरुष अनि स्त्री दुवैलाई पुनर्विवाह गर्ने अधिकार दिएको थियो । तैपनि, यस सन्दर्भमा व्यवस्थाका परिच्छेदले चाहिँ यस्ता प्रकारको विवाहविच्छेदको साँस्कृतिक विषयलाई सम्बोधन गर्दै थिएन कि (१) दुलहीको कौमार्य अनि विश्वसनीयताको भरोसा अनि (२) पुनर्विवाहमा विशेष कार्यप्रणालीहरु अनि सीमाहरुको रुपरेखा ।

Hillel को धर्मगुरुहरुका स्कुल (J.W. Shepherd द्वारा लिखित *The Christ of the Gospels*, पृष्ठ ४५१–४५७) बाट यस परिच्छेदको स्वतन्त्र व्याख्या गराईमात्र वास्तविक समस्या उत्पन्न भयो । यस स्कुलले "अश्लीलता" शब्दलाई टिपे अनि यसको मूल समयको ढाँचा अनि अर्थलाई बढाए । फरिसीहरुले त येशूलाई छल गर्न केवल मोशालाई मात्र उद्धृत गर्दै थिए । तिनीहरुले जानकारीलाई खोजिरहेका थिएनन् ।

येशूले जीवनको लागि एउटा पुरुष अनि एउटी स्त्रीको रुपमा विवाहको लागि परमेश्वरको उद्देश्यलाई पुष्टि गर्दै हुनुहुन्थ्यो । अरु कुनै थोक आदर्श कुरो होइन । समस्याचाहिँ यस सन्दर्भमा येशूको वचनहरुलाई अरु सन्दर्भहरुमा रहेका क्षमादानबारे उहाँको वचनहरुसँग कसरी सन्तुलन गर्नुपर्ने हो भन्ने

कुरामा आउँदछ । राज्यलाई पछ्याउनेहरुका स्तरचाहिँ उच्च छ, तर त्यो पनि, परमेश्वरकै अनुग्रह हो । यस क्षेत्रमा कठोर वैधानिक नियमहरु भन्दा हरेक विषयप्रति सदृश्य हुनु असल हो ।

पूरानो करारमा यहोवाले विवाहविच्छेदलाई तिनीहरुका व्यभिचारका कारण इस्राएलीहरुप्रति उहाँको कामलाई वर्णन गर्दछ (यशैया ५०:१; यर्मिया ३:१–८; होशे २:२) । पूरानो करारमा त्यहाँ उदाहरणहरु छन् जहाँ विवाह विच्छेदको आवश्यकता परेको छ (उत्पत्ति २१:८–१४; प्रस्थान २१:१०–११; व्यवस्था २०:१०–१४; एज्रा ९–१०)। Joe M. Sprinkle द्वारा लिखित *Journal of the Evangelical Theological Society* vol. 40# 4, मा *"Old Testament Perspectives on Divorce and Remarriage"* शीर्षकमा त्यहाँ एउटा उत्तम विचार उत्प्रेरित लेख छ ।

**१०:५ "तिमीहरुको हृदयको कठोरताले गर्दा"** येशूले इस्राएलीहरुलाई "कठोर हृदयको भनेर वर्णन गर्नुहुन्छ (इजकिएल २:४; ३:७)। "अहंकार" शब्दचाहिँ पर्यायवाची अलंकार हो (प्रस्थान ३२:९; ३३:३, ५, ९; व्यवस्था ९:६, १३)। तिनीहरुले जहिले पनि आफ्नै प्रकारले कामहरु गर्न चाहन्थे । योचाहिँ सदैव पतित मानिस–जातिको प्रवृत्ति भएको छ । यस्ता मनोवृत्तिचाहिँ उहाँका चेलाहरुमा पनि थियो (मर्कूस ३:५ अनि ६:५२)।

पारपाचुकेको विषयचाहिँ पाठलाई प्रमाणित गर्ने समस्याको एउटा राम्रो उदाहरण भएको छ । हामीले सम्पूर्ण बाइबललाई हरेक विषयमाथि बोल्न दिनैपर्दछ । पारपाचुके अनि पुनर्विवाह माथिको बाइबलीय परिच्छेदचाहिँ यो एउटै मात्र भने होइन ।

येशूको यस बयानचाहिँ मेरो लागि कष्टपूर्ण कुरो रहेको छ । यस विषयमा व्यवस्था २४:१–४ चाहिँ यहोवाको अन्तिम वचन थियो भनेर मैले कसरी जान्ने थिएँ र ? यो त बाइबलमै भएका कुराहरु हुन् । यदि येशूले यस विषयको सामना नगर्नुभएको हुँदो हो त, सायद मैले यसको सीमित प्रासंगिकतालाई कहिले पनि जान्ने थिइन । समस्याचाहिँ "हृदयको कठोरता" मा अरु कति ओटा पूरानो करारका पाठहरु संलग्न रहेको छ अनि मानिस–जातिको लागि परमेश्वरको इच्छा कति छ भन्ने हो । ईश्वरशास्त्रीय विषयहरुमा साँचो क्रमबद्ध पहुँचमा आउने एउटैमात्र सान्त्वना चाहिँ, दुवैओटा करारहरुलाई अनि ऐतिहासिक स्थितिलाई अभिलेख गर्दा मात्र आउँदछ (उदाहरणको लागि ७:१४–१६, १७–२३) । आधुनिक सु–समाचार प्रचार सम्बन्धीका ख्रीष्टियनहरु पृथक् अनि सानो गरिएको पाठहरुबाट सत्यतालाई पाठको प्रमाणीकरण गर्न एकदमै छिटो छन् ।

ईश्वरशास्त्रीय रुपमा, येशूले मोशाका कुराहरुलाई इन्कार गरेको कुराचाहिँ आश्चर्यचकित छ । योचाहिँ उहाँको अधिकारलाई दाबी गर्ने एउटा शक्तिशाली तरिका हो । यस्ता यहुदी चेलाहरु मोशाले केही कुरा गरेको अनि ६ त्यसलाई बदलाउने शक्ति अनि अधिकार यहोवाबाट उसले पाएको कुरा येशूले जान्नुहुन्थ्यो भनेर एकदमै अचम्मित भएका थिए । मर्कूसको यो भाग मत्ती ५:१७–४८ सँग ईश्वरशास्त्रीयरुपमै समानान्तर रहेको छ ।

**१०:६ "सृष्टिको आरम्भदेखि"** तल दिएका *Ktisis* माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

विशेष शीर्षक : *KTISIS*

नयाँ करारमा, यस *Ktisis* शब्दलाई विभिन्न अर्थमा प्रयोग गरिएको छ । Louw अनि Nida को शब्दकोशले निम्नलिखित सम्भावनाहरुलाई सूचीबद्ध गर्दछ :

१. सृष्टि (सृष्टिको काम, मर्कूस १३:१९; रोमी १:२०; एफिसी ३:९)
२. प्राणी (जसलाई जीवित सृष्टि गरियो, मर्कूस १०:६; रोमी १:२५; ८:३९; कलस्सी १:१५; २३)
३. ब्रमाहण्ड (सबै कुरो सृष्टि गरिएको, मर्कूस १३:१९; रोमी ८:२०; हिब्रू ९:११)
४. संस्थान (१ पत्रुस २:१३)
५. अधिकार (१ पत्रुस २:१३)

पावलले पनि रोमी ८:१८–२५ मा सृष्टिलाई सदृश्यरुप दिएका छन् । २ कोरिन्थी ५:१७ अनि गलाती ६:१५ मा तिनले परमेश्वरको नयाँ सृष्टि, नयाँ युग अनि आत्माको नयाँ युगको चरित्र चित्रण गर्दछ । विश्वासीहरु नयाँ युगको नागरिकहरु झैं जीउनुपर्दछ (रोमी ६:४)।

- **"परमेश्वरले तिनीहरुलाई नर र नारी गरी बनाउनुभयो"** विवाहचाहिँ सृष्टिप्रतिको परमेश्वरको मूल योजनामा थियो (उत्पत्ति १:२७)। यौनचाहिँ संसारलाई भरिपूर्ण गराउने उहाँको उद्देश्यलाई पूरा गर्न परमेश्वरबाटको वरदान हो/थियो ।

**१०:७ "मानिस आफ्ना बाबु र आमालाई छोडेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ"** यो पनि उत्पत्ति (२:२४) बाट लिइएको अर्को उद्धरण हो । यसले आमा–बाबुले अधिकारमाथि पनि विवाहको उच्च स्तरलाई देखाउँदछ । शारीरिक विभाजन नभएता पनि त्यहाँ आमा–बाबुबाट एउटा आवश्यक मानसिक विभाजन थियो (कैयौं पुस्ताहरु एकैसाथ जिउँछन्)।

**१०:८ "ती दुई जना एउटै शरीर हुनेछन्"** यो पनि उत्पत्ति २:२४ बाट लिइएको उद्धरण हो । विवाहमा, दुईजना शारीरिक रुपमा अनि भावनात्मक रुपमा, अनि हरेक कुरामा एउटै हुन्छन् । यसले चाहिँ परमेश्वरको योजनामा रहेको विवाहको स्थायित्वलाई देखाउँदछ ।

उत्पत्तिमा अभिलेख गरिएको घटनाहरुको धेरै वर्षपछि मोशा जिएका थिए । उत्पत्तिमा सृष्टिको भागमा उहाँले पहिलो जोडीको दृश्यमा विवाहको प्रमुखताको पछिल्लो विषयलाई बताउनुहुन्छ ।

**१०:९ "परमेश्वरले ......... एकसाथ जोर्नुभएको छ"** योचाहिँ शाब्दिक रुपमा "एउटै हलोमा नारिनु" भन्ने हो । पारपाचुकेचाहिँ सामाजिक मापदण्डको (अर्थात्, स्थिर समाजको लागि विवाह एउटा स्तम्भ हो, व्यवस्था ५:१६, ३३; ४:४०; ३२:४७, "कि तिम्रो दिन लामो हुनेछ अनि त्यस देशमा यो तिम्रो निम्ति असल कुरो हुनेछ जसलाई परमप्रभु तिमीहरुका परमेश्वरको तिमीलाई दिनुभएको छ), रुपमा परमेश्वरले स्थापित गर्नुभएको कुरालाई भंग गर्ने पतित मानिसजातिको एउटा तरीका हो । योचाहिँ परमेश्वरको इच्छालाई आफ्नो इच्छामा रहेको रुचाउने करारको विश्वासीको एउटा राम्रो उदाहरण हो ।

- **"मानिसले नछुट्याओस्"** यो एउटा नकारात्मक कृदन्तसहितको वर्तमान कर्तृवाच्य आज्ञार्थक हो, जसको साधारणत् अर्थ हुन्थ्यो अघिबाटै चलिरहेको कामलाई बन्द गर्नु । विवाह, परिवार अनि

पारपाचुके माथिको एउटा राम्रो छलफलका लागि Frank staff को *New Testament Theology*, पृष्ठ २९६–३०२ मा हेर्नुहोस् ।

NASB (UPDATED) TEXT: 10:10-12
१०घरमा हुँदा चेलाहरुले फेरि यस विषयमा येशूलाई सोधे । ११उहाँले तिनीहरुलाई भन्नुभयो, "जसले आफ्नी स्वास्नीसँग विवाहविच्छेद गरेर अर्कीसँग विवाह गर्छ, त्यसले उसको विरुद्ध व्यभिचार गर्छ । १२अनि यदि स्त्रीले आफ्नो लोग्नेसँग विवाहविच्छेद गरेर अर्कासँग विवाह गर्छे भने, त्यसले व्यभिचार गर्छे ।"

**१०:१० "चेलाहरुले फेरि यस विषयमा येशूलाई सोधे"** मत्ती १९:१० ले चेलाहरुको आश्चर्यलाई उल्लेख गर्दछ । विवाहविच्छेद अनि पुनर्विवाहको विवाहमा तिनीहरुलाई सदैव सिकाइएका कुराहरुको विषयमा तिनी जिज्ञासु थिए । यस परिच्छेदले येशूको सार्वजनिक शिक्षा अनि व्यक्तिगत व्याख्या गराईको शैलीलाई देखाउँदछ । येशूको वचनलाई कति सजिलैसँग गलत अर्थ लगाउन सकिन्थ्यो भनेर यस शैलीले देखाउँदछ । यस्ता व्यक्तिगत सत्रहरुचाहिँ बाह्र चेलाहरुलाई परमेश्वरको राज्यको सठीक बुझाई अनि मूल उद्देश्यको बारेमा तालिम दिने अवसर थियो । येशूले आफैंमा रहेको अन्तिम अधिकारलाई केन्द्रित गर्नुहुन्थ्यो, तर पूरानो करारलाई होइन (मत्ती ५:१५–१९), यद्यपि उहाँले पूरानो करारलाई आदर गर्नुहुन्थ्यो अनि साधारणतय् दाबी गर्नुहुन्थ्यो ।

**१०:११–१२ "व्यभिचार गर्छ ...... व्यभिचार गर्छे"** यिनीहरु दुवै वर्तमान संकेतार्थ क्रियाहरु हुन् । Koine Greek मा भएको "व्यभिचार" शब्दको रुप (रुपविधान) माध्यम अथवा कर्मवाच्य दुवै हुन सक्दछ । त्यस्तै विषयसँग सम्बन्ध राख्ने मत्ती ५:३२ मा एवरिष्ट कर्मवाच्य असीमितता छ । यसले ती सबै रुपहरु कर्मवाच्य रुपहरु हुन् भनेर संकेत गर्दछ । यदि यो साँचो हो भने, तब त व्यभिचार र पुनर्विवाह व्यभिचार होइन, तर स्त्रीलाई अलग राख्ने वैधानिक कार्य हो, जसले उनलाई साँस्कृतिक रुपमै व्यभिचारी भनेर कलंकित पार्दछ । शाब्दिक रुपमा "उनले नै व्यभिचार गर्न लगाउँछिन् ।" योचाहिँ पुनर्विवाह गर्नमा पूर्ण धर्मशास्त्रीय निषेध होइन । यो त यहुदी व्याख्या गराई (Hillel बनाम् Shamai) को ईश्वरशास्त्रीय पक्षसँग सम्बन्धित रहेको छ ।

तरैपनि विश्वासीहरु (जसले विवाहित नै रहनेछु भनेर खीष्टको नाउँमा शपथ खान्छन्) को बीचको वैवाहिक करारको दुराचारचाहिँ परमेश्वरको आदर्श कहिले पनि थिएन, अनि होइन पनि । विश्वासीहरुलाई त उच्च 'राज्यको स्तरमा राखिएको छ । पारपाचुके त प्रायजसो दुई दुष्टहरुको कमजोरी हो, यो क्षमा दिन नसकिने पाप भने होइन ! ४ पदमा पूर्ण टिप्पणीलाई हेर्नुहोस् ।

**१०:१२ "अनि यदि स्त्रीले आफ्नो लोग्नेसँग विवाहविच्छेद गरेर अर्कासँग विवाह गर्छ भने, त्यसले व्यभिचार गर्छे"** यस अनुवादले अलेक्जाण्ड्रियन ग्रीक पाठलाई पालन गर्दछ । पश्चिमी पाठमा यस्तो छ "कि उनले लोग्नेलाई छोड्छ, तर विवाहविच्छेद गर्दैन अनि अरु कसैसँग विवाह गर्दछ, त्यसैकारण उनले व्यभिचार गर्दछे ।" मत्ती १९:१–२ को समानान्तर परिच्छेदले यस पदलाई छोडिदिन्छ, सायद किनभने यहूदीहरुको लागि लेखिएकोले गर्दा, मत्तीले यस कुरालाई समावेश गर्नुपरेको थिएन । अन्य जातिहरुलाई लेख्दा, मर्कूसले येशूको शिक्षाको विश्वव्यापी पक्षलाई देखाउन यस कुराको अभिलेख गर्दछ । यसले रोमी

व्यवस्थामा प्रतिविम्बित भएको लोग्ने र स्वास्नीको वैधानिक समानतामाथि केन्द्रित गर्दछ । योचाहिँ मर्कूस रोमीहरुका लागि लेखिएको थियो भन्ने अर्को उदाहरण हो । येशू परिवारसँग रहने हुनुहुन्छ (१३–१६ पद)!

"यदि" यो एउटा तेस्रो श्रेणीको शर्तबन्द वाक्य हो जसको अर्थ हुन्छ क्षमतावान् काम ।

NASB (UPDATED) TEXT : 10:13-16
१३मानिसहरुले साना बाल–बालिकाहरुलाई येशूले छोइदिऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरुले तिनीहरुलाई हकारे । १४तर यो देखेर येशू रिसाउनुभयो, र तिनलाई भन्नुभयो, "साना बाल–बालिकाहरुलाई मकहाँ आउन देओ, तिनीहरुलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरुको हो । १५साँच्चै म तिमीहरुलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापी त्यसभित्र पस्ने छैन ।" १६अनि उहाँले तिनीहरुलाई काखमा लिएर तिनीहरुसित आफ्नो हात राखी तिनीहरुलाई आशिर्वाद दिनुभयो ।

**१०:१३ "ल्याए"** यो एउटा अपूर्ण काल हो । परम्पारिक धर्म गुरुहरुको आशिर्वादको लागि आमा–बाबुहरुले आफ्ना नानीहरुलाई लगातार उहाँकहाँ ल्याए । यसले यी नानीहरुको उद्धारसँग कुनै सरोकार राख्दैन । खतनाको माध्यमबाट तिनीहरुलाई अघिबाटै इस्राएलको भाग भनि मानि लिइएको छ अनि केटीहरुका लागि बाह्र वर्ष अनि केटाहरुको लागि तेह्र वर्षको उमेरमा पूर्ण करारीय जवान बन्नलाई तिनीहरुको परिवर्तनको लागि प्रतिक्षारत् थिए ।

- **"नानीहरु"** लूका १८:१५ मा "शिशुहरु" लेखिएको छ । यहूदी झूण्डहरुमा १२ वर्षमुनिका केटीहरु अनि १३ वर्ष मुनिका केटाहरुलाई बाल–बालिका भनी मानि लिइन्थ्यो ।
- **"बाल–बालिकाहरुलाई छोइदिऊन्"** मत्ती १९:१३ मा "आफ्नो हात तिनीहरुमाथि राख्नुभयो" (१६ पद) भन्ने लेखिएको छ । येशूको समयमा आमा–बाबुहरुले आफ्ना नानीहरुलाई आशिर्वाद दिऊन् भनेर धर्म गुरुहरुलाई भन्नुचाहिँ एकदमै सामान्य कुरो थियो । उत्पत्ति ४८:८ मा पनि त्यस्तै कार्य देख्न सकिन्छ । यस्ता कुराहरुचाहिँ साधारणत् बालकको जन्मदिनमा गरिन्थ्यो । यो आशिर्वादचाहिँ नानीहरुको "बाँच्ने बनाम् गुमाउने" स्थितिभन्दा बाबु–आमाको मनको शान्तिको लागि बढी थियो !
- **"चेलाहरुले तिनीहरुलाई हकारे"** "तिनीहरु" चाहिँ दुईओटा अर्थ लाग्ने शब्द हो यसैले पहिलेका शास्त्रीहरुले "जसले तिनीहरुलाई ल्याए" (NKJV) भनेर थपिदिए । तैपनि, ℵ, B अथवा C जस्ता प्राचीन ग्रीक पाण्डुलिपीमा यसलाई पाइँदैन, तर यसलाई A, D अनि W मा यसलाई समावेश गरिएको छ । मत्ती १९:१३ अनि लूका १८:१५ मा स–साना अध्ययनहरु पनि पाइन्छ । पूर्व नजिकका बालकहरुमा पश्चिमका बालकहरुमा झैं सुविधायुक्त प्रतिष्ठाको अवस्था छैन । चेलाहरुले सोंचेका थिए कि तिनीहरुले येशूलाई विघटनकारी अनि लापरवाहीका साथ गरिएको कामबाट बचाउँदै थिए । तरैपनि, येशूका लागि मानिसहरु नै सदैव पहिलो प्राथमिकता रहन्थ्यो ।

**१०:१४**

**NASB, NKJV, NJB** **"उहाँ रुष्ट हुनुभयो"**

**NKJV** **"उहाँ साह्रै अप्रसन्न हुनुभयो"**
**TEV** **"उहाँ रिसाउनुभयो"**

योचाहिँ १०:४१ मा नेतृत्वको पदहरुको लागि प्रश्न गरेको कारण याकूब अनि यूहन्नाको विरुद्धमा चेलाहरुका क्रोधको लागि अनि १४:४ मा येशूद्वारा अभिषेक गरिएकोमा यहूदाको रोषको लागि प्रयोग गरिएको कठोर शब्द हो ।

मर्कूसको सु–समाचारले उहाँका भावनाहरुलाई अभिलेख गर्दै येशूको मानवतालाई प्रकट गर्दछ (Paul Barnett द्वारा लिखित *Jesus and the Rise of Early Christianity* , पृष्ठ १५६)।

१. कुष्ठरोगीप्रतिको सहानुभूति (१:४०–४२)
२. फरिसीहरुको हृदयको कठोरताप्रति क्रोध (३:१–५)
३. चेलाहरुप्रति रीस (१०:१३–१६)
४. धनी जवान शासकप्रतिको प्रेम (१०:१७–२२)
५. गेतसमनीमा गहिरो कष्ट (१४:३३–३४)
६. क्रूसमा त्यागिने काम (१५:३४)

येशूले चेलाहरुसँग बारम्बार निराशा देखाउनुहुन्थ्यो (६:२५; ८:१७; ९:१९)। उहाँले बाल–बालिकालाई परमेश्वरको सृष्टिको महत्त्वको रुपमा देखाउनुभयो अनि उहाँले तिनीहरुलाई प्रेम गर्नुभयो । उहाँले साँचो विश्वास अनि चेलापनको लागि अध्ययनहरुको वस्तुको रुपमा सदैव बालबालिकाहरुलाई प्रयोग गर्नुभयो ।

- **"बाल–बालिकाहरुलाई मकहाँ आउन देओ"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो, जसले अत्यावश्यकता अथवा गहनतालाई व्यक्त गर्दछ ।
- **"तिनीहरुलाई नरोक"** योचाहिँ नकारात्मक कृदन्तसहितको वर्तमान आज्ञार्थक हो जसको साधारणत् अर्थ हुन्थ्यो अघिबाटै भइरहेको कामलाई रोक्नु ।
- **"परमेश्वरको राज्य"** यस सामान्य सुसमाचारका वाक्यांशले अहिले मानिसको हृदयमा परमेश्वरको शासनलाई उल्लेख गर्दैथ्यो जुनचाहिँ एक दिन स्वर्गमा भएझैं पृथ्वीभरि नै पूरा हुनेछ ।

**१०:१५ "साँच्चै"** ३:२१८ मा 'आमेन' माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**"जसले .......... ग्रहण गर्दैन"** यसले वयस्कहरुको उल्लेख गर्दै थियो । येशूले बाल–बालिकाहरुलाई प्रायजसो आत्मिकी उदाहरणको रुपमा प्रयोग गर्नुहुन्थ्यो (मत्ती १८) । नयाँ करारचाहिँ वयस्कहरुका लागि प्रकटीकरण हो । यसले बाल–बालिकाहरुको आत्मिकी स्थितिको वर्णन गर्दैन !

यस ग्रीक शब्द *'dechomai'* को मूल अर्थ हुनथ्यो "केही कुरालाई समात्नु ।" त्यस अर्थमा, यो *lambanō* सँग समानान्तर रहेको छ । योचाहिँ "प्राप्त गर्नु" अथवा "विश्वास गर्नु" अथवा "स्वागत गर्नु" भन्ने अर्थमा प्रयोग हुन आयो । *dechomai* ले दातालाई जोड दिन्छ; जब कि

*lambanō* ले प्रापकबाटको एउटा सक्रिय सहभागितालाई प्रतिविम्बित गर्दछ भन्ने अर्थमा त्यहाँ एउटा सूक्ष्म भिन्नता हुन सक्दछ, Louw र Nida को *Greek-English Lexicon of the New Testament Based on Semantic Domains*, Vol. 1, पृष्ठ ५७२, पुच्छर टिप्पणी ३१)।

ईश्वरशास्त्रीय विश्वासचाहिँ यो छ कि मानिस–जातिहरुले येशूलाई "प्राप्त गर्नु", "विश्वास गर्नु" अनि "स्वागत" गर्नु नै पर्दछ । उद्धारचाहिँ कुनै व्यक्तिलाई स्वागत गर्नुमा, त्यस व्यक्तिको विषयको विश्वासमा भरोसा गर्नमा (जुनचाहिँ सुसमाचार हो), अनि त्यस व्यक्तिको भन्दा अझ राम्रो जीवन जिउनुमा संलग्न रहेको छ । उद्धारमा त्यहाँ एउटा सुरुवाती अनि भइरहेको इच्छाशक्तिको पक्ष रहेको छ ।

"कदापि त्यसभित्र पस्ने छैन" यो एउटा गहिरो अर्थ लाग्ने दोब्बर नकारात्मक बनावट हो जसको अर्थ हुन्छ "कहिले पनि हुँदैन ।"

एक अर्थमा येशूले नानीहरुको जस्तो विश्वास अनि उहाँमाथिको विश्वास अनि उहाँको शिक्षाहरुको रुपमा परमेश्वरको राज्यलाई पहिचान गर्दै हुनुहुन्छ । हाम्रो दिनमा यो कुरा असह्यनीय सुनिन्छ, तर यो नयाँ करारको स्पष्ट शिक्षा हो । यसलाई बारम्बार "सुसमाचारको एकान्तवादको कलंक" भनिन्छ । तरै पनि यो साँचो हो । येशूमाथिको विश्वासचाहिँ पितातर्फको एउटैमात्र बाटो हो ( यूहन्ना १४:६) ! योचाहिँ अहंकार, इन्साफवाद अनि घमण्ड होइन तर भित्रैबाट उत्पन्न भएको प्रार्थना, गवाही अनि नम्रता हुनुपर्दछ ।

**१०:१६ "अनि उहाँले तिनीहरुलाई काखमा लिएर"** ९:३६ जस्तै, यहाँ पनि पत्रुसको अर्को प्रत्यक्षदर्शी विवरण हो ।

**"तिनीहरुमाथि आफ्नो हात राखी तिनीहरुलाई आशिर्वाद दिनुभयो"** येशूले हरेकको लागि समय लिनुभयो । हामीले हाम्रा नानीहरुलाई येशूमा स्पष्टरुपले प्रकट भएको परमेश्वरको प्रेमलाई विश्वास गर्न सक्दछौं । जसरी येशूले स्त्रीहरुका लागि सामाजिक स्थान अनि महत्त्वलाई उठाउनुभयो, त्यसैगरी, नानीहरुलाई पनि गर्नुभयो । ७:३२ मा 'हात राख्नु' माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

## NASB (UPDATED) TEXT: 10:17-22

१७येशू बाटोमा जाँदै हुनुहुँदा, एकजना मानिस दौडेर आई उहाँको अघि घुँडा टेक्यो, र उहाँलाई सोध्यो,
"हे असल गुरु, अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ ?" १८येशूले त्यसलाई भन्नुभयो, "तिमी
किन मलाई असल भन्छौ ? एकमात्र परमेश्वरबाहेक अरु कोही असल छैन । १९तिमी आज्ञाहरु त
जान्दछौ, अर्थात् हत्या नगर्नू, व्यभिचार नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू, नठग्नू, आफ्ना बाबु र
आमालाई आदर गर्नू ।" २०अनि त्यसले उहाँलाई भन्यो, "गुरुज्यू, यी सबै त मैले मेरो युवावस्थादेखि नै
पालन गरेको छु ।" २१येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो, "तिमीलाई अझ
एउटा कुराको अभाव छ । जाऊ र तिम्रा जे–जति छन् बिक्री गर र गरिबहरुलाई देऊ र तिमीलाई
स्वर्गमा सम्पत्ति मिल्नेछ । अनि आएर मेरो पछि लाग ।" २२तर यस कुराले त्यसको अनुहार उदासीलो
भयो, र त्यो दु:खित भएर गइहाल्यो, किनभने त्यससित धेरै धन सम्पत्ति थियो ।

**१०:१७ "....... बाटोमा जाँदै हुनुहुँदा"** मर्कूसको सुसमाचारलाई येशूको यात्राद्वारा चरितार्थ गरिएको छ । योचाहिँ पत्रुसको स्मरणहरु (अथवा उपदेशहरु) लाई आफ्नो प्रस्तुतीकरणको रुप दिनको लागि मर्कूसको साहित्यिक कार्य विधि थियो ।

- **"एक जना मानिस"** मत्ती १९:२० ले "जवान" भन्ने विशेषणलाई थप्दछ; मत्ती १९:२२ ले "तिनको धेरै धनसम्पत्ति थियो" भनेर थप्दछ (त्यो भनेकोचाहिँ धनी हो), जबकि लूका १८:१८ ले तिनलाई एक जना "शासक" भनेको छ । यो मानिस प्रत्यक्षरुपले धनी, नैतिक अनि महत्त्वपूर्ण नागरिक अनि धार्मिक अगुवा थियो । "शासक" शब्दले तिनी स्थानीय सभाघरको एउटा शासक थिए भनेर संकेत गर्दछ । १ पत्रुस ३:१४ मा "धार्मिकता" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"दौडेर आइ ........ घुँडा टेक्यो"** कुनै धनी पूर्वीय मानिसले सर्वसाधारणको माझमा यसो गर्नुचाहिँ एउटा एकदमै असामान्य घटना थियो । यो मानिस प्रश्नप्रति इमान्दार रहेको अनि जान्ने इच्छा भएको जस्तो देखिन्छ ।
- **"असल गुरु"** यस परिच्छेदले येशूको लागि यस मानिसको आत्मिकी दृष्टिकोणलाई प्रमाणित गर्नको लागि अवसर खोल्यो (१८ पद)। "असल" (*agathos*) शब्दलाई विभिन्न तरिकामा बुझ्न सकिन्छ (असल, लाभदायक, उदार, नाफा कमाउने, गुणी अनि इमान्दार)। यस मानिसले यसमा एउटा अर्थ लगाएको थियो, तर येशूले यसलाई एउटा अन्तिम अर्थमा प्रयोग गर्नुभयो ।
- **"मैले के गर्नुपर्छ"** आत्मिकी कुराहरुप्रतिको उसको बुझाइले उसको कामहरुमाथि केन्द्रित गर्दथ्यो । यस मानिस धर्मगुरुहरुले परम्परालाई पालन गर्ने कुराप्रति ओतप्रोत भएको थियो ( मर्कूस १९:१६)।
- **"प्राप्त गर्न"** यस प्रचलित शब्दले परमेश्वरसितको व्यक्तिगत सम्बन्धलाई संकेत गर्दछ । पूरानो करारमा पूजाहारीहरुलाई परमेश्वरका उत्तराधिकारीको रुपमा भनिन्थ्यो अनि उहाँ तिनीहरुको संकेत गर्दछ । पूरानो करारमा अरु जातिहरुले जस्तो तिनीहरुको जमीनको कुनै भागवण्डा पाएका थिएनन् । यो प्रश्नले मान्छेले आफूलाई परमेश्वरबाट पूर्णरुपले स्वीकार गरिएको भनेर संकेत गर्दछ , तर केवल निश्चित मात्र गर्न चाहेका थिए ।
- **"अनन्त जीवन"** जीवनपछिको (अथवा मृत्यु र इन्साफको राज्य) को अवधारणाचाहिँ दानिएल १२:२ अथवा अय्यूब १४:१४; १९:२५–२७ जस्ता परिच्छेदहरुबाट आए । फारिसीहरुले जीवनपछिको कुरालाई शारीरिक अर्थमा दाबी गर्दथे । (१) तिनीहरुका वंशीय पहिचान (जुनचाहिँ अब्राहमको सन्तान) अनि (२) Oral परम्परा (Talmud) हरुप्रतिको तिनीहरुको प्रदर्शनको कारण यहोवाले तिनीहरुलाई अनन्त जीवन दिनुहुनेथ्यो भनेर तिनीहरुका विश्वस्त थिए १०:१८ "असल" यसलाईचाहिँ तुलनाको एकमात्र साँचो स्तरचाहिँ परमेश्वरको धार्मिकता हो भनेर देखाउनलाई प्रयोग गरिएको हो ।
- **"एकमात्र परमेश्वरबाहेक अरु कोही असल छैन"** येशूले उहाँको आफ्नै असलपनाको विषयमा कुनै बयान दिँदै हुनुहुन्न; तर उहाँले यसलाई परमेश्वर अनि साँचो असलपनाको विषयमा मानिसको हल्का सोंचाइलाई झट्का दिन चाहनुहुन्थ्यो (मत्ती ५:४८)। योचाहिँ १ इतिहास १६:३४; २ इतिहास ५:१३; ७:३; भजन २५:८; ८६:५; १००:५; १०६:१; १०७:१; ११८:१; एज्रा ३:११ को पूरानो करारको संकेत हुन सक्दछ ।

मत्तीको समानान्तरले शासकको प्रश्नलाई, “हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ” भनेर परिवर्तन गरेकोछ (मत्ती १९:१६) । यस परिवर्तनले यस माथिको असलपनाप्रतिको धारणा अनि त्यस असलपनालाई उसले प्राप्त गरेको कुराको संकेत गर्दछ (१९:२०)।

**१०:१९ “तिमीहरु आज्ञा त जान्दछौ”** योचाहिँ दश आज्ञाको आधाको सारांश हो, जसले करारका साझेदारले एक अर्कामा कसरी व्यवहार गर्नुपर्दछ भन्ने कुरासँग सम्बन्ध राख्दथ्यो ।

- **“नठग्नू”** यसले लोभ गर्नू भन्ने कुराको उल्लेख गरेको हुनुपर्दछ । यो आज्ञा, जसरी यसलाई उल्लेख गरिएको छ, दश आज्ञाको भाग थिएन, न त यसलाई यस रुपमा पूरानो करारमा कतै पाइन्छ । मत्ती १९:१८–१९ अनि लूका १८:२० को समानान्तरमा पनि यस वाक्यांशलाई पाइँदैन । तरैपनि, उचित हुनुपर्दा, सबै संक्षिप्त सु–समाचारहरुले दश आज्ञालाई येशूले उद्धृत गरेका कुरालाई असहमत जनाउँदछ । यो फेरि पनि प्रत्यक्षदर्शी गवाहीसँग एउटा सामान्य समस्या भएको छ । यसले निश्चय नै सुसमाचारका विवरणहरुको प्रेरणा अनि विश्वास योग्यतालाई असर गर्दैन !

**विशेष शीर्षक : दश आज्ञा (प्रस्थान २०:१–१७; व्यवस्था ५:६–२१)**

१. शब्दहरु

अ. शाब्दिकरुपमा “दश शब्दहरु” (प्रस्थान ३४:२८; व्यवस्था ४:१३; १०:४)

आ. Clement of Alexandria ले यसलाई "*The Deca Logous*" (Decalogue) भनेका छन् अनि यसलाई सुरुवाती मण्डलीहरुका फादर (father) हरुले पालन गर्दथे ।

इ. बाइबलमा यसलाई ............

१) “करार” (अर्थात् हिब्रू *berith*, BDB 136, प्रस्थान ३४:२८; व्यवस्था ४:१३; ९:९)

क. Akkadian बाट – *barah* – खानु (अर्थात्, सामान्य भोजन )

ख. Akkadian बाट – *biritu* – बाँध्नु अथवा कस्नु (अर्थात् मानिसहरुको बीचको बन्धन)

ग. Akkadian बाट – *birit*– माझ (अर्थात्, दुईओटा झूण्डको माझको प्रबन्ध)

घ. baru – स्वाद (अर्थात्, एउटा कर्तव्य)

२) “गवाही” – प्रस्थान १६:३४; २५:१६ (अर्थात् दुईओटा पाटीहरु हो) भनेर पनि भनिन्छ ।

२. उद्देश्य

अ. तिनीहरुले परमेश्वरको चरित्रलाई प्रकट गर्दछ

१) अनौठो अनि अधिकारयुक्त (जुनचाहिँ एक ईश्वरवाद हो)

२) नैतिक, समाज अनि व्यक्ति दुवैतर्फ

आ. तिनीहरु निम्नलिखित कुराहरुका लागि हुन् :

१) सबै मानिसहरुका लागि किनभने तिनीहरुले मानिसजातिका लागि परमेश्वरको इच्छालाई प्रकट गर्दछ अनि सबै मानिस–जातिलाई परमेश्वरको स्वरुपमा सृष्टि गरिएको थियो ।

२) करारका विश्वासीहरुका लागि मात्र हो किनभने परमेश्वरको सहायता विना बुझ्न अनि आज्ञापालन गर्न असम्भव छ ।

३) C.S. Lewis – आदिम जातिहरु माफ्रको (रोमी १:१९–२०; २:१४–१५) भित्री नैतिक अर्थलाई समेत यहाँ प्रतिविम्बित गरिन्छ ।

इ. तिनीहरु पनि सबै प्राचीन व्यवस्थाहरु फ्रैं थिए

१) अन्तरव्यक्तित्व सम्बन्धहरुलाई निर्धारण गर्नु अनि नियन्त्रण गर्नु

२) समाजको स्थिरतालाई कायम राख्नु

ई. तिनीहरुले विभिन्न फ्रूण्डका दास अनि अवहेलित मिश्रीहरुलाई विश्वास अनि व्यवस्थाको समुदायमा बाँधे । B.S. Childs, *Old Testament Library*, *Exodus* — "आठओटा नकारात्मक पक्षहरुले करारको सीमाको बाहिरी सीमालाई देखाउँछ । Decalogue ले भित्र अनि बाहिर दुवैलाई हेर्दछ; यसले मृत्युको बाटोमा सुरक्षा दिन्छ अनि जीवनको बाटोतिर देखाउँदछ (पृष्ठ ३९८)।

३. समानान्तरहरु

अ. बाइबलीय

१) प्रस्थान २० अनि व्यवस्था ५ मा दशओटा वचनहरुलाई दुईपटक अभिलेख गरिएको छ । चौथो, पाँचौं अनि दशौं आज्ञामा भएको हल्का भिन्नताले यस्ता आम सिद्धान्तहरुलाई विभिन्न स्थितिहरुमा भएको अनुकूलतालाई देखाउँदछ ।

२) तरैपनि, तिनीहरुको समानताले तिनीहरुको परिशुद्धतातिर देखाउँदछ जससँग तिनीहरुलाई पठाइएको थियो ।

३) तिनीहरुलाई सम्भवत् नियमितरुपले पढिन्थ्यो अनि पुष्टिकरण गरिन्थ्यो, जस्तो यहोशूले देखाउँदछ ।

आ. साँस्कृतिक

१) प्राचीन पूर्व नजिकको अरु व्यवस्थाहरु

क. ऊर शहरबाट आएको Ur—Nammu (Sumerian, 2050 ई.पू.)

ख. इसिन शहरबाट आएको Lipit-Ishtar (Sumerian 1900 ई.पू.)

ग. एसुन्ना (Eshunna) शहरबाट आएको Eshnunna (Akkadian 1875 ई.पू.)

घ. बेबिलोनबाट आएको तर Stela चाहिँ Susa मा पाउने हम्मुराबी (Hammurabi) को नियमावली (Babylonian, 1690 ई.पू.)

२) प्रस्थान २०:१८–२२३:३७ को व्यवस्थाहरुको रुपचाहिँ पूर्वीय निकटवर्तीका अरु प्राचीन व्यवस्थाका नियमावलीहरुका एकदमै मिल्दोजुल्दो छ । तरैपनि, दशओटा वचनहरु चाहिँ अनौठोरुपमा छन् जसले तिनीहरुको अधिकारलाई संकेत गर्दछ ($2^{nd}$ पुरुषका आज्ञाहरु–apodictic).

३) एकदमै स्पष्ट साँस्कृतिक सम्बन्धचाहिँ १४५०–१२०० ई.पू. को Hittite Suzerainty Treaties । यस समानताका केही असल उदाहरणहरुलाई तलका कुराहरुमा देख्न सकिन्छ :

क. दश वचनहरु

ख. व्यवस्थाका पुस्तक

ग. यहोशू २४

यस्ता सन्धिहरुका तत्वहरुचाहिँ निम्नलिखित कुराहरु हुन् :

क. राजाको पहिचान

ख. उहाँको महान कामको वृतान्त

ग. करारका कर्तव्यहरु

घ. सर्वसाधारणको अध्ययनका लागि पवित्रस्थानमा सन्धिलाई थुपार्नको लागि आदेश
ङ. झूण्डहरुको देवहरुले गवाहीहरुका रुपमा आह्वान गरेका
च. इमान्दारीताका लागि आशिष अनि उल्लङ्घनको लागि सराप
४) यस विषयमाथिको केही असल स्रोतहरु
क. George Mendenhall, *Law and Covenant in Isreal and the Ancient Near Egypt*
ख. Dewey Beegle, *Moses, The servant of Yahweh*
ग. W. Bezalin, *Origin and History*
घ. D.J. Mc Carthy, *Treaty and Covenant.*

४. आन्तरिक बनावट

अ. Alt ले आफ्नो पुस्तक *The Origins of Israelite law* मा, एपोडिकिटक (apodictic) अनि क्याजुइस्टिक (casuistic) बीचको भिन्नतालाई देखाउने पहिलो थियो ।

१) क्याजुइस्टिक (Casuistic) चाहिँ ANE व्यवस्थाको सामान्य रुप भएकोले यसमा एउटा "यदि" = "त्यसपछि" भन्ने शर्त रहेको थियो ।

२) एपोडिकिटक (apodictic) चाहिँ दूर्लभ रुप भएकोले यसले सिधा आज्ञालाई व्यक्त गर्दछ जस्तै "तिनीले ....." अथवा "तिमीले .......... हुँदैन .........।"

३) *Ancient Israel : Social Institutions*, vol. 1. पृष्ठ १४६ मा Roland de Vaux ले भनेका छन् कि क्याजुइटिकचाहिँ मुख्यतः अन्य जातिहरुको क्षेत्रमा प्रयोग गरिन्थ्यो अनि एकोडिकिटक चाहिँ पवित्र स्थानमा प्रयोग गरिन्थ्यो ।

आ. दश वचनहरु मुख्यतः तिनीहरुको प्रकटीकरणमा नकारात्मक छन् – १० मा छ ओटाचाहिँ । यस रुपचाहिँ दोस्रो पुरुष एकवचन हो । तिनीहरुचाहिँ सम्पूर्ण करारका समुयादलाई सम्बोधन गर्न, प्रत्येक एक्लो सदस्यलाई सम्बोधन गर्न अथवा दुवैलाई गर्नको लागि थियो ।

इ. दुईओटा ढुङ्गाको पाटी (प्रस्थान २४:१२; ३१:१८) लाई प्रायजसो दश वचनहरुको शीर्ष अनि समतल पक्षहरुसँग सम्बन्ध रहेको रुपमा व्याख्या गरिन्छ । मानिसको YHWH सँगको सम्बन्धलाई चार आज्ञाहरुमा बोलिएको छ अनि मानिसको अर्को मानिससँगको सम्बन्धमा अरु ६ आज्ञाहरुमा बोलिएको छ । तरैपनि, Hittite Suzerain सम्झौताहरुको प्रकाशमा, तिनीहरु आज्ञाको सम्पूर्ण सूचीको दुईओटा प्रतिहरु हुनसक्दछ ।

ई. दश वचनहरुको ऐतिहासिक संख्या

१. हामीसँग दशओटा नियमहरु भएको कुरो स्पष्ट छ । तरैपनि, वास्तविक भिन्नताचाहिँ दिइएको छैन ।

२. आधुनिक यहूदीहरुले २०:२ लाई पहिलो आज्ञाको रुपमा सूचीबद्ध गर्दछन् । संख्यालाई दशमा राख्नको लागि तिनीहरुले ३–६ पदहरुलाई दोस्रो आज्ञा बनाएका छन् ।

३. अगष्टिनलाई पछ्याउँदै रोमन क्याथोलिक अनि लूथेरन मण्डलीहरुले प्रस्थान २०:३–६ लाई पहिलो आज्ञा बनाएका छन् अनि संख्यालाई दशमा राख्नको लागि, १७ पदलाई दुई बेग्लाबेग्लै आज्ञामा विभाजन गरेका छन् ।

४. Origen अनि सुरुवाती पूर्वी अनि पश्चिमका मण्डलीहरुलाई पछ्याउँदै रिफर्म (Reform) मण्डलीहरुले प्रस्थान २०:३ चाहिँ पहिलो आज्ञा हो भनेर दाबी गर्दछन् । यो Philo र Josephus द्वारा प्रतिनिधित्व गरिएको प्राचीन यहूदी धारणा थियो ।

५. ख्रीष्टियनहरु दश आज्ञाहरुसँग कसरी सम्बन्धित रहेका छन् त ?

अ. धर्मशास्त्रप्रतिको येशूको उच्च विचारलाई मत्ती ५–७ अनि विशेष गरेर ५:१७–४८ मा डाँडाको उपदेशमा अभिलेख गरिएको छ, जसले प्रश्नको गम्भीरतालाई देखाउँदछ । उहाँका उपदेश प्रायजसो दश वचनहरु अनि तिनीहरुको सठीक प्रयोगमा आधारित रहेको जस्तो देखिन्छ ।

आ. सम्बन्धका सिद्धान्तहरु

१) विश्वासीहरुका लागि

अ. Roy Honeycutt, *These Ten words* (यी दश वचनहरु)

(i) "हामी दश आज्ञाभन्दा कहिले ठूलो हुँदैनौं किनभने हामी परमेश्वरभन्दा कहिले ठूलो हुँदैनौं" (७ पृष्ठ)।

(ii) आज्ञाहरुचाहिँ परमेश्वरका साक्षीहरु भएको हुनाले, तरैपनि, त्यहाँ एउटा अर्थ छ जसमा तिनीहरुको सम्बन्ध अनि परमेश्वरको सम्बन्धचाहिँ यसरी आपसमा गाँसिएको छ कि यो प्रायः छुट्याउनै नसकिने हुन्छ । फलस्वरुप, यदि तपाइँको जीवनको लागि परमेश्वर यति सम्बन्धित हुनुहुन्छ भने, आज्ञाहरु पनि, गहिरोरुपमा सम्बन्धित हुनेछन् किनभने तिनीहरु त परमेश्वरको चरित्र अनि मागको बारेमा लेखिएका छन्" (८ पृष्ठ)।

आ. व्यक्तिगतरुपमा, हामीले यस्ता निर्देशिकाहरुलाई अघिबाटै स्थापित भएको विश्वासको सम्बन्धबाट आएको रुपमा हेर्नैपर्दछ । तिनीहरुलाई परमेश्वरबाटको विश्वास अनि प्रतिबद्धताबाट विच्छेद गराउनुचाहिँ तिनीहरुलाई नष्ट गर्नु हो । त्यसैकारण, मेरो लागि, तिनीहरु त्यस अर्थमा मात्र विश्वव्यापी छन् कि परमेश्वरले सबै मानिसहरुले उहाँलाई चिनुन् भन्ने चाहन्छन् । तिनीहरु परमेश्वरको भित्री गवाहीमा उहाँको सम्पूर्ण मानिसको सृष्टिसँग पनि सम्बन्धित छ । पावलले यसलाई रोमी १:१९–२०; २:१४–१५ मा व्यक्त गरेका छन् । यस अर्थमा आज्ञाले एउटा अगुवाई गर्ने प्रकाशलाई प्रतिविम्बित गर्दछ जसको सबै मानिस जातिसँग भित्रीवास गरेको सम्बन्ध रहेको छ ।

२. सबै समाजहरुमा रहेका सबै मानिसहरुलाई, सबै समयका लागि

अ. Elton Trueblood, *Foundations for Reconstruction*

"यस सानो पुस्तकको शोध–प्रबन्धचाहिँ यो हो कि हिब्रू डेकालग (Decalogue) बाट प्रतिनिधित्व गरिएको, नैतिक व्यवस्थाको पुनः प्राप्तिचाहिँ एउटा बाटो हो जसमा क्षमताको पतन हुनबाट रोक्ने एउटा औषधीलाई पाउन सकिन्छ (७ पृष्ठ)।

अ. George Rawlinson, *Pulpit Commentary*, "exodus" (प्रस्थान)

"तिनीहरुले सदैव मानिसको कर्तव्यको संक्षेप सारलाई बनाउँदछन्, जसले यसको अग्रभागमा ईश्वरत्व बोक्दछ, जुनचाहिँ मानव समाजको हरेक पक्षको लागि सुहाउँदो हुन्छ, अनि उत्तम सारको रुपमा डेकालग (Decalogue) को अवधारणाचाहिँ यस आधारहरुमा सिद्ध हुन्छ, अनि यो आफैंले संक्षिप्त विवरणको सर्वोत्कृष्टतातर्फ जोरदार गवाहीलाई सजाउँदछ" (पृष्ठ १३०)।

३. तिनीहरु उद्धारको साधनको रुपमा होइनन्, नता पतित मानिसको आत्मिकी छुटकाराको लागि परमेश्वरको साधनको रुपमा नै हुन् । गलाती २:१५–४:३१ अनि रोमी ३:२१–६:२३ मा पावलले यसलाई स्पष्टरुपमा भनेका छन् । तिनीहरुले समाजमा मानिसको मार्गदर्शकको रुपमा सेवा गर्दछन् । तिनीहरुले परमेश्वरलाई देखाउँछन् अनि त्यसपछि हाम्रो संगी मित्रहरुलाई । पहिलो तत्वलाई

चुकाउनु नै सबैलाई चुकाउनु हो । हृदयमा बास गर्ने नबद्लिएको नैतिक नियमहरुचाहिँ मानिसको आशाहीन् पतनको एउटा चित्र हो ! दश वचनहरु वैध छन्, तर हाम्रो अयोग्यताको माझमा परमेश्वरलाई भेट गर्ने एउटा तयारीको रुपमा मात्र हो । छुटकाराबाट विच्छेद हुनुचाहिँ नेतृत्वविनाको मार्गदर्शनहरु हुन् !

**१०:२० "यी सबै त मैले ......... पालन गरेको छु"** यस मानिसले आफ्नो संस्कृतिको लागि सबै धार्मिक आवश्यकताहरुको पालन गरेको थियो । प्रेरित पावलले पनि उसले धार्मिक आवश्यकताहरुलाई पालन गरेको थियो भनेर पनि अनुभव गरेका थिए (प्रेरित २३:१–२; फिलिप्पी ३:६)। यस मानिसले झूट बोलिरहेको थिएन । परमेश्वरको सामु उसले आफूलाई दोषरहित थिएँ भन्ने विश्वास गर्थे ।

- **"मैले मेरो युवावस्थादेखि नै"** यसले १३ वर्षको उमेरमा गरिने *Bar Mitzvah* भनिने समारोहलाई उल्लेख गर्दथ्यो जसद्वारा कुनै केटो एउटा मानिस बन्दथ्यो अनि व्यवस्थालाई पालन गर्ने जिम्मेवार बन्दथ्यो ।

**१०:२१ "येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो"** योचाहिँ मर्कूसमा पाइने अनौठो कुरो हो । तरैपनि, येशूको प्रेमले परमेश्वरको राज्यको स्तरलाई घटाउँदैन । यहाँ विश्वासको एउटा उचित जवाफको लागि आवश्यक शर्तहीन प्रेमको विरोधाभास छ ।

- **"तिमीलाई अझ एउटा कुराको अभाव छ"** यो टिप्पणीचाहिँ १२:३४ सँग मिल्दोजुल्दो छ । येशूले बुझ्नुभयो कि मानिस–जातिहरु साँचो राज्यबाट केही हदसम्म नजिक अथवा टाढा थिए, जुनचाहिँ मोसाइक (Mosaic) प्रदर्शन अथवा मूल पहिचान (यूहन्ना ८:३३) मा शर्तबन्ध थिएन, तर उहाँमाथिको व्यक्तिगत विश्वासमा थियो । यस्ता धार्मिक अगुवा ठीक आत्मामा, ठीक व्यक्तिमा आएर, उचित प्रश्न सोधेको थिए, तर प्रत्यक्षरुपमा निर्णयात्मक चुनाव गर्न अयोग्य भए ! येशूले स्तरलाई घटाउनुभएन ! त्यस मानिस दुःखित भएर गए ! यति नजिक भएर पनि यति टाढा !
- **"तिम्रा जे–जति छन् बिक्री गर र गरिबहरुलई देऊ ........ अनि आएर मेरो पछि लाग"** यसले नयाँ करार विश्वासको मूल स्वभावलाई देखाउँदछ (लूका १४:३३) । यस मानिसले के कुरालाई प्राथमिकता दिँदैथ्यो भन्ने कुरा येशूले जान्नुहुन्थ्यो । एउटा खीष्टियन हुनलाई कसैले अरु सबै प्राथमिकताहरुलाई त्याग्नु नै पर्दछ । एक अर्थमा यसले खीष्टियनिटीलाई साँच्चै साह्रै जटिल बनाउँदछ । यस बयानमा कसैले परमेश्वर अनि केवल परमेश्वरलाई मात्र दिएको प्रमुख प्रतिबद्धतासँग सम्बन्धित दश आज्ञाको पहिलो भागको आधारमाथि येशूले केन्द्रित गर्दै हुनुहुन्थ्यो (मत्ती ५:२०।

यस पाठ सबै विश्वासीहरुका लागि व्यवस्था बन्न सक्दैन (त्यो भनेकोचाहिँ गरिबी नै परमेश्वरको उत्तम कुरो हो) । यसलाई त यसको सन्दर्भमा देखिनै पर्दछ । परमेश्वर अनि मानिस बीचको आत्मिकी सम्बन्धचाहिँ शारीरिक सम्बन्धमाथिको प्राथमिकता हुनैपर्दछ (अर्थात, धन सम्पत्ति, इज्जत, काम, परिवार, सम्पत्तिहरु अनि जीवन आफैं पनि) । यदि धन सम्पत्ति आफैंमा दुष्ट हुँदो हो त, तिनीहरुलाई गरिबहरुलाई किन दिइन्थ्यो त ?

अझै एउटा विषय । हामी जहिले पनि येशूको मागमाथि केन्द्रित हुन्छौं, तर येशूले यस मानिसलाई अभूतपूर्व प्रेरणा पनि दिनुभयो भनेर के तपाइँले बुझ्नुभयो त ? उहाँले उसलाई आफ्ना चेलाहरुको झूण्डमा आउनलाई निम्तो दिनुभयो ! उसले पाएको अवसरचाहिँ यसको मूल्यभन्दा पनि कैयौं गुणा ठूलो थियो ।

- **"तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ"** मानवताको विद्रोहको कारण, परमेश्वरको आशिषहरुचाहिँ मृत्युपछिको जीवनको लागि सुरक्षित राखिएका छन् धन सम्पत्तिहरुलाई त्याग्न इच्छुक हुनैपर्दछ ।

**१०:२२ "त्यसको अनुहार उदासिलो भयो"** यस शब्दलाई दुईओटा अर्थमा बुझ्न सकिन्छ (१) चकित वा अचम्म अथवा (२) उदास अथवा अँध्यारो मुहारद्वारा व्यक्त गरिएको उदासिनता । यस सन्दर्भमा दुवैओटा शब्दको अर्थ लाग्छ ।

## NASB (UPDATED) TEXT : 10:23-27

२३अनि वरिपरि येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, "धनीहरुलाई परमेश्वरको राज्यमा पस्नु कति कठिन छ ।" २४उहाँले भन्नुभएको यस कुरामा चेलाहरुले अचम्म माने । तर येशूले फेरि पस्नु कति कठिन छ । २५धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा त बरु सियोको नाथ्रीबाट ऊँटलाई छिर्न सजिलो हुन्छ ।" २६तिनीहरु ज्यादै अचम्मित भए र उहाँलाई भने, "त्यसो भए को बाँच्न सक्छ ?" २७येशूले तिनीहरुलाई हेरेर भन्नुभयो, "मानिसहरुका निम्ति त यो असम्भव छ, तर परमेश्वरको निम्ति सबै कुरा सम्भव छ ।

**१०:२३ "अनि वरिपरि हेरेर येशूले"** आफ्ना शिक्षाहरुले अरुहरुलाई कस्तो प्रभाव पार्दैथ्यो भनेर येशूले ध्यान दिनुभएको कुरा बताउनलाई यस वक्तव्यलाई कैयौं पटक प्रयोग गरिएको छ (३:५, ३४; ५:३२; १०:२३; ११:११)। समानान्तरचाहिँ लूका ६:१० मा मात्र रहेको छ । योचाहिँ अनौठोरुपले पत्रुसको स्मरण हो ।

- **"धनीहरुलाई परमेश्वरको राज्यमा पस्नु कति कठिन छ"** योचाहिँ चेलाहरुको निम्ति साह्रै अचम्मको कुरो भएको थियो (२४ पद) । व्यवस्था २७–२८ माथि आधारित पूरानो करारको मन्तव्यचाहिँ त्यो थियो कि धनी अनि स्वास्थ्य मानिसहरुचाहिँ तिनीहरुको करारको प्रदर्शन अनि परमेश्वरको आशिषसँग सम्बन्धित थिए । योचाहिँ अय्यूब अनि भजन ७३ द्वारा सम्बोधन गरिएको विषय नै हो । धनी मानिसहरुले परमेश्वरको साटोमा तिनीहरुका आफ्नै स्रोतहरुमा विश्वास गर्दछन् ।

## विशेष शीर्षक : धन सम्पत्ति

१.समग्रमा पूरानो करारको उद्देश्यहरु

अ. परमेश्वर नै सबै कुराहरुको मालिक हुनुहुन्छ

1. उत्पत्ति १–२
2. १ इतिहास २९:११
3. भजन २४:१; ५०:१२; ८९:११

४. यशैया ६६:२

आ. मानिसहरु परमेश्वरको उद्देश्यहरुका लागि धन सम्पत्तिको हेरचाह गर्नेहरु हुन्

१. व्यवस्था ८:११–२०

२. लेवी १९:९–१८

३. अय्यूब ३१:१६–३३

४. यशैया ५८:६–१०

इ. धन सम्पत्तिलाई करारको इमान्दारिताका लागि परमेश्वरबाटको वरदानको रुपमा हेरिन्छ।

१. व्यवस्था २७–२८

२. हितोपदेश ३:१०; ८:२०–२१; १०:२२; १५:६

उ. अरुहरुका लागि सम्पत्ति खर्च गर्ने विरुद्ध चेतावनी

१. हितोपदेश २१:६

२. यर्मिया ५:२६–२९

३. होशे १२:६–८

४. मीका ६:९–१२

ऊ. धन सम्पत्तिलाई प्राथमिकता नदिएसम्म यो आफैंमा पापपूर्ण छैन

१. भजन ५२:७; ६२:१०; ७३:३–९

२. हितोपदेश ११:२८; २३:४–५; २७:२४; २८:२०–२२

३. अय्यूब ३१:२४–२८

२. हितोपदेशको अनौठो उद्देश्यहरु

अ. सम्पत्तिलाई व्यक्तिगत प्रयासको अखडामा राखिएको

१. सुस्तपना अनि अल्छीपनालाई दोषी ठहराइएको – हितोपदेश ६:६–११; 0:४–५, २६; १२:२४, २७; १३:४; १५:१९; १८:९; १९:१५, २४; २०:४, १३; २१:२५; २२:१३; २४:३०–३४; २६:१३–१६

२. परिश्रमलाई समर्थन गरिएको – हितोपदेश १२:११, १४; १३:११

आ. दरिद्रता बनाम् धनसम्पत्तिलाई धर्मी बनाम् दुष्टको रुपमा चित्रण गरिएको – हितोपदेश १०:१; ११:२७–२८; १३:७; १५:१६–१७; २८:६, १९–२०

इ. ज्ञान (परमेश्वर अनि उहाँको वचनलाई जानेर यस ज्ञानमा जिउनु) चाहिँ धन सम्पत्तिभन्दा उत्तम हो – हितोपदेश ३:१३–१५; ८:९–११, १८–२१; १३:१८

ई. चेतावनीहरु अनि हप्कीहरु

१. चेतावनीहरु

अ. आफ्नो छिमेकीको जमानी बस्नेबारे चेतावनी – हितोपदेश ६:१–५; ११:१५; १७:१८; २०:१६; २२:२६–२७; २७:१३

आ. दुष्ट साधनमार्फत् धनी हुनेबारे चेतावनी – हितोपदेश १:१९; १०:२, १५; ११:१; १३:११; १६:११; २०:१०, २३; २१:६; २२:१६, २२; २८:८

इ. ऋण लिने कुराबाट होसियार – हितोपदेश २२:७

ई. धनी बन्न आफूलाई बेस्सरी घोट्ने कुराबाट होसियार – हितोपदेश २३:४–५

उ. सम्पत्तिले इन्साफको दिनमा सहायता गर्नेछैन – हितोपदेश ११:४

ऊ. धन सम्पत्तिको थुप्रै “मित्रहरु” हुन्छन् – हितोपदेश १४:२०; १९:४

२. हप्की

अ. उदारताप्रतिको समर्थन – हितोपदेश ११:२४–२६; १४:३१; १७:५; १९:१७; २२:९, २–२३; २३:१०–११; २८:२७

आ. धार्मिकता धन सम्पत्तिभन्दा असल हो – हितोपदेश १६:८; २८:६, ८, २०–२२

इ. प्रार्थनाचाहिँ आवश्यकताको लागि हो, प्रशस्तताको लागि होइन – हितोपदेश ३०:७–९

ई. गरिबलाई दिनु नै परमेश्वरलाई दिनु हो – हितोपदेश १४:३१

३. नयाँ करारको उद्देश्यहरु

अ. येशू

१. धन सम्पत्तिले परमेश्वर अनि उहाँका स्रोतहरुको साटो हामी आफैंमा अनि हाम्रा स्रोतहरुमा विश्वास गर्ने एउटा अनौठो परीक्षा सृष्टि गर्दछ

अ. मत्ती ६:२४; १३:२२, १९:२३

आ. मर्कूस १०:२३–३१

इ. लूका १२:१५–२१, ३३–३४

ई. प्रकाश ३:१७–१९

२. परमेश्वरले हाम्रो शारीरिक आवश्यकताहरु पूरा गर्नुहुनेछ

अ. मत्ती ६:१९–३४

आ. लूका १२:२९–३२

३. छर्नुचाहिँ बटुल्नुसँग सम्बन्धित छ (आत्मिकीरुपका साथसाथै शारीरिक रुपमा पनि)

अ. मर्कूस ४:२४

आ. लूका ६:३६–३८

इ. मत्ती ६:१४; १८:३५

४. पश्चातापले धन सम्पत्तिलाई प्रभाव पार्दछ

अ. लूका १९:२–१०

आ. लेवी ५:१६

५. आर्थिक शोषणलाई दोषी ठहराइनेछ

अ. मत्ती २३:२५

आ. मर्कूस १२:३८–४०

६. अन्तिम समयको इन्साफचाहिँ हाम्रा धन सम्पत्तिको प्रयोग गराईसँग सम्बन्धित छ – मत्ती २५:३१–४६

आ. पावल

१. हितोपदेशमा झैं व्यावहारिक मन्तव्य (काम)

अ. एफिसी ४:२८

आ. १ थेसलोनिकी ४:११–१२

इ. २ थेसलोनिकी ३:८, ११–१२

ई. १ तिमोथी ५:८

२. येशूको झैं आत्मिकी मन्तव्य (धेरै कुराहरु क्षणिक छन्, सन्तुष्ट हुनुपर्दछ)

अ. १ तिमोथी ६:६–१० (सन्तुष्ट)

आ. फिलिप्पी ४:११–१२ (सन्तुष्ट)

इ. हिब्रू १३:५ (सन्तुष्ट)

ई. १ तिमोथी ६:१७–१९ (धनसम्पत्ति होइन, तर उदारता अनि परमेश्वरमाथिको विश्वास)

उ. १ कोरिन्थी ७:३०–३१ (वस्तुहरुको परिवर्तन)
४. निष्कर्षहरु
अ. धन सम्पत्तिको सम्बन्धमा त्यहाँ क्रमबद्ध कुनै बाइबलीय ईश्‍वरशास्त्र छैन
आ. यस विषयमाथि त्यहाँ कुनै परिभाषित विषय छैन, त्यसैकारण, यसको भित्री अर्थलाई विभिन्न परिच्छेदहरुबाट एकत्र गर्नु नै पर्दछ । यस्ता पृथक पाठहरुको विषयमा तपाइँको आफ्नै विचारलाई पढ्नबाट सावधान हुनुहोस् ।
इ. ज्ञानी मानिसहरुबाट (सन्तहरु) लेखिएको हितोपदेशमा, अरु प्रकारका बाइबलीय शैलीभन्दा बेग्लै प्रकारको उद्देश्य छ । हितोपदेश व्यावहारिक छ अनि व्यक्तिगतरुपमै केन्द्रित गरिएको छ । यसले अरु वचनहरुलाई सन्तुलन राख्छ अनि यसलाई पनि सन्तुलन राखिनै पर्दछ (यर्मिया १८:८) ।
ई. धन सम्पत्तिको सम्बन्धमा बाइबलको प्रकाशमा यसको विचारहरु अनि प्रचलनहरुलाई हाम्रा दिनले मूल्याङ्कन गर्न आवश्यक छ । यदि पूँजीवाद अनि साम्यवादमात्र हाम्रो अगुवाई गर्ने कुरा भए हाम्रा प्राथमिकताहरुलाई गलत स्थानमा राखिन्छन् । कोही व्यक्ति किन कसरी सफल हुन्छ भन्ने प्रश्‍नहरु चाहिँ उसले कति जोगाई गरेको छ भन्ने कुराभन्दा अझ महत्त्वपूर्ण छ ।
उ. धन सम्पत्तिको जगेडाचाहिँ साँचो आराधना अनि जिम्मेवार परिचारकत्वसँग सन्तुलन हुनु नै पर्दछ ( २ कोरिन्थी ८–९) ।

**१०:२४ "बालक"** येशूले चेलाहरुलाई आफ्नो पहिलेको शिक्षाको सत्र (१३–१६ पद) मा प्रयोग गर्नुभएको शब्दबाट बोलाउनुभयो । यसले "बालक" चाहिँ जवान विश्‍वासीहरुलाई उल्लेख गरिएको हो भन्ने कुरालाई फेरि पनि लागू गराउँदछ ।

- **"परमेश्‍वरको राज्यभित्र पस्नु कति कठिन छ"** यो एउटा आश्‍चर्यमय विवरण हो । उद्धारचाहिँ हरेकको लागि अनि सबैको लागि येशूको पूर्ण कार्य गराइमा एउटा सित्तैमा पाइने वरदान हो जसले पश्‍चाताप अनि विश्‍वासद्वारा जवाफ दिन्छन् । समस्या त त्यसबेला आउँछ जतिखेर हामी कुनै किसिमले हामीले यसलाई पाउनु नै पर्दछ अथवा यसको योग्य छौं भनेर सौंच्दछौं । घमण्डी, स्व–प्रचुरता अनि पतित मानवताको लागि विश्‍वासचाहिँ कठिन कुरो हो । यदि परमेश्‍वरसितको हाम्रो सम्बन्ध अप्ठ्यारो अनि कठिन थियो भने हामी यसलाई अझ राम्रो गरी चाहन्छौं ताकि यसप्रतिको हाम्रो उपलब्धिमा हामी घमण्ड गर्न सकौं, तर जस्तो यो छ, परमेश्‍वरको तरिकाको पश्‍चाताप अनि विश्‍वासचाहिँ पतित मानिस जातिको लागि शोषणपूर्ण हुन्छ, विशेष गरेर धनी, शिक्षित अनि सुविधा सम्पन्न मानिस जातिका लागि ।

किनभने यो पद एकदमै छोटो र चाहिँदोमात्र भएकोले प्राचीन शास्त्रीहरुले एउटा विशेषता बताउने वाक्यांशलाई घुसाएर यसको कार्यक्षेत्रलाई सीमित गर्ने चेष्टा गरे (Bruce M. Metzger को *A Textual Commentary on the Greek New Testament*:

१. MSS A, C, D अनि Textus Receptus मा पाइने "धन सम्पत्तिमा भरोसा गर्नेहरुका लागि"
२. MS W को "धनी मानिस"
३. minuscule 1241 मा भएको "धन सम्पत्ति हुनेहरु"

**१०:२५ "सियोको नाथ्रीबाट ऊँटलाई छिर्न"** मत्ती २३:२४ जस्तै, यो वाक्यांश पनि पूर्वीय अतिशयोक्ति बयान हो । कैयौं शास्त्रीहरु अनि थुप्रै टिप्पणीकारहरुले यस बयानलाई यसरी व्याख्या गर्न कोशिस गरेका छन् (१) ऊँट "Camel" (*kamēlos*) अनि "डोरी" (*Kamilus*), माझको शब्दको प्रयोग गराई, जुनचाहिँ पाँचौं शताब्दीबाट आउँदछ अथवा (२) यरुशलेमको ठूला ढोकाहरुमा एउटा सानो ढोकाको उल्लेख गर्नलाई "सियोको नाथ्री" प्रयोग गर्दै, तर यिनीहरुमा कसैको पनि ऐतिहासिक प्रमाण छैन (Fee and Stuart को *How to Read the Bible for all its worth,* पृष्ठ २१) । यस्ता प्रयासहरुले अतिशयोक्तिको विषयलाई गुमाएको छ (मत्ती १९:२४; लूका १८:२५)।

**१०:२६ "अचम्मित"** मर्कूसले यस शब्दलाई येशूको शिक्षाहरु अनि कामहरुप्रति मानिसहरुले कस्तो प्रतिक्रिया दिन्थे भनेर वर्णन गर्नलाई बारम्बार प्रयोग गरेका छन् (१:२२; ६:२; ७:३७; १०:२६:११:१८; अनि १०:२४ मा *thambeō* को पर्यायवाची) । येशूको सन्देशचाहिँ दुवै रुप (उहाँको अधिकार) अनि सन्देश (राज्यको प्रकृति) मा धर्म गुरुहरुको भन्दा एकदमै बेग्लै थियो ।

**NASB "उहाँलाई भने"**
**NKJV "एक अर्कामा भने"**
**TEV "एक अर्कालाई सोधे"**
**NJB "एक अर्कालाई भने"**

यस्ता बेग्लाबेग्लै अनुवादहरु बेग्लाबेग्लै विभिन्न ग्रीक पाण्डुलिपीहरुसँग सम्बन्धित छ ।

१. NKJV, MSS A, D, W अनि Textus Receptus

२. NRSV, TEV, NJB, MS M* अनि Peshitta अनुवाद

३. NASB, MSS ℵ, B अनि C

४. एउटा सानो पाण्डुलिपी (५६९) अनि केही कप्टिक (Coptic) अनुवादहरुले वाक्यांशलाई छोडिदिएका छन्, जस्तो मत्ती १९:२५ अनि लूका १८:२६ ले गरेको छ ।

१०:२७ यस पदको जोडचाहिँ परमेश्वरको अनुग्रह नयाँ करारको चेलापनको मूल प्रकृतिको एउटा सुखद सन्तुलनमाथि रहेको छ । मानिस जातिहरु पवित्र परमेश्वरसामु पुग्न असक्षम छन्, तर अचम्मको अनि आश्चर्यपूर्ण सत्यताचाहिँ यो छ कि उहाँ हामीकहाँ आउनुहुन्छ !

यो भनाइ उत्पत्ति १८:१४ अथवा यर्मिया ३२:१७, २४ प्रतिको पूरानो करारको एउटा संकेत हुनसक्दछ । मानिस जातिको आशा त एकमात्र साँचो परमेश्वरको चरित्र, प्रतिज्ञाहरु अनि कामहरुमात्र छ ।

NASB (UPDATED) TEXT : 10:28-31

२८पत्रुसले उहाँलाई भने, "हेर्नुहोस्, हामीले सबै छोड्यौं, र तपाइँको पछि लागेका छौं ।" येशूले भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, जसले मेरो निम्ति र सुसमाचारको खातिर घर वा दाजुभाइ वा दिदीबहिनी वा आमाबाबु वा छोराछोरीहरु वा जग्गाजमीन छाड्छ, ३०त्यसले सतावटको साथसाथै सय गुणा बढी घर, दाजुभाइ, दिदीबहिनी, आमा, छोराछोरी र जग्गाजमीन यसै समयमा पाउनेछ, अनि

आउँदो युगमा अनन्त जीवन । ३१तर धेरै पहिला हुनेहरु पछिल्ला, र पछिल्ला हुनेहरुचाहिँ पहिला हुनेछन् ।

**१०:२८ "हामीले सबै छोड्यौं ........ पछि लागेका छौं"** यो एउटा पूर्ण कर्तृवाच्य संकेतार्थ (जुनचाहिँ चेलापनको निरन्तरताको अवस्था हो) भन्दा अघि आएको एउटा एवरिष्ट कर्तृवाच्य संकेतार्थ (सँधैको लागि छोडेको) हो । एक अर्थमा पत्रुसले येशूको अनुयायीहरु बन्नको लागि चेलाहरुको निर्णयलाई पुनः गणना गर्दैछ । पत्रुसले तिनीहरुको प्रतिबद्धतालाई धनी, जवान शासकप्रतिको येशूको मागसँग तुलना गर्ने कोशिस गरिरहेको हुन सक्दछ ।

१०:२९ यस पदले यहूदी समाजको केही सामान्य पक्षहरुलाई सूचीबद्ध गर्दछ जसमा उहाँका अनुयायीहरु संलग्न थिए । यसले तिनीहरुका प्रतिबद्धतालाई उहाँमा व्यक्तिगतरुपमै (जुनचाहिँ "मेरो खातिर" हो) अनि उहाँको सत्यता (जुनचाहिँ "सु–समाचारको खातिर हो) तिर पनि स्पष्टरुपले जोड्दछ ।

१०:३० येशूले परमेश्वरको राज्यलाई (१) एकदमै सांसारिक तरीकामा वर्णन गर्नुहुन्छ जुनचाहिँ चेलाहरुले यस जीवनमा 'गुमाएको' कुरासँग समानान्तर छ अनि (२) यस वर्तमान संसारको आज्ञाको सम्बन्धमा वर्णन गर्नुहुन्छ । परमेश्वरको मानिसहरुका भाग गएकोले गर्दा अहिले सय–गुणा आशिषहरुमा केहीलाई आनन्द भोग गरिँदैछ ।

यस्ता साधारण प्रचलित शब्दहरुले आधारभूतरुपमा यसरी विश्वस्त दिलाउँदछ कि चेलापनबाट प्रभावित भएको पारिवारिक जीवनलाई ठूलो परिवार–परमेश्वरको परिवारद्वारा पुनर्स्थापित गरिन्छ । यस वाक्यांशको अर्थचाहिँ व्यवस्था २७–२८ ले गरेझैं यस जीवनमा भौतिक कुराहरुको प्रशस्तताको प्रतिज्ञा हो भन्ने कुरामा म विश्वास गर्दिन । यदि तपाईँले सेवा गरे बापत्को पुरस्कारको रुपमा आशिष्हरुलाई राख्नुहुन्छ भने, तब त अनुग्रह किन चाहियो त ? भौतिक आशिष्हरु सबै ईश्वरीय विश्वासीहरुको अनुभव होइनन्, तर ठूलो खीष्टियन परिवारका अनुभवहरुको आनन्द अनि प्रशस्तताहरु चाहिँ हुन् ।

सुरुवाती मण्डलीहरु ग्रीक सन्तवाद, विशेष गरेर अविवाहित जीवनबाट प्रभावित भएका थिए । स्वास्नीहरुलाई सूचीहरुमा विशेषरुपले उल्लेख नगर्नुचाहिँ चाखलाग्दो कुरो रहेको छ । यसले विवाहचाहिँ तिनीहरुले त्यागनलाई आशा गरेको कुरो थिएन भनेर संकेत गरेको हुनुपर्दछ । तरैपनि, "बालक" को निष्कर्षले स्वास्नीहरुलई "त्यागिएको घर" वाक्यांशमा समावेश गरिएको थियो भनेर संकेत गर्न सक्दछ । येशूप्रतिको कसैको प्राथमिक प्रतिबद्धताले परिवारसमेतलाई पनि प्रतिस्थापन गर्नैपर्दछ (१ तिमोथी ५:८) । यसले अविवाहित जीवनलाई होइन तर कसैको अन्तिम निष्ठा कहाँ हुनुपर्दछ भन्ने कुरालाई संकेत गर्दछ ।

- **"सतावट साथसाथै"** योचाहिँ मर्कूसको एउटा अनौठो, आश्चर्यपूर्ण समावेश हो । यस पतित युगमा खीष्टियनहरुलाई सताइने छन् (मत्ती ५:१०–१२; रोमी ८:१७; २ कोरिन्थी १:५, ७; फिलिप्पी ३:१०; २ तिमोथी २:९–१२; १ पत्रुस ४:१२–१६)। यस सतावटले थुप्रै ईश्वरीय उद्देश्यहरुको सेवा गर्दछ (१) हामी बचाइएका छौं भन्ने प्रमाण; (२) हामीलाई खीष्टजस्तै बनाउनलाई रुप दिने परमेश्वरको साधन; अनि (३) संसारको न्याय गरिनेछ भन्ने प्रमाण
- **"आउँदो युगमा"** अन्तरबाइबलीय यहूदीवाद (धर्म गुरुहरु अनि Dead Sea Scroll का लेखकहरु) ले इतिहासलाई दुईओटा युगहरुमा देखे । दूतहरु अनि मानव विद्रोहद्वारा अधिकार गरिएको वर्तमान दुष्ट युग अनि त्यो युग जहाँ परमेश्वरले मसिहमार्फत् इतिहासमा घुस्न अनि

नयाँ युगको स्थापना गर्न जाँदै हुनुहुन्छ, जुनचाहिँ धार्मिकता अनि शान्तिको एउटा युग हो । यसलाई कहिलेकाहीँ व्यवस्था २७–२८ (आमोस ९:१३–१५) लाई पालन गर्दै सांसारिक प्रशस्ततामा वर्णन गरिन्छ अनि कहिलेकाहीँ एउटा 'नयाँ आकाश र नयाँ पृथ्वीमा' वर्णन गरिन्छ (यशैया ५६–६६)। नयाँ करारबाट यो स्पष्ट भएको छ कि नयाँ युग (जुनचाहिँ परमेश्वरको राज्य हो) बेतलेहेममा येशूको जन्मसँगै स्थापित भएको थियो, तर यसलाई अझै पनि पूर्णरुपले पूरा गरिएको छैन । नयाँ करारले मसीहको दुई पटकको आगमनलाई स्पष्टरुपले प्रकट गर्दछ, पहिलोचाहिँ यशैया ५३ मा जस्तो पीडित दासको रुपमा अनि दोस्रोचाहिँ राजाहरुका राजाको रुपमा । ख्रीष्टियनहरु "अघिबाटै, तर अझैसम्म नआएको" भन्ने यी दुईओटा यहूदी युगहरुको केही मात्रामा ढाकिएको अंशमा जिउँदछन् । ख्रीष्टको अनुयायीहरुको रुपमा हामीलाई आत्मिकीरुपमै दुवैओटा युगमा आशिष दिइएको छ (एफिसी २:५–६) । १३:८ मा "यस युग अनि आउने युग" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- "अनन्त जीवन" धनी जवान शासकले प्रश्न गरेको कुरोचाहिँ यही नै हो – परमेश्वरसितको जीवन, परमेश्वरको प्रकारको जीवन । मर्कूसले ३:२९ मा अनन्त पाप अनि यहाँ अनन्त जीवनका लागि (*aiōnios*) विशेषणको प्रयोग गरेको छ । योचाहिँ नयाँ युगको जीवन ( जुनचाहिँ *zōa*) हो) मा, परमेश्वरको राज्यको जीवनमा लागू हुन्छ । यो ख्रीष्टमा रहेको छ, तर उहाँको आगमनमा यसलाई पूर्णरुपले पूरा गरिनेछ (अर्थात्, *parousia* = उपस्थिति हो) ।

संक्षिप्त सुसमाचारहरुमा यस वर्णनात्मक वाक्यांश कमै पाइन्छ, तर यूहन्नामा एकदमै प्रचलित रहेको छ । यूहन्नाको लेखभरि नै यो एउटा मुख्य वाक्यांश भएको छ (यूहन्ना ३:१५; ४:३६; ५:३९; ६:५४, ६८; १०:२८; १२:२५; १७:२, ३; १ यूहन्ना १:२; २:२५; ३:१५; ५:११, १३, २०) । ३:२९ मा अनन्त जीवनमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**१०:३१ "पहिला हुनेहरु पछिल्ला ....... हुनेछन्"** योचाहिँ एउटा अचम्मित पार्ने आत्मिकी सत्यता हो ( मत्ती १९:३०; २०:१६) । साँचो सम्पत्ति अनि स्तरको सांसारिक स्तर (यशैया ५५:८–९) सँग कुनै सरोकार छैन । भूमिकाहरुको यस उत्क्रमण चेलाहरुको पूरानो करारका धार्मिकताका कामको मनोवृत्तिप्रति उल्टो छ (मत्ती १९:३०; लूका १३:३०) । Gorden Fee, *The Disease of the Health and Wealth Gospel* लाई हेर्नुहोस् ।

यसलेचाहिँ चेलाहरु बन्नलाई (१०:२८) तिनीहरुको स्व–त्यागप्रति पत्रुसको कुराको विस्फोटलाई निर्देशन गरेको हुन सक्दछ । यस परिच्छेदले १०:४१–४५ को लागि ईश्वरशास्त्रीय तहलाई तयार पार्दछ । मृत्यु र इन्साफको राजाहरुका राजा, येशू, यशैया ५२:१३–५३:१२ को पीडित दास बन्नुहुन्छ ! विश्वासीहरुले उहाँको जीवन/मृत्यु/सेवालाई अझ राम्रो गर्ने कोशिस गर्नैपर्दछ (१ यूहन्ना ३:१६)। सुसमाचार त सेवा हो, तर शक्ति, प्रेम अथवा तागत होइन !

NASB (UPDATED) TEXT : 10:32-34

३२उहाँहरु यरुशलेमतिर जाँदै हुनुहुन्थ्यो, र येशू तिनीहरुका अनि अघि हिँडिरहनुभएको थियो । चेलाहरु अचम्मित थिए, र अरु पछि पछि आउनेहरु भयभित थिए । तब उहाँले बाह्रै चेलाहरुलाई फेरि एकातिर लगेर आफूमाथि परिआउने कुराहरु तिनीहरुलाई सुनाउनुभयो । ३३उहाँले भन्नुभयो, "हेर, हामी

यरुशलेमतिर जाँदैछौं । त्यहाँ मानिसको पुत्रलाई मुख्य पूजाहारीहरु र शास्त्रीहरुकहाँ सुम्पिदिइनेछ, र तिनीहरुले उसलाई मृत्युदण्ड दिनेछन्, र अन्य जातिहरुका हातमा सुम्पिदिनेछन् । ३४अनि तिनीहरुले उसलाई गिल्ला गर्ने छन् र उसलाई थुक्नेछन्, उसलाई कोर्रा लगाउनेछन् र उसलाई मार्नेछन् । तर तीन दिनपछि ऊ फेरि जीवित भई उठ्नेछ ।"

**१०:३२ "जाँदै हुनुहुन्थ्यो"** पूरानो करारमा बाटो अथवा पथको अलंकारलाई ईश्वरीय जीवनको वर्णन गर्नलाई प्रयोग गरिन्थ्यो (भजन ३:३; ३२:८; ५०:२३; ११९:१; १३९:३; हितोपदेश २:१२–१५; ४:१८; १२:२८; १५:२४)। यसले "परमेश्वरको बाटो" तयार पार (यशैया ४०) भन्ने बप्तिस्मा दिने यूहन्नाको सेवाकाइलाई पनि वर्णन गर्दछ । प्रेरितमा मण्डलीको लागि सुरुवातको उपाधिचाहिँ "बाटो" थियो (९:२; १९:९, २३; २२:४, १४, २२)।

मर्कूसले आफ्नो सुसमाचारको रुपरेखा यस जीवनशैलीको विश्वासको लागि बाइबलीय अलंकारको वरिपरि तयार पारेको जस्तो देखिन्छ (१:२, ३; ८:२७; ९:३३, ३४; १०:३२, ५२)। येशू क्रूसतर्फको यात्राको क्रममा हुनुहुन्थ्यो (१०:४५)।

- **"येशू तिनीहरुका अघि अघि हिँडिरहनुभएको थियो"** यसले यरुशलेममा चाडको लागि गइरहेको प्रेरितहरुको झूण्ड अथवा यात्रीहरुको झूण्डलाई उल्लेख गरेको हुन सक्दथे ।
- **"चेलाहरु अचम्मित थिए, र अरु पछिपछि आउनेहरु भयभित थिए"** यस वाक्यांश येशूले यरुशलेममा यहूदीहरु अनि रोमी अगुवाहरुको हातमा हुने आफ्नो कष्ट र मृत्युको विषयमा गर्नुभएको अघिल्लो तीनओटा भविष्यवाणीहरुसँग सम्बन्धित रहेको हुनुपर्दछ । उहाँले त्यहाँ के कुराको सामना गर्नुपर्ने थियो भनेर येशूले जान्नुहुन्थ्यो अनि तरैपनि उहाँ छिटोछिटो अनि आत्मविश्वासको साथमा त्यसतर्फ अघि बढ्दै हुनुहुन्थ्यो । उहाँको कष्ट अनि मृत्युले तिनीहरुलाई कस्तो प्रभाव पार्ने थियो भन्ने विषयप्रति तिनीहरु चिन्तित रहेको हुन सक्दछ ।
- **"उहाँले बाह्रै चेलाहरुलाई फेरि एकातिर लगेर"** योचाहिँ येशूको कष्ट अनि मृत्युको चौथो अगमवाणी थियो (८:३१; ९:१२; ३१) । योचाहिँ येशूको अगमवाणीको सबैभन्दा बढी गरिएको विवरण हो । उहाँको अगाडि के राखिएको छ भन्ने कुरा उहाँले जान्नुहुन्थ्यो (१०:४५) । चेलाहरुले अझसम्म पनि यसको उद्देश्य अनि आवश्यकतालाई बुझ्न सकेका थिएनन् (९:३२; लूका ९:४५; १८:३४)।
- **"आफूमाथि परिआउने कुराहरु तिनीहरुलाई सुनाउनुभयो"** ३२ पदको प्रायजसो क्रियाहरु अपूर्ण कालमा छन्, जसले दोहोऱ्याइएको कामलाई उल्लेख गर्दछ । मलाई लाग्छ, यसले पनि आफ्नो कष्टको विषयमा येशूको दोहोऱ्याइएको भविष्यवाणीलाई उल्लेख गर्दछ; त्यसैकारण, "सुरु गर्नुभयो" चाहिँ यस अपूर्णकालको गलत अनुवाद हो (TEV)

एउटा अर्थमा येशूले भविष्यलाई जान्नु भएर अनि उहाँको आफ्नै मृत्यु अनि पुनरुत्थान (यूहन्ना १०:१७–१८) माथि नियन्त्रण गर्नु भएर आफ्नो शक्ति अनि अधिकारलाई प्रकट गर्दै हुनुहुन्थ्यो ।

**१०:३३ "मानिसको पुत्र"** ८:३८ ग को टिप्पणीलाई हेर्नुहोस् ।

- **"मुख्य पूजाहारीहरु र शास्त्रीहरुकहाँ सुम्पिदिइने छ"** Sanhedrin )१४:३४) को लागि योचाहिँ एउटा वर्णनात्मक वाक्यांश थियो जुनचाहिँ यहूदीहरुको लागि सर्वोच्च अदालत थियो, यद्यपि पहिलो शताब्दीमा यसको केवल सीमित अधिकारमात्र थियो । १२:१३ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

येशूले सान्हेड्रिन (Sanhedrin) को प्रतिक्रियाको भविष्यवाणी गर्नुभयो । येरुशलेममा येशूको विजयी प्रवेश अनि उहाँद्वारा गरिएको मन्दिरको सफाइले उहाँको भाग्यलाई बन्द गरेको थियो । पहिलो कार्यले फरिसीहरुलाई क्रोधित तुल्याइयो अनि दोस्रो कार्यले सदूकीहरुलाई क्रोधित तुल्याइयो ।

- **"अन्य जातिहरुका हातमा सुम्पिदिनेछन्"** यसले रोमी सिपाहीको पेशा हुनेहरुलाई उल्लेख गर्दथ्यो (१५:१)। सान्हेड्रिन (Sanhedrin) सित मृत्युदण्ड दिने अधिकार थिएन; केवल रोमी सरकारसँग मात्र थियो ।

**१०:३४ "तिनीहरुले उहाँलाई गिल्ला गर्नेछन्"** यस कुरालाई १५:१६–२० मा रोमी सिपाहीहरुद्वारा पूरा गरियो । मर्कूसले हेरोद अन्तिपास (लूका २३) को सामुन्ने येशूको परीक्षालाई अभिलेख गरेको छैन ।

- **"उसलाई थुक्नेछन्"** योचाहिँ तिरस्कारको पूरानो करारको एउटा चिह्न थियो (गन्ती १२:१४; व्यवस्था २५:९; अय्यूब १७:६; यशैया ५०:६)। रोमी सिपाहीहरुले सबै यहूदीहरुप्रतिको तिनीहरुको घृणा अनि तिनीहरुको अतिक्रमणका तरिकाहरु येशूमा खन्याए (१४:६५)।
- **"कोर्रा"** कोर्रा लगाउनुचाहिँ क्रूसमा झुण्ड्याइन अघि (१५:१५) को एउटा सामान्य चलन थियो । कुनै व्यक्तिको हातलाई छोटो खामोमा बाँधिन्थ्यो अनि सिपाहीहरुले छालाको लामो टुक्राको टुप्पोमा बाँधिएको ढुङ्गा, धातु अथवा हड्डीहरुको टुक्राले बनिएको लगभग दुई फीट लामो कोर्रा कैदीको ढाडमा कुट्नको लागि प्रयोग गर्दथे । कोर्राले हिर्काउँदा त्यसको शरीर चिरिन्थ्यो अनि दाँत फूकाल्दथ्यो अनि आँखासम्म पनि निकाल्दथ्यो । धेरै कैदीहरु त यस पिटाइले नै मर्दथे । यो एउटा क्रुर पिटाइ थियो (यशैया ५२:१४) ।
- **"तर तीन दिनपछि"** योचाहिँ शाब्दिकरुपमा "तीन दिनपछि हो" । यस समयावधि सम्भवत् योनाको अनुभवसँग सम्बन्धित छ (मत्ती १२:३९–४१; १६:४, २१; लूका ११:२९, ३२) । यसलाई पावलले १ कोरिन्थी १५:४ मा सुसमाचारको सारांशमा पनि उल्लेख गरेका छन् ।

येशूले यस "तेस्रो दिन" को भविष्यवाणीलाई दुईओटा घटनाहरुको सम्बन्धमा प्रयोग गर्नुभयो (१) हादेस (*Hades*) बाट उहाँको पुनरुत्थान (८:३१; ९:३१; १०:३४), तर (२) उहाँद्वारा एउटा नयाँ मन्दिरको निर्माणमा पनि (१४:५८; १५:२९; यूहन्ना २:१९; प्रेरित ६:१४)।

यस वाक्यांशसँग सम्बन्धित त्यहाँ बेग्लै ग्रीक पाण्डुलिपीहरु छन् । (मत्ती २०:१९ अनि लूका १८:३३) को समानान्तरमा, त्यहाँ "तेस्रो दिनमा" भन्ने वाक्यांश छ । यसलाई यहाँ मर्कूसमा MSS A अनि W मा पाइन्छ । तरैपनि, ८:३१ अनि ९:३१ मा पाइने मर्कूसबाटको चरित्रचित्रणको वाक्यांशचाहिँ हो "तीन दिनपछि", जुनचाहिँ MSS ℵ, B, C, D अनि L मा आउँदछ ।

● **"ऊ फेरि जीवित भइ उठ्नेछ"** यो एउटा भविष्यत् माध्यम संकेतार्थ हो । यसले येशू आफैंको बौद्धि उठाई माथि केन्द्रित गर्दछ (यूहन्ना १०:१७–१८) । खीष्टको पुनरुत्थानमाथिको प्रायजसो परिच्छेदहरु परमेश्वर पितालाई येशूको वलिदानलाई गर्नुभएको उहाँको स्वीकृतिलाई देखाउने पुनरुत्थानको प्रतिनिधिको रुपमा केन्द्रित गर्ने कर्मवाच्यहरु हुन् । एक अर्थमा येशूको पुनरुत्थानमा सबै त्रि-एक संलग्न थिए (त्यो भनेकोचाहिँ रोमी ८:११ को आत्मा हो) ८:३१ मा "पुनरुत्थान" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

NASB (UPDATED) TEXT : 10:35-40

३५जब्दियाका दुई छोराहरु याकूब र यूहन्ना उहाँकहाँ आएर भने, "गुरुज्यू, हामी तपाइँसँग जे माग्छौं तपाइँले हाम्रो निम्ति गरिदिनुहोस् भन्ने हाम्रो इच्छा छ ।" ३६उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरुका निम्ति म के गरिदिऊँ भन्ने तिमीहरुको इच्छा छ ?" ३७तिनीहरुले उहाँलाई भने, "तपाइँको महिमामा हामीमध्ये एकजना तपाइँको दाहिनेपट्टि र अर्को तपाइँको देब्रेपट्टि बस्न पाउने मञ्जुरी हामीलाई दिनुहोस् ।" ३८तर येशूले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु के माग्दछौ सो तिमीहरु जान्दैनौ । के जुन कचौरा म पिउँछु, त्यो तिमीहरु पिउन सक्छौ ? अथवा जुन बप्तिस्मा मैले लिएको छु, त्यो बप्तिस्मा तिमीहरु लिन सक्छौ ? ३९तिनीहरुले उहाँलाई भने, "हामी सक्छौं ।" येशूले तिनीहरुलाई भन्नुभयो, "जुन कचौरा म पिउँछु त्यो तिमीहरु पिउनेछौ र जुन बप्तिस्मा मैले लिएको छु त्यो बप्तिस्मा तिमीहरु लिनेछौ । ४०तर मेरो दाहिनपट्टि र मेरो देब्रेपट्टि बस्न दिनुचाहिँ मैले दिने होइन, यो त जस–जसको निम्ति तयार भइराखेको छ, तिनीहरुकै निम्ति हो ।"

**१०:३५ "जब्दियाका दुई छोराहरु"** मत्ती २०:२० ले भन्दछ प्रश्न गर्नेचाहिँ तिनीहरुका आमा थिइन् ।

● **"हामी तपाइँसँग जे माग्छौं तपाइँले हाम्रो निम्ति गरिदिनुहोस् भन्ने हाम्रो इच्छा छ"** येशूले आफ्नो कष्ट र मृत्युको भविष्यवाणी गरेको हरेक पल्ट, उहाँका चेलाहरुले अगुवाको रुपमा उहाँको स्थान कसले लिने भनेर योजना गर्न थाल्दथे । तिनीहरुको मानसिक उद्देश्यचाहिँ अझैपनि सांसारिक नै थियो अनि यसमाथिको तिनीहरुको अगुवाईप्रति थियो । पेन्तिकोस नआइञ्जेलसम्म चेलाहरुले बुझ्न सकेनन् ।

एक अर्थमा चेलाहरुले कतिसम्म बुझ्न सकेका थिएनन् भनेर देखाउनलाई यस घटनालाई अभिलेख गरिएको हो (लूका १८:३४)। यो एकदमै व्यग्ङ्गात्मक कुरो हो !

**१०:३७ "दाहिनेपट्टि .......... देब्रेपट्टि"** तिनीहरुले सम्मान अनि अधिकारका स्थानहरु चाहन्थे । यस घटनाले देखाउँदछ कि पत्रुसलाई प्रेरितहरुका झूण्डको स्पष्ट अगुवाको रुपमा स्वीकार गरिएको थिईएन । उसको व्यक्तित्वले उसलाई जहिले पनि पहिला बोल्न त लगाउँथ्यो, तर तिनीहरुले उसलाई तिनीहरुका अगुवाको रुपमा अर्थ्याएका थिएनन् ।

● **"तपाइँको महिमामा"** मत्ती २०:२१ मा "तपाइँको राज्यमा" भनेर लेखिएको छ । मर्कूसमा यसले परमेश्वरको मृत्यु र इन्साफको राज्यको देख्न सकिने प्रकटीकरणलाई उल्लेख गर्दछ (८:३८; १०:३७; १३:३६)।

**विशष शीर्षक : महिमा (*DOXA*)**

"महिमा" को बाइबलीय अवधारणाचाहिँ परिभाषित गर्नलाई कठिन छ । विश्वासीहरुको महिमाचाहिँ त्यो हो कि तिनीहरुले सुसमाचारलाई अनि परमेश्वरमा भएको महिमालाई बुभ्दछन्, तर तिनीहरु आफैंमा भएकोलाई होइन (१:२९–३१; यर्मिया ९:२३–२४)

पूरानो करारमा "महिमा" (kbd, BDB २१७) को लागि एकदमै आम हिब्रू शब्दचाहिँ मूलरुपमा तराजुसँग सम्बन्धित (गह्रौं पार्नको लागि) व्यवसायिक शब्द थियो । जुनचाहिँ गह्रौं हुन्थ्यो त्यही नै मूल्यवान् अथवा आन्तरिक मूल्यको हुने गर्दथ्यो । उज्ज्वलको अवधारणालाई प्रायःजसो परमेश्वरको ऐश्वार्यलाई व्यक्त गर्नलाई थपिएको शब्द थियो (प्रस्थान १९:१६–१८; २४:१७; यशैया ६०:१–२)। उहाँ आफैंमा योग्य अनि सम्माननीय हुनुहुन्छ । पतित मानिस जातिलाई हेर्नको लागि उहाँ एकदमै बुद्धिमान हुनुहुन्छ (प्रस्थान ३३:१७–२३; यशैया ६:५) । खीष्टमार्फत् मात्र YHWH लाई साँच्चै जान्न सकिन्छ (यर्मिया १:१४; मत्ती १७:२; हिब्रू १:३; याकूब २:१)।

"महिमा" शब्दचाहिँ केही दुईओटा अर्थ लाग्ने खालको छ ।

१. यो "परमेश्वरको धार्मिकता" सँग समानान्तर हुनसक्दछ ।

२. यसले परमेश्वरको "पवित्रता" अथवा "सिद्धता" लाई उल्लेख गरेको हुन सक्दछ ।

३. यसले परमेश्वरको स्वरुपलाई उल्लेख गर्न सक्दछ जसमा मानिस जातिलाई सृष्टि गरियो ( उत्पत्ति १:२६–२७; ५:१; ९:६), तर जसलाई पछि गएर विद्रोहमार्फत् धमिल्याइयो (उत्पत्ति ३:१–२२)। यसलाई सर्वप्रथम प्रस्थान १६:७; १०; लेवी ९:२३; अनि गन्ती १४:१० मा उजाड स्थानमा भौंतारिरहेको अवधिमा आफ्ना मानिसहरुसँगको YHWH उपस्थितिको लागि प्रयोग गरिएको हो ।

**१०:३८ "तिमीहरु के माग्दछौं सो तिमीहरु जान्दैनौ"** "माग्दछौ" चाहिँ मध्यम वाच्य हो, जसले "तिमी आफै" विषयमाथि केन्द्रित गर्दछ । "तिमीहरु योग्य छौ" भन्ने अर्को वाक्यांश पनि मध्यम वाच्य हो ।

- **"कचौरा"** यसलाई पूरानो करारमा साधारणत् नकारात्मक अर्थमा कुनै मानिसको भाग्यप्रति प्रयोग गरिन्थ्यो (भजन ७५:८; यशैया ५१:१७–२३; यर्मिया २५:१५–२८; ४९:१२; ५१:७; विलाप ४:२१–२२; इजकिएल ३२:३४; हबकूक २:१६; जकरिया १२:२)। योचाहिँ येशूले गेतसमनीमा ( १४:३६) आफ्नो क्रूसीकरणको लागि प्रयोग गर्नुभएको त्यही अलंकार नै हो ।
- **"जुन बप्तिस्मा मैले लिएको छु"** योचाहिँ कष्टको अनि मृत्युको लागि पनि प्रयोग गरिएको अलंकार थियो (लूका १२:५०)। उहाँको महिमामा दुःख सामेल रहेको छ (हिब्रू २:१८; ५:८)।

१०:३९ यी अगुवाहरु येशूले अनुभव गर्नुभएको त्यही नै सतावट अनि असमभ्रदारीमा संलग्न भएका थिए (त्यो भनेको चाहिँ प्रेरित १२:२ मा याकूब अनि प्रकाश १:९ मा यूहन्ना)।

**१०:४० "यो त जस–जसको निम्ति तयार भइराखेको छ, तिनीहरुकै निम्ति हो"** योचाहिँ पिताको योजना अनि उद्देश्यलाई येशूले गर्नुभएको सहयोगको अर्को उदाहरण हो । त्यहाँ एउटा ईश्वरीय योजना छ (प्रेरित २:३; ३:१८; ४:२८; १३:२९) । प्राचीन अलेकजाण्डरी पाठ (Alexandrian text) MS A* ले "मेरा पिताद्वारा" भनेर थप्दछ जसलाई मत्ती २०:२३ मा पनि पाइन्छ ।

प्राचीन Uncial ग्रीक पाण्डुलिपीहरु शब्दहरुको माझमा कुनै खाली स्थान विना, अनि कुनै विरामचिह्न अथवा परिच्छेदहरु विना सबै ठूला अक्षरहरुमा लेखिएको थियो । कहिलेकाहीँ वाक्यहरुलाई शब्दहरुमा कसरी छुट्याउनु पर्ने भनेर निर्णय गर्नुचाहिँ अन्यौलपूर्ण हुन्छ । यस वाक्यलाई दुई प्रकारले विभाजन गर्न सकिन्छ (Hans Conzelmann र Andreas Lindemann द्वारा लिखित Seigfried S. Schotzmann द्वारा अनुवादित *Interpreting the New Testament,* पृष्ठ २२):

१. "यो जसको लागि हो"
२. "यो अरुको लागि हो" (The Syriac (साइरियक) अनुवादहरु)।

NASB (UPDATED) TEXT : 10:41-45

४१यो सुनेर दशै जना चेलाहरु याकूब र यूहन्नासँग रिसाए । ४२तब येशूले तिनीहरुलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरु जान्दछौं कि अन्य जातिहरुमाथि शासन गर्नेहरुले तिनीहरुमाथि अख्तियार चलाउँछन् । अनि तिनीहरुका ठूला–ठालूहरुले तिनीहरुमाथि अधिकार चलाउँछन् । ४३तिमीहरुमा चाहिँ त्यसो हुँदैन । तर तिमीहरुमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरुको सेवक हुनुपर्दछ । ४४अनि तिमीहरुमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ । ४५किनकी मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो ।

**१०:४१ "यो सुनेर"** यसले याकूब र यूहन्नालाई तिनीहरु येशूसँग एक्लै भइञ्जेलसम्म पर्खे भनेर देखाउँदथ्यो । यसले चेलाहरुको मानव स्वभावलाई पनि देखाउँदछ । यिनीहरु मानिसले मात्र बोलाएका, सज्जित अनि परमेश्वरद्वारा प्रयोग गरिएको "सर्वोत्तम सन्तहरु" थिएनन् । अरुहरु रुष्ट भए, याकूब र यूहन्नाको निवेदनको अनुचितपनाको कारण होइन, तर तिनीहरु प्रश्न गर्नमा पहिला भए भन्ने वास्तविकताले गर्दा थियो । यी चुनिएका चेलाहरुले अझै पनि स्वार्थीपना अनि पापलाई प्रदर्शन गर्दै थियो ।

१०:४२ राज्यप्रतिको तिनीहरुको लक्ष्य अनि असमझदारीमा येशूले फेरि पनि सम्बोधन गर्नुहुन्छ ।

**१०:४३**

| | |
|---|---|
| **NASB** | **"तिमीहरुमा चाहिँ त्यसो हुँदैन"** |
| **NKJV** | **"तैपनि तिमीहरुमा त्यसो हुने छैन"** |
| **NRSV** | **"तर तिमीहरुमा चाहिँ यो हुँदैन"** |
| **TEV** | **"तरैपनि, यो तिमीहरुमा हुने तरिका होइन"** |
| **NJB** | **"तिमीहरुमाचाहिँ त्यसो हुनुहुँदैन"** |

यस्ता अनुवादहरुले बेग्लाबेग्लै ग्रीक पाण्डुलिपीलाई प्रतिविम्बित गर्दछ । कोही कोही पाण्डुलिपीहरु (א, B, C*, D, L, W) मा, वर्तमान काल (NASB, NRSV, TEV) लाई प्रयोग गरिएको छ, जुनचाहिँ मत्ती २०:२६ को समानान्तरमा पनि पाइन्छ । तरैपनि, अरु पाण्डुलिपीहरु (A अनि C) मा भविष्यत् काल (NKJV) अनि NJB मा संकेत गरिएको छ) पाइन्छ ।

- **"जसले ठूलो हुने इच्छा गर्दछ"** येशूले महानता अथवा लक्ष्यलाई निरुत्साहित गर्नुहुन्न, तर सेवा अनि नम्रताको रुपमा साँचो महानतालाई परिभाषित गर्नुहुन्छ (मत्ती २०:२६; मर्कूस ९:३५)।

- **"सेवक"** योचाहिँ *diakonos* शब्द हो, जुनचाहिँ पछि गएर डीकन्को कार्यालय अथवा काम बन्दछ । सबै विश्वासीहरुलाई सेवा गर्नको लागि बोलाइएको हो (एफिसी ४:११–१२)।

१०:४४ यसले १०:३१ लाई व्याख्या गर्न सहायता गर्दछ ।

- **"दास"** योचाहिँ *doulos* शब्द हो, जसले कुनै घरेलु नोकरलाई उल्लेख गर्दथ्यो ।

**१०:४५ "मानिसको पुत्र"** ८:३८ ग को टिप्पणीलाई हेर्नुहोस् ।

- **"सेवा पाउन होइन, तर सेवा गर्न"** योचाहिँ महानताको साँचो परिभाषा हो । हाम्रो लागि अझ असल बन्नको लागि (१ पत्रुस २:२१) येशू राज्यको जीवनको नमूना बन्नुहुन्छ । यस सत्यतालाई उहाँलाई धोका दिइने रात माथिल्लो तलामा येशूले चेलाहरुको खुट्टा धुनुभएको कुरामा सांकेतिक रुपमै सिकाइएको थियो (यूहन्ना १३:१४–१५) ।

यस सत्यताचाहिँ मण्डलीका अगुवापनको लागि सदैव कठिन कुरो रहेको छ । तर यसको विना त्यहाँ कुनै सेवक मण्डली हुँदैन ।

- **"आफ्नो प्राण दिन"** योचाहिँ मर्कूसको सुसमाचारको संक्षिप्त पद हो । येशूले आफ्नो मृत्युलाई अहिले पनि आफ्नो वरदान अथवा आफ्नो महिमाको रुपमा उल्लेख गर्नुहुन्छ । यसले मण्डलीमा अगुवाहरुले गर्ने, खष्टिको (उत्पत्ति ३:१५; यशैया ५२:१३–५३:१२) प्रतिस्थापित अभिषेक (त्यो भनेको चाहिँ पापको अर्पण, २ कोरिन्थी ५:२१) लाई बताउँदछ ।
- **"छुटकाराको मोल"** योचाहिँ शाब्दिकरुपमा "किन्नु" अथवा "मोल तिर्नु" हुन्छ (मत्ती २०:२८; तीतस २:१४; १ पत्रुस १:१८) । यसले दासहरु अनि लडाईंका कैदीहरुलाई, प्रायजसो नजिकको नातेदार *(Go'el)* द्वारा किनेर फिर्ता लगिने भनेर प्रयोग गरिने पूरानो करारको शब्दलाई प्रतिविम्बित गर्दछ । येशूले परमेश्वर पिताको प्रेम अनि इन्साफमा आफैलाई फकाउनुहुन्छ । पापको लागि चुकाउनु पर्ने मूल्यचाहिँ जीवन नै हो–जसको बन्दोवस्त परमेश्वरले गर्नुभयो ।

**विशेष शीर्षक : छुटकाराको मोल/छुटकारा**

१.पूरानो करार

अ. त्यहाँ मुख्यतः दुईओटा हिब्रू वैध शब्दहरु छन् जसले यस अवधारणालाई व्यक्त गर्दछ ।

१) Ga'al (BDB 145, १०, जसको आधारभूतरुपमा "मोल तिरिएर स्वतन्त्र हुनु" भन्ने अर्थ हुन्छ । *go'el* शब्दको रुपले व्यक्तिगत मध्यस्थ साधारणत् परिवारका सदस्य (जुनचाहिँ नातेदार उद्धारक हो) को अवधारणालाई थप्दछ । कुनै वस्तुहरु, पशुहरु, जमिन (लेवी २५, २७), अथवा आफन्तहरु (रुथ ४:१५; यशैया २९:२२) लाई किनेर फिर्ता लगिने अधिकारको यस साँस्कृतिक पक्ष ईश्वरशास्त्रीय रुपमै मिश्र देशबाट इस्राएलीहरुलाई गर्नुभएको YHWH को छुटकारा (

प्रस्थान ६:६; १५:१३; भजन ७४:२; ७७:१५; यर्मिया ३१:११) मा रुपान्तरण भएको छ । उहाँ "उद्धारकर्ता" बन्नुभएको छ (अय्यूब १९:२५; भजन १९:१४; ७८:३५; हितोपदेश २३:११; यशैया ४१:१४; ४३:१४; ४४:६, २४; ४७:६, २४; ४७:४; ४८:१७; ४९:१७; ४९:७, २६; ५४:५, ८; ५९:२०; ६०:१६; ६३:१६; यर्मिया ५०:३४)।

२) *Padah* (BDB 804), जसको आधारभूतरुपमा अर्थ हुन्छ "छुटकारा गर्नु" अथवा "बचाउनु"

अ. पहिला जन्मेकाहरुको छुटकारा (प्रस्थान १३:१३, १४ अनि गन्ती १८:१५–१७)

आ. शारीरिक छुटकारालाई आत्मिकी छुटकारासँग भिन्नता देखाइएको छ (भजन ४९:७, ८, १५)

इ. YHWH ले इस्राएलीहरुलाई तिनीहरुका पाप अनि विद्रोहबाट छुटकारा गर्नुहुनेछ (भजन १३०:७–८)

आ. धेरै सम्बन्धित विषयहरुसित सलग्न भएको ईश्वरशास्त्रीय अवधारणा

१) त्यहाँ एउटा आवश्यकता, बन्धन, गुमाइएको कुरो अनि कैद छ ।

अ. शारीरिक

आ. सामाजिक

इ. आत्मिकी (भजन १३०:८)

२) स्वतन्त्रता, छुटकारा अनि पुनर्स्थापनको लागि मोल तिरिनु नै पर्दछ ।

अ. इस्राएल राष्ट्रको (व्यवस्था ७:८)

आ. हरेक व्यक्तिको (अय्यूब १९:२५–२७; ३३:२८)

३) कसैले मध्यस्थ : अथवा उपकारकको रुपमा कार्य गर्नु नै पर्दछ । *gaal* मा योचाहिँ साधारणत् परिवारका एकजना सदस्य अथवा नजिकको नातेदार हुन्छ (जुनचाहिँ *go'el* हो, BDB १४५)।

४) YHWH ले बारम्बार आफैंलाई पारिवारिक शब्दमा वर्णन गर्नुहुन्छ ।

अ. पिता

आ. पति

इ. नजिकको नातेदार/उद्धारकर्ता

YHWH को व्यक्तिगत सहायतामार्फत् छुटकारा सुरक्षित गरिएको थियो; मोल तिरिएको थियो, अनि उद्धार प्राप्त गरिएको थियो !

२. नयाँ करार

अ. ईश्वरशास्त्रीय अवधारणाहरुलाई व्यक्त गर्न प्रयोग गरिएको त्यहाँ कैयौं शब्दहरु छन् ।

१) *Agorazō* (१ कोरिन्थी ६:२०; ७:२३; २ पत्रुस २:१; प्रकाश ५:९; १४:३–४)। यो एउटा व्यावसायिक शब्द हो जसले केही कुराको निम्ति चुकाइएको मूल्यलाई प्रतिविम्बित गर्दछ । हामी त रगतद्वारा किनिएका मानिसहरु हौं जसले हाम्रो आफ्नै जीवनलाई नियन्त्रण गर्दैनौं । हामी त खष्टिका हौं ।

२) *Exagorazō* (गलाती ३:१३; ४:५; एफिसी ५:१६; कलस्सी ४:५) । यो पनि एउटा व्यावसायिक शब्द हो । यसले हाम्रो खातिर येशूको प्रतिस्थापित मृत्युलाई प्रतिविम्बित गर्दछ । येशूले प्रदर्शनमा आधारित व्यवस्था (जुनचाहिँ मोजाइक व्यवस्था (Mosaic Law) हो, एफिसी २:१४–१६; कलस्सी २:१४) को 'सराप' लाई बोक्नुभयो, जसलाई पापी मानिसहरुले पूरा गर्न सक्दैनथियो । उहाँ हामी सबैको (मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) लागि पापलाई बोक्नुभयो (

व्यवस्था २१:२३)! येशूमा, परमेश्वरको इन्साफ अनि प्रेम पूर्ण क्षमादान, ग्रहण अनि पहुँचमा डुब्दछ !

३. *Luō* "छोडिदिनु"

अ. *Lutron,* "तिरिएको मोल" (मत्ती २०:२८; मर्कूस १०:४५) । यिनीहरुचाहिँ उहाँले लिनु नभएको पापको ऋणलाई तिर्नुभएर संसारको उद्धारकर्ता हुनलाई उहाँको आगमनको उद्देश्यको सम्बन्धमा येशूको आफ्नै मुखबाट निस्केको शक्तिशाली वचनहरु हुन् (यूहन्ना १:२९) ।

आ. *Lutroō* "मुक्त गर्नु"

(१) इस्राएललाई मुक्त गर्नु (लूका २४:२१)

(२) मानिसलाई मुक्त गर्न अनि शुद्ध गर्न उहाँलाई दिनु (तीतस २:१४)

(३) पापरहितको प्रतिस्थापित बन्नु (१ पत्रुस १:१८–१९)

इ. *Lutrōsis,* "छुटकारा", "मुक्त" अथवा "स्वतन्त्रता"

(१) येशूको विषयमा जकरियाको भविष्यवाणी, लूका १:६८

(२) येशूको लागि हन्नाले परमेश्वरलाई प्रशंसा दिएकी, लूका २:३८

(३) येशूको उत्तम, एकैपल्ट अर्पण गरिएको बलिदान, हिब्रू ९:१२

४. *Apolytrōsis*

अ. दोस्रो आगमनमा हुने छुटकारा (प्रेरित ३:१९–२१)

(१) लूका २१:२८

(२) रोमी ८:२३

(३) एफिसी १:१४; ४:३०

(४) हिब्रू ९:१५

आ. खीष्टको मृत्युमा हुने छुटकारा

(१) रोमी ३:२४

(२) १ कोरिन्थी १:३०

(३) एफिसी १:७

(४) कलस्सी १:१४

५. *Antilytron* (अर्थात्,१ तिमोथी २:६)। यो एउटा महत्त्वपूर्ण पाठ हो (तीतस २:१४ मा जस्तै), जसले येशूको क्रूसमा भएको प्रतिस्थापित मृत्युको छुटकारासँग गाँस्दछ । उहाँ एकैजना मात्र ग्रहणयोग्य बलिदान हुनुहुन्छ, जो "सबैको" लागि मर्नुभएको छ (यूहन्ना १:२९; ३:१६–१७; ४:४२; १ तिमोथी २:४; ४:१०; तीतस २:११; २ पत्रुस ३:९; १ युहन्ना २:२; ४:१४)।

अ. नयाँ करारमा भएका ईश्वरशास्त्रीय अवधारणा

१) मानिस जाति पापको दास हो यूहन्ना ८:३४; रोमी ३:१०–१८; ६:२३)

२) पापको बन्धनमा परेको मानिस जातिलाई पूरानो करारका मोजाइक व्यवस्था (Mosaic Law) "गलाती ३" अनि डाँडामा येशूको उपदेश (मत्ती ५–७) मा प्रकट गरिएको छ । मानिस जातिको प्रदर्शन मृत्युको दण्ड बनेको छ (कलस्सी २:१४)।

३) येशू, जो परमेश्वरको पापरहितको थुमा हुनुहुन्थ्यो, आउनुभएको छ अनि हाम्रो स्थानमा मर्नुभएको छ (यूहन्ना १:२९; २ कोरिन्थी ५:२१)। हामीलाई पापबाट किनिएको छ ताकि हामीले परमेश्वरको सेवा गरौं (रोमी ६)।

४) संकेतद्वारा YHWH अनि येशू दुवैजना "नजिकको नातेदार" हुनुहुन्छ जसले हाम्रो खातिर, कार्य गर्नुहुन्छ । यसले पारिवारिक अलंकारहरुलाई निरन्तरता दिन्छ (जस्तै पिता, पति, छोरा, भाइ, नजिकको आफन्त)।

५) छुटकाराचाहिँ सैतानलाई तिरिएको मोल होइन (अर्थात्, Medieval ईश्वरशास्त्र), तर परमेश्वरको प्रेम अनि खीष्टको पूर्ण प्रबन्धसँगको परमेश्वरको वचन अनि परमेश्वरको इन्साफको मेलमिलाप हो । क्रूसमा शान्तिलाई पुनर्स्थापन गरियो, मानिसको विद्रोहलाई क्षमादान दिइयो, मानिसजातिमा भएको परमेश्वरको स्वरुप अब फेरि पनि घनिष्ठ संगतिमा क्रियाशील भएको छ !

६) त्यहाँ छुटकाराको लागि भविष्यको पक्ष अझै पनि छ (रोमी ८:२३; एफिसी १:१४; ४:३०), जसले हाम्रा पुनरुत्थित शरीरहरु अनि व्यक्तिगत घनिष्ठतालाई त्रि–एक परमेश्वरसँग संलग्न गराउँदछ । हाम्रा पुनरुत्थित शरीरहरु उहाँको एउटा भौतिक शरीर त थियो, तर एउटा अतिरिक्त आयमिक पक्षसहितको । १ कोरिन्थी १५:१२–१९ को विरोधाभासलाई १ कोरिन्थी १५:३५–५८ सँग परिभाषित गर्न कठिन कुरो हो । स्पष्टरुपले त्यहाँ भौतिक, सांसारिक शरीर छ अनि त्यहाँ एउटा स्वर्गीय, आत्मिकी शरीर पनि हुनेछन् । येशूसँग दुवै थिए ।

- **"किनकी"** योचाहिँ *anti* भनिने ग्रीक नामयोगी हो । कहिलेकाहीँ यसलाई "छुटकाराको मोल" नामसँग जोडिन्छ (*lutron=antilutron*, १ तिमोथी २:६)। यसको अर्थ "सट्टामा", पक्षमा", अथवा "स्थानमा" हुन सक्दछ । *anti* अनि *huper* नामयोगीहरु बीचको सम्बन्धलाई सन्दर्भ ( २ कोरिन्थी ५:१४; हिब्रू १०:१२; १ पत्रुस २:२१; ३:१८; १ यूहन्ना ३:१६) द्वारा निर्धारण गरिनैपर्दछ । यी सबैको येशूको मण्डलीमा अगुवाको रुपमा प्रतिस्थापित प्रायश्चितको संकेत गर्दछ । उहाँ हाम्रो स्थानमा मर्नुभयो, हाम्रो पापलाई बोक्नुभयो (यशैया ५३:४–६)।
- **"धेरैका"** यस शब्दलाई थुप्रै टिप्पणीकारहरुले "चुनिएकाहरु" लाई खष्टिको प्रायश्चितलाई सीमित गराउनको लागि प्रयोग गरेका छन् । "धेरै" अनि "सबै" शब्दहरु दुईओटा मुख्य "धेरै" अनि यशैया ५३:६ को "सबै" लाई तुलना गर्नुहोस् । यस समानान्तरतालाई रोमी ५:१८ को "सबै" अनि रोमी ५:१९ को "धेरै" मा स्पष्टरुपले देख्न सकिन्छ । येशूले सबैको लागि तिर्नुभयो, तर आत्मालाई फकाउनको लागि पश्चाताप र विश्वासद्वारा जवाफ दिनेहरुले मात्र छुटकारा पाएका छन् ।

मर्कूस १०:४५ चाहिँ सुसमाचारको ईश्वरशास्त्रीय मुटु हो । यो व्यक्तिगत महत्त्वकांक्षाप्रतिको जवाफमा आयो । मानिसको महत्त्वकांक्षालाई एउटा उपहारको रुपमा परमेश्वरलाई वापास दिनु नै पर्दछ (रोमी १२:१–२)। खीष्टियनहरुले येशूको स्व–अर्पणलाई अझ राम्रो गर्ने कोशिस गर्नैपर्दछ (१ यूहन्ना ३:१६)।

## NASB (UPDATED) TEXT: 10:46-52

४६त्यसपछि उहाँहरु यरीहोमा आउनुभयो, र उहाँ आफ्ना चेलाहरु र ठूलो भीडसहित यरीहोबाट निस्कनु हुँदा तिमैको छोरा बारतिमै, एकजना अन्धो भिखारी, बाटोको किनारमा बसिरहेको थियो । ४७ जब त्यसले उहाँ नारसतका येशू हुनुहुन्छ भन्ने सुन्यो, तब कराएर त्यसले भन्न लाग्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् ।" ४८तब धेरैले त्यसलाई चूप लागोस् भनेर हप्काए । तर त्यो झन् चर्को

गरी कराउन लाग्यो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् ।" ४९तब येशू टक्क अडिनुभयो र भन्नुभयो, "त्यसलाई बोलाओ ।" अनि तिनीहरुले त्यस अन्धालाई यसो भनेर बोलाए, "ढाडस गर्, उठ्, उहाँले तँलाई बोलाउँदै हुनुहुन्छ । ५०अनि आफ्नो खास्टो फालेर त्यो जुरुक्क उठ्यो र येशूकहाँ आयो । ५१येशूले त्यसलाई भन्नुभयो, "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरुँ ?" त्यस अन्धो मानिसले उहाँलाई भन्यो, "रब्बी, म दृष्टि पाऊँ ।" ५२अनि येशूले त्यसलाई भन्नुभयो, "तिम्रो बाटो लाग । तिम्रो विश्वासले तिमीलाई निको पारेको छ ।" तब तुरुन्तै त्यसले दृष्टि पायो, र बाटोमा येशूको पछिपछि लाग्यो ।

**१०:४६ "यरीहो"** योचाहिँ संसारको एउटा सबैभन्दा पूरानो शहर हो अनि प्रायजसो "खजूरहरुको शहर" भनेर भनिन्थ्यो । यो नाउँको अर्थ हुन्छ "सुगन्धित ।" यो एउटा एकदमै मलिलो अनि सुन्दर क्षेत्र थियो । येशूको दिनमा त्यहाँ दुईओटा यरीहो थियो, पूरानो शहर अनि लगभग एक माइल टाढामा रहेको एउटा नयाँ रोमी यरीहो । यो यर्दन नदीको जँघारमा यरुशलेमको लगभग १८ माइल उत्तरपूर्वमा थियो ।

- **"उहाँ ......... निस्कनुहुँदा"** मत्ती २०:२९ मा "जानुहुँदा" छ ; लूका १८:३५ मा "पुग्नुभयो" छ । यो अन्यौलता चाहिँ प्रत्यक्षदर्शी विवरणको एउटा चिह्न थियो । याद गर्नुहोस् येशूको दिनमा त्यहाँ दुईओटा यरीहोहरु थियो । उहाँले एउटालाई छोडेर अर्कोको नजिकै पुग्न लागेको हुनुपर्दछ ।
- **"ठूलो भीड"** यिनीहरुचाहिँ शहरका इच्छुक मानिसहरु सहितको निस्तार चाडको लागि यरुशलेमतिर गइरहेका यात्रीहरु थिए । मन्दिरका थुप्रै पूजाहारीहरु यरीहोमा बस्दथे । डाँकूहरुको कारण यरीहोदेखि यरुशलेमको बाटोचाहिँ साह्रै डरलाग्दो थियो (असल सामरीको दृष्टान्त); त्यसैकारण, मानिसहरु ठूला–ठूला झूण्डहरुमा यात्रा गर्दथे ।
- **"एकजना अन्धो भिखारी, बाटोको किनारमा बसिरहेको थियो"** यस वाक्यांशमा त्यहाँ ग्रीक पाण्डुलिपीको एउटा विभेद छ । "भिखारी" को लागि नामचाहिँ एउटा दुर्लभ शब्द हो (यूहन्ना ९:८) । यस धारणालाई साधारणत् एउटा कृदन्त (MSS A, K, W, ℵ अनि Textus Receptus, NKJV) द्वारा व्यक्त गरिएको छ । तरैपनि, MSS ℵ, B, L (NASB A, K, W, ℵ अनि Textus Receptus, NKJV) द्वारा व्यक्त गरिएको छ । तरैपनि, MSS ℵ, B, L (NASB, NRSV, TEV अनि NJB) मा नाम (*prosaiteō*) छ । D पाण्डुलिपीको एउटा पर्यायवाची शब्द छ (जुनचाहिँ *epaiteō* हो, दुवैओटा रुप "माग्नु" मूलरुपबाट आएको थियो), जसलाई लूका १८:३५ को समानान्तरमा पाइन्छ । यस्ता विभेदहरुको परिच्छेदको व्याख्या गराईमाथि कुनै प्रभाव छैन ।
- **"बारतिमै"** यस शब्दको अर्थ हुन्छ "तिमैको छोरो ।" येशूले निको पार्नुभएका अथवा भूत धपाउनुभएका मानिसहरुको नाउँहरुलाई अभिलेख गर्नुचाहिँ मर्कूसको लागि एकदमै अनौठो कुरो रहेको छ । रोचक कुरोचाहि के छ भने, मत्तीमा दुईजना अन्धा मानिसहरु छन् (मत्ती २०:३०) । यो कुरा किन हुन आएको छ भन्ने त अनिश्चित नै छ, तर यो मत्ती अनि मर्कूस र लूकाको बीचको नियमित भिन्नता हो ।
- **"तिमैको छोरो"** आरमिकमा यस शब्दको अर्थ हुन्छ "अशुद्ध" योचाहिँ बारतिमै नाउँलाई अन्य जातिहरुका पाठकपनलाई व्याख्या गर्ने एउटा कोशिस थियो ।

- **“बाटोमा किनारमा बसिरहेको थियो”** योचाहिँ सम्भवत् भीखको आशामा हरेक दिन अन्धो भिखारी बस्ने ठाउँ थियो (जुनचाहिँ गरिबहरुका लागि यहूदीहरुको आवश्यक भेटी हो)

**विशेष शीर्षक : नासरतका येशू**

येशूको बारेमा बताउनलाई नयाँ करारले प्रयोग गरेको त्यहाँ थुप्रै विभिन्न ग्रीक शब्दहरु छन् ।

अ. नयाँ करारका शब्दहरु

१. नासरत – गालीलमा भएको शहर (लूका १:२६; २:४, ३९, ५१; ४:१६; प्रेरित १०:३८) । यस शहरलाई समकालिन स्रोतहरुमा उल्लेख गरिएको छैन, तर पछिल्लो शिलालेखहरुमा पाइएको छ ।

येशूको लागि नासरतबाटको हुनुचाहिँ कुनै प्रशंसाको कुरो थिएन (यूहन्ना १:४६) । येशूको क्रूसमाथिको चिह्न जसमा यस ठाउँको नाउँ समावेश गरिएको थियो त्योचाहिँ यहूदीहरुको तिरस्कारको चिह्न थियो ।

२. *Nazarēnos* - यसले कुनै भौगोलिक स्थानलाई उल्लेख गरेको जस्तो पनि देखिन्छ (लूका ४:३४; २४:१९) ।

३. *Nazōrais* – यसले कुनै शहरलाई उल्लेख गरेको हुन सक्दछ, तर हिब्रू मसिही शब्द “हाँगा” को लागि प्रयोग गरिएको पनि हुन सक्दछ (*netzer*, यशैया ४:२; ११:१; ५३:२; यर्मिया २३:५; ३३:१५; जकरिया ३:८; ६:१२; नयाँ करारमा प्रकश २२:१६) । लूकाले १८:३७ मा अनि प्रेरित २:२२; ३:६; ४:१०; ६:१४; २२:८; २४:५; २६:९ मा येशूको बारेमा प्रयोग गरेको छ ।

४. # 3 *nāzir* सँग सम्बन्धित, जसको अर्थ हुन्छ “प्रतिज्ञाको माध्यमबाट समर्पण गरिएको”

आ. नयाँ करार बाहिरको ऐतिहासिक प्रयोगहरु :

१. यसले यहूदी (पहिलेका खीष्टियन) मत विरुद्धको झूण्ड (Aramic *nāsōrayyā*) लाई देखाउँदछ ।

२. यसलाई खष्टिको विश्वासीहरुलाई वर्णन गर्न यहूदीको झूण्डमा प्रयोग गरिन्थ्यो (प्रेरित २४:५; १४; २८:२२, *nosri*)।

३. सिरीया (Aramic) का मण्डलीहरुमा भएका विश्वासीहरुलाई देखाउनको लागि ग्रीक मण्डलीहरुमा प्रयोग गरिन्थ्यो ।

४. यरुशलेमको पतनको केही पछि, फरिसीहरुले जमिना (Jamina) लाई पुनर्गठन गरे अनि सभाघर र मण्डलीमाझको औपचारिक भिन्नतालाई उक्साए । खीष्टियनहरुको विरुद्धको सरापजस्ता सुत्रहरुको एउटा उदाहरणचाहिँ *Berakoth* २८आ – २९अ बाटको *"the Eighteen Benedictions"* मा पाइन्छ, जसले विश्वासीहरुलाई “नासरतको” भनेर भन्दछ ।

५. यसलाई *Dial* १२६:१ मा जस्टिन मार्टिर (Justin Martyr) द्वारा प्रयोग गरिएको थियो, जसले येशूको लागि यशैयाको *netzer* लाई प्रयोग गरेका थिए ।

इ. लेखकको विचार

यस शब्दको यति विघ्न हिज्जेदेपिख म अचम्मित भएको छु; यद्यपि पूरानो करारमा यसलाई नसुनिएको थिएन भनेर म जान्दछु जस्तो "यहोशू" को हिब्रूमा कैयौं विभिन्न हिज्जेहरु छन् । निम्नलिखित विषयहरुले यसको संक्षिप्त अर्थमा मलाई अनिश्चित नै रहन लगाउँछ :

१. मसिही शब्द "हाँगा" (*netzer*) अथवा त्यस्तै शब्द *nāzir* (प्रतिज्ञाको माध्यमबाट समर्पण गरिएको) सित नजिकको सम्बन्ध
२. गालीलको नकारात्मक संकेतार्थ
३. गालीलमा नासरतको शहरसितको अलिकता अथवा विना कुनै समकालिन प्रमाणीकरण
४. मृत्यु र इन्साफको एउटा अर्थमा यो कुनै भूतको मुखबाट आउँदछ (त्यो भनेकोचाहिँ "के तपाइँ हामीलाई नष्ट गर्न आउनुभएको हो ?")।

यस शब्द झूण्डको अध्ययनको पूर्ण पुस्तकको सूचीको लागि Colin Brown (*ed*) को *New International Dictionary of New Testament Theology*, Vol 2, पृष्ठ ३४६ अथवा Raymond E. Brown को Birth, पृष्ठ २०९–२१३, २२३–२२५ लाई हेर्नुहोस् ।

- **"दाऊदका पुत्र"** यो एउटा मसिही उपाधि थियो (२ शमूएल ७), जसको राष्ट्रियतावादी संकेतहरु थियो । यो उपाधि मर्कूसमा बिरलै पाइन्छ (१०:४७, ४८; १२:३५)।
- **"ममाथि दया गर्नुहोस्"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो, जसले गहनतालाई देखाउँदछ । भजन संग्रहमा यो एउटा सामान्य प्रार्थना थियो (५१:१)।

**१०:४८ "धेरैले त्यसलाई चूप लागोस् भनेर हप्काए"** यो अपूर्ण काल हो । त्यो घरिघरि रोइरहेको थियो अनि भीडमा भएका कसैले त्यसलाई घरिघरि हप्काउँदै थिए (लूका १८:३९) ।

**१०:४९ "येशू टक्क अडिनुभयो"** मृत्युतर्फको उहाँको बाटोमा पनि, येशूले एकजना अन्धो भिखारीलाई समय दिनुभएको थियो ! आत्मिकीरुपमा देख्नेहरुका लागि यो फेरि पनि यशैयाबाटको अर्को अगमवाणीको चिह्न हो ।

- **"ढाडस गर, उठ, उहाँले तँलाई बोलाउँदै हुनुहुन्छ"** Koine Greek मा साधारणत् हरेक वाक्यांश सम्बन्धबोधक अथवा एउटा सर्वनामद्वारा अघिल्लो वाक्यांशमा गाँसिएको हुन्छ जसले अघिल्लो सन्दर्भमा भएको केही कुराको उल्लेख गर्दछ । जब यस्ता जोड्ने कुराहरु अनुपस्थित हुन्छन् (जस्तो तिनीहरु यहाँ छन्), तिनीहरुले बयानहरुको ध्यान खिँच्दछ । यिनीहरु निश्चित, अनि अलग–अलग गरिएको बयानहरु हुन् । पहिलो अनि दोस्रो चाहिँ वर्तमान कर्तृवाच्य आज्ञार्थक हो अनि अन्तिमचाहिँ वर्तमान कर्तृवाच्य संकेतार्थ हो ।

**१०:५० "आफ्नो खास्टो फालेर"** यस खास्टोलाई (१) सुत्नको लागि अनि (२) खाना अनि भिक्षा संग्रह गर्नको लागि प्रयोग गरिन्थ्यो । एउटा अर्थमा यो म चँगाई हुने थिएँ भन्ने त्यसको विश्वासको एउटा चिह्न थियो ।

- **"जुरुक्क उठ्यो"** यिनीहरुचाहिँ पत्रुसले स्मरण गरेका प्रत्यक्षदर्शी विवरणहरु हुन् ।

**१०:५१ "तिमी के चाहन्छौं, म तिम्रो निम्ति के गरौं ?"** येशूले त्यसलाई त्यसको विश्वासको निवेदनतिर जोड दिँदै हुनुहुन्थ्यो ।

- **"म दृष्टि पाऊँ"** अन्धोलाई चँगाई गर्ने कामचाहिँ मसिहीको महत्त्व थियो (यशैया ३५:४–५; ४२:७, १६; ६१:१)। योचाहिँ फरिसीहरुले मागिरहेको एउटा प्रमाणको चिह्न थियो ।

**१०:५२ "तिम्रो विश्वासले तिमीलाई निको पारेको छ"** योचाहिँ शाब्दिकरुपमा एउटा पूर्ण कर्तृवाच्य संकेतार्थको रुपमा "बचाइएको" (जुनचाहिँ *sōzō* हो) भन्ने हुन्छ । यस शब्दलाई यसको पूरानो करारको शारीरिक छुटकाराको संकेतार्थमा प्रयोग गरिएको छ (याकूब ५:१५)।

- **"येशूको पछिपछि लागे"** लूका १८:४५ ले "परमेश्वरलाई महिमा दिँदै" भनेर थपेको छ ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. येशूले आफ्ना बाल–बालिकाहरुमाथि हात राखिदिऊन् भनेर आमाबाबुहरुले किन चाहन्थे ?
२. चेलाहरुले तिनीहरुलाई किन रोक्ने कोशिस गरे ?
३. तिनीहरुप्रति येशू किन यति विघ्न रुष्ट हुनुभयो ?
४. बाल–बालिकाहरु परमेश्वरको राज्यसँग कसरी सम्बन्धित छन् त ?
५. येशूले चेलाहरुमा बालकमा भएको कस्तो गुणहरुलाई खोजी गरेका छन् ?
६. आफ्नो आइरहेको मृत्युको विषयमा येशूले आफ्ना चेलाहरुलाई किन घरिघरि भन्नुभयो ?
७. साँचो महानतालाई परिभाषित गर्नुहोस् ।

# मर्कूस ११
## आधुनिक अनुवादहरुका अनुच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NKJB |
|---|---|---|---|---|
| यरुशलेममा विजयको प्रवेश | विजयी प्रवेश | समृद्धिको आइतबार | यरुशलेममा विजय गर्ने व्यक्तिको प्रवेश | मसिह यरुशलेममा प्रवेश गर्नुहुन्छ |
| ११:१–११ | ११:१–११ | ११:१–१० | ११:१–३<br>११:४–५<br>११:६–१०<br>११:११ | ११:१–११ |
| अञ्जीरको रुखलाई सराप | अञ्जीरको रुख ओइलिएको | अञ्जीरको रुपलाई सरापिएको | येशूले अञ्जीरको रुखलाई सराप दिनुहुन्छ | बाँझो अञ्जीरको रुख |
| ११:१२–१४ | ११:१२–१४ | ११:१२–१४ | ११:१२–१४अ<br>११:१४आ | ११:१२–१४ |
| मन्दिर शुद्ध पारिएको | येशूले मन्दिर शुद्ध गर्नुहुन्छ | मन्दिर शुद्ध पारिएको | येशू मन्दिरभित्र जानुहुन्छ | किनबेच गर्नेहरुलाई मन्दिरबाट निकालिएको |
| ११:१५–१९ | ११:१५–१९ | ११:१५–१९ | ११:१५–१७<br>११:१८<br>११:१९ | ११:१५–१९ |
| सुकेको अञ्जीरको रुखबाट पाइएको पाठ | सुकेको अञ्जीरको रुखको पाठ | सुकेको अञ्जीरको रुखको अर्थ | अञ्जीरको रुखबाट पाठ | अञ्जीरको रुख सुक्यो विश्वास र आराधना |
| ११:२०–२५ | ११:२०–२४ | ११:२०–२२४ | ११:२०–२१<br>११:२४–२५ | ११:२०–२५ |
| पद २६ छोड्छ येशूको अधिकारबारे प्रश्न | येशूको अधिकारबारे प्रश्न | येशूको अधिकारबारे | येशूको अधिकारबारे प्रश्न | येशूको अधिकारमाथि प्रश्न गरिएको |
| ११:२७–२३ | ११:२७–२३ | ११:२७–२३ | ११:२७–२३<br>११:२९–३०<br>११:३१–३३अ<br>११:३३आ | ११:२७–२३ |

## अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

### परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

### सान्दर्भिक अन्तदृष्टिहरु

अ. विजयी प्रवेश एउटा महत्त्वपूर्ण अगमवाणीको चिह्न थियो येशूलाई वाचा गरिएको मसीहको रुपमा घोषणा गरियो । यसलाई मत्ती २१:१-११, लूका १९:१९-४४ र यूहन्ना १२:१२–१९ मा समानान्तर गरिएको छ ।

आ. विजयी प्रवेशबारे त्यहाँ एउटा विरोधाभासपूर्ण पक्ष छ । येशूले निश्चित रुपमा नै जकरिया ९:९ को अगमवाणीलाई पूरा गर्दै हुनुहुन्थ्यो अनि भीडको चिच्याहट (अर्थ, भजन सङ्ग्रहबाट पूजा गर्ने विधि) उहाँको मसिहीप्रति पुष्टि थिए । जे भएपनि, यो सम्झिनुपर्दछ कि यी Hallel भजनहरु हरेक वर्ष निस्तार चाडका निम्ति उनीहरु आउँदा स्वागत गर्नलाई प्रयोग हुन्थे । तिनीहरुले आफूलाई एउटा व्यक्तिसित मिलाउनु नै यो घटनाको अनौठो कुरा थियो । यो धर्म गुरुहरुको आतंकमा प्रस्टसित देख्न सकिन्छ ।

इ. पद १५–१९ मा अभिलेख गरिएको मन्दिरको शुद्ध गराइ येशूद्वारा गरिएको पक्कै पनि दोस्रो शुद्धीकरण हो । पहिलोचाहिँ यूहन्ना २:१५ मा अभिलेख गरिएको छ । शाब्दिक समालोचनाका मतहरु मैले स्वीकार गर्दिन जसले यी दुई घटनाहरुलाई एउटैमा मिसाउँछन् । यूहन्नाको सुसमाचार र सारगर्भित सुसमाचारहरुको तालिकालाई मिलाउनलाई त्यहाँ समस्या भएता पनि, दुई लेखहरुको बीचको फरकहरुका कारणले सुरुको एउटा उहाँको सेवाकाइ र अर्को अन्त्य नजिकका दुई शुद्ध गरिने कामहरुलाई मिलाउनु मलाई अति उत्तम लाग्दछ । यसले यरुशलेमका धर्मगुरुहरुको सुरुको र बढिरहेको वैरभावलाई समेत व्याख्या गर्न सक्दथ्यो । यो शुद्ध पार्ने कामलाई मत्ती २१:१२–१६ र लूका १९:४५–४७ मा समानान्तर गरिएको छ ।

ई. अञ्जीरको रुखलाई सराप दिनु यहूदीवादप्रतिको एउटा स्पष्ट सन्दर्भ हो । यसलाई मत्ती २१:१८–१९ र लूका १९:४५–४८ सित समानान्तर गरिन्छ ।

उ. सुकेको अञ्जीरको रुख (मर्कूस ११:२०–२५) लाई मत्ती २१:१९–२२ र लूका २९:३७–३८ मा समानान्तर गरिन्छ ।

ऊ. येशूको अधिकारमाथि प्रश्न गरिएको छ (मर्कूस ११:२७–१२:१२)। उहाँको अधिकार मुख्य ईश्वरशास्त्रीय प्रसङ्ग हो ! यसलाई मत्ती २१:२३–४६ र लूका २०:१–१९ मा समानान्तर गरिन्छ ।

**शब्द र वाक्यांश अध्ययन**

NASB (UPDATED) TEXT: 11: 1-10

१जब उहाँहरु यरुशलेमको नजिक जैतून डाँडाको छेउमा बेथफागे र बेथानिया भन्ने ठाउँमा आइपुग्नुभयो, तब उहाँले आफ्ना चेलाहरुमध्ये दुईजनालाई यसो भनेर पठाउनुभयो, २"तिमीहरुका सामुन्नेको गाउँमा जाओ र पस्दापस्दै तिमीहरुले अहिलेसम्म कोही मानिस नचढेको एउटा गधाको बछेडो भेट्टाउनेछौ । त्यसलाई फुकाएर यहाँ ल्याओ । ३कसैले तिमीहरुलाई 'यो के गरेको ?' भन्यो भने, प्रभुलाई यसको खाँचो परेको छ, र उहाँले चाँडै फर्काइदिनुहुनेछ भन ।" ४तब तिनीहरु गए, र त्यो बछेडो खुला गल्लीमा एउटा घरको बाहिरपट्टि ढोकानेर बाँधिएको भेट्टाए र त्यसलाई फुकाए । ५त्यहाँ उभिएकाहरुमध्ये कसै–कसैले तिनीहरुलाई सोधे, बछेडालाई फुकाएर तिमीहरु के गर्दैछौ ?" ६ येशूले तिनीहरुलाई अह्राउनुभएजस्तै तिनीहरुले भने, र उनीहरुले तिनीहरुलाई जान दिए । ७तिनीहरुले बछेडो येशूकहाँ ल्याए, र आफ्ना वस्त्रहरु त्यसमाथि राखिदिए, र उहाँ त्यसमाथि सवार हुनुभयो । र धेरैले आफ्ना वस्त्रहरु र अरुहरुले मैदानबाट स्याउलाहरु काटेर बाटोमा ओछ्याए । ९अनि उहाँ अघिअघि हिड्ने र पछिपछि आउनेहरुले यसो भन्दै जय– ध्वनि लगाए, "होसन्ना ! धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ ! १०धन्य होस्, हाम्रा पिता दाऊदको त्यो राज्य परमधाममा होसन्ना !"

**११:१ "बेथफागे"** यस नामको अर्थ "अञ्जीरहरुको घर" अर्थात् "नपाकेको अञ्जीरहरुको ठाउँ" भन्ने हुन्छ । यो जैतुनको डाँडा भनिने पर्वत श्रेणीमा अवस्थित थियो जहाँबाट यरुशलेम देखिन्थ्यो । शास्त्रीय साहित्यमा यो यरुशलेमको एउटा बाहिरी इलाका हो । यो यरीहो देखिको मूलबाटोको नजिकै थियो जुनचाहिँ तीर्थयात्रीहरुले प्रयोग गर्दथे ।

- **"बेथानिया"** यस नामको अर्थ "भेट हुने घर" भन्ने हुन्छ । यूहन्ना ११:१८ ले भन्दछ कि यो यरुशलेमदेखि दक्षिण पूर्वमा यरीहो जाने बाटोमा तीन किलोमिटर पर थियो अनि यो मरियम, मार्था र लाजरसको घर थियो । तीनवटा मुख्य वार्षिक भोजहरुको अवधिभरि (लेवी २३) यरुशलेम वरपरका मानिसहरुले तीर्थयात्रीहरुसँगै बस्दथे । येशू यरुशलेममा रहँदा यही बस्नुभयो (११:११ मत्ती २१:१७)।
- **"जैतुन डाँडाको छेउमा"** यी दुई साना गाउँहरु "जैतुन डाँडा" भनिने (करिब २.५ माइल लामो) उही पर्वत श्रेणीमा अवस्थित थिए ।
- **"उहाँले आफ्ना चेलाहरुमध्ये दुई जनालाई पठाउनुभयो"** सायद तिनीहरुमध्ये एक जना पत्रुस थिए अनि यो घटना मर्कूस यूहन्नालाई भने ।

**११:२ "तुरुन्तै"** १:१० मा टिप्पणी हेर्नुहोस् ।

- **"गधाको बछेडो"** यो घटना अगमवाणीको यथार्थता हो (उत्पत्ति ४९:११ जकरिया ९:९)। गधाहरु यहूदी राजाहरुका सामान्य चढ्ने जनावर थिए (यसलाई Mari Tablets र Sumerian Gilgamesh Epic मा पनि उल्लेख गरिएको छ)। यो सानो गधाले राजकीय अगमवाणी

मात्र पूरा गर्ने छैन (राजामात्रै उनको गधामा चढे, गधामाथि कहिल्यै चढिएको थिएन) कि तर उहाँ शान्त भएर आउनुभयो भन्ने कुरा पनि सञ्चार गर्नेछ । दोस्रो आगमनमा परमप्रभु राजाहरुका राजा र ब्रम्हाण्डका न्यायकर्त्ताका रुपमा एउटा सेतो घोडामा देखापर्नुहुनेछ (प्रकाश १९:११–१६) । धर्मगुरुले यी मसिही अगमवाणीहरु पहिचान गरे अनि इस्राएल मूल्यवान थियो अनि एक दिनका निम्ति भए पनि मसीह महिनाको बादलमा आउनुहुन्थ्यो कि भने नभए उहाँ एक दिन एउटा गधामा आउनुहुने थियो ।

- **"अहिलेसम्म कोही मानिस नचढेको"** शानदार गधा राजाबाहेक कोही पनि चढेको थिएन । यो शक्तिशाली संकेतको एउटा उदाहरण सोलोमन दाऊद राजाको खच्चरमा सवार हुँदा देखिन्छ (१ राजा १:३३)

**११:३ "यदि"** यो एउटा तेस्रो श्रेणीको वाक्य हो जसले पछि हुनसक्ने कामका बारेमा बोल्दछ ।

- **"प्रभुलाई यसको खाँचो परेको छ"** येशूले आफ्ना अगमवाणीका अन्तर्दृष्टिहरु प्रयोग गर्दै हुनुहुन्छ अथवा केही घटनाहरुलाई व्यक्तिगतरुपले व्यवस्था गर्नुभएको छ भनेर निर्धारण गर्न सुसमाचार लेखहरुमा प्राय कठिन हुन्छ (१४:१२–१६)। मर्कूसमा येशूलाई प्रयोग गरिने एउटा शीर्षकका रुपमा *kurios* को यो एउटा दुर्लभ प्रयोग हो (७:२८, ११:३)। यो शब्दको अर्थ "शिक्षक" वा "मालिक" हुनसक्ने भएकोले यसले गधाको बछेडो पातलो व्यक्तिलाई जनाउन सक्छ । जे होस्, सन्दर्भले यसले येशूलाई जनाउँदछ भन्ने कुरा लुकाउँछ । ईश्वरशास्त्रीय जनाउ हुन सक्थ्यो कि *Adon* नामद्वारा YHWH (पद ९) लाई जनाउने यो पूरानो करारको तरिका हो जुन नामको हिब्रूमा "मालिक", "शिक्षक", "प्रभु" वा "श्रीमान्" भन्ने हुन्छ ।
- **"र उहाँले चाँडै फर्काइदिनुहुनेछ"** यो चेलाहरुले गरेको गधाको बछेडो सम्बन्धीको आलोचना हो या येशूको सन्देशको भाग हो भन्ने अनिश्चित छ । वाक्यांशको अस्पष्टताका कारण त्यहाँ विभिन्न ग्रीक पाण्डुलिपीहरु पाइन्छन् ।

**११:५ "उभिएकाहरुमध्ये केही"** लूका १९:३३ मा "मालिकहरु" भन्ने समानान्तर छन् ।

**११:७ "आफ्ना वस्त्रहरु त्यसमाथि राखिदिए"** वस्त्रहरुले एउटा गद्दी वा कम्बलको काम गऱ्यो । तिनीहरुका रङ्गहरुले एउटा उत्सव या प्रदर्शनी जस्तो देखाएको हुनसक्छ (अर्थ, राजकीय शोभयात्रा)

**११:८ "धेरैले आफ्ना वस्त्रहरु बाटोमा ओछ्याए"** "धेरै" ले कसलाई संकेत गर्दछ ? यदि चेलाहरुलई हो भने येशू राजा भएको एउटा भाव हो (२ राजा ९:१३) यदि यरुशलेमका शहरीया मानिसहरुलाई हो भने एउटा गधा एउटा कठिन बाटोमा कपडामा हिँड्दा भएको कपडाको च्यातिने कामबाट तिनीहरुले हरेक वर्ष यसो गरे कि भन्नेमा जो कोही आश्चर्यमा पर्दछ । शायद तिनीहरुले येशूबारे सुनेका थिए अनि उहाँको अनौठोपना पहिचान गरे ।

- **"अरुहरुले स्याउलाहरु काटेर ओछ्याए"** यूहन्ना १२:१३ ले उल्लेख गर्दछ कि ती जैतूनको डाँडामा पाइने खजूरका हाँगाहरु थिए (Josephus) । तिनीहरु स्पष्टरुपमै विजय वा

बासिन्दाहरुद्वारा पाल र निस्तार चाडहरुमा शहरतर्फ आइरहेका यात्रुहरुका निम्ति यो संस्कार गरिन्थ्यो । यो वर्ष राजा आउनुभएको भाव पूरा गरियो ।

पालको चाड अवधिभरि (लेवी २३:१३–२०) यो सांकेतिक काम नियमित रुपमा गरिएतापनि, ती हाँगाहरु यी भन्दा ठूला थिए । यहाँ प्रयोग गरिएका हाँगाहरु एउटी दुलही गिर्जाघरबाट निस्कँदा उनको अगाडि गुलाबका फूलहरु ओछ्याइने आधुनिक रीतिरिवाजसित तुलनात्मक छन् अनि अलि साना थिए । (१) जनावरमाथि वस्त्र (२) बाटोमा वस्त्र अनि (३) बाटोमा हाँगा ओछ्याउनु यी तीन कामहरुले उनीहरुले येशूलाई राजा (भजन २), दाऊदको (२ शमूएल ७) मसीह आउनुभएको रुपमा सम्मान गरिरहेका थिए भन्ने देखाउँछन् ।

**११:९ "तिनीहरुले .......... जय ध्वनि लगाए"** पद ९–१० को पूजा गर्ने विधि स्पष्ट रुपमा वार्षिक चाडहरुको एउटा भाग थियो । तिनीहरुमा महत्त्वपूर्ण राष्ट्रियताप्रतिका संकेतहरु थिए (अर्थ, "राजकीय शक्ति" को निम्ति यो एउटा आरमिक वाक्पद्धति हुनसक्छ) । जे होस् यी हरेक वर्ष दोहोरिने भएकोले रोमीहरु तिनीहरुबाट त्रासित बन्दैनथिए ।

यो वर्ष नासरथका येशूप्रति तिनीहरुले अनौठो रुपमा पूरा भएको पाए । पूजा गर्ने विधि के थियो भन्ने प्रष्ट थियो ।

- **"होसन्ना"** यस हिब्रू भनाइको अर्थ "उहाँलाई स्वागत" भन्ने हुन्छ । यो Hallel भजन ११८:२५ को अंश हो, जुन तीर्थालुहरु यरुशलेमतर्फ आउँदा हरेक वर्ष भनिन्थ्यो । शाब्दिक रुपमा यसको अर्थ "बचाउनुहोस्" भन्ने हुन्थ्यो । २ शमूएल १४:४; २ राजा ६:१६) तर एउटा स्तरीय अभिवादन बनेको थियो ।
- **"धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ"** यो भजन ११८; २६ बाट एउटा उद्धरण हो । निस्तारचाडको भोजमा भनिएको यो Hallel भजनहरु (११३–११८) मध्येको यो एउटा थियो । भजन ११८ को शक्तिशाली मसिही संकेतहरु थिए (पद २२)।

लूका १९:३८ मा "परमप्रभुको नाउँमा आउने राजा धन्य हुन्" भन्ने समानान्तर छ । यो वार्षिक कर्मकाण्डको विधि पूरा गरिएको अगमवाणी भएको छ ।

**११:१० "हाम्रा पिता दाऊदको त्यो राज्य"** यसको राष्ट्रियताप्रतिको संकेतहरु छ (२ शमूएल ७; होशे ३:५) । यो हरेक वर्ष गरिने नियमित स्तुति थियो वा येशूलाई जनाउन विशेष रुपमा जोडियो भन्नेमा जो कोही आश्चर्यमा पर्दछ । यो जकरिया ९:९ प्रतिको एउटा संकेत हुनसक्छ । मत्ती २१:५ ले यो अगमवाणीलाई प्रत्यक्षरुपमा उल्लेख गर्दछ । लूका १९:३९ को समानान्तरले यी वाक्यांशहरुद्वारा येशूलाई प्रत्यक्ष रुपमा नै सम्मान गरिँदा फरिसीहरुको तीब्र रीसलाई देखाउँछ ।

- **"परमधाममा होसन्ना"** यस वाक्पद्धतिको अर्थ (१) स्वर्गमा परमेश्वरको प्रशंसा अथवा (२) स्वर्गमा परमेश्वरले उहाँ (येशू) लाई बचाउन् भन्ने हुनसक्थ्यो ।

NASB (UPDATED) TEXT : 11:11
११उहाँ यरुशलेममा आएर मन्दिरभित्र पस्नुभयो । अनि उहाँले वरिपरिका सब थोकमाथि नजर गर्नुभएपछि अबेला भएको हुनाले बाह्रै जनाका साथमा उहाँ बेथानिया जानुभयो ।

**११:११ "मन्दिर"** (*heiron*) यस शब्दको अर्थ केन्द्रको वेदी (पवित्र स्थानको पनि पवित्र ठाउँ) मात्रै होइन कि पूरै मन्दिर परिसर भन्ने हुन्थ्यो ।

- **"अबेला भएको थियो"** उनीहरु यरीहोबाट १८ मील हिँडिसकेका थिए । मन्दिर परिसर खाली भइसकेको हुनुपर्दछ । येशूले मन्दिरको सुरुको परमेश्वरले दिनुभएको अवस्थामा पुनरुत्थान अनि यसलाई शुद्ध पार्ने उहाँको सांकेतिक काम सबैले देखून् भन्ने चाहनुभयो ।

NASB (UPDATED) TEXT: 11:12-14
१२भोलिपल्ट उहाँहरु बेथानियाबाट आउनुहुँदा उहाँ भोकाउनुभयो । १३अनि टाढामा पातले भरिएको एउटा अञ्जीरको रुख देखेर कतै त्यसमा केही फल पाउँछु कि भनेर उहाँ जानुभयो, तर त्यहाँ पुग्नु भएपछि उहाँले रुखमा पातबाहेक केही पाउनुभएन, किनकी त्यसबेला अञ्जीरको फल फल्ने समय भएको थिएन । १४तब उहाँले त्यस रुखलाई भन्नुभयो, "अब उसो कसैले पनि त्यहाँबाट फल नखाओस् ।" अनि यो भनेको उहाँका चेलाहरुले सुने ।

११:१२ न्याय र अस्वीकृतिबारे एउटा शक्तिशाली पाठ सिकाउने एउटा सौभाग्यका रुपमा एउटा सामान्य आवश्यकता (खाना) लाई येशूले प्रयोग गर्नुभयो ।

**११:१३ "एउटा अञ्जीरको रुख"** "अञ्जीरको घर" भन्ने अर्थ दिने बेथफागेको शहरको नाम सम्झनुहोस् । त्यहाँ क्षेत्रमा निश्चित रुपमा त्यहाँ यस्ता धेरै रुखहरु थिए ।

- **"पातले भरिएको"** यो अञ्जीरको रुख अनि येशू किन यसतर्फ आउनुभयो भन्ने बारेमा आलोचकहरुका बीच धेरै छलफल भएको छ ।

१. यो छायाँ पर्ने ठाउँमा थियो अनि सानैमा पातहरु सहित थियो तसर्थ सायद यसमा साना अञ्जीरहरु समेत हुनसक्थे ।
२. इस्राएलले गरेजस्तै पातहरुले पूर्णता होइन, वाचा देखाउँछन् ।
३. येशूले अञ्जीर हेरिरहनुभएको थिएन तर आउन लागेका "डल्लाहरु" हेर्नुभयो जुन कहिलेकाहीँ खाने गरिन्छन् (F.E. Bruce, Answers to Questions पृष्ठ ५६ अथवा *Hard sayings of the Bible*, पृष्ठ ४४१–४४२)

मलाई लाग्छ यो मन्दिर शुद्ध गर्ने जस्तै येशूका दिनको यहूदीवादको न्यायको संकेत गर्ने एउटा काम थियो । जसको मुख्य कार्यालय यरुशलेममा थियो । सन् ७० मा रोमका सेनापति (पछि शासक) तितसद्वारा गरिएको विनाश अनि येशूमा तिनीहरुको अविश्वासका कारण भएको धर्म र पापबीचको न्यायलाई यसले पूर्व संकेत गर्‍यो (पद १४) ।

"त्यसबेला अञ्जीरको फल फल्ने समय भएको थिएन ।" यो निस्तारचाडको समय थियो अनि प्रायः पूरै पातहरु अझै देखा परेका थिएनन् । यस वाक्यांशले घटनाको सांकेतिक प्रकृतिलाई देखाउँछ । येशूले, चर्कोसित बोल्नुभयो भन्ने ख्याल गर्नुहोस् जसर्थ चेलाहरुले सुन्न सक्दथे । इस्राएललाई प्राय अञ्जीरको रुखद्वारा संकेत गरिन्थ्यो (जेहोस्, सँधै जसो नेभाराको फल, यर्मिया २९:१७; होशे ९:१०; योएल १:७; मिका ७:१–६) । त्यस रुखका धेरै पातहरु थिए भन्ने कुराले यसले फल उत्पादन गर्दछ भन्ने देखाउँथ्यो । इस्राएलले चाहिँ गरेन ! अञ्जीरको रुखको यस लेख मन्दिरको शुद्धीकरणसँगै दुई भागमा विभाजित हुन्छ, जसले पहिलो शताब्दीमा यहूदी धार्मिक मान्यतामा परमेश्वरको न्याय अनि यसका अगुवाहरु (मन्दिरको शुद्धिकरण जस्तै) लाई संकेत गर्दछ । सम्पूर्ण इस्राएलीहरु अथवा अवैधानिक गुरुहरु (जस्तो कि, रोमीहरुबाट कार्यालय किनेका सदूकीहरु) मात्रै यति श्रापित थिए भन्नेमा यो अनिश्चित छ । इस्राएलमा भएको यस न्याय दिने काम लूका १३:६–९ र मर्कूस १२:१–१२ मा जोड दिइएको छ ।

११:१४ यो एउटा बलियो स्थायी न्याय हो ।

**विशेष शीर्षक : सदाका निम्ति (ग्रीक वाक्पद्धति)**
ग्रीक भाषाको एउटा वाक्यांश "युगभरी" भन्ने हो (लूका १:३३; रोमी १:२५; ११:३६; १६:२७; गलाती १:५; १ तिमोथी १:१७) जसले हिब्रू *'olam* लाई विम्बित गर्दछ । Robert B. Girdlestone, *Synonyms of the Old Testament*, पृष्ठ ३१९–३२१ र पूरानो करार विशेष शीर्षक : सदाका निम्ति (*'olam*) हेर्नुहोस् । अरु मिल्ने वाक्यांशहरु "युगौंसम्म" (मत्ती २१:१९ (मर्कूस ११:१४); लूका १:५५; यूहन्ना ६:५८; ८:३५; १२:३४; १३:८; १४:१६; २ कोरिन्थी ९:९) र "पुस्तापुस्तासम्म" (एफिसी ३:२१) हुन् । "सदाका निम्ति" का निम्ति यी ग्रीक वाक्पद्धतिहरु बीच त्यहाँ कुनै फरक देखिँदैन । "चमत्कारको बहुवचन" भनिने शास्त्रीय व्याकरणीय बनोटको सांकेतिक अर्थ दिने बहुवचनको पद "युगहरु" भन्ने हुन्छ अथवा यसले "दुष्ट समय", "आउने समय", वा "धार्मिकताको समय" को यहूदी अर्थमा धेरै युग" भन्ने धारणालाई संकेत गर्न सक्दछ ।

NASB (UPDATED) TEXT:11:15-18
१५अनि यरुशलेममा पुग्नुभएपछि उहाँ मन्दिरभित्र पस्नुभयो, अनि मन्दिरमा किनबेच गर्नेहरुलाई बाहिर निकाल्नुभयो र पैसा साट्नेका टेबिलहरु र परेवा बेच्नेका बस्ने ठाउँहरु पल्टाइदिनुभयो । १६उहाँले कसैलाई कुनै थोक मन्दिरबाट लैजान दिनुभएन । १७अनि उहाँले शिक्षा दिँदै भन्नुभयो, "के यसो लेखिएको छैन, "मेरो घर सब जातिहरुका निम्ति प्रार्थनाको घर कहलाइनेछ"? तर तिमीहरुले त यसलाई डाँकूहरुको अड्डा बनाएका छौ ।" १८अनि मुख्य पूजाहारीहरु र शास्त्रीहरुले यो सुनेर उहाँलाई कसरी नाश पारौं भनी उपाय खोज्न लागे । किनभने तिनीहरु उहाँसँग डराउँथे किनकी सारा भीडले उहाँको शिक्षामा अचम्म मानेका थिए ।

**११:१५ "मन्दिरभित्र पस्नुभयो"** यसले विशेष रुपमा अन्य जातिहरुको चोकलाई जनाउँदछ जहाँ व्यापारीहरुका आफ्ना पसलहरु थिए (ती पसलहरुका मालिकहरु प्रधान पूजाहारीका परिवार थिए)। यूहन्नाको सुसमाचारले एउटा अगाडिको शुद्धीकरणलाई अभिलेख गर्दछ (यूहन्ना २:१३)। येशू हामीले सोंचेजस्तो असल व्यवहारको मानिस सँधै हुनुहुन्थ्यो । विजयपछिको प्रवेशमा तीर्थयात्रीहरुका कामहरु र

शब्दहरुले फरिसीहरुलाई चुनौती दिएजस्तै यस कामले सदुकीहरुलाई चुनौति दिए । यी कामहरुले येशूलाई मृत्युसम्म नै पतन गराए (पद १८)।

- **"किनबेच गर्नेहरुलाई बाहिर निकाल्नुभयो"** यो जकरिया १४:२१ प्रति एउटा संकेत हुनसक्छ "त्यस दिन सर्वशक्तिमान परमप्रभुको भवनमा फेरि कहिल्यै एउटै कनानी (व्यापारी) पनि हुने छैन ।"
- **"किनबेच गर्नेहरु"** यी व्यापारीहरुले प्रधान पूजाहारीको परिवारको प्रतिनिधित्व गर्थे, जसले रोमबाट पूजा विधि र छुट पाइने अधिकारहरु किनेका थिए (अर्थ, सन् ३० देखि । मलाई लाग्छ येशूलाई सन् ३४ मा क्रूसीकरण गरियो)।
- **"पैसा साट्नेहरु"** पवित्र स्थानको आधा शेकेल दिनुपर्नेछ (प्रस्थान ३०:१३)। येशूका दिनमा शेकेल एउटा Tyrian शेकेल थियो । तीर्थयात्रीहरुलाई तिनीहरुको पैसा साट्नलाई एक शेकेलको १/२४ तिर्नुपर्दथ्यो ।
- **"परेवा बेच्नेहरु"** एउटा परेवा गरिब, कुष्ठरोगीहरु अनि स्त्रीहरुका निम्ति बलि थियो । यी पसलहरुमा सामान्य मूल्यभन्दा तेब्बर मूल्य थियो । तीर्थयात्रीहरुले घरबाट बली दिने आफ्नै जनावरहरु ल्याए तापनि, पूजाहारीले तिनीहरुमा केही खोट देखाउँथे अनि उनीहरुलाई अर्को जनावर किन्न लगाउँथे ।

**११:१६ "कसैलाई कुनै थोक मन्दिरबाट लैजान दिनुभएन"** यो वाक्यांश मर्कूसमा अनौठो छ । अन्य जातिहरुको भेला हुने ठाउँ शहर र जैतुनको डाँडाबीचको छोटो बाटो बनेको थियो । YHWH तर्फ आउने राष्ट्रहरुका निम्ति यसले एक ठाउँका रुपमा आफ्नो विशेष धार्मिक महत्त्व गुमाएको थियो ।

**११:१७ "मेरो घर सबै जातिहरुका निम्ति प्रार्थनाको घर कहलाइनेछ"** यो यशैया ५६:७ बाटको एउटा उद्धरण हो । यसले परमेश्वरको अतुलनीय प्रेमलाई देखाउँछ । यहूदीहरुलाई लेख्दा मत्तीले यो अन्तिमको वाक्यांश छुटाउँछन् ।

- **"डाँकुहरुको अड्डा"** यो यर्मियाको मुख्य मन्दिरको भजनबाटको एउटा उद्धरण हो जसले अविश्वासी कर्मकाण्ड र धार्मिक अन्धविश्वाससित सरोकार राख्यो (यर्मिया ७:११) धर्मका नाममा, अन्य जातिहरुका निम्ति प्रार्थना र शान्त ठाउँको खर्चमा धेरै नाफा लिइयो । "डाँकुहरु" को अर्थ "पुनरुत्थान नगरिएकाहरु" भन्ने हुन सक्छ ।

**११:१८ "मुख्य पूजाहारीहरु र शास्त्रीहरु"** धनी परिवारहरुले प्रधान पूजाहारीको कार्यालय नियन्त्रणमा लिए । यो हारुनसित सम्बन्धित पारिवारिक अवस्था थिएन तर रोमीहरुद्वारा सबैभन्दा धेरै डाँक बोल्ने व्यक्तिलाई बेचिएको एउटा कार्यालय थियो ।

- **"शास्त्रीहरु"** धर्म गुरुहरुको यो श्रेणी Ezra बाट नै सुरु भयो । येशूका दिनमा तिनीहरुमध्ये धेरै फरिसीहरु थिए । उनीहरुले व्यवस्थाका व्यावहारिक पक्षहरु विशेष रुपमा पूरानो करार (Talmud) बाट सामान्य मानिसहरुका निम्ति व्याख्या गरे । यो समूह आधुनिक धर्मशास्त्रीसित कार्यगत रुपमा उस्तै छ । २:६ मा विशेष शीर्षक हेर्नुहोस् ।

- "उहाँलाई कसरी नाश पारौं भनी उपाय खोज्न लागे" यो एउटा अपूर्ण कालको वाक्य हो । यसको अर्थ "सुरु गरे" (NASB, TEV) हुनसक्थ्यो, तर उनीहरुले येशूलाई मार्नलाई यसपछि धेरैपल्ट खोजी गरे भन्ने पनि यसले संकेत गर्नसक्थ्यो (NRSV)।

येशूका जीवनको यस अन्तिम हप्तासम्म सुरु भएर सुचारु भइरहने कामहरुलाई संकेत गर्ने पद १८ का सम्पूर्ण क्रियापदहरु अपूर्ण हुन् । दोहोरिरहने शैलीहरु सुरु हुन्छन् । विजयपछिको प्रवेश र मन्दिरको शुद्धीकरणले येशूको पतन सुनिश्चित पारे, जुन हुनेछ भनेर उहाँलाई थाहा थियो ।

NASB (UPDATED) TEXT: 11:19

१९साँझ पर्दा उहाँ शहरबाहिर निस्केर जानुभयो ।

११:१९ यो पद सायद १५–१८ पदहरुको अनुच्छेदसित सँगै हुनुपर्थ्यो । यो पत्रुसको अर्को साक्षी विवरण हो । यो सानो वाक्यांशलाई विभिन्न ग्रीक पाण्डुलिपीहरुमा भिन्न तरिकाले अभिलेख गरिएको छ । केहीमा बहुवचन त केहीमा एकवचन छ)।

NASB (UPDATED) TEXT:11:20-26

२०बिहान त्यहाँबाट पहिलेकै बाटो जानुहुँदा उहाँहरुले त्यस अञ्जीरको रुखलाई जरैबाट सुकेको देख्नुभयो । २१अनि पत्रुसलाई यो सम्झना भयो, र तिनले उहाँलाई भने, "रब्बी, हेर्नुहोस् तपाईंले सराप दिनुभएको अञ्जीरको रुख त सुकेछ ।" २२येशूले तिनीहरुलई जवाफ दिएर भन्नुभयो, "परमेश्वरमा विश्वास राख । २३साँच्चैमा तिमीहरुलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाडलाई उखेलिएर तँ समुद्रमा खस् भन्यो भने त्यसको निम्ति त्यस्तै हुनेछ । २४यसकारण म तिमीहरुलाई भन्दछु, तिमीहरुले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख र त्यो तिमीहरुको हुनेछ । २५जब तिमीहरु प्रार्थना गर्न खडा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरुको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरुका पिताले पनि तिमीहरुका अपराधहरु क्षमा गरिदिऊन् । (२६ तर क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने तिमीहरुका पिताले पनि तिमीहरुका अपराधहरु क्षमा गर्नुहुने छैन ।)

**११:२० "जब उहाँहरु जाँदै हुनुहुन्थ्यो"** उहाँहरुले बेथानीबाट यरुशलेमतर्फको उही बाटो लिनुभयो ।

- **"जरैबाट सुकेको"** यो इस्राएलप्रतिको पूर्ण अस्वीकार (मर्कूस १–१२), अथवा त्यहाँका त्यसबेलाका धर्मगुरुहरुको चिह्न थियो ।

**११:२१ "सम्झना भयो र पत्रुसले भने"** पत्रुसले ठ्याक्कै सम्झन्छन् ।

**११:२२ "येशूले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो"** पत्रुसले वक्ताका रुपमा फेरि काम गरे जुन सबै चेलाहरुले सोचिरहेका थिए ।

**"परमेश्वरमा विश्वास राख"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । सुसमाचारमा यो एउटा साधारण भाव हो । YHWH (अनि उहाँको मसिह) प्रतिको विश्वास/भरोसा/आशा (अर्थ; नाम : *pisitis*: क्रियापद : *Pisteuō*; १:१५ मा विशेष शीर्षक हेर्नुहोस्) मानवजातिको आश मात्र बनेको छ । यो हालको संसारको प्रणाली र यसको शक्ति बनोटहरुले हाम्रो ध्यान र चासोलाई आकर्षण गर्नुहुँदैन । परमेश्वर हामीसित र हाम्रा निम्ति हुनुहुन्छ । उहाँलाई हेर्नुहोस्, उहाँलाई मात्र !

यो न्याय र अस्वीकारको सांकेतिक कामले तिनीहरुको पूरै पारम्परिक विश्वास प्रणालीलाई असर गर्‍यो । येशूका नयाँ शिक्षाहरु र दृष्टिकोणहरु यी परम्परा मान्ने पहिलो शताब्दीका यहूदी मानिसहरुका निम्ति कति आमूल थिए भनेर हामीले कल्पना मात्र गर्न सक्छौं ! येशूले शक्तिपूर्वक र निश्चित रुपमा मन्दिर (यसले जसरी काम गर्दै थियो) अनि नेतृत्व, दुवै सदुकीहरु र फरिसीहरु (दुवै उदारवादी, Hillel र रुढिवादी, Shammai) लाई अस्वीकार गर्नुभयो ।

त्यहाँ एउटा ग्रीक पाण्डुलिपी विविधता छ जसले MSS, ℵ र D मा ग्रीक शर्तात्मक भाग *ei* (जसको अर्थ; यदि) थप्दछ । यसले त्यो वाक्यलाई एउटा पहिलो श्रेणीको शर्तात्मक वाक्य बनाउँछ । जे होस्, यसको उपस्थिति प्रत्यक्ष कथन जनाउने एउटा हिब्रूबाटको वाक्पद्धति हुनसक्थ्यो । यसलाई MSS A, B, C, L वा W, अथवा यस आलोचनामा प्रयोग गरिएका कुनै पनि अंग्रेजी अनुवादहरुमा समावेश गरिएको छैन । यसलाई लूका १७:६ अथवा मत्ती २१:२१ (जहाँ लूकाको *ei* को सट्टा *ean* छ) सित एउटै बनाउन चाहने शास्त्रीहरुबाट सायद यो आयो ।

**११:२३ "साँच्चै"** शाब्दिक रुपमा यो "यस्तै होस्" हो ।
३:२८ मा विशेष शीर्षक हेर्नुहोस् ।

**"यस पहाडलाई"** यो (१) सायद जैतनुको डाँडाप्रतिको एउटा शाब्दिक सन्दर्भ (जकरिया १४:४) अथवा (२) जकरिया ४:७ मा जस्तो एउटा शाब्दिक संकेत थियो । यो वाक्यांश कठिनताहरु हटाउनका निम्ति एउटा सामान्य धर्मशास्त्रीय रुपक थियो ।

पूरानो करारमा YHWH को आगमनलाई वर्णन गर्न यस्तो प्रकारको "समानान्तर" भाषा प्रयोग गरिन्थ्यो (मिका १:३–४; हबूकब ३:६) । उहाँ संसारभरि उपलब्ध हुनुहुने थियो किनकी पर्वतहरु समान बनाइने थिए (जकरिया १४:४) र उपत्यकाहरु भरिनेछन् अनि नदी र समुद्रहरु सुख्खा हुने छन् तसर्थ यरुशलेममा हरेकले उहाँलाई भेट्न सक्नेछन् । नयाँ करारमा यस रुपकीय भाषालाई आवश्यकतामा रहने मानिसहरु येशूतर्फ आउँदै, यरुशलेममा होइन भन्ने कथनद्वारा हटाइएको छ । नयाँ करारमा प्यालेस्टाइनमा "यरुशलेम" स्वर्गबाट पृथ्वीमा आएको पवित्र शहर "नयाँ यरुशलेम" बन्दछ । नयाँ करारले भौगोलिक यरुशलेम र प्यालेस्टाइनसित सम्बन्धित पूरानो करारका अगमवाणीहरुलाई व्यापक पारेको छ ।

- "समुद्रमा" सायद यो मृत सागरप्रतिको एउटा सन्दर्भ हो जसलाई जैतूनको डाँडाबाट देख्न सकिन्छ ।
- "शङ्का गर्दैन" प्रार्थनामा विश्वास मूल तत्त्व हो । यहूदा १:६

- “हृदय” २:६ मा विशेष शीर्षक हेर्नुहोस् ।

**११:२३–२४ “त्यसको निम्ति त्यस्तै हुनेछ”** यो भनाइ प्रार्थनाका बारेमा अन्य बाइबलीय भनाइहरुसित सन्तुलित हुनुपर्दछ । हामीले कुनै पदलाई प्रमाणसहित “बाइबलले यसो भन्दछ, यस्तो देखिन्छ” भनेर किन भन्नुहुँदैन भन्ने कुराको यो एउटा उदाहरण हो । बाइबलले प्रार्थनाका बारेमा धेरै कुरा भन्दछ । परमेश्वरले धेरै खीष्टियनहरुलाई गर्न सक्ने सबैभन्दा नराम्रो स्थिति तिनीहरुका प्रार्थनाहरुको जवाफ दिनु हो । हामीले सँधै गलत कुराहरुका निम्ति प्रार्थना गर्दछौं । कृपया “विशेष प्रार्थना” बारे तलको विशेष शीर्षक पढ्नुहोस् अनि चिन्तन गर्नुहोस् ।

**विशेष शीर्षक : विशेष प्रार्थना**

अ. परमेश्वरसित कसैको व्यक्तिगत सम्बन्धसित सम्बन्धित
१. पिताको इच्छासित सम्बन्धित
  अ. मत्ती ६:१०
  आ. मत्ती ६:१०
  इ. १ यूहन्ना ५:१४–१५
२. येशूमा रहने
  यूहन्ना १५:७
३. येशूका नाममा प्रार्थना
  अ. यूहन्ना १४:१३, १४
  आ. यूहन्ना १५:१५
  इ. यूहन्ना १६:२३–२४
४. पवित्र आत्मामा प्रार्थना
  अ. एफिसी ६:१८
  आ. यहूदा २०
आ. कसैको व्यक्तिगत उद्देश्यसित सम्बन्धित
१. दोधार नुहुन
अ. मत्ती २१:२२
आ. याकूब १:६–७
२. गलत सोधाइ
  याकूब ४–३
३. स्वार्थपूर्ण सोधाइ
  याकूब ४:२–३
इ. कसैको व्यक्तिगत विकल्पहरुसँग सम्बन्धित
१. दृढता
  अ. लूका १८:१–८
  आ. कलस्सी ४:२
  इ. याकूब ५:१६
२. घरमा झगडा

१ पत्रुस ३:७
३. पाप
अ. भजन ६६:१८
आ. यशैया ५९:१–२
इ. यशैया ६४:७

सबै प्रार्थनाको जवाफ दिइएको छ तर सबै प्रार्थना विशेष होइन । प्रार्थना भनेको दुवैतर्फको एउटा सम्बन्ध हो । परमेश्वरले गर्ने सबैभन्दा नराम्रो काम भनेको विश्वासीहरुका अनुपयुक्त अनुरोधहरु पूरा गर्नु हो । कलस्सी ४:३ मा अनुपयुक्त प्रार्थना भन्ने विशेष शीर्षक हेर्नुहोस् । १ यूहन्ना ५:१४ मा निवेदनपूर्ण प्रार्थना भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

**११:२४ "सो पाएका छौ"** क्रियापद *lambanō* को कालसित सम्बन्धित त्यहाँ एउटा लिपि विविधता छ । एउटा आशा पूरा भएको जनाउने एउटा हिब्रू वाक्पद्धतिलाई विम्बित गर्ने एवरिष्ट MSS ℵ, B, C, L र W मा पाइन्छ । शास्त्रीहरुद्वारा यसलाई स्पष्ट रुपमा (१) मत्ती २१:२२ (MS D र Vulgate) सित मिलाउन भविष्यत् कालमा वा (२) वर्तमान काल (MS A र अरमानी अनुवादहरु) मा परिवर्तन गरियो ।

**११:२५ "जब तिमीहरु प्रार्थना गर्न खडा हुन्छौ"** प्रार्थनाका निम्ति शरीरको सामान्य स्थिति आँखा खोलेर शीर र हात माथितिर लगी सिधा उभिनुहुन्थ्यो । तिनीहरुले परमेश्वरसित कुरा गरेर नै प्रार्थना गर्थे ।

- **"कसैको विरुद्धमा तिमीहरुको केही छ भने क्षमा गर"** हाम्रो क्षमाको निम्ति हामीले अरुहरुलाई क्षमा गर्नु प्रमाण हो, आधार भने होइन (मत्ती ५:७; ६:१४–१६; ७:१–२; १८:२१–३५; लूका ६:३६–३७; एफिसी ४:३२; कलस्सी ३:१३; यहूदा २:१३;५:९)। क्षमा दिने व्यक्तिले कहिल्यै परमेश्वरसित भेट गरेको हुँदैन ।
- **"यदि"** यो एउटा पहिलो श्रेणीको शर्तात्मक वाक्य हो । विश्वासीहरुसित धेरै ईर्ष्याहरु हुन्छन् । खीष्टमा परमेश्वरको पहिचान गर्न यी प्रकृतिहरु परिवर्तन गर्नुपर्दछ । परमेश्वरको प्रतिरुपमा तिरस्कार र घृणित स्वभावसित बनाइएका अरुहरुलाई हामीले कसरी व्यवहार गर्छौं त्यति नै हामीलाई क्षमा दिइन्छ ?
- **"स्वर्गमा हुनुहुने तिमीहरुका पिता"** येशूले आरमिक भाषा बोल्नुभयो जसको अर्थ हुन्छ कि ग्रीक *Pater* का रुपमा "पिता" देखिने धेरै ठाउँहरुमा यसले आरमिक *Abba* (१४:३६) लाई विम्बित गर्न सक्दछ । यो पारिवारिक शब्द "पिता" अथवा "अब्बा" ले येशूको पितासितको नजिकको सम्बन्धलाई विम्बित गर्दछ, उहाँका अनुयायीहरुलाई उहाँको यस्तो भनाइले पितासँगको हाम्रो आफ्नै नजिकको सम्बन्धलाई पनि हौसला प्रदान गर्दछ । पूरानो करारमा "पिता" भन्ने शब्द YHWH का निम्ति मात्र प्रयोग गरिन्थ्यो तर येशूले यसलाई व्यापक रुपमा अनि सँधैजसो प्रयोग गर्नुहुन्छ । यो खीष्टमार्फत् परमेश्वरसित हाम्रो नयाँ सम्बन्धको एउटा प्रमुख प्रकटीकरण हो । ११:२६ ग्रीक Uncial पाण्डुलिपीहरु ℵ, B, L र W मा यो पद छैन । MSS A, D, K, X, र Peshitta अनुवाद र Diatessaron (अर्थ, चारओटा सुसमाचारहरु एउटैमा मिलाइए) यसलाई विभिन्न तरिकामा समावेश गरिएको छ । यस्तो देखिन्छ कि मत्ती ६:१५ देखि एकजना प्राचीन शास्त्रीले यो वाक्यांश थप गरे ।

NASB (UPDATED) TEXT: 11:27-33

२७उहाँहरु फेरि यरुशलेममा आउनुभयो । अनि येशू मन्दिरमा यताउता हिँडिरहनुहुँदा मुख्य पूजाहारीहरु, शास्त्रीहरु, धर्म–गुरुहरु उहाँकहाँ आए । २८तिनीहरुले उहाँलाई प्रश्न गरे, “कुन अधिकारले तिमी यी कामहरु गर्दछौ ? यी कामहरु गर्ने अधिकार तिमीलाई कसले दियो ?” २९येशूले तिनीहरुलाई भन्नुभयो, “म तिमीहरुलाई एउटा प्रश्न सोध्छु र तिमीहरुले त्यसको जवाफ देओ, र कुन अधिकारले म यी काम गर्दछु, सो तिमीहरुलाई भन्नेछु । ३०यूहन्नाले दिएको बप्तिस्मा स्वर्गबाट हो कि मानिसबाट, मलाई जवाफ देओ । ३१तब तिनीहरु यसो भन्दै आपसमा बहस गर्न लागे, स्वर्गबाट भनौं भनेता तिमीहरुले उनीमाथि किन विश्वास गरेनौ भनी तिनले भन्नेछन् । ३२“मानिसहरुबाट” भनौं कि .....“ तर यसो भन्न उनीहरु जनतादेखि डराए । किनकी सबैले यूहन्नालाई साँचो अगमवक्ता भनी ठान्थे । ३३तब तिनीहरुले येशूलाई जवाफ दिएर भने, “हामीलाई थाहा छैन ।” येशूले तिनीहरुलाई भन्नुभयो, “म पनि कुन अधिकारद्वारा यी काम गर्दछु, सो तिमीहरुलाई भन्दिनँ ।”

**११:२७ “उहाँहरु फेरि यरुशलेममा आउनुभयो”** यसले उहाँहरुले यरुशलेम छोडेर बेथानीमा सायद लाजरस, मरियम र मार्थासित रात बिताएको कुरालाई लुकाएजस्तो देखिन्छ ।

- **“मन्दिरमा हिँडिरहनुहुँदा”** व्यापारीहरुले उहाँलाई कसरी साक्षी दिइरहेका थिए भन्ने कुरा के तपाइँ कल्पना गर्न सक्नुहुन्छ ! येशूले सामना गर्नबाट लुक्नुभएन । यो नै यरुशलेममा उहाँले पार्नुभएको प्रभावको क्षण थियो ।
- **“मुख्य पूजाहारीहरु, शास्त्रीहरु अनि धर्मगुरुहरु”** यो Sanhedrin का निम्ति पूरा नाम हो । यो सत्तरी जना सदस्यहरुको यरुशलेममा शासन गर्ने एउटा सरकारी समिति थियो जुनचाहिँ एज्राका दिनका प्रमुख सभाघरबाट विकासित भए । यो प्रधान पूजाहारी र उनका परिवार, स्थानीय शास्त्रीहरु र यरुशलेम क्षेत्रका उल्लेखनीय एल्डरहरुबाट बनेको थियो । १२:१३ मा विशेष शीर्षक हेर्नुहोस् ।

**११:२८ “कुन अधिकारले तिमी यी कामहरु गर्दैछौ ?”** यो येशूका बारेमा जटिल प्रश्न हो अनि बनेको छ । उहाँले बोल्ने र काम गर्ने शक्ति र अधिकार कहाँ प्राप्त गर्नुभयो ? YHWH का मसीहले के भन्नुहुन्थ्यो र गर्नुहुन्थ्यो भन्ने उनीहरुको आशासित येशूका काम र भनाइ मिलेनन् !

११:२९ तिनीहरुसँग व्यवहारले गर्दा येशूले सँधै यो दुईवटा प्रश्न सोध्ने तरिका प्रयोग गर्नुभयो जसले उहाँलाई छल्न वा भुक्याउने प्रयास गर्थे (२:६–९, १९, २५–५६; ३:२३–२४; १०:३, ३७–३९; १२:१४–१६)। यदि तिनीहरु उहाँप्रति खुल्ला हुने थिए भने उहाँ पनि उनीहरुप्रति खुला हुनुहुन्थ्यो (पद ३३)।

**११:३० “के यूहन्नाले दिएको बप्तिस्मा स्वर्गबाट हो ?”** तिनीहरुको प्रश्नलाई येशूले एउटा प्रश्नद्वारा नै जवाफ दिनुभयो जसले तिनीहरुले बप्तिस्मा दिने यूहन्नालाई गरेको इन्कारसित सरोकार राख्थ्यो । तिनीहरुले साँच्चै सत्यता खोजिरहेका थिएनन् (पदहरु ३१–३३) । तिनीहरु बढी आफ्नो इज्जतहरु र अधिकारप्रति चासो राख्थे (पद ३२)।

**११:३१ “यदि”** यो एउटा तेस्रो श्रेणीको शर्तबन्द वाक्य हो जसको अर्थ सम्भावित काम भन्ने हुन्छ ।

११:३३ येशूले मर्कूस १२:१–१० को दृष्टान्तद्वारा तिनीहरुलाई जवाफ दिनुहुन्छ जुनचाहिँ पूरै नयाँ करारभरि इस्राएल र त्यहाँका अगुवाहरुका कटु निन्दाहरुमध्येको एक हो ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. यस पाठले येशूका बारेमा के प्रकट गर्दछ ?
२. येशूले किन "दाऊदका पुत्र" भन्ने शीर्षक स्वीकार गर्नुभयो ?
३. विश्वास कसरी चँगाईसित सम्बन्धित छ ?
४. विजयपछिको प्रवेश किन यति महत्त्वपूर्ण छ ?
५. भीडहरुको चिच्याहटको अर्थ के थियो ?
६. येशूले किन अञ्जीरको रुखलाई सराप दिनुभयो ?
७. येशूले किन व्यापारीहरुलाई धपाउनुभयो ? के यो पहिलो पटक थियो ?
८. मन्दिरको सिपाहीहरुले उहाँलाई किन रोकेन ?
९. के हामीले परमेश्वरसित केही कुरा माग्न सक्छौं ? कसरी हाम्रो विश्वास जवाफ दिइएको प्रार्थनासित सम्बन्धित छ ?
१०. पद २८ किन यति जटिल प्रश्न हो ?

# मर्कूस १२
## आधुनिक अनुवादहरुको परिच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| दाखबारी र मोहीहरुको दृष्टान्त | दुष्ट दाखबारी हेरचाह गर्नेहरुको दृष्टान्त | दाखबारीको दृष्टान्त | दाखबारीमा मोहीहरुको दृष्टान्त | दुष्ट मोहीहरुको दृष्टान्त |
| १२:१–११ १२:१२ | १२:१:१२ | १२:१–११ १२:१२ | १२:१–८, १२:९–११, १२:१२ | १२:१–११ १२:१२ |
| कैसरलाई कर तिर्ने काम | फरिसीहरु : कैसारलाई कर तिर्नु के न्यायसंगत छन् ? | कैसरलाई कर तिर्ने काम | कर तिर्ने विषयमा प्रश्न | कैसरलाई प्रशंसा अर्पण |
| १२:१३–१७ | १२:१३–१७ | १२:१३–१७ | १२:१३–१४; १२:१५, १२:१६अ, १२:१६आ, १२:१७अ, १२:१७आ | १२:१३–१७ |
| पुनरुत्थानको विषयमा प्रश्न | सदूकीहरु : पुनरुत्थानको विषयमा चाहिँ के हो ? | पुनरुत्थानको विषयमा प्रश्न | मृत्युबाट बौह्री उठाईको विषयमा प्रश्न | मृतकहरुको पुनरुत्थान |
| १२:१८–२७ | १२:१८–२७ | १२:१८–२३, १२:२४–२७ | १२:१८–२३, १२:२४–२७ | १२:१८–२३, १२:२४–२७ |
| सबैभन्दा ठूलो आज्ञा | सदूकीहरु : सबैभन्दा पहिलो आज्ञा के हो ? | सबैभन्दा ठूलो आज्ञा | सबैभन्दा ठूलो आज्ञा | सबैभन्दा ठूलो आज्ञा |
| १२:२८–३४ | १२:२८–२४ | १२:२८–३४ | १२:२८, १२:२९–३१, १२:३२–३३, १२:३४ | १२:२८–३४ |
| दाऊदका पुत्रको विषयमा प्रश्न | येशू : दाऊदको उहाँका वंशलाई कसरी प्रभु भन्न सक्छ | दाऊदका पुत्र | मसीहको विषयमा प्रश्न | येशू पुत्रमात्र हुनुहुन्न तर दाऊदको परमेश्वर पनि हुनुहुन्छ |
| १२:३५–३७ | १२:३५–३७ | १२:३५–३७ | १२:३५–३७अ | १२:३५–३७ |
| सदूकीहरुको निन्दा | सदूकीहरुबाट सावधान | घमण्ड अनि नम्रतामाथि | येशूले व्यवस्थाका शिक्षकहरुको | येशूद्वारा तिरस्कार गरिएको सदुकीहरु |

| | | | | |
|---|---|---|---|---|
| | | बोलिएको | विरुद्धमा चेतावनी दिनुभएको | |
| १२:३८–४० | १२:३८–४० | १२:३८–४० | १२:३७आ–४० | १२:३८–४० |
| विधवाको भेटी | विधवाको दुईओटा दान | विधवाको भेटी | विधवाको भेटी | विधवाको दान |
| १२:४१–४४ | १२:४१–४४ | १२:४१–४४ | १२:४१–४४ | १२:४१–४४ |

### अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V)

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

**संक्षिप्त सुसमाचारहरु समानान्तर रहेका छन्**

अ. सान्हेड्रिन (Sanhedrin) का प्रतिनिधिहरुले प्रश्न सोध्छन् (११:२७–१२:१२) अनि येशूले दृष्टान्तबाट जवाफ दिनुहुन्छ (मर्कूस १२:१–१२)। यसलाई मत्ती १२:३३–३६ अनि लूका २०:१–१९ मा समानान्तर गरिएका छन् ।

आ. फरिसीहरु अनि हेरोदीहरुले कैसरलाई कर तिर्ने विषयमा प्रश्न गर्छन् (मर्कूस १२:१३–१७), जसलाई मत्ती २२:१५–२२ अनि लूका २०:२०–२६ मा समानान्तर गरिएको छ ।

इ. सदुकीहरुले पुनरुत्थानको विषयमा प्रश्न गर्छन् (मर्कूस १२:१८–२७), जसलाई मत्ती २२:२३–३३ अनि लूका २०:२७–४० मा समानान्तर गरिएको छ ।

ई. एकजना शास्त्रीले महान् आज्ञाको विषयमा प्रश्न गर्दछ (मर्कूस १२:२८–३४), जसलाई मत्ती २२:३४–४० मा समानान्तर गरिएको छ ।

उ. येशूले यहूदी अगुवाहरुलाई मसिहको दाऊदसँगको सम्बन्धको विषयमा प्रश्न गर्नुहुन्छ (मर्कूस १२:३५–३७) जसलाई मत्ती २२:४१–४६ अनि लूका २०:४१–४४ मा समानान्तर गरिएको छ ।

ऊ. येशूले शास्त्रीहरुको निन्दा गर्नुहुन्छ (मर्कूस १२:३८–४०) अनि यसलाई मत्ती २३:१–३९ अनि २०:४५–४७ मा समानान्तर गरिएको छ ।
ऋ. विधवाको बलिदानरुपी भेटी (मर्कूस १२:४१–४४) लाई लूका २१:१–४ मा समानान्तर गरिएको छ ।

**शब्द अनि वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT: 12:1-11

१उहाँले तिनीहरुलाई दृष्टान्तमा भन्न लाग्नुभयो, "एकजना मानिसले दाखबारी लगाएर त्यसको वरिपरि बार लगाए, र कोलको निम्ति एउटा खाल्डो खने । अनि एउटा मचान बनाएर तिनीले दाखबारी मोहीहरुलाई कमाउन दिए, र आफूचाहिँ परदेश लागे । २फसलको समयमा तिनले एकजना नोकरलाई केही फलहरु ती मोहीहरुबाट लिन पठाए । ३तर तिनीहरुले त्यसलाई पक्रेर पिटेर रित्तै हात पठाए ४फेरि तिनले तिनीहरुकहाँ अर्को नोकरलाई पठाए, तर तिनीहरुले त्यसको टाउकोमा हिर्काए र त्यसको बेइज्जत गरे । ५मालिकले अझै अर्कालाई पठाए, तर त्यसलाई तिनीहरुले मारे, र अरु धेरैलाई पनि पठाए, तर तिनीहरुले कसैलाई पिटे र कसैलाई मारे । ६तिनको अब एकजना थियो – तिनका प्रिय पुत्र । 'तिनीहरुले मेरा छोरालाई त आदर गर्लान्' भनेर सबैभन्दा पछि तिनले उनैलाई तिनीहरुकहाँ पठाए । ७तर ती मोहीहरुले आपसमा भने, "यो त उत्तराधिकारी हो । आओ, हामी यसलाई मारौं, र हक हाम्रो नै हुनेछ ।" ८अनि तिनीहरुले उनलाई पक्रेर मारे, र दाखबारीको बाहिर फ्याँकिदिए । ९तब दाखबारीका मालिकले के गर्नेछन् ? तिनी आउने छन्, र ती मोहीहरुलाई नाश गर्ने छन्, र दाखबारी अरुहरुलाई दिनेछन् । १०के तिमीहरुले धर्मशास्त्रको यो वचन पढेका छैनौ ? "जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरुले रद्द गरे त्यहीचाहिँ कुनाको शिर–ढुङ्गा बन्यो, ११यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यको छ ।

**१२:१ "तिनीहरुलाई दृष्टान्तमा भन्न लाग्नुभयो"** "तिनीहरुलाई" चाहिँ सोझै सान्हेड्रिन (Sanhedrin) का प्रतिनिधिहरुलाई उल्लेख गरिएको हो (११:२७), तर अप्रत्यक्षरुपमा भने ठूलो भीडलाई पनि हो ।

यस सम्पूर्ण अध्याय नै धार्मिक अगुवाहरुबाटको प्रश्नहरुको एउटा श्रृङ्खला हो :

१. सान्हेड्रिन (Sanhedrin) बाट (११:२७–१२–१२)
२. फरिसीहरु र हेरोदीहरुबाट (१२:१३–१७)
३. सदुकीहरुबाट (१२:१८–२७)
४. शास्त्रीहरुबाट (१२:२८–३४)
५. येशूबाट (११:२९–३३; १२:९, ३५–३७)

- **"दाखबारी लगाएर त्यसको वरिपरि बार लगाए, र कोलको निम्ति एउटा खाल्डो खने । अनि एउटा मचान बनाए ......"** योचाहिँ यशैया ५:१–२ को सेप्टुआजिन्ट (Septuagint) बाटको उद्धरण हो । दाखचाहिँ इस्राएली जातिहरुका लागि एउटा चिह्न थियो (जस्तो १:१२–१४, २०–२५) मा अञ्जिरको रुख छ) । यशैया ५ ले इस्राएलीहरुलाई सम्बोधन गर्नको लागि दाखबारीको लोक गीतलाई प्रयोग गरेको छ । मत्तीले अरु थुप्रै विभिन्न दृष्टान्तहरुलाई समावेश गरेको छ अनि त्यसले पनि इस्राएल राष्ट्रलाई सम्बोधन गर्दछ (मत्ती २२:१–४)। परमेश्वरले (१) इस्राएलको अवैध, गैर हारुनी (Non Aronicc) अगुवाहरु, (२) इस्राएलको स्व–धार्मिक इन्साफ गर्ने वैधतावाद अथवा (३) सम्पूर्ण राष्ट्रको अविश्वासलाई रद्द तुल्याउनु भएको हो कि भन्ने कुरालाई

निर्धारण गर्न कठिन छ । आफ्ना सबै करारीय सुविधाहरु (रोमी ९:४–५) सहित इस्राएलले मोजाइक (Mosaic) करारको जिम्मेवारीहरु (व्यवस्था २७–२८) को पनि अभिभारा लिएका थिए । यस दृष्टान्तमा यी मोहीहरुका कठोर अनि हिंसालाई आउने सबैका लागि परमेश्वरको सित्तैमा उपलब्ध प्रेमसँगको तुलना गराइलाई वर्णन गर्नुपर्दा यशैया ५ को कार्यविधि कति बेग्लै छ भन्ने कुरा एकदमै आश्चयपूर्ण छ ।

**१२:२ "फसलको समयमा"** साधारणत् दाखको बोटले व्यवसायिक स्तरमा उत्पादन गर्न सुरु गर्नलाई कमसेकम पाँच वर्ष लाग्दथ्यो । मालिकले आफ्नो लगानीमा भाग लिने आशा गरेका थिए ।

**१२:२, ४, ५, ६ "पठाए"** परमेश्वरले थुप्रै प्रतिनिधिहरु, उहाँका आफ्नै छोरालाई सम्म पनि, पठाउनुभएर सञ्चार गर्ने कोशिस गर्नुभयो । यसले करारीय सम्बन्धलाई स्थापित गर्न परमेश्वरको लामो कष्ट अनि उहाँको अभिलाषाको प्रतिनिधित्व गर्दछ ।

**१२:२, ४, ५ "नोकर"** यी नोकरहरुले पूरानो करारका अगमवक्ताहरुको प्रतिनिधित्व गर्दछ १ मत्तीमा, जस्तो यसको चरित्र छ, दुई जना नोकरहरु छन् (मत्ती २१:३४) । यस पाठहरुले मत्तीले मर्कूसको थुप्रै नोकरहरुको विवरणलाई एउटै घटनामा एकै समयमा मिलाएको छ भनेर स्पष्टरुपले देखाउँदछ ।

**१२:३ "पिटे"** यसले कैयौं पिटाइहरुको उल्लेख गर्दछ । यसको शाब्दिक अर्थ हुन्छ" छाला काढ्नु" ( १३:९)।

**१२:४ "त्यसको टाउकोमा हिर्काए"** यसले घरिघरि टाउकोमा हिर्काएको कुरालाई उल्लेख गर्दछ । यसले तिनीहरुका नराम्रो कष्टलाई देखाउँदछ जसले परमेश्वरको प्रतिनिधित्व गर्दछ अनि उहाँको लागि (जस्तो पूरानो करारका अगमवक्ताहरु) उहाँका विद्रोही करारका मानिसहरुसँग बोल्दछ ।

"र त्यसको बेइज्जत गरे" योचाहिँ तिमोथी नाउँको क्रियाको रुप हो, जसको अर्थ हुन्छ, अल्फा प्राइभेटिभ (ALPHA PRIVATIVE) सहितको "इज्जत" अथवा "मूल्य" । यसले "तिरस्कारपूर्ण व्यवहार गर्नु" अथवा "पूर्ण अनादार" को संकेत गर्दछ (याकूब २:६)।

१२:५ परमेश्वरले किन एकपछि अर्को नोकरलाई पठाउनुभयो त ? परमेश्वरले मानिस जातिलाई एउटा उद्देश्यको निम्ति उहाँसँगको संगतिको निम्ति सृष्टि गर्नुभयो । उहाँले मानिसहरुलाई आफैंलाई झैं स्थापित गर्न चाहनुहन्छ, तर तिनीहरु/हामीहरु चाहँदैनौं । तरैपनि, परमेश्वरले हामीकहाँ पुग्न घरिघरि कोशिस गर्नुहुन्छ । आफ्नो सृष्टिको लागि उहाँसँग एउटा "प्रेम छ जसले छोड्ने छैन"।

**१२:६ "तिनको अब एकजना थियो – तिनका प्रिय पुत्र"** यसले स्पष्टरुपले येशूलाई उल्लेख गर्दैछ । यसै वाक्यांशलाई नै येशूको बप्तिस्मामा (मत्ती १:११; ३:१७) अनि रुप परिवर्तनको समयमा (९:७; मत्ती १७:५) पिताद्वारा प्रयोग गरिएको थियो । यसै सत्यतालाई यूहन्ना ३:१६ अनि हिब्रू १:१–२ मा पनि देखिन्छ । यो राजकीय भजन (जुनचाहिँ २:७ अनि पीडित नोकरको परिच्छेद (जुनचाहिँ यशैया ४२:१ हो) को मिलाप हो ।

**१२:७ "र हक हाम्रो नै हुनेछ"** यसले वैधानिक रुपमा "मालिक विहिनको सम्पत्ति" प्रतिको यहूदी नियमलाई उल्लेख गर्दछ जसलाई सम्पत्तिको हकद्वारा दाबी गर्न सकिन्थ्यो । यसले "कुनै पनि हालतमा मेरो लागि अझ धेरै" भन्ने पतित मानिस जातिको मनोवृत्तिलाई प्रतिविम्बित गर्दछ । मानिस जातिले यसको आफ्नै ईश्वर बन्न चाहन्छन् (उत्पत्ति ३)।

**१२:८ "उनलाई .......... दाखबारीको बाहिर फ्याँकिदिए"** अनुचित गराईले मालिक अनि छोराप्रतिको मोहीहरुको पूर्ण तिरस्कारलाई देखाउँदछ !

सु–समाचारका समानान्तरहरुले पछि आउने कुराको वर्णन गरेका छन् जसै तिनीहरुले छोरालाई दाखबारीबाट बाहिर लगे र त्यसलाई मारे (मत्ती २१:३९; लूका १९:१५) । योचाहिँ सायद येरुशलेमको शहरको पर्खाल बाहिर येशूको मृत्युसित अझ परिचित गराउनको लागि थियो ।

१२:९ यस पदले आफ्ना एकमात्र छोरालाई मार्नेहरुप्रतिको परमेश्वरको प्रतिक्रियालाई देखाउँदछ । मर्कूसको सु–समाचारमा येशूले भीडलाई एउटा प्रश्न गर्नुहुन्छ । यसले यशैया ५:३–४ लाई प्रतिविम्बित गर्दछ, जहाँ अगमवक्ताहरुले प्रश्न गरेका छन् । तिनीहरुका आफ्नै मुखबाट निस्केको वचनले सुन्नेहरुलाई दोषी ठहराउँदछ (मत्ती २१:४१)। जीवनका वरदानका लागि परमेश्वरले नै सबै सचेत सृष्टिको उत्तरदायी लिनुहुनेछ । हामी जे रोप्दछौं त्यसैलाई नै हामी बटुल्दछौं (४:२१–२५; मत्ती १३:१२; २५:१४–३०; गलाती ६:७)।

- **"दाखबारी अरुहरुलाई दिने छन्"** "अरुहरु" ले चाहिँ विश्वास गर्ने यहूदीहरु अनि अन्य जातिहरु (एफिसी २:११–३:१३) बाट बनिएको मण्डलीलाई उल्लेख गरेको जस्तो देखिन्छ ।

**१२:१० "के तिमीहरुले धर्मशास्त्रका यो वचन पढेका छैनौं ?"** योचाहिँ एउटा पदलाई दिइएको येशूको परिचय हो जसलाई यरुशलेममा यात्रीहरुलाई तिनीहरुको स्वागत जनाउने प्रभात फेरीहरुमा हरेक वर्ष प्रयोग गरिन्थ्यो (भजन १८:२२–२३)। यस प्रश्नचाहिँ नयाँ करारमा आइरहने विषय हो (मत्ती २१:४२; लूका २०:१७; प्रेरित ४:११; रोमी ९:३२–३३; १ पत्रुस २:७)। यसले इस्राएलीहरुले आफ्नो मसीहलाई कसरी गुमाउन सकेको थियो भन्ने समस्याको व्याख्या गर्दछ (रोमी ९–११) । यो बयानचाहिँ वचनहरुलाई जान्दछु भनेर दाबी गर्नेको मुहारमा एउटा गतिलो प्रहार थियो !

- **"ढुङ्गा"** योचाहिँ सेप्टुअजिन्ट (*Septuagint*) बाटको भजन ११८:२२–२३ को उद्धरण हो । धर्म गुरुहरुको लेखहरुमा, यस ढुङ्गाले अब्राहम, दाऊद अथवा मसीहलाई उल्लेख गर्दथ्यो (दानिएल २:३४–३५)। यही भजनलाई नै हाल्लेल भजन (Hallel Psalms) को भागको रुपमा निस्तार चाडका लागि यरुशलेममा आउने यात्रीहरुलाई स्वागत गर्दा पनि प्रयोग गरिन्थ्यो ।
- **"निर्माण गर्नेहरु"** धर्म गुरुहरुको लेखमा यस शब्दले शास्त्रीहरुलाई उल्लेख गर्दथ्यो । येशूले थप्नुभएको टिप्पणीहरुलाई मत्ती २१:४३–४४ मा अभिलेख गरिएका छन् । यहाँ निर्माण गर्नेहरुलाई "येशू नै प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ" भन्ने सबैभन्दा महत्त्वपूर्ण सत्यतालाई गुमाएको गर्दा निर्माण गर्नेहरुलाईं दोष लगाइएको कुरालाई ध्यान दिनुहोस् ।

- **"कुनाको शिर–ढुङ्गा"** ढुङ्गाको रुपमा मसीहको अलंकारचाहिँ पूरानो करारका कैयौं प्रयोगहरुबाट आएको हो :

१. YHWH को सामर्थ्य अनि स्थिरता (भजन १८:१–२)
२. २ अध्यायमा दानिएलको दर्शन (दानिएल २:३४–३५, ४८)
३. भवनको सामग्री जसले
   अ. भवनको सुरुवात गर्दछ (जुनचाहिँ कुनाको शिर–ढुङ्गा हो),
   आ. भवनको ओजनलाई थाम्दछ (जुनचाहिँ बीचको ढुङ्गा अथवा तोरणमा भएको मुख्य ढुङ्गा)
   इ. भवनलाई पूरा गर्दछ (टुप्पोमा भएको ढुङ्गा)

भवनले आलंकारिकरुपमा परमेश्वरका मानिसहरुलाई उल्लेख गर्दछ, जो साँचो मन्दिर हुन् (१ कोरिन्थी ३:१६–१७; २ कोरिन्थी ६:१६; एफिसी २:१९–२२)

**विशेष शीर्षक : कुनाको शिर–ढुङ्गा**

१.पूरानो करारका प्रयोगहरु
   अ. एउटा राम्रो आधार बनाउने कडा अनि बलियो वस्तुको रुपमा कुनै ढुङ्गाको अवधारणालाई YHWH को वर्णन गर्नलाई प्रयोग गरिन्थ्यो (भजन १८:२)
   आ. त्यसपछि यसले मसिही पदवीको विकास गर्दथ्यो (उत्पत्ति ४९:२४; भजन ११८:२२; यशैया २३:१६)।
   इ. यो मसीहद्वारा YHWH बाटको इन्साफको प्रतिनिधि गर्न आउँथ्यो (यशैया ८:१४; दानिएल २:३४–३५, ४४–४५) ।
   ई. यो एउटा भवनको अलंकारमा विकास भयो ।
      १. सुरुमा राखिएको, एउटा आधारशिला, जुनचाहिँ सुरक्षित हुन्थ्यो अनि भवनका बाँकी भागको कुनालाई ठीक गर्दथ्यो, त्यसलाई "शिर–ढुङ्गा" भनिन्छ ।
      २. यसले त्यस ठाउँमा राखिएको अन्तिम ढुङ्गालाई पनि उल्लेख गर्न सक्दथ्यो, जसले पर्खालहरुलाई एकैसाथ थाम्दछ (जकरिया ४:७; एफिसी २:२०, २१), त्यसलाई *rush* (शिर) भन्ने हिब्रू शब्दबाटको "टोपी ढुङ्गा" भनिन्छ ।
      ३. यसले "मुख्य ढुङ्गा" लाई उल्लेख गर्न सक्दथ्यो; जुनचाहिँ सँघारको माझमा हुन्छ अनि सारा पर्खालहरुको ओजनलाई थाम्दछ ।

२. नयाँ करारका प्रयोगहरु
   अ. आफ्नै सन्दर्भमा येशूले भजन ११८ लाई कैयौं पल्ट उद्धृत् गर्नुभयो (मत्ती २१:४१–४६; मर्कूस १२:१०–११; लूका २०:१७)
   आ. पावलले भजन ११८ लाई विश्वासहीन् अनि विद्रोही इस्राएलीहरुलाई YHWH को अस्वीकृतिको सम्बन्धमा प्रयोग गरेका छन् ।
   इ. पावलले एफिसी २:२०–२२ मा खीष्टको सन्दर्भमा 'शिर–ढुङ्गा' को धारणालाई प्रयोग गरेका छन् ।
   ई. १ पत्रुस २:१–१० मा पत्रुसले येशूको यस अवधारणालाई प्रयोग गरेका छन् । येशू कुनाको शिर ढुङ्गा हुनुहुन्छ अनि विश्वासीहरुचाहिँ उहाँमाथि बनिएको (त्यो भनेकोचाहिँ येशू नयाँ मन्दिर हुनुहुन्छ भन्ने हो, मर्कूस १४:५८; मत्ती १२:६; यूहन्ना २:१९–२०) जिउँदो ढुङ्गाहरु हुन् (त्यो

भनेको चाहिँ मन्दिरको रुपमा विश्वासीहरु १ कोरिन्थी ६:१९) । यहूदीहरुले तिनीहरुका आशाको आधारलाई नै रद्द तुल्याए जहिलेचाहिँ तिनीहरुले मसीहको रुपमा येशूलाई इन्कार गरे ।

३. ईश्वरशास्त्रीय बयानहरु

अ. YHWH ले दाऊद अनि सोलोमनलाई मन्दिर बनाउन अनुमति दिनुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो कि यदि तिनीहरुले करारलाई पालन गरे उहाँले तिनीहरुलाई आशिष दिनुहुनेछ अनि तिनीहरुसँग रहनुहुनेछ (२ शमूएल ७), तर यदि तिनीहरुले पालन गरेनन् भने मन्दिर नष्ट हुने थियो (१ राजा ९:१–९)!

आ. धर्म गुरुहरुको यहूदीवादले रुप अनि संस्कारमा केन्द्रित गर्दथ्यो अनि विश्वासको व्यक्तिगत पक्षलाई उपेक्षा गर्दथ्यो (यर्मिया ३१:३१–३४; इजकिएल ३६:२२–३८) । परमेश्वरले उहाँको स्वरुपमा सृजिएकाहरुसँग एउटा दैनिक, व्यक्तिगत अनि ईश्वरीय सम्बन्ध खोज्नुहुन्छ (उत्पत्ति १:२६–२७)। लूका २०:१७–१८ मा इन्साफको डरलाग्दा वचनहरु रहेका छन्, जस्तो यहूदीवादलाई निर्देश गर्दै मत्ती ५:२० मा छ ।

इ. येशूले आफ्नो भौतिक शरीरको प्रतिनिधि गर्न मन्दिरको अवधारणालाई प्रयोग गर्नुहुन्छ (यूहन्ना २:१९–२२)। यसमा येशूमा भएको व्यक्तिगत विश्वासको अवधारणा रहेको छ अनि विस्तार गरिएको छ जसरी YHWH सितको सम्बन्धको कुँजीचाहिँ मसीह हुनुहुन्छ (यूहन्ना १४:६; १ यूहन्ना ५:१०–१२) ।

ई. उद्धारको अर्थचाहिँ मानिस जातिमा भएको परमेश्वरको भत्किएको स्वरुप (उत्पत्ति १:२६–२७ अनि ३ अध्यायलाई पुनर्स्थापन गर्नु हो ताकि परमेश्वरसँगको संगति सम्भव हुन सकोस् । खीष्टियनिटीको लक्ष्य भनेकै अब खीष्ट जस्तै नै हुनु हो । विश्वासीहरु जिउँदो ढुङ्गाहरु बन्नुपरेको छ (त्यो भनेकोचाहिँ खीष्टको शैलीमा अथवा ढाँचामा बनिएको सानो मन्दिर हो) ।

उ. येशू नै हाम्रो विश्वासको आधार अनि हाम्रो विश्वास (जुन भनेको आदि र अन्त हो) को शिर–ढुङ्गा हुनुहुन्छ । तर ठेस लाग्ने ढुङ्गा अनि अपराधको चट्टान पनि हुनुहुन्छ । उहाँलाई गुमाउनुचाहिँ सबै थोक गुमाउनु हो । त्यहाँ त्यस्तो कुनै मध्यस्थ आधार हुनै सक्दैन !

१२:११ यस पदले संकेत गर्दछ कि येशूको इन्कार अनि मृत्युमा भएको हरेक कुराहरुलाई पहिलेबाटै जानिएको थियो अनि भविष्यवाणी गरिएको थियो (यशैया ५३:१०; लूका २२:२२; प्रेरित २:२३; ३:१८; ४:२८; १ पत्रुस १:२०) ।

## NASB (UPDATED) TEXT: 12:12

१२त्यसपछि तिनीहरुले उहाँलाई पक्रन खोजे, किनकी यो दृष्टान्त उहाँले तिनीहरुकै विरुद्धमा भन्नुभएको हो भनी तिनीहरुले बुझे । तर तिनीहरु भीडसँग डराएको कारणले छोडेर गइहाले ।

**१२:१२ "तिनीहरुले उहाँलाई पक्रन खोजे"** यहूदी अगुवाहरुले दृष्टान्तले चाहिँ तिनीहरुलाई उल्लेख गर्दै थियो भन्ने बुझे अनि तिनीहरुले अगमवाणी गरिएकै तरिकामा काम गरे (त्यो भनेकोचाहिँ उहाँलाई मार्न खोजे भन्ने हो) ।

- **"तिनीहरु भीडसँग डराएको ........ "** यी अगुवाहरुले तिनीहरुका कामहरुलाई निर्णय गर्नको लागि परमेश्वरलाई हेर्न साटो वर्तमान विचारहरुलाई हेर्दै थिए (११:१८, ३२; मत्ती २१:२६, ४६; लूका १९:४८)।
- **"उहाँले तिनीहरुकै विरुद्धमा भन्नुभएको हो भनी तिनीहरुले बुझे"** "तिनीहरु" भन्ने यो सर्वनामलाई दुईओटा तरिकामध्ये एउटा तरिकामा बुझ्न सकिन्छ : )१) भीडसँगको येशूको प्रख्यातिदेखि अगुवाहरु डराएका थिए (मत्ती २१:४५) अथवा (२) दृष्टान्तचाहिँ धार्मिक अगुवाहरुतिर नै सम्बोधन गरिएको हो भनेर भीडले पनि बुझेका थिए ।

NASB (UPDATED) TEXT: 12:13-17

१३पछिबाट उहाँलाई कुरामा फसाऔं भनेर तिनीहरुले फरिसीहरु र हेरोदीहरुमध्येका कोही व्यक्तिहरुलाई उहाँकहाँ पठाए । १४तिनीहरु आएर उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं, तपाइँ साँचो हुनुहुन्छ, र कसैको वास्ता गर्नुहुन्न । किनकी तपाइँ मुख हेरेर काम गर्नुहुन्न, तर परमेश्वरको मार्ग साँचो रीतिले सिकाउनुहुन्छ । भन्नुहोस्, कैसरलाई कर तिर्नु न्यायसङ्गत छ कि छैन ? १५हामी कर तिरौं कि नतिरौं ?" येशूले तिनीहरुको कपटीपन थाहा पाएर तिनीहरुलाई भन्नुभयो, "तिमीहरु किन मलाई परीक्षा गर्दछौ ? एउटा दिनार ल्याएर देखाओ ।" १६तिनीहरुले एउटा सिक्का ल्याए । उहाँले तिनीहरुलाई भन्नुभयो, "यो तस्वीर र छाप कसको हो ?" तिनीहरुले उहाँलाई भने, "कैसरको ।" १७तब येशूले भन्नुभयो, "कैसरका चीजहरु कैसरलाई देओ, र परमेश्वरका चीजहरु परमेश्वरलाई ।" तिनीहरुले उहाँसँग अचम्म माने ।

**१२:१३ "तिनीहरुले .......... पठाए"** यसले सान्हेड्रिन (Sanhedrin) लाई उल्लेख गर्दछ, जुनचाहिँ यहूदीहरुको धार्मिक अधिकार थियो (११:२७)।

विशेष शीर्षक : सान्हेड्रिन (THE SANHEDRIN)

१.जानकारीका स्रोतहरु

अ. नयाँ करार आफैं

आ. Flavious Josephus को *Antiquities of the Jews*

इ. Talmud (तालमुड) को Mishnah (मिस्नाह) भाग (अर्थात्, ट्र्याक्टेट सान्हेड्रिन)

अभाग्यवश् नयाँ करार अनि Josephus (जोजेफ्स) धर्म गुरुहरुको लेखहरुसँग सहमत छैनन्, जसले यरुशलेममा भएको दुईओटा सान्हेड्रिन (Sanhedrin) लाई दाबी गरेको जस्तो देखिन्छ, एउटा पूजाहारीको (जुनचाहिँ सदुकीहरुको भन्ने हो), प्रधान पूजाहारीबाट नियन्त्रण गरिएको अनि सर्वसाधारण अनि अपराधीको इन्साफसँग सम्बन्ध राख्ने अनि दोस्रोचाहिँ धार्मिक अनि परम्परागत विषयहरुसँग सम्बन्धित, फरिसीहरु र शास्त्रीहरुद्वारा नियन्त्रण गरिएको । तरैपनि धर्म गुरुहरुका लेखहरु सन् २०० देखि नै आइरहेका छन् अनि सन् ७० मा रोमी जनरल तीतसद्वारा यरुशलेमको पतनपछिको साँस्कृतिक स्थितिलाई प्रतिविम्बित गर्दछ । यहूदीहरुले जमीना (Jamina) भनिने शहरमा तिनीहरुका धार्मिक जीवनलाई पुनः स्थापित गरे अनि पछि गएर (सन् ११८) गालीलतर्फ सरे ।

२. पारिभाषिक शब्दावली

यस न्यायसम्बन्धीको समूहसँग पहिचान राख्ने समस्यामा यसले जानेको विभिन्न नाउँहरुलाई समावेश गर्दछ । यरुशलेमको यहूदी समुदायभित्रको न्यायसम्बन्धीको समूहलाई वर्णन गर्न प्रयोग गरिएको त्यहाँ थुप्रै शब्दहरु छन् ।

अ. *Gerousia* – 'सदन' अथवा 'परिषद्' । यो एउटा सबैभन्दा पूरानो शब्द हो जसलाई पर्सियन युग (Josephus को *Antiquities* १२.३.३ अनि 2 *Maccabees* ११:२७) को अन्त्यतिर प्रयोग गरिन्थ्यो । योचाहिँ ग्रीक भाषी पाठकहरु (1 *Macc*. 12:35) लाई व्याख्या गर्ने शब्दको तरीका हुन सक्दछ ।

आ. *Synedrion* ( "सान्हेड्रिन" (Sanhedrin). योचाहिँ *Syn* (एक साथको) अनि *hedra* ( आसन) ग्रीक शब्दलाई प्रतिविम्बित गर्दछ । मक्काबी युग (Maccabean period) को अन्तसम्म यो यरुशलेमको यहूदीहरुका सर्वोच्च–न्यायलयलाई निर्दिष्ट गर्न मानिलिएको शब्द भएको थियो (मत्ती २६:५९; मर्कूस १५:१; लूका २२:६६; यूहन्ना ११:४७; प्रेरित ५:२७)। समस्याचाहिँ त्यसबेला आउँछ जतिखेर त्यस्तै शब्दावलीलाई यरुशलेम बाहिरको स्थानीय न्यायिक परिषद्हरुको लागि पनि प्रयोग गरिन्छ (मत्ती ५:२२; १०:१७)।

इ. *Presbyterion* – "एल्डरहरुको परिषद्" (लूका २२:६६)। योचाहिँ आदिवासी अगुवाहरुको लागि एउटा पूरानो करारको पदनाम हो । तरैपनि, यो येरुशलेमको सर्वोच्च न्यायलयलाई उल्लेख गर्नमा प्रयोग हुन आयो (प्रेरित २२:५)।

ई. *Boulē* ( यस 'परिषद्' शब्दलाई थुप्रै न्यायसम्बन्धीका समूहहरुलाई वर्णन गर्न Josephus द्वारा प्रयोग गरिएको थियो (*Wars* 2.16.2; 5.4.2, तर नयाँ करार होइन) : (१) रोमको सदन; (२) स्थानीय रोमी न्यायलयहरु; (३) यरुशलेममा भएको यहुदी सर्वोच्च न्यायलय अनि (४) स्थानीय यहूदी न्यायलयहरु । यस शब्दको रुपद्वारा अरिमाथियाका योसेफलाई सान्हेड्रिनको सदस्यको रुपमा वर्णन गरिएको छ (त्यो भनेकोचाहिँ *bouleutēs* हो, जसको अर्थ हुन्छ "सल्लाहकार", मर्कूस १५:४३; लूका २३:५०)।

३. ऐतिहासिक विकास

मूल रुपमा निर्वासन कालपछि एज्राले महासभाघरको स्थापित गरेका हुन् भनेर भनिन्छ ( श्रेष्ठगित ६:१ मा भएको तारगम (Targum), जुनचाहिँ येशूको पालामा सान्हेड्रिन भएको जस्तो देखिन्छ ।

अ. यरुशलेममा त्यहाँ दुईओटा न्यायलयहरु थिए (*Sand* ७:१) भनेर मिस्नाह (*The Mishnah*, जुनचाहिँ Talmud येशूको पालामा सान्हेड्रिन भएको जस्तो देखिन्छ ।

१. एउटाचाहिँ ७० (अथवा ७१) सदस्यहरुले बनिएको (*Sand*. १:६ ले त यसरी पनि भन्दछ कि गन्ती ११ मा मोशाले पहिलो सान्हेड्रिनको स्थापना गरे, (गन्ती ११:१६–२५)।

२. अर्कोचाहिँ २३ जना सदस्यहरुले बनिएको (तर यसले स्थानीय सभाघरका न्यायलयहरुको उल्लेख गरेको हुनसक्दछ ।

३. यरुशलेमको सान्हेड्रिनमा त्यहाँ २३ जना सदस्यहरु हुने गर्दथ्यो भनेर केही यहूदी विद्वानहरुले विश्वास गर्दछन् । जब तीनजना जम्मा हुन्थे, तिनीहरुले दुईजना अगुवाहरुको साथमा ७१ जना

सदस्यहरु भएको 'महा सान्हेड्रिन (Great Sanhedrin) लाई संस्थापित गर्दथे (*Nasi* अनि *Av Bet Din*)।

अ. एकजना पूजाहारी (जुनचाहिँ सदुकी हो)

आ. एकजना न्याय सम्बन्धीका (जो फरिसी हो)

इ. एकजना पूँजीवादी (जो एल्डर हो)

आ. निर्वासन कालको अवधिपछि, फर्की आएका दाऊदका वंशचाहिँ यरुबाबेल अनि हारुनका वंशचाहिँ यहोशू थियो । यरुबाबेलको मृत्युपछि, दाऊदका वंशको कसैले पनि निरन्तरता दिएनन्, यसर्थ न्याय सम्बन्धीका पोशाक पूजाहारीहरुतिर (1 *Macc.* 12:6) अनि स्थानीय एल्डरहरु (नहेम्याह २:१६; ५:७) तिर सरेर गयो ।

इ. न्यायिक निर्णयहरुमा पूजाहारीहरुको यस भूमिकालाई हेलेनिस्टिक काल (Hellenistic period) को अवधिमा Diodorus ४०:३:४–५ द्वारा प्रलेख गरिएको छ ।

ई. सरकारमा पूजाहारीहरुका यस भूमिका सेल्यूसिड काल (Selucid period) सम्म निरन्तर गएको थियो । *Antiquities* १२.१३८–१४२ मा Josephus ले "महान" एन्टिओख तेस्रो (Antiochus "the Great" III) लाई उद्धृत गरेका छन् (२२३–२८७ ई.पू.)।

उ. Josephus को *Antiquities* १३.१०.५–६; १३.१५.५ अनुसार पूजाहारीहरुका यस शक्ति मक्काबी काल (Maccabean period) को अवधिसम्म निरन्तर गएका थिए ।

ऊ. रोमी कालको अवधिमा सिरियाका गर्वनर (जो ५७–५५ ई.पू. बाट Gabinius थिए) ले पाँचओटा क्षेत्रीय 'सान्हेड्रिन' को स्थापना गरे (Josephus को *Antiquities* १४.५.४; अनि *Wars* १.८.५), तर पछि गएर रोमद्वारा रद्द गरियो (४७ ई.पू. मा)।

ऋ. सान्हेड्रिनको हेरोदसित राजनैतिक मुकाबला थियो (*Antiquities* १४.९.३–५) जसले, उच्च न्यायलयका प्रायजसोलाई प्रतिकार गरेका थिए अनि मारेका थिए (Josephus को *Antiquities* १४.९.४; १५.१.२)।

ए. रोमी वकिलहरुको अधिनमा (त्यो भनेकोचाहिँ सन् ६–६६ सम्म हो) Josephus ले हामीलाई भनेको छ *(Antiquities* २०.२००.२५१) कि सान्हेड्रिनले फेरि पनि यथेष्ट मात्रामा शक्ति अनि प्रभुत्व प्राप्त गरेका थिए (मर्कूस १४:५५)। नयाँ करारमा अभिलेख गरिएको त्यहाँ तीनओटा परीक्षाहरु छन् जहाँ सान्हेड्रिनले, प्रधान पूजाहारीको परिवारको नेतृत्वको अधिनमा, इन्साफलाई कार्यान्वयन गर्दथ्यो :

अ. येशूको परीक्षा (मर्कूस १४:५३– १५:१; यूहन्ना १८:१२–२३, २८–३२)

आ. पत्रुस र यूहन्ना (प्रेरित ४:३–६)

इ. पावल (प्रेरित २२:२५–३०)

ऐ. सन् ६६ मा, जब यहूदीहरुले विद्रोह गरे, रोमीहरुले फलस्वरुप सन् ७० मा यहूदी समाज अनि यरुशलेमलाई नष्ट पारे । सान्हेड्रिनलाई स्थायीरुपमै समाप्त गरिएको थियो, यद्यपि जमिना (Jamina) का फरिसीहरुले एउटा सर्वोच्च न्यायिक अदालत (*Beth Din*) लाई यहूदी धार्मिक (तर नागरिक अथवा राजनैतिक होइन) जीवनमा फर्काएर ल्याउने कोशिस गरेका थिए ।

४. सदस्यता

अ. येरुशलेमको उच्च न्यायलयलाई बाइबलीय रुपमा पहिलो पल्ट प्रयोग गरिएको पद हो २ इतिहास १९:८–११ । यो (१) लेवीहरु; (२) पूजाहारीहरु; अनि (३) परिवारहरुका मुख्य व्यक्ति (जो एल्डरहरु हुन्, I *Macc.* १४:२०; II *Macc.* ४:४४) द्वारा बनिएको थियो ।

आ. मक्काबी कालको अवधिमा यसलाई (१) सदुकीहरुका पूजाहारी परिवारहरु अनि (२) स्थानीय कुलीनतन्त्र (१ *Macc.* ७:३३; ११:२३; १४:२८) बाट अधिकार गरिएको थियो । पछि यस युगमा "शास्त्रीहरु" (मोजाइक वकिलहरु, विशेष गरेर फरिसीहरु) लाई प्रत्यक्षरुपले Alexander Jannaeus को पत्नी सलोमी (७६–६७ ई.पू.) द्वारा थप गरिएको थियो । उनले फरिसीहरुलाई प्रमुख झूण्ड पनि बनाइन् भनेर बताइएको छ (Josephus को *War of the Jews* १.५.२)।

इ. येशूको पालासम्म अदालतचाहिँ

१. प्रधान पूजाहारीहरुका परिवारहरु

२. धनी परिवारहरुका स्थानीय मानिसहरु

३. शास्त्रीहरु (११:२७; लूका १९:४७) द्वारा बनिएको थियो

५. परामर्श गरिएका स्रोतहरु :

अ. *Dictionary of Jesus and the Gospels IVP*, पृष्ठ ७२८–७३२

आ. *The Zondervan Pictorial Encyclopedia of the Bible*, Vol 5. पृष्ठ २६८–२७३

इ. *The New Schaff-Herzog Encyclopedia of Religious Knowledge* vol. 10, पृष्ठ २०३–२०४

ई. *The Interpreter's Dictionary of the Bible* vol. 4, पृष्ठ २१४–२१८

इ. *Encyclopedia Judaica,* vol. 14, पृष्ठ ८३६–८३९

- **"फरिसीहरु"** योचाहिँ मक्काबी कालको अवधिमा विकास भएको एउटा धार्मिक झूण्ड थियो । तिनीहरु मौखिक परम्पराप्रति साह्रै समर्पित थिए (जुनचाहिँ Talmud हो)। २:१६ मा फरिसीहरुमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"हेरोदीहरु"** योचाहिँ ईदुमियाका हेरोदहरुका राज्य काललाई समर्थन गर्ने एउटा राजनैतिक झूण्ड थियो । तिनीहरु रोमीहरुको यथापूर्व स्थितिको पक्षमा पनि थिए । साधरणत् मसिहीहरु र हेरोदीहरु शत्रुहरु थिए । तिनीहरुले सहयोग गरिरहेको सत्यतालेचाहिँ येशूको शिक्षाहरुलाई तिनीहरुले कति गम्भीरतापूर्वक मानिलिएका थिए भनेर देखाउनलाई हो । १:१४ मा हेरोदीहरु माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"फसाएर ...... "** योचाहिँ शाब्दिक अर्थमा "पक्रनु" भन्ने हुन्छ । यसलाई चाहिँ जङ्गली जनावरहरु पक्रनलाई प्रयोग गरिन्थ्यो । योचाहिँ दोष अथवा भूल देखाउनको लागि (लूका ११:५४) जानकारी प्राप्त गर्नको लागि एउटा अलंकार भएको थियो । तिनीहरुले सोंचेका थिए कि उहाँलाई यस प्रश्न सोधेर तिनीहरुले उहाँलाई रोमी अधिकारीहरु र मानिसहरु जस्ता दुईओटा विरोधी झूण्डको बीचमा फसाएका थिए ।

**१२:१४ "गुरुज्यू, तपाइँ कति इमान्दार हुनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ । तपाइँ निष्पक्ष हुनुहुन्छ र कसैलाई भेदभाव गर्नुहुन्न । तपाइँले सत्यतामा परमेश्वरको मार्ग सिकाउनुहुन्छ"** दोष भेट्टाउनको लागि

यी अगुवाहरुले येशूलाई फकाउँदै थिए, तर वास्तवमा तिनीहरुले उहाँको विषयमा सही कुरो गर्दै थिए। येशूले सत्यतालाई त्यसरी नै सम्हाल्नुहुन्थ्यो जसरी YHWH ले सत्यतालाई सम्हाल्नुहुन्छ। यो एउटा उच्च कोटिको व्यङ्ग्य हो ! छलपूर्ण बयानहरु वास्तवमा सबैभन्दा ठूलो उद्गार थियो।

- **"तपाइँ ....... कसैलाई भेदभाव गर्नुहुन्न"** शाब्दिक हिब्रू उखानचाहिँ "किनकी तपाइँले मानिसको अनुहारलाई हेर्नु हुँदैन" भन्ने छ। यसले ऐतिहासिक रुपमा इस्राएलका न्यायकर्ताहरुलाई उल्लेख गर्दथ्यो। जब तिनीहरुले कुनै मागलाई लिन्थे, बचाउकर्त्ताले आफ्नो शिर झुकाउँथे ताकि तिनीहरुको परिचय देख्न नसकियोस्। यदि कुनै न्यायकर्ताले आफ्नो हात चिउँडोमुनि लगाएर त्यस व्यक्तिको परिचय हेर्नलाई अनुहारलाई उचाल्दथ्यो, पूर्वाग्रहको अवसर झन् बढ्दथ्यो। त्यसैकारण, इन्साफचाहिँ अन्धो हुनुपर्दथ्यो !
- "........ **तिर्नु ठीक हो कि होइन"** योचाहिँ मोजाइक कानून (Mosaic Legislation) सँग सम्बन्धित एउटा वैध प्रश्न हो, तर रोमद्वारा तत्कालिन अधिकार गरिएका इस्राएलसँग पनि सम्बन्धित रहेको छ। शास्त्रीहरुले दिनहुँ जस्तो यस्ता प्रकारको प्रश्नहरुसँग सम्बन्ध राख्दथे। यस प्रश्नको जवाफ दिनलाई त्यहाँ दुईओटा तरिकाहरु थिए, एउटाचाहिँ मोजाइक पाठमाथि आधारित अनि अर्कोचाहिँ रोमी व्यवस्था अनि पेशाको वास्तविकतासँग सम्बन्धित। यस्ता अगुवाहरुले रोमी सरकारलाई तिनीहरुको धार्मिक दुविधामा पार्न (लूका २०:२०) को लागि वैध आधार चाहन्थे। "ठीक हो" भनेर जवाफ दिँदा उहाँले आह्रिस गर्नेहरुलाई रीस उठाउनुहुन्थ्यो; अनि "ठीक होइन" भनेर जवाफ दिँदा उहाँलाई रोमी सरकारले पक्रने थियो।
- **"कर"** योचाहिँ ल्याटिन शब्द "जनगणना" को एउटा लिप्यन्तरण थियो। यो एउटा मुख्य कर थियो जसलाई रोमले सबै जितेका मानिसहरुमाथि लगाएका थिए। यस साम्राज्यभरिको कर ( जुनचाहिँ सन् ७–२० हो) चाहिँ राजकीय प्रान्तहरुमा बस्ने पुरुषहरुमा चौध वर्षदेखि पैसठ्ठी वर्षसम्म अनि महिलाहरुमा बाह्र वर्षदेखि पैसठ्ठी वर्षसम्म लगाइएको थियो अनि ती सबै सोझै सम्राटकहाँ जान्थ्यो। योसेफले नासरतलाई छोडेर गर्भवती महिलासँग बेतलेहेम जानु परेका कारणचाहिँ यही नै थियो (लूका २:१–६)।

**१२:१५ "येशूले तिनीहरुको कपटलाई बुझेर ........ कसलाई फसाउन खोज्दैछौ ?"** कपट (*hupokrisis*) शब्दले मूलरुपमा नाटकका चरित्रहरुले मुखुण्डा लगाएर खेलेको मागलाई उल्लेख गर्दथ्यो। तिनीहरुले आफूलाई उही नै व्यक्ति होइन भन्ने वाहना गर्दथे (मत्ती २३:२८; लूका १२:१; २०:२०; १ तिमोथी ४:२; १ पत्रुस २:१)। योचाहिँ मानिसहरुलाई छल गर्नको लागि प्रयोग हुन आयो जसले अरुहरुलाई जुनचाहिँ असत्य थियो त्यसैलाई नै सोंच्न लगाउनको लागि छल गर्न कोशिस गर्दथ्यो। १४ पदमा यी अगुवाहरुले येशूलाई भनेका (व्यङ्ग्यात्मक रुपमा) सबै कुराहरु १५ पदको तिनीहरुको कामहरुसँग अमिल्दो थियो। परीक्षा (*peirazō*) शब्दमा नाश अथवा असफल तर्फको दृष्टिकोणप्रतिको जाँचको संकेतार्थ हुन्थ्यो। १:१३ मा परीक्षाको लागि शब्दहरुमाथिको विशेष शीर्षकलाई हेर्नुहोस्।

- **"दिनार"** यस करलाई तिर्नको लागिचाहिँ एउटै मात्र उपाय यस चाँदीको सिक्का थियो। योचाहिँ कुनै साधारण श्रमिक अथवा सिपाहीको एकदिनको मोल थियो। यो रोमको नियन्त्रणको एउटा चिह्न पनि थियो। १२:४२ मा विशेष हेर्नुहोस्।

**१२:१६ “यो तस्वीर र छाप कसको हो ?”** तिबेरियस (सन् १४–३७) चाहिँ वर्तमान सम्राट थियो । यो सिक्कामा सम्राटको देवको दाबी हुन्थ्यो । सिक्काको अघिल्लो भागमा यस्तो भनिएको थियो “स्वर्गीय अगस्टस्का छोरा, तिबेरियस कैसर अगस्टस ।” सिक्काको पछाडिपट्टि सिंहासनमा बसेको तिबेरियसको चित्र अनि “प्रधान पूजाहारी” भनेर खोजिएको थियो ।)

**१२:१७ “कैसरका चीजहरु कैसरलाई देओ”** विश्वासीहरुले नागरिक अधिकारलाई मान्नुपर्दछ किनभने परमेश्वरले नै यसको अभिषेक गर्नुभएको छ (रोमी १३:१–७; तीतस ३:१; १ पत्रुस २:१३–१४)। ग्रीक शब्द “देओ” ले “केही चीज जसको हो उसैलाई नै फिर्ता देओ” भन्ने संकेत हुन सक्दछ ।

- **“र परमेश्वरका चीजहरु परमेश्वरलाई”** यद्यपि कुनै राज्यलाई स्वर्गबाटै पारित गरेको भएता पनि यसको स्वर्गीय प्रतिष्ठा भने हुँदैन । यदि राज्यले अन्तिम अधिकारको दाबी गर्दछ भने, यसलाई एक मात्र साँचो परमेश्वरलाई पछ्याउनेहरुद्वारा रद्द गरिनुपर्दछ । धेरैले यस पदबाट मण्डली अनि राज्यको विभाजनको आधुनिक राजनैतिक सिद्धान्तलाई विस्तार गर्ने कोशिस गरेका छन् अनि सहयोग गरेका छन् । एउटा एकदमै सीमित अर्थमा यस पदले मुख्य विषयलाई सम्बोधन त गर्दछ, तर यस आधुनिक राजनैतिक सिद्धान्तको लागि एउटा वचनरुपी सहयोग भने निश्चय नै होइन ।

NASB (UPDATED) TEXT: 12:18-27

१८मृतकबाट पुनरुत्थान हुँदैन भन्ने सदुकीहरु उहाँकहाँ आए, अनि उहाँलाई सोधे, १९“गुरुज्यू, मोशाले
हामीलाई लेखिदिएका छन्, कि कसैको दाज्यू मर्‍यो र निसन्तान भएर स्वास्नीलाई छोडिराख्यो भने,
उसको भाइले त्यस स्त्रीलाई लैजानुपर्दछ र आफ्नो दाज्यूको निम्ति सन्तान खडा गर्नुपर्छ ।” २०एउटा
परिवारमा सात भाइ थिए । जेठाले एउटी स्वास्नी ल्यायो, अनि त्यो मानिस निसन्तान भएर मर्‍यो ।
२१अब माहिला भाइले त्यस स्त्रीलाई विवाह गर्‍यो, र त्यो पनि निसन्तान भएर मर्‍यो । अनि साहिलाले
पनि त्यस्तै गर्‍यो । २२अनि सातै भाइको सन्तान भएन । सबैभन्दा पछि त्यो स्त्री पनि मरी । २३अब
मृतकहरुको पुनरुत्थानमा तिनीहरुमध्ये त्यो कसरी स्वास्नी हुन्छे ? किनकी ती सातै जनाले त्यसलाई
विवाह गरेका थिए ।” २४ येशूले तिनीहरुलाई भन्नुभयो, “तिमीहरु भूलमा परेको कारण यही होइन र,
कि तिमीहरु न त धर्मशास्त्र जान्दछौ, न परमेश्वरको शक्तिलाई जान्दछौ ? २५किनकी जब मृतकबाट
तिनीहरुको पुनरुत्थान हुन्छ, तिनीहरु न त विवाह गर्छन्, न तिनीहरुको विवाह हुन्छ, तर तिनीहरु
स्वर्गमा भएका दूतहरुजस्तै हुन्छन् । २६मृतकहरु जीवित भई उठ्ने कुराको विषयमा के तिमीहरुले
मोशाको पुस्तकमा पढेका छैनौ ?” कि कसरी पोथ्राको विषयमा लेखिएको खण्डमा परमेश्वरले मोशालाई
भन्नुभयो, “म अब्राहमका परमेश्वर, इस्राहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ ।” २७उहाँ
मूर्दाहरुका परमेश्वर हुनुहुन्न, तर जिउँदाहरुका हुनुहुन्छ । तिमीहरु एकदमै भूलमा परेका छौ ।

**१२:१८ “सदुकी”** योचाहिँ एउटा यहूदीवादको कुलिन वर्ग अनि पूजाहारीहरुको भाग थियो जसले प्रधान पूजाहारी गिरी अनि सान्हेड्रिनलाई नियन्त्रण गर्दथ्यो । तिनीहरु झूण्डमा धनी अनि राजनैतिक रुपमा शक्तिशाली थिए । तिनीहरु एकदमै परम्परावादी हुन्थे अनि केवल मोशाद्वारा लेखिएका पुस्तकहरु ( उत्पत्तिदेखि व्यवस्था) लाई मात्र प्रमाणिकको रुपमा विश्वास गर्दथे त्यो भनेकोचाहिँ मौखिक परम्परालाई रद्द तुल्याएका थिए ।

**विशेष शीर्षक : सदुकी**

१. झूण्डको सुरुवात

अ. प्रायजसो विद्वानहरुले यो नाउँ दाऊदको एकजना प्रधान पूजाहारी सादोक (*Zadok*) बाट आएको हो भनेर विश्वास गर्दछन् (२ शमूएल ८:१७; १५:२४) । पछि गएर, अदोनियाह (१ राजा २:२६–२७) को विद्रोहमा सहयोग गरेको कारण सोलोमनले अवियाथारलाई निर्वासनमा पठाए अनि सादोकलाई एकमात्र प्रधान पूजाहारीको रुपमा नियुक्त गरे (१ राजा २:३५)। बेबिलोनी निर्वासनपछि यहोशूमा यस पूजाहारीको वंश पुनः स्थापित भयो (हग्गै १:१)। यस लेवीको कुललाई मन्दिरमा प्रशासन गर्नको लागि चुनिएको थियो । पछि गएर जो यस पूजाहारीको परम्परा अनि तिनीहरुका समर्थकहरु थिए तिनीहरुलाई सादोकी अथवा सदुकी भनियो ।

आ. नवौं शताब्दीको एउटा धर्मगुरुहरुको परम्परा (नाथन धर्मगुरुको *Aboth*) ले भन्दछ कि सादोकचाहिँ सो को एन्टिगोनस (Antigonus या Sokho, ई.पू. दोस्रो शताब्दी) को एकजना चेला थियो । सादोकको "मृत्युपछिको इनाम" सँग संलग्न आफ्नो परामर्शदाताको प्रचलित भनाइलाई गलत अर्थ लगाए अनि एउटा यस्तो ईश्वरशास्त्रको विकास गरे जसले मृत्युपछिको कुरालाई अस्वीकार गर्थ्यो अनि यसोस्ले शरीरको पुनरुत्थानलाई पनि इन्कार गर्थ्यो ।

इ. पछि गएर यहूदीवादभित्र सदुकीहरुलाई बेथुसी (Boethusians) हरुसँग पहिचान गराइएको छ । बेथुसी पनि सोखोको एन्टिगोनस (Antigonus of Sokho) को एकजना चेला थियो । तिनले पनि सादोकको जस्तै ईश्वरशास्त्रलाई विकास गरे, जसले पनि मृत्युपछिको कुरालाई इन्कार गर्थ्यो ।

ई. जोहन हिर्कानस (John Hyrcanus, १३५(१०४ ई.पू.) को पालासम्म सदुकी नाउँ देखा पर्दैन, जसलाई जोजेफसद्वारा उल्लेख गरिएको छ *(Antiquities* १३:१०:५–६) । *Antiquities* १३:५:९ मा जोजेफसले भनेका छन् कि त्यहाँ "सोंचाइका तीनओटा स्कुलहरु" अस्तित्वमा आएका छन् – फरिसीहरु, सदुकीहरु अनि इस्सेनहरु ।

उ. एन्टिओखस् IV एपिफानिस (Antiochus IV Epiphanes, १७५–१६३ ई.पू.) को अधिनमा सेलुसिड शासकहरु (Selucid rulers) हरुले पूजाहारी गिरीलाई हेलेनी बनाउनलाई (Hellenize) प्रयत्न गरेको समयदेखि तिनीहरु आए भन्ने त्यहाँ एउटा प्रतिद्वन्द्वी सिद्धान्त रहेको छ । मक्काबी विद्रोह (Maccabean revolt) को समयमा साइमन मक्काबी (Simon Maccabees, १४२–१३५ ई.पू.) अनि तिनको वंशहरु (१ मक्काबी १४:४१) मा एउटा नयाँ पूजाहारी गिरीको सुरुवात भयो । यस्ता नयाँ हास्मोनी (Hasmonean) प्रधान पूजाहारीहरुचाहिँ कुलिन वर्गका सदुकीहरुको सम्भवत् सुरुवात थिए । यसै समयमा हासिदिम (*Hasidim* जुनचाहिँ "छुट्याइएका जाति" हो, १ मक्काबी २:४२; ७:५–२३) बाट फरिसीहरुको विकास भएको थियो ।

ऊ. सदुकीचाहिँ ग्रीक शब्द "*Sundikoi*" को एउटा लिप्यन्तरण हो भन्ने त्यहाँ एउटा आधुनिक सिद्धान्त रहेको छ (T.W. Manson)। यस शब्दले स्थानीय अधिकारहरुलाई उल्लेख गर्दथ्यो जसले रोमी अधिकारसँग सामना गर्दथ्यो । यसले केही सदुकीहरु कुलिन वर्गीय पूजाहारीहरु नभएता पनि सान्हेड्रिनको सदस्यहरु किन थिए भन्ने कुराको व्याख्या गरेको हुन सक्दछ ।

२ पृथक विश्वासहरु

अ. हास्मोनी अनि रोमी युगको अवधिमा तिनीहरु यहूदीहरुका झूण्डका परम्परावादी पूजाहारी दल थिए ।

आ. तिनीहरु विशेष गरेर मन्दिरको कार्यविधि, कुटनीति, संस्कारहरु अनि धार्मिक विधिहरुसँग सम्बन्धित थिए ।

इ. प्रमाणिकको रुपमा तिनीहरुले तोरह (उत्पत्ति–व्यवस्था) लेख्नु पर्दथ्यो, तर मौखिक परम्परालाई इन्कार गर्दथे (जुनचाहिँ तालमूद "Talmud" हो)।

ई. त्यसैकारण तिनीहरुले फरिसीहरुले पालन गर्ने थुप्रै विकसित सिद्धान्तहरुलाई इन्कार गरेका थिए :

  १ शरीरको पुनरुत्थान (मत्ती २२:२३; मर्कूस १२:१८; लूका २०:२७; प्रेरित ४:१–२; २३:८)

  २. आत्माको अमरत्व (*Antiquities* १८.१.३–४; *wars* २.८.१४)

  ३. स्वर्गदूतहरुको विस्तार गरिएको श्रेणीबद्धताको अस्तित्व (प्रेरित २३:८)

  ४. तिनीहरुले शाब्दिकरुपमा “जस्तालाई त्यस्तै” (*Lex talionis*) लाई लिन्थे अनि (पैसा दिएर कुनै कुरालाई मिलाउनको साटो) शारीरिक दण्ड अनि मृत्यु दण्डलाई समर्थन गर्दथे ।

उ. ईश्वरशास्त्रीय झगडाको अर्को क्षेत्रचाहिँ भाग्य बनाम् स्वतन्त्र इच्छा थियो । जोजेफसद्वारा उल्लेख गरिएको तीनओटा झूण्डमध्ये

  १. एस्सेनीहरुलाई संकल्पवादी प्रकारको भनी दाबी गरिन्थ्यो ।

  २. सदुकीहरुलाई मानिसको स्वतन्त्र इच्छामाथिको जोड दिने कुरामा राखिएको थियो (*Antiquities* १३.५.९; *wars* २.८.१४)

  ३. फरिसीहरुले अरु दुईओटा झूण्डको बीचमा केही सन्तुलित स्तर राख्दथे ।

ऊ. एउटा अर्थमा दुई झूण्डमाझको लडाई (त्यो भनेको सदुकी र फरिसी हो) ले पूरानो करारका पूजाहारीहरु र अगमवक्ताहरुका बीचको तनावलाई प्रतिविम्बित गर्दथ्यो ।

सदुकीहरुले सामाजिक अनि स्थापित कुलिन वर्गलाई प्रतिनिधित्व गरेको वास्तविकताबाट अर्को तनाव सृजना भएको थियो । तिनीहरु कुलीन वर्गीय मानिस थिए (Josephus को *Antiquities* १३.१०.६; १८ .१.(४–५; २०:९.१), जबकि फरिसीहरु र शास्त्रीहरुचाहिँ देशका मानिसहरुमध्येका विद्वानहरु अनि धार्मिकहरु थिए । यस तनावलाई यरुशलेमको मन्दिर बनाम् देशभरिका स्थानीय सभाघरहरुको रुपमा चरितार्थ गरिन सकिन्थ्यो ।

अर्को तनावले फरिसी ईश्वरशास्त्रमाथि जोराष्ट्रीवाद (Zoroastrianism) को प्रभावलाई सदुकीहरुद्वाराको इन्कारलाई प्रतिनिधित्व गरेको हुन सक्दछ । उदाहरणको लागि : एउटा उच्चरुपले विकसित भएको स्वर्गदूतहरु सम्बन्धीका अध्ययन, YHWH अनि शैतान माझको दोहोरोवाद अनि ज्वलन्त शारीरिक शब्दहरुमा जीवनपछिको विषयको एउटा विस्तार गरिएको विचार । एस्सेनीहरु अनि फरिसीहरुबाटको यस अतिवादले सदुकीहरुमा एउटा प्रतिक्रिया उब्जायो । अरु यहूदी झूण्डहरुको अनुमानलाई विफल पार्ने कोशिषमा तिनीहरु केवल मोशाको मात्र ईश्वरशास्त्रको परम्परावादी अवस्थामा फर्किदछन् ।

३. जानकारीका स्रोतहरु

अ. सदुकीहरुका विषयमा जोजेफस जानकारीको मुख्य स्रोत हो । फरिसीहरुप्रतिको उनको प्रतिबद्धताहरु अनि रोमीहरुप्रति यहूदी जीवनको एउटा सकारात्मक चित्रलाई निर्माण गर्ने उनको रुचिहरु दुवैले गर्दा उनी पूर्वग्राहको शिकार बनेका थिए ।

आ. जानकारीको अरु स्रोतहरुचाहिँ धर्मगुरुहरुको साहित्य हो । यद्यपि, यहाँ पनि, एउटा कडा पूर्वाग्रहको प्रमाण देखिन्छ । सदुकीहरुले एल्डरहरुको प्रासंगिकता अनि मौखिक परम्पराको अधिकारलाई (Talmud) इन्कार गरे । यी फरिसीहरुका लेखहरुले तिनीहरुका प्रतिद्वन्दीहरुलाई नकारात्मक रुपमा, सम्भवत् अतिशयोक्ति (जस्तै परालको मान्छे, छलीहरु) तरिकामा स्पष्टरुपले वर्णन गरेका छन् ।

इ. अस्तित्वमा रहेको सदुकीहरु आफैको त्यहाँ कुनै जानिएका लेखहरु छैनन् । सन् ७० मा यरुशलेम अनि मन्दिरको विनाशसँगै सबै प्रलेखहरु अनि विशिष्ट वर्गमा पूजाहारीहरुको प्रभाव नष्ट भएर गयो ।

तिनीहरुले क्षेत्रीय शान्तिलाई कायम राख्न चाहन्थे अनि पहिलो शताब्दीमा त्यसो गर्ने एउटै मात्र तरिकाचाहिँ रोमसँग सहयोग गर्नु थियो (यूहन्ना ११:४८–५०)

**१२:९ "मोशाले हामीलाई लेखिदिएका छन्"** यसले व्यवस्था २५:५–१० मा पाइने लेवीहरुका विवाहको बारेमा मोशाको वहसलाई उल्लेख गर्दैछ ।

- **"कि कसैको दाज्यू मर्‍यो"** यस यहूदी नियमलाई "लेवीहरुका विवाह" द्वारा जान्नलाई आयो । यो शब्द "पतिको दाज्यूको लागि ल्याटिनबाट आएको थियो । इस्राएलीहरुमा उत्तराधिकारको अधिकारचाहिँ एकदमै महत्त्वपूर्ण थियो किनभने परमेश्वरले लोतबाट (यहोशू १२–१९) इस्राएली कुललाई प्रतिज्ञाको देश दिनुभएको थियो । त्यसैकारण, पुरुष अउत्तराधिकारी विनै कुनै मानिस मर्दयो भने उसको भाइले विधवालाई विवाह गर्दथ्यो अनि त्यस विधवाबाट सन्तानको पिता बन्दथ्यो; त्यसपछि त्यो बालक मृत दाज्यूको सबै सम्पत्तिको उत्तराधिकार बन्दथ्यो ।

१२:२३ भौतिक मृत्युपछिको शारीरिक पुनरुत्थानको अवधारणालाई हाँसोमा उडाउने उद्देश्यले यहाँ एउटा प्रश्न रहेको छ ।

१२:२४ येशूको नियास्रो प्रश्नले धर्मशास्त्रहरु अनि परमेश्वर दुवैप्रतिको सदुकीहरुको बुझाइको कमीमाथि केन्द्रित गर्दछ । यसको व्याकरणीय रुपले "हो" भन्ने जवाफको आशा गर्दछ ।

**१२:२५ "तर तिनीहरु स्वर्गमा भएका दूतहरुजस्तै हुन्छन्"** यस संक्षिप्त टिप्पणीले धेरै अनुमानको सृजना गरेको छ । पूरानो करारमा दूतहरु साधारणतय पुरुषहरु हुन्छन् (जकरिया ५:९ बाहेक) । येशूको यस संक्षिप्त टिप्पणीले के तिनीहरुको यौनिकता अनि यौनको समागमहरुलाई उल्लेख गर्दछ त ? यसले उत्पत्ति ६:१–२ प्रतिको कसैको बुझाइलाई कसरी प्रभावित पार्दछ त ? शायद सदुकीहरुको यस भिडन्तबाट हामीले एकदमै धेरै निष्कर्ष निकाल्ने कोशिस गर्दैछौं होला । स्वर्गचाहिँ पृथ्वीभन्दा पूर्णरुपले बेग्लै बुद्धिसंगत अनुभव हो । यो नयाँ अन्तरव्यक्तिगत, अनन्त अनि आतिमकी राज्यले वास्तवमै कसरी काम गर्छ भन्ने कुरा त अनिश्चित नै छ । जीवनपछिको कुराको विषयमा धेरै जानकारीलाई प्रकट नगर्न बाइबलले रोजेको छ । जानकारीको यस कमीलाई सदुकीहरुले जीवनपछिको वास्तविकतालाई इन्कार

गर्न एउटा वहानाको रुपमा लिए । परमेश्वर अनि ख्रीष्टको प्रतिज्ञाहरुमा आधारित वास्तविकतालाई दाबी गर्न तर मृत्युसम्मै अन्जान रहने इच्छा गर्नुचाहिँ उत्तम कुरो हो । सबै विशवासीहरुले जान्नलाई आवश्यक कुरो बाइबले प्रदान गर्दछ ।

स्वर्गमा अस्तित्वको लागि त्यहाँ कुनै यौनिक पक्ष (जुनचाहिँ प्रजनन हो) छैन भनेर येशूले दाबी गर्नुभयो । यस विषयमा कसैले सोध्न चाहने त्यहाँ थुप्रै प्रश्नहरु छन्, तर नयाँ करारमा अरु कुनै स्पष्टीकरण दिइएको छैन । यसले त साधारणतः स्वर्गदूतहरु कुनै यौनिक प्रजननबाट नभई परमेश्वरबाटै सृष्टि गरिएको हो भन्ने वास्तविकतालाई उल्लेख गरेको हुन सक्दछ ।

**१२:२५–२६ "........... दूतहरु ........... मृतकहरु जीवित भई उठ्ने कुराको विषयमा"** सदुकीहरुले स्वर्गदूतहरुको अस्तित्व अनि पुनरुत्थान दुवैलाई इन्कार गर्दथे । फरिसीहरुले दुवैलाई पुष्टि गर्दथे ।

**१२:२६ "मृतकहरु जीवित भई उठ्ने कुराको विषयमा"** यस सत्यतालाई पुष्टि गर्ने पूरानो करारमा त्यहाँ थुप्रै पाठहरु छन् (अय्यूब १४:१४–१५; १९:२५–२७; भजन २३:६; यशैया २५:६–९; २६:१४–१९; दानिएल १२:२) । तरैपनि पूरानो करारमा जीवनपछिका कुराहरुचाहिँ गुप्तमा राखिएका वास्तविकता हो । नयाँ करारका प्रगतिशील प्रकाशले वास्तविकतालाई स्पष्ट पार्दछ अनि परिभाषित गर्दछ, तर अझै पनि गुप्त आलंकारिक भाषामा । स्वर्गचाहिँ एउटा निश्चित प्रतिज्ञा अनि सत्यता हो, तर यसको वास्तविक प्रकृतिचाहिँ एउटा रहस्य नै हो ।

"मोशाको पुस्तकमा" व्यवस्थाको स्रोतचाहिँ मोशा नै हुन् भनेर येशूले पुष्टि गर्नुहुन्छ । यस प्रश्नले पनि "हो" भन्ने जवाफको आशा राख्दछ ।

**विशेष शीर्षक : पेन्टाट्यूक (PENTATEUCH) प्रतिको मोशाको लेखकत्व**

अ. बाइबल आफैले लेखकको नाउँलाई भन्दैन (जस्तो थुप्रै पूराना करारका पुस्तकहरुमा साँचो रहेको छ)। उत्पत्तिमा एज्रा अनि नहेम्याहमा जस्तो 'म' भन्ने छैन, अथवा प्रेरितमा जस्तो 'हामी' भन्नेछ ।

आ. यहूदी परम्परा

- १. प्राचीन यहूदी लेखकहरुले यसलाई मोशाले नै लेखेका थिए भनेर भनेका छन्
  - अ. लगभग १८५ ई.पू. मा लेखिएको Ben Sirah को *Ecclesiasticus,* २४:२३
  - आ. The Baba Bathra 14अ, तालमूडको एउटा भाग जसले पूरानो करारका पुस्तकहरुको परम्परागत लेखकत्व दिन्छ
  - इ. लगभग २० ई.पू. देखि सन् ४२ सम्म बाँचेका मिश्रका Philo या Alexandria को यहुदी दार्शनिक
  - ई. लगभग सन् ३७–७० तिर बाँचेका Falvius Josephus भन्ने एकजना यहुदी इतिहासकार
- २. YHWH ले मोशाको सत्यतालाई प्रकट गर्नुहुन्छ
  - अ. मानिसहरुका निम्ति मोशाले लेखेका हुन् भनेर भनिएको छ
    - १) प्रस्थान १७:१४
    - २) प्रस्थान २४:४, ७

३) प्रस्थान ३४:२७, २८
४) गन्ती ३३:२
५) व्यवस्था ३१:९, २२, २४–२६

आ. मानिसहरुका निम्ति मोशामार्फत् परमेश्वर बोल्नुभएको हो भनेर भनिएको छ
१) व्यवस्था ५:४–५, २२
२) व्यवस्था ६:१
३) व्यवस्था १०:१

इ. मानिसहरुका निम्ति मोशाले तोरहका वचनहरु बोलेका हुन् भनेर भनिएको छ
१) व्यवस्था १:१, ३
२) व्यवस्था ५:१
३) व्यवस्था २७:१
४) व्यवस्था २९:२
५) व्यवस्था ३१:१, ३०
६) व्यवस्था ३२:४४
७) व्यवस्था ३३:१

३. पूरानो करारका लेखकहरुले यसको श्रेय मोशालाई दिन्छ
अ. यहोशू ८:३१
आ. २ राजा १४:६
इ. एज्रा ६:१८
ई. नहेम्याह ८:१; १३:१–२
उ. २ इतिहास २५:४; ३४:१२; ३५:१२
ऊ. दानिएल ९:११
ऋ. मलाकी ४:४

ई. खीष्टियन परम्परा

१) येशूले तोरहबाटको उद्धरणको श्रेय मोशालाई दिनुहुन्छ
अ. मत्ती ८:४; १९:८
आ. मर्कूस १:४४; ७:१०; १०:५; १२:२६
इ. लूका ५:१४; १६:३१; २०:३७; २४:२७, ४४
ईं यूहन्ना ५:४६–४७; ७:१९, २३

२) पूरानो करारका लेखकहरुले तोरहबाटको उद्धरणको श्रेय मोशालाई दिन्छन्
अ. लूका २:२२
आ. प्रेरित ३:२२; १३:३९; १५:२१; २६:२२; २८:२३
इ. रोमी १०:५, १९
ई. १ कोरिन्थी ९:९
उ. २ कोरिन्थी ३:१५
ऊ. हिब्रू १०:२८
ऋ. प्रकाश १५:३

३) सुरुवाती मण्डलीका प्रायजसो फादरहरु (Fathers) ले मोजाइक लेखकत्वलाई स्वीकार गरेका थिए । तरैपनि, Ireneaus, Clement या Alexandria, Origen अनि Tertullian

सबैसित उत्पत्तिको वर्तमान क्यानोनी (Canonical) रुपसितको मोशाको सम्बन्धको विषयमा प्रश्नहरु थिए (पृष्ठ ३ को D.2).

ई. आधुनिक विद्वता

१. तोरहको बारेमा त्यहाँ स्पष्टरुपले केही सम्पादकीय थपाइहरु भएको हुन सक्दछ (प्राचीन कामहरुलाई समकालिन पाठकहरुमा बुझ्ने योग्यका बनाउनलाई जस्तो देखिन्छ, जुनचाहिँ मिश्री शास्त्रीहरुको एउटा चरित्र थियो) :

अ. उत्पत्ति १२:६; १३:७; १४:१४; २१:३४; ३२:३२; ३६:३१; ४७:११

आ. प्रस्थान ११:३; १६:३६

इ. गन्ती १२:३; १३:२२; १५:२२–२३; २१:१४–१५; ३२:३३

ई. व्यवस्था ३:१४; ३४:६

२. प्राचीन शास्त्रीहरु उच्च प्रशिक्षित अनि शिक्षित हुन्थे । यद्यपि, तिनीहरुको शैलीहरु, हरेक देशमा बेग्लाबेग्लै हुन्थे :

अ. मेसोपोटामियामा, कुनै कुरोलाई पनि परिवर्तन नगर्नलाई तिनीहरु सचेत थिए, अनि परिशुद्धताको लागि आफ्नै कामहरुलाई समेत जाँच गर्दथे । यहाँ लगभग १४०० ई.पू. बाटको एउटा प्राचीन सुमेरी लेखको एउटा हरफ छ : "सुरुदेखि अन्तसम्मै पूरा भएको कामलाई नक्कल गरिएको छ, संसोधन गरिएको छ, तुलना गरिएको छ अनि हरेक संकेतहरुद्वारा पुष्टिकरण गरिएको छ ।"

आ. मिश्रमा तिनीहरुले समकालीन पाठकहरुका लागि प्राचीन मूल पाठहरुलाई आफैलाई आधुनिक बनाउनलाई स्वतन्त्ररुपले संशोधन गरे । कोमरन (Qumarn) अर्थात् मृत सागरका लेखहरु (Dead sea scrolls) का शास्त्रीहरुले यस शैलीलाई पछ्याएका थिए ।

उ. १९ सौ शताब्दीका विद्वानहरुले तोरहलाई समयको लामो अवधिभरिमा थुप्रै स्रोतहरुबाट भएको एउटा मिश्रित प्रलेख हो भन्ने सिद्धान्त प्रस्तुत गरे (Graff-Wellhausen)। यो सिद्धान्तचाहिँ निम्नलिखित कुराहरुमाथि आधारित थियो :

अ. परमेश्वरको लागि बेग्लाबेग्लै नाउँहरु

आ. मूल पाठमा प्रत्यक्षरुपले भएको दोहोरोपना

इ. विवरणहरुबाटको शाब्दिक अर्थहरु

ई. विवरणहरुको ईश्वरशास्त्र

४. अनुमान गरिएको स्रोतहरु अनि मितिहरु

अ. J स्रोत (दक्षिणी इस्राएलबाट गरिएको YHWH को प्रयोग) – ९५० ई.पू.

आ. E स्रोत (उत्तरी इस्राएलबाट गरिएको Elohim (एलोहिम) को प्रयोग)–८५० ई.पू.

इ. JE स्रोत – ७५० ई.पू.

ई. D स्रोत – ६२१ ई.पू. (योशियाहको सुधारको पालामा मन्दिरको पुननिर्माण गर्दा भेटिएको व्यवस्थाको पुस्तक, २ राजा २२:८ चाहिँ यस सुधारलाई सहयोग गर्नको लागि योशियाहको समयका एकजना अज्ञात पूजाहारीले लेखेका व्यवस्थाको पुस्तक हुन सक्छ)।

उ. ए स्रोत (पूजाहारीहरुद्वारा पुनः लेखिएको पूरानो करार, विशेषगरेर, धार्मिक संस्कार अनि कार्यविधि) – ४०० ई.पू.।

५. तोरहको बारेमा त्यहाँ स्पष्टरुपले सम्पादकीय थप कुराहरु रहेका छन् । यहूदीहरुले यसलाई यसरी दाबी गर्दछन् :

अ. लेखिएको समयका प्रधान पूजाहारी (अथवा उसको परिवारको अरु कुनै सदस्य)

आ. यर्मिया अगमवक्ता

इ. शास्त्री एज्रा – IV एस्ड्रास (Esdras) ले भनेका छन् कि तिनले यसलाई दोहोराएर लेखे किनभने मूलहरु सबै त ५८६ ई.पू. यरुशलेमको पतनको समयमा नष्ट भएका थिए

६. तरैपनि, J.E.D. P. सिद्धान्तले तोरहको प्रमाण भन्दा हाम्रो आधुनिक साहित्यिक सिद्धान्तहरु अनि वर्गहरुको विषयमा धेरै नै भनेका छन् (R. K. Harrison, *Introduction to the Old Testament*, पृष्ठ ४९५–५४१ अनि *Tyndale's Commentaries, "Leviticus"* पृष्ठ १५–२५)।

७. हिब्रू साहित्यको चरित्र चित्रण

अ. उत्पत्ति १ अनि २ जस्ता दोब्बर गरिएका कुराहरु हिब्रूमा सामान्य कुरो रहेको छ । साधारणतय् विशेष विवरणहरु अघि एउटा आम विवरणहरु दिइएको छ । योचाहिँ सत्यतालाई जोड दिन अथवा मौखिक स्मरणलाई सहयोग गर्ने एउटा तरिका हुन सक्दछ ।

आ. प्राचीन धर्म गुरुहरुले परमेश्वरको लागि भनेका दुईओटा एकदमै साधारण नाउँहरुको ईश्वरशास्त्रीय महत्त्व रहेको छ ।

(१) YHWH - ईश्वरको लागि करारीय नाउँ, किनकी उहाँ इस्राएलसँग उद्धारकर्ता अनि मुक्तिदाताको रुपमा सम्बन्धित हुनुहुन्छ (भजन १९:७–१४; १०३)।

(२) Elohim - सृष्टिकर्ता, प्रबन्धक, अनि पृथ्वीका सबै प्राणीका तारणहारको रुपमा ईश्वर (भजन १९:१–६; १०४)

इ. एकीकरण गरिएको साहित्यिक कामहरुमा हुन आएको शैलीहरु अनि बोधको विभिन्नताको लागि यो पूर्वीय साहित्य नजिकको गैर–बाइबलीय कुराहरुमा सामान्य रहेको छ (R.K. Harrison, पृष्ठ ५२२–५२६)

८. शमूएलको निर्देशनमा (१ शमूएल १०:२५) त्यसै समयमा पेन्टाट्यूक (Pentateuch) को विभिन्न भागमा काम गर्ने त्यहाँ शास्त्रीहरु (इस्राएलको विभिन्न भागहरुमा) थिए भन्ने त्यहाँ एउटा विकासशील सिद्धान्त रहेको छ । यस सिद्धान्तलाई E. Robertson को *The Old Testament Problem* मा पहिलो पल्ट अगमवाणी गरिएको थियो)।

उ. प्राचीन निकटपूर्वीय साहित्यबाटको प्रमाणले उत्पत्ति लेख्नको लागि मोशाले पर्सिया अनि अश्शूरमा प्रयोग गरिने प्राचीन शैलीका लेखिएका प्रलेखहरु अथवा मेसोपोटामियम शैली (पितृसत्तात्मक) कुरालाई प्रयोग गरेका थिए भनेर संकेत गर्दछ । यसले प्रेरणाद्वारा लेखिएको हो भन्ने कुरालाई कुनै पनि हालतमा कम भने गर्दैन, तर यो उत्पत्तिको पुस्तकको साहित्यिक घटनालाई व्याख्या गर्ने एउटा कोशिस हो (P.J. Wiseman को *New Discoveries in Babylonia about Genesis*)। उत्पत्ति ३७ मा सुरु गरेर शैलीको एउटा सुस्पष्ट मिश्री प्रभाव, रुप अनि बोधले मिश्री अनि मेसोपोटामिया दुवैमा इस्राएलीहरुका समयबाटको साहित्यिक उत्पादनहरु अथवा मौखिक परम्पराहरुलाई मोशाले प्रयोग गरेका थिए भनेर संकेत गरिएको जस्तो देखिन्छ । मोशाको औपचारिक पूर्णरुपले मिश्री प्रकारको थियो ! पेन्टाट्यूकको वास्तविक साहित्यिक बनोटचाहिँ अनिश्चित नै रहेको छ । मोशाचाहिँ पेन्टाट्यूकको बृहत् बहुमतको संकलन अनि लेखक हुन् भन्ने कुरामा म विश्वास गर्छु, यद्यपि तिनले शास्त्रीहरु अनि/अथवा लिखित अनि मौखिक (पितृसत्तात्मक) परम्पराहरुलई प्रयोग गरेको हुन सक्दछ । तिनका लेखहरुलाई पछिल्ला शास्त्रीहरुद्वारा आधुनिकीकरण

गरिएको छ । पूरानो करारका यस्ता केही पहिलो पुस्तकहरुको ऐतिहासिकता अनि विश्वसनीयतालाई आधुनिक पुरातत्त्वद्वारा चित्रण गरिएको छ ।

- **"म अब्राहमका परमेश्वर ........ हुँ"** प्रस्थान ३:२–६ को यस सन्दर्भचाहिँ हिब्रू क्रिया "हुनु" को कालमाथि गरिएको एउटा प्रयोग हो । यस क्रियाको एउटा रुप (अर्थात्, प्रेरणार्थक क्रिया) चाहिँ इस्राएलका परमेश्वर, YHWH (प्रस्थान ३:१४) को लागि करारीय नाउँ बन्दछ । यस उपाधिले परमेश्वरचाहिँ अनन्तको अनि एउटै मात्र जीवित हुनुहुन्छ भन्ने संकेत गर्दछ । उहाँ जीवित हुन्छन् (२७ पद; भजन १०३:१५–१७; यशैया ४०:६–८; १ पत्रुस १:२४–२५)। मोशाका लेखहरुबाट येशूले जीवनपछिका कुराहरुको वास्तविकतालाई पुष्टि गर्नुभएको ध्यान दिनुहोस्, जुनचाहिँ यी सदुकीहरुले सिद्धान्तको लागि प्रमाणिक कुराको रुपमा स्वीकार गरेको हिब्रू क्यानोन (Hebrew Canon) को एउटैमात्र भाग थियो ।

NASB (UPDATED) TEXT: 12:28-34

२८शास्त्रीहरुमध्ये एकजना आए, र तिनीहरुलाई आपसमा विवाद गरिरहेका सुने । येशूले मानिसहरुलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरुमा मुख्यचाहिँ कुन हो ?" २९येशूले जवाफ दिनुभयो; "सबैभन्दा मुख्य आज्ञाचाहिँ यो हो : "हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । ३०तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर ।" ३१दोस्रोचाहिँ यो हो, "तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर ।" यो भन्दा ठूलो आज्ञा अर्को छैन ।" ३२त्यस शास्त्रीले उहाँलाई भने, "गुरुज्यू, तपाइँले ठीक भन्नुभयो, परमेश्वर एउटै हुनुहुन्छ, उहाँबाहेक अर्को कोही छैन । ३३उहाँलाई सारा हृदयले, सारा समझले, सारा शक्तिले प्रेम गर्नु, र छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु सबै होम बलि र बलिदानहरु भन्दा उत्तम हो ।" ३४तिनले बुद्धिमानी साथ जवाफ दिएका देखेर येशूले तिनलाई भन्नुभयो, "तिमी परमेश्वरको राज्यदेखि टाढा छैनौं ।" त्यस समयदेखि उहाँलाई प्रंश्न गर्ने कसैको हिम्मत भएन ।

**१२:२८ "शास्त्रीहरु"** यिनीहरु साधारणतय् गैर–पूजाहारीहरु थिए (त्यो भनेकोचाहिँ गैर–लेवीहरु हो), जो यहूदीहरुको मौखिक परम्परा (तालमूद) मा विद्वानहरु भए । पूरानो करारमा स्थानीय लेवीहरुले पवित्र लेखहरुलाई मानिसहरुका लागि (नहेम्याह ८) व्याख्या गर्दथे । बेबिलोनी निर्वासनमा जसै स्थानीय सभाघरहरुको विकास भयो, स्थानीय शिक्षकहरु अनि व्याख्याकारहरुका भूमिका महत्त्वपूर्ण रुपले बढेर गए । येशूको समयसम्म यस्ता शास्त्रीहरुमा प्रायजसो फरिसीहरु थिए । तिनीहरु ऐतिहासिकरुपमै धर्म गुरुहरुको यहुदीवादमा विकास भए (जुनचाहिँ मन्दिरको विनाशपछि भएको थियो)। २:६ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

**"तिनीहरुलाई आपसमा विवाद गरिरहेका सुने"** मत्ती २२:३४–३५ को समानान्तरले अव्यक्त उद्देश्यहरुलाई संकेत गरेको जस्तो देखिन्छ, तर मर्कूसको सुसमाचारले तिनी ईश्वरशास्त्रीय प्रश्नमा साँच्चै इच्छुक थिए भन्ने संकेत गर्दछ ।

**१२:२९ "सुन"** येशूले व्यवस्था ६:४–५ बाट उद्धृत गर्नुहुन्छ, तर मेसोरेटिक पाठ (Masoretic Text) अथवा सेप्टुअजिन्ट (Septuagint) बाट होइन (मत्ती २२:३७ को समानान्तर मेसोरेटिक

पाठसँग नजिक भए पनि दुरुस्तै चाहिँ होइन) । येशूको उद्धरणले मेसोरेटिक हिब्रू पाठ (Masoretic Hebrew Text) अनि सेप्टुअजिन्ट ग्रीक पाठ (Septuagint Greek Text) दुवैतिर एउटा वाक्यांशलाई थप्दछ । यस वास्तविक उद्धरणचाहिँ पूरानो करारको कुनै पनि पाठबाट अज्ञात नै रहेको छ । LXX ले हिब्रू "हृदय" लाई "मन" अथवा "बुझाई" तिर परिवर्त्तन गरेको छ । तर यस उद्धरणले MT अनि LXX मा "तिम्रो सारा हृदयले" भन्ने वाक्यांशलाई तेब्बर वाक्यांश (अर्थात्, हृदय, आत्मा र शक्ति) तिर जोड्दछ । NJB ले यसलाई पूरानो करारको उद्धरण (छड्के अक्षरमा नलेखिएको) को भाग होइन भनेर वाक्यांशलाई छापेर चिनेको छ । पाँचौं शताब्दीबाटको ग्रीक अनसियल (Uncial) पाण्डुलिपी D (जुनचाहिँ Bezae हो) ले "तिम्रो सारा हृदयले" भन्ने वाक्यांशलाई पूर्णरुपले छोडिदिएको छ । यसले मूल कुरोलाई प्रतिविम्बित गरेको हुन सक्दछ किनभने यसको अनुपस्थितिचाहिँ ३३ पदमा शास्त्रीहरुको जवाफसँग मेल खान्छ ।

मत्तीको समानान्तर (२२:३२) मा येशूले यसरी भन्नुभएको मत्तीले उद्धृत गर्दछ; "तिम्रो सारा हृदयले, अनि तिम्रो सारा प्राणले अनि तिम्रो सारा मनले ।" यहाँ "तिम्रो सारा शक्तिले" भन्ने हिब्रू खण्ड वाक्यलाई छोडिएको छ । मर्कूस अनि मत्ती एक अर्कासँग अनि MT अनि LXX दुवैसँग असहमत भएको कुरो साह्रै आश्चर्यपूर्ण रहेको छ । योचाहिँ नयाँ करारमा पूरानो करारका थुप्रै उद्धरणलाई छोडिएको कुराको एउटा असल उदाहरण हो (ती श्रेयहरु त येशूलाई सम्म पनि जान्छ)। यहीँ नै परिशुद्धता असम्भव भएको छ । तिनीहरु सबै (LXX, मत्ती अनि मर्कूस) ले मोशाबाटको उद्धरणको सामान्य अर्थलाई प्रतिविम्बित गर्दछन् ।

पूरानो करारको यस मूल पाठ (व्यवस्था ६:४–५) लाई सेमा (*Shema*) भनिन्छ, जुनचाहिँ हिब्रू शब्द "सुन्नु" हो । यसको अर्थचाहिँ गर्नलाई सुन्नु हो । यो एक ईश्वरवाद प्रतिको यहूदी पुष्टिकरण बनेको छ । यसलाई हरेक शबाथमा विश्वासिलो यहूदीहरुद्वारा नियमितरुपले प्रार्थना गरिन्छ । भविष्यवक्ताहरुमा परमेश्वरको एकरुपता अनि अनौठोपनामाथि अरु पाठहरु पनि छन्, तर योचाहिँ मोशाको लेखहरु (उत्पत्तिदेखि व्यवस्था) मा रहेको छ अनि, यसैले येशूका सबै श्रोताहरुलाई यसले बाँधिरहेको छ (जो सदुकीहरु अनि फरिसीहरु हुन्)।

१२:३० येशूको जवाफले के देखाउँछ भने परमेश्वरको प्रारम्भिक आज्ञाप्रति त्यहाँ दुईओटा पक्षहरु रहेका छन् : (१) परमेश्वरको एकता अनि एकरुपता अनि (२) उहाँ अनि केवल उहाँमाथि हाम्रो पूर्ण प्रतिज्ञा !

- **"हृदय"** २:६ को विशेष शीर्षकलाई हेर्नुहोस् ।

**१२:३१ "तैंले आफ्नो छिमेकीलाई .......... प्रेम गर्"** योचाहिँ सेप्टुअजिन्ट (Septuagint) मा लेवी १९:१८ बाटको एउटा उद्धरण हो । येशूले ईश्वरशास्त्रीय सत्यतालाई व्यवहारिक, अनि नैतिक मागहरु ( जकरिया ७–८) सित जोड्नुभयो । परमेश्वरलाई प्रेम गर्न अनि उहाँको स्वरुपमा बनिएका कुराहरुलाई घृणा गर्न असम्भव कुरो हो (१ यूहन्ना २:९–११; ३:१५; ४:२०)।

यदि तपाइँले आफैंलाई प्रेम गर्नुहुन्न भने तपाइँका छिमेकीलाई (अर्थात्,करारीय दाज्यू अथवा बहिनी), तपाइँलाई जस्तै गरी प्रेम गर्न असम्भव छ । त्यहाँ एउटा उचित स्व–प्रेम रहेको छ जुनचाहिँ मानिस–जातिको लागि परमेश्वरको प्राथमिक प्रेममाथि आधारित छ । हामी उहाँको स्वरुपमा बनिएका

उहाँका सृष्टिहरु हौं (उत्पत्ति १:२६, २७)। हाम्रा वरदानहरुमा हामी आनन्दित हुनैपर्दछ अनि हाम्रो भौतिक, मानसिक अनि मनोवैज्ञानिक प्राप्ति (भजन १३९) लाई स्वीकार गर्नैपर्दछ । हामी आफैंलाई निन्दा गर्नुचाहिँ हाम्रा सृष्टिकर्त्तालाई निन्दा गर्नु हो ! उहाँले हाम्रा पतनलाई उहाँको महिमाको प्रतिविम्बमा (जुनचाहिँ ख्रीष्ट जस्तै बन्नु हो) परिवर्तन गर्न सक्नुहुन्छ ।

ख्रीष्टियनिटी ख्रीष्टमार्फत् परमेश्वरसित एउटा व्यक्तिगत विश्वासको प्रतिज्ञामा संलग्न रहेको छ । यो प्रायश्चित अनि विश्वासको एउटा व्यक्तिगत स्वेच्छिक निर्णयको रुपमा सुरु हुन्छ । तरैपनि, यो पारिवारिक अनुभवमा निस्कन्छ । हामीलाई सबैको हितको लागि वरदान दिइएको छ (१ कोरिन्थी १२:७) । हामी ख्रीष्टका शरीरका भाग हौं । हामीले अरुहरुलाई गरेको व्यवहारले ख्रीष्टप्रतिको हाम्रो साँचो भक्तिलाई प्रकट गर्दछ । परमेश्वरको स्वरुप अनि प्रतिरुपमा बनिएको परमेश्वर अनि मानिस जातिको एकरुपताले परमेश्वरतर्फ अनि अरु मानिस जातितर्फ (विशेष गरेर विश्वासका परिवारहरुलाई) एउटा उचित जवाफको माग गर्दछ ।

- **"यो भन्दा ठूलो आज्ञा अर्को छैन"** वैधरुपी विश्वासीहरु (अर्थात्, कमजोर, रोमी १४:१–१५:१३) को लागि यस बयानलाई स्वीकार गर्न साह्रै कठिन कुरो हो । परमेश्वर अनि करारीय दाज्यू भाइहरुका लागि (हराएकाहरु समेतका लागि) एउटा पूर्ण प्रेमको लागि त्यहाँ कुनै नियमहरु छैन । नियमहरु त बदलिएको हृदय अनि मनबाट बगिनिस्कनु पर्दछ; तिनीहरुले ईश्वरत्वलाई उत्पादन गर्दैन !

**१२:३२–३३ "उहाँ ....... उहाँलाई"** यस सर्वनामले YHWH लाई उल्लेख गर्दछ । प्रस्थान २०:७ अनुसार, प्रायजसो यहूदीहरुलाई परमेश्वरको करारीय नाउँलाई उच्चारण गर्न असजिलो हुने गर्दथ्यो ।

- **"उहाँ बाहेक अर्को कोही छैन"** यस वाक्यांशले स्वर्गदूतहरु जस्ता अरु आत्मिकी जीवहरुको अस्तित्वलाई इन्कार गर्दैन । यसको शाब्दिक अर्थ हुन्थ्यो कि YHWH अघि अथवा बाहेक अरु कोही छैन । उहाँ त उदेकको वर्गका हुनुहुन्छ (प्रस्थान ८:१०; ९:१४; व्यवस्था ४:३५, ३९)। यस शास्त्रीले YHWH को अनौठोपनालाई व्यक्त गरिरहेको छ !

**१२:३३ "प्रेम .......... सबैहोम बलि र बलिदानहरुभन्दा उत्तम हो ।"** यस शास्त्रीमा विश्वास अनि धार्मिक संस्कारहरु (१ शमूएल १५:२२; यशैया १:११–१४; होशे ६:६; आमोस ५:२१–२४; मीका ६:६–८) माझको सम्बन्धको विषयमा ठूलो ज्ञान थियो । यो मन्दिरको संस्कारलाई घटाउनको लागि होइन तर उचित उद्देश्य अनि विश्वासचाहिँ महत्त्वपूर्ण छ भनेर जोड दिनलाई हो (त्यो भनेकोचाहिँ पूजाहारीहरु अनि अगमवक्ताहरुको अन्तदृष्टिमा समावेश हुनु हो)।

**१२:३४ "तिमी परमेश्वरको राज्यदेखि टाढा छैनौ"** यो बयानचाहिँ येशूले दाबी गर्नुभएको आफैप्रतिको सकारात्मक अनि विश्वासको तत्काल जवाफको केन्द्रियताको अर्को तरिका थियो । राज्य त त्यसै समयमा (येशूमाथिको विश्वासमार्फत्) उपलब्ध थियो, भविष्यमा कहीं कतै होइन । यस मानिसले पुरानो करारका ईश्वरशास्त्रलाई बुझेको भए तापनि, तिनको विश्वासलाई ख्रीष्टमा नराखेसम्म तिनी परमेश्वरसित ठीक थिएनन् । ठीक ईश्वरशास्त्रले उद्धारको भरोसा दिँदैन ! बाइबलको ज्ञानले उद्धारको

भरोसा दिँदैन । धार्मिक संस्कारहरुको प्रदर्शनी अनि गिर्जाघरमा आराधना गरिने विधिले उद्धारको भरोसा दिलाउँदैन । खीष्टमाथिको विश्वासले मात्र दिलाउँछ !

NASB (UPDATED) TEXT: 12:35-34

३५अनि मन्दिरमा सिकाउनु हुँदा येशूले भन्नुभयो, "कसरी खीष्ट दाऊदका पुत्र हुन् भनी व्यवस्थाका शास्त्रीहरु भन्दछन् ? ३६किनकी दाऊद आफैले पवित्र आत्माद्वारा भनेका छन्, परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरुलाई तिम्रा खुट्टाका पैतालामुनि राख्दिनँ ।" ३७जब दाऊद आफैले उनलाई "प्रभु" भन्दछन्, त कहाँबाट उनी तिनका पुत्र भए ?" अनि त्यहाँको ठूलो भीडले उहाँको वचन खुसीसाथ सुन्यो ।

**१२:३५ "कसरी"** यस अध्यायले प्रश्नहरुको एउटा श्रृङ्खला नै अभिलेख गरेको छ :

१. सान्हेड्रिन (Sanhedrin) बाट (११:२७–१२:१२)
२. फरिसीहरु अनि हेरोदीहरुबाट (१२:१३–१७)
३. सदुकीहरुबाट (१२:१८–३४)
४. एकजना शास्त्रीबाट (१२:२८–३४)
५. येशूबाट (११:२९–३३, ३५–३७)

अब येशूले तिनीहरुलाई प्रश्न सोध्नुहुन्छ जस्तो उहाँले ११:२९–३० मा गर्नुभयो । प्रश्न अनि उत्तरको यस तरिकाचाहिँ धर्म गुरुहरुको यहूदीवादको चरित्र चित्रण हो ।

- "....... **खीष्ट दाऊदका पुत्र हुन्"** मत्ती १२:२३; २१:१५, २ शमूएल ७:११–१६ लाई पढ्नुहोस् । अनि यसलाई भजन ११०:१ सँग तुलना गर्नुहोस् । येशूले धार्मिक अगुवाहरुसम्म पुग्ने कोशिस गर्दै हुनुहुन्थ्यो । उहाँले तिनीहरुको वास्ता गर्दै हुनुहुन्थ्यो यसर्थ उहाँले तिनीहरुको कारण देखाउने अनि बढाइ–चढाइ गर्ने तरिकालाई प्रयोग गर्दै हुनुहुन्थ्यो तिनीहरुसित यति विघ्न प्रकाश थियो, तर परम्पराले गर्दा एकदमै अन्धो बनेका थिए ।

**१२:३६ "दाऊद आफैले पवित्र आत्माद्वारा भनेका छन्"** यसले पवित्र आत्माद्वारा भजन ११० को प्रेरणा पाएको कुरालाई दाबी गर्दछ । बाइबल स्वर्गीय सत्यता हो (आत्माबाटको), तर यसको मूल लेखकको भाषा अनि संस्कृतिमा लेखियो ।

- **"परमप्रभुले मेरो प्रभुलाई भन्नुभयो"** यो सेप्टुअजिन्टबाट भजन ११०:१ बाटको एउटा उद्धरण हो । हिब्रूमा पहिलो "परमप्रभु" (जसलाई अङ्ग्रेजीमा सबै ठूला अक्षरहरुमा अनुवाद गरिएको छ) चाहिँ YHWH लाई अनुवाद गर्ने हाम्रो अंग्रेजी अनुवादको तरीका हो । योचाहिँ ईश्वरको लागि करारीय नाउँलाई प्रयोग गर्न हिब्रूहरु साह्रै अनिइच्छुक भएकोले गर्दा हुन आयो । त्यसैकारण, जब कसैले मूल पाठको YHWH लाई ठूलो स्वरले पढ्दछ, उसले हिब्रू शब्द *Adon* (एडोन) लाई प्रतिस्थापित गर्दछ, जसको अर्थ हुन्छ "प्रभु", "पति", "मालिक", अथवा "गुरु"। ग्रीकमा यसलाई क्युरियोस् (*kurios*) भनेर अनुबाद गरिएको थियो । यस भिन्नतालाई

ग्रीक पाठमा देखाइएको छैन जहाँ *kurios* लाई YHWH अनि *adon* दुवैमा अनुबाद गरिएको छ ।

**विशेष शीर्षक : ईश्वरको लागि नाउँहरु**

अ. *El* (BDB 42, KB 48)

१. ईश्वरको लागि जातीय प्राचीन शब्दको मूल अर्थचाहिँ अनिश्चित नै छ, यद्यपि यो अक्काडियन (Akkadian) को मूलरुप "बलियो हुनु" अथवा "शक्तिशाली हुनु" (उत्पत्ति १७:१; गन्ती २३:१९; व्यवस्था ७:२१; भजन ५०:१) बाट आएको हो भनेर थुप्रै विद्वानहरुले विश्वास गर्दछन् ।

२. कनानी सर्वेश्वरवाद (Cannaite pantheon) मा *El* चाहिँ सर्वोच्च परमेश्वर हुन् (Ras Shamra पाठहरु)

३. बाइबलमा *El* लाई साधारणतय् अरु शब्दहरुसँग मिसाइँदैन । यस्ता मिश्रणहरु परमेश्वरको चरित्र चित्रण गर्ने तरिका बने :

अ. *El - Elyon* (सर्वोच्च परमेश्वर, BDB 42 अनि 751 II), उत्पत्ति १४:१८–२२; व्यवस्था ३२:८; यशैया १४:४

आ. *El-Roi* ("परमेश्वर जसले देख्नुहुन्छ" अथवा "परमेश्वर जसले आफैलाई प्रकट गर्नुहुन्छ," BDB 42 अनि 909), उत्पत्ति १६:१३

इ. *El-Shaddai* ("सर्वशक्तिमान परमेश्वर" अथवा "कृपालु परमेश्वर" अथवा "पवर्तका परमेश्वर," BDB 42 अनि 994), उत्पत्ति १७:१; ३५:११; ४३:१४; ४९:२५; प्रस्थान ६:३

ई. *El-Olam* (अनन्तको परमेश्वर, BDB 42 अनि 761), उत्पत्ति २१:३३ । यो शब्द दाऊदलाई गरिएको परमेश्वरको प्रतिज्ञासँग ईश्वरशास्त्रीय रुपमै गाँसिएको छ, २ शमूएल ७:१३, १६

उ. *El-Berit* ("करारको परमेश्वर," BDB 42 अनि 136), न्यायकर्ता ९:४६

४. *El* लाई तल दिइएका कुराहरुसँग समीकरण गरिएको छ :

अ. भजन ८५:८; यशैया ४२:५ मा YHWH

आ. उत्पत्ति ४६:३; अय्यूब ५:८ मा *Elohim*, "म तेरा पिताको *El, Elohim* हुँ"

इ. उत्पत्ति ४९:२५ मा *Shaddai*

ई. प्रस्थान ३४:१४; व्यवस्था ४:२४; ५:९; ६:१५ मा "इर्ष्या"

उ. व्यवस्था ४:३१; नहेम्याह ९:३१ मा "दया"

ऊ. व्यवस्था ७:२१; १०:१७; नहेम्याह १:६; ९:३२; दानिएल ९:४ मा "महान् अनि भययोग्य"

ऋ. १ शमूएल २:३ मा "ज्ञान"

ॠ. २ शमूएल २२:३३ मा "मेरा शक्तिशाली शरणस्थान"

ए. २ शमूएल २२:४८ मा "मेरो बदला लिनुहुने"

ऐ. यशैया ५:१६ मा "पवित्र जन"

ओ. यशैया १०:२१ मा "सामर्थ्य"

औ. यशैया १२:२ मा "मेरो उद्धार"

क. यर्मिया ३२:१८ मा "महान अनि शक्तिशाली"

ख. यर्मिया ५१:५६ मा "बदला लिनुहुने"

५. परमेश्वरका लागि पूरानो करारका सबै मुख्य नाउँहरुको मेल यहोशू २२:२२ मा पाइन्छ (*El, Elohim*, YHWH लाई दोहोराइएको छ)

आ. *Elyon* (BDB 751, KB 832)

१. यसको आधारभूत अर्थ हुन्छ "सर्वोच्च", "प्रशंसा गरिएको," अथवा "उचालिएको" (उत्पत्ति ४०:१७; १ राजा ९:८; २ राजा १८:१७; नहेम्याह ३:२५; यर्मिया २०:२; ३६:१०; भजन १८:१३)।

२. यसलाई परमेश्वरको कैयौं अरु नाउँहरु/उपाधिहरुको एउटा समानान्तर अर्थमा प्रयोग गरिएको छ ।

अ. *Elohim* - भजन ४७:१–२; ७३:११; १०७:११

आ. YHWH– उत्पत्ति १४:२२; २ शमूएल २२:१४

इ. *El-shaddai* – भजन ९१:१, ९

ई. *El* – गन्ती २४:१६

उ. *Elah* – दानिएल २–६ अनि एज्रा ४–७ मा बारम्बार प्रयोग गरिएको, दानिएल ३:२६; ४:२; ५:१८, २१ मा *illair* ("सर्वोच्च परमेश्वर" को लागि आरमिक भाषा) सँग गाँसिएको

३. यसलाई गैर – इस्राएलीहरुद्वारा बारम्बार प्रयोग गरिएको छ

अ. मल्कीसेदेक, उत्पत्ति १४:१८–२२

आ. बालम, गन्ती २४:१६

इ. मोशा, व्यवस्था ३२:८ मा राष्ट्रको विषयमा बोल्दै

ई. नयाँ करारमा, लूकाको सु–समाचार, अन्य जातिहरुलाई लेखिएको समय, ग्रीकको समान *Hupsistos* पनि प्रयोग गरिएको छ (१:३२, ३५, ७६; ६३५; ८:२८; प्रेरित ७:४८; १६:१७)

इ. *Elohim* (बहुवचन), *Eloah* (एकवचन), प्रारम्भिकरुपमा काव्यमा प्रयोग गरिएको (BDB 43, KB 52)

१. यस शब्दलाई पूरानो करार बाहिर पाइँदैन ।

२. यस शब्दले इस्राएलको परमेश्वर अथवा राष्ट्रहरुको परमेश्वरलाई निर्दिष्ट गर्न सक्दछ (प्रस्थान १२:१२; २०:३)। अब्राहमका परिवारले धेरै ईश्वरहरुलाई विश्वास गर्दथे (यहोशू २४:२)।

३. यसले इस्राएली न्यायकर्ताहरुलाई उल्लेख गर्न सक्दछ (प्रस्थान २१:६; भजन ८२:६)।

४. *Elohim* शब्दलाई व्यवस्था ३२:८ (LXX); भजन ८:५; अय्यूब १:६; ३८:७ मा जस्तो अरु आत्मिकी जीवहरु (स्वर्गदूतहरु, भूतहरु) को लागि पनि प्रयोग गरिएको छ ।

५. बाइबलमा यो ईश्वरको लागि पहिलो उपाधि/नाउँ हो (उत्पत्ति १:१)। यसलाई उत्पत्ति २:४ सम्म अत्याधिकरुपले प्रयोग गरिएको छ जहाँ यसलाई YHWH सित मिश्रण गरिएको छ । यसले आधारभूत रुपमा (ईश्वरशास्त्रीय रुपमा) परमेश्वरलाई सृष्टिकर्ता, रक्षक अनि यस ग्रहका सबै प्राणीहरुका तारणहारको रुपमा उल्लेख गर्दछ (भजन १०४)।

यसको *EI* (उत्पत्ति ३२:१५–१९) सँग पर्यायवाची रहेको छ । यसले YHWH सित पनि समानान्तर गर्न सक्दछ जसरी भजन १४ (*Elohim*) भजन ५३ (YHWH) सँग स्वर्गीय नाउँहरुको परिवर्तन सिवाय ठीक दुरुस्तै रहेको छ ।

६. यद्यपि बहुवचन अनि अरु ईश्वरहरुको प्रयोगमा, यस शब्दले बारम्बार इस्राएलको परमेश्वरलाई निर्दिष्ट गर्दछ, तर साधारणतय एउटै मात्र ईश्वरको प्रयोगलाई देखाउन यसको एकवचन क्रिया पनि छ ।
७. यस शब्दलाई ईश्वरको नाउँको लागि गैर–इस्राएलीहरुका मुखमा भेट्टाइन्छ ।
अ. मल्कीसेदेक, उत्पत्ति १४:१८–२२
आ. बालम, गन्ती २४:२
इ. मोशा, व्यवस्था ३२:८ मा राष्ट्रहरुको विषयमा बोल्नुपर्दा
८. इस्राएलका परमेश्वरका लागि एउटा प्रचलित नाउँचाहिँ बहुवचन भएको कुरो आश्चर्यजनक छ ! यद्यपि त्यहाँ कुनै निश्चयता नभए पनि, यहाँ यस्ता सिद्धान्तहरु छन् :
अ. जोड दिनलाई प्रायजसो प्रयोग गरिने हिब्रूका थुप्रै बहुवचनहरु छन् । यससँग निकटरुपले सम्बन्धित भएकोचाहिँ पछिल्लो हिब्रू व्याकरणीय विशेषता हो जसलाई "महिमाको बहुवचन" (Plural of majesty) भनिन्छ, जहाँ बहुवचनलाई एउटा अवधारणालाई बढाउनको लागि प्रयोग गरिन्छ ।
आ. यसले स्वर्गदूतहरुको परिषद्लाई उल्लेख गरेको हुन सक्दछ, जसलाई परमेश्वरले स्वर्गमा भेट्नुहुन्छ अनि जसले उहाँको शुभेच्छा प्रकट गर्नुहुन्छ (१ राजा २२:१९–२३; अय्यूब १:६; भजन ८२:१; ८९:५, ७)।
इ. नयाँ करारले एउटै परमेश्वरलाई तीनजना व्यक्तिहरुमा प्रकट गरेको कुरालाई यसले प्रतिविम्बित गर्नु पनि सम्भव छ । उत्पत्ति १:१ मा, परमेश्वरले सृष्टि गर्नुहुन्छ; उत्पत्ति १:२ मा आत्मा घुमिरहन्छ, अनि नयाँ करारबाट येशू सृष्टि गराइमा परमेश्वर पिताको प्रतिनिधि हुनुहुन्छ (यूहन्ना १:३, १०; रोमी ११:३६; १ कोरिन्थी ८:६; कलस्सी १:१५; हिब्रू १:२; २:१०)
ई. YHWH (BDB 217, KB 394)
१. योचाहिँ त्यस्तो नाउँ हो जसले ईश्वरलाई करार बनाउने परमेश्वर, उदारकर्त्ता, मुक्तिदाताको रुपमा परमेश्वरको प्रतिविम्बित गर्दछ ! मानिस जातिले करारलाई तोड्न सक्दछ, तर परमेश्वर आफ्नो वचन, प्रतिज्ञा अनि करारमा विश्वासयोग्य हुनुहुन्छ (भजन १०३)।

यस नाउँलाई उत्पत्ति २:४ मा *Elohim* को मेलमा पहिलोपल्ट उल्लेख गरिएको छ । उत्पत्ति १–२ मा त्यहाँ सृष्टिको दुईओटा अभिलेखहरु छैनन्, तर दुईओटाले यी कुराहरुलाई जोड दिन्छ : (१) ब्रमाहण्ड (भौतिक) को सृष्टिकर्ताको रुपमा परमेश्वर अनि (२) मानिस जातिका विशेष सृष्टिकर्त्ताको रुपमा परमेश्वर । उत्पत्ति २:४–३:२४ ले मानिस जातिको सुविधायुक्त अवस्था अनि उद्देश्यको विषयका विशेष प्रकाश, साथसाथै अनौठो अवस्थासँग सम्बन्धित पाप अनि विद्रोहको समस्यालाई सुरु गर्दछ ।

२. उत्पत्ति ४:२६ मा, यसरी भनिएको छ "... मानिसले परमप्रभुका नाउँको पुकारा गर्न सुरु गरे" (YHWH) । तरैपनि, प्रस्थान ६:३ ले सुरुवाती करारीय मानिसहरु (कुलको मुख्य व्यक्तिहरु अनि तिनीहरुका परिवारहरु) ले परमेश्वरलाई *El-Shaddai* को रुपमा मात्र जान्दथे भनेर संकेत गर्दछ । YHWH नाउँलाई प्रस्थान ३:१३–१६ मा विशेष गरेर १४ पदमा एकै पल्टमात्र व्याख्या गरिएको छ । तरैपनि, मोशाका लेखहरुले प्रत्येक प्रचलित शब्दहरुको प्रयोगलाई बारम्बार व्याख्या गर्दछ, तर शब्दको इतिहासद्वारा होइन (उत्पत्ति १७:५; २७:३६; २९:१३–३५)। यस नाउँको अर्थको लागि त्यहाँ कैयौं सिद्धान्तहरु रहेका छन् (IDB, Vol. 2, पृष्ठ ४०९–११ बाट लिइएको)।
अ. "तीब्र प्रेम देखाउनलाई" आरबिक मूल शब्दबाट

आ. “उडाउनु” आरबिक मूल शब्दबाट (आँधीको परमेश्वरको रुपमा YHWH)
इ. “बोल्नु” युगरटिक (Ugartic) कनानी मूल शब्दबाट
ई. एउटा फोनिसियन (Phoenician) शिलालेखलाई पछ्याउँदै, एउटा प्रेरणार्थक कृदन्तको अर्थ हुन्छ “जसले रक्षा गर्नुहुन्छ,” अथवा “जसले स्थापित गर्नुहुन्छ”
उ. हिब्रू *Qal* रुपबाट “एकजना जो हुनुहुन्छ” अथवा “जो उपस्थित हुनुहुन्छ” (भविष्यत् कालमा, “जो हुनुहुनेछ”)
ऊ. हिब्रू *Hiphil* रुपबाट “जसले गराउनुहुन्छ”
ऋ. “जिउनु” हिब्रू मूल शब्दबाट (उदाहरणको लागि उत्पत्ति ३:२०); जसको अर्थ हुन्छ “अनन्तसम्म जिउने, एकमात्र जीवित जन”
ॠ. प्रस्थान ३:१३–१६ को सन्दर्भबाट अपूर्ण रुपमाथिको प्रयोग गराइलाई एउटा पूर्ण अर्थमा प्रयोग गरिएको छ, “जे म हुने गर्दथें त्यही नै म निरन्तर भइरहने छु” अथवा “म सदैव भएको कुरालाई म निरन्तर भइरहनेछु” (J. Wash Watts, *A survey of Syntax in th Old Testament*, पृष्ठ ६७)। YHWH को पूर्ण नाउँलाई प्रायजसो छोटकरीमा अथवा सम्भवत् एउटा मूलरुपमा व्यक्त गरिन्छ ।
(१) *Yah* (उदाहरणको लागि हल्लेलू – याह, BDB २१९, प्रस्थान १५:२; १७:१६; भजन ८९:९; १०४:३५)
(२) *Yahu* ("iah" नाउँहरुको अन्त्य, जस्तै, यशैया)
(३) *Yo* ("Jo" नाउँहरुको सुरुवात, जस्तै Joshua अथवा Joel (यहोशू अथवा योएल)।
३. पछिल्ला यहूदीवादमा यस करारीय नाउँ यति पवित्र बन्यो कि आफूहरुले प्रस्थान २०:७; व्यवस्था ५:११; ६:१३ को आज्ञालाई भंग गर्छन् कि भनेर यहूदीहरुले यसलाई भन्न डराउँथे । यसैले तिनीहरुले हिब्रू शब्दको लागि “मालिक”, “स्वामी”, “पति”, “प्रभु” *adon* अथवा adonai (मेरा प्रभु) द्वारा प्रतिस्थापित गरिदिए । पूरानो करारको मूल पाठलाई पढ्दा जब तिनीहरु YHWH मा आउँदथे, तिनीहरुले “प्रभु” भनी उच्चारण गर्दथे । त्यसैले अंग्रेजी अनुबादहरुमा YHWH लाई प्रभु भनी लेखिएको छ ।
४. *El* सित जस्तै गरी YHWH लाई पनि इस्राएलको करारीय परमेश्वरको निश्चित चरित्रहरुलाई जोड दिन अरु शब्दहरुसँग बारम्बार मेल गराइन्छ । जबकि त्यहाँ थुप्रै सम्भवत् मिश्रण शब्दहरु भएता पनि, केहीलाई यहाँ दिइएको छ
अ. *YHWH-Yireh* (YHWH ले जुटाउनु हुनेछ, BDB 216 अनि 906), उत्पत्ति २२:१४
आ. *YHWH-Rophekha* (YHWH तपाईंको चँगाईकर्ता हुनुहुन्छ, BDB 217 अनि 905, *Qal* कृदन्त), प्रस्थान १५:२६
इ. *YHWH - Nissi* (YHWH मेरो झण्डा हुनुहुन्छ, BDB 217 अनि 651), प्रस्थान १७:१५
ई *YHWH - Meqaddishkem* (YHWH ले नै तपाइँलाई पवित्र पार्नुहुन्छ, BDB 217 अनि 872 *Piel* कृदन्त), प्रस्थान ३१:१३

उ. *YHWH – Shalom* (YHWH शान्ति हुनुहुन्छ, BDB 217 अनि 1022), न्यायकर्त्ता ६:२४

ऊ. *YHWH-Sabbaoth* (YHWH सर्वशक्तिमान्, BDB 217 अनि 878), १ शमूएल १:४, ११; ४:४; १५:२; अगमवक्ताहरुद्वारा बारम्बार प्रयोग गरिएको ।

ऋ. *YHWH-Rol* (YHWH मेरो गोठालो हुनुहुन्छ, BDB 217 अनि 944, *Qal* कृदन्त), भजन २३:१

ॠ. *YHWH-Sidqenu* (YHWH मेरो धार्मिकता हुनुहुन्छ, BDB 217 अनि 841), यर्मिया २३:६

ए. *YHWH-Shammah* (YHWH त्यहाँ हुनुहुन्छ, BDB 217 अनि 1027), इजकिएल ४८:३५

- **"मेरो दाहिने हातपट्टि बस"** 'मेरो' ले YHWH लाई उल्लेख गर्दछ । परमेश्वरको मानव गुणहरु छ कि भन्ने विश्वासको यस वाक्यांश (त्यो भनेकोचाहिँ परमेश्वरको बारेमा मानिस जातिको शारीरिक शब्दहरुमा बताउने काम) को अर्थचाहिँ मसिहको शक्ति, अधिकार, अनि विशिष्टताको स्थान देखाउनलाई थियो । यसले ब्रमाहण्डको राजाले आफ्नो सिंहासनलाई अरुसँग बाँडेको कुरालाई प्रतिविम्बित गर्दथ्यो (त्यो भनेकोचाहिँ उहाँको मसीह हो, १४:६२)।

- **"जबसम्म म तिम्रा शत्रुहरुलाई तिम्रा खुट्टाका पैतालामुनि राख्दिनँ"** यसले भजन ११०:१ बाटको उद्धरणलाई निरन्तरता दिन्छ । यस वाक्यांशले आफ्नो मसीहको पक्षमा YHWH को विजयको दाबी गर्दछ (भजन २)। यस सत्यतालाई १ कोरिन्थी १५:२४–२७ मा अझ प्रकट गरिएको छ अनि १ कोरिन्थी १५:२८ मा अन्त्यमा पिताको अनन्त राज्यमा समेत निरन्तरता दिइएको छ !

मर्कूसद्वारा (मत्ती २२:२४) गरिएको भजन ११०:१ को उद्धरण मेसोरेटिक हिब्रू पाठ (Masoretic Hebrew text) अनि सेप्टुअजिन्टबाट हटेको छ (जस्तो २९–३० पदमा मर्कूसद्वारा गरिएको व्यवस्था ६:४–५ को उद्धरण हटेको छ) । MT अनि LXX मा "मैले तिम्रा शत्रुहरुलाई तिम्रा खुट्टाको पैतालामुनि नराखेसम्म" ६ (लूका २०:४३; प्रेरित २:३४–३५)। शास्त्रीहरु (त्यो भनेकोचाहिँ MSS א, A, L अनि Vulgate अनि Peshitta अनुवादहरु) ले पूरानो करारको उद्धरणलाई पुष्टि गर्नको लागि मर्कूसको उद्धरणलाई परिवर्तन गरिदिए ।

१२:३७ योचाहिँ प्रश्नको मूल कुरा थियो । यसले के देखाउँछ भने (१) धार्मिक अगुवाहरुले मसीहको विषयमा समेत धर्मशास्त्रलाई बुझ्न सकेनन् (त्यो भनेकोचाहिँ तिनीहरु आत्मिकीरुपमा अन्धो थिए भन्ने हो) अथवा (२) दाऊदको पुत्र भएता पनि ख्रीष्ट, आत्मिकीरुपमा दाऊद भन्दा सर्वश्रेष्ठ हुनुहुन्थ्यो अनि वास्तवमा, एउटा स्वर्गीय उत्पत्ति थियो । जसै तिनीहरुले येशूलाई प्रश्नहरुद्वारा छल गर्ने कोशिस गरे, यसैले अहिले उहाँले तिनीहरुलाई एउटा प्रश्न सोध्नुभयो जसले तिनीहरुलाई चुप लगाए ।

मलाई लाग्छ कि #२ चाहिँ ईश्वरशास्त्रीयरुपमै उचित जवाफ हो । पूरानो करारको YHWH ले मानिसको प्रयत्न अथवा साँस्कृतिक परम्पराहरु (जुनचाहिँ सबै परिवारको मूलले बाँझी आइमाइलाई

विवाह गरेको अनि जेठा छोरा कहिले पनि चुनिएको वंश नभएको) बाट फरक मसिही वंशलाई चुन्नुभयो ! यो एउटा सूक्ष्म तर दह्विलो पुष्टिकरण हो, कि मसीहचाहिँ दाऊद भन्दा महान् हुनेछन् (जो दाऊदको 'प्रभु' अथवा 'मालिक' हुनुहुन्छ), जसले निश्चय नै एउटा स्वर्गीय काम, अनि एकजना स्वर्गीय व्यक्तिलाई समेत संकेत गर्दछ ।

- **"अनि त्यहाँको ठूलो भीडले उहाँको वचन खुसीसाथ सुन्यो"** ठूलो भीडहरुचाहिँ मर्कूसको सु–समाचारमा बारम्बार आउने एउटा चरित्र हो । त्यस ठाउँका मानिसहरु, जसलाई प्रायःजसो धार्मिक साम्रान्त मानिसहरुबाट खिसी गरिन्थ्यो अनि वेवास्ता गरिन्थ्यो (३८–४० पद), हठी धार्मिक मानिसहरुले तिनीहरुकै तरिकामा प्रयोग गर्ने गरेका टेबलहरुलाई पल्टाइदिएको देखेर रमाएका थिए ।

NASB (UPDATED) TEXT: 12;38-40
३८तब शिक्षा दिनुहुँदा येशूले भन्नुभयो, "शास्त्रीहरुदेखि होसियार रहो । तिनीहरु लामो वस्त्र लाएर यताउता डुल्न र बजारहरुमा अभिवादन पाउन, ३९तथा सभाघरहरुमा प्रमुख स्थान र भोजहरुमा आदरको स्थान पाउन रुचाउँछन् । ४०तिनीहरु विधवाहरुका घर लुट्छन्, तर लोकाचारको लागि लामो–लामो प्रार्थना गर्दछन् । यस्ता मानिसहरुले अझ बढी दण्ड पाउने छन् ।"

**१२:३८ "शास्त्रीहरुदेखि"** १२:२५–२७ अनि ३८–४० पद बीचको सांसारिक सम्बन्धचाहिँ अनिश्चित नै रहेको छ । उहाँले स्पष्टरुपले अगुवाहरु (शास्त्रीहरु) को त्यस्तै वर्गलाई नै सम्बोधन गर्दै हुनुहुन्छ, तर ३५–३७ का शास्त्रीहरुलाई सम्बोधन गरिँदैछ कि आफ्ना धर्ममा घमण्ड गर्न रुचाउने अरु शास्त्रीहरुलाई सम्बोधन गरिएको हो भन्नेचाहिँ अनिश्चित नै छ । येशूको वचन निश्चय नै सदुकीहरु र फरिसीहरुसँग पनि सम्बन्धित छ जसहरुले मानिसहरुले चिनून् भनी धार्मिक देखावटी गर्दथे ।

**"तिनीहरुले लामो वस्त्र लाएर यताउता डुल्न .......... रुचाउँछन्"** यसले शास्त्रीहरुले लगाउने गरेका ठूलो नीलो फूर्का भएको निख्खूर सेतो सुतीको तालिथ (Tallith) भनिने कपडालाई उल्लेख गर्दछ । Talmud (तालमुड) ले यसरी सिकाउँथ्यो कि कसैलाई धर्मगुरुको उपस्थितिमा खडा हुनुपर्दछ । यी मानिसहरुले यस्ता विशेष व्यवहारलाई रुचाउँथे (त्यो भनेकोचाहिँ प्रार्थना गर्दा प्रयोग गरिने विशेष बर्कोहरु, आदरसाथको अभिवादनहरु, आराधनामा उच्च आसन, अनि भोजनको समयमा सम्मानजनक आसन हो) । तिनीहरुले यी सबै कुराहरु पाएका थिए, तर ख्रीष्टलाई गुमाएका थिए ।

**१२:४० "तिनीहरु विधवाका घरहरु लुट्छन्"** योचाहिँ (१) भीख दिने बोझ जसलाई सबै मानिसहरुले गरुन् भनी यी अगुवाहरु चाहन्थे अथवा (२) विधवाहरुलाई तिनीहरुका उत्तराधिकार (जिउनको लागि चाहिने साधन) मन्दिरलाई दिऊन् भनेर विश्वस्त दिलाउने चलनलाई उल्लेख गर्ने आलंकारिक भाषा हुन सक्दछ । यसले यसर्थ धार्मिक अगुवाहरुका छलपूर्ण धन संग्रह गर्ने चालहरुलाई उल्लेख गर्दछ ।

- **"लोकाचारको लागि लामो–लामो प्रार्थना गर्दछन्"** तिनीहरुले परमेश्वरले सुनून् भनेर होइन तर अरुहरुले देखून् भनी प्रार्थना गर्दथे । तिनीहरुको धर्मचाहिँ एउटा बाहिरी प्रदर्शनमात्र थियो (

यशैया २९:१३; मत्ती ७:२१–२३; कलस्सी २:१६–२३), तर तिनीहरुले परमेश्वरको महान् वरदानलाई चिनेका थिएनन् ।

- **"यस्ता मानिसहरुले अझ बढी दण्ड पाउने छन्"** तिनीहरुको धार्मिक विश्वास एउटा बाहिरी प्रदर्शन मात्र थियो, तर प्रेम र सेवाको एउटा सक्रिय भित्री विश्वास थिएन (२८–२४ पद)। यस वाक्यांशले (१) दण्डको मात्रा (मत्ती १०:१५; ११:२२, २४; १८:६; २५:२१, २३; लूका १२:४७–४८; २०:४७; याकूब ३:१) अथवा (२) पूर्वीय आलंकारिक अतिशयोक्ति बयान (जुनचाहिँ बढाई–चढाई गरिएको बयान हो) लाई प्रतिविम्बित गरेको हुनसक्दछ ।

**विशेष शीर्षक : इनाम अनि दण्डको मात्रा**

अ.परमेश्वरलाई दिइएको उचित अनि अनुचित जवाफचाहिँ ज्ञानमाथि आधारित हुन्छ । अल्प ज्ञानको एउटा हुन्छ, अल्प जिम्मेवारको एउटा हुन्छ । विपरित कुरो पनि साँचो नै हुन्छ ।

आ. परमेश्वरको ज्ञान दुईओटा आधारभूत तरीकामा आउँदछ

१. सृष्टि (भजन १९; रोमी १–३)

२. धर्मशास्त्र (भजन १९, ११९; सुसमाचार)

इ. पूरानो करारका प्रमाण

१. इनामहरु

अ. उत्पत्ति १५:१ (साधारणतय सांसारिक इनामसँग सम्बन्धित, देश अनि सन्तानहरु)

आ. व्यवस्था २७–२८ (करारको आज्ञाकारीताले आशिष ल्याउँदछ)

इ. दानिएल १२:३

२. दण्ड

अ. व्यवस्था २७–२८ (करारप्रतिको अनाज्ञाकारीताले सराप ल्याउँदछ)

३. मानिसको पापको कारण व्यक्तिगत, परम्परागत धार्मिकताका लागि पूरानो करारका शैलीमा पाइने इनामलाई परिवर्त्तन गरिएको छ । यस परिवर्त्तनलाई अय्यूब अनि भजन ७३ मा देखिन्छ । नयाँ करारले यस संसारबाट केन्द्रित गरिएको कुरालाई अर्कोतिर परिवर्त्तन गरेको छ (डाँडाको उपदेश, मत्ती ५–७)।

ई. नयाँ करारको प्रमाण

१. इनामहरु (उद्धारपछि)

अ. मर्कूस ९:४१

आ. मत्ती ५:१२, ४६; ६:१–४, ५–६, ६–१८; १०:४१–४२; १६:२७; २५:१४–२३

इ. लूका ६:२३, ३५; १९:११–१९, २५–२६

२. दण्ड

अ. मर्कूस १२:३८–४०

आ. लूका १०:१२; १२:४७–४८; १९:२०–२४; २०:४७

इ. मत्ती ५:२२, २९, ३०; ७:१९; १०:१५, २८; ११:२२–२४; १३:२९–५०; १८:६; २५:१४–३०

ई. याकूब ३:१

३. मेरो लागि अर्थ लगाउने एउटैमात्र समानताचाहिँ ओपेराबाट हो । म ओपेरा प्रदर्शनीहरुमा भाग लिन्न यसैले म तिनीहरुलाई बुझ्दिन । कथावस्तु, सङ्गीत अनि नाचको कठिनाइ अनि जटिलतालाई जति बेसी म जान्दथें त्यति नै बेसी म प्रदर्शनीलाई कदर गर्दथें । स्वर्गचाहिँ

कचौराहरुले भरिएको छ भनेर म विश्वास गर्दछु, तर मलाई लाग्छ कि सांसारिक सेवा गराईले कचौराको आकारलाई निर्धारण गर्दछ ।

त्यसैकारण, त्यस ज्ञानतर्फको ज्ञान अनि एउटा प्रतिउत्तरले इनामहरु र दण्डहरुको परिणाम ल्याउँदछ (मत्ती १६:७; १ कोरिन्थी ३:८, १४; ९:१७, १८; गलाती ६:७; २ तिमोथी ४:१४)। त्यहाँ एउटा आत्मिकी सिद्धान्त छ – जे हामी रोप्दछौं त्यही नै हामी बटुल्दछौं ! कसैले धेरै छर्दछन् अनि धेरै नै बटुल्दछन् (मत्ती १३:८, २३)।

ऊ. येशू खीष्टद्वारा पूरा गरिएको काममा 'धार्मिकताको मुकुट' चाहिँ हाम्रो हो (२ तिमोथी ४:८), तर ध्यान दिनुहोस् कि "जीवनको मुकुट" चाहिँ परीक्षामुनिको दृढतासँग जोडिएको छ (याकूब १:१२; प्रकाश २:१०; ३:१०–११)। इसाई अगुवाहरुका लागि 'महीमाको मुकुट' चाहिँ तिनीहरुको जीवनशैलीसँग गाँसिएको हुन्छ (१ पत्रुस ५:१–४)। पावलले आफूसित एउटा अविनाशी मुकुट छ भनेर जान्दछन्, तर उनी उत्कट स्व–नियन्त्रणमा कायम रहिरहन्छ (१ कोरिन्थी ९:२४–२७)।

इसाई जीवनको रहस्यचाहिँ त्यो हो कि सुसमाचारचाहिँ खीष्टद्वारा पूरा गरिएको काममा एकदमै सित्तैंमा पाइन्छ, तर जस्तो हामीले खीष्टमा परमेश्वरको प्रस्तावलाई प्रतिउत्तर दिनै पर्दछ, हामीले खीष्टियन जीवनको लागि परमेश्वरको अधिकारलाई पनि प्रतिउत्तर दिनै पर्दछ । खीष्टियन जीवन पनि उद्धारजस्तै अलौकिक छ, तरैपनि हामीले यसलाई ग्रहण गर्नैपर्दछ अनि यसमा रहिरहनुपर्दछ । सित्तैको तर सबै कुराको मोल लाग्ने विरोधाभास नै इनामहरुको रहस्य अनि छर्ने अनि बटुल्ने कुरो हो ।

असल कामहरुद्वारा हामी बचाइएका होइनौं तर असल कामहरुका लागि बचाइएका हौं (एफिसी २:८–१०) । असल कामहरुचाहिँ हामीले उहाँलाई भेट्यौं भन्ने कुराको प्रमाण हो (मत्ती ७) । मानिस जातिले विनाशतर्फ लैजाने उद्धारको श्रेय लिन्छन्, तर उद्धारबाट परिणामस्वरुप आएको ईश्वरीय जीवन नै इनाम हो ।

## NASB (UPDATED) TEXT: 12:41-44

४१अनि उहाँ मन्दिरको भेटी चढाउने ठाउँको सामुन्ने बस्नुभयो, र भीडले भेटीपात्रमा भेटी चढाएको हेर्नुभयो । धेरै धनी मानिसहरुले ठूला–ठूला रकम चढाए । ४२अनि एउटी गरिब विधवाले आएर तामाको दुई सिक्का, अर्थात् एक पैसा चढाइ । ४३आफ्ना चेलाहरुलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरुलाई भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, भेटी पात्रमा चढाउनेहरुमध्ये यस गरिब विधवाले सबैभन्दा बढी चढाई । ४४किनभने सबैले आफ्नो–आफ्नो प्रशस्तताबाट चढाए, तर यस स्त्रीले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी ।

**१२:४१ "भेटी पात्र"** मिस्नाह (Mishnah अनि Alfred Edersheim को *Temple*, पृष्ठ ४८–४९) ले भनेका छन् कि स्त्री जातिहरुका दलानमा अवस्थित एउटा विशेष कल्याणको उद्देश्यको लागि अंकित गरिएको त्यहाँ तुरही आकारको तेह्र ओटा बाकसहरु थिए । यिनीहरुको भौतिक प्रमाण भने कहिले पनि पाइएको छैन न ता मिस्नाह सिवाय तिनीहरुको अस्तित्वको कुनै भौतिक पुष्टिकरण नै पाइएको छ ।

**१२:४२ "तामाका दुई सिक्का"** योचाहिँ शाब्दिकरुपमा "लेप्टोन" (lepton अथवा पातलो) हो, जसको मोल एउटा दिनारको लागि (१/२४ अथवा १/९६) अंशमात्र हुन्थ्यो । योचाहिँ सबैभन्दा कम मूल्यको यहूदी तामाका सिक्का थियो ।

"एक पैसा" योचाहिँ ल्याटिन शब्द कवाड्रान्स (*quadrans*) हो, जुनचाहिँ रोमीहरुका सबैभन्दा सानो सिक्का लेप्टोन (*lepton*) जत्तिकै थियो । मर्कूसचाहिँ सायद रोमीहरुका लागि लेखिएको थियो ।

**विशेष शीर्षक : येशूको समयमा प्यालेष्टाइनमा प्रयोग गरिने सिक्काहरु**

१.तामाका सिक्काहरु
- अ. *cherma* - कम मूल्यको (यूहन्ना २:१५)
- आ. *chalchos* - कम मूल्यको (मत्ती १०:९; मर्कूस १२:४१)
- इ. *assarion* - दिनारको लगभग १/१६ जति मूल्य भएको रोमी तामाको सिक्का (मत्ती १०:२९)
- ई. *lepton* - दिनारको लगभग १/१२८ जति मूल्य भएको यहूदी सिक्का (मर्कूस १२:४२; लूका २१:२)
- ऊ. *quadrans/farthing* - कम मूल्य भएको रोमी तामाका सिक्का

२. चाँदीका सिक्काहरु
- अ. *arguros* ("चाँदीको सिक्का") – तामा अनि पित्तलको सिक्काहरु भन्दा धेरै नै मूल्य भएको ( मत्ती १०:९; २६:१५)
- आ. *dēnarious* - श्रमिकको एकदिनको ज्यालाजति मूल्य भएको रोमी चाँदीका सिक्का (मत्ती १८:२८; मर्कूस ६:३७)
- इ. *drachmē* - दिनार जत्तिकै मूल्य भएको ग्रीक चाँदीका सिक्का (लूका १५:९)
- ई. *di-drachmon* - यहूदी आधा सेकेल जत्तिकै एउटा दोब्बर *drachma*s (मत्ती १७:२४)
- उ. *statēr* - लगभग चार दिनार जति मूल्य भएको, चाँदीको सिक्का (मत्ती १७:२७)

३. सुनको सिक्का – *chrusos* ("सुनको सिक्का") – एकदमै मूल्यवान सिक्काहरु (मत्ती १०:९)

४. धातुहरुका तौलको लागि आम शब्दहरु
- अ. *mnaa* - ल्याटिनमा *mina*, १०० दिनारी जति तौल भएको धातुको ओजन (लूका १९:१३)
- आ. *talanton* - तौलको ग्रीक एकाइ (मत्ती १८:२४; २५:१५, १६, २०, २४, २५, २८)
  - १. ६,००० दिनारी मूल्यको चाँदी
  - २. १,८०,००० दिनारी मूल्यको सुन
- इ. *sheqel* - चाँदीको लागि पूरानो करारको यहूदी तौल (उत्पत्ति २३:१५; ३७:२८; प्रस्थान २१:३२)
  - १. *pīm* - २/३ सेकेल
  - २. *beka* - १/२ सेकेल
  - ३. *gerah* - १/२० सेकेल

ठूलो एकाइ

१. *maneh* - ५० सेकेल

२. *kikkar* - ३,००० सेकेल

**१२:४३ "साँच्चै"** योचाहिँ शाब्दिक रुपमा "आमेन्" हो । ३:२८ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

१२:४४ यस स्त्रीको पूर्ण विश्वासचाहिँ शास्त्रीहरुको धार्मिक घमण्ड अनि हलुकोपनासितको विषमता हो । तिनीहरुले विधवाको स्रोतहरुलाई उजाड पार्दछन् । यस विधवाले परमेश्वरलाई आफ्ना सारा स्रोत नै दिएकी छिन् अनि यसोस्ले गर्दा आफ्नो आवश्यकता पूरा गर्नको लागि विश्वासद्धारा उहाँमाथि नै निर्भर हुन्छिन् । दिइने काममा, परमेश्वरले हृदयलाई हेर्नुहुन्छ, तर मात्रालाई होइन (२ कोरिन्थी ८–९)। तर उनीसँग भएको सबै मात्रालाई पनि ध्यान दिनुहोस् । दिनुलेचाहिँ, कामहरु अनि वचनहरु झैं हृदयलाई प्रकट गर्दछ । १०:२३ मा धन–सम्पत्ति माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. १२:१–१२ को दृष्टान्तमा कुनचाहिँ निम्नलिखित हरेक कुराहरु आयो त्यसलाई सूचीबद्ध गर्नुहोस्
   अ. दाखबारीका मालिक ---------------
   आ. दाखबारी ---------------------
   इ. मोही -----------------------
   ई. नोकरहरु ---------------------
   इ. पुत्र -----------------------
२. भजन ११८ को आंशिक उद्धरणचाहिँ यहाँ किन यति उचित रहेको छ (१० पदमा)?
३. १–१२ पदको दृष्टान्तले चाहिँ यहूदी राष्ट्र (मत्ती २१:४३–४४) सित कस्तो महत्त्व राख्दछ ? एउटा समान बयानको लागि रोमी ९–११ लाई पनि जाँच गर्नुहोस् ।
४. ख्रीष्टको बयानहरुको मुख्य सत्यताहरुलाई संक्षिप्तीकरण गर्नुहोस् ।
   अ. नागरिक अधिकारहरुको सम्बन्धमा (१३–१७ पद)
   आ. पुनरुत्थानको सम्बन्धमा (१८–२७ पद)
   इ. व्यवस्थाको सम्बन्धमा (२८–३४ पद)
   ई. "दाऊदका पुत्र" को सम्बन्धमा (३५–४० पद)
   उ. दिइने काम अनि प्रतिज्ञाको सम्बन्धमा (४१–४४ पद)
५. दण्डको त्यहाँ कुनै मात्राहरु रहेका छन् (४० पद)

# मर्कूस १३

## आधुनिक अनुवादहरुका परिच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| मन्दिरको विनाशबारे भविष्यवाणी गरिएको | येशूले मन्दिरको विनाशबारे भविष्यवाणी गर्नुहुन्छ | यरुशलेमको विनाशबारे भविष्यवाणी गरिएको | मन्दिरको विनाश बारेमा येशूले बोल्नुहुन्छ | मृत्यु र इन्साफको विषय : परिचय |
| १३:१–२ | १३:१–२ | १३:१–२ | १३:१–२ | १३:१–२ |
| सङ्कष्टको सुरुवात | युगको अन्त्य र समयका चिन्हहरु | युगको अन्त्यमा | सङ्कष्टहरु र सतावटहरु | |
| १३:३–१३ | १३:३–१३ | १३:३–१३ | १३:३–८ | १३:३–४ |
| महा-संष्टकाल | महा-संकष्टकाल | | भयानक त्रास | यरुशलेमको महा-सङ्कष्टकाल |
| १३:१४–२३ | १३:१४–२३ | १३:१४–२३ | १३:१४–२०<br>१३:२१–२३ | १३:१४–२०<br>१३:२१–२३ |
| मानिसको पुत्रको आगमन | मानिसको पुत्रको आगमन | | मानिसको पुत्रको आगमन | मानिसको पुत्रको आगमन |
| १३:२४–२७ | १३:२४–२७ | १३:२४–२७ | १३:२४–२७ | १३:२४–२७ |
| अञ्जीरको रुखको पाठ | अञ्जीरको रुखको दृष्टान्त | | अञ्जीरको रुखको पाठ | यस आगमनको समय |
| १३:२८–३१ | १३:२८–३१ | १३:२८–३१ | १३:२८–३१ | १३:२८–३१ |
| नजानिएको दिन र घडी | दिन वा घडी कसैले जान्दैन | | दिन वा घडी कसैले जान्दैन | |
| १३:३२–३७ | १३:३२–३७ | १३:३२–३७ | १३:३२–३७ | १३:३२<br>होशियार रहो<br>१३:३३–३७ |

### अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

**सान्दर्भिक अन्तदृष्टिहरु**

क. नयाँ करारका मृत्यु र इन्साफको विषयका परिच्छेदहरुको पूरानो करारका अगमवाणीका अन्तदृष्टिलाई प्रतिविम्बित गर्दछन् जसले अन्त्यको समयलाई तत्कालीन घटनाहरु मार्फत् हेर्दथे । येशूले यही ढाँचा प्रयोग गर्नुहुन्छ । अविश्वासी इस्राएलीमाथि परमेश्वरको न्यायको एउटा चिह्नका रुपमा यरुशलेम र मन्दिरको विनाशबारे मीका र यर्मियाले भविष्यवाणी गरे भनेर पूरानो करारले अगमवाणी गर्दछ । परमेश्वरले अन्य जातिलाई उहाँका मानिसलाई न्याय दिन र आफ्ना जीवनको भार लिन भन्नुभयो । नयाँ करारमा अहिले परमेश्वरका मानिसहरुले अझैसम्म अविश्वासका काम गर्दछन् । तिनीहरुले उहाँको मसीह अस्वीकार गर्दछन् । तिनीहरुलाई आफ्नो शहर र मन्दिरसहित नाश गरिनेछन् (तितसद्वारा सन् ७० मा) । उनीहरुको वाचा गरिएको देश अहिले अरुहरुलाई दिइएको छ (१२:१–१२, मुख्य पद ९, अर्थ, वास्तवमा अन्य जातिका विश्वासीहरु) । अन्य जातिको काम, पद १३:९–१३ मा वर्णन गरिएको छ)।

ख. मत्ती २४, मर्कूस १३, अनि लूका २१ व्याख्या गर्न कठिन छन् किनभने तिनीहरुले एकैसाथ विभिन्न प्रश्नहरुसित सरोकार राख्दछन् ।
   १. मन्दिर कहिले भत्काइने छ ?
   २. मसीहको पुनः आगमनको चिह्न के हुनेछ ?
   ३. यो युग कहिले समाप्त हुनेछ ?

ग. नयाँ करार मृत्यु र इन्साफको विषयको विधा सँधै प्रेरितहरुको र अगमवक्ताहरुको भाषाको एउटा समग्रता हो जुनचाहिँ उद्देश्यपूर्ण नै अस्पष्ट र अति सांकेतिक छ ।

घ. नयाँ करारमा धेरै परिच्छेदहरु (मत्ती २४, मर्कूस १३, लूका १७ र २१, १ र २ थेसलोनिकी र प्रकाश) ले दोस्रो आगमनसित सरोकार राख्दछन् । यी अनुच्छेदहरुले जोड दिन्छन् ।
   १. घटनाको ठीक समय अज्ञात छ तर घटना निश्चित छ ।
   २. अन्तिम पुस्ताले घटनाहरुका सामान्य समय थाहा पाउनेछन् तर निश्चित समय थाहा पाउने छैनन् ।
   ३. यो अचानक र थाहा नपाइकनै हुनेछ ।
   ४. विश्वासीहरुका हरेक पुस्ता दिइएका कामहरुप्रति विश्वासी, तत्पर र प्रार्थना गरेका हुनुपर्दछ ।

ङ. यस अध्यायको मूलभूत जोड दोस्रो आगमनका घटनाहरुको व्यवहारिक सुझाव (१९ आज्ञार्थकहरु) मा हो, तर सठीक समय वा कालको अनुक्रम देखाउनुमा होइन ।

च. दुई मुख्य वाक्यांशहरु (१) “होशियार रहो” (पदहरु ५, ९, २३, ३३) र (२) “अझसम्म” (पद ७, १०)। “होसियार रहो” र “धैर्यतासाथ पर्ख” भन्ने यी दुई वाक्यांशहरु “पहिल्यै” र “अझैसम्म” को अर्को विरोधाभाससित सन्तुलित छन् ।

**विशेष शीर्षक : मृत्यु र इन्साफको विषय “ESCHATOLOGY” - किन ख्रीष्टियनहरुसित प्रकटका यति धेरै सैद्धान्तिक व्याख्याहरु छन् :**
*(यसलाई डा. Utley को टिप्पणी, पुस्तक १२, १९९८ बाट लिइएको हो)*

मृत्यु र इन्साफको विषयको वर्षौंको मेरो अध्ययनमार्फत् मैले सिकेको छु कि धेरै ख्रीष्टियनहरुसँग एउटा विकासित, व्यवस्थित, अन्त्यको समयको क्रम छैन । त्यहाँ केही ख्रीष्टियनहरु छन् जसले ईश्वरशास्त्रीय, आत्मिक वा साम्प्रदायिक कारणहरुमा जोड दिन्छन् । यी ख्रीष्टियनहरु यो सबै कसरी अन्त्य हुनेछ भनेर चिन्तित भएको जस्तो देखिन्छ अनि सुसमाचारको आवश्यकता छुटाउँछन् ! विश्वासीहरुले परमेश्वरको मृत्यु र इन्साफको विषयका (अन्त्यको समय) प्रस्तावलाई असर पुऱ्याउन सक्दैनन् तर उनीहरुले सुसमाचारको प्रस्तावमा भाग लिन सक्छन् (मत्ती २८, १९–२०; लूका २४:४७; प्रेरित १:८) । धेरैजसो विश्वासीहरुले ख्रीष्टको दोस्रो आगमन अनि परमेश्वरले वाचा गरेको अन्त्यको समयको पराकाष्ठामा जोड दिन्छन् । यो समयबारेको पराकाष्ठालाई बुझ्ने व्याख्यात्मक समस्याहरु विभिन्न बाइबलीय विरोधाभासहरुबाट आउँदछन् ।

१. पूरानो करारका अगमवाणीयुक्त नमुनाहरु र नयाँ करारको प्रेरितहरुका नमुनाहरुबीचको तनाव ।
२. बाइबलको एउटा मात्रै ईश्वर छ भन्ने सिद्धान्त र इस्राएल (विशेष मानिसहरु) को रोजाइ बीचको तनाव ।
३. बाइबलीय करारहरु र वाचाहरुको शर्तात्मक पक्ष (“यदि …….. तब”) पतित मानवजातिको उद्धारको निमित्त परमेश्वरको शर्तहीन् विश्वासबीचको तनाव ।
४. पूर्वीय साहित्यिक विधाहरु र आधुनिक पश्चिमी साहित्यिक नमुनाहरुबीचको तनाव ।
५. परमेश्वरको राज्य, वर्तमान र भविष्यका बीचको तनाव
६. ख्रीष्टको हुनैलागेको आगमनप्रति विश्वास र पहिले केही घटनाहरु हुनुपर्दछ भन्ने विश्वासबीचको तनाव

यी तनावहरुलाई पालैपालो छलफल गरौं ।

**पहिलो तनाव** (संसारभरिका सम्पूर्ण विश्वासीहरु विरुद्ध पूरानो करारका जातीय, राष्ट्रिय र भौगोलिक वर्गहरु)

पूरानो करारका अगमवक्ताहरुले यरुशलेममा केन्द्रित प्यालेस्टाइनमा एउटा यहूदी राज्यको प्रतिस्थापनको भविष्यवाणी गर्दछन् जहाँ संसारका सम्पूर्ण राष्ट्रहरु एउटा स्वर्गीय शासकलाई सेवा र प्रशंसा गर्न भेला हुन्छन्, तर येशू र नयाँ करारका प्रेरितहरुले यस प्रसंगमा कहिल्यै जोड दिएनन् । के पूरानो करार प्रेरणाद्वारा दिइएको होइन (मत्ती ५:१७–१९) ? के नयाँ करारका लेखकहरुले निर्णायक अन्त्यको समयका घटनाहरुलाई हटाएका छन् ?

संसारको अन्त्यका बारेमा त्यहाँ जानकारीका धेरै स्रोतहरु छन् ।
१. पूरानो करारका अगमवक्ताहरु (यशैया, मीका, मलाकी)
२. पूरानो करारका प्रेरित लेखकहरु (इजकिएल ३७:३९; दानिएल ७–१२; जकरिया) ।

३. करारहरुबीचका, सामान्य यहूदी प्रेरितहरुका लेखकहरु (जस्तै १ हनोक, जुन यहूदामा संकेत गरिएको छ)।
४. येशू आफैं (मत्ती २४, मर्कूस १३; लूका २१)
५. पावलका लेखहरु (१ कोरिन्थी १५:२ कारिन्थी ५; १ थेसलोनिकी ४–५; २ थेसलोनिकी २)
६. यूहन्नाका लेखहरु (१ यूहन्ना र प्रकाश)

के यी सबैले एउटा अन्त्यको समयका विषयहरु (घटनाहरु, कालक्रम, व्यक्तिहरु) लाई प्रष्टसित सिकाउँछन् ? यदि सिकाउँदैनन् भने किन ? के ती सबै उत्प्रेरित छैनन् (यहूदी करारबीचका लेखहरु बाहेक)?

पवित्र आत्माले पूरानो करारका लेखकहरुलाई उनीहरुले बुझ्न सक्ने शब्द र वर्गहरुका सत्यता प्रकट गर्नुभयो । जे होस्, क्रमिक प्रकटद्वारा पवित्र आत्माले यी पूरानो करारका मृत्यु र इन्साफको विषयका धारणाहरुलाई एउटा विश्वव्यापी क्षेत्रतर्फ विस्तृत पार्नुभएको छ ("ख्रीष्टको रहस्य", एफिसी २:११–३:१३ । १०:७ मा विशेष शीर्षक हेर्नुहोस्)। यहाँ केही सान्दर्भिक उदाहरणहरु छन् :

१. पूरानो करारमा यरुशलेमको शहरलाई परमेश्वर (सियोन) का मानिसहरुको एउटा अलङ्कारका रुपमा प्रयोग गरिएको छ तर नयाँ करारमा सम्पूर्ण पश्चातापी, विश्वासी मानिसहरु (प्रकाश २१–२२ को नयाँ यरुशलेम) प्रति परमेश्वरको स्वीकार अभिव्यक्त गर्ने एउटा पदको रुपमा देखाइएको छ । कुनै यहूदीहरु अथवा एउटा यहूदी राजधानी शहर त्यहाँ हुनुभन्दा पहिले, उत्पत्ति ३:१५ मा गुमेका मानवजातिलाई उद्धार गर्नलाई परमेश्वरका नयाँ मानिसहरु (यहूदीहरु र अन्य जातिहरुमा विश्वास गर्ने) बीचमा एउटा शाब्दिक, भौतिक शहरको ईश्वरशास्त्रीय विस्तारलाई परमेश्वरको वाचामा देखाइएको छ । अब्राहमको बोलावट (उत्पत्ति १२:१–३) समेतले अन्य जातिहरुलाई समावेश गऱ्यो ( उत्पत्ति १२:३; प्रस्थान १९:५) ।
२. पूरानो करारमा प्राचीन पूर्व छेउका वरपरका राष्ट्रहरु नै परमेश्वरको मानिसहरुका शत्रुहरु हुन् तर नयाँ करारमा तिनीहरु सम्पूर्ण अविश्वासी, परमेश्वर विरोधी, शैतानद्वारा प्रेरित मानिसहरुसम्म फैलिएका छन् । एउटा भौगोलिक, क्षेत्रीय द्वन्द्वबाटको युद्ध एउटा विश्वव्यापी, ब्रम्हाण्डको युद्धसम्म पुगेको छ (कलस्सी) ।
३. पूरानो करारमा अति मिलेको एउटा देशको प्रतिज्ञा (उत्पत्तिका पितृसत्तात्मक प्रतिज्ञाहरु, उत्पत्ति १२:७; १३:१५; १५:७, १५; १७:८) अहिले पूरै पृथ्वी भएको छ ! नयाँ यरुशलेम बाहिरी रुपमा पूर्वी छेउ मात्रै होइन, एउटा पुनःसिर्जना गरिएको संसारसम्म आउँदछ (प्रकाश २१–२२) ।
४. विस्तृत गरिएका पूरानो करारका अगमवाणीका धारणाहरुका केही अरु उदाहरणहरु :
    अ. अब्राहमको सन्तान अहिले आत्मिकी रुपमा (रोमी २:२८–२९) ।
    आ. करारका मानिसहरुले अहिले अन्य जातिहरुलाई समावेश गर्दछन् (होशे १–१०; २:२३, रोमी ९:२४–२६ मा उद्धृत; लेवी २६:१२; समेत; प्रस्थान २९:४५, २ कोरिन्थी ६:१६–१८ र प्रस्थान १९:५; व्यवस्था १४:२ मा उद्धृत, तीतस २:१४ मा उद्धृत)।
    इ. मन्दिर अहिले येशू हुनुहुन्छ (मत्ती २६:६१; २७:४०; यूहन्ना २:१९–२१) अनि उहाँमार्फत् स्थानीय मण्डली (१ कोरिन्थी ३:१६) वा एउटा विश्वासी (१ कोरिन्थी ६:१९)।
    ई. इस्राएल र यसका विशेष व्याख्यात्मक पूरानो करारका वाक्यांशहरुले अहिले परमेश्वरका सम्पूर्ण मानिसहरुतर्फ संकेत गर्दछन् (अर्थ, "इस्राएल", रोमी ९:६; गलाती ६:१६, अर्थ, "पूजाहारीहरुको राज्य" १ पत्रुस २:५, ९–१०; प्रकाश १:६)।

अगमवाणीको नमुना पूरा भएको छ, विस्तृत पारिएको छ अनि अहिले बढी समावेशी छ । येशू अनि प्रेरित लेखकहरुले पूरानो करारका अगमवक्ताहरुले जसरी अन्त्यको समयलाई प्रस्तुत गर्दैनन् (Martin Wyngaarden, *The Future of The Kingdom in Prophecy and Fulfillment*)। पूरानो करारको नमुनालाई शाब्दिक र स्वभाविक बनाउन कोशिस गर्ने आधुनिक व्याख्याकारहरुले प्रकाशलाई एउटा यहूदी पुस्तक बनाउँछन् अनि अर्थलाई येशू र पावलका सूक्ष्म, अस्पष्ट वाक्यांशहरुमा धकेल्दछन् ! नयाँ करार लेखकहरुले पूरानो करारका अगमवाणीहरुलाई नकारात्मक तुल्याउँदैनन् तर तिनीहरुका विश्वव्यापी संकेतलाई देखाउँछन् । येशू वा पावलको कुरामा मृत्यु र इन्साफको विषयमा त्यहाँ कुनै एकीकृत, तार्किक प्रणाली छैन । तिनीहरुको उद्देश्य सुरुमा छुटकारा दिने वा पादरीसम्बन्धी हो ।

जे होस्, नयाँ करार भित्र पनि, त्यहाँ तनाव छ । मृत्यु र इन्साफको विषयका घटनाहरुको त्यहाँ कुनै स्पष्ट व्यवस्था छैन । धेरै तरिकाबाट प्रकाशले आश्चर्यपूर्ण रुपमा पूरानो करारका संकेतहरुलाई येशूका शिक्षाहरुको सट्टा अन्त्यको वर्णन गर्न प्रयोग गर्दछ (मत्ती २४; मर्कूस १३) ! इजकिएल, दानिएल र जकरियाद्वारा सुरु गरिएको, तर करारहरुबीचको अवधि (यहूदी प्रेरितका साहित्य) अवधिमा विकसित गरिएको साहित्यिक विधालाई यसले मान्दछ । यो यूहन्नाको पूरानो र नयाँ करारहरु बीच सम्बन्ध देखाउने एउटा उपाय भएको हुनसक्छ । यसले मानव–विद्रोहको युगौं पूरानो ढाँचा र उद्धारप्रति परमेश्वरको त्यागलाई देखाउँछ । तर यो उल्लेख गरिनुपर्दछ कि प्रकाशले पूरानो करारका भाषा, व्यक्तिहरु र घटनाहरु प्रयोग गरे तापनि यसले तिनीहरुलई पहिलो शताब्दीको रोमको सन्दर्भ या पुनः व्याख्या गर्दछ (प्रकाश १:७)।

**दोस्रो तनाव** (चुनिएका मानिसहरु विरुद्ध एउटा मात्र ईश्वर छ भन्ने सिद्धान्त)

एउटा व्यक्तिगत, आत्मिकी, सृष्टिकर्त्ता–उद्धारकर्त्ता परमेश्वरमा नै बाइबलको जोड छ (प्रस्थान ८:१०; यशैया ४४:२४; ४५:५–७, १४, १८, २१–२२; ४६:९; यर्मिया १०:६–७)। पूरानो करारको यसका आफ्नै दिनमा अनौठोपना यसको एउटा मात्र ईश्वर छ भन्ने सिद्धान्त थियो । सम्पूर्ण वरिपरिका राष्ट्रहरुले धेरै ईश्वरहरु छन् भन्ने ठान्थे । एउटा मात्रै परमेश्वर छ भन्नु नै पूरानो करार प्रकाशको मुटु हो (व्यवस्था ६:४) । सृष्टि परमेश्वरको प्रतिरुप र इच्छामा बनाइएको, परमेश्वर र मानवजातिबीच सम्बन्ध कायम गर्ने उद्देश्यका निमित्त एउटा चरण हो (उत्पत्ति १:२६–२७) । जे होस्, मानवजातिले परमेश्वरको प्रेम, नेतृत्व र उद्देश्य विरुद्ध पाप गर्दै विद्रोह गर्‍यो (उत्पत्ति ३) । परमेश्वरको प्रेम र उद्देश्य यति बलियो र निश्चित थियो कि उहाँले पतित मानवतालाई उद्धार गर्ने ढाँचा तयार गर्नुभयो (उत्पत्ति ३:१५ ।

जब परमेश्वरले बाँकी मानवजातिसम्म पुग्नलाई एउटा मानिस, एउटा परिवार, एउटा राष्ट्रलाई प्रयोग गर्नुहुन्छ, तनाव उत्पन्न हुन्छ । पूजाहारीहरुको एउटा राज्यका रुपमा अब्राहम र यहूदीहरुको परमेश्वरको चुनाव (प्रस्थान १९:४–६) ले सेवाको सट्टामा घमण्ड, समावेशको सट्टामा बहिष्कार निम्त्यायो । परमेश्वरले अब्राहमलाई बोलाउनुले सम्पूर्ण मानवजातिको आशयपूर्ण आशिर्वादलाई समावेश गर्‍यो (उत्पत्ति १२:३) । यो सम्झिनु अनि जोड दिइनुपर्दछ कि पूरानो करारमा चुनाव मुक्ति होइन सेवाको निम्ति थियो । सम्पूर्ण इस्राएल कहिल्यै परमेश्वरप्रति सही थिएन, उसको जन्म अधिकारमा मात्र आधारित भएर कहिल्यै बचाइएको थिएन (यूहन्ना ८:३१–५९; मत्ती ३:९), तर व्यक्तिगत विश्वास र आज्ञाद्वारा (उत्पत्ति १५:६; रोमी ४ मा उद्धृत) बचाइयो । इस्राएलले आफ्नो खास काम गुमायो (मण्डली अहिले पूजाहारीहरुको एउटा राज्य हो, १:६; २ पत्रुस २:५, ९), आदेशलाई

सौभाग्यमा, सेवालाई एउटा विशेष काममा फर्कायो ! सबैलाई छान्नलाई परमेश्वरले एउटालाई रोज्नुभयो !

**तेसो तनाव (शर्ताहीन् करारहरु विरुद्ध शर्तात्मक करारहरु)**

शर्तात्मक र शर्तहीन् करारहरु बीचमा त्यहाँ एउटा ईश्वरशास्त्रीय तनाव वा विरोधाभास छ । यो वास्तवमै साँचो हो कि परमेश्वरको छुटकारा दिने उद्देश्य/योजना शर्तहीन् छ (उत्पत्ति १५:१२–२१) । जेहास्, आदेशात्मक मानवीय प्रतिक्रिया सँधैं शर्तात्मक हुन्छ ।

"यदि ..... तब" भन्ने ढाँचा दुवै पूरानो र नयाँ करारमा देखिन्छ । परमेश्वर विश्वासीलो हुनुहुन्छ ; मानव जाति अविश्वासी छ । यस तनावले केही दोधार सृजना गरेको छ । व्याख्याकारहरुले एउटामात्रै "दोधारको छेउ" मा जोड दिन थालेका छन्, परमेश्वरको विश्वास या मानव प्रयास, परमेश्वरको सर्वोच्चता वा मानवजातिको स्वतन्त्र इच्छा । दुवै बाइबलीय अनि आवश्यक छन् ।

यो इस्राएलप्रति परमेश्वरका पूरानो करारका वाचाहरु, मृत्यु र इन्साफको विषयका कुरासित सम्बन्धित छ । यदि परमेश्वरले वाचा गर्नुहुन्छ भने यो हुन्छ नै । परमेश्वर आफ्ना प्रतिज्ञाहरुप्रति कटिबद्ध हुनुहुन्छ; उहाँका इज्जत छन् (इजकिएल ३६:२२–३८)। शर्तहीन् र शर्तपूर्ण करारहरु खीष्टमा मिल्दछन् (यशैया ५३) इस्राएल होइन ! परमेश्वरको विश्वास सबैको उद्धारमा निर्भर हुन्छ जसले पश्चाताप गर्नेछन् र विश्वास गर्नेछन्, तिम्रा बाबु/आमा को थिए भन्नेमा चाहिँ होइन ! खीष्ट नै परमेश्वरका सम्पूर्ण व्यवस्थाहरु र प्रतिज्ञाहरु सामु प्रमुख हुनुहुन्छ । यदि बाइबलमा त्यहाँ एउटा ईश्वरशास्त्रीय कोष्ठक छ भन्ने, यो मण्डली होइन, तर इस्राएल (प्रेरित ७ र गलाती ३) हो ।

सुसमाचार घोषणाको सांसारिक काम मण्डली समक्ष आएको छ (मत्ती २८:१९–२०; लूका २४:४७; प्रेरित १:८) । यो अझैसम्म एउटा शर्तात्मक व्यवस्था हो । परमेश्वरले यहूदीहरुलाई पूर्णरुपमा इन्कार गर्नुभएको छ भनेर यसले संकेत गर्दैन (रोमी ९–११)। इस्राएलाई विश्वास गर्दा, त्यहाँ अन्त्यको समयको निम्ति एउटा ठाउँ र उद्देश्य हुनसक्छ (जकरिया १२:१०)।

**चौंथो तनाव (पाश्चात्य नमुनाहरु विरुद्ध निकट पूर्वीका साहित्यिक नमुनाहरु)**

शैली भनेको बाइबललाई साँचोरुपमा व्याख्या गर्थे एउटा जटिल तत्त्व हो । मण्डली एउटा पाश्चात्य (ग्रीक) साँस्कृतिक दृश्यमा विकसित भयो । आधुनिक, पाश्चात्य संस्कृतिका साहित्यिक नमुनाहरुभन्दा पूर्वीय साहित्य बढी लाक्षणिक, आलंकारिक र संकेतार्थक छ । यसले संक्षिप्त प्रस्तावका सत्यताहरु भन्दा मानिसहरु, जम्का भेटहरु र घटनाहरुलाई बढी जोड दिन्छ । बाइबलका अगमवाणीहरु (दुवै पूरानो करार, नयाँ करार) व्याख्या गर्नलाई आफ्ना इतिहास र साहित्यिक नमुनाहरु खीष्टियनहरुले प्रयोग गरेको आरोप लागेको छ । प्रकाशलाई व्याख्या गर्न हरेक पुस्ता र भौगोलिक मात्राले आफ्नो संस्कृति, इतिहास र शाब्दिकता प्रयोग गरेको छ । तिनीहरुमध्ये हरेक व्यक्ति गलत भएका छन् ! आधुनिक पाश्चात्य संस्कृति बाइबलीय अगमवाणीको मुख्य विषय हो भनेर सोच्नु अहंकार मात्र हो !

सुरुका, उत्प्रेरित लेखकले लेख्नलाई छान्ने विधा पाठकसितको एउटा साहित्यिक ठेक्का हो । प्रकाशको पुस्तक ऐतिहासिक कथा होइन । यो त पत्र (अभ्यास १–३), अगमवाणी र बढी प्रेरितका साहित्यको एउटा संगम हो । बाइबललाई सुरुका लेखकको आशयभन्दा बढी व्याख्या गर्नुचाहिँ सुरुका लेखकको आशयभन्दा कम व्याख्या गर्नु जत्तिकै गलत हुन्छ । प्रकाश जस्तो पुस्तकमा व्याख्याकारहरुका घमण्ड र सिद्धान्त अझै बढी अनुपयुक्त हुन्छन् ।

मण्डलीले प्रकाशको एउटा सही व्याख्यालाई कहिल्यै स्वीकार गरेको छैन । मेरो सरोकार भनेको केही छानिएका भाग (हरु) मात्र होइन सम्पूर्ण बाइबल हेर्नु र व्याख्या गर्नु हो । बाइबलको पूर्वीय ज्ञानले

सत्यतालाई तनावसितको जोडीमा उतार्छ । मानिएको सत्यताप्रति हाम्रो पाश्चात्य परिपाटी अनुपयुक्त होइन, असन्तुलनको छ । मलाई लाग्छ प्रकाशको पुस्तकलाई व्याख्या गर्दा विश्वासीहरुका आगामी पुस्ताहरुलाई यसको परिवर्तनीय उद्देश्य उल्लेख गरेर केही गतिरोध हटाउन सम्भव छ । धेरै व्याख्याकारहरुलाई यो निश्चित छ कि प्रकाशलाई यसका आफ्नै समय र विधाका सन्दर्भसहित व्याख्या गरिनुपर्दछ । प्रकाशप्रतिको एउटा ऐतिहासिक पहुँचले पहिलेका पाठकहरुले बुझेका कुराहरुसित सरोकार राख्नुपर्दछ । आधुनिक व्याख्याकारहरुले धेरै तरिकामा पुस्तकका धेरै संकेतहरुको अर्थ गुमाएका छन् । प्रकाशको सुरुको मुख्य दबाब उत्पीडित विश्वासीहरुलाई हौसला प्रदान गर्नुथियो । यसले इतिहासप्रति परमेश्वरको नियन्त्रणलाई देखायो (पूरानो करारका अगमवक्ताहरुले गरेजस्तै); यसले जोड दियो कि इतिहास एउटा निश्चित अडान, न्याय वा आशिर्वादतर्फ चलिरहेको छ (पूरानो करार अगमवक्ताहरुले दिएजस्तै) । पहिलो शताब्दीका यहूदी प्रेरितहरुका शब्दमा भन्नुपर्दा यसले परमेश्वरको प्रेम, उपस्थिति, शक्ति र सर्वोच्चताप्रति जोड दियो ।

यसले विश्वासीहरुका हरेक पुस्तालाई यिनै एउटै तरिकामा काम गर्दछ । यसले असल र खराबको सांसारिक द्वन्द्वलाई चित्रण गर्दछ । पहिलो शताब्दीका विवरणहरु हामी सामु हराइसकेका हुन सक्छन् तर शक्तिशाली, आनन्दपूर्ण सत्यताहरु हराएका छैनन् । जब आधुनिक पाश्चात्य व्याख्याकारहरुले आफ्ना तत्कालिन इतिहासभित्र प्रकाशका विवरणहरु लाद्न खोज्दछन्, झूटा व्याख्याहरुको ढाँचा अघि बढिरहन्छ ।

यो अति सम्भावित छ कि विश्वासीहरुका अन्तिम पुस्ताको निम्ति जब उनीहरुले एउटा परमेश्वर विरोधी गुरु (२ थेसलोनिकी २) र संस्कृतिको भीषण आक्रमणको सामना गर्दछन् यस पुस्तकका विवरणहरु फेरि शाब्दिक महत्त्वका बन्न सक्छन् (जन्म, मृत्यु र खीष्टको मृत्युका सम्बन्धमा पूरानो करारले गरेजस्तै)। येशू (मत्ती २४; मर्कूस १३; र लूका २१) र पावल (१ कोरिन्थी १५;१ थेसलोनिकी ४–५; र २ थेसलोनिकी २) का वचनहरु ऐतिहासिक रुपले प्रमाण नबनेसम्म प्रकाशका यी शाब्दिक पूर्णताहरु कसैलाई थाहा हुन सक्दैन । अनुमान, अड्कल र सिद्धान्त सबै अनुपयुक्त हुन्छन् । प्रेरितहरुको साहित्यले यो लचकतालाई अनुमति प्रदान गर्छ । ऐतिहासिक वृतान्तलाई उछिन्ने प्रतिविम्बहरु र संकेतहरुलाई धन्य ! परमेश्वर निर्देशनमा हुनुहुन्छ उहाँले शासन गर्नुहुन्छ; उहाँ आउनुहुन्छ !

धेरैजसो आधुनिक समालोचनाहरुले विधाको बुँदा छुटाउँदछन् ! आधुनिक पश्चिमी व्याख्याकारहरुले एउटा अस्पष्ट, सांकेतिक यहूदी प्रेरितका साहित्यको विधासित रहनुको साटो सँधै एउटा स्पष्ट, ईश्वरशास्त्रको एउटा तार्किक प्रणाली खोज्दछन् । यस सत्यतालाई Ralph P. Martin द्वारा आफ्नो लेख "*Approaches to New Testament Exegesis*" जुनचाहिँ I Howard Marshall द्वारा प्रकाशित पुस्तक "*New Testament Interpretation*" मा छ; मा राम्ररी अभिव्यक्त गरेका छन् :

"यस लेखको नाटकीय गुण हामीले पहिचान नगर्दासम्म अनि धार्मिक सत्यता अभिव्यक्त गर्ने एउटा माध्यमका रुपमा भाषा कुन तरीकामा प्रयोग गरिएको छ भन्ने नजान्दासम्म हामी प्रेरितहरुको बुझाइमा गल्तीपूर्वक फस्नेछौं, अनि यो एउटा शाब्दिक गद्यको पुस्तक भएजस्तो गरेर र ज्ञानसम्बन्धी र तथ्याङ्कसम्बन्धी इतिहासका घटनाहरु व्याख्या गर्ने जस्तो गरी गलत तरीकाले व्याख्या गर्न कोशिष गर्नेछौं । पछिल्लो पाठ्यवस्तुलाई प्रयास गर्नुचाहिँ व्याख्याका सम्पूर्ण समस्याहरु भित्र पर्नु हो । अझ गम्भीर हुनुपर्दा यसले प्रेरितको आवश्यक अर्थलाई भङ्ग गर्दछ अनि यसले गर्दा खीष्टमा परमेश्वरको सर्वोच्चताको काव्यको भाषाप्रतिको एउटा नाटकीय जोड अनि शक्ति र प्रेमसहितको उहाँको शासनको

विरोधाभास् (५:५, ६; परमेश्वर थुमा हुनुहुन्छ) (पृष्ठ २३५) का रुपमा नयाँ करारको यो भागको महान् महत्त्व छुट्दछ ।

W. Randolph Tate ले आफ्नो पुस्तक *Biblical Interpretations* मा भने : प्रेरितका निराशमय परिणामहरुसहित अति उत्साही भएर बाइबलका कुनै अन्य विधा पढिएको छैन, विशेष गरी दानिएल र प्रकाशको पुस्तक यसको साहित्यिक रुपहरु, बनोट र उद्देश्यको आधारभूत गलत बुझाइका कारण यो विधा गलत व्याख्याको एउटा भयङ्कर इतिहासबाट ग्रसित भएको थियो । के हुँदैछ भनेर गर्ने यसको दाबीले गर्दा प्रेरित साहित्य भविष्यको एउटा लेख र निर्देशनका रुपमा यसलाई हेरिएको छ । पुस्तकहरुको सन्दर्भ लेखकको भन्दा पनि पाठकको तत्कालिन युग हो भन्ने मान्नु यहाँनेर एउटा वियोग नै हुन्छ । प्रेरित लेख (विशेष गरी प्रकाश) प्रतिको यो गलत पहुँचले कामलाई एउटा रहस्यका रुपमा लिन्छु जसद्वारा पुस्तकको संकेत व्याख्या गर्न तत्कालिन घटनाहरुलाई प्रयोग गर्न सकिन्छ । ....... पहिलो, व्याख्याकारले बुझ्नुपर्दछ कि प्रेरितको साहित्यले आफ्नो सन्देश संकेतवादमार्फत् सञ्चार गर्दछ । एउटा आलंकारिक संकेतलाई शाब्दिक रुपमा व्याख्या गर्नु गलत व्याख्या हुन्छ । प्रेरितमा घटनाहरु ऐतिहासिक हुन् या होइनन् भन्ने प्रसङ्ग होइन । घटनाहरु ऐतिहासिक हुनसक्छन्; तिनीहरु वास्तविक हुनसक्छन् वा भएका हुनसक्छन् तर लेखकले घटनाहरु लेख्दछ र अर्थलाई विम्बहरु र आदि रुपहरुमार्फत् सञ्चार गर्दछ "(पृष्ठ १३७)।

Ryken, Wilhost र Longman तृतीयद्वारा प्रकाशित, *Dictionary of BiblicaI Imagery* बाट,

"आजका पाठकहरु यो विधाद्वारा सँधै समस्यामा परिएका र निराशमा पारिएका छन् । धेरै धर्मग्रन्थमा आशारहित विम्ब र यस संसार बाहिरका अनुभवहरु अनौठा र अमिल्दा देखिन्छन् । यस साहित्यलाई झट्ट हेर्दै अर्थ लगाउँदा धेरै पाठकहरु 'कहिले के हुनेछ' भनेर निर्धारण गर्न भौतारिन्छन्, जले गर्दा प्रेरित सन्देशको आशय छुटाउँछन्" (पृष्ठ ३५)।

**पाँचौं तनाव (वर्तमान र भविष्यका रुपमा परमेश्वरको राज्य)**

परमेश्वरको राज्य वर्तमान, तर भविष्यसमेत हो । यो ईश्वरशास्त्रीय विरोधाभासलाई मृत्यु र इन्साफको विषयमा जोड दिइएको हुन्छ । यदि इस्राएलका सम्पूर्ण पूरा करारका अगमवाणीहरुको एउटा शाब्दिक पूर्णताको कसैले आशा गर्दछ भने इस्राएलको एउटा पुनर्स्थापित राज्य बन्दछ । यसका लागि अध्याय ५ मा मण्डलीलाई सुटुक्क लगिन्छ अनि बाँकी अध्यायहरु ईस्राएलसित सम्बन्धित छन् (तर प्रकाश २२:१६ हेर्नुहोस्)।

जे होस्, यदि वाचा गरिएको पूरानो करारका मसिहद्वारा सुरु गरिएको राज्यमा जोड दिइन्छ भने, तब खीष्टको पहिलो आगमन सहित यो हुनेछ, अनि त्यसपछि खीष्टको पुनर्जन्म, जीवन, शिक्षाहरु, मृत्यु अनि पुनरुत्थानमा जोड दिइन्छ । एउटा प्रचलित मुक्तिमा ईश्वरशास्त्रीय जोड छ । राज्य आएको छ, खीष्टले उहाँको एक हजार वर्षको शासन केहीलाई नदिई सबैलाई मुक्ति दिनुले पूरानो करार पूर्ण भएको छ ।

यो साँचो हो कि बाइबलले खीष्टका दुवै आगमनहरुकाबारे बोल्दछ, तर कहाँ जोड दिनुपर्छ ? मलाई लाग्दछ कि धेरै पूराना करारका अगमवाणीहरुले मसीह राज्यको स्थापना, पहिलो आगमनमा जोड दिन्छन् (दानिएल २) । धेरै तरिकामा यो परमेश्वरको अनन्तको शासनसित मिल्दोजुल्दो छ (

दानिएल ७) । पूरानो करारमा परमेश्वरको अनन्त शासनमा जोड दिइन्छ, यद्यपि त्यस शासनको प्रारुपको निम्ति प्रक्रियाचाहिँ मसीहको सेवाकाई नै हो (१ कोरिन्थी १५;२६–२७) ।

कुनचाहिँ साँचो हो भन्ने प्रश्न होइन; दुवै साँचो हुन्, तर कहाँ जोड दिइएको छ ? यो भनिनु नै पर्दछ कि केही व्याख्याकारहरुले मसीहको एकहजार वर्षको शासनमा यति जोड दिन्छन् (प्रकाश २०) कि उनीहरुले पिता परमेश्वरको अनन्त शासनप्रतिको बाइबलको जोडलाई गुमाएका छन् । खीष्टको शासन एउटा प्रारम्भिक घटना हो । पूरानो करारमा खीष्टका दुईओटै आगमनहरु निश्चित नभएकोले मसीहको कुनै पनि शासन क्षणिक हुँदैन !

येशूका आराधना र शिक्षाको मुख्य कुरा परमेश्वरको राज्य नै हो । यो दुवै वर्तमान (मुक्ति र सेवा) अनि भविष्य (सर्वव्यापकता र शक्तिमा) हो । यदि प्रकाशले एउटा हजार वर्षे मसीह शासनलाई जोड दिन्छ भने, (प्रकाश २०) प्रकाश प्रारम्भिक हो, आखिरी होइन (प्रकाश २१–२२)। पूरानो करारबाट यो निश्चित हुँदैन कि तथ्यपूर्ण रुपमा, एउटा प्रारम्भिक शासन आवश्यक पर्छ भने, दानिएल ७ मा मसीहको शासन अनन्तको हुन्छ न कि एक हजार वर्षको ।

### छैटौं तनाव (ढिलो हुने Parousia को विरुद्ध खीष्टको आउनै लागेको आगमन)

धेरै विश्वासीहरुलाई सिकाइएको छ कि येशू छिटै, अचानक र आशा नगरेको जस्तो गरी आउँदै हुनुहुन्छ (मत्ती १०:२३; २४:२७, ३४, ४४; मर्कूस ९:१; १३:३०; प्रकाश १:१, ३; २:१६; ३:११; २२:७, १०, १२, २०)। तर अहिलेसम्मका हरेक आशा गरेका पुस्ता गलत भएका छन् । येशूको आगमनको निकटता (तुरुन्तै हुने) हरेक पुस्ताको एउटा शक्तिशाली बलियो आशा हो तर एउटा मात्र सत्यता हो (अनि बहिष्कृत गरिएको त्यो एउटा) । विश्वासीहरु उहाँ भोलि आउँदै हुनुहुन्छ भन्ने जस्तो गरेर बाँच्नुपर्छ तर यदि उहाँ आउनलाई ढिलाइ गर्नुहुन्छ भने सभाघर (मत्ती २८:१९–२०) को योजना लागू गर्नुपर्छ ।

सुसमाचारका केही अनुच्छेदहरु (मर्कूस १३:१०; लूका १७:२; १८:८) अनि १ र २ थेसलोनिकी खीष्टको ढिलो हुने दोस्रो आगमन (*parousia*) मा आधारित छन् । त्यहाँ केही ऐतिहासिक घटनाहरु छन् जुन पहिले नै हुनुपर्दछ :

१. विश्वव्यापी धर्म प्रचार (मत्ती २४:१४; मर्कूस १३:१०)
२. "पापको मानिस" चिनाउने (मत्ती २४:१५; २ थेसलोनिकी २; प्रकाश १३)
३. ठूलो सतावट (मत्ती २४:२१, २४; प्रकाश १३)

त्यहाँ उद्देश्यसहितको एउटा अस्पष्टता छ (मत्ती २४:४२–५१; मर्कूस १३:३२–३६)। हरेक दिन तपाइँको अन्तिम हो भने जस्तो गरी बाँच्नुहोस् तर भविष्यको सेवाकाइका निम्ति योजना गर्नुहोस् ।

**सामञ्जस्यता र सन्तुलन**

यो भनिनु नै पर्दछ कि आधुनिक मृत्यु र इन्साफको विषयका व्याख्याका विभिन्न हाँगाहरुसँग आधा सत्यताहरुमात्रै हुन् । तिनीहरुले केही पुस्तकहरुको राम्ररी व्याख्या गर्दछन् । सन्तुलन र सामञ्जस्यतामा समस्या पाइन्छ । सँधैजसो त्यहाँ काल्पनिक तथ्यहरु हुन्छन् जसले पहिल्यैको ईश्वरशास्त्रीय ढाँचा पूरा गर्ने काम गर्छन् । बाइबलले एउटा तर्कपूर्ण, क्रमबद्ध प्रणालीको मृत्यु र इन्साफको विषयलाई प्रकट गर्दैन । यो एउटा परिवारको तस्बीर जस्तै हो । तस्बीरहरु साँचो हुन् तर सँधै क्रमशः, सान्दर्भिक तथा तर्कपूर्ण हुँदैनन् । केही तस्वीरहरु एल्बमबाट खसेका हुन्छन् अनि परिवारका सदस्यहरुका पछिल्ला पुस्ताहरुले तिनलाई फेरि कसरी राख्ने भनेर जान्दैनन् । प्रकाशको उपयुक्त व्याख्या

गर्नु नै सुरुका लेखकको मुख्य आशय हो जुन साहित्यिक विधाको उसको रोजाइ हो । धेरै व्याख्याकारहरुले आफ्ना व्याख्यात्मक साधनहरु र सामग्रीहरुलाई नयाँ करारको अन्य विधाहरुबाट प्रकाशका आफ्ना व्याख्याहरुमा प्रयोग गर्न कोशिस गर्छन् । उनीहरुले ईश्वरशास्त्रीय संरचना निर्माण गर्न र प्रकाशलाई चित्रण गर्न येशू र पावलका शिक्षाहरुलाई अनुमति दिनुको सट्टा पूरानो करारमा जोड दिन्छन् ।

मैले भन्नु नै पर्दछ कि प्रकाश २२:१८–१९ को सरापका कारणले होइन कि तर, यस पुस्तकले परमेश्वरका मानिसहरुबीच निम्त्याएको विवादका कारणले गर्दा मैले यस आलोचनालाई केही डर अनि चिन्ता सहित लेखेको छु । मलाई परमेश्वरको प्रकारको माया लाग्छ । जब सबै मानिसहरु झूटा हुन्छन् यो साँचो प्रकारको माया लाग्छ । जब सबै मानिसहरु झूटा हुन्छन् यो साँचो हुन्छ (रोमी ३:४) ! कृपया यस समालोचनालाई निश्चित होइन, विचार प्रदान गर्ने प्रयासका रुपमा, एउटा संकेत दिने माध्यमका रुपमा, एउटा योजनाको बाटोमा होइन, "परमप्रभुले यसो भन्नुहुन्छ" भन्ने रुपमा नभई "यसो भएमा के हुने" भन्ने रुपमा प्रयोग गर्नुहोस् । मैले मेरो आफ्नै अपर्याप्तताहरु, पूर्वाग्रहहरु, र ईश्वरशास्त्रीय प्रसङ्ग यहाँ राखेको छु । मैले अरु व्याख्याकारहरुका पनि त्यस्ता कुरा हेरेको छु । यस्तो देखिन्छ कि प्रकाशमा मानिसहरुले जे पाउने आशा गर्छन् त्यही पाउँछन् । विधा आफै नराम्ररी प्रयोग गरिने खालको छ । जे होस्, एउटा उद्देश्यको निम्ति यो बाइबलमा छ । आखिरी "वचन" का रुपमा यसको स्थिति दुर्घटना मात्रै होइन । यसमा परमेश्वरबाट हरेक पुस्ताका आफ्ना सन्तानहरुलाई एउटा सन्देश छ । हामीलाई परमेश्वरले बुझाउन चाहनुहुन्छ ! समूह नबनाऔं, सहयोग गरौं, के साँचो हो, हुनेछ भन्नेमा नलागौं, के स्पष्ट र मुख्य छ त्यसमा जोड दिऔं । परमेश्वरले हामी सबैलाई सहयोग गर्नुहुन्छ !

**विशेष शीर्षक : विध्वंसक साहित्य (*APOCALYPTIC LITERATURE*)**
**(यो विशेष शीर्षक प्रकाशबारेको मेरो समालोचनाबाट लिइएको हो)**

प्रकाश एउटा अनौठो यहूदी साहित्यिक विधा, प्रेरितको लेख हो । परमेश्वर इतिहासको नियन्त्रणभित्र हुनुहुन्थ्यो अनि उहाँका मानिसहरुलाई उद्धार गर्नुहुने थियो भन्ने सन्देश प्रवाह गर्न यसलाई प्रायः तनावग्रस्त समयहरुमा प्रयोग गरियो । यसप्रकारको साहित्यका निम्नलिखित विशेषताहरु छन् :

१) परमेश्वरको विश्वव्यापी सर्वोच्चताको एउटा बलियो अर्थ (एउटा मात्र ईश्वर छ भन्ने सिद्धान्त र दृता)
२) असल र खराब, यो युगबीचको संघर्ष (द्वेदतावाद)
३) लुकाइएका शब्दहरुको प्रयोग (सँधै पूरानो करार अथवा करार बीचको यहूदी प्रेरितका साहित्यबाट)
४) रङ्गहरु, अङ्कहरु, जनावरहरु, कहिलेकाहीँ जनावरहरु/मानिसहरुको प्रयोग
५) दृश्यहरु, सपनाहरुको माध्यमद्वारा स्वर्गदूतको उपस्थितिको प्रयोग तर सँधै स्वर्गदूतको उपस्थिति मार्फत्
६) प्राथमिक रुपले अन्त्यको समय ((नयाँ युग) मा जोड
७) यस प्रकारको विधाका केही उदाहरणहरु हुन् :

अ. पूरानो करार
   १) यशैया २४–२७, ५६–६६
   २) इजकिएल ३७–४८

३) दानिएल ७–१२
४) योएल २:२८–३–२१
५) जकरिया १–६, १२–१४

आ. नयाँ करार

१) मत्ती २४, मर्कूस १३, लूका २१ र (केही तरिकाहरुमा) १ कोरिन्थी १५
२) २ थेसलोनिकी २ (धेरै तरिकाबाट)
३) प्रकाश (४–२२ अध्यायहरु)

इ. सामान्य (D.S. Russell, *The Method and Message of Jewish Apocalyptic*, पृष्ठ ३७–३८ बाट लिइएको)

१) I Enoch, II Enoch (Enoch का रहश्यहरु)
२) Jubilees को पुस्तक
३) The Sibylline Oracles, III, IV, V
४) बाह्र Patriarchs का करार
५) सोलोमनका भजनहरु
६) मोशाका मान्यता
७) यशैयाको शहीद
८) मोशाका Apocalypse (आदम र हव्वाको जीवन)
९) अब्राहमको Apocalyse
१०) अब्राहमको करार
११) II Esdras (Esdras चतुर्थ)
१२) Baruch II, III

९) यस विधामा त्यहाँ एक प्रकारको द्वेदता छ । यसले एउटा दोहोरोबाद, विरोधाभासहरु र तनावहरुका रुपमा सत्यतालाई हेर्दछ (यूहन्नाका लेखकहरुमा सामान्य रुपमा पाइने)

क. स्वर्ग–पृथ्वी

ख. दुष्ट युग (दुष्ट मानिसहरु र दुष्ट स्वर्गदूतहरु)–धार्मिकताको नयाँ युग (परमेश्वर जस्ता मानिसहरु र परमेश्वररुपी स्वर्गदूतहरु)

ग. वर्तमान अस्तित्व–भविष्यको अस्तित्व

यी सबै परमेश्वरद्वारा ल्याइएको पूर्णतातर्फ चल्दैछन् । यो परमेश्वरले चाहेको संसार होइन, तर उहाँले खेल्न, काम गर्न र आदनको बगैंचामा सुरु भएको नजिकको सम्बन्धको पुनर्स्थापनको निम्ति उहाँको इच्छालाई सूचारु गर्दै हुनुहुन्छ । खीष्टसम्बन्धी घटना परमेश्वरको योजनाको विभाजक नै हो, तर दुइओटा आगमनहरुले तत्कालिन दोहोरोवादहरु निम्त्याएका छन् ।

चेलाहरुका प्रश्नहरुसित सम्बन्धित सम्भाव्य रुपरेखा (F.F.Bruce को *Answers to Questions*, पृष्ठ ५७ बाट लिइएको)

क. भ्रमविरुद्ध चेतावनीहरु (१३:५–८)
ख. बहिष्कारबारे भविष्यवाणीहरु (१३:९–१३)
ग. यरुशलेमको विनाश (१३:१४–२३)
घ. खीष्टको पुनः आगमन (१३:२४–२७)

ङ तिनीहरुका तत्कालिन अवस्थाप्रति होशियार रहनलाई पाठहरु जसले यरुशलेमको विनाशलाई संकेत गर्‍यो (१३:२८–३१), जसको अर्थ पद ३४ त्यो पुस्ता)

च. परमप्रभुको पुन आगमनका निम्ति जागा रहन उपदेशहरु (१३:३२–३७; अर्थ, पिता बाहेक कसैले जान्दैन, पद ३६)

छ. F.F. Bruce ले मर्कूस १३ लाई प्रकाश ६ का ६ ओटा मोहोरहरुसित समानान्तर पार्नुहुन्छ (पृष्ठ ५७ र १३८)।

**शब्द र वाक्यांश अध्ययन**

NASB (UPDATED) TEXT : 13:1-2

१जब उहाँ मन्दिरबाट निस्किदै हुनुहुन्थ्यो, तब उहाँका चेलाहरुमध्ये एक जनाले उहाँलाई भने, "हेर्नुहोस्, गुरुज्यू, कति ठूला–ठूला ढुङ्गाहरु र कति भव्य भवनहरु ।" २येशूले तिनलाई भन्नुभयो, "यहाँ त एउटा ढुङ्गामाथि अर्को ढुङ्गा नछोडिने गरी सबै भत्काइनेछन् ।"

**१३:१ "मन्दिर"** सबै मन्दिर परिसरका निम्ति यो (*hieron*) शब्द थियो । मर्कूस ११ को घटनाहरुदेखि नै येशूले त्यहाँ सिकाउँदै हुनुहुन्थ्यो (मर्कूस २६:५५) । यी भवनहरु, इस्राएलका निमित परमेश्वरको अतिरिक्त प्रेमको एउटा संकेत, महान यहूदी आशा बनेका थिए (यर्मिया ७; यूहन्ना ८:३१–५९) ।

- **"उहाँका चेलाहरुमध्ये एक जना"** यी पत्रुस हुनसक्छन् (पद ३) । यूहन्ना मर्कूसले हामीलाई पत्रुसले सम्झेका येशूका वचनहरु दिएका हुनसक्छन् । मर्कूसको सुसमाचारमा यो नै सबैभन्दा लामो शिक्षाको अवधि हो ।
- **"ठूला–ठूला ढुङ्गाहरु"** शाब्दिक रुपमा यो "ठूला ढुङ्गाहरु" हो । Josephus ले हामीलाई भन्दछन् महान् हेरोदले यस क्षेत्रमा पाइने *mezzeh* अथवा ठूला कुँदिएका ढुङ्गाहरु प्रयोग गर्थे । ती २५×८×१२ घन थिए (*Aniquities* १५.११.३)। यही आकार र बनोटका ढुङ्गाहरु यरुशलेमको पर्खालमा अझै देख्न सकिन्छ ।
- **"भव्य भवनहरु"** शाब्दिक रुपमा यो "ठूला भवनहरु" हो । यी सेता कुदिएका सुनको किनारा भएका चून ढुङ्गाहरु थिए । ठूला र महङ्गा भवन राख्ने यो योजनाको अर्थ यहूदीहरुलाई शान्त पार्ने भन्ने थियो जो एकजना एदोमी राजा भएकोप्रति दुःखी थिए । तिनीहरुको नमुना फेर्ने र ठूलो पार्ने काम २०/१९ ई.पू. मा सुरु भयो अनि करिब ६३/६४ ई.सं मा सिद्धियो (Jusephus' *Antiquities* १५.११.१–७; *Wars* ५.५.१–६)।

**१३:२ "एउटा ढुङ्गामाथि अर्को ढुङ्गा देखिने छैन"** यस वाक्यांशमा सम्वन्धकारकसहित दुईओटा दोबर नकरात्मक छन् । ग्रीक भाषामा त्यहाँ यो भन्दा बलियो कुनै व्याकरणीय नकारात्मक भनाइ सम्भव छैन ! यसले पूरै विनाशबारे बोल्दछ । यसले तिनीहरुलाई बोल्नै नसक्ने बनाए होला ! योसेफसले हामीलाई भन्दछन् कि सन् ७० मा रोमीहरुले यस क्षेत्रलाई यति सम्पूर्णरुपमै ध्वस्त पारे कि कसैले एउटा खेतका रुपमा समेत जमिनलाई जोत्न सकेनन् (मिका ३:१२; यर्मिया २६:१८)। यस वाक्यांशसित सम्बन्धित त्यहाँ केही ग्रीक पाण्डुलिपी विभिन्नताहरु छन् । कसैले पूरानो ग्रीक Uncial पाण्डुलिपीहरु א, B, L र W

मा पाइने मत्ती २४:२ को तरिका प्रयोग गर्छन् । अरुले MSA र Vulgate मा पाइने लूका २१:६ को शब्दहरु प्रयोग गर्छन् । UBS[4] ले मत्ती २४:२ लाई प्रयोग गर्दछ जसले "यहाँ" र "यस ठाउँमा" भन्ने क्रियाविशेषण थप्दछन् ।

NASB (Updated) TEXT: 13:3-8
३अनि उहाँ मन्दिरको सामुन्ने जैतून डाँडामा बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई गुप्तमा सोधे, ४"हामीलाई भन्नुहोस्, यी घटनाहरु कहिले हुनेछन् ? र यी सब कुरा पूरा हुनका निम्ति के चिह्न हुनेछ ?" ५येशूले तिनीहरुलाई भन्नुभयो, "होसियार रहो, कसैले तिमीहरुलाई भ्रममा नपारोस् । ६धेरै जना मेरो नाउँमा "म उही नै हुँ" भन्दै आउनेछन् र तिनीहरुले धेरैलाई भ्रममा पार्नेछन् । ७जब तिमीहरुले लडाइँ र लडाइँहरुको हल्ला सुन्नेछौ, तब नडराओ । यस्ता घटनाहरु हुनु आवश्यक छ । तर अन्त्यको दिन आउनु अझ बाँकी नै छ । ८किनभने जातिको विरुद्धमा जाति र राज्यको विरुद्धमा राज्य खडा हुनेछ । ठाउँ–ठाउँमा भूकम्पहरु जानेछन्, अनिकालहरु हुनेछन् । योचाहिँ स्त्रीलाई प्रसववेदना सुरु भएझैं सङ्कष्टको आरम्भ हो ।

**१३:३ "जैतून डाँडामा बस्नुहुँदा"** यो यरुशलेम र मन्दिर क्षेत्र देखिने २.५ मील पूर्वमा (करिब ३००–४०० फिट अग्लो) डाँडा हो ।

- **"पत्रुस र याकूब, यूहन्ना र अन्द्रियास"** मर्कूसको सुसमाचारले मात्रै यो विवरण उल्लेख गर्दछ । सायद यो पत्रुसले देखेर सम्झेका कुराहरुमध्येको एउटा हो ।

**१३:४ "यी घटनाहरु कहिले हुनेछन् ? र यी सब कुरा पूरा हुनका निम्ति के चिह्न हुनेछ ?"** मत्ती २४:३ ले विस्तृत प्रश्नहरु अभिलेख गर्दछ । यी चेलाहरुले जान्न चाहेका त्यहाँ धेरै घटनाहरु थिए : (१) मन्दिरको विनाशको समय (२) दोस्रो आगमनको समय (३) युगको अन्त्यको समय । सायद चेलाहरुले यी तीनवटै एउटै समयमा हुनेछन् भन्ने सोंचेका थिए । पूरानो करारका अगमवक्ताहरुले गरेजस्तै येशूले सांसारिक र मृत्यु र इन्साफको विषयलाई मिसाउनु हुन्छ भन्ने ख्याल गर्नुहोस् ।

**विशेष शीर्षक : मत्ती २४:३ का चेलाहरुका दुइओटा प्रश्नहरुका जवाफहरु**
(F. F. Bruce द्वारा *Answers to Questions* मा, पृष्ठ ५७)

क. झुटा अगमवक्ताहरु वा प्रकोपहरुद्वारा, यो अन्त्य हो भन्ने सोंचाइमा, खराब बाटो देखाइएको प्रति एउटा चेतावनी
  १. मत्ती २४:४–
  २. मर्कूस १३:५–८
  ३. लूका २१:८–११
ख. सतावट र सहयोग गर्ने प्रतिज्ञाको एउटा भविष्यवाणी
  १. मत्ती २४:९–१४
  २. मर्कूस १३:९–१३
  ३. लूका २१:१२–१९

ग. यरुशलेमको विनाश र यसका वासिन्दाहरुको यत्रतत्र सम्बन्धी पहिलो प्रश्नको एउटा जवाफ
 १. मत्ती २४:१५–२८
 २. मर्कूस १३:१४–२३
 ३. लूका २१:२०–२४
घ. खीष्टको आगमन व्याख्या गर्ने दोस्रो प्रश्नको एउटा जवाफ
 १. मत्ती २४:२९–३१
 २. मर्कूस १३:२४–२७
 ३. लूका २१:२०–२४
ङ. यरुशलेमको विनाश हुन लागेको अवस्थामा जागा रहनलाई उपदेश
 १. मत्ती २४?३२–३५
 २. मर्कूस १३:२८–३१
 ३. लूका २१:२९–३३
च. खीष्टको आगमनका निम्ति जागा रहने उपदेश
 १. मत्ती २४:३६–४४
 २. मर्कूस १३:३२–३७
 ३. लूका २१:३४–३६

**१३:५–१३ "होसियार रहो, कसैले तिमीहरुलाई भ्रममा नपारोस्"** "होशियार रहो" एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । येशूले तिनीहरुलाई होसियार रहनलाई आदेश दिनुहुन्छ । कुनै तरिकाले मसीहका बारेमा यी यहूदी परम्पराहरुले तिनीहरुलाई पहिल्यै पूर्वाग्रही बनाएका थिए । यी पदहरुले झूटा चिह्नहरु र अग्रदूतका चिह्नहरु उल्लेख गर्दछन् जुन हरेक युगमा आउँछन् । यो भनाइ दोहोरिन्छ ( पदहरु ५, ९, २३, ३३) । यी विषयहरुमा तिनीहरुलाई छल्न कोशिस गर्ने त्यहाँ धेरै हुनेछन् ।

खीष्टियनहरुको हरेक पुस्ताले तत्कालीन इतिहासलाई बाइबलीय अगमवाणी बनाउने कोशिस गरेका छन् । मितिहरुबारे तिनीहरु सबै गलत भएका छन् । समस्या के हो भने विश्वासीहरु दोस्रो आगमनको क्षणिक आशामा बाँच्नुपर्छ, यद्यपि अगमवाणीहरु छोडिएका अनुयायीहरुका अन्त्यको समयका पुस्ताको निम्ति लेखिएका हुन् । तपाईंले थाहा नपाउनुमा नै प्रसन्न हुनुहोस् !

**१३:६ "धेरै जना मेरो नाउँमा आउने छन्"** यसले झूटा मसीहहरुलाई संकेत गर्दछ (मत्ती २४:११, २३–२४)। योसेफको *Wars of the Jews* ६:४५ मा एउटा सन्दर्भ समेत छ जसले जोड दिन्छ कि झूटा अगमवक्ताहरुका हल्लाका कारण रोमीहरुले यरुशलेमको अविश्वासी विनाशसम्बन्धी भविष्यवाणीहरुलाई उल्लेख नगरिकन, यशैयाका अगमवाणीहरुमा आधारित भएर यरुशलेमलाई बचाउने YHWH को आगमनका झूटा प्रतिज्ञाहरु सहित मानिसहरुलाई गलत बाटोमा हिँडाए (यशैया ३७)।

- **"म उही नै हुँ" भन्दै'** शाब्दिक रुपमा यो "म हुँ" हो । हिब्रू क्रिया 'हुनु' बाट, पूरानो करारका परमेश्वर YHWH, को शीर्षक प्रयोग गरिएको यो एउटा मसिही काम थियो (प्रस्थान ३१२, १४; यूहन्ना ४:२६; ८:२४, ५८; १३:१९; १८:५)। १२:३६ मा विशेष शीर्षक हेर्नुहोस् ।

- **"र धेरैलाई भ्रममा पार्नेछन्"** यस्ता प्रकारका चेतावनीहरु र शब्दहरु प्रेरितका साहित्यमा सामान्य हुन्छन् । यसले झूटा मसीहहरुका फकाउने क्षमता हराएका मानिसजातिका आत्मिक रिक्ततालाई देखाउँछ (मत्ती २४:११, २३–२६)। यसले नयाँ विश्वासीहरुको वा शारीरिक खीष्टियनहरुको सोझोपनालाई समेत देखाउँछ । (१ कोरिन्थी ३:१–४; हिब्रू ५:११–१४)।

**१३:७ "नडराओ"** यो नकारात्मक कृदन्त सहितको एउटा वर्तमान आज्ञार्थक हो जसको अर्थ भइरहेको एउटा कामलाई रोक्नु भन्ने हुन्छ ।

- 'यस्ता घटनाहरु हुनु आवश्यक छ । तर अन्त्यको दिन आउनु अझ बाँकी नै छ' युद्धहरु र भूकम्पहरु अन्यका संकेतहरु होइनन्, तर हरेक युगका चिह्नहरु र संकेतहरु हुन् (पद ८, १०; मत्ती २४:६–८)। यी तीब्र प्राकृतिक घटनाहरु दोस्रो आगमनका चिह्नहरु होइनन्, एउटा गुमेको पृथ्वीको जीवनका चिह्न हुन् (John L. Bray, *Matthew 24 fulfilled*) पृष्ठ २५, २८ जुनचाहिँ प्रेटरिस्ट (preterest) व्याख्याको एउटा असल सतावट हो ।

**१३:८ "अनिकालहरु हुनेछन्"** केही ग्रीक पाण्डुलिपीहरुले "र सतावटहरु" भन्ने वाक्यांश थप्दछन् (MSS A, W, र NKJV)। त्यहाँ अन्य धेरै विविधताहरु छन्, तर धेरै अंग्रेजी अनुवादहरुमा "र अनिकालहरु" छन्, जुन मत्ती २४:७ र MSS ℵ, B र L (अनि थोरै बेग्लै रुपमा MSD) मा पाइन्छ । लूका २१:११ को समानान्तरमा अन्य विभिन्न कुराहरुको सूची छ । UBS[4] ले अलि छोटो पढाइ "B" श्रेणी (करिब निश्चित) दिन्छ ।

- **"प्रसव वेदना"** पूरा वाक्पद्धति नयाँ युगको "प्रसव वेदना" हो (यशैया १३:८; २६:१७; यर्मिया ३०:६–७, मीका ४:९–१०; मत्ती २४:८; मर्कूस १३:८; प्रेरित २:२४; १ थेसलोनिकी ५:३) । यसले धार्मिकताको नयाँ युगभन्दा पहिले दुष्टताको तीब्रताप्रतिको विश्वासलाई विम्बित गर्दछ (पद १९–२० र Book of Jubilees 23:18, *Apocalypse of Baruch* 27(दृढ सहित)। यहूदीहरुले दुइटा युगहरुमा विश्वास गरे : परमेश्वर विरुद्ध पाप र विद्रोहद्वारा चिनिने वर्तमान दुष्ट युग र 'आगामी युग' । मसीहको आगमनद्वारा नयाँ युगको उद्घाटन हुनेछ (भजन २) यो परमेश्वरप्रति भक्तिभाव र धार्मिकताको एउटा समय हुनेछ । यहूदी विचार केही रुपमा साँचो भएपनि, यसले मसीहको दुइटा आगमनहरुप्रति लेखाजोखा राखेन । हामी यी दुई युगहरुको बीचमा छौं : परमेश्वरको राज्यको "पहिल्यै" र "आगामी"!

**विशेष शीर्षक : यस युग र आउने युग**

पूरानो करारका अगमवक्ताहरुले भविष्यलाई वर्तमानको एउटा विस्तारका रुपमा हेरे । तिनीहरुका लागि भविष्य इस्राएलको भौगोलिक पुनर्स्थापन हुनेछ । जे भएपनि, तिनीहरुले यसलाई एउटा नौलो दिनका रुपमा देखे (यशैया ६५:१७; ६६:२२) । अब्राहमका अनुयायीहरुद्वारा (देश निकाला गरिएपछि समेत) YHWH को सँधैको इच्छापूर्ण इन्कारसहित यहूदी करारबीचको विध्वाँसक साहित्यमा एउटा नयाँ आयाम सुरु भयो (अर्थात, Enoch I , Ezra चतुर्थ, Baruch II ) । यी लेखहरुले दुई युगहरुबीचको फरक छुट्याउन सुरु गर्दछ : शैतानद्वारा शासित एउटा वर्तमान दुष्ट युग

र पवित्र आत्माद्वारा शासित र मसीह (सँधै एउटा गतिशील योद्धा) द्वारा सुरु गरिने धार्मिकताको आगामी युग ।

ईश्वरशास्त्रको यस क्षेत्र (eschatology) मा त्यहाँ एउटा निश्चित विकास छ । ईश्वरशास्त्रीहरुले यसलाई “प्रगतिशील प्रकटीकरण” भन्दछन् । नयाँ करारले दुइटा युगहरु (एउटा सांसारिक दोहोरोवाद) को यो नयाँ ब्रम्हाण्डको यथार्थतालाई जोड दिन्छ ।

| येशू | पावल | हिब्रूहरु |
|---|---|---|
| मत्ती १२:३२ | रोमी १२:२ | १:२ |
| मत्ती १३:२२ र १९ | १ कोरिन्थी १:२०; २:६, ८; ३:१८ | ६:५ |
| मर्कूस १०:३० | २ कोरिन्थी ४:४ | ११:३ |
| लूका १६:८ | गलाती १:४ | |
| लूका १८:३० | एफिसी १:२१; २:१, ७, ६:१२ | |
| लूका २०:३४–३५ | १ तिमोथी ६:१७ | |
| | २ तिमोथी ४:१० | |
| | तितस २:१२ | |

नयाँ करारको ईश्वरशास्त्रमा मसीहको दुई आगमनहरुका अनि अड्कल गरिएका भविष्यवाणीहरुका कारणले गर्दा यी दुइटा यहूदी युगहरु मिश्रित भएका छन् । येशूको देह धारणले नयाँ युगको सुरुवातबारे पूरानो करारका अगमवाणीहरुलाई पूरा गर्‍यो (दानिएल २:४४, ४५)। जे होस्, उहाँ सुरुमा दु:ख खेपिरहेको नोकर (यशैया ५३; जकरिया १२:१०), नम्र र कमजोर (जकरिया ९:९) का रुपमा आए पनि पूरानो करारले उहाँको आगमनलाई न्यायकर्ता र शासकको रुपमा देख्यो । पूरानो करारले भविष्यवाणी गरेझैं (प्रकाश १९) उहाँ अधिकारसहित फर्किनुहुनेछ । यो दुई चरणको पूर्णताले राज्यलाई वर्तमान (सुरु भएर) तर भविष्य (पूर्णता नपाएको) हुने बनायो । यो नै नयाँ करारको पहिल्यै भएको, तर अझैसम्म नभएको तनाव हो !

## NASB (UPDATED) TEXT:13:9-13

९“तिमीहरु आफ्ना विषयमा होसियार रहो । तिनीहरुले तिमीहरुलाई अदालतमा सुम्पने छन् । तिमीहरु सभा घरहरुमा पिटिनेछौ । अनि हाकिमहरु र राजाहरुका सामुन्ने मेरो खातिर तिनीहरुलाई गवाही दिन तिमीहरु खडा हुनेछौ । १०र पहिला सबै जातिहरुलाई सुसमाचार प्रचार गरिनुपर्छ । ११जब मानिसहरुले तिमीहरुलाई पक्री लगर मुद्दा चलाउँछन्, तब के बोलौं भनी अघिबाटै फिक्री नगर । तर त्यसैबेला जे तिमीहरुलाई दिइन्छ, त्यही बोल, किनकी बोल्ने तिमीहरु होइनौ तर पवित्र आत्मा हुनुहुनेछ । १२“एउटा भाइले अर्को भाइलाई मृत्युको निम्ति सुम्पनेछ र त्यसै गरी बाबुले छोरालाई । छोराछोरीहरु आमाबाबुहरुका विरुद्धमा खडा हुनेछन् र तिनीहरुलाई मार्न ल्याउनेछन् । १३अनि मेरो नाउँको खातिर तिमीहरु सबैबाट घृणित हुनेछौ, तर जो अन्त्यसम्म स्थिर रहन्छ त्यसैको उद्धार हुनेछ ।

१३:९–१३ यो सामग्री मत्ती २४ मा समानान्तर छैन, तर मत्ती १०:१७–२२ मा देखापर्छ । यसले देखाउँछ कि येशूले यिनै सत्यताहरु धेरै उत्सवहरुमा दोहोर्‍याएको हुनुपर्छ अथवा मत्ती र मर्कूसले यस सामग्रीलाई शीर्ष रुपमा निर्माण गरे ।

**१३:९ "तिमीहरु आफ्ना विषयमा होसियार रहो"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो (पद ५ र २३ जस्तै रुप)। अन्त्यको समयका घटनाहरुको सतावटको निम्ति तयारीमा व्यक्तिगत उत्तरदायित्वको त्यहाँ एउटा तत्त्व छ ।

- **"अदालत ......... सभाघरहरु ........... हाकिमहरु र राजाहरुका सामुन्ने"** "अदालत र सभारघरहरु" मत्ती २४:९ मा नपाइने एउटा वाक्यांशले दुवै यहूदीहरु र अन्य जातिहरुद्वारा खीष्टियनहरुको सरकारी र धार्मिक अत्याचारलाई देखाउँछ (१ पत्रुस ४:१२–१६)।

- **"अदालतहरु"** यो Sanhedrin को बहुवचन रुप हो । यसले स्थानीय सभाघरका अदालतहरुलाई जनाउँछ (२ कोरिन्थी ११:२४)।

- **"पिटिनु"** शाब्दिक रुपमा यो "पिटिनु" अथवा "हान्नु" हो (२ कोरिन्थी, ११:२४)। व्यवस्था २५:१–३ अनुसार यहूदीहरुले अपराधीहरुलाई उनन्चालीस पल्ट – तेह्रपल्ट अगाडि र छब्बीस पटक पछाडि कोर्रा लगाउँथे ।

**१३:९, १२ "मेरो खातिर"** के विश्वासीहरुलाई, तिनीहरुका आफ्ना दुष्टता वा मानवीय अपराधहरुका कारण नभई, आफू खीष्टियन भएका कारण अत्याचार गरिनेछन् (मत्ती ५:१०–१६; १ पत्रुस ४:१२–१६)?

**१३:१० "पहिला सबै जातिहरुलाई सु–समाचार प्रचार गरिनुपर्दछ"** "पर्छ" भन्ने शब्द ग्रीक *dei* हो जसले आवश्यकतालाई संकेत गर्छ । येशू (वा पत्रुस वा मर्कूस, तिनीहरुमध्ये सबै उत्प्रेरित हुन् ले चेलाहरुलाई (१) तिनीहरुका अन्य जातिका काम (उत्पत्ति १२:३; मत्ती २४:१४; २८:१९–२०; प्रेरित १:८; रोमी ११:२५–२७) र (२) यरुशलेमको विनाश र दोस्रो आगमनका बीचमा त्यहाँ एउटा विस्तृत समयको अवधि हुनेछ (२ थेसलोनिकी २:२ पत्रुस २) भनेर देखाउन कोशिस गर्दै हुनुहुन्छ । हाम्रा परमप्रभुको कुनै क्षण हुनसक्ने पुनः आगमनको तनाव र केही कुराहरु पहिले हुनुपर्छ भन्ने सत्यताका निम्ति हामी पर्खनुपर्छ । नयाँ करारमा दोस्रो आगमनको समयका सम्बन्धमा त्यहाँ एउटा वास्तविक तनाव छ – तुरुन्त, ढिलो वा अन्जान ।

१३:११ पवित्र आत्मा सँधै विश्वासीहरुसित हुनुहुनेछ । पवित्र आत्माले सतावटबीच विश्वासीहरुलाई शक्ति प्रदान गर्नुहुनेछ (प्रेरित ४) ! लूका २१:१५ को समानान्तरले देखाएजस्तो पवित्र आत्मालाई येशूका रुपमा परिचय दिइन्छ । यस वाचाले नियमित आराधना र शिक्षाका अवसरहरुका लागि व्यक्तिगत तयारीको ठाउँ ओगट्दैन, त्यसकारण, यो उपयुक्त अध्ययनका लागि एउटा प्रतिस्थापन होइन । यो एउटा विशेष अनुग्रह हो जसले विश्वासीहरुलाई सतावटको समयमा खीष्टमा विश्वासी भएर गवाही रहन अनुमति प्रदान गर्दछ (मत्ती १०:१९–२०; लूका १२:११–१२; २१:१४–१५)।

- **"त्यसबेला"** १४:३५ मा घडी भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

**१३:१२ "भाइ ........ भाइ"** परिवार यहूदी जीवनको मुटु थियो, तर खीष्टमा परिवारहरु बीच कलह हुनेछ (१०:२१, ३५–३७)। apocalyptic लेखहरुमा यो पनि एउटा दोहोरिरहने भाव हो (*Jubilees* २३:१९ र *II Baruch* ७०:३)।

**१३:१३ "तर जो अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ"** यो उद्धारको सिद्धान्त हो (मत्ती १०:२२)। यसलाई सुरक्षाको सिद्धान्तसहित एउटा भाषिक तनावका रुपमा राखिनुपर्छ (प्रकाश २:७, ११, १७, २६; ३:५, १२, २१; २१:७)। ४:१७ मा **दृढताको आवश्यकता** भन्ने विशेष शीर्षक हेर्नुहोस्।

NASB (UPDATED) TEXT : 13:14-23

१४"जब तिमीहरु विनाशकारी घृणित थोकलाई जहाँ हुनु नपर्ने त्यही उभिएको देख्छौ (पढ्नेले बुझोस्), तब यहूदियामा हुनेहरु पहाडहरुतिर भागून्। १५घरको कौसीमा हुने तल नओर्लोस्, नता आफ्नो घरबाट केही निकाल्नलाई भित्र पसोस्। १६खेतमा हुने आफ्नो खास्टो लिन पछाडि नफर्कोस्। १७तर हाय, ती दिनमा गर्भवती र दुध खुवाउने आमाहरुलाई! १८त्यो हिउँदमा नहोस् भनी प्रार्थना गर। १९किनकी ती दिनहरुमा यस्तो महासङ्कष्ट आइपर्नेछ कि परमेश्वरले गर्नुभएको सृष्टिको सुरुदेखि अहिलेसम्म नता यस्तो भएको छ, न कहिल्यै हुनेछ। २०यदि परमेश्वरले ती दिन नघटाइदिनु भएको भए ता कुनै मानिस बाँच्ने थिएनन् तर उहाँले चुन्नुभएकाहरुका खातिर ती दिन घटाउनुभएको छ। २१त्यो बेला कसैले तिमीहरुलाई "हेर, खीष्ट यहाँ छन्" वा "त्यहाँ छन्" भने तिमीहरु विश्वास नगर। २२किनभने झूटा खष्टिहरु र झूटा अगमवक्ताहरु खडा हुनेछन्, अनि सम्भव भए, चुनिएकाहरुलाई भ्रममा पार्न तिनीहरुले चिह्नहरु र आश्चर्यका कामहरु गर्नेछन्। २३तर तिमीहरुचाहिँ होशियार रहो। हेर, मैले तिमीहरुलाई सबै कुरा अघिबाटै भनिदिएकै छु।

**१३:१४**

**NASB, NKJV** **"विनाशकारी घृणित थोक"**
**NRSV** **"विनाशकारी अधर्मी थोक"**
**TEV** **"भयानक घृणा"**
**NJB** **"भयानक घृणित थोक"**

**विशेष शीर्षक : विनाशकारी घृणित थोक**

M.R. Vincent ले घृणित थोक भन्ने शब्दलाई राम्ररी वर्णन गर्दछन् : "सजातीय क्रियापद, abomination को अर्थ खानाको निम्ति वाकवाकी अथवा घृणा, तसर्थ सामान्यतः घृणित जनाउने हो। एउटा नैतिक अर्थमा यसले नैतिक वा धार्मिक प्रतिकूल भएको वस्तुलाई जनाउँछ। २ कोरिन्थी १५:८; यर्मिया व्यवस्था ७:२६; २ राजा २३:१३ मा यसलाई मूर्तिका अर्थमा प्रयोग गरिएको छ। यसले त्यस्तो चिजलाई संकेत गर्दछ जसलाई परमेश्वरले अलग गर्ने काम गर्नुहुन्छ : जस्तो, लेवी ११:११; व्यवस्था १४:३; मा फोहोर जनावर खाएको अनि सामान्य रुपमा अलग सामान्य धर्मवादका सबै रुपहरु। नयाँ करारमा यो नैतिक अर्थलाई जोड दिइनुपर्दछ। लूका १६:१५; प्रकाश १७:४, ५; २१:२७ तुलना गर्नुहोस्। यसले शारीरिक वा मानसिक घृणालाई मात्रै जनाउँदैन। यहाँ सायद तीतसले अह्राएका मूर्ति पूजा गर्ने रोमीहरुद्वारा उनीहरुका मानदण्डहरु र झण्डाहरुसहित गरिने मन्दिर क्षेत्रका कामतर्फको सन्दर्भ हो।

योसेफ भन्दछन् कि मन्दिर जलेपछि रोमीहरुले आफ्ना झण्डाहरु ल्याए र पूर्वी गेटमाथि राखे अनि बलि चढाएर तितसलाई शासक हुनलाई घोषणा गरे" *(Word Studies in the New Testament,* पृष्ठ ७४–७५)।

"विनाशकारी" भन्ने शब्दको अर्थ अधर्मी काम भन्ने हुन्थ्यो । यस वाक्यांशलाई दानिएल ९:२७, ११:३१ र १२:११ मा प्रयोग गरिएको छ ।

१. यसले सुरुमा Antiochus IV Epiphanes लाई संकेत गरेजस्तो देखिन्छ, जसले १६७ ई.पू. मा यरुशलेमको मन्दिरमा Zeus Olympios मा एउटा वेदी राखे ।
२. दानिएल ७:७–८ मा यसले अन्त्यको समयको खीष्ट विरोधीलाई संकेत गर्‍यो (२ थेसलोनिकी २:४)।
३. लूका २१:२० मा यसले सामान्यत सन् ७० मा रोमी जनरल (पछि शासक) तितसका फौजको आगमनलाई संकेत गर्दछ जसले आफ्ना सेनाका मापदण्डहरुलाई बलि दिए जुन मन्दिर नजिक पूर्वी गेटमा राखेका साना धर्म मान्नेका परमेश्वरहरुप्रति समर्पित थिए ।

यसले यरुशलेमको आक्रमणलाई संकेत गर्न सक्दैन किनभने विश्वासीहरु भाग्नका निम्ति ढिलो भइसकेको हुनेछ ।

यो विभिन्न सान्दर्भिक अर्थहरुमा प्रयोग गरिएको एउटा वाक्यांशको एउटा उदाहरण हो । यसलाई अगमवाणीको बहु–प्राप्ति भनिन्छ । वस्तुहरुलाई विभाजन गर्ने प्रणाली निश्चित भएकोले घटनाहरु भइसकेपछि व्याख्या गर्न कठिन हुन्छ ।

**NASB** **"जहाँ हुनु नपर्ने त्यहीं उभिएको"**
**NKJV** **"जहाँ हुनु नपर्ने थियो त्यहीं उभिएको"**
**NRSV, NJB** **"जहाँ हुनु नपर्ने त्यहीं खडा भएको"**
**TEV** **"जहाँ नहुनुपर्ने त्यहीं उभिरहेको"**

'उभिएको' भन्ने कृदन्त Barbara र Timothy Friberg द्वारा लेखिएको *The Analytical Greek New Testament,* पृष्ठ १५४ (TEV) मा पूर्ण कर्तृवाच्य पुलिंग हो, तर William D. Mounce को *The Analytical Lexicon to the Greek New Testament,* पृष्ठ २१९ (NASB, NRSV, NJB) मा पूर्ण कर्तृवाच्य कर्मकारक नपुंसक हो । यदि नपुंसक हो भने तब यसले (१) "घृणित थोक" (*bdelugma*) अथवा (२) तीतसका सेना (*Strateuma*) लाई संकेत गर्छ । मत्ती २४:१५ ले "पवित्र स्थानमा उभिएका" (अर्थात्, मन्दिरको पवित्र स्थान) भनेर थप्दछ जसले पुलिङ्गलाई संकेत गर्छ र रोमी जनरललाई संकेत गर्छ । यो तीतससित मिल्दछ जसले यरुशलेमका मन्दिरमा रोमी मापदण्डहरु (जसले तिनीहरुका परमेश्वरलाई जनाए) खडा गरे ।

- **“(पाठकले बुझ्नोस्)”** यसको अर्थ “होसियारीपूर्वक सोंच्नु” अथवा “राम्ररी सोंच्नु” (२ तिमोथी २:७) भन्ने हुन्छ । यो सुसमाचारका लेखकबाट एउटा टिप्पणी हो । यसको प्रष्ट अर्थचाहिँ हाम्रा आधुनिक आइतबारका स्कुल कक्षाहरु जस्तै एउटा आराधना दृश्यमा एउटा अध्ययन समूहमा एउटा व्यक्तिहरुद्वारा पढिएको पाठको विषयमा बढी छलफल गर्नु भन्ने हुन्थ्यो (अर्थ, दानिएल ९:२७; ११:३१; १२:११ बाट विनाशकारी घृणित थोक)
- **“यहूदियामा हुनेहरु पहाडहरुतिर भागून्”** चौथो शताब्दीका एकजना मण्डलीका इतिहासकार Eusebius ले उल्लेख गर्दछन् कि ई.सं.७० मा रोमी आक्रमणकारीले शहर घेरा हाल्नु पहिले नै ख्रीष्टियनहरु गालीलको समुद्रको करिब बीस मील दक्षिणपूर्वमा Pella तर्फ यरुशलेमबाट भागे (*Hist. Eccl.* ३:५:२–३)।

**१३:१५ “घरको कौसीमा हुने”** घरका फराकिला छानाहरु हुन्थे । गर्मी महिनाहरुमा ती सामाजिक भेला हुने ठाउँका रुपमा प्रयोग हुन्थे । यो भनिन्छ कि यरुशलेममा घरका छानाहरु हुँदै एकजना हिंड्न सक्थ्यो । केही घरहरु शहरको पर्खाल नजिकै बनाइएका थिए । जब सेना देखिन्थ्यो तुरुन्तै भाग्नुपर्थ्यो ।

**१३:१६ “खास्टो”** यसले बाहिरी ओड्नेलाई संकेत गर्थ्यो जुन सुत्दाखेरी पनि प्रयोग हुन्थ्यो । खेतमा काम गर्ने मानिसहरुसित खास्टो नहुन सक्थ्यो ।

**१३:१७ “हाय”** पूरानो करारमा न्यायका अगमवाणीहरु तयार पार्नलाई यस शब्दको प्रयोग गरिन्छ । एउटा मृत्युको शोक या पश्चातापलाई संकेत गर्ने एउटा तरिका थियो । यरुशलेमबारे परमेश्वरको न्यायले विश्वासीहरु साथै अविश्वासीहरुलाई असर पार्दछ (महासंकष्टले जस्तै) ।

- **“गर्भवतीहरुलाई”** यसले प्रष्ट रुपमा यरुशलेमको विनाशलाई मात्र संकेत गर्दछ । पर्खालबाट भाग्न गर्भवती स्त्रीहरुका लागि कठिन भएको हुनुपर्दछ । यसले दोस्रो आगमनसित सरोकार राख्दैन ! येशूलाई सोधिएका चेलाहरुका प्रश्नले तीनवटा छुट्टाछुट्टै प्रश्नहरुसित सरोकार राख्छन् : यरुशलेमको विनाश, उहाँको दोस्रो आगमन र समयको अन्त्य । समस्या के हो भने एउटै समयमा यी तीन प्रश्नहरुबारे सोंचियो । शीर्षकअनुसार त्यहाँ कुनै सजिलो पद विभाजन उपाय छैन ।

**१३:१८ “हिउँदमा”** गर्भवतीहरु र साना बच्चाहरुलाई हिउँदमा छिटै यात्रा गर्न पनि कठिन भएको हुनसक्छ ।

१३:१९ (१) समयको अन्त्यको अत्याचारप्रति विश्वासीहरुको कटुता र अविश्वासीहरुमाथि परमेश्वरको न्याय अर्थात् (२) एउटा पूर्वीय अत्युक्तिका रुपमा यस पदलाई हेर्न सकिन्छ । सन्दर्भहरु शाब्दिक वा सांकेतिक हुन् भनेर जान्न गाह्रो छ (योएल २:२८–३२ र प्रेरित २ मा यसको पत्रुसले गरेको प्रयोग, जहाँ यसलाई शाब्दिक रुपमा हेरिँदैन, लाई तुलना गर्नुहोस् ।) नयाँ करार एउटा पूर्वीय पुस्तक हो । हामी आधुनिक पश्चिमेलीहरु भन्दा उनीहरु बढाइचढाइहरु र अलङ्कारहरुतर्फ बढी बानी परेका थिए । यो प्रकाशलाई गम्भीर तरीकाले प्रयोग गर्ने प्रश्न होइन । यो सुरुका प्रेरित लेखकको आशयबारे एउटा

hermeneutical प्रश्न हो । नयाँ करारलाई हरेक समय र हरेक ठाउँमा शाब्दिक रुपमा लिनु बाइबलीय तरिका होइन तर अनुपयुक्त व्याख्या हो ।

यो पद दानिएल १२:१ प्रति एउटा संकेत हुनसक्थ्यो तर एउटा थप गरिएको वाक्यांशसहित । चुनिएकाहरु तिनीहरु हुन् जसका नाम जीवनको पुस्तकमा छन् (अर्थ, सत्यतामा बाँचेका विश्वासी यहूदीहरु, अन्य जातिहरुका विश्वासीहरु, परमेश्वरको लुकेको रहस्य तर अहिले प्रकट गरिएको, एफिसी २:११–३:१३)।

- **"सृष्टिको सुरुदेखि"** १०:६ मा विशेष शीर्षक हेर्नुहोस् ।

१३:२० तीनवटा घटनाहरु (अर्थ, (१) यरुशलेमको विनाश (२) खीष्टको आगमन वा (३) समयको अन्त्य) मध्ये कुनचाहिँलाई यसले संकेत गर्दछ ? भन्ने नै व्याख्यात्मक प्रश्न हो । यी तीन घटनाहरु परस्पर व्याप्त हुने तरिकामा व्याख्या गरिएको छ । त्यहाँ कुनै स्पष्ट र सारगर्भित पद विभाजन छैन । मलाई लाग्छ यसले दोस्रो आगमन र समयको अन्त्यलाई संकेत गर्छ यरुशलेमको विनाशलाई होइन किनभने खीष्टियनहरु यसको विनाश हुनुभन्दा पहिले नै भागे ।

- **"नभएको भए"** यो एउटा दुर्लभ दोस्रो श्रेणीको शर्तात्मक वाक्य हो जसलाई "तथ्यसित विरोधी" भन्ने बुझिन्छ । यसले एउटा झूटो सन्दर्भ दिन्छ जसले झूटो निष्कर्ष बनाउँछ । शाब्दिक रुपमा यसले "यदि परमप्रभुले दिन नघटाउनु भएको भए (जुन उहाँले गर्नुभयो) कसैलाई बचाइने थिएन (तर तिनीहरु बचाइए)" भनेर संकेत गर्दछ ।

- **"परमप्रभु"** यसले येशूलाई होइन YHWH लाई जनाउँदछ । YHWH ले नै चुन्नुहुन्छ । छान्नुहुन्छ (एफिसी १:४)।

- **"बचाइने"** आत्मिक मुक्ति होइन शारीरिक छुटकारा (यहूदा ५:१५) को अर्थमा पूरानो करारमा यो शब्द प्रयोग गरिएको छ ।

- **"तर उहाँले चुन्नुभएकाहरुका खातिर"** तलको विशेष शीर्षक हेर्नुहोस् ।

**विशेष शीर्षक : एउटा ईश्वरशास्त्रीय सन्तुलनका निम्ति आवश्यकता र चुनाउ/भाग्य**

चुनाव एउटा आश्चर्यपूर्ण मान्यता हो । जे होस्, यो मन परेकाहरुप्रतिको एउटा बोलावट होइन, तर अरुहरुको छुटकाराको माध्यमहरु वा एउटा साधन अथवा सामग्री हो ! पूरानो करारमा यस शब्दलाई सेवाको निम्ति प्रयोग गरिन्थ्यो : नयाँ करारमा मुक्तिका निम्ति यसलाई प्रयोग गरिन्छ जसले सेवाको प्रसंग जोड्छ । बाइबलले कहिल्यै पनि परमेश्वरको सर्वोच्चता र मानिसको स्वतन्त्र इच्छा बीचमा देखिने विरोधलाई मिलाउँदैन, तर दुवैप्रति जोड दिन्छ ! बाइबलीय तनावको एउटा राम्रो उदाहरण परमेश्वरको सर्वोच्च चुनाउबारे रोमी ९ र मानवजातिका आवश्यक प्रतिक्रियाबारे रोमी १० हुने थियो (१०:११, १३)।

यस ईश्वरशास्त्रीय तनावको प्रमुख कुरा एफिसी १:४ मा पाउन सकिन्छ । येशू परमेश्वरद्वारा चुनिएका मानिस हुनुहुन्छ अनि उहाँमा चुनिने सम्पूर्ण सम्भावित हुन् (Karl Barth) । येशू गुमेको

मानवजातिको आवश्यकताप्रति परमेश्वरको "हुन्छ" हो (Karl Barth) । एफिसी १:४ ले पनि पूर्वगन्तव्यको लक्ष्य स्वर्ग होइन तर पवित्रता (ख्रीष्टजस्तै हुनु) हो भन्ने कुरामा जोड दिएर यस विषयलाई प्रष्ट पार्न सहयोग गर्छ । हामीले सँधै सुसमाचारको फाइदाहरुप्रति आकर्षित हुन्छौं र उत्तरदायित्वहरुलाई बिर्सन्छौं ! परमेश्वरले बोलाउने (चुन्ने) केही समयका निम्ति साथै अनन्तसम्मका लागि हो !

सिद्धान्तहरु अन्य सत्यताहरु, एउटा मात्रै, असम्बन्धित सत्यताहरुका रुपमा होइन, - का सम्बन्धमा आउँछन् । एउटा ताराका विरुद्ध एउटा तारापुञ्ज एउटा राम्रो तुलना हो । परमेश्वरले पश्चिमी होइन, पूर्वीय विधाहरुमा सत्यताहरु लेख्नुहुन्छ । सैद्धान्तिक सत्यताहरुका भाषिक (विरोधपूर्ण) जोडाहरुका कारण हुने तनावलाई हामीले छोड्नुहुँदैन :

१. मानवीय स्वतन्त्र इच्छा विरुद्ध भाग्य
२. छुटकाराको आवश्यकता विरुद्ध सुरुको पाप
३. इच्छापूर्वक गरिएको पाप विरुद्ध सुरुको पाप
४. कम पाप गर्नुका विरुद्ध पापरहित (पूर्णतावाद)
५. प्रगति उन्मुख शुद्धीकरण विरुद्ध सुरुको उदाहरणीय न्याय र शुद्धीकरण
६. ख्रीष्टियन उत्तरदायित्व विरुद्ध ख्रीष्टियन स्वतन्त्रता
७. परमेश्वरको सर्वव्यापकता विरुद्ध परमेश्वरको सर्वोच्चता
८. धर्मग्रन्थमा थाहा पाउन सकिने परमेश्वर विरुद्ध जान्नै नसकिने परमेश्वर
९. भविष्यमा उपभोग गरिने विरुद्ध वर्तमान परमेश्वरको राज्य
१०. मानिसको व्यवस्थाको आवश्यक प्रतिक्रियाका रुपमा पश्चातापका विरुद्ध परमेश्वरको एउटा उपहारका रुपमा पश्चाताप
११. मानव येशू विरुद्ध ईश्वरीय येशू
१२. पिताको सहयोगीका रुपमा येशू विरुद्ध पिता परमेश्वर समान येशू ।

व्यवस्थाको ईश्वरशास्त्रीय अवधारणाले परमेश्वरको सर्वोच्चता (जसले सुरुवात गर्नुहुन्छ र विषय राख्नुहुन्छ) लाई मानिसहरुका विश्वास, प्रासंगिक सुरुका र सुचारु पश्चातापसित एकिकृत गर्नुहुन्छ । विरोधाभासको एउटा पक्षलाई प्रमाणित गर्ने र अर्कोलाई होच्याउनेप्रति होशियार हुनुहोस् ! ईश्वरशास्त्रको तपाईंलाई मन पर्ने प्रणाली वा मान्यतालाई जोड दिने बारे होशियार हुनुहोस् ।

- **"उहाँले ती दिन घटाउनुभएको छ"** यस वाक्यांशले संकेत गर्दछ कि अपरिवर्तनीय परमेश्वर ( भजन १०२:२६–२७; मलाकी ३:६) ले आफ्ना योजनाहरु परिवर्तन गर्न सक्नुहुन्छ ! उहाँको चरित्र र छुटकारा दिने उद्देश्यहरु कहिल्यै परिवर्तन हुँदैनन्, तर उहाँका मानिसहरुका प्रार्थनाहरुले उहाँलाई असर पुऱ्याउँदछ र उहाँका योजनाहरु परिवर्तन गर्न सक्छन् । यो रहस्य हो ! तर यो अन्तर्विन्ती प्रार्थनाको आवश्यकता हो ।

**विशेष शीर्षक : अन्तर्विन्ती प्रार्थना**

१.परिचय

क. येशूको उदाहरणका कारण प्रार्थना महत्त्वपूर्ण छ

१) व्यक्तिगत प्रार्थना, मर्कूस १:३५; लूका ३:२१; ६:१२; ९:२९; २२:२९–४६
२) मन्दिरको शुद्धीकरण, मत्ती २१:१३; मर्कूस ११:१७; लूका १९:४६
३) नमूना प्रार्थना, मत्ती ६:५–१३; लूका ११:२–४

ख. प्रार्थनाले हाम्रो एउटा व्यक्तिगत, हेरचाह गर्ने परमेश्वरप्रतिका विश्वासलाई वास्तविक काममा राखिरहेछ, जसले हाम्रा प्रार्थनाहरु मार्फत् व्यापक, इच्छा शक्ति सहितका अनि हाम्रा र अरुहरुका पक्षमा काम गर्न सक्षम हुनुहुन्छ ।

ग. परमेश्वरले धेरै क्षेत्रहरुमा आफ्ना सन्तानहरुका प्रार्थनाहरु बमोजिम काम गर्नलाई आफैंलाई संकुचित पार्नुभएको छ (याकूब ४:२)

घ. प्रार्थनाको मुख्य उद्देश्य त्रि-एक परमेश्वरसित हाम्रो सम्बन्ध र समय हो ।

ङ. प्रार्थनाको क्षेत्र विश्वासीहरुसित सरोकार राख्ने जेसुकै र जोसुकै हो । हामीले विश्वाससहित एकपटक प्रार्थना गर्न सक्छौं अथवा सोंचे वा सरोकार भएसम्म धेरैपल्ट गर्न सक्छौं

च. प्रार्थनाले धेरै तत्त्वहरु समेट्न सक्छ

१. त्रि-एक परमेश्वरको प्रशंसा र आराधना
२. उहाँको उपस्थिति, सम्बन्ध र योजनाहरुका निम्ति परमेश्वरप्रति कृतज्ञता
३. विगत र वर्तमानका हाम्रा पापप्रति क्षमा याचना
४. हाम्रा शरीरका आवश्यकता वा इच्छाहरुप्रति दया
५. पिता परमेश्वरका अगाडि अरुहरुका आवश्यकताहरुबारे अन्तर्विन्ती
६. अन्तर्विन्ती प्रार्थना एउटा रहस्य हो । परमेश्वरले तिनीहरुलाई प्रेम गर्नुहुन्छ जसका निम्ति हामीले भन्दा बढी प्रार्थना गरिदिन्छौं तर हाम्रा प्रार्थनाहरुले आफैंमा र तिनीहरुप्रति सँधै एउटा परिवर्तन, प्रतिक्रिया वा आवश्यकता उब्जाएका हुन्छन् ।

२. बाइबलका सामग्री

अ. पूरानो करार

१. अन्तर्विन्ती प्रार्थनाका केही उदाहरणहरु :
क. सदोमका निमित्त अब्राहमले प्रार्थना गर्दै, उत्पत्ति १८:२२
ख. इस्राएलका निम्ति मोशाका प्रार्थनाहरु
१) प्रस्थान ५:२२–२३
२) प्रस्थान ३२:३१
३) व्यवस्था ५:५
४) व्यवस्था ९:१८, २५
ग. इस्राएलका निम्ति शमूएलले प्रार्थना गर्दछन्
१) १ शमूएल ७:५–६; ८–९
२) १ शमूएल १२:१६–२३
३) १ शमूएल १५:११
घ. दाऊदले आफ्नो सन्तानको निम्ति, २ शमूएल १२:१६–१८

२. परमेश्वरले अन्तर्विन्ती गर्नेहरुलाई खोज्दै हुनुहुन्छ, यशैया ५९:१६

३. जानिएको, क्षमा नमागिएको पाप वा एउटा अपश्चातापी धारणाले हाम्रा प्रार्थनाहरुमा प्रभाव पार्दछ
अ. भजन ६६:१८
आ. हितोपदेश २८:९

इ. यशैया ५९:१–२; ६४:७

आ. नयाँ करार

१. पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरका अन्तर्विन्ती सेवाकाई

अ. येशू

१) रोमी ८:३४

२) हिब्रू ७:२५

३) १ यूहन्ना २:१

आ. पवित्र आत्मा परमेश्वर, रोमी ८:२६–२७

२. पावलका अन्तर्बिन्ती सेवाकाई

अ. यहूदीहरुका निम्ति प्रार्थना गर्दछन्

१) रोमी ९:१

२) रोमी १०:१

आ. मण्डलीहरुका निमित्त प्रार्थना गर्दछन्

१) रोमी १:९

२) एफिसी १:१६

३) फिलिप्पी १:३–४, ९

४) कलस्सी १:३, ९

५) १ थेसलोनिकी १:२–३

६) २ थेसलोनिकी १:११

७) २ तिमोथी १:३

८) फिलेमोन पद ४

इ. पावलले उनका निम्ति प्रार्थना गर्नलाई मण्डलीहरुलाई भनेका

१) रोमी १५:३०

२) २ कोरिन्थी १:११

३) एफिसी ६:१९

४) कलस्सी ४:३

५) १ थेसलोनिकी ५:२५

६) २ थेसलोनिकी ४:१

३. मण्डलीको अन्तर्विन्ती सेवाकाई

अ. एक अर्कोका निम्ति प्रार्थना गर्दछन्

१) एफिसी ६:१८

२) १ तिमोथी २:१

३) यूहन्ना ५:१६

आ. विशेष समूहहरुका निम्ति अनुरोध गरिएको प्रार्थना

१) हाम्रा शत्रुहरु, मत्ती ५:४४

२) खीष्टियन कामदारहरु, हिब्रू १३:१८

३) शासकहरु १ तिमोथी २:२

४) बिरामी यूहन्ना ५:१३–१६

५) दोहोऱ्याएर पाप गर्नेहरु, १ यूहन्ना ५:१६

३. जवाफ दिइएका प्रार्थनाका लागि अवस्थाहरु

अ. खीष्ट र पवित्र आत्मासित हाम्रो सम्बन्ध

१) उहाँको पालना गर्नु, यूहन्ना १६:६

२) उहाँका नाममा, यूहन्ना १४:१३, १४; १५:१६; १६:२३–२४

३) पवित्र आत्मामा, एफिसी ६:१८; यहूदा २०

४) परमेश्वरको इच्छाबमोजिम, मत्ती ६:१0:१ यूहन्ना ३:२२; ५:१४–१५

आ. उद्देश्यहरु

१) नडगमगाउनु, मत्ती २१:२२; यहून्ना १:६–७

२) नम्रता र पश्चाताप, लूका १८:९–१४

३) नराम्रो मान्नु, याकूब ४:३

४) स्वार्थीपन, याकूब ४:२–३

इ. अन्य पक्षहरु

१) दृढता

अ. लूका १८:१–८

आ. कलस्सी ४:२

२) सोधिरहेका

अ. मत्ती ७:७–८

आ. लूका ११:५–१३

इ. याकूब १:५

३) पारिवारिक विसङ्गति, १ पत्रुस ३:७

४) जानेर पाप नगरेको

क. भजन ६६:१८

ख. हितोपदेश २८:९

ग. यशैया ५९:१–२

घ. यशैया ६४:७

४. ईश्वरशास्त्रीय सारांश

अ. कस्तो सौभाग्य/कस्तो मौका/कस्तो एउटा कर्तव्य र उत्तरदायित्व ।

आ. येशू हाम्रो उदाहरण हुनुहुन्छ । पवित्र आत्मा हाम्रो सहयोगी हुनुहुन्छ । पिता परमेश्वरले उत्सुक भएर पर्खँदै हुनुहुन्छ ।

इ. यसले तपाइँ, तपाइँको परिवार, तपाइँका साथीहरु र संसारलाई परिवर्तन गर्न सक्थ्यो ।

**विशेष शीर्षक : बयालिस महिना**

बयालिस महिना भन्ने संख्या सतावटको एउटा अवधिको अगमवाणीयुक्त विशेषता हो । अदालत बाहिर कुल्चिएका भन्ने एउटा उक्ति इतिहासका विभिन्न अवधिहरु – Antiochus Epiphanes, सन् ७० मा रोमीहरु र समयको अन्त्यका खीष्ट विरोधीमा परमेश्वरका मानिसहरु अविश्वासीहरुका शासनमुनि भएको जनाउनका निम्ति हो ।

बाइबलमा बयालिस महिना अर्थात् यसको बराबर हुने अंक धेरैपटक उल्लेख गरिएको छ । दानिएलको पुस्तक सुरुको भएजस्तो देखिन्छ ।

१. दानिएल ७:२५; १२:७ ले सांढे तीन वर्ष अथवा १२७७ दिन ("समय") बराबर एक वर्ष ठानिएको) उल्लेख गर्दछन् ।
२. दानिएल ८:१४ ले २३०० साँझ र बिहान उल्लेख गर्छ
३. दानिएल १२:११ ले १२९० दिन उल्लेख गर्छ
४. दानिएल १२:१२ ले १३३५ दिन उल्लेख गर्छ । उस्तै वाक्यांश प्रकाश १२:५ (१२६० दिन) र १३:५ ( ४२ महिना) मा पाइन्छ ।

जब यी सबै घटनाहरु बारे लेखाजोखा गरिन्छ, तिनीहरुको विविधताले संख्याहरुको सांकेतिक प्रकृतिबारे बोल्दछ, जब कि तिनीहरु बयालिस महिना नजिक हुनुले यो अत्याचारको अवधिको निम्ति एउटा सांकेतिक अंक हो भन्ने देखाउँछ । ३/२ नै ७/२ भएबाट यो अत्याचारको एउटा पूरै अवधिप्रति एउटा सन्दर्भ भएजस्तो देखिन्छ, जुन छोटो रुप हो (मत्ती २४:२२; मर्कूस १३:२०; लूका २१:२४) । न्यायजस्तै उत्पीडन पनि परमेश्वरको प्रेमभित्र सीमित रहन्छ ।

**१३:२१ "यदि"** यो एउटा तेस्रो श्रेणीको शर्तात्मक वाक्य हो जसको अर्थ सम्भावित काम भन्ने हुन्छ ।

**"उनलाई विश्वास गर"** यो नकारात्मक कृदन्त सहितको एउटा पूर्ण कर्तृवाच्य आज्ञार्थक हो जसको प्रायजसो अर्थ एउटा काम गर्नबाट रोक्नु हो, तर यस सन्दर्भमा यसको यस्तो सामान्य सूचना नहुन सक्तथ्यो ।

ख्रीष्टियनहरु सर्पहरुजस्तै बुद्धिमान र ढुकुर जस्तै सोझो हुनुपर्दछ (मत्ती १०:१६) । नयाँ ख्रीष्टियनहरु, शंकालु ख्रीष्टियनहरु र बच्चा ख्रीष्टियनहरु सबै साधारण हुन्छन् । तिनीहरु परमेश्वरका सच्चा वक्ताहरु हुन् कि होइनन् भनेर थाहा पाउन हामीले आत्माहरु परीक्षा गर्नुपर्छ (१ यूहन्ना ४:१)। जब मैले विश्वासीहरुले येशूलाई हेर्न रुखहरुतर्फ दौडेको, विशेष पवित्र स्थानहरु वा ढोकाहरु छेकेको देख्दा म अति नै निराश हुन्छु । यो सन्दर्भ अति प्रष्ट छ ! जब उहाँ आउनुहुन्छ सबैले उहाँलाई देख्ने छन् र थाहा पाउने छन् (मत्ती २४:२७)।

पद १४–२३ को सन्दर्भले यरुशलेमबाट भाग्ने तिनीहरुलाई जनाउँछ जो ख्रीष्ट हुँ भनेर यो वा त्यो ठाउँमा देखा पर्छ त्यसबाट त्रसित नहुनलाई भागे ।

**१३:२२ "चिह्नहरु र आश्चर्यका कामहरु गर्ने छन्"** यी झूटा ख्रीष्टहरुले आश्चर्यकर्महरु गर्नेछन् । परमेश्वरका आश्चर्यकर्महरु थाहा पाउनलाई सँधै होशियार रहनुहोस् (प्रस्थान ७:११–१२, २२; व्यवस्था १३:१; मत्ती २४:२४; २ थेसलोनिकी २:९–१२; प्रकाश १३:१३–१४)। झूटा विश्वासीहरुले आश्चर्यकर्महरु गर्न सक्छन् (मत्ती ७:२१–२३)।

- **"सम्भव भए"** मलाई लाग्दछ कि पद २२ को सम्भावित घटना पद २० (अर्थ, एउटा दोस्रो दर्जाको शर्तात्मक वाक्य) को सम्भावनासित सान्दर्भिक रुपमा सम्बन्धित छ किनभने चुनिएकाहरु (पदहरु २० र २२) ले बाटो बिराउन सक्दैनन् ।

- १३:२३ उहाँको इतिहास र उद्धारप्रतिको नियन्त्रण उहाँका अनुयायीहरुलाई भविष्यका घटनाहरु भनेर प्रमाणित गर्ने यो येशूका तरिकाहरुमध्येको एक थियो (जसले पूरानो करारमा YHWH का भविष्यवाणीहरुलाई विम्बित गर्दछ)। YHWH र उहाँका ख्रीष्टले समय र इतिहास नियन्त्रण गर्नुहुन्छ ! कठिन समयहरु पनि उहाँका मुक्ति योजनाका भागहरु हुन् ।

NASB (UPDATED) TEXT: 13:24-27
२४"तर ती दिनमा त्यस महासङ्कष्टपछि सूर्य अँध्यारो हुनेछ र चन्द्रमाले आफ्नो चमक दिनेछैन, २५ताराहरु आकाशबाट खस्नेछन् र आकाशमा भएका शक्तिहरु डग्मगाउनेछन् । २६अनि त्यस समयमा मानिसहरुले मानिसको पुत्रलाई शक्ति र महिमासित बादलमा आउँदै गरेको देख्ने छन् । २७तब उसले स्वर्गदूतहरुलाई पठाउनेछ, र पृथ्वीको अन्त्यदेखि आकाशको अन्त्यसम्म चारै दिशाबाट आफ्ना चुनिएकाहरुलाई भेला गर्नेछ ।

**१३:२४ "तर"** यो एउटा बलियो क्रियाविशेषण हो जसले सन्दर्भमा एउटा अनिरन्तरतालाई देखाउँछ । एउटा नयाँ समय सीमा प्रकट गरिँदैछ ।

**१३:२४ "सूर्य अँध्यारो हुनेछ"** यो अन्त्यको समयबारे पूरानो करारको प्रेरितको भाषा हो (इजकिएल ३२:७–८; योएल २:१०; ३:१५; २८:३–४; आमोस ८:९; दोस्रो Esdras ५:५ पनि हेर्नुहोस्; मोशाका मान्यताहरु १०:५; र Enoch प्रथम ८०:४–७)। यो पूरानो करारका उदाहरणहरुको एउटा श्रेणी हो :

१. यशैया १३:१० बाट पद २४ छ
२. यशैया ३४:३ बाट पद २५ छ
३. दानिएल ७:१३ बाट पद २६ छ

जब सृष्टिकर्ता नजिक आउनुहुन्छ यसले प्रकृतिका उथलपुथलहरुलाई संकेत गर्दछ (२ पत्रुस ३:७, १०, ११, १२; रोमी ८:१८–२२) । प्रायः यी प्रेरित ब्रम्हाण्डका घटनाहरु सरकारहरुका पतन व्याख्या गर्नलाई प्रयोग गरिन्छन् ।

१३:२५ यो यशैया ३४:४ को एउटा उद्धरण हो । ताराहरु स्वर्गका शक्तिहरु हुन् भन्ने विश्वासलाई यसले विम्बित गर्दछ (न्यायकर्ता ५:२०; यहोवा ३८:७) । apocalyptic साहित्यमा खसेका ताराहरुले सँधै स्वर्गदूतहरुलाई जनाउँछन् (प्रकाश ८:१०; ९:१; १२:४) । बाइबलमा स्वर्गदूतहरु परमेश्वरका नोकरहरु हुन् तर मेसोपोटामियामा मूर्ति पूजामा तिनीहरुले मानिसको भाग्यलाई नियन्त्रण गर्ने परमेश्वरहरुलाई जनाउँछन् (जसको अर्थ, राशिका बाह्र चिह्नहरु वा ग्रहका चालहरु) ।

**१३:२६ "मानिसको पुत्रलाई बादलमा आउँदै गरेको"** भजन ८:४ मा प्रयोग गरिएजस्तो "मानिसको पुत्र" भन्ने शब्दद्वारा येशूका मानवता र देवलाई जोड दिइन्छ; इजकिएल २:१ मा यसको नियमित यहूदी वाक्पद्धतिको अर्थमा मानिसका रुपमा, र दानिएल ७:१३ मा यसको स्वर्गीय अर्थमा जोड दिइन्छ (मर्कूस ८:३८; १३:२६; १४:६२, सबैले दानिएल ७:१३ प्रयोग गर्दछन्)। "मानिसको पुत्र" स्वर्गका बादलहरुमा आउने भन्ने तथ्यले उहाँको ईश्वरत्वलाई देखाउँछ (भजन ६८:४; १०४:३) । बादलहरु YHWH का यातायात र ढाक्ने कुरा हुन् (प्रस्थान र गन्तीहरुका उजाडस्थानमा भौंतारिने अवधिभरि महिमित बादल,

(*Shekinah*) । येशू बादलमा जानुहुन्छ (प्रेरित १:९) र बादलहरुमा फर्किनुहुन्छ (१ थेसलोनिकी ४:१७)।

**विशेष शीर्षक : बादलमा आउनुहुने**

यो वाक्यांश ख्रीष्टको दोस्रो आगमनको एउटा निश्चित सन्दर्भ हो । यो बादलमा आगमन एउटा अति महत्त्वपूर्ण मृत्यु र इन्साफको चिह्न हो । पूरानो करारमा यसलाई तीन फरक तरिकामा प्रयोग गरिन्थ्यो :

१. परमेश्वरको भौतिक उपस्थितिलाई देखाउन, महिमाको बादल, *Shekinah* (प्रस्थान १३:२१; १६:१०; गन्ती ११:२५)

२. उहाँको पवित्रतालाई ढाक्न तसर्थ मानिसहरुले उहाँलाई देखेर मर्नेछैन् (प्रस्थान ३३:२०; यशैया ६:५)

३. देवहरुलाई लैजान (यशैया १९:१)

दानिएल ७:१३ मा बादलहरु एउटा स्वर्गीय मानव मसीहको ओसारपसार गर्नलाई प्रयोग गरिन्थे । दानिएलको यो अगमवाणी नयाँ करारमा ३० पटक भन्दा धेरै दोहोर्‍याइएको छ । स्वर्गका बादलहरुसहितका मसीहको यही सम्बन्ध मत्ती २४:३०; मर्कूस १३:२६; लूका २१:२७; १४:६२; प्रेरित १:९, ११ र १ थेसलोनिकी ४:१७ मा देख्न सकिन्छ ।

- **"शक्ति र महिमा"** यसले उहाँको पहिलो आगमन (जकरिया ९:९; यशैया ५३) र दोस्रो आगमन (प्रकाश १९) बीचमा अति अन्तरलाई देखाउँछ । मत्ती २४:३० मा यसलाई बेग्लै शब्दहरुमा समानान्तर गरिएको छ ।

**१३:२७ "स्वर्गदूतहरु"** २ थेसलोनिकी १:७ मा स्वर्गदूतहरुलाई येशूका दूतहरु भनिन्छ । सँधैजसो तिनीहरुलाई YHWH का दूतहरु भनिन्छ (यहूदा १४) ।

- **"आफ्ना चुनिएकाहरुलाई भेला गर्नेछु"** यो पूरानो करारको अगमवाणीको भाषा हो (व्यवस्था ३०:३५; यशैया ४३:६ र भजन ५०:५)। यी अन्त्यका समयका विशेष घटनाहरुको सही क्रम अनिश्चित छ । पावलले सिकाए कि मृत्युमा विश्वास पहिल्यै ख्रीष्टसित हुनेछ (२ कोरिन्थी ५:६, ८) । १ थेसलोनिकी ४:१३–१८ ले सिकाउँछ कि परमप्रभुको आगमनमा यहाँ छोडिएका हाम्रा भौतिक शरीरहरुका केही कुराहरु हाम्रा आत्माहरुसित एकैसाथ हुनेछन् । यसले मृत्यु र पुनरुत्थान दिन बीचको एउटा नछुटिएको अवस्थालाई संकेत गर्दछ । बाइबलमा अभिलेख नगरिएको समयको अन्त्यका घटनाहरु र जीवनपछिका अनुभवबारे त्यहाँ धेरै छ ।

- **"पृथ्वीको अन्त्यदेखि आकाशको अन्त्यसम्म चारै दिशाबाट"** यसले एउटा विश्वव्यापी येशूप्रतिको मानलाई जनाउँदछ ! यसले सुसमाचार प्रचार हुने समयको लामो अवधिलाई पनि संकेत गर्दछ ।

बाइबलमा चार भन्ने अंक पृथ्वीको सांकेतिक हो । यसले पृथ्वीका चारओटै कुनाहरु (यशैया ११:१२), आकाशका चार हावाहरु (दानिएल ७:२; जकरिया २:६) र स्वर्गका चार अन्त्यहरु (यर्मिया ४९:३६) लाई संकेत गर्‍यो । चुनिएकाहरु तिनीहरु छाडिएका ठाउँहरुबाट नै जम्मा पारिनेछन् ।

**विशेष शीर्षक : धर्मग्रन्थका सांकेतिक अंकहरु**

अ. निश्चित अंकहरुले संख्याहरु र संकेतहरु दुवै रुपमा काम गरे

१. एक – परमेश्वर (उदाहरण, व्यवस्था ६:४; एफिसी ४:४–६)

२. चार – सम्पूर्ण पृथ्वी (अर्थ, चार छेउहरु, चार हावाहरु)

३. छ – मानव अपूर्णता (७ भन्दा एक कम, उदाहरण, प्रकाश १३:१८)

४. सात – स्वर्गीय पूर्णता (सृष्टिका सात दिनहरु)। प्रकाशका सांकेतिक प्रयोगहरु ख्याल गर्नुहोस् :

क. सात सामदान, १:१२, २०; २:१

ख. सातओटा ताराहरु १:१६, २०; २:१

ग. सात मण्डली १:२०

घ. सात आत्मा, ३:१; ४:५; ५:६

ङ. सातओटा बत्तीहरु ४:५

च. सातओटा मोहोर ५:१, ५

छ. सातओटा सिङ र सातओटा आँखा ५:६

ज. सात स्वर्गदूतहरु ८:२, ६; १५:१, ६, ७, ८; १६:१; १७:१

झ. सातओटा तुरही, ८:२, ६

ञ. सात मेघ गर्जनहरु, १०:३, ४

ट. सात हजार, ११:१३

ठ. सातओटा शिर, १३:१; १७:३, ७, ९

ड. सात बिपत्ती, १५:१, ६, ८; २१:९

ढ. सात कचौरा, १५:७

ण. सात राजाहरु, १७:१०

त. सात स्वर्गदूतहरु, २१:९

५. दश–पूर्णता

अ. सुसमाचारहरुमा प्रयोग

(१) मत्ती २०:२४; २५:१, २८

(२) मर्कूस १०:४१

(३) लूका १४:३१; १५:८; १७:१२, १७; १९:१३, १६, १७, २४, २५

आ. प्रकाशमा प्रयोग

(१) २:१०, कष्टका दश दिन

(२) १२:३; १७:३, ७, १२, १६, दशओटा सिङ

(३) १३:१, दशओटा मुकुट

इ. प्रकाशमा १० का गुणाहरु

(१) १,४४,०००= १२×१२×१०००, ७:४; १४:१, ३

(२) १,०००= १०×१०×१०, २०:२, ३, ६

६. बाह्र – मानव संगठन

क. याकूबका बाह्र छोराहरु (अर्थ, इस्राएलका बाह्र जातिहरु, उत्पत्ति ३५:२२; ४९:२८)

ख. बाह्र खम्बाहरु प्रस्थान २४:४

ग. प्रधान पूजाहारीका छापमा खोपेका बाह्र ढुङ्गाहरु, प्रस्थान २८:२१: ३९:१४

घ. पवित्र ठाउँमा टेबिलमा बाह्र रोटीहरु (बाह्र जातिहरुप्रति परमेश्वरको योजनाको सांकेतिक कुरा, लेवी २४:५; प्रस्थान २५:३०)

ङ. बाह्र जासुसहरु, व्यवस्था १:२३; यहोशू ३:२२; ४:२, ३, ४, ८, ९, २०)

च. बाह्र प्रेरितहरु, मत्ती १०:१

छ. प्रकाशमा प्रयोग

(१) मोहोर लगाइएका बाह हजार, ७:५–८

(२) बाह्र तारा, १२;१

(३) बाह्र ढोका, बाह्र स्वर्गदूत, बाह्र कुल, २१:१२

(४) बाह्र जग, बाह्र प्रेरितहरुका नामहरु, २१:१४

(५) नयाँ यरुशलेम बाह्र हजार क्षेत्रफल भएको वर्ग थियो, २१:१६

(६) बाह्र मोतीका बाह्र ढोका : २१:२१

(७) बाह्र किसिमका फलहरु दिने जीवनको वृक्ष, २२:२

७. चालीस – समयको निम्ति अंक

अ. कहिलेकाहीँ शाब्दिक (प्रस्थान र काम नभइकन भौंतारिनु, उदाहरण, प्रस्थान १६:३५); व्यवस्था २:७; ८:२

आ. शाब्दिक अथवा सांकेतिक हुनसक्छ

(१) जलप्रलय, उत्पत्ति ७:४, १७; ८:६

(२) सीनै पर्वतमा मोशा, प्रस्थान २४:१८; ३४:२८; व्यवस्था ९:९, ११, १८, २५

(३) मोशाका जीवनका विभाजनहरु :

(अ) मिश्रमा चालीस वर्ष

(आ) मरुभूमिमा चालीस वर्ष

(इ) इस्राएलतर्फ चालीस वर्ष

(४) येशूले चालीस दिन उपवास बस्नुभयो, मत्ती ४:२; मर्कूस १:१३; लूका ४:२

इ. बाइबलमा यो अंक समय नाप्नमा कति पटक देखापर्छ भन्ने टिप्नुहोस् (एउटा क्रमसूचीको साधनद्वारा)!

८. सत्तरी – मानिसहरुका निम्ति पूर्ण अंक

क. इस्राएल, प्रस्थान १:५

ख. सत्तरी एल्डरहरु, प्रस्थान २४:१, ९

ग. मृत्यु र इन्साफको सिद्धान्त, दानिएल ९:२, २४

घ. काम गर्ने समूह, लूका १०:१, १७

ङ. क्षमा दिइएको (७०×७०), मत्ती १८:२०

आ. राम्रा सन्दर्भसामग्रीहरु

१. John J. Davis, *Biblical Numerology*

२. D. Brent Sandy, *Plowshares and pruning Hooks*

NASB (UPDATED) TEXT: 13;28-32

२८"अञ्जीरको रुखबाट पाठ सिक : त्यसको हाँगा कमलो भएर पालुवा हाल्ने बित्तिकै ग्रीष्म ऋतु नजिक आएछ भन्ने तिमीहरु थाहा पाउँछौ । २९यसरी नै तिमीहरुले पनि जब यी घटनाहरु भइरहेका देख्छौ, तब ऊ नजिक छ, ढोकामा नै छ भन्ने जान । ३०साँच्चै म तिमीलाई भन्दछु, यी सबै कुरा भई नसकून्जेल यो पुस्ता बितिजानेछैन । ३१स्वर्ग र पृथ्वी बितिजानेछ, तर मेरा वचन कहिल्यै बित्ने छैन । ३२"तर त्यस दिन र त्यस घडीको विषयमा पिताले बाहेक अरु कसैले जान्दैन, नता स्वर्गमा हुने स्वर्गदूतहरुले न पुत्रले ।"

**१३:२८ "अञ्जीरको रुख"** यस दृष्टान्तमा मर्कूस ११:१२–१४ मा जस्तो अञ्जीरको रुख इस्राएल राष्ट्रको एउटा स्पष्ट संकेत होइन, तर परमप्रभुको पुनः आगमनको ठीक समय थाहा नपाए पनि सामान्य ऋतु जान्ने विश्वासीहरुको निम्ति एउटा अलंकार हो । अञ्जीरको रुख ढिलो फुल्थ्यो । यसले वसन्त होइन, ग्रीष्मको आगमनलाई संकेत दिन्थ्यो ।

**१३:२९ "जान"** यो एउटा वर्तमान कर्तृवाच्यको सूचाङ्क अथवा एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । अन्तिम पुस्ताले यी अगमवाणीका अनुच्छेदहरुलाई सहीरुपले बुझ्ने छन् । मण्डलीको समस्या के हो भने विश्वासीहरुको हरेक पुस्ताले अगमवाणीहरुलाई यसको आफ्नै मण्डलीको समस्या के हो भने विश्वासीहरुको हरेक पुस्ताले अगमवाणीहरुलाई यसको आफ्नै तत्कालिन इतिहास र संस्कृतिभित्र पार्ने कोशिस गरेको छ । अहिलेसम्म हरेक पुस्ता गलत भएको छ । मण्डलीले यी सबै झूटा भविष्यवाणीहरुद्वारा आफ्नो विश्वास गुमाएको छ ।

- "**ऊ**" ग्रीक लेखमा त्यहाँ कुनै सर्वनाम छैन । "हुनेछ" क्रिया पुलिङ्ग वा नपुसंक हुनसक्छ । पद १४ को कारणले नपुंसक "यो" राम्ररी मिल्दछ । यसो हो भने, यसले यरुशलेमको विनाशलाई संकेत गर्दछ ।

१३:३० यो एउटा बलियो दुवैतर्फ नराकारात्मक व्याकरणीय बनोट हो । यसले तलका कुराहरुलाई संकेत गर्न सक्थ्यो ।

१. यरुशलेमको विनाश
२. रुप परिवर्तन (९:१)
३. दोस्रो आगमनका चिह्नहरु

समस्या के हो भने येशूले चेलाहरुद्वारा सोधिएका तीन प्रश्नहरुलाई (मत्ती २४:३) घटनाहरुबीच स्पष्ट भिन्नताविना एउटै सन्दर्भमा मिसाउनुहुन्छ ।

**१३:३१ "स्वर्ग र पृथ्वी बितिजानेछ"** यस महान् सत्यतालाई पूरानो करारको प्रेरितको भाषामा व्यक्त गरिएको छ (२ पत्रुस ३:७, १०) । परमेश्वरको वचन कहिल्यै बित्नेछैन तर मानिसका पापद्वारा प्रभावित भौतिक सृष्टिलाई शुद्ध गरिनेछ । यो नै धर्मग्रन्थको तत्कालिन भाव हो (यहोशू २१:४५; २३:१४–१५; १ राजा ८:५६; यशैया ४०:६–८; ५५:८–११; मत्ती ५:१७–२०)।

**१३:३२ "त्यस दिन"** पूरानो करारको "परमप्रभुको दिन" भन्ने वाक्यांशको यो एउटा संक्षिप्त रुप हो ( आमोस र योएलमा आउने)। यसले दोस्रो आगमन अर्थात् एउटा न्यायको दिनलाई जनाउँदछ (अर्थात्, सामयिक = यरुशलेमको विनाश वा eschatological = अन्तिम न्याय)।

- "र घडी" १४:३५ मा घडी भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

- **"पिताले बाहेक कसैले जान्दैन"** यसले यरुशलेमको विनाश होइन, दोस्रो आगमन र नयाँ युगलाई संकेत गर्दछ । येशूले पद ३० मा विशेष रुपमा नै त्यस पुस्तालाई सम्बोधन गर्नुभयो । दोस्रो आगमनको निम्ति निश्चित मितिहरु राख्नबाट ख्रीष्टियनहरुलाई निरुत्साहित पार्ने यो एउटा बलियो पद हो ।

**विशेष शीर्षक : पिता**

पूरानो कराररले परमेश्वरको नजिकको पारिवारिक अलङ्कारलाई पिताको रुपमा परिचय दिन्छ :

१. इस्राएलको राष्ट्रलाई सँधैजसो YHWH को "पुत्र" का रुपमा वर्णन गरिन्छ (होशे ११:१; मलाकी ३:१७)
२. व्यवस्थामा सुरुमा समेत पिताका रुपमा परमेश्वरको बराबरी प्रयोग गरिन्छ (१:३१)
३. व्यवस्था ३२ मा इस्राएललाई "उहाँका सन्तानहरु" र परमेश्वरलाई "तपाइँका पिता" भनिएको छ ।
४. यस समानतालाई भजन १०३:१३ मा उल्लेख गरिन्छ र भजन ६८:५ मा विकसित गरिन्छ ( टुहुराहरुका पिता)
५. अगमवाणीहरुमा यो सामान्य थियो (यशैया १:२; ६३:८; पुत्रको रुपमा इस्राएल, पिताका रुपमा परमेश्वर, ६३:१६; ६४:८; यर्मिया ३:४, १९:३१:९)

येशूले आरामिक बोल्नुभयो जसको अर्थ हुन्छ कि धेरै ठाउँहरु जहाँ "पिता" ग्रीक Pater का रुपमा देखापर्छ, यसले आरमिक अब्बालाई बिम्वित गर्न सक्छ (१४:३६)। यस पारिवारिक शब्द "बाबु" वा "पापा" ले येशूको पितासँगको नजिकको सम्बन्धलाई बिम्वित गर्दछ; उहाँका अनुयायीहरुलाई उहाँ भन्नुले पितासित हामी नजिक हुने कुरालाई हौसला प्रदान गर्दछ । "पिता" भन्ने शब्द YHWH का निम्ति पूरानो करारमा यदाकदा प्रयोग गरिन्थ्यो तर येशूले यसलाई सँधै र यत्रतत्र प्रयोग गर्नुहुन्छ । विश्वासीहरुको ख्रीष्टमार्फत् परमेश्वरसँग नयाँ सम्बन्धको यो एउटा मुख्य प्रकट हो (मत्ती ६:९)।

- **"न ता स्वर्गमा हुने स्वर्गदूतहरुले"** स्वर्गदूतहरुलाई मानवतासित परमेश्वरको व्यवहारप्रति उत्सुकको रुपमा हेरिन्छ (१ कोरिन्थी ४:९; एफिसी २:७, ३:१०; १ पत्रुस ३:१२) । तिनीहरु परमेश्वरसित रहेता पनि, तिनीहरुले उहाँका योजनाहरु पूर्णरुपमा बुझ्दैनन् । ख्रीष्टमा यी अनन्त उद्देश्यहरु प्रभाव बनाइन्छन् !

- **"न ता पुत्रले"** जानकारीको यसप्रकारको कमीले स्पष्टसित येशूको साँचो मानवतालाई देखाउँछ । पूर्णरुपमा मानिस र पूर्णरुपमा परमेश्वर भएर पनि येशूले उहाँका स्वर्गीय गुणहरुको भाग स्वर्गमा छोड्नुभयो जब उहाँ देहधारी हुनुभयो फिलिप्पी २:७)। स्वर्गारोहण पछिसम्म मात्र सीमितताको प्रभाव थियो ।

येशूले आफूलाई नै व्याख्या गर्न "पुत्र" भन्ने शब्द प्रयोग गर्नुहुने उहाँको स्व-ज्ञानलाई प्रकट गर्दछ (अर्थात् YHWH पिता हुनुहुन्छ, उहाँ चुनिएका मसिही पुत्र हुनुहुन्छ ) । यो "पिताको पुत्र" लाई संकेत गर्ने "पुत्र" भन्ने शब्दको एउटा दुर्लभ प्रयोग हो (अर्थात्, परमेश्वर) । येशूले प्रायः आफैलाई "मानिसको पुत्र" का रुपमा जनाउनुभयो, तर दानिएल ७:१३ मा उहाँका श्रोताहरुले यसको विशेष प्रयोगसित परिचित नहुँदासम्म यस वाक्यांशलाई उनीहरुले "मानव" का रुपमा बुझ्केका हुनसक्छन् । तर, यहूदीवादले यो पूरानो करारको लेख र शीर्षकलाई जोड दिएन ।

**"न ता पुत्रले"** भन्ने वाक्यांश मत्ती २४:३६ र केही पूराना ग्रीक uncial पाण्डुलिपीहरु ℵ¹, K, L, W मा लेखिएको छैन । धेरै अनुवादहरुमा यसलाई समावेश गरिएको छ किनभने यो ℵ, B र D, Diatesseron, अनि Irenaeus, Origen Chrysostom ले जानेका ग्रीक पुस्तकहरु र Jerome ले प्रयोग गर्ने पूरानो ल्याटिन लिपीमा छ । परम्पराप्रति निष्ठा राख्ने धर्म गुरुहरुद्वारा झूटा शिक्षकहरु विरुद्ध ख्रीष्टको ईश्वरत्वमा जोड दिनलाई परिवर्तन गरिएका पुस्तकहरुमध्ये यो एउटा हुनसक्छ (Bart D. Ehrman को *The Orthodox corruption of seripture*, Oxford University Press, १९९३, पृष्ठ ९१–९२ हेर्नुहोस्)।

NASB (UPDATED) TEXT:13:33-37

३३होशियार रहो, जागा बस र प्रार्थना गर, किनकी यो बेला कहिले आउने हो, सो तिमीहरु जान्दैनौ । ३४यो त मालिकले आफ्ना चाकरहरुलाई घरको प्रत्येक काम र दायित्वको जिम्मा दिएर र पालेलाई जागा रहनु भनी आज्ञा दिएर परदेश लागेको जस्तो हो । ३५"यसकारण तिमीहरु पनि जागा रहो, किनकी घरको मालिक बेलुकी, कि आधा रातमा, कि भाले बास्दा, कि बिहान, कहिले आउने हो, सो तिमीहरु जान्दैनौ । ३६नत्रता ऊ अचानक आउँदा उसले तिमीहरुलाई निदाइरहेका भेट्टाउला । ३७जे म तिमीहरुलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो' ।"

**१३:३३ "होशियार रहो, जागा रहो, जाग बस"** यी वर्तमान पूर्ण आज्ञार्थकहरु हुन् (पदहरु ५, ९, २३)। विश्वासीहरु दोस्रो आगमनको निरन्तर आशामा बाँच्नुपर्दछ । पद ३३–३७ मा त्यहाँ "जागा रहनु" लाई दुई छुट्टै ग्रीक शब्दहरुमा अनुवाद गरिएको छ ।

१. *blepō* (पद ३३, गलाती ६:१)
२. *grēgoreō* (पदहरु ३४, ३५, ३७ एफिसी ६:१८)

Louw र Nida को *Greek-English Lexicon of the New Testament Based on Samantic Domains*, पुस्तक १, पृष्ठ ३३३ मा, #१ निम्ति "जागा रहो" अथवा "होशियार रहो" अनि #२ का निम्ति "होशियार रहो" अथवा "हेर" का रुपमा यी शब्दहरुको अर्थ रहन्छ ।

दोस्रो आगमनको यथार्थता एउटा पुस्ताको मात्रै अनुभव हुनेछ तापनि, हरेक पुस्ता परमप्रभुको कुनै पनि क्षण हुने आगमनको निरन्तर आशामा बाँच्दछन् । प्रेरितहरुले र सुरुका मण्डलीले त्यसै भएर पुनः आगमन तुरुन्तै हुन्थ्यो भन्ने सोंच्थे । २००० वर्ष ढिलो हुनु आश्चर्यपूर्ण छ, तर परमेश्वरले धेरै

यातना भोग्दै हुनुहुन्छ अनि कोही नछुटोस् भन्ने चाहनुहुन्छ (१ तिमोथी २:४; २ पत्रुस ३:९) । उहाँ आउन ढिलो गर्नुहुन्छ तसर्थ मण्डलीले महान् आज्ञा पूरा गर्नसक्छ (मत्ती २८:१९–२०, लूका २४:४६–४७, प्रेरित १:८) अनि विश्वासी यहूदीहरु र विश्वासी अन्य जातिहरुका सम्पूर्ण संख्या भेला हुन सक्दछन् (रोमी ११) । पुन आगमन विश्वासीहरुका निम्त्ति आश्चर्य हुन्छ तर अविश्वासीहरुका निम्ति अनन्त परिणामहरुको एउटा भय हुन्छ ।

- (**"प्रार्थना गर"**) यी शब्दहरु धेरै पूराना ग्रीक uncial पाण्डुलिपीहरु ℵ, A, C, K, L, W, X मा छन् तर B र D मा छैनन् । तिनीहरु सुरुका हुनसक्छन् (NKJV) । जे होस्, UBS[4] ले यो पढाइलाई एउटा "B" श्रेणी (करीब निश्चियता) दिन्छ ।

- **"त्यो बेला"** यो कालक्रमिक समय *chronos* का लागि शब्द होइन जुनचाहिँ मर्कूसमा प्रयोग गरिएको छैन तर एउटा विशेष समय (*kairos*, १:१५) का निम्ति शब्द हो (यसले एउटा मुख्य eschatological घटना हो । (१) यरुशलेमको विनाश (२) मानिसको पुत्रको उपस्थिति वा (३) नयाँ युगको सुरुवात, कुनचाहिँ भन्ने प्रश्न हो ? सन् ७० मा #१ भयो । दोस्रोचाहिँ, एउटा अर्थमा, पहिल्यै भइसकेको थियो (अर्थात् येशूको जीवन र अवतार) । तर अर्को अर्थमा, भविष्य (येशूको दोस्रो आगमनमा परमेश्वरको राज्यको उपभोग) हो । दोस्रो जस्तै, तेस्रो अंक पनि केही अर्थमा पहिले नै भइसकेको छ । विश्वासीहरु परमेश्वरको राज्य, नयाँ युगको अझै नभएको–पहिल्यै भइसकेकोमा बाँच्छन् (Fee र Stuart को *How to Read the Bible for all its worth*, पृष्ठ १३१–१३४) ।

**१३:३४ "एउटा मानिस परदेश लागेको जस्तो"** येशूका दृष्टान्तका धेरै शिक्षाहरुका निम्ति यो सामान्य पदावली हो (१२:१; मत्ती २१:३३; २५:१४; लूका १५:१३; १९:१२; २०:९)। समय तत्त्वको प्रसङ्ग हो (पदहरु ३५–३७)। प्रशस्त समय दिइएमा मानिसहरुको साँचो प्रकृति बाहिर आउँछ । ढिलो हुने पुनः आगमनले मानिसहरुका साँचो वफादारीहरु र प्राथमिकताहरु आफैं देखाउने बनाउँछ । मत्तीको सुसमाचारको मत्ती २४:४२–५१ मा यी शब्दहरुलाई विस्तृत पार्दछ ।

- **"प्रत्येक कामको जिम्मा दिएर"** यसले सम्भवत रोमी १२;१ कोरिन्थी १२ र एफिसी ४ मा लेखिएको पवित्र आत्माको उपहारहरुसित सम्बन्ध राख्छ । खीष्टियनहरुलाई न्याय दिइनेछ (२ कोरिन्थी ५:१०) तर के का लागि ? पक्कै पनि पापहरुका निम्ति होइन किनभने येशूको रगतले सबै पापहरुलाई क्षमा दिन्छ (हिब्रू ९) । सायद खीष्टियनहरुले सुसमाचारको सहयोग र आफ्ना आत्मिक उपहारका प्रयोगका निम्ति परमेश्वरलाई एउटा विवरण दिनेछन् ।

**१३:३५**

| | |
|---|---|
| **NASB** | **"बेलुकी, कि आधा रातमा, कि बिहान भाले बास्दा"** |
| **NKJV** | **"बेलुकी, कि आधा रातमा, कि भाले बास्दा, कि बिहान"** |
| **NRSV** | **"बेलुकीमा, कि आधा रातमा, कि भाले बास्दा, कि बिहानमा"** |

**TEV** “बेलुकीमा, कि मध्यरातमा, कि उज्यालो नहुँदै, वा सूर्य उदाउँदा”
**NJB** “बेलुकी, मध्यरात, भाले बास्दा, बिहान”

यी शब्दले रोमी चार रातका तीन घडीका प्रहरहरुलाई उल्लेख गर्दछ :

१. साँझ : ६–९ बजे
२. मध्यरात : ९ बजे – मध्यरात
३. भाले बास्दा : राति १२ बजे – बिहान ३ बजे
४. बिहान : ३ – ६ बजे

१३:३७ पद ३३ मा टिप्पणी हेर्नुहोस् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. यस अध्यायको मूल उद्देश्य के हो ?
२. के पदहरु ४–७ ले अन्त्यको समयको व्याख्या गर्दछन् ?
३. ७–१२ अध्यायको दानिएलको अगमवाणी कसरी दोस्रो आगमनसित सम्बन्धित छ ?
४. येशूले किन पद २४ जस्ता *apocalyptic* भाषा प्रयोग गर्नुहुन्छ ?
५. परमप्रभु फेरि कहिले आउनुहुनेछ भनेर के विश्वासीहरुले जान्दछन् ?
६. के दोस्रो आगमन : तुरुन्तै, ढिलो, अनिश्चित समयमा हुन्छ ?
७. येशूले कसरी आफ्नो पुनः आगमनको समय थाहा पाउन सक्नुभएन ?
८. के तपाइँले आफ्नो जीवन अवधिमा येशूको पुन आगमनको आशा गर्नुहुन्छ ?

# मर्कूस १४
## आधुनिक अनुवादहरुका अनुच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| येशूलाई मार्ने षड्यन्त्र | येशूलाई मार्ने षड्यन्त्र | येशूको मृत्यु | येशू विरुद्धको षड्यन्त्र | येशू विरुद्ध षड्यन्त्र |
| १४:१–२ | १४:१–२ | १४:१–२ | १४:१–२ | १४:१–२ |
| बेथानियामा अत्तर लगाएको | बेथानियामा अत्तर लगाएको | | बेथानियामा येशूलाई अत्तर लगाइएको | बेथानियामा अत्तर लगाइएको |
| १४:३–९ | १४:३–९ | १४:३–९ | १४:३–५<br>१४:६–९ | १४:३–९ |
| येशूलाई धोखा दिन यहूदाको स्वीकृति | येशूलाई धोका दिन यहूदाले स्वीकार गर्दछ | | येशूलाई धोका दिन यहूदाले स्वीकार गर्दछ | यहूदाले येशूलाई धोका दिन्छ |
| १४:१०–११ | १४:१०–११ | १४:१०–११ | १४:१०–११ | १४:१०–११ |
| चेलाहरुसँगै निस्तार चाड | येशूले आफ्ना चेलाहरुसित निस्तार चाड मनाउनुहुन्छ | प्रभु भोज | येशूले आफ्ना चेलाहरुसित निस्तार चाडको भोज ग्रहण गर्नुहुन्छ | निस्तार चाडको भोजका निम्ति तयारीहरु |
| १४:१२–२१ | १४:१२–२१ | १४:१२–१६ | १४:१२<br>१४:१३–१५<br>१४:१६ | १४:१२–१६ |
| प्रभुभोजको स्थापना | येशूले प्रभुभोजको आयोजना गर्नुहुन्छ | | प्रभु भोज | प्रभुभोजको स्थापना |
| १४:२२–२६ | १४:२२–२६ | १४:२२–२५<br>गेतसमनी<br>१४:२६–३१ | १४:२२<br>१४:२३–२५<br>१४:२६ | १४:२२–२५<br>पत्रुसको इन्कारबारे भनिएको<br>१४:२६–३१ |
| पत्रूसको इन्कारबारे भनिएको | येशूले पत्रुसको इन्कारबारे भन्नुहुन्छ | | येशूले पत्रुसको इन्कारबारे भन्नुहुन्छ | |
| १४:२७–३१ | १४:२७–३१ | | १४:२७–२८<br>१४:२९<br>१४:३०<br>१४:३१अ<br>१४:३१आ | |

| | | | | |
|---|---|---|---|---|
| गेतसमनीमा प्रार्थना | गेतसमनीमा प्रार्थना | | गेतसमनीमा येशूले प्रार्थना गर्नुहुन्छ | गेतसमनी |
| १४:३२–४२ | १४:३२–४२ | १४:३२–४२ | १४:३२–३४<br>१४:३५–३६<br>१४:३७–३८<br>१४:३९–४०<br>१४:४१–४२ | १४:३२–४२ |
| विश्वासघात अनि येशूको गिरफ्तारी | विश्वासघात अनि गेतसमनीमा गिरफ्तारी | | येशूको गिरफ्तारी | गिरफ्तारी |
| १४:४३–५० | १४:४३–५० | १४:४३–५० | १४:४३–४४<br>१४:४५–४९<br>१४:५०<br>१४:५१–५२ | १४:४३–५२ |
| एकजना जवान जो भाग्यो | एक जवान नाङ्गै भाग्दछ | | | |
| १४:५१–५२ | १४:५१–५२ | १४:५१–५२ | १४:५१–५२ | |
| येशू महासभाको सामुन्ने | येशू महासभाको सामुन्ने | येशू कैयाफाको सामुन्ने | येशू महासभाको सामुन्ने | येशू महासभाको अगाडि |
| १४:५३–६५ | १४:५३–६५ | १४:५३–६५ | १४:५३–५६ | १४:५३–५४<br>१४:५५–६४ |
| | | | १४:५७–५९<br>१४:६०<br>१४:६१<br>१४:६२<br>१४:६३–६४अ<br>१४:६४आ<br>१४:६५ | |
| पत्रूसद्वारा येशूको इन्कार | पत्रुसले येशूबारे इन्कार गर्दछन् र रुन्छन् | | पत्रुसद्वारा येशूको इन्कार | पत्रूसद्वारा इन्कार |
| १४:६६–७२ | १४:६६–७२ | १४:६६–७२ | १४:६६–६७<br>१४:६८<br>१४:६९–७०अ<br>१४:७०आ<br>१४:७१<br>१४:७२ | १४:६६–७२ |

## अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

### परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

### संक्षिप्त सुसमाचारहरु समानान्तर रहेको छन् ।

क. मर्कूस १४:१–२ मा येशूलाई मार्ने षड्यन्त्र, मत्ती १६:१–५ र लूका २२:१–२ मा समानान्तर गरिएको छ ।

ख.मर्कूस १४:३–९ मा बेथानियामा अत्तर लगाउने काम, मत्ती १६:६–१३ र यूहन्ना १२:२–८ मा समानान्तर गरिएको छ (शायद लूका ७:३६–३९ मा गालीलमा अर्को अत्तर लगाइने काम)

ग. मर्कूस १४:१०–११ मा येशूलाई धोखा दिने यहूदाको सहमती, मत्ती २६:१४–१६ अनि लूका २२:३–६ मा समानान्तर गरिएको छ ।

घ. मर्कूस १४:१२–२१ मा चेलाहरुसित निस्तार–चाड, मत्ती २६:१७–२५, लूका २२:२१–२३ र यूहन्ना १३:२१–३० मा समानान्तर गरिएको छ ।

ङ. मर्कूस १४:२२–२६ मा प्रभुभोजको स्थापना, मत्ती २६:२६–२९ र लूका २२:१७–२० मा समानान्तर गरिएको छ (कोरिन्थी ११:२३–२६) ।

च. मर्कूस १४:२७–३१ मा पत्रूसको इन्कारबारे पहिल्यै भनिएको कुरा, मत्ती २६:३१–३५ मा समानान्तर रहेको छ ।

छ. मर्कूस १४:३२–४२ मा गेतसमनीमा येशूको प्रार्थना, मत्ती २६:३६–४६, लूका २२:३९–४० र यूहन्ना १८:१ मा समानान्तर रहेको छ ।

ज. मर्कूस १४:४३–५० मा येशूको गिरफ्तारी र विश्वासघात, मत्ती २६:४७–५६, लूका २२:४७–५३ र यूहन्ना १८:२–१२ मा समानान्तर गरिएको छ ।

झ. मर्कूस १४:५३–६५ मा महासभाको सामुन्ने येशूलाई, मत्ती २६:५७–६८ र यूहन्ना १८:१२, १९–२४ मा समानान्तर गरिन्छ ।

ञ. मर्कूस १४:६–७२ मा पत्रूसद्वारा येशूको इन्कार, मत्ती २६:६९–७५, लूका २२:५४–६२ र यूहन्ना १८:१५–१८, २५–२७ मा समानान्तर गरिएको छ ।

NASB (UPDATED) TEXT:14:1-2

१ यसको दुई दिनपछि निस्तार र अखमिरी रोटीको चाड थियो । मुख्य पूजाहारीहरु र शास्त्रीहरु उहाँलाई कसरी छलद्वारा पक्रेर मारौं भन्ने दाउमा थिए । २किनभने तिनीहरुले भनेका थिए, "चाडको बेलामा होइन, नत्रता मानिसहरुमा हूलदङ्गा मच्चिएला ।

**१४:१ "निस्तार र अखमिरी रोटीको चाड"** सुरुमा एउटै घटनाको उत्सव मनाउने यी दुई अलग चाडहरु थिए, हिब्रूहरुलाई मिश्र छोड्न अनुमति दिनलाई फिरऊनलाई बाध्य पार्ने अन्तिम महामारी । निस्तार चाडको भोजका निम्ति आवश्यकताहरु प्रस्थान १२:१–१४, २१–२८, ४३–५१ मा पाइन्छन् । अखमिरी रोटीको सात दिनको भोजको तरीकाहरु प्रस्थान १२:८, १५–२० मा पाइन्छन् (गन्ती २८:१६–२५, व्यवस्था १६:१–८, र Josephus को *Antiquities* ३, १०, ५)।

- **"दुई दिनपछि"** दुईओटै भोजहरु एकैचोटि हुने भएकोले, यहूदीहरुले कहिलेकाहीँ पूरै अवधीलाई "निस्तारचाड" का रुपमा जनाउँदथ्यो । त्यसकारण, "दुई दिन" को अर्थ (१) आठ – दिनको भोजको दुई दिन अगाडि अथवा (२) निस्तार भन्दा नै दुई दिन पहिले हुन्छ भन्ने अनिश्चित छ ।

यो एउटा बेग्लै दिनमा हुन्थ्यो भनेर यूहन्ना १२:१–८ ले उल्लेख गर्दछ : पद ३ एउटा पूर्वदृश्य हुनसक्छ । चार सुसमाचार लेखकहरुद्वारा येशूको जीवनका अन्तिम दिनहरुका कालक्रम अलग तरीकाले अभिलेख राखिएका छन् । मेरो विचारमा सुरुको मण्डलीले यी चार सुसमाचारहरुबीचको भिन्नता महसुस गर्‍यो तर तिनीहरुलाई मिलाउने कोशिस गरेन । (१) लेखहरुको प्रत्यक्ष साक्षी प्रकृति र (२) हरेक व्यक्तिगत लेखकको ईश्वरशास्त्रीय । धर्मशास्त्रीय उद्देश्यहरुका काल भिन्नताहरु पाइन्छन् । तिनीहरु हरेकसँग तिनीहरुका उद्देश्यहरु अनि लक्षित समूहहरुसित मिलाउन येशूका शिक्षाहरु र कार्यहरु रोज्ने, मिलाउने अनि अनुकूल बनाउने स्वतन्त्रता (प्रेरणा अन्तर्गत) थियो (Gordon Fee र Doug Stuart, *How to Read the Bible for All Its Worth*, पृष्ठ १२६–१२९) ।

- **"पूजाहारीहरु र शास्त्रीहरु"** मत्तीले "एल्डरहरु" थप्दछन्, जुन महासभाका लागि सम्पूर्ण रुपरेखा हुन्छ । १२:१३ मा विशेष शीर्षक हेर्नुहोस् ।
- **"उहाँलाई छलद्वारा पक्रेर मार्न"** यो कुनै नयाँ कुरा थिएन (३:६–११:१८), तर अन्य जातिहरुको अदालतबाट व्यापारीहरुप्रति उहाँको सफाइ अनि यरुशलेममा विजयपछिको प्रवेशका बेला भीडका पुष्टिहरुलाई स्वीकार गर्ने येशूका कामहरुले दुवै फरिसीहरु र सदुकीहरुसित उहाँको भाग्य सुनिश्चित गरे ।

**१४:२ "मानिसहरुमा हुलदङ्गा मच्चिएला"** गालीलमा येशू अनि प्रसिद्ध थिए । निस्तार चाडका बेला सम्पूर्ण Mediterranean क्षेत्रबाटका यात्रीहरु सहित यरुशलेमको जनसङ्ख्या तीन गुणाले बढ्यो तिनीहरुमध्ये धेरै गालीलबाट थिए । सम्भावित "हुलदङ्गा" मत्ती २६:५ र २७:२४ मा उल्लेख गरिएको छ ।

## NASB (UPDATED) TEXT: 14:3-9

३उहाँ बेथानियामा सिमोन कुष्ठरोगीको घरमा खान बस्नुहुँदा एउटी स्त्री विशुद्ध जटामसीको बहुमूल्य अत्तर सिंगमर्मरको शीशीमा लिएर आई उहाँको शीरमा खन्याई । ४तर कोही कोहीले रीस गरेर आपसमा भन्न लागे, "यो सुगन्धित अत्तर किन यसरी नोक्सानी गरेको ? ५किनकी यो अत्तर तीनसय चाँदीका सिक्काभन्दा बढीमा बिक्री गरेर गरिबहरुलाई त्यो पैसा दिन सकिन्थ्यो ।" अनि तिनीहरुले त्यस स्त्रीलाई झपारे । ६तर येशूले भन्नुभयो, "छोडिदेओ, किन तिमीहरु त्यसलाई सताउँछौं ? त्यसले मप्रति असल काम गरेकी छे । ७किनभने गरीबहरु त तिमीहरुसँग सँधै हुन्छन्, र इच्छा लागेको कुनै पनि समय तिमीहरु तिनीहरुको भलाइ गर्न सक्छौं । तर म त सँधै तिनीहरुका साथमा हुँदिन । ८ यस स्त्रीले जे गर्न सक्थी त्यही गरेकी छे । यसले मेरो शरीरको दफनको निम्ति अघिबाटै सुगन्धित अत्तर घसेर तयार पारेकी छे । ९साँच्चै, म तिमीहरुलाई भन्दछु, सारा संसारमा जहाँजहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस स्त्रीले जे गरेकी छे उसको सम्झनाको लागि यो कार्यको वर्णन गरिने छ ।"

**१४:३ "बेथानिया"** यरुशलेमबाट नजिकै, जैतुन डाँडाको रुपमा चिनिने पर्वतश्रेणीमा एउटा शहर तीन वटा वार्षिक आदेशात्मक भोजहरु अवधिभरि यात्रीहरुका लागि सुत्ने एउटा मुख्य ठाउँ थियो । यरुशलेमको नजिकै बस्ने हरेक यहूदी परिवार पवित्र स्थलहरुतर्फ जान साँस्कृतिक रुपमा बाध्य थियो ।

- **"सिमोन कुष्ठरोगी"** पूरानो करारमा कुष्ठरोग परमेश्वरको असन्तोषको एउटा चिह्न थियो । यसको भयानक सामाजिक परिणामहरु थिए । सायद येशूद्वारा यस मानिसलाई प्रत्यक्षरुपमा नै उपचार गरिएको थियो । प्राचीन संसारमा कुष्ठरोगले विभिन्न प्रकारका छालाका रोगहरुलाई समावेश गर्थ्यो, हाम्रो आधुनिक कुष्ठरोग मात्रै होइन (लेवी १३–१४)।

यूहन्ना १२:२–८ मा समानान्तरको यो लाजरसको घर थियो अनि उनकी दिदी मरियम स्त्री थिइन् भन्ने कुरा संकेत गर्दछ । के सिमोन तिनीहरुका पिता हुनसक्थे जसलाई येशूले पहिले नै निको पार्नुभएको थियो ?

- **"खान बस्नु"** तिनीहरुले कुर्सी प्रयोग गरेनन् तर घोडाको खुरजस्तो आकार हुने होंचा तीनवटा टेबुलहरुमा आफ्नो बायाँ कुहिना राखेर र खुट्टा पछाडिपट्टि फर्काएर खान बसे ।
- **"एउटी स्त्री आई"** लूका ७:३६–५० ले यही ठाउँमा एउटा उस्तै अत्तर लगाउने अनुभवको अभिलेख राख्दछ तर एउटी पापी स्त्रीद्वारा । यूहन्ना १२:३ ले यस स्त्रीलाई लाजरसकी बहिनी मरियम नाम दिन्छ तर मर्कूसले नाम दिँदैन । मर्कूसले केही पछि लेख्दा उनलाई नाम दिन स्वतन्त्र ठाने (Lenski को *St. Mark's Gospel*) ।
  यो पक्कैपनि एउटा आश्चर्यलाग्दो प्रेमिलो काम हो जसले येशूको दफनलाई संकेत गर्थ्यो ।

- **NASB** "एउटा सिङ्गमरमरको शीशी"
  **NKJV** "सिङ्गमरमरको सोली"
  **NRSV, TEV, NJB** "सिङ्गमरमरको भाँडो"

इजिप्टको एउटा शहर, अलाबास्ट्रोन बाटको सेतो अपरादर्शी ढुङ्गाको एउटा राम्ररी बन्द गराएको थियो । एकपटक खोलिएपछि यसलाई फेरि बन्द गर्न सकिन्थ्यो । यूहन्ना १२:३ ले हामीलाई भन्दछ कि यसमा एउटा पूरै नाप हुन्थ्यो । यो उनको विवाहको दाइजो हुनसक्थ्यो । यो पक्कै पनि अत्याधिक स्नेह र त्यागको एउटा काम थियो ।

१४:३

**NASB "विशुद्ध जटामसीको बहुमूल्य अत्तर"**
**NKJV "जटामसीको बहुमूल्य तेल"**
**NRSV "विशुद्ध जटामसीको बहुमूल्य तेल"**
**TEV "विशुद्ध जटामसीको बहुमूल्य सुगन्धित"**
**NJB "जटामसीको बहुमूल्य तेल"**

जटामसी एउटा हिमाली बिरुवाको जराबाट बनेको थियो । यसको एउटा अनि कडा सुगन्ध थियो । "विशुद्ध" भन्ने शब्द *pistikos* बाट को हो, जसले एउटा भरोसापूर्ण गुणलाई संकेत गर्दछ ( जसको अर्थ हो, "असली" अथवा "नमिसिएको" यूहन्ना १२:३)

"जटामसी" भन्ने पदावली सायद ल्याटिनबाट हो (A.T. Rebertson, *Word Pictures in the New Testament* पुस्तक १ पृष्ठ ३८०)। मर्कूसको सुसमाचारमा अन्य सुसमाचारमा भन्दा धेरै ल्याटिन शब्द र वाक्यांशहरु छन् । यो प्रस्टै रोमीहरुप्रति लक्षित छ ।

- **"उहाँको शीरमा"** यूहन्नाको सुसमाचारले हामीलाई भन्दछ जटामसी येशूका पाउमा दलियो ( यूहन्ना १२:३)। दुवै साँचो हुनसक्छ किनभने एक भाँडा उहाँका शिरका निम्ति मात्रै बढी भएको हुनसक्छ तर उहाँको सबै शरीर त्यसले सजिलै दल्न सक्छ ।

यो सम्भव छ कि शिरमा अत्तर घस्नुले यी यहूदीहरुलाई एउटा राजालाई तेल घसेको बारे सम्झाउन सक्छ (१ शमूएल १०:१:२ राजा ९:३, ६ र १ शमूएल १६:१३ मा संकेत गरिएको)। यो एउटा राजकीय मसिही संकेत अथवा एउटा दफन प्रक्रिया । अगमवाणी हुनसक्छ (१५:४६: १६:१: लूका २३:५६: यूहन्ना १९:३९–४०)।

**१४:४ "कोही"** यूहन्ना १२:४–५ ले प्रश्न सोध्ने व्यक्ति यहूदा इस्करियोतका रुपमा परिचित गराउँदछन् । येशूका चेलाहरुले यो प्रस्टसित आफूहरुका बीच छलफल गर्दै थिए (९:१०; १०:२६; ११:३१; १२:७; १६:३)।

**"रीस गरेर आपसमा भन्न लागे"** यो एउटा अपूर्ण *PERIPHRASTIC* हो । चेलाहरुले आपसमा कुरा गर्दै थिए अनि त्यस स्त्रीको असंयमताको निन्दा गर्दै थिए । तिनीहरु रिसाएका, रुष्टसमेत थिए । यस पदलाई १०:१४ मा केटाकेटीहरुलाई धपाउने चेलाहरुका बारेमा येशूको धारणालाई जनाउन प्रयोग गरिएको छ ।

**"तीन सय चाँदीका सिक्काभन्दा बढीमा बिक्री गरेर"** पैसाको किनबेचमा परिवर्तन हुने क्षमताका कारणले गर्दा आधुनिक पैसाको समानता सहयोगी छैनन् । एउटा चाँदीको सिक्का एउटा सिपाही अथवा श्रमिकको दैनिक ज्याला थियो, त्यसकारण यो लगभग एक वर्षको ज्याला थियो ।

- **"गरिबहरुलाई त्यो पैसा दिन"** निस्तार चाडको अवधिमा गरिबलाई पैसा दिनु शास्त्रीहरुको एउटा महत्त्वपूर्ण धार्मिक आवश्यकता थियो (यूहन्ना १३:२९)। यसलाई भिक्षा दिनु भनिन्थ्यो ।

**विशेष शीर्षकः भीख दिने काम**

क. पदावलीबारे
अ. यहूदीवादबीच यस पदको विकास भयो (अथार्त्; Septuagint अवधि)
आ. यसले गरिब अनि / अथवा आवश्यक परेका व्यक्तिलाई दिनु भन्ने संकेत गर्दछ
इ. अंग्रेजी शब्द almsgiving ग्रीक पद *eleēmosunē* को एउटा संक्षिप्त रुपबाट आउँदछ
ख. पूरानो करारको धारणा
अ. गरिबलाई सहयोग गर्ने धारणा सुरुमा *Torah* मा अभिव्यक्ति गरिएको थियो
१. विशेष सन्दर्भ, व्यवस्था १५:७–११
२. "बटुल्नु", गरिबका निम्ति फलको केही मात्रा छोडिदिनु, लेवी १९:९; २३:२२; व्यवस्था २४:२०
३. "शबाथ वर्ष", सातौं, विश्रामको वर्षको उत्पादन गरिबलाई खान अनुमति दिनु, प्रस्थान २३:१०–११; लेवी २५:२–७
आ. ज्ञानको साहित्यमा यो धारणा विकसित भएको थियो (छानिएका उदाहरणहरु)
१. यहोवा ५:८–१६; २९:१२–१७ (२४:१–१२ मा वर्णन गरिएको पापी)
२. भजन ११:७
३. हितोपदेश ११:४; १४:२१, ३१; १६:६; २१:३, १३
ग. यहूदीवादमा विकास
अ. Mishnah को प्रथम श्रेणीले गरीब, आवश्यकतामा परेका र स्थानीय कर उठाउनेहरुलाई कसरी व्यवहार गर्ने भन्नेसित सरोकार गर्दछ ।
आ. रोजिएका उद्धरणहरु
१. Ecclesiasticus (Ben Sirach का ज्ञानका रुपमा पनि चिनिन्छ) ३:३० "पानीले एउटा दन्किरहेको आगोलाई निभाएजस्तै भीख दिनाले पापका निम्ति मलम लगाउँछ" (NRSV)
२. Ecclesiasticus २९:१२ "भीख दिनाले तपाइँका हरेक विपत्ति हटाउँछ" (NRSV) ।
३. Tobit ४:६–११ "सत्यताका आधारमा काम गर्नेहरु आफ्ना हरेक कामहरुमा सफल हुनेछन् १६ धर्मीहरुले भीख दिन्छन् अनि उपहारप्रति डाह गर्दैनन् । गरीबहरुप्रति वेवास्ता नगर तब परमेश्वर तपाइँदेखि टाढा रहनुहुनेछैन । ८ यदि आफूसित धेरै छ भने अनुपातमा दिनु : थोरै छ भने पनि दिन नडराउनु ।" तब आवश्यकता अनुसार तिमीसित सम्पत्ति रहनेछन् । १० भिक्षादानले मृत्युबाट उम्काउँछ अनि अँध्यारो हटाउँछ । ११ साँच्चै, परमप्रभुको नजरमा भिक्षा दिनु एउटा प्रमुख दान हो (NRSV) ।

४. Tobit १२:८–९ “८” प्रार्थना र उपवास” असल हो तर धर्मसाथ भिक्षा दिनु यी दुवैभन्दा राम्रो हो । गलत काम गरेर धनी हुनुभन्दा थोरै धर्म गर्नु उत्तम हो । सम्पत्ति थुपार्नुभन्दा भीख दिनु राम्रो हो । किनभने भीख दिनाले मृत्युबाट छुटकारा पाइन्छ अनि हरेक पाप पखाल्दछ । भीख दिनेहरुको जीवन रमाइलो हुन्छ ।” (NRSV)

इ. Tobit १२:८–९ बाटको अन्तिम उद्धरणले समस्या बढिरहेको देखाउँछ । मानव कार्यहरु र मानव गुणहरु दुवै क्षमादान र प्रचुरताका लागि प्रक्रियाका रुपमा देखिन्थे ।

यस अवधारणालाई septuagint मा अझै विकास गरियो जहाँ “भीख दिने काम” (*eleēmosunē*) को ग्रीक शब्द “धर्मी” (*dikaiosumē*) को समानार्थी बन्यो । हिब्रू “धर्मी” मा अनुबाद गर्दा तिनीहरुलाई एकअर्कोमा प्रतिस्थापन गर्न सकिन्थ्यो (BDB ८४२, परमेश्वरको करार प्रेम र नम्रता, व्यवस्था ६:२५:२४:१३; यशैया १:२७:२८:१७:५९:१६: दानिएल ४:२७) ।

ई. मानिसका करुणाका कामहरु कसैको यहाँ व्यक्तिगत प्रचुरता अनि मृत्युमा मुक्ति प्राप्त गर्न आफैंमा एउटा उद्देश्य बने । काम गरिने उद्देश्य भन्दा पनि काम नै ईश्वरशास्त्रमा सर्वश्रेष्ठ भयो । परमेश्वरले हृदय हेर्नुहुन्छ अनि हातले गरेका कामको इन्साफ गर्नुहुन्छ । यो नै धर्म गुरुहरुको शिक्षा थियो, तर व्यक्तिगत स्व-धर्ममा यो केही मात्रामा हरायो (मीका ६:८) ।

इ. नयाँ करारको प्रतिक्रिया
- क. यस पदलाई प्राप्त गरिने
  - १. मत्ती ६:१–४
  - २. लूका ११:४१:१२:३३
  - ३. प्रेरित ३:२–३, १०:२, ४, ३१:२४:१७
- ख. १. भीख दिने काम
  - २. उपवास बस्नु
  - ३. प्रार्थना

का रुपमा येशूले धार्मिकताको परम्परागत बुझाइलाई परिचय दिनुहुन्छ (II Clement १६:१)

ई. येशूको डाँडाको उपदेश (मत्ती ५–७) मा, केही यहूदीहरुले आफ्ना कामहरुमा विश्वास गर्दैथिए । ती कामहरुले परमेश्वर, उहाँको वचन, अनि व्यवस्था, दाजुभाइ र दिदी बहिनीहरु, स्व-प्रेम नभएको वा स्व-धर्म नभएको भन्ने अर्थ दिन्छन् ! असल कामहरुका निम्ति नम्रता र गुपचुप सहयोगी हुन् । हृदय निर्णायक हुन्छ । हृदय गम्भीर रुपमा दुष्ट हुन्छ । पमरेश्वरले हृदय परिवर्तन गरिदिनुपर्दछ । नयाँ हृदयले परमेश्वरसित बराबरीमा हुन्छ ।

**१४:६ “छोडिदेओ”** यो एउटा एओरिष्ट कर्तृवाच्य आज्ञार्थक हो । येशूले यो प्रेमिलो, महान् कामको सामना गर्नुहुन्छ । उहाँले यसलाई छिटै आइरहेको आफ्नो मृत्यु र दफनका निम्ति तयारीको एउटा अगमवाणीको कामका रुपमा देख्नुभयो (पद ८)।

**१४:७ “किनभने गरीबहरु त तिमीहरुसँग सँधै हुन्छन्”** यो गरीबका बारे एउटा निन्दनीय आलोचना (व्यवस्था १५:४, ११) होइन, तर येशू र पृथ्वीमा उहाँको विशेष समयको अनौठोपनमा जोड दिइएको हो ।

**१४:८ "यसले मेरो शरीरको दफनको निम्ति अघिबाटै अत्तर घसेर तयार पारेकी छे"** के चेलाहरुले नबुझेको कुरा उसले बुझ्न सक्थी ? दफनको तयारीका निमित्त यस्तै प्रकारको सुगन्ध प्रयोग गरिन्थ्यो ( यूहन्ना १९:४०)।

**१४:९ "साँच्चै"** शाब्दिक रुपमा यो "आमेन" हो । ३:२८ मा विशेष शीर्षक हेर्नुहोस् ।

- **"जहाँजहाँ यो सुसमाचार प्रचार गरिन्छ"** सुसमाचारले त्यस सन्देशलाई जनाउँछ जुनचाहिँ येशूले परमेश्वरका बारेमा, मानवताबारे, पाप ठहर, आफ्नैबारेमा, मुक्ति अनि मृत्युपछिको जीवनका बारेमा सिकाउनुभयो । येशूले यी सत्यताहरु पवित्र आत्माको मृत्युपछिको जीवनका बारेमा सिकाउनुभयो । येशूले यी सत्यताहरु पवित्र आत्माको उपस्थितिमार्फत् नयाँ करारका उत्प्रेरित लेखकहरुलाई सिकाउनुभयो । तिनीहरु प्रकट भएका हुन्, मानिसका आविष्कार होइनन् । यो एउटा व्यक्तिबारेका मान्यताहरुको एउटा सिद्धात वा प्रणाली मात्रै होइन, प्रथमतः त्यस व्यक्तिको प्रकाश र त्यससितको सम्बन्ध हो । यसले येशू को हुनुहुन्छ अनि उहाँ किन आउनुभयो भन्ने विश्वास र बुझाइद्वारा उहासँगको व्यक्तिगत सम्बन्धलाई समावेश गर्दछ जसले परमेश्वरसँगको यस नयाँ सम्बन्धको प्रकाशमा खीष्टसँगैको जीवन अनि एउटा सम्पूर्ण नयाँ सांसारिक दृष्टितर्फ डोऱ्याउँछ ।

- **"सारा संसारमा"** सुसमाचार सम्पूर्ण विश्वभरि फैलियोस् भन्ने येशूले चाहनुहुन्थ्यो (१३:२७ र मत्ती २८:१९–२० लूका २४:४६–४७; प्रेरित १:८)

- **"यस स्त्रीले जे गरेकी छे उसको सम्झनाको लागि यो कार्यको वर्णन गरिनेछ"** दया र भक्तिका कामहरु येशूले बिर्सनुहुन्न । यो एउटा धर्मग्रन्थमा अभिलेख गरिएको छ तर अरु धेरै परमेश्वरको हृदयमा राखिएका छन् अनि त्यस महान् दिनमा प्रकट गरिनेछन् (गलाती ६:७–९:१ तिमोथी ५:२५: प्रकाश १४:१३:२:१, १९:३:८ समेत)।

(NASB (UPDATED) TEXT: 14:10-11

१०तब बाह्र चेलाहरुमध्ये एकजना यहूदा इस्करियोतचाहिँ येशूलाई तिनीहरुका हातमा पक्राइदिनका निम्ति मुख्य पूजाहारीकहाँ गयो ११तिनीहरु यो सुनेर खुशी भए र त्यसलाई पैसा दिने कबूल गरे । अनि उहाँलाई कसरी पक्राऊँ भनी त्यसले अनुकूल मौका खोज्न लाग्यो ।

**१४:१० "बाह्रमध्ये एकजना यहूदा इस्करियोत"** इस्करियोत सम्बन्धमा त्यहाँ धेरै सिद्धान्तहरु छन् ( विभिन्न ग्रीक पाण्डुलिपीहरुमा यो शब्दको उच्चारण फरक छ) ।

१. यहूदियाको एउटा शहर, Kerioth को एउटा मान्छे
२. गालीलको एउटा शहर, Kartam को मानिस
३. पैसा बोक्नलाई प्रयोग गरिने झोला
४. "घाँटी थिचेर मार्ने" अर्थ दिने हिब्रू शब्द
५. हत्यारोको खुकुरीको निम्ति ग्रीक शब्द

लाई यस शब्दले जनाउन सक्दथ्यो ।

यदि #१ सत्य हो भने बाह्र जनामध्ये ऊ मात्रै यहूदियाबासी थियो । यदि #४ वा #५ साँचो हो भने ऊ सिमोनजस्तै कट्टरपन्थी थियो ।

त्यहाँ हालसालै एउटा चाखलाग्दो तर एकदम अन्दाज गर्ने (यूहन्नाको सुसमाचारलाई तुच्छ ठान्दछ) पुस्तक प्रकाशित भएको छ जसले यहूदालाई सकारात्मक रुपमा व्याख्या गर्दछ । त्यस पुस्तकको शीर्षकचाहिँ *Judas, Betrayer or Friend of Jesus?* William Klassen द्वारा लेखिएको, Fortress Press, १९९६ हो ।

- **"जो बाह्र जनामध्ये एउटा थियो"** येशूले चुनेका चेलाहरुमध्ये ऊ एउटा सदस्य थियो । ऊ धर्मप्रचारक यात्राको एउटा भाग थियो अनि येशूका शिक्षको बैठक, आश्चर्यकर्महरु र प्रभु भोजमा उपस्थित थियो ।

यस वाक्यांशमा "एउटा" भन्ने निश्चित उपपद छ । यसको अर्थ बारेमा त्यहाँ विभिन्न सुझावहरु आएका छन् : (१) यहूदा प्रेरितहरुका समूहका एकजना अगुवा थिए । उनले समूहको पैसा राख्थे अनि प्रभु भोजमा उनलाई सम्मानित आसन दिइएको थियो अथवा (२) पद ४ मा यसले गनगनलाई जनाउँदछ ।

- **"मुख्य पूजाहारीकहाँ गयो"** लूका २२:४ ले "र कप्तानहरु" भनेर थप गर्छ । यहूदालाई उनीहरुले के दिन्छन् भनी सोध्यो (मत्ती २६:१५) । यो एउटा जोतिनुपर्ने दास जत्तिकै हो (प्रस्थान २१:३२; जकरिया ११:१२)।

मत्ती २६:१६ ले हामीलाई भन्दछ कि "चाँदीका तीस सिक्का" । यसले जकरिया ११:१२–१३ ( मत्ती २७:९–१०) को अगमवाणी पूरा गर्‍यो । येशू अस्वीकार गरिएको "गोठाला" हुनुहुन्थ्यो । सुसमाचार लेखकहरुले जकरियाको ९–१४ अध्यायलाई येशूको सेवाकाईका सम्बन्धमा एउटा अगमवाणीको श्रोत वा नमुनाको रुपमा उद्धृत गर्दछन् ।

१. मत्ती २१:४–५ ले जकरिया ९:९ उद्धरण गर्दछ ।
२. मत्ती २४:३ ले जकरिया १२:१० लाई उद्धृत गर्दछ ।
३. मत्ती २६:१५ ले जकरिया ११:१२–१३ लाई उद्धृत गर्दछ ।
४. मत्ती २६:३१ ले जकरिया १३:७ लाई उद्धृत गर्दछ ।
५. मत्ती २७:९–१० ले जकरिया ११:१२–१३ लाई उद्धरण गर्दछ ।

"धोखा दिनु" यो ग्रीक शब्द "दिनु" (*Paradidōmi*) हो । अंग्रेजी बाइबलले यसलाई सँधै "धोका दिनु" का रुपमा अनुवाद गर्दछ, तर यो एउटा स्थायी अर्थचाहिँ होइन । यसको "सुम्पनु" (मत्ती ११:२७) अथवा "अर्पण गर्नु" वा "अनुग्रह" (प्रेरित १४:२६:१५:४०) भन्ने एउटा सकारात्मक अर्थ साथै "कसैलाई शैतानको हातमा सुम्पनु" अथवा "कसैलाई अख्तियारवालाको हातमा सुम्पनु" (१ तिमोथी १:२०, १ कोरिन्थी ५:५) भन्ने नकारात्मक अर्थमा अथवा परमेश्वरले तिरस्कार गर्नुभएको (प्रेरित ७:४२) भन्ने अर्थमा प्रयोग हुन सक्छ । यस सामान्य क्रियापदको अर्थ सन्दर्भले निश्चय गर्नुपर्छ भन्ने प्रस्ट छ ।

**१४:११ "तिनीहरु खुसी भए"** तिनीहरु छक्क परे भनेर यसले भन्दैन । यहूदाको उत्प्रेरणा सँधै अन्दाजको एउटा स्रोत बनेको छ । यी धार्मिक गुरुहरुले आफ्ना मार्ने योजनाको समर्थनका रुपमा प्रेरितहरुको समूहबाट उसको त्यागलाई देखेका हुन सक्छन् ।

- **"अनुकूल मौका"** लूका २२:६ ले "भीड नभएको बेला" भनेर थप्दछ । उनीहरु भोजको निम्ति यरुशलेममा आएका गालीलका तीर्थयात्रीहरुबीच येशूको प्रसिद्धीसित डराएका थिए ( ११:१८:१२:१२: मत्ती २६:५; २७:२४)।

NASB (UPDATED) TEXT: 14:12-16
१२अखमिरी रोटीका चाडको प्रथम दिनमा जब तिनीहरुले निस्तार–चाडको थुमा बलिदान चढाउँथे, उहाँका चेलाहरुले उहाँलाई सोधे, "तपाइँको इच्छा के छ ? हामी कहाँ गएर तपाइँको निम्ति निस्तार–चाडको भोज तयार गरौं ? १३अनि उहाँले आफ्ना चेलाहरुमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, "शहरमा जाओ, र घैलामा पानी बोकेर लैजाने एकजना मानिसले तिमीहरुलाई भेट्नेछ । उसको पछि लाग । १४त्यो मानिस जहाँ पस्ला त्यस घरका मालिकलाई भन, "गुरुज्यू भन्नुहुन्छ, मेरा चेलाहरुसँग निस्तारको भोज खाने मेरो पाहुनाकोठा कहाँ छ ?" १५अनि तिनले तिमीहरुलाई सजिसजाउ गरेर तयार पारिएको माथिल्लो तलाको एउटा ठूलो कोठा देखाउनेछन् र त्यही तिमीहरुले हाम्र निम्ति भोज तयार गर ।" १६तब ती चेलाहरु गए र शहरमा पसे अनि उहाँले तिनीहरुलाई भन्नु भएजस्तै भेट्टाए र तिनीहरुले निस्तार–चाडको भोज तयार गरे ।

**१४:१२ "अखमिरी रोटीका चाडको प्रथम दिनमा"** कति दिनसम्म परमप्रभु र उहाँका चेलाहरुले प्रभु भोज खाए भन्नेमा त्यहाँ एउटा ठूलो समस्या छ, Nisan १३ औं वा १४ औं । यूहन्नाले १३ औं दिनलाई संकेत गरेका छन् (१८:२९; १९:१४,३१,३२) भने संक्षिप्त सुसमाचारहरुले १४ औं दिनसम्म भन्दछन् । सायद भिन्नताचाहिँ यिनीहरुसित सम्बन्धित छ ।

१. यहूदी चन्द्रमाको क्यालेन्डरका विरुद्ध रोमी क्यालेन्डरको प्रयोग
२. एउटा दिन सुरु गर्ने फरक तरिकाहरु । जसको अर्थ रोमीहरुको विहान र यहूदीहरुको निम्ति साँझ
३. सौर्य क्यालेन्डर मान्ने मृतसागर वरपरका समुदायको निस्तार चाड यरुशलेममा पूजाहारीको नेतृत्व अस्वीकार गर्ने संकेतका रुपमा एकदिन पहिल्यै हुने प्रमाण ।

चारवटा सुसमाचारहरु ईवरशास्त्रीय अनि स्वर्गदूत सम्बन्धी उद्देश्यहरुका निम्ति लेखिएका प्रत्यक्षदर्शी लेखहरु हुन् । लेखकहरुसित येशूका वचनहरु र जीवन रोज्न, छान्न र मिलाउन प्रेरण पाएका अधिकार थिए । सुसमाचार लेखहरुमा यसले धेरैजसो प्राप्त गरिएका कठिनाइहरुसित सरोकार राख्दछ (Fee र stuart को *How to Read the Bible for All Its Worth*, पृष्ठ १२६–१२९) । तिनीहरु अलग छन् भन्ने तथ्यले तिनीहरुको असलीपन बारेमा बोल्दछ । सुरुको मण्डलीले चारओटा दृष्टिकोणहरुलाई एकीकृत नगरिकनै स्वीकार गऱ्यो (दोस्रो शताब्दीको अन्त्यमा Tatian को Diatessaron को निम्ति बाहेक) ।

सुसमाचारहरुलाई तिनीहरुका आफ्नै सन्दर्भ (तिनीहरुका लेखकका आशय) सहित व्याख्या गरिनुपर्दछ अनि धेरै ऐतिहासिक जानकारी प्राप्त गर्नलाई अन्य सुसमाचारहरुसित तुलना गर्नुहुँदैन ।

**१४:१३ "उहाँका चेलाहरुमध्ये दुईजना"** यिनीहरु पत्रुस र यूहन्ना थिए भनेर लूका २२:८ ले भन्दछ । शास्त्रीय स्रोतहरुबाट हामी थाहा पाउँछौं कि हरेक परिवारबाट दुईजनाले मात्र एकजना पूजाहारीको सहयोगमा मन्दिरमा थुमालाई पूजा गर्ने अनुमति थियो ।

- **"घैलामा पानी बोकेर लैजाने एकजना मानिसले तिमीहरुलाई भेट्नेछ"** यस परम्परामा एकजना मानिसले घैलामा पानी बोक्नु अति नै असाधारण कुरा थियो । यदि मानिसहरुले धेरै पानी बोक्न पायो भने भेंडा वा बाखाका छालाहरु प्रयोग गरिन्थ्यो माटाका घैलाचाहिँ होइन । पत्रूसको यो अर्को प्रत्यक्षदर्शी लेख हो ।

**१४:१४ "त्यस घरका मालिकलाई भन"** धेरैले विश्वास गर्दछन् कि यो यूहन्ना मर्कूस (मर्कूसको सुसमाचारमा रोममा पत्रूसको शिक्षाको संकलन) को घर थियो जहाँ सायद प्रभुभोज अनि पुनरुत्थान पछिका आकृतिहरुको स्थल । मर्कूस यूहन्ना बारनाबासका मामापट्टिका भाइ अनि बारनाबास र शाऊल अर्थ, पावल) को पहिलो प्रचारक यात्राका सुरुका भागमा सम्मिलित भएका थिए । पत्रूसको सम्झनाहरु र शिक्षा प्रयोग गर्ने सुसमाचारका लेखक अनि पत्रुसका साथीसमेत थिए । यो एउटा पूर्वनियोजित घटना थियो । एउटा भविष्यवाणी होइन ।

१४:१५ यो पनि येशूको पुनरुत्थानपछिको दृश्यहरुको ठाउँ थियो (प्रेरित १:१२)। यो कोठा चेलाहरुको निम्ति यरुशलेमको केन्द्र बन्यो ।

NASB (UPDATED) TEXT: 14:17-21

१७साँझ हुँदा उहाँ बाह्रै जनासँग आउनुभयो । १८उहाँहरु ढल्केर खानुहुँदै गर्दा येशूले भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुमध्ये मसँग खाने एकजनाले मलाई धोखा दिनेछ । १९तिनीहरु दुखित भए, अनि पालैपालो उहाँलाई "के त्यो म हुँ ?" भनी सोध्न लागे । २०उहाँले तिनीहरुलाई भन्नुभयो, "बाह्रैमध्ये एकजना, जसले मसँग थालमा रोटी चोपिरहेछ । २१किनकी मानिसको पुत्रलाई उसको विषयमा लेखिएबमोजिम हुन्छ, तर धिक्कार त्यस व्यक्तिलाई जसद्वारा मानिसको पुत्रलाई धोखा हुन्छ । त्यस मान्छेको त जन्मै नभएको भए असल हुने थियो ।

**१४:१७ "साँझ हुँदा"** यहूदीहरुको दिन साँझमा सुरु हुन्छ (उत्पत्ति १:५, ८, १३, १९, २३, ३१)। यो निस्तार चाडको भोज थियो किनभने प्राय:जसो यहूदीहरुले दिउँसो अबेरगरी खाना खान्थे । निस्तार चाडको भोजमात्रै साँझ ६ बजेपछि खाइन्थ्यो ।

**१४:१८ "ढल्केर"** प्रस्थान १२:११ का कारण सुरुमा निस्तार भोज उभिएर खाइन्थ्यो । पहिलो शताब्दीका यहूदीहरुले कुर्सीहरु प्रयोग गरेनन् जुन संस्कृति उनीहरुले पर्सियनहरुबाट सिके (एस्तर १:६:७:८) । उनीहरुले होंचा गद्दी, तीनवटा गद्दी, एउटा नालको आकारको कुर्सीमा (तसर्थ सेवकहरुले सजिलै खाना ल्याउन सक्थे), खुट्टा पछिल्तिर देब्रे कुहिनाले सिरानीहरुमा ढल्किएर होंचा गद्दीमा खाना खाए ।

- **"साँच्चै"** शाब्दिक रुपमा यो "आमेन" हो । ३:२८ मा विशेष शीर्षक हेर्नुहोस् ।

- **"तिमीहरुमध्ये मसँग खाना खाने एक जनाले मलाई धोका दिनेछ"** यो भजन ४१:९ प्रतिको एउटा सन्दर्भ संकेत हो । यो यहूदाको दोषतर्फ ध्यान खिच्ने एउटा साँस्कृतिक तरिका थियो ( यूहन्ना १३:१८) । मित्रता अनि त्यागको एउटा महत्त्वपूर्ण साँस्कृतिक संकेतसँगै खाना खानुको अर्थ हुन्थ्यो । एउटा पूर्वीयलाई सँगै खाना खाएको व्यक्तिलाई धोका दिनु भयानक हुन्थ्यो ।

**१४:१९ "पालैपालो, के त्यो म हुँ"** हरेक चेलाले यो आफैं हुनसक्थ्यो भन्ने सोंचे । यसले देखाउँछ कि यो समयसम्म यहूदालाई कसैको शङ्का गरेनन् । तिनीहरुमध्ये प्रत्येक आफ्नो स्थितिबारे अनभिज्ञ थिए ।

**१४:२० "जसले मसँग थालमा रोटी चोपिरहेछ"** यो एउटा खैरो रङको विशेष थाल थियो । जसले ईंटाको रंगको झल्को दिन्छ । यहूदा सम्मानित ठाउँमा येशू नजिक बसिरहेका थिए । यस अन्तिम घडीमा पनि येशू आत्मिक रुपमा यहूदासाथ पुग्न प्रयास गर्दै शान्त थिए ।

**१४:२१ "तर धिक्कार त्यस व्यक्तिलाई जसद्वारा मानिसको पुत्रलाई धोखा हुन्छ । त्यस मान्छेको त जन्मै नभएको भए असल हुने थियो"** यूहन्ना १३:२७ ले संकेत गर्दछ कि यहूदाले प्रभुभोजको स्थापना अघि नै छोडे । यहूदा एउटा थियो । येशूलाई धोखा दिने उनका कारणहरु कतै प्रकट गरिएका छैनन् । कोहीले उनलाई एउटा असल यहूदी देशभक्त (कट्टरपन्थी) का रुपमा हेर्छन् जसले रोमी विरुद्ध येशूलाई फौजी रुपमा काम गरुन् भन्ने चाहे । अरुहरुले उनलाई एउटा जिम्मेवार यहूदीका रुपमा लिन्छन् जो मौखिक परम्परालाई येशूले इन्कार गरेको अनि यहूदी समाजका बहिष्कृत र पापीहरुसित साथी बनाएकोले येशूप्रति अति दु:खित थिए । यूहन्नाको सुसमाचारले उनलाई सुरुबाटै एउटा चोरका रुपमा चित्रण गर्दछ जो पैसाको मोहद्वारा सञ्चालित थिए । जे होस्, येशूलाई पक्रने यहूदाकाा कामहरु यो चित्रणसँग मेल खाँदैनन् । जेसुकै साँचो उद्देश्य वा तर्क होस्, जे सुकै शैतानको संलग्नता होस्, भविष्यवाणी गरिएको अगमवाणीमा जेसुकै ज्ञानको संलग्न होस्, हामीहरु सबै जस्तै, आफ्ना कामहरुका निम्ति यहूदा आफैं उत्तरदायी छन् (गलाती ६:७) ।

NASB (UPDATED) TEXT: 14:22-25
२२अनि खाइरहनुहुँदा येशूले रोटी लिनुभयो, आशीर्वाद दिनुभयो र भाँच्नुभयो र तिनीहरुलाई दिँदै भन्नुभयो, "लेओ, यो मेरो शरीर हो । २३अनि कचौरा लिएर धन्यवाद दिनु भएपछि उहाँले तिनीहरुलाई दिनुभयो र तिनीहरु सबैले त्यसबाट पिए । २४अनि उहाँले तिनीहरुलाई भन्नुभयो "यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति बहाइन्छ । २५साँच्चै म तिमीहरुलाई भन्दछु, म दाखको रसबाट त्यस दिनसम्म पिउने छैन, जहिलेसम्म परमेश्वरको राज्यमा त्यो नयाँ गरी पिउँदिन ।

**१४:२२ "रोटी लिनुभयो"** यो निस्तारको थुमा अथवा (तितो झार) थिएन तर अखमिरी रोटी (*azumos*, १४:१) थियो भन्ने ख्याल गर्नुहोस् । यहाँ ग्रीक शब्द *artos* हो जुनचाहिँ प्रायः नियमित खाइने रोटीलाई संकेत गर्न प्रयोग गरिन्छ (३:२०; ६:८, १६, ३६, ३७, ७:२, ५:२७; ८:४, १४, १६, १७) । तर मत्ती २६:२६ लूका २२:१९ को समानान्तरमा अखमिरी रोटीका लागि यसको प्रयोग गरिन्छ । सायद थुमाको राष्ट्रियताप्रतिको शाब्दिक अर्थ थियो । निस्तार चाड र प्रभु भोजबीचका सबै ऐतिहासिक सम्बन्धहरुबीचमा त्यहाँ एउटा उद्देश्यपूर्ण धार्मिक विभेद छ ।

यदि प्रस्थान र येशूका बीच साँचो देखिने एउटा विशेषता छ भने, तब उजाडस्थानमा भौंतारिने अवधिभरि YHWH द्वारा दिइएको "*manna*" (प्रस्थान १६) सित रोटीको एउटा विशेष सम्बन्ध छ । यसले परमेश्वरका मानिसहरुलाई एउटा स्थिर जीवन दिने, भोजन प्रदान गर्थ्यो । अब YHWH ले स्वर्गको "सत्य" रोटी दिन्छ, "वास्तविक" जीवन दिने योजना प्रदान गर्छ, "दक्ष" गुरु पठाउँछ, अनि पाप र मृत्युबाट नयाँ निस्तार सुरु गर्दछ । नयाँ करारका लेखकहरुले सँधैजसो येशूबारे आफ्ना प्रस्तुतीहरुमा पूरानो करारमा देखाइएजस्तो खीष्टसम्बन्धी विशेषताहरु प्रयोग गर्दथे । पूरानो करारमा दाखमद्य ( grapes) मा प्रयोग गरिन्थ्यो । अहिले यो अनन्तको जीवन ल्याउने एउटा बलिदान हो । यूहन्ना ६ मा यो रुपक प्रस्टसित देखिएको छ ।

- **"आशिर्वाद दिनुभएपछि"** निस्तार भोजका निम्ति त्यहाँ एउटा स्थापित प्रक्रिया थियो । सबै सम्भावनाहरुमा भाँचिएको रोटी र दाखमद्यको संकेत "आशिषको कचौरा" भनिने कर्मकाण्डमा थियो (१ कोरिन्थी १०:१६)।

**विशेष शीर्षक : पहिलो शताब्दी यहूदीवादमा निस्तार भोजको क्रमबद्धता**

क. प्रार्थना
ख. दाखमद्यको कचौरा
ग. हात धोइदिने अनि सबैलाई मुख धुने भाँडो दिने
घ. तीतो सागपात र अचार
ङ. भेडाको मासु र मुख्य भोजन
च. प्रार्थना र दोस्रोपटक तीतो सागपात र अचार
छ. सन्तानहरुका निम्ति प्रश्नोत्तर सहित दाखमद्यको दोस्रो कचौरा (प्रस्थान १२:२६–२७)
ज. Hallel भजन ११३–११४ को पहिलो अंशको गायन अनि प्रार्थना
झ. उत्सवको मालिकले हरेकले हात धोइसकेपछि रोटी बनाउँदछन्
ञ. सबैले अघाउन्जेल खान्छन् : थुमाको एक टुक्रासहित सिध्याउँछन् ।
ट. हात धोइसकेपछि दाखमद्यको तेस्रो कचौरा
ठ. Hallel भजन ११५–११८ को दोस्रो भाग गायन
ड. दाखमद्यको चौथो कचौरा ।
"प्रभु भोजको स्थापना" "K" मा भयो भनेर धेरैले विश्वास गर्दछन् ।

**लेओ, यो मेरो शरीर हो"** यूहन्ना ६:२२ र १ कोरिन्थी १०:१६ ले यस कर्मकाण्डको बलियो ईश्वरशास्त्रीय विम्ब देखाउँछ । मान्छेको मासु खाने चलन र रगत खाने काम लेवी ११ को विरुद्धमा हुन्थ्यो । उहाँको शरीर र रगतले यी यहूदीहरुलाई चोट पुऱ्याएको हुनसक्थ्यो । यी भनाइहरु पक्कै सांकेतिक तर दोधार पार्ने खालका छन् ।

येशूले रोटी टुक्रा पारेर क्रूसीकरणलाई संकेत गर्दै हुनुहुन्छ । दाखमद्यको रङ्ग रगतजस्तै भएझैं, रोटीको रङ्ग मानिसको मासु जस्तै थियो । येशू जीवनको साँचो रोटी (अर्थ, *manna*, यूहन्ना ६:३१, ५१), साँचो निस्तार, नयाँ प्रस्थान हुनुहुन्थ्यो ।

**विशेष शीर्षक : यूहन्ना ६ मा प्रभुको भोज (मेरो टिप्पणी, पुस्तक ४, यूहन्ना)**

अ. यूहन्नाको सुसमाचारले प्रभु भोजको अभिलेख राख्दैन यद्यपि १३–१७ अध्यायहरुले माथिल्लो कोठामा भएको वार्तालाप र प्रार्थनाको अभिलेख गर्दछ । यो आशयपूर्ण छुटकारा हुनसक्छ । पहिलो शताब्दीको अन्त्यको मण्डलीले कानुनहरुलाई धार्मिक अर्थमा हेर्न सुरु गर्‍यो । उनीहरुले यिनलाई अनुग्रहको माध्यमहरुका रुपमा लिए । यूहन्नाले येशूको बप्तिस्मा वा प्रभुभोजलाई अभिलेख नगरेर यो बढिरहेको धार्मिक विचारप्रति प्रतिक्रिया दिएका हुनसक्छन् ।

आ. यूहन्ना ६ चाहिँ पाँचहजारलाई खाना खुवाएको सन्दर्भमा छ । जेहोस्, धेरैले यसलाई प्रभुभोजको एउटा धार्मिक विचार सिकाउनलाई प्रयोग गर्दछन् । यो प्रभुभोजमा चढाएको रोटी खीष्टको देह र रक्सीमा परिवर्तन हुन्छ भन्ने रोमी क्याथोलिक सिद्धान्तको श्रोत हो (पद ५३–५६)।

अध्याय ६ कसरी प्रभुभोजसित सम्बन्धित छ भन्ने प्रश्नले सुसमाचारहरुको दोहोरो चरित्रलाई देखाउँदछ । वास्तवमै, सुसमाचारहरु येशूको जीवन र वचनहरुसित सम्बन्धित छन् यद्यपि तिनीहरु दशकौं पछि लेखिए अनि व्यक्तिगत लेखकहरुका विश्वास प्रकट गरे । त्यसैले लेखकीय आशयका तीनवटा तहहरु त्यहाँ छन् : (१) पवित्र आत्मा (२) येशू र सुरुका श्रोताहरु अनि (३) सुसमाचार लेखकहरु र तिनका पाठकहरु । कसरी व्याख्या गर्नुपर्छ ? एउटा तर्कपूर्ण तरिका एउटा सान्दर्भिक, व्याकरणीय, ऐतिहासिक दृश्यद्वारा जानकारी गराइएको शाब्दिक तरिका हुनुपर्दछ ।

इ. हामीले सम्झनुपर्दछ कि श्रोता यहूदी थिए अनि
धर्म गुरुहरुले भजन ७२:१६ लाई एउटा प्रमाणका रुपमा प्रयोग गर्नुहुन्छ । येशूका अनौठा भनाइहरु ( (पदहरु ६०–६२, ६६) ले भीडको झूटो मसिही आशाहरु (पदहरु १४–१५) लाई हराउने अर्थ राख्थे ।

ई. सुरुका मण्डलीका पादरीहरुले स्वीकार गरेनन् कि यस अनुच्छेदले प्रभुभोजलाई संकेत गर्दछ । अलेक्ज्यान्ड्रियाका Clement, Origen र Eusebius ले यस परिच्छेदमा प्रभुभोजका बारेमा कहिल्यै पनि छलफल गर्दैनन् ।

उ. यस अनुच्छेदका रुपकहरु यूहन्ना ४ अध्यायमा "सामरी स्त्री" सित येशूका वचनहरु जस्तै छन् । सांसारिक पानी र रोटी अनन्त जीवन र आत्मिक यथार्थताहरुका रुपकहरुका रुपमा प्रयोग गरिन्छन् ।

ऊ. यो रोटीलाई टुक्रा पारिएको चाहिँ चारवटै सुसमाचारहरुमा अभिलेख गरिएको एउटा मात्रै चमत्कार हो ।

**१४:२३ "धन्यवाद दिनुभयो"** "धन्यवाद" को निम्ति ग्रीक शब्दचाहिँ *eucharistē* हो जसबाट हामीले प्रभुभोजको अंग्रेजी नाम इयूकारिष्ट पाउँछौं ।

**१४:२४ "यो नयाँ करारको मेरो रगत हो"** दाखमद्यको रङ्ग मानिसको रगत जस्तै हुन्छ । यस वाक्यांशका तीनवटा सम्भावित पूराना करारका उद्गमहरु छन् ।

१. प्रस्थान २४:६–८, रगत छर्केर करारको पुस्तक सुरु गरिएको
२. यर्मिया ३१:३१–३४ "नयाँ करार" उल्लेख गर्ने पूरानो करारको एउटामात्र पुस्तक

३. जकरिया ९:११, जुनचाहिँ साहित्यिक अध्याय ९–१४ मा छ, येशूको जीवनका धेरै अगमवाणीहरुको स्रोत

ग्रीक लिपि परम्पराहरुमा त्यहाँ दुईटा विभिन्नताहरु छन् :

१. मत्ती २६:२८ पछिको "करार", जुन ग्रीक पाण्डुलिपीहरु ℵ, B, C, $D^2$, L (अनि $D^*$ पनि र केही परिवर्तन सहित W) मा पाइन्छ । $UBS^4$ ले यो छोटो पढाइलाई "A" दर्जा (निश्चियता) दिन्छ ।
२. लूका २२:२० र १ कोरिन्थी ११:२५ पछिको "नयाँ करार" जुनचाहिँ MSS, A, E अनि Vulgate, Syriac, Coptic र अर्मेनियाका अनुवादहरुमा पाइन्छ (NKJV)। यो यर्मिया ३१:३१–३४ को "नयाँ" करारसित येशूका वचनहरु मिलाउन गरिएको सायद एउटा थप थियो ।

यी सम्पूर्ण छलफलमा एउटा कुरा निश्चित हो । येशूको मृत्यु पिता परमेश्वरसित गुमेका मानवजातिको सम्बन्धका निम्ति मूलभूत थियो (१०:४५)। (१) पितालाई प्रकट गर्न (२) पछ्याउनलाई हामीलाई एउटा उदाहरण दिन अनि (३) हाम्रा पापको निम्ति हाम्रा ठाउँमा मर्नलाई येशू आउनुभयो । मुक्तिका लागि त्यहाँ अर्को केही उपाय छैन (यूहन्ना १०, १४)। यो नै परमेश्वरको अनन्त योजनाको महत्त्वपूर्ण पक्ष थियो (प्रेरित २:२३; ३:१८, ४:२८; १३:२९)।

**विशेष शीर्षक : करार**

पूरानो करारको *berith* (BDB १३६), करार भन्ने शब्द परिभाषित गर्न सजिलो छैन । हिब्रूमा यसको मिल्ने शब्द नै छैन । एउटा शाब्दिक परिभाषा निकाल्ने सम्पूर्ण प्रयासहरु अप्रस्ट भएका छन् । जे होस्, यससम्बन्धी धारणाको वास्तविकताले विज्ञहरुलाई यसको कार्यगत अर्थ निर्धारण गर्ने प्रयास गर्नलाई शब्दको प्रयोग परीक्षण गर्न बाध्य पारेको छ ।

करार एउटा माध्यम हो जसद्वारा एक सत्य परमेश्वरले आफ्ना मानव सृष्टिसित सरोकार राख्नुहुन्छ । करार, सम्झौता वा सहमतिको धारणा बाइबलीय प्रकाश बुझ्नमा निर्णायक हुन्छ । परमेश्वरको सर्वोच्चता र मानिसका स्वेच्छा बीचको तनाव करारको धारणामा प्रष्ट देखिन्छ । केही करारहरु परमेश्वरको चरित्र र कामहरुका बारेमा बाहिरी रुपमा नै आधारित छन् ।

१. उत्पत्ति नै (उत्पत्ति १–२)
२. अब्राहामलाई बोलाइएको (उत्पत्ति १२)
३. अब्राहामसित को करार (उत्पत्ति १५)
४. नोआको दृढता र प्रतिज्ञा (उत्पत्ति ६–९)

जे होस्, करारको प्रकृतिले एउटा प्रतिक्रिया माग्दछ

१. विश्वासद्वारा आदमले परमेश्वरको आज्ञा पालना गर्नुपर्दछ अनि अदनको बीचमा भएको रुखको फल खानुहुँदैन ।
२. विश्वासद्वारा अब्राहामले आफ्नो परिवार त्याग्नुपर्छ, परमेश्वरलाई मान्नुपर्छ अनि भविष्यका पुस्ताहरुमा विश्वास गर्नुपर्दछ ।
३. विश्वासद्वारा नोआले पानीबाट टाढा एउटा ठूलो डुङ्गा बनाएर जनावरहरुलाई जम्मा गर्नुपर्दछ ।

४. विश्वासद्वारा मोशाले मिश्रबाट इस्राएलीहरुलाई सीनै पर्वतमा ल्याए अनि आशिर्वादहरु र श्रापहरुको वाचाहरुसित धार्मिक र सामाजिक जीवनको निम्ति विशेष सहयोगहरु प्राप्त गरे (व्यवस्था २७–२८)

नयाँ करारमा परमेश्वरको मानवतासितको सम्बन्धबीचको यो द्वन्द्वलाई परिचित गरिएको छ । इजकिएल १८ लाई इजकिएल ३६:२७–३७ तुलना गर्दा यो द्वन्द्व स्पष्टसित देख्न सकिन्छ (YHWH का काम) । के करार परमेश्वरका महान कार्यहरु वा मानिसका आफ्ना प्रतिक्रियामा आधारित छ ? यो नै पूरानो करार र नयाँ करारको मुख्य प्रसङ्ग हो । दुवैका लक्ष्यहरु एउटै हुन् : (१) उत्पत्ति ३ मा हराइएका YHWH सित सम्वन्धको पुनरुत्थान अनि (२) परमेश्वरको चरित्र विम्बित गर्ने एउटा धर्मी मानिसको स्थापना

यर्मिया ३१:३१–३४ को नयाँ करारले मानव अभिव्यक्तिलाई सहमति प्राप्त गर्ने उपायका रुपमा हटाएर तनाव प्रमाणित गर्दछ । परमेश्वरको व्यवस्था एउटा बाहिरी लिखित नियमको सट्टा एउटा आन्तरिक इच्छा बन्दछ । एउटा ईश्वरीय धर्मी मानिसको लक्ष्य एउटै हुन्छ तरीका मात्रै परिवर्तन हुन्छ । गुमेका मानवजातिले आफैलाई परमेश्वरको विम्बित प्रतिरुप हुनलाई असक्षम सिद्ध गरे । समस्या परमेश्वरको करार थिएन तर मानव पाप र कमजोरी (रोमी ७, गलाती ३) थियो ।

पूरानो करारको शर्तहीन् र शर्तात्मक करारहरुबीचको एउटै तनाव नयाँ करारमा रहन्छ । येशू खीष्टको समाप्त पारिएको काममा युक्ति पूरै स्वतन्त्र हुन्छ तर यसका लागि पश्चाताप र विश्वास ( सुरुबाटै अनि सँधैका लागि) आवश्यक पर्दछ । यो एउटा कानुनी घोषणा र खीष्टसँग मिल्नका निम्तिको एउटा आह्वान, सहमति जनाउने एउटा भनाइ अनि पवित्रताप्रतिको आज्ञा हो ! विश्वासीहरु तिनका अभिव्यक्तिद्वारा बचाइँदैनन्, तर आज्ञा मानेमा मात्र (एफिसी, २:८–१०)। परमेश्वरीय जीवन मुक्तिको साधन होइन तर उक्तिको प्रमाण हो । जे होस्, अनन्तको जीवनको दर्शनीय गुणहरु हुन्छ ! हिब्रूहरुमा यो तनाव प्रस्टै देख्न सकिन्छ ।

- **"जो धेरैका निम्ति बहाइन्छ"** उहाँको बहाइएको रगतद्वारा संकेत गरिएको येशूको मृत्यु पापको निम्ति एउटा बलिदान थियो (मर्कूस १०:४५: मत्ती २६:२८:१ कोरिन्थी १५:३:२ कोरिन्थी ५:२१: हिब्रू ९:११–१५)। "धेरै" भन्ने शब्दले एउटा सीमित समूहलाई संकेत गर्दैन, तर एउटा हिब्रू (वा Semitic) अलङ्कार "प्रतिक्रिया दिने सबैका निम्ति" भन्ने हो । यसलाई रोमी ५:१८ र ५:१९ को समानान्तर साथै यशैया ५३:६ "सबै" लाई ५३:११–१२ "धेरै" सित तुलना गर्दामा देख्न सकिन्छ । १०:४५ मा टिप्पणी हेर्नुहोस् ।

**विशेष शीर्षक : बहाइएको**

*Cheō* सामान्य शब्दको अर्थ "खन्याउनु" हो । बढाइएको *ekcheō* का दुईओटा विकासित शाब्दिक अर्थहरु छन् ।

१. निर्दोष रक्तचाप, मत्ती २३:३५; प्रेरित २२:२०
२. एउटा बलिदान दिइएको, मत्ती २६:२८; मर्कूस १४:२४; लूका २२:२०

येशूमा यी दुइटा अर्थहरु Calvary मा मिल्दछन् (Colin Brown प्रकाशन *The New International Dictionary of New Testament Theology*, पुस्तक २, पृष्ठ ८५३–८५५)।

**१४:२५ "म फेरि पिउनेछैन"** निस्तार भोजको प्रचलनमा आशिर्वादका चार कचौरा समावेश गरिन्थे । धर्मशास्त्रीहरुले प्रस्थान ६:६–७ मा आधारित भएर यो प्रचलन बसाले । तेस्रो कचौराले छुटकारा पाउने संकेत गर्थ्यो । यो नै प्रभुभोजको आधार बनाउने कुरा हो । येशूले आशिर्वादको चौथो कचौरा पिउन सुरु गर्नुभयो किनभने यसले उपभोगलाई संकेत गर्थ्यो । येशूले यसलाई अन्त्यको समयको मसिही भोजसित तुलना गर्नुभयो (यशैया २५:६:५५: मत्ती ८:११: लूका १३:२९; १४:१५, २४:२२:३०; प्रकाश १९:९, १७)।

- "त्यस दिनसम्म यसले निश्चय नै उहाँको अहिलेको भन्दा अति फरक महिमा र क्षमतामा येशूको एउटा भविष्यको आगमनलाई संकेत गर्दछ जसमा उहाँले लाज, दु:ख, अस्वीकार अनि मृत्युको सामना गर्नुभयो ! येशूका दुइटा आगमनहरुले उहाँका कामहरुलाई पापबाट उक्ति गरिदिने (अर्थ, अरुका निम्ति मरिएको, प्रायश्चितको प्रतिस्थापन) अनि बिजेता । न्यायकर्ताका रुपमा फरक देखाउँछन् । यो दुईचोटिको आगमनले यहूदीहरुलाई आश्चर्यमा पार्‍यो । शायद ईम्माउस्‌तर्फको बाटोमा, यो शायद येशू आफैं हुनुहुन्थ्यो, जसले पूरानो करारका मुख्य परिच्छेदहरुको पूरा महत्त्व दर्शाउनुभयो (अर्थात्, उत्पत्ति ३:१५: भजन २२; यशैया ५३ अनि जकरिया ९–१४)
- **"परमेश्वरको राज्य"** १:१५ मा विशेष शीर्षक हेर्नुहोस् ।

NASB (UPDATED) TEXT: 14:26
२६अनि एउटा भजन गाएर उहाँहरु निस्केर जैतुन डाँडातिर जानुभयो ।

**१४:२६ "एउटा भजन गाएर"** यो ग्रीक क्रियापद नै अंग्रेजी "भजन" शब्दको श्रोत हो । यो सायद Hallel भजनको अंश थियो (अर्थ, भजन ११३–११८, मत्ती २६:३०) जुनचाहिँ निस्तार कर्मकाण्डको अन्तिम भाग थियो । YHWH को मुक्तिको निम्ति आनन्द र कृतज्ञताका अभिव्यक्तिहरु नै यी भजनहरु थिए । प्रायश्चितको दिनबाहेक ती प्रमुख भोजका दिनहरुमा सम्पूर्ण वा केही भाग गाइन्छन् । निस्तार भोजको सुरुमा भजन ११३–११४ अनि अन्त्यतिर ११५–११८ गाइन्छन् ।

- **"जैतुनको डाँडा"** येशू र उहाँका चेलाहरुले निस्तार भोजको अवधि (आठ दिनहरु) भरि प्रार्थना गर्ने ठाउँ अथवा शिविरका रुपमा निरन्तर प्रयोग गरेको हुनुपर्दछ ।

NASB (UPDATED) TEXT: 14:27-31
२७येशूले तिनीहरुलाई भन्नुभयो, "तिमीहरु सबै पछि हटिजानेछौ, किनकी यस्तो लेखिएको छ, "म गोठालालाई प्रहार गर्नेछु र भेंडाहरु तितरबितर हुनेछन् ।" २८तर म जीवित भई उठेपछि म तिनीहरुभन्दा पहिले गालीलमा जानेछु ।" २९पत्रुसले उहाँलाई भने, "सबै जनापछि हटे तापनि मचाहिँ हट्ने छैन । ३०तब येशूले तिनलाई भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु, आजकै राती भाले दुई

पल्ट बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौं । ३१तर तिनले झन् जोड दिएर भने, "तपाइँसँग म मर्नैपरे तापनि म तपाइँलाई इन्कार गर्ने छैन ।" अनि तिनीहरु सबैले त्यसै भने ।

१४:२७

| | |
|---|---|
| **NASB, NJB** | **"तिमीहरु सबै पछि हटिजानेछौ"** |
| **NKJV** | **"तिमीहरु सबै लडखराउनेछौ"** |
| **NRSV** | **"तिमीहरु सबै छोडिएका हुनेछौ"** |
| **TEV** | **"तिमीहरु सबै टाढा भाग्नेछौ"** |

यो एउटा भविष्यत् कर्मवाच्य सूचक हो । येशूले भविष्यका घटनाहरु थाहा पाउनुहुन्छ अनि नियन्त्रण गर्नुहुन्छ भन्ने कुराको यो अर्को प्रमाण हो । ASV अनुवादमा कर्मवाच्यमा "तिमीहरु सबैलाई अप्रसन्न पारिने छ" (अथार्त्, *Skandalizō* जुनचाहिँ बल्छीमा हुने लट्ठीका बारे प्रयोग गरिन्थ्यो) भन्ने अनुवाद प्रयोग गरिएको छ । जकरिया १३:७ बाट त्यहाँ "छरिने छन्" भन्ने एउटा दोस्रो भविष्यत् कर्मवाच्य छ । अविश्वास (अर्थ "छुट्टिनु") को यो एउटै शब्द अरु ख्रीष्टलाई अस्वीकार गर्नेहरुका निम्ति प्रयोग गरिन्थ्यो (मत्ती ११:६; १३:२१,५७; २४:१०; २६:३१) । चेलाहरुको अविश्वास असफल हुनेछ । पत्रुसका अस्वीकारहरु तिनीहरुका डरहरुका उदाहरण मात्र थिए ।

- **"यस्तो लेखिएको छ"** शाब्दिक रुपमा यो" यसलाई लेखिएको छ" भन्ने हो, जुनचाहिँ एउटा पूर्ण कर्मवाच्य सूचक हो । उत्प्रेरित पूरानो करारलाई संकेत गर्ने यो एउटा चरित्रात्मक वाक्यांश थियो ।
- **"म प्रहार गर्नेछु"** जकरिया १३:७ बाट यो एउटा उद्धरण हो । यो पिता परमेश्वरको योजना थियो कि येशूले पापको निम्ति आफ्नो जीवनलाई एउटा बलिदानका रुपमा प्रदान गर्नुपर्दछ ( यशैया ५३:४, ६, १०; मर्कूस १०:४५; लूका २२:२२; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९; २ कोरिन्थी ५:२१)।

१४:२८ येशूले चेलाहरुलाई धेरै पटक भन्नुभयो कि उहाँले तिनीहरुलाई गालील नजिक एउटा डाँडामा भेट्नुहुने थियो (मत्ती २६:३२; २८:७, १०, १६) । यो विशेष भेट महान् योजना (मत्ती २८:१६–२०) को निम्ति अवसर थियो । जुनचाहिँ १ कोरिन्थी १५:६ मा बोलिएको पुनरुत्थानपछिको आकृति हो । यसले स्वर्गरोहरणलाई संकेत गर्दैन जुनचाहिँ पुनरुत्थानको चालिस दिनपछि जैतून डाँडाबाट भएको थियो ( प्रेसिरत १:१२)।

यो उहाँको पुनरुत्थानको एउटा भविष्यवाणी थियो तर तिनीहरुको यसको महत्त्व जानेनन् । नयाँ करारले छुटकाराको निम्ति परमेश्वरका तीन स्वरुपलाई श्रेय दिन्छ भन्ने देखाउनलाई यो वाक्यांश एउटा असल सौभाग्य हो ।

१. पिता परमेश्वरले येशूलाई ब्यूँताउनुभयो (प्रेरित २:२४:३:१५; ४:१०; ५:३०; १०:४०; १३:३०, ३३, ३४, ३७; १७:३१; रोमी ६:४, ९, १०:९; १ कोरिन्थी ६:१४; २ कोरिन्थी ४:१४; गलाती १:1; एफिसी १:२०; कलस्सी २:१२; १ थेसलोनिकी १:१०)
२. पुत्र परमेश्वर आफैं ब्यूँतनुभयो (यूहन्ना २:१९–२२; १०:१७–१८)

३. पवित्र आत्मा परमेश्वरले येशूलाई ब्यूँताउनुभयो (रोमी ८:११) । यो त्रि-एकलाई दिइएको जोड पद ९–१० मा देख्न सकिन्छ । १:११ मा त्रि-एक भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

**१४:२९ "यद्यपि"** शाब्दिक रुपमा यो "भएर पनि" हो (NKJV र NJB) । यो एउटा प्रथम श्रेणीको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको आशयबाट अथवा उसको साहित्यिक उद्देश्यहरुका निम्ति सत्य देखियो । पत्रूसले अरुहरु हटेको सोंच्न सक्थे तर उनी आफूचाहिँ होइन !

- **"तापनि"** यो बलियो क्रिया विशेषण *alla* हो । पत्रुसले जोड दिँदै थिए कि उनले येशूलाई कहिल्यै छोड्ने छैनन् (लूका २२:३३; युहन्ना १३:३७–३८) । पत्रूसले सार्वजनिक रुपमा उनले पूरा गर्न नसक्ने, नगर्ने निष्ठा घोषणा गर्दै थिए । उनको इच्छाले उनको क्षमतालाई जित्यो !

**१४:३० "आजकै राती भाले दुईपल्ट बास्न अघि तिमीले मलाई तीनपल्ट इकार गर्नेछौ ।"** "तिमी आफैंले" जोड दिइएको छ । यो एउटा भविष्यत् मध्यम सूचक हो । लूकाको लेख लामो छ (२२:३१–३४) । भाले दुईपल्ट बास्छ भन्ने विवरण पत्रूसको सम्झनाको एउटा प्रत्यक्षदर्शी हो । यो मर्कूसको सुसमाचारमा मात्र अभिलेख गरिएको छ ।

**१४:३१**

| | |
|---|---|
| **NASB** | **"जोड दिएर भने"** |
| **NKJV** | **"अझ जोड दिएर भने"** |
| **NRSV** | **"जोड दिएर भने"** |
| **TEV** | **"अझ जोड दिएर जवाफ दिए"** |
| **NJB** | **"अझ इमान्दार भएर भनिरहे"** |

नयाँ करारका विभिन्न रुपहरुमा अधिकतम श्रेणी वा अत्यधिकका निम्ति प्रायः यस शब्द (*perisseia*) लाई प्रयोग गरिन्छ (मत्ती ५:२०; २७:२३; प्रेरित २६:११; फिलिप्पी १:९; १ थेसलोनिकी ४:१) । यसको *ek* नामयोगी उपसर्गसितको संक्षिप्त रुप मर्कूसमा मात्र पाइन्छ । यो शायद पत्रूस आफैंबाट नै हो ! तिनको अस्वीकार कति जोडदार थियो भन्ने उनले सम्झे !

**"तर"** यो एउटा तेस्रो दर्जाको शर्तात्मक वाक्य हो जसको अर्थ सम्भावित काम भन्ने हुन्छ । शाब्दिक रुपमा "तर यसो हुनैपर्दछ"

**"म तपाइँलाई इन्कार गर्ने छैन"** पत्रूसले साँच्चै यसो अनुभव गरे । उनको हृदय र इच्छासहित उनी येशूको पक्षमा उभिने निर्णय गरे । दाऊदका पापहरु र लगातारको क्षमताले पछिका विश्वासीहरुलाई हौसला दिने काम गरे झैं, पत्रूसका भनाइहरु र असफलताहरुले पनि यस्तै गर्दछन् । पापी, कमजोर मानिसहरुले सही कुरा गर्न चाहन्छन् (रोमी ७) तर तिनीहरुले आफैंलाई असक्षम ठान्छन् ! येशूले पछुतो नमानिएको अविश्वास होइन, असफलतासित सरोकार राख्नुहुन्छ ।

NASB (UPDATED) TEXT: 14:32-42

३२ त्यसपछि उहाँहरु गेतसमनी नाउँ भएको ठाउँमा जानुभयो र उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, "मैले प्रार्थना गरुन्जेल तिमीहरु यही बस ।" ३३तब उहाँले पत्रूस, याकूब र यूहन्नालाई साथमा लैजानुभयो, र उहाँ अत्यन्तै विचलित र ज्यादै खिन्न हुन लाग्नुभयो । ३४उहाँले तिनीहरुलाई भन्नुभयो, "मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ । तिमीहरु यही बस, र जागा रहो । ३५अनि अलि पर गएर उहाँ भूइँमा घोप्टिनुभयो, र हुनसक्छ भने त्यो घडी उहाँबाट टलोस् भनी प्रार्थना गर्नुभयो । ३६अनि उहाँले भन्नुभयो, "अब्बा, पिता, तपाइँको निम्ति सबै कुरा सम्भव छ । यो कचौरा मबाट हटाइदिनुहोस् । तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाइँले इच्छा गर्नुभएजस्तो होस् ।" ३७उहाँ फेरि आउनुहुँदा तिनीहरुलाई निदाइरहेका भेट्टाउनुभयो । उहाँले पत्रूसलाई भन्नुभयो, "सिमोन, के तिमी निदाइरहेछौ ? के एक घण्टा पनि जागा बस्न सकेनौ ? ३८जागा रहो, अनि प्रार्थना गर, र तिमीहरु परीक्षामा नपर । आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ ।" ३९फेरि गएर उहाँले दोहोऱ्याएर त्यही प्रार्थना गर्नुभयो । ४०फेरि आएर उहाँले तिनीहरुलाई निदाइरहेका भेट्टाउनुभयो, किनभने तिनीहरुका आँखा निद्राले साह्रै लट्ठिएका थिए, र उहाँलाई के जवाफ दिने हो, सो जानेनन् । ४१उहाँ तेस्रो पल्ट आउनुभयो र तिनीहरुलाई भन्नुभयो, "के तिमीहरु अझै निदाउँछौ र आराम गरिरहेका छौ ? अब भयो, बेला आइपुग्यो । हेर, मानिसको पुत्र पापीहरुका हातमा पक्राउ पर्न लागेको छ ।४२उठ, जाऔं । हेर, मलाई विश्वासघात गर्ने नजिकै छ ।"

**१४:३२ "गेतसमनी"** हिब्रूमा "गेतसमनी" भनेको "तेल पेल्ने ठाउँ" भन्ने हुन्छ । यो पक्कै पनि जैतूनको डाँडामा यरुशलेमको शहरी घेराभन्दा बाहिरको एउटा निजी बगैंचा थियो । शहरभित्र बगैंचाहरु हुनु गैरकानुनी हुन्थ्यो किनभने विरुवाहरुका निम्ति चाहिने मलले शहरलाई वैधानिक रुपमा फोहोर पार्थ्यो । पक्कै पनि येशू सँधैजसो यस बगैंचामा आउनुहुन्थ्यो । यो पनि सम्भव छ कि कष्टको साताभरि उहाँले आफ्ना चेलाहरुसित पालविना यहाँ रात बिताउनुभयो । यहूदालाई यस ठाउँबारे राम्ररी थाहा थियो ।

**"मैले प्रार्थना गरुन्जेल तिमीहरु यहीँ बस"** मत्ती २६:४१ र लूका २२:४० का समानान्तरहरुमा येशूले तिनीहरुलाई परीक्षामा नपर्नलाई भनेर प्रार्थना गर्न भन्नुहुन्छ ।

**१४:३३ "उहाँले पत्रूस, याकूब र युहन्नालाई साथमा लैजानुभयो"** यो चेलाहरुबीचको नेतृत्वको भित्री वृत्त थियो । धेरै विशेष अवसरहरुमा उनीहरु येशूसित उपस्थित थिए जब अन्य चेलाहरु थिएनन् । यसले निश्चय नै अन्य चेलाहरुको निम्ति विशेष तालिम अनि इर्ष्यातर्फ डोऱ्यायो । वास्तवमै किन येशूसँग भित्री समूह थियो भन्ने अनिश्चित छ । बाह्र जनाको नाम सँधै तीन जनाको चार समूहहरुमा हुन्छ । ती समूहहरु कहिल्यै परिवर्तन हुँदैनन् । यो सम्भव छ कि चेलाहरु समय–समयमा घर जान र परिवारलाई हेर्नलाई समूहहरुले एउटा चक्रीय प्रणाली बनाए । ३:१६ मा विशेष शीर्षक हेर्नुहोस् ।

**NASB** **"अत्यन्तै विचलित र दुःखी हुन थाल्नुभयो"**
**NKJV** **"उहाँ अत्यन्तै विचलित र दुःखी हुन थाल्नुभयो"**
**NESV** **"विचलित र खिन्न हुन थाल्नुभयो"**
**TEV** **"निराशा र शोक उहाँमा आए"**
**NJB** **"उहाँ विचलित र चिन्तित हुन थाल्नुभयो"**

येशू अति नै चिन्तित हुनुभयो ! ग्रीकमा यी बलिया शब्दहरु हुन् । आधुनिक पाठकहरुका रुपमा हामी यहाँ बगैंचामा अति पवित्र मैदानमा छौं जसै हामीहरुले परमेश्वरका पुत्रलाई उहाँका धेरै असुरक्षित मानव क्षणमा देख्छौं । येशूले उहाँको पुनरुत्थानपछि आफ्ना चेलाहरुसित यो लेख दाँजेको हुनुपर्दछ । यसको अर्थ तिनीहरुका निम्ति सहयोगी हुनु हो जसले प्रलोभनको सामना गर्छन् अनि येशूको कलवरी अनुभवको मूल्य र पींडा बुझ्न चाहन्छन् ।

- **"मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ"** येशूको चासो, डर र शोकको यो एउटा प्रायश्चितपूर्ण विशेष भनाइ हो । पाठ आफैंले कारण नदिएता पनि यस्तो देखिन्छ कि उहाँको पितासितको नजिकको सम्बन्धमा विघटन हुन सक्नु नै उहाँको डर थियो । यो १५:३४ मा येशूका वचनद्वारा चरित्रार्थ गरिएको छ । यो नै येशूको विश्वासको संघर्ष साक्षी गर्न हामीलाई अनुमति दिइएको मानव क्षणहरु मध्येको एउटा हो ।

यो एउटा पूरानो करारको वाक्पद्धति (भजन ४२:५) हो, जसले महान् तीब्रता अभिव्यक्त गर्‍यो जुनचाहिँ पापपूर्ण मानवजातिको छुटकारामा समावेश थियो । भजन २२ ले जस्तै ४२ को सम्पूर्णले येशूको अस्वीकार र मृत्युको अनुभव विम्बित गर्दछ । संघर्षको केही कुरा लूका २२:४३–४४ को समानान्तरमा देख्न सकिन्छ (यद्यपि UBS[4] ले यिनीहरु हटाइएको लाई 'A' (निश्चित) को दर्जा दिन्छ) जसले उहाँलाई सेवा गर्न एउटा स्वर्गदूत आयो अनि उहाँले रगतको धेरै पसिना बगाए भनेर अभिलेख गर्दछ । यस बगैंचामा दुष्टताका विरुद्ध विजय प्राप्त गरिएको थियो । मत्ती ४ मा शैतानको प्रलोभनको भित्री इच्छा अनि मत्ती १६:२२ मा पत्रुसका सहयोगीजस्ता देखिने तर अति विनाशकारी आलोचनाहरु यस अनुच्छेदमा पूर्णरुपमा प्रकट गरिएका छन् ।

- **"यही बस र जागा रहो"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थकको अघि आएको एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो । उनीहरु यहूदा र भीडलाई पहरेदार गर्ने काममा थिए तर उनीहरु निदाए ।

**१४:३५ "भूइँमा घोप्टिनुभयो अनि प्रार्थना गर्नुभयो"** यी दुईओटा अपूर्णहरु हुन् । प्रायः यस कालले विगत समयमा भइरहने कामको अर्थ दिन्छ तर यहाँ यसको अर्थ यस्तो होइन भन्ने निश्चित छ । यस ग्रीक क्रियापद कालको अर्को विशेष प्रयोग विगत समयमा एउटा कामको सुरुवात भन्ने हो । प्रार्थना गर्नुले अति भावुक भएको देखाउँछ ।

**"हुन सक्छ भने"** यो एउटा पहिलो श्रेणीको शर्तात्मक वाक्य हो, जुनचाहिँ लेखकको दृष्टिकोण अनुसार साँचो छ भन्ने देखिन्छ YHWH जे गर्न पनि सक्षम हुनुहुन्थ्यो भन्ने येशूलाई थाहा थियो (पद ३६, "तपाइँको निम्ति सबै कुरा सम्भव छ") ।

**विशेष शीर्षक : घडी**

सुसमाचारहरुमा "घडी" भन्ने शब्द विभिन्न तरिकामा प्रयोग गरिएको छ, जस्तो

१. एउटा समय संकेत (मत्ती १८:१३; लूका ७:२१; यूहन्ना ११:९)
२. परीक्षणको समयका निम्तिको एउटा रुपक (मत्ती १०:१९; मर्कूस १३:११; लूका १२:२२)

३. येशूले आफ्नो सेवाकाई सुरु गर्नुभएको जनाउने एउटा संकेत (यूहन्ना २:४; ४:२३)

४. न्यायको दिनका निम्ति एउटा रुपक (अर्थ, दोस्रो आगमन, मत्ती २४:३६, ४४; २५:१३; मर्कूस १३:३२; यूहन्ना ५:२५, २८)

५. येशूको आवेगको निम्ति एउटा अलंकार (मत्ती २६:४५; मर्कूस १४:३५, ४१; यूहन्ना ७:३०; ८:२०; १२:२३,२७; १३:१; १६:३२; १७:१)

**"त्यो घडी उहाँबाट टलोस्"** यो एउटा एवरिष्ट कर्तृवाच्य असम्भाव्यता हो । येशूले जोड दिँदै हुनुहुन्छ कि YHWH ले जे गर्न पनि सक्षम हुनुहुन्छ अनि येशूले आशा गर्दै हुनुहुन्छ कि उहाँलाई क्रूसमा टाँगिनेछ (पद ३६) । यो वास्तवमा उजाडस्थानमा शैतानको परीक्षा थियो, (James Stewart को *The Life and Teaching of Jesus Christ*. पृष्ठ ३९–४६) । मत्ती २६:३९, ४२ र ४४ अनि मर्कूस १४:३९ र ४१ बाट हामी सिक्छौं कि येशूले यही प्रार्थना तीनचोटी गर्नुभयो जुनचाहिँ तीव्रता देखाउने एउटा यहूदी तरिका थियो ।

**१४:३६ "अब्बा"** सन्तानहरुले घरमा आफ्ना पितालाई भन्ने बाबु, पापा, बुबा, बाजस्तो प्रचलित शब्दका लागि यो आरमिक हो । YHWH सित पारिवारिक सम्बन्ध येशूलाई थाहा थियो (हिब्रू १:२; ३:६; ५:८; ७:२८) । उहाँको मृत्युले यस आत्मियता हामीलाई दिनेछ ।

येशूद्वारा आरमिक शब्द अब्बा (ग्रीक पुस्तकमा) प्रयोग गरिएको सन्दर्भ यति मात्रै हो । यस क्षणमा उहाँले भोग्नुभएको शारीरिक प्रलोभनको तीव्र संघर्ष येशूले प्रकट गर्नुहुन्छ (जस्तो, उहाँले आफ्नो तीव्र भावनाहरु वर्णन गर्नुहुन्छ : उहाँ जमिनमा लड्नुभयो, उहाँले तीनचोटी प्रार्थना गर्नुभयो)। यहाँ उहाँले आफ्नो भाग्य अज्माउनुभयो, कल्भरीका बारे पिताको सोंच परिवर्तन गर्ने उहाँको सौभाग्य । उहाँले YHWH लाई अति नजिकका पारिवारिक शब्दद्वारा बोलाउनुहुन्छ ! तर हरेक प्रार्थनाको अन्त्यमा "मैले इच्छा गरेजस्तो हैन, तपाइँले इच्छा गर्नुभएजस्तो होस्" भनिएको हुन्थ्यो । पिता परमेश्वरले गुमेका मानवजातिको निम्ति येशूको अभिव्यक्त इच्छाप्रति चासो नदेखाएर उहाँको प्रेम दर्शाउनुहुन्छ । त्यहाँ पापको निम्ति एउटै आफ्नै बलिदान हुनु आवश्यक थियो, तर येशूको निम्ति अनि पिताको निम्ति शारीरिक र भावपूर्ण ठूलो मूल्यविना वा सजिलोसित यसो हुने थिएन !

येशूले हामीहरुलाई चिन्नुहुन्छ किनभने उहाँले मानवताका सम्पूर्ण परीक्षाहरु जान्नुहुन्छ यद्यपि पापविनाका )। डर र आतंक अनि निराशा अनि भ्रमचाहिँ पाप होइनन् ! गेतसमनीमा विजय प्राप्त भयो ।

- **"पिता"** मर्कूसको सुसमाचारले प्राय आरमिक शब्दहरु र वाक्यांशहरु प्रयोग गर्दछ (३:१७; ५:४१; ७:३४; १४:३६; १५:३४) । येशू र चेलाहरुको बोलीचालीको भाषा आरमिक भएको हुनुपर्दछ । मर्कूसले यसलाई अनुवाद गर्नुहुन्छ जसले देखाउँछ कि उहाँले यहूदी पाठकहरुका लागि लेखिरहनु भएको थिएन तर अन्य जाति, सायद रोमीहरुका लागि लेख्दै हुनुहुन्थ्यो किनकी मर्कूसमा सबै ल्याटिन शब्दहरु र वाक्यांशहरु पाइन्छन् । १३:३२ मा पिता भनिने विशेष शीर्षक हेर्नुहोस् ।
- **"यो कचौरा"** यो एउटा कसैको भाग्यका निम्ति पूरानो करारको अलङ्कार थियो (भजन १६:५; २३:५; यर्मिया ५१:२; मत्ती २०:२२)। यो सँधै न्यायिक (नकारात्मक) अर्थमा प्रयोग गरिन्थ्यो (

भजन ११:६; ७५:८; यशैया ५१:१७, २२ यर्मिया २५:१५–१६, २७–२८; ४९:१२; विलाप ४:२१; इजकिएल २३:३१–३३; हबकूब २:१६) । यो वाक्पद्धति सँधै पिउनेसित जोडिन्छ जुनचाहिँ न्यायको निम्ति अर्को पूरानो करारको अर्को अलङ्कार हो (यहोवा २१:२०; यशैया २९:९; ६३:६; यर्मिया २५:१५–१६, २७–२८)। येशूले चाहनुहुन्छ ! डर पाप होइन । उहाँले विश्वासका साथ डरको सामना गर्नुभयो । हामीले पनि त्यसो गर्नु नै पर्दछ ।

- **"मैले इच्छा गरेजस्तो होइन, तपाईँले इच्छा गर्नुभएजस्तो होस्"** ग्रीकमा "म" र "तपाइँ" भन्ने सर्वनामहरु *Emphatic* स्थितिमा हुन्छन् । यो पिताको इच्छाप्रति येशूको सँधैंको विनम्रता थियो । यस सन्दर्भमा येशूको सत्य मानवता र विश्वास प्रस्ट देखिन्छ । उहाँको मानवीय गुणले उद्धारका निम्ति इच्छा प्रकट गरे तापनि, उहाँको हृदय प्रायश्चितद्वारा पिताको इच्छा पूरा गर्नमा अडीग छ (१०:४५; मत्ती २६:३९) ।

**१४:३७, ४० "तिनीहरुलाई निदाइरहेका भेट्टाउनुभयो"** यी चेलाहरु रुप परिवर्तनका समयमा पनि निदाइरहेका थिए (मत्ती २६:४३ र लूका ९:३२) । उनीहरु दुष्ट वा शून्य विचारका थिएनन् तर मानव थिए ! हामीले चेलाहरुलाई श्राप दिनुभन्दा पहिले लूका २२:४५ को वाक्यांश" शोकले गर्दा निदाइरहेका" हेरौं जसले वर्णन गर्दछ कि उहाँको आफ्नै मृत्यु र यसका कारण उनीहरुको तितरबितरबारे येशूको अगमवाणीको शोकलाई ग्रहण गर्न उनीहरु असक्षम थिए । येशूले आफ्नो जीवनको संकटको घडीमा मानिसलाई साथी बनाउन र मानव मध्यस्थता पाउने चाहना गरे पनि, उहाँले यो एक्लै सामना गर्नुपर्दथ्यो अनि सम्पूर्ण विश्वासीहरुका निम्ति उहाँले यसो गर्नुभयो ।

**१४:३७ "सिमोन"** उहाँले उसलाई ३:१६ मा नाम राखेपछि यहाँ एकपटक मात्रै येशूले उसलाई "सिमोन" भन्नुहुन्छ । (अर्थात्, पत्रूस) स्थीर, निश्चित र विश्वासनीय कुनैकुरा थियो । पत्रूसले यो "उल्टो" नाम परिवर्तनलाई दु:खसाथ सम्झिएको हुनुपर्दछ । म निश्चित छु कि उनले सन्देश पाए ।

**१४:३८ "जागा रहो अनि प्रार्थना गर"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक र एउटा वर्तमान मध्यम (deponent) कर्तृवाच्य हो । तलको सन्दर्भले शत्रुलाई प्रकट गर्दछ ।

**"र तिमीहरु परीक्षामा नपर"** "परीक्षा" ले यस सन्दर्भमा के लाई जनाउँदछ भन्नेमा त्यहाँ विभिन्न सिद्धान्तहरु छन् :

१. पद २७ मा येशूको अगमवाणी
२. प्रार्थना गर्नुको सट्टा निदाइरहेको चेलाहरुलाई, पद ३७, ४०
३. पद ५६ मा येशू विरुद्ध चेलाहरुको गवाही
४. पद ६९–७५ मा पत्रुसको इन्कार
५. सरकारी वा धार्मिक परीक्षणहरु (मत्ती ५:१०–१२; यूहन्ना ९:२२; १६:२)

**"परीक्षा"** (*peirasmos)* भन्ने शब्दको "विनाशको उद्देश्यसित कोशिस गर्नु वा लोभ गर्नु" भन्ने शाब्दिक अर्थ थियो (मत्ती ६:१३; लूका ११:४; याकूब १:१३) । यसलाई सँधैजसो अर्को ग्रीक शब्द "परीक्षा" (*dokimazo*) सित तुलना गरिन्छ जसको शाब्दिक अर्थ "सफलतातर्फको लोभ वा कोशिस गर्नु" भन्ने थियो । जे होस्, यी अर्थहरु हरेक सन्दर्भमा सँधै उपस्थित हुँदैनन् । ईश्वरशास्त्रमा यो भन्न सकिन्छ कि परमेश्वरले आफ्ना सन्तानहरुलाई नाश गर्न परीक्षण गर्नुहुन्न तर परीक्षाहरु मार्फत्

आत्मिक वृद्धिका निम्ति उहाँले मौकाहरु दिनुहुन्छ (उत्पत्ति २२:१; प्रस्थान १६:४; २०:२०; व्यवस्था ८:२, १६; मत्ती ४; लूका ४; हिब्रू ५:८) । जे भएपनि उहाँले एउटा बाटो देखाउनुहुन्छ (१ कोरिन्थी १०–१३)। १:१३ मा जाँचका ग्रीक शब्दहरु भन्ने विशेष शीर्षक हेर्नुहोस् ।

**"आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ"** यो पद २९, ३१ मा पत्रूसका र अन्य चेलाहरुका वचनहरुबारे एउटा आलोचना हुन सक्छ । येशूले यो तनावलाई पूर्णरुपले बुझ्नुहुन्छ (पद ३६)।

मानवजातिको मानव आत्माको सम्बन्धमा "आत्मा" को प्रयोगले हाम्रो भित्री जीवन र विचारहरुको बारेमा बोल्दछ (भजन ५१:१०, १२, १७) । पत्रुसका लेखहरुमा सँधैजसो "आत्मा" लाई "शरीर" सित दाँजिएको छ (रोमी ८:१–११)।

**१४:४० "उहाँलाई के जवाफ दिने हो, सो जानेनन्"** शरीरको कमजोरी (लूका ९:३२) बाहेक तिनीहरुसँग कुनै कारण थिएन (९:६)।

**१४:४१ "के तिमीहरु अझै निदाउँछौं र आराम गरिरहेका छौं ?"** यो ग्रीक वाक्पद्धति व्याख्या गर्नलाई कठिन छ । के यो एउटा प्रश्न हो ? के यो व्यङ्ग्य हो ? के यो एउटा भनाइ हो ? अर्थ अनिश्चित भएता पनि यो स्पष्ट छ कि येशूले जित्नुभएको छ अनि रातका मुकदमाहरु, बिहानी कोर्राहरु र क्रूसीकरण सामना गर्नलाई अहिले येशू खडा हुनुहुन्छ ।

**"अब भयो"** ग्रीक पाण्डुलिपी परम्परामा यस शब्दले धेरै शास्त्रीय परिवर्तनहरु ल्यायो । के यो वाक्यांशले चेलाहरु सुतेकोतर्फ संकेत गर्दछ ? यसलाई (१) "अब भयो" (२) "यो भइसक्यो" (३) "यो बढी भयो" (NJB "यो पूरा भयो") का रुपमा अनुवाद गर्न सकिन्छ । इजिप्टमा पाइने Koine Greek Papyri मा यसलाई पूरै तिरिएको केही कुराको निम्ति प्रयोग गरिन्थ्यो (Moulton र Milligan, *The Vocabulary of the Greek New Testament*, पृष्ठ ५७–५८) । तब, यो यूहन्ना १९:३० "यो पूरा भयो" वा "यो सबै तिरियो" सित समानान्तर हुनेथियो । सम्भवत यसले यहूदा र उनको धोकालाई संकेत गर्दछ, जुनले येशूमा बढी भार पारेको हुनसक्छ । गेतसमनीमा येशूले आत्मिक सफलता प्राप्त गर्नुभयो !

१४:४१इ – ४२ यी अलग भनाइहरुका बीच कुनै संयोजकहरु वा सम्बन्धकारकहरु (*asyndeton*) प्रयोग नगरेर यिनीहरुलाई जोड दिइएको छ । येशूको भविष्यवाणी गरेजस्तै कामहरु भइरहेका थिए । बेला भएको थियो ।

**"बेला आइपुग्यो"** १४:३५ मा विशेष शीर्षक हेर्नुहोस् ।

**"विश्वासघात गर्‍यो"** *paradidōmi* भन्ने शब्दको सामान्य अर्थ "अर्कोको हातमा सुम्प्यो" (९:३१) भन्ने हुन्छ तर धेरै अंग्रेजी अनुबादहरुमा यहूदासित यसको सम्बन्धले "धोका दिनु" भन्ने अर्थ दिन्छ । १४:१० ई मा सम्पूर्ण टिप्पणी हेर्नुहोस् ।

NASB (UPDATED) TEXT: 14:43-50

४३येशू बोल्दै हुनुहुँदा बाह्रै चेलाहरुमध्येको एक जना अचानक त्यहाँ देखा पर्‍यो । मुख्य पूजाहारीहरु, शास्त्रीहरु र धर्म–गुरुहरुले पठाएको एक दल तरबार र लाठी लिएर त्यससँग त्यहाँ आयो । ४४उहाँलाई विश्वासघात गर्नेले तिनीहरुलाई यस्तो एउटा सङ्केत दिएको थियो, “जसलाई म म्वाइँ खाउँला त्यो व्यक्ति तिनै हुन्, तिनलाई पक्र र पहरा दिएर लैजाओ ।” ४५अनि सोझै येशूकहाँ गएर यहूदाले भन्यो, “हे रब्बी” र उहाँलाई म्वाइँ खायो । ४६तब तिनीहरुले येशूलाई समाते र गिरफ्तार गरे । ४७त्यहाँ नजिक उभिनेहरुमध्ये कुनै एउटाले तरबार थुतेर प्रधान पूजाहारीको कमारालाई प्रहार गर्‍यो, र त्यसको कान च्वाट्ट काटिदियो । ४८येशूले तिनीहरुलाई भन्नुभयो, “के तिमीहरु एउटा डाँकुलाई जस्तै तरवार र लौरासमेत लिएर मलाई पक्रन आएका छौ ? ४९दिनदिन मन्दिरमा सिकाउँदै म तिमीहरुसँग थिएँ र तिमीहरुले मलाई गिरफ्तार गरेनौ । तर धर्मशास्त्र पूरा होस् ।” ५०अनि सबै चेलाहरु उहाँलाई त्यागेर भागे ।

१४:४३ **“तुरुन्तै”** १:१० मा टिप्पणी हेर्नुहोस् । “एक दल” यूहन्ना १८:३, १२ ले भन्दछ एउटा रोमी समूह उपस्थित थियो । लूका २२:५२ ले भन्दछ भीडमा महासभाका प्रतिनिधिहरु थिए जसले मन्दिरका सिपाहीलाई संकेत गर्दछ । यति धेरै सिपाहीहरु हुनुको कारण के भने यो निस्तार चाडको समय थियो अनि अधिकारीहरु एउटा दङ्गादेखि डराएका थिए (१४:२: मत्ती २६:५; २७:२४)।

- **“तरबार र लाठो”** यो “तरबार” भन्ने शब्दले रोमी सिपाहीहरुले आफ्ना पेटीमा लगाउने छोटा तरबारलाई संकेत गर्थ्यो । “लाठो” ले विशेषरुपमा मन्दिरका प्रहरीका हतियारहरुलाई जनाउँदछ ।
- **“मुख्य पूजाहारीहरु, शास्त्रीहरु गुरुहरु”** यसले महासभालाई जनाउँदछ । १२:१३ मा विशेष शीर्षक हेर्नुहोस् ।

**१४:४४ “तिनलाई पक्र”** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो ।

- 

**NASB, NRSV, TEV “पहरा दिएर लैजाओ”**
**NKJV पहरा दिएर लैजाओ”**
**NJB “लैजाँदा राम्ररी पहरा दिनु“**

यो ग्रीक शब्द *spallomai* (खस्नु वा ठोक्कनु) Alpha Privative सितको हो, जसले यसलाई उल्टो पार्छ । यो शब्द “सुरक्षित, कडा, नियमित हुनु” का निम्ति आलङ्कारिक हुन्छ । येशूले उहाँको पक्राउलाई विफल पार्न केही गर्नुहुन्छ कि भनेर यहूदा डराएका थिए । यसले यहूदाको डरलाई प्रकट गर्दछ उनले येशूका चमत्कारहरु देखेका थिए अनि उहाँको शक्तिबारे थाहा थियो ।

**१४:४५ “भन्यो”**, “हे रब्बी” र उहाँलाई म्वाइँ खायो” गालामा वा निधारमा म्वाइँ खानु यस संस्कृतिमा सामान्य अभिवादन थियो (विशेषतः धर्मगुरुहरुका बीच) । मत्ती २६:५० र लूका २२:४८ मा यहूदाका कामहरुबारे येशूका टिप्पणीहरु पढ्नुहोस् । यस चिह्नले देखाउँछ कि यो सायद रोमी सिपाही थियो किनभने मन्दिरको प्रहरीले येशूलाई चिनेको हुनसक्दथ्यो ।

**१४:४७ "उभिनेहरुमध्ये कुनै एउटाले तरवार थुत्यो"** यूहन्ना १८:१० र लूका २२:५०–५१ मा समानान्तरबाट हामी थाहा पाउँछौं कि यी पत्रूस थिए अनि घाइते हुने नोकरचाहिँ माल्खस थियो । चेलाहरुलाई पहिल्यै तरवार किन्न चेतावनी दिइएको थियो (लूका २२:३६–३८) तर निश्चय नै, यस बारेमा उनीहरुले येशूको वास्तविक अर्थलाई गलत बुझेका थिए । पत्रूसका सम्बन्धमा यो भनिनु नै पर्दछ कि यस क्षणमा ऊ उसको परमेश्वरका निम्ति मर्न चाहेको थियो । नचिनेकाहरुका अगाडि उसले कुनै एउटा तरबार थुत्यो । तर फेरि, उसका कामहरुको अनुपयुक्तता र आवेगले उसको व्यक्तित्व झल्कायो ।

- **"प्रधान पूजाहारीको कमारो"** यूहन्ना १८:१० ले उसलाई माल्खस नाम दिन्छ ।
- **"कान च्वाट्ट काटिदियो"** लूका २२:५१ मा येशूले यसलाई फेरि राख्नुभयो !

**१४:४८**

| | |
|---|---|
| **NASB, NKJV** | **"एउटा चोर"** |
| **NRSV, NJB** | **"एउटा डाँकु"** |
| **TEV** | **"एउटा अपराधी"** |

उनीहरुले येशूलाई एउटा अपराधीले जस्तो व्यवहार गर्दैछन्, एउटा ईश्वरको निन्दा गर्ने व्यक्तिले जस्तो होइन । उनीहरुले येशूलाई बारब्बालाई जसो गरिनुपर्थ्यो त्यसै गर्दै थिए (जसको निम्ति एउटै शब्द प्रयोग गरिएको छ, यूहन्ना १८:४०) सिपाहीका सदस्यहरुलाई भनिएको थियो । येशूले उनीहरुको गोप्य कार्यसूची प्रकट गर्नुहुन्छ ।

**"तर धर्मशास्त्र पूरा होस्"** पद ५० मा "सबै चेलाहरु उहाँलाई त्यागेर भागे" (१४:२७, जसले जकरिया १३:७ र मत्ती २६:३१ लाई उद्धृत गर्दछ) । यूहन्ना १८:१५–१६ यो अगमवाणीसित कसरी मिल्छ भनेर जो कोही चकित पर्दछ । यस्तो देखिन्छ कि सम्पूर्ण परीक्षाहरु भरी यूहन्नाले येशूलाई साथ दिए अनि क्रूसीकरणमा उपस्थित थिए (यूहन्ना १९:२६–२७) ।

NASB (UPDATED) TEXT: 14:51-52

५१आफ्नो शरीरलाई एउटा सूती कपडाले मात्र बेह्रेको एकजना जवान उहाँको पछि लाग्यो । तिनीहरुले त्यस जवानलाई समाते, ५२तर कपडा छोडेर त्यो नाङ्गै भाग्यो ।

**१४:५१–५२ "एकजना जवान ........ आफ्नो शरीरलाई एउटा सूती कपडाले मात्र बेह्रेको"** मण्डली परम्पराले भन्दछ यस पुस्तकका सम्पादक यूहन्ना मर्कूस थिए । उनी आफ्ना काका बर्नाबास ( प्रेरित १२:२५) र तर्सीसका शाऊल (पावल) का एउटा सुरुका सेवकाईका साथी थिए । परम्पराले जोड दिन्छ कि उनी पत्रूसको स्मरणमा येशूको जीवनका धर्मगुरु थिए (अर्थात्, मर्कूसको सुसमाचार) । परम्परा यो पनि भन्दछ कि प्रभुभोजको आयोजना उनको घरमा गरिएको थियो (प्रेरित १२:१२) ।

उनले किन यस्तो पोशाक लगाए भन्ने अनिश्चित छ । सम्भवत् उनलाई निदाउँदा भनियो कि येशू पक्राउ पर्ने क्रममा हुनुहुन्थ्यो वा हुनसक्छ उनी येशू र चेलाहरुको नजिकै रहन चाहे अनि बगैंचामा नजिकै सुतिरहेका थिए ।

NASB (UPDATED) TEXT: 14:53-65
५३तब तिनीहरुले येशूलाई प्रधान पूजाहारीकहाँ लगे, र त्यहाँ सबै मुख्य पूजाहारीहरु, धर्म–गुरुहरु र शास्त्रीहरु त्यहाँ जम्मा भएका थिए । ५४पत्रुसचाहिँ टाढैबाट प्रधान पूजाहारीको आँगनभित्र उहाँको पछिपछि लागे, अनि त्यहाँ सिपाहीहरुसँग बसेर तिनी आगो ताप्न लागे । ५५अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मार्नको निम्ति उहाँको विरुद्धमा गवाही खोजे, तर केही पाएनन् । ५६धेरैले उहाँको विरुद्धमा झूटो गवाही थिए । तर तिनीहरुले दिएको गवाहीले मेल खाएन । ५७कसै–कसैले उठेर उहाँको विरुद्धमा यसो भन्दै गवाही दिए, ५८“यसले यसो भनेको हामीले सुन्यौं, मानिसको हातले बनाएको यो मन्दिर म भत्काउनेछु र हातैविना बनाइएको अर्को मन्दिर म तीन दिनमा निर्माण गर्नेछु ।” ५९तर यसमा पनि तिनीहरुको गवाही एकै मतको थिएन । ६०तब प्रधान पूजाहारीले बीचमा खडा भएर येशूलाई सोधे, “के तँसँग केही जवाफ छैन ? यी मानिसहरुले तेरो विरुद्धमा गवाही दिएको के हो ?” ६१तर येशू चूप लाग्नुभयो र केही जवाफ दिनुभएन । फेरि प्रधान पूजाहारीले उहाँलाई सोधे, “के तँ परमधन्यको पुत्र ख्रीष्ट होस् ?” ६२येशूले भन्नुभयो “म हुँ, अनि तपाइँहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने बाहुलीतर्फ बसिरहेको र आकाशका बादलहरुका साथमा आइरहेको देख्नुहुनेछ ।” ६३तब प्रधान पूजाहारीले आफ्नो वस्त्र च्यातेर भने, “हामीलाई अरु साक्षीहरुको के दरकार पर्‍यो र ? ६४तिमीहरुले ईश्वर–निन्दा त सुनिहाल्यौ । तिमीहरुको के विचार छ ?” ६५अनि तिनीहरु सबैले उहाँलाई थुक्न लागे, र उहाँको मुख छोपेर उहाँलाई थप्पड हानेर भने, “अगमवाणी बोल् ।” त्यसपछि पहरादारले उहाँलाई आफ्नो जिम्मामा लिए, र उहाँलाई मुक्का हाने ।

**१४:५३ “तिनीहरुले येशूलाई प्रधान पूजाहारीकहाँ लगे”** यूहन्ना १८:१३अ ले उल्लेख गर्दछ हन्नानिया, तर कैयाफा सन् १९–३६ का प्रधान पूजाहारी थिए (मत्ती २६:५७)। संक्षिप्त सुसमाचारहरुले हन्नानियाका प्रश्नको अभिलेख राख्दैनन् । उनी पहिलेका प्रधान पूजाहारी अनि कार्यालय पछिबाट वास्तविक शक्ति थिए (यूहन्ना १८:१३आ) ।

- **“सबै मुख्य पूजाहारीहरु, धर्म–गुरुहरु र शास्त्रीहरु”** महान् परिषद महासभा नाम दिनलाई यस वाक्यांश प्रयोग गरिन्थ्यो (पद ५५) । १२:१३ मा विशेष शीर्षक हेर्नुहोस् ।

१४:५४ यस हरफले आँगनभित्र पत्रुसका इन्कारको चरण सुरु गर्दछ । पत्रुस टाढा रहन सक्दैनथे न त येशूसित आफूलाई परिचित गराउन नै । कस्तो व्यंग्य !

| | |
|---|---|
| **NASB** | **“उनी अधिकारीहरुसित बसिरहेका थिए”** |
| **NKJV** | **“उनी नोकरहरुसित बसे”** |
| **NRSV** | **“उनी सिपाहीहरुसित बसिरहेका थिए”** |
| **TEV** | **“उनी सिपाहीहरुसित बसे”** |
| **NJB** | **“सिपाहीहरुसित बसिरहे”** |

यो एउटा शब्द विनियोजक अपूर्ण मध्यम (deponent) कृदन्त हो । यसले संकेत गरेजस्तो देखिन्छ कि पत्रुसले एकजना नोकर/सिपाहीले जस्तो बहाना गर्न प्रयास गरे । उनी समूहमा मिसिन चाहे तर उनको अनुहारको प्रकाश अनि गालीली भाषाले उनलाई फरक तुल्यायो । पत्रुसले यो रात राम्ररी सम्भन्छन् !

१४:५५ यो एउटा वैधानिक परीक्षा थिए ; यो एक लाजमर्दो परीक्षा थियो (A. N. Sherwin-White, *Roman Society and Roman Law in The New Testament*, पृष्ठ २४–४७) ।

**१४:५६ "धेरैले उहाँको विरुद्धमा भूटो गवाही दिए"** यो अपूर्ण काल (यो पदमा दुईचोटी र पदहरु ५७ र ५९ मा) ले दुईटा मेल नखाने, भूटो गवाहीहरुको दोहोरिएको प्रयासलाई देखाउँछ । यो भूटहरुको एउटा समूह थियो !

- **"तिनीहरुले दिएको गवाहीले मेल खाएन"** पूरानो करारमा फैसला गर्नलाई दुई प्रत्यक्षदर्शीको गवाही चाहिन्थ्यो (व्यवस्था १७:६; १९:१५)। पूरानो करारमा कसैले भूटो साक्षी बक्यो भने उनीहरुले दोषीको सँजाय भोग्नुपर्थ्यो ।

१४:५८ **"यो मन्दिर म भत्काउनेछु"** आगामी घटनाहरुलाई वर्णन गर्नलाई येशूले प्रयोग गर्नुहुने रुपमा यो पद एउटा राम्रो उदाहरण हो । "मन्दिर" भन्ने शब्दले दुई कुराहरु र दुई समयसीमाहरुलाई संकेत गर्दछ ।

१. येशूको शरीर क्रूसमा टाँगिएको (यूहन्ना २:१९–२२) तर तीन दिनमा पुनरुत्थान गरिएको ( अर्थ योनाको चिह्न, मत्ती १२:३९–४०; लूका ११:२९–३२)। यो तीन घण्टाभित्रै हुनुपर्थ्यो ।

२. सन् ७० मा रोमीहरुद्वारा यरुशलेममा हेरोदको मन्दिर भत्काइँदै थियो अनि पुनः निर्माण गरिँदैनथ्यो । करिब ४० वर्षमा हुने यो एउटा भविष्यको न्याय थियो तर यसले न्याय र पापको न्यायलाई विम्बित गर्दछ (अर्थ, २ थेसलोनिकी २; र प्रकाश) ।

येशूको अस्थायी तर न्याय र पाप छुट्टिने राज्य र यसको नियमहरु सैद्धान्तिक, कानुनी, धार्मिकतामा त्यतिबेला र अहिले गलत तरिकाले बुझिन्छ भन्ने कुरा सजिलै देखिन्छ ।

- **"तीन दिनमा"** यस समय सन्दर्भ (८:३१; ९:३१; १०:३४) चाहिँ १ कोरिन्थी १५:३–४ मा पूरानो करारको अगमवाणीसित सम्बन्धित छ । "तीन दिन" को समयसीमा एउटा "नयाँ मन्दिर" र नयाँ पुनरुत्थानको शरीरसित सम्बन्धित छ । येशूले यी दुइओटालाई चाहेबमोजिम नै मिसाउनुभयो । नयाँ युगको मन्दिर भनेको व्यक्तिगत र सामूहित दुवैरुपमा विश्वासी हुन् (१ कोरिन्थी ३:१६; ६:१९),
- **"हातैविना बनाइएको अर्को मन्दिर निर्माण गर्नेछु"** येशूको मृत्यु र पुनरुत्थानको यो एउटा दुःखद् अगमवाणी हो । पूरानो करार आराधनामा मन्दिर केन्द्रबिन्दु थियो अब यो येशू आफै हुनुहुनेछ । उहाँ अस्वीकार गरिएको आधारशीला हुनुहुन्छ ! उहाँ आराधनाको नयाँ केन्द्र हुनुहुन्छ ।

उहाँसँग आफ्नै जीवन लड्ने र ब्यूँताउने शक्ति छ (यूहन्ना १०:११, १५, १७, १८) । उहाँ आफ्नो जीवन अनि मृत्यु अनि पुनरुत्थानको पूरा नियन्त्रणमा हुनुहुन्छ ।

**१४:६० "प्रधान पूजाहारीले बीचमा खडा भएर येशूलाई सोधे"** प्रधान पूजाहारीले येशूले आफैलाई अपराधी भनी स्वीकार गरुन् भन्ने चाहनुभयो । यो यहूदी नियममा गैरकानुनी थियो जस्तो कि एउटा रातको मुकदमा अनि गवाही र सजायँ एउटै दिनमा ।

**१४:६१ "उहाँ चुप लाग्नुभयो"** यो यशैया ५३:७ पूरा भएको हुनसक्छ (मत्ती २६:६३; २७:१२–१४; मर्कूस १५:५; लूका २३:९; यूहन्ना १९:९)।

- **"फेरि प्रधान पूजाहारीले उहाँलाई सोधे"** मत्ती २६:६३ ले थप्दछ कि उनले उहाँलाई प्रतिज्ञाको अधीनमा ल्याए ।
- **"ख्रीष्ट"** हिब्रू शब्द मसीहको निम्ति यो ग्रीक अनुवाद हो जसको अर्थ "अभिषेक जन" भन्ने हुन्थ्यो । पूरानो करार अगमवाणीहरुमा, पूजाारीहरु र राजाहरु एउटा दिइएको कामका लागि परमेश्वरको रोजाइँ र साधनको एउटा विशेष संकेतका रुपमा तेल घसिन्थे । यो शब्द विशेष राजकीय "दाऊदका पुत्र" (२ शमूएल ७) को निम्ति प्रयोग गरियो जसले इस्राएललाई उद्धार अनि पुनरुत्थान गर्नुभयो ।
- **"परमप्रभुको पुत्र"** "परमधन्य" परमेश्वरको निम्ति एउटा सामान्य यहूदी शीर्षक (अर्थात्, घुमाउरो रुप) हो । यहूदीहरुले मसीहलाई परमेश्वरको स्वरुप भन्ने आशा गरेनन् तर न्यायकर्ता जस्तै एउटा उपहार दिइएको शक्तिशाली मान्छे भन्ने सोचें । तर येशूले यस पारिवारिक सम्बन्धलाई पिता परमेश्वरसित उहाँको समानता देखाउन प्रयोग गर्नुभयो (यूहन्ना ५:१८; १०:३०, ३३; अनि १:१ समेत)।

**१४:६२ "म हुँ"** यो YHWH, करारको परमेश्वरको पूरानो करारको नामको निम्ति एउटा संकेत हुनसक्छ जुनचाहिँ "हुनु" भन्ने हिब्रू शब्दबाट थियो (प्रस्थान ३:१४, व्यवस्था ३२:३९; यशैया ४१:४; ४३:१०; ४६:४; यूहन्ना ४:२६; ८:२४, २८, ५८, १३:१९; १८:५) । १२:३६ मा ईश्वरका नाउँहरु भन्ने विशेष शीर्षक हेर्नुहोस् । यो सरल जवाफ लूका २२:७० जस्तै हो । मत्तीले अझ रहस्यपूर्ण प्रतिक्रिया अभिलेख गर्दछन् (मत्ती २६:६४)।

मर्कूसको सुसमाचारले येशूको आत्माबुझाइलाई सुरुबाटै परमेश्वरको पुत्र र मसीहका रुपमा चित्रण गर्दछ (१:१) । शैतानहरुले पनि उहाँलाई यही रुपमा चिने अनि उहाँलाई बोलीले साथ दिए ( १:२४, ३४; ३:११) तर येशूको व्यक्ति र कामलाई चेलाहरुले ढिलो गरी बुझे (८:२९) । उनीहरुले पहिलो शताब्दीको यहूदी नजरहरुबाटै (प्रधान पूजाहारीले जस्तो) हेरे ।

- **"मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने बाहुलीतर्फ बसिरहेको"** भजन ११०:१ प्रति यो एउटा संकेत हो । शक्तिको ठाउँका निम्ति यो एउटा मानवीय अलङ्कार थियो । "शक्ति" भन्ने शब्द YHWH प्रतिको एउटा घुमाउरो संकेत हो । येशू (अर्थ, मानिसको पुत्र, १४:२१, ४१, ६२) ले न्याय र पाप छुट्टिने शब्दमा जोड दिँदै हुनुहुन्छ जुनचाहिँ उहाँ YHWH को मसीह

हुनुहुन्थ्यो उनीहरुले बुझ्केका हुनसक्थे । भजन ११०:४ को एउटा धार्मिक अर्थ भएतापनि, यस पदको एउटा राजकीय अर्थ छ (हिब्रू १:३) ।

यो धेरैपटक भनिनु पर्दछ कि १४:६१ मा प्रश्नको प्रधान पूजाहारीको बुझाइ भन्दा येशूको बुझाइ (अध्याय १५ मा पिलातसका प्रश्नहरुको जस्तै) अलग थियो । प्रधान पूजाहारीले यसलाई आफ्नो शक्ति  र अख्तियार र रोमी शक्ति र अख्तियारप्रति एउटा चेतावनीका रुपमा बुझे । एउटा शासन गर्ने राजाका रुपमा मसीहको पूरानोको करारको धारणा प्रेरितहरुद्वारा समान रुपमा बाँडिएको थियो (मर्कूस १०:३७)।

जे होस्, येशूले आफ्नो राज्यलाई भविष्य र आत्मिकीरुपमा हेर्नुभयो (यूहन्ना १८:३६) । त्यसैकारण उहाँले भजन ११० र दानिएल ७ बाट मृत्यु र न्यायका बारे अनुच्छेदहरु उद्धृत गर्नुहुन्छ ।

दुईटा आगमनहरुमा त्यहाँ पक्कै एउटा विरोधाभास छ, एउटा नम्र दुःखी नोकर अनि एउटाचाहिँ महिमित राजा र न्यायकर्त्ता । पूरानो करारले दुइओटै उल्लेख गर्छ तर यहूदीहरुले दोस्रोमा मात्रै जोड दिए । परमेश्वरको राज्य–उद्घाटन भएको तर पूर्ण नगरिएको रुपमा भएको ईश्वरशास्त्रीय तनाव जस्तै यो हो ! हामीलाई कल्पना गर्न कठिन छ कि यहूदी मानिसहरुलाई येशूका दिनमा उहाँका सन्देश बुझ्न कति कठिन थियो होला ।

- **"आकाशका बादलहरुका साथमा आइरहेको"** यो दानिएल ७:१३ बाटको एउटा उद्धरण हो । यो एउटा वाक्यांश हो जसले अति स्पष्ट पूरानो करारको शब्दहरुमा येशूको ईश्वरत्वलाई जोड दियो । YHWH बाहेक बादलमाथि कोही गएन तर अहिले उहाँका "परमपुत्र" पनि जानुहुन्छ (१३:२६; प्रेरित १:९; प्रकाश १:७)।

**१४:६३ आफ्नो वस्त्र च्यातेर"** कथित ईश्वर निन्दाका कारणले गर्दा भएको एउटा अति व्याकुल आत्माको यो एउटा चिह्न थियो । लेवी २४:१५ को ईश्वर निन्दाको सँजाय ढुङ्गाले हानेर मार्नु थियो । यदि उहाँ आउँदै गरेको, मसीह, परमेश्वरको पुत्र, संसारका उद्धारकर्ता नहुँदो हो त येशू व्यवस्था १३:१–३ र १८:२२ का आधारमा मर्नुपर्दथ्यो । त्यहाँ अर्को कुनै विकल्प नै छैन । या त उहाँ आफूले भनेजस्तो व्यक्ति हुनुपऱ्यो कि त उहाँ मारिनै पर्ने ईश्वरको निन्दा गर्ने व्यक्ति हुनु पर्‍यो (Josh McDowell को *Evidence That Demands a Verdict*) ।

**१४:६४ "ईश्वरनिन्दा"** YHWH को बारेमा झूटो बोल्नुले ढुङ्गाले हानेर मृत्युदण्ड दिने कुरा निम्त्यायो (लेवी २४:१४–१६)।

**१४:६५ "उहाँलाई थुक्न"** यो इन्कार गर्ने एउटा पूरानो करारको संकेत थियो (गन्ती १२:१४; व्यवस्था २५:९; यहोवा १७:६; ३०:१०; यशैया ५०:६) । महासभाका सदस्यहरु र रोमी सिपाहीहरुले (१५:१९) येशूलाई थुके ।

**"उहाँको मुख छोपेर उहाँलाई थप्पड हानेर भने, "अगमवाणी बोल्" तिनीहरुले उहाँको अनुहार छोपिदिए, उहाँलाई हाने अनि त्यसपछि सोधे, "तँलाई कसले हान्यो ?"** तिनीहरुले उहाँको परमेश्वरको अगमवक्ता हुँ भन्ने दाबीलाई जिस्क्याउँदै थिए । येशूका दिनका ईश्वरशास्त्रीले यशैया ११:३ लाई मसीहले देखेर होइन, सुँघेर न्याय दिन सक्नुहुन्थ्यो भनेर व्याख्या गरेका थिए । यस घटनालाई यसले संकेत गर्न वा नगर्न सक्दछ । यो पक्कै पनि यशैया ५२:१४ सित सम्बन्धित छ । शास्त्रीले यस पदलाई मसीहलाई कुष्ठ रोग लागेको हुनसक्छ भनेर व्याख्या गरे तर मलाई लाग्छ यसले सिपाहीहरुका विभिन्न समूहहरुद्वारा उहाँलाई नराम्ररी कुटेको भन्ने संकेत गर्दछ ।

विभिन्न ग्रीक पाण्डुलिपीहरुले यस लेखलाई मत्ती २६:६८ र लूका २२:६४ विम्बित गर्नलाई मर्कूसमा विस्तृत पार्दछन् ।

**NASB "उहाँलाई आफ्ना मुक्काले हान्न"**
**NKJV "उहाँलाई थप्पड हाने"**
**NRSV "उहाँलाई थप्पड हान्न"**
**TEV "उहाँलाई हाने"**
**NJB "उहाँलाई हान्दै"**

येशूको दुरुपयोग बारेको यस लेखले ग्रीक शब्दहरु *kolaphizō*, जसको अर्थ मुक्काले हान्नु भन्ने हुन्छ र *hrapizō* जसको अर्थ थप्पड हान्नु भन्ने हुन्छ, लाई प्रयोग गर्दछ (मत्ती २६:६७) । खुला हातले थप्पड लगाउनु अवहेलनाको एउटा पूर्वीय संकेत हो (मत्ती ५:३९; यूहन्ना १८:२२, १९:३) । यिनै शब्दहरुले प्रेरित १६:२७ मा "तरबारले हान्नु" लाई संकेत गर्छन् ।

महासभा र रोमी सिपाहीहरु दुवैले येशूको अवहेलना गरे अनि शारीरिकरुपमा उहाँलाई दुष्प्रयोग गरे (यशैया ५२:१४; ५३:४) ।

NASB (UPDATED) TEXT:14:66-72

६६पत्रुस तल आँगनमा हुँदा प्रधान पूजाहारीका नोकर्नीहरु मध्ये एक जना त्यहाँ आई, ६७र पत्रुसलाई आगो तापिरहेका देखेर तिनलाई नियालेर भनी, "तिमी पनि येशू नासरीसँग थियो । ६८ तर तिनले यसो भन्दै इन्कार गरे, "तिमीले के भनेकी त्यो न जान्दछु न बुझ्दछु ।" अनि तिनी बाहिरको मूल ढोकातिर गए । अनि भाले बास्यो । ६९नोकर्नीले उभिनेहरुसँग फेरि भन्न लागी, "यिनी त तिनीहरुमध्येका एक हुन् ।" ७०तर पत्रुसले फेरि इन्कार गरे । तर केही बेरपछि वरपर उभिनेहरुले फेरि पत्रुसलाई भने "पक्कै, तिमी तिनीहरुमध्येका एक हौं, किनकी तिमी गालीली हौ ।" ७१तर तिनले आफूलाई धिक्कार्दै किरिया खाएर भन्न लागे, "जसको विषयमा तिमीहरु भन्छौ त्यस मानिसलाई म चिन्दिनँ ।" ७२अनि तुरुन्तै दोस्रो पल्ट भाले बास्यो, र पत्रुसलाई येशूले यसो भन्नुभएको कुरा सम्झना भयो, "भाले दुईपल्ट बास्न अघि तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ ।" अनि त्यस कुरालाई सम्झेर तिनी धुरुधुरु रोए ।

**१४:६६ "प्रधान पूजाहारीका नोकर्नीहरुमध्ये एउटी"** यूहन्ना १८:१७ ले भन्दछ कि उनी ढोके थिइन् । मत्तीसित, सँधै झैं दुईजना व्यक्तिहरु छन् जब कि मर्कुससँग एउटा मात्रै नोकर छ (मत्ती २६:६९–७१) ।

पत्रुसले यूहन्ना मर्कूसलाई यो अप्ठ्यारो पार्ने कथा भनेको हुनुपर्दछ अथवा उनले रोममा आफ्ना भजनहरुमध्ये एउटामा यसको प्रयोग गरे अनि यूहन्ना मर्कूसले यो सुने ।

**१४:६७ "पत्रुसलाई देखेर"** यो पूर्णिमा (निस्तार चाडमा) थियो । आगो र चन्द्रमाको प्रकाशमा उनले पत्रुसलाई स्पष्ट देख्न सक्थिन् (पद ५४, ६७; यूहन्ना १८:१८, २५)।

**"येशू नासरी"** गालीलमा हुर्केका यहूदीहरु (मत्ती २६:६९) को एउटा बेग्लै भाषा थियो । यसले येशूलाई आफ्ना चेलाहरुसित सम्बन्ध राख्यो (पद ७०)। १०:४७ मा विशेष शीर्षक हेर्नुहोस् ।

**१४:६८ "तिमीले के भनेकी त्यो न जान्दछु न बुझ्दछु"** यी तीनवटा आरोपहरुको ठीक क्रम सूसमाचारपिच्छे फरक पर्दछ । पत्रुसले जोडतोडका साथ येशूलाई तीनपल्ट इन्कार गरेको कुरा सम्पूर्ण लेखहरुमा छ ।

**"अनि तिनी बाहिरको मूल ढोकातिर गए"** पत्रुसले साँच्चै छोड्ने कोशिस गरे । "अनि भाले बास्यो" भन्ने वाक्यांश पद ६८ मा (MSS, A, C, D साथै Vulgate, Peshitta अनुवादहरुले यसलाई राख्छन् तर ℵ, B, L र W ले यसलाई हटाउँछन्) राख्नुपर्छ कि पर्दैन भन्नेमा पूराना ग्रीक uncial पाण्डुलिपीहरु विभाजित छन् । यसले पद ७२ को "दोस्रो पल्ट भाले बास्यो" लाई प्रस्टसित व्याख्या गर्दछ । केही आधुनिक अनुबादहरु (NASB, NJV) ले यसलाई राख्दैनन् तर धेरैले यसलाई एउटा पृष्ठ टिप्पणी सहित समावेश गर्दछ (NKJV, NRSV, TEV, NJB) । UBS[4] ले कुनचाहिँ सुरुको हो भनेर निर्णय गर्न सक्दैन ।

**१४:७० "केहीबेरपछि"** लूका २२:५९ मा "करिब एक घण्टापछि" छ ।

**"गालीली"** पत्रुसको बोली वा कपडाले उसलाई चिनायो ।

**१४:७१ "धिक्कार्दै किरिया खाएर भन्न लागे"** "धिक्कार्नु" भन्ने शब्दले (*anathematizō*) ले सुरुमा परमेश्वर (*anathema*) प्रति समर्पित कुनै कुरालाई संकेत गर्‍यो तर पछि एउटा श्रापलाई संकेत गर्न पुग्यो (प्रेरित २३:१२, १४, २१) । परमेश्वरको न्यायलाई सम्झदै आफैले एउटा भनाइको भरोसाप्रति जोड दिने यो एउटा तरिका थियो यदि साँचो कुरा भनिएको थिएन भने ।

पत्रुसले सबैभन्दा बलिया साँस्कृतिक तरीकाहरुमा (अर्थात्, एउटा किरिया र धिक्कार) परमेश्वरसामु आफैले झूटो किरिया खाए । यहूदाले पत्रुसले भन्दा नराम्रो काम केही गरेनन् ! पत्रुसले आफ्ना परमप्रभुलाई दोहोर्‍याएर, जोड दिएर, बलिया शब्दहरुमा इन्कार गरे (मत्ती २६:३४, ७४)।

**विशेष शीर्षक : सराप (*ANATHEMA*)**

"श्राप" का निम्ति हिब्रूमा त्यहाँ धेरै शब्दहरु छन् । परमेश्वरलाई दिइएको कुनै कुराका निम्ति *Herem* शब्द प्रयोग गरिन्थ्यो (LXX, घृणित वस्तुका रुपमा, लेवी २७:२८) विनाशका निम्ति ( व्यवस्था ७:२६; यहोशू ६:१७–१८; १७:१२)। "पवित्र परमेश्वरको युद्ध" का धारणामा पनि यो शब्द प्रयोग

हुन्थ्यो । परमेश्वरले कनानीहरुलाई नाश गर्न भन्नुभयो अनि यरीहोका पहिलो सौभाग्य “पहिलो फलहरु” थिए ।
नयाँ करारमा *ANATHEMA* र यसका सम्बन्धित रुपहरु विभिन्न अर्थहरुमा प्रयोग गरिएका थिए :
१. एउटा उपहार वा परमेश्वरलाई चढाइएको रुपमा (लूका २१:५)
२. एउटा मरेको शपथका रुपमा (प्रेरित २३:१४)
३. श्राप दिनु र शपथ खानु (मर्कूस १४:७१)
४. येशूसित सम्बन्धित एउटा सराप दिने सूत्र (१ कोरिन्थी १२:३)
५. परमेश्वरको विनाश वा न्यायतर्फ कसैलाई वा केही कुरा दिनु (रोमी ९:३; १ कोरिन्थी १६:२२; गलाती १:८–९)।

- **“त्यस मानिसलाई म चिन्दिनँ”** यो सम्भव छ कि “त्यस मानिस” भन्ने वाक्यांश येशूलाई संकेत गर्ने एउटा नकारात्मक semitic वाक्पद्धति थियो ।

**१४:७२ “दोस्रो पल्ट भाले बास्यो”** पत्रुसले येशूका वचनहरु सम्झे (लूका २२:३१–३२) । लूका २२:६१ ले भन्दछ येशूले उनलाई हेर्नुभयो । येशू पक्कै पनि प्रधान पूजाहारीको दरबारको हनानियाबाट कैयाफातर्फ जाँदै हुनुहुन्थ्यो ।

केही ग्रीक पाण्डुलिपीहरुमा “दोस्रोपल्ट” भन्ने वाक्यांश हटाइएको छ । शास्त्रीहरुले भोगेको समस्या के थियो भने अरु तीनओटा सुसमाचारहरुमा (मत्ती, लूका र यूहन्ना) एउटा मात्र भाले बासेको कुरा उल्लेख गर्दछ तर मर्कूसले दुई ओटाको उल्लेख गरेको छ, (MSS A,$C^2$,D र W), यसैले केही पाण्डुलिपीहरुले वाक्यँसलाई छोडिदिएको छ (MSS, ℵ, C र L) ।

**“अनि तिनी धुरुधुरु रोए”** पत्रुसले आफ्नो इन्कारमा अगमवाणी पूरा गर्दै थिए अनि सबै विश्वासीहरुका निम्ति आशा जगाउँदै थिए जसले येशूलाई आफ्नो वचन, जीवन अनि आधारहरुसित इन्कार गरेका छन् । यो जो कोहीका निम्ति पनि आशा छ जो विश्वासमा उहाँतर्फ फर्कदछ (यूहन्ना २१) ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. प्रभु भोज कुन दिनमा भयो भन्नेमा के त्यहाँ एउटा विरोधाभास छ ?
२. किन मरियम यति खर्चालु थिइन् ? येशूले यस्तो किन अनुमति दिनुभयो ?
३. के पद ७ ले गरीबहरुका निम्ति येशूले चासो नदिनुभएको भनेर सिकाउँछ ?
४. किन धार्मिक नेताहरुले येशूलाई मार्ने प्रयास गरिरहेका थिए ?
५. हामीले यहूदाका कामहरुका बारेमा कसरी व्याख्या गर्नुपर्दछ ?
६. प्रभुभोज कसरी निस्तार चाडसित सम्बन्धित छ ? प्रभुभोजको महत्त्व के छ ?
७. गेतसमनी किन यति विरोधाभासपूर्ण छ (येशूले कचौरा हटाउन पनि चाहनुहुन्छ तर परमेश्वरको इच्छा पनि पूरा गर्न चाहनुहुन्छ)?
८. येशूले भजन ११० र दानिएल ७:१३ उद्धृत गर्दा प्रधान पूजाहारी किन चिन्तित थिए ?

# मर्कूस १५

**आधुनिक अनुवादहरुका अनुच्छेद विभाजनहरु**

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| पिलातसको सामुन्ने येशू | येशूले पिलातसको सामना गर्नुहुन्छ | पिलातसको सामुन्ने येशू | पिलातसको सामुन्ने येशू | पिलातसको सामुन्ने येशू |
| १५:१–५ | १५:१–५ | १५:१–५ | १५:१–२अ, १५:२आ, १५:३–४, १५:५ | १५:१, १५:२–५ |
| येशूलाई मृत्युदण्ड दिइएको | बारब्बाको स्थान लिनुभएको | | येशूलाई मृत्यु दण्ड दिइएको | |
| १५:६–१५ | १५:६–१५ | १५:६:१५ | १५:६–१०, १५:११–१२ १५:१३, १५:१४अ, १५:१४आ १५:१५ | १५:६–१५ |
| सिपाहीहरुले येशूको गिल्ला गरेको | सिपाहीहरुले येशूको गिल्ला गरेको | क्रूसमा टाँगिएको | सिपाहीहरुले येशूलाई हाँसोमा उडाएको | येशूलाई काँडाको मुकुट लगाइदिएको |
| १५:१६–२० | १५:१६–२० | १५:१६–२० | १५:१६–२० | १५:१६–२०अ |
| येशूलाई क्रूसमा टाँगिएको | क्रूसमा राजा | | येशूलाई क्रूसमा टाँगिएको | क्रूसको बाटो |
| १५:२१–३२ | १५:२१–३२ | १५:२१–२४ १५:२५–३२ | १५:२१–२८, १५:२९–३०, १५:३१–३२अ, १५:३२आ | १५:२०आ–२२ क्रूसीकरण १५:२३–२८ |
| | | | | क्रूसमा टाँगिएको येशूलाई गिल्ला गरिएको |
| येशूको मृत्यु | येशू क्रूसमा मर्नुभएको | | येशूको मृत्यु | येशूको मृत्यु |
| १५:३३–४१ | १५:३३–४१ | १५:३३–४१ | १५:३३–३४, १५:३५–३६, १५:३७, १५:३८–३९, १५:४०–४१ | १५:३३–३९ |
| येशूलाई दाह–संस्कार | येशूलाई योसेफको चिहानमा गाडिएको | | येशूको दाह–संस्कार | दाह–संस्कार |
| १५:४२–४७ | १५:४२–४७ | १५:४२–४७ | १५:४२–४७ | १५:४२–४७ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

**शब्द अनि वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT: 15:1-5

१ बिहान हुने बित्तिकै पूजाहारीहरु, धर्म–गुरुहरु, शास्त्रीहरु र जम्मै महासभाले आपसमा सल्लाह गरी येशूलाई बाँधेर लगे, र पिलातसकहाँ सुम्पिदिए । २पिलातसले उहाँलाई सोधे, "के तिमी यहूदीहरुका राजा हौ ?" उहाँले उनलाई जवाफ दिनुभयो, "तपाइँ नै त्यसो भन्नुहुन्छ ।" ३मुख्य पूजाहारीहरुले उहाँमाथि धेरै कुराको दोष लगाए । ४पिलातसले उहाँलाई फेरि यसो भनेर सोधे, "के तिमीसित केही जवाफ छैन ? हेर, तिम्रो विरुद्धमा तिनीहरुले कति कुराहरुको दोष लगाउँछन् ।" ५तर येशूले फेरि केही जवाफ दिनुभएन, यहाँसम्म कि पिलातस छक्क परे ।

**१५:१ "बिहान हुने बित्तिकै"** सबै यहुदी लेखहरुले जस्तै, मर्कूसले पनि विशेष समयहरुलाई केन्द्रित गरेका छैनन् । यो सम्भवत यस्तो हुन सक्दछ कि येशूका समयको यहूदीहरुले रात र दिनलाई हरेक बाह्र घण्टामा (यूहन्ना ११:९), तीन चार घण्टाको अन्तरालहरुसँग बाँडेका थिए । चौबिस घण्टाको दिनचाहिँ बेबिलोनबाट आएको हो । ग्रीक र यहुदीहरुले तिनीहरुबाट यसलाई ल्याएका थिए । सौर्य घडीचाहिँ बाह्र टुक्रामा बाँडिएको थियो । १५ अध्यायमा मर्कूसको कैयौं समयसूचकहरु छन् :

१. सूर्योदय, १ पद (बिहान ६ बजेको आसपास, वर्षको समयमा निर्भर बन्दै)
२. तेस्रो प्रहर, २५ पद (बिहान ९ बजेको आसपास)
३. छैटौं प्रहर, २५ पद (मध्याह्नको आसपास)
४. नवौं प्रहर, ३४ पद (दिउँसो ३ बजेको आसपास)
५. बेलुकी, ४२ पद (सूर्योदय, बेलुकी ६ बजेको आसपास)

लूका २२:६६–७१ ले यस सभाका विवरणहरु दिन्छ । यस बिहानैको सभाचाहिँ तिनीहरुका अवैधानिक रात्रीकालिन मुकदमालाई केही वैधरुप दिने कोशिसमा राखिएको थियो (A.N Sherwin-White, *Roman Society and Roman Law in the New Testament*, पृष्ठ २४–४७) । पिलातसको सामुन्ने अनि उहाँको क्रूसीकरण अघि येशूको परीक्षाको कालक्रमचाहिँ निम्नलिखित रहेको छ :

| | मत्ती | मर्कूस | लूका | यूहन्ना |
|---|---|---|---|---|
| पिलातसको फैसला | | | छैटौं प्रहार (१९:१४) | |
| क्रूसमा टाँगिएको | – | तेस्रो प्रहर; १५:२५ | – | – |
| अन्धकार छाएको | छैटौं–नवौं प्रहर २७:४५ | छैटौं–नवौं प्रहर १५:३३ | छैटौं–नवौं प्रहर २३:४४ | – |
| येशू ठूलो स्वरले कराउनु भएको | नवौं प्रहर २७–४६ | नवौं प्रहर १५:३४ | – | – |

जब यस्ता समयका नाउँहरुलाई तुलना गरिन्छ, दुईओटा व्याख्यात्मक विकल्पहरु उठ्दछ : (१) तिनीहरु एकै जस्ता हुन् । यूहन्नाले १२ बजे बिहान (Gleason L. Archer*, Encyclopedia of Bible Difficulties*, पृष्ठ ३६४), बाट गन्ती गरेर रोमी समयलाई प्रयोग गरे, अनि अरु सु–समाचारहरुले ६ बजे बिहानबाट गन्ती गरेर यहूदी समयलाई प्रयोग गरे (२) येशूको क्रूसीकरणको लागि यूहन्नाले पछिल्लो समयलाई जोड दिँदैछ जुनचाहिँ अरु सु–समाचारहरु र यूहन्नाको बीचको भिन्नताको अर्को उदाहरण थियो । तरैपनि, यूहन्ना १:३९ अनि ४:६ बाट यस्तो देखिन्छ कि यूहन्नाले कहिलेकाहीँ यहुदी समयलाई प्रयोग गर्दछ अनि कहिलेकाहीँ रोमी समयलाई प्रयोग गर्दछ (M.R. Vincent, *Word Studies*, Vol. 1, पृष्ठ ४०३) ।

सबै सुसमाचारहरुमा समयका नाउँहरुचाहिँ सांकेतिक हुन सक्दछ किनभने तिनीहरु (१) मन्दिरमा दैनिक बलिदानहरु (निरन्तर चढाइने) समय (बिहान ९ बजे अनि दिउँसो ३ बजे, प्रेरित २:१५; ३:१) अनि (२) निसान १४ मा मध्याह्नको ठीकपछि चाहिँ निस्तार चाडको थुमा मार्ने परम्परासँग सम्बन्धित रहेका छन् । प्राचीन पूर्वीय पुस्तक भएकोले गर्दा, बाइबलले कठोर कालक्रममाथि केन्द्रित गर्दैन जस्तो आधुनिक पश्चिमी ऐतिहासिक विवरणहरुले गर्दछ ।

- **“मुख्य पूजाहारीहरु, धर्मगुरुहरु, शास्त्रीहरु र जम्मै महासभाले** ....” १२:१३ मा महासभा (Sanhedrin) माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **“बित्तिकै”** मर्कूसको सुसमाचार कामद्वारा चरितार्थ भएको छ (“त्यसपछि” “अनि” “तत्कालै”)। येशूलाई प्रारम्भिक रुपमा उहाँका कामहरुमार्फत् प्रकट गरिएको छ । यस्ता कामका शब्दहरुमार्फत् वृतान्तको पाइला अघि बढेको छ । १:१० को टिप्पणीलाई हेर्नुहोस् ।
- **“येशूलाई बाँधेर”** योचाहिँ अपराधीहरुलाई गर्ने एउटा आम कार्यविधि हुन सक्दछ अथवा अर्धचेतन रुपमा यसले येशूप्रतिको तिनीहरुको डरलाई देखाउँथ्यो । उहाँ एकजना जादूवाला अथवा धामी हुनुहुन्थ्यो अनि उहाँको हातमा उहाँको शक्ति थियो भनेर धेरै जना डराउँदथे ।
- **“पिलातसकहाँ सुम्पिदिए”** योचाहिँ वास्तवमै कहाँ गरिएको थियो भन्ने त अनिश्चित नै रहेको छ । प्रायजसो विद्वानहरुले त्यस समयमा पिलातस यरुशलेममा हेरोदको महलमा बस्दथे भनेर

सोंच्दछन् । तिनको वासस्थानचाहिँ समुद्र छेउको कैसरिया थियो, जहाँ तिनले प्रेटोरियम (praetorium) को रुपमा हेरोदको अर्को महललाई प्रयोग गर्थे । अरुहरुले तिनी सेनाको मुख्य कार्यालयहरुमा बस्दथे भनेर अनुभव गरेका छन्, जुनचाहिँ मन्दिर छेवैको एन्टिओनिया (Antionia) भनिने सानो किल्ला थियो । समयचाहिँ रोमी परम्पराहरुको सुरुवाती न्यायलयलाई पालन गर्दै भिसमिसे उज्यालो हुनुपर्दछ (हुन सक्छ गर्मीको कारण)। पिलातसले सम्राटको प्रतिनिधिको रुपमा सन् २५/२६–३६/३७ सम्म प्यालेष्टाइनमा शासन गरे अनि त्यसपछि सिरियाका पोपको दूत भाइटेलस (Vitellius) द्वारा बारम्बार दोषारोपण गरिएको कारण तिनलाई हटाइयो ।

**विशेष शीर्षक : पोन्तियस पिलातस**

१. मानिस
   अ. जन्मको स्थान अनि समय अज्ञात
   आ. ईक्वेस्ट्रियन आज्ञाबाटको (रोमी समाजको माथिल्लो मध्यम श्रेणी)
   इ. विवाहित, तर सन्तानको जानकारी नभएको
   ई. सुरुवातमा प्रशासनिक नियुक्तिहरु अज्ञात (जसमा त्यहाँ कैयौं रहेको हुन सक्दछ)
२. उसको व्यक्तित्व
   अ. दुईओटा बेग्लाबेग्लै विचारहरु
      १) Philo (*Legatio and Gaium*, २९९–३०५) अनि Josephus (*Antiq*. १८.३.१ अनि *Jewish Wars* २.९.२–४) ले तिनलाई निर्दय अनि सहानुभूतिहीन तानाशाहको रुपमा अंकित गरेका छन् ।
      २) नयाँ करार (सुसमाचारहरु अनि प्रेरित) ले कमजोर, सजिलै प्रभावित गर्न सकिने रोमी शासकको रुपमा प्रस्तुत गर्दछ ।
   आ. Paul Barnett, *Jesus and the Rise of Early Christianity*, पृष्ठ १४३–१४८, ले यी दुईओटा विचारहरुको एउटा विश्वासलाग्दो व्याख्या दिन्छ ।
      १) सन् २७ मा तिबेरियसको अधीनमा पिलातस एकजना नियुक्ति गरिएको शासक थिएनन्, जो तिवेरियसको यहुदी विरुद्धको मुख्य सल्लाहकार, सेजानस (Sejanus) को सल्लाहबाट यहुदी पक्षका थिए (Philo, *Legatio and Gaium*, १६०–१६१)
      २) तिबेरियसले आफ्ना प्रेटोरियन प्रशासक L. Aelius Sejanus सँग राजनैतिक शक्तिको नोक्सानीको दुःख भोगेका थिए जो सिंहासन पछाडिका साँचो शक्ति बने अनि जसले यहुदीहरुलाई घृणा गर्दथे (Philo*, Legatio and Gaium*, १५९–१६०)
      ३) पिलातस सेजानस (Sejanus) का संरक्षणमा थिए अनि तलका कुराहरुद्वारा तिनलाई प्रभावित पार्ने कोशिस गर्दथे :
      अ) रोमी मानदण्डलाई यरुशलेममा (सन् २६) ल्याएर, जसलाई अरु प्रशासकहरुले गरेका थिएनन् । रोमी देउताहरुका यस्ता चिह्नहरुले यहुदीहरुलाई क्रोधित तुल्याए (Josephus को *Antiq*. १८.३.१*; Jewish Wars* २.९.२–३)।

आ) सिक्काहरु बनाएर (सन् २९–३१) जसमा रोमीहरुले पुज्ने देवको आकृति खोपिएको थियो । जोजेफसले भनेका छन् कि उसले यहूदी व्यवस्थाहरु अनि संस्कारहरुलाई उद्देश्यपूर्ण रीतिले नै पल्टाउने कोशिस गर्दै थिए (Josephus, *Antiq*. १८.४.१–२)।

इ) यरुशलेममा कृत्रिम जल सेतु निर्माण गर्नको लागि मन्दिरका भेटी दानबाट पैसा लिएर (Josephus, *Antiq* 18.3.2; *Jewish Wars* २.९.३)।

ई) यरुशलेममा निस्तार चाडको समयमा बलि अर्पण गरिरहेको बेला थुप्रै गालीलीहरुलाई मारेर (लूका १३:१–२)

उ) सन् ३१ मा रोमी ढालहरुलाई यरुशलेममा ल्याएर । महान् हेरोदका छोरालाई तिनीहरुलाई हटाउन भनी तिनीसँग अपील गरे, तर तिनले हटाएनन्, यसैले तिवेरियसलाई पत्र लेखे जसले तिनीहरुलाई समुद्रको छेउको कैसरियामा फर्काइ ल्याउने माग गरे (Philo, *legatio and Gaium*, २९९–३०५)।

ऊ) सन् ३६/३७ मा गेरिजिम Gerizim) को पहाडमा थुप्रै सामरीहरुलाई मारेर, जसै तिनीहरुले आफ्ना धर्मका पवित्र वस्तुहरुलाई खोज्दै थिए, जुनचाहिँ हराएको थियो । यसले पिलातसको स्थानीय प्रशासक (Vitellius, सिरियाका प्रशासक) लाई आफ्नो कार्यालयबाट हटाएर उसलाई रोममा पठाउने गरायो (Josephus, *Antiq*. १८.४.१–२) ।

४. सेजानसलाई सन् ३१ मा मृत्युदण्ड दिइयो अनि तिबेरियसलाई पूर्ण राजनैतिक शक्ति पुनः प्राप्त भयो; त्यसैकारण, अ, आ, इ अनि ई चाहिँ सेजानसँग विश्वास कमाउनलाई सम्भवत् पिलातसद्वारा गरिएको थियो, अनि ३ उ र ऊ चाहिँ तिबेरियसको विश्वास कमाउनलाई गरिएको प्रयत्न हुन सक्दछ, तर निष्फल भएको हुनसक्दछ ।

५. यहुदी पक्षका सम्राटको पुनर्स्थापन हुनु; साथै यहुदीप्रति दयालु हुनु भनी प्रशासकहरुलाई तिबेरियसबाट आधिकारिक पत्र आएको कुरो स्पष्टै छ (Philo, *Legatio and Gaium*, १६०–१६१), कि यरुशलेममा यहूदी नेतृत्वले तिबेरियससँग पिलातसको राजनैतिक असुरक्षाको फाइदा लिएर येशूलाई क्रूसमा टाँग्नको लागि तिनलाई प्रभावित पारे । Barnett को यस सिद्धान्तले पिलातसको दुईओटा मतहरुलाई विश्वास लाग्ने तरीकामा एकैसाथ ल्याउँदछ ।

३. तिनको भाग्य

अ. तिबेरियसको मृत्युको ठीकपछि तिनलाई रोममा फेरि वापस बोलाइयो अनि सन् ३७ मा तिनी रोममा आइपुगे ।

आ. तिनलाई पुनः नियुक्ति गरिएन ।

इ. यसपछि तिनको जीवन अज्ञात रहेको छ । त्यहाँ थुप्रै पछिल्ला सिद्धान्तहरु छन्, तर वास्तविक भने होइनन् ।

**१५:२ “पिलातसले उहाँलाई सोधे”** कुनचाहिँ भाषामा ? येशूले कोइनी ग्रीक (Koine Greek) बोल्न सक्नुभन्दा पिलातसले आरमिक बोल्ने कमै सम्भावना छ । यसको असल छलफलका लागि

१. Joseph A. Fitzmeyer द्वारा लेखिएको *Approaches to the Bible: the Best of Bible Review* को, पृष्ठ २५३–२६४ मा २१ अध्यायको *'Did Jesus Speak Greek'* अनि

२. J. Howards Greenlee द्वारा लेखिएको *Expositor's Bible Commentary* Vol.1, पृष्ठ ४१०–४११ मा *"The Languages of the New Testament"* मा हेर्नुहोस् ।

- **"के तिमी यहुदीहरुका राजा हौ"** 'तिमी' चाहिँ जोडदार अनि व्यङ्ग्यात्मक छ । लूका २३:१–२ ले सान्हेड्रिनको दोषहरुलाई सुचीबद्ध गर्दछ । यूहन्ना १९:८–१९ ले येशू र पिलातसबीचको वार्तालापको विशाल विवरणलाई थपेको छ । दोषको धार्मिक पक्षसँग पिलातसको सरोकार थिएन, तर राजनैतिक पक्षसँग भने थियो ।

- **NASB, NKJV** **"जसरी तपाइँ त्यसो भन्नुहुन्छ"**
  **NRSV, TEV** **"तपाइँले नै त्यसो भन्नुहुन्छ"**
  **NJB** **"त्यसो भन्ने त तपाइँ नै हुनुहुन्छ"**

योचाहिँ शाब्दिक रुपमा "म हुँ भनी तपाइँ नै भन्नुहुन्छ" हो, जुनचाहिँ "तपाइँले नै त्यसो भन्नुहुन्छ, तर म बेग्लै प्रकारको राजा हुँ भनेर संकेत दिन्छु" भन्ने संकेत सहितको जवाफ दिने एउटा रहश्यमय तरीका अथवा दाबी गर्ने एउटा हिब्रू प्रकारको भनाइ हुन सक्दछ (मत्ती २६:२५, ६४; लूका २२:७०; २३:३) । योचाहिँ प्रेटोरियमभित्र एउटा व्यक्तिगत परामर्श (यूहन्ना १८:३३–३८) जस्तो देखिन्छ । यसको विषयमा येशूले आफ्ना चेलाहरुलाई भन्नुभएको हुनुपर्दछ अथवा त्यहाँ यूहन्ना पनि उपस्थित थिए । यहूदीहरु भित्र पसेका थिएनन् किनभने यसले तिनीहरुलाई निस्तार चाडको भोज खानलाई विधिवत् रुपमै अशुद्ध तुल्याउने थियो । मर्कूसको सुसमाचारमा हेरोद अन्तिपासद्वारा येशूलाई सोधिएको प्रश्नको विवरणलाई छोडिएको छ, तर लूका २३:६–१२ मा पाइन्छ ।

**१५:३**

| | |
|---|---|
| **NASB** | **"उहाँलाई कठोरतापूर्वक दोष लगाउन सुरु गरे"** |
| **NKJV, NRSV** | **"उहाँलाई धेरै कुराको दोष लगाए"** |
| **TEV** | **"येशूलाई धेरै कुराहरुको दोष लगाँदै थिए"** |
| **NJB** | **"उहाँको विरुद्धमा थुप्रै अभियोगहरु ल्याइयो"** |

यो अपूर्ण काल हो जसको अर्थ हुन्छ तिनीहरुले उहाँलाई घरिघरि दोष लगाउँदै थिए । योचाहिँ पिलातसले येशूसँग गुप्तमा बातचित गरेपछि (४ पद) भएको हुनसक्दछ । लूका २३:२ मा केही आरोपहरुको सूची पाइन्छ ।

**१५:५ "तर येशूले फेरि केही जवाफ दिनुभएन"** योचाहिँ यशैया ५३:७ को पूर्णता हुन सक्दछ (१४:६१; मत्ती २६:६३; २७:१२; यूहन्ना १९:९) ।

- **"यहाँसम्म कि पिलातस छक्क परे"** पिलातस किन छक्क परे त ?

१.	येशूले तिनीसँग गुप्तमा कुरा गर्नुभयो, तर आफूलाई दोष लगाउनेहरुका उपस्थितिमा बोल्नुभएन ।

२.	मुख्य पूजाहारीले उहाँको विरुद्धमा यति धेरै दोष लगाएका थिए अनि तिनीहरु साह्रै उग्र थिए ।

३.	येशूले प्रायजसो कैदीहरुले झैं कार्य गर्नुभएन जसले जोरदारका साथमा आफ्नो प्रतिरक्षा गर्दथे ।

NASB (UPDATED) TEXT:15:6-15
६निस्तार–चाडको बेला मानिसहरुले मागेको एकजना कैदीलाई तिनीहरुका निम्ति पिलातसले छोड्ने गर्थे । ७विद्रोहको समयमा हत्या गर्ने विद्रोहीहरु झ्यालखानामा थिए । तीमध्ये बारब्बा नाउँको एकजना त्यहाँ थियो । ८भीड आयो र पिलातसलाई उनको चलनअनुसार तिनीहरुका निम्ति गरिदिऊन् भनी बिन्ती गर्न लाग्यो । ९पिलातसले यसो भनेर तिनीहरुलाई प्रश्न गरे, “के म तिमीहरुका निम्ति यहूदीहरुका राजालाई छोडिदिऊँ भन्ने तिमीहरु चाहन्छौ ?” १०किनकी ईर्ष्याले गर्दा नै मुख्य पूजाहारीहरुले येशूलाई उनीकहाँ सुम्पेका हुन् भनी उनलाई थाहा थियो । ११तर बरु बारब्बालाई तिनीहरुका निम्ति उनले छोडिदिऊन् भनेर मुख्य पूजाहारीहरुले भीडलाई सुर्‍याए । १२पिलातसले फेरि तिनीहरुलाई सोधे, “त्यसो भए जसलाई तिमीहरु यहूदीहरुका राजा भन्छौ, उसलाई चाहिँ म के गरुँ त ?” १३तिनीहरु फेरि चिच्याए, “त्यसलाई क्रूसमा टाँग्नुहोस् ।” १४पिलातसले तिनीहरुलाई भने, “किन ? उसले के अपराध गरेको छ र ?” तर झन् साह्रो गरी चिच्याएर तिनीहरुले भने, “त्यसलाई क्रूसमा टाँग्नुहोस् ।” १५तब पिलातसले भीडलाई सन्तुष्ट पार्ने इच्छाले तिनीहरुका निम्ति बारब्बालाई छोडिदिए, र येशूलाई कोर्रा लाएर क्रूसमा टाँग्न सुम्पिदिए ।

**१५:६ “निस्तार चाड”** विद्वान्हरुले येशूको सार्वजनिक सेवाकाईको लम्बाईबारे बारम्बार बहस गर्दै आइरहेका छन् । मण्डलीका परम्पराले एउटा तीन वर्षीय सार्वजनिक सेवाकाईलाई दाबी गरेको एउटै मात्र कारणचाहिँ यूहन्नाको सु–समाचारमा उल्लेख गरिएको तीनओटा निस्तार–चाडको कारणले हो । तरैपनि यूहन्नामा पनि यहाँजस्तै “निस्तार चाड” को एउटा उल्लेख छ, जसले अर्को निस्तार चाडलाई संकेत गर्दछ । मलाई लाग्छ येशूले चार वर्ष अथवा पाँच वा ६ वर्ष सार्वजनिक सेवाकाईलाई गर्नुभएको थियो । यो कुरा स्पष्टै छ कि सुसमाचारका लेखकहरु कालक्रम आफैमा त सम्बन्धित थिएनन्, तर ईश्वरशास्त्रमा भने थिए । सुसमाचारहरु पश्चिमी इतिहासहरु होइनन, तर पूर्वीय ईश्वरशास्त्रका विवरणहरु हुन् । तिनीहरु न ता कुनै जिवनीहरु हुन् न ता कुनै आफ्नै जीवनका लेखहरु हुन् । तिनीहरु त आफैंमा एउटा शैली हुन् । परमेश्वरको प्रेरणाद्वारा, सु–समाचारका लेखकहरुमा येशूलाई तिनीहरुका लक्षित स्रोताहरुमा प्रस्तुत गर्नको लागि उहाँको वचनहरु अनि कामहरुलाई रोज्न, अङ्गीकार गर्न, अनि पुनः मिलाउने काम गर्नलाई स्वतन्त्र थियो । वचनहरुलाई उहाँले भनेका हुन् भनेर राख्न तिनीहरुलाई स्वतन्त्र थियो भन्ने कुरामा म विश्वास त गर्दिन, तरै पनि ईश्वरशास्त्रीय उद्देश्यहरु अनि लक्षित गरिएका स्रोताहरुलाई छुट्याएर एकदमै ढिलो गरी लेखिएका प्रत्यक्षदर्शी सामग्रीहरुले, चारै ओटा सुसमाचारहरु भिन्दाभिन्दै किन छन् त भन्ने विषयलाई प्रतिउत्तर दिन्छ ।

- **“मानिसहरुले मागेको एकजना कैदीलाई तिनीहरुका निम्ति पिलातसले छोड्ने गर्थे”** योचाहिँ येशूको समयमा प्यालेष्टाइनमा एउटा वार्षिक रोमी परम्परा भएको जस्तो देखिन्छ । यसको

लागि Josephus को *Antiquities of the Jews* २०:९:३ बाहेक त्यहाँ अरु कुनै ऐतिहासिक पुष्टिकरण छैन । पिलातसले भीडलाई येशूप्रति सहानुभूति सृजना गर्ने कोशिस गर्दै थिए ताकि उनले उहाँलाई छोड्न सकून् (मर्कूस १५:१४; लूका २३:१४–१६; यूहन्ना १८:३८–३९; १९:४)

१७:७ **"बारब्बास"** यो नाउँचाहिँ Bar= "को छोरो" अनि Abbas = "बाबु" को मेल हो । हिब्रूहरुको गैर क्यानोनिकल (Non-Canonical) सुसमाचारमा बार राब्बास (Bar Rabbas) "धर्म गुरुको छोरो" छ । मत्ती २७:१६–१७ को कैयौं Greek MSS मा "येशू बारब्बास" छ, जुनचाहिँ व्यंग्यात्मक अवधारणा "येशू" लाई दुवै रुपमा भनिने एउटा प्रयत्न थियो, जो साँच्चै "पिताकै पुत्र हुनुहुन्थ्यो ।"

- **"विद्रोहीहरु"** भीडले छुटाउन चाहेको मानिसचाहिँ त्यस्तै प्रकारको व्यक्ति थियो जसलाई तिनीहरुले येशूलाई झैं दोष लगाएका थिए । कति व्यंग्यात्मक कुरो !

**१५:८ "भीड"** बारब्बाका मित्रहरुले यस वार्षिक अवसरलाई पर्खिरहेका थिए भनेर कसैले सोंच्दछन् । अरुहरुले सोंच्दछन् कि भीडचाहिँ निस्तार–चाडको लागि यरुशलेम आएका यात्रीहरुले बनिएको थिएन तर झूटा गवाहीहरु र रातको मुकदमाहरुमा संलग्न अरुहरुले बनिएको थियो । तिनीहरु दुवैले बारब्बाको रिहाइलाई चाहेको बाहेक कुनै कुरोमा समानता थिएन, तर एकदमै बेग्लाबेग्लै कारणका लागि थियो ।

शहर गालीलबाट आएका धेरै यात्रीहरुले भरिएको थियो, तर तिनीहरु यस बिहान त्यहाँ थिएनन् न त पिलातसको न्यायलयमै थिए ।

**NASB, NJB** **"गए"**
**NKJV** **"ठूलो स्वरले चिच्याउँदै"**
**NRSV** **"आए"**
**TEV** **"जम्मा भए"**

ग्रीक शब्दहरु "जानु" (*anabainō*) अनि "ठूलो स्वरले चिच्याउनु" (*anaboaō*) लाई एउटै जस्तै गरी पढिन्छ अनि उच्चारण गरिन्छ; जसको अर्थ हुन्छ कि एकजना शास्त्रीले मूल पाठलाई ठूलो स्वरले पढ्ने अनि थुप्रै अरुहरुले चाहिँ प्रतिहरु बनाउने जस्ता नयाँ करारको प्रतिहरु बनाउने प्राचीन तरीकाबाट तिनीहरु सजिलैसित अल्मलिएका थिए । ग्रीक पाण्डुलिपी परम्पराचाहिँ विभाजित भएको छ :

१. "गए" MSS ℵ* अनि Vulgate मा भएको एवरिस्ट कर्तृवाच्य कृदन्त हो ।

२. "ठूलो स्वरले चिच्याउनु" MSS $\aleph^2$, A, C, W अनि Peshitta मा भएको एवरिष्ट कर्तृवाच्य कृदन्त हो । "ठूलो स्वरले चिच्याउनु" चाहिँ मर्कूसको अरु कुनै ठाउँमा पाइँदैन, तर "गए" चाहिँ तलका कुराहरुका लागि नौ पटक पाइन्छ :

क. बढ्दै गएका कुराहरु (४:७)
ख. जहाजमा चढ्दै गर्दा (६:५१)
ग. उँभोतिर जाँदा (१५:८)

शायद NJB चाहिँ सठिक हुन सक्दछ ।

१५:९ लूकाले जस्तै (तिनको सुसमाचार अनि प्रेरित दुवैमा) मर्कूसले पनि रोमी अधिकारीहरुका लागि खीष्टियनिटी चाहिँ कुनै खतरा थिएन भनेर देखाउनलाई लेख्दछ ।

**१५:१० "ईष्याले गर्दा नै"** पिलातसले महासभाको उद्देश्यलाई बुझेका थिए (मत्ती २७:१८), तर न्यायमा काम गर्न इन्कार गरे ! ईष्याचाहिँ यहूदी अगुवाहरुको साँच्चै एउटा सम्भवत उद्देश्य थियो, तर पिलातसलाई तिनीहरुका ईश्वरशास्त्रीय अनि राजनैतिक उद्देश्यहरु पनि स्पष्ट थिएन (लूका २३:२) भन्ने कुराप्रति म छक्क पर्दछु । पिलातसले जासुसहरु अथवा सूचना दिनेहरु (अथवा तिनको आफ्नै स्वास्नी पनि, मत्ती २७:९) मार्फत् येशूको बारेमा सुनेका थिए भन्ने पनि सम्भव छ ।

**१५:१२ "जसलाई तिमीहरु यहूदीहरुका राजा भन्छौ"** यूहन्ना १९:१५ ले अभिलेख गर्दछ कि यहूदीहरुका यी भीड (विद्रोहीहरु र यहूदी अगुवाहरुको) ले "कैसरबाहेक हाम्रो कोही राजा छैन" भने । कति व्यंग्यात्मक कुरो !

**१५:१३**

| | |
|---|---|
| **NASB, NRSV, TEV, NJB** | **"सट्टामा तिनीहरु चिच्च्याए"** |
| **NKJV** | **"तिनीहरु फेरि चिच्च्याए"** |

शब्द *palin* लाई आधुनिक अनुवादहरुद्वारा "सट्टा" को रुपमा व्याख्या गरेका छन् । "फेरि" र "सट्टामा" दुवैचाहिँ Bauer, Arndt, Gingrich अनि Danker को *A Greek English Lexicon of the New Testament*, पृष्ठ ६०६ मा भएको स्तरीय अनुवाद हो । सन्दर्भले यहाँ "सट्टामा" को माग गर्दछ ।

**१५:१४ "उसले के अपराध गरेको छ र"** यूहन्नाको सुसमाचारले यस बयानलाई १८:३८ अनि १९:४, ६ मा तीन पटक समानान्तर गरेको छ । पिलातसले येशूको लागि सहानुभूति प्राप्त गर्ने अनि उहाँलाई छोडिदिने कोशिस गरेका थिए (यूहन्ना १८:३८:१९:६, १२), तर यसले त त्यसरी गर्नु हुँदैन भनेर भीडलाई झन पूर्वाग्राही बनायो ।

**१५:१५**

| | |
|---|---|
| **NASB, NRSV** | **"भीडलाई सन्तुष्ट पार्ने इच्छाले"** |
| **NKJV** | **"भीडलाई प्रसन्न तुल्याउने इच्छा गर्दै"** |
| **TEV** | **"भीडलाई शान्त पार्न बेचैन भएर"** |

पिलातसको लागि नागरिक हुकुमचाहिँ न्यायभन्दा अझ महत्त्वपूर्ण थियो । यी यहुदी अगुवाहरुले पिलातसलाई भयभीत तुल्याउन सफल भएका थिए (यूहन्ना १९:१२)। सिरिया अनि रोमका अधिकारीहरुलाई पिलातसको बारेमा थुप्रै कुराहरुको अभियोग लगाइएको थियो । उनले अझ अभियोगलाई सहन गर्न सक्दैन थिए । तिनीहरुले यो कुरा जान्दथे अनि यसलाई प्रयोग गरे ।

थुप्रै आधुनिक भाषाविद्हरुले ध्यान दिएका छन् कि *hikanon poiēsai* जस्ता ग्रीक शब्दहरुचाहिँ एउटा ल्याटिन उखान हो (Bauer, Arndt and Gingrich, पृष्ठ ३७४; Moulton and Milligan, पृष्ठ ३०२; C.F.D. Moule, *An Idiom Book of the New Testament Greek*, पृष्ठ १९२) । यो महत्त्वपूर्ण रहेको छ किनभने मर्कूसमा यति धेरै ल्याटिन शब्दहरु, वाक्यांशहरु अनि उखानहरु छन् शायद योचाहिँ रोमीहरुलाई गवाही दिन लेखिएकोले गर्दा होला ।

- **"कोर्रा लगाएर"** योचाहिँ यशैया ५३:५ को पूर्णता हो । कोर्रा लगाउनुचाहिँ क्रूसमा झूण्ड्याइनेहरुलाई गरिने स्तरीय रोमी प्रारम्भिक कार्यविधि थियो । यो एउटा डरलाग्दो पिटाइ हुन्थ्यो । कुनै मानिसलाई एउटा होचो खामोमा घोप्टो पारेर बाँधिन्थ्यो । त्यसपछि दुई जना सिपाहीले एक–एकपट्टिबाट नौओटा छालाका टुक्राहरुले बनिएको अनि हरेकको टुप्पामा केही कडा वस्तु बाँधिएको कोर्राले त्यसलाई हिर्काउँथ्यो । प्रायःजसो कैदीहरु त यस पिटाइबाटै मर्दथे ।

NASB (UPDATED) TEXT:15:16-20

१६सिपाहीहरुले उहाँलाई प्रेटोरियन, अर्थात् महलभित्र लगे, र जम्मै पल्टनलाई भेला गराए । १७अनि तिनीहरुले उहाँलाई बैजनी वस्त्र लगाइदिए, र काँढाहरुको मुकुट गाँसेर उहाँको शिरमा लगाइदिए, १८अनि "यहूदीहरुका राजाको जय" भन्दै तिनीहरुले उहाँलाई सलाम गर्न लागे । १९अनि तिनीहरुले उहाँको शिरमा निगालोले हिर्काउँदै उहाँलाई थुके, र घूँडा टेकेर उहाँलाई दण्डवत् गरे । २०अनि येशूको गिल्ला गरिसकेपछि तिनीहरुले बैजनी वस्त्र फुकालिदिए, र उहाँका आफ्नै लुगा लगाइदिए । त्यसपछि तिनीहरुले उहाँलाई क्रूसमा टाँग्नलाई बाहिर लगे ।

**१५:१६ "सिपाहीहरुले उहाँलाई ......... लगे"** अन्य जातिहरुप्रति तिनीहरुको अतिरिक्त मनोवृत्तिका कारण यी रोमी सिपाहीहरुले (मत्ती २७:२७) यहूदीहरुलाई घृणा गर्दथे अनि तिनीहरुका घृणा येशूमाथि पोखे । लूका २३:११ ले सङ्केत गर्दछ कि हेरोद टेट्रार्च (Herod the Terarch) का सिपाहीहरुले पनि उहाँलाई राजा भनी गिल्ला गरे ।

- **NASB** **"महलभित्र (त्यो भनेकोचाहिँ प्रेटोरियन हो)"**
  **NKJV** **"प्रेटोरियन भनिने ठूलो कोठामा"**
  **NRSV** **"महलको आँगनमा (त्यो भनेकोचाहिँ शासकको मुख्य कार्यालयको हो)**
  **TEV** **"शासकको महलको आँगनभित्र"**
  **NJB** **"महलको भित्रीपट्टि, जुनचाहिँ प्रेटोरियन हो"**

यसलेचाहिँ रोमी अधिकारीहरुका वासस्थानलाई उल्लेख गर्दथ्यो जहिलेचाहिँ तिनीहरु यरुशलेममा हुन्थे । योचाहिँ एन्टोनियो भनिने किल्ला हुनसक्दछ जुनचाहिँ मन्दिरको छेवैमा थियो अथवा अझ बढी सम्भावनाचाहिँ यरुशलेममा महान् हेरोदको महल हुनुपर्दछ ।

**NASB "जम्मै रोमी सेनाका दल"**

**NKJV “सम्पूर्ण पल्टन”**
**NRSV,NJB “जम्मै सेनाका दल”**
**TEV “बाँकी रहेका दल”**

ग्रीक शब्द *speiran* (अर्थात् सेनाका दल) ले मूलरुपमा केही कुरालाई एकैसाथ गाँठो पारिएको कुराको उल्लेख गर्दथ्यो, जस्तै डोरी अथवा रेशा । योचाहिँ कुनै उद्देश्यको लागि काम गर्ने मानिसहरुको एउटा झूण्डको लागि आलंकारिकरुपमा प्रयोग हुन आयो । सेनाका दलचाहिँ अर्को ल्याटिन शब्द हो । यसलाई चाहिँ साधारणतय ६०० मानिसहरुको झूण्डको लागि प्रयोग गरिन्थ्यो । तर यसले धेरैलाई पनि उल्लेख गर्न सक्दथ्यो (यूहन्ना १८:३) । रोमी फौजचाहिँ यस्तो ढाँचामा बनिएको थियो (१) सेनाहरु ६,०००; (२) सेनाका दलहरु ६००; (३) मानिपल्स (maniples) २००; अनि (४) शताब्दीहरु, १००

**१५:१७ “उहाँलाई बैजनी रंगको वस्त्र लगाइ**दिए” मत्ती २७:२८ मा कुनै रोमी सेनापतिको “गाढा रातो वस्त्र” छ । बैजनी रंगचाहिँ राजकीय वर्गको चिह्न थियो । मूलरुपमा कुनै रोमी अधिकारीको वस्त्रचाहिँ गाढा रातो रंगको हुने गर्दथ्यो, तर समय बित्दै जाँदा यो बैजनी रंगको हुन आयो । तिनीहरुले येशूलाई यहूदीहरुका हुनेवाला राजाको रुपमा गिल्ला गर्दै थिए (१८, २० पद; यूहन्ना १९:२)

लूका २३:११ ले अभिलेख गर्दछ कि हेरोद टेट्रार्च अथवा हेरोद अन्तिपासका सिपाहीहरुले पनि येशूलाई राजाको वस्त्र लगाइदिएर उहाँलाई राजा/मसीह भनी गिल्ला गरे ।

- **“काँढाहरुको मुकुट”** परम्परागत रुपमा यसलाईचाहिँ यातना दिइने एउटा तरीकाको रुपमा ठानिएको छ यसोस्ले काँडाहरु येशूको निधारमा जबरजस्ती घुसाइएको थियो । तरैपनि, योचाहिँ खजूरका पातहरुबाट बनिएको एउटा चम्किलो मुकुट थियो भन्ने ठूलो सम्भावना छ, जुनचाहिँ येशूलाई राजा भनी गिल्ला गर्ने अर्को तरीका थियो (मत्ती २७:२७–३१; मर्कूस १५:१५–२०) । ग्रीक शब्द ‘मुकुट’ (*stephanos*) लाई चाहिँ कुनै खेलाडीको विजयी मालाको लागि अथवा सम्राटले लगाउने उच्च कोटिको मालाको लागि प्रयोग गरिन्थ्यो ।

१५:१९ यस पदले रोमी सिपाहीहरुद्वारा गरिएको गिल्लाको वर्णन गर्दछ ।

१. **“अभिवादन”** कुनै अगुवालाई गरिने विशेष अभिनन्दन (१८ पद)
२. **“उहाँको शिरमा निगालोले हिर्काउँदै”** हुनसक्छ यसलाईचाहिँ पहिले गिल्लाको राजदण्डको रुपमा येशूको हातमा राखिएको थियो ।
३. **“उहाँलाई थुके”** तिरस्कार अथवा चुम्बनको नक्कल गर्ने एउटा साँस्कृतिक चिह्न (अर्थात् एक प्रकारको सलाम)।
४. **“घुँडा टेकेर उहाँलाई दण्डवत् गरे”** उहाँको राजत्वलाई गरिएको अर्को गिल्ला ।
५. राजत्वलाई चिन्हित गर्दै उहाँलाई एउटा बैजनी वस्त्र ओढाइयो ।

दुई अंकदेखि चार अंकसम्मका कुराहरुचाहिँ अपूर्ण काल हुन्, जसको अर्थ हुन्छ विगतमा गरिएको कामलाई दोहोऱ्याइएको । थुप्रै सिपाहीहरुले यस्ता कामहरुलाई घरिघरि गरेका थिए अथवा उपस्थित हरेक सिपाहीले यसलाई गरेका थिए ।

**१५:२० "तिनीहरुले उहाँलाई ........... बाहिर लगे"** येशूले, सबै तिरस्कृत कैदीहरुले झैं, शहरको पर्खालबाहिर क्रूसमा टाँगिने स्थानसम्म आफ्नो क्रूसको काठलाई आफै बोक्नुपरेको थियो । तिनीहरुले यरुशलेमका सडकहरुबाट भएर लामो बाटो गए ताकि सबैले रोमी न्यायलाई देख्न सकोस् अनि भयभीत हुन सकोस् ।

अपराधीहरुलाई मारिनको लागि यरुशलेमका पर्खालबाहिर लैजाने कामचाहिँ यहुदी व्यवस्थाको लागि अनादार गरिनलाई गरिएको हुन सक्दछ (लेवी २४:१४ अनि गन्ती १५:३५–३६) । यी भीडहरु जम्मा भएको चाडका दिनहरुको अवधिमा रोमीहरुले विद्रोह गर्न चाहँदैन थिए ।

- **"उहाँलाई क्रूसमा टाँग्नलाई"** फोनिसीहरु (Phoenicians) ले क्रूसमा टाँग्ने चलनको आविष्कार गरेका थिए । अलेकजाण्डर महान्ले टायरको पतनपछि, २,००० लाई क्रूसमा टाँग्ने चलनको आविष्कार गरेका थिए । अलेकजाण्डर महान्ले टायरको पतनपछि, २,००० लाई क्रूसमा टाँगेका थिए । रोमीहरुले यस तरीकालाई सिद्ध तुल्याए ताकि तिरस्कृत अपराधीहरुले तिनीहरुका मृत्युअघि धेरै दिन कष्ट भोगेको होस् । यस निर्दय यातनाचाहिँ अपराधलाई रोक्नको अर्थमा गरिन्थ्यो । रोमी नागरिकलाई यसरी गरिन सकिँदैन थियो ।

NASB (UPDATED) TEXT:15:21
२१अनि अलेकजेन्डर र रुफसका बाबु, कुरेनी बासिन्दा सिमोनलाई गाउँबाटा आइरहेका तिनीहरुलाई भेटे, र येशूको क्रूस बोकेर लैजान तिनलाई कर लगाए ।

**१५:२१ "कर लगाए"** योचाहिँ सम्पत्तिलाई आधिकारीकरुपमा खोस्न अथवा सरकारी प्रयोगका लागि कामदारहरुलाई अनिवार्य भर्ती गराउने कुराप्रति प्रयोग गरिएको एउटा फारिसी शब्द हो ।

| | |
|---|---|
| **NASB** | **"एउटा यात्री गाउँबाट आइरहेको"** |
| **NKJV** | **"जसै तिनी गाउँबाट आइरहेका थिए"** |
| **NRSV** | **"एकजना यात्री, जो गाउँबाट आइरहेको थियो ।"** |
| **TEV** | **"जो गाउँबाट शहरतिर आइरहेको थियो"** |
| **NJB** | **"एकजना यात्री .......... यो गाउँबाट आइरहेको थियो ।"** |

के यसले अहिले प्यालेष्टाइनमा बसिरहेको कुनै व्यक्तिलाई अथवा निस्तार चाडका लागि आइरहेका कुनै दर्शनार्थीलाई संकेत गर्दछ त ? मलाई लाग्छ यसले यरुशलेमदेखि बाहिर बस्ने कुनै यात्रीलाई उल्लेख गर्दैछ जो त्यसबेला हिँडिरहेका थिए । तरैपनि, कुनेरीबाट (अर्थात् उत्तरी अफ्रिका) धेरै मानिसहरु आएका थिए, जो यरुशलेममा बस्दथे । त्यहाँ तिनीहरुका लागि एउटा विशेष सभाघर समेत थियो (प्रेरित ६:९) । तिनको छोराहरुको नाउँलाई उल्लेख गरिएको छ जसलाई प्रत्यक्षरुपमा सुरुवाती मण्डलीहरुले चिन्दथे (यरुशलेममा होइन, तर रोममा)।

- **"कुरेनीको सिमोन"** कुरेनीसियाचाहिँ उत्तरी अफ्रिकाको एउटा क्षेत्र थियो । कुरेनीचाहिँ यसको राजधानी थियो । तरैपनि, सिमोन नाउँचाहिँ एउटा यहूदी नाउँ थियो । प्रेरितबाट हामी सिक्दछौं

कि यस क्षेत्रमा धेरै यहूीहरु थिए (प्रेरित २:१०; ६:९; ११:२०; १३:१)। तिनको जातीय परिचय भने अज्ञात नै छ । सोलोमन अनि सेवाकी रानीको (अर्थात् इथियोपिया) समयबाट त्यहाँ काला यहूदीहरु थिए ।

- **"अलेक्जान्डर र रुफसका बाबु"** यस विशेष विवरणले स्पष्टरुपले संकेत गर्दछ कि सिमोन अनि तिनका छोराहरुलाई सुरुवाती मण्डलीमा सबैले चिन्दथे । मर्कूसचाहिँ रोमीहरुका लागि लेखिएकोले गर्दा हुनसक्छ रोमी १६:१३ को रुफसचाहिँ त्यही नै मानिस हो ।
- **"क्रूस"** रोमीहरुद्वारा प्रयोग गरिएको त्यहाँ थुप्रै आकारहरु छन् जस्तै T, X, t अथवा कुनै तख्तालाई थाम्ने कैयौं ठाडो काठहरु । यी सबै आकारहरु पहिलो शताब्दीको प्यालेष्टाइनमा प्रयोग गरिएको भनी पूरातत्त्व अनुसन्धानबाट भेट्टाइएको छ ।

NASB (UPDATED) TEXT: 15:22:26
२२त्यसपछि तिनीहरुले येशूलाई गलगथा भन्ने ठाउँमा ल्याए–गलगथाको अर्थ खोपडीको स्थान हो । २३अनि तिनीहरुले उहाँलाई मूर्र मिसाएको दाखमद्य दिए । तर उहाँले त्यो ग्रहण गर्नुभएन । २४तिनीहरुले उहाँलाई क्रूसमा टाँगे । अनि कसले कुन भाग पाउने सो निश्चय गर्न चिठ्ठा हालेर तिनीहरुले उहाँका लुगाहरु आपसमा बाँडे । २५तिनीहरुले उहाँलाई क्रूसमा टाँग्दा बिहानको नौ बजेको थियो । २६उहाँको दोषपत्रमा "यहूदीहरुमा राजा" भन्ने लेखिएको थियो ।

**५:२२ "गलगथा"** यो एउटा आरमिक शब्द हो । "कल्भरी" चाहिँ "खोपडी" को लागि ल्याटिन शब्द हो । यी शब्दहरुले पूर्ण खोपडीलाई उल्लेख गर्दैनन् तर केवल निधारलाई मात्र । स्थानचाहिँ अनिश्चित छ, तर यो यरुशलेमको पूरानो पर्खालदेखि बाहिर थियो, सायद पवित्र शहरको मुख्य सडकमा पर्ने होंचो र नाङ्गो डाँडा हुनसक्छ (लेवी २४:१४; गन्ती १५:३५–३६; युहन्ना १९:२०)।

**१५:२३ "तिनीहरुले उहाँलाई मूर्र मिसाएको दाखमद्य दिए"** योचाहिँ तिनीहरुले धेरै पल्ट कोशिस गरे भन्ने अर्थ लगाउने अपूर्ण काल हो । तालमुडी (Talmudic) परम्पराले भन्दछ कि तिरस्कृत कैदीहरुका सेविकाको रुपमा यरुशलेमका स्त्रीहरुले यसो गरेका थिए । योचाहिँ दर्दलाई शान्त पार्ने अनि मनलाई बोधो बनाउने एउटा असरदार नशालु पदार्थ थियो ।

- **"तर उहाँले त्यो ग्रहण गर्नुभएन"** कारणचाहिँ अज्ञात नै रहेको छ ।

**१५:२४ "उहाँलाई क्रूसमा टाँगे"** रोमीहरुले हत्केलामा कीला ठोक्दैन थिए तर पाखुरा वरिपरि डोरीले बाँधेर शरीरलाई थामेर नाडीमा कीला ठोक्ने गर्दथे । खुट्टाहरुलाईचाहिँ अलिकता बंग्याएर एउटा सानो तीनकुने बाकसमा अडाएर कीला ठोकिन्थ्यो । योचाहिँ त्यस व्यक्तिले सास फेर्नलाई तिनीहरुलाई निरन्तर उठाई रहोस् भनेर गरिन्थ्यो । त्यहाँ काठी भनिने एउटा सानो काठको टुक्रा पनि हुन्थ्यो, जसमा त्यस व्यक्ति बस्न सक्दथ्यो अनि आफ्नो ओजनलाई अलिकता आराम दिन सक्दथ्यो । क्रूसमा टाँगिएका प्रायःजसो मानिसहरु निस्सासिएर मर्ने गर्दथ्यो । त्यस्ता व्यक्तिलाई जमिनबाट तिनीहरुको खुट्टा लगभग एक फुटजति मात्र माथि राखेर झुण्ड्याइन्थ्यो ।

- **"उहाँका लुगाहरु आपसमा बाँडे"** अपराधीहरुलाई क्रूसमा टाँग्ने रोमी सिपाहीहरुले तिनीहरुका वस्तुहरुलाई आफ्नो तनखाको रुपमा लिन्थे ।
- **"चिट्ठा हालेर"** यसलाईचाहिँ भजन २२:१८ मा भविष्यवाणी गरिएको थियो । यस भजनले येशूको क्रूसीकरण (Christological typology) को वर्णन गर्दछ । भजनको यस पहिलो हरफलाई येशूले मर्कूस १५:३४ मा उद्धृत गर्नुभएको छ । भजन २२:७–८ ले पनि तिनीहरुको टिप्पणीलाई अघिबाटै बताएको छ जसहरुले येशूलाई गिल्ला गर्दै गए (मर्कूस १५:२९) ।

**१५:२५ "तेस्रो प्रहर (अर्थात् बिहानको नौ बजे)"** यूहन्ना १९:१४ ले यसलाई "छैटौं प्रहर" भनी भनेको छ । संक्षिप्त सुसमाचारहरुले निरन्तररुपमा यहूदी समयलाई प्रयोग गरेका छन्, जबकि यूहन्नाले, अत्यधिकरुपमा होइन तर प्रायःजसो, रोमी समयलाई प्रयोग गरेका छन् ।

**"तिनीहरुले उहाँलाई क्रूसमा टाँग्दा"** सुसमाचारका लेखकहरुले समावेश भएका भयानक शारीरिक कदमहरुको वर्णन गराइलाई हाम्रा भावनाहरुप्रति खेलाएका छैनन् । ईश्वरशास्त्रीय विषयचाहिँ उहाँ कसरी (यद्यपि व्यवस्था २१:२३ चाहिँ महत्त्वपूर्ण छ, गलाती ३:१३) मर्नुभयो भन्ने होइन, तर उहाँ को हुनुहुन्छ अनि उहाँ किन मर्नुभयो भन्ने हो ।

**१५:२६**
**NASB, NRSV, NJB "दोषपत्रमा ............ लेखिएको थियो"**
**NKJV "दोषपत्रमा ........ माथि लेखिएको थियो"**
**TEV "उहाँको विरुद्धको सूचनामा .......... लेखिएको थियो"**

यस दोष–पत्रमा भएको सूचनाचाहिँ यूहन्ना १९:२० बाट आउने तीनओटा भाषामा लेखिएको थियो । यसलाईचाहिँ येशूको शिरदेखि माथि ठोकिएको थियो भन्ने जानकारीचाहिँ मत्ती २२:३७ बाट आउँदछ ।

KJV अनि NKJV ले मर्कूस १५:२६ लाई यसरी अनुवाद गरेका छन् कि यसले स्पष्टरुपले "माथि" भनेर संकेत गर्दछ, तर "दोष–पत्र" चाहिँ क्रियामा दोहोरिएको छ, जसको अर्थ हुन्छ, कुँदिएको, खोपिएको, "त्यसमा लेखिएको" तर "माथि" होइन ।

- **"दोष"** यस सानो संकेतलाई रोमीहरुद्वारा '*Titulus*' भनिन्थ्यो । योचाहिँ साधारणतय् सेतो पृष्ठभूमिमा लेखिएको काला अक्षरहरु हुन्थ्यो । यस आधिकारिक दोष–पत्रलाई चाहिँ (१) दोषीको अघि बोकिन्थ्यो अथवा (२) दोषीको घाँटीमा झूण्ड्याइन्थ्यो । क्रूसमा टाँग्ने स्थानमाचाहिँ यसलाई येशूको शिरको केहीमाथि क्रूसमा राखिएको थियो (मत्ती २७–३७)। James M. Freeman द्वारा लिखित *Manners and Customs of the Bible* को पृष्ठ ३९५–६ मा हेर्नुहोस् ।
- **"यहूदीहरुका राजा"** क्रूसमा येशूको शिरमाथि राखिएको दोषका सठीक शब्दहरुलाई सुसमाचारहरुमा बेग्लाबेग्लै प्रकारले लेखिएको कुरालाई ध्यान दिन रोचकपूर्ण छ ।
  १. मत्ती २७:३७ – "यिनीचाहिँ यहूदीहरुका राजा, येशू हुन्"

२. मर्कूस १५:२६ – "यहूदीहरुका राजा"
३. लूका २३:२८ – "यिनीचाहिँ यहूदीहरुका राजा हुन्"
४. यूहन्ना १९:१९ – "नासरतको येशू, यहूदीहरुका राजा"

हरेक बेग्लाबेग्लै छन्, तर आधारभूतरुपमा एउटै छन् । योचाहिँ सुसमाचारहरुका ऐतिहासिक विवरणहरुका प्राय:जसो विभिन्नता बारेको साँचो कुरो हो । हरेक लेखकहरुले आफ्ना स्मरणहरु (अनि स्रोतहरु) लाई अलिकता बेग्लै तरीकामा अभिलेख गरेको थियो, तर तिनीहरु अझै पनि एउटै प्रत्यक्षदर्शी विवरण हो ।

पिलातसले येशूको क्रूसमा त्यही नै उपाधी राखिदिएर यहूदी अगुवाहरुलाई चिढाएका थिए जससँग तिनीहरु डराउँथे (२१–२२ पद)।

## NASB (UPDATED) TEXT: 15:27-32

२७तिनीहरुले उहाँसँग दुई जना डाँकूहरु क्रूसमा टाँगे – एउटालाई उहाँको दाहिनेपट्टि, र अर्कालाई उहाँको देब्रेपट्टि । (२८धर्मशास्त्रको वचन यसरी पूरा भयो, "उहाँ अपराधीहरुसँग गनिनुभयो ।") २९त्यहाँबाट जाने मानिसहरुले आफ्नो मुन्टो हल्लाउँदै यसो भनेर उहाँको गिल्ला गरे, "वाह ! तँ मन्दिर भत्काएर तीन दिनमा बनाउने, ३०क्रूसबाट ओर्लेर आइज, र आफूलाई बचा ।" ३१त्यसै गरी मुख्य पूजाहारीहरुले पनि शास्त्रीहरुसँग यसो भन्दै आपसमा उहाँको ठट्टा गरे, "यसले अरुलाई बचायो, तर आफूलाई चाहिँ क्रूसबाट बचाउन सक्दैन । ३२यो इस्राएलका राजा, ख्रीष्ट क्रूसबाट ओर्लेर आओस्, र हामी त्यो देख्नेछौं र विश्वास गर्नेछौं ।" उहाँसँग क्रूसमा टाँगेकाहरुले पनि उहाँको निन्दा गरे ।

**१५:२७ "उहाँसँग दुई जना डाँकूहरु"** यस शब्दको अर्थ हुन्थ्यो "चोरहरु" अथवा "विद्रोहीहरु" । योचाहिँ यशैया ५३:१२ को पूर्णता हो । भजन २२ अनि यशैया ५२:१३–५३:१२ तिनीहरुका केही विवरणहरुमा विशेष छन्, तर सबैमा भने होइन ! यसप्रकारको मसिही अगमवाणीहरुलाई पढ्नु एकदमै कठिन छ किनभने येशूको स्थितिप्रति केवल अलिकता विवरणहरुमात्र लागू हुन्छ । अरुहरुचाहिँ (१) सांकेतिक; (२) काव्यात्मक; अथवा (३) केवल मूल ऐतिहासिक स्थितिसँग सम्बन्धित रहेको हुनुपर्दछ । यप्रकारको केही कुरालाई बेग्लाबेग्लै भागमा बाँड्ने ख्रीष्टसम्बन्धीका प्रक्रिया वैध हुनुचाहिँ नयाँ करारका लेखकहरुको प्रेरणामार्फत् मात्र हुन्छ । आधुनिक विश्वासीहरुले बाइबल पढ्दा तिनीहरुलाई आत्माद्वारा अगुवाई गरिन्छ (अर्थात् प्रकाश पाएर), तर हामी विवरणहरुमाथि सहमत हुँदैनौं, जसले प्रकाश भन्दा प्रेरणाचाहिँ सर्वोच्च हुन्छ भनेर देखाउँदछ ।

नयाँ करारपछिका लेखकहरुद्वारा केही कुरालाई बेग्लाबेग्लै बाँड्ने प्रणालीलाई यति दुरुपयोग गरिएको छ कि नयाँ करारका लेखकहरुबाट अभिलेख गरिएको बाहेक यस्ता प्रकारका बाइबलीय व्याख्याहरुलाई स्वीकार गर्न म इन्कार गर्दछु । हामीले प्रेरित बाइबलीय लेखकहरुबाट लेखिएको पाठको अर्थलाई पुन: प्रतिलिपि गर्न सक्दैनौं । हामी त ती मूल अनि प्रेरित लेखकहरुले तिनीहरुका समयलाई के भन्दै थिए भन्ने बुझाइमाथि भर पर्नै पर्दछ ("*Good Bible Reading*" "को परिचयात्मक लेखलाई हेर्नुहोस्) । हामीले यी सत्यताहरुलाई हाम्रा साँस्कृतिक स्थितिमा लागू गर्नैपर्दछ ।

१५:२८ यस पदलाई प्राचीन ग्रीक पाण्डुलिपीहरु ℵ, A, B, C अनि D द्वारा छोडिएको छ । योचाहिँ NRSV, TEV, NJB अनि NIV का अनुवादहरुमा छोडिएको छ । यसलाई प्रत्यक्षरुपमा लूका २२:३७ बाटको एकजना प्राचीन शास्त्रीद्वारा छेउमा लेखिने टिप्पणी (marginal note)को रुपमा थपिएको थियो । योचाहिँ मर्कूसको मूल पाठको भाग होइन । अन्य जातिहरुलाई लेखिँदा, पूरानो करारको एउटा उद्धरण (अर्थात् २८ पदचाहिँ यशैया ५३:१२ को एउटा संकेत हो) लाई समावेश गर्ने काम मर्कूसको लागि लाक्षणिक होइन । UBS[4] ले 'A' लाई (निश्चित) छुट दिन्छ ।

**१५:२९ "त्यहाँबाट जाने मानिसहरुले ....... उहाँलाई गिल्ला गरे"** सायद रोमी क्रूसीकरणको उद्देश्य अनि कार्यविधिलाई पालन गर्दै, मृत्युदण्ड दिइने ठाउँचाहिँ यरुशलेम प्रवेश गर्ने मुख्य सडकमा अवस्थित थियो । यी त्यहाँबाट जाने मानिसहरुले भजन २२:६–८, १२–१३, १६–१७ को अगमवाणीलाई पूरा गरेको हुन सक्दछ ।

- **"वाह ! तँ मन्दिर भत्काएर तीन दिनमा बनाउने"** यी गिल्ला गर्नेहरुचाहिँ ती झूटा दोष लगाउनेहरु हुन सक्दछ जो महा–सभाको रात्रीकालिन मुकदमामा थिए (१४:५८) ।

१५:३० यो टिप्पणीचाहिँ येशूको शक्तिलाई गरिएको निरन्तरताको गिल्ला हो (३१–३२ पद) । तिनीहरुले यस आखिरी घडीमा समेत, अझै पनि आश्चर्यमय चिह्नहरु चाहन्थे । तिनीहरुले त्यो देखेपछि उहाँमा विश्वास गर्नेछौं भनेर तिनीहरुले दाबी गर्दै थिए (३२ पद)।

१५:३१ **"यसले अरुलाई बचायो"** "बचायो" शब्दलाई शारीरिक छुटकाराको यसको पूरानो करारको अर्थमा प्रयोग गरिएको छ । यी अगुवाहरुले येशूका आश्चर्यकर्महरुलाई इन्कार गर्न सक्दैन थिए, तर उहाँका शक्तिको श्रेय शैतानलाई दिन्थे (३:२२)। येशूले लाजरसलाई ब्यूँताउनु भएको कुरा (यूहन्ना ११) प्रति यरुशलेमका मानिसहरु राम्रोसित परिचित थिए ।

**१५:३२ "इस्राएलका राजा, खीष्ट"** योचाहिँ "यहूदीहरुका राजा" भन्ने पिलातसको उपाधिलाई गरिएको मुख्य पूजाहारीको गिल्ला थियो, जसलाई येशूको शिरमाथि किला ठोकिएको थियो । यो व्यंग्यात्मक कुरो हो, पुष्टिकरण होइन !

योचाहिँ भजन २२:६–८, १२–१३, १६ मा अघिबाटै भनिएको गिल्लामा निश्चय नै मिल्दछ ।

- **"उहाँसँग क्रूसमा टाँगेकाहरुले पनि उहाँको गिल्ला गरे"** केवल लूका २३:३५–४३ मा मात्र पश्चातापी अपराधीको विवरणलाई अभिलेख गरिएको छ ।

## NASB (UPDATED) TEXT:15:33-39

३३बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो । ३४तीन बजेतिर यसो भनेर येशू ठूलो स्वरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी ?" जसको अर्थ हो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नु भएको छ ?" ३५वरपर उभिनेहरुमध्ये कोही कोहीले यो सुनेर भने, "सुन, त्यसले एलियालाई बोलाउँदैछ ।" ३६अनि एकजनाले दौडेर गई एउटा स्पन्जमा सिर्कामा पूरै

चोपेर एउटा लामो निगालोमा यसो भनेर उहाँलाई पिउन दियो, "हेरौं, कतै एलिया त्यसलाई झार्न आउँछन् कि ।" ३७तब येशूले ठूलो स्वर निकालेर प्राण त्याग्नुभयो । ३८ अनि मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो । ३९येशूले यसरी प्राण त्याग्नुभएको देखेर उहाँको सामने उभिएका कप्तानले भने, "साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन् ।"

**१५:३३ "बाह्र बजे"** यो यहूदी समय हो ; जसलाई छैटौं प्रहर पनि भनिन्थ्यो । १५:१ मा टिप्पणीलाई हेर्नुहोस् ।

- **"सारा देशलाई अन्धकारले छोप्यो"** योचाहिँ कुनै रुढिवादी अर्थमा (अर्थात् मिश्रमा आएको महामारीमा एउटा, प्रस्थान १०:२१; व्यवस्था २८:२५–२९) अथवा कुनै विध्वंसक अर्थमा (अर्थात् योएल २:२; आमोस ८:९–१०; सपन्याह १:१५) भएको पूरानो करारको एउटा चिह्न हो । योचाहिँ परमेश्वर पिताले आफ्नो पुत्रबाट आफ्नो स्थितिलाई हटाउनुभएको एउटा चिह्न थियो, जसले सम्पूर्ण मानिसजातिका पापलाई बोक्नुभएको थियो । गेतसमनीमा यही नै कुरासित येशू साह्रै डराउनु भएको थियो (जसलाई ३४ पदमा यसरी संकेत गरिएको छ "हे मेरा परमेश्वर ! तपाइँले मलाई किन त्याग्नुभएको छ?") । येशू पापको बली बन्नुभयो अनि सम्पूर्ण संसारको पापलाई बोक्नुभयो (२ कोरिन्थी ५:२१)। उहाँले पिताबाट व्यक्तिगत विभाजनको अनुभव गर्नुभयो । अन्धकारचाहिँ परमेश्वर पिता आफ्नो पुत्रबाट हट्नुभएको एउटा शारीरिक चिह्न थियो ।

**१५:३४ "तीन बजेतिर"** योचाहिँ यहूदी समयको प्रयोग गराई हो ।

- **"हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाइँले मलाई किन त्याग्नुभएको छ"** योचाहिँ भजन २२:१ बाटको उद्धरण हो । यहूदी लेखपत्रहरुमा कुनै पनि अध्याय अनि पदको विभाजन नभएकोले (ती सबैलाई चाहिँ बाइबलमा मध्यम युगमा थपिएको थियो), यस्तो देखिन्छ कि पहिलो पदलाई उद्धृत गरेर येशूले सम्पूर्ण भजनलाई जोड दिन चाहनुहुन्थ्यो ।

यस पदलाई कसरी अनुवाद गरिनुपर्ने हो भन्ने बारेमा त्यहाँ विद्वान्हरुको बेग्लाबेग्लै मतहरु रहेको छ ।

१. सेप्टुअजिन्टमा "हे परमेश्वर, हे परमेश्वर, मलाई ध्यान दिनुहोस् (जुनचाहिँ भजनमा पनि छ)

२. George M. Lamsa द्वारा अनुवाद गरिएको *peshitta* मा यस्तो छ :

अ. भजन २२:१; "मेरा परमेश्वर, मेरा परमेश्वर" तपाइँले मलाई किन जिउन दिनुभएको छ ?"

आ. मर्कूस १५:३४ "मेरो परमेश्वर, मेरा परमेश्वर" के म यसैको लागि छुट्याएको हुँ त ?"

३. अमेरिकाको Jewish Publication Society मा भजन २२:१ लाई "मेरा परमेश्वर, मेरा परमेश्वर, तपाइँले मलाई किन त्याग्नुभएको छ ? भन्ने लेखिएको छ ।

४.  पाँचौ शताब्दीको Codex Bezae मा "मेरा परमेश्वर, मेरा परमेश्वर, तपाइँले किन मलाई निन्दा गर्नुभएको छ" भन्ने लेखिएको छ । यस पदसँग सम्बन्धित नोस्टिक (Gnostic) समस्याहरुको पूर्ण छलफलका लागि Bart D. Ehrman को *The Orthodox Corruption of Scripture: The Affect of Early Christological Controversies on the Text of the New Testament,* पृष्ठ १४३–१४५ मा  हेर्नुहोस् ।

पितासँगको संगतिबाट अलग भएर (यशैया ५४:२), येशूले मानिसको पापको अन्तिम पूर्ण नापमा अनुभव गर्दै हुनुहुन्थ्यो । मानिस जातिलाई त परमेश्वरसँगको संगतिको लागि सृष्टि गरिएको थियो । यसको विना हामी कहिले पनि पूर्ण हुन सक्दैनौं !

**१५:३४, ३५ "त्यसले एलियालाई बोलाउँदैछ"** येशू अनि प्रेरितहरु (अनि प्यालेष्टाइनमा भएका पहिलो शताब्दीका सबै यहूदीहरु) आरमिक भाषा बोल्दथे । रोमीहरुलाई लेख्दा, मर्कूसले यस्ता आरमिक वाक्यांशहरुलाई जहिले पनि अनुवाद गरेकाछन्, जसलाई पत्रुसले एकदमै स्मरण गरेका थिए । आरमिकमा चाहिँ एलिजा भनेको एलिया हो । मर्कूस २७:४६ मा आरमिक वाक्यांशहरुलाई पनि अभिलेख गरिएको छ । योचाहिँ येशूले क्रूसबाट कराउनु भएको सबैभन्दा झस्काउने वाक्यांश हो । उहाँले पिताबाट अलग्गै भएको अनुमान गर्नुभयो । एलियाचाहिँ पारस्परिकरुपमा त्यो अगमवक्ता थिए जो संकटको समयमा अनि मसीहको अघि आएका थिए (मलाकी ३:१–६; ४:४–६), त्यसैकारण, त्यहाँ उभिएकाहरुले सोंचे कि येशूले तिनलाई आउन अनि आफूलाई सहायता गर्नको लागि प्रार्थना गर्दै थिए ।

मेरो एकजना सबैभन्दा प्रिय लेखकचाहिँ F.F. Bruce हुन् । *Answers to Questions* भन्ने तिनको पुस्तकको पृष्ठ ६५ मा, Alfred Guillaume बाट लिखित *Palestine Exploration Quarterly* भनिने एउटा त्रैमासिक पत्रिकाको जनवरी–मार्च १९५१ को अंकमा, तिनले एउटा लेखमा उल्लेख गरेका छन्, जसले टिप्पणी गर्दछ कि "मेरो" प्रत्ययलाई *Dead Sea Scrolls* (मृत सागरका लेखहरु) मा – *iya* को रुपमा पाइन्छ । जब येशूले "मेरा परमेश्वर" भन्नुभयो, जसको रुप एलिया जस्तै थियो, एलियाको नाउँसित एकदमै नजिकरुपमा उच्चारण हुन्छ । यसले गर्दा नै त्यहाँ उभिरहेकाहरुले येशूको शब्दहरुलाई गलत अर्थ लगाएका हुनसक्दछ ।

**१५:३६ "सिर्का"** योचाहिँ मानिसहरु र सिपाहीहरुले पिउने कम मूल्य पर्ने मदिरा थियो । यो भजन २२:१५ सँग सम्बन्धित रहेको हुन सक्दछ । येशू यति तिर्खाउनु भएको थियो कि क्रूसबाट अन्तिम केही शब्द बोल्नको लागि उहाँलाई केही पिउनलाई चाहिएको थियो (यूहन्ना १९:२८–३०) ।

- **"एउटा लामो निगालोमा"** निगालोचाहिँ उहाँको मुखसम्म पुऱ्याउनलाई प्रयोग गरिएको थियो । क्रूसमा टाँगिएको व्यक्तिलाई पिउने कुरा दिनुचाहिँ एउटा सहानुभूतिको कार्य थिएन, तर जीवन र पीडालाई अझ केही लम्ब्याउनलाई थियो ।
- **"हेरौं, कतै एलिया त्यसलाई झार्न आउँछन् कि"** त्योचाहिँ सहानुभूतिद्वारा थिएन, तर कुनै चिह्नलाई हेर्ने इच्छा थियो (मत्ती २७:४७–४८) ।

१५:३७ **"ठूलो स्वर"** यूहन्ना १९:३० ले हामीलाई भन्दछ कि उहाँले "अब सिद्धियो" भन्नुभयो । यस शब्दलाई मिश्रबाटको Koine Greek Papyri मा व्यापारिक प्रलेखहरुमा लेखिएको पाइएको छ । योचाहिँ प्रत्यक्षरुपमा एउटा व्यावसायिक शब्द थियो जसको अर्थ हुन्थ्यो "सबै तिरिएको" (यशैया ५३) ।

**१५:३८ "अनि मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो"** मन्दिरको भित्री पवित्र स्थानमा त्यहाँ दुईओटा पर्दाहरु थिए, एउटाचाहिँ पवित्र स्थानमा अनि दोस्रोचाहिँ महा–पवित्र स्थानको अगाडि । पहिलोलाई नियमित रुपमा उघारेर छेउमा नबाँधुञ्जेल, यदि दोस्रोचाहिँ च्यातिएको हुँदो हो त यसलाई पूजाहारीहरुबाहेक अरु कसैले देख्ने थिएन । यी पर्दाहरुलाई प्रस्थान २६:३१–३७ मा वर्णन गरिएको छ । येशूको समयमा, हेरोदले मन्दिरलाई मर्मत गर्दा, यो पर्दा ७० फिट लामो र ३० फिट चौडा अनि लगभग ४ ईन्च मोटो थियो ! यदि बाहिरको पर्दाचाहिँ च्यातिएको भएदेखि बाहिरको बेग्ला-बेग्लै आगनका सबै आराधकहरुले यसलाई देख्नेथिए । यसलेचाहिँ यस्तो देखाएको जस्तो देखिन्छ कि ख्रीष्टको मृत्युमा परमेश्वरसँगको घनिष्ठ संगतिको बाटोलाई परमेश्वरले पुनः स्थापना गर्नुभएको छ ( उत्पत्ति ३:१५; प्रस्थान २६:३१–३५) । मत्ती २७:५१–५३ मा प्रमाणित गर्ने चिह्नहरुको रुपमा अरु आश्चर्य कर्महरुलाई अभिलेख गरिएको छ ।

**१५:३९ "कप्तान"** योचाहिँ तल्लो स्तरको रोमी सेनाका अधिकारीको पद थियो । यसको शाब्दिक अर्थ हुन्छ "एक सयको नेता"। यी मानिसहरु रोमी सेनाका मेरुदण्ड जत्तिकै हुन्थे । प्रेरित १० को करनेलियस पनि एकजना कप्तान नै थिए । मर्कूसचाहिँ रोमीहरुलाई सुसमाचार प्रचार गर्नको लागि लेखिएको हो !

- **"साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन्"** योचाहिँ शाब्दिकरुपमा "यी मानिस परमेश्वरका एकजना पुत्र रहेछन्" भन्ने हुन्छ । तरै पनि उपपदको अनुपस्थितिले यो कुरो निश्चित होइन भन्ने अर्थ आफै आफमा लगाउँदैन (मत्ती ४:३, ६; १४:३३; २७:४३; अनि लूका ४:३, ९) । यो एउटा कठोर रोमी सिपाही थियो । उसले धेरै मान्छेहरु मरेको देखेको थियो (मत्ती २७:५४) । योचाहिँ मर्कूसको "मुख्य परिच्छेद" हुन सक्दछ किनभने यो सुसमाचारचाहिँ विशेष गरेर रोमीहरुका लागि नै लेखिएको थियो । यसमा धेरै ल्याटिन शब्दहरु अनि केही पूरानो करारका उद्धरणहरु थियो । यहूदी चलनहरु अनि आरमिक वाक्यांशहरुलाई पनि अनुबाद गरिएको र व्याख्या गरिएको थियो । यहाँ एकजना रोमी कप्तानले क्रूसमा टाँगिएको यहूदी विद्रोहीको विश्वासलाई स्वीकार्दैछ !

योचाहिँ सम्भवत् ईश्वरशास्त्रीय रुपमै उद्देश्यपूर्ण रहेको छ कि त्यहाँबाट भएर जाने, मुख्य पूजाहारीहरु, अनि सँगी–कैदीहरु समेतले येशूको गिल्ला गरेका छन्, तर पुष्टिकरण र भयमा रोमी कप्तानले जवाफ दिएका छन् ।

NASB (UPDATED) TEXT: 15:40-41

४०त्यहाँ टाढैबाट हेरिरहने केही स्त्रीहरु पनि थिए । तिनीहरुमध्ये मरियम मग्दलिनी अनि सानोचाहिँ याकूब र योसेफकी आमा मरियम र सलोमी थिए । ४१उहाँ गालीलमा हुनुहुँदा, यिनीहरुले उहाँलाई पछ्याउँथे, र उहाँको सेवा टहल गर्थे । येशूको साथमा यरुशलेममा आएका अरु धेरै स्त्रीहरु पनि त्यहाँ थिए ।

**१५:४० "त्यहाँबाट टाढैबाट हेरिरहने केही स्त्रीहरु पनि थिए"** प्रेरितहरुका झुण्डलाई आर्थिक अनि शारीरिक दुवै रुपमा धेरै स्त्रीहरुद्वारा सेवा गरिएको थियो (अर्थात् खाना पकाउन, सर–सफाइ गर्न, ४१ पद; मत्ती २७:५५; लूका ८:३) ।

**विशेष शीर्षक : बाइबलमा स्त्रीहरु**

१. पूरानो करार

अ. साँस्कृतिक रुपमा स्त्रीहरुलाई सम्पत्तिको रुपमा लिइन्थ्यो

१) सम्पत्तिको सूचीमा समावेश गरिएको (प्रस्थान २०:१७)

२) दासी स्त्रीहरुलाई गरिने व्यवहार (प्रस्थान २१:७–११)

३) सामाजिक रुपमा जिम्मेवार पुरुषद्वारा विवाह रद्द हुने नियमप्रतिको स्त्रीहरुको भाकल (गन्ती ३०)

४) युद्धमा जितका मालको रुपमा स्त्रीहरु (व्यवस्था २०:१०–१४; २१:१०–१४)

आ. व्यवहारिक रुपमा त्यहाँ आपसी सम्बन्ध थियो

१) पुरुष र स्त्रीलाई परमेश्वरको स्वरुपमा बनाइयो (उत्पत्ति १:२६–२७)

२) आमा र बाबुको सम्मान गर्नु (प्रस्थान २०:१२; व्यवस्था ५:१६)

३) आमा र बाबुलाई सम्मान गर्नु (लेमी १९:३; २०:९)

४) पुरुषहरु र स्त्रीहरु नाजिरी हुन सक्दथ्यो (गन्ती ६:१–११)

५) छोरीहरुको पनि सम्पत्तिमा उत्तराधिकार (गन्ती २७:१–११)

६) करारका मानिसहरुका भाग (व्यवस्था २९:१०–१२)

७) बाबा–आमाको शिक्षालाई ध्यान दिनु (हितोपदेश १:८; ६:२०)

८) हेमान (लेवीक परिवार) का छोराहरु र छोरीहरुले मन्दिरमा संगीतको अगुवाई गर्दथे (१ इतिहास २५:५–६)

९) नयाँ युगमा छोराहरु र छोरीहरुले अगमवाणी बोल्नेछन् (योएल २:२८–२९)

इ. अगुवाहरुको भूमिकामा भएका स्त्रीहरु

१) मोशाकी बहिनी, मिरियमलाई अगमवादिनी भनिन्थ्यो (प्रस्थान १५:२०–२१, मीका ६:४ लाई पनि हेर्नुहोस्)

२) पालको लागि सामग्रीहरु बुन्न परमेश्वरले स्त्रीहरुलाई वरदान दिनुभयो (प्रस्थान ३५:२५–२६)

३) देबोरा भन्ने एउटी स्त्री जो अगमवादिनी पनि थिइन् (न्यायकर्त्ता ४:४), सम्पूर्ण कुलको अगुवाइ गरिन् (न्यायकर्ता ४:४–५; ५:७)

४) हुल्दा एउटी अगमवादिनी थिइन जसलाई योशियाह राजाले नयाँ भेट्टाइएको "व्यवस्थाको पुस्तक" लाई पढ्न अनि व्याख्या गर्न उक्साएका थिए (२ राजा २१२:१४; २ इतिहास ३४:२२–२७)

५) परमेश्वरलाई प्रेम गर्ने स्त्री, एस्तर रानीले, पर्सियामा यहूदीहरुलाई बचाएकी थिइन् ।

**२. नयाँ करार**

अ. साँस्कृतिकरुपमा यहूदीवाद अनि ग्रेको–रोमन संसार दुवैमा स्त्रीहरु केही अधिकारहरु अथवा सुविधाहरु सहितको दोस्रो श्रेणीका नागरिकहरु थिए (मेसिडोनिया बाहेक)।

आ. अगुवाहरुको भूमिकामा स्त्रीहरु

१) एलिशिबा र मरियम परमेश्वरको भय मान्ने र परमेश्वरलाई मनपर्दो (लूका १–२)

२) हन्ना, मन्दिरमा सेवा गर्ने परमेश्वरको भय मान्ने स्त्री (लूका २:३६)

३) लिडीया घरेलु सङ्गतिको अगुवा (प्रेरित १६:१४, ४०)

४) फिलिपका चारजना कन्या छोरीहरु अगमवादिनीहरु थिए (प्रेरित २१:८–९)

५) फिबी, किंक्रियामा भएको मण्डलीकी धर्म–सेविका (रोमी १६:१)

६) प्रिस्का (प्रिस्किला), पावलकी सहकर्मी अनि अप्पोलोसकी शिक्षिका (प्रेरित १:२६; रोमी १६१३)

७) मरियम, त्रुफेना, त्रोफोसा, युलिया, नेरियसकी बहिनी अनि पावलको धेरै सहकर्मी स्त्रीहरु (रोमी १६:६–१६)

८) युनियस (KJV) सम्भवत् एउटी स्त्री प्रेरित थिइन् (रोमी १६:७)

९) इयोदिया र सुन्तुखे, पावलको सहकर्मी (फिलिप्पी ४:२–३)

३. भिन्ना भिन्नै बाइबलीय उदाहरणहरुलाई कुनै आधुनिक विश्वासीले कसरी सन्तुलन गर्दछ त ?

अ. कसैले त्यस्ता ऐतिहासिक अथवा साँस्कृतिक सत्यताहरुलाई कसरी निर्धारण गर्दछ त, जुनचाहिँ सबै मण्डलीहरु, अनि सबै युगका विश्वासीहरुका लागि वैध रहेका अनन्त सत्यताबाटको केवल मूल सन्दर्भमा मात्र लागू हुन्छ त ?

१) मूल प्रेरितका लेखकका उद्देश्यलाई हामीले एकदमै गम्भीरतापूर्वक लिनै पर्दछ । बाइबलचाहिँ परमेश्वरको वचन हो अनि विश्वास र चलनको एउटै मात्र स्रोत ।

२) हामीले स्पष्टरुपले ऐतिहासिकरुपमा शर्तबन्द गरिएको प्रेरित पाठहरुसँग काम गर्नै पर्ने हुन्छ ।

अ. इस्राएलको संस्कार (अर्थात्, धार्मिक संस्कार अनि मण्डलीका विधि), (प्रेरित १५; गलाती ३)

आ. पहिलो शताब्दीको यहूदीबाद

इ. १ कोरिन्थीको पावलका स्पष्टरुपले ऐतिहासिक रुपमा शर्तबन्द गरिएको बयानहरु

क) अधर्मी रोमको कानुनी व्यवस्था (१ कोरिन्थी ६)

ख) दास बस्ने (१ कोरिन्थी ७:२०–२४)

ग) अविवाहित बस्ने (१ कोरिन्थी ७:१–३५)

घ) कन्याहरु (१ कोरिन्थी ७:३६–३८)

ङ) मूर्तिलाई चढाइएको खाना (१ कोरिन्थी ८; १०:२३–३३)

च) अयोग्य रीतिले प्रभु भोज खाने काम (१ कोरिन्थी ११)

आ. बाइबलीय व्याख्या गराईमा मूल लेखकको उद्देश्यलाई खोज्नै पर्दछ । उसले आफ्नो दिनलाई के भन्दै थियो ? योचाहिँ ठीक व्याख्या गराईको आधार अनि महत्त्वपूर्ण कुरो हो । तर त्यसपछि यसलाई हामीले हाम्रो दिनमा लागू गर्नैपर्दछ । अब, नेतृत्वमा रहेका स्त्रीहरुसँग यहाँ समस्या हुन्छ (वास्तविक व्याख्या गर्ने शब्दले यस शब्दलाई परिभाषित गरेको हुनसक्दछ । के तिनीहरु पाष्टरहरुभन्दा अझ धेरै सेवा गर्नेहरु थिए त जसलाई अगुवापनको रुपमा देखियो ? के धर्म–सेविकाहरु र अगमवादिनीहरुलाई अगुवाहरुको रुपमा हेरिन्थ्यो त ?) यो एकदमै स्पष्टै छ कि १ कोरिन्थी १४:३४–३५ अनि १ तिमोथी २:९–१५ मा, पावलले जोड दिएका छन् कि स्त्रीहरु मण्डलीको सभामा चूपचाप रहून् । तर त्यस कुरालाई आज म कसरी लागू गरुँ त ? परमेश्वरको मौनवचन अनि इच्छामा पावलको संस्कृति अथवा मेरो संस्कृतिमा लागू भएको चाहँदिन । हुन सक्छ पावलको समय एकदमै सीमिततामा थियो, तर मेरो दिन पनि त साह्रै खुल्ला छ नि । पावलको वचनहरु अनि शिक्षाहरुचाहिँ पहिलो शताब्दीको, शर्तबन्द अनि स्थानीय अवस्थामा केन्द्रित सत्यताहरु हुन् भनेर भन्न मलाई साह्रै असजिलो लाग्छ । म को हुँ र जसले एउटा प्रेरित लेखकलाई मेरो सोंचाइ अथवा मेरो संस्कृतिद्वारा इन्कार गरुँ ।

तरैपनि, म के गरुँ त जब कि त्यहाँ स्त्री अगुवाहरुको बाइबलीय उदारहणहरु छन् (पावलको पत्रमा समेत, रोमी १६) ? यसको एउटा असल उदाहरणचाहिँ १ कोरिन्थी ११–१४ मा मण्डलीमा हुने आराधनाप्रतिको पावलको बहस हो । ११:५ मा उसले स्त्रीहरुलाई तिनीहरुको शिर ढाकेर मण्डलीमा प्रचार गर्ने अनि प्रयोग गर्ने अनुमति दिएको जस्तो देखिन्छ, तरैपनि, १४:३४–३५ तिनीहरु चुपचाप बसून् भनेर उसले माग गर्दछ । त्यहाँ धर्म–सेविकाहरु (रोमी १६:१) अनि अगमवादिनीहरु (प्रेरित २१:९) थिए । योचाहिँ त्यो विविधता हो जसले मलाई पहिलो शताब्दीको कोरिन्थ अनि एफिससमा सीमित रहेका पावलको टिप्पणी (स्त्रीहरुलाई गरिएको निषेधको सम्बन्धमा) लाई पहिचान गर्न मलाई स्वतन्त्रता दिन्छ । दुवै मण्डलीहरुमा स्त्रीहरुले आफूहरुले भर्खरै मात्र प्राप्त गरेका स्वतन्त्रलाई चलनमा ल्याइरहेको कुराले समस्या ल्याएको थियो (Bruce Winter, *After Paul Left Corinth*), जसले मण्डलीहरुलाई तिनीहरुका समाजलाई ख्रीष्टको लागि प्रचार गर्नुमा कठिनाइ सृष्टि गरेको हुन सक्दछ । तिनीहरुको स्वतन्त्रताचाहिँ सीमित हुनुपर्दथ्यो ताकि सुसमाचार अझ प्रभावकारी बन्न सकोस् ।

मेरो दिनचाहिँ पावलको भन्दा ठीक उल्टो छ । मेरो दिनमा यदि स्पष्ट बोल्ने अनि प्रशिक्षित स्त्रीहरुलाई सुसमाचार बाँड्न अनि अगुवाई गर्न अनुमति दिइएन भने सुसमाचार सीमित बन्न सक्दथ्यो । मण्डलीको आराधनाको अन्तिम लक्ष्यचाहिँ के हो त ? के यो सुसमाचार प्रचार र चेलापन होइन र ? स्त्री अगुवाहरुसँग के परमेश्वरलाई प्रसन्न तुल्याउन अनि सम्मान गर्न सकिन्छ त ? बाइबलले समग्रमा यसरी भनिरहेको जस्तो देखिन्छ “सकिन्छ” ।

म पावललाई श्रेय दिन चाहन्छु; मेरो ईश्वरशास्त्रचाहिँ प्रारम्भिकरुपमा पावलतर्फकै हो । आधुनिक नारीवादबाट म एकदमै प्रभावित अथवा सजिलो प्रभावित बन्न चाहँदिन । तरैपनि, म के अनुभव गर्दछु भने दासत्वको अनुपयुक्तता, जातिवाद, कट्टरता अनि यौनिकता जस्ता स्पष्ट बाइबलीय सत्यताहरुलाई जवाफ दिन मण्डली सुस्त भएको छ । आधुनिक संसारमा स्त्रीहरुमाथि गरिने दुरुपयोगप्रति पनि उपयुक्त प्रतिउत्तर दिन यो सुस्त भएको छ । ख्रीष्टको परमेश्वरले दास र स्त्रीहरुलाई स्वतन्त्र गरिदिनुभएको छ । संस्कृतिमुखी पाठले तिनीहरुलाई फेरि बन्धनमा पारोस् भन्ने साहस म गर्दिन ।

अझ एउटा बुँदा : एउटा व्याख्याकारको रुपमा म जान्दछु कि कोरिन्थी चाहिँ एउटा साह्रै भ्रष्ट मण्डली थियो । पवित्र आत्माका वरदानहरुलाई मोल लगाइन्थ्यो अनि घमण्ड गरिन्थ्यो । यस्तो कार्यमा स्त्रीहरुलाई समातिएको हुन सक्दछ । म यो पनि विश्वास गर्दछु कि एफिससचाहिँ झूटा शिक्षकहरुद्वारा प्रभावित भएको थियो जसले स्त्रीहरुको फाइदा लिएर तिनीहरुलाई एफिससको मण्डलीमा प्रतिनिधि वक्ताको रुपमा प्रयोग गर्दथे ।

इ. थप अध्ययनको लागि सुझाइएका पुस्तकहरु

Gordon Fee and Doug Stuart को *How to Read the Bible for All Its Worth* (पृष्ठ ६६–७७) Gordon Fee को *Gospel and Spirit: Issues in New Testament Hermeneutics,* Walter C. Kaiser, Peter H. Davids, F. F. Bruce अनि Manfred T. Branch को *Hard Saying of the Bible* (पृष्ठ ६१३–६१६; ६६५–६६७)।

- **"मरियम मग्दालिनी"** मग्दलाचाहिँ तिबेरियसको तीन माईल उत्तरमा, गालीलको समुद्रको किनारमा भएको एउटा सानो शहर थियो । येशूले मरियमलाई थुप्रै भूतहरुबाट छुटकारा (लूका ८:२) गर्नुभएपछि उनले उहाँलाई गालीलदेखि नै पछ्याएकी थिइन् । उनलाई अनुचितरुपमा वेश्या भनेर पनि सम्बोधन गरिएको छ तर यसप्रति नयाँ करारमा कुनै प्रमाण छैन । १६:१ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"सानोचाहिँ याकूब र योसेफकी आमा मरियम"** भनिएको छ । वास्तविक प्रश्नचाहिँ यो छ, उनले कससित विवाह गरेकी थिइन त ? यूहन्ना १९:२५ अनुसार उनले क्लोपाससित विवाह गरेकी थिइन्, तरै पनि उनको छोरा याकूबलाई "अल्फयसको छोरो" भनिएको थियो (मत्ती १०:३; मर्कूस ३:१८; लूका ६:१५)। १६:१ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"सलोमी"** यिनीचाहिँ याकूब र यूहन्नाकी आमा थिइन्, जो येशूको भित्री झूण्डका चेलाहरु थिए, अनि जब्दियाको पत्नी थिइन् (मत्ती २६:५६; मर्कूस १५:४०; १६:१–२)। १६:१ मा येशूलाई पछ्याउने स्त्रीहरु माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

NASB (UPDATED) TEXT: 15:42-47
४२तयारीको दिन, अर्थात् शबाथ–दिनको अघिल्लो दिन, साँझ पर्दै थियो । ४३महासभाका प्रतिष्ठित सदस्य अरिमाथियाका योसेफ, जसले परमेश्वरका राज्यको बाटो हेर्दै थिए, तिनले साहसपूर्ण पिलातसकहाँ गएर येशूको लाश मागे । ४४येशू अघि नै मरिसक्नुभएको सुन्दा पिलातस छक्क परे । अनि कप्तानलाई आफूकहाँ बोलाएर उहाँको मृत्यु भएको हो कि होइन भनी सोधपुछ गरे । ४५उहाँको मृत्यु भइसकेको कुरा कप्तानबाट थाहा पाएपछि पिलातसले येशूको मृत शरीर योसेफलाई लैजाने अनुमति दिए । ४६अनि योसेफले मलमलका कपडा किने, र लाश तल झारेर कपडाले बेह्रे, अनि चट्टानमा खोपेर बनाइएको एउटा चिहानमा राखे । त्यसपछि चिहानको मुखमा तिनले एउटा ढुङ्गा राखिदिए । ४७मरियम मग्दलिनी र योसेफकी आमा मरियमले उहाँलाई राखेको ठाउँ हेरिराखेका थिए ।

**१५:४२ "साँझ पर्दै थियो"** यसलाई उल्लेख गर्नेचाहिँ मर्कूस एउटैमात्र सुसमाचार हो । प्रस्थान १२:६ मा "साँझ" छ मानौं त्यहाँ दुईओटा थिए : (१) तीन बजेदेखि – छ बजेसम्म अनि (२) छ बजेदेखि उता । सन्दर्भले पनि यो तीन बजेपछि (बेलुकीको होमबलिको समय), तर ५ बज्नभन्दा अगाडि (निस्तार चाडको शबाथको सुरुवात) भएको हुनुपर्दछ भन्ने संकेत गर्दछ ।

- **"तयारीको दिन"** यसलेचाहिँ त्यस दिनको उल्लेख गर्दैछ जुन दिन निस्तार चाडको भोजनमात्र होइन तर निस्तार चाडको हप्ताको महा–पवित्र शबाथको लागि सबै कुराको तयारी गर्नुपर्दथ्यो (अर्थात्, निस्तार चाड अनि अखमीरी रोटोको चाडचाहिँ एउटा आठ दिने चाड थियो, अनि यसको दुईओटा शबाथ हुन्थ्यो)।

**१५:४३ "अरिमाथियाका योसेफ"** तिनीचाहिँ निकोदेमस (मत्ती २७:५७; यूहन्ना १२:४२) सँगसँगै एकजना गुप्त चेला हुन् भन्ने जस्तो देखिन्छ । तरैपनि, येशूको मृत्युपछि तिनी सार्वजनिक रुपमै पिलातसकहाँ येशूको लाशलाई माग्न गए (यूहन्ना १९:३८)। क्रूसमा टाँगिएको विद्रोहीको एकजना मित्र भनेर चिनिनुचाहिँ डरलाग्दो कुरो थियो ।

आफ्नो समयको कट्टर यहुदी भएकोले योसेफले निस्तार चाडको शबाथ पालन गर्नलाई निम्न कुराहरुबाट विधिवत् रुपमा आफैलाई अशुद्ध तुल्याएका थिए :

१. अन्य जातिको घरमा गएर
२. लाशलाई छोएर

तरैपनि तिनले व्यवस्था २१:२२–२३ को सरापलाई हटाउने कोशिस भने गरेको हुन सक्दछ । साधारणतय् रोमीहरुले क्रूसमा टाँगिएका शरीरहरुलाई नगाडिकन मरेकै ठाउँमा छोडिदिन्थे, तर यहुदीहरु नगाडेका लाशहरुको विषयमा यति घिनाउँथे कि, रोमीहरुले तिनीहरुका शरीरलाई गाड्ने अनुमति दिएका थिए, तर तत्कालै भने होइन ।

अरिमाथिया शब्दको अर्थ हुन्छ "उँचाई" अनि प्रत्यक्षरुपले रामाको शहरको लागि अर्को नाउँ हो, जुनचाहिँ यरुशलेमबाट पाँच माईल उत्तर–पूर्वमा थियो ।

- **"महासभाका प्रतिष्ठित सदस्य"** निकेदेमस झैं योसेफ पनि महासभाका एकजना सदस्य थिए । १२:१३ मा सान्हेड्रिन माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"परमेश्वरका राज्यको बाटो हेर्दै थिए"** योसेफ एकजना धार्मिक मानिस थिए (मत्ती २७:५८)। परमेश्वरका राज्यचाहिँ फरिसीहरुमा अनि आम मानिसहरुमा एउटा आम यहूदी आशा थियो । येशूले यस विषयमाथि बारम्बार प्रचार गर्नुभएको थियो । योचाहिँ उहाँका उपदेशहरुको पहिलो अनि अन्तिम विषय थियो अनि उहाँका दृष्टान्तको केन्द्रबिन्दु थियो । १:१५ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

कुन अर्थमा योसेफले परमेश्वरको राज्यको बाटो हेर्दै थिए भन्ने कुरोचाहिँ अनिश्चित नै छ । एकजना चेला भएर पनि तिनले परमेश्वरका राज्य आएको थिएन भनेर कसरी जान्न सक्दैन थियो त ? सायद तिनले अझै पनि एउटा सांसारिक राज्यको आशा गर्दै थिए होलान् (अरु चेलाहरुले झैं, प्रेरित १:६) ।

- **"पिलातसकहाँ गएर येशूको लाश मागे"** यसले तिनलाई निस्तार चाडको साताको महा-शबाथमा भाग लिनको लागि विधिवत् रुपमै अशुद्ध बनाएको थियो । यसले क्रूसमा टाँगिएको एउटा विद्रोही, येशूसँग पहिचान गराएको पनि हुनसक्दछ । यो एउटा साहसपूर्ण अनि निर्णायक काम थियो ।

- **"येशूको लाश मागे"** साधारणतय् विद्रोहलाई रोक्नको लागि रोमीहरुले लाशहरुलाई कुहुनको लागि क्रूसमै छोडिदिन्थे । यस्ता लाशहरुचाहिँ रोमको सम्पत्ति हुने गर्दथ्यो । तिनीहरुलाई उचित दाह संस्कारको लागि परिवारहरुलाई फर्काइँदैन थियो, जुनचाहिँ यहूदीहरुका लागि विशेषरुपले महत्त्वपूर्ण कुरो थियो । यो एउटा विशेष अनि अनौठो निवेदन थियो । विशेष गरेर निस्तार चाडको समयको अवधिमा मृत शरीरहरुले देशलाई विधिवत् रुपमै प्रदूषित पार्ने भन्ने विषयका यहुदी संवेदनशीलताहरुको कारण यस निवेदनलाई स्वीकार गरिएको थियो ।

**१५:४४ “येशू अघि नै मरिसक्नुभयो सुन्दा पिलातस छक्क परे”** क्रूसीकरणचाहिँ एउटा एकदमै सुस्त अनि दर्दानक मृत्यु थियो । यसले प्रायःजसो धेरै दिन लगाउँथ्यो । रोमी सिपाहीहरुले कष्ट भोग्ने व्यक्तिलाई समय समयमा पानी अथवा मदिना दिन्थे, दयाले त होइन तर तिनीहरुको मृत्युलाई लम्बाउनको लागि । तरैपनि, आउनै लागेको निस्तार चाडको शबाथको कारण यस समयमा दोषीहरुले चाँडै नै मर्नुपर्दथ्यो, यसैले सिपाहीहरुले दुईजना अपराधीहरुका खुट्टाहरु भँचाइदिए (यूहन्ना १९:३१) । योचाहिँ ठीकसँगले सास लिनलाई तिनीहरुले आफ्ना खुट्टाहरुको अडेस नलागोस् भनेर थियो । यसपछि तिनीहरु छिटै नै मर्दथे । तरैपनि येशू, अघि नै मरिसक्नुभएको थियो, यसैले उहाँका खुट्टाहरुलाई भचाइएन । यसले अगमवाणीलाई पूरा गर्दछ (यूहन्ना १९:३६; प्रस्थान १२:४६ बाट उद्धृत् गरिएको । १५:२७ मा पाठको मूल अर्थ बारेको टिप्पणीलाई हेर्नुहोस्)।

येशू यति चाँडै मरिसक्नु भएकोमा पिलातस छक्क परेका थिए, त्यसैकारण, उहाँले आफ्ना सिपाहीहरुलाई यस अप्रत्यक्ष प्रश्न सोधे ।

**१५:४५ “शरीर”** ग्रीक शब्दचाहिँ *soma* होइन, तर *ptōma* हो, जसको अर्थ हुन्छ लाश । येशू मरिसक्नुभएको थियो !

**१५:४६ “योसेफले मलमलका कपडा किने, र लाश तल झारेर कपडाले बेह्रे”** निकोदेमस पनि त्यहाँ थिए (यूहन्ना १९:३९–४०) । तिनीहरुले यहुदी परम्पराअनुसार येशूको शरीरलाई चाँडो गरी तयार पारे ( अर्थात्, ६ बजे शबाथ छिटो छिटो आइरहेको कारण) । यहुदीहरुले मिश्रीहरुले गर्ने जस्तै लाशलाई औषधी, अत्तर आदि हालेर सड्नबाट बचाउने काम गर्दै थिए, तर तिनीहरुको लाशलाई मलमलले बेह्रेर अत्तर लगाउने एउटा कार्यविधि भने थियो ।

- **“चट्टान खोपेर बनाइएको एउटा चिहानमा राखे”** यसले यशैया ५३:९ को विशेष भविष्यवाणीलाई पूरा गरेको छ । मत्ती २७:५७–६० ले हामीलाई भन्दछ कि यो योसेफको व्यक्तिगत चिहान थियो ।
- **“चट्टान खोपेर”** येशूलाई जमिनमा गाडिएन, तर योसेफको परिवारको चिहानमा राखियो । यसलाई ठाडो चट्टानमा खोपेर कोठाजस्तो बनाइएको हुन्थ्यो अनि यसमा थुप्रै चिहानहरु हुन्थ्यो । यरुशलेम क्षेत्रमा यस्ता चिहानहरु त्यहाँ थुप्रै थिए ।
- **“ढुङ्गा”** ढुङ्गाको गोलो आकारमा खोपेर बनाइएको यस मोटो पत्रचाहिँ एउटा जाँतोको ढुङ्गा जस्तै देखिन्थ्यो । यस्ता चिहानहरुचाहिँ नियमित चोरी हुने गर्दथ्यो यसैले तिनीहरुलाई गह्रौं ढुङ्गाद्वारा बन्द गरिएको हुन्थ्यो । चट्टानको आकारले योचाहिँ धनी मानिसको चिहान रहेछ भन्ने देखाउँदथ्यो ।

**१५:४७ “........ उहाँलाई राखेको ठाउँ हेरिरहेका थिए”** यस शब्दको अर्थ हुन्छ” रुचि अनि ध्यानका साथमा हेर्नु” । येशूलाई गाड्नको लागि ठीकसित तयारी गरिएको थियो कि थिएन भनेर निश्चय गर्नलाई तिनीहरुले हेर्दै थिए । तरैपनि, यसले वैध गवाहीलाई पुष्टि गर्नको लागि आवश्यक दुईजना गवाहीहरुलाई (व्यवस्था १७६; १९:५) पनि तयार गर्दै थियो । येशू मरिसक्नुभएको थियो अनि तिनीहरु गलत चिहानमा गएका थिएनन् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. कसले येशूलाई पक्राउ गरे ? (अर्थात् भीडहरुबाट)
२. यहूदी स्तरहरुबाट समेत, येशूको मुकदमा चाहिँ कसरी अनुचित थियो त ?
३. ६६–६९ पदमा त्यहाँ एकजना दासी थियो कि दुईजना थियो ?
४. आँगनमा पत्रुस किन यति विघ्न चिन्तित भए ?
५. चारैओटा सुसमाचारमा भएको मुकदमाको विवरणलाई पढ्नुहोस् अनि तपाइँको आफ्नै कालक्रमिक सूची बनाउनुहोस् ।
६. यदि सम्भव भए, यी सबैप्रति पिलातसको प्रेरणालाई वर्णन गर्नुहोस् ।
७. भीडको व्यवहारलाई हामी कसरी व्याख्या गर्न सक्दछौं त ?
८. सिपाहीहरुले येशूलाई किन एउटा खेल नै बनाए ? कतिओटा विभिन्न झूण्डले उहाँको ठट्टा गरेका थिए ।
९. तिनीहरुले येशूलाई गिल्ला गरेका विभिन्न तरिकाहरुको सूची बनाउनुहोस् ।
१०. येशूलाई कहाँ क्रूसमा टाँगियो ?
११. येशूले किन पिताबाट त्यागिएको अनुभव गर्नुभयो (३४ पद) ?
१२. ३९ पद मर्कूसको सुसमचारको एउटा मुख्य पद किन भएको छ त ?
१३. योसेफले किन येशूलाई चाँडो गरी गाड्न चाहेको थिए त ?

# मर्कूस १६
## आधुनिक अनुवादहरुको परिच्छेद विभाजन

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| पुनरुत्थान | उहाँ बौढी उठ्नुभयो | पहिलो ईष्टर | पुनरुत्थान | रित्तो चिहान/स्वर्गदूतको सन्देश |
| १६:१–८ | १६:१–८ | १६:१–८ | १६:१–५, १६:६–७, १६:८ | १६:१–२ १६:३–८ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

**९–२० पदहरुको सिद्धान्त**

अ. ९–२० पद मर्कूसको सुसमाचारको मूल पदहरु हुन् भनेर म विश्वास गर्दिन । तिनीहरुलाई प्रेरणाद्वारा लेखिएका होइनन् अनि नयाँ करारमा समावेश गरिनु हुँदैन ।

आ. ८ पददेखि यताको हरेक कुराहरु प्राचीन अनसियल (uncial) ग्रीक पाण्डुलिपीको निम्न कुराहरुबाट वञ्चित रहेका छन् :

१. सिनाईटिकस (Sinaiticus), हिब्रू वर्णमाला ℵ को पहिलो अक्षर भनी जानिने । यस पाण्डुलिपीले सारा नयाँ करारलाई समेटेको छ अनि यो चौथो शताब्दीदेखि नै रहेको छ ।

यसलाई सीनै पर्वतको परम्पारिक स्थान, जेबूल मूसा (Jebul Musa) मा भएको सन्त क्याथरिनको मन्दिर (St. Catherine's Monastry) मा पाइएको थियो ।

२. ग्रीक शब्द B भनेर जानिने, भेटिकेनस (Vaticanus)। यस पाण्डुलिपीले प्रकाशित वाक्य बाहेक सम्पूर्ण नयाँ करारलाई समेटेको छ अनि यो पनि चौथो शताब्दीबाटै रहेको थियो । यसलाई आधुनिक समयमा रोमको भेटीकन पुस्तकालयमा पाइएको थियो ।

इ. ग्रीक नयाँ करारको तेस्रो अनसियल साक्षी, अलेक्जान्ड्रिनस (Alexandrinus), लाई ग्रीक वर्ण A भनेर जानिन्छ । यस पाण्डुलिपीले सम्पूर्ण नयाँ करारलाई समेट्दछ अनि पाँचौ शताब्दीबाट आएको हो । यो इजिप्टको आलेकजान्ड्रियाबाट आएको हो । यसले मर्कूसको एउटा अन्त्यलाई समावेश गर्दछ (Textus Receptus अनि KJV मा पाइने) । यो लामो समाप्तिचाहिँ सुरुमा डियाटेस्सारोन (Diatessaron) अनि चारै सुसमाचारको Irenaeus' (सन् १२०–२०२), *Against Heresis* III:10:5; अनि Titian's (सन् ११०–१७२) को संग्रहमा देखापरेको थियो । तरैपनि, Clement of Alexandria अनि Origen of Alexandria ले यी पदहरुलाई एकै पटकसमेत कहिले पनि उद्धृत अथवा संकेत गरेका छैनन् । यसले मलाई के भन्दछ भने समाप्तिचाहिँ Alexandrinus मा समेत मूल कुरो थिएन, जुनचाहिँ एउटै शहरबाट थियो । पदहरुलाई MS C मा समावेश गरिएका छन्, जुनचाहिँ पाँचौ शताब्दीको कुनै समयमा अलेक्जान्ड्रियाबाटै आएको हो ।

ई. Esuebius (सन् २७५–३४०), चौथो शताब्दीको एकजना सुरुवाती मण्डलीका इतिहासकारले भने, "एकदमै सठीक प्रतिहरु" ८ पदमै अन्त भएको छ ।

उ. Jerome (सन् ३४७–४२०), ल्याटिन भल्गेट (Latin Vulgate) का अनुवादकले भने कि ८ पदबाट प्रायजसो सबै ग्रीक पाण्डुलिपीहरु अन्त भएको छ ।

ऊ. ९–२० पदमा १४–१७ ओटा यस्ता शब्दहरु छन् जसलाई पहिले प्रयोग गरिएका छैनन् अथवा मर्कूसको सुसमाचारमा बेग्लाबेग्लै प्रयोग गरिएका छन् । शैली र वाक्य रचनामा पनि त्यहाँ उल्लेखनीय परिवर्तनहरु छन् । १८ पदको गैर–बाइबलीय चिह्नहरुले यस्ता थप पदहरुको प्रेरणाद्वारा नलेखिएको स्वभावलाई स्पष्टरुपले पुष्टि गर्दछ ।

ऋ. इजिप्टको पाण्डुलिपी (Coptic) को ८ पदपछि चार बेग्लाबेग्लै समाप्तिहरु छन् । केही ग्रीक पाण्डुलिपीहरुमा लामो अन्त्य (अर्थात्, ९–२० पद) छ अनि त्यसपछि छोटो अन्त्य अथवा छोटो अन्त्य अनि त्यसपछि लामो अन्त्य अथवा समग्रमा अरु अन्त्यहरुमा एउटा समावेश छ ।

१. यहाँ Coptic पाण्डुलिपिबाट एउटा छोटो अन्त्य छ : "अनि उहाँले पत्रुस अनि उहाँका चेलाहरुलाई आज्ञा गर्नुभएको सबै कुराहरु भनिसक्नु भएपछि, तिनीहरुले बोलिसकेपछि, अनि यसपछि येशूले आफैंलाई तिनीहरुमा प्रकट गर्नुभयो; अनि सूर्योदयदेखि टाढाको पश्चिमसम्मै, उहाँले तिनीहरुलाई पवित्र सुसमाचारद्वारा अनन्त उद्धारको प्रचार गर्न पठाउनुभयो, जुनचाहिँ अविनाशी छ ।"

२. यहाँ अर्को छोटो अन्त्य छ : "तर तिनीहरुलाई भनिएका सबै कुराहरु तिनीहरुले पत्रुस अनि तिनीसँग भएकाहरुलाई भने । अनि यसपछि येशूले आफैलाई, तिनीहरुको माध्यमबाट, पूर्वदेखि पश्चिमसम्मै, अनन्त उद्धारको पवित्र आत्मा अविनाशी घोषणा" लाई पठाउनुभयो ।" यसलाई "छोटो अन्त्य" भनिन्छ अनि पूरानो ल्याटिन पाण्डुलिपी K मा पाइन्छ ।

ए. मुख्य समस्याचाहिँ त्यो छ कि मर्कूसको सुसमाचार ८ पदमा एकदमै अचानक अन्त्य भएको जस्तो देखिन्छ । त्यहाँ थुप्रै सिद्धान्तहरु छन्, तर एउटा डरको टिप्पणीमा मर्कूस यति आकस्मिकरुपले किन अन्त्य भएको छ भनेर निश्चयताका साथमा कसैले जान्दैनन् ।

ऐ. United Bible Societies बाट प्रकाशित Bruce M. Metzger को पुस्तक *A Textual Commentary on the Greek New Testament* को पृष्ठ १२२–१२६, अथवा United Bible Societies बाटै प्रकाशित Robert G. Bratcher र Eugene Nida को पुस्तक *A Translater's Handbook on the Gospel of Mark* को पृष्ठ ५१७–५२२ मा यस मूलपाठसँग सम्बन्धित समस्याको एउटा राम्रो व्याख्या छ ।

ओ. मूल पाठसम्बन्धीको समीक्षाको एउटा संक्षिप्त छलफलको लागि यस टिप्पणीको अन्त्यमा परिशिष्ट दुईमा हेर्नुहोस् ।

**शब्द अनि वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT: 16:1-8

१६शबाथ–दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रव्य
येशूको शरीरमा घस्नलाई किने । २साताको पहिलो दिनमा बिहानै घाम झूल्कँदा तिनीहरु चिहानमा गए
। ३अनि तिनीहरुले आपसमा भने, “हाम्रा निम्ति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला ? ४अनि
मास्तिर हेर्दा तिनीहरुले सेतो वस्त्र लाएको एकजना जवान मानिसलाई दाहिनेपट्टि बसिरहेको देखे, र
तिनीहरु आश्चर्यचकित भए । ६तर उनले तिनीहरुलाई भने, “आश्चर्य नमान, तिमीहरु नासरतका
येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो । उहाँ जीवित भई उठ्नुभएको छ । उहाँ यहाँ हुनुहुन्न
। उहाँलाई राखेको ठाउँ हेर । ७जाओ, र उहाँका चेलाहरु र पत्रुसलाई भनिदेओ कि उहाँ तिनीहरुका
अघिअघि गालीलमा जाँदै हुनुहुन्छ । उहाँले तिमीहरुलाई भन्नुभए बमोजिम तिमीहरु उहाँलाई त्यहाँ
देख्नेछौ ।” ८तिनीहरु निस्केर चिहानबाट दौडे, किनकी डर र आश्चर्यले तिनीहरु कामिरहेका थिए ।
अनि तिनीहरुले कसैलाई केही भनेनन्, किनकी तिनीहरु डराएका थिए ।

**१६:१ “शबाथ–दिन बितेपछि”** उत्पत्ति १:५, ८, १३, १९, २३, ३१ लाई पालन गर्दै प्राचीनकालमा इस्राएलीहरुले तिनीहरुका दिनहरु गोधूँली साँझमा (बेलुकी पख) सुरु गर्दथे । तरैपनि, रोमीहरु (अनि ग्रीकहरु) ले दिन र रातलाई बाह्र भागमा विभाजन गर्ने बेबिलोनी प्रणालीलाई अपनाएका थिए । उज्यालो र अँध्यारो अवधिहरुको लम्बाइका बेलाअनुसारको परिवर्तनको कारण यस्ता भागहरु बराबरीका लम्बाइमा हुँदैनथ्यो । मर्कूस १५ ले कैयौं यस्ता समय सूचकहरुको प्रयोग गरेको छ (अर्थात्, तेस्रो प्रहर, २५ पद; छैटौं प्रहर, ३३ पद; नवौं प्रहर, ३४ पद)।

यस पदले प्राचीन इस्राएली प्रणालीलाई ६ उल्लेख गरेको जस्तो देखिन्छ अनि त्यसैकारण, शबाथ–दिनचाहिँ शुक्रबार बेलुकी ६ बजेदेखि शनिबार बेलुकी ६ बजेसम्म भएको थियो ।

मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमी” तलका विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : येशूलाई पछ्याउने स्त्रीहरु**

अ. येशूलाई पछ्याउने स्त्रीहरु अनि जसले उहाँलाई अनि प्रेरितहरुका झूण्डलाई सहायता गरेका थिए, तापनि पहिलो उल्लेख लूका ८:१–३ मा गरिएको छ ।

१. मरियम, जसलाई मग्दलिनी पनि भनिन्छ (२ पद)

अ. मत्ती २७:५६, ६१; २८:१

आ. मर्कूस १५:४०, ४७; १६:१, ९

इ. लूका ८:२; २४:१०

ई. यूहन्ना १९:२५; २०:१, ११, १६, १८

२. योअन्ना, खुजास (हेरोदका कारिन्दा, ३ पद) की पत्नी, लूका २४:१० मा पनि सूचीबद्ध गरिएको छ ।

३. सुसन्ना (३ पद)

४. "अनि कतिपय स्त्रीहरु जसले तिनीहरुका आफ्ना धनले उहाँहरुको सेवा गर्दथे" (३ पद)

आ. क्रूसीकरणमा स्त्रीहरुको एउटा झूण्ड पनि उपस्थित थियो भनेर उल्लेख गरिएको छ ।

१. मत्तीको सूची

अ. मरियम मग्दलिनी (२७:५६)

आ. याकूब र योसेफकी आमा मरियम (२७:५६)

इ. जब्दीयाका छोराहरुका आमा (२७:५६)

२. मर्कूसको सूची

अ. मरियम मग्दलिनी (१५:४०)

आ. सानोचाहिँ याकूब र योसेफकी आमा मरियम (१५:४०)

इ. सलोमी (१५:४०)

३. लूकालेचाहिँ "गालीलबाट उहाँलाई पछ्याउने स्त्रीहरु" भनेर मात्र भन्दछ (२३:४९)

४. यूहन्नाको सूची

अ. येशूकी आमा मरियम (१९:२५)

आ. उहाँकी आमाकी बहिनी (१९:२५)

इ. क्लोपासकी पत्नी मरियम (१९:२५)

ई. मरियम मग्दलिनी (१९:२५)

इ. येशूलाई गाडिएको ठाउँलाई हेरिरहेका स्त्रीहरुको एउटा झूण्डलाई उल्लेख गरिएको छ ।

१. मत्तीको सूची

अ. मरियम मग्दलिनी (२७:६१)

आ. अर्कोचाहिँ मरियम (२७:६१)

२. मर्कूसको सूची

अ. मरियम मग्दलिनी (१५:४७)

आ. योसेफकी आमा मरियम (१५:४७)

३. लूकालेचाहिँ "गालीलबाट उहाँसँगै आएका स्त्रीहरु" मात्र भन्दछ (२३:५५)

४. यूहन्नामा स्त्रीहरुलाई चिहानलाई हेरेको कुनै अभिलेख छैन ।

ई. आइतबार बिहान झिसमिसेमै चिहानमा आउने स्त्रीहरुको झूण्ड

१. मत्तीको सूची

अ. मरियम मग्दलिनी (२८:१)

आ. अर्कोचाहिँ मरियम (२८:१)

२. मर्कूसको सूची

अ. मरियम मग्दलिनी (१६:१)

आ. याकूबकी आमा मरियम (१६:१)

इ. सलोमी (१६:१)

३. लूकाको सूची

अ. "तिनीहरु चिहानमा आए" (२४:१–५, २४)

१. मरियम मग्दलिनी (२४:१०)

२. योअन्ना (२४:१०)

३. येशूकी आमा मरियम (२४:१०)

४. यूहन्नाले चाहिँ केवल मरियम मग्दलिनीको मात्र सूची गर्दछ (२०:१:११)

उ. माथिल्लो तलामा स्त्रीहरुको उपस्थिति थियो भनेर उल्लेख गरिएको छ (प्रेरित १:१४)

१ "स्त्रीहरु" (१:१४)

२. येशूकी आमा मरियम (१:१४)

ऋ. यी विभिन्न सूचीहरुमा भएको विभिन्न स्त्रीहरुको बीचको वास्तविक सम्बन्धचाहिँ अनिश्चित नै रहेको छ । मरियम मग्दलिनीको अवश्य नै प्रमुख भूमिका रहेको छ । येशूको जीवन अनि सेवाकाईमा "स्त्रीहरु" माथिको एउटा असल लेखचाहिँ IVP बाट प्रकाशित *Dictionary of Jesus and the Gospels* को पृष्ठ ८८०–८८६ मा पाइन्छ ।

- **"सुगन्धित द्रव्य येशूको शरीरमा घस्नलाई"** यद्यपि यी स्त्रीहरुले योसेफ अनि निकोदेमसले येशूको शरीरलाई तयार पारेको अनि चिहानमा राखेको देखेका थिए, तर प्रत्यक्षरुपले समयको सीमितताको कारण (अर्थात् ३–६ बजेको बीचमा) यहूदी दाह–संस्कारको केही साधारण कार्यविधिहरु छोडिएको हुन सक्दथ्यो (सम्भवत् सुगन्धित मैनबत्ती अथवा विशेष अत्तरहरु), अनि परम्परागत कार्यविधिहरुलाई ठीकसँग पूरा गर्नलाई यी स्त्रीहरु गइरहेका थिए ।

**विशेष शीर्षक : दाह–संसकारमा प्रयोग गरिने सुगन्धित अत्तरहरु**

अ. मूर्, अरेबियन रुखहरुबाट बनाइएको एउटा सुगन्धित गम

१. पूरानो करारमा यस द्रव्यलाई बाह्र पल्ट प्रयोग गरिएको छ, प्रायजसो ज्ञानका साहित्यहरुमा एउटा अत्तरको रुपमा ।

२. योचाहिँ ज्योतिषीहरुद्वारा बालक येशूलाई चढाइएको उपहारमध्ये एउटा थियो (मत्ती २:११)

३. यसको चिह्नचाहिँ अचम्मको छ

अ. "अभिषेकको पवित्र तेल" मा प्रयोग गरिएको (प्रस्थान ३०:२३–२५)

आ. राजालाई उपहारको रुपमा प्रयोग गरिएको (मत्ती २:११)

इ. येशूलाई उहाँको दफन कार्यमा घस्नलाई प्रयोग गरिएको (यूहन्ना १९:३९ अनि सांकेतिक रुपमा यूहन्ना ११:२) । योचाहिँ तालमूड (अर्थात्, बेराकोथ (Berakhoth ५३ अ) मा वर्णन गरिएको यहूदी संस्कार अनुसार थियो ।

आ. धूप, एकप्रकारको सुगन्धित वृक्ष

१. सुगन्धित अत्तरसँग सम्बन्धित (गन्ती २४:६; भजन ४५:८; हितोपदेश ७:१७; श्रेष्ठगीत ४:१४)
२. लाशलाई सड्नबाट बचाउने प्रक्रियाको भागको रुपमा मिश्रीहरुले यसलाई मूर्रसँग मिसाएर प्रयोग गर्दथे ।
३. निकोदेमसले धेरै मात्रामा यसलाई येशूको दफन कार्यको लागि ल्याए अनि यसलाई उहाँको शरीरमा घसे (यूहन्ना १९:३९)। योचाहिँ तालमूड (अर्थात् बेतसाह (*Betsah*, 6a) मा वर्णन गरिएको यहूदी संस्कार अनुसार थियो ।

**१६:२ "साताको पहिलो दिनमा बिहानै घाम झुल्कँदा"** सबै सुसमाचारहरुले अलिकता बेग्लाबेग्लै समयलाई अभिलेख गरको छन् ।
१. मत्ती २८:१ मा "रिमरिम उज्यालो हुँदा" भन्ने छ ।
२. लूका २४:१ मा "बिहान सखारै" भन्ने छ ।
३. यूहन्ना २०:१ मा "अँध्यारो छँदै" भन्ने छ ।

प्रत्यक्षरुपले यी स्त्रीहरुले अँध्यारो छँदै आफ्ना घर छोडेका थिए, तर तिनीहरु चिहानमा पुगुञ्जेलसम्म (सम्भवत् तिनीहरुले सुगन्धित द्रव्यहरु किनेका थिए होलान्) उज्यालो भइसकेको थियो ।

**१६:३ "तिनीहरुले आपसमा भने"** यो एउटा अपूर्ण काल हो । तिनीहरु डराइरहेका थिए अनि घरिघरि एक अर्कामा सोधिरहेका थिए जसै तिनीहरु चिहानतिर जाँदै थिए ।

- **"ढुङ्गा कसले हटाइदेला"** चिहानको मुखलाई बन्द गरेको ठूलो ढुङ्गालाई तिनीहरुले सोंच्न अघि नै तिनीहरु अत्तरहरु सहित आफ्नो बाटो हिँडिसकेका थिए । मर्कूसले मत्ती २७:६२–६६ को सुरक्षा र बन्द गरिएको बारेमा कुनै कुरा अभिलेख गरेको छैन ।

यो ढुङ्गाचाहिँ गोलो थियो अनि खोपेर, बनाइएको चट्टानको मुखमा ठीकसित मिल्दथ्यो । यसलाई खाडलमा हाल्न सजिलो थियो, तर हटाउन एकदमै गाह्रो थियो ।

**१६:४ "मास्तिर हेर्दा"** प्रत्यक्षरुपले तिनीहरु एकदमै उदास थिए अनि शोकले गर्दा भूँइतिर हेरिरहेका थिए ?

- **"त्यो ढुङ्गा"** अत्तरहरुको मूल्य अनि अरु दफनका वस्तुहरुका कारण चिहान लुट्ने कामचाहिँ एकदमै आम घटना थियो । चिहानको स्थान अनि ढुङ्गाको आकारले योचाहिँ एउटा धनी मानिसको चिहान थियो भन्ने देखाउँदथ्यो (यशैया ५३:९)
- **"ढुङ्गा हटाइराखेको देखे"** मत्ती २८:२ मा यस्तो देखिन्छ कि एउटा भूइँचालोले (एउटा स्वर्गदूतको कारण आएको, लूका २४:४; यूहन्ना २०:१२) ढुङ्गालाई यसको स्थानबाट हटाइएको थियो अनि यो एक छेउमा पढिरहेको थियो ।

**१६:५ "चिहानभित्र पसेर"** यूहन्ना २०:११ मा मरियमले चिहानबाहिरबाटै हेरिन् भन्ने छ, तर लूका २४:३ ले पुष्टि गर्दछ कि कमसेकम कुनै बेला, स्त्रीहरु भित्र पसेका थिए ।

- **"तिनीहरुले ......... एकजना जवान मानिसलाई दाहिनेतिर बसिरहेको देखे"** साधारणतय् योचाहिँ मत्तीमा हो जहाँ दुईजना छन् – दुईजना गिरासिनीमा भूतहरु, यरीहोमा दुईजना अन्धा मानिसहरु इत्यादि, तर यहाँ लूका अनि यूहन्नामा त्यहाँ दुईजना स्वर्गदूतहरु छन् जबकि मर्कूस अनि मत्तीमा केवल एकैजना मात्र ।

जकरिया ५:९–१० बाहेक, बाइबलमा स्वर्गदूतहरुलाई पुरुषको रुपमा लिइएको छ ।

- **"सेतो वस्त्र लाएको"** उसको वस्त्रको अझ पूरा अभिलेख मत्ती २८:३ मा पाइन्छ (लूका २४:४ मा चाहिँ "चहकिलो पोशाक" लेखिएको छ)।

**१६:६ "आश्चर्य नमान"** यो एउटा नकारात्मक कृदन्तसहितको वर्तमान आज्ञासूचक हो, जसको साधारणतय् अर्थ हुन्छ अघिबाटै भइरहेको क्रियाकलापलाई रोक्नु । आत्मिकी साम्राज्यको शारीरिक प्रकटीकरणप्रति मानिसजाति सदैव भयभीत हुन्छन् अनि आश्चर्य मान्दछन् ।

- **"नासरतका येशू"** १४:६७ मा पूर्ण टिप्पणीलाई हेर्नुहोस् ।
- **"जो क्रूसमा टाँगिनुभएको थियो"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो (मत्ती २८:५) । यसमा निश्चित उपपद छ अनि शायद "क्रूसमा चढाइएको" उपाधी हुनसक्दछ (१ कोरिन्थी १:२३; २:२; गलाती ३:१) । जब हामी येशूलाई देख्छौं उहाँसँग अझै पनि क्रूसमा टाँगिएको चिह्नहरु हुनेछन्, जुनचाहिँ आदर अनि महिमाको तक्मा बनेको छ (१ कोरिन्थी १५:४ अनि प्रकाश ५:१२) । त्रि-एकमा भौतिक शरीर भएको व्यक्तिचाहिँ येशूमात्र हुनुहुन्छ ।
- **"उहाँ जीवित भइ उठ्नुभएको छ"** पुनरुत्थानचाहिँ ख्रीष्टियन विश्वासको मुख्य खामो हो (१ कोरिन्थी १५) । यसले येशूको जीवन अनि बलिदानप्रति परमेश्वरको स्वीकृतिलाई देखाउँदछ । योचाहिँ पत्रुस (प्रेरित २:२४–२८, ३२, ३:१५, २६; ४:१०; १ पत्रुस १:१३, ३:१८, २१, अनि पावल, प्रेरित १३:३०, ३३, ३४, ३७; १७:३१; रोमी ४:२४, ८:११; १०:९; २ कोरिन्थी ४:१४) ले घरिघरि दोहोऱ्याइरहने विषय हो । योचाहिँ पुत्रको प्रतिस्थापित मृत्यु (१ कोरिन्थी १५) लाई पिताबाट गरिएको स्वीकृतिको पुष्टिकरण हो । ईश्वरशास्त्रीयरुपमा ख्रीष्टको पुनरुत्थानमा त्रि-एकका तीनैजना व्यक्तिहरु सक्रिय हुनुहुन्थ्यो : पिता (प्रेरित २:२४; ३:१५; ४:१०; ५:३०; १०:४०; १३:३०, ३३, ३४; १७:३१); आत्मा (रोमी ८:११) अनि पुत्र (यूहन्ना २१९–२२; १०:१७–१८)। ८:३१ मा पुनरुत्थानमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"उहाँलाई राखेको ठाउँ हेर"** यसलेचाहिँ योसेफको चिहानमा भएको ढुङ्गाका थुप्रै तख्ताहरुमध्ये एउटालाई उल्लेख गरेको हुनसक्दछ । यूहन्ना २०:६–७ ले यस दफनको स्थानलाई अनि सुतीको कपडा कसरी पडिरहेको थियो भनेर वर्णन गर्दछ ।

**१६:७ "जाओ, र उहाँका चेलाहरु र पत्रुसलाई भनिदेओ"** पत्रुसलाई किन भनिएको हो ? (स्वर्गदूतमार्फत्) हाम्रा प्रभु अरुको ध्यान राख्ने अनि कति कोमल हृदयको हुनुहुन्छ कि उहाँले विश्वासबाट गिरेको अनि दुखित पत्रुसलाई चुन्नुभयो । पत्रुसले यी कुराहरुलाई स्मरण गर्दछन् ।

- **"उहाँ तिमीहरुका अघि अघि गालीलमा जाँदै हुनुहुन्छ"** आफ्नो पुनरुत्थानपछि गालीलमा येशूले आफ्ना चेलाहरुसँग पहिलेबाटै एउटा भेटघाटलाई तय गर्नुभएको थियो । चेलाहरुले यस घटनाको ईश्वरशास्त्रीय संकेतहरुलाई स्पष्टरुपले बुझेका थिएनन् (१४:२८; मत्ती २८:३२; २८:७, १०; यूहन्ना २१;१ कोरिन्थी १५:६) । मलाई लाग्छ योचाहिँ महान् आज्ञाको समय अनि स्थान थियो ।

**१६:८ "किनकी डर र आश्चर्यले तिनीहरु कामिरहेका थिए"** मत्ती २८:८ ले "अति आनन्दसँग" थपेको छ ।

- **"तिनीहरुले कसैलाई केही भनेनन्"** यो सुसमाचार एउटा त्यस्तो नकारात्मक टिप्पणीमा यति अचानक अन्त्य हुन्छ अनि कि प्राचीन शास्त्रीहरुले प्रत्यक्षरुपले यसलाई अन्त्य गर्नको लागि केही प्रकारको सारांशलाई थप्ने कोशिस गरे ।

१६:९–२० म, विश्वास अनि नियमको एउटैमात्र स्रोत, परमेश्वरको साँचो वचनको रुपमा प्रेरणा पाएका प्रेरितीय लेखहरुप्रतिमात्र समर्पित भएको छु । तरैपनि, यी पदहरु प्रेरणाद्वारा लेखिएको भने होइनन्, सम्भवत् अझ विश्वास विरुद्धका कुराहरु हुनसक्दछ (जस्तै विषपान्, साँपलाई खेलाउनु आदि) । तिनीहरुमाथि टिप्पणी गर्न म इन्कार गर्दछु । मूलपाठ सम्बन्धीका समस्याको पूर्ण छलफलका लागि Bruce M. Metzger को *A Textual Commentary on the Greek New Testament* को पृष्ठ १२२–१२६ मा हेर्नुहोस् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. चारैओटा सुसमाचारको अभिलेखहरुको बीचमा किन त्यस्तो भिन्नताहरु रहेका छन् ?
२. मर्कूसको सुसमाचार त्यसप्रकारको नकारात्मक टिप्पणीमा किन अन्त्य भएको छ त ?
३. पुनरुत्थानचाहिँ किन ख्रीष्टियन विश्वासको मूल खामो भएको छ ?

## १ पत्रुसको परिचय

लेखकत्व

अ. प्रेरित पत्रुसको लेखकत्वको लागि आन्तरिक प्रमाण

१. विशेष गरेर १:१ मा उल्लेख गरिएको छ ।

२. येशू र बाह्र चेलाहरुको वचनहरु अनि जीवनका अनुभवहरुको संकेत :

अ. E.G. Selwyn को *The first Epistle of St. Peter* (१९९४) बाट लिइएको उदाहरणहरु

क. १:३ – यूहन्ना २१:२७

ख. १:७–९ – लूका २२:३१; मर्कूस ८:२९

ग. १:१०–१२ – लूका २४:२५; प्रेरित १५:१

घ. ३:५ – मर्कूस १४:२९, ७१

ङ. ५:२– यूहन्ना २१:१५

आ. Alan Stibbbs को *The First Epistle General of Peter* (१९७१) बाट लिइएको उदाहरणहरु

क. १:१६ – मत्ती ५:४८

ख. १:१७– मत्ती २२:१६

ग. १:१८ – मर्कूस १०:४५

घ. १:२२ – यूहन्ना १५:१२

ङ. २:४ – मत्ती २१:४२

च. २:१९ – लूका ६:३२; मत्ती ५:३९

छ. ३:९ – मत्ती ३:३९

ज. ३:१४ – मत्ती ५:१०

झ. ३:१६ – मत्ती ५:४४; लूका ६:२८

ञ. ३:२० – मत्ती २४:३७–३८

ट. ४:११ – मत्ती ५:१६

ठ. ४:१३ – मत्ती ५:१०

ड. ४:१८ – मत्ती २४:२२

ढ. ५:३ – मत्ती २०:२५

ण. ५:७ – मत्ती ६:२५

३. प्रेरितमा पत्रुसको उपदेशसँग मिल्दोजुल्दो शब्दहरु अनि वाक्यांशहरु

(क) १:२० – प्रेरित २:२३

(ख) २:७–८ – प्रेरित ४:१०–११

(ग) २:२४ – प्रेरित ५:३०; १०:३९ (विशेष गरेर क्रूसको लागि ग्रीक शब्द *xylon* को प्रयोग)

(घ) ४:५ – प्रेरित १०:४५

४. पहिलो शताब्दीका समकालीन प्रचारकहरुका तुलना

क. सिल्वानस (सिलास) – ५:१२

ख. मर्कूस (यूहन्ना मर्कूस) – ५:१३

आ. प्रेरित पत्रुसको लेखकत्वको लागि बाहिरी प्रमाण

१. सुरुवाती मण्डलीहरुद्वारा सुरुमै अघि खुल्लारुपले ग्रहण गरिएका

अ. Clement of Rome ले आफ्नो *Letters to Corinthians* (सन् ९५) मा लेखेका, मिल्दोजुल्दो वाक्यांश, अनि सम्भवत् उद्धरणहरु ।

आ. *Epistle of Barnabas* (सन् १३०) मा, मिल्दोजुल्दो वाक्यांश अनि सम्भवत उद्धरणहरु ।

इ. Hieropolis को विसप, Papias (सन् १४०) द्वारा संकेत गरिएको Esubias को *His Eccl.* बाटको एउटा उद्धरणमा ।

ई. Polycarp द्वारा तिनको *Epistle to the Philippians* ८:१ मा उदधृत् गरिएको, तर तिनले १ पत्रुसले नाउँद्वारा उल्लेख गरेका छैनन् (Polycarp को सन् १५५ मा देहान्त भयो)

उ. Irenaeus को मृत्यु (सन् १४०–१२३)

ऊ. Origen बाट उदधृत् गरिएको (सन् १८५–२५३)। Origen ले विश्वास गर्दथे कि १ पत्रुस ५:१३, जहाँ पत्रुसले मर्कूसलाई "मेरा पुत्र" भनेर भनेका छन्, त्यसको अर्थ हुन्छ तिनले पत्रुसको सुसमाचार लेखेका थिए ।

ऋ. Tertullian बाट उदधृत् गरिएको (सन् १५०–२२२)

इ. प्रेरित पत्रुसको लेखकत्वमा उठाइएका प्रश्नहरुको लागि कारणहरु

१. यसलाई सन् १८० अनि २०० को बीचमा रोममा संकलित गरिएको क्यानोनिकल (Canonical) पुस्तकहरुको एउटा सूची, *Muratorian Fragment* मा, यसलाई सामेल गरिएको छैन ।

२. ग्रीक भाषाचाहिँ असल अनि माझिएको Koine ग्रीक भाषा रहेको छ, जुनचाहिँ एउटा अशिक्षित गालीली जालहारीबाट आउनु अचम्मलाग्दो छ (*a grammatos*, प्रेरित ४:१३)

३. योचाहिँ रोमीहरु र एफिसीहरुलाई लेखिएको पावलको लेखजस्तै नै सुनिन्छ ।

४. १ पत्रुसमा वर्णन गरिएको सतावटको विवरणचाहिँ पछिल्लो समयमा राम्रोसित मिलेको छ

अ. डोमिशियन (Domitian, सन् ८१–९६)

आ. ट्राजान ( Trajan, सन् ९८–११७)

ई. आधुनिक विद्वतासँग सम्बन्धित कुराहरुको सम्भावित उत्तरहरु

१. Muratorian Fragment नष्ट भएको छ अनि कमसे कम मूलपाठको एक हरफ हराएको छ (B.F. Westcott को *A General Survey of the History of the Canon of the New Testament*, छैटौं संस्करण, पृष्ठ २८९)।

२. पत्रुस अशिक्षित व्यक्ति थिएनन् (प्रेरित ४:१३), तर प्रतिष्ठित धर्म गुरुहरुको स्कुलमा भने कमै तालिम पाएका थिए । प्रत्यक्षरुपले गालीलका प्रायजसो यहूदीहरु जन्मबाटै दुईओटा भाषा बोल्ने गर्थे । यस छलफलमा अर्को मुख्य कारणचाहिँ हो पत्रुसले एउटा शास्त्रीलाई प्रयोग गरेका कुरा । १ पत्रुस ५:१२ को शब्दहरुले सुझाव दिन्छ कि तिनले सिल्वानस (सिलास) लाई प्रयोग गरेको हुनसक्दछ ।

३. पत्रुस र पावल दुवैले सुरुवाती मण्डलीमा सामान्य रहेका गिर्जाघरमा प्रयोग गरिने अथवा तालिमका सामग्रीहरु (धार्मिक प्रश्नमालाका प्रलेखहरु) लाई घरिघरि प्रयोग गरेका छन् । तिनीहरुको वर्षौंदेखि एक आपसमा केही सम्बन्ध पनि रहेको थियो (अर्थात् प्रेरित, गलाती अनि २ पत्रुस ३:१५–१६)।

मलाई के लाग्दछ भने पत्रुस र पावलको लेखाइको बीचको समानताको मुख्य सम्भावित कारणलाईचाहिँ पत्रुस पावलको सेवाकाइको सहकर्मी सिलास (सिल्वानस) लाई एकजना शास्त्रीको रुपमा लिएको थिए भनेर व्याख्या गर्न सकिन्छ ।

४. १ पत्रुसले आवश्यक रुपमा एउटा राष्ट्रव्यापी सतावटलाई प्रतिविम्बित गर्दैन । विश्वासीहरु सरकारको अधिनमा बस्न आवश्यक छ (२:१३–१७) भन्ने पत्रुसको पुष्टिकरणचाहिँ आधिकारिक रुपमा राष्ट्रव्यापी सतावटको दिनमा एउटा अनौठो कुरो हो ।

नेरो (सन् ५४–६८) को बढ्दो मानसिक बिमार (जस्तै grandiose claims) ले विशेष गरेर एसिया माइनरमा भएको स्थानीय सम्राटका झूटा भक्तहरुलाई, स्थानीय सतावटहरु उक्साउनलाई अझ प्रेरित गरेको थियो । १ पत्रुसचाहिँ नेरोको दिनमा भन्दा डोमिशियन (सन् ८१–९६) अनि ट्राजन (९८–११७) को समयसँग राम्रो गरी मिल्दछ । यस्तो पनि सम्भव छ कि केही सतावटहरुचाहिँ यहूदी झूण्डहरुबाट साथसाथै स्थानीय सरकारका अधिकारीहरु अथवा सम्राटका झूटा भक्तहरुबाट आइरहेका छन् ।

उ. १ पत्रुसमा पछिल्लो समय अथवा लेखकको माग गर्ने त्यस्तो कुनै कुरो छैन

**मिति**

अ. मितिचाहिँ लेखकत्वसँग स्पष्टरुपले सम्बन्धित रहेको छ ।

आ. सम्भवत् सन् ६५ मा, रोममा नेरोको अधीनमा पत्रुस र पावलको मृत्युचाहिँ पारम्पारिकरुपमै गाँसिएको छ । यदि त्यसो हो भने, तब त १ पत्रुस लगभग सन् ६३–६४ तिर लेखिएको हुनुपर्दथ्यो ।

इ. यदि Clement of Rome (सन् ९५) द्वारा १ पत्रुसलाई संकेत गरेको हो भने पहिलो मध्यम शताब्दीको मितिचाहिँ सम्भवत् हुनसक्दछ ।

ई. पत्रुसको मृत्यु सन् ६७–६८ मा भएको थियो अनि तिनले १ पत्रुसचाहिँ सन् ६५–६६ मा लेखेका थिए भनेर A.T. Robertson भन्दछन् । मलाई के लाग्छ भने तिनी सन् ६४–६५ मा मरे अनि यसभन्दा केही अघि लेखेका थिए ।

**प्रापकहरु**

अ. पहिलो शताब्दीका विशिष्ट पत्रहरुका प्रापकहरुलाई १:१ मा "पोन्तस, गलातिया, काप्पाडोसिया, एसिया अनि बिथाईनियाभरि नै छरिएर बसेको अन्य जातिहरुझै बस्नेहरु" को रुपमा टिप्पणी गरिएका छन् । यस्ता रोमी भूभागहरु (अर्थात्,गलातियालाई चाहिँ उत्तरी प्राचीन गलातिया भनी मानिएको छ) चाहिँ आधुनिक टर्कीको उत्तरी भागतिर अवस्थित रहेका छन् । यिनीहरुलाई प्रत्यक्षरुपले त्यस्ता ठाउँहरु हुन् जहाँ पावलले सुसमाचार गरेनन् (प्रेरित १६:६) नता पत्रुसले नै गरे (१:१२)। यी मण्डलीहरुचाहिँ सम्भवत् परिवर्तन भएका यहूदीहरुद्वारा सुरु गरियो जो पेन्तिकोसपछि घर फर्केका थिए (प्रेरित २:९–११)

आ. यद्यपि यी मण्डलीहरु पत्रुसको लेखको समयमा मूलरुपले यहूदी विश्वासीहरुबाटै सुरु भएको भएता पनि, तिनीहरु प्रायःजसो अन्य जातिहरु नै थिए ।

१. पहिले परमेश्वरप्रति अन्जान (१:१४)
२. पिता–पूर्खाबाट आएका व्यर्थका जीवनशैलीको उत्तराधिकार गर्ने (१:१८)
३. अब परमेश्वरका जन भएका (२:९–१०, होशे १:९–१०; २:२३ लाई प्रयोग गरिएको)
४. अन्य जातिहरु माझको (२:१२)
५. अन्य जातिहरुका नराम्रा कामहरुको सूची (४:३–४)

इ.	पुस्तकमा यहूदी तत्त्वहरु रहेका छन् ।

१.	“अन्य जातिहरु” अनि “डायस्पोरा” शब्दहरुको प्रयोगले यहूदी दृश्यलाई झल्काउँदछ (यूहन्ना ७:३५; प्रेरित ७:६)

२.	पूरानो करारका वचनहरुको प्रयोग ।

अ.	प्रस्थान १९ (२:५, ९)

आ.	यशैया ५३ (१:१९; २:२२, २४, २५)

तरैपनि, यस्ता उदाहरणहरुले आवश्यकरुपमा एउटा यहूदी मण्डलीलाई प्रतिविम्बित गर्दैन, तर

१.	पूरानो करारका उपाधिहरुलाई इस्राएलबाट मण्डलीमा रुपान्तर गर्दछ (अर्थात् “पूजाहारीको राज्य”)

अ.	२:५

आ.	२:९

२.	मण्डलीका तालीम सम्बन्धीका प्रलेख (अर्थात् नयाँ विश्वासीहरुका लागि धर्मशिक्षाका सामग्रीहरु) जसले पूरानो करारका मसिही मूल पाठहरुलाई प्रयोग गर्दछ ।

अ.	१:१९ – यशैया ५३:७ (अर्थात् थुमा)

आ.	२:२२ – यशैया ५३:५

इ.	२:२४ – यशैया ५३:४, ५, ११, १२

ई.	२:२५ – यशैया ५३:६

ई.	यद्यपि पत्रुसलाई विशेष गरेर यहूदीहरुमाझ सेवाकाइ गर्ने (गलाती २:८) भनिए तापनि, तिनले पावलले झैं यहूदीहरु अन्य जातिहरु दुवैसँग काम गरे (प्रेरित १०)। करनेलियसको परिवर्तनले पत्रुसलाई सुसमाचारको मुख्य सम्मिलिततालाई देखाउँदछ । १ पत्रुसले यस नयाँ बुझाइलाई झल्काउँदछ ।

## उद्देश्य

अ.	१ पत्रुसमा सैद्धान्तिक अनि व्यावहारिक दुवै पक्ष रहेको छ । तरैपनि, पावलले आफ्नो पत्रहरुलाई सुरुवाती भागलाई सिद्धान्तमा अनि समाप्तिको भागलाई व्यवहारमा विभाजन गरेका छन्, पत्रुसलेचाहिँ दुवैलाई मिलाएको छ । तिनको पुस्तकलाई रुपरेखा खिँच्न एकदमै कठिन छ । धेरै प्रकारले योचाहिँ पत्रभन्दा पनि धेरै एउटा उपदेश जस्तो झल्किन्छ ।

आ.	छलफल गरिएको मुख्य विषयहरुचाहिँ कष्ट अनि सतावट हो । यसलाई दुई तरिकामा गरिएको छ ।

१.	येशूले कष्ट अनि तिरस्कारको विशिष्ट उदाहरणको रुपमा प्रस्तुत गर्नुभयो (१:११; २:२१, २३; ३:१८; ४:१, १३; ५:१)

२.	येशूका अनुयायीहरुलाई उहाँको शैली अनि मनोवृत्तिलाई अझ राम्रो बनाउनको लागि बोलाइएका छन् (१:६–७; २:१९; ३:१३–१७; ४:१, १२–१९; ५:९–१०)।

ई.	ख्रीष्टियनिटीको सुरुवाती वर्षहरुमा कष्ट र सतावटचाहिँ एकदमै साधारण कुरो भएको प्रकाशमा, दोस्रो आगमनलाई जति नै बारम्बार उल्लेख गरिएता पनि यो छक्क पर्ने कुरो भएन । यो पुस्तक पनि, नयाँ करारका प्रायजसो लेखहरु झैं, पूर्णरुपले मृत्यु र इन्साफको विषयमा रहेको छ ।

## शैली

अ.	यस पुस्तकमा पहिलो शताब्दीको विशिष्ट ग्रेको-रोमन (Greco–Roman) सुरुवात अनि अन्त्य छ ।

१.	१:१–२
	अ. लेखक
	आ. प्रापक
	ई. प्रार्थना
२.	५:१२–१४
	अ. अन्तिम अभिवादन
		१. कसबाट
		२. कसलाई
	आ. प्रार्थना
आ.	पत्रको मुख्य भाग पत्रभन्दा पनि एउटा उपदेशसँग मिल्दोजुल्दो छ । कसैले यसलाई :
	१. पहिले एउटा उपदेश
	२. पहिले एउटा बप्तिस्माको धार्मिक विधि
	३. सुरुवाती मण्डलीको धर्म शिक्षामा सामग्रीहरु समावेश भएको पहिलो टुक्रा थियो भनेर मानिलिएका छन् ।

इ.	पत्रचाहिँ ४:१ मा *doxology* संग बन्द भएको जस्तो देखिन्छ तर कुनै पनि ग्रीक पाण्डुलिपीहरु यति मै बन्द हुँदैन । यो सम्भव रहेको छ कि ४:१२–५:११ चाहिँ सम्पूर्ण पत्रको एउटा उद्देश्यपूर्ण सार हो ।

ई.	म व्यक्तिगत रुपमा के विश्वास गर्छु भने १ पत्रुसले ती मण्डलीहरुमा एउटा चक्रीय पत्रको रुपमा काम गरेको छ जसलाई पत्रुसले व्यक्तिगतरुपमा सुरु गरेनन्, जसरी पावलले कलस्सीहरुमा गरेनन् (कलस्सीया, लाउडिकिया अनि हियेरापोलिसमा पठाइएको, कलस्सी ४:१३), तर गलातीहरु र एफिसीहरुलाई लेखिएको पावलको पत्रझैं विश्वासीहरुलाई आउन लागेको समस्याहरुप्रति सचेत हुनलाई गरिएको एउटा आम उत्साहको रुपमा काम गरेको छ ।

यस चक्रीय शैलीले पत्रको व्यक्तिगत सुरुवात अनि अन्त्यको कमीलाई व्याख्यालाई गरेको छ । यसले सतावटको विशेष उदाहरणहरुको कमीलाई पनि व्याख्या गर्दछ ।

## क्यानोनीकरण (Canonization)

अ.	म, १ पत्रुसमा क्यानोनीकरणको वर्गलाई समावेश गर्दछु किनभने यो विषय २ पत्रुससँग साह्रै विवादास्पद रहेको छ ।

आ.	१ पत्रुसलाई Eusebius को *Eccl. His.* ३:३:२५ मा “निर्विवाद पुस्तकहरु” को भागको रुपाम सूचीबद्ध गरिएको छ । प्राचीन मण्डलीमा यसलाई प्रेरित पत्रुसबाटको एउटा साँचो पत्रको रुपमा कहिल्यै शंका गरिएन ।

इ.	थुप्रै किर्ते लेखहरुचाहिँ पत्रुसले नै लेखेका हुन् भनेर भनिएको कारण कयानोनिकरणका विषयचाहिँ अझ खराब भएर गएका हुन् । केवल १ पत्रुस अनि विवादित २ पत्रुसलाई मात्र साँच्चै प्रेरितबाटै लेखिएको हो भन्ने र बुझ्दै, सुरुवाती मण्डलीहरुले यिनीहरुमध्ये कसैलाई पनि स्वीकार गरेनन् ।

१.	पत्रुसका कामहरु
२.	पत्रुस र अन्द्रियासका कामहरु
३.	पत्रुस र पावलका कामहरु
४.	पत्रुस र पावलको धैर्यता

५. पत्रुस अनि बाह्र चेलाहरुका कामहरु
६. पत्रुसको विध्वंसक कुराहरु
७. पत्रुसको सुसमाचार
८. पत्रुसको धैर्यता
९. पत्रुसको प्रचार
१०. पत्रुसको स्लाभहरुसँगको कामहरु

यस्ता हरेक किर्ते लेखहरुको छलफलका लागि *Zondervan Pictorial Encyclopedia of the Bible* Vol 4. पृष्ठ ७२१–७२३, ७४० लाई हेर्नुहोस् । पत्रुसले लेखेका हुन् भनेर अनुमान गरिएका यस्ता कुनै पनि लेखहरुलाई अझ गम्भीरतापूर्वक नयाँ करारको क्यानोनको भाग भनी मानिलिइयो । यो, यसमा अनि आफैंले पनि १ अनि २ पत्रुसको समावेशको विषयमा अझ धेरै कुराहरु भन्दछ ।

## अध्ययन चक्र एक ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य हुनुहुन्छ । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । सम्पूर्ण पुस्तकको केन्द्रिय विषयलाई आफ्नै शब्दमा उल्लेख गर्नुहोस् ।

१. सम्पूर्ण पुस्तकको विषय
२. साहित्यको प्रकार (शैली)

## अध्ययन चक्र दुई ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य हुनुहुन्छ । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । मुख्य विषयमाथि रेखा खिँच्नुहोस् र विषयलाई एउटै शब्दमा व्यक्त गर्नुहोस् ।

१. पहिलो साहित्यिक एकाईको विषय

२. दोस्रो साहित्यिक एकाईको विषय

३. तेस्रो साहित्यिक एकाईको विषय

४. चौथो साहित्यिक एकाईको विषय

५. इत्यादि

# १ पत्रुस १:१–२:३

## आधुनिक अनुवादहरुको परिच्छेद विभाजनहरु

| UBS[4] | NKJB | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| अभिवादन | चुनिएका जनहरुलाई अभिवादन | अभिवादन | परिचय | सम्बोधन अनि अभिवादन |
| १:१–२ | १:१–२ | १:१–२ | १:१अ, १:आ–२अ, १:२आ | १:१–२ |
| जीवित आशा | स्वर्गीय उत्तराधिकार | उद्धारमा आनन्द | जीवित आशा | ख्रीष्टियनहरुको परिचय र उत्तराधिकार |
| १:३–९ | १:३–१२ | १:३–९ | १:३–५ | १:३–५ |
| | | | | ख्रीष्टप्रतिको विश्वासयोग्यता अनि ख्रीष्टको प्रेम |
| | | | १:६–९ | १:६–९ |
| १:१०–१२ | | १:१०–१२ | १:१०–१२ | १:१०–१२ |
| पवित्र जीवनको लागि बोलावट | परमेश्वर हाम्रा पिताको सामुन्ने जिउनु | पवित्रताको लागि अपिल | पवित्र जीवनको लागि बोलावट | नयाँ बप्तिस्मा पाएकाहरुका नयाँ जीवन अनि पवित्रताको माग |
| १:१३–१६ १:१७–२१ | १:१३–२१, | १:१३–१६ १:१७–२१ | १:१३–१६ १:१७–२१ | १:१३–२१ |
| | नित्य रहने वचन | | | वचनबाट नयाँ गरी जन्मनु |
| २:२२–२५ | १:२२–२:३ | १:२२–२:३ | १:२२–२५ | १:२२–२:३ |

### अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

### परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य हुनुहुन्छ । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुबादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**शब्द अनि वाक्यांश अध्ययन**

NASB (UPDATED) TEXT: 1:1-2

१येशू ख्रीष्टको प्रेरित पत्रुसबाट, पोन्टस, गलातिया, कापाडोकिया, एशिया र बिथिनियाभरि निर्वासित भई छरपष्ट भएकाहरुलाई, २येशू ख्रीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काइको निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पिताद्वारा उहाँको पूर्व ज्ञानअनुसार चुनिएकाहरुलाई अनुग्रह र शान्ति प्रशस्त हुँदै जाओस् ।

**१:१ "पत्रुस"** पत्रुसचाहिँ बाह्र चेलाहरुका लागि स्पष्टरुपले प्रवक्ता थिए । तिनी भित्री समूह (पत्रुस, याकूब र यूहन्ना) को एउटा भाग थिए । येशूको जीवन अनि शिक्षाहरु (५:१) को पत्रुसको प्रत्यक्षदर्शी विवरणलाई मर्कूसको सु–समाचारमा अभिलेख गरिएको छ (सम्भवत् लेखिएको पहिलो सु–समाचार ; रोममा पत्रुसको उपदेशबाटले मर्कूसद्वारा लेखिएको हुनसक्दछ)।

पत्रुसको येशूसँगको विशेष सम्बन्धलाई मत्ती १६ अनि यूहन्ना २१ दुवैमा प्रलेख गरिएका छन् । तरैपनि, यस विशेष सम्बन्धलाई नेतृत्वको रुपमा स्वीकार गरिएन । पत्रुसचाहिँ पश्चिमी ख्रीष्टेनडोम (Christendom) को अगुवा (Pope) को रुपमा एउटा ऐतिहासिक विकास हुन् (जसरी रोमन क्याथोलिकमा मरियमलाई हेरिन्छ), तर स्पष्ट बाइबल शिक्षा भने होइन । १ पत्रुसले यस अचम्मको अगुवाको पाष्टरी हृदय अनि कोलाहलपूर्ण जीवनमाथिको एउटा प्रकाश दिन्छ ।

ग्रीकमा *petros* शब्दको अर्थ हुन्छ "मुख्य चट्टान" को तुलनामा एउटा "अलग गरिएको ढुङ्गा हुन्छ (*petra* अर्थात्, स्त्रीलिङ्ग), मत्ती १६:१८); आरमिकमा दुवैलाई *Cephas* भनी अनुवाद गरिएको छ । येशूले पत्रुसलाई भन्नुभएको कुरामा दुईओटा ग्रीक शब्दहरुको बीचको कुनै पनि भिन्नतालाई गुमाइएको छ !

- **"प्रेरित"** यसलाई धर्मगुरुहरुको यहूदीवादमा "अधिकारसहित पठाइएको" को संकेतार्थसँग प्रयोग गरिएको थियो । पत्रुसलाई सदैव पहिलो सुचीमा राखिन्थ्यो । येशूले एउटा विशेष अर्थमा आफूसँग रहनलाई आफ्ना चेलाहरुबाट बाह्र जनालाई चुन्नुभयो अनि तिनीहरुलाई "प्रेरितहरु" भनी बोलाउनुभयो (लूका ६:१३)। यस शब्दलाई येशूको बारेमा पिताबाट पठाइएको भन्ने रुपमा

बारम्बार प्रयोग गरिएको छ (मत्ती १०:४०; मर्कूस ९:३७; लूका ९:४८; यूहन्ना ४:३४; ५:२४, ३०, ३६, ३७, ३८; ६:२९, ८:४२; १०:३६; ११:४२; १७:३, ८, १८, २१, २३, २५; २०:२१)। बाह्र जनालाई मत्ती १०:१–४; मर्कूस ३:१३–१९; लूका ६:१२–१६; प्रेरित १:१२–१३ मा सूचीबद्ध गरिएको छ ।

- **"येशू"** हिब्रू नाउँको अर्थ हुन्छ "YHWH ले बचाउनुहुन्छ" अथवा "YHWH ले उद्धार ल्याउनुहुन्छ ।" यो नाउँचाहिँ एकजना स्वर्गदूतबाट उहाँका माता–पितालाई प्रकट गरिएको थियो (मत्ती १:२१)। "येशू" चाहिँ उद्धारको लागि *hosea* भनिने हिब्रू शब्दबाट लिइएको हो, जुनचाहिँ परमेश्वरको करारीय नाउँ YHWH मा प्रत्ययको रुपमा आएको छ । योचाहिँ हिब्रू नाउँ यहोशू जस्तै नै छ ।
- **"ख्रीष्ट"** योचाहिँ हिब्रू शब्द *messiah* को ग्रीक समानान्तर हो, जसको अर्थ हुन्थ्यो "अभिषेकजन" । यसले "एउटा विशेष कामको लागि परमेश्वरबाट बोलाइएको अनि तयार पारिएको" भन्ने संकेत गर्दछ । पूरानो करारमा अगुवाहरुको तीन ओटा झूण्डहरुलाई अभिषेक गरिन्थ्यो : पूजाहारीहरु, राजाहरु अनि अगमवक्ताहरु । येशूले यस्ता तीनैओटा अभिषेक गरिएका पदहरुलाई पूरा गर्नुभएको छ (हिब्रू १:२–३)। मर्कूस ६:१३ मा "बाइबलमा अभिषेक" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**NASB** **"निर्वासितको रुपमा बस्नेहरुलाई"**
**NKJV** **"डायस्पोराका यात्रीहरुलाई"**
**NRSV** **"निर्वासित भई छरपष्ट भएकाहरुलाई"**
**TEV** **"शरणार्थीहरुको रुपमा बस्ने परमेश्वरका चुनिएका जनहरुलाई"**
**NJB** **"निर्वासितको रुपमा बस्ने सबैलाई"**

यस चक्रीय पत्रलाई प्रायजसो अन्य जाति विश्वासीहरु भएको मण्डलीहरुमा पठाइएको थियो ( १:१४, १८; २:९–१०, १२; ४:३–४)। पत्रुसले नयाँ करारका मण्डलीलाई वर्णन गर्न घरिघरि पूरानो करारका शब्दहरुलाई प्रयोग गरेका छन् (१ पत्रुस २:५, ९)।

**"छरपष्ट भएकाहरु"** योचाहिँ शाब्दिक "डायस्पोरा" हो जसको अर्थ हुन्छ "छर्नु" । यस शब्दलाई चाहिँ विशेष गरेर प्यालेष्टाइन बाहिर बस्ने यहूदीहरुलाई उल्लेख गर्न प्यालेष्टिनी यहूदीहरुले प्रयोग गर्दथे ( यूहन्ना ७:३५)। पत्रुसले यसलाई उत्तरी एसिया माइनरमा अन्य जातिहरु र यहूदी विश्वासीहरुबाट बनिएको मण्डलीहरुको उल्लेख गर्नलाई प्रयोग गरेका छन् । यी विश्वासीहरु अहिले स्वर्गका वासिन्दाहरु भएका छन् (फिलिप्पी ३:२०; हिब्रू ११:८ –१०, १३–१६), तर तिनीहरुको सांसारिक जीवनको शेष अंशको लागि तिनीहरु अन्य जातिहरु र निर्वासितहरु झैं जिउँदछन् ।

**"पोन्टस्, गलातिया, कापाडोकिया, एसिया र बिथिनिया"** पोन्टस एउटा रोमको प्रान्त थिएन । यस सूचीले प्रायः जातीय झूण्डहरुको उल्लेख गर्दछ । यस सूचीले काला सागर (Black Sea) को सिनोपे (Sinope) बाट सुरु गरेर बिथिनियासम्म आउने, यस पत्रलाई बोकेर लैजानेको मार्गलाई प्रतिविम्बित गरेको जस्तो देखिन्छ । यी झूण्डहरुका धेरै जसोलाई पेन्तिकोसमा उपस्थित रहेकाहरुको रुपमा उल्लेख गरिएको छ (प्रेरित २:९–११)

**१:२ "परमेश्वर पिताद्वारा उहाँको पूर्व ज्ञानअनुसार चुनिएकाहरुलाई"** YHWH ले इस्राएलीहरुलाई चुन्नुभएको (व्यवस्था ४:३७; ७:६–७; १४:२; यशैया ६५:९) कुरालाई मानिलिन पूरानो करारमा घरिघरि प्रयोग गरिएको परमेश्वर पिताको सार्वभौममाथि दिइएको (जसले १ पत्रुसलाई चरितार्थ गरेको छ) एउटा गहिरो जोड हो । पूरानो करारमा चुनिएकाचाहिँ सेवासँग सम्बन्धित रहेको छ; तरैपनि, नयाँ करारमा यस शब्दले आत्मिकी उद्धारसँग सम्बन्ध राख्दछ ।

पूर्व ज्ञान (नाम, *Prognōsis*) यहाँ अनि प्रेरित २:२३ (क्रिया, *Proginōskō*) मात्र भएको शब्दलाई रोमी ८:२९ मा ईश्वरशास्त्रीयरुपमा प्रयोग गरिएको छ, जुनचाहिँ मानिसको कोशिस अथवा योग्यतासँग सम्बन्धित छैन (एफिसी २:८–९; २ तिमोथी १:९; तीतस ३:५)। परमेश्वर त सार्वभौम हुनुहुन्छ अनि उहाँमा सबै इतिहास प्रस्तुत हुन्छ । केवल मानिस जातिले मात्र समयलाई विगत, वर्तमान र भविष्य भनी अनुभव गर्दछन् । याद गर्नुहोस्, प्रेरितहरुका झूण्डको प्रवक्ता अनि येशूलाई इन्कार गर्ने पत्रुसले नै यी वचनहरु लेखेका हुन् । परमेश्वर को हुनुहुन्छ भन्ने कारणले पत्रुसलाई चुनियो, तर पत्रुस को हो भन्ने कारणले होइन । परमेश्वरको अनुग्रहचाहिँ मानिस–जातिको भविष्यको काममाथि आधारित अरु उद्धार अथवा पूर्वज्ञानसँग सम्बन्धित छैन ।

यहाँ त्रि-एकलाई सक्रियरुपमा देखिन्छ : पिता (३–५ पद, पुत्र ६–९ पद) अनि पवित्र आत्मा ( १०–१२ पद)। "त्रि-एक" शब्दचाहिँ एउटा बाइबलीय शब्द होइन, तर एकीकृत सन्दर्भमा तीनजना परमेश्वरलाई घरिघरि प्रयोग गरिएको छ । मर्कूस १:११ मा त्रि-एक माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : चुनाव**

चुनावचाहिँ एउटा अचम्मको सिद्धान्त हो । तरै पनि, यसलाई पक्षीयवाद भनिँदैन; तर अरुहरुको छुटकाराको एउटा बाटो, साधन अथवा माध्यम भनिन्छ । पुरानो करारमा यस शब्दलाई प्रारम्भिकरुपमा सेवाको लागि प्रयोग गरिन्थ्यो, नयाँ करारमा यसलाई प्रारम्भिकरुपमा उद्धारको लागि प्रयोग गरिएको छ, जुनचाहिँ सेवाबाट आउँदछ । परमेश्वरको सार्वभौमता अनि मानिसको स्वतन्त्र इच्छाको बीचको असंगतिलाई बाइबलले कहिले पनि पुनर्मिलन गर्दैन, तर दुवैलाई पुष्टि भने गर्दछ । परमेश्वरको सार्वभौम चुनावमाथिको बाइबलीय तनावको एउटा असल उदाहरणचाहिँ रोमी ९ भएको छ अनि मानिस जातिको आवश्यक प्रतिउत्तर माथिको चाहिँ रोमी १० भएको छ (१०:११, १३)

यस ईश्वरशास्त्रीय तनावको मुख्य कुञ्जीलाई सायद एफिसी १:४ मा पाउन सकिन्छ ! येशूचाहिँ परमेश्वरको चुनिएका व्यक्ति हुनुहुन्छ अनि उहाँमा सबैजना क्षमतावानरुपले चुनिएका छन् (Karl Barth) । भाग्यको लक्ष्यचाहिँ स्वर्ग होइन, तर पवित्रता (ख्रीष्ट जस्तै) हो भनेर पुष्टि गर्दै एफिसी १:४ ले पनि विषयलाई स्पष्ट पार्नमा मद्दत गर्दछ । हामी घरिघरि सुसमाचारको सुविधाहरुप्रति आकर्षित हुन्छौं अनि जिम्मेवारीहरुलाई वेवास्ता गर्दछौं ! परमेश्वरको बोलावट (चुनाव) चाहिँ सदाकालको लागि साथसाथै अनन्तको लागि हुन्छ !

सिद्धान्तहरुचाहिँ अरु सत्यताहरुको सम्बन्धमा आउँदछ, तर एक्लो अनि असम्बन्धित सत्यताहरुको रुपमा होइन । यसको एउटा असल समानताचाहिँ एउटा तारापुञ्ज बनाम् एउटा एक्लो तारा हो । परमेश्वरले सत्यतालाई पूर्वीय शैलीमा प्रस्तुत गर्नुहुन्छ, तर पश्चिमी शैलीमा होइन ।

सैद्धान्तिक सत्यताहरुको कुनै वर्गको बोलीको (विरोधाभाषरुपी) सम्बन्धी जोडाहरुद्वारा सृजिएको तनावलाई हामीले हटाउनु हुँदैन (उत्कृष्ट परमेश्वर बनाम श्रेष्ठ परमेश्वर । जस्तै सुरक्षा बनाम् दृढता ; पिता समानको येशू बनाम् पितालाई चापलुसी गर्ने येशू : ख्रीष्टियन स्वतन्त्रता बनाम् करारीय मित्रप्रतिको ख्रीष्टियन जिम्मेवारी इत्यादि)।

"करारको ईश्वरशास्त्रीय अवधारणाले परमेश्वरको सार्वभौमता (जसले सदैव पहिलो पाइला चाल्दछ अनि कार्य सूचीहरु तयार पार्दछ) लाई मानिस जातिबाटको आदेशात्मक सुरुवात अनि निरन्तरताको पश्चातापजस्ता विश्वासका प्रतिउत्तरसँग गाँस्दछ (मर्कूस ११:१५; प्रेरित ३:१६; १९; २०:२१)। विरोधाभाषको एकतर्फ अनि अर्कोलाई तुच्छ ठान्ने मूल पाठको प्रमाणीकरणदेखि सावधान हुनुहोस् ! ईश्वरशास्त्रको तपाइँकै मात्र प्रिय सिद्धान्त अथवा प्रणालीको पुष्टिकरणदेखि तपाइँ सावधान हुनुहोस् !

- **"पवित्र आत्माद्वारा शुद्ध भई"** "शुद्ध पार्नु" चाहिँ "सन्त" अथवा "पवित्र" जस्तै त्यही नै ग्रीक मूलबाट आएको हो ; आरमिकमा यस शब्दले "विशेष कामको लागि छुट्याइएका" भन्ने संकेत गर्दछ । विश्वासीहरुचाहिँ "बोलाइएका, छुट्याइएका अनि काम सुम्पिइएकाहरु हुन्" (२ थेसलोनिकी २:१३, जुनचाहिँ तीनओटा अर्थ लाग्ने परिच्छेद पनि हो)

पतित मानिस जातिको पापको समस्यासँग सम्बन्धित त्रि-एकका तीनै व्यक्तिहरुका छुटकाराको कामहरुको यस सुरुवाती पुष्टिकरणचाहिँ पत्रुसको सुसमाचारको बुझाइमा महत्त्वपूर्ण रहेको छ ।

१. पिता – चुन्नुभयो
२. पवित्र आत्मा – पवित्र पार्नुभयो
३. पुत्र–आफ्नो जीवन दिनुभयो

किनभने यस वाक्यांशलाई २ थेसलोनिकी २:१३ अनि १ पत्रुस १:२ दुवैमा पाइने हुनाले, सिल्वानस (५:१२, सिलास पनि भनिन्छ) लाई पत्रुसले १ पत्रुस लेख्न शास्त्रीको रुपमा साथसाथै पावलले १ अनि २ थेसलोनिकी (१ थेसलोनिकी) १:१;२ थेसलोनिकी १:१) लेख्न शास्त्रीको रुपमा प्रयोग गरेका कुरालाई अनुमान लगाउन रोचकपूर्ण कुरो हुन्छ । १ पत्रुसमा यस्ता थुप्रै संकेतहरु छन् । मर्कूस ३:९ मा आत्माको व्यत्तित्वमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् । यसले शास्त्रीहरुलाई सुरुवाती मण्डलीका समुदायद्वारा प्रयोग गरिएका धार्मिक विधिहरुका आम वाक्यांशको रचना गराइमा दिइएको स्वतन्त्रतालाई पनि प्रदर्शन गर्दछ ।

- **"येशू ख्रीष्टका आज्ञापालन"** बाइबलले परमेश्वरसँगको मानिसजातिको सम्बन्धलाई परम्परागत शब्दहरुमा प्रस्तुत गर्दछ । परमेश्वरले सदैव पहिलो पाइला चाल्नुहुन्छ अनि कार्यसूचीलाई तयार पार्नुहुन्छ, तर मानिस जातिले पश्चाताप, विश्वास, आज्ञाकारिता, सेवा अनि दृढतामा जवाफ दिनैपर्दछ । हामीलाई त सेवा गर्नको लागि बचाइएको हो ! आज्ञापालन चाहिँ महत्त्वपूर्ण छ (लूका ६:४६; एफिसी २:१०)। मर्कूस १४:२४ मा करार माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"उहाँका रगतको छिट्काइको"** योचाहिँ तलका कुराहरुका लागि पूरानो करारका अलंकार हो :

१. शुद्ध गराई अनि क्षमादान (लेवी १४:१–७)
२. करारको पुस्तकको उद्घाटन गरिने काम (प्रस्थान २४:३–८)
३. एउटा नयाँ पदमा नियुक्त गरिने काम (प्रस्थान २९:२०–२२)

येशूको बलिदान (यशैया ५३; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१) ले उहाँका अनुयायीहरुलाई ग्रहण गरिन, शुद्ध पारिन, क्षमा दिइन अनि परमेश्वरसँगको एउटा नयाँ सम्बन्धलाई प्राप्त गरिन अनुमति दिन्छ (हिब्रू १०:२२; १२:२४)। विश्वासीहरुचाहिँ रगतद्वारा किनिएका (छुटकारा गरिएका) अनि रगत छिट्काइएका (पवित्र पारिएका) मानिसहरु हुन् ।

- **"अनुग्रह र शान्ति प्रशस्त हुँदै जाओस्"** योचाहिँ २ पत्रुस २:१ अनि यहूदा २ पदसँग मिल्दोजुल्दो छ । पावलले पनि आफ्ना पत्रहरुमा त्यस्तै सुरुवातलाई प्रयोग गर्दथे । पावलको पत्रहरुसँग, विशेष गरेर रोमी र एफिसीसँग पत्रुस परिचित भएको हुन सक्दथ्यो, अथवा ती दुवैले पहिलो शताब्दीको आम धर्म शिक्षाका परम्परा (अर्थात् नयाँ विश्वासीहरुका लागि तालीमका सामग्रीहरु) लाई खिँचेका थिए । याद गर्नुहोस् कि सिलासले पत्रुस (५:१२) अनि पावल (१ अनि २ थेसलोनिकी १:१) दुवैको शास्त्रीको रुपमा सेवा गरेको हुन सक्दछ । सिलासले यूहन्ना मर्कूसलाई पनि हटाइदिए जसले सम्भवत् नयाँ विश्वासीहरुलाई सिकाउँदथे । यदि त्यसो हो भने, धर्मशिक्षाको तालिम दियाइमा सिलास पनि संलग्न थिए अनि त्यसैले गर्दा नयाँ विश्वासीहरुका लागि लेखिएको सुरुवाती मण्डलीका सामग्रीसँग परिचित थिए ।

**"अनुग्रह र शान्ति"** चाहिँ एउटा अनौठो खीष्टियन सुरुवती अभिवादन साथसाथै परमेश्वरको महिमित चरित्र अनि छुटकाराका कामहरुको प्राथमिकताको एउटा ईश्वरशास्त्रीय पुष्टिकरण हो जसले मानिस जातिको शान्ति, त्रि-एक परमेश्वरका कामहरुद्वारा ल्याइएको शान्ति (२ पद) को लागि एउटा ठाउँ तयार पार्दछ । हाम्रो शान्तिचाहिँ परमेश्वर को हुनुहुन्छ अनि उहाँले के गर्नुभएको छ भन्ने कारणले गर्दा मात्र सम्भव हुन्छ ।

योचाहिँ यस खीष्टियन प्रकारको आमपत्रको सुरुवातलाई पत्रुसले अन्य जाति विश्वासीहरु (अनुग्रह, जुनचाहिँ ग्रीक अभिवादन, charein को खीष्टियन रुप थियो ) अनि यहूदीहरु (शान्ति, जुनचाहिँ पारम्पारिक यहूदी अभिवादन, *shalom* को अनुवाद थियो), दुवैलाई लेखेका थिए भन्ने प्रमाणको रुपमा उल्लेख गर्नलाई अलिकता तन्काइएको मात्र हो ।

- **"प्रशस्त"** योचाहिँ यहूदी प्रार्थनामा सामान्य रहेको हिब्राइक (Hebraik) कहावत हो (१ पत्रुस १:२; यहूदा २)

## NASB (UPDATED) TEXT :1:3-9

३परमेश्वर र हाम्रा प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ । उहाँको महान् कृपाले मृतकबाट येशू खीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं । ४स्वर्गमा तिमीहरुका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् । ५आखिर समयमा प्रकट हुन आँटेको मुक्तिको निम्ति तिमीहरु विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित

राखिएका छौ । ६तिमीहरु यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरुले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ । ७आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरुको विश्वास मूल्यवान् छ । तिमीहरुको यो विश्वास साँचो प्रमाणित होस्, र येशू खीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस् । ८तिमीहरुले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ । उहाँलाई तिमीहरु अहिले देख्दैनौं, तापनि उहाँमाथि विश्वास गर्छौं र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौं । ९तिमीहरुका विश्वासको प्रति फलस्वरुप तिमीहरुले आफ्ना आत्माको मुक्ति पाउँछौ ।

**१:३ "धन्यका"** यो शब्द (*eulogētos*) चाहिँ मत्ती ५ मा प्रयोग गरिएको (*makarios*) जस्तो होइन । नयाँ करारमा यसलाई परमेश्वरको बारेमा प्रयोग गरिएको छ । यस शब्दबाट हामी "प्रशंसा" भन्ने अंग्रेजी शब्दलाई पाउँदछौं । योचाहिँ एफिसी १:३–१४ मा पाइने ३–५ पिता, ६–९ पुत्र अनि १०–१२ पवित्र आत्मासँग सम्बन्धित त्रि-एकलाई गरिएको प्रशंसासँग मिल्दोजुल्दो छ ।

- **"परमेश्वर ........... पिता"** Thomas Aquinas ले परमेश्वरको अस्तित्वलाई निम्नलिखित कुराहरुमा केन्द्रित गरेर प्रमाणित गर्ने कोशिस गरेको छ :

१. बनावट
२. पहिलो कारण अथवा मुख्य चलनकर्ता
३. कारण अनि प्रभाव

तरैपनि, यिनीहरु मानिसको दार्शनिक अनि तार्किक आवश्यकतासँग सम्बन्ध राख्दछ । बाइबलले परमेश्वरलाई व्यक्तिगत वर्गमा प्रकट गर्दछ तर मानिसको कारण अथवा अनुसन्धानबाट उपलब्ध भएको भनेर होइन । केवल प्रकाशले मात्र परमेश्वरलाई हाम्रा प्रभु येशू खीष्टका पिताको रुपमा प्रकट गर्दछ । मर्कूस १३:२२ मा पितामाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"प्रभु"** ग्रीक शब्द "प्रभु" (*kurios*) लाई सामान्य अर्थमा अथवा विकसित ईश्वरशास्त्रीय अर्थमा प्रयोग गर्न सकिन्छ । यसको अर्थ "श्रीमान्" "महोदय", "मालिक", "स्वामी" अथवा "पूर्ण परमेश्वररुपी परमेश्वर" (यूहन्ना ९:३६) हुनसक्दछ । यस शब्दको पूरानो प्रयोगचाहिँ (हिब्रू, *adon*) हिब्रू क्रिया "हुनु" आएको थियो । मर्कूस १२:२६ मा परमेश्वरका लागि नाउँहरु माथिको विशेष शीर्षकलाई हेर्नुहोस् । तिनीहरु "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू" (प्रस्थान २०:७; व्यवस्था ५:११) भन्ने आज्ञालाई भङ्ग गरिन्छ कि भनेर डराउँथे । त्यसैकारण, तिनीहरुले सोंचे कि यदि तिनीहरुले यसलाई उच्चारण गरेनन् भने, तिनीहरुले यसलाई व्यर्थैमा लिएका हुन सक्दैनथियो । यसैले जब तिनीहरुले धर्मशास्त्रलाई पढ्दथे तिनीहरुले हिब्रू शब्द *adon* द्वारा प्रतिस्थापन गर्दथे, जसको ग्रीक शब्द (*kurios* प्रभु) सँग उस्तै अर्थ हुन्थ्यो । नयाँ करारका लेखकहरुले खीष्टको पूर्ण ईश्वरत्वलाई वर्णन गर्नको लागि यस शब्दलाई प्रयोग गरे । "येशू प्रभु हुनुहुन्छ" भन्ने वाक्यांशचाहिँ सम्भवत् सुरुवाती मण्डली सार्वजनिक प्रायश्चित अनि एउटा प्रायश्चित अनि एउटा बप्तिस्माको सूत्र थियो (रोमी १०:९–१३; १ कोरिन्थी १२:३; फिलिप्पी २:११)
- **"उहाँको महान् कृपाले"** परमेश्वर पिताको चरित्रको प्रशंसा (३–५ पद) गर्ने यस वाक्यांशले, कुनै सांसारिक भजन, कविता अथवा धार्मिक प्रश्नोत्तरमाला सम्बन्धीका विधिलाई प्रतिविम्बित

गरेको हुन सक्दछ । बाइबलको मुख्य चरित्रचाहिँ परमेश्वर हो ! योचाहिँ उहाँको उद्देश्य, चरित्र अनि कामहरु हुन् जुनचाहिँ ग्रहण र दृढताको लागि पतित मानिसजातिको एउटैमात्र आशा हो ( एफिसी २:४; तीतस ३:५)

- **"नयाँ गरी जन्मेका छौं"** योचाहिँ यूहन्ना ३:३ (*gennaō*) मा जस्तो त्यस्तै आधार (*anagennaō*, १:२३) होइन । यो एउटा एवरिष्ट कर्म कृदन्त हो जसले एउटा निर्णायक कामको बारेमा बोल्दछ । नयाँ करारले हाम्रा उद्धारलाई वर्णन गर्नको लागि अरु अलंकारहरुको पनि प्रयोग गर्दछ : १."जीवित पार्नुभयो" (कलस्सी २:१३; एफिसी २:४–५; २."नयाँ सृष्टि" (२ कोरिन्थी ५:१७; गलाती ६:१५); अनि ३."ईश्वरीय स्वभावको सहभागी (२ पत्रुस १:४)। पावलले चाहिँ पारिवारिक अलंकार "ग्रहण" रुचाउँदछन् जबकि यूहन्ना र पत्रुसचाहिँ "नयाँ जन्म" भन्ने पारिवारिक अलंकार प्रिय थिए ।

"नयाँ गरी जन्मनु अथवा "माथिबाट जन्मनु" चाहिँ एउटा पूर्ण नयाँ सुरुवातको लागि आवश्यक बाइबलीय जोड दिने काम हो (रोमी ५:१२–२१)। ख्रीष्टियनिटी कुनै सुधार अथवा कुनै नयाँ नैतिकता होइन; यो त परमेश्वरसँगको एउटा नयाँ सम्बन्ध हो । यस नयाँ सम्बन्धलाई चाहिँ निम्नलिखित कारण सम्भव बनाइएको छ :

१. पिताको कृपा अनि अनुग्रह
२. पुत्रको बलिदानरुपी मृत्यु अनि मृतकबाटको पुनरुत्थान
३. आत्माको काम (२ पद)

यस स्वर्गीय इच्छा अनि कामले विश्वासीहरुलाई एउटा नयाँ जीवन, एउटा नयाँ आशा अनि उत्तराधिकारको एउटा निश्चयता दिन्छ ।

- **"एउटा जीवित आशाको निम्ति"** "जीवित" विशेषणचाहिँ १ पत्रुसमा घरिघरि जोड दिइरहेको कुरो हो (१:३, २३, २:४, ५, २४; ४:५, ६)। परमेश्वरले इच्छ्याउनु भएको अनि गर्नुभएको सबैकुरा "जीवित" छ अनि रहिरहन्छ (अर्थात् YHWH माथि प्रयोग गरिएको शब्द)।
- **"येशू ख्रीष्टको पुनरुत्थानद्वारा"** येशू पिताको प्रतिनिधि अनि छुटकाराको माध्यम हुनुहुन्छ (जस्तो उहाँ सृष्टि साथसाथै इन्साफमा पिताको प्रतिनिधि हुनुहुन्छ)। येशूको पुनरुत्थानचाहिँ सु–समाचारको केन्द्रीय सत्यता हो (रोमी १:४; १ कोरिन्थी १५)। पुनरुत्थानचाहिँ ख्रीष्टियन सन्देशको पक्ष हो जसलाई ग्रीकहरुले स्वीकार गर्न सकेनन् (प्रेरित १७:१५–३४)।

**१:४ "साँचिराखेको उत्तराधिकार"** पूरानो करारमा लेवीबाहेक हरेक जातिले एउटा देशको उत्तराधिकार प्राप्त गर्दथे । जातिहरुका पूजाहारीहरु, मन्दिरका सेवकहरु अनि स्थानीय शिक्षकको रुपमा लेवीहरु YHWH स्वयम् नै तिनीहरुका उत्तराधिकार हुन् भन्ने जस्तो देखिन्थ्यो (भजन १६:५; ७३–२३–२६; ११९:५७; १४२:५; विलाप ३:२४)। नयाँ करारका लेखकहरुले लेवीहरुबाट घरिघरि अधिकारहरु र सुविधाहरु लिन्थे अनि तिनीहरुलाई विश्वासीहरुमा लागू गर्दथे । योचाहिँ येशूका अनुयायीहरुचाहिँ परेश्वरको साँचो मानिसहरु थिए अनि अहिले सबै विश्वासीहरुलाई पूजाहारीको रुपमा परमेश्वरको सेवा गर्नलाई बोलाइएको थियो भनेर पुष्टि गर्ने तिनीहरुको तरिका थियो (१ पत्रुस २:५, ९; प्रकाश १:६), जस्तो पूरानो करारले सबै इस्राएलीहरुको पुष्टि गरेको छ (प्रस्थान १९:४–६)। नयाँ करारको जोडचाहिँ

निश्चित सुविधाहरुसहितको एउटा पूजाहारीको रुपमा व्यक्तिमाथि होइन, तर सबै विश्वासीहरु पूजाहारीहरु हुन् भन्ने सत्यतामाथि रहेको छ, जसले एउटा सामूहिक सेवकको मनोवृत्ति (१ कोरिन्थी १२:७) को माग गर्दछ । नयाँ करारका परमेश्वरका मानिसहरुलाई संसारमा सुसमाचार पुऱ्याउने पुरानो करारका काम दिइएको छ (उत्पत्ति १२:३; प्रस्थान १९:५आ; मत्ती २८:१८–२०; प्रेरित १:८)।

योचाहिँ सृष्टिको मालिकको रुपमा येशूको अवधारणा हो किनभने सृष्टि गराइमा उहाँ पिताको प्रतिनिधि हुनुहुन्थ्यो (यूहन्ना १:३, १०; १ कोरिन्थी ८:६; कलस्सी १:१६; हिब्रू १:२–३)। हामी त साझे हकवाला हौं किनभने उहाँ नै हकवाला हुनुहुन्छ (रोमी ८:१७; गलाती ४:७; कलस्सी ३:२४)।

**विशेष शीर्षक : विश्वासीहरुको उत्तराधिकार**

धर्मशास्त्रले येशूसँग तिनीहरुका पारिवारिक सम्बन्धको कारण विश्वासीहरुले थुप्रै कुराहरुको उत्तराधिकार (प्रेरित २०:३२; २६:१८; एफिसी १:४; कलस्सी १:१२; ३:२४) पाएका छन् भन्ने विषयमा बोल्दछ (हिब्रू १:२) अनि तिनीहरुले साझे–हकवाला (रोमी ८:१७; गलाती ४:७) को रुपमा निम्नलिखित कुराहरुको उत्तराधिकार पाउँदछन् :

१. राज्य (मत्ती २५:३४, १ कोरिन्थी ६:९–१०; १५:५०; एफिसी ५:५)
२. अनन्त जीवन (मत्ती १९:२९; हिब्रू ९:१५)
३. परमेश्वरको प्रतिज्ञा (हिब्रू ६:१२)
४. आफ्नो प्रतिज्ञारुपी परमेश्वरको सुरक्षा (१ पत्रुस १:४; ५:४)

**"अविनाशी, विशुद्ध र नओइलने"** ४ पदमा प्रतिज्ञाको देशको पूरानो करारका ऐतिहासिक संकेतहरुलाई प्रयोग गर्दै विश्वासीहरुको उत्तराधिकारको वर्णन गर्न तीनओटा वर्णनात्मक वाक्यांशहरुको प्रयोग गरिएको छ । प्यालेष्टाइनचाहिँ मोसोपोटामिया र इजिप्ट साम्राज्यको बीचको जमिनी भू–भागमा अवस्थित भएको एउटै मात्र देश थियो । यसले थुप्रै आक्रमणहरु अनि राजनैतिक चलखेलहरुलाई सहयोग गरेको थियो । विश्वासीहरुको उत्तराधिकारचाहिँ सांसारिक द्वन्द्वहरुले कुनै असर गर्दैन ।

१. योचाहिँ "अविनाशी" छ अथवा "आक्रमणबाट सुरक्षित छ ।"
२. यो "विशुद्ध" छ अथवा "खिइएको छैन ।"
३. यो "ओइलने छैन"; यसको स्वामीत्वमा कुनै समयसीमा छैन ।

- **"स्वर्गमा तिमीहरुका निम्ति साँचिराखेको"** यो एउटा पूर्ण कर्तृवाच्य कृदन्त हो, जसको अर्थ हुन्छ परमेश्वरले विश्वासीहरुका उत्तराधिकारको सुरक्षा गर्नुभएको छ अनि निरन्तर सुरक्षा गर्नुहुन्छ । योचाहिँ सुरक्षा दिइएको अथवा किल्लालाई सुरक्षा दिइएकोमा प्रयोग गरिने एउटा सैन्य शब्द हो (फिलिप्पी ४:७)

**"स्वर्ग"** शब्दचाहिँ बहुवचन हो । यसले हिब्रू बहुवचनलाई झल्काउँदछ । प्राचीन हिब्रूमा कैयौं बहुवचन संज्ञाहरु थिए जुनचाहिँ तिनीहरुलाई जोड दिइने एउटा तरिका हुनसक्दछ (जस्तै, परमेश्वरको लागि पछिल्ला धर्म गुरुहरुको महिमाको लागि बहुवचनको प्रयोग)। धर्म गुरुहरुले त्यहाँ स्वर्गको तीनओटा स्तरहरु थियो (व्यवस्था १०:१४; १ राजा ८:२७; नहेम्याह ९:६; २ कोरिन्थी १२:२) कि अथवा सातओटा स्तरहरु थिए भन्ने विषयमा बहस गर्दथे किनभने सातचाहिँ एउटा सिद्ध सङ्ख्या हो (उत्पत्ति २:१:३)।

**१:५ "परमेश्वरको शक्तिबाट सुरक्षित राखिएको"** यो एउटा वर्तमान कर्मवाच्य कृदन्त हो । जसरी हाम्रो उत्तराधिकार (आत्मिकी जीवन) को सुरक्षा गरिएको छ, त्यस्तै गरी हाम्रो व्यक्तित्व (भौतिक जीवन) लाई पनि गरिएको छ । परमेश्वरको व्यक्तित्व अनि प्रतिज्ञाहरुले हाम्रो जीवनको हरेक पक्षलाई घेर्दछ । योचाहिँ सतावट, कष्ट र झूटा शिक्षा (२ पत्रुस) को समयमा उत्साहको साह्रै आवश्यक अनि सहयोगी वचन हो । योचाहिँ विश्वासीहरुलाई मारिने छैन अनि सताइने छैन भन्ने कुरालाई संकेत गर्न त होइन; बरु परमेश्वर तिनीहरुसँग हुनुहुन्थ्यो अनि तिनीहरुका लागि हुनुहुन्थ्यो अनि अन्त्यमा उहाँमार्फत् तिनीहरु विजयी बनेका छन् भनेर संकेत गर्नलाई पो हो । योचाहिँ प्रकाशको पुस्तकको सन्देशसँग ईश्वरशास्त्रीयरुपमा मिल्दोजुल्दो छ ।

- **"विश्वासद्वारा"** पारम्पारिक विरोधाभाषलाई ध्यान दिनुहोस् । परमेश्वरले तिनीहरुलाई अनि तिनीहरुका उत्तराधिकारलाई सुरक्षा गर्दै हुनुहुन्छ, तर तिनीहरु विश्वासमा बस्नै पर्दछ । योचाहिँ यस्ता बाइबलीय स्थानीय भाषाहरुसम्बन्धीको जोडीहरु माझको तनाव हो (अर्थात्, परमेश्वर सार्वभौमता अनि मानिस जातिको स्वतन्त्र इच्छा) जसले ईश्वरशास्त्रीय प्रणालीहरुको विकासलाई विरोधाभाषको एकतर्फमात्र जोड दिइने बनाएको छ । दुवैतर्फका कुराहरु बाइबलीय छन्; दुवैओटा भागहरु आवश्यक रहेको छ ! परमेश्वरले शर्तविहीन (परमेश्वरले प्रदान गर्नुहुने) अनि शर्तबन्द (मानिसले प्रतिउत्तर दिनुपर्ने कुराहरुको माध्यमबाट मानिसहरुसँग सम्बन्ध राख्नुपर्दछ ।

- **"प्रकट हुन आँटेका मुक्ति"** मुक्तिलाई वर्णन गर्न बाइबलले ग्रीकको सबै क्रियाका काललाई प्रयोग गर्दछ । पुनरुत्थानको दिन नभईञ्जेलसम्म हामी पूर्णरुपले बचाइएका हुने छैनौं (१ यूहन्ना ३:२)। यसलाई चाहिँ घरिघरि हाम्रो महिमा पनि भनिन्छ (रोमी ८:२९–३०)। तलका विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : मुक्तिको लागि प्रयोग भएको ग्रीक क्रिया कालहरु**

उद्धार एउटा उत्पादक वस्तु होइन, तर एउटा सम्बन्ध हो । जब कसैले खष्टिमा विश्वास गर्छ, यो समाप्त भएको हुँदैन, तर यो त सुरुमात्र भएको हुन्छ ! यो कुनै अग्नि जीवन बीमा नीति होइन, नता यो स्वर्ग जाने टिकट नै हो तर खीष्टको सादृश्यमा बढ्दै जाने जीवन हो । अमेरिकामा हाम्रो एउटा कहावत छ जसले भन्दछ कि कुनै जोडी जति धेरै एकैसाथ बस्दछ, तिनीहरु झन् झन् उस्तै देखिन सुरु हुन्छ । यहीँ नै उद्धारको लक्ष्य हो । पूर्ण गरिएको कामको रुपमा मुक्ति (एवरिष्ट)

– प्रेरित १५:११
– रोमी ८:२४
– २ तिमोथी १:९
– तीतस ३:५
– रोमी १३:११ (एवरिस्टलाई एउटा भविष्यको दिशा–बोधसँग मिलाउँदछ ।)

अस्तित्वको अवस्थाको रुपमा मुक्ति (पूर्णकाल)

– एफिसी २:५, ८
– १ कोरिन्थी १:१८; १५:२
– २ कोरिन्थी २:१५

– २ पत्रुस ३:१५

भविष्यको पूर्णताको रुपमा मुक्ति (क्रियाको काल अथवा सन्दर्भमा भविष्यकाल)
– रोमी ५:९, १०; १०:९, १३
– १ कोरिन्थी ३:१५; ५:५
– फिलिप्पी १:२८
– हिब्रू १:१४; ९:२८
– १ पत्रुस १:५, ९

त्यसैकारण, मुक्तिचाहिँ एउटा प्रारम्भिक विश्वासको निर्णय (यूहन्ना १:१२; ३:१६; रोमी १०:९–१३) सँग सुरु हुन्छ, तर यसलाई जीवनशैलीको विश्वासको एउटा प्रक्रियामा आउनु नै पर्दछ (१ यूहन्ना ३:२)। यस अन्तिम अवस्थालाई महिमाकरण (glorification) भनिन्छ । यसलाई यसरी चित्रण गर्न सकिन्छ :

१. प्रारम्भिक महिमाकरण – पुष्टिकरण (पापको दण्डबाट बचाइएका)
२. प्रगतिशील मुक्ति – शुद्धिकरण (पापको शक्तिबाट बचाइएको)
३. अन्तिम मुक्ति – महिमाकरण (पापको उपस्थितिबाट बचाइएको)

- **"आखिर समयमा"** योचाहिँ दुईओटा युगहरुको पछिल्लो ग्रीक अवधारणा हो, तर नयाँ करारबाट यी दुई युगहरुलाई ढाकिएका छन् भनेर हामी बुभ्दछौं । अन्तिम दिनचाहिँ बेतलेहेमको अवतारमा सुरु भयो अनि दोस्रो आगमनमा समाप्त हुनेछ । हामी त प्रायः दुई हजार वर्षदेखि अन्तिम दिनमा रहिआएका छौं । मर्कूस १३:८ मा यस युग अनि आउने युगमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**१:६**

| | |
|---|---|
| **NASB** | **"यसैमा तिमीहरु बडो आनन्दले रमाउँछौ"** |
| **NKJV** | **"यसैमा तिमीहरु रमाउँछौ"** |
| **NRSB** | **"यसैमा रमाउँछौ"** |
| **TEV** | **"यस विषयमा आनन्दित हुन्छौ"** |
| **NJB** | **"तिमीहरुको लागि यो ठूलो हर्षको कुरो हो ।** |

यो एउटा वर्तमान माध्यम सङ्केतार्थ (A. T. Robertson) अथवा आज्ञार्थक (Barbara र Timothy Friberg) हो । विश्वासीहरुले पतित संसारको माभमा समेत (याकूब १:२–४; १ थेसलोनिकी ५:१६; रोमी ५:३; :१८) परमेश्वरसँगको तिनीहरुको सुरक्षित सम्बन्ध (१:३–५) को कारण निरन्तर प्रशंसा गर्दछन् ।

- **"यद्यपि अहिले थोरै समयको निम्ति"** वर्तमान समयको परीक्षाहरु र सतावटहरुलाई हाम्रा प्रभुसँगको अनन्ततासँग तुलना गर्न सकिँदैन (रोमी ८:१८)

- **"तिमीहरुले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ"** योचाहिँ ग्रीक शब्द *dei* हो, जसको अर्थ हुन्छ शर्तबन्ध वाक्यसँग सम्बन्धित आवश्यक अथवा चाहिएको कुरो । त्यहाँ एउटा "हुनु" भन्ने मानिलिएको क्रिया छ जसले यसलाई घुमाउरो तरिकामा भनिने पहिलो श्रेणीको शर्तबन्द वाक्य बनाउँछ, जुनचाहिँ साँचो हो भनी मानिलिएको छ । सतावटमै ईश्वरीय जीवन जिउनुको नतिजा आउँदछ भनेर पत्रुसले मानेका छन् । तिनले सतावटको यस विषयलाई दोहोराएका छन् (१:६–७; २:१९; ३:१४–१७; ४:१, १२–१४, १९; ५:९)।

- **"तिमीहरुले ........... कष्ट भोग्नुपर्दछ"** यो एउटा एवरिष्ट कर्मवाच्य कृदन्त हो । कर्मवाच्यको अव्यक्त तत्त्वहरुचाहिँ दुष्ट हो; परमेश्वरले शैतानलाई पनि आफ्नो असल अभिप्रायको लागि प्रयोग गर्नुहुन्छ । येशू आफैं समेत उहाँले भोग्नुभएको कुराहरुबाट सिद्ध ठहरिनुभयो (हिब्रू ५:८–९)। कष्टलेचाहिँ विश्वासको जीवनमा एउटा आवश्यक लक्ष्यलाई पूरा गर्दछ ।

ईश्वरशास्त्रीय द्विविदा चाहिँ त्यो छ कि कष्टको तीनओटा सम्भवत् स्रोतहरु छन् :

१. दुष्ट
२. पतित संसार
३. परमेश्वर
    अ. पापको क्षणिक दण्डको लागि
    आ. खीष्टजस्तै परिपक्वताको लागि

समस्याचाहिँ यो छ कि  योचाहिँ यीमध्ये कुनचाहिँ हो भनेर मैले कहिले जानिनँ ! यसले मैले त्यस कुरोलाई विश्वास गर्न रोजें कि जब यो आउँदछ, हजूर, जब यो आउँदछ, परमेश्वरले यसलाई आफ्नो उद्देश्यके लागि प्रयोग गर्नुहुन्छ । यस विषयको लागि मनपर्दो पुस्तकचाहिँ Hannah Whithall Smith को *Christian's Secrect of a Happy life* हो ।

**"विभिन्न किसिमका कष्ट"** यस ग्रीक विशेषणको अर्थ हुन्छ रङ्गबिरङ्गी अथवा धेरै रङ्गहरु भएको (याकूब १:२)। यहाँ थुप्रै प्रकारका कष्टहरु, परीक्षाहरु अनि सतावटहरु छन् । १ पत्रुस ४:१० मा परमेश्वरको विभिन्न अनुग्रहहरुलाई वर्णन गर्नको लागि त्यस्तै शब्दको प्रयोग गरिएको छ । हामीलाई उहाँको व्यवस्थाबाहिर कहिले परीक्षा गरिइँदैन । अथवा सताइँदैन (१ कोरिन्थी १०:१३)

**१:७ "तिमीहरुको यो विश्वास ...... प्रमाणित होस्"** यो एउटा *hina* अथव उद्देश्यको उपवाक्य हो । कष्टले विश्वासलाई बढाउँदछ । बाइबलभरि नै परमेश्वरले आफ्ना सन्तानहरुको जाँच गर्नुभएको छ (उत्पत्ति २२:१; प्रस्थान १५:२२–२५; १६:४; व्यवस्था ८:२, १६; न्यायकर्ता २:२२; २ इतिहास ३२:३१; मत्ती ४:१; लूका ४:१–२; रोमी ५:२–४; हिब्रू ५:८–९; याकूब १:२–४)

यस पदमा *dikimon* संज्ञा अनि *dikimazō* को कृदन्त छ, दुवैमा बलियो बनाउने अनि यसोस्ले स्वीकार गरिने एउटा दृष्टिकोणसहित जाँचको संकेतार्थ रहेको छ । मर्कूस १:१३ मा "परीक्षा" को लागि ग्रीक शब्दहरु अनि तिनीहरुको संकेतहरुमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"सुनभन्दा पनि मूल्यवान्"** यस जीवनमा हाम्रो विश्वासचाहिँ परमेश्वरलाई दिनसक्ने हाम्रो सबैभन्दा ठूलो उपहार हो (यूहन्ना २०:२७; २ कोरिन्थी ४:१७)। अनन्ततामा विश्वास दृश्यमा परिवर्तन हुन्छ । जब हामी विश्वासद्वारा उहाँमा हाम्रा विश्वासबाट उत्पन्न भएको परीक्षाहरुमा स्थिर रहन्छौ, परमेश्वर महिमित बन्नुहुन्छ अनि खुसी हुनुहुन्छ (४:१२–१६)। आत्मिकी बढाइचाहिँ परीक्षा गरिएको विश्वासमार्फत् मात्र आउँदछ (रोमी ५:२–५; हिब्रू १२:११; याकूब १:२–४)

- **"येशू ख्रीष्ट प्रकट हुनुहुँदा"** नयाँ करारको अन्तिम पुस्तक प्रकाशित वाक्यको शीर्षकको रुपमा यसै शब्द (*apokalupsis*) लाई प्रयोग गरिएको छ । यसको अर्थ हुन्छ, "प्रकट गर्नु" "पूर्णरुपले खोल्नु" अथवा "जानिएको बनाउनु ।" यहाँ यसले पत्रुसको लेखहरुमा भएको सामान्य विषय, दोस्रो आगमनलाई उल्लेख गर्दछ (१:७, १३; २:१२; ४:१३; ५:४)।

**१:८ "तिमीहरुले नदेखेतापनि"** कष्टको माझमा समेत विश्वासीहरुले उहाँमा विश्वास गर्नुपर्दछ । येशूले तिनीहरुका लागि प्रार्थना गर्नुभयो जसले उहाँलाई विश्वास गर्दछन् तर यूहन्ना १७:२०; २०:२९ मा, हामीले उहाँलाई कहिले देखेका छैनौं ।

- **"उहाँमाथि विश्वास गर्छौ"** यस शब्दको शब्दसम्बन्धीमा इतिहासको पृष्ठभूमिले समकालिन अर्थलाई स्थापित गर्न सहायता गर्दछ । याद गर्नुहोस् नयाँ करारका लेखकहरु हिब्रू सोंच भएका अनि Koine Greek मा लेख्नेहरु थिए । हिब्रूमा यसले मूलरुपमा स्थिर मुद्रामा रहेको कुनै व्यक्तिको उल्लेख गर्दथ्यो, (त्यसले आफ्नो खुट्टा त्यस्तो मुद्रामा राख्दथ्यो कि त्यसलाई धकेल्न सकिँदैन थियो)। योचाहिँ आलंकारिकरुपमै कसैको लागि प्रयोग हुन आयो जो इमान्दार, भर पर्न योग्य अनि विश्वासयोग्य थियो । ग्रीकको समान शब्द (*pistis* अथवा *pisteuō*) लाई अंग्रेजीमा "विश्वास", "भर" अथवा "भरोसा" शब्दहरुमा अनुवाद गरिएको छ । बाइबलीय विश्वास अथवा भरोसाचाहिँ प्रारम्भिकरुपमा हामीले गर्ने केही कुरो होइन, तर कसैमाथि हो जसमा हामी हाम्रो विश्वास राख्न सक्छौं । जसलाई केन्द्रित गरिएको छ योचाहिँ हाम्रो होइन । तर परमेश्वरको विश्वास योग्यता हो । पतित मानिस जातिले परमेश्वरको विश्वसनीयतालाई भरोसा गर्दछु, उहाँको प्रियजन अनि उहाँको व्यवस्थामा विश्वास गर्दछ । केन्द्रबिन्दुचाहिँ मानिसको विश्वासको प्रशस्तता अथवा गहनतामाथि होइन, तर त्यस विश्वासको उद्देश्यमाथि हो (१:८, २१; २:६ : ६–७)। मर्कूस १:१५ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"तिमीहरु ………… अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौं"** "रमाउँछौं" शब्दलाई यसअघि ७ पदमा प्रयोग गरिएको थियो । यसले कराउनु, नाँच्नुजस्ता शारीरिक अभिव्यक्तिसँग मिश्रित साधारणत् एउटा उत्कट आनन्दको उल्लेख गर्दछ (लूका १:४४, ४७; १०:२१; यूहन्ना ५:३५; ८:५६)। पत्रुसले भनिरहेको यस आनन्दचाहिँ कष्टहरुको माझमा समेत पाइन्छ (४३:१३; रोमी ५:३; १ थेसलोनिकी ५:१७)। यो आनन्दचाहिँ परीक्षा र सतावटको समयमा आत्माको एउटा अप्रत्याशित आशिष हो ।
- **"गौरवमय"** यो एउटा पूर्ण महिमा दुवैमा एक्कासी रमाउन थाल्दछन् ! यस आनन्द अनि महिमालाई लुकाउन सकिँदैन । योचाहिँ आत्माबाट उत्पन्न भएको एउटा बहँदो फोहोरा हो (

यूहन्ना ४:१४; ७:३८)। योचाहिँ सबैको लागि सुसमाचारको शक्तिको एउटा साक्षी हो जो विद्रोहमा पनि सुसमाचारका मानिसहरुको सम्बन्धमा आउँछन् । मर्कूस १०:३७ मा “महिमा” माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**१:९ “तिमीहरुका विश्वासको प्रतिफलस्वरुप”** यो एउटा वर्तमान माध्यम कृदन्त हो । यसले संकेत गर्दछ कि हाम्रो आनन्द एउटा भविष्यको पूर्णता मात्र होइन, तर हाम्रो खातिर त्रि-एक परमेश्वरको कामहरुको कारण कष्टहरुको माझको एउटा वर्तमान यथार्थता पनि हो (२ पद)।

**“तिमीहरुका आफ्ना आत्माको मुक्ति”** यसले महिमाकरणलाई उल्लेख गर्दछ । नयाँ करारमा उद्धारलाई एउटा निर्णय बनाउने कुराको रुपमा पनि हेरिन्छ (एवरिष्ट काल रोमी ८:२४), तर भविष्यको पूर्णता ( अर्थात् भविष्यत् काल, रोमी ५:९; १०:९) सहितको भइरहेको एउटा प्रक्रिया (वर्तमानकाल, १ कोरिन्थी १:१८; १५:२; १ थेसलोनिकी ४:१४) को रुपमा पनि हेरिन्छ । १ पत्रुस १:५ मा विशेष शीर्षकलाई हेर्नुहोस् । यस भविष्यको पक्षलाई बारम्बार “महिमाकरण” को रुपमा चरितार्थ गरिएको छ (रोमी ८:२९–३०)। विश्वासीहरुले एकदिन येशूलाई उहाँ जस्तो हुनुहुन्छ त्यस्तै देख्नेछन् अनि उहाँको स्वरुपमा परिवर्तन हुनेछन् (१ यूहन्ना ३:२)।

ग्रीक भाषा *psuchē* (आत्मा) लाई पत्रुसको लेखहरुमा बारम्बार प्रयोग गरिएको छ (१:९, २२; २:११, २५; ३:२०; ४:१९; २ पत्रुस २:८, १४)। यसलाई सम्पूर्ण मानिसको रुपमा हिब्रू कहावतको रुपमा प्रयोग गरिएको छ । मानिस जातिहरु दुई भाग भएको अथवा तीनभाग भएको अस्तित्व होइन, तर एउटा सिङ्गो एकता हो (उत्पत्ति २:७)। यो साँचो कुरा हो कि जसरी हामी मानिसजाति यस ग्रहसँग सम्बन्धित छौं, किनभने हामीलाई परमेश्वरको प्रतिरुप र स्वरुपमा सृष्टि गरिएको छ, हामी त आत्मिकी राज्यसँग पनि सम्बन्धित रहेका छौं । हामी त दुईओटा राज्यहरुको नागरिक हौं ।

१ थेसलोनिकी ५:२३ अनि हिब्रू ४:१२ मा एउटा क्रमबद्ध ईश्वरशास्त्र निर्माण गर्नु अनुचित कुरो हो, अनि यसैले यी तीनओटा वर्गहरु (शरीर, प्राण र आत्मा) मा सबै बाइबलीय पाठहरुलाई सम्बन्ध गराउने कोशिस गर्नुपर्दछ । तिनीहरुले त पूर्ण मानिस अनि परमेश्वरको वचनको देख्न सकिने शक्तिलाई मात्र उल्लेख गर्दछ । सम्पूर्ण बाइबलको मुख्य कुरोचाहिँ दुईओटा छड्के पाठहरु – सन्दर्भहरुबाट निकालिएको प्रमाणित पाठहरु अनि सबै धर्मशास्त्रलाई हेर्नको लागि एउटा ईश्वरशास्त्रीय ढाँचामा बनाएको कुरा (Watchman Nee) मा पाइन्छ भनेर कसैले दाबी गरेका कुराप्रति होसियार रहनुहोस् । यदि यो नै एउटा मुख्य कुरो भनेता आत्माले यसलाई शिक्षाको स्पष्ट सन्दर्भमा राख्ने थियो अनि यसलाई घरिघरि दोहोऱ्याउने थियो । बाइबल कुनै पहेलीहरु अथवा अल्मल्याउने कुराहरुको पुस्तक होइन ! परमेश्वर हामीसँग बातचित गर्न चाहनुहुन्छ अनि स्पष्ट शिक्षाको सन्दर्भहरुमा नै मुख्य सत्यताहरु पाइन्छ ।

**१:१०–२१ पदहरुमा भएको सान्दर्भिक अन्तर्दृष्टिहरु**

अ. १०–१२ पदले ख्रीष्टमा नयाँ करारको उद्धारको पूरानो करारका अगमवक्ताहरुको ज्ञानसँग सम्बन्ध राख्दछ ।
आ. ११–१२ पदहरुमा अगमवक्ताहरुमार्फत् “आत्मा” ले विश्वासीहरुलाई तीनओटा कुराहरु प्रकट गर्दछ :

१.	मसिहको कष्ट (उत्पत्ति ३:१५; भजन २२; यशैया ५२:१३–५३:१२)

२.	महिमा जसले पछ्याउनेछ (यशैया ५६–६६)

३.	अगमवक्ताहरु तिनीहरुका आफ्नै दिनमा भन्दा अझ धेरै बोलिरहेका थिए (अर्थात्, यशैया, इजकिएल, दानिएल, मीका, जकरिया)

इ.	१३–१७ पदमा पत्रुसले विश्वासीहरुलाई आफूहरुलाई सुरक्षा गर्नको लागि ५ ओटा कुराहरु गर्नु भनेर भन्दैछ :

१.	तिनीहरुका मनलाई बाँध्नु, १३ पद
२.	आत्मामा संयमी हुनु, १३ पद
३.	आउन लागेको अनुग्रहमा तिनीहरुको आशा राख्नु, १३ पद
४.	वर्तमान युगप्रति निश्चित नहुनु, १४ पद
५.	पवित्र जीवन जीउनु, १५ पद
६.	परमेश्वरको डरमा जिउनु, १७ पद
७.	एक–अर्कालाई निष्कपट प्रेम गर्नु (२२ पदबाट थपिएको)

**शब्द अनि वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT:1:10-12

१०तिमीहरुका निम्ति हुन आउने अनुग्रहको विषयमा अगमवाणी बोल्ने अगमवक्ताहरुले यही मुक्तिको खोजी र तलाश गरेका थिए । ११तिनीहरुभित्र हुनुभएका ख्रीष्टको आत्माले ख्रीष्टका कष्टहरु र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र परिस्थितिको बारेमा तिनीहरुले खोजी गरेका थिए । १२तिनीहरुलाई यो प्रकट गरिएको थियो, कि तिनीहरुले आफ्ना होइन, तर तिमीहरुका सेवा गरिरहेका थिए । यी कुरा स्वर्गबाट पठाइनुभएका पवित्र आत्माबाट तिमीहरुलाई प्रचार भएको सुसमाचार सुनाउनेहरुद्वारा अहिले तिमीहरुलाई घोषणा भएको छ । स्वर्गदूतहरु पनि यी कुरा हेर्न अति उत्सुक छन् ।

**१:१० "यही मुक्तिको"** योचाहिँ (१) २ पददेखि नै शीर्षक भएको छ, जसले मुक्तिमा त्रि-एक परमेश्वरको कामको वर्णन गर्दछ ; (२) ३:५ पद, जसले परमेश्वरले यस मुक्तिलाई राख्नुहुन्छ अनि सुरक्षा दिनुहुन्छ भनेर वर्णन गर्दछ ; अनि (३) ६–९ पद, जसले यस कष्टको कारण विश्वासीहरुका यस्ता कष्टको वर्णन गर्दछ ।

- **"अगमवक्ताहरु"** यसले पूरानो करारका अगमवक्ताहरुको उल्लेख गर्दछ (१२ पद)। धर्मगुरुहरुको विचारमा प्रेरणा पाएका सबै लेखकहरुलाई अगमवक्ताहरु भनी मानिलिइन्थ्यो । मोशालाई एकजना अगमवक्ता भनिएको छ (व्यवस्था १८:१८) अनि हामीले अङ्ग्रेजीमा ऐतिहासिक पुस्तकहरु (अर्थात् यहोशूदेखि राजासम्म) भन्ने सबैलाई यहूदीहरुद्वारा "पहिलेका अगमवक्ताहरु" भनिन्थ्यो ।

- **"तिमीहरुका निम्ति हुन आउने अनुग्रहको विषयमा"** यस वाक्यांशले पूरानो करारका अगमवक्ताहरुले नयाँ करारको बारेमा केही कुरो जान्दथे भनेर संकेत गर्दछ । यो यूहन्ना ८:५६ (

२ Esdras ३:१४) मा अब्राहमको सम्बन्धमा येशूको बयानको पनि संकेत हो । यस्तै संकेतलाई हिब्रू ११:१३ मा पनि उल्लेख गरिएको छ । पूरानो करारका अगमवक्ताहरुले सुसमाचारको विषयमा कति जान्दथे भनेर त ठीकसँगले जान्नु कठिन नै पर्दछ । यर्मिया ३१:३१–३४ (इजकिएल ३६:२२–३८ मा पनि) मा नयाँ करारको बारेमा यर्मियाको विवरणले परमेश्वरको प्रेम अनि कामहरुमा आधारित एउटा ग्रहण गराईतर्फ औंल्याउँदछ, तर मानिसको प्रदर्शनहरुमा होइन । मत्ती ३:१७ ले उल्लेख गर्दछ कि येशूले गर्नुभएको अनि भन्नुभएको कुराहरुलाई पूरानो करारमा धेरै अगमवक्ताहरुले देखेका छन् अनि सुनेका छन् ।

एउटी कन्याबाट जन्मने विषयमा यशैयाको अगमवणी (७:१४) समेतले, जब सन्दर्भमा व्याख्या गरियो, अलौकिक समयसहितको एउटा प्राकृतिक जन्मलाई उल्लेख गर्दछ (७:१५–१६), विशेषगरेर एउटा भविष्यको मसिही जन्मलाई भने होइन । यशैयाको अमगवाणीको पूर्ण संकेतलाई देख्ने त मत्ती र लूका हुन् । योचाहिँ होशे (११:१) अनि जकरिया (९:९; ११:१३; १२:१०) का अरु विशेष अगमवाणीहरुको साँचो कुरो हो । पूरानो करारबाट येशूलाई पूर्णरुपले प्रकट गर्नेहरु त नयाँ करारका ग्रीक भाषी यहूदीहरु र प्रेरितहरु थिए (खीष्टसम्बन्धीका कुराहरुलाई विभाजन गर्ने प्रणाली)। यसलाई तिनीहरुले येशू स्वयम्बाट सिकेको हुन सक्दछ जसै उहाँले दुईजनालाई इम्माउसको बाटोमा सिकाउँदै हुनुहुन्थ्यो (लूका २४:१३–३५, विशेष गरेर २७ पद)।

**"खोजी र तलाश गरेका थिए"** यिनीहरुचाहिँ पर्यायवाचीहरु जस्तो देखिन्छ (*Greek-English Lexicon of the New Testament:based on Semantic Domains*, Vol. 1, पृष्ठ ३३१)।

१:११

| | |
|---|---|
| **NASB** | **"कुनचाहिँ व्यक्ति र समय हो भनेर जान्नलाई खोजी गरेका थिए ।"** |
| **NKJV** | **"कुनचाहिँ अथवा समयको कस्तो तरीका भनेर खोजी गरेका थिए ।"** |
| **NRSV** | **"व्यक्ति अथवा समयको विषयमा खोजी गरेका थिए ।"** |
| **TEV** | **"समय कहिले हुने थियो अनि यो कसरी आउने थियो भनेर भेट्टाउने कोशिस गरेका थिए ।"** |

यसले व्यक्ति र समय दुवैलाई संकेत गर्दछ । परमेश्वरद्वारा नियुक्त गरिएको एउटा विशेष समयमा दाऊदरुपी मसीह प्रकट हुनेछ भनेर तिनीहरुले आशा गर्दथे । हामीले जस्तैगरी, तिनीहरुले पनि "केही कुरालाई अनुमानकै आधारमा हेर्दथे" (१ कोरिन्थी १३:९–१३) ।

**"तिनीहरुभित्र हुनुभएका खीष्टको आत्माले"** आत्मा अनि खष्टि पूरानो करारसँग गाँसिएका छन् (यशैया ११:१–२; ४८:१६; ६१:१)। ध्यान दिनुहोस् कि पवित्र आत्मालाई "खीष्टको आत्मा" भनिन्छ (रोमी ८:९; गलाती ४:६)। आत्माको भित्री वास गर्ने पक्षलाई ध्यान दिनुहोस्, पूरानो करारमा पनि येशूको अनि आत्माको कामहरुलाई ढाकिइएको छ । २ पत्रुस १:२१ मा त्यस्तै सत्यताहरुलाई व्यक्त गरिएको कुरालाई ध्यान दिनुहोस् ।

**विशेष शीर्षक : येशू अनि आत्मा**

आत्मा अनि पुत्रको कामको बीचमा त्यहाँ एउटा अस्थिरता रहेको छ । G. Campbell Morgan भनेका थिए कि आत्माको लागि उत्तम नाउँचाहिँ "अर्को येशू" हुन्छ (तरैपनि, तिनीहरु भिन्न, अनन्त व्यक्तिहरु हुन्)। निम्नलिखित कुराहरुचाहिँ पुत्र र आत्माको काम अनि उपाधिहरुको एउटा रुपरेखा कोरिएको तुलना हो ।

१. आत्मालाई "येशूको आत्मा" अथवा त्यस्तै अभिव्यक्तिहरु भनिन्छ (रोमी ८:९; २ कोरिन्थी ३:१७; गलाती ४:६; १ पत्रुस १:११)।

२. दुवैलाई एउटै शब्दहरुद्वारा बोलाइन्छ

अ. "सत्य"

१. येशू (यूहन्ना १४:६)

२. आत्मा (यूहन्ना १४:१६, २६; १५:२६; १६:७)

आ. "हाम्रो पक्षमा बोलिदिनुहुने"

१. येशू (१ यूहन्ना २:१)

२. आत्मा (यूहन्ना १४:१६, २६; १५:२६; १६:७)

३. "पवित्र"

१. येशू (लूका १:३५; ४:३४)

२. आत्मा (लूका १:३५)

३. दुवैजना विश्वासीहरुप्रति वास गर्नुहुन्छ

अ. येशू (मत्ती २८:२०; यूहन्ना १४:२०, २३; १५:४–५; रोमी ८:१०; २ कोरिन्थी १३:५; गलाती २:२०; एफिसी ३:१७; कलस्सी १:२७)।

आ. आत्मा (यूहन्ना १४:१६–१७; रोमी ८:९, ११; १ कोरिन्थी ३:१६; ६:१९; २ तिमोथी १:१४)

इ. पिता (यूहन्ना १४:२३; २ कोरिन्थी ६:१६)

**"खीष्टका कष्टहरु .... भविष्यवाणी गर्नुहुँदा"** यहूदीहरुलाई आश्चर्यचकित तुल्याउनेचाहिँ यही नै थियो ( १ कोरिन्थी १:२३)। कष्ट पाएका दासचाहिँ प्रेरितमा पत्रुस अनि पावलको सुरुवाती उपदेशहरुको एउटा मुख्य खामो बनेको थियो जसलाई हामी Kerygma भन्दछौं (अर्थात्, त्यो कुरा जसको घोषणा गरिएको थियो, २:२३, २४; ३:१८; ४:११; १०:३९; १७:३; २६:२३)। येशूले उहाँको समयमा बाह्र जना चेलाहरुलाई भन्न चाहनुभएको कुरो ठीक यही नै थियो (मत्ती १६:२१; २०:१७–१९; मर्कूस ८:३१; लूका ९:२२), तर तिनीहरुले यसलाई ग्रहण गर्न सकेनन् (मर्कूस ९:३१–३२; १०:३२–३४; लूका ९:४४–४५; १८:३१–३४)।

पूरानो करारमा मसीहको कष्टको त्यहाँ संकेतहरु छन् (अर्थात् उत्पत्ति ३:१५; भजन २२; यशैया ५३), तर पूरानो करारका इस्राएलीहरुले मसीहलाई सबै मानिसहरुलाई इन्साफ गर्न अनि इस्राएललाई चाहिँ सर्वोत्कृष्ट र शक्तिको स्थानमा पुनर्स्थापन गर्न एकजना बिजेता महापुरुषको रुपमा आउने आशा गर्दथे । तिनीहरुले मसीहको दुईओटा आगमनहरुलाई गुमाइ पठाए जसलाई येशूको जीवन र शिक्षाहरुबाट प्रकट गरिएका छन् (अर्थात् उद्धारकर्ता र न्यायकर्ता)।

तल H. Wayne House को *Chronological and Back ground Charts of the New Testament* (पृष्ठ १२०) मा पाइने Kerygma को एउटा रोचक रुपरेखा छ ।

**विशेष शीर्षक : सुरुवाती मण्डलीको केरिग्मा (*KERYGMA*)**

अ. पूरानो करारमा परमेश्वरले गर्नुभएको प्रतिज्ञा अहिले येशू मसीहको आगमनसँगै पूरा भएको छ (प्रेरित २:३०; ३:१९, २४; १०:४३; २६:६–७; रोमी १:२–४; १ तिमोथी ३:१६; हिब्रू १:१–२; १ पत्रुस १: १०–१२; २ पत्रुस १:१८–१९)।

आ. येशूलाई उहाँको बप्तिस्मामा परमेश्वरबाट मसीहको रुपमा अभिषेक गरिएको थियो (प्रेरित १०:३८)।

इ. आफ्नो बप्तिस्मापछि येशूले गालीलमा आफ्नो सेवाकाई सुरु गर्नुभयो (प्रेरित १०:३७)।

ई. उहाँको सेवाकाईलाई परमेश्वरको शक्तिको माध्यमबाट गरिएको असल अनि शक्तिशाली कामहरुद्वारा चरितार्थ गरिएको थियो (मर्कूस १०:४५; प्रेरित २:२२; १०:३८)।

उ. मसीहलाई परमेश्वरको अनन्त उद्देश्यअनुरुप नै क्रूसमा टाँगियो (मर्कूस १०:४५; यूहन्ना ३:१६; प्रेरित २:२३; ३:१३–१५, १८; ४:११; १०:३९; २६:२३; रोमी ८:३४; १ कोरिन्थी १:१७–१८; १५:३; गलाती १:४; हिब्रू १:३; १ पत्रुस १:२, १९; ३:१८; १ यूहन्ना ४:१०)।

ऊ. उहाँ मृत्युबाट बौह्री उठ्नुभयो अनि चेलाहरुकहाँ देखा पर्नुभयो (प्रेरित २:२४, ३१–३२; ३:१५, २६; १०;४०–४१; १७:३१; २६:२३; रोमी ८:३४; १०:९; १ कोरिन्थी १५:४–७, १२; १ थेसलोनिकी १:१०; १ तिमोथी ३:१६; १ पत्रुस १:२; ३:१८, २१)।

ऋ. परमेश्वरद्वारा येशूको प्रशंसा गरियो अनि "प्रभु" भन्ने नाउँ दिइयो (प्रेरित २:२५–२९, ३३–३६; ३:१३; १०:३६; रोमी ८:३४; १०:९; १ तिमोथी ३:१६; हिब्रू १:३; १ पत्रुस ३:२२)।

ए. परमेश्वरको नयाँ समुदायलाई गठन गर्न उहाँले पवित्र आत्मा दिनुभयो (प्रेरित १:८; २:१४–१८, ३८–३९; १०:४४–४७; १ पत्रुस १:१२)।

ऐ. इन्साफको लागि अनि सबै कुराहरुलाई पुनर्स्थापन गर्नको लागि उहाँ फेरि आउनुहुनेछ ( प्रेरित ३:२०–२१; १०:४२; १७:३१; १ कोरिन्थी १५:२०–२८; १ थेसलोनिकी १:१०)

ओ. सन्देश सुन्ने सबैले पश्चाताप गर्नुपर्दछ अनि बप्तिस्मा लिनुपर्दछ (प्रेरित २:२१, ३८; ३:१९; १०:४३, ४७–४८; १७:३०; २६; २०; रोमी १:१७; १०:९; १ पत्रुस ३:२१)।

यस योजनाले सुरुवाती मण्डलीहरुको महत्त्वपूर्ण घोषणामा काम गरेको थियो, यद्यपि नयाँ करारका विभिन्न लेखकहरुले तिनीहरुको प्रचारमा केही अंशलाई छोडेको अथवा अरु कुराहरुलाई जोड दिएको हुनसक्दछ ।

मर्कूसको सम्पूर्ण सुसमाचारले *kerygma* को Petrine पक्षलाई नजिकरुपमा पालन गरेको छ । मर्कूसलाई परम्परागतरुपमा, पत्रुसले रोममा प्रचार गर्दाको उपदेशहरुलाई एउटा लेखिएको सुसमाचारमा ढालिएको जस्तो देखिन्छ । मत्ती र लूका दुवैले मर्कूसको आधारभूत ढाँचालाई पछ्याएका छन् ।

**"आउने महिमा"** यसलाई यशैया ५३:१०–१२ मा संकेत गरिएको छ ।

**१:१२ "तिनीहरुले आफ्ना होइन, तर तिमीहरुका सेवा गरिरहेका थिए"** पावलको लेखहरुमा त्यहाँ थुप्रै ठाउँहरुमा छन् । जहाँ तिनले यसै सत्यताको दाबी गरेका छन् (रोमी ४:२३–२४; १५:४; १ कोरिन्थी ९:९–१०; १०:६, ११)। योचाहिँ आधारभूतरुपमा २ तिमोथी ३:१५–१७ मा प्रकट गरिएको त्यस्तै ईश्वरशास्त्र हो । परमेश्वरको काम (प्रकाश) अनि तिनीहरुको अभिलेखीकरण अनि व्याख्या गराई (प्रेरणा) हरुचाहिँ सबै भविष्यका विश्वासीहरुका लागि थिए (उद्बबोधन)।

यदि पत्रुसले प्रायजसो अन्य जातिहरुका लागि लेखेका थिए भने, यस वाक्यांशमा अन्य जातिहरुका निष्कर्षको ईश्वरशास्त्रीय पुष्टिकरण थपिएको छ, जुनचाहिँ सदैव परमेश्वरकै योजना रहेको छ (उत्पत्ति ३:१५; रोमी ९–११; एफिसी २:११–३:१३)।

**विशेष शीर्षक : मोजाइक व्यवस्थाप्रतिको पावलको दृष्टिकोणहरु**

यो असल छ अनि परमेश्वरबाट आएको हो (रोमी ७:१२, १६)

अ. यो धार्मिकतातर्फको बाटो अनि परमेश्वरबाटको ग्रहण होइन (यो सराप पनि हुन सक्दछ, गलाती ३)

आ. विश्वासीहरुका लागि यो अझै पनि परमेश्वरको इच्छा हो किनभने यो परमेश्वरको स्व–प्रकटीकरण हो । (विश्वासीहरुलाई दोषी ठहराउन अथवा उत्साह दिन पावलले प्रायःजसो पूरानो करारबाट उदधृत गर्दछन् ।)

इ. पूरानो करारबाट विश्वासीहरुलाई सूचित गरिन्छ (रोमी ४:२३–२४; १५४; १ कोरिन्थी १०:६, ११), तर पूरानो करारबाट उद्धार पाउन सकिँदैन (प्रेरित १५; रोमी ४; गलाती ३; हिब्रू)

उ. यसले नयाँ करारका यस्ता कुराहरुमा काम गर्दछ :

१. पापको परिपूर्णता देखाउँदछ (गलाती ३:१५–२९)

२. समाजमा छुटकारा पाएका मानिसहरुको मार्गदर्शन गर्दछ

३. खीष्टियन नैतिक निर्णयहरुको सूचित गर्दछ ।

योचाहिँ सराप दिइने अनि आशिष दिनको लागि अनि स्थायी रुपमा मर्ने कुराबाटको त्यो ईश्वरशास्त्रीय वर्णक्रम हो जसले मोजाइक व्यवस्थाप्रतिको पावलको दृष्टिकोणलाई बुझ्ने कोशिस गराइमा समस्या सृष्टि गर्दछ । *A man in Christ* मा, James Stewart ले पावलको विरोधाभाष सोंचाइ अनि लेखाइलाई देखाउँदछ :

"तपाईँले साधारणतय् कुनै मानिसको आशा गर्नुहुन्छ जो आफूले प्रयोग गरिरहेको शब्दहरुको अर्थलाई जतिसक्दो कठोररुपमा स्थापित गर्न सोंचाइ र सिद्धान्तको एउटा प्रणाली निर्माण गर्न बसिरहेको थियो । तपाईँले उसलाई उसको मुख्य विचारहरुको वाक्यांश निर्माण कार्यमा ठीकसँगले लक्षित भएको आशा गर्नुहुन्छ । तपाईँले यसरी माग गर्नुहुन्छ कि तपाइँको लेखकले एउटा विशेष अर्थमा प्रयोग गरेको कुनै शब्दले त्यस अर्थलाई जतातत‍ै बोक्नुपर्दछ । तर पावलबाट यसलाई हेर्नुचाहिँ निरास हुनु हो । तिनको प्रायजसो वाक्यांश निर्माणका कार्यहरु अस्तिर छन्, तर कठोर छैनन् ………। "व्यवस्था पवित्र छ" तिनी भन्दछन्, "आन्तरिक मानिस पछि म परमेश्वरको व्यवस्थामा रमाउँदछु (रोमी ७:१२, २२) तर यो स्पष्टरुपले *nomos* को अर्को पक्ष हो जसले मलाई कुनै ठाउँमा यसरी भन्न लगाउँदछ, "खीष्टले हामीलाई व्यवस्थाको सरापबाट मुक्त गर्नुभएको थियो (गलाती ३:१३)" (२६ पृष्ठ)।

- **"तिमीहरुलाई प्रचार भएको सुसमाचार सुनाउनेहरुद्वारा"** यसले यसरी संकेत गरेको जस्तो देखिन्छ कि पत्रुसले यी सबै मण्डलीहरुबाट सुरु गरेनन् । तिनीहरुले त पेन्तिकोसबाट फर्केका यहूदीहरुलाई (प्रेरित २) विश्वास गरेर सुरु गरेको हुनसक्दछ, अथवा पावल वा अन्य प्रचारकहरुको प्रचारबाट सुरु गरेको हुनसक्दछ ।

- **"स्वर्गबाट पठाइनुभएका पवित्र आत्माबाट"** १ पत्रुसमा पवित्र आत्मालाई थुप्रै विभिन्न मुख्य स्थानहरुमा उल्लेख गरिएको छ (१:२, ११; ४:१४)। यो वाक्यांशचाहिँ, परमेश्वरबाट आउने, आत्माद्वारा ल्याइएको धार्मिकताको नयाँ युगचाहिँ पूर्णरुपले आइसकेको थियो (प्रेरित २) भनेर पुष्टि गर्ने एउटा हिब्रू कहावत हो ।

- **"स्वर्गदूतहरु पनि यी कुरा हेर्न अति उत्सुक छन्"** योचाहिँ शाब्दिकरुपमा यूहन्ना २०:५, ११ मा जस्तो "हेर्नलाई निहुरनु" हो । याकूब १:२५ मा यसलाई "उद्देश्यपूर्ण रीतिले हेर्नु" भनेर अनुवाद गरिएको छ । यसले असल र खराब दुवै स्वर्गदूतहरुलाई उल्लेख गर्दछ (एफिसी ३:१०; १ कोरिन्थी ४:९)।

धर्म गुरुहरुको यहूदीवादमा स्वर्गदूतहरुलाई सीनै पर्वतमा YHWH अनि मोशाको बीचमा मध्यस्थहरुको रुपमा देखिएको थियो (प्रेरित ७:५३; गलाती ३:१९; हिब्रू २:२)। तिनीहरुलाई परमेश्वरको प्रेममा डाह गर्ने अनि मानिसहरुप्रति सावधान रहनेहरुको रुपमा पनि अंकित गरिएको थियो । हिब्रू १:१४ मा स्वर्गदूतहरुलाई "मुक्ति पाउनेहरुका खातिर" सेवा गर्न पठाइएका दासहरुको रुपमा वर्णन गरिएका छन् । विश्वासीहरुले स्वर्गदूतहरुको न्याय गर्नेछन् भनेर पनि पावलले दाबी गरेका छन् (१ कोरिन्थी ६:३)।

परमेश्वरले पतित मानिस जातिहरुसँग उहाँ कामहरुमार्फत् अनौठोरुपमा आफैलाई स्वर्गदूतहरुकहाँ प्रकट गर्नुभयो (१ कोरिन्थी ४:९; एफिसी २:७; ३:१०)

NASB (UPDATED) TEXT:1:13-16

१३यसकारण आफ्नो मन बाँध, संयमी होओ र येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरुकहाँ आउन लागेको अनुग्रहमा तिमीहरुको आशा पूर्णरुपले राख । १४आज्ञाकारी बालकहरु भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरुमा तिमीहरु अब नलाग । १५तर तिमीहरुलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरु आफैं पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, १६किनभने यो लेखिएको छ, "तिमीहरु पवित्र होओ, किनभने म पवित्र छु ।"

**१:१३ "यसकारण"** यसले (*dio*, २ पत्रुस १:१०, १२; ३:१४) देखाउँदछ कि पालन गर्नुपर्ने उपदेशहरुचाहिँ अघिल्लो छलफलका नतिजाहरु हुन् :

**NASB** **"कामको लागि आफ्नो मन तयार राख"**
**NKJV** **"आफ्नो मन बाँध"**
**NRSV** **"कामको लागि आफ्नो मन तयार राख"**

**TEV** **"कामको लागि तिमीहरुका मन तयार राख"**
**NJB** **"तिमीहरुका मन ....... कामको लागि तयार राख"**

योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग गरिएको एउटा एवरिष्ट माध्यम कृदन्त हो । यसको रुपले व्यक्तिगत रोजाइको निर्णायक कामको माग गर्दछ भन्ने देखाउँदछ । यो एउटा हिब्रू कहावत हो, शाब्दिक रुपमा "आफ्नो मन बाँध" भन्ने हुन्छ । प्राचीन निकटपूर्वीमा पुरुषहरु र स्त्रीहरु दुवैले लामो पोशाक लगाउँथे । कपडालाई घूँडासम्म पुऱ्याएर अलिकतामाथि तानेर पेटीमा घुर्सादा, पोशाक पतलून जस्तो बन्दथ्यो, जसले अप्ठ्यारो काम गर्नलाई मद्दत गर्दथ्यो । रोमी १२:२; एफिसी ४:१७, २३ मा मानसिक क्रियाकलापको लागि तयारीको बारेमा त्यस्तै चेतावनीहरु दिइएको छ ।

- **"संयमी होओ"** यो आज्ञार्थक जोडसँग प्रयोग गरिएको आज्ञार्थक र कृदन्तको एउटा श्रृङ्खलामा रहेको एउटा वर्तमान कर्तृवाच्य कृदन्त हो । यसलाई संयमता मानिँदैन, तर मानिसक सतर्कता अनि अगाडि बढ्नु पर्ने कुराको लागि एउटा अलंकार हो (४:७; ५:८; १ थेसलोनिकी ५:६, ८; २ तिमोथी ४:५)

- **"तिमीहरुको आशा पूर्णरुपले राख"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो जसको अर्थ हुन्छ खीष्टको आगमनमा पूर्णरुपले विश्वास गर्नलाई एउटा निर्णायक रोजाइ गर्नु । नयाँ करारमा "आशा" लाई प्रायजसो दोस्रो आगमन (तीतस २:१३) लाई उल्लेख गर्दछ । हाम्रो आशाहरु त्रि-एक परमेश्वरको स्थापित अनि निश्चित चरित्र र कामहरुमा आधारित रहेको छ (२, ३–५ पद)

- **"येशू खीष्ट प्रकट हुनुहुँदा तिमीहरुकहाँ आउन लागेको अनुग्रहमा"** योचाहिँ त्यही नै अनुग्रह हो जसको लागि पुरानो करारका अगमवक्ताहरुले सावधानीपूर्वक खोजी गरेका थिए (१० पद)। यसले स्पष्टरुपले देखाउँदछ कि विश्वासीहरुका आशाचाहिँ त्रि-एक परमेश्वरको कामहरु अनि चरित्र (१:२, ३–५) मा छ, अनि येशूको आगमनमा उहाँको अनुग्रहलाई पूर्णरुपले प्रकट गरिनेछ ( १ यूहन्ना ३:२)। मुक्तिलाई सबै ग्रीक क्रियाका कालहरुले वर्णन गरेको छ । १ पत्रुस १:५ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

**१:१४ "आज्ञाकारी बालकहरु"** योचाहिँ परमेश्वर पिता अनि पुत्र येशूसँगको हाम्रो पारिवारिक सम्बन्धको एउटा हिब्रू कहावत हो (एफिसी २:२; ५:६ मा नकारात्मक अभिव्यक्तिहरु पाइन्छ)। उहाँमार्फत् विश्वासीहरु साझे–हकवाला भएका छन् (रोमी ८:१५–१७)। अचम्मरीतिले, पापीहरुचाहिँ उहाँको निमन्त्रणा अनि येशूको वलिदानबाट परमेश्वरको परिवारको मात्र भएका छन् ।

**NASB, NRSV** **"अब नलाग"**
**NKJV** **"तिमीहरु अब नलाग"**
**TEV** **"तिमीहरुको जीवनहरुलाई रुप लिन नदेओ"**
**NJB** **"तिमीहरुको जीवनहरुलाई रुप लिन नदेओ"**

योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग भएको एउटा वर्तमान माध्यम अथवा कर्मवाच्य कृदन्त हो । नयाँ करारमा विश्वासीहरुलाई घरिघरि परमेश्वर अथवा आत्माद्वारा काम गरिएकाहरु भनी वर्णन गरिएको छ (कर्मवाच्य), तर विश्वासीहरुलाई उहाँको आत्माको शक्तिमार्फत् (माध्यम वाच्य) परमेश्वरसँगको तिनीहरुको नयाँ सम्बन्धमा स्पष्टरुपले जिउनको लागि बोलाइएको हो भन्ने त्यहाँ व्याकरणीय सम्भावना छ जस्तो उद्धारचाहिँ परमेश्वरबाटै सुरु गरिएको तर एउटा आदेशरुपी जवाफसँगको एउटा शर्तबन्द करार हो, ख्रीष्टियन जीवन पनि त्यस्तै हो । बाहिरी जीवनको देख्न सकिने चरित्रहरु छन् (१५ पद)। यहाँ रोमी १२:२ मा पत्रुसको प्रायजसो शब्दहरु पावलको पत्रबाटकै रहेको छ ।

- **"अगाडिको अजान अवस्थाका कुइच्छाहरुमा"** यसले अन्यजाति विश्वासीहरुका अमर र ईश्वरहीन धर्मभ्रष्ट विगतको उल्लेख गर्दछ (४:२–३); एफिसी ४:१७–१९)।

**१:१५**

| | |
|---|---|
| **NASB** | **"तर तिमीहरुलाई बोलाउनुहुने पवित्रजन जस्तो"** |
| **NKJV** | **"तर तिमीहरुलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ"** |
| **NRSV** | **"बरु, तिमीहरुलाई बोलाउनुहुने जस्तो जो पवित्र हुनुहुन्छ"** |
| **TEV** | **"बरु, तिमीहरुलाई बोलाउनुहुने परमेश्वर जस्तो पवित्र हुनुहुन्छ"** |
| **NJB** | **"तिमीहरुलाई बोलाउनुहुने पवित्रजनको शैलीमा"** |

योचाहिँ परमेश्वरको चरित्र अनि सर्वाभौम चुनावमाथि दिइएको एउटा जोड हो (२:९; ५:१०)। आत्माले नै नखिँचेसम्म कोही पनि परमेश्वरकहाँ आउन सक्दैन (यूहन्ना ६:४४, ६५)। योचाहिँ मानिसको प्रदर्शनको माध्यमबाट स्वर्गीय ग्रहण गराइलाई परित्याग गर्ने अर्को ईश्वरशास्त्रीय तरीका हो (एफिसी) २:८–९)। यस पाठमा मेरो उपदेशको शीर्षक छ "पवित्रजनको पवित्रजन ।"

**"आफैं पनि ......... पवित्र होओ"** यो एउटा एवरिष्ट कर्मवाच्य आज्ञार्थक हो । विश्वासीहरुलाई पवित्रता छुवाईको लागि आह्वान गरिँदैछन् । परमेश्वर इच्छाचाहिँ सदैव त्यो छ कि उहाँको सन्तानहरुले उहाँको चरित्रलाई झल्काउनु (तीतस २:१४)। ख्रीष्टियनिटीको लक्ष्यचाहिँ हामी मरेपछिको स्वर्गमात्र होइन, तर अहिलेको ख्रीष्टको स्वरुपमा रहनु पनि हो (रोमी ८:२९–३०; २ कोरिन्थी ३:१८; ७:१; गलाती ४:१९; एफिसी १:४; २:१०; ४:१८; १ थेसलोनिकी ३:१३; ४:३, ७; ५:२३)। येशूको कामचाहिँ पापबाट छुटकारा गर्नुमात्र होइन, तर पतित मानिसजातिमा परमेश्वरको प्रतिरुपको पुनर्स्थापन गर्नु पनि हो । ख्रीष्टको स्वरुप नभएको उद्धारको आश्वासनप्रति हामी सदैव शंकालु हुनु नै पर्दछ ! सुसमाचारचाहिँ (१) स्वागत गर्ने एउटा व्यक्ति ; (२) विश्वास गर्नको लागि त्यस व्यक्तिको विषयका एउटा सत्यता अनि (३) जिउनको लागि त्यस व्यक्तिको जीवनको स्पर्धा हो (एफिसी ४:१; ५:१–२, १५; १ यूहन्ना १:७; २:४–६)। मत्ती ५:२० अनि ४८ मा येशूको आघातपूर्ण वचनहरुलाई सम्झना गर्नुहोस् ! "यसमा मेरो लागि के छ" भन्ने ख्रीष्टियनिटीको बारेमा सदैव होसियार रहनुहोस् । हामीलाई त सेवा गर्नको लागि बचाइएको हो । हामीलाई विना कुनै शर्त पवित्र रहनु भनेर भनिएको छ । परमेश्वरले (१) सफलता; (२) भौतिकवाद अनि (३) सुस्वस्थ/सम्पन्न प्रचारमा जकडिएको एउटा पश्चिमी मण्डलीलाई दया गर्नुभएको छ ।

**विशेष शीर्षक : शुद्धीकरण**

नयाँ करारले यसरी पुष्टि गर्दछ कि जब पापीहरु पश्चाताप र विश्वासमा येशूतर्फ फर्कन्छन्, तिनीहरुलाई तत्कालै न्याय गरिन्छ अनि पवित्र गरिन्छ । योचाहिँ ख्रीष्टमा तिनीहरुको नयाँ स्थान हो । उहाँको धार्मिकतालाई तिनीहरुमा हालिएको छ (रोमी ४)। तिनीहरुलाई उचित र पवित्र भनी घोषणा गरिएको छ (परमेश्वरको एउटा जाँच)।

तर नयाँ करारले विश्वासीहरुलाई पवित्रता र शुद्धिकरणतिर पनि आग्रह गर्दछ । योचाहिँ येशू ख्रीष्टले गर्नु भएको कामको पूर्णताको ईश्वरशास्त्रीय अवस्था अनि दैनिक जीवनमा ख्रीष्टको जस्तै मनोवृत्ति र कामहरुको बोलावट दुवै नै हो ।

जस्तो उद्धारचाहिँ एउटा निःशुल्क उपहार र जीवनशैलीको हरेक कुराको मूल्य हो, त्यस्तै गरी शुद्धिकरण पनि हो ।

**सुरुवाती प्रतिउत्तर**

प्रेरित २०:२३; २६:१८
रोमी १५:१६
१ कोरिन्थी १:२–३; ६:११
२ थेसलोनिकी २:१३
हिब्रू २:११; १०:१०, १४; १३:१२

**एउटा प्रगतिशील ख्रीष्टको स्वरुप**

रोमी ६:१९
२ कोरिन्थी ७:१
एफिसी १:४; २:१०
१ थेसलोनिकी ३:१३; ४:३–४, ७; ५:२३
१ तिमोथी २:२१
हिब्रू १२:१४
१ पत्रुस १:१५–१६

- **"सबै रहनसहनमा"** "सबै" लाई जोड दिएको कुरालाई ध्यान दिनुहोस् । चुनौतिचाहिँ चुनिएको धार्मिकता होइन, तर भ्रष्ट पवित्रता हो (१ यूहन्ना ११–३:३)।

**१:१६ "किनभने यो लेखिएको छ, "तिमीहरु पवित्र होओ, किनभने म पवित्र छु"** "लेखिएको" चाहिँ एउटा पूर्ण कर्मवाच्य संकेतार्थ हो, जुनचाहिँ धर्मशास्त्रको लागि येशूद्वारा बारम्बार प्रयोग गरिएको एउटा कहावत हो, तर यहाँ पत्रुसमा मात्र । योचाहिँ लेवी ११:४४–४५; १९:२; २०:७, २६ बाटको उद्धरण हो । यो एउटा नयाँ आवश्यकता होइन, तर दोहोराइरहेको एउटा आवश्यकता हो (मत्ती ५:४८)। पूरानो करारको अर्थमा पवित्रताचाहिँ पापरहित भन्ने होइन, तर करारीय आवश्यकताको पुष्टिकरण हो (अर्थात् प्रस्थान १९:६; २२:३१; व्यवस्था १४:२, २१; २६:१९)। नयाँ करारमा पनि करारीय आवश्यकताहरु छन् जुनचाहिँ ख्रीष्टको सादृश्यमा निस्कन्छ । (रोमी ८:२८–२९; २ कोरिन्थी ३:१८; ७:१; गलाती ४:१९; एफिसी १:४; ४:१३; १ थेसलोनिकी ३:१३; ४:३, ७; ५:२३)। तलका विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : पवित्र**

१. पूरानो करार

अ. *kadosh* (BDB 872) शब्दको उत्पत्तिचाहिँ अनिश्चित नै छ, सम्भवत् कनानी हुन सक्दछ । मूलरुपको (अर्थात्, *kd*) को अर्थचाहिँ "विभाजन गर्नु" भन्ने सम्भव रहेको छ । योचाहिँ "परमेश्वरको प्रयोगका लागि छुट्याइएको" (कनानी संस्कृतिबाट, व्यवस्था ७:६; १४:२, २१; २६:१९) भन्ने लोकप्रिय परिभाषाको स्रोत हो ।

आ.	यसले वस्तुहरु, स्थानहरु, समयहरु र मानिसहरुमा परमेश्वरको उपस्थितिसँग सम्बन्ध राख्दछ । यसलाई उत्पत्तिमा प्रयोग गरिएको छैन, तर प्रस्थान, लेवी र गन्तीमा यो प्रचलित बनेको छ ।
इ.	अगमवक्ताका पुस्तक (विशेष गरेर यशैया र होशे) मा, व्यक्तिगत तत्त्वचाहिँ अघिबाटै उपस्थित रहेको हुन्छ, तर कुनै पनि जोड दिइएको कुरा अगाडि आउँदैन । योचाहिँ परमेश्वरको सारलाई निर्दिष्ट गर्ने एउटा तरीका हो (यशैया ६:३)। परमेश्वर पवित्र हुनुहुन्छ । उहाँको चरित्र पवित्र छ भनेर उहाँको नाउँले प्रतिनिधित्व गर्दछ । खाँचोमा परेको संसारमा उहाँका चरित्र प्रकट गर्ने उहाँका मानिसहरु पवित्र छन् (यदि तिनीहरुले विश्वासमा करारलाई पालन गर्दछन् भने)।
ई.	परमेश्वरको करुणा र प्रेमचाहिँ कराहरु इन्साफ अनि महत्त्वपूर्ण चरित्रको ईश्वरशास्त्रीय धारणाबाट छुट्याउन नसकिने कुरो हो । यसभित्र परमेश्वरतर्फ एउटा अपवित्र, पतित अनि विद्रोही मानवताको तनाव रहेको छ । Robert B. Girdlestone को *Synonyms of the Old Testament*, पृष्ठ ११:१२–११३ मा 'दयालु' परमेश्वर अनि 'पवित्र' परमेश्वरको बीचको सम्बन्धमा एउटा साह्रै रोचक लेख रहेको छ ।

**२. नयाँ करार**

अ.	लूकाबाहेक नयाँ करारका लेखकहरु हिब्रू सोंचाइ भएका तर Koine Greek (अर्थात् सेप्टुअजिन्ट) बाट प्रभावित भएकाहरु छन् । योचाहिँ पूरानो करारको ग्रीक अनुवाद हो, तर पुरातन ग्रीक साहित्य, सोंच, अथवा धर्म होइन जसले तिनीहरुको शब्दावलीलाई नियन्त्रण गर्दछ ।
आ.	येशू पवित्र हुनुहुन्छ किनभने उहाँ परमेश्वर हुनुहुन्छ अनि परमेश्वर जस्तै हुनुहुन्छ (लूका १:३३५; ४:३४; प्रेरित ३:१४; ४:२७, ३०)। उहाँ पवित्र अनि धर्मीजन हुनुहुन्छ (प्रेरित ३:१४; २२:१४)। येशू पवित्र हुनहुन्छ किनभने उहाँ पापरहित हुनुहुन्छ (यूहन्ना ८:४६; २ कोरिन्थी ५:२१; हिब्रू ४:१५; ७:२६; १ पत्रुस १:१९; २:२२; १ यूहन्ना ३:५)
इ.	परमेश्वर पवित्र हुनुभएको कारण, उहाँका सन्तानहरु पवित्र छन् (लेवी ११:४४–४५; १९:२; २०:७, २६; मत्ती ५:४८; १ पत्रुस १:१६)। येशू पवित्र हुनुभएकोले, उहाँका अनुयायीहरु पवित्र छन् (रोमी ८:२८–२९; २ कोरिन्थी :१८; गलाती ४:१९; एफिसी १:४; १ थेसलोनिकी ३:१३; ४:३; १ पत्रुस १:१५)। खीष्टियनहरुलाई खीष्टको स्वरुपमा (पवित्रता) सेवा गर्नलाई बचाइएको हो ।

## NASB (UPDATED) TEXT: 1:17-21

१७पनपक्ष नगरी मानिसको नामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौं भने, तिमीहरुका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ । १८तिमीहरु जान्दछौं, कि आफ्ना पिता–पूर्खाबाट आएका व्यर्थका कुराहरुदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरुद्वारा दाम तिरी तिमीहरु छुट्याइएका होइनौ, १९तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो खीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्याइएका छौ । २०उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरुका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो । २१उहाँद्वारा परमेश्वरमाथि तिमीहरुको भरोसा छ, जसले खीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरुको विश्वास र आशा परमेश्वरमा होस् ।

**१:१७ "भने"** योचाहिँ एउटा पहिलो श्रेणीको शर्तबन्द वाक्य हो जुनचाहिँ लेखकको उद्देश्यबाट अथवा तिनको साहित्यिक उद्देश्यहरुका लागि साँचो हो भनी मानिलिन्छ ।

- **"पिता भनी पुकारा गर्छौं"** योचाहिँ विश्वासीहरुले YHWH लाई पारिवारिक शब्दमा (रोमी ८:१५; गलाती ४:६) येशूले तिनीहरुलाई सिकाउनु भएजस्तै गरी (मत्ती ६:९) निरन्तर पुकारा गर्नेछन् भनेर संकेत गर्ने एउटा वर्तमान माध्यम संकेतार्थ हो (होशे ११:१–३; यर्मिया ३:१९)
- **"पनपक्ष नगरी ..... इन्साफ गर्नुहुनेलाई"** परमेश्वरले आफूलाई कहिल्यै नचिन्नेहरुका मात्र विवरण राख्नुहुन्न तर उहाँलाई चिन्दछौं भनी दाबी गर्नेहरुको पनि विवरण राख्नुहुन्छ (४:५, १७–१८; रोमी १४:१२; २ कोरिन्थी ५:१०)। जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै नै लिइन्छ ( लूका १२:४८)!

यदि हामी उहाँलाई पिता भन्दछौं भने, तब त हामीले पारिवारिक चरित्रहरुलाई झल्काउनुपर्दछ, जसरी जेठो छोराले गर्नुहुन्छ ! हाम्रा पिता, जो पवित्र हुनुहुन्छ, एकजना पनपक्ष नगर्ने न्यायकर्ता हुनुहुन्छ (व्यवस्था १०:१७; २ इतिहास १९:७; प्रेरित १०:३४; रोमी २:१; गलाती २:६; एफिसी ६:९; कलस्सी ३:२५; १ पत्रुस १:१७)।

मानिसजातिहरुसँग तिनीहरुले परमेश्वरसँग कसरी सम्बन्ध राख्नेछन् भन्ने विषयमा रोजाइ हुन्छ, (व्यवस्था ३०:१५–२०; यहोशू २४:१५; इजकिएल १८:३०–३२)। यदि तिनीहरुले ख्रीष्टमा विश्वास गर्दछन् भने उहाँ एकजना प्रेमिलो पिता बन्न सक्नुहुन्छ (यूहन्ना १:१२; रोमी १०:९–१३) अथवा यदि तिनीहरुले तिनीहरुका आफ्नै योग्यताहरु अथवा धार्मिक संस्कारहरु, नियमहरु अनि कार्य विधिहरुको प्रदर्शनमा भर पर्दछन् भने उहाँ एकजना पवित्र न्यायकर्ता बन्न सक्नुहुन्छ । तपाइँ दया चाहनुहुन्छ कि इन्साफ ?

"पनपक्ष" शब्दले "मुहार उठाउनु" भन्ने पूरानो करारको एउटा कहावतलाई झल्काउँदछ । न्यायकर्ताहरु दोषी को हो भन्ने कुराबाट प्रभावित हुनुहुँदैन, तर तिनीहरुको कामहरुबाट हुनुपर्दछ ।

- **"मानिसको कामअनुसार"** यो एउटा नैतिक ब्रमाहण्ड हो । परमेश्वर न्यायकर्त्ता हुनुहुन्छ । जीवनको वरदानको लागि मानिसहरुले परमेश्वरलाई एउटा विवरण दिनेछन् (मत्ती २५:३१–४६; २ कोरिन्थी ५:१०; प्रकाश २०:११–१५)। हामी सबै सेवकहरु हौं अनि हामी जे रोप्दछौं त्यही नै उठाउँछौं (अय्यूब ३४:११; भजन २८:४; ६२:१२; हितोपदेश १२:१४; २४:१२; यशैया ३:१०–११; यर्मिया १७:१०; होशे ४:९; मत्ती १६:२७; २५:३१–४६; रोमी २:६; १ कोरिन्थी ३:८; गलाती ६:७; कलस्सी ३:२५; प्रकाश २:२३; २०:१२–१३; २२:१२)

- **"डरसँग बिताओ"** योचाहिँ पवित्र परमेश्वरलाई दिइएको एउटा उचित आदर हो (१ कोरिन्थी ५:२१)। त्यो आदरचाहिँ उहाँका सन्तानहरुले जीवनको वरदान अनि सुसमाचारको लागि तिनीहरुले परमेश्वरमा एउटा लेखा दिनुपर्दछ भन्ने जानेर पनि ईश्वरीय जीवन जिउने कुरा हो ।

- **"तिमीहरुका प्रवासको सम्पूर्ण समय"** यसले चाहिँ विश्वासीहरुलाई एउटा विदेशी भूमिमा क्षणिककालको लागि बसिरहेको कुरालाई उल्लेख गर्दछ (१ पद; २:११; हिब्रू ११:९–१०)। यो संसार हाम्रो घर होइन ।

**१:१८ “जान्दछौं”** हाम्रो पक्षमा खीष्टको कामप्रतिको हाम्रो ज्ञानले हामीलाई खीष्ट जस्तै आज्ञाकारी जीवन जिउन लगाउँदछ ।

पत्रुसले सुरुवाती मण्डलीको सिद्धान्तहरु, भजनहरु अथवा आराधनाका विधिहरुलाई प्रयोग गरेको कुरामा टिप्पणीकारहरुको बीचमा त्यहाँ एउटा अनुमान रहेको छ । १ पत्रुस १:१८–२१ अनि २:२१–२५ ले काव्यात्मक शैलीको चिह्नलाई देखाउँदछ । पावलले पनि यस सैद्धान्तिक, भजनका अनि विधिका सामग्रीहरुलाई प्रयोग गरेका थिए अथवा स्मरणमा टेवा पुऱ्याउनलाई सम्भवत् गिर्जाघरका साहित्यहरुलाई समेत प्रयोग गरेका थिए (एफिसी ५:१९: फिलिप्पी २:६:११; कलस्सी १:१५–१६; ३:१५–२०; १ तिमोथी ३:१६; २ तिमोथी २:११–१३)

- **“छुट्याइएका”** “छुट्याइएका शब्दले दरिद्रताबाट अथवा दासत्वबाट “कसैलाई किनेर फर्काइ लैजानु” भन्ने एउटा पूरानो करारको शब्दलाई झल्काउँदछ । त्यहाँ दुई ओटा हिब्रू शब्दहरु छन् (फिरौती, छुटाउनु)। एउटामा “नजिकको नातेदारद्वारा किनेर फिर्ता लैजानु (*go'el*, नातेदारको उद्धारकर्त्ता; रुथ ४:१, ३, ६, ८, १४) को संकेतार्थलाई थप्दछ । येशू हाम्रा नजिकको नातेदार हुनुहुन्छ जसले आफ्नै जीवनद्वारा हाम्रो क्षमादानलाई किन्नुभयो (यशैया ५३; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१)। मर्कूस १०:५ मा फिरौती/छुटकारा माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

| | |
|---|---|
| **NASB, NJB** | **“तिमीहरुको व्यर्थको जीवनको बाटोबाट”** |
| **NKJV** | **“तिनीहरुको लक्ष्यहीन रहनसहनबाट”** |
| **NRSV** | **“व्यर्थका कुराहरुबाट”** |
| **TEV** | **“जीवनको मूल्यहीन व्यवहारहरुबाट”** |

यस वाक्यांशलाई व्याख्या गर्ने त्यहाँ दुईओटा तरीकाहरु छन् ।

१. यसले पूरानो करारका परम्पराहरुको उल्लेख गर्दछ (यशैया २९:१३; मत्ती १५:१–२०; मर्कस ७:१–२३) अनि “व्यर्थ”, “रित्तो”, अथवा “तुँवालो” जस्ता हिब्रू शब्दहरुलाई झल्काउँदछ (यर्मिया २:५; जकरिया १०:२)। अर्को वाक्यांशले पूरानो करारको बलिदिने प्रथातिर संकेत गर्दछ । यदि त्यसो हो भने, पत्रुसले विश्वास गर्ने यहूदीहरुलाई भनिरहेका छन् ।

२. यसले १४ पदको अनि अन्य जाति विश्वासीहरुका अमरणशील, धर्म भ्रष्ट विगतका अनुभवहरुलाई उल्लेख गर्दछ । यस पदको साधारण अर्थको लागि प्रेरित १४:१५; १ कोरिन्थी १५:१७; तीतस ३:९ अनि याकूब १:२६ लाई हेर्नुहोस् ।

**१:१९ “थुमाको जस्तो .......... अनमोल रगतद्वारा”** यो वाक्यांशचाहिँ इस्राएलीहरुका बलिदान दिने प्रथाको एउटा संकेत हो (लेवी १–७)। परमेश्वरले पापी मानिसहरुलाई बलिदानको माध्यमबाट उहाँ समक्ष पुग्नलाई अनुग्रहपूर्ण रीतिले अनुमति दिनुहुन्छ । पापले जीवनलाई नै लैजान्छ । जीवनचाहिँ रगतमा हुन्छ (लेवी १८:११, १४)। परमेश्वरले एउटा पशुको जीवनबाटको प्रतिस्थापनलाई अनुमति दिनुभयो (यूहन्ना १:२९)। येशूको अगमवाणी गरिएको मृत्युले (यशैया ५३:७–८) सारा संसारको पापसँग सम्बन्ध राख्दछ (यूहन्ना ३:१६, १७; ४:४२; १ यूहन्ना २:२; ४:१४)।

- **"निष्खोट र निष्कलङ्क"** यिनीहरुचाहिँ होमबलिका लागि ग्रहणयोग्य पशुहरुका लागि बलिदानरुपी अलंकार हो (लेवी २२:१९–२०), तर यहाँ तिनीहरुले येशूको पापरहिततालाई उल्लेख गर्दछ (यूहन्ना ८:४६; १४:३०; लूका २३:४१; २ कोरिन्थी ५:२१; हिब्रू ४:१५; ७:२६–२७; १ पत्रुस २:२२, ३:१८, १ यूहन्ना ३:५)। उहाँ एकजना ग्रहणयोग्य पवित्र बलिदान हुनुहुन्थ्यो ।

**१:२० "नियुक्त हुनुभएको"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो । १:२ मा यसै शब्दद्वारा परमेश्वरका मुक्तिको कामहरुको वर्णन गरिएको छ । खीष्टको मृत्युचाहिँ पछि विचार गरिएको कुरो थिएन (उत्पत्ति ३:१५; भजन २२; यशैया ५३; मर्कूस १०:४५; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९)। येशू त मर्नको लागि आउनुभयो ।

**"संसारको सृष्टिभन्दा अगाडिदेखि नै"** नयाँ करारमा यस वाक्यांशलाई कैयौं पटक प्रयोग गरिएको छ । यसले मानिस जातिको छुटकाराको लागि सृष्टि अघिको परमेश्वरको क्रियाकलापहरुको बारेमा बोल्दछ ( मत्ती २५:३४; यूहन्ना १७:२४; एफिसी १:४; १ पत्रुस १:१९–२०; प्रकाश १३:८)। यसले येशूको अगाडिबाटै रहेको अस्तित्वलाई पनि संकेत गर्दछ (यूहन्ना १:१–२, ८:५७–५८; २ कोरिन्थी ८:९; फिलिप्पी २:६–७; कलस्सी १:१७; प्रकाश १३:८)।

- **"तर ...... प्रकट हुनुभयो"** यो एउटा एवरिष्ट कर्मवाच्य कृदन्त हो जसको अर्थ हुन्छ "परमेश्वरले उहाँलाई स्पष्टरुपले प्रकट गराउनुभएको छ" (हिब्रू ९:२६; १ यूहन्ना १:२; ३:५, ८)।

- **"समयको अन्त्यमा"** यसलेचाहिँ बेतलेहेममा येशूको अवतारलाई उल्लेख गर्दछ । उहाँ त ईश्वरको रुपमा अनन्ततादेखि नै अस्तित्वमा हुनुहुन्थ्यो, तर अगमवाणी अनुसार बेतलेहेममा मानिसको रुपमा स्पष्टरुपले प्रकट हुनु भएको थियो (मीका ५:२) ।

अन्तिम दिनचाहिँ येशूको जन्मसँगै सुरुभयो जसै उहाँले राज्यको उद्घाटन गर्नुभयो । दोस्रो आगमनमा तिनीहरुलाई पूरा गरिनेछन् । १ पत्रुस १:५ मा यस युग अनि आउने युगमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**१:२१ "जसले खीष्टलाई मृतकबाट जीवित पारेर"** यसले येशूको जीवन र मृत्युलाई परमेश्वरबाट गरिएको ग्रहणलाई देखाउँदछ । योचाहिँ पत्रुस (प्रेरित २:२४–२८, ३२; ३:१५, २६; ४:१०; ५:३०; १०:४०; १ पत्रुस १:१३; ३:१८, २१, अनि पावल, प्रेरित १३:३०, ३३, ३४, ३७; १७:३१; रोमी ४:२४; ८:११; १०:९; २ कोरिन्थी ४:१४) ले घरिघरि प्रयोग गरिरहने मुख्य विषय हो । योचाहिँ पुत्रको प्रतिस्थापित मृत्युलाई पिताले गर्नुभएको ग्रहणको पुष्टिकरण थियो (१ कोरिन्थी १५)। ईश्वरशास्त्रीयरुपमा खीष्टको पुनरुत्थानमा त्रि-एकका तीनैजना व्यक्तिहरु सक्रिय हुनुहुन्थ्यो :

१. पिता (प्रेरित २:२४; ३:१५; ४:१०; ५:३०; १०:४०; १३:३०, ३३, ३४; १७:३१)
२. पुत्र (रोमी ८:११)
३. आत्मा (यूहन्ना २:१९–२२; १०:१७–१८)

- **"महिमा दिनुभयो"** यस सन्दर्भमा पुत्रको वचनहरु अनि कामहरुलाई पिताले गर्नुभएको ग्रहण अनि स्वीकारलाई दुईओटा ठूला ठूला घटनाहरुमा व्यक्त गरिएका छन् :

१. मृतकबाट येशूको पुनरुत्थान
२. पिताको दाहिनेतर्फ येशूको स्वर्गारोहण

मर्कूस १०:३७ मा महिमामाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

NASB (UPDATED) TEXT: 1:22-25
२२अब सत्यको पालनद्वारा तिमीहरुले आफैंलाई शुद्ध पारेका हुनाले आफ्ना दाज्यू–भाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कालाई गहिरो प्रेम गर । २३परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरु नयाँ गरी जन्मेका छौ । २४किनकी, "सबै प्राणी घाँसजस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता । घाँस ओइलाउँछ, र फूल झरिहाल्छ, २५तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ ।" अनि तिमीहरुलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो ।

**१:२२ "पालनद्वारा"** आज्ञापालनचाहिँ एक अध्यायको एउटा दोहोरिएको विषय हो (१:२, १४, २२)। यसले सुसमाचारलाई प्राप्त गर्ने (अर्थात्, सत्यता, यूहन्ना १७:१७; २ थेसलोनिकी २:१२) अनि यसमा हिँड्ने कुरालाई उल्लेख गर्दछ । याद गर्नुहोस् कि सुसमाचारचाहिँ (१) एउटा व्यक्ति; (२) त्यस व्यक्तिको विषयका सत्यता; अनि (३) त्यस व्यक्ति जस्तै जीवन हो । लूका ६:४६ मा येशूले आज्ञापालनको महत्त्वलाई एकदमै स्पष्टरुपले व्यक्त गर्नुभयो । आज्ञापालनचाहिँ हामीले उहाँलाई साँच्चै भेट्टाएका छौं अनि उहाँद्वारा परिवर्तन भएका छौं भन्ने कुराको प्रमाण हो । अनन्त जीवनको देख्न सकिने चरित्रहरु हुन्छ ।

- **"सत्यको"** शाब्दिकरुपमा चाहिँ "सत्यको आज्ञापालनद्वारा" हुन्छ जुनचाहिँ एउटा कर्मकारक सम्बन्धकारक हो । सत्यचाहिँ परमेश्वर र उहाँका सन्तानहरु दुवैको चरित्र हो । २ पत्रुस १:१२ मा "सत्यता" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"आफैंलाई शुद्ध पारेका हुनाले"** यो एउटा पूर्ण कर्तृवाच्य कृदन्त हो । सत्यको आज्ञापालनचाहिँ व्यक्तिगत शुद्ध छुवाईबाट निस्कन्छ (याकूब ४:८; १ यूहन्ना ३:३)। यस आत्मिकी शुद्ध छुवाईले परमेश्वरको प्रेम र ग्रहणलाई प्राप्त गर्दैन, तर यसलाई झल्काउँदछ । यस शुद्धिकरणको प्रक्रियाचाहिँ उद्धारमा सुरु हुन्छ अनि जीवनभरि नै गइरहन्छ (पूर्ण कर्तृवाच्य कृदन्त)। यसले दाजूभाईहरुको एउटा साँचो प्रेमको नतिजा ल्याउँदछ (१ यूहन्ना ४:७–२१)। खीष्टियनिटीचाहिँ (१) परमेश्वरले खीष्टमार्फत् प्रस्ताव गर्नुभएको उद्धारप्रतिको कुनै व्यक्तिको विश्वासको प्रतिउत्तर अनि (२) खीष्टको शरीरतर्फ गरिएको सेवाको एउटा सामूहिक अनुभव (१ कोरिन्थी १२:७) दुवै हो । विश्वासीहरुले उहाँका अरु सन्तानहरुलाई प्रेम गरेर परमेश्वरको लागि तिनीहरुको प्रेम व्यक्त गर्दछन् (रोमी १४:१–१५:१३)। १:९ मा "आत्माहरु" माथिको पूरा टिप्पणीलाई हेर्नुहोस् ।

- **"दाज्यूभाइलाई निष्कपट प्रेम गर ......... एउटाले अर्कालाई गहिरो प्रेम गर"** यस वाक्यांशमा "प्रेम" को पहिलो प्रयोगचाहिँ मिश्रित ग्रीक शब्द *philadelphi* (मातृप्रेम) मा रहेको छ । दोस्रोचाहिँ *agapaō* क्रियाको एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो । नयाँ करारमा यस्ता

शब्दहरु (*Phileō* अनि *agapaō*) लाई साटासाट गरिएको रुपमा प्रयोग गरिएको थियो । यूहन्ना २१:१५–१७ जस्ता केही परिच्छेदहरुमा, तिनीहरुले प्रेमका विभिन्न पक्षहरुलाई बोकेको हुनसक्दछ । सुरुवाती मण्डलीहरुले तुलनात्मक रुपमा प्रयोग नगरिएका संज्ञा (*agapē*) थिए अनि यसलाई ख्रीष्टमा परमेश्वरको अनौठो आफै दिने प्रेमलाई व्यक्त गर्न प्रयोग गर्न सुरु गरे ।

**१:२३ "तिमीहरु नयाँ गरी जन्मेका छौ"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो । यसले १:३ बाट ईश्वरशास्त्रीय सोंचाइको विकास गर्दछ । योचाहिँ ख्रीष्टियनहरुलाई ख्रीष्टमा तिनीहरुको विश्वासमार्फत् परमेश्वरको परिवारको नयाँ सदस्यहरुको रुपमा वर्णन गर्न प्रयोग गरिएको एउटा पारिवारिक अलंकार हो (यूहन्ना १:१२–१३)। योचाहिँ यूहन्ना ३:३ मा यूहन्नाको "माथिबाट जन्मेको" भन्ने कुराको मिल्दोजुल्दो अर्थ हो ।

क्रियामा व्यक्त गरिएको अचम्मको सत्यतालाई ध्यान दिनुहोस् ।

१. पूर्ण काल – हाम्रो उद्धारचाहिँ विगतमा सुरु भयो अनि अस्तित्वको वर्तमान अवस्थामा निरन्तर गइरहन्छ ।

२. कर्म वाच्य – हामीले आफैंलाई बचाएनौं, यो त त्रि-एक परमेश्वरबाटको एउटा बाहिरी काम थियो ।

३. एफिसी २:५, ८ मा, यस्तै क्रियाको रुपमा (बेग्लाबेग्लै ग्रीक शब्द) पाइन्छ, त्यो पनि विश्वासीहरुको भरोसा र सुरक्षामाथिको एउटा अचम्मलाग्दो पद हो ।

**"अविनाशी वीर्यबाट"** वीर्यचाहिँ (१) प्रजनन (अर्थात् वीर्यको लागि धर्म गुरुहरुद्वारा प्रयोग गरिएको) अथवा (२) भौतिक वंश (अर्थात्, उत्पत्ति १२:१–३, अब्राहमको वंशको लागि) को लागि प्रयोग गरिएको बाइबलीय अलंकार हो । योचाहिँ त्यो चिज हो जसले जीवन उत्पन्न गराउँदछ ।

**"परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा"** सुसमाचार प्रचार गराइलाई त्यस्तो साधनको रुपमा मानवीकरण गरिएको छ जसमा पिताले विश्वासीहरुलाई उत्पन्न गर्नुहुन्छ (याकूब १:८)। सुसमाचारको सत्यताको यस प्रेरितीय प्रचारलाई जीवित अनि रहेकाहरु दुवैको व्याख्या गर्दछ (हिब्रू ४:१२), जुनहरु दुवै नै यहोवाका पक्षहरु हुन् !

१:२४ २४–२५ पदचाहिँ यशैया ४०:६–८ को LXX (अय्यूब १४:१–२; भजन ९०:५–६, १०३:१५–१७) बाटको उद्धरण हो, जसले मानिसको जीवनको कमजोरी (याकूब १:१०–११) बनाम् परमेश्वरको वचनको अनन्तता (याकूब १:२१) लाई पनि जोड दिन्छ । तिनीहरुको मूल सन्दर्भमा, यी पदहरुले इस्राएलीहरुको उल्लेख गर्दथ्यो, तर अहिले तिनीहरुले मण्डलीको उल्लेख गर्दछ (२:५, ९)। यस सरुवाचाहिँ १ पत्रुसको चरित्र हो ।

**१:२५ "प्रभुको वचन"** साधारणतय "वचन" अथवा "सन्देश" भनेर अनुवाद गरिएको त्यहाँ दुईओटा ग्रीक शब्दहरु छन् । Koine Greek मा *Logos* (यूहन्ना, १:१; १ पत्रुस १:२३) अनि *rēma* (१:२५ मा सेप्टुअजिन्टबाट लिइएको पूरानो करारको उद्धरण अनि २५ पदमा संकेत गरिएको) हरुचाहिँ साधारणतय् पर्यार्यवाचीहरु हुन् । शब्दकोषले होइन, तर सन्दर्भले पर्यायवाचीका कुराहरुलाई निर्धारण गर्दछ । परमेश्वरले आफैंलाई प्रकट गर्नुभएको छ (अर्थात् प्रकाश) !

NASB (UPDATED) TEXT:2:1-3
१यसकारण सबै दुष्टता, सबै छल र कपट र इर्ष्या, र सबै निन्दाहरुलाई त्याग । २नयाँ जन्मेका
बालकहरुजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरु आफ्नो मुक्तिमा बढ्दै जान सक्नेछौ
। ३ किनकी प्रभु कृपालु हुनुहुन्छ भन्ने कुराको स्वाद तिमीहरुले पाएका छौ ।

**२:१ "यसकारण"** यसलेचाहिँ के देखाउँछ भने तलका छलफलहरुचाहिँ भर्खरैमात्र उल्लेख गरिएका कुराहरुमाथि आधारित छ ।

**"त्याग"** यो एउटा एवरिष्ट माध्यम कृदन्त हो जसले शाब्दिकरुपमा व्यक्तिगतरुपले "लुगा खोल्नु" भन्ने कुरालाई उल्लेख गर्दछ । लुगा खोल्ने कामलाई चाहिँ आत्मिकी जीवनलाई वर्णन गर्ने एउटा सामान्य बाइबलीय अलंकार हो (अय्यूब २९:११४; भजन १०९:२९; यशैया ६१:१०; रोमी १३:१२; एफिसी ४:२२, २५, ३१; कलस्सी ३:८; हिब्रू १२:१)।

माध्यम वाच्यलाई ध्यान दिनुहोस्, जसले विषयको कामलाई जोड दिन्छ । विश्वासीहरुले सबै दुष्टताहरुलाई सधैंको लागि उतारी पठाउनुपर्दछ (पूर्ण गरिएको कामको रुपमा एवरिष्ट काल)। योचाहिँ त्रि-एक परमेश्वरको कामको अघिल्लो ईश्वरशास्त्रीय प्रदर्शनको कारणमात्र सम्भव हुन्छ (२ पद)। पतित मानिसजाति पाप र दुष्टताबाट फर्कन सक्षम हुँदैन, तर परमेश्वरले ख्रीष्टमार्फत् आत्माद्वारा विश्वासीहरुलाई पूर्णरुपले परमेश्वरतर्फ फर्कन सक्षम बनाउनुभएको छ (रोमी ६)। दुःखपूर्ण कुरो त के छ भने विश्वासीहरुले परमेश्वरबाट दिइएको यस शक्तिप्रति निरन्तर अनिच्छा जनाउँदछन् अनि दुष्टतातर्फ नै फर्कनलाई रोज्दछन् (रोमी ७)।

- **"सबै दुष्टता"** यसले एउटा "सक्रिय रहेको खराब इच्छा" लाई उल्लेख गर्दछ (रोमी १:२९; १ कोरिन्थी ५:८; १४:२०; एफिसी ४:३१; कलस्सी ३:८; तीतस ३:३; १ पत्रुस २:१६)। सूचीबद्ध गरिएका अवगुणहरुचाहिँ रोमी संसार (जस्तै stoics) अनि नयाँ करारका सामान्य कुराहरु थिए (मर्कूस ७:२१–२७; रोमी १:२९–३१; १३:१३; १ कोरिन्थी ५:१०; ६:९–१०; २ कोरिन्थी १२:२; गलाती ५:१९–२०; एफिसी ४:३१; कलस्सी ३:८; १ तिमोथी १:९–१०; २ पत्रुस २:१०–१४; प्रकाश २१:८, २२:१५)।

- **"सबै छल"** यो शब्दचाहिँ "माछा पक्रने चारो" को प्रयोग गराई थियो । यसले छलको माध्यमबाट अरुलाई पासोमा पार्नको लागि एउटा कोशिषलाई अंकित गर्दछ (१ कोरिन्थी १२:१६; १ थेसलोनिकी २:३; १ पत्रुस २:१, २२; ३:१०)।

- **"कपट"** योचाहिँ शाब्दिकरुपमा इन्साफमुनि राख्नु" हो । योचाहिँ कलाकारहरुले मखुण्डो पछाडिबाट बोल्ने कुराको नाटकसम्बन्धीका शब्दको प्रयोग गराई हो ।

- **"इर्ष्या"** योचाहिँ अरुको सम्पत्तिलाई पाउने अभिलाषाबाट सृष्टि भएको एउटा आह्रिस हो (मत्ती २७:१८; १५:१०; रोमी १:२९; फिलिप्पी १:१५; १ तिमोथी ६:४; तीतस ३:३; याकूब ४:५)।

- **"निन्दाहरु"** यसलेचाहिँ अरुहरुलाई बदनाम गर्न तिनीहरुको विषयमा नराम्रो कुराहरु बोलेका कुरालाई उल्लेख गर्दछ (रोमी १:३०; २ कोरिन्थी १२:२०; १ पत्रुस २:१, १२; ३:१६)। पूरानो अनि नयाँ करारमा यस क्रियाकलापलाई चाहिँ शैतानको वर्णन गर्नलाई प्रयोग गरिएको छ । यसको उल्लेखद्वारा यो स्पष्ट भएको छ कि यी सुरुवाती मण्डलीहरुको पनि समस्याचाहिँ यही नै थियो जसले त्यस्ता सतावटहरुको अनुभव गर्दै थिए ।

**२:२ "नयाँ जन्मेका बालकहरु जस्तै"** योचाहिँ सम्भव साना नानीहरुमा जस्तै विश्वास हुनुपर्दछ भनेर आफ्ना चेलाहरुप्रतिको येशूको चेतावनीलई उल्लेख गर्दछ (मत्ती १८:३)। यसले नयाँ गरी जन्मनुभन्ने बारेका सुरुवाती पारिवारिक अलंकारसँग पनि सम्बन्ध राख्दछ (१ पत्रुस १:३; २३; यूहन्ना ३:३)।

२ अध्यायमा विश्वासीहरुका वर्णन गर्न पत्रुसले थुप्रै अलंकारहरुको प्रयोग गरेका छन् :

१. नयाँ गरी जन्मेका बालकहरु, २:१
२. आत्मिकी घर बनाउनको लागि जीवित पत्थर झैं जिउनु, २:५
३. पूजाहारीगिरी, २:५, ९
४. निजी प्रजा, २:९–१०
५. विदेशी र प्रवासीहरु, २:११
६. भेडाहरु, २:२५

- **"तृष्णा गर"** यो एउटा एवरिष्ट कृर्तवाच्य आज्ञार्थक हो । योचाहिँ इच्छाको लागि कडा शब्द हो (फिलिप्पी १:८; २:२६)। खीष्टियन जीवनमा आत्मिकी बढाइ अनि परिपक्वताचाहिँ आफैं हुने कुराहरु होइनन् । यस आज्ञाको सारलाई भजन ४२:१–४ अनि मत्ती ५:६ मा देख्न सकिन्छ ।

- **"शुद्ध"** याचाहिँ पहिलो शताब्दीको मदिरा कारखानाबाट लिइएको शब्द हो । योचाहिँ *ALPHA PRIVATIVE* सहितको *dolon* (छलकपट, २ पद) शब्द हो । मदिरालाई जहिले पनि पानीसँग मिसाइन्थ्यो, विशेष गरेर पूरानो मदिरालाई । व्यापारीहरुले घरिघरि पानी मिसाइएको अथवा पातलो पारिएको मदिरालाई बेच्ने कोशिष गर्दथे । त्यसैकारण, यस शब्दलाई त्यस कुराको विषयमा आलंकारिकरुपमा प्रयोग गरियो जुनचाहिँ "नमिसाएको" अथवा "असली" हुन्थ्यो ।

नयाँ जन्मेका खीष्टियनहरुका सान्दर्भिक अलंकारलाई पालन गर्दै, यसले नानीहरुले पिउने दूधको आवश्यक पोषक तत्त्वहरुलाई उल्लेख गर्दथ्यो । यी मानिसहरुलाई परमेश्वरको वचनद्वारा बचाइएको थियो (१:२३); अब तिनीहरुले परमेश्वरको वचनमा विकास हुन आवश्यक छ । योचाहिँ नयाँ जन्मको एउटा आशा राखिएको र आवश्यक नतिजा हो । अहो, दुःखलाग्दो कुरो त यो त कि विश्वासीहरु खीष्टियन बालकहरुकै अवस्थामा रहिरहन्छन् ।

- **"दूध"** टरटुलियन (Tertullian) हरुले यसै पाठमा आधारित रहेर "नयाँ विश्वासीहरु" लाई तिनीहरुको बप्तिस्मापछि खीष्टमा तिनीहरुका नयाँ जीवनको प्रतीकस्वरुप दूध र मह दिने गर्दथे । हामीलाई त परमेश्वरको सत्यता चाहिन्छ, जुनचाहिँ खीष्टमा अनि प्रेरितहरुको निरन्तरको प्रचारमा प्रकट भएको छ (हिब्रू ५:१२)।

**NASB, NKJV** **"वचनको"**
**NRSV, TEV, NJB** **"आत्मिक"**

योचाहिँ रोमी १२:१ मा जस्तै *Logikos* भनिने दार्शनिक शब्द हो । यसले मानसिक कारणहरु (NASB, NKJV), अथवा आत्मिक (NRSV, TEV, NJB) लाई आलंकारिकरुपमा भनिएका कुरालाई उल्लेख गर्न सक्दछ । योचाहिँ नयाँ विश्वासीहरुलाई प्रेरितीय शिक्षा र प्रचारको आवश्यकतासँग स्पष्टरुपले सम्बन्धित रहेको छ (१:२३–२५)। विश्वासीहरुले बाइबल पढ्नु अनि त्यहाँबाट जान्नु आवश्यक छ ।

**"तिमीहरु आफ्नो मुक्तिमा बढ्दै जान सक्नेछौ"** यो एउटा एवरिष्ट कर्मवाच्य असम्भाव्यता (*PASSIVE SUBJUNCTIVE*) हो । प्रेरितहरुको प्रचारलाई कर्मवाच्यको प्रतिनिधिको रुपमा मानवीकरण गरिएको छ, जसले विश्वासीहरुलाई बढ्न लगाउँदछ । नयाँ करारमा उद्धारलाई तलका कुराहरुको रुपमा हेरिएको छ :

१. एउटा विगतको निर्णय (एवरिष्ट काल)
२. एउटा गइरहेको प्रक्रिया (वर्तमान काल)
३. वर्तमान अवस्थामा चरम विन्दुमा पुगेको एउटा विगतका घटना (पूर्ण काल)
४. एउटा भविष्यम हुने पूर्णता (भविष्य काल)

यस सन्दर्भले उल्लेख गर्दैछ कि परमेश्वरबाट प्रकट गरिएको सत्यताको माध्यम आएको आत्मिकी बढाइचाहिँ (१:२३, २५; २:२) ख्रीष्टियन जीवनको पूर्णताको लागि महत्त्वपूर्ण रहेको छ । १:५ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

**२:३ "किनकी प्रभु कृपालु हुनुहुन्छ भन्ने कुराको स्वाद तिमीहरुले पाएका छौ"** यो एउटा प्रथम श्रेणीको शर्तबन्द वाक्य हो जसलाई साँचो हो भनी मानि लिइएको छ । परमेश्वरको अनुग्रहलाई अनुभव गरेका विश्वासीहरुलाई एउटा पूरा अनि पूर्ण उद्धारमा परमेश्वरको सत्यता र परमेश्वरको सत्यतामा बढ्ने इच्छा रहेको आशा गरिन्छ । ३ पदचाहिँ भजन ३४:८ को एउटा संकेत हो । भजनले YHWH को उल्लेख गर्दछ, तर यहाँ यसले येशूलाई उल्लेख गर्दछ । United Bible Societies को *Handbook on the First Letter from Peter* ले दाबी गर्दछ कि यसले विश्वासीहरुको पहिलो प्रभुभोजलाई उल्लेख गरेको हुन सक्दछ (५३ पृष्ठ) ।

१. दया (*chrēstos*) अनि ख्रीष्ट (*christos*) को बीचको शब्दको प्रयोग
२. प्रभुभोजको सेवाहरुको समयमा सुरुवाती मण्डलीहरुद्वारा भजन ३४ लाई प्रयोग गरिन्थ्यो ।
३. "स्वाद" (एवरिष्ट काल) ले सम्भवत् बप्तिस्मा पछिको पहिलो प्रभुभोजलाई उल्लेख गर्दछ ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. पत्रुसले यहूदीहरु अथवा अन्य जातिहरुलाई लेख्दैछन् कि दुवैलाई लेख्दैछन् ?
२. ३–९ पदमा पत्रुसको मुख्य सत्यताचाहिँ के हो त ?
३. ख्रीष्टियनहरुले किन कष्ट पाउँदछन् ?
४. हाम्रो उद्धारचाहिँ अझै भविष्यमै छ भनेर किन भनिएको हो ?
५. १०–१२ पदमा पूरानो करारका अगमवक्ताहरुले के कुरालाई जान्ने इच्छा राखेका थिए ?
६. १३–२२ पदमा पाइने आज्ञाहरुको सूची बनाउनुहोस् ।
७. नयाँ विश्वासीहरुलाई के कुराको अत्यावश्यक पर्दछ ?

# १ पत्रुस २:४ – २५

**आधुनिक अनुवादहरुको परिच्छेद विभाजनहरु**

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| जीवित पत्थर र पवित्र राष्ट्र | नित्य रहने वचन | पवित्रताको लागि गरिएको अपिल | जीवित पत्थर र पवित्र राष्ट्र | वचनद्वारा आत्मोन्नति |
| २:१–८ | (१:२२–२:३) | (१:२३–२:१०) | २:१–८ | (१:२२–२:३) |
| | चुनिएको पत्थर र उहाँका चुनिएका मानिसहरु | | | नयाँ पूजाहारी गिरी |
| २:९–१० | २:४–१० | २:४–८; २:९–१० | २:९–१० | २:४–८; २:९–१० |
| परमेश्वरको सेवक जस्तो जिउनु | संसारको अघि जिउनु | खीष्टियनहरुको कर्तव्यबोध | परमेश्वरका दासहरु | अविश्वासीहरुप्रति खीष्टियनहरुको कर्तव्य |
| २:११–१२ | २:११–१२ | (२:११–४:११) २:११–१२ | २:११–१२ | २:११–१२ |
| | शासकहरुको अधिनता | | | नागरिक अधिकारप्रति खीष्टियनहरुको कर्तव्य |
| २:१३–१७ | २:१३–१७ | २:१३–१७ | २:१३–१७ | २:१३–१७ |
| खीष्टको कष्टको उदाहरण | मालिकहरुको अधीनता | | खीष्टको कष्टको उदाहरण | मालिकहरुप्रति खीष्टियनहरुको कर्तव्य |
| २:१८–२५ | २:१८–२५ | २:१८–२५ | २:१८–२५ | २:१८–२०<br>२:२१–२५ |

## अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)

### परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

**शब्द र वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT: 2:4–8

४उहाँकहाँ जाओ, जो जीवित पत्थर हुनुहुन्छ । मानिसहरुबाट इन्कार हुनुभएको, तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ । ५तिमीहरु पनि येशू ख्रीष्टद्वारा ग्रहणयोग्य आत्मिक बलिदान चढाउने पवित्र पूजाहारी गिरीको निम्ति जीवित पत्थरहरुझैं आत्मिक घर बन्दै जाओ । ६किनभने धर्मशास्त्रमा भनिएको छ, "हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने–ढुङगो म बसाल्छु; जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्ने छैनँ ।" ७यसकारण तिमीहरु जसले विश्वास गर्छौ तिमीहरुका निम्ति त उहाँ बहुमूल्य हुनुहुन्छ, तर विश्वास नगर्नेहरुका निम्तिचाहिँ, "जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरुले रद्द गरे त्यहीचाहिँ कुनाको शिर–ढुङ्गा बन्यो ।"

२:४ **"उहाँकहाँ जाओ"** यो एउटा वर्तमान माध्यम कृदन्त हो । NKJV, NRSV र TEV ले यसलाई एउटा आज्ञार्थकको रुपमा अनुवाद गर्दछ । निरन्तर आइरहने अनि व्यक्तिगत तत्त्व "उहाँकहाँ" लाई ध्यान दिनुहोस् । सुसमाचारचाहिँ प्रारम्भिकरुपमा कुनै व्यक्तिलाई स्वागत गर्नु, भरोसा गर्नु, अनि स्पर्धा गर्नु भन्ने हो । यस शब्दले एउटा पूजाहारीको रुपमा अथवा आराधकको रुपमा परमेश्वरकहाँ पुग्नु भनेर संकेत गरेको हुनसक्दछ (हिब्रू ४:१६; ७:२५; १०:१, २२; ११:६)। पत्रुसले २–३ पदबाट दूध भन्ने आफ्नो अलंकारलाई ४–८ पदमा निर्माणको अलंकारहरुमा परिवर्तन गरेका हुन् (विश्वासीहरु जीवित पत्थरको रुपमा अनि येशूचाहिँ शिर ढुङ्गाको रुपमा)। योचाहिँ सम्भवत् सेप्टुअजिन्टबाट भजन ३४:४ लाई गरिएको निरन्तरको संकेत हो ।

- **"जो जीवित पत्थर हुनुहुन्छ"** पूरानो करारमा परमेश्वरको स्थिरता, सामर्थ्य अनि दृढतालाई बारम्बार पत्थरको समानतालाई एउटा शीर्षकको रुपमा प्रयोग गर्दै वर्णन गरिएका छन् ( व्यवस्था ३२:४, १५, १८, ३०; भजन १८:२, ३१, ४६; २८:१; ३१:३; ४२:९; ७१:३)।

पत्थरको रुपमा येशूको अलंकारलाई तलका कुराहरुमा पाइन्छ :

१. रद्द तुल्याइएको ढुङ्गा (भजन ११८:२२)

२ भवन निर्माणको ढुङ्गा (भजन ११८:२२; यशैया २८:१६)

३. ठेस लाग्ने ढुङ्गा (यशैया ८:१४–१५)

४. पराजित गर्ने अनि विजेता बन्ने ढुङ्गा (राज्य), (दानिएल २:४५)

येशूले आफैंलाई वर्णन गर्नको लागि यस्ता परिच्छेदहरुको प्रयोग गर्नुभएको थियो (मत्ती २१:४०; मर्कूस १२:१०; लूका २०:१७)

- **"मानिसहरुबाट इन्कार हुनुभएको"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो । योचाहिँ ७ पदको एउटा संकेत हुन सक्दछ, जनुचाहिँ भजन ११८:२२ को सेप्टुअजिन्टबाट आएको हो । "निर्माण

गर्नेहरु" ले ढुङ्गालाई रद्द तुल्याएका छन्, जसले यहूदी नेतृत्वलाई उल्लेख गरेको हुनसक्दछ, तर पत्रुसमा यसलाई विश्वास नगर्ने सबै मानिस जातिहरुलाई व्यापकरुपमा भनिएको छ । *apo* र *dokimazō*बाट आएको यस शब्दको अर्थ हुन्छ, कसैलाई अथवा केही कुरालाई यो असली हो कि होइन भनेर जाँच्नु । यहूदीहरुले येशूलाई मसीहको रुपमा निरन्तर इन्कार गरिनै रहे अनि यस इन्कार गराईचाहिँ आत्मिकी अन्धोपनाको एउटा अवस्थाा बन्यो (मर्कूस ८:३१; मत्ती ६:२३)।

- **"तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ"** योचाहिँ पहिलेको वाक्यांशप्रति सोझै विषमतामा छ । "अघिबाटै नियुक्त भएको" कुराको अर्थमा "चुनिनुभएको" चाहिँ शाब्दिकरुपमा "चुनिएको" भन्ने हुन्छ (१:२, २०)। एकजना इन्कार गरिएको (क्रूसमा टाँगिएको अथवा अस्वीकार गरिएको) मसीहचाहिँ जहिलेपनि छुटकाराको लागि परमेश्वरको एउटैमात्र योजना भएको छ (लूका २२:२२; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९; एफिसी १:११)।

**२:५ "जीवित पत्थरहरु झैं"** मण्डलीलाई वर्णन गर्नको लागि नयाँ करारले थुप्रै सामूहिक अलंकारहरुको गर्दछ :

१. दाख (यूहन्ना १५:५)
२. बथान (यूहन्ना १०:१६)
३. दूलही (अर्थात् एउटा परिवार, एफिसी ५:२७; प्रकाश १९:७, २१:९)
४. शरीर (एफिसी १:२२–२३; १ कोरिन्थी १२)
५. परिवार (रोमी ८:१५–१७; १ तिमोथी ३:१५)
६. शहर (हिब्रू ११:१०, १६; १२२२; १३:१४; प्रकाश २:२, १०)
७. यहाँ, मन्दिर (१ कोरिन्थी ३:९, १६; ६:१९)

- **"आत्मिकी घर बन्दै जाओ"** यो सम्भवत् एउटा वर्तमान कर्मवाच्य संकेतार्थ हुन सक्दछ, यद्यपि यसको रुपचाहिँ एउटा वर्तमान कर्मवाच्य आज्ञार्थक हुन सक्दछ । योचाहिँ व्यक्तिगत विश्वास (अर्थात् पत्रुसलाई उदाहरणको रुपमा लिएर) को चट्टानमा बनिनुपर्ने मण्डलीको व्याख्या गर्ने मत्ती १६:१८ मा प्रयोग गरिएको त्यही नै क्रिया हो । सम्पूर्ण सन्दर्भले ४ पदको अलंकारलाई निरन्तर विकास गरिरहेको छ । येशू नयाँ मन्दिर हुनुहुन्छ (यूहन्ना २:१८–२२)। ख्रीष्टमा भएका विश्वासीहरु साँचो पूजाहारीगिरी हुन् । विश्वास नगर्ने यहूदीहरु त्यही ढुङ्गामा ठेस लागेका छन् (७–८ पद) जसमा YHWH ले उहाँको आत्मिकी मन्दिर निर्माण गर्नुहुन्छ – (१) येशू र (२) मण्डली (१ तिमोथी ३:१५)। ख्रीष्टमा विश्वास राख्नेहरुले मात्र परमेश्वरको आत्मिकी मन्दिरमा काम गर्न अनि आत्मिकी रुपमै ग्रहणयोग्य बलिदान चढाउन सक्दछन् (अर्थात्, आफैंलाई पवित्र अर्पण गर्ने बलिदान, १:१४–१६; रोमी १२:१–२)।

**विशेष शीर्षक : निर्माण गर्नु**

यस शब्द *Oikodomeō* र यसको अर्को रुपलाई पावलद्वारा घरिघरि प्रयोग गरिएको छ । शाब्दिकरुपमा यसको अर्थ हुन्छ "भवन निर्माण गर्नु" (मत्ती ७:२४), तर यो निम्नलिखित कुराहरुका लागि आलंकारिकरुपमा प्रयोग हुन आयो :

१. ख्रीष्टको शरीर, मण्डली, १ कोरिन्थी ३:९; एफिसी २:२१; ४:१६

| | |
|---|---|
| २. | निर्माण गर्नु |
| अ. | दुर्बल मानिसहरु, रोमी १५:१ |
| आ. | छिमेकी, रोमी १५:२ |
| इ. | एक अर्कालाई, एफिसी ४:२९; १ थेसलोनिकी ५:११ |
| ई. | सेवाकाइका लागि सन्तहरु, एफिसी ४:११ |
| ३. | हामी तलका कुराहरुबाट बन्दछौं अथवा निर्माण हुन्छौं : |
| | अ. प्रेम, १ कोरिन्थी ८:१; एफिसी ४:१६ |
| | आ. व्यक्तिगत स्वतन्त्रतालाई सीमित गरेर, १ कोरिन्थी १०:२३–२४ |
| | इ. अनुमानलाई हटाएर, १ तिमोथी १:४ |
| | ई. आराधना सेवामा वक्ताहरुलाई सीमित गरेर (गायक–गायिकाहरु, शिक्षकहरु, अगमवक्ताहरु, अन्य भाषा बोल्नेहरु, व्याख्या गर्नेहरु), १ कोरिन्थी १४:३–४, १२) |
| ४. | सबै कुराहरुको निर्माण गरिनुपर्दछ |
| | अ. पावलको अधिकार, १ कोरिन्थी १०:८; १२:१९; १३:१० |
| | आ. रोमी १४:१९ अनि १ कोरिन्थी १४:२६ को संक्षिप्त बयानहरु |

- **"पवित्र पूजाहारी गिरीको निम्ति"** मण्डलीलाई वर्णन गर्नको लागि पत्रुसले परमेश्वरका पूरानो करारका मानिसहरु र इस्राएलीहरुका नाउँहरुलाई प्रयोग गर्दैछन् (प्रस्थान १९:५; १ पत्रुस २:९–१०; प्रकाश १:६)। पूरानो करारमा हव्वाको सन्तानमार्फत् YHWH ले सबै मानिस जातिलाई मुक्ति दिने प्रतिज्ञा गर्नुभयो (उत्पत्ति ३:१५)। परमेश्वरले अब्राहामलाई सारा संसारमा पुग्नको लागि (उत्पत्ति १२:३ र प्रस्थान १९:५) पूजाहारीहरुको एउटा राज्यलाई आह्वान गर्न (प्रस्थान १९:५–६) बोलाउनुभयो (उत्पत्ति १२:१–३)। इस्राएलीहरु यो काम गर्न असफल भए (इजकिएल ३६:२७–३८)। त्यसकारण, संसारमा पुग्नको लागि (मत्ती २८:१९–२०; लूका २४:४७; प्रेरित १:८; १ पत्रुस २:९) विश्वासका नयाँ मानिसहरुलाई नियुक्त गर्नुभयो (यर्मिया ३१:३१–३४; इजकिएल ३६:२२–३८)

मार्टिन लूथरले क्याथोलिक मण्डलीको परम्पराहरुलाई रद्द तुल्याउनको लागि बाइबलको अधिकार अनि विश्वासमार्फत् अनुग्रहबाट पावलिनको सत्यताको समर्थनलाई प्रयोग गरेका थिए। तिनले "विश्वासीहरुका पूजाहारी गिरी" (एकवचन) भन्ने वाक्यांशलाई अंकित गरे। पश्चिमी एकलवादीहरुले यस नारालाई लिए र यसलाई विश्वास र जीवनशैलीमा व्यक्तिगत स्वतन्त्रताको लागि एउटा अनुमति पत्रमा परिवर्तन गरिदिए। तर यो अवधारणा त सामूहिक हो, एकल होइन (अर्थात्, ५, ७, ९ को बहुवचन सर्वनामहरुलाई ध्यान दिनुहोस्)। यो त सुसमाचार प्रचार गराइप्रति केन्द्रित रहेको कुरो हो, तर व्यक्तिगत स्वतन्त्रतामाथि केन्द्रित भएको कुरो होइन। विश्वासीहरुलाई इस्राएलीहरुको विश्वव्यापी सुसमाचार प्रचार गर्ने काम दिइएको छ (रोमी १५:१६; हिब्रू १३:१५–१६)। पूजाहारी गिरीलाई हामी खीष्टमार्फत् परमेश्वरकहाँ सोझै पुग्न सक्दछौं भन्ने कुराको रुपमा हेर्दा, साँचो हुन्छ, तर योचाहिँ अलंकारको उद्देश्य भने होइन। एउटा पूजाहारी त कुनै खाँचोमा परेका मानिस र परमेश्वरको बीचमा खडा हुन्छ। उसले आफ्नै स्तरको वकालती गर्दैन तर मानिसहरुका आवश्यकताको वकालती गर्दछ। नयाँ करारले विश्वासीहरुका (बहुवचन, समूह) पूजाहारी गिरीलाई त्यसबेला दाबी गर्दछ जसै तिनीहरुले हराएका संसारलाई खीष्टमा भएको विश्वासमा ल्याउँछन्।

**विशेष शीर्षक : खीष्टियनिटी एउटा सामूहिक कुरो हो ।**

अ. पावलको बहुवचनमा भएको अलंकारहरु

१. शरीर

२. खेतबारी

३. भवन

आ. "सन्त" शब्द जहिले पनि बहुवचनमा हुन्छ (फिलिप्पी ४:२१ मा बाहेक, तरै पनि त्यहाँ समूह पनि छ ।)

इ. "विश्वासीहरुको पूजाहारी गिरी" माथिको मार्टिन लूथरको सुधारलाई जोड दिइएको कुरा साँचोरुपले बाइबलीय होइन । यो त विश्वासीहरुका पूजाहारी गिरी हो (प्रस्थान १९:६; १ पत्रुस २:५, ९; प्रकाश १:६)।

ई. हरेक विश्वासीलाई असल कुराहरुका लागि वरदान दिइएको छ (१ कोरिन्थी १२:७)

उ. केवल सहयोगमा मात्र परमेश्वरका मानिसहरु प्रभावकारी बन्न सक्दछ । सेवाकाईचाहिँ सामूहिक कुरो हो (एफिसी ४:११–१२)

**"आत्मिक बलिदान चढाउने"** सन् ७० मा मन्दिरको सर्वनाशपछि यहूदीहरुले पूरानो करारका परिच्छेदहरुलाई जोड दिएका थिए जसले पशुको बलिलाई मान्यता दिँदैनन् (भजन ५०:१४, ५१:२७; ६९:३०–३१; १०७:२२, १४१:२; होशे १४:२)। हिब्रू १३:५ ले यसप्रकारको खीष्टियन बलिदानलाई झल्काउँदछ । सन्दर्भमा यसले अध्यायबाट विश्वासीहरुको पवित्र जीवन जिउने अनि आफ्नो जीवन अर्पण गर्ने कुरालाई उल्लेख गर्दछ (विशेष गरेर, १४–१६ पद; हिब्रू १३:१५–१६)।

**२:६ "छानिएको र बहुमूल्य कुनै ढुङ्गो"** योचाहिँ यशैया २८:१६ बाटको उद्धरण हो । ढुङ्गा अथवा पत्थरको रुपमा मसीहको यो अवधारणाचाहिँ पूरानो करारमा आइरहने कुरो हो (भजन ११८:२२; दानिएल २:३४:३५; यशैया ८:१४; २८:१६)। येशूलाई परमेश्वरद्वारा प्रतिज्ञा गरिएको जनको रुपमा उल्लेख गर्नलाई पूरानो करारका यी परिच्छेदहरुलाई नयाँ करारमा बारम्बार उद्धधृत गरिएका छन् (मत्ती २१:४२: मर्कूस १२:१०; लूका २०:१७; १ कोरिन्थी १०:४; एफिसी २:२२; १ पत्रुस २:६–८)। प्रेरित ४:११ मा पत्रुसले पनि यसलाई आफ्नो उपदेश प्रयोग गरेका छन् । २:४ को टिप्पणीलाई हेर्नुहोस् । मर्कूस १२:१० मा कुनाको शिर ढुङ्गा माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**NASB** **"अनि जसले उहाँमाथि विश्वास गर्छ त्यो निरास हुने छैन"**

**NKJV** **"र जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्ने छैन"**

**NRSV** **"र जस–जसले उहाँमाथि विश्वास गर्छ कहिले हतास हुने छैन"**

**TEV** **"उहाँमाथि विश्वास गर्नेहरु कहिले पनि निराश हुने छैन"**

**NJB** **"यसमाथि भर पर्नेहरुलाई कहिले अनादार गरिने छैन"**

यो वाक्यांशचाहिँ यशैया २८:१६ को LXX बाट हो । सबैको लागि खुल्ला गरिएको निमन्त्रणालाई ध्यान दिनुहोस् (यूहन्ना १:१२; ३:१६; रोमी १०:९–१३; १ तिमोथी २:४; २ पत्रुस ३:९)। यो एउटा दोब्बर गरिएको नकारात्मक कुरो हो, "अँह, कहिले पनि हतास हुनेछैन" अथवा "शर्ममा पर्ने छैन ।" "विश्वासी" हरुका लागि मर्कूस १:१५ को विशेष शीर्षकलाई हेर्नुहोस् ।

F.F.Bruce को *answers to questions* (पृष्ठ १५८) ले सेप्टुअजिन्ट र मेसोरेटिक हिब्रू पाठहरुको बीचको भिन्नतालाई देखाउँदछ ।
१. LXX– "निराश हुने छैन" (NASB) अथवा "अनादर गरिने छैन" (NJB) चाहिँ *yēbōsh* क्रिया हो ।
२. MT– "बाधा दिइने छैन" (NASB, छेउमा भएको), "हतारमा" चाहिँ *yahish* क्रिया हो ।

१५७ पृष्ठमा Bruce ले टिप्पणी गर्दछ कि नयाँ करारका लेखकहरुले शायद यसबाट हटाउन अनि अर्कोलाई प्रयोग गर्न तिनीहरुसँग एउटा विशेष ईश्वरशास्त्रीय कारण हुने थियो कि भन्ने डरले सुरुवाती मण्डलीहरुमा सामान्य रहेका संस्करणहरुको उद्धधृत गरेका थिए । परिच्छेदमा घुसाइएका साधारण कुराहरुचाहिँ प्रेरणाको अवधारणाको एउटा कुञ्जी हो, तर हरेक एक्लो शब्दमा बहस गर्नु होइन । मानिस जातिलाई एउटा विश्वासयोग्य प्रकाश दिइएको छ ।

**२:७ "भवन निर्माण गर्नेहरु"** यहूदी तारगमहरु (Targums, टिप्पणी सहितको आरमिक अनुवाद) ले यस शब्दलाई शास्त्रीहरुको लागि एउटा उपाधीको रुपमा प्रयोग गरेका छन् । योचाहिँ भजन ११८:२२ बाटको उद्धरण हो । येशूले मत्ती २१:४२ मा दुष्ट मोहीहरुको उहाँको दृष्टान्तमा पूरानो करारको यही नै उद्धरणलाई प्रयोग गर्नुभएको छ । यस दृष्टान्तले येशूको समयका यहूदी नेतृत्वलाई वर्णन गर्दथ्यो । इन्साफको लागि येशूको कठोर शब्दचाहिँ (१) गैर–एरोनिक यहूदी नेतृत्व (अर्थात्, हन्ना र कैयफा) लाई उहाँले गर्नुभएको इन्कार, जसले रोमबाट तिनीहरुको स्थानहरुलाई किनेका थिए अथवा (२) उहाँलाई विश्वास गर्न इन्कार गर्नुहुने सबै यहूदी मानिसहरु (अर्थात्, इस्राएलीहरु) लाई उहाँले गर्नुभएको इन्कार ( रोमी ९–११) सँग सम्बन्धित थियो भन्ने कुरा अनिश्चित नै रहेको छ ।

**२:८ "एउटा ढुङ्गो ..... ठेस खान लगाउँछ; एउटा चट्टान ...... लोट्न लगाउँछ"** योचाहिँ यशैया ८:१४ बाटको उद्धरण हो । यसलाई रोमी ९:३२ मा पनि उद्धधृत गरिएको छ, जहाँ यसले येशूलाई उल्लेख गर्दछ । विशेष ढुङ्गालाई रद्द गरिएको छ अनि सर्वनाशको वस्तु बनेको !

**"तिनीहरु वचन उल्लङ्घन गर्छन्"** यो एउटा वर्तमान कर्तृवाच्य कृदन्त हो । तिनीहरु (पत्रुसको दिनको अविश्वासीहरु, यहूदी र अन्य जाति दुवै) ले लगातार वचन उल्लङ्घन गरिनै रहेका छन् किनभने तिनीहरुले येशूलाई कष्ट पाएको मसीहको रुपमा इन्कार गर्दछन् । तिनीहरुले येशूको प्रचार अनि उहाँका चेलाहरुको प्रचार दुवैलाई इन्कार गरेका छन् (१:२४, २५)। तिनीहरुले अनन्त वचनलाई (अर्थात्, सुसमाचार, १:२२–२:२) लाई इन्कार गरेका छन् ।

**NASB** **"अनि तिनीहरुका निम्ति यस्तै सर्वनाशलाई तोकिएको थियो"**
**NKJV** **"तिनीहरुका निम्ति यस्तै हुनु तोकिएको थियो"**
**NRSV** **"तिनीहरुलाई यस्तै हुन लक्षित गरिएको थियो"**
**TEV** **"तिनीहरुका निम्ति परमेश्वरको इच्छा यस्तै थियो"**

परमेश्वरले कसैलाई उद्धारको निम्ति अनि कसैलाई सर्वनाशको निम्ति चुन्नुभयो भनेर दाबी गर्नलाई क्याल्भिनिष्टहरुले यो पद अनि रोमी ९:२२; १ थेसलोनिकी ५:९ पदलाई प्रयोग गरेका छन् । तरैपनि, यूहन्ना ३:१६; १ तिमोथी २:४; २ पत्रुस ३:९ जस्ता पदहरुले यो कुरा साँचो हुनैसक्दैन भनेर देखाउँदछ । परमेश्वरको चुनाव त प्रारम्भिक रुपमा पवित्रताको लागि (एफिसी १:४; २:१०), अनि खीष्टको सादृश्यको लागि (रोमी ८:२९) हो ।

यस पदले मलाई यशैया ६:९–१३ को याद दिलाउँदछ । परमेश्वरको परम्परागत मानिसहरुमा तिनीहरुले उहाँलाई उचितरुपमा दिनुपर्ने प्रतिउत्तरको प्रकाश त थियो तर तिनीहरुले दिएनन् । यस लगातारको इन्कारचाहिँ कठोर हृदयहरुमा निस्क्यो जसले जवाफ दिन सकेनन् । केवल इन्साफमात्र सम्भव थियो । समय र इतिहासका परमेश्वरले मानिसजातिले के गर्नेछ भन्ने जान्नुहुन्छ तर उहाँले यसो गर्ने अनुमति तिनीहरुलाई दिनुहुन्छ अनि त्यसपछि उहाँले तिनीहरुका क्षणिक/अनन्त रोजाइहरुको प्रतिफललाई पुष्टि गर्नुहुन्छ र बुभ्नुहुन्छ ।

यहूदी विश्वासीहरुका लागि येशूलाई यहूदीहरुद्वारा गरिएको इन्कारसँग सामना गर्न एकदमै कठिन परेको हुनुपर्दछ । त्यो कसरी हुन सक्दथ्यो त ? यस्ता सुरुवाती विश्वासीहरुले यस आश्चर्यजनक अविश्वासप्रतिको संकेतहरुका लागि धर्मशास्त्रलाई पढ्न सुरु गरेका थिए ।

१. यशैया ६:९–१०; ८:१४–१५; ४३:८
२. यर्मिया ५:२१; ७
३. मत्ती २१:३३–४४; मर्कूस १२:१–२
४. लूका २:३४; २०:९–१८
५. रोमी ९–११
६. १ कोरिन्थी १:२३

निम्नलिखित उद्धरणचाहिँ “चुनाव” बनाम् “रोजाइँ” को विषयमा F.F.Bruce को *Answers to Questions*, पृष्ठ १९६–१९७ बाट लिइएको हो ।

“उद्धारको लागि चुन्नु” अनि “सर्वनाशको लागि चुन्नु” चाहिँ के परस्पर सम्बन्ध भएका शब्दहरु हुन् त ?

निश्चित ईश्वरशास्त्रीय प्रणालीहरुमा तिनीहरु हुन्, तर सबै ईश्वरशास्त्रीय प्रणालीहरुलाई धर्मशास्त्रबाट जाँच गर्नुचाहिँ आवश्यक छ, अनि त्यसलाई स्मरण गर्नुपर्दा, जब धर्मशास्त्रको शिक्षालाई जोड दिइन्छ, त्यस प्रक्रियामा केही कुरो साधारणतय् छोडिन्छ । “चुनिनु” भन्ने शब्दचाहिँ ईश्वरशास्त्रीय विवादमा यति विघ्न संलग्न बनेको छ कि विषयमाथिको बाइबलीय शिक्षाको अर्थलाई अझ राम्रो बुझिन सकिन्छ यदि हामीले यसको स्थानमा “रोज्नु” भन्ने एउटा गैर–ईश्वरशास्त्रीय शब्दलाई प्रयोग गर्‍यौं भने । खीष्टले प्रेरितहरु बन्नको लागि बाह्र जना मानिसहरुलाई रोज्नुभयो (लूका ६:१३); उहाँले “चुनिएको भाँडो” हुनलाई तर्सीसको शाऊललाई रोज्नुभयो (प्रेरित ९:१५); तर एउटा विशेष कामको उद्देश्यको लागि उहाँले यी मानिसहरुलाई रोज्नुभएको कुराले अरुहरुलाई तुच्छ ठान्दछ भन्ने कुनै संकेत गर्दैन, जसहरुलाई रोजिएका छैनन् । अरु राष्ट्रहरुको ठूलो फाइदाका लागि परमेश्वरको राष्ट्रहरुबाट

इस्राएललाई रोज्नुभयो, तर तिनीहरुका वेफाइदाका लागि भने होइन (प्रेरित १३:१७)। जब यस युगमा परमेश्वरका मानिसहरुको चुनावको कुरा माथिचाहिँ प्रश्न आउँदछ, योचाहिँ तिनीहरु "उद्धारको लागि चुनिएको" भन्नेमा त्यति धेरै होइन, जस्तो पवित्रताको लागि तिनीहरुको चुनाउलाई जोड दिन्छ । यदि यो यस्तै हो भने, उदाहरणको लागि एफिसी १:४ अनि १ पत्रुस १:१, अनि त्यस्तैगरी रोमी ८:२९ मा, परमेश्वरले अघिबाटै चिन्नु भएकाहरुलाई जुन उद्देश्यको लागि उहाँले अघिबाटै नियुक्त गर्नुभएको थियो त्योचाहिँ के थियो भने तिनीहरु "उहाँका पुत्रको प्रतिरुपमा सिद्ध" हुनुपर्दथ्यो । यस्ता कुनै पनि स्थानमा "सर्वनाशको लागि चुनिएको" लाई एउटा परस्पर सम्बन्धको रुपमा कुनै सुझाव गरिएको छैन । हामी त्यस्ता विशेष टिप्पणीहरुबाट सामान्य नियमको रुप दिने कुराबाट सावधान रहनुपर्दछ जस्तो तिनीहरु रोमी ९:२२ (सर्वनाशको लागि तयार पारिएका क्रोधका पात्रहरु) अनि १ पत्रुस २:८ "किनकी तिनीहरु वचन उल्लङ्घन गर्छन् र लोट्छन् । तिनीहरुका लागि यस्तै हुन तोकिएको थियो)। यस विषयमा बाइबलीय शिक्षाको साधारण समानताले संकेत गर्दछ कि परमेश्वरद्वारा केहीलाई चुनिएको छ अथवा रोजिएको छ – तिनीहरुबाहेक अरुहरुलाई सर्वनाशमा छोडिनको लागि होइन, तर तिनीहरुमार्फत् अरुहरु पनि आशिषित होऊन् भनी हो ।

## NASB (UPDATED) TEXT: 2:9-10

९तर तिमीहरु त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरु उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषणा गर्न सक । १०एकपल्ट तिमीहरु प्रजा थिएनौ, तर अब तिमीहरु परमेश्वरका प्रजा भएका छौ । एकपल्ट तिमीहरुले कृपा पाएका थिएनौ, तर अब तिमीहरुले कृपा पाएका छौ ।

**२:९ "तर तिमीहरु त"** बहुवचन "तिमीहरु" र विषमतालाई ध्यान दिनुहोस् । लेखकले प्रस्थान १९:६ अनि त्यसपछि १९:५ बाट एउटा मिश्रित संकेतलाई प्रयोग गरेको छ ।

- **"चुनिएका वंश"** व्यवस्था ७:६; १०:१५; यशैया ४३:२०–२१ मा यस्तै प्रकारको वर्णनात्मक उपाधि पाइन्छ । सेवाकाइको लागि चुनिएको ! योचाहिँ चुनिएका सेवकहरुका लागि पूरानो करारको उपाधि हो ।

- **"राजकीय पूजाहारीगिरी"** यस उपाधिलाई चाहिँ प्रस्थान १९:६; यशैया ६१:६; ६६:२१ मा पाइन्छ । जसरी इस्राएलीहरुलाई YHWH को ज्ञान संसारसमक्ष ल्याउनलाई चुनिएको थियो, अहिले खाँचोमा परेका अनि पापी मानिसहरुलाई YHWH को जानकारी दिन अनि उहाँमा ल्याउन मण्डलीलाई भनिएको छ ।

- **"पवित्र जाति"** प्रस्थान १९:६; व्यवस्था ७:६; १४:२; २१; २६:१९ मा, यस्तै उपाधीलाई पाइन्छ । इस्राएलीहरुलाई उदेकपूर्ण रीतिले पवित्र हुनलाई बोलाइएको थियो यसर्थ पवित्र परमेश्वर (मत्ती ५:४८; १ पत्रुस १:१५–१६) पतित संसारमा प्रकट होऊन् ।

- **"परमेश्वरका निजी प्रजा"** प्रस्थान १९:५; व्यवस्था ४:२०; ७:६; १४:२; २६:१८; मलाकी ३:१७ मा यस्तै वर्णनात्मक उपाधि पाइन्छ । यस परिच्छेदले मण्डलीलाई आत्मिकी इस्राएलको रुपमा बोल्दछ (गलाती ६:१६)। परमेश्वरका मानिसहरुका लागि पूरानो करारको यस उपाधिहरुलाई अहिले नयाँ करारका खीष्टको शरीरमा लागू गरिएका छन् (रोमी २:२८–२९; गलाती ३:२९; ६:१६; एफिसी २:११–३:१३; प्रकाश १:६)। केही तरीकामा मण्डलीहरुले इस्राएलको स्थान लिएका छन्, जस्तो संसारमा सुसमाचार पुऱ्याउने काम भनी दिइएको आदेशको रुपमा (मत्ती २८:१९–२०; लूका २४:४७; प्रेरित १:८)।

- **"उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषणा गर्न सक"** परमेश्वरका मानिसको उद्देश्यचाहिँ साँचो सृष्टिकर्ता/मुक्तिदाता परमेश्वरको महानताको गवाही दिनु हो ! तिनीहरुलाई सुसमाचारमा जिउन अनि बोल्नलाई चुनिएको अनि तयार पारिएको हो ।

- **"उहाँले तिमीहरुलाई अन्धारदेखि उदेकको ज्योतिमा ल्याउनुभयो"** अन्धकार र ज्योतिचाहिँ पाप, विद्रोह अनि दुष्टता बनाम् आशा, सत्यता, चँगाई अनि असलपनाको लागि बाइबलीय अलंकार हो (यूहन्ना १:४–५; ३:१९–२१; ८:१२; १२:३५–३६, ४६; प्रेरित २६; १८; २ कोरिन्थी ४:६, १ यूहन्ना १:५; २:८–९, ११)। अघिल्लो वाक्यांश यशैया ४२:१२ को संकेत भएझैं यो वाक्यांशले पनि यशैया ४२:१६ को संकेत गरेको हुन सक्दछ ।

**२:१० "एकपल्ट तिमीहरु प्रजा थिएनौ"** यसलेचाहिँ होशे १:१० र २:२३ बाटको उद्धरणलाई परिभाषित गर्दछ । मूल शब्दचाहिँ १० *ammi* (होशेको एकजना छोराको नाउँ) हो जसले मूलरुपमा तिनीहरुका मूर्ति पूजा र करार भङ्ग गर्ने जीवनशैलीको कारण परमेश्वरको सन्तान नभएको इस्राएलीहरुलाई उल्लेख गर्दथ्यो । तिनीहरुले (१) परमेश्वरमा होइन तर राजनैतिक सम्बन्धहरुमा विश्वास गर्दै थिए अनि (२) YHWH को नाउँलाई प्रयोग गर्दै बालको पूजा गर्दैथिए ।

**"तर अब तिमीहरु परमेश्वरका प्रजा भएका छौ"** योचाहिँ होशे २:२३ बाटको एउटा अर्को उद्धरण हो । यस परिच्छेदले पूरानो करारको यसको सन्दर्भमा के पुष्टि गर्दछ भने यद्यपि इस्राएलीहरुले पाप गरेर तिनीहरुका करारका परमेश्वरबाट छुट्टिए तापनि, तिनीहरुमा करारको अवस्था पुन स्थापित गर्नलाई उहाँ तयार हुनुहुन्थ्यो । (अर्थात्, विवाहको अलंकार)। यसै प्रेमिलो अनि क्षमा दिनुहुने परमेश्वरले अहिले बाटो बिराएका अन्य जातिहरुतिर आफ्नो हात पसार्नुभएको छ ।

ईशा पूर्व आठौं शताब्दीमा इस्राएलीहरुका पथभ्रष्ट उत्तरी राष्ट्रलाई मूलरुपमा सम्बोधन गरिएको होशेको यस प्रयोगचाहिँ अहिले धर्मभ्रष्ट अन्य जातिहरुको सम्बन्धमा पत्रुसद्वारा प्रयोग गरिएको छ । यहूदी/अन्य जातिको सन्दर्भबाट अविश्वासी र विश्वासीको सन्दर्भप्रतिको पूरानो करारको यस विस्तारले चाहिँ नयाँ करारलाई चरितार्थ गर्दछ ! विश्वास गर्ने अन्य जातिहरुलाई अब परमेश्वरको करारका मानिसहरुमा संलग्न गरिएको छ (एफिसी २:११–३:१३)।

**"तिमीहरुले कृपा पाएका थिएनौं"** होशे अगमवक्ताका तीनजना सन्तानहरु थिए जसहरुलाई तिनले अगमवक्तारुपी नाउँहरु दिए ।

१. छोराको नाउँ *Jezreel* जसको अर्थ हुन्छ "परमेश्वरले फलदायक बनाउनुहुन्छ"
२. छोरीको नाउँ *Lo-Ruhamah*, जसको अर्थ हुन्छ, "कुनै सहानुभूति नभएको"
३. छोराको नाउँ *Lo-Ammi*, जसको अर्थ हुन्छ, "मेरा मानिसहरु होइनन्"

जसरी १० पदको पहिलो भागले तेस्रो सन्तानको नाउँलाई प्रयोग गर्दछ, त्यसरी नै १० पदको अन्तिम भागले दोस्रो सन्तानको नाउँलाई प्रयोग गर्दछ (होशे १:६; २:२०, २३)। परमेश्वरले पापीहरुलाई पूर्णरुपले स्वीकार गर्नुहुन्छ किनभने उहाँले तिनीहरुमाथि सहानुभूति राख्नुहुन्छ ।

१० पदमा पाइने व्याकरणीय रुपहरु ईश्वरशास्त्रीय बुँदाहरुलाई व्यक्त गर्नमा सहयोगी रहेका छन् । त्यहाँ शैतानको सहकर्मीहरुमार्फत् ल्याइएको, अन्य जातिहरुका भागमा एउटा उल्लेखित प्रतिकार छ (अर्थात्, पूर्ण कर्मवाच्य कृदन्त); तर करारका परमेश्वर आफ्ना मसीहमार्फत् निर्णायकरुपमा इतिहासभित्र घुस्नुभएको छ अनि करारको समावेशको लागि अवसरको एउटा नयाँ दिन ल्याउनुभएको छ (अर्थात्, एवरिष्ट कर्मवाच्य कृदन्त)। यो सत्यताचाहिँ परमेश्वरको योजनाको रहस्यसँग मिल्दोजुल्दो छ, एकपल्ट लुकाइएको थियो, तर अहिले प्रकट गरिएको छ (एफिसी २:११–३:१३)।

## NASB (UPDATED) TEXT 2:11-12

११प्रिय हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि विदेशी र प्रवासीहरु हौं भनी जानेर तिमीहरुका आत्माको विरुद्धमा लडाइँ गर्ने शारीरिक अभिलाषाहरुबाट अलग रहो । १२अन्य जातिहरुका बीचमा तिमीहरुका चालचलन असल होस् । कसैले तिमीहरुलाई कुकर्मी भनी तिमीहरुका विरुद्धमा बोले तापनि तिनीहरुले तिमीहरुका असल कामहरु देखून्, र आगमनको दिनमा तिनीहरुले परमेश्वरको महिमा गरुन् ।

**२:१ "विदेशी"** यस पूरानो करारका शब्दले त्यस्तो ठाउँमा जिउने सीमित अधिकारसँगको गैर–बासिन्दाहरुको विषयमा बोल्दछ जुनचाहिँ तिनीहरुको घर होइन, जस्तै अब्राहाम (उत्पत्ति २३:४; भजन ३९:१२; हिब्रू ११:१३; १ पत्रुस २:११)। यसलाई पतित संसारको प्रणालीमा जिइरहेका विश्वासीहरुका लागि आलंकारिक रुपमा प्रयोग गरिएको छ ।

**"प्रवासीहरु"** यस शब्दले एउटा छोटो बसाइँलाई संकेत गर्दछ (१:१, १७)। यसले त्यस सत्यताको संकेत गर्दछ कि विश्वासीहरुचाहिँ स्वर्गीय राज्यका नागरिकहरु हुन्, यस समयकालको भौतिक वास्तविकताको मात्र होइन । हामी त आत्मा र शरीरका प्राणीहरु हौं (उत्पत्ति १:२६–२७) ।

**"अलग रहो"** यसको शाब्दिक अर्थ हुन्छ "केही कुराहरुबाट आफैंलाई लगातार अलग राख" (अर्थात्, वर्तमान माध्यम असीमितता)। विश्वासीहरुले पाप र परीक्षासँग निरन्तर संघर्ष गर्नैपर्दछ (रोमी ७)। दुष्टसँगको युद्ध उद्धारमा अन्त्य हुँदैन (एफिसी ६:१०–२०)। थुप्रै तरिकाहरुमा यो त अझ उत्कट हुन्छ । जब कसैले विश्वास गर्दछ अनि खीष्टलाई ग्रहण गर्दछ । ऊभित्र आत्माले वास गर्दछ (रोमी ८:९) अनि स्वर्गीय स्वभाव दिइएको हुन्छ (२ पत्रुस १:४)। तरैपनि, यसको अर्थ पूरानो पापका स्वभाव हटेको छ भन्ने हुँदैन । यसलाई त हाम्रो खातिर खीष्टको पूर्ण गरिएको कामद्वारा निष्क्रिय पारिएको हुन्छ (रोमी ६, "व्यर्थ" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।)

धर्मगुरुहरुले भन्ने गर्छन् कि हरेक मानिसको हृदयमा एउटा कालो अनि एउटा सेतो कुकुर हुन्छ । तपाइँले जसलाई धेरै खाना खुवाउनुहुन्छ त्यो ठूलो हुन्छ । विश्वासीहरुले असल, धार्मिकतामा वास गर्ने, ज्योतिमा हिँड्ने, अथवा पूरानो पाप स्वभावलाई पुनः सक्रिय बनाउने लगातारको रोजाइको सामना गर्दछन् । विश्वासीहरु दुईओटा राज्य (पतित मानिसको स्वभाव अनि आत्मा, रोमी ८:५–१७); दुई ओटा युग (अर्थात् वर्तमान दुष्ट युग अनि धार्मिकताको युग, अर्थात् तीतस २:११–१४); का नागरिकहरु हुन्; कुनचाहिँले धेरै प्रभाव पार्दछ त ?

- **"शारीरिक अभिलाषाहरुबाट"** शरीर आफैंमा दुष्ट हुँदैन (ग्रीक सोंचाइ) तर यो त स्व–केन्द्रित अनि शैतानिक परीक्षाहरुको युद्धभूमि हो (रोमी ६–८; गलाती ५:१५–२४)।

- **"लडाइँ गर्ने"** यो एउटा वर्तमान माध्यम संकेतार्थ हो । यस लडाइँलाई याकूब ४:१–४ मा वर्णन गरिएको छ ।

**२:१२ "अन्य जातिहरुका बीचमा तिमीहरुको चालचलन असल होस्"** योचाहिँ एउटा आज्ञार्थकको रुपमा प्रयोग गरिएको एउटा वर्तमान कर्तृवाच्य कृदन्त हो । अविश्वासीहरुले हेरिरहेका छन् ! विश्वासीहरु कसरी जिउँछन् अनि जीवनको सामान्य संघर्षहरुप्रति कसरी प्रतिक्रिया गर्दछन् भन्ने कुराहरु त तिनीहरुलाई चिन्ने सबैको लागि एउटा ठूलो गवाहीहरु हुन् । प्रायजसो हाम्रा जीवनहरुले हाम्रा शब्दहरुले भन्दा चर्को गरी बोल्दछ !

- **"तिमीहरुलाई कुकर्मी भनी तिमीहरुको विरुद्धमा बोलेतापनि"** सुरुवाती ख्रीष्टियनहरुलाई निम्नलिखित कुराहरुद्वारा दोष लगाइन्थ्यो :

१. नरभक्षी (प्रभु भोजको शब्दावलीको कारण)
२. हाड्नाताकरणी (किनभने तिनीहरुले एक आपसमा प्रेम गर्दछन्)
३. नास्तिकवादी (किनभने तिनीहरुका परमेश्वर अदृश्य हुनुहुन्छ)
४. देशद्रोही (किनभने तिनीहरुले सेनामा सेवा गर्दैन थिए अथवा कैसरसँग सम्बन्ध राख्दैन थिए)
५. अनैतिक (सम्भवत् पवित्र चुम्बन)

यस्तो कुकर्म व्यवहार (२४:१४; प्रेरित २८:२२) सम्राटको अधीनमा रहेको पूर्वीय प्रान्त अथवा रोमी साम्राज्यमा (एसिया माइनर) विकास भएको जस्तो देखिन्छ ।

**"तिनीहरुले तिमीहरुका असल कामहरु देखून्, ................. महिमा गरुन्"** ख्रीष्टियनको रुपमा हामी कसरी जिउँछौं भन्ने कुराले हामीले जान्दछौं अनि सेवा गर्दछौं भनी दाबी गरेको परमेश्वरलाई प्रतिविम्बित गर्दछ (२:१५; ३:१६; मत्ती ५:१६; फिलिप्पी २:१५; तीतस २:७–८)। असम्भाव्यता क्रियाको अवस्थाले अनिश्चितताको परिचय दिन्छ । परमेश्वरको महिमाचाहिँ हाम्रो सबैभन्दा उच्च बोलावट अनि सुसमाचार प्रचारको लागि दिइएको आदेश हो (४:११, १६)।

**"आगमनको दिनमा"** यसलेचाहिँ परमेश्वरले खिँच्नुभएको जुनै पनि समयलाई उल्लेख गर्दछ, चाहे आशिषको लागि होस् वा इन्साफको लागि (यशैया १०:३; यर्मिया ८:१२; १०:१५; ११:२३; २३:१२; ४६:२१; ४८:४४; ५०:२७; ५१:१८; होशे ९:७; मीका ७:४)। यो क्षणिक पनि हुनसक्दछ अथवा मृत्यु र इन्साफको

विषयको पनि हुनसक्दछ (लूका १९:४४)। कसैले यसलाई विश्‍वासीहरु परीक्षामा परेका कुरासँग सम्बन्ध रहेको देख्दछन्, तर सन्दर्भमा यसले नबचाइएकाहरुले उहाँलाई न्यायकर्त्ताको रुपमा सामना गर्न अघि तिनीहरुका लागि सुन्ने अनि येशूलाई उद्धारकर्ताको रुपमा प्रतिउत्तर दिने कुनैपनि अवसरलाई उल्लेख गरेको जस्तो देखिन्न ।

१ पत्रुसको व्यवहारिक भागप्रतिको एउटा संक्षिप्त रुपरेखा

अ. शासकहरु र समुदायहरुको अधीनता (२:१३–१७)

आ. सांसारिक मालिकहरुको अधीनता (२:१८–२५)

इ. ख्रीष्टियन घर–परिवारको अधीनता (३:१–७)

ई. सतावटको माझको अधीनता (३:८–२२)

## NASB (UPDATED) TEXT :2:13–17

१३प्रभुको खातिर मानिसको हरेक शासनको अधीनमा बस्, चाहे त्यो सर्वोच्च राजाको होस्, १४अथवा हाकिमहरुको होस्, जो दुष्ट काम गर्नेहरुलाई दण्ड दिन र असल काम गर्नेहरुलाई प्रशंसा गर्न उहाँद्वारा खटाइएका हुन्छन् । १५किनकी परमेश्‍वरको इच्छा यही छ, कि असल गरेर नै तिमीहरुले मूर्ख मानिसहरुको अज्ञानतालाई चुप गराउनुपर्दछ । १६स्वतन्त्र मानिसहरु झैं जीवन बिताओ । स्वतन्त्रतालाई कुकर्म गर्ने बहाना नबनाओ, तर परमेश्‍वरका दासहरुझैं भएर चल । १७सबै मानिसहरुलाई आदर गर । भाइबन्धुलाई प्रेम गर । परमेश्‍वरसँग डराओ । राजाको आदर गर ।

**२:१३ "अधीनमा बस"** यो एउटा एवरिष्ट कर्मवाच्य आज्ञार्थक हो, तर NASB र NKJV ले यसलाई माध्यमको रुपमा अनुवाद गरेको छ (२:१८)। "आफैंलाई" ग्रीक पाठ होइन । यसले के संकेत गर्दछ भने अधीनमा बस्नलाई तिनीहरुले निर्णायक रोजाइ गर्नुपर्दछ (२:१८; ३:१)। योचाहिँ आज्ञाको श्रृङ्खलाको लागि प्रयोग गरिने एउटा सैन्य शब्द हो । यसको शाब्दिक अर्थ हुन्छ "आफैंलाई शासकहरुको अधीनमा राख्नू ।" योचाहिँ पत्रुसको एउटा सामान्य विषय हो (२:१३, १८; ३:८१, ५, २२; ५:५)। अधीनमा बस्नुले असमानताको संकेत गर्दैन, किनभने यस शब्दले येशूलाई पनि वर्णन गरेको छ । योचाहिँ शासकहरुको अधीनमा सेवा गर्ने एउटा मनोवृत्ति हो । एफिसी ५:२१ मा योचाहिँ आत्माले भरिपूर्ण भएको जीवनको पाँचओटा चरित्रमध्ये एउटा हो (ख्रीष्टमा एकअर्काप्रति परस्पर अधीनमा रहनु)।

**विशेष शीर्षक : अधीनमा बस्ने काम (*HUPOTASSŌ*)**

सेप्टुअजिन्टले दशओटा विभिन्न हिब्रू शब्दहरुमा अनुवाद गर्नलाई यस शब्दको प्रयोग गरेको छ । यसको आधारभूत पूरानो करारको अर्थचाहिँ "हुकुम गर्नु" अथवा "आज्ञाको अधिकार" हो । यसलाई सेप्टुअजिन्ट (LXX) मा लिइएको छ ।

१. परमेश्‍वरका आज्ञाहरु (लेवी १०:१; योना २:१; ४:६–८)

२. मोशाको आज्ञाहरु (प्रस्थान ३६:६; व्यवस्था २७:१)

३. राजाका आज्ञाहरु (२ इतिहास ३१:१३)

नयाँ करारमा प्रेरित १०:४८ मा झैं यसको अर्थ निरन्तर लाग्दछ; जहाँ एउटा प्रेरितले आज्ञा गर्दछ । तरैपनि, नयाँ करारमा नयाँ संकेतार्थहरुको विकास भएका छन् ।

१.	एउटा स्वेच्छिक पक्षको विकास हुन्छ (प्रायजसो माध्यम वाच्य)
२.	यस स्व–सीमित कामलाई येशू पिताको अधीनमा बस्नुपर्दछ ताकि सुसमाचारलाई प्रतिकूल असर नपरोस् ।
अ.	अरु विश्वासीहरु (एफिसी ५:२१)
आ.	पत्नीहरुलाई विश्वास गर्नु (कलस्सी ३:१८; एफिसी ५:११–२४; तीतस २:५; १ पत्रुस ३:१)
इ.	धर्मभ्रष्ट शासकहरुका लागि विश्वासीहरु (रोमी १३:१–७; १ पत्रुस २:१३)
विश्वासीहरुले परमेश्वरका लागि, ख्रीष्टको लागि, राज्यको लागि, अरुहरुका भलाइका लागि प्रेमको उद्देश्यबाट भएर काम गर्नुपर्दछ ।

*agapaō* (प्रेम) जस्तै मण्डलीहरुले यस शब्दलाई राज्यको आवश्यकता अनि अरुहरुको आवश्यकतामाथि आधारित रहेर नयाँ अर्थसहित भरिदिए । यस शब्दले स्वार्थहीनताको एउटा नयाँ चरित्रलाई लिन्छ, आज्ञामाथि आधारित रहेर होइन तर आफैंलाई अर्पण गर्नुहुने परमेश्वर र उहाँको मसीहप्रति एउटा नयाँ सम्बन्धमा ! विश्वासीहरुले सम्पूर्ण कुराहरुको भलाईको लागि अनि परमेश्वरका परिवारको आशिषका लागि आज्ञापालन गर्दछन् अनि अधीनमा बस्दछन् ।

- **"प्रभुको खातिर"** योचाहिँ हाम्रा सबै कामहरुको उद्देश्य हो (४:११; १ कोरिन्थी १०:३१; कलस्सी ३:१७; एफिसी ६:५)।

- **"मानिसको हरेक शासनको"** मर्कूस १०:६ मा विशेष शीर्षकलाई हेर्नुहोस् । के बाट पालन गर्नुपर्दछ, योचाहिँ रोमी १३:१–७ र तीतस ३:१ मा जस्तै गरी सरकारी अथवा नागरिक अधिकारीहरुको अधीनमा बस्नलाई एउटा चेतावनी हो । यो सबैचाहिँ यी विश्वासीहरुले सामना गरिरहेको शासकहरुबाट आएको सतावटको प्रकाशमा अझ महत्त्वपूर्ण हुन्छ । सतावटचाहिँ यहूदी, धर्मभ्रष्ट, स्थानीय सरकार  अथवा सम्पूर्ण साम्राज्य केबाट आएको थियो भन्ने कुरा अनिश्चित नै छ । हाम्रा मनोवृत्ति, वचनहरु अनि कामहरुलाई जब अनुचित रुपमा व्यवहार गरिन्छ, त्यसले अविश्वासीहरुलाई ध्यान दिन लगाउँदछ ।

**विशेष शीर्षक : मानिसकाजातिको सरकार**

१ परिचय
अ.	परिभाषा – सरकारचाहिँ आवश्यकताहरु  भनी अर्थ्याइएका कुराहरुलाई प्रदान गर्न र सुरक्षा दिन आफैंमा संगठित भएको मानवता हो (अर्थात्, उत्पत्ति ४ अनि ११)। मानिसजातिहरु सामाजिक प्राणी हुन् (उत्पत्ति २:१८)। परिवारहरु, जातिहरु र राष्ट्रहरुले हामीलाई समुदाय दिन्छ ।

आ.	उद्देश्य – परमेश्वरले आज्ञाचाहिँ बेहतररुपले अराजकताप्रति हो भन्ने इच्छा गर्नुभएको छ ।
१. मोजाइक व्यवस्था, विशेष गरेर डिकालगचाहिँ समाजमा मानिसजातिको लागि परमेश्वरको इच्छा हो । यसले आराधना र जीवनलाई सन्तुलन राख्दछ ।
२. धर्मशास्त्रमा सरकारको कुनै पनि ढाँचालाई वकालती गरिएको छैन, यद्यपि प्राचीन इस्राएलको ईश्वरवादीचाहिँ स्वर्गबाटै हो भन्ने प्रत्याशा गरिन्छ । प्रजातन्त्र र पूँजीवाद कुनै पनि बाइबलीय सत्यता होइनन् । ख्रीष्टियनहरुले आफूहरुलाई जे–जस्तो सरकारी प्रणालीमा पाउँदछन् त्यसैमा उचितरुपले काम

गर्नुपर्दछ । खीष्टियनको उद्देश्यचाहिँ कुनै क्रान्ति गर्ने होइन तर सुसमाचार प्रचार र सेवाकाइ हो । सबै सरकारहरु क्षणिककालको लागि रहन्छन् ।

इ. मानव सरकारको उत्पत्ति

१. रोमन क्याथोलिकवादीहरुले दाबी गरेका छन् कि पतनभन्दा पहिलेबाटै मानव सरकारचाहिँ एउटा स्वभाविक आवश्यकता रहेको छ । एरिष्टोटलले यस तर्कलाई पहिले दाबी गरेको जस्तो देखिन्छ । तिनी भन्छन्, “मानिस एउटा राजनैतिक प्राणी हो” अनि यसबाट तिनले भन्न चाहेका थिए कि सरकारचाहिँ “असल जीवनको पद्धोन्नतिको लागि अस्तित्वमा आउँदछ ।”

२. प्रोटेस्टेन्टवादी, विशेष गरेर मार्टिन लूथर, ले दाबी गरेका छन् कि मानव सरकारचाहिँ पतनमा उत्तराधिकार बन्न आयो । तिनले यसलाई “परमेश्वरको देब्रे हातपट्टिको राज्य” भन्दछन् । तिनले भने कि “खराब मानिसहरुलाई नियन्त्रण गर्ने परमेश्वरको तरीकाचाहिँ खराब मानिसहरुलाई नियन्त्रणमा राख्नु हो ।”

३. कार्लमाक्सले दाबी गरेका छन् कि सरकारचाहिँ एउटा त्यस्तो माध्यम हो जसद्वारा केही सम्पन्न व्यक्तिहरुले सबैलाई नियन्त्रणमा राख्दछन् । तिनको लागि, सरकार र धर्मले एउटै भूमिका निर्वाह गर्दछ ।

२. **बाइबलीय सामग्रीहरु,**

अ. पूरानो करार

१. इस्राएलीहरुचाहिँ एउटा शैली हो जसलाई स्वर्गमा प्रयोग गरिने छन् । प्राचीन इस्राएलमा YHWH राजा हुनुहुन्थ्यो । ईश्वरवादचाहिँ परमेश्वरको सोझै शासनलाई वर्णन गर्न प्रयोग गरिएको शब्द हो (१ शमूएल ८:४–९)।

२. मानव सरकारमा परमेश्वरको सार्वभौमतालाई उहाँको नियुक्तिमा स्पष्टै देख्न सकिन्छ ।

अ. सबै राजाहरु, दानिएल २:२१; ४:१७, २४–२५

आ. मसिही शासन, दानिएल २:४४–४५

इ. नबूकदनेसर (नयाँ बेबिलोनी); यर्मिया २७:६; दानिएल ५:२८

ई. सारस II (पर्सिया), २ इतिहास ३६:२२; एज्रा १:१; यशैया ४४:२८; ४५:१

३. परमेश्वरका मानिसहरुचाहिँ आक्रमण गर्ने अनि कब्जा गर्ने सरकारहरुप्रति समेत नम्र अनि आदर गर्ने हुनुपर्दछ ।

अ. दानिएल १–४, नबूकदनेसर (नयाँ बेबिलोन)

आ. दानिएल ५, बेलसाज्जर (नयाँ बेबिलोनी)

इ. दानिएल ६, दारा (पर्सिया)

ई. एज्रा र नहेम्याह (पर्सिया)

४. पुनर्स्थापन गरिएको यहूदाले साइरस र तिनको वंशहरुको शासनको लागि प्रार्थना गर्नुपर्दथ्यो

अ. एज्रा ६:१०, ७:२३

आ. यहूदीहरुले नागरिक शासकको लागि प्रार्थना गर्नुपर्दथ्यो, मिस्नाह, *Avot.* ३:२ नयाँ करार

१. येशूले मानव सरकारहरुप्रति आदर देखाउनुभयो

अ. मत्ती १७:२४–२७; उहाँले मन्दिरको कर तिर्नुभयो (धार्मिक र सांसारिक शासकहरुलाई एउटै हुन् भनी मानिलिइएको थियो, १ पत्रुस २:१७)।

आ. मत्ती २२:१५–२२; मर्कूस १२:१३–१७; लूका २०:२०–२६, उहाँले रोमी कर तिर्ने कामको लागि एउटा स्थानको वकालत गर्नुभयो, जुनचाहिँ रोमी नागरिक शासक थियो ।

इ. यूहन्ना १९:११, परमेश्वरले नागरिक शासकलाई अनुमति दिनुहुन्छ ।

२. मानव सरकारसँग सम्बन्धित पावलका वचनहरु

अ. रोमी १३:१–५, विश्वासीहरु सांसारिक शासकहरुको अधिनमा बस्नै पर्दछ किनभने तिनीहरुलाई परमेश्वरबाटै स्थापित गरिएको हो ।

आ. रोमी १३:६–७, विश्वासीहरुले कर तिर्नै पर्दछ अनि सांसारिक शासकहरुको आदर गर्नैपर्दछ ।

इ. १ तिमोथी २:१–३, विश्वासीहरुले सांसारिक शासकको लागि प्रार्थना गर्नै पर्दछ ।

ई. तीतस ३:१, विश्वासीहरु सांसारिक शासकको अधिनमा बस्नैपर्दछ ।

३. मानव सरकारहरुसँग सम्बन्धित पत्रुसका वचनहरु

अ. प्रेरित ४:१–३१; ५:२९; महासभाको सामुन्ने पत्रुस र यूहन्ना (यसले सांसारिक आज्ञाको उल्लङ्घनको लागि बाइबलीय पूर्व उदाहरणलाई देखाउँदछ)

आ. १ पत्रुस २:१३–१७, समाजमा असल कुराको लागि र सुसमाचार प्रचारको लागि विश्वसीहरुले सांसारिक शासकहरुको अधीनमा बस्नै पर्दछ ।

४. मानव सरकारहरुसँग सम्बन्धित यूहन्नाका वचनहरु

अ. प्रकाश १७, बेबिलोनकी वेश्या मानव सरकारलाई संगठित गर्न अनि परमेश्वरबाट टाढा रहेर कार्य गर्नको लागि खडा भएकी छिन् ।

आ. प्रकाश १८, बेबिलोनकी वेश्या नष्ट भइन् ।

**३. निष्कर्ष**

अ. पतित संसारमा मानव सरकारचाहिँ परमेश्वरबाटै अभिषेक गरिएको हो । योचाहिँ “राजाहरुको स्वर्गीय अधिकार होइन” तर सरकारको स्वर्गीय काम हो । कुनै पनि रुपले अर्को भन्दामाथि वकालती गर्दैन ।

आ. सांसारिक शासकहरुका लागि प्रार्थना गर्नु र आज्ञापालन गर्नुचाहिँ विश्वासीहरुका लागि एउटा धार्मिक कर्तव्य हो ।

इ. उचित सम्मानको मनोवृत्ति सहित मानव सरकारलाई कर तिरेर सहयोग गर्नुचाहिँ विश्वासीहरुका लागि उचित कुरो हो ।

ई. मानव सरकारचाहिँ शासकको हुकुमको लागि हो । यस काममा तिनीहरु परमेश्वरका सेवकहरु हुन् ।

उ. मानव सरकार अन्तिम कुरो होइन । यो त यसको अधिकारमा सीमित हुन्छ । जब यसले स्वर्गीय रुपले नियुक्त गरिएको सीमालाई उल्लङ्घन गर्दछ तर सांसारिक अधिकारहरुलाई इन्कार गरेर तिनीहरुका अन्तस्करणका खातिर विश्वासीहरुले कार्य गर्नै पर्दछ । *The City of God* मा अगष्टिनले दाबी गरेझैं, हामी दुईओटा साम्राज्यका नागरिकहरु हौं, एउटा क्षणिक र अर्को अनन्त (फिलिप्पी ३:२०)। हामीसँग दुवैतर्फको जिम्मेवारीहरु हुन्छन्, तर परमेश्वरको राय नै अन्तिम कुरो हो ! व्यक्तिगत अनि सामूहिक दुवैले परमेश्वरतर्फको हाम्रो उत्तरदायीमा केन्द्रित गर्दछ ।

ऊ. हामीले विश्वासीहरुलाई एउटा प्रजातान्त्रिक प्रणालीमा सरकारको प्रणालीमा सक्रिय रुपमा भाग लिन अनि त्यसलाई कार्यान्वयन गर्न र जब सम्भव हुन्छ, धर्मशास्त्रको शिक्षाहरुमा उत्साहित गराउनु पर्दछ ।

ऋ. व्यक्तिगत परिवर्तनद्वारा सामाजिक परिवर्तनलाई अघि ल्याउनै पर्दछ । सरकारमा त्यहाँ मृत्यु र इन्साफको सम्बन्धको वास्तविक र टिक्ने आशा त्यहाँ कुनै छैन । सबै मानव सरकारहरु, यद्यपि परमेश्वरबाटै इच्छा गरिएको र प्रयोग गरिएकै भएतापनि, परमेश्वरबाट टाढा रहेका मानव संगठनको पापपूर्ण अभिव्यक्तिहरु हुन् । यस अवधारणालाई यूहन्नाद्वारा प्रयोग गरिएको “संसार” शब्दमा व्यक्त गरिएको छ (अर्थात् १ यूहन्ना २:१५–१७)।

- **"चाहे त्यो सर्वोच्च राजाको होस्"** पूरानो ग्रीकमा यस शब्दको अर्थ हुन्छ" शहरको मानव निर्माता" तरैपनि, यसलाई जहिले पनि परमेश्वरको शासनको रुपमा प्रयोग गरिएको छ (मत्ती २२:११; रोमी १३:१–७; १ तिमोथी २:१–७; तीतस ३:१–८), जुनचाहिँ प्रायजसो मानव संगठनहरुलाई दिइन्छ । परमेश्वरले अराजकतामाथि आज्ञालाई रुचाउनुहुन्छ ।

२:१४ **"अथवा हाकिमहरु होस् ...... उहाँद्वारा खटाइएका हुन्छन्"** यो एउटा वर्तमान कर्मवाच्य कृदन्त हो । सबै कुराहरुलाई परमेश्वरले नै नियन्त्रण गर्नुहुन्छ । पाठले "राजाहरुको स्वर्गीय अधिकार" लाई सिकाउँदैन तर अराजकतामाथि परमेश्वरले व्यवस्था र आज्ञालाई सहयोग गर्नुहुन्छ (अर्थात्, एउटा स्थिर समाज) भनेर दाबी गर्दछ ।

**"उहाँ"** सर्वनामले (१) परमेश्वर अथवा (२) हाकिमलाई उल्लेख गर्न सक्दथ्यो ।

- **"दुष्ट काम गर्नेहरुलाई दण्ड दिन"** सरकारसँग आज्ञालाई कायम राख्न र अस्तव्यस्ततालाई नियन्त्रण गर्न र दण्ड दिन परमेश्वरबाटै दिइएको अधिकार छ । मृत्युदण्डचाहिँ यस आदेशको एउटा रुप हो (रोमी १३:४; प्रेरित २५:११)

२:१५ **"किनकी परमेश्वरको इच्छा यही छ"** तलका विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : परमेश्वरको इच्छा (*Thelēma*)**

यूहन्नाको सुसमाचार
- पिताको इच्छा पूरा गर्नलाई येशू आउनुभयो (४:३४; ५:३०; ६:३८)
- पिताले पुत्रलाई दिनुभएको सबैलाई अन्तिम दिनमा उठाउनलाई (६:३९)
- पुत्रमाथि विश्वास गर्ने सबै (६:२९, ४०)
- परमेश्वरको इच्छा पूरा गर्ने सम्बन्धमा जवाफ पाइएको प्रार्थना (९:३१ र १ यूहन्ना ५:१४)

**संक्षिप्त सुसमाचारहरु**
- परमेश्वरको इच्छा पूरा गर्नुचाहिँ महत्त्वपूर्ण छ (मत्ती ७:२१)
- परमेश्वरको इच्छा पूरा गराईले येशूमा दाज्यू–बहिनी बनाउँदछ (मत्ती १२:५०; मर्कूस ३:३५)
- कोही पनि नाश होस् भन्ने परमेश्वरको इच्छा होइन (मत्ती १८:१४; १ तिमोथी २:४; २ पत्रुस ३:९)
- कल्वरीचाहिँ येशूको लागि पिताको इच्छा थियो (मत्ती २६:४२; लूका २२:४२)

**पावलका पत्रहरु**
- सबै विश्वासीहरुका सेवाकाई र परिपक्वता (रोमी १२:१–२)
- यस दुष्ट युगबाट छुटकारा पाएका विश्वासीहरु (गलाती १:४)
- परमेश्वरको इच्छाचाहिँ उहाँको उद्धारसम्बन्धीको योजना थियो (एफिसी १:५, ९, ११)
- आत्माले भरिएको जीवनको अनुभव गर्ने अनि जिउने विश्वासीहरु (एफिसी ५:१७–१८)
- परमेश्वरको ज्ञानले भरिएका विश्वासीहरु (कलस्सी १:९)
- सिद्ध र पूर्ण बनाइएका विश्वासीहरु (कलस्सी ४:१२)

– शुद्ध पारिएको विश्वासीहरु (१ थेसलोनिकी ४:३)
– सबै कुरामा धन्यवाद दिने विश्वासीहरु (१ थेसलोनिकी ५:१८)

**पत्रुसका पत्रहरु**
– विश्वासीहरुले उचित काम (अर्थात्, सांसारिक कर तिरेर) गर्दछन् यसोस्ले मूर्ख मानिसहरुलाई चुप लगाएर सुसमाचार प्रचारको लागि एउटा अवसर प्रदान गर्दछन् (१ पत्रुस २:१५)
– विश्वासीहरुलाई कष्ट आइपर्दछ (१ पत्रुस ३:१७; ४:१९)
– विश्वासीहरुले स्व–केन्द्रित जीवन जिउँदैनन् (१ पत्रुस ४:२)

**यूहन्नाका पत्रहरु**
– विश्वासीहरु सधैंका लागि बस्नेछन् (१ यूहन्ना २:१७)
– विश्वासीहरु सुनुवाई भएका प्रार्थनाका मुख्य कुञ्जी हुन् (१ यूहन्ना ५:१४)

- **"चुप"** योचाहिँ शाब्दिक रुपमा "मोहोला लगाउनु" हो (मर्कूस १:२५; ४:३९)
- **"अज्ञानता"** यसलेचाहिँ कसैलाई उल्लेख गर्दछ जसकोमा आत्मिकी चिन्ने शक्ति कम छ (१ कोरिन्थी १५:३४)
- **"मूर्ख मानिसहरुको"** यस शब्दलाई मर्कूस ७:२२ मा पापको श्रृङ्खलामा सूचीबद्ध गरिएको छ । रोमी ३:२० मा यसले विश्वास नगर्ने यहूदी शिक्षकहरुको वर्णन गर्दछ, तर एफिसी ५:१७ मा यसलाई विश्वासीहरुको वर्णन गर्नलाई प्रयोग गरिएको छ । त्यसैकारण, यसले एउटा अल्छे मानसिक अवस्थालाई संकेत गर्दछ जसले बचाइएका र नबचाइका दुवैलाई प्रभाव पार्दछ । यहाँ यसले अमिल्दो धर्मभ्रष्ट मानिसहरुलाई उल्लेख गर्दछ जसले त्यस्ता कुराहरुलाई लिएर विश्वासीहरुलाई अभियोग लगाउँदैछन् जुनचाहिँ साँचो होइन (२:१२)।

२:१६ **"स्वतन्त्र मानिसहरु झैं जीवन बिताओ"** यो एउटा संकेत गरिएको आज्ञार्थक हो । (NASB, TEV, NJV)। योचाहिँ धर्मभ्रष्टहरुको विषमता छ जसहरु पापको दासहरु हुन् । विश्वासीहरुसँग रोजाई रहेको छ । येशूले तिनीहरुलाई पापको दासत्वबाट मुक्त गर्नुभएको छ (रोमी ६), तर तिनीहरुले पापलाई फेरि रोज्नको लागि तिनीहरुको नयाँ स्वतन्त्रतालाई प्रयोग गर्दछन् ।

- **"स्वतन्त्रतालाई कुकर्म गर्न बहाना नबनाओ"** योचाहिँ शाब्दिकरुपमा अस्वीकार गरिएको ( वर्तमान कर्तृवाच्य कृदन्त) हो, जसलाई आज्ञार्थकको रुपमा प्रयोग गरिएको छ । कति पटक हाम्रो स्वतन्त्रताचाहिँ बलिदानरुपी जिउँदो गवाही (रोमी १४:१–१५–३) हुनको साटो एउटा अनुमतिपत्र पो बन्दछ (१ कोरिन्थी ८:९; गलाती ५:१३)। स्वतन्त्रताले जहिलेपनि जिम्मेवारी ल्याउँदछ तर वैधतावाद र संसारवाददेखि सावधान रहनुहोस् (१ कोरिन्थी ८–१०; कलस्सी २:१६–२३)। अब विश्वासीहरु परमेश्वरको सेवा गर्नलाई र एकअर्काको सेवा गर्नलाई (१ कोरिन्थी ९:१९–२३) पापबाट मुक्त भएका छन् (रोमी ७)।
- **"तर परमेश्वरका दासझैं भएर चल"** विश्वासीहरु पापबाट मुक्त भएका छन् र अब परमेश्वरको सेवा गर्नलाई स्वतन्त्र भएका छन् (रोमी ६:२२)।

**२:१७ “सबै मानिसहरुलाई आदर गर”** योचाहिँ १७ पदमा आज्ञा गरिएको चारओटा पूर्ण सारांशको पहिलो, एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो । यसको अर्थचाहिँ परमेश्वरको दृष्टिमा सबै मानिस जातिको मूल्यलाई चिन्नु भन्ने हो (उत्पत्ति १:२६–१७; यूहन्ना ३:१६) अनि तिनीहरुलाई खीष्टको विश्वासतर्फ आकर्षित गराउनको लागि जिउनु हो (मत्ती २८:१८–२०; लूका २४:४७; प्रेरित १:८)।

- **“भाइबन्धुलाई प्रेम गर”** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । खीष्टियनहरुले एकअर्कालाई प्रेम गरिरहनु पर्दछ (१:२२; यूहन्ना १३:३४; १५:१२, १७; रोमी १२:१०; १ थेसलोनिकी ४:९; हिब्रू १३:१; १ यूहन्ना २:७–८; ३:११, २३; ४:१, ११; २ यूहन्ना ५)। प्रेमचाहिँ हामी परमेश्वरलाई जान्दछौं, हामीले खीष्टमा विश्वास गरेका छौं, अनि हामीलाई आत्माद्वारा अगुवाई गरिएको छ भन्ने कुराको साँचो प्रमाण हो । यो परमेश्वरको परिवारको चरित्र हो । विश्वासीहरुले सुसमाचारको खातिर सबै मानिस जातिलाई प्रेम गर्नुपर्छ अनि अरु खीष्टियनहरुलाई पनि प्रेम गर्नुपर्दछ किनभने तिनीहरु पनि परमेश्वरको परिवारका भाग हुन् ।
- **“परमेश्वरसँग डराओ”** योचाहिँ एउटा वर्तमान माध्यम आज्ञार्थक हो (अय्यूब २८:२८; भजन १११:१०; हितोपदेश १:७; १५:३३)। यस ग्रीक शब्दबाट हामी *phobia* भन्ने अंग्रेजी शब्दलाई पाउँदछौं । यसलाईचाहिँ डर र आदरको अर्थमा प्रयोग गरिएको छ । सबै विश्वासीहरुका कामचाहिँ परमेश्वरसँगको तिनीहरुको सम्बन्ध अनि आदरबाट निस्कनु नै पर्दछ ।
- **“राजाको आदर गर”** यी अन्तिम दुई ओटा वर्तमान आज्ञार्थकचाहिँ हितोपदेश २४:२१ तिर गरिएको एउटा संकेत हुनसक्दछ । याद गर्नुहोस् कि पत्रुसको समयमा सम्राटचाहिँ नेरो थिए ( २:१३)।

## NASB (UPDATED) TEXT:2:18-25

१८कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरुका अधीनमा बस । तिमीहरुमाथि दयालु र भला हुनेहरुका अधीनमा मात्र होइन, तर निर्दयीहरुका अधीनमा पनि । १९परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ । २०किनभने तिमीहरुले खराब काम गरेर कुटाई खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो के छ र ? तर तिमीहरुले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भन्ने यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, २१किनकी यसैको निम्ति तिमीहरु बोलाइएका छौ । खीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरुका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरु उहाँकै पाइलामा हिँड्नुपर्दछ । २२“उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन ।” २३तिनीहरुले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नु भएन । दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन । तर उचित न्याय गर्नुहुने माथि उहाँले भरोसा राख्नुभयो । २४हामी पापका लेखी मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरुद्वारा तिमीहरु निको भयो । २५किनभने तिमीहरु भेंडाहरुझैं बरालिरहेका थियौ, तर अब तिमीहरुका आत्माको गोठाला र संरक्षककहाँ फर्की आएका छौ ।

**२:१८ “कमारा हो, …….. आफ्ना मालिकहरुका अधीनमा बस्”** योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग गरिएको एउटा वर्तमान माध्यम कृदन्त हो (२:१३ मा विशेष शीर्षक र टिप्पणीलाई हेर्नुहोस्)। विश्वासी कमाराहरुले तिनीहरुका सांसारिक मालिकहरुलाई आदर गर्छन् किनभने तिनीहरुले परमेश्वरलाई आदर गर्छन् । यसले ती विश्वास नगर्ने अन्यायी र निर्दयी मालिकहरु अथवा उचित ढङ्गले काम नगर्ने

खीष्टियन कमाराका मालिकहरुलाई पनि उल्लेख गरेको छ । हाम्रो दिनमा यस चेतावनीको एउटा नियमचाहिँ खीष्टियन मालिक अथवा खीष्टियन कामदारहरुसँग सम्बन्धित रहेको छ । योचाहिँ एफिसी ६:५–९ मा पावलको शिक्षासँग मिल्दोजुल्दो छ । निम्नलिखित विशेष शीर्षकको # ३ लाई हेर्नुहोस् ।

योचाहिँ बाइबलीय व्याख्याको साँस्कृतिक पक्षलाई छलफल गर्न एउटा असल ठाउँ हो । यदि सुसमाचारले (१) पहिलो शताब्दीको ग्रीक–रोमन पितृसत्तात्मक संस्कृति अथवा (२) यसको कमाराको संस्कतिलाई चुनौति दिएको थियो भने, त्यसलाई पहिलो शताब्दीको समाजद्वारा रद्द गरिने थियो अथवा नष्ट गरिने थियो । सुसमाचार प्रचार गराईले कालान्तरमा यी दुवैओटा अड्चनहरु गिरेर गए । बाइबललाई जहिले पनि यसको ऐतिहासिक परिवेशमा व्याख्या गरिनु नै पर्दछ अनि त्यसपछि प्रेरित सत्यताहरुलाई त्यस्तै शक्ति र प्रभावसँग हाम्रो दिन र संस्कृतिमा लागू गरिनु नै पर्दछ । यसको अर्थ हामीले पहिलो शताब्दीको संस्कृतिलाई हरेक युगमा हरेक समाजको लागि परमेश्वरको इच्छाको रुपमा पुनः उत्पादन गर्ने कोशिस गरेका छौं भन्ने हुँदैन । लक्ष्य भनेको त सुसमाचारको अनन्त सत्यतालाई प्रचार गर्नु हो जसले हरेक व्यक्तिलाई अनि आखिरमा समाज आफैंलाई प्रभाव पार्दछ ।

**विशेष शीर्षक : कमाराहरुप्रति पावलको चेतावनीहरु**

१. सन्तुष्ट होओ, तर यदि स्वतन्त्रको लागि कुनै मौका आउँदछ भने, यसको फाइदा लेओ (१ कोरिन्थी ७:२१–२४)
२. खीष्टमा त्यहाँ कुनै कमारा अथवा फुक्का छैन (गलाती ३:२८, कलस्सी ३:११; १ कोरिन्थी ।
३. प्रभुमा भएझैं काम गर; उहाँले ईनाम दिनुहुन्छ (एफिसी ६:५–९; कलस्सी ३:२२–२५; १ पत्रुस २:१८–२०)
४. खीष्टमा कमाराहरु भाइबन्धु बन्छन् (१ तिमोथी ६:२; फिलेमोन १६–१७ पद)
५. असल आचरण भएको कमाराहरुले परमेश्वरमा सम्मान ल्याउँदछन् (१ तिमोथी ६:१; तीतस २:९) कमाराका मालिकहरुप्रति पावलको चेतावनी

खीष्टियन कमाराहरु र कमाराका मालिकहरुको एउटै मालिक छन्; त्यसैकारण तिनीहरुले एकअर्कालाई आदरसहित व्यवहार गर्नुपर्दछ (एफिसी ६:९; कलस्सी ४:१)।

२:१९

**NASB** **"किनकी यसले कृपा पाउँदछ"**
**NKJV** **"किनकी यो प्रशंसनीय छ"**
**NRSV** **"किनकी यो तिमीहरुको लागि एउटा श्रेय हुन्छ"**
**TEV** **"यसको निम्ति परमेश्वरले तिमीहरुलाई आशिष दिनुहुन्छ"**
**NJB** **"तिनीहरुले त्यहाँ एउटा श्रेय देख्छौ"**

जब यस कष्टचाहिँ हाम्रो खीष्टियन दृढ विश्वास र खीष्टको विश्वाससँग सम्बन्धित हुन्छ यसले सतावटको माझमा पनि अधीनतालाई परमेश्वरको स्वीकृतिको उल्लेख गर्दछ (३:१४, १७; ४:१३–१४, १६)। "कृपा" चाहिँ यसको गैर–ईश्वरशास्त्रीय अर्थमा प्रयोग गरिएको ग्रीक शब्द *charis* ( अनुग्रह) हो ।

- **"भने"** यो एउटा प्रथम श्रेणीको शर्तबन्द वाक्य हो जुनचाहिँ लेखको उद्देश्यबाट अथवा उसको लेखनको उद्देश्यहरुबाट साँचो हो भनी मानि लिइन्छ । ख्रीष्टको खातिर ख्रीष्टियन कमाराहरुले निर्दयी मालिकहरुको अधीनमा कष्ट भोगिरहेका थिए ।

२:२० **"यो ग्रहणयोग्य हुन्छ"** योचाहिँ कसैको प्रतिष्ठासँग गाँसिएको आदरको लागि शब्द हो (लूका ६:३२–३४)। योचाहिँ ग्रीक क्रिया *kaleō* बाट आएको हो जसको अर्थ हुन्छ बोलावट । त्यसैकारण, यसले कसैलाई प्रशंसा, आदर अथवा गौरवका साथमा बोलाएको कुरालाई उल्लेख गर्दछ ।

- **"भने"** यस पदमा त्यहाँ दुईओटा प्रथम श्रेणीको शर्तबन्द वाक्यहरु छन्, जुनचाहिँ साँचो हो भनि मानिएका छन् । पहिलो शर्तबन्द वाक्यलाई नकारात्मक अर्थमा प्रयोग गरिएको छ अनि दोस्रोलाई चाहिँ सकारात्मक अर्थमा । जब विश्वासीहरुले अनुचित रुपमा कष्ट भोग्छन्, परमेश्वर प्रसन्न बन्नुहुन्छ, तर विश्वासीहरु भएको कारण धैर्यतापूर्वक (१:२९; ३:२४, २७; ४:१२–१६; मत्ती ५:१०–१६)।

२:२१ **"किनकी यसैको निम्ति तिमीहरु बोलाइएका छौ"** यो एउटा एवरिष्ट कर्मवाच्य संकेतार्थ हो । सन्दर्भमा यस वाक्यांशको अर्थ हुन्छ कि विश्वासीहरुलाई येशूको जीवनभन्दा अझ राम्रो बन्नलाई बोलाइएको थियो, जसले परमेश्वरमा महिमा ल्याउँदछ अनि मानिसजातिमा उद्धार । योचाहिँ सबै विश्वासीहरुको पक्षमा अधीनताको लागि एउटा आह्वान हो जसले आत्मिकी परिपक्वता र शक्तिशाली सुसमाचारको एउटा गवाही ल्याउनेछ ।

विश्वासीहरुलाई परमेश्वरबाट कष्ट सहनुकै लागि बोलाइएको हो भन्नेचाहिँ एउटा अचम्मलाग्दो बयान हो, विशेष गरेर पश्चिमी संस्कृतिको लागि जसले ख्रीष्टियनिटीलाई (१) "यसमा मेरो निम्ति के छ" अथवा (२) एउटा स्वस्थ, सम्पत्ति र सफलताको सुसमाचारको शब्दमा सोंच्दछन् । विश्वासीहरुमा आउने सतावटचाहिँ पतित संसारमा एउटा साँचो सम्भावना हो (प्रेरित १४:२२; रोमी ५:३–४; ८:१७; फिलिप्पी १:२९; १ थेसलोनिकी ३:३–४; २ तिमोथी ३:१२; याकूब १:२–४; १ पत्रुस ३:१४; ४:१२–१९)।

- **"ख्रीष्टले पनि ....... कष्ट भोग्नुभयो"** ख्रीष्टको कष्टचाहिँ यहूदीहरुका लागि एउटा आश्चर्यजनक कुरो थियो जसले सबैलाई जित्ने सैन्य मसीहको आशा गर्दथे । पूरानो करारमा त्यहाँ विशेष संकेतहरु छन् (उत्पत्ति ३:१५; भजन २२; यशैया ५३)। येशू आफैंले यस्ता अगमवक्ताका परिच्छेदहरु (१) आफ्ना चेलाहरुलाई (१६:२१; १७:१२, २२–२३; २०:१८–१९) अनि (२) सुरुवाती मण्डलीलाई (लूका २४२५–२७) देखाउनुभयो ।

उहाँको कष्ट अनि मृत्युचाहिँ प्रेरितको *Kerygma* भनिने सुरुवती मण्डलीको प्रेरतीय प्रचारको एउटा अभिन्न अंग थियो (प्रेरित २:२३; ३:१३–१४, १८; १७:३; २६:२३)। १:११ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

उहाँको कष्टको सम्बन्धमा त्यहाँ थुप्रै ईश्वरशास्त्रीय सत्यताहरु छन् ।

१.	खीष्ट हाम्रा उदाहरण हुनुहुन्छ (२१ पद)
२.	क्रूसमा खीष्टले हाम्रा पापहरुलाई बोक्नुभयो (२४ पद)
३.	खीष्टको कामले हामीलाई पापमा मर्न अनि परमेश्वरमा जिउन लगाउँदछ (२४ पद)
४.	खष्टिचाहिँ हाम्रो आत्माहरुको गोठालो अनि संरक्षक हुनुहुन्छ (२५ पद)

"कष्ट पाएको" (*epathen*) शब्दचाहिँ MSS $P^{72}$, A, B र C मा पाइन्छ, तर अरु प्राचीन MSS, $P^{81}$, ℵ मा चाहिँ "मरेको" (*apethanen*) छ । $UBS^{4}$ ले पहिलो पाठन 'A' लाई ( निश्चय) भन्ने वर्गमा यो मानिलिँदै राख्दछ कि "मरेको" लाई चाहिँ प्रतिलिपिकारहरुले ३:१८ पदबाट स्थानान्तरण गरिएको हो ।

- **"एउटा उदाहरण"** नयाँ करारले खीष्ट किन आउनुभयो भन्ने कुराको तीनओटा कारणहरु दिन्छ :

१.	अरुको निम्ति र प्रतिस्थापित प्रायश्चित बन्नको लागि । उहाँ, जो सोझो दोषरहित (२:२२) परमेश्वरको थुमा हुनुहुन्छ (यूहन्ना १:२९), हाम्रो खातिर आफैंलाई अर्पण गर्नुभयो (२:२४)
२.	पिताको पूर्ण प्रकटीकरणको लागि (यूहन्ना १:१–१४; १४:८–९)
३.	अझ उत्तम हुनलाई विश्वासीहरुका लागि एउटा उदाहरण बन्न (२:२१)। उहाँ एकजना आदर्श अनि सिद्ध इस्राएली मानिस हुनुहुन्छ, मानवताचाहिँ जस्तो भएको छ, त्यो एकदिन हुन सक्ने नै छ ।

**२:२२ "उहाँले कुनै पाप गर्नुभएन"** योचाहिँ यशैया ५३:९ बाटको उद्धरण हो । यस अवधारणालाई यूहन्ना ८:४६; १४:३०; लूका २३:४१; २ कोरिन्थी ५:२१; हिब्रू ४:१५; ७:२६–२७; १ पत्रुस १:९; २:२२; ३:१८; १ यूहन्ना ३:५ मा पनि व्यक्त गरिएको छ । उहाँ हाम्रो खातिर मर्न सक्नुहुन्थ्यो किनभने उहाँले उहाँका आफ्नै पापको लागि मर्नुपरेको थिएन ।

**"उहाँको मुखमा कुनै छलको कुरा पाइएन"** येशू एकजना आदर्श इस्राएली हुनुहुन्थ्यो (यशैया ५३:९ अनि सपन्याह ३:१३)

**२:२३ "……… उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नु भएन"** त्यहाँ तीनओटा अपूर्ण कर्तृवाच्य संकेतार्थको एउटा श्रृङ्खला छ, जसको अर्थ हुन्छ बितेको समयमा दोहोर्‍याइएका कामहरु । पहिलोचाहिँ यशैया ५३:७ को संकेत हो । येशूले यस अगमवाणीलाई कैयाफा, मुख्य पूजाहारी हन्ना, पिलातस र हेरोदको अघि आफ्नो मुकदमामा पूरा गरिदिनुभयो ।

**"दु:ख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन"** उहाँले बोल्नु त भयो, तर उहाँका मृत्युमा संलग्न हुनेहरु सबैलाई क्षमारुपी शब्दमा (लूका २३:३४)

तर उचित न्याय गर्नुहुने माथि उहाँले भरोसा राख्नुभयो" यस भरोसा राख्ने कुराचाहिँ येशूको जीवनको सामान्य मनोवृत्ति थियो । यसलाई लूका २२:४२ अनि २३:४६ मा एकदमै शक्तिशालीरुपमा देखाइएको छ ।

**२:२४ "उहाँले ....... हाम्रा पाप बोक्नुभयो"** योचाहिँ स्पष्टरुपले यशैया ५३:४, ११, १२ बाट हो । "बोक्नु" शब्दलाई लेवी १४:२० अनि याकूब २:२१ मा बलिदानको लागि प्रयोग गरिएको छ । योचाहिँ अरुहरुका निम्ति र प्रतिस्थापितरुपमा गरिएको प्रायश्चितको सार हो (मर्कूस १०:४५; रोमी ५:६, ८, १०; २ कोरिन्थी ५:२१)

**"क्रूसमा आफ्नै शरीरमा"** यद्यपि १ पत्रुससँग जोडिएको त्यहाँ कुनै विशेष नोष्टिक (Gnostic) तत्त्व छैन (एउटा सुरुवाती खीष्टियन/ग्रीक दर्शनले येशू साँच्चै मानिस हुनुहुन्थेन भनेर दाबी गरे, कलस्सी; १ तिमोथी : १ यूहन्ना)। यो पाठचाहिँ नासरतका येशूका साँचो मनुष्यरुप र भौतिक मृत्युको अर्को शक्तिशाली पुष्टिकरण हो (कलस्सी १:२२)।

**"क्रूसमा"** भन्ने वाक्यांशको चाहिँ व्यवस्था २१:२३ सँग सम्बन्ध हुनसक्दछ, जहाँ कसैलाई ठीकसँग दफन गर्नुको सट्टा काठ (अर्थात्, रुख) मा झुण्डयाइएर राखिन्थ्यो त्यसलाई परमेश्वरबाट सराप दिइन्थ्यो । येशूको समयसम्म धर्मगुरुहरुले यसलाई रोमी क्रूसीकरणमा समावेश गरेर व्याख्या गरेका थिए । येशूलाई ईश्वर निन्दाको आरोप लगाइएको थियो, जुनचाहिँ मोजाइक व्यवस्थाअनुसार, ढुङ्गाले हानिनु पर्दथ्यो । त्यसो भए यहूदी अगुवाहरुले उहाँलाई किन क्रूसमा टाँग्न चाहे त, जसले रोमी सरकारको स्वीकृति चाहिन्थ्यो र निस्तार चाडअघि तिनीहरुलाई विधिवत् रुपमै अशुद्ध तुल्याउँदथ्यो ? कसैले भनेका छन् कि तिनीहरुले यसो गरेको कारणचाहिँ रोमी व्यवस्थाको अधीनमा कसैलाई मृत्युदण्ड दिने यहूदीहरुसँग अधिकार थिएन, तर प्रेरित ७ मा स्टिफनसको विषयमा चाहिँ के हो नि ?

मलाई लाग्दछ कि यस मसिही हुँ भनी बहाना गर्नेलाई चाहिँ परमेश्वरबाटै सराप दिइएको थियो भनेर सुझाव दिनलाई तिनीहरुले येशूलाई क्रूसमा टाँग्न चाहेका थिए । तर वास्तवमा यही नै भएको थियो । येशू हाम्रो निम्ति सराप बन्नुभयो (गलाती ३:१३)। पूरानो करार आफै पनि सराप बनेको थियो (कलस्सी २:१४)। यसले उल्लेख गर्दछ कि पाप गर्ने प्राणले मर्नै पर्दछ (२ राजा १४:६; इजकिएल १८:४, २०)। तर सबै मानिसजातिले पाप गरेका छन् (रोमी ३:९–१८, २३; गलाती ३:२२)। त्यसैकारण, सबै मृत्युको योग्य छ अनि यसको मृत्युदण्डको अधीनमा थियो । येशू, जो पापरहित परमेश्वरको थुमा हुनुहुन्छ (यूहन्ना १:२९) उहाँले सारा पतित संसारका पापलाई बोक्नुभयो (रोमी ५:१२–२१)

- **"हामी पापको लेखी मरेर धार्मिकताको लेखि जिऔं भनी"** यो एउटा उद्देश्य (*hina*) खण्डवाक्य हो । योचाहिँ खीष्टियनिटीको लक्ष्य हो (रोमी ६:२०; गलाती २:२०)। योचाहिँ मानिस जातिमा परमेश्वरको स्वरुपको पुनर्स्थापन हो जसले परमेश्वरसँगको घनिष्ट संगतिलाई पुनर्स्थापित गर्दछ ।

- **"उहाँकै चोटहरुद्वारा तिमीहरु निको भयौ"** यो एउटा एवरिष्ट कर्मवाच्य संकेतार्थ हो । यशैया ५३:४–६ मा यसले हाम्रो शारीरिक चँगाइलाई होइन तर आत्मिकी चँगाइको बारेमा बोल्दछ । शारीरिक चँगाइ पनि अनुग्रहकारी परमेश्वरको भइरहेको काम हो भनेर म इन्कार गर्दिन, तर यो खीष्टको प्रायश्चितको प्रतिज्ञा गरिएको पक्ष हो भन्ने कुरालाई भने म इन्कार गर्छु । पूरानो करारमा पापलाई शारीरिक बिरामीद्वारा चरितार्थ गरिन्थ्यो (यशैया १:५–६; भजन १०३:३)। यो त पापको क्षमाको लागि एउटा अलंकार हो, तर यदि विश्वासीहरुमा प्रशस्तै विश्वास छ भने

परमेश्वरले हरेक विश्वासीको हरेक शारीरिक समस्याहरुलाई निको गर्नुहुन्छ भन्ने एउटा प्रतिज्ञा भने होइन ।

यशैया ५३:४ अनि मत्ती ८:१७ मा यसको प्रयोग बारेमा एउटा असल छलफलको लागि F.F.Bruce को *Answers to Questions*, पृष्ठ ४४–४५, एकदमै सहयोगी हुन्छ ।

**२:२५ "किनभने तिमीहरु .......... बरालिरहेका थियौ"** योचाहिँ यशैया ५३:६ को एउटा संकेत हो । यो एउटा घुमाएर भनिएको अपूर्ण कर्मवाच्य हो, जसले विगतमा दोहोरिएको काम अथवा एउटा कामको सुरुवातलाई उल्लेख गर्दछ । यसले तलका कुराहरुलाई उल्लेख गर्दछ :

१. पूरानो करारका यहूदी (रोमी ३:९–१८, जुनचाहिँ पूरानो करारको उद्धरणहरुको एउटा श्रृङ्खला हो)

२. सारा मानिसजाति

३. अन्य जाति विश्वासीहरु सतावटहरुद्वारा पराजित गरिएको थियो (अर्थात्, परीक्षामा येशूलाई इन्कार गरेका हुन सक्दछ)

४. विश्वासीहरु, यहूदीहरु र अन्य जातिहरु, जसहरुले पापको स्वभावमा दैनिक लडाइँमा हारिरहेका थिए ।

- **"तर अब तिमीहरु ..... फर्कीआएका छौ"** यो एउटा एवरिष्ट कर्मवाच्य संकेतार्थ हो, जसले परमेश्वर, खीष्ट अथवा आत्माका सहायताद्वारा निर्णायक फर्काइलाई संकेत गर्दछ (TEV, "तिमीहरुलाई फर्काइ ल्याइएको छ)। प्रायजसो अंग्रेजी संस्करणहरुले यसलाई माध्यमको रुपमा अनुवाद गरेका छन् (NASB, NRSV, NJB, NIV)। पूरानो करारमा "फर्कनु" अथवा "फेरि फर्कनु" लाई परमेश्वरका मानिसहरुले पश्चाताप गरेर उहाँमा फर्केर आउने कुराको लागि प्रयोग गर्दछ ।

- **"गोठाला"** यो शीर्षकचाहिँ परमेश्वरको लागि प्रयोग गरिएको हो (भजन २३:१; इजकिएल ३४) अनि यहाँचाहिँ यूहन्ना १०:१–८ अनि हिब्रू १३:२० मा जस्तै गरी येशूको लागि प्रयोग गरिएको हो । यसले कोमल, विवेकपूर्ण अनि निरन्तरको हेरचाहको संकेत गर्दछ । यस उपाधिले यूहन्ना ११ मा येशूसँगको पत्रुसको बहसलाई पनि झल्काउँदछ (५:१–३)।

| | |
|---|---|
| **NASB, NRSV, NJB** | **"संरक्षक"** |
| **NKJV** | **"निरीक्षक"** |
| **TEV** | **"रक्षक"** |

यहाँ येशूको लागि *episkopos* शब्दलाई प्रयोग गरिएको छ, तर साधारणतय् यसले स्थानीय मण्डलीको अगुवाहरुलाई उल्लेख गर्दछ । यस शब्दलाई "विशप" अथवा "निरीक्षक" को रुपमा प्रयोग गरिएको छ अनि एउटा ग्रीकको शहर/राज्यको पृष्ठभूमि छ, जब कि पर्यायवाची शब्द "एल्डर" (*Presbuteros*) को हिब्रू जनजाति पृष्ठभूमि छ । यस्ता शब्दहरुलाई नयाँ करारका पाष्टरको भूमिकालाई उल्लेख गर्न साधारणतय् पर्यायवाचीरुपमा प्रयोग गरिएका छन् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. के सबै खीष्टियनहरुले बालक खीष्टियनहरुकै रुपमा सुरु गर्दछन् त ? किन ?
२. नयाँ करारका विश्वासीहरुको वर्णन गर्नलाई पत्रुसले किन यति विघ्न पूरानो करारका उपाधिहरुलाई प्रयोग गरेका हुन् त ?
३. विश्वासीहरुलाई “पत्थरहरु” भनी बोलाइएको महत्त्वचाहिँ के छ त ?
४. हाम्रो जीवनशैली यति महत्त्वपूर्ण किन छ त ?
५. हामीले खीष्टियनहरुको रुपमा सरकारी अधिकारीहरुको आज्ञापालन किन गर्नुपर्दछ त ?
६. खीष्टियनिटीले दासत्वलाई किन आक्रमण गरेनन् ?
७. अनुचित परिस्थितिहरुमा भएकाहरुलाई पत्रुसको सल्लाह कस्तो थियो त ?
८. खीष्टको मृत्युको महत्त्व के हो त ?

## १ पत्रुस ३
### आधुनिक अनुवादहरुको परिच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| पति र पत्नी | पतिहरुको अधीनता | खीष्टियनहरुको कृतज्ञता | पति र पत्नी | विवाहमा खीष्टियनहरुको सामाजिक बाध्यता |
| ३:१–६ | ३:१–६ | (२:११–४:११); ३:१–६ | ३:१–६ | ३:१–६ |
| | पतिहरुको लागि सुझाव | | | |
| ३:७ | ३:७ | ३:७ | ३:७ | ३:७ |
| धार्मिकताको खातिर आउने कष्ट | आशिषको निम्ति बोलाइएको | | उचित काम गर्दा आउने कष्ट | भाइबन्धुप्रतिको खीष्टियन प्रेमको सामाजिक बाध्यता |
| ३:८–१२ | ३:८–१२ | ३:८–१२ | ३:८–१२ | ३:८–१२ |
| | उचित र अनुचित कार्यको लागि कष्ट | | | सतावटमा खीष्टियनहरुको सामाजिक बाध्यता |
| ३:१३–२२ | ३:१३–१७ | ३:१३–२२ | ३:१३–२२ | ३:१३–१७ |
| | खीष्टको अनि हाम्रो कष्ट | | | पुनरुत्थान र नरकमा अवरोहण |
| | १३:१८–४:६ | | | ३:१८–२२ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्यछन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन,

तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**शब्द र वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT:3:1-6

१पत्नी हो, तिमीहरु पनि आफ्ना पतिको अधीनमा रहो, र यसरी तिनीहरुले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरुको आचरणले गर्दा शब्द विना पनि तिनीहरुका मनको परिवर्तन हुनसक्छ । २तिमीहरुका जीवनको शुद्धता र श्रद्धा देख्दा तिनीहरुको परिवर्तन हुनेछ । ३केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र तिमीहरुको बाहिरी सिङ्गार पटार नहोस् । ४तिमीहरुका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमप्रभुको दृष्टिमा साह्रै मूल्यवान् छ । ५किनकी यही किसिमले अघिअघि परमेश्वरमा आशा राख्ने पवित्र स्त्रीहरुले पनि सिङ्गार गर्थे, र आफ्ना पतिको अधीनमा बस्थे । ६साराले जस्तै, जसले अब्राहामलाई स्वामी भनेर तिनको आज्ञापालन गर्थिन्, यदि तिमीहरुले उचित काम गर्‍यो र कुनै कुरामा भयभित भएनौ भने तिमीहरु उनकै छोरीहरु ठहरिनेछौ ।

**३:१ "त्यस्तै गरी"** यसले ख्रीष्टियन नागरिकहरुप्रतिको (२:१३) अनि ख्रीष्टियन कमाराहरुप्रतिको (२:१८) तिनको चेतावनीलाई देखाउँदछ ।

- **"पत्नी हो, अधीनमा रहो"** योचाहिँ २:१८ जस्तै वर्तमान माध्यम कृदन्त हो । यो एउटा सैन्य शब्द हो जसको अर्थ हुन्छ "आफैंलाई शासकको अधीनमा राख्नू (एफिसी ५:२१–३३; कलस्सी ३:१८–१९; तीतस २:४–५)। यस सम्पूर्ण अध्याय नै विश्वासीहरु सरकारको (२:१३–१७) अनि विश्वास गर्ने कमाराहरु तिनीहरुका मालिकको (२:१८–२०) "अधीनमा बस्नु" भन्ने बारेमा पत्रुसको छलफलसँग सम्बन्धित छ । अधीनमा बस्नुचाहिँ नकारात्मक शब्द होइन, यसले त येशू आफैंलाई वर्णन गर्दछ । उहाँ त आफ्नो सांसारिक माता–पिताको अधीनमा बस्नुहुन्थ्यो । उहाँ त आफ्ना स्वर्गीय पिताको अधीनमा बस्नुहुन्थ्यो ।

- **"यसरी"** यो एउटा उद्देश्य (*hina*) खण्डवाक्य हो, जसले पत्नीलाई अधीनमा बस्नु भन्ने कुराको लागि ईश्वरशास्त्रीय उद्देश्यलाई उल्लेख गर्दछ । योचाहिँ सदैव सुसमाचार प्रचारको लागि हो । विश्वासीहरु दिनहुँ परमेश्वरका राज्यको नमूना बन्नुपर्दछ (डाँडाको उपदेश, मत्ती ५–७)।

- **"तापनि"** यो एउटा प्रथम श्रेणीको शर्तबन्द शब्द हो, जुनचाहिँ लेखको उद्देश्यबाट अथवा तिनको लेखनकार्यको उद्देश्यहरुका लागि साँचो हो भनेर मानिलिइएको छ । यस सन्दर्भले अविश्वासी पतिहरुको बारेमा छलफल गर्दैछ । पहिलो शताब्दीमा थुप्रै मिश्रित परिवारहरु प्रायः

देखिने गरिन्थ्यो किनभने एकजना सहयोगी विश्वासी बन्दथे । योचाहिँ एउटा अविश्वासीसँग विवाह गर्ने कुराको बाइबलीय प्रमाण होइन ।

- **"तिनीहरुले ..... पालन नगरे"** यो एउटा वर्तमान कृर्तवाच्य संकेतार्थ हो, जसले निरन्तरता दिइएको कामलाई संकेत गर्दछ । जसरी बाइबलीय विश्वासचाहिँ भइरहेको अनुभव हो, त्यसरी नै अविश्वास पनि हो !

- **"वचन"** १ पत्रुसमा "वचन" (अर्थात्, *logos*) चाहिँ प्रेरितहरुले प्रचार गर्ने सुसमाचारको लागि एउटा अलंकार हो । विश्वासीहरु वचनद्वारा नयाँ गरी जन्मेका छन् (१:२३)। तिनीहरुले वचनको आत्मिकी अथवा शुद्ध दूधको लालसा गर्नुपर्दछ (अर्थात् *logikos*, २:२)।

- **"परिवर्तन"** यो एउटा भविष्यत् कर्मवाच्य संकेतार्थ हो । यस शब्दको अर्थ हुन्छ "फाइदा" १ कोरिन्थी ९:१९–२२ मा यसलाई उद्धारको लागि प्रयोग गरिएको छ । एउटा विश्वासी पत्नीको प्राकृतिक लक्ष्य भनेको नै आफ्नो परिवारको उद्धार हो । योचाहिँ सबै खीष्टियनहरुको लक्ष्य हुनुपर्दछ ।

- **"शब्दविना"** विश्वासमा रहेको उनको जीवनचाहिँ शब्दहरुभन्दा चर्को र सफासँग बोल्ने छ ! तरैपनि, कुनै बिन्दुमा, शब्दहरुलाई सु–समाचारको सन्देशलाई व्यक्त गर्नको लागि आवश्यक हुन्छ ।

- **"आचरणले"** हाम्रा जीवनशैलीले बारम्बार हाम्रा शब्दहरुले भन्दा चर्को गरी बोल्दछ ।

**३:२ "देख्दा"** यस शब्दलाई प्रत्यक्षदर्शीहरुको रुपमा प्रयोग गरिएको थियो । पत्रुसले यसलाई आफ्नो पत्रमा तीन पल्ट प्रयोग गरे (१ पत्रुस २:१२; ३:२; २ पत्रुस १:१६)। विश्वासीहरुका जीवनचाहिँ प्रदर्शनमा हुन्छन् । यद्यपि यो एउटा ज्यादै चलेर पुरानो भइसकेको कुरा भए तापनि यो साँचो हो कि विश्वासीहरुका जीवनचाहिँ केही मानिसहरुले पढ्ने एउटैमात्र बाइबल हो । विश्वासीहरुको जीवनचाहिँ केही मानिसहरुले जान्ने एउटै मात्र येशू हो । कस्तो ठूलो जिम्मेवारी !

**NASB** **"तिमीहरुका शुद्ध र श्रद्धापूर्ण व्यवहार"**
**NKJV** **"भयसहितको तिमीहरुको शुद्ध व्यवहार"**
**NRSV** **"तिमीहरुका जीवनको शुद्धता र श्रद्धा"**
**TEV** **"तिमीहरुका शुद्ध र श्रद्धापूर्ण व्यवहार"**
**TEV** **"तिमीहरुका जीवनशैलीको श्रद्धा र शुद्धता"**

पत्रुसले "भय" शब्दलाई प्रयोग गरेका छन्, जसलाई पहिले १:१७ अनि २:१८ मा आदरको रुपमा बुझिन्थ्यो (प्रेरित ९:३; १०:२; रोमी ३:१८; १३:७; एफिसी ५:३३; प्रकाश ११:१८)। विश्वासीहरुले राज्यको गवाही र सुसमाचार प्रचारको लागि स्वार्थहीन्, ईश्वररुपी अनि साँस्कृतिकरुपमै ग्रहणयोग्य जीवनहरु जिउँदछन् ।

**“शुद्ध”** (*agons*) शब्दलाई थुप्रै प्रकारले अनुवाद गरिएको छ (शुद्ध, नम्र, दोषरहित, सहनशील)। यसलाई यहाँ अनि २ कोरिन्थी ११:२ र तीतस २:५ मा स्त्रीहरुका लागि प्रयोग गरिएको छ ।

**३:३ “तिमीहरुको बाहिरी सिङ्गारपटार नहोस्”** योचाहिँ सबै साँस्कृतिक सिङ्गारपटारको विरुद्धमा मनाही गरिएको होइन, तर यसले चाहिँ विश्वासीको भित्री गुणहरु माथि दिइएको जोड हो । बाहिरी साँस्कृतिक सिङ्गारपटारचाहिँ एउटा समस्या बन्न सक्दछ यदि यो घमण्डले पूर्ण बन्दछ अनि एउटा दुष्ट हृदयलाई चरितार्थ गर्दछ भने (यशैया ३:१८–२४)। कसैले गरेको सिङ्गारपटार चाहिँ हृदयको निम्ति झ्याल सरह हुन्छ (४ पद)।

**“सिङ्गारपटार”** चाहिँ *kosmos* शब्दको एउटा अनौठो प्रयोग हो (५ पदको क्रियाको रुप)। यसको प्रयोगचाहिँ त्यहाँ हुन्छ जहाँ हामी Cosmetic भन्ने अंग्रेजी शब्दलाई पाउँदछौं ।

**“केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र”** यी सबैले चाहिँ पहिलो शताब्दीको ग्रेको रोमनका स्त्रीहरुको महङ्गो अनि केशलाई सिङ्गार्ने र वस्त्र लगाउने चलनलाई उल्लेख गर्दछ । विश्वासीहरुले बाहिरी गहनापातको आधारमा सामाजिक स्वीकार्य र सामाजिक वर्गको लागि यस्तो लालसाप्रति होड गर्नु अथवा इच्छा गर्नु हुँदैन । यसलेचाहिँ हामीले धोती लगाउनुपर्दछ भन्ने हुँदैन, तर विश्वासीहरुले त्यस रीतिले वस्त्र लगाउनुपर्दछ जुनचाहिँ तिनीहरुको विशेष संस्कृति र समयमा सामाजिक रुपमै ग्रहणयोग्य होस्, तर हामी तिनीहरुतर्फ चाहिँदो भन्दा बढी ध्यान केन्द्रित गर्दैनौं ।

**३:४ “तिमीहरुका भित्री हृदय”** यसलेचाहिँ मुक्तिपछिको नयाँ व्यक्तिको उल्लेख गर्दछ । नयाँ करारले एउटा नयाँ हृदय र आत्मा दिएको छ (इजकिएल ३६:२२–२८)। “हृदय” को लागि मर्कूस २:६ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **“अविनाशी रत्न”** पत्रुसले यस शब्दलाई (१) परमेश्वरको अविनाशी उत्तराधिकार, जसलाई उहाँले स्वर्गमा विश्वासीहरुका लागि सोंचिराख्नुभएको छ (अर्थात्, १:४) अनि (२) विश्वासीहरु फेरि अविनाशी वीर्यबाट जन्मेका (अर्थात्, १:२३) कुराको लागि प्रयोग गरेका छन् ।

१ कोरिन्थीमा पावलले हाम्रा नयाँ पुनरुत्थित शरीरहरुका लागि अनि १ कोरिन्थी ९:२५ मा विश्वासीहरुका अविनाशी मुकुटको लागि यसै शब्दलाई प्रयोग गरेका छन् ।

- **“भलो र शान्त आत्मा”** पहिलो शब्द *praus* (नम्र, भलो) शब्दले मत्ती ११:२९ र २१:५ मा येशूको वर्णन गर्दछ अनि विश्वासीहरुको मनोवृत्तिलाई चरितार्थ गर्नलाई पनि हो (मत्ती ५:५)। ३:१५ मा यसलाई विश्वासीहरुका गवाहीलाई चरितार्थ गर्नको लागि पनि प्रयोग गरिएको छ ।

विश्वासीहरुलाई शान्त, शान्तिपूर्ण, आराम दिने अथवा शान्तमय गुणहरुको रुपमा वर्णन गर्नलाई पावलले आफ्ना लेखहरुमा दोस्रो शब्द *hēsuchios* अथवा *hēsuchia* लाई थुप्रै स्थानहरुमा प्रयोग गरेका छन् (१ थेसलोनिकी ४:११; २ थेसलोनिकी ३:१२; १ तिमोथी २:२, ११, १२)

संसारको बदलिंदो जीवनशैली (३ पद) अनि मुक्ति पाएको जीवनको शान्त चरित्र (४ पद) को माझमा त्यहाँ एउटा सांकेतिक विषमता रहेको छ ।

**३:५ "अधिनमा बस्थे"** योचाहिँ यस सम्पूर्ण सन्दर्भको साधारण विषय हो (विश्वासीहरु सांसारिक शासकको अधिनमा बस्नुपर्छ, २:१३–१७; विश्वासी कमाराहरु मालिकको अधीनमा बस्नुपर्छ, २:१८–२०; ख्रीष्ट पनि पिताको योजनाको अधीनमा बस्नुहुन्छ, २:२१–२५; विश्वासी पत्नीहरु पतिको अधीनमा बस्नुपर्दछ, ३:१–६)। योचाहिँ उत्पत्ति ३ बाटको एउटा देख्न सकिने पुनः दिशानिर्देशन हो । विश्वासीहरु अब उसो आफ्नो लागि होइन, तर परमेश्वरको लागि जिउँछन् ।

**३:६ "साराले अब्राहामलाई स्वामी भनेर ...."** यो एउटा पूरानो करारको एउटी ईश्वररुपी जीवन बिताउने स्त्रीको अधीनता हो (अर्थात्, उत्पत्ति १८:१२)।

- **"तिमीहरु उनकै छोरीहरु ठहरिनेछौ"** पूरानो करारका सन्तहरुले प्रायःजसो विश्वासीहरुलाई प्रोत्साहन दिई रहन्थे (हिब्रू ११)। तिनीहरुलाई विश्वासीहरुलाईचाहिँ ख्रीष्टमा विश्वासद्वारा परमेश्वरबाट पूर्णरुपले स्वीकार गरिएका छन् भनेर देखाउनलाई पनि प्रयोग गरिन्थ्यो (रोमी २:२८–२९; ४:११; गलाती ३:७, ९)। हामी त अब्राहम र साराको विश्वासको परिवारका हौं । हामी परमेश्वरका नयाँ मानिसहरु हौं । विश्वासको नयाँ इस्राएलीहरु हौं (गलाती ६:१६; १ पत्रुस २:५, ९)।
- **"यदि तिमीहरुले उचित काम गर्‍यौं भने"** २:१४ को टिप्पणीलाई हेर्नुहोस् । अंग्रेजी अनुवाद (NASB, NKJV, TEV) मा व्यक्त गरिएको शर्तबन्द शब्द "यदि" ग्रीक पाठमा छैन, तर संकेतचाहिँ गरिएको छ । विश्वासको जीवनमा देख्न सकिने चरित्रहरु हुन्छन् ।
- **"कुनै कुरामा भयभित भएनौ भने"** योचाहिँ विश्वासको जीवनको अर्को तरित्र हो (३:६, १४)। योचाहिँ हितोपदेश ३:२५ अनि भजन २३:४, २७; अनि ९१:५ को सत्यताको संकेत हुनसक्दछ ।

NASB (UPDATED) TEXT: 3-7

७पति हो, त्यसैगरी आफ्ना पत्नीसँग विचारशील भएर बस्, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकी तिमीहरु जीवनका अनुग्रहका साझे हकदार हौ, यस हेतुले कि तिमीहरुका प्रार्थनामा बाधा नपरोस् ।

**३:७ "पति हो"** विश्वासी पतिहरुलाई भनिएको यस भागचाहिँ विश्वासी पत्नीहरुलाई सम्बोधन गरिएको भन्दा एकदमै छोटो छ; तरैपनि, यसले पनि पावलको समयमा (एफिसी ५:२१–३१) जस्तै गरी पत्रुसको समयको लागि एउटा महत्त्वपूर्णरुपले सकारात्मक सन्तुलनलाई झल्काउँछ ।

- **"विचारशील भएर बस्"** यसले (१) धर्मशास्त्रका सत्यताहरु (अर्थात्, उत्पत्ति १:२६–२७; २:१८–२५; गलाती ३:२८) अथवा (२) स्त्रीहरुको अनौठो शारीरिक ढाँचाप्रति ख्याल राख्ने कुरालाई उल्लेख गर्न सक्दथ्यो (तलका टिप्पणीलाई हेर्नुहोस्)।
- **"अबला"** यसको अर्थ हुन्छ शारीरिक रुपमा (अय्यूब ४:१९; १०:९; ३३:६; २ कोरिन्थी ४:७), तर आत्मिकी रुपमा अथवा बौद्धिकरुपमा होइन (गलाती ३:२८)। केही टिप्पणीकारहरुले यसलाई

सामाजिक प्रतिष्ठानसँग जोडेका छन् । १ थेसलोनिकी ४:४ मा कसैको पत्नीको सन्दर्भमा पनि यसै “अबला” शब्दलाई प्रयोग गरेको हुनसक्दछ (अथवा माटोबाट बनिएको भौतिक शरीरभित्रको अनन्तको आत्मालाई वर्णन गर्ने एउटा कहावत, उत्पत्ति २:७; ३:१९)।

- **“आदर गर्ने गर, किनकी तिमीहरु जीवनका अनुग्रहका साझे हकदार हौ”** यसले पुरुष र स्त्रीहरुको आत्मिकी समानतालाई प्रतिविम्बित गर्दछ (अर्थात्, साझे हकवाला १:४–५)। केही प्रकारले अहिले पनि उद्धारले पतनको प्रतिफललाई हटाउँछ (उत्पत्ति ३:१६) अनि पुरुष र स्त्रीमाझ उत्पत्ति १–२ को परस्परतालाई पुनर्स्थापन गर्दछ ।
- **“यस हेतुले कि तिमीहरुका प्रार्थनामा बाधा नपरोस्”** विश्वासी जोडीहरुले एकअर्कामा कसरी व्यवहार गर्छन् भन्ने कुराले परमेश्वरसँगको तिनीहरुको सम्बन्धलाई प्रभाव पार्दछ (१ कोरिन्थी ७:५)।

NASB (UPDATED) TEXT:3:8–12

८अन्त्यमा तिमीहरु सबैमा आत्माको एकता राख, एउटाले अर्कालाई सहानुभूति देखाओ, भातृ–प्रेम गर, कोमला हृदयका होओ, र नम्र मनका होओ । ९खराबीको बदला खराबी नगर्ने अथवा अपमानको बदला अपमान नदिने, बरु त्यसको सट्टामा आशिष दिने होओ, किनकी यसैको लागि तिमीहरु बोलाइएका छौ, कि तिमीहरुले आशिष प्राप्त गर्न सक । १०किनकी, “जसले जीवनलाई प्रेम गर्छ, र असल दिनहरु देख्ने इच्छा गर्दछ, त्यसले आफ्नो जिब्रोलाई खराबीबाट र आफ्ना ओठलाई छली कुरा बोल्नबाट अलग राखोस् । ११त्यो खराबीबाट फर्कोस् र असल गरोस्, त्यसले शान्तिको खोजी गरोस् र त्यसको पछि लागोस् । १२किनकी परमेश्वरको नजर धर्मात्माहरुमाथि रहन्छ, र उहाँका कान तिनीहरुका प्रार्थनातिर खुला हुन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरुका विरुद्धमा हुन्छ ।”

३:८

**NASB** **“सार भन्नुपर्दा”**
**NKJV, NRSV, NJB** **“अन्त्यमा”**
**TEV** **“निष्कर्षमा”**

यो एउटा ग्रीक कहावत (“अब अन्त्य भयो) हो जसको अर्थ हुन्छ “सार भन्ने काम,” सम्पूर्ण पत्रको होइन, तर अधीन माथिको यस सन्दर्भको (२:१३–१७, १८–२५; ३:१–७, ८–२२)

**“तिमीहरु सबैमा”** योचाहिँ विश्वासका सम्पूर्ण समुदायलाई सम्बोधन गरिएको हो । प्रोत्साहन दिइएको गुणहरुको यस सूचीमा त्यहाँ कुनै क्रिया छैन ।

**NASB** **“मिलापी”**
**NKJV** **“एउटै मनको”**
**NRSV** **“आत्माको एकता”**
**TEV** **“एउटै मनोवृत्तिको”**
**NJB** **“तिनीहरु सबैले एकअर्कामा समर्थन गर्नुपर्दछ”**

योचाहिँ शाब्दिक रुपमा *homos* (एउटै अथवा त्यस्तै) अनि *phrēn* (मन अथवा सोंचाइ) को एउटा मिश्रित वाक्य हो । यूहन्ना १७:२०–२३; रोमी १२:१६; फिलिप्पी १:१२७ अनि २:२ मा पनि यसै अवधारणालाई प्रोत्साहित गरिएको छ ।

**NASB** **"भातृप्रेम"**
**NKJV** **"दाज्यू–भाइहरु झैं प्रेम गर"**
**NRSV** **"एकअर्काप्रतिको प्रेम"**
**TEV** **"एकआपसमा प्रेम गर"**
**NJB** **"दाज्यू–भाइहरुलाई प्रेम गर"**

योचाहिँ शाब्दिकरुपमा *philos* (प्रेम) र *adelphos* (भाइ) को मिश्रण हो । योचाहिँ, अवश्य पनि भाइको जातीय प्रयोग हो । यसलाई व्यक्त गर्ने सम्भवत् असल तरिकाचाहिँ "सबै विश्वासीहरुका लागि पारिवारिक प्रेम देखाउनु" हो (रोमी १२:१०; १ थेसलोनिकी ४:९)। यसलेचाहिँ यूहन्ना १३:३४; १ यूहन्ना ३:२३; ४:७–८, ११–१२, १९–२१ मा भएको येशूको आज्ञालाई झल्काउँदछ । Koine Greek मा *philos* र *agapē* चाहिँ साधारणतय पर्यायवाची हुन्थ्यो (यूहन्ना ३:३५ र ५:२० लाई तुलना गर्नुहोस् ।)

**NASB** **"दयालु"**
**NKJV** **"कोमल हृदयको"**
**NRSV** **"एउटा कोमल हृदय"**
**TEV** **"दयालु होओ"**
**NJB** **"सहानुभूति राख"**

योचाहिँ *eu* (good) र *splagchnon* (आन्द्रा, भूँडीहरु) को एउटा मिश्रण हो । प्राचीन कालकाहरुले यसरी विश्वास गर्दथे कि तल्लो आन्द्राचाहिँ (प्रेरित १:१८) भावनाहरुको आसन हुन्थ्यो ( लूका १:२८; २ कोरिन्थी ६:१२; फिलिप्पी १:८)। यस मिश्रणले विश्वासीहरुलाई एकआपसमा" असल सोचाइँ" को हुनु आह्वान गर्दछ (एफिसी ४:३२)।

**NASB** **"आत्मामा नम्र होओ"**
**NKJV** **"नम्र"**
**NRSV** **"नम्र मनको"**
**TEV** **"नम्र"**
**NJB** **"आफूलाई नम्र बनाउनु"**

योचाहिँ *tapeinos* (नम्र) र *phrēn* (मनको) को एउटा मिश्रण हो । यसलाई प्रेरित २०:१९; एफिसी ४:२ अनि फिलिप्पी २:३ मा प्रयोग गरिएको छ । योचाहिँ एउटा अनौठो खीष्टियन गुण हो । यसको अर्थ हुन्छ स्व–कथन र अहम्भाव केन्द्रित घमण्डको विपरित ।

**३:९ "खराबीको बदला खराबी नगर्ने"** योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग गरिएको वर्तमान कर्तृवाच्य कृदन्त हो । यसले साँचो क्षमादानलाई उल्लेख गर्दछ (हितोपदेश १७:१३; २०:२२; रोमी १२:१७; १ थेसलोनिकी ५:१५)। याद गर्नुहोस् कि १ पत्रुसचाहिँ सतावटमा परेका अनि कष्टमा परेका विश्वासीहरुका लागि लेखिएको हो, तर तिनीहरुले त्यसरी नै जवाफ दिनुपर्दछ जसरी ख्रीष्टले अन्यायपूर्ण व्यवहारमा दिनुभयो ।

**"अपमानको बदला अपमान नदिने"** यसले येशूको जीवनलाई झल्काउँदछ (२:२३)।

- **"बरु त्यसको सट्टा आशिष दिने होओ"** योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग गरिएको अर्को वर्तमान कर्तृवाच्य कृदन्त हो । अंग्रेजीमा यसको शाब्दिकी अर्थ हुन्छ "राम्रो बोली बोल्नु" अथवा "गुणगान गर्नु" हुन्छ (मत्ती ५:१०, १२, ४४; ६:१४–१५; लूका ६:२८; रोमी १२:१४३; १ कोरिन्थी ४:१२)

- **"किनकी यसैको लागि तिमीहरु बोलाइएका हौ"** योचाहिँ २:२१ मा उल्लेख गरिएको उस्तै सत्यता हो । ख्रीष्टको उदाहरण जस्तै, कष्टचाहिँ, विश्वासीहरुको परिपक्वता हिब्रू ५:८) अनि गवाही (१५ पद) को माध्यम हो ।

- **"कि तिमीहरुले आशिष प्राप्त गर्न सक"** यसले मत्ती ५:४४ अनि लूका ६:२८ मा येशूले भनेका कुराहरुलाई प्रतिविम्बित गर्दछ । विश्वासीहरुका उत्तराधिकारचाहिँ बारम्बार आइरहने विषय भएको छ (१:४–५; ३:७, ९)। हामी परमेश्वरसँग परिवारका सदस्यहरु हौं अनि येशूसँग साझे–हकवालाहरु हौं (रोमी ८:१७)।

१. २:३–भजन ३४:८ (हिब्रू ६:५)
२. २:२२–भजन ३४:१३
३. ३:१०–भजन ३४:१२–१३
४. ३:११–भजन ३४:१४ (रोमी १४:१९; हिब्रू १२:१४)
५. ३:१२–भजन ३४:१५–१६ मा पनि संकेत गरिएको छ ।

- तीन ओटा चेतावनीहरुलाई ध्यान दिनुहोस् ।

१. आफ्नो जिब्रोलाई खराबीबाट अलग राख्नैपर्दछ (१० पद, मर्कूस ७:२० मा मानिसको बोली माथिको विशेष शीर्षकलाई हेर्नुहोस्)
२. खराबीबाट फर्कनै पर्दछ (११ पद)
३. शान्तिलाई खोजेर यसलाई पछ्याउनै पर्दछ

यसलेचाहिँ विश्वासीहरुको करारको प्रतिउत्तरप्रतिको मानिसको पक्षलाई देखाउँदछ । १२ पदमा विश्वासीहरुका कामहरुको लागि कारणहरु दिइएका छन् :

१. धर्मीहरुप्रति परमेश्वरले व्यक्तिगतरुपमै ध्यान राख्नुहुन्छ
२. परमेश्वरले धर्मीहरुलाई सुन्नुहुन्छ

३.　　　परमेश्वर दुष्टहरुप्रति व्यक्तिगतरुपमै विरुद्धमा हुनुहुन्छ । भजनभरि नै "परमप्रभु" ले मूलरुपमा इस्राएलीहरुका करारका परमेश्वर YHWH लाई उल्लेख गर्दथ्यो, तरैपनि यस सन्दर्भमा यसले नयाँ करारलाई ल्याउनुहुने येशूलाई उल्लेख गर्दछ (जस्तो १:२५ अनि २:३ मा छ)। योचाहिँ येशूको ईश्वरत्वलाई पुष्टि गर्ने नयाँ करारका लेखकहरुको सामान्य कौशल हो ।

## NASB (UPDATED) TEXT: 3:13–22

१३यदि तिमीहरु भलाइको निम्ति उत्साहित छौ भने, तिमीहरुको हानी गर्ने को हुनुहुन्छ ? १४तर
धार्मिकताको खातिर दु:ख भोग्नै परे तापनि तिमीहरु धन्यका हौ । तिनीहरुका धम्कीको डर नमान, र
भयभीत नहोओ । १५तर खीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका
आशाको विषय कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र
श्रद्धासाथ गर । १६तिमीहरुका विवेक शुद्ध राख, ताकि तिमीहरुको विरोधमा बोल्ने र खीष्टमा तिमीहरुका
चालचलनको निन्दा गर्नेहरु लज्जित होऊन् । १७यदि परमेश्वरको यस्तै इच्छा छ भने, खराबी गरेर
दु:ख भोग्नुभन्दा भलाई गरेर दु:ख भोग्नु नै असल हो । १८किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन
खीष्ट पनि पापहरुका निम्ति सदाको लागि एकचोटि मर्नुभयो । उहाँ शरीरमा मारिनुभयो–धर्मीजन
अधर्मीहरुका निम्ति – तर आत्माद्वारा जीवित पारिनुभयो । १९यसै आत्मामा उहाँ जानुभयो र कैदमा
परेका आत्माहरुलाई पनि प्रचार गर्नुभयो । २०ती आत्माहरुले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब
नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो । त्यस जहाजमा थोरै,
अर्थात् आठ जनामात्र पानीद्वारा बचाइए । २१यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई
बचाउँछ । यो शरीरको मैला हटाए जस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा
प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू खीष्टको पुनरुत्थानद्वारा तिमीहरुलाई बचाउँदछ । २२उहाँ
स्वर्गमा जानुभयो र स्वर्गदूतहरु, अधिकारहरु र शक्तिहरुलाई वशमा पारी पमरेश्वरको दाहिने बाहुलीपट्टि
विराजमान हुनुहुन्छ ।

**३:१३ "तिमीहरुको हानी गर्ने को हुन्छ र"** योचाहिँ भजन ११८:६ को एउटा संकेत हुनसक्दछ किनभने १ पत्रुस २:७ र ९ मा भजनलाई उद्धधृत गरिएको छ । यसै सत्यतालाई रोमी ८:३१–३४ मा पनि व्यक्त गरिएको छ ।

विश्वासीहरुले यस कुरालाई सम्झिरहनु पर्दछ कि यो संसार तिनीहरुको घर होइन अनि भौतिक कुराहरु अन्तिम सत्यता होइन । हामी त यहाँबाट भएर गइरहेका यात्रीहरुमात्र हौं । हामीले भय मान्नुहुँदैन (अर्थात्, १४ पद)।

परमेश्वरद्वारा सुरक्षा गरिएकाहरुलाई नै बारम्बार सतावटमा पारिन्छ भन्ने कुराचाहिँ व्यंग्यात्मक छ । परमेश्वरलाई चिन्नु, प्रेम गर्नु अनि सेवा गर्नुले कसैलाई कष्ट, अनुचित व्यवहार अनि मृत्यु समेतबाट पनि अलग गर्दैन । योचाहिँ दुष्टले जितेको जस्तो देखिन्छ, तर पर्खनुहोस्, कष्टको माझमा पनि, विश्वासीहरुलाई आशिष् दिइएको हुन्छ (मत्ती ५:१०–१२; प्रेरित ५:४१)।

**"यदि तिमीहरु भलाईको निम्ति उत्साहित छौ भने"** यो एउटा तेस्रो श्रेणीको शर्तबन्द वाक्य हो, जसको अर्थ हुन्छ क्षमताशील काम । तिनीहरुलाई विशेष उद्देश्यले सताइँदै थियो किनभने तिनीहरु खीष्टियनहरु

थिए (१४ पद; २:१९; ३:१६; ४:१६)। तरैपनि, सम्भावनालाई ध्यान दिनुहोस् (अर्थात्, असम्भाव्यता अवस्था") "भलाइको निम्ति उत्साहित")।

**३:१४ "दु:ख भोग्नै परे तापनि"** योचाहिँ एउटा दुर्लभ चौथो श्रेणीको शर्तबन्द वाक्य हो (सत्यताबाट टाढा रहेको अवस्था), जसको अर्थ हुन्छ हुनसक्ने, तर निश्चित कार्य भने होइन (२ तिमोथी ३:१२)। सबै ठाउँको हरेक विश्वासीहरुले कष्ट भोग्दै थिएन । हरेक खीष्टियनको लागि कष्टचाहिँ कहिले पनि अनुभव भएको हुँदैन, तर हरेक खीष्टियन तयार रहनु नै पर्दछ (४:१२–१६; यूहन्ना १५:२०; प्रेरित १४:२२; प्रकाश ८:१७)।

- **"धार्मिकता"** यस सन्दर्भमा यसले सुसमाचारको विषयमा ईश्वररुपी जीवन जिउने अनि हाम्रो मौखिक गवाहीलाई उल्लेख गरेको हुनैपर्दछ । तल दिइएको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : धार्मिकता**

"धार्मिकता एउटा यस्तो महत्त्वपूर्ण विषय हो जसलाई एउटा बाइबलका विद्यार्थीले अवधारणाको एउटा व्यक्तिगत गहन अध्ययन गर्नैपर्दछ ।

पूरानो करारमा परमेश्वरको चरित्रलाई "न्यायी" अथवा "धर्मी" को रुपमा वर्णन गरिएको छ (BDB 841) । मेसोपोटामियम शब्द आफैंचाहिँ खोलामा हुने घाँसबाट आउँदछ जसलाई पर्खाल अथवा बारको समतल र सीधा कुरालाई न्याय गर्नको लागि एउटा निर्माणको औजारको रुपमा प्रयोग गरिन्थ्यो । परमेश्वरले यस शब्दलाई उहाँको आफ्नै स्वभावको लागि आलंकारिकरुपमा प्रयोग गर्नलाई रोज्नुभयो । उहाँ त सीधा धार (शासक) हुनुहुन्छ जसद्वारा सबै कुराहरुको मूल्याङ्कन गरिन्छ । यस अवधारणाले परमेश्वरको धार्मिकता साथसाथै इन्साफको लागि उहाँको अधिकारको रुपमा दाबी गर्दछ ।

मानिस जातिलाई परमेश्वरको स्वरुपमा सृष्टि गरियो (उत्पत्ति १:२६–२७; ५:१, ३; ९:६)। मानिस–जातिलाई त परमेश्वरसँगको संगतिको लागि सृष्टि गरिएको थियो । सबै सृष्टिचाहिँ परमेश्वर र मानिस–जातिको पारस्परिक क्रियाको लागि एउटा स्थल अथवा पछाडिको दृश्य हो । परमेश्वरले आफ्ना सबैभन्दा श्रेष्ठ सृष्टि, मानिस–जातिले उहाँलाई चिनून्, उहाँलाई प्रेम गरुन्, उहाँको सेवा गरुन् अनि उहाँ जस्तै होऊन् भनी चाहनुहुन्थ्यो ! मानिस–जातिको इमान्दारितालाई जाँच गरियो (उत्पत्ति ३) अनि मूल जोडी परीक्षामा असफल भए । यसले परमेश्वर र मानिसजातिमाझको सम्बन्धमा बाधा सृष्टि गर्‍यो (उत्पत्ति ३; रोमी ५:१२–२१)।

परमेश्वरले संगतिलाई मर्मत गर्नै र पुनर्स्थापन गर्ने प्रतिज्ञा गर्नुभयो (उत्पत्ति ३:१५)। उहाँले यसलाई उहाँको आफ्नै इच्छा र उहाँको आफ्नै पुत्रको मार्फत् गर्नुहुन्छ । आज्ञा उल्लङ्घनलाई पुनर्स्थापन गर्न मानिस–जाति असक्षम थिए (रोमी १:१८–३:२०)।

पतनपछि, पुनर्स्थापन तर्फको परमेश्वरको पहिलो पाइलाचाहिँ उहाँको निमन्त्रणामाथि आधारित करारको अवधारणा अनि मानिस–जातिको पश्चातापी, विश्वासीलो अनि आज्ञाकारी प्रतिउत्तर थियो । पतनको कारण, मानिस–जाति उचित कार्य गर्नको लागि असक्षम थिए (रोमी ३:२१–३१; गलाती ३)। करार भङ्ग गर्ने मानिस–जातिलाई पुनर्स्थापन गर्नको लागि परमेश्वर आफैले नै पहिलो पाइला चाल्नुपरेको थियो । यसलाई उहाँले यसरी गर्नुभयो ......

१.	खीष्टको काममार्फत् मानिस–जातिको धार्मिकतालाई घोषणा गरेर (अर्थात् फोरेन्सिक धार्मिकता)
२.	खीष्टको काममार्फत् मानिस–जातिलाई सित्तैमा धार्मिकता दिएर (अर्थात् आरोपित धार्मिकता)
३.	मानिसमा भित्र वास गर्न आत्मा प्रदान गरेर जसले धार्मिकता उत्पन्न गराउँदछ (अर्थात्, परमेश्वरको खीष्टरुपी प्रतिरुपको पुनर्स्थापन)।

तरैपनि परमेश्वरलाई एउटा करारीय प्रतिउत्तर चाहिन्छ । परमेश्वरले उर्दी गर्नुहुन्छ (अर्थात् सित्तैमा दिनुहुन्छ) अनि प्रदान गर्नुहुन्छ, तर मानिसले जवाफ दिनैपर्दछ अनि निम्नलिखित कुराहरुमा लगातार जवाफ दिनैपर्दछ :
१.	पश्चाताप
२.	विश्वास
३.	जीवनशैलीको आज्ञाकारिता
४.	दृढता

त्यसकारण, धार्मिकताचाहिँ परमेश्वर अनि उहाँको श्रेष्ठ सृष्टिमाझको एउटा करारीय अनि पारस्परिक काम हो । परमेश्वरको चरित्र, खीष्टको काम र आत्माको सामर्थ्यमाथि आधारित, जसमा हरेक व्यक्तिले व्यक्तिगतरुपमा अनि निरन्तररुपमा उचितरुपले जवाफ दिनैपर्दछ । यस अवधारणालाई "विश्वासबाटको सफाइ" भनिन्छ । यस धारणालाई सुसमाचारहरुमा प्रकट गरिएको छ, तर यस्ता शब्दहरुमा होइन । यसलाई प्रारम्भिक रुपमा पावलद्वारा परिभाषित गरिएको थियो, जसले ग्रीक शब्द "धार्मिकता" लाई यसको विभिन्न रुपमा १०० पटकभन्दा धेरै प्रयोग गरेका छन् ।

एकजना तालिमप्राप्त धर्मगुरु भएको हुनाले पावलले, *dikaiosunē* शब्दलाई सेप्टुअजिन्टमा प्रयोग गरिएको *SDQ* शब्दको यसको हिब्रू अर्थमा प्रयोग गरेका छन्, तर ग्रीक साहित्यबाट होइन । ग्रीक लेखहरुमा यस शब्द कसैसँग सम्बन्धित छ जो ईश्वरत्व र समाजको प्रत्याशासँग चल्दथ्यो । हिब्रू अर्थमा, यसलाई जहिले पनि करारीय शब्दमा ढालिएको छ । YHWH एकजना न्यायी, शिष्ट अनि नैतिक परमेश्वर हुनुहुन्छ । उहाँले आफ्ना मानिसहरुले उहाँको चरित्रलाई झल्काउन् भन्ने चाहनुहुन्छ । उद्धार पाएका मानिसहरु एउटा नयाँ प्राणी बन्दछ । यस नयाँपनले ईश्वररुपी नयाँ जीवनशैलीको परिणाम ल्याउँदछ (रोमन क्याथोलिकले सफाइमाथि केन्द्रित गर्दछ)। इस्राएलीहरु ईश्वरवादी भएको कारण सांसारिक (समाजका नियमहरु) र पवित्रता (परमेश्वरको इच्छा) को माझमा कुनै स्पष्ट चित्रण छैन । भिन्नतालाईचाहिँ हिब्रू र ग्रीक शब्दमा अंग्रेजीमा "न्याय" ( समाजसँग सम्बन्धित) र "धार्मिकता" (धर्मसँग सम्बन्धित) को रुपमा अनुवाद गरिएर व्यक्त गरिएको छ ।

येशूको सुसमाचारचाहिँ त्यो हो कि पतित मानिसजातिलाई परमेश्वरसँगको संगतिका लागि पुनर्स्थापन गरिएको छ । यसलाई पिताको प्रेम, कृपा, अनुग्रह; पुत्रको जीवन, मृत्यु र पुनरुत्थान; अनि आत्माको फकाउने अनि सुसमाचारतिर खिँच्ने कुराहरुमार्फत् पूरा गरिएको छ । "सफाइ" चाहिँ परमेश्वरको सितैको कार्य हो, तर यो ईश्वररुपी काममा निस्कनुपर्दछ (अगष्टिनको अवस्था, जसले सुसमाचारको स्वतन्त्रतामाथिको रिफर्मेसनको जोड अनि प्रेम र विश्वसनीयताको परिवर्तित

जीवनमाथिको रोमन क्याथोलिक जोड दुवैलाई प्रतिविम्बित गर्दछ)। रिफर्मरहरुका लागि "परमेश्वरको धार्मिकता" शब्दचाहिँ एउटा कर्मकारक सम्बन्धकारक हो (अर्थात्, पापी मानिस जातिलाई परमेश्वरमा ग्रहणयोग्य बनाउने कार्य (अवस्थित शुद्धीकरण), जबकि क्याथोलिकहरुका लागि चाहिँ एउटा असम्भाव्यता सम्बन्धकारक हो, जुनचाहिँ अझ परमेश्वर जस्तै बन्ने प्रक्रिया (अनुसन्धित प्रगतिशील शुद्धीकरण)। यथार्थतामा निश्चय नै यो दुवै नै हो !!)।

मेरो विचारमा उत्पत्ति ४ देखि प्रकाश २० सम्मका बाइबलका जम्मै कुराहरुचाहिँ परमेश्वरले अदनको संगतिलाई पुनर्स्थापन गर्नुभएको कुराको एउटा अभिलेख हो । बाइबलले परमेश्वर र मानिसजातिले एउटा सांसारिक परिवेशमा संगति गरेको (उत्पत्ति १–२) कुरासँग सुरुवात गर्दछ अनि बाइबल त्यस्तै परिवेशमा अन्त्य पनि हुन्छ (प्रकाश २१–२२)। परमेश्वरको प्रतिरुप र उद्देश्यलाई पुनर्स्थापन गरिने छन् !

माथिका छलफलहरुलाई प्रलेख गर्न ग्रीक शब्द झूण्डलाई चित्रित गर्ने नयाँ करारका निम्नलिखित चुनिएका परिच्छेदहरुलाई ध्यान दिनुहोस् ।

१. परमेश्वर धर्मी हुनुहुन्छ (प्रायजसो परमेश्वरलाई न्यायकर्त्ताको रुपमा गाँसिएको)
अ. रोमी ३:२६
आ. २ थेसलोनिकी १:५–६
इ. २ तिमोथी ४:८
ई. प्रकाश १६:५
२. येशू धर्मी हुनुहुन्छ
अ. प्रेरित ३:१४; ७:५२; २२:१४ (मसीहको उपाधि)
आ. मत्ती २७:१९
इ. १ यूहन्ना २:१, २९; ३:७
३. आफ्ना सृष्टिको लागि पमरेश्वरको इच्छाचाहिँ धार्मिकता हो
अ. लेवी १९:२
आ. मत्ती ५:४८ (५:१७–२०)
४. धार्मिकता प्रदान गर्ने अनि उत्पन्न गर्ने परमेश्वरका साधन
अ. रोमी ३:२१–३१
आ. रोमी ४
इ. रोमी ५:६–११
ई. गलाती ३:६:१४
उ. परमेश्वरबाट दिइएको
 १) रोमी ३:२४; ६:२३
 २) १ कोरिन्थी १:३
 ३) एफिसी २:८–९
ऊ. विश्वासबाट प्राप्त भएको
 १) रोमी १:१७; ३:२२, २६; ४:३, ५, १३; ९:३०; १०:४, ६, १०
 २) २ कोरिन्थी ५:२१
ऋ. पुत्रको कामहरु मार्फत्

१) रोमी ५:२१

२) २ कोरिन्थी ५:२१

३) फिलिप्पी २:६–११

५. परमेश्वरको इच्छाचाहिँ यो छ कि उहाँका अनुयायीहरु धार्मिक होऊन् ।

अ. मत्ती ५:३–४८; ७:२४–२७

आ. रोमी २:१३; ५:५; ६:१–१३

इ. १ तिमोथी ६:११

ई. २ तिमोथी २:२२; ३:१६

उ. १ यूहन्ना ३:७

ऊ. १ पत्रुस २:२४

६. परमेश्वरले धार्मिकताद्वारा संसारको न्याय गर्नुहुन्छ

अ. प्रेरित १७:३१

आ. २ तिमोथी ४:८

धार्मिकताचाहिँ खीष्टमार्फत् पापी मानिसजातिलाई सित्तैमा दिइएको परमेश्वरको चरित्र हो । यो

१. परमेश्वरको उर्दी हो

२. परमेश्वरको वरदान हो

३. खीष्टको काम हो

तर यो धर्मी बन्ने एउटा प्रक्रिया पनि हो जसलाई जोडदाररुपमा अनि दृढतापूर्वक पछ्याउनु नै पर्द; जुनचाहिँ एकदिन दोस्रो आगमनमा पूर्ण हुनेछ । परमेश्वरसँग संगतिलाई उद्धारमा पुनर्स्थापित गरिएको छ तर मृत्यु अथवा *Parousia* मा सम्मुख हुनलाई जिन्दगीभरी नै प्रगति गरिनै रहन्छ ।

यस छलफललाई निष्कर्षमा ल्याउनलाई यहाँ एउटा राम्रो उद्धरण छ । यसलाई IVP बाट *Dictionary of Paul and His Letters* बाट लिइएको हो ।

परमेश्वरको धार्मिकताको सम्बन्धित पक्षलाई लूथरले भन्दा क्याल्भिनले अझ जोड दिएका छन् । क्याल्भिनले वार्तालापको अचम्मलाग्दो स्वभाव अथवा हामीमा परमेश्वरको धार्मिकतालाई बाँड्ने कुराप्रति जोड दिन्छ (पृष्ठ ८३४)।

मलाई के लाग्छ भने परमेश्वरसँगको विश्वासी सम्बन्धको तीनओटा पक्षहरु छन् ।

१. सुसमाचारचाहिँ एउटा व्यक्ति हो (पूर्वीय मण्डली र क्याल्भिनको दाबी)

२. सुसमाचारचाहिँ सत्यता हो (अगष्टिन र लूथरको दाबी)

३. सुसमाचारचाहिँ परिवर्तित जीवन हो (क्याथोलिकको दाबी)

तिनीहरु सबै साँचो हुन् अनि एउटा स्वस्थ अनि भरपर्दो बाइबलीय खीष्टियनिटीको लागि सबैलाई एकैसाथ राख्नु नै पर्दछ । यदि कुनैलाई अति जोड दिइयो अथवा घटाइयो भने, समस्या उत्पन्न हुन्छ ।

हामीले येशूलाई स्वागत गर्नैपर्दछ !

हामीले सुसमाचारलाई विश्वास गर्नैपर्दछ !

हामीले खीष्टको स्वरुपलाई पछ्याउनु पर्छ !

- **"तिमीहरु धन्यका हौ"** योचाहिँ ९ पदभन्दा बेग्लै शब्द हो । यस शब्दलाई डाँडामा येशूको उपदेशको भागमा प्रयोग गरिएको छ (मत्ती ५:१०–१२)। विश्वासीहरुलाई हराएका संसारको लागि परमेश्वरको ज्योति अनि प्रकाशको रुपमा पूरानो करारको अगमवक्ताहरुसँग गाँसिएका छन् । सतावटको माझमा पनि हाम्रो गवाहीद्वारा, अविश्वासीहरु परमेश्वरलाई प्रशंसा दिनको लागि फर्कन सक्छन् (३:१, ८–९)।
- **"तिनीहरुका धम्कीको डर नमान"** योचाहिँ यशैया ८:१२–१३ को एउटा संकेत हुनसक्दछ ( यशैया ५०:९; ५४:१७; रोमी ८:३१–३८ मा मिल्दोजुल्दो अवधारणालाई हेर्नुहोस्)। शाब्दिकरुपमा योचाहिँ "तिनीहरुका भयमा भयभीत नहोओ" हो । यस वाक्यांशलाई दुईप्रकारले बुझ्न सकिन्छ : (१) सताउनेहरुले अनुभव गरेका परमेश्वरको भय अथवा (२) तिनीहरुले अरुहरुलाई हालिदिने डर । भय नमान्नुचाहिँ परमेश्वरको सन्तानको एउटा चरित्र हो (६ पद)।

**३:१५ "तर ……… श्रद्धा गर"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो, जसले कसैलाई परमेश्वरको प्रयोगको लागि अलग गर्ने विगतको एउटा निर्णायक कामको दृश्यलाई संकेत गर्दछ (यसले यशैया ८:१४ लाई प्रतिविम्बित गरेको जस्तो देखिन्छ, जसमा "पवित्रस्थान" छ)। विश्वासीले खीष्टलाई आफ्नो हृदयमा पवित्र गर्नैपर्दछ जसरी खीष्टले पनि तिनीहरुका लागि आफैं पवित्र गर्नुभयो (यूहन्ना १७:१९)।

ध्यान दिनुहोस् कि १ थेसलोनिकी ५:२३ मा विश्वासीहरुलाई शुद्ध पार्ने त परमेश्वर नै हुनुहुन्छ । अब विश्वासीहरुलाई आफैं नै शुद्ध हुनुपर्ने आज्ञा गरिन्छ । योचाहिँ बाइबलीय सत्यताको करारीय विरोधाभास हो (इजकिएल १८:३१ लाई ३६:२६–२७)। परमेश्वर त सार्वभौम हुनुहुन्छ, यद्यपि मानिसहरु पनि स्वतन्त्र छन् अनि त्यस स्वतन्त्रतालाई परमेश्वरको इच्छामा प्रयोग गर्नैपर्दछ । अनि हामीले खीष्टलाई कसरी पवित्र पार्नुपर्दछ त ?

१. एकअर्काप्रतिको हाम्रो प्रेमद्वारा (८–९ पद)
२. हाम्रो जीवनहरुद्वारा (१३(१४ पद)
३. हाम्रा मौखिक गवाहीहरुद्वारा (१५ पद)

- **"खीष्टलाई प्रभु मानेर"** King James Version मा "प्रभु परमेश्वर" छ जसले यशैया ८:१२–१३ लाई झल्काउँदछ, जसमा "सर्वशक्तिमान परमप्रभु", छ जब कि १४ पद एउटा मसिही पाठ हो । तरैपनि, $P^{72}$, ℵ, A, B अनि C जस्ता प्राचीन ग्रीक पाण्डुलिपीमा "खीष्टलाई प्रभु भनी" भन्ने छ, जुनचाहिँ यस सन्दर्भमा असलरुपमा मिल्दछ ।
- **"तिम्रो हृदयमा"** "हृदय" चाहिँ सम्पूर्ण व्यक्तिलाई उल्लेख गर्ने पूरानो करारको कहावत हो । मर्कूस २:६ मा "हृदय" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"जवाफ दिन सधैं तत्पर बस्"** योचाहिँ ग्रीक शब्द *apologia* हो, जुनचाहिँ *apo* (बाट) अनि *logos* (वचन) को एउटा संयुक्त रुप हो । यसले अदालतको परिवेशमा भएको एउटा वैधानिक सुरक्षालाई उल्लेख गर्दछ (प्रेरित १९:३३; २:१; २५:१६; २६:१, २, २४)। यस पाठलाई विश्वासीहरुलाई एउटा सुसमाचार प्रचार गराइको गवाही बन्नलाई बारम्बार प्रोत्साहन गर्नको लागि प्रयोग गरिन्छ, जुनचाहिँ अवश्य पनि आवश्यक कुरो हो, तर सन्दर्भमा यसले आधिकारिक मुकदमा अथवा सोधपुछ गरिने कुरालाई उल्लेख गरेको हुनुपर्दछ । ध्यान दिनुहोस् कि सबै विश्वासीहरुका लागि खीष्टमा तिनीहरुको विश्वासको तार्किक प्रस्तुतीकरणका लागि सबै

विश्वासीहरु तयार रहनु महत्त्वपूर्ण, न्यायलयका लागि होस् अथवा कुनै छिमेकीको लागि होस् । एउटा मौखिक गवाहीका लागि हरेक विश्वासी तयार रहनु नै पर्दछ ।

- **"तिमीहरुमा भएका आशाको विषय"** यहाँ "आशा" चाहिँ सुसमाचार अनि यसको भविष्यमा हुने पूर्णताको लागि एउटा सामूहिक शब्द हो । अहिले विश्वासीहरु खीष्टको प्रतिज्ञाहरु अनि आगमनप्रति तिनीहरुको आत्मविश्वासको कारण ईश्वरीय जीवन बिताउँदछन् ।

**विशेष शीर्षक : आशा**

पावलले यस शब्दलाई थुप्रै विभिन्न तर सम्बन्धित अर्थहरुमा प्रयोग गरे । यसलाई प्रायःजसो विश्वासीहरुका विश्वासको पूर्णतासँग सम्बन्धित गरिन्थ्यो (उदाहरण, १ तिमोथी १:१)। यसलाई महिमा, अनन्त जीवन, अन्तिम उद्धार, दोस्रो आगमन इत्यादिको रुपमा व्यक्त गर्न सकिन्छ । पूर्णताचाहिँ निश्चित कुरो हो, तर समयको सारचाहिँ भविष्य हो अनि यो अज्ञात छ । यसलाई घरिघरि "विश्वास" अनि "प्रेम" सँग गाँसिन्छ (१ कोरिन्थी १३:१३; १ थेसलोनिकी १:३; २ थेसलोनिकी २:१६)। पावलका केही प्रयोगहरुको आंशिक सूचीहरु निम्नलिखित छन् :

१. दोस्रो आगमन, गलाती ५:५; एफिसी १:१८; ४:४; तीतस २:१३
२. येशू हाम्रो आशा हुनुहुन्छ, १ तिमोथी १:१
३. विश्वासीहरु परमेश्वरमा उपस्थित हुनुपर्दछ, कलस्सी १:२२–२३; १ थेसलोनिकी २:१९
४. आशालाई स्वर्गमा साँचिराखिएको छ, कलस्सी १:५
५. सुसमाचारमा विश्वास, कलस्सी १:२३; १ थेसलोनिकी २:१९
६. अन्तिम उद्धार, कलस्सी १:५; १ थेसलोनिकी ४:१३; ५:८
७. परमेश्वरको महिमा, रोमी ५:२; २ कोरिन्थी ३:१२; कलस्सी १:२७
८. खीष्टद्वारा अन्य जातिहरुका उद्धार, कलस्सी १:२७
९. उद्धारको आश्वासन, १ थेसलोनिकी
१०. अनन्त जीवन, तीतस १:२; ३:७
११. खीष्टियन परिपक्वताको परिणामहरु, रोमी ५:२–५
१२. सबै सृष्टिको छुटकारा, रोमी ८:२०–२२
१३. ग्रहण गराइको पूर्णता, रोमी ८:२३–२५
१४. परमेश्वरको उपाधि, रोमी १५:१३
१५. विश्वासीहरुका लागि पावलको इच्छा, २ कोरिन्थी १:७
१६. नयाँ करारका विश्वासीहरुलाई मार्गदर्शकको रुपमा पूरानो करार, रोमी १५:४

- **"नम्रता र श्रद्धासाथ"** पहिलो शब्दचाहिँ ३:४ मा पत्नीहरुका लागि प्रयोग गरिएको छ, जहाँ यसले परमेश्वरमा मनपर्दो मनोवृत्तिको वर्णन गर्दछ । यो साँचो हो, घरको आन्तरिक सम्बन्धहरुमा मात्र होइन, तर अरुहरुप्रति विश्वासीहरुका सम्बन्धमा पनि हो, तिनीहरुका लागि पनि जसले सतावटलाई उक्साउँछ (२ तिमोथी २:२५)।

दोस्रो शब्दलाई १ पत्रुसमा घरिघरि प्रयोग गरिएको छ अनि सतावट र धम्कीको समयलाई पनि प्रतिविम्बित गर्दछ, जसै हामी उहाँको शक्ति र राज्यको गवाही दिन्छौं ।

३:१६ १६ पद कहाँबाट सुरु गर्नु हो भन्ने कुराप्रति त्यहाँ केही अन्योलता छ । NASB र NKJV ले यहाँबाट सुरु गर्दछ अनि UBS[4], NRSV, TEV अनि NJB ले यस वाक्यांशलाई अलिकता पहिलेबाट सुरु गर्दछ ।

- **"विवेक शुद्ध राख"** योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग गरिएको वर्तमान कर्तृवाच्य कृदन्त हो । यो चाहिँ ग्रीक शब्द "चेतना" को एउटा प्रतिरुप होइन, जस्तो हिब्रू शब्द "छाती" ले आफैंमा रहेको ज्ञान र यसको उद्देश्यलाई संकेत गर्दछ । मूलरुपमा ग्रीक शब्दले पाँचओटा अर्थहरुसँग सम्बन्धित चेतनालाई उल्लेख गर्दछ । योचाहिँ भित्री अर्थहरुमा प्रयोग हुन आयो (रोमी २:१५)। प्रेरितमा पावलले यस शब्दलाई आफ्नो मुकदमामा दुईपटक प्रयोग गरेका छन् (२३:१ अनि २४:१६)। यसले तिनको ज्ञानलाई उल्लेख गर्दछ कि तिनले जानीबुझिकन परमेश्वरतर्फको प्रत्याशित कुनै पनि कर्तव्यहरुलाई भंग गरेका थिएनन् (१ कोरिन्थी ४:४)।

चेतनाचाहिँ १ बाइबलीय सांसारिक दृष्टिकोण (२) भित्रवास गर्नुहुने आत्मा (३) परमेश्वरको वचनको ज्ञान (४) सुसमाचारको व्यक्तिगत ग्रहण गराइमाथि आधारित विश्वासीहरुका उद्देश्यहरुको एउटा विकासशील बुझाइ हो ।

- **"ताकि तिमीहरुको विरुद्धमा बोल्ने र खष्टिमा तिमीहरुका चालचलनको निन्दा गर्नेहरु लज्जित होऊन्"** २:१२ अनि २:१५ को टिप्पणीहरुलाई हेर्नुहोस् ।

**३:१७ "यदि परमेश्वरको इच्छा यस्तै छ भने"** योचाहिँ १४ पदमा जस्तै दुर्लभ चौथो श्रेणीको शर्तबन्द वाक्य हो । पत्रुसले कष्ट र सतावटको सम्भावनालाई लगातार व्यक्त गरेका छन्, तर निश्चितरुपमा भने होइन (१:६; २:१५; ३:१७; ४:१४)।

३:१८–२२ Richard N. Longnecker ले *Bible Exegesis In the Apostolic Period* को पृष्ठ ६९, १७२ मा, दाबी गरेका छन् कि यी पदहरुचाहिँ बप्तिस्माको समयमा गाइने भजनबाट हो । केवल १८ पद मात्र काव्यात्मक छन् भनेर Grant Osborne ले *The Hermeneutical Spiral* मा सोंच्दछन् (कुनै पनि अनुवादहरुलाई यस टिप्पणीका प्रकाशनमा एउटा कविताको रुपमा प्रयोग गरिएको छैन ।) यदि यो भजनरुपी अथवा काव्यात्मक हुँदो हो त यसलाई सिद्धान्तको लागि "जोड दिइन्थेन" ।

**३:१८ "किनभने ..... ख्रीष्ट पनि पापहरुका निम्ति मर्नुभयो"** सेप्टुअजिन्टमा यस वाक्यांशलाई "पापको बलिदान" को रुपमा प्रयोग गरिएको छ (लेवी ५:७; ६:३०; यशैया ५३; २ कोरिन्थी ५:२१)। यस वाक्यांशले येशूको विविधत् अनि प्रतिस्थापित मृत्युको बारेमा बोल्दछ, जसरी २:२२–२४ ले बोलेको छ ।

यस वाक्यांशको त्यहाँ दुईओटा भागहरु छन्, जसमा ग्रीक विभिन्नताहरु छन् ।

१. **"ख्रीष्ट मर्नुभयो"** (NASB, TEV, NJB)। यसलाई चाहिँ ग्रीक पाण्डुलिपी $P^{72}$, ℵ, A, B अनि C मा पाइन्छ । अरु प्राचीन ग्रीक अनसियलहरु (Uncials) मा "कष्ट भोग्नुभयो" भन्ने

छ (NKJV, NRSV, अर्थात् MSS B, K अनि P) । "कष्ट भोग्नुभयो" चाहिँ सन्दर्भ अनि पत्रुसको शब्दावली दुवैमा असलरुपले मिल्दछ (तिनले "कष्ट भोग्नुभयो" लाई एघार पटक प्रयोग गरेका छन्), तर यदि यो नै मूल हुँदो हो त कुनै शास्त्रीले यसलाई "मर्नुभयो" भनेर किन परिवर्तन गर्दथ्यो होला त ?

२. "पापहरुका निम्ति" । यस पदको त्यहाँ अरु सातओटा विभिन्न रुपहरु छन् । तिनीहरुमा प्राय:जसोले "हाम्रो लागि" अथवा "हाम्रो खातिर" भनेर समावेश गरेका छन् । समस्याचाहिँ त्यो हो कि ग्रीक नामयोगी *peri* लाई अझ आशा गरिएको *huper* को सट्टा पापसँगको सम्बन्धमा प्रयोग गरिएको छ ।

- **"सदाको लागि एकचोटि"** योचाहिँ हिब्रूको पुस्तकको मुख्य विषय हो (रोमी ६:१०; हिब्रू ७:१७; ९:१२, १८, २६, २८; १०:१०)। खीष्टचाहिँ पापको लागि सिद्ध, प्रभावकारी अनि एकचोटि दिइएको बलिदान हुनुहुन्छ ।

- **"धर्मीजन र अधर्मीहरुका लागि"** योचाहिँ यशैया ५३:११–१२ को संकेत हुनसक्दछ । "धर्मीजन" चाहिँ सुरुवाती मण्डलीहरुमा येशूको लागि उपाधि हुन सक्दथ्यो (प्रेरित ३:१४; ७:५२; १ यूहन्ना २:१, २९; ३:७)। यसले पापीहरुका खातिर दिनुभएको (२:२४) उहाँको पापरहित जीवन (१:१९; २:२२) लाई जोड दिन्छ ।

- **"हामीलाई परमेश्वरकहाँ ल्याउन"** यसले ईश्वरत्वको "पहुँच" अथवा "परिचय" लाई उल्लेख गर्दछ (रोमी ५:२; एफिसी २:१८; ३:१२)। येशूको मृत्युले पतनमा गुमेको परमेश्वरसँगको समबन्धलाई पुनर्स्थापित गर्दछ । मानिस जातिमा भएको परमेश्वरको प्रतिरुपलाई खीष्टमार्फत् पुनर्स्थापित गरिएको छ । विश्वासीहरुसँग परमेश्वरसँगको घनिष्ठताको सम्भावना रहेको छ जसरी उत्पत्ति ३ को पतन अघि अदनको बगैंचामा आदम र हव्वाले अनुभव गरेका थिए ।

- **"शरीरमा मारिनुभयो ...... तर आत्माद्वारा जीवित पारिनुभयो"** येशूको भौतिक शरीर (४:१) अनि उहाँको आत्मिकी जीवन (४:६; १ कोरिन्थी १५:४५) को बीचमा त्यहाँ एउटा विषमता ( समानान्तर) रहेको छ । यस त्यस्तै प्रकारको सत्यतालाई १ तिमोथी ३:१६ मा अभिलेख गरिएको सुरुवाती सिद्धान्त अथवा भजनलाई प्रतिविम्बित गरेको हुनसक्दछ ।

यी दुवै वाक्यांशहरु एवरिष्ट कर्मवाच्य कृदन्तहरु हुन् जसले एउटा बाहिरी झूण्डले (अर्थात् पिता अथवा पवित्र आत्मा) प्रदर्शन गरेको एउटा ऐतिहासिक घटना (क्रूसीकरण र पुनरुत्थान, रोमी १:३४) लाई संकेत गर्दछ । यस परिच्छेदमा "आत्मा" लाई ठूलो अक्षरमा लेख्नु (अर्थात् पवित्र आत्मा) हो कि अथवा लेख्नु होइन (अर्थात्, येशूको मनुष्य आत्मा) भन्ने कुरालाई निर्धारण गर्न कठिन रहेको छ । मचाहिँ पछिल्लो कुरालाई रुचाउँछु (जसरी A.T.Robertson ले गरेका छन्), तर F.F. Bruce ले अघिल्लो कुरोलाई रुचाएका छन् ।

**"प्रचार गर्नुभयो"** योचाहिँ ग्रीक शब्द *kērussō* हो, जसको अर्थ हुन्छ घोषणा गर्नु अथवा सार्वजनिक रुपमा जनाउनु । सम्बन्धित परिच्छेद ४, ६ मा, क्रियाचाहिँ *evangelizō* हो, जसले केवल सुसमाचार

प्रचार गरिने कुरालाई मात्र उल्लेख गर्दछ । यी दुईओटा शब्दहरुको बीचमा यस सन्दर्भमा एउटा भिन्नता देखाउनु पर्ने हो कि होइन भन्ने कुरा अनिश्चित नै छ (मर्कूस ५:२०; लूका ९:६०, जहाँ सुसमाचार घोषणा गराइको लागि *kērussō* प्रयोग गरिएको छ)। मलाई लाग्छ तिनीहरु पर्यायवाचीहरु हुन् ।

**"आत्माहरु"** यससँग सम्बन्धित त्यहाँ दुईओटा सिद्धान्तहरु छन् : (१) मृतक मानिसहरु (४:६; हिब्रू १२:२३) अथवा (२) दुष्ट स्वर्गदूतहरु (उत्पत्ति ६; २ पत्रुस २:४–५; यहूदा ६; १ हनोक)। नयाँ करारमा अरु विशेषता बताउनेहरु बाहेक मानिसजातिलाई "आत्माहरु" को रुपमा उल्लेख गरिँदैन (F.F.Bruce को *answers to questions*, पृष्ठ १२८)

**"कैदमा परेका"** पत्रुसले उल्लेख गरिरहेका कुराहरुलाई कुनै प्रकारले निर्धारण गर्नको लागि पाठमा त्यहाँ कैयौं विषयहरु छन्, जसलाई एकसाथ गाँस्नु नै पर्दछ :

१. येशू "आत्मामा हुनुहुन्थ्यो" (१८ पद)
२. येशूले कैदमा परेका आत्माहरुलाई प्रचार गर्नुभयो (१९ पद)
३. यी आत्माहरुले नोआको समयमा आज्ञापालन गरेका थिएनन् (२० पद)

जब यी सबैलाई तुलना गरिन्छ, उत्पत्ति ६ को पतित दूतहरु अथवा नोआको समयमा डुबेर मरेका मानिसहरुप्रतिको सन्देशचाहिँ केवल मूलपाठ सम्बन्धीको विकल्पमात्र हो । सदोम र गमोरा (२ पत्रुस २:६) साथसाथै २ पत्रुस २:४–५ मा नोआको समयलाई पनि उल्लेख गरिएको छ । यहूदामा वहस गर्ने स्वर्गदूतहरु (यहूदा ६) अनि सदोम र गमोरा (यहूदा ७) लाई पनि एकैसाथ गाँसिएका छन् ।

पत्रुसले जलप्रलयलाई बप्तिस्माको सादृश्यको रुपमा प्रयोग गरेर पनि तिनले यस विषयलाई किन उल्लेख गरे भन्ने कुरालाई ठूलो सन्दर्भबाट अस्पष्ट नै छ (अर्थात्, पानीद्वारा बनाइएको, २० पद)।

यस परिच्छेदको व्याख्या गराइमा बहसका दुईओटा मुख्य बुँदाहरु छन् (१) कहिले अनि (२) खीष्टले प्रचार गर्नुभएको विषयवस्तु ।

१. पहिलेबाटै अस्तित्वमा हुनुभएको खीष्टले नोआमार्फत् तिनको समयका मानिसहरुलाई प्रचार गर्नु भयो (१:११ जहाँ खीष्टको आत्माले पूरानो करारका लेखकहरुमार्फत् प्रचार गर्नुभयो), जो अहिले कैदमा परेका छन् (अगष्टिन)।

२. खीष्टले, मृत्यु र पुनरुत्थानको बीच नोआको समयका कैदमा परेका मानिसहरुलाई प्रचार गर्नुभयो

अ. तिनीहरुलाई दोष लगाउनुभयो

आ. तिनीहरुलाई उद्धार गर्नुभयो (Clement of Alexandria)

इ. तिनीहरुका सामुन्ने (*Tartarus*) नोआ र तिनको परिवार (स्वर्गमा भएको) को विषयका असल कुराहरु ।

३. खीष्टले मृत्यु र पुनरुत्थानको बीच (अ) मानिसका छोरीहरुलाई विवाह गरेर तिनीहरुबाट सन्तान जन्माउने दूतहरुलाई (उत्पत्ति ६:१–२) प्रचार गर्नुभयो अनि (आ) उत्पत्ति ६:४ को आधा स्वर्गदूत र आधा मानिसको सन्तानहरुलाई प्रचार गर्नुभयो (उत्पत्ति ६ को विशेष शीर्षकलाई

अनलाइनमा *www.freebiblecommentary.org* मा हेर्नुहोस्)। सन्देशको विषयवस्तु चाहिँ तिनीहरुको इन्साफ र उहाँको विजय थियो । १ हनोकले भन्दछ कि यस्ता आधा स्वर्गदूत र आधा मानिस जाति भएको प्राणीचाहिँ नयाँ करारका दियावलसहरु हुन् ।

४. विजयी मसीहको रुपमा खीष्ट स्वर्गहरुबाट भएर ओर्लनुभयो (अर्थात्, नोस्टिकहरुको स्वर्गदूतहरुको स्तर अथवा धर्मगुरुहरुका सातओटा स्वर्गदूतहरु, ३:२२; एफिसी ४:९)। २ हनोक ७:१–५ ले भन्दछ कि फालिएका स्वर्गदूतहरुलाई दोस्रो स्वर्गमा कैद गरिएका छन् । उहाँले, यसै कार्यद्वारा, स्वर्गदूतहरुको साम्राज्यमाथि उहाँको विजयीलाई घोषणा गर्नुभयो (अर्थात्, सम्पूर्ण आत्मिकी प्रतिपक्ष, *Jarome Bible Commentary*, पृष्ठ ३६७)। यस सन्दर्भमा मलाई यस विकल्पचाहिँ साह्रै उत्तम लाग्यो ।

**विशेष शीर्षक : मृतकहरु कहाँ छन् ?**

१. पूरानो करार

अ. सबै मानिसजाति *Sheol* (शब्दको उत्पत्ति, अनिश्चित, BDB 1066) मा जान्छन्, जुनचाहिँ प्राय:जसो ज्ञानका पुस्तकहरु र यशैयामा मृत्यु र चिहानलाई उल्लेख गर्ने एउटा तरिका हो । पूरानो करारमा यो एउटा अँध्यारो, चेतनशील तर आनन्दरहितको अस्तित्व हो (अय्यूब १०:२१–२२; ३८:१७; भजन १०७:१०, १०, १४) अँध्यारो, चेतनशील तर आनन्दरहितको अस्तित्व हो (अय्यूब १०:२१–२२; ३८:१७; भजन १०७:१०, १४)

आ. *Sheol* लाई यसी चरित्रचित्रण गरिएको छ :

१. परमेश्वरको इन्साफसँग सम्बन्धित (आगो), व्यवस्था ३२:२२

२. इन्साफको दिनभन्दा पनि अघिको दण्डसँग सम्बन्धित, भजन १८:४–५

३. *abaddon* (सर्वनाश) सँग सम्बन्धित, जसमा परमेश्वर पनि उपस्थित हुनुहुन्छ, अय्यूब २६:६; भजन १३९:८; आमोस ९:२

४. "अतलकुण्ड" (चिहान) सँग सम्बन्धित, भजन १६:१०; यशैया १४:१५; इजकिएल ३१:१५–१७

५. दुष्टहरु जीवितै *Sheol* मा जानेछन्, गन्ती १६:३०, ३३; भजन ५५:१५

६. प्रायजसो ठूलो मुख भएको एउटा जनावरको रुपमा मानवीकरण गरिएको, गन्ती १६:३०; यशैया ५:१४; १४:९; हबकूक २:५

७. त्यहाँका मानिसहरुलाई *Repha'im* भनिन्छ यशैया १४:९–११

२. नयाँ करार

अ. हिब्रू *Sheol* लाई ग्रीकमा हादेस (*Hades*) अर्थात् नदेखिएको संसार भनेर अनुवाद गरिएको छ ।

आ. हादेसलाई यसरी चरित्रचित्रण गर्न सकिन्छ :

१. मृत्युलाई उल्लेख गर्दछ, मत्ती १६:१८

२. मृत्युसँग गाँसिएको छ, प्रकाश १:१८; ६:८; २०:१३–१४

३. प्राय:जसो स्थायी दण्डको स्थान (गेहेन्ना) सँग सादृश्य हुन्छ, मत्ती ११:२३ (पूरानो करारको उद्धरण); लूका १०:१५; १६:२३–२४

४. प्राय:जसो चिहानसँग समानता रहेको छ, लूका १६:२३

इ. सम्भवत् विभाजन गरिएको छ (धर्मगुरुहरुको दृष्टिकोण)

१. धर्मी भागलाई स्वर्गलोक भनिन्छ (स्वर्गको लागि अर्को नाउँ, २ कोरिन्थी १२:४; प्रकाश २:७), लूका २३:४३

२. दुष्ट भागलाई Tartarus भनिन्छ, २ पत्रुस २:४, जहाँ योचाहिँ दुष्ट दूतहरुलाई राख्ने स्थान हो (उत्पत्ति ६; १ हनोक)

ई. गेहेन्ना

१. यसले "हिन्नोमका छोराहरुका बेंसी" (यरुशलेमको दक्षिण भाग) भन्ने पूरानो करारको वाक्यांशलाई झल्काउँदछ । योचाहिँ त्यही ठाउँ थियो जहाँ फोनिसीहरुका (Phoenician) अग्निदेव *Molech* (BDB 574) लाई बाल–बालिकाहरुको बलि दिएर पूजा गरिन्थ्यो (२ राजा १६:३; २१:६; २ इतिहास २८:३; ३३:६), जसलाई लेवीमा निषेध गरिएको थियो (लेवी १८:२१; २०:२–५)।

२. यर्मियाले यसलाई धर्मभ्रष्टहरुको पूजा गर्ने ठाउँबाट YHWH को इन्साफको स्थानमा परिवर्तन गरिदिए (यर्मिया ७:३२; १९:६–७)। १ हनोक ९०:२६–२७) अनि सिब १:१०३ मा यो अनन्त इन्साफको डरलाग्दो स्थान बन्यो ।

३. येशूको समयका यहूदीहरु आफ्ना पूर्खाहरुले बालकलाई वलि दिएर गरिने भ्रष्ट आराधनामा भाग दिएको कुराले यति मर्माहित भएका थिए कि तिनीहरुले यस क्षेत्रलाई यरुशलेमको फोहोर–मैला फ्याँक्ने ठाउँमा परिणित गरिदिए । अनन्त इन्साफको लागि येशूका थुप्रै अलंकारहरु यसै स्थानबाट आएको थियो (जस्तै आगो, धूँवा, कीराहरु, दुर्गन्ध, मर्कूस ९:४४, ४६)। गेहेन्ना भन्ने यस शब्दलाई याकूब ३:६ मा बाहेक केवल येशूले मात्र प्रयोग गर्नुभएको छ ।

४. येशूद्वारा गरिएको गेहेन्नाको प्रयोग

अ. आगो, मत्ती ५:२२; १८:९; मर्कूस ९:४३

आ. सधैंको लागि, मर्कूस ९:४८ (मत्ती २५:४६)

इ. सर्वनाशको स्थान (आत्मा र शरीर दुवैको), मत्ती १०:२८

ई. *Sheol* सँग समानान्तर, मत्ती ५:२९–३०; १८:९

उ. दुष्टहरुलाई "नरकको छोरो" भनी चरितार्थ गरिएको, मत्ती २३:१५

ऊ. न्यायिक दण्डको परिणाम, मत्ती २३:३३; लूका १२:५

ऋ. गेहेन्नाको अवधारणाचाहिँ दोस्रो मृत्यु (प्रकाश २:११; २०:६, १४) अथवा आगोको कुण्ड (मत्ती १३:४२, ५०; प्रकाश २०; २०:१०, १४–१५; २१:८) सँग समानान्तर रहेको छ । आगोको कुण्ड मानिसजातिको (*Sheol* बाट) अनि दुष्ट दूतहरुको (Tartarus बाट, २ पत्रुस २:४; यहूदा ६ पद, अथवा अतल–कुण्ड, लूका ८:३१; प्रकाश ९:१–११; २०:१, ३) स्थायी वासस्थान बन्न सम्भव छ ।

ऐ. योचाहिँ मानिस जातिको लागि होइन, तर सैतान र त्यसको दूतहरुका लागि हो, मत्ती २५:४१

ऊ. *Sheol*, हादेस र गेहेन्नालाई ढाकिएको कारण तलका कुराहरु हुन सम्भव छ :

१. मूलरुपमा सबै मानिसजाति सियोल अथवा हादेसमा गए ।

२. त्यहाँ तिनीहरुको अनुभव (असल र खराब) लाई इन्साफको दिनपछि अझ खराब बनाइनेछ, तर दुष्टहरुको स्थानचाहिँ त्यही नै रहनेछ (त्यसैले KJV ले हादेस (चिहान) लाई गेहेन्ना (नरक) भनी अनुवाद गरे ।

३. इन्साफअघिको वेदनालाई उल्लेख गर्ने नयाँ करारको एउटैमात्र दृष्टान्तचाहिँ लूका १६:१९–३१ हो (लाजरस र धनी मानिस)। *Sheol* लाई पनि अहिले दण्डको स्थान भनेर वर्णन गरिन्छ (व्यवस्था ३२:२२; भजन १८:१–५)। तरैपनि, एउटा दृष्टान्तमाथि कसैले सिद्धान्त खडा गर्न सक्दैन ।

३. मृत्यु र पुनरुत्थानको बीचको मध्यम अवस्था

अ. नयाँ करारले "आत्माको अमरत्व" को विषयमा सिकाउँदैन, जुनचाहिँ जीवनपछिका कुराको थुप्रै प्राचीन दृष्टिकोणहरु मध्ये एउटा हो ।

१. मानिसको आत्माचाहिँ तिनीहरुको भौतिक शरीरभन्दा पनि अघिबाटै अस्तित्वमा हुन्छ ।

२. मानिसको आत्माचाहिँ मृत्यु अघि र मृत्युपछि पनि अनन्तको हुन्छ ।

३. प्रायजसो भौतिक शरीरलाई अस्तित्वमा आउन अघिको अवस्थामा फर्काइ लगिएको कैद र मृत्युको रुपमा देखिन्छ ।

आ. नयाँ करारले मृत्यु र पुनरुत्थानको बीचको शरीरबाट अलग भएको अवस्थाप्रति एउटा संकेत दिन्छ ।

१. येशूले शरीर र आत्माको विभाजनको बारेमा बोल्नुहुन्छ, मत्ती १०:२८

२. अब्राहामको अहिले पनि शरीर हुनसक्दछ, मर्कूस १२:२६–२७; लूका १६:२३

३. रुप परिवर्तनमा मोशा र एलियाका भौतिक शरीर नै थिए, मत्ती १७

४. दोस्रो आगमनमा खीष्टसँग आउने आत्माहरुले पहिले तिनीहरुका नयाँ शरीरहरु प्राप्त गर्नेछन् भनेर पावलले दाबी गरेका छन्, १ थेसलोनिकी ४:१३–१८

५. पुनरुत्थानको दिनमा विश्वासीहरुले तिनीहरुका नयाँ शरीरहरु प्राप्त गर्नेछन्, भनेर पावलले दाबी गरेका छन्, १ कोरिन्थी १५:२३, ५२

६. पावलले यसरी दाबी गर्दछ कि विश्वासीहरु हादेसमा जाँदैनन्, तर मृत्युमा खीष्टसँग हुन्छन्, २ कोरिन्थी ५:६, ८; फिलिप्पी १:२३ । येशूले मृत्युलाई जित्नुभयो अनि धर्मीहरुलाई उहाँसँगै स्वर्गमा लानुभयो, १ पत्रुस ३:१८–२२ ।

४. स्वर्ग

अ. बाइबलमा यस शब्दलाई तीनओटा अर्थमा प्रयोग गरिएको छ :

१. पृथ्वीमाथिको वायुमण्डल, उत्पत्ति १:१, ८; यशैया ४२:५; ४५:१८

२. ताराहरुले भरिएको आकाशहरु, उत्पत्ति, १:१४; व्यवस्था १०:१४; भजन १४८:४; हिब्रू ४:१४; ७:२६

३. परमेश्वरको सिंहासनको स्थान, व्यवस्था १०:१४; १ राजा ८:२७; भजन १४८:४; एफिसी ४:१०; हिब्रू ९:२४ (तेस्रो स्वर्ग, २ कोरिन्थी १२:२)

आ. बाइबलले मृत्युपछिका कुराहरुको विषयमा त्यति बेसी प्रकट गर्दैन, हुनसक्छ पतित मानिसजातिमा बुझ्नलाई कुनै उपाय अथवा क्षमता नभएकोले होला (१ कोरिन्थी २:९)।

इ. स्वर्गचाहिँ स्थान (यूहन्ना १४:२–३) र व्यक्ति (२ कोरिन्थी ५:६, ८) दुवै नै हो । स्वर्गचाहिँ पुनर्स्थापन गरिएको अदनको बगैंचा (उत्पत्ति १–२; प्रकाश २१–२२) हुनसक्दछ । पृथ्वीलाई सफा गरिनेछ अनि पुनर्स्थापन गरिनेछ (प्रेरित ३:२१; रोमी ८:२१; २ पत्रुस ३:१०)। खीष्टमा परमेश्वरको स्वरुप (उत्पत्ति १:२६–२७) लाई पुनर्स्थापन गरिएको छ । अब अदनको बगैंचाको घनिष्ठ संगति फेरि सम्भव भएको छ ।

तरैपनि, यो भौतिक नभएर आलंकारिक कुराहरु हुन सक्दछ (स्वर्ग, प्रकाश २१:९–२७ मा जस्तो विशाल र वर्गाकार शहर)। १ कोरिन्थी १५ ले भौतिक शरीर र आत्मिक शरीरको भिन्नतालाई बढेको रुखको बीऊको रुपमा वर्णन गरिएको छ । १ कोरिन्थी २:९ (यशैया ६४:४ अनि ६५:१७ बाटको एउटा उद्धरण) चाहिँ फेरि पनि एउटा ठूलो प्रतिज्ञा र आशा हो । म जान्दछु कि जब हामी उहाँलाई देख्छौं हामी उहाँ जस्तै हुनेछौं (१ यूहन्ना ३:२)

| | |
|---|---|
| ५. | सहयोगी सामग्रीहरु |
| अ. | William Hendriksen को *The Bible on the life here after* |
| आ. | Maurice Rawlings को *Beyond Death's Door*. |

**३:२० "परमप्रभुले धैर्य धारण गरी पर्खिनुभएको थियो"** योचाहिँ *mēkos* (टाढा, दुर्गम) अनि *thumos* (रीस) को एउटा मिश्रण हो । यो एउटा परमेश्वर स्वयम्‌ले नै घरिघरि पर्खनू भनी निरन्तरता दिइरहनुभयो भनेर संकेत गर्ने अपूर्ण मध्यम संकेतार्थ हो । परमेश्वरको लामो कष्ट, बदला लिनुमा ढिलो, प्रेमीले धैर्यताले विद्रोही मानिस जातिहरुसँगको उहाँको सम्बन्धलाई चरितार्थ गर्दछ । (३:२०; प्रस्थान ३४:६; नहेम्याह ९:१६–२३; भजन १०३:८–१४; योएल २:१३; मीका ६:१८–२०; २ पत्रुस ३:१५; रोमी २:४; ९:२२)। यस ईश्वररुपी चरित्रलाई उहाँका सन्तानहरुमा पनि प्रकट गरिनुपर्दछ (२ कोरिन्थी ६:६; गलाती ५:२२; एफिसी ४:२; कलस्सी १:११; ३:१२; १ तिमोथी १:१६; २ तिमोथी २:१०; ४:२)।

पत्रुसको लेखहरुमा परमेश्वरलाई धैर्य धारण गरी पर्खनुहुने र उहाँको इन्साफलाई रोक्नुहुनेको रुपमा अंकित गरिएको छ ताकि मानिसहरुले उद्धार पाउन सकून् ।

१. नोआको समयमा उहाँले पर्खनुभयो, १ पत्रुस ३:२०

२. उहाँले दोस्रो आगमनमा ढिलाइ गर्नुभयो, २ पत्रुस ३:९

परमेश्वरले सबै मानिसहरु बाँचून् भनी चाहनुहुन्छ (२ पत्रुस ३:९, १५)।

**"ती आत्माहरुले प्राचीनकालमा आज्ञापालन गरेनन्........... नोआले"** यसले उत्पत्ति ६ को स्वर्गदूतहरु (२ पत्रुस २:४–५; यहूदा ६ पद) अथवा नोआका समयका अविश्वासी मानिसहरुलाई उल्लेख गरेजस्तो देखिन्छ ।

"......... **पानीद्वारा बचाइए"** सान्दर्भिकरुपमा यस्तो देखिन्छ कि पानीद्वारा (अर्थात्, उत्पत्ति ६–९ को पूरानो करारको जलप्रलय बनाम् ख्रीष्टियन बप्तिस्मा) "बचाइएको" (पूरानो करारको छुटकारा बनाम् नयाँ करारको आत्मिकी उद्धार) भन्ने विषयमा बताउने तरिकाको रुपमा पत्रुसले नोआको ऐतिहासिक विवरणलाई ल्याउँदछ । यदि १ हनोकचाहिँ पृष्ठभूमि हो भने, तब त नोआ र तिनको परिवार (अर्थात्, सबै मानिसजाति) लाई जलप्रलयद्वारा मानिसहरु र स्वर्गदूतहरुको मिश्रित दुष्ट मानिसहरुको वंशबाट बचाइए ।

३:२१

| | |
|---|---|
| **NASB** | **"त्यससँग मेल खान्छ"** |
| **NKJV** | **"त्यहाँ पनि एउटा समानान्तर छ"** |
| **NRSV** | **"जससँग यसलाई चित्रण गरिएको छ"** |
| **TEV** | **"जुनचाहिँ देखाउने एउटा चिह्न हो"** |
| **NJB** | **"यससँग मेल खान्छ"** |

योचाहिँ ग्रीक शब्द *antitupon* हो, जुनचाहिँ *anti* (अर्थात्, विरुद्ध अथवा समानताको रुपमा) अनि *tupos* (एउटा चित्र अथवा प्रतिलिपि) को मिश्रण हो । योचाहिँ नयाँ करारको एउटैमात्र

विशेषण हो, तर हिब्रू ९:२४ मा संज्ञा छ । यस वाक्यांशले पत्रुसको सन्दर्भको सांकेतिक र केही कुरालाई थुप्रै कुराहरुलाई विभाजन गर्ने प्रणालीको प्रकृतिलाई देखाउँछ ।

- **"बप्तिस्मा"** बप्तिस्माचाहिँ कुनै व्यक्तिको सार्वजनिक आत्मघोषणा (प्रायश्चित) को लागि सुरुवाती मण्डलीको मौका थियो । यो उद्धारको लागि संयन्त्र थिए/होइन, तर विश्वासको मौखिक पुष्टिकरणको अवसर हो । याद गर्नुहोस्, सुरुवाती मण्डलीको कुनै भवन थिएन अनि सतावटको कारण घरहरुमा अथवा प्रायःजसो गुप्त स्थानहरुमा भेट गर्दथे ।

१ पत्रुसचाहिँ बप्तिस्माको उपदेश हो भनेर थुप्रै टिप्पणीकारहरुले दाबी गरेका छन् । यद्यपि यो सम्भव भए पनि, यो मात्र विकल्प भने होइन । यो साँचो हो कि पत्रुसले बप्तिस्मालाई विश्वासको एउटा महत्त्वपूर्ण कामको रुपमा प्रयोग गरेका छन् (प्रेरित २:३८, ४१; १०:४७)। तरैपनि, यो एउटा धर्मसँग सम्बन्धित संस्कार भने होइन, तर खीष्टको आफ्नै अनुभवसँग विश्वासीहरुको पहिचानको रुपमा विश्वासका काम, अनि मृत्यु, दफन र पुनरुत्थानलाई चिन्हित गर्ने कुरो हो (रोमी ६:७–९; कलस्सी २:१२)। कामचाहिँ सांकेतिक हो, तर धार्मिक संस्कारको होइन; कामचाहिँ प्रायश्चितको मौका हो, तर उद्धारको संयन्त्र हो ।

- **"तिमीहरुलाई बचाउँछ"** पूरानो करारमा यस शब्दलाई प्रायःजसो शारीरिक छुटकाराको लागि प्रयोग गरिएको छ, तर नयाँ करारमा प्रायःजसो आत्मिक छुटकाराको लागि प्रयोग गरिएको छ । सतावटको यस सन्दर्भमा, यसको स्पष्टरुपले दुवैवटा संकेतार्थहरु रहेको छ ।

- **"तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो"** यसले देखाउँदछ कि तपाइँलाई बचाउने बप्तिस्माको संस्कारले होइन, तर परमेश्वरप्रतिको विश्वासीहरुको मनोवृत्तिले हो (१६ पद)। तरैपनि, म के थप्छु भने बप्तिस्मा एउटा विकल्प त होइन तर, (१) येशूद्वारा दिइएको एउटा उदाहरण हो (मत्ती ३:१३–१७; मर्कूस १:९–११; लूका ३:२१–२२; यूहन्ना १:३१–३४) अनि (२) सबै विश्वासीहरुका लागि येशूबाटको आज्ञा हो (मत्ती २८:१९)। नयाँ करारले बप्तिस्मा नलिएका विश्वासीहरुको बारेमा केही पनि जान्दैन । नयाँ करारमा बप्तिस्मालाई कसैको विश्वासको प्रायश्चितसँग नछुट्टिने गरी गाँसिएको छ । ३:१६ मा "अन्तस्करण" माथिको टिप्पणीलाई हेर्नुहोस् ।
- **"येशू खीष्टको पुनरुत्थानद्वारा"** यसले देखाउँदछ कि उद्धारको सारचाहिँ येशूको पुनरुत्थानमा हुन्छ (रोमी १:४–५), तर हाम्रो बप्तिस्मामा होइन । सोंचाइको यस लहरलाईचाहिँ रोमी ६:३–४ मा स्पष्ट देखिएको छ । सादृश्यद्वारा अनि डुबाइद्वारा बप्तिस्माले मृत्यु, दफन अनि पुनरुत्थानलाई चिह्निनत गर्दछ । यथार्थतामा यसको रुपचाहिँ उम्मेदवारको हृदय जतिको महत्त्वपूर्ण छैन ।

**३:२२ "उहाँ ...... दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ"** योचाहिँ अधिकार, शक्ति र प्रतिष्ठाको एउटा कुनै कुराको मानिसमा झैं अनुभूति हुन्छ भन्ने कुरासँग सम्बन्धित (anthropomorphic) अलंकार हो (१ यूहन्ना २:१)। यस दृश्यलाई भजन ११०:१ बाट कोरिएको हो । अलौकिक व्यक्तिहरु, स्थानहरु र घटनाहरुको वर्णन गर्नलाई बाइबलले मानिसको भाषा प्रयोग गर्दछ । योचाहिँ स्पष्टरुपले समान,

सांकेतिक अनि आलंकारिक छ । यो सीमित अवस्थामा रहेर सम्बन्ध स्थापित गर्न सक्षम छ (१) हाम्रा पतित मानिसजातिको बोध र (२) यसको भौतिक, समयले बाँधिएको, सांस्कृतिक विशेषताहरुको सीमित अवस्था)। यो पर्याप्त नै छ, तर अन्तिम भने होइन ।

- **"स्वर्गदूतहरु, अधिकारहरु र शक्तिहरुलाई वशमा पारी"** यसले दूतहरुको पदहरुलाई उल्लेख गरेको जस्तो देखिन्छ (रोमी ८:३८–३९; १ कोरिन्थी १५:२४; एफिसी १:२०–२१, ६:१२; कलस्सी २:१५; १ हनोक)। यसले आत्मिकी साम्राज्यमाथि ख्रीष्टको पूर्ण अधिकार र शक्तिलाई देखाउँदछ ।

यद्यपि १ पत्रुसले नोष्टिकवाद (Gnosticism) लाई सोझै सम्बोधन नगरे तापनि, नयाँ करारका पुस्तकहरु (कलस्सी, एफिसी, १ तिमोथी, तीतस अनि १ यूहन्ना) बाट यो स्पष्ट भएको छ कि पहिलो शताब्दीको ग्रेको रोमन (Greco–Roman) संसारको सांस्कृतिक सन्दर्भचाहिँ यस दार्शनिक/ईश्वरशास्त्रीय विचारबाट प्रभावित भएको थियो । दोस्रो शताब्दीको नोष्टिकवादमा (अनि Nag Hammadi को पाठहरु), पावलद्वारा बारम्बार प्रयोग गरिएको ग्रीक शब्द *pleroma* (पूर्णता) ले एउटा उच्च असल देव अनि कम शक्ति भएको देवको बीचको दूतहरुको स्तर (*aeons,* अर्थात्, सम्भवत् यहूदीहरुका सातओटा स्वर्गहरु) मा "परमेश्वरको पूर्णता" लाई उल्लेख गर्दछ । येशू यस्ता मध्यम स्वर्गदूतीय/सैतानिक अस्तित्वहरु । येशू स्वर्गको साँचो हुनुहुन्छ तर यस्ता मध्यम स्वर्गदूतीय/शैतानिक अस्तित्वहरु सँग सम्बन्धित गुप्त शब्द अथवा ज्ञान होइन ।

नोष्टिक युग परिच्छेदको केन्द्रित कुरो नभए तापनि यसले स्वर्गदूतहरुलाई चाहिँ केन्द्रित गरेको जस्तो देखिन्छ ! यसले संकेत गर्दथ्यो कि "कैदमा परेका आत्माहरु" ले अनाज्ञाकारी दूतहरुलाई उल्लेख गर्दथ्यो जसले मानिसका छोरीहरुलाई लिएर सन्तान पैदा गरेका थिए (उत्पत्ति ६:१–४)।

**विशेष शीर्षक : नोष्टिकवाद (Gnosticism)**

अ. यस मतविरोधी कुरा बारेको हाम्रो प्रायःजसो ज्ञानचाहिँ दोस्रो शताब्दीको नोष्टिक लेखहरुबाट आउँदछ । तरैपनि, यसको विचारलाई पहिलो शताब्दीमै (*Dead Sea Scrolls*) अनि प्रेरित यूहन्नाका लेखहरुमा प्रस्तुत गरिएको थियो ।

आ. एफिसस (१ तिमोथी), क्रेट (तीतस) अनि कलस्सी (कलस्सी) मा भएको समस्याचाहिँ भर्खरै सुरु भएको नोष्टिवाद र वैध यहूदीवादको एउटा वर्णसंकर थियो ।

इ. दोस्रो शताब्दीका भ्यालेन्टाइनी (Valentinian) र सेरिन्थनी (Cerinthian) नोष्टिकवादको केही सिद्धान्तहरु :

१. द्रव्य र आत्मा साझे–अनन्तका हुन् (अस्तित्वको प्रकृतिसँग सम्बन्ध राख्ने दोहोरोवाद)। द्रव्यचाहिँ दुष्ट हो आत्माचाहिँ असल हो । परमेश्वर जो आत्मा हुनुहुन्छ, दुष्ट द्रव्यलाई रुप दिने कुरासँग सोझै संलग्न हुन सक्नुहुन्न ।

२. परमेश्वर र द्रव्यको बीचमा त्यहाँ निस्सरण (युग अथवा दूतहरुको स्तर) छ । अन्तिम र सबैभन्दा तल्लो स्तरकोचाहिँ पूरानो करारको YHWH हुनुहुन्थ्यो जसले ब्रमाहण्ड (*kosmos*) सृष्टि गर्नुभयो ।

३.	येशू पनि YHWH जस्तै निस्सरण हुनुहुन्छ, तर दर्जामा माथिल्लो स्तरको, साँचो परमेश्वरको नजिकै । कसैले सर्वोच्चको रुपमा राखेका छन्, तर अझै पनि परमेश्वर भन्दा तलको अनि निश्चय नै अवतार लिएको ईश्वर होइन (यूहन्ना १:१४)। द्रव्यचाहिँ दुष्ट भएकोले, येशूको एउटा मानव शरीर हुन सक्दैन थियो अनि अझै पनि स्वर्गीय नै थियो । उहाँ मानिसजस्तो देखा पर्नुभयो तर वास्तवमा एउटा आत्मामात्र हुनुहुन्थ्यो (१ यूहन्ना १:१–३; ४:१–६)।
४.	उद्धारचाहिँ येशूमाथिको विश्वास साथै विशेष ज्ञानमार्फत् प्राप्त हुने थियो, जसलाई केवल विशेष व्यक्तिहरुबाट मात्र जानिन्थ्यो । स्वर्गीय क्षेत्रबाट भएर जानलाई ज्ञान (गुप्त शब्द) को आवश्यक पर्दथ्यो । यहूदी वैधतावादलाई पनि परमेश्वरमा पुग्न आवश्यक थियो ।
ई.	नोष्टिकका झूटा शिक्षकहरुले दुईवटा नैतिक प्रणालीहरुका वकालती गरेका थिए ।
१.	केहीको लागि, जीवनशैलीचाहिँ पूर्णरुपले उद्धारसँग असम्बन्धित रहेको छ । तिनीहरुका लागि, उद्धार र आत्मिकताचाहिँ दूतहरुको क्षेत्र (*eons*) मार्फत् गुप्त ज्ञान (गुप्त शब्द) मा सार भनिएका कुराहरु थिए ।
२.	अरुका लागि, जीवनशैली उद्धारको लागि महत्त्वपूर्ण थियो । यस पुस्तकमा, झूटा शिक्षकहरुले साँचो उद्धारको प्रमाणस्वरुप एउटा वैरागी जीवनशैलीलाई जोड दिएका थिए (२:१६–२३)।
उ.	एउटा असल टिप्पणीका पुस्तकचाहिँ James M. Robinson र Richard Smith को *The Nag Hammadi Library* हो ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१.	नयाँ करारका लेखकहरु के पुरुष भक्तहरु थिए त ?
२.	स्त्रीहरुले कसरी सिंगार गर्नुपर्ने हो ? ("*A theology of Christian Dress*" शीर्षक भएको मेरो चक्का # १३३७ को लागि लेखी पठाउनुहोस् ।)
३.	हाम्रो पारिवारिक सम्बन्धले हाम्रो प्रार्थनाहरुमा कसरी प्रभाव पार्दछ त ?
४.	हाम्रो सामाजिक सम्बन्धहरुलाई नेतृत्व गर्ने विशेषताहरुको सूची बनाउनुहोस् ।
५.	ख्रीष्टियनहरुले किन कष्ट भोग्छन् ?
६.	के हरेक ख्रीष्टियन एउटा मौखिक गवाही बन्नुपर्दछ त ?
७.	कैदमा परेका आत्माहरु को हुन् त ?
८.	के बप्तिस्माले हामीलाई बचाउँछ त ? ("*Baptismal Regeneration*" शीर्षक भएको मेरो चक्का # १९६२ को लागि लेखी पठाउनुहोस् ।)

# १ पत्रुस ४
## आधुनिक अनुवादहरुका परिच्छेद विभाजन

| UBS[4] | NKJV | NRSV | TEV | NKJB |
|---|---|---|---|---|
| परमेश्वरको अनुग्रहको असल सेवकहरु | हाम्रो अनि ख्रीष्टको कष्ट | ख्रीष्टियनहरुको कर्तव्य | परिवर्तित जीवन | पापसँग सम्बन्धविच्छेद |
| ४:१–६ | (३:१८–४:६) | (२:११–४:११) ४:१–६ | ४:१:६ | ४:१–६ |
| | परमेश्वरको सेवका लागि सेवा गर्नु | | परमेश्वरका वरदानहरुको असल प्रबन्धकहरु | ख्रीष्टको प्रकटीकरण नजिकिएको |
| ४:७–११ | ४:७–११ | ४:७–११ | ४:७–११ | ४:७–११ |
| ख्रीष्टियनको रुपमा कष्ट पाउनु | परमेश्वरको महिमाको लागि सताइनु | सार कथन | ख्रीष्टियनको रुपमा कष्ट पाउनु | ख्रीष्टको लागि सताइनु |
| ४:१२–१९ | ४:१२–१९ | ४:१२–१९ | ४:१२–१९ | ४:१२–१९ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

NASB (UPDATED) TEXT: 4:1-6

१जसरी ख्रीष्टले शरीरमा दुःख भोग्नुभयो, त्यसरी नै तिमीहरुले पनि त्यही किसिमको विचार धारण गर, किनभने जसले शरीरमा दुःख भोगेको छ, त्यसले पाप गर्न छोडेको हुन्छ । २यसरी त्यसले आफ्नो जीवनको रहल समय फेरि मानिसको कुइच्छामा होइन, तर परमेश्वरको इच्छामा बिताउँछ । ३बितेका दिनमा, अन्य जातिहरुले गरेझैं तिमीहरुले, व्यभिचार, कुवासना, मद्यपान, मोजमज्जा, पियक्कडपन र घृणित मूर्तिपूजामा प्रशस्त समय बितायौ । ४तिमीहरु तिनीहरुसँग भ्रष्टताको बाटोमा नहिँडेका देखेर तिनीहरु छक्क पर्छन्, र तिमीहरुको बदख्वाइँ गर्छन् । ५तर जीवित र मृतकहरुका न्याय गर्न तत्पर हुनुहुनेलाई तिनीहरुले लेखा दिनुपर्नेछ । ६यसैकारण मृतकहरुलाई पनि सुसमाचार सुनाइयो, ताकि तिनीहरुले मानिसहरु जस्तै शरीरमा इन्साफ पाए तापनि आत्मामा तिनीहरु परमेश्वर जस्तै जिऊन् ।

**४:१ "ख्रीष्टले शरीरमा दुःख भोग्नुभयो"** यसको सम्बन्ध ३:१८ सँग छ । शरीरले येशूको भौतिक जीवनलाई उल्लेख गर्दछ । उहाँ त साँच्चै हामी जस्तै हुनुहुन्थ्यो (अर्थात्, मनुष्य हुनुहुन्थ्यो)। उहाँ त हाम्रो स्थानमा मर्नुभयो (१८ पद; यशैया ५३; मर्कूस १०:४५; २ कोरिन्थी ५:२१)। १ पत्रुसले ख्रीष्टको कष्ट (२:२१, २३; ३:१८; ४:१) अनि उहाँका अनुयायीहरुका कष्टको वास्तविकतालाई जोड दिन्छ किनभने तिनीहरुले उहाँलाई पछ्याउँदैछन् (२:१९–२०; ३:१४, १७; ४:१५, १९; ५:१०)।

३:१८ अनि २:२१ मा उल्लेख गरिएको ख्रीष्टको कष्टको प्रतिस्थापित स्वभावलाई कैयौं ग्रीक पाण्डुलिपीहरुद्वारा "तपाइँको लागि कष्ट भोग्नुभयो" (अर्थात् ℵ) अथवा "हाम्रो लागि" (अर्थात् ℵ^c, A, K अनि P) थप्दै जोड दिइएको छ । थपिएका कुरालाई उल्लेख गर्ने त्यस्तै प्रकारको सर्वनामलाई ३ पदमा पनि देख्न सकिन्छ । सुरुवाती मण्डलीका शास्त्रीहरुले तिनीहरुका पाठहरुलाई स्पष्ट पार्ने कोशिस गर्दथे ।

- **"तिमीहरुले पनि .......... धारण गर"** यो एउटा एवरिष्ट मध्यम आज्ञार्थक हो । "धारण" चाहिँ गह्रौं हात–हतियारहरु भिरेर युद्धको लागि तयारी हुनु भन्ने एउटा सैन्य शब्द हो । हाम्रो दैनिक जीवनमा त्यहाँ आत्मिकी एउटा आत्मिक संघर्ष छ (एफिसी ६:१०–२०; रोमी १३:१२; १ थेसलोनिकी ५:८)।
- **"त्यही किसिमको विचार"** कष्ट अनि अज्ञानताप्रतिको कष्टतर्फ येशूको मनोवृत्तिलाई यस्तो रहेको छ कि योचाहिँ आत्मिक रुपमा पतित संसारमा, ईश्वरीय जीवनको लागि विशेष व्यवहार हो (यूहन्ना १५:२०; रोमी ८:१७; फिलिप्पी १:२९; २ तिमोथी ३:१२; १ पत्रुस ४:१२–१९)।
- **"किनभने जसले शरीरमा दुःख भोगेको छ, त्यसले पाप गर्न छोडेको छ"** यस वाक्यांशलाई व्याकरणीय रुपमा भरपर्दै विभिन्न तरिकामा व्याख्या गर्न सकिन्छ । ख्रीष्टचाहिँ निर्दोषरुपमा कष्ट भोग्नमा अनि विधिवत्रुपमा पनि हाम्रो उदाहरण हुनुहुन्छ (एवरिष्ट कर्तृवाच्य कृदन्त)। उहाँसँगको आफ्नो पहिचानका कारण अब विश्वासीहरु कष्टमा संलग्न रहेका छन् । मुख्य क्रियाचाहिँ मध्यम (A.T. Robertson को *Word Picture of the New testament*, पृष्ठ १२१) अथवा कर्मवाच्य (Moulton को *Analytical Greek Lexicon* अनि Barbara र Tim Friberg को *Analytical Greek New*

*Testament*) दुवै हुन सक्दछ । यदि यो मध्यम हो भने यसले विश्वासीहरुलाई खीष्टको उदाहरणको विश्वासीहरुका रुपमा पाप नगर्नमा सक्रिय रुपले संलग्न रहने कुरालाई जोड दिन्छ । यदि यो कर्मवाच्य हो भने पापको शक्तिबाट विश्वासीहरुका छुटकाराको आत्मिक सत्यतालाई जोड दिँदैछ ।

मृत्युले पापसँगको कसैको सम्बन्धलाई रद्द तुल्याउँदछ । तिनीहरु रोमी ६ को ईश्वरशास्त्रीय अवधारणासँग गाँसिएको हुनसक्दछ । पुरानो मनुष्यत्वको मृत्युले परमेश्वरमा क्षमतावान् सेवाकाई ल्याउँदछ (रोमी ६:२, ६, ७) अथवा बप्तिस्माले कसैको जीवनको नयाँपनलाई चिन्हित गर्दछ (रोमी ६:४; कलस्सी २:१२)।

सम्पूर्ण विषयचाहिँ त्यो हो कि जसरी विश्वासीहरुले कष्टप्रतिको खीष्टको उदाहरणलाई पालन गर्दछ, त्यसरी नै पापमाथिको विजयको उहाँको उदाहरणले पनि गरेको छ । खीष्टमा हामी नयाँ सृष्टि हौं ! हामी त यसैगरी जिउनु नै पर्दछ । खीष्टजस्तो हुनुचाहिँ परमेश्वरको इच्छा हो (रोमी ८:२८–२९; २ कोरिन्थी ३:१८; ७:१; गलाती ४:१९; एफिसी १:४; ४:१३; १ थेसलोनिकी ३:१३; ४:३, ७; ५:२३; १ पत्रुस १:१५)। यसले पतनमा गुमेको परमेश्वरको प्रतिरुपलाई (उत्पत्ति ३) खीष्टमा पूर्णरुपले पुनर्स्थापन फेरि पनि एउटा रोजाइ रहेको छ । तिनीहरु अब उसो पापका दासहरु होइनन् । तिनीहरु त उहाँसँग हिँड्छन् ।

४:२ **"यसरी त्यसले आफ्नो जीवनको रहल समय फेरि मानिसको कुइच्छामा होइन"** यसले रोमी ६ को त्यस्तै ईश्वरशास्त्रीय सत्यतालाई प्रतिविम्बित गर्दछ । विश्वासीहरु पापको लेखी मरेर अहिले परमेश्वरको सेवाका लागि जिईरहेका छन् (रोमी ६:२०)। उद्धारचाहिँ नयाँ जीवन, नयाँ सृष्टि हो । यसको देख्न सकिने चरित्रहरु छन् ।

- **"तर परमेश्वरको इच्छामा बिताउँछ"** १ पत्रुस २:१५ मा "परमेश्वरको इच्छा" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

४:३ यो पदचाहिँ पाठकहरुले पहिले जिएको ईश्वरहीनताको लागि एउटा दोषारोपण हो । योचाहिँ एउटा त्यस्तो पद हो जसले टिप्पणीकारहरुलाई यो पुष्टि गर्न लगाउँदछ कि पत्रुसले लेखेका मण्डलीहरुचाहिँ प्रायःजसो अन्य जाति समुदायहरु थिए । ईश्वरहीन् समाजचाहिँ, यसको आराधना गर्ने चलनमा समेत एकदमै अशिष्ट थियो । खीष्टियनिटीले जीवनशैलीका व्यवहारहरुमा ध्यान दिन सकिने भिन्नता र नाटकीय परिवर्तन ल्याउनुपर्दछ । यस परिवर्तनचाहिँ घरि–घरि अरु ईश्वरहीन् मानिसहरुबाट गरिएको सतावटको सुरुवात हुन्थ्यो । पापले संगतलाई मन पराउँदछ ।

**विशेष शीर्षक : नयाँ करारमा गुणहरु र अवगुणहरु**

नयाँ करारमा गुण र अवगुण दुवैको सूची सामान्य रहेको छ । तिनीहरुले प्रायजसो यहूदी धर्मगुरुहरुका अनि सांस्कृतिक (हेलेनिष्टक) सूचीहरु दुवैलाई झल्काउँदछ । विषम विशेषताहरुको नयाँ करारको सूचीलाई तलका कुराहरुमा देख्न सकिन्छ ।

| | अवगुणहरु | गुणहरु |
|---|---|---|
| १. पावल | रोमी १:२८–३२ | .................. |
| | रोमी १३:१३ | रोमी १२:९–२१ |
| | १ कोरिन्थी ५:९–११ | .................. |
| | १ कोरिन्थी ६:१० | १ कोरिन्थी ६:६–९ |
| | २ कोरिन्थी १२:२० | २ कोरिन्थी ६:४–१० |
| | गलाती ५:१९–२१ | गलाती ५:२२–२३ |
| | एफिसी ४:२५–३२ | ..................... |
| | एफिसी ५:३–५ | ..................... |
| | .................... | फिलिप्पी ४:८–९ |
| | कलस्सी ३:५, ८ | कलस्सी ३:१२–१४ |
| | १ तिमोथी १:९–१० | ........................ |
| | १ तिमोथी ६:४–५ | ........................ |
| | २ तिमोथी २:२२–२३ | २ तिमोथी २:२२, २४ |
| | तीतस १:७, ३:३ | तीतस १:८–९; ३:१–२ |
| २. याकूब | ३:१५–१६ | याकूब ३:१७–१८ |
| ३. पत्रुस | १ पत्रुस ४:३ | १ पत्रुस ४:७–११ |
| | २ पत्रुस १:९ | २ पत्रुस १:५–८ |
| ४. यूहन्ना | प्रकाश २१:८; २२:१५ | ....................... |

**"प्रशस्त समय बितायौ"** यो एउटा पूर्ण मध्यम कृदन्त हो । अविश्‍वासीहरुले उद्देश्यअनुरुप नै अनि स्थायी तरिकामा आफैमा अनि पापमा तिनीहरुका समय बिताएका छन् ।

**NASB** **"शारीरिक आनन्द"**
**NKJV, NRSV** **"व्यभिचार"**
**TEV** **"अश्लिलता"**
**NJV** **"विलासी तरिकामा व्यवहार गर्नु"**

यस शब्दले यौन क्षेत्रमा एउटा पूर्ण स्व–नियन्त्रणको कमी, सामाजिक नियमहरुको निर्धारित उल्लङ्घनलाई संकेत गर्दछ (मर्कूस ७:२२; रोमी १३:१३; २ कोरिन्थी १२:२१; गलाती ५:१९; एफिसी ४:१९; १ पत्रुस ४:३; २ पत्रुस २:७, १८; यहूदा १६)

- **"कुवासना"** यस शब्दको अर्थ हुन्छ केही कुराको अथवा कसैको उत्कट लालसा गर्नु । यस गहन लालसा सकारात्मक पनि हुन सक्दछ (लूका २२:१५; १ तिमोथी ३:१; १ पत्रुस १:१२), तर साधारणतय, यो नकारात्मक नै हुन्छ (१ पत्रुस १:१४; २:११; ४:२, ३; २ पत्रुस १:४; २:१०, १८; ३:३; मर्कूस ४:१९)।
- **"मद्यपान"** योचाहिँ नयाँ करारमा यहाँ मात्र पाइने "मद्य" (*oinos*) र "पानीको फोका उठ्नु" (*phluō*) को एउटा मिश्रित शब्द हो । प्राचीन संसारले नियमित मदिरा सेवन गर्दथे, जसरी

येशू (मत्ती ११:१८–१९) अनि सुरुवाती मण्डलीहरुले गरेका थिए । अत्यधिक सेवनलाईचाहिँ दोष दिइएको हो (हितोपदेश २३:२९–३५; रोमी १३:१३; गलाती ५:२१)।

**विशेष शीर्षक : मदिरा अनि मदिरा सेवनप्रति बाइबलीय मनोवृत्ति**

**१. बाइबलीय शब्दहरु**

**अ. पूरानो करार**

१. *Yayin* –योचाहिँ दाखमद्यको लागि साधारण् शब्द हो (BDB 406) जसलाई १४१ पटक प्रयोग गरिएको छ । यस शब्दको उत्पत्तिचाहिँ अनिश्चित नै छ किनभने यो हिब्रू मूल शब्दबाट आएको होइन । यसको अर्थ जहिले पनि खमीर लगाएर तयार पारिएको फलको रस, विशेष गरेर अङ्गुरलाई बुझाउँदछ । केही उत्कृष्ट परिच्छेदहरुचाहिँ उत्पत्ति ९:२१; प्रस्थान २९:४०; गन्ती १५:५, १० हुन् ।

२. *Tirosh* – योचाहिँ "नयाँ दाखमद्य" हो (BDB 440)। निकट पूर्वीको जलवायु अवस्थाको कारण खमीर हाले पछि ६ घण्टामै रस निस्कन सुरु हुन्थ्यो । यस शब्दले मद्य बनिने प्रक्रियालाई उल्लेख गर्दछ । केही उत्कृष्ट परिच्छेदहरुका लागि व्यवस्था १२:१७; १८:४; यशैया ६२:८–९; होसे ४:११ लाई हेर्नुहोस् ।

३. *Asis* – योचाहिँ स्पष्टरुपले दाखमद्यहरु हुन् ("मिठो दाखमद्य" BDB 779, उदाहरणको लागि योएल १:५; यशैया ४९:२६)।

४. *Sekar* – योचाहिँ "कडा दाखमद्य" भन्ने शब्द हो (BDB 1016)। हिब्रू मूल शब्दलाई चाहिँ "मातेको" अगवा "मतवाला" शब्दमा प्रयोग गरिएको छ । यसलाई अझ विषालु बनाउनलाई यसमा केही कुराहरु थपिन्थ्यो । योचाहिँ *Yayin* को समानान्तर हो (भजन२०:१; ३१:६; यशैया २८:७)।

**आ.नयाँ करार**

१. *Oinos – yayin* जस्तै ग्रीक शब्द

२. *Neos Oinos* (नयाँ दाखमद्य)– *tirosh* जस्तै ग्रीक शब्द (मर्कूस २:२२)

३. *Gleuchos Vinos* (मिठो दाखमद्य, *asis*) – भर्खरै बन्दै गरेको दाखमद्य (प्रेरित २:१३)।

**२. बाइलीय प्रयोग**

**अ. पूरानो करार**

१. दाखमद्य परमेश्वरको वरदान हो (उत्पत्ति २७:२८; भजन १०४:१४–१५; उपदेशक ९:७; होशे २:८–९; योएल २:१९, २४; आमोस ९:१३; जकरिया १०:७)

२. दाखमद्य बलिदानको एउटा भाग हो (प्रस्थान २९:४०; लेवी २३:१३; गन्ती १५:७, १०; २८:१४; व्यवस्था १४:२६; न्यायकर्ता ९:१३)।

३. दाखमद्यलाई औषधीको रुपमा प्रयोग गरिन्छ (२ शमूएल १६:२; हितोपदेश ३१:६–७)।

४. दाखमद्य एउटा मुख्य समस्या हुन सक्दछ (नोआ – उत्पत्ति ९:२१; लोत–उत्पत्ति १९:३३, ३५; शिमशोन – न्यायकर्त्ता १६:१९; नाबाल – १ शमूएल २५:३६; उरियाह – २ शमूएल ११:१३; अमनोन – २ शमूएल १३:१८; एलाह – १ राजा १६:९; बेन–हदद–१ राजा २०:१२; शासकहरु– आमोश ६:६; अनि स्त्रीहरु –आमोश ४)।

५.	दाखमद्यलाई दुरुपयोग गर्न सकिन्छ (हितोपदेश २०:१; २३:२९–३५; ३१:४–५; यशैया ५:११, २२; १९:१४; २८:७–८; होशे ४:११)

६.	निश्चित झूण्डलाई दाखमद्य निषेध गरिएको थियो (पूजाहारीहरुलाई तिनीहरुका कामको समयमा, लेवी १०:९; इजकिएल ४४:२१; नाजिरीहरुलाई, गन्ती ६; अनि शासकहरुलाई, हितोपदेश ३१:४–५; यशैया ५६:११–१२; होशे ७:५)

७.	दाखमद्यलाई मृत्यु र इन्साफको सम्बन्धका दृश्यमा प्रयोग गरिएको छ (आमोस ९:१३; योएल ३:१८ जकरिया ९:१७)।

**आ.	अन्तबाइबलीय**

१.	नियन्त्रित रुपमा दाखमद्य सेवन गर्नु एकदमै लाभदायक हुन्छ (उपदेशक ३१:२७–३०)।

२.	धर्म गुरुहरुहरु भन्दछन्, “सबै औषधीहरुमध्ये दाखमद्यचाहिँ उत्तम हो, जहाँ दाखमद्यको कमी छ त्यहाँ औषधी चाहिन्छ ।” (BB 58b)

इ.	नयाँ करार

१.	येशूले ठूलो परिणाममा पानीलाई दाखमद्यलाई परिवर्त्तन गर्नुभयो (यूहन्ना २:१–११)।

२.	येशूले दाखमद्य पिउनुभयो (मत्ती ११:१८–१९; लूका ७:३३–३४; २२:१७)।

३.	पेन्तिकोसमा पत्रुसलाई “नयाँ दाखमद्य” ले मातेछन् भनेर अभियोग लगाइयो (प्रेरित २:१३)

४.	दाखमद्यलाई औषधीको रुपमा प्रयोग गर्न सकिन्छ (मर्कूस १५:२३; लूका १०:३४; १ तिमोथी ५:२३)।

५.	अगुवाहरु मद्य पिउनेहरु हुनुहुँदैन । यसको अर्थ त्यसबाट पूर्णरुपले अलग रहनु भन्ने होइन (१ तिमाथी ३:३, ८; तीतस १:७; २:३; १ पत्रुस ४:३)।

६.	दाखमद्यलाई मृत्यु र इन्साफको सम्बन्धका दृश्यमा प्रयोग गरिएको छ (मत्ती २२:१; प्रकाश १९:९)

७.	पियक्कडपनलाई खेद मानिएको छ (मत्ती २४:२९; लूका १२:४५; २१:३४; १ कोरिन्थी ५:११–१३; ६:१०; गलाती ५:२१; १ पत्रुस ४:३; रोमी १३:१३–१४)

**उ.	ईश्वरशास्त्रीय अन्तर्दृष्टि**

अ.	भाषिक समस्या

१.	मद्यचाहिँ परमेश्वरको वरदान हो

२.	पियक्कडपन एउटा मुख्य समस्या हो

३.	केही समाजहरुमा विश्वासीहरुले सुसमाचारको खातिर तिनीहरुको स्वतन्त्रतालाई सीमित गर्नु नै पर्दछ (मत्ती १५:१–२०; मर्कूस ७:१–२३; १ कोरिन्थी ८–१०; रोमी १४)

आ.	दिइएको सीमाबाहिर जाने प्रवृत्ति

१.	परमेश्वर सबै असल कुराहरुका स्रोत हुनुहुन्छ ।

२.	पतित मानिसजातिले परमेश्वरका सबै वरदानहरुलाई परमेश्वरले दिनुभएको सीमा बाहिर लगेर तिनीहरुको दुरुपयोग गरेका छन् ।

इ.	दुरुपयोगचाहिँ हामीमै छ, वस्तुहरुमा होइन । भौतिक सृष्टिमा त्यहाँ कुनै कुरा खराब छैन ( मर्कूस ७:१८–२३; रोमी १४:१४, २०; १ कोरिन्थी १०:२५–२६; १ तिमोथी ४:४; तीतस १:१५)।

### ४. पहिलो शताब्दीको यहूदी समाज र खमीरीकरण

अ. खमीरीकरणचाहिँ एकदमै छिटो सुरु हुन्छ, अंगूरलाई कुच्चाइएको करिब ६ घण्टापछि ।
आ. यहूदी परम्पराले भन्दछ कि तब माथिल्लो सतहमा हल्का फिँज देखापर्दछ (अर्थात् खमीरीकरणको चिह्न), योचाहिँ मद्यको दशांस दिन योग्यको हुन्छ (*Ma aseroth* 1:7) । यसलाई “नयाँ मद्य” अथवा “असल मद्य” भनिन्थ्यो ।
इ. प्रारम्भिक तेज खमीरीकरणचाहिँ एक सातापछि पूरा हुन्छ ।
ई. मध्यमस्तरको खमीरीकरणचाहिँ लगभग ४० दिनमा हुन्छ । यस अवस्थामा यसलाई “छिप्पेको मद्य” भनेर मानि लिइन्छ अनि वेदीमा अर्पण गर्न सकिन्छ (*Edhuyyoth* 6:1)।
उ. मद्यलाई यसको भाँडोमै राखिएको (पूरानो मद्य) लाई चाहिँ असल भनेर मानिलिइन्थ्यो, तर प्रयोग गर्नअघि राम्ररी छान्नुपर्दथ्यो ।
ऊ. साधारणतय् एक वर्षसम्म खमीरमा राखिएको मद्यलाईचाहिँ ठीकसँगले छिप्पिएको भनेर मानिलिइन्थ्यो । मद्यलाई सुरक्षित राख्न सक्नुको लागि तीन वर्षचाहिँ लामो अवधि थियो । यसलाई चाहिँ “पूरानो मद्य” भनिन्थ्यो अनि पानीमा मिसाएर पातलो बनाउनुपर्दथ्यो ।
ऋ. पछिल्लो १०० वर्षमा मात्र कीटाणुमुक्त वातावरण अनि रासायनिक वस्तुहरु थपिने कामले खमीरीकरणलाई स्थगित गरिदिएको छ । प्राचीन संसारले खमीरीकरणको प्राकृतिक प्रक्रियालाई बन्द गर्न सकेनन् ।

### ५. अन्तिम बयानहरु

अ. तपाईंको ईश्वरशास्त्र, अनुभव अनि बाइबलीय व्याख्याहरुले येशू अनि पहिलो शताब्दीका यहूदी खीष्टियन संस्कृतिलाई घटाउन सक्दैन भन्ने कुराप्रति निश्चित हुनुहोस् । तिनीहरु स्पष्टरुपले पूर्ण अलग रहेकाहरु थिएनन् ।
आ. मदिराको सामाजिक प्रयोगलाई मैले वकालती गरेको होइन । तरैपनि, धेरैले यस विषयमाथिको बाइबलीय अवस्थालाई बढाएर व्यक्त गरेका छन् अनि अहिले सांस्कृतिक/सम्प्रादायिक पूर्वाग्रहमा आधिकारिक सर्वश्रेष्ठ धार्मिकताको दाबी गर्दछन् ।
इ. मलाई लाग्छ, रोमी १४ अनि १ कोरिन्थी ८–१० ले विश्वासीहरुलाई पछ्याउन अनि हाम्रा संस्कृतिहरुमा सुसमाचार फैलाउनको लागि प्रेम र आदरमाथि आधारित अन्तर्दृष्टि अनि निर्देशिका प्रदान गरेका छन्, तर व्यक्तिगत स्वतन्त्रता अथवा न्यायिक टिप्पणीको लागि भने होइन । यदि विश्वास र प्रथाको स्रोत बाइबलमात्र हो भने, तब त हामी सबैले यस विषयलाई पुनर्विचार गर्नैपर्दछ ।
ई. यदि हामी परमेश्वरको इच्छाको रुपमा पूर्ण अलग हुनु भन्ने कुरालाई जोड दिन्छौं भने, हामीले येशूको विषयमा साथसाथै नियमित मद्य सेवन गर्ने ती आधुनिक संस्कृतिहरुलाई कस्तो संकेत दिन्छौं त (जस्तै, यूरोप, इस्राएल, अर्जेन्टिना)?

| | |
|---|---|
| **NASB** | **“मोजमज्जा”** |
| **NKJV** | **“मोजमज्जा”** |
| **NRSV** | **“मोजमज्जाहरु”** |
| **TEV** | **“आनन्द उत्सव”** |

यो *kōmos* शब्दचाहिँ गाउँ *Kōmē* को लागि ग्रीक शब्दसँग सम्बन्धित छ । यसले अत्यधिक खान–पान, मद्यपान अनि अनियन्त्रित यौन क्रियाकलाप समावेश भएको एउटा ठूलो सामुदायिक पर्वलाई संकेत गर्दछ (रोमी १३:१३; गलाती ५:२१)।

- **"पियक्कडपन"** यो शब्दचाहिँ पहिलेकै शब्दसँग सम्बन्धित छ । NJB ले तिनीहरुलाई "अत्यधिक खान–पान र मद्यपानका समारोह" मा जोडेको छ ।
- **NASB, NKJV** **"घृणित मूर्ति पूजाहरु"**
  **NRSV** **"व्यवस्थाहीन मूर्ति पूजा"**
  **TEV** **"मूर्तिहरुको घृणित पूजा"**
  **NJB** **"झूटा देवहरुको अधार्मिक आराधना गर्ने काम"**

पापहरुको यस सूचीचाहिँ प्रायजसो अत्यधिक खान–पान, अनि अनैतिक यौन क्रियाकलापहरु संलग्न रहेको धर्मभ्रष्टहरुको पूजा गर्ने चलनसँग सम्बन्धित छ । योचाहिँ पूरानो करारमा एकदमै रद्द तुल्याइएको कनानीहरुका उर्वरतासम्बन्धीका पूजासँग मिल्दोजुल्दो थियो ।

४:४ यो पदचाहिँ २:१२, १५; ३:१६ सँग सम्बन्धित छ । खीष्टियनहरुलाई गलत बुझिएको थियो अनि आक्रमण गरिन्थ्यो किनभने (१) तिनीहरुका जीवनहरु अनि प्राथमिकताहरु यति स्पष्टरुपले अनि महत्त्वपूर्णरुपले परिवर्तन भएको थियो जसलाई परिवार, मित्रहरु अनि छिमेकीहरुले ध्यान दिएका थिए अनि (२) केही खीष्टियन शब्दहरु र चलनहरुलाई गलत व्याख्या गरिएको थियो (अर्थात्, प्रेम भोजलाई हाडनाताकरणीको रुपमा, अनि प्रभु भोजनलाई नरभक्षीवादको रुपमा, इत्यादि)।

**४:५ "न्याय गर्न तत्पर हुनुहुनेलाई तिनीहरुले लेखा दिनुपर्नेछ"** न्याय अनि निश्चित कुरो हो (मत्ती १२:३६; हिब्रू ९:२७; २ पत्रुस ४:४, ९; ३:७)। न्याय गर्नुहुनेचाहिँ....

१. परमेश्वर हुनुहुन्छ (रोमी २:२–३; ४:१०, १२; १ पत्रुस १:१७; २:२३; प्रकाश २०:११–१५)

२. खीष्ट (यूहन्ना ५:२२–२७; प्रेरित १७:३१; रोमी २:१६)

न्यायचाहिँ एउटा अप्रिय विषय हो, तर बाइबलमा बारम्बार आइरहने मुख्य विषय हो । योचाहिँ ठोस बाइबलीय सत्यताहरुमाथि आधारित छ ।

१.योचाहिँ नैतिक परमेश्वरद्वारा सृष्टि गरिएको एउटा शिष्ट ब्रमाहण्ड हो (हामी जे रोप्छौं, त्यही कटनी गर्दछौं, गलाती ६:७)

२. मानिस जाति पतित भएको छ, हामीले विद्रोह गरेका छौं ।

३. योचाहिँ परमेश्वरले चाहनुभएको संसार होइन ।

४. सबै चेतनशील सृष्टिहरुले (स्वर्गदूतहरु र मानिसहरु) जीवनको वरदानको लागि आफ्ना लेखा दिनेछ । हामी त सेवकहरु हौं ।

५. यस जीवनमा गरिएका हाम्रा कामहरु र रोजाइहरुले अनन्ततालाई स्थायीरुपमै निर्धारण गर्नेछ ।

- **"जीवित र मृतकहरु"** यसको अर्थ हुन्छ सबै मानिसजाति, जीवित रहेकाहरु अनि अघिबाटै मरेर गएका सबै (फिलिप्पी २:१०; प्रकाश २:१३)।

४:६ **"यसैकारण मृतकहरुलाई पनि सुसमाचार सुनाइयो"** यस वाक्यांशसँग सम्बन्धित त्यहाँ थुप्रै सिद्धान्तहरु छन् :

१. योचाहिँ ३:१८–२० (अर्थात्, कैदमा परेका आत्माहरु) सँग सम्बन्धित छ ।

२. यसले सबै मानिसजातिलाई उल्लेख गर्दछ किनभने सबै मानिस जातिहरु, विश्वासीहरु र अविश्वासीहरु पापको कारण शारीरिकरुपमै मरेका छन् (५ पदसँग समानान्तर)।

३. यसले तिनीहरुको उल्लेख गर्दछ जसले सुसमाचारप्रति प्रतिउत्तर दिएका थिए तर त्यसपछि मरेर गएका छन् (दुवै एवरिष्ट कर्मवाच्य हुन्)।

४. Augustine, Bede, Erasmus अनि Luther को अनुसार यसलेचाहिँ आत्मिक रुपमा मरेकाहरुको (अर्थात्, हराएकाहरु) उल्लेख गर्दछ (लूका १५:२४, ३२; एफिसी २:१, ५; ५:१४; कलस्सी २:१३)।

यस अन्तिम सिद्धान्तले अनुमान लगाउँदछ कि कसैले (अर्थात् कहिले पनि सुसमाचार नसुनेकाहरु) मृत्युपछि ख्रीष्टलाई ग्रहण गर्ने एउटा मौका प्राप्त गर्नेछ । यस सिद्धान्त मानिसको तर्कअनुसार त आकर्षक नै छ, तर रहल भागप्रति भने पूर्णरुपले बेग्लै कुरो हो (अर्थात्, हिब्रू ९:२७)। यसलेचाहिँ अहिलेको अत्यावश्यकता अनि सुसमाचार प्रचारको आवश्यकतालाई नकार्दछ । मलाई लाग्छ १ वा ३ विकल्पचाहिँ सन्दर्भमा मिल्न आउँदछ ।

- **"ताकि तिनीहरुले मानिसहरुजस्तै शरीरमा इन्साफ पाए तापनि आत्मामा तिनीहरु परमेश्वरजस्तै जिऊन्"** यस वाक्यांशचाहिँ ३:१८ मा येशूको वर्णनसँग एकदमै मिल्दोजुल्दो रहेको छ । यसले जीवनपछिका कुराको स्पष्टै छ (दानिएल १२:२; मत्ती २५:४६; यूहन्ना ५:२८–२९; प्रेरित २४:१५)।

NASB (UPDATED) TEXT:4:7-11

७सबै कुराको अन्त्य नजिकै आएको छ । यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत भइरहो । ८सबैभन्दा बढी एकअर्काप्रति तिमीहरुको प्रेम अटल रहोस् । किनकी प्रेमले नै असंख्य पापहरु ढाक्तछ । ९विना गनगन एउटाले अर्काको अथितिसत्कार गर । १०जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहको विभिन्न वरदान पाएका भण्डारेझैं ती एक–अर्काको निम्ति प्रयोग गर । ११यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस् । यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्वारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस् । उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस् । आमेन ।

४:७ **"सबै कुराको अन्त्य नजिकै आएको छ"** योचाहिँ एउटा पूर्ण कर्तृवाच्य संकेतार्थ हो । दोस्रो आगमनचाहिँ १ पत्रुसमा एउटा आइरहने महत्त्वपूर्ण विषय हो (१:५, ६; ४:१३, १७; ५:१, १०)। भौतिक संसारचाहिँ एउटा शुद्ध पार्ने आगोद्वारा नष्ट पारिन्/शुद्ध पारिन गइरहेको छ (२ पत्रुस ३:१०)। येशूमा ( मर्कूस १:१५; लूका २१:३२); पावलमा (रोमी १३:११); याकूबमा (याकूब ५:८) अनि यूहन्नामा (प्रकाश १:१, ३; ३:११; २२:६, ७, १०, १२, २०) परौसिया (*Parousia*) को सन्निकटताको दृश्य पनि देखिन्छ ।

दुई हजार वर्षदेखि नै येशूको आगमनको सन्निकटताचाहिँ थुप्रै उपदेशहरुको विषय बनेको छ अनि अझै पनि उहाँको आगमन भएको छैन । के यसले (१) उहाँको आगमन हुँदैन अथवा (२) छिटै हुने उहाँको आगमनको विषयमा नयाँ करार गलत छ भन्ने संकेत दिन्छ त ? येशूले आफ्नो आगमनको समयलाई जान्नुहुँदैन थियो (मत्ती २४:३६)। यसलेचाहिँ हामीलाई आश्चर्यचकित पार्दछ अनि यो अवतारको रहश्यको भाग पनि हो ।

तुरुन्तैको आगमनचाहिँ नयाँ करारका लेखकहरुको सम्भावना भएको जस्तो देखिन्छ । के भएको छ त ? सर्वप्रथम, समयचाहिँ यसमा संलग्न हुनेहरुका लागिमात्र महत्त्वपूर्ण हुन्छ । परमेश्वर ढिलो हुनुहुन्न, तर परमेश्वर त समयमाथि पनि हुनुहुन्छ । येशूको आगमनको सन्निकटताचाहिँ विश्वासीहरुका हरेक पुस्ताको लागि एउटा उत्साह अनि ईश्वरीय जीवनको प्रेरणा बनेको छ । तरैपनि, ईश्वरशास्त्रीयरुपमा २ थेसलोनिकीले आगमनमा भएको ढिलाइलाई वर्णन गर्दछ (अर्थात्, सर्वनाशको छोरो प्रकट नभएसम्म")। दोस्रो आगमनचाहिँ एउटा बारम्बार आइरहने विषय हो, तर विश्वासीहरुको केवल एउटा पुस्ताको लागिमात्र साँचो कुरो हो (२ पत्रुस ३)।

| | |
|---|---|
| **NASB** | **"शुद्ध मनको र सचेत भइरहो"** |
| **NKJV** | **"गम्भीर र सचेत भइरहो"** |
| **NRSV** | **"गम्भीर होओ र आफैंलाई शिक्षा देओ"** |
| **TEV** | **"तिमीहरु स्व–नियन्त्रित अनि चनाखो हुनैपर्दछ"** |
| **NB** | **"यसैले तिमीहरुको हृदय शान्त अनि सचेत राख"** |

योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग गरिएको आज्ञार्थक अथवा कृदन्तहरुको एउटा श्रृङ्खलाको सुरुवात हो, जसले ईश्वरीय जीवनलाई जोड दिन्छ (४:६)। यी दुईओटा शब्दहरुले मानसिक सतर्कतालाई उल्लेख गर्दछ, विशेष गरेर प्रार्थनाको क्षेत्रमा । पहिलो शब्दचाहिँ *sōphroneō* हो । यसले (अनि यसको सम्बन्धित रुपहरुले) शान्त, स्वस्थ, स्थिर अनि जोशपूर्ण सोंचाइलाई उल्लेख गर्दछ (यसलाई पावलको पत्रहरुमा प्रायःजसो प्रयोग गरिएको छ, १ तिमोथी २:९, १५; ३:२; २ तिमोथी १:७; तीतस १:८; २:२, ४, ५, ६, १२)। दोस्रो शब्दचाहिँ *nēphō* (अनि यससँग सम्बन्धित रुपहरु) हो, जुनचाहिँ शाब्दिकरुपमा पियक्कडपनसँग सम्बन्धित छ, तर विवेकी, नियन्त्रित, असल सोंचाइ, अनि सम्भवत् स्व–नियन्त्रितको लागि चित्रात्मक रुपमा प्रयोग गरिएको छ (१ थेसलोनिकी ५:६, ८; १ तिमोथी ३:११; तीतस २:२; अनि १ पत्रुस १:१३; ५:८)।

तरैपनि, ध्यान दिनुहोस् कि खीष्टको आगमनको सम्बन्धमा पत्रुसले अन्त्यको समयको कुनै घटनालाई उल्लेख गर्दैन । तिनले यसको वास्तविकतालाई ईश्वरीय जीवनको एउटा तीब्र कुराको रुपमा प्रयोग गरेका छन् । यिनीहरु दुवै एवरिष्ट आज्ञार्थकहरु हुन् । योचाहिँ सम्भवत् पत्रुसको गेतसमनीका अनुभवसँग सम्बन्धित छ (मत्ती २६:४०–४१)। पारौसिया (*Parousia*) को तत्काल उद्देश्यचाहिँ हरेक युगमा खीष्टरुपी जीवन जिउनलाई एउटा वास्तविक उत्साह हो, विशेष गरेर कठोर सतावटको माझमा ।

**"प्रार्थनाको निम्ति"** सतावट र परीक्षाको समयमा प्रार्थनाचाहिँ एउटा शक्तिशाली हतियार हुन्छ (एफिसी ६:१८–१९), आफ्नो लागिमात्र होइन, तर अरुहरुको लागि पनि (१ थेसलोनिकी ५:१७, २५; याकूब

४:१६)। ३ पदले जसरी अविश्वासी धर्मभ्रष्टहरुको अनुचित व्यवहारलाई गरेको छ, त्यसरी नै ७–११ पदले विश्वासीहरुबाट आशा गरिएको व्यवहारको वर्णन गर्दछ ।

| | | |
|---|---|---|
| **४:८** | **NASB, NRSV, NJB** | **"सबैभन्दा बढी"** |
| | **NKJV** | **"सबै कुराहरु भन्दा बढी"** |
| | **TEV** | **"हरेक कुराभन्दा बढी"** |

योचाहिँ प्राथमिकता दिइने कुराको लागि ग्रीक कहावत हो (याकूब ५:१२)। प्रेमचाहिँ पहिलो कुरो हो (१:२२; ३:८; यूहन्ना १३:३४; १५:१२, १७; १ कोरिन्थी १३; १ यूहन्ना २:७–८; ३:१, २३; ४:७–२१)।

- **"तिमीहरुको प्रेम अटल रहोस्"** योचाहिँ आज्ञार्थकको रुपमा प्रयोग गरिएको वर्तमान कर्तृवाच्य कृदन्त हो । यसले अरु विश्वासीहरुका लागि एउटा गरिँदै गरेको प्रेमलाई आदेश दिन्थ्यो, जुनचाहिँ १ पत्रुसले अगाडि नै परिचय गराएको एउटा विषय हो (१:२२; ३:८)।

- **"एक–अर्काप्रति"** "एक–अर्का" को तेब्बर प्रयोगलाई ध्यान दिनुहोस् त (८, ९ अनि १० पद)। ख्रीष्टियनिटीचाहिँ सामुदायिक कुरो हो । हामीलाई त एक–अर्काको लागि दिइएको हो (१ कोरिन्थी १२:७)।

- **"प्रेमले नै असंख्या पापहरु ढाक्तछ"** यस वाक्यांशको सम्बन्धमा त्यहाँ थुप्रै सिद्धान्तहरु छन् ।

१. योचाहिँ हितोपदेश १०:१२ (LXX होइन तर MT बाट) बाटको एउटा पूरानो करारको उद्धरण हो, जहाँ प्रेमले यसप्रति गरिएको गलत कुराहरुको सम्झना गर्दैन ।

२. योचाहिँ याकूब ५:२० सँग सम्बन्धित छ, जहाँ प्रेमले अर्का विश्वासीलाई विश्वासबाट हटेर गएको आत्मिक परिणामहरुलाई पल्टाइदिन्छ ।

३. योचाहिँ मत्ती ६:१४–१५ अनि मर्कूस ११:२५ सँग सम्बन्धित छ, जहाँ अरुहरुप्रतिको हाम्रो क्षमाचाहिँ हामीलाई पनि क्षमा गरिएको कुराको एउटा प्रमाण हो (अर्थात्, Origen र Tertullian)

४. यो १ कोरिन्थी १३:७, सतावटमुनि रहेको समयमा सँगी ख्रीष्टियनहरुको स्पष्ट कमजोरीलाई नदेख्ने प्रेमको योग्यतासँग सम्बन्धित छ ।

**४:९ "एउटाले अर्काको अतिथि सत्कार गर"** योचाहिँ *phileō* (प्रेम) साथै *xenos* (आगन्तुक) को मिश्रित शब्द हो । यस आगन्तुकप्रतिको प्रेमचाहिँ विशेष गरेर ती दिनहरुमा ठाउँ–ठाउँमा घुमिहिँड्ने ख्रीष्टियनहरुका लागि आवश्यक थियो जहिलेचाहिँ पौवाहरु दुष्टको कुख्यात ठाउँ भएको थियो (मत्ती २५:३५; रोमी १२:१३; १ तिमोथी ३:२; तीतस १:८; हिब्रू १३:२; २ यूहन्ना ५–८)। ग्रीक मूल पाठमा यस परिच्छेदमा त्यहाँ कुनै क्रिया छैन । थुप्रै आज्ञार्थकहरुको कारण यो पनि शायद एउटा चलिरहेको आज्ञा हुनसक्दछ ।

- **"विना गनगन"** विश्वासीहरुका मनोवृत्तिचाहिँ महत्त्वपूर्ण हुन्छ । विश्वासीहरुले आफूहरु कुनै कुराको पनि मालिक होइन तर हरेक कुराको सेवक हौं भनेर बुझ्नुपर्दछ । ढोका खुल्ला राख्ने

यस नीतिचाहिँ मण्डलीका यात्रा गर्ने सेवकहरुका लागि मात्र जरुरी थिएन तर ती स्थानीय विश्वासीहरुका लागि पनि थियो जसहरुले सतावटको कारण आफ्ना जागिरहरु अनि घरहरु गुमाएका थिए । अरुजस्तै, यस आज्ञाले पनि ख्रीष्टियन विश्वासको सहयोगी प्रकृतिलाई देखाउँदछ ।

४:१० **"जसले जस्तो वरदान पाएको छ"** यो एउटा एवरिष्ट कर्तृवाच्य संकेतार्थ हो, जसले बितेको समयमा पूरा भएको कुनै कामको संकेत गर्दछ । 'वरदान' (*charisma*) शब्दचाहिँ "अनुग्रह" (*charis*) को लागि मूल शब्दबाट आएको हो । यस्ता वरदानहरु सेवाकाइको लागि अनुचित, अयोग्य प्रेमका वरदानहरु हुन् । हरेक विश्वासीहरुमा उद्धारको समयमा सेवाकाई अनि मण्डलीको उद्देश्यको लागि परमेश्वरद्वारा दिइएको एउटा आत्मिकी वरदान हुन सक्दछ, तर यदि त्यसो हो भने पनि, तिनीहरुचाहिँ ख्रीष्टको महिमाको लागि अलौकिक रुपमै शक्ति प्रदान गरिएको हुन्छन् ।

यस नयाँ करारको सत्यताको व्यवहारिक पक्षचाहिँ यो हो कि हरेक विश्वासीहरु ख्रीष्टको एकजना पूर्ण समय काम गर्ने; बोलावट भएका अनि वरदान पाएका सेवक हुन् (एफिसी ४:१२)। त्यसैकारण हरेक विश्वासी स्थानीय मण्डलीको प्रभावकारी काम गराइहरुप्रति महत्त्वपूर्ण हुन्छ । योचाहिँ आधुनिक मण्डलीमा एकदमै साधारण रहेको तर एकदमै अयोग्य अगुवा/सेवकको नमुनालाई गरिएको बाइबलीय सुधार हो । केवल तनखा दिइएका अनि अभिषेक गरिएका कर्मचारीहरुद्वारा मात्रा यस संसारलाई कहिले पनि जित्न अनि चेला बनाउन सकिँदैन ।

- **"एक–अर्काको निम्ति प्रयोग गर"** योचाहिँ एउटा आज्ञार्थकको रुपमा प्रयोग गरिएको वर्तमान कर्तृवाच्य कृदन्त हो । योचाहिँ कमरा (*diakonos*) को लागि ग्रीक शब्दबाट आएको हो । पछि गएर यो डिकनहरुका लागि उपाधि बनेको छ (फिलिप्पी १:१)। ख्रीष्टियनिटीमा अगुवाहरु त कमराहरु हुन् तर मालिकहरु होइनन् । आत्मिक वरदानहरु त आफ्नो लागि होइन, तर अरुको लागि हो (१ कोरिन्थी १२:७)। आत्मिक वरदान त "योग्यताको चिह्न" होइन तर "सेवा गर्ने खास्टोहरु" हो ।
- **"भण्डारेझैं"** योचाहिँ शाब्दिकरुपमा "परिवारका प्रबन्धहरु" हो । मण्डलीचाहिँ परमेश्वरको परिवार हो १७ पद)। आत्मिक वरदानहरुको आफ्ना भण्डारेपनका लागि विश्वासीहरुले ख्रीष्टमा लेखा दिनुपर्नेछ (१ कोरिन्थी ३:१०–१७; २ कोरिन्थी ५:१०)।
- **"परमेश्वरका अनुग्रहका विभिन्न वरदान"** १ पत्रुसमा "विभिन्न शब्दचाहिँ कुनै समपार्श्वबाट ज्योति गएको जस्तै गरी दुईपटक देखापर्दछ जसको अर्थ हुन्छ "रङ्गीबिरङ्गी"। यस परिच्छेदले १ पत्रुस १:६ लाई सन्तुलन गर्दछ । हरेक जाँचको लागि (याकूब १:२) त्यहाँ परमेश्वरको अनुग्रहको समान अनुपात नै रहेको हुन्छ अनि परमेश्वरले यसलाई अरु विश्वासीहरु मार्फत् उपलब्ध गराउन रोज्नुभएको छ । कुनै पनि विश्वासी एउटा अलग्गै रहेको कुरो होइन ।

४:११ **"यदि कसैले ............ यदि कसैले"** यिनीहरुचाहिँ दुईओटा प्रथम श्रेणीको शर्तबन्ध वाक्यहरु हुन् । परमेश्वरद्वारा वरदान पाएका सेवकहरुले उहाँको शक्तिमार्फत् बोल्नु अनि सेवा गर्नुपर्दछ । यदि हामी बोल्दछौं भने पनि यो उहाँकै बोल्ने कुरा हुन्छ । यदि हामी सेवा गर्दछौं भने यो उहाँकै सामर्थ्यबाट हुन्छ ।

- **“परमेश्वरले दिनुभएको”** योचाहिँ कुनै “फ्रूण्ड” लाई आर्थिकरुपमै सहयोग गर्ने कसैको लागि प्रयोग गरिएको एउटा वर्तमान कर्तृवाच्य संकेतार्थ हो (*chorēgēo,* जुनचाहिँ *choros* र *hēgeomai* को एउटा मिश्रण हो)। परमेश्वरले आफ्ना वरदान दिएकाहरुलाई प्रचुरमात्रामा लगातार जुटाउनु हुन्छ (१ कोरिन्थी ९:१०, २ पत्रुस १:५, ११ मा आएको जस्तै *epi* उपसर्गसँगको त्यस्तै शब्द हो)।

पावलले आत्मिक वरदानहरुको श्रेय आत्मालाई (रोमी १०) अथवा ख्रीष्टलाई (एफिसी ४:११) दिएको कुरा निकै रोचकपूर्ण छ, तर पत्रुसले तिनीहरुको श्रेय परमेश्वर पितालाई दिएका छन् । योचाहिँ ईश्वरत्वको सबै व्यक्तिहरु राज्यको क्रियाकलापहरुमा संलग्न रहेका कुराको अर्को उदाहरण हो (१ कोरिन्थी १२:४–६)

- **“यस हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस्”** योचाहिँ एउटा उद्देश्य (*hina*) उपवाक्य हो । आत्मिक वरदानले परमेश्वरलाई महिमा दिनुपर्दछ, तर मानिसलाई होइन । हाम्रो वरदानपनले उहाँलाई देखाउँदछ (मत्ती ५:१६; १ कोरिन्थी १०:३१; १ पत्रुस २:१२)।
- **“उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस”** यस सन्दर्भमा यसले येशूलाई उल्लेख गर्दैछ ( २ तिमोथी ४:१८; २ पत्रुस ३:१८; प्रकाश १:६)। प्रकाश ५:१३ मा यसलाई पिता अनि पुत्र दुवैको लागि प्रयोग गरिएको छ । साधारणतय् यस वाक्यांशले पिताको उल्लेख गर्दछ (१ पत्रुस ५:११; यहूदा २५; प्रकाश ७:१२)। “महिमा” को टिप्पणीको लागि १:२१ लाई हेर्नुहोस् ।
- **“आमेन”** मर्कूस ३:२८ मा “आमेन” माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

NASB (UPDATED) TEXT: 4:12-19

१२प्रिय हो, तिमीहरुलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरुमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तो तिमीहरु छक्क नपर । १३तर ख्रीष्टका कष्टमा सहभागी हुँदा तिमीहरु पनि आनन्दित र हर्षित हुन सक । १४यदि ख्रीष्टको नाउँमा तिमीहरु निन्दित भयौ भने तिमीहरु धन्यका हौ । किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरुमाथि रहनुहुन्छ । १५तर तिमीहरुमध्ये कसैले पनि हत्यारा वा चोर वा खराबी गर्ने, वा अर्काको कुरामा हात हाल्ने झैं दुःख नभोग । १६तर कसैले ख्रीष्टियन भएको कारण दुःख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यही ठाउँमा उसले परमेश्वरलाई महिमा दिओस् । १७किनभने न्याय परमेश्वरकै परिवारबाट सुरु हुने समय आएको छ, र यदि यो हामीबाट सुरु हुन्छ भनेता परमेश्वरको सुसमाचार नमान्नेहरुको अन्त्य कस्तो होला ? १८अनि, “यदि धर्मीजनको उद्धार कठिनसँग हुन्छ भने अधर्मी र पापीहरुको गति के हुने ?” १९यसकारण परमेश्वरको इच्छा बमोजिम दुःख भोग्नेहरुले भलाई गरुन् र तिनीहरुले आफ्ना आत्मा विश्वासयोग्य सृष्टिकर्ताकहाँ सुम्पून् ।

**४:१२ “प्रिय हो”** योचाहिँ आफ्ना पुत्रलाई उल्लेख गर्ने पिताको तरिका हो (येशूको बप्तिस्मामा, मत्ती ३:१७; यशैया ४२:१, १२:१८ बाटको उद्धरण; येशूको रुप परिवर्त्तनको समयमा १७:५)। पछि गएर यस उपाधिलाई उहाँका अनुयायीहरुमा सरुवा गरिएको छ (२:११; ४:१२; २ पत्रुस १:१७; ३:१, ८, १५, १७; अनि पावलको लेखहरुमा बारम्बार प्रयोग गरिएको छ ।)

- **"छक्क नपर"** यो चाहिँ नकारात्मक अंश सहितको एउटा वर्तमान कर्मवाच्य आज्ञार्थक हो, जसले अघिबाटै प्रक्रियामा रहेको कुनै कार्यलाई रोक्ने कुराको उल्लेख गर्दछ । यी विश्वासीहरु सतावटप्रति छक्क पर्दथे ।

- **"अग्निमय परीक्षा"** योचाहिँ परीक्षाहरु र सतावटहरुको लागि एउटा अलंकार हो (दैनिक जीवनको साधारण समस्याचाहिँ होइन, १४, १८ पद; तर हाम्रा सांस्कृतिक जीवनलाई हामी कसरी सम्हाल्छौं भन्ने कुराचाहिँ एउटा गवाही हो)। त्यहाँ थुप्रै बाइबलीय पाठहरु छन् जसले दाबी गर्छन् कि खीष्टलाई पछ्याउनेहरुका लागि सतावट र कष्टचाहिँ साधारण कुरो हुन्छ (मत्ती ५:१०–१२; १६:१–३; १७:१४; प्रेरित १४:२२; रोमी ५:३–४; ८:१७; २ कोरिन्थी ४:१६–१८; ६:३–१०; ११:२३–३०; फिलिप्पी १:२९; १ थेसलोनिकी ३:३;२ तिमोथी ३:१२; याकूब १:२–४; १ पत्रुस ४:१२–१६)। तिनीहरुचाहिँ खीष्टरुपी कुराहरु उत्पन्न गराउने पिताको साधनहरु हुन् (हिब्रू ५:८)।

- **"तिमीहरुमाथि आइपर्दा"** योचाहिँ एउटा भविष्यत् काल हो, तर वर्तमान कृदन्त पनि हो । यो एउटा वर्तमान अप्रत्याशित वास्तविकता हो !

- **"तिमीहरुलाई पारख गर्ने"** योचाहिँ ग्रीक क्रिया *periazō* हो, मर्कूस १:१३, # २ 'ग' मा विशेष शीर्षकलाई हेर्नहोस् ।

- **"केही अनौठो कुरा भएजस्तो तिमीहरु"** यस वाक्यांशमा, नामयोगी *sun* सित एउटा संयुक्त क्रिया (वर्तमान कर्तृवाच्य कृदन्त) छ, जसको अर्थ हुन्छ "सहभागिता जनाउनु ।" यी विश्वासीहरु सतावटबाट भएर गइरहेका थिए । तिनीहरुले यस्ता कुराहरुलाई जान्नुपर्दथ्यो कि :
    १. विश्वासीहरुका लागि यो असाधारण कुरो होइन ।
    २. यो पापको परिणाम होइन (अर्थात्, व्यवस्था २७–२८)।
    ३. परमेश्वरको इच्छामा यसमा एउटा उद्देश्य हुन्थ्यो ।

**विशेष शीर्षक : खीष्टियनहरुमाथि किन कष्ट आइपर्छ त ?**

१. व्यक्तिगत पाप (क्षणिक न्याय) को कारण । यसले सबै समस्याहरु र नकारात्मक परिस्थितिहरु पापको परिणाम हो भनेर संकेत गर्दैन (अय्यूब; भजन ७३; लूका १४:१–५; नहेम्याह ९; प्रेरित ५:१–११; १ कोरिन्थी ११:२९–३०; गलाती ६:७)।
२. खीष्टरुपी जीवन विकास गर्नलाई (हिब्रू ५:८)। मानिसले झैं भन्नु हो भने, येशू पनि परिपक्व हुनुपर्दथ्यो, अनि त्यसैगरी, उहाँका चेलाहरु पनि (रोमी ५:३–४; ८:२८–२९; २ कोरिन्थी १२:७–१०; फिलिप्पी ३:१०; हिब्रू १२:५–१२; याकूब १:२–४; १ पत्रुस १:७)।
३. एउटा शक्तिशाली अनि प्रभावकारी गवाहीको विकास गर्न (मत्ती ५:१०–१२; यूहन्ना १५:१८–२२; १ पत्रुस २:१८–२१; ३:१३–१७)।
४. नयाँ युगको प्रसव वेदनाको चिह्नको रुपमा (मत्ती २४:६; मर्कूस १३:८)।

**४:१३ "सहभागी"** तलका विशेष शीर्षकलाई हेर्नुहोस् ।

***विशेष शीर्षक : KOINŌNIA "संगति" (कोइनोनिया)***

"संगति" (*Koinōnia*) शब्दको अर्थ हुन्छ :

१. कुनै व्यक्तिसँगको निकट सम्बन्ध

अ. पुत्रसँग (१ यूहन्ना १:६; १ कोरिन्थी १:९)

आ. आत्मासँग (२ कोरिन्थी १३:१३; फिलिप्पी २:१)

इ. पिता अनि पुत्रसँग (१ यूहन्ना १:३)

ई. अरु करारीय दाज्यू–भाइ/दिदी–बहिनीहरुसँग (१ यूहन्ना १:७; प्रेरित २:४२; गलाती २:९; फिलेमोन १७)

२. कुनै कुराहरु अथवा भूुण्डहरुसँगको निकट सम्बन्ध

अ. सुसमाचारसँग (फिलिप्पी १:५; फिलेमोन ६)

आ. खीष्टको रगतसँग (१ कोरिन्थी १०:१६)

इ. अन्धकारसँग होइन (२ कोरिन्थी ६:१४)

ई. कष्टसँग (फिलिप्पी ३:१०; ४:१४; १ पत्रुस ४;१३)

३. उदार शैलीमा गरिएको वरदान अथवा सहयोग (रोमी १२:१३; १५:२६; २ कोरिन्थी ८:४; ९:१३; फिलिप्पी ४:१५; हिब्रू १३:१६)।

४. खीष्टमार्फत् परमेश्वरको अनुग्रहको वरदान, जसले उहाँ अनि आफ्ना दाज्यू–भाइ अनि दिदीबहिनीहरुसँगको मानिसजातिको संगतिलाई पुनर्स्थापन गर्दछ ।

यसले समतल सम्बन्धको दाबी गर्दछ (मानिसको मानिससँग) जसलाई सीधा सम्बन्ध (मानिसजातिको सृष्टिकर्तासँग) द्वारा ल्याइएको थियो । यसले खीष्टियन समुदायको आवश्यकता र आनन्दलाई जोड दिन्छ । क्रियाकालले समुदायको यस अनुभवको सुरुवात र निरन्तरतालाई जोड दिन्छ (१:३ (दुईपटक) ६,७)। खीष्टियनिटीचाहिँ सामूहिक कुरो हो ।

- **"आनन्दित र हर्षित हुन सक"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । खीष्टको लागि कष्ट पाउने कुराचाहिँ आनन्दसँग गाँसिएको कुरा अचम्मलाग्दो छ । यसले मूलरुपमा नयाँ संसारको दृष्टिकोणलाई देखाउँदछ जसलाई विश्वासीहरुले विश्वासबाट प्राप्त गर्दछन् जहिलेचाहिँ तिनीहरुले खीष्टमा तिनीहरुको अन्तिम विश्वास राख्दछन् । मत्ती ५:१०–१२ मा येशू आफैले पनि यस सत्यतालाई पहिलोपटक प्रयोग गर्नुभयो । रोमी ५:२, ३ मा पावलले यस्तै सत्यतालाई उल्लेख गर्दछ ।

- **"ताकि उहाँको महिमा प्रकट हुँदा ....... पनि"** यसले उहाँका आफ्नाहरुलाई लैजान खीष्टको महिमित आगमनको उल्लेख गर्दछ (यूहन्ना १४:१–३)।

**४:१४ "यदि"** यो एउटा प्रथम श्रेणीको शर्तबन्ध शब्द हो, जसलाई लेखकको उद्देश्यअनुसार अथवा तिनको साहित्यिक उद्देश्यहरुका लागि साँचो हो अनि पूरा भएको भनी मानिलिइन्छ ।

- **"निन्दित"** "निन्दित" अथवा "खिसी" शब्द पनि मत्ती ५:११ बाटै आएको हो । यसै विषयमाथि येशूले भन्नुभएको कुरालाई सुनेका कुरा पत्रुसले स्मरण गरेकै हुनुपर्दछ ।
- **"खीष्टको नाउँमा"** "………. नाउँमा" चाहिँ कसैलाई उल्लेख गर्ने पूरानो करारको एउटा कहावत हो । परमेश्वरको नाउँको पुकारा गर्नु (अर्थात् योएल २:३२; प्रेरित २:२१, रोमी १०:९–३१) को अर्थ हुन्छ उहाँको व्यक्तित्व अनि चरित्रमा प्रार्थना गर्नु ।
- **"तिमीहरु धन्यका हौ"** योचाहिँ डाँडाको उपदेश (मत्ती ५:३–९) मा येशूद्वारा प्रयोग गरिएको ग्रीक शब्द *makarios* हो । यसले मत्ती ५:१०–१२ लाई प्रतिविम्बित गर्दछ । १ पत्रुस ३:१४ मा पनि यस्तै सत्यता (अनि ययस्तै शब्द) छ । कष्ट र सतावटले आनन्द र आशिष ल्याउन सक्छन् भन्ने कुरा पश्चिमी भौकिवादीहरुका लागि साह्रै अनौठो कुरो हो ।
- **"किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरुमाथि रहनुहुन्छ"** योचाहिँ (१) खीष्टको बप्तिस्मासँग मिल्दोजुल्दो अनुभव (मत्ती ३:१६; यूहन्ना १:३२) अथवा (२) आत्माले येशूलाई कसरी शक्तिशाली बनाउनुभयो (यशैया ११:२; ४२:२; ५९:२१; ६१:१) भन्ने कुराको एउटा संकेत हुनसक्दछ । येशूले गर्नुभएको कष्टको अनुभवचाहिँ अब हाम्रो भएको छ (रोमी ८:१७)। आत्माको उपस्थितिले स्वस्थ्य, सम्पत्ति अथवा सफलता ल्याउँदैन, तर सतावट पो ल्याउँदछ (यूहन्ना १५:१८; १७:१४)। येशूले आत्माको उपस्थितिको प्रतिज्ञा अनि सतावटको समयमा सहायताको प्रतिज्ञा गर्नुभयो (मत्ती १०:१६–२३, विशेष गरेर २० पद)।

ग्रीक पाण्डुलिपीमा यस वाक्यांशको कैयौं विभिन्नताहरु छन् (४)। UBS[4] ले NASB मा उल्लेख गरिएको एउटा "A" दिन्छ जसको अर्थ हुन्छ (निश्चय)।

यस बिन्दुमा Textus Receptus ले एउटा वाक्यांशलाई थपेको छ जसलाई KJV अनि NKJV मा प्रतिविम्बित गरिएको छ : "तिनीहरुका लागि उहाँ ईश्वरनिन्दा गर्ने हुनुहुन्छ, तर तपाइँको लागि भने उहाँ महिमित हुनुहुन्छ ।" केवल पछिल्लो अनसियल पाण्डुलिपीहरु (अर्थात्, नवौं शताब्दीबाटको K; आठौं शताब्दीबाटको L; अनि छैटौं शताब्दीबाटको P) मा मात्र यो वाक्यांश विभिन्नरुपमा देखा पर्दछ, अनि यो शायद असली नहुन सक्दछ । UBS[4] ले यसको छुटाइलाई "निश्चय" भनेर श्रेणी निर्धारण गर्दछ ।

**४:१५ "तिमीहरुमध्ये कसैले पनि ……."** योचाहिँ नकारात्मक कणसँगको एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो जसको साधारणतय् अर्थ हुन्छ अघिबाटै प्रक्रियामा रहेको कामलाई बन्द गर्नु ।

- **"अर्काको कुरामा हात हाल्नेले"** सबै ग्रीक साहित्यमा यस शब्दलाई यहाँमात्र प्रयोग गरिएको छ । योचाहिँ "अरुको" (अर्थात्, *allotrios*) अनि "जाँच्नु" अथवा "निरिक्षण गर्नु" (अर्थात्, *episkopos*) जस्ता दुईओटा ग्रीक शब्दहरुको मिश्रण हो । त्यसपछि यसले कसैको उल्लेख गर्दछ, जसले अरुहरुको कामहरुमा भाँजो हाल्ने काम गर्दछ ।

**४:१६ "खीष्टियन"** योचाहिँ मूलरुपमा एउटा उपहासको शब्द थियो (प्रेरित ११:२६; २६:२८)। नयाँ करारमा यसलाई तीन पटकमात्र प्रयोग गरिएको छ । यसको अर्थ हुन्थ्यो "सानो खीष्ट" (अर्थात्

*Christianos*)। पहिलो शताब्दीको मध्यसम्म यो विश्वासीहरुका लागि साधरण उपाधि बन्नपुग्यो ( अर्थात्, Tacitus, *Ann.* १५:४४)।

**"उसले लाज नमानोस्"** योचाहिँ नकारात्मक अंश सहितको एउटा वर्तमान कर्मवाच्य आज्ञार्थक हो जसले साधारणतय् अघिबाटै प्रक्रियामा रहेको कुनै कामलाई बन्द गर्नु भन्ने कुराको संकेत दिन्छ । योचाहिँ येशूको रातीको मुकदमाप्रति पत्रुसको लागि एउटा स्मरण हुनसक्दछ, जहाँ तिनी लज्जित भएका थिए (मत्ती २६:६९–७५; मर्कूस ४:६६–७२; लूका २२:५६–६२; यूहन्ना १८:१६–१८, २५–२७)।

**४:१७ "किनभने न्याय ......... सुरु हुने समय आएको छ"** योचाहिँ मलाकी ३:१–६ को एउटा संकेत हुनसक्दछ जहाँ इन्साफचाहिँ मसीह अचानक अनि उदेकपूर्ण तरिकामा उहाँका मानिसहरुमा आउने कुराँगै सुरु हुन्छ (जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै लिइन्छ, यर्मिया २५:२९)। परमेश्वरका मानिसहरुमाझ यदि त्यहाँ जानीबुझीकन अपश्चातापी पापीहरु हुन्छन् भने (अनि त्यहाँ त्यस्ताहरु छन् पनि) तब त तिनीहरुलाई पहिले न्याय गरिन्छ । तिनीहरुको एउटैमात्र आशाचाहिँ YHWH को नबदलिने चरित्र हो (मलाकी १:६)।

यो पद न्यायकर्ताको रुपमा येशूको दोस्रो आगमनको निकटताको एउटा यहूदी कहावत पनि हुन सक्दछ । पूरानो करारका यहूदीहरु (अनि नयाँ करारका प्रेरितहरु) ले मनुष्य इतिहासको एउटा महा-विपत्तिको निष्कर्षलाई अघिबाटै देखेका थिए, जसलाई प्रायःजसो "नयाँ युगको प्रसव वेदना" भनिन्छ, जसलाई मर्कूस १३:८ मा येशू आफैंले पनि स्पष्टरुपले उल्लेख गर्नुभएको छ ।

- **"परमेश्वरकै परिवारबाट"** १ पत्रुसमा त्यहाँ दुईओटा भवनसम्बन्धीका अलंकारहरु छन् जुनचाहिँ मण्डलीसँग सम्बन्धित छ (१) जीवित पत्थरहरुबाट बनिएको मन्दिरको रुपमा मण्डली (२:४–१०) अनि (२) परमेश्वरको परिवारको रुपमा मण्डली (मानिसहरु अथवा ठूलो परिवारको घरको सामूहिक अलंकार, ४:१७; १ तिमोथी ३:१५; हिब्रू ३:६)।

- **"यदि"** योचाहिँ १६ अनि १८ पदमा भएझैं अर्को प्रथमश्रेणीको शर्तबन्ध वाक्य हो ।

**४:१८ "यदि धर्मीजनको उद्धार कठिनसँग हुन्छ भने"** योचाहिँ सेप्टुअजिन्टमा हितोपदेश ११:३१ को लागि एउटा संकेत हो ("यदि धर्मीजनहरु मुश्किलले बचाइएका छन् भने, अधर्मीहरु र पापीहरु कहाँ प्रकट हनेछ त ?")।

**४:१९ "परमेश्वरको इच्छाबमोजिम दुःख भोग्नेहरुले"** यदि यस संसारमा कष्ट भोग्नेचाहिँ "धर्मीजनहरु" हुन् भने (प्रथम श्रेणीको शर्तबन्ध वाक्य, १८ पद), परमेश्वरको न्यायको दिनमा अधर्मीहरुका लागि चाहिँ के हुनेछ त ? परमेश्वर त बचाइएकाहरुसँग हुनुहुन्छ (३:१२, १४), तर विद्रोही अविश्वासीहरु र सताउनेहरुको त विरुद्धमा हुनुहुन्छ (३:१२)।

- **"तिनीहरुले आफ्ना आत्मा ............ सुम्पून्"** योचाहिँ तिनीहरुले आफैंआफलाई निरन्तर परमेश्वरमा सुम्पून् भनेर संकेत गर्ने एउटा वर्तमान मध्यम आज्ञार्थक हो । पावलले तिमोथीलाई सुसमाचार सुम्पेका थिए (१ तिमोथी १:१८)। अरुहरुलाई पनि बाँडून् भनी पावलले

विश्वासीहरुलाई सुसमाचार सुम्पेका थिए (२ तिमोथी २:२) योचाहिँ "जमा गर्नु" को लागि एउटा बैंक सम्बन्धीको शब्द हो । क्रूसमा आफ्नो मृत्युको समयमा येशूले यस्तै शब्दलाई प्रयोग गर्नुभयो । उहाँले आफ्नो आत्मा पितालाई सुम्पनुभयो (लूका २३:४६)।

- **"विश्वासयोग्य सृष्टिकर्ता"** परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । योचाहिँ बाइबलको आधारभूत पुष्टिकरण हो (गन्ती २३:१९; व्यवस्था ७:९; यशैया ४०:८; ४९:७; ५५:११; १ कोरिन्थी १:९; १०:२३; २ कोरिन्थी १:१८; १ थेसलोनिकी ५:२४; २ थेसलोनिकी ३:३; २ तिमोथी २:१३ अनि १ पत्रुस १:१९)। योचाहिँ परमेश्वरको परिवर्त्तन नहुने चरित्र हो (मलाकी ३:६); जुनचाहिँ हरेक विश्वासीहरुको निश्चित आशा हो । उहाँले जे कुरा गर्नेछु भनेर उहाँले भन्नुभएको छ त्यो परमेश्वरले गर्नुहुनेछ ।
- **"भलाई गरुन्"** यस ग्रीक शब्दको अर्थ हुन्छ "भलाई गर्नु" अथवा "असल गर्नु"। योचाहिँ १ पत्रुसको एउटा दोहोरिरहने मुख्य विषय हो (२:१४, १५, २०; ३:६, १७; ४:१९)। यस पत्रलाई ठीकसँग जिउन अनि कष्टको लागि तयार रहनको लागि चेतावनीहरुद्वारा भरिएको छ । ४:१४ मा *"ख्रीष्टियनहरुमाथि किन कष्ट आइपर्छ त"* माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. दोस्रो आगमनको सन्निकटताको कारण विश्वासीहरुले गर्नुपर्ने कुराहरुको सूची बनाउनुहोस् ।
२. नयाँ करारका लेखकहरुले प्रभुको आगमन चाँडै हुने आशा गरेका थिए कि ढिलो हुने आशा गरेका थिए ?
३. प्रेमले कसरी पापहरुलाई ढाक्तछ त ? कसको पापहरुलाई ?
४. के हरेक ख्रीष्टियनमा आत्मिकी वरदान हुन्छ त ? यदि हुन्छ भने, किन ?
५. विश्वासीहरुका लागि सतावटचाहिँ साधारण कुरो हो कि अनौठो कुरो हो ?
६. विश्वासीहरुका जीवनमा निर्दोष कष्ट अनि परीक्षाहरुको उद्देश्यचाहिँ के हो त ?
७. निर्दोष सतावटप्रति कुनै ख्रीष्टियनले कसरी प्रतिउत्तर दिनुपर्ने हो त ?
८. के ख्रीष्टियनहरुलाई पनि इन्साफ गरिन्छ त ? कसरी ? किन ? कहिले ? कहाँ ?

# १ पत्रुस ५
## आधुनिक अनुवादहरुको परिच्छेद विभाजनहरु

| UBS4 | NKJB | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| परमेश्वरको बगाललाई शिक्षा | बगालको हेरचाह | अन्तिम प्रशंसाहरु अनि अभिवादन | परमेश्वरको बगाल | एल्डरहरुलाई सुझाव |
| ५:१–४ | ५:१–४ | ५:१–५ | ५:१–४ | ५:१–४ |
| | परमेश्वरमा समर्पण र दुष्टको विरोध | | | विश्वसनीयताप्रति सुझाव |
| ५:५ | ५:५–११ | | ५:५–७ | ५:५–११ |
| ५:६–७<br>५:८–११ | | ५:६–११ | ५:८–११ | |
| अन्तिम अभिवादन | बिदाई अनि शान्ति | | अन्तिम अभिवादन | अभिवादनका अन्तिम वचनहरु |
| ५:१२–१४ | ५:१२–१४ | ५:१२–१४अ, | ५:१२, ५:१२–१४अ, | ५:१२, ५:१३, ५:१४ |
| | | ५:१४आ | ५:१४आ | |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहो् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**शब्द र वाक्यांशको अध्ययन**

NASB (UPDATED) TEXT: 5:1-5

१ खीष्टको कष्ट र साक्षी प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी एल्डरको हैसियतले तिमीहरुमध्येका एल्डरहरुलाई म आग्रह गर्दछु । २तिमीहरुको रेखदेखमा राखिएको परमेश्वरको बगालको हेरचाह गर । करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, ३तिमीहरुको जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर । ४र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरुले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ । ५त्यसैगरी जवान हो, बूढापाकाहरुका अधीनमा बस । एउटा अर्काको अधिनमा रहेर तिमीहरु सबैले नम्रताको वस्त्र धारण गर । किनभने, "परमेश्वरले अहंकारीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ ।

५:१ **"सङ्गी–एल्डरको ........ एल्डरहरुलाई"** १ अनि ५ पदमा एल्डर (*presbuteros*), शब्दलाई प्रयोग गरिएको छ । यस शब्दलाई प्रत्यक्षरुपमा अगुवापनको एउटा उपाधि (१ पद) अनि उमेरको नाउँ (५ पद) को रुपमा प्रयोग गरिएको छ । योचाहिँ आधारभूतरुपमा यहूदी जनजातिको अगुवापनको पदलाई मानिलिँदै यस शब्दलाई प्रयोग गरिएको कुरा अचम्मलाग्दो छ, जब कि "विशप" अथवा "निरिक्षक" (*episcopos*) चाहिँ अगुवापनको लागि ग्रीकको शहर र राज्यको पद हो । १ पत्रुसले अन्य जाति विश्वासीहरुलाई सम्बोधन गर्न यहूदी शब्दहरुको प्रयोग गरेको छ ।

पत्रुसले आफैंलाई "सङ्गी–एल्डर" भनेका छन्, *presbuteros* शब्द साथै *syn* नामावली, जसले "कसैसँगको संयुक्त सहभागिता" को संकेत गर्दछ । पत्रुसले आफ्नो प्रेरितिय अधिकारलाई दाबी गर्दैन (२ यूहन्ना १ जहाँ अर्को प्रेरितले आफैंलाई "एल्डर" भनेका छन्), तर निम्नलिखित कुराहरुको प्रकाशमा ठीकसित काम गर्न अनि जिउन स्थानीय अगुवाहरुलाई चेतावनी दिन्छ (जस्तै, "म आग्रह गर्दछु" एउटा वर्तमान कर्तृवाच्य संकेतार्थ) ........

१. खीष्टको उदाहरण
२. उहाँको आगमनको निकटता

सुरुवाती मण्डलीहरुमा अगुवापनको मोल तिरिएको पदहरु थिएन, तर हरेक स्थानीय मण्डलीभित्र सेवकाइ अनि अगुवापनको लागि परमेश्वरबाट दिइएको वरदानहरुलाई भने चिनेका थिए । वरदानको यस पुष्टिकरणलाई विशेष गरेर यहूदी विश्वासी समुदायमाझ "बूढापाकाहरुको ज्ञान" को लागि साँस्कृतिक आदरसँग सन्तुलन गर्नुपर्दथ्यो । त्यसकारण, पत्रुसले दुवै प्रकारका अगुवापनलाई सम्बोधन गरेका छन् ।

**"एल्डरहरु"** लाई बहुवचनमा लेखिएको कुरालाई पनि ध्यान दिनुहोस् । यसले (१) घरेलु मण्डलीका अगुवाहरुको सङ्ख्या (प्रेरित २०:१७) अथवा (२) अगुवाहरुको झूण्डमाझ विभिन्न आत्मिकी वरदानहरु (एफिसी ४:११), लाई उल्लेख गरेको हुनसक्छ, जसले सेवाकाइचाहिँ सबै विश्वासीहरुका लागि हो भनेर स्पष्टरुपले उल्लेख गर्दछ । योचाहिँ "पूजाहारीहरुका राज्य" को अवधारणासँग समानान्तर रहेको छ (२:५, ९)।

- **"ख्रीष्टका कष्टको साक्षी"** योचाहिँ येशूका जीवनको पत्रुसको प्रत्यक्षदर्शी कुराहरुको पुनः सङ्कलनको एउटा पुष्टिकरण हो (प्रेरित ३:१५; १०:३९)। यसले प्रेरित १:८ मा येशूका वचनहरुप्रतिको पत्रुसको स्मरणलाई पनि प्रतिविम्बित गर्न सक्दछ । "कष्ट" शब्दले क्रूसीकरणलाई उल्लेख गर्दछ । कष्ट शब्दलाई पत्रुसले बारम्बार प्रयोग गरेका छन् (१:११; २:१९, २०, २१, २३; ३:१४, १७, १८, ४:१ (दुईपल्ट), १३, १५, १९; ५:१, १०)। छुटकारा अनि नमूना विश्वासीहरुलाई अझ राम्रो बनाउनु पर्ने दुवैको रुपमा येशूको कष्टको विषयका यस छलफलले १ पत्रुसमा एउटा मुख्य विषयको रुप निर्माण गर्दछ ।

- **"र प्रकट हुने महिमाको सहभागी भएको नाताले"** योचाहिँ दोस्रो आगमनप्रतिको एउटा भविष्यको टिप्पणीमात्र होइन (१:५,७; ४:१३; ५:४); तर सम्भवत् रुप–परिवर्तनप्रतिको एउटा पूर्व–दृश्य पनि हो (मत्ती १७; मर्कूस ९:२–८; २ पत्रुस १:१६–१८)। मर्कूस १०:३७ मा "महिमा" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**५:२ "परमेश्वरका बगालको हेरचाह गर"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो । "गोठालो" चाहिँ परमेश्वरको लागि एउटा पूरानो करारको अलंकार हो (भजन २३:१; १००:३)। यो अगुवाहरुको उपाधि बन्न आयो (इजकिएल ३४:७–१०)। भेंडालाई निरन्तरताको वास्ता, सुरक्षा अनि सतर्कताको आवश्यकता पर्दथ्यो । यूहन्ना १० मा येशूलाई "असल गोठालो" भनिएको छ अनि यूहन्ना २१ मा उहाँले पत्रुसलाई उहाँका भेंडाहरुको लागि एकजना गोठालो बन्नु भनेर भन्नुभएको छ ।

नयाँ करारमा स्थानीय मण्डलीका अगुवाहरुका लागि थुप्रै उपाधिहरु छन् ।

१. एल्डरहरु
२. निरिक्षकहरु अथवा विशपहरु
३. गोठालाहरु अथवा पाष्टरहरु

यिनीहरुलाई अन्तर परिवर्तितरुपमा प्रयोग गरिएको जस्तो देखिन्छ (प्रेरित २०:१७, २८, तीतस १:५, ७)।

- **NASB** **"रेखदेख गर्नु"**
  **NKJV** **"निरीक्षकको रुपमा सेवा गर्नु"**
  **NRSV** **"रेखदेख गर्नु"**
  **TEV** **"–छोडिएको छ –"**
  **NJV** **"– छोडिएको छ–"**

थुप्रै प्राचीन ग्रीक पाण्डुलिपीहरु (अर्थात् P⁷², ℵ², A, P अनि Vulgate) ले एल्डरहरुको कामसँग सम्बन्धवाचकको रुपमा प्रयोग गरिएको "निरीक्षक" को क्रियाको रुप (वर्तमान कर्तृवाच्य कृदन्त) समावेश गरेको छ । केही प्राचीन पाण्डुलिपीहरुले कृदन्त (अर्थात्, N* अनि B) लाई छोडिदिएको छ । कार्यभारसँग मिसाउनलाई असजिलो भएकोले गर्दा शास्त्रीहरुले उद्देश्यपूर्ण रीतिले अथवा एल्डरहरु र निरीक्षकहरुको भूमिकाको कारण यी शब्दहरुलाई  छोडिएका हुन् भन्ने कुराचाहिँ अनिश्चित नै रहेको छ ।

५:२–३ यसले मण्डलीका अगुवाहरुका लागि विषमताको योग्यताहरुको एउटा श्रृङ्खला (२–३ पद) लाई सुरु गर्दछ ।

| **सकारात्मक** | **नकारात्मक** |
|---|---|
| १. स्वेच्छिक | बाध्यतामा होइन |
| २. उत्साहसँग | घिनलाग्दा फाइदाको लागि होइन |
| ३. नमुनाको रुपमा | यसमाथि अधिकार जमाउन होइन |

झूटा शिक्षाहरु (२ पत्रुस) सँग सम्बन्धित केही घरेलु मण्डलीहरुका अगुवापनको वास्तविक अवस्थामा कतिसम्म यस्ता नकारात्मक कुराहरु झल्कन्छ भनेर कसैलाई अचम्म लाग्न सक्दछ ।

- **"उदाहरण"** निम्नलिखित विशेष शीर्षकलाई हेर्नुहोस् :

**विशेष शीर्षक : रुप (*TUPOS*)**

समस्याचाहिँ *tupos* शब्द हो, जसलाई विभिन्न प्रकारले प्रयोग गरिएको छ ।

१. Moulton र Milligan, *The Vocabulary of the Greek New Testament,* पृष्ठ ६४५

अ. शैली

आ. योजना

इ. लेखोटको रुप अथवा तरिका

ई. आदेश अथवा पुनःलेखन

उ. वाक्य अथवा निर्णय

ऊ. चँगाईकर्ता परमेश्वरलाई भाकल गरिएको बलिदानको रुपमा मनुष्य शरीरको नमुना

ऋ. व्यवस्थाको उपदेशहरुलाई लागू गराउने अर्थमा प्रयोग गरिएको क्रिया ।

२. Louw र Nida, *Greek-English Lexicon*, Vol.2, पृष्ठ 249

अ. डोब (यूहन्ना २०:२५)

आ. मूर्ति (प्रेरित ७:४३)

इ. नकल (हिब्रू ८:५)

ई. अनुकरण (१ कोरिन्थी १०:६; फिलिप्पी ३:१७)

उ. प्रतिरुप (रोमी ५:१४)

ऊ. किसिम (प्रेरित २३:२५)

ऋ. पत्र (प्रेरित २३:२५)

३. Harold K. Moulton, *The Analytical Greek Lexicon Revised*, पृष्ठ ४११

अ. प्रहार, छाप, चिह्न (यूहन्ना २०:२५)

आ. चित्रण

इ. मूर्ति (प्रेरित ७:४३)

ई. सुत्र, युक्ति (रोमी ६:१७)
उ. किसिम; तात्पर्य (प्रेरित २३:२५)
ऊ. आकृति, प्रतिरुप (१ कोरिन्थी १०:६)
ऋ. आउनुहुनेको रुप, किसिम (रोमी ५:१४; १ कोरिन्थी १०:११)
ए. नमुनाबमोजिम (प्रेरित ७:४४; हिब्रू ८:५)
ऐ. नैतिक नमुना (फिलिप्पी ३:१७; १ थेसलोनिकी १:७; २ थेसलोनिकी ३:९; १ तिमोथी ४:१२; १ पत्रुस ५:३)

यस सन्दर्भमा # ऐ चाहिँ सबैभन्दा उत्तम देखिन्छ । सुसमाचारमा सिद्धान्त र जीवनशैली दुवैको संकेतहरु छन् । खीष्टमा उद्धारको सित्तैको वरदानले पनि खीष्टको जस्तै जीवनको माग गर्दछ ।

**५:४ "मूल गोठालो"** खीष्टको लागि गोठालोको रुपमा पत्रुसको शब्द (२:२५) चाहिँ यूहन्ना २१:१५–१७ मा अभिलेख गरिएको पुनरुत्थान हुनुभएको परमेश्वरसँगको तिनको वार्तालापबाट आएको हुनसक्दछ । यहाँ पत्रुसले खीष्टलाई *archi* साथै *poimen* शब्दको मिश्रणबाट बताएको छ, जसको अर्थ उच्च अथवा पहिलो गोठालो हुन्छ (यूहन्ना १०:१–१८)। हिब्रू १३:२० मा खीष्टलाई "महान् गोठाला" को रुपमा वर्णन गरिएको छ । अरु सबै अगुवाहरु ("एल्डरहरु" अथवा "निरीक्षकहरु") गोठालाहरुको अधीनमा हुन्छन् ।

पत्रुसले यशैया ६३:११ लाई संकेत गरेको सम्भव हुन्छ, जहाँ मोशालाई "गोठाला" भनिएको छ ।

- **"प्रकट हुनुहुनेछ"** योचाहिँ दोस्रो आगमनको अर्को टिप्पणी हो (१ पद; १:५, ७; ४:१३)
- **"महिमाको नओइलाउने मुकुट"** १–५ पदको सन्दर्भमा यसले "गोठालाहरुको अधिन" लाई उल्लेख गर्दैछ । पत्रुसले फूलसम्बन्धीको अलंकारसँग एउटा खेलको अलंकार (१ कोरिन्थी ९:२३) लाई मिसाएको छ । महिमाको नओइलाउने मुकुटले १ पत्रुस १:४ मा परमेश्वरद्वारा सुरक्षा गरिएको विश्वासीहरुका उत्तराधिकारलाई उल्लेख गरेको हुनसक्दछ । योचाहिँ निम्नलिखित कुराहरुसँग समानान्तर रहेको छ :
  १. २ तिमोथी ४:८ मा पावलको "धार्मिकताको मुकुट"
  २. याकूब १:१२ मा याकूबको "जीवनको मुकुट"
  ३. प्रकाश २:१०; ३:११ मा येशूको "जीवनको मुकुट"

योचाहिँ पाप अनि आफैमाथिको युद्धमा विश्वासीहरुको विजय साथसाथै खीष्टको खातिर तिनीहरुको धैर्य अनि विश्वासिलो कष्टको एउटा प्रतीक हो ।

**५:५ "जवान हो"** यहूदी समाजमा कुनै मानिसलाई चालीस वर्षको उमेरसम्म जवान भनी मानिलिइन्थ्यो । विश्वास गर्ने समुदायभित्र त्यहाँ कुनै पुस्ताको अन्तराल अथवा युद्ध हुनुहुन्थेन, तर पारस्परिक आदर हुनुपर्दथ्यो (अर्थात्, ५ पदको "त्यसैगरी")।

- **"बूढापाकाहरुका अधिनमा बस"** योचाहिँ जीवनको निर्धारित आचरणलाई वर्णन गर्ने एउटा एवरिष्ट कर्मवाच्य कृदन्त हो । १ पदको "एल्डरहरु" ५ पदको "एल्डरहरु" जस्तै हुन् भनेर सन्दर्भले संकेत गर्दछ । तरैपनि, "जवान" ले कुनै उमेरको विषमतालाई प्रतिविम्बित गरेको

हुनैपर्दछ (१ तिमोथी ५:१, जसले एकजना बूढो व्यक्तिलाई उल्लेख गर्दछ, जबकि १ तिमोथी ५:१७ ले कुनै मण्डलीको अगुवालाई उल्लेख गर्दछ)। २:१३ मा "विनम्रता" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"तिमीहरु सबैले"** पत्रुसले मण्डलीका अगुवाहरु अनि समुदायका अरु मानिसहरुलाई चेतावनी दिनुबाट मण्डलीका सबै सदस्यहरुतर्फ फर्केका छन् (एफिसी ५:२१)। विश्वासीहरुले संगतिमा शान्ति अनि एकताको लागि आफ्नो व्यक्तिगत जिम्मेवार बुझ्नुपर्ने कुराचाहिँ महत्त्वपूर्ण छ ( एफिसी ४:२–३)।

- **"तिमीहरु सबैले ....... वस्त्र धारण गर"** यो एउटा एवरिष्ट मध्यम आज्ञार्थक हो । वस्त्र लगाउनु र वस्त्र फुकाल्नुचाहिँ विश्वासीहरुका नैतिक जीवनशैलीका लागि एउटा बाइबलीय कहावत हो (अय्यूब २९:१४; भजन १०९:२९; यशैया ६१:१०; एफिसी ४:२२, २४, २५, ३१)। तिनीहरुले परमेश्वरको विशेषताहरुलाई धारण गर्नुपर्दथ्यो अनि कुनै पनि प्रतियोगिता रुचाउने आत्माको लागि आफैंलाई उदाङ्गो पार्नुपर्दछ ।

**"वस्त्र धारण गर्नु"** को लागि ग्रीक शब्दचाहिँ शाब्दिकरुपमा "कम्मर कस्नु" हो । सायद पत्रुसले यूहन्ना १३:२–११ मा अभिलेख गरिएको माथिल्लो तलामा येशूले गर्नुभएको कामलाई प्रतिविम्बित गरेको हुनुपर्दछ (येशूले आफैंलाई एउटा तौलियाले बेर्नुभयो अनि चेलाहरुको खुट्टा धुनुभयो)। पत्रुसले साँचो विनम्रता देखेका थिए अनि अहिले ख्रीष्टले भन्दा अझ बढी गर्नको लागि विश्वासीहरुलाई आह्वान गर्दैछन् (फिलिप्पी २:८; याकूब ४:१०)।

- **"नम्रता"** योचाहिँ "विनम्रता" र "मन" को संयुक्त रुप हो । ३:८ को टिप्पणीलाई हेर्नुहोस् ।

- **"एउटा अर्काको"** योचाहिँ समुदायमाथि दिइएको जोड हो (३:९; एफिसी ५:२१)। विश्वासीहरु एक–अर्काको लागि दिइएको हो (अनि वरदान दिइएको १ कोरिन्थी १२:७)। हामी एकैसाथ खडा हुन्छौं अनि एकैसाथ लड्छौं ।

- **"किनभने, परमेश्वरले अहंकारीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ"** योचाहिँ हितोपदेश ३:३४ (याकूब ४:६) बाटको उद्धरण हो । "अनुग्रह" शब्दलाई यसको पूरानो करारको "कृपा" को अर्थमा प्रयोग गरिएको छ ।

NASB (UPDATED) TEXT: 5:6-11

६यसकारण पमरेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरु आफैंलाई विनम्र तुल्यायो, र उहाँले उचित समयमा तिमीहरुलाई उच्च पार्नुहुनेछ । ७तिमीहरुका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकी उहाँले तिमीहरुको वास्ता गर्नुहुन्छ । ८सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंह झैं खोजिहिँड्छ । ९विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकी संसारभरि नै तिमीहरुका दाज्यू–भाइहरुले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ । १०सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरुलाई बोलाउनुभएको छ ।

तिमीहरुले केही बेर कष्ट भोगेपछि उहाँले नै तिमीहरुलाई फेरि नयाँ पार्नुहुनेछ, स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ । ११उहाँलाई नै पराक्रम र शक्ति सदासर्वदा भइरहोस् । आमिन ।

**५:६ "आफैलाई विनम्र तुल्यायो"** यो एउटा एवरिष्ट कर्मवाच्य संकेतार्थ हो । यो येशूको एउटा विशेषता (मत्ती ११:२९) हो, जुनचाहिँ उहाँका अनुयायीहरुका लागि एउटा मानक बन्दछ (याकूब ४:१०)।

- **"परमेश्वरको शक्तिशाली बाहुली"** यो एउटा मानवरुपी वाक्याँश हो (याकूब ४:६,१०), जसले सतावटको माझमा पनि, परमेश्रको वास्ता, बन्दोवस्त अनि विश्वासिलो प्रेमको बारेमा बोल्दछ । एस्तरमा जस्तो उहाँ "अदृश्य हात" हुनुहुन्छ ।

- **"उहाँले ........ तिमीहरुलाई उच्च पार्नुहुनेछ"** यसले मत्ती २३:१२ मा येशूका वचनहरु अनि याकूब ४:६ मा याकूबका चेतावनीहरुको प्रतिविम्बित गर्दछ । YHWH लाई नियमितरुपमा अहंकारीहरुलाई विरोध गर्नुहुने अनि नम्रहरुलाई उच्च पार्नुहुनेको रुपमा चित्रण गरिएको छ ( अय्यूब ५:११; भजन १३८:६; हितोपदेश ३:३४; इजकिएल १७:२४; २१:२६)।

- **NASB** **"उचित समयमा"**
  **NKJV, NRSV, NJV** **"ठीक समयमा"**
  **TEV** **"उहाँको आफ्नै समयमा"**

यस सन्दर्भमा यसले दुईओटा ईश्वरशास्त्रीय उद्देश्यहरुलाई पूरा गर्दछ : (१) वर्तमान समयमा यी पाठकहरु आदरबाट भएर होइन तर कष्टबाट भएर गइरहेका छन् अनि (२) उच्च पारिने समयचाहिँ दोस्रो आगमन हो । शैतानबाट प्रभावित सतावटको सम्मुखमा सतर्कता, विनम्रता अनि अधीरतामा भएको कमी महत्त्वपूर्ण कुराहरु हुन् ।

**५:७ "तिमीहरुका सारा फिक्री उहाँलाई सुम्पिदेओ"** योचाहिँ एउटा आज्ञार्थकको रुपमा प्रयोग गरिएको एउटा एवरिष्ट कर्तृवाच्य कृदन्त हो अनि सायद सेप्टुअजिन्टमा भजन ५५:२२ को एउटा संकेत हुनसक्दछ । योचाहिँ कसैको फिक्रीहरुलाई मानसिकरुपमै खीष्टमाथि राख्ने एउटा कहावत हो (मत्ती ६:२५)। सतावट र कष्टको समयमा समेत हाम्रो लागि उहाँले तिनीहरुलाई बोक्नुहुन्छ । उहाँले हाम्रो लागि उहाँले तिनीहरुलाई बोक्नुहुन्छ । उहाँले हाम्रो पापलाई बोक्नुभयो अनि अब उहाँले हाम्रो फिक्री अनि डरलाई तिनीहरुलाई बोक्नुहुन्छ ।

विश्वासीहरुले यसलाई गर्न सक्दछन् किनभने उहाँले हाम्रो वास्ता गर्नुहुन्छ भन्ने कुरा हामी जान्दछौं । यसलाई हामी निम्नलिखित कुराहरुबाट जान्दछौं :

१. उहाँको मृत्यु (२:२२–२४; ३:१८)
२. उहाँको अन्तर्बिन्ती (१ यूहन्ना २:१–२)
३. उहाँको हेरचाह (२:२५; ५:४)

**५:८ "सचेत रहो, जागा रहो"** यिनीहरुचाहिँ एवरिष्ट कर्तृवाच्य आज्ञार्थकहरु हुन् । मानसिकरुपमै सचेत रहनको लागि विश्वासीहरुले निर्णायक रोजाइ गर्नुपर्दछ (मत्ती २४:४२; २५:१३; २६:४१; मर्कूस १३:३५, ३७; १४:३८; प्रेरित २०:३१; १ कोरिन्थी १६:१३; कलस्सी ४:२; १ थेसलोनिकी ५:६, १०; प्रकाश ३:२–३; १६:१५)। पत्रुसले यी कुराहरु (अर्थात्, सचेत र जागा) लाई अघिबाटै (१:१३; ४:७) जोड दिएका छन् । सचेतता अनि उचित सोंचाइले फिक्री अनि परीक्षामाथि विजय पाउन सक्दछ ।

**"तिमीहरुको शत्रु दियावलस"** "शत्रु" शब्दले नयाँ करारमा ३६ पटक प्रयोग गरिएको शैतानको लागि हिब्रू उपाधिलाई झल्काउँदछ, जसको अर्थ हुन्छ शत्रु । नयाँ करारमा ३७ पटक प्रयोग गरिएको "दियावलस" नाउँचाहिँ बदनाम गर्नु अर्थ लगाउने "फ्याँक्नु" भन्ने एउटा ग्रीक संयुक्त शब्द हो । तलका विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : व्यक्तिगत दुष्टता**

थुप्रै कारणहरुका लागि यो एउटा एकदमै कठिन विषय हो ।

१. पूरानो करारले कुनै प्रधान शत्रुलाई असलको रुपमा प्रकट गर्दैन, तर YHWH को कमाराको रुपमा प्रकट गर्दछ जसले मानिसजातिलाई एउटा विकल्पको रुपमा प्रस्ताव राख्दछ अनि अधार्मिकताको लागि मानिस–जातिलाई दोष लगाउँदछ ।

२. परमेश्वरको कुनै व्यक्तिगत प्रधान शत्रुको अवधारणाचाहिँ पर्सियन धर्म (Zoroastrianism) को प्रभावमा अन्तर बाइबलीय (गैर–क्यानोनी) साहित्यमा विकास भयो । सट्टामा, यसले धर्मगुरुहरुको यहूदीवादमा ठूलो रुपले असर पर्‍यो ।

३. नयाँ करारले पूरानो करारका विषयहरुलाई आश्चयपूर्णरुपले नितान्त विकास गरेको छ, तर चुनिएको वर्गमा मात्र ।

यदि कसैले बाइबलीय ईश्वरशास्त्रको उद्देश्यबाट दुष्टको अध्ययन गर्दछ भने (हरेक पुस्तक अथवा लेखक अथवा शैलीलाई बेग्लाबेग्लै अध्ययन गरिएको अनि रुपरेखा कोरिएको), तब त दुष्टको एकदमै भिन्न दृष्टिकोणहरु प्रकट हुन्छन् ।

तरैपनि, यदि कोही व्यक्ति सांसारिक धर्महरु अथवा पूर्वीय धर्महरुको गैर–बाइबलीय अथवा थप बाइबलीय पहुँचबाट दुष्टको अध्ययन गर्दछ भने तब त नयाँ करारको प्रायःजसो विकास पर्सियन दोहोरोवाद अनि ग्रेको–रोमन आत्मावादमा पूर्व संकेत गरिएको छ ।

यदि कोही पूर्वअनुमानित रुपमै धर्मशास्त्रको स्वर्गीय अधिकारसँग समर्पित हुन्छ भने, तब त नयाँ करारको विकास प्रगतिशील प्रकाशको रुपमा देखिनै पर्दछ । अवधारणालाई अझ स्पष्टीकरण गर्नको लागि ख्रीष्टियनहरुले यहूदी लोककथा अथवा अंग्रेजी साहित्य (अर्थात् दाँते, मिल्टन) लाई अनुमति गर्ने कुराको विरुद्धमा होसियार हुनैपर्दछ । प्रकटीकरणको यस क्षेत्रमा त्यहाँ निश्चयमै रहस्य अनि दुई अर्थ लाग्ने कुराहरु छन् । परमेश्वरले दुष्टको सबै पक्षहरु, यसको उत्पत्ति, यसको उद्देश्यलाई प्रकट गर्न चुन्नुभएन, तर उहाँले यसको हारलाई प्रकट गर्नुभएको छ ।

पूरानो करारमा शैतान (BDB 966) अथवा दोष लगाउने शब्द तीनओटा विभिन्न झूण्डहरुमा सम्बन्धित भएको देखिन्छ ।

१. मनुष्य अभियोगकर्त्ता (१ शमूएल २९:४; २ शमूएल १९:२२; १ राजा ११:१४, २३, २५; भजन १०९:६)।

२. दोष लगाउने स्वर्गदूत (गन्ती २२:२२–२३; जकरिया ३:१)

३. दोष लगाउने दियावलस (१ इतिहास २१:१; १ राजा २२:२१; जकरिया १३:२)

केवल पछिल्लो अन्तरकरारीय अवधिमामात्र उत्पत्ति ३ को शैतानसँग पहिचान गराइयो (ज्ञानका पुस्तक २:२३–२४; २ हनोक ३१:३), अनि यसभन्दा पनि अझ पछि यो धर्म गुरुहरुको विकल्प बन्न पुगेको छ (Sol—9b अनि Sanh २९अ)। उत्पत्ति ६ को पमरेश्वरका छोराहरु १ हनोक ५४:६ मा स्वर्गदूतहरु बनेका छन् । धर्मगुरुहरुको ईश्वरशास्त्रमा तिनीहरु दुष्टको उत्पत्ति बनेका छन् । मैले यसलाई यसको ईश्वरशास्त्रीय परिशुद्धतालाई पुष्टि गर्न उल्लेख गरेको होइन, तर यसको विकासलाई देखाउन गरेको हुँ । नयाँ करारमा पूरानो करारका यस्ता क्रियाकलापहरुको श्रेय २ कोरिन्थी ११:३; प्रकाश १२:९ को दूतहरु अनि मानवीकरण गरिएको दुष्ट (अर्थात्, शैतान), लाई दिइएको छ ।

पूरानो करारबाट मानवीकरण गरिएको दुष्टको उत्पत्तिलाई (तपाइँको दृष्टिकोणमाथि भर पर्दै) निर्धारण गर्न कठिन अथवा असम्भव छ । यसको एउटा कारणचाहिँ इस्राएलीहरुको कठोर एक ईश्वरवाद हो (१ राजा २२; २०–२२; उपदेश ७:१४; यशैया ४५:७; आमोस ३:६)। सबै घटनाहरुको श्रेयचाहिँ YHWH लाई उहाँको अनौठोपना अनि प्राथमिकतालाई प्रदर्शन गर्नको लागि दिइएको छ (यशैया ४३:११; ४४:६, ८, २४; ४५:५–६, १४, १८, २१, २२)।

सम्भावित जानकारीको स्रोतहरुचाहिँ (१) अय्यूब १–२ हो, जहाँ शैतान "परमेश्वरका छोराहरु" मध्येका एउटा हुन्छ (अर्थात्, स्वर्गदूतहरु) अथवा (२) यशैया १४; इजकिएल २८ हो, जहाँ निकटपूर्वीय घमण्डी राजाहरु (बेबिलोन र टुरोस) लाई शैतानको अहंकारलाई चित्रण गर्न प्रयोग गरिएको छ (१ तिमोथी ३:६)। यस पहुँचको विषयमा मैले भावनाहरुलाई मिसाएको छु । इजकिएलले शैतानको रुपमा टुरोसका राजाको लागि अदनको बगैंचाको अलंकारलाई मात्र प्रयोग गरेको छैन (इजकिएल २८:१२–१६), तर मिश्रको राजाको लागि असल र खराबको ज्ञान दिने रुखको रुपमा पनि प्रयोग गरेको छ (इजकिएल ३१)। तरैपनि, यशैया १४, विशेष गरेर १२–१४ पदले घमण्डमार्फत् दूतहरुको विद्रोहलाई वर्णन गरेको जस्तो देखिन्छ । यदि परमेश्वरले शैतानको विशेष स्वभाव र उत्पत्ति हामीलाई प्रकट गर्न चाहनुहुन्थ्यो भनेता त्यसो गर्नलाई यो एउटा एकदमै तेस्रो बाटो अनि स्थान हो । विभिन्न करारहरुको, लेखकहरुका, पुस्तकहरुको अनि शैलीहरुको स–साना अनि दुई अर्थ लाग्ने भागहरुको प्रणालीबद्ध ईश्वरशास्त्र अनि तिनीहरुलाई एउटा स्वर्गीय पहेलीको टुक्राहरुको रुपमा मिलाउने चलनको विरुद्धमा हामी होसियार हुनैपर्दछ ।

धर्मगुरुहरुको यहूदीवादचाहिँ पर्सियन दोहोरोवाद अनि सैतानिक अनुमानहरुद्धारा अति नै प्रभावित भएको छ भनेर Alfred Edersheim ले (*The life and Times of Jesus the Messiah*, Vol. 2, परिशिष्ट XIII (पृष्ठ ७४८–७६३) अनि XVI (पृष्ठ. ७७०–७७६) मा भनेका छन् । यस क्षेत्रमा धर्मगुरुहरु सत्यताको लागि असल श्रोत भन्ने होइनन् । सभाघरको शिक्षाहरुबाट येशू मूलरुपले छुट्टिनुभएको छ । मलाई लाग्दछ कि सीनै पर्वतमा मोशालाई व्यवस्था दिइएको कुरामा

स्वर्गदूतहरुको ध्यान अनि विरोधबारे धर्म गुरुहरुको अवधारणाले YHWH साथसाथै मानिसजातिको एउटा प्रधान दूतीय शत्रुको अवधारणातिर ढोका खोलिदियो । त्यहाँ पर्सियन (Zoroastrian) दोहोरोवादको दुईओटा उच्च देवहरु छन्, *Ahkiman* अनि *Ormaza,* असल र दुष्ट । यस दोहोरोवाद YHWH र शैतानको यहूदीहरुको सीमित दोहोरोवादमा विकास भयो ।

दुष्टको विकासको सम्बन्धमा नयाँ करारमा त्यहाँ निश्चय नै प्रगतिशील प्रकटीकरण भएको छ, तर धर्मगुरुहरुको घोषणालाई बढाइएको जति भने होइन । यस भिन्नताको एउटा असल उदाहरणचाहिँ हो "स्वर्गमा भएको लडाईं" । शैतानको पतनचाहिँ एउटा तार्किक आवश्यकता हो, तर विशेषताहरु दिइएको छैन । जेजति दिइएको छ त्यो पनि विध्वंसक शैलीमा गोप्य राखिएको छ (प्रकाश १२:४, ७, १२–१३)। यद्यपि शैतानलाई हराइएर पृथ्वीमा निर्वासित गरिएतापनि, त्यसले अझै पनि YHWH को नोकरको रुपमा काम गर्दछ (मत्ती ४:१; लूका २२:३१–३२; १ कोरिन्थी ५:५; १ तिमोथी १:२०)।

यस क्षेत्रमा हामीले हाम्रा जिज्ञासाहरुलाई नियन्त्रण गर्नैपर्दछ । परीक्षा र दुष्टको त्यहाँ एउटा व्यक्तिगत शक्ति छ, तर त्यहाँ अझै पनि एउटैमात्र परमेश्वर हुनुहुन्छ अनि आफ्नो रोजाइको लागि मानिसजाति अझै पनि जिम्मेवार रहेको छ । उद्धार अघि अनि पछि दुवैमा, त्यहाँ एउटा आत्मिकी युद्ध छ । विजयचाहिँ केवल त्रि-एक परमेश्वरमार्फत् मात्र आउँदछ अनि उहाँहरुमामात्र रहेको छ । दुष्टलाई हराइ सकिएको छ अनि हटाइने छ ।

- **"गर्जने सिंहझैं खोजी हिँड्छ"** शैतानको लागि यस पशुको अलंकारचाहिँ शायद पूरानो करारबाट आएको हो ।
  १. शक्तिशाली शत्रुको प्रतीक (भजन ७:२; १७:१२; २२:१३, २१; २ तिमोथी ४:१७)।
  २. आफ्ना मानिसहरुको न्याय गर्ने परमेश्वरको एउटा तरिका (२ राजा १७:२५; यशैया १५:९, यर्मिया ५०:१७)।

- **"कसलाई भेट्टाउँ र खाइहालुँ"** सैतानको अन्तिम उद्देश्यलाई प्रकट गरिएको छ – नाश र मृत्यु । त्यो सबै असल, ईश्वररुपी अनि साँचो मानिसहरुको शत्रु हो ।

**५:९ "त्यसको विरोध गर"** योचाहिँ अर्को एवरिष्ट कर्तृवाच्य कृदन्त हो । येशूमा विश्वासीहरुसँग दुष्टता अनि दुष्टको विरोध गर्ने शक्ति हुन्छ । याकूब ४:७ मा शैतानलाई लखेट्ने कुरासँग यसै चेतावनीलाई नै गाँसिएको छ, तर यहाँ यसलाई भइरहेको कष्ट र सतावटसँग गाँसिएको छ । दियावलसमाथि विजय पाउनु कष्टबाट उम्कनु भन्ने होइन ।

**"विश्वासमा दह्रिला भएर"** विश्वासीहरुले आफ्ना विश्वासमा लगातार रहिरहनुपर्दछ (कलस्सी २:५)। सफलता र स्वस्थ सदैव परमेश्वरको आशिषको चिह्नहरु हुँदैनन् (अय्यूब, भजन ७३)। जुनै पनि अनि सबै परिस्थितिहरुमा विश्वासीहरुले आफ्ना विश्वासलाई प्रयोग गर्नैपर्दछ । निरन्तरताचाहिँ महत्त्वपूर्ण कुरो हो (प्रेरित १४:२२; रोमी ८:१७)।

**विशेष शीर्षक : दृढता**

खीष्टियन जीवनसँग सम्बन्धित बाइबलीय सिद्धान्तहरुलाई व्याख्या गर्न कठिन हुन्छ किनभने तिनीहरुलाई ठेट पूर्वीय भाषाशैलीको जोडाहरुमा प्रस्तुत गरिएका छन् । यस्ता जोडाहरुलाई बेमेल देखिए तापनि, दुवै ध्रूवहरु बाइबलीय नै छन् । पश्चिमी खीष्टियनहरुमा एउटा सत्यतालाई रोजेर त्यसको उल्टो सत्यतालाई वेवास्ता गर्ने अथवा महत्त्व घटाउने प्रवृत्ति रहेको छ । केही उदाहरणहरु :

१. उद्धारचाहिँ खीष्टलाई विश्वास गर्नलाई एउटा सुरुवाती निर्णय हो कि अथवा चेलापनको लागि जीवनभरिको प्रतिबद्धता हो ?
२. उद्धारचाहिँ सार्वभौम परमेश्वरबाट अनुग्रहको माध्यमबाट एउटा चुनाव हो कि अथवा स्वर्गीय प्रस्तावप्रति मानिस जातिको भागबाटको एउटा विश्वासी अनि पश्चातापी प्रतिउत्तर हो ?
३. एक पटक प्राप्त गरिसकिएको उद्धारलाई गुमाउनु असम्भव छ कि निरन्तर परिश्रमका लागि त्यहाँ एउटा आवश्यकता छ ।

दृढताको विषयचाहिँ मण्डलीको इतिहासभरि नै एउटा विवाद भएको छ । समस्याचाहिँ नयाँ करारको संघर्षमात्र देखिने परिच्छेदहरुसँग सुरु हुन्छ :

**१. भरोसामाथिका पाठहरु**

अ. यूहन्नाको सुसमाचारमा येशूको बयानहरु (यूहन्ना ६:३७; १०:२८–२९)
आ. पावलको बयान (रोमी ८:३५–३९; एफिसी १:१३; २:५; ८:९; फिलिप्पी १:६; २:१३; २ थेसलोनिकी ३:३; २ तिमोथी १:१२; ४:१८)।
इ. पत्रुसको बयान (१ पत्रुस १:४–५)
२. दृढताको लागि आवश्यकतामाथिको पाठहरु
अ. संक्षिप्त सुसमाचारहरुमा येशूका बयानहरु (मत्ती १०:२२; १३:१–९; २४–३०; २४:१३; मर्कूस १३:१३)
आ. यूहन्नाको सुसमाचारमा येशूका बयानहरु (यूहन्ना ८:३१; १५:४–१०)
इ. पावलको बयानहरु (रोमी ११:२२; १ कोरिन्थी १५:२; २ कोरिन्थी १३:५; गलाती १:६; ३:४; ५:४; ६:९; फिलिप्पी २:१२; ३:१८–२०; कलस्सी १:२३; २ तिमोथी ३:२)
ई. हिब्रूका लेखकको बयानहरु (२:१; ३:६; १४; ४:१४; ६:११)
उ. यूहन्नाका बयानहरु (१ यूहन्ना २:६; २ यूहन्ना ९; प्रकाश २:७, १७, २०; ३:५, १२, २१, २१:७)

एकजना सार्वभौम त्रि-एक परमेश्वरको प्रेम, दया अनि अनुग्रहबाट बाइबलीय उद्धार आउँदछ । आत्माको सूत्रपात विना कुनैपनि मानिस बाँच्न सक्दैन । पहिले ईश्वरत्न आउँदछ अनि कार्यसूची स्थापित गर्दछ, तर मानिसहरुले सुरुवातीरुप अनि लगातार रुप दुवैमा विश्वास र प्रायश्चितमा प्रतिउत्तर दिनैपर्ने कुराको माग गर्दछ । परमेश्वरले करारीय सम्बन्धमा मानिसजातिसँग काम गर्नुहुन्छ । यिनीहरुचाहिँ सुविधाहरु अनि जिम्मेवारीहरु हुन् ।

उद्धारचाहिँ सबै मानिस जातिहरुलाई प्रस्ताव गरिएको छ । येशूको मृत्युले पतित सृष्टिको पापको समस्यासँग सम्बन्ध राखेको थियो । परमेश्वरले एउटा उपाय प्रदान गर्नुभएको छ अनि आफ्नो स्वरुपमा बनिएको सबैले उहाँको प्रेम अनि येशूमा रहेको सुविधाप्रति प्रतिउत्तर दिएको चाहनुहुन्छ ।

यदि तपाईं यस विषयमा अझ अध्ययन गर्न चाहनुहुन्छ भने निम्नलिखित पुस्तकहरुलाई हेर्नुहोस् :

१. Dale Moody, *The Word of Truth*, Eerdmans, १९८१ (पृष्ठ ३४८–३६५)

२. Howard Marshall, *Kept by the power of god*, Bethany Fellowship, १९६९

३. Robert Shank, *Life in the Son*, Westcott, १९६१

यस क्षेत्रमा बाइबलले दुईओटा विभिन्न समस्याहरुलाई सम्बोधन गर्दछ : (१) फलहीन् अथवा स्वार्थहीन् जीवनहरु जिउन अनुमतिपत्रको रुपमा भरोसालाई लिने अथवा (२) सेवाकाइ र व्यक्तिगत पापसँग संघर्ष गरिरहेकाहरुलाई उत्साह दिने । समस्याचाहिँ त्यो छ कि गलत झूण्डहरुले गलत सन्देशलाई लिँदैछन् अनि सीमित बाइबलीय परिच्छेदहरुमाथि ईश्वरशास्त्रीय प्रणालीहरु निर्माण गर्दैछन् । केही खीष्टियनहरुलाई भरोसाको सन्देशको एकदमै खाँचो परेको छ, जबकि अरुहरुलाई भने दृढताको कडा चेतावनीको खाँचो परेको छ । तपाइँचाहिँ कुन झूण्डमा हुनुहुन्छ ?

Augustine बनाम् Pelagius अनि Calvin बनाम् Arminius (आधा Pelazian) सँग संलग्न रहेको त्यहाँ ऐतिहासिक ईश्वरशास्त्रीय विवाद रहेको छ । विषयचाहिँ उद्धारको यस्तो प्रश्नसँग संलग्न रहेको छ : यदि कोही व्यक्ति साँच्चै बचाइएको हो भने, उसले विश्वास अनि फलदायितामा दृढ रहनै पर्दछ त ?

क्याल्विनिष्टहरु ती बाइबलीय पाठहरुको पछाडि लाम लाग्दछ जसले परमेश्वरको सार्वभौमता अनि शक्तिको रक्षा गर्ने (यूहन्ना १०:२७–३०; रोमी ८:३१–३९; १ यूहन्ना ५:१३, १८; १ पत्रुस १:३–५) अनि एफिसी २:५, ८ को पूर्ण कर्मवाच्य कृदन्तजस्ता क्रियाको काललाई दाबी गर्दछ ।

अरमिनिहरु त्यस्ता बाइबलीय पाठहरुको पछाडि लाम लाग्दछ जसले विश्वासीहरुलाई "थामिराख्नु" "थाम्नु" अथवा "निरन्तरता दिन" लाई चेतावनी दिन्छ (मत्ती १०:२२; २४:९–१३; मर्कूस १३:१३; यूहन्ना ५:४–६; १ कोरिन्थी १५:२; गलाती ६:९; प्रकाश २:७, ११, १७, २६; ३:५, १२, २१; २१:७)। हिब्रू ६ अनि १० लागू गरिन सकिनेहरु हुन् भनेर व्यक्तिगत रुपमा म विश्वास गर्दिन, तर धेरै अरमिनियनहरुले तिनीहरुलाई धर्मभ्रष्टहरुको विरुद्धमा चेतावनीको रुपमा प्रयोग गर्दछन् । मत्ती १३ अनि मर्कूस ४ को बीऊ छर्नेको दृष्टान्तले प्रत्यक्ष विश्वासको विषयलाई सम्बोधन गर्दछन्, जसरी यूहन्ना ८:३१–५९ ले गरेको छ । जसरी क्याल्भिनिष्टहरुले उद्धारको वर्णन गर्नलाई पूर्ण काल क्रियाहरु प्रयोग गरिएको कुरालाई उद्धधृत् गर्दछन्, अरमिनियनहरुले १ कोरिन्थी १:१८; १५:३; २ कोरिन्थी २:१५ जस्ता वर्तमानकालका परिच्छेदहरुलाई उद्धधृत् गर्दछ ।

योचाहिँ व्याख्या गराइको पाठलाई प्रमाणित गर्ने तरिकालाई ईश्वरशास्त्रीय प्रणालीहरुले कसरी दुरुप्रयोग गरेको छ भन्ने कुराको एउटा असल उदाहरण हो । साधारणतय् अगुवाइ गर्ने सिद्धान्त अथवा मुख्य पाठलाई एउटा ईश्वरशास्त्रीय ढाँचाको निर्माण गर्नको लागि प्रयोग गरिएको छ जसद्वारा अरु सबै पाठहरुलाई तार्किक कुराहरुबाट आउँदछन् । बाइबल एउटा पूर्वीय पुस्तक हो । यसले तनावले भरिएको अनि विरोधाभाषरुपी जोडाहरुजस्ता देखिने कुरामा सत्यता प्रस्तुत गर्दछ । खीष्टियनहरुले दुवैलाई दाबी

गर्नुपर्दछ अनि तनावभित्र जिउनुपर्दछ  नयाँ करारले विश्वासीहरुको सुरक्षा अनि निरन्तरताको विश्वास अनि ईश्वरत्वको लागि गरिएको माग दुवैलाई प्रस्तुत गर्दछ । ख्रीष्टियनिटीचाहिँ प्रायश्चित अनि विश्वासको निरन्तर प्रतिउत्तर अघि आउने प्रायश्चित र विश्वासको एउटा सुरुवाती प्रतिउत्तर हो । उद्धार कुनै उत्पादित वस्तु (अथवा स्वर्गजाने टिकट वा अग्नि बीमा नीति) होइन, तर यो त एउटा सम्बन्ध हो । यो त एउटा निर्णय र चेलापन हो । नयाँ करारमा यसरलाई सबै क्रिया कालहरुमा वर्णन गरिएको छ ।

एवरिष्ट (पूरा गरिएको काम), प्रेरित १५:११; रोमी ८:२४; २ तिमोथी १:९; तीतस ३:५ पूर्ण ( निरन्तर परिणामहरुसहितको पूरा गरिएको काम), एफिसी २:५, ८

वर्तमान (निरन्तर भइरहेको काम), १ कोरिन्थी १:१८; १५:२; २ कोरिन्थी २:१५

भविष्य (भविष्यत् कामहरु अथवा निश्चित कामहरु), रोमी ५:८, १०; १०:९; १ कोरिन्थी ३:१५; फिलिप्पी १:२८; १ थेसलोनिकी ५:८–९; हिब्रू १:४; ९:२८।

- **"किनकी संसारभरि नै तिमीहरुका दाज्यू–भाइहरुले पनि यस्तै कष्टको अनुभव गरिरहनु परेको छ ।"** पत्रुसले यस्ता सतावटमा परेका विश्वासीहरुलाई एउटा उत्साहको रुपमा रोमी साम्राज्यभरि नै छरिएका विश्वासीहरुको त्यस्तै प्रकारको अनुभवलाई प्रयोग गरेका हुन् । तिनीहरुका अनुभवचाहिँ अनौठो कुरो थिएन तर जानी बुझीकन दिइएको कुरो थियो ।

**५:१० "तिमीहरुले केही बेर कष्ट भोगेपछि"** यसले यसै जीवनको उल्लेख गर्दछ (१:६)

- **"सबै अनुग्रहका परमेश्वर"** सबै विश्वासीहरुका आशाचाहिँ एक जना प्रेमिलो, अनुग्रहकारी, कृपालु, परमेश्वरको निर्धारित अनि परिवर्तन नहुने चरित्र हो । यद्यपि हामी दुष्ट र विद्रोहको एउटा पतित संसारमा बसेका भए तापनि, जब हामी उहाँलाई विश्वास गर्छौं कुनै कुराले पनि हामीलाई उहाँबाट अलग गर्न सक्दैन (रोमी ८:३१–३९)।

NIDOTTE, Vol. 2, पृष्ठ ७८–७९ मा, परमेश्वरलाई वर्णन गर्नको लागि प्रयोग गरिएको सम्बन्धकारक वाक्यांशको एउटा अचम्मलाग्दो सूची छ ।

१. शान्तिको परमेश्वर – रोमी १५:३३; १६:२०; १ कोरिन्थी १४:३३; १ थेसलोनिकी ५:२३; फिलिप्पीहरु ४:९; हिब्रू १३:२०
२. दयाको परमेश्वर – लूका १:७८
३. सबै सान्त्वनाको परमेश्वर – रोमी १२:१; २ कोरिन्थी १:३
४. सबै अनुग्रहको परमेश्वर – १ पत्रुस ५:१०, १२
५. प्रेमको परमेश्वर – १ कोरिन्थी १३:११
६. अन्यौलको परमेश्वर हुनुहुन्न – १ कोरिन्थी १४:३३

- **"आफ्नो अनन्त महिमाको निम्ति तिमीहरुलाई बोलाउनुभएको छ"** योचाहिँ खीष्टसँगको हाम्रो पहिचानमाथिको अर्को जोड हो । अब हाम्रो पहिचान उहाँको मृत्यु (रोमी ६:४) अनि कष्ट (रोमी ८:७) सँगमात्र भएको छैन तर उहाँको पुनरुत्थान र महिमा (२ कोरिन्थी ४:१७; २ कोरिन्थी २:१०) सँग पनि पहिचान भएको छ । यस अनन्तको महिमाचाहिँ शारीरिक मृत्यु अथवा दोस्रो आगमनमा मात्र अनुभव गर्न सकिने रुपमा आउँदछ ।

**५:११ "उहाँलाई नै पराक्रम र शक्ति"** सबै विश्वासीहरुका लागि परमेश्वरको लक्ष्यचाहिँ कष्ट र संघर्षमार्फत् खीष्टरुपी जीवन हो (४:१३; रोमी ८:१७; २ कोरिन्थी १:५, ७; फिलिप्पी ३:१९; २ तिमोथी २:१२; हिब्रू २:१०; ५:८)। तरैपनि सबै आवश्यक कुराहरु प्रदान गर्नुहुने त उहाँ स्वयम् नै हुनुहुन्छ यहाँ फेरि पनि विरोधाभाष करारीय अवधारणा छ । परमेश्वरले आफ्नो काम गर्नुहुन्छ अनि हामीले पनि आफ्नो भागको काम गर्नैपर्दछ ।

- **"सदा सर्वदा भइरहोस्"** यसले ४:११ लाई पुनः उल्लेख गर्दछ, सिवाय यहाँ कुनै क्रिया भने छैन । १ पत्रुसको प्रायःजसो विषयहरु (१ यूहन्ना जस्तै) हल्का परिवर्तनसँग दोहोरिएको कपडामा कुँदिएको बुट्टा अथवा संगीतको मिठासका शैलीहरुजस्ता छन् । सबै कुराको नियन्त्रण गर्नुहुने त परमेश्वर नै हुनुहुन्छ (रोमी ११:३६)।

NASB (UPDATED) TEXT : 5:12-14अ
१२विश्वासयोग्य भाई सिलासलाई यो छोटो पत्र लेखाइरहेछु । अर्ती दिँदै म यो घोषणा गरिरहेछु कि परमेश्वरको साँचो अनुग्रह यही हो । यसमा तिमीहरु स्थिर रहो । १३बेबिलोनमा भएकी तिमीहरुजस्तै चुनिएकीले, र मेरो छोरो मर्कूसले पनि तिमीहरुलाई अभिवादन पठाएका छन् । १४एउटाले अर्कालाई प्रेमको चुम्बनले अभिवादन गर ।

**५:१२ "सिलासलाई"** यस मानिस यूहन्ना मर्कूसको साथसाथै पावलको ईश्वरशास्त्र अनि लेखोटहरुको, पत्रुसको स्रोत थियो । पत्रुसको लेखहरु थुप्रै तरिकाहरुमा पावलको लेखसँग एकदमै मिल्दोजुल्दो रहेको छ ।

१ पत्रुसको लेखकत्वसँग यस वाक्यांशको सम्बन्धको विषयमा त्यहाँ थुप्रै अनुमानहरु रहेको छ । पत्रुसले कुनै शास्त्रीलाई प्रयोग गरेको कुरामा कुनै शंका छैन भन्ने मलाई लाग्छ, तर के यो सिलास नै थियो त ? *Journal of the Evangelical Theological Society*, Vol. 43 No. 3, पृष्ठ ४१७–४३२ मा E. Randolph Richards द्वारा लिखित "*Silvanus Was Not Peter's Secretary*" (सिल्वानस पत्रुसका सहयोगी थिएनन्) भन्ने शीर्षकको एउटा रोचक लेखले मलाई विश्वस्त बनाएको छ कि यस वाक्यांशले सायद सिल्वानसले पत्रलाई यसका पाठकहरुकहाँ पुऱ्याएको कुरालाई उल्लेख गर्दछ, तर पत्रुसको लागि यसलाई लेख्न आवश्यक रहेको छैन ।

**विशेष शीर्षक : सिलास/सिल्वानस**

सिलास, अथवा सिल्वानसचाहिँ वर्णवास र यूहन्ना मर्कूस साइप्रसबाट फर्केर गएपछि दोस्रो सुसमाचारीय यात्रामा आफूसँग जानको लागि पावलले चुनेका मानिस हुन् ।

अ.	बाइबलमा तिनलाई सर्वप्रथम प्रेरित १५:२२ मा उल्लेख गरिएको छ, जहाँ तिनलाई यरुशलेम मण्डलीका भाइहरुमध्ये एकजना मुख्य व्यक्ति भनेर बोलाइएको छ ।
आ.	तिनी एकजना अगमवक्ता पनि थिए (प्रेरित १५:३२)
इ.	पावलझैं तिनी पनि एकजना रोमी नागरिक थिए (प्रेरित १६:३७)
ई.	स्थितिलाई जाँच गर्न तिनलाई अनि यहूदा बरब्बालाई येरुशलेमका मण्डलीबाट ऐन्टिओखियामा पठाइयो (प्रेरित १५:२२; ३०–३५)
उ.	२ कोरिन्थी १:१९ मा पावलले तिनलाई एकजना सँगी सुसमाचार प्रचारकको रुपमा उल्लेख गरेका छन् ।
ऊ.	पछि गएर १ पत्रुस लेख्नमा तिनलाई पत्रुससँग पहिचान गराइयो (१ पत्रुस ५:१२)
ऋ.	पावल अनि पत्रुस दुवैले तिनलाई अझै पनि सिल्वानस नै भन्दछन् जबकि लूकाले तिनलाई सिलास (शाऊलको आरमिक रुप) भनेका छन् । सायद सिलासचाहिँ तिनको यहूदी नाउँ अनि सिल्वानसचाहिँ तिनको ल्याटिन नाउँ थियो (F.F.Bruce, *Paul: Apostle of the Heart Set Free*, पृष्ठ २१३)

- **"परमेश्वरको साँचो अनुग्रह"** पत्रुसको लेखहरुको मितिसम्म, येशूप्रतिको अरुहरुको दृष्टिकोण विकास भइसकेको थियो । त्यहाँ केवल एउटै मात्र साँचो अनुग्रह–सुसमाचार छ भनेर पत्रुसले दाबी गर्दछ । १ पत्रुसमा पत्रुसले परमेश्वरको अनुग्रहलाई बारम्बार जोड दिएका छन् (१:१०, १३; २:३; ३:७; ४:१०; ५:५, १०, १२)। येशू खीष्टको सुसमाचारले YHWH को हृदयलाई साँच्चै प्रतिविम्बित गर्दछ । यहाँ यसलाई "साँचो" भनिन्छ किनभने यसलाई यी सतावटमा परेका विश्वासीहरुको जीवनमा अनुभव गरिएको छ ।

- **"यसमा तिमीहरु स्थिर रहो"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो । सतावटको समयमा यो महत्त्वपूर्ण हुन्छ । "स्थिर" चाहिँ ९ पदमा "तिमीहरुको विश्वासमा स्थिर रहनु" भन्ने कुरासँग सम्बन्धित छ । योचाहिँ परमेश्वरतर्फ, अनि खीष्टतर्फ आउने अनि पाप, आफू अनि सैतानबाट टाढा रहने मनोवृत्ति हो । योचाहिँ एफिसी ६:११, १३, १४ को सैन्य शब्द हो । पावलले यसलाई थुप्रै विभिन्न तरिकामा प्रयोग गरेका छन् ।

१. १ कोरिन्थी १५:१ मा सुसमाचारको सार
२. रोमी ५:२ मा "विश्वासबाटको स्पष्टीकरण" को व्याख्या
३. रोमी ११:२० मा विश्वास राख्नको लागि अन्य जातिहरुलाई दिइएको चेतावनी
४. १ कोरिन्थी १०:१२ मा आत्मिकी अहंकारको विषयमा चेतावनी

विश्वासीहरुमा स्थिर रहनलाई परम्परागत उत्तरदायित्व हुन्छ । ५:९ मा "दृढता" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**५:१३ "चुनिएकी"** सायद YHWH लाई पतिको रुपमा अनि इस्राएललाई पत्नीको रुपमा (होशे १–३) मानिएको पूरानो करारको अवधारणाको कारण मण्डलीहरुलाई प्रायःजसो स्त्रीको रुपमा मानवीकरण गरिन्थ्यो (२ यूहन्ना)। मण्डलीचाहिँ खीष्टको दुलही हुन् (एफिसी ५:२१–३१)।

- **"बेबिलोन"** योचाहिँ रोमको सम्भवत् एउटा बुझ्न कठीन टिप्पणी हो (प्रकाश १४:८; १७:५; १८:२, १०; Sibylline Oracles 5:143, 152; Baruch 9:1)। पत्रुसको समयमा रोमचाहिँ पूरानो करारको संसारको शक्तिहरुको प्रतीक थियो (अर्थात्, अस्सूर, बेबिलोन, पर्सिया)। योचाहिँ परमेश्वरबाट अलग रहेको शक्ति अहंकार अनि मूर्तिपूजाको एउटा ठेट सांसारिक प्रणाली थियो (एफिसी २:२अ)।

पत्रुसले पशुकै झूटापनबाट लेख्दै थिए । परमेश्वरको मण्डलीचाहिँ शत्रुको भूभागमा स्थापित भएको थियो ।

- **"मर्कूस"** यसले यूहन्ना मर्कूसलाई उल्लेख गर्दछ । सुरुवाती मण्डलीहरुले यरुशलेममा तिनको घरमा भेटघाट गर्दथे (प्रेरित १२:१२)। योचाहिँ पुनरुत्थानपछि प्रभुको तीन पटकको प्रकटीकरण अनि आत्मामा आउनुभएको कुराको स्थान पनि थियो ।

पहिलो सुसमाचार यात्रा (प्रेरित १२:२५–१३:१३) मा यूहन्ना मर्कूसको पावल र तिनको भतिज वर्णवासलाई साथ दिएका थिए । केही कारणको लागि, तिनले झूण्डलाई छोडेर घर फर्की आएका थिए ( प्रेरित १५:३८)। दोस्रो सुसमाचारीय यात्रामा वर्णवासले तिनलाई साथ लैजान चाहेका थिए, तर पावलले अस्वीकार गरिदिए (प्रेरित १५:३६–४१)। यसले पावल र वर्णवासलाई अलग गरायो । वर्णवासले यूहन्ना मर्कूसलाई सकारात्मक तरिकामा उल्लेख गरेका छन् (कलस्सी ४:१०) अनि पछि गएर अझै पनि रोममा पावलको दोस्रो बन्दीको समयमा, आफ्नो मृत्यु अघि तिनले यूहन्ना मर्कूसको उल्लेख फेरि पनि गरेका छन् (१ तिमोथी ४:११)।

प्रत्यक्षरुपले यूहन्ना मर्कूस पत्रुसको सुसमाचार प्रचारको झूण्डको भाग बने (१ पत्रुस ५:१३)। Esubius को *Eccl. His* ३:३९:१२ ले पत्रुससँगको यूहन्ना मर्कूसको सम्बन्धको एउटा रोचक विवरण दिन्छ ।

Papias ले आफ्नो पुस्तकमा Aristion बाट लिइएको अथवा एल्डर यूहन्नाबाट सोझै सिकिएको परमेश्वरको भनाइहरुको बयानहरु हामीलाई दिन्छ । यिनीहरुलाई विद्वानहरुको ध्यानमा ल्याइएपछि, अब मैले तिनीबाट पहिल्यै उद्धधृत् गरिएको जानकारीको टुक्राको बयानलाई पालन गर्नैपर्ने हुन्छ, जसलाई तिनले सुसमाचारका लेखक मर्कूसको सम्बन्धमा स्थापित गरेका छन् ।

यसलाई पनि प्रेसविटेयरले भन्ने गर्दथे, "मर्कूसले, जो पत्रुसका व्याख्याकार पनि रहेका थिए, परमेश्वरले भन्नुभएको अनि गर्नुभएको सबै कुराहरुलाई तिनले स्मरण गरेजति सावधानीपूर्वक लेखेका थिए, तर क्रमबद्ध तरिकामा भने होइन । किनभने तिनले प्रभुलाई सुनेका थिएनन् अथवा उहाँका अनुयायी भएका थिएनन्, तर पछि गएर, जस्तो मैले भनें, पत्रुसको एकजना सहयोगी बने । पत्रुसले अवसरहरुमा आफ्ना शिक्षालाई परमेश्वरले भनेका कुरालाई कुनै पनि प्रकारको क्रमबद्ध व्यवस्था नगरीकन ग्रहण गर्ने गर्दथे, यसर्थ आफूले तिनीहरुलाई सम्झेकै भरमा केही कुराहरुलाई लेख्न मर्कूस एकदमै योग्य भएका थिए । किनभने तिनको एउटैमात्र उद्देश्य थियो – आफूले सुनेको कुनै कुरालाई पनि नछोड्ने अनि यस विषयमा कुनै गलत बुझाइको कारण यस चुम्बनलाई एउटै लिंगमा मात्र

सीमित गरिएको थियो । यस धार्मिक संगतिको कामचाहिँ प्रभु भोजको एउटा नियमित भाग भएको थियो ।

NASB (UPDATED) TEXT:5:14आ
१४आ खीष्टमा भएका तिमीहरु सबैलाई शान्ति ।

५:१४आ केवल खीष्टमा हुनेहरुले मात्र शान्ति पाउन सक्दछ (लूका २:१४)। जससँग खीष्टको शान्ति हुन्छ तिनीहरुसँग सामान्यतय् संसारको शान्ति हुँदैन (मत्ती १०:३४; लूका १२:४९–५३; यूहन्ना १४:२७)।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्त्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. स्थानीय घरेलु मण्डलीहरुका अगुवाको लागि प्रयोग गरिएको नयाँ करारका शब्दहरुलाई सूचीबद्ध गर्नुहोस् ।
२. २–३ पदमा पाष्टरहरुलाई गरिएको चारवटा चेतावनीहरुलाई सूचीबद्ध गर्नुहोस् ।
३. येशूसँगको पत्रुसको व्यक्तिगत सम्बन्धको संकेतहरुलाई सूचीबद्ध गर्नुहोस् जसलाई यस अध्यायमा उल्लेख गरिएका छन् ।
४. खीष्टियन परिपक्वतासँग कष्ट कसरी सम्बन्धित रहेको छ ? दियावलससँग ?

# २ पत्रुसको परिचय

**सुरुवाती बयानहरु**

अ. यस परिचयको उद्देश्य अथवा अवसरचाहिँ २ पत्रुसको लेखकत्वसँग सम्बन्धित समस्याहरुलाई विस्तृतरुपमा छलफल गर्नु होइन । पत्रुसको लेखकत्वलाई इन्कार गर्न त्यहाँ कुनै जबरजस्ती गरिने कारण छैन भनेर मैले व्यक्तिगतरुपमै निष्कर्ष निकालेको छु । यस विषयमार्फत् सोंच्नलाई तीनओटा स्रोतहरु सहयोगी भएको छ ।

१. *The Journal of the Society of Biblical Literature*, 1972 मा प्रकाशित भएको Bruce M. Metzger को "Literary Forgeries and Canonical Pseudepigrapha" भन्ने लेखको पृष्ठ संख्या ३–२४ ।

२. *The Journal of the Evangelical Theological Society*, Vol 42, No.4 पृष्ठ संख्या ६४५–६७१ मा प्रकाशित भएको Michael J. Kruger को *"The Authenticity of 2 peter"* भन्ने लेख ।

३. १९६१ मा प्रकाशित भएको E.M.B.Green को *2 Peter Reconsidered*, Tyandale Press.

आ. जसै म २ पत्रुसचाहिँ पत्रुसद्वारा लेखिएको थिएन भन्ने सम्भावनाको विषयमा सोंच्दछु, मेरो मनमा थुप्रै कुराहरु उब्जन्छ ।

१. २ पत्रुसलाई कसले लेख्यो भन्ने कुराले यो प्रेरणाद्वारा नै लेखिएको हो अनि विश्वासयोग्य छ भन्ने मेरो दृष्टिकोणलाई परिवर्तन गर्दैन । लेखकत्वले लेखिएको पाठको अर्थलाई असर पार्दछ, तर प्रेरणालाई होइन, जुनचाहिँ एउटा विश्वासको पूर्व अनुमान अनि प्रलेखयोग्यको ऐतिहासिक प्रक्रिया हो ।

२. लेखकको छद्मनामद्वारा मलाई किन कष्ट भइरहेको छ ? पहिलो शताब्दीको ग्रेको–रोमन संसारचाहिँ प्रत्यक्षरुपले यस्ता कुराहरुमा बानी परिसकेको थियो (Metzger's को लेख)।

३. मेरो आफ्नै प्राथमिकताको कारण यसलाई अनुमति दिन के म अनिइच्छुक छु अथवा ऐतिहासिक अनि मूल पाठसम्बन्धीका प्रमाणलाई इमान्दारीताका साथमा मूल्याङ्कन गर्न के म सक्षम छु त ? परम्पराले एउटा निश्चित निष्कर्षतिर के मलाई पहिलेबाटै सुव्यवस्थित गरेको छ त ?

४. प्राचीन मण्डलीले पत्रुसको लेखकत्वमाथि प्रश्न गरेका थिए, तर पुस्तकको सन्देशप्रति होइन ( सिरीयाको मण्डलीबाहेक)। योचाहिँ प्रेरितमा पत्रुसको उपदेशहरुको थुप्रै सम्बन्धसहित नयाँ करारका अरु पुस्तकहरुसँग ईश्वरशास्त्रीय एकताको एउटा परम्परागत सन्देश हो ।

इ. खीष्टियन लेखहरुलाई वर्णन गर्नको लागि Esuebius ले तीनओटा वर्गहरुको प्रयोग गरेका थिए ।

१. ग्रहण गरिएको

२. खण्डन गरिएको

३. किर्ते

तिनले २ पत्रुससँगै याकूब, यहूदा, २ यूहन्ना अनि ३ यूहन्नालाई २ वर्गमा (अर्थात् खण्डन गरिएका) समावेश गरे । Eusebius ले १ पत्रुसलाई ग्रहण गरे; २ पत्रुसको विषयमा शंका थियो, अनि पत्रुसका अरु सम्भावित लेखहरुलाई किर्ते भनी रद्द गरिदिए (१) पत्रुसको प्रेरित ; (२) पत्रुसको सुसमाचार (३) पत्रुसको प्रचार, अनि (४) पत्रुसको विध्वंसक लेख

**लेखकत्व**

अ. परम्परागत लेखकत्वको सम्बन्धमा योचाहिँ नयाँ करारको सबैभन्दा खण्डन गरिएको पुस्तक हो ।

आ. यस्ता शंकाहरुका कारणचाहिँ आन्तरिक (यसको शैली अनि विषयसूची अनि बाहिरी यसको अन्तिम ग्रहणहरु हुन् ।

१. शैली

अ. शैलीचाहिँ १ पत्रुसभन्दा एकदमै बेग्लै छ । यसलाई Origen अनि Jerome द्वारा चिनिएको थियो ।

(१) केहीले पत्रुसको लेखकत्वलाई रद्द गरेका थिए भनेर Origen ले मानिलिए, तरैपनि तिनले आफ्नो लेखहरुमा २ पत्रुसमा ६ पटक उद्धधृत गरे ।

(२) पत्रुसले एकजना अर्कै शास्त्रीलाई प्रयोग गरेका कुरालाई Jerome ले ठानेका थिए । तिनले पनि यस कुरालाई मानिलिन्छन् कि तिनको समयमा केहीले पत्रुसको लेखकत्वलाई इन्कार गरेका थिए ।

(३) *Eccl. His* ३:३:१ मा Eusebius ले यस सम्बन्धमा यसरी सम्बोधन गरेका छन् : “तर दोस्रो भनिने पत्रलाई हामीले क्यानोनिकलको रुपमा ग्रहण गरेका छैनौं, तर यद्यपि यो धेरैको लागि उपयोगी साबित भएको छ, अनि अरु वचनहरुसँगै अध्ययन गरिएको छ ।”

आ. २ पत्रुसको शैली एकदमै पृथक छ । Anchor Bible मा *The Epistle of James, Peter and Jude* को पृष्ठ १४६–१४७ मा, B. Reicke ले यसलाई “एसियावाद” भनेका छन् ।

“यसलाई” “एसिया” को शैली भनियो किनभने यसको पहिलो प्रतिनिधिहरु एसिया माइनरबाट आएका थिए, अनि यसलाई सरलताको परम्परागत् आदर्शहरुलाई भङ्ग गर्ने विषयमा अनौठो अनि उदेकलाग्दो अनि लापरवाहतर्फ झुकेको अभिव्यक्तिको एउटा भरिपूर्ण, शब्दबाहुल, अनि उच्च संसारले उच्चारण गरिनुपर्ने स्वभावद्वारा चरितार्थ गरिएको थियो ....... हाम्रा पत्रहरु निसन्देह एसियाका स्कुलका नियमहरुसँग पुष्टिकरणमा लेखिएको थियो, जुनचाहिँ पहिलो खीष्टियन शताब्दीको अवधिमा अझै पनि महत्त्वपूर्ण नै थियो ।”

इ. यो सम्भव रहेको छ कि पत्रुसले एउटा त्यस्तो भाषामा लेख्ने (अर्थात् Koine Greek) कोशिस गरेका थिए जसमा तिनी पूर्णरुपले कार्यात्मक थिएनन् । तिनको मातृभाषा त आरमिक थियो ।

**२. ढंग**

अ. के यो पहिलो शताब्दीको एउटा ठेट पत्र हो ?

(१) यस्तो सुरुवात र अन्त्य ठेट प्रकारको छ

(२) यद्यपि यो गलाती, एफिसी, याकूब अनि १ यूहन्ना जस्तै थुप्रै मण्डलीहरुमा घुमेका पत्रजस्तो देखिन्छ

आ. यसलाई “नियम” भनिने यहूदी ढंगलाई विशेष अध्ययन गरेको हुनसक्दछ, जसलाई निम्नलिखित कुराहरुद्वारा चरितार्थ गरिएको छ ।

(१) एउटा बिदाइको भाषण

अ. व्यवस्था ३१–३३

आ. यहोशू २४

इ. बाह्र पितृसमूहको करार

ई. यूहन्ना १३–१७

उ. प्रेरित २०:१७–२८

(२) आउनै लागेको मृत्युको भविष्यवाणी (२ तिमोथी)

(३) तिनको परम्परामा लागिरहनु भनेर आफ्ना स्रोताहरुलाई चेतावनी

३. २ पत्रुस २ अनि यहूदाको बीचको सम्बन्ध

अ. त्यस स्पष्टरुपले केही साहित्यिक सामग्रीहरुलाई लिइएको छ ।

आ. गैर–क्यानोनिकल स्रोतहरुको संकेतले धेरैलाई यहूदा अनि २ पत्रुसलाई इन्कार गर्न लगाएका छन्, यद्यपि १ पत्रुसले १ हनोक अनि पावल साथै ग्रीक कविहरुसम्मको संकेत दिन्छ ।

४. पुस्तक आफैंले नै प्रेरित पत्रुसबाटै लेखिएको हो भनेर दाबी गर्दछ ।

अ. १:१ मा तिनको नाउँ उल्लेख गरिएको छ । तिनलाई सिमोन पत्रुस भनिएको छ । पत्रुस त येशूद्वारा तिनलाई दिइएको नाउँ थियो (मत्ती १६)। सेमिटिक हिज्जे गराईप्रति मिथ्यावादीप्रति एकदमै आश्चर्यपूर्ण अनि प्रतिकूल उत्पादक रहेको छ ।

आ. १:१६–१८ मा, तिनले रुप परिवर्त्तनको एकजना प्रत्यक्षदर्शी भनी दाबी गरेका छन् (मत्ती १७:१–८; मर्कूस९:२–८; लूका ९:२८–३६)

इ. तिनले पहिलो पत्र लेखेका हुन् भनेर दाबी गरेका छन् (३:१) जसले पत्रुसलाई संकेत गर्दछ ।

**५. परम्परानिष्ठा**

अ. यस पत्रमा नयाँ करारका प्रेरितहरुका शिक्षालाई विरोध गर्ने त्यस्तो कुनै कुरा छैन ।

आ. त्यहा केही अनौठा कुराहरु छन् (अर्थात्, आगोद्वारा संसारलाई नाश गरिने अनि पावलको पत्रलाई वचनको रुपमा लिइएको), तर केही पनि नोष्टिक अथवा ग्रहणवादीता अथवा स्पष्टरुपले मतविरुद्धका कुराहरु छैनन् ।

**बाहिरी सम्बन्धहरु**

१. Eusebius ले पहिलो अनि दोस्रो शताब्दीका खीष्टियन लेखहरुलाई तीनओटा वर्गमा सूचीबद्ध गरेका छन्

अ. ग्रहण गरिएको

आ. खण्डन गरिएको

इ. किर्ते

हिब्रू, याकूब, २ अनि ३ यूहन्ना सँगसँगै २ पत्रुसलाई पनि खण्डन गरिएको वर्गमा सूचीबद्ध गरिएका छन् ।

२. Marcion क्यानोन (सन् १५४) मा २ पत्रुस देखापरेको छैन, तर Marcion ले अरु पनि थुप्रै नयाँ करारका पुस्तकहरुलाई इन्कार गरे ।

३. Muratorian Fragment (सन् १८०–२००) मा पनि २ पत्रुस देखापरेको छैन, तर सूचीचाहिँ क्षति भएको जस्तो देखिन्छ अनि यसले हिब्रू, याकूब अथवा १ पत्रुसलाई पनि सूचीबद्ध गरेको छैन ।

४. यसलाई पूर्वीय (सिरीयाका) मण्डलीद्वारा अस्वीकार गरिएको थियो ।

अ Peshitta (पचास शताब्दीको पहिलो अर्ध) मा थिएन

आ. इराकबाटको फिलोजेनियाना (Philoxeniana, सन् ५०७) मा अनि उत्तरी अफ्रिकाबाटको हरक्लीन (Harclean) संस्कार (सन् ६१६) मा समावेश गरिएको थियो ।

इ. मोपसुएसिया (Mopsuestia) को क्रिसोसटोम अनि थियोडोर (Chrysostom and Theodore, अर्थात्, ऐन्टिओखिया व्याख्या गरिने स्कूलका अगुवाहरु) ले सबै क्याथोलिक पत्रहरुलाई अस्वीकार गरिदिए ।

५. २ पत्रुसलाई Nag Hammadi gnostic पाठहरुमा पाइने "The Gospel of Truth" अनि "Apocryphon of John" मा उद्धधृत् गरिएको जस्तो देखिन्छ (Andrew K. Helmbold द्वारा लिखित *The Nag Hammadi Gnostic Texts and the Bible*, पृष्ठ ९१)। Coptic मा लेखिएको यी लेखहरुचाहिँ सुरुवाती ग्रीक पाठहरुका अनुवादहरु हुन् । यदि २ पत्रलाई संकेत गरिएको हो भने तब त यसलाई दोस्रो शताब्दीमा लेखिन असम्भव थियो ।

६. यसलाई UBS[4] (पृष्ठ ८) द्वारा तेस्रो अनि चौथो शताब्दीको रुपमा मिति दिइएको $P^{72}$ मा समावेश गरिएको छ ।

७. यसलाई Clement of Rome (सन् ९५) द्वारा संकेत गरिएको छ अथवा उद्धधृत् गरिएको छ ।

अ. I Clement (९:२–२ पत्रुस १:१७)

आ. I Clement (२३:३–२ पत्रुस ३:४)

इ. I Clement (३५:५–२ पत्रुस २:२)

८. यसलाई Justin Martyr (सन् ११५–१६५) को *Dialogue with Trypho* ८२:१–२ पत्रुस २:१ मा संकेत गरिएको छ । प्राचीन खीष्टियन लेखहरुमा यिनीहरु चाहिँ केवल दुईओटा मात्र त्यस्ता स्थानहरु हुन् जहाँ ग्रीक शब्द *pseudoppophetai* प्रयोग गरिएको छ ।

९. Irenaeus (सन् १३०–२००) ले सम्भवत् २ पत्रुसलाई संकेत गरेको हुनुपर्दछ (तिनलाई Eusebius को *His.Eccl*. ५:३२:२–२ पत्रुस ३:८ अनि ३:१:१–२ पत्रुस १:१५ मा उद्धधृत् गरिएको छ)

१०. Clement of Alexandria (सन् १५०–२१५) ले २ पत्रुसमाथि पहिलो टिप्पणी लेखे (यद्यपि यो अहिले हराइसकेको छ)।

११. यो Athanasius को Easter पत्र (सन् ३६७) मा देखा परेको छ, जुनचाहिँ क्यानोनिकल पुस्तकहरुको वर्तमान सूची थियो ।

१२. यसलाई लाउडिकीया (सन् ७३२) अनि Carthage (सन् ३९७) का सुरुवाती मण्डली परिषद्हरुद्वारा क्यानोनीको रुपमा स्वीकार गरिएको थियो ।

१३. पत्रुसद्वारा लेखिएका भनी मानिलिएका अरु लेखहरु (अर्थात् the Acts of Peter, the Acts of Andrew and Peter, the Acts of Peter and Paul, Passion of Peter and Paul, the Act of Peter and the Twelve Apostles, the Apocalypse of Peter र Preaching of Peter) सबैलाई सुरुवाती मण्डलीहरुद्वारा किर्ते लेख (अर्थात्, प्रेरणाबाट नलेखिएको) को रुपमा इन्कार गरिएको थियो ।

इ. Richard N. Longnecker को *Bibleical Exagesis in the Apostolic Period* (पृष्ठ १७४) ले यसरी टिप्पणी गरेका छन् कि २ पत्रुसचाहिँ कुनै शास्त्रीलाई (अर्थात् १ पत्रुस ५:१२ मा सिलास अनि सुसमाचारको लागि यूहन्ना मर्कूस) प्रयोग नगरी पत्रुस आफैंले लेखेका हुन सक्दछ । प्रमाणको लागि तिनले पुष्टि गरेकाछन् कि १ पत्रुसले पूरानो करारमा भएको सेप्टुअजिन्टलाई प्रशस्तै

मात्रामा प्रयोग गरेका छन्, तर २ पत्रुस (२:२२) ले *Pro.* २६:११ को MT लाई प्रयोग गरेको छ, जसले हेब्राइक पृष्ठभूमिलाई परिभाषित गर्दछ ।

**मिति**

अ. योचाहिँ लेखकत्वमाथि भर पर्दछ ।

आ. पत्रुसको लेखकत्वप्रति यदि कोही विश्वस्त हुन्छ भने तब त तिनको मृत्युको केही समयअघि हुन्छ (१:१४)

इ. मण्डलीको परम्पराले दाबी गरेको छ कि प्रेरित पत्रुस रोममा मरे जतिबेला नेरो सीजार थिए । सन् ६४ मा नेरोले ख्रीष्टियनहरुमा सतावट ल्याउन सुरु गरे । सन् ६८ मा तिनले आफैंलाई मारे ।

ई. यदि पत्रुसका कुनै चेलाले तिनको नाउँ लेखेको थियो भने तब त ढिलोभन्दा ढिलो मितिचाहिँ सन् १३०–१५० हुन सम्भव हुन्छ किनभने २ पत्रुसलाई *Apocalypse of Peter* साथसाथै *The Gospel of Truth and Apocryphon of John* मा उद्धधृत् गरिएको छ ।

उ. प्रसिद्ध अमेरिकी पुरातत्वविद् W. F. Albright ले दाबी गरेका छन् कि *Dead Sea Scroll* (मृत सागरको पत्र) सँग यसको समानताको कारण यसलाई सन् ८० भन्दा पहिले नै लेखिएको थियो ।

**प्रापक**

अ. यदि १ पत्रुसलाई २ पत्रुस ३:१ मा उल्लेख गरेको भए तब त प्रापकहरु एउटै हुने थियो । (अर्थात्, उत्तरी टर्की)

आ. २ पत्रुसचाहिँ दोस्रो आगमनको प्रत्याशामा सबै विश्वासीहरुलाई परीक्षामा दृढ रहन, झूटा शिक्षकहरुको विरोध गर्न अनि सुसमाचारको परम्परामा विश्वासिलो भएर जिउनलाई उत्साह दिने एउटा गवाही बनेको हुनसक्दछ ।

**विशेष समय**

अ. जसरी १ पत्रुसले सतावट र कष्टलाई सम्बोधन गरेको छ, त्यसरी नै २ पत्रुसले झूटा शिक्षकहरुको बारेमा सम्बोधन गरेको छ ।

आ. झूटा शिक्षाको वास्तविक प्रकृति त अनिश्चित नै छ, तर यो एन्टिनोमियन नोस्टिकवाद (Antinomian gnosticism) सँग सम्बन्धित रहेको हुन सक्दछ (२:१–२२; ३:१५–१८)। यस पुस्तकले सुरुवाती अवस्थाको नोस्टिकवाद (gnosticism) अनि धर्मका रहश्यहरु दुवैबाट प्रयोग गरिएको तकनिकी शब्दावलीलाई प्रयोग गरेको छ । योचाहिँ तिनीहरुको ईश्वरशास्त्रमा आक्रमण गर्ने एउटा उद्देश्यपूर्णरुपले खेद प्रकट गर्ने कौशल भएको हुनसक्दछ ।

इ. २ थेसलोनिकीले जस्तै, यस पुस्तकले पनि दोस्रो आगमनको ढिलाइ तर निश्चित रहेको विषयमा सम्बोधन गरेको छ, जसमा परमेश्वरका सन्तानहरुलाई महिमित तुल्याइने छ अनि अविश्वासीहरुलाई इन्साफ गरिनेछ (३:३–४)। १ पत्रुसले येशूको आगमनलाई उल्लेख गर्न चरितार्थरुपमा *apocalupsis* शब्दलाई प्रयोग गरेको कुरा रोचक रहेको छ, जब कि २ पत्रुसले *parousia* लाई प्रयोग गरेको छ । यसले सम्भवत् बेग्लाबेग्लै शास्त्रीहरुको प्रयोगलाई प्रतिविम्बित गर्दछ (अर्थात्, Jerome)।

**अध्ययन चक्र एक('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

सम्पूर्ण बाइबलीय पुस्तकलाई एकै बसाइँमा पढ्नुहोस् । सम्पूर्ण पुस्तकको मुख्य विषयलाई तपाइँको उल्लेख गर्नुहोस् ।

१. सम्पूर्ण पुस्तकको मुख्य विषय
२. साहित्यको प्रकार (शैली)

**अध्ययन चक्र दुई ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

सम्पूर्ण बाइबलीय पुस्तकलाई एकै बसाइमा पढ्नुहोस् । सम्पूर्ण पुस्तकको मुख्य विषयलाई तपाइँको उल्लेख गर्नुहोस् ।

१. पहिलो साहित्यिक एकाइको विषय
२. दोस्रो साहित्यिक एकाइको विषय
३. तेस्रो साहित्यिक एकाइको विषय
४. चौथो साहित्यिक एकाइको विषय
५. इत्यादि ।

# २ पत्रुस १

**आधुनिक अनुवादहरुको परिच्छेद विाभजनहरु**

| UBS[4] | NKJV | NRSV | TEV | NKJB |
|---|---|---|---|---|
| अभिवादन | विश्वास प्राप्त गर्नेहरुलाई अभिनन्दन | अभिवादन | परिचय | अभिवादनहरु |
| १:१–२ | १:१–४ | १:१–२ | १:१; १:२ | १:१–२ |
| ख्रीष्टियनको बोलावट र चुनाव | | पवित्रताको लागि शिक्षा | परिमेश्वरको बोलावट र चुनाव | परमेश्वरको उदारता |
| १:३–११ | – | १:३–११ | १:३–९ | १:३–११ |
| | विश्वासमा फलदायक बढाइ | सार कथन | ख्रीष्टियनको रुपमा कष्ट पाउनु | ख्रीष्टको लागि सताइनु |
| – | १:५–११ | – | – | – |
| | पत्रुसको आइरहेको मृत्यु | | | प्रेरितहरुको गवाही |
| १:१२–१५ | १:१२–१५ | १:१२–१५ | १:१२–१५ | १:१२–१५ |
| ख्रीष्टको महिमा अनि अगमवाणी | विश्वासयोग्य अगमवाणीका वचन | – | ख्रीष्टको महिमाको प्रत्यक्ष साक्षी | – |
| १:१६:२१ | १:१६–२१ | १:१६–१८; १:१९–२१ | १:१६–१८ १:१९–२१ | १:१६–१८ |
| | | | | अगमवाणीको महत्त्व १:१९-२१ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**१–११ पदभित्रका सान्दर्भिक अन्तर्दृष्टिहरु**

अ. ग्रीकमा १–११ चाहिँ एउटै वाक्यमा छन् जसमा करारको दुवैओटा पक्षहरु समावेश छन् : एउटा सार्वभौम सितैंको वरदान अनि आदेश दिइएको खीष्टरुपी जीवन ।

आ. रुपरेखाचाहिँ यस्तो देखिन्छ ।

१. परम्पारिक परिचय (१–२ पद)
   - अ. कसबाट
   - आ. कसलाई
   - इ. अभिवादन

२. ३–४ पद – परमेश्वरतर्फबाट

३. ५–७ पद – विश्वासीहरुतर्फबाट

४. ८–९ पद –विश्वसनीयताको सकारात्मक र नरकारात्मक पक्षहरु

५. १०–११ पद – ईश्वररुपी जीवनशैलीमार्फत् आश्वासन

शब्द अनि वाक्यांशको अध्ययन

NASB (UPDATED) TEXT: 1:1-11

१येशू खीष्टको दास र प्रेरित सिमोन पत्रुसबाट, हाम्रा परमेश्वर र मुक्तिदाता येशू खीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरुलाई : २परमेश्वरको र येशू हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति तिमीहरुमा प्रशस्त हुँदै जाओस् । ३आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनु हुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ । ४यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरु दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरु ईश्वरीय स्वभावका सहभागी होओ । ५यसैकारण सबै किसिमका प्रयत्नद्वारा तिमीहरुको विश्वासमा सद्गुण र सद्गुणमा ज्ञान थप, ६ज्ञानमा आत्मसंयम, आत्मासंयममा धैर्य, धैर्यमा भक्ति, ७भक्तिमा मातृस्नेह, मातृस्नेहमा प्रेम थप । ८किनकी यी कुराहरु तिमीहरुमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू खीष्टको ज्ञानमा यी कुराहरुले तिमीहरुलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन् । ९किनकी यी कुराहरुमा अभाव भएको मानिसचाहिँ पुराना पापहरुबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढाका कुरा नदेख्ने जस्तो हुन्छ । १०यसैकारण भाइ हो, तिमीहरुको बोलावट र चुनाव निश्चय गर्नलाई अझ जोशिला होओ, किनकी यी कुरा गर्नाले तिमीहरु कहिल्यै लोट्ने छैनौ । ११किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टको अनन्त राज्यभित्र तिमीहरुलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ ।

**१:१ "सिमोन"** योचाहिँ शाब्दिकरुपमा साइमिओन '*Symeon*' हो (Bruce Metzger को *A Textual Commentary on the Greek New Testament*, पृष्ठ लाई हेर्नुहोस् । योचाहिँ पत्रुसको हिब्रू नाउँ हो, अनि बाह्र कुलको नाउँ हो । योचाहिँ प्रेरित १५:१४ बाट मात्र देखा पर्दछ । यदि यो पत्र किर्ते हुँदो हो त, लेखकले पक्कै पनि अझ सामान्य हिज्जे "सिमोन" प्रयोग गरेको हुनेथियो ।

- **"पत्रुस"** योचाहिँ शाब्दिकरुपमा "पेत्रोस" (*Petros*) हो, जुनचाहिँ ग्रीकको लागि एउटा ठूलो चट्टान अथवा ढुङ्गा हो । योचाहिँ मत्ती १६:१८ अनि यूहन्ना १ :४२ मा पनि येशूद्वारा सिमोनलाई दिइएको बोलाउने नाउँ थियो । यूहन्नाको यस परिच्छेदमा "कैफास" भनिने आरमिक शब्दलाई

प्रयोग गरिएको छ । दैनिक वार्तालापमा येशूले आरमिक बोल्नुहुन्थ्यो तर हिब्रू अथवा ग्रीक होइन । पावलले बारम्बार कैफासलाई प्रयोग गरेका छन् (१ कोरिन्थी १:१२; ३:२२; ९:५; १५:५; गलाती १:१८; २:९, ११, १४)।

यस परिवर्तित नाउँको विशेषतालाई लिएर क्याथोलिक अनि प्रोटेस्टेन्ट बाइबल विद्वान्हरुको माझमा धेरै बहस भएको छ (जसको अब्राहम, याकूब इत्यादिको पूरानो करारीय विशेषता छ)। मत्ती १६:१८ मा पत्रुस चट्टानलाई मण्डलीको जग भनिएको छ । प्रोटेस्टेन्टहरुले जहिले पनि उल्लेख गर्नको लागि यसलाई "पत्रुस" चाहिँ पुलिङ्ग (अर्थात्, पेत्रोस) हो, तर "चट्टान" चाहिँ स्त्रीलिङ्ग (अर्थात्, पेगा) हो भनेर ईश्वरशास्त्रीय विषय बनाएका छन्, यसोस्ले पत्रुस आफैं होइन तर पत्रुसको विश्वासको प्रायश्चितचाहिँ मण्डलीको जग हो । तरैपनि, ग्रीक व्याकरणको यस भिन्नतालाई आरमिकमा प्रस्तुत गरिएको छैन, जहाँ कैफासलाई दुवै ठाउँहरुमा प्रयोग गरिएको छ । एकजना ईश्वरशास्त्रीको रुपमा, पत्रुसको प्रत्यक्ष अगुवापनलाई म इन्कार गर्न त चाहँदिन, तर म यो पनि बुझ्दछु कि अरु प्रेरितहरुले तिनको प्राथमिकतालाई बुझेनन् (मर्कूस ९:३४; लूका ९:४६; २२:२४–२७; मत्ती २०:२०–२४)। यद्यपि येशूले वार्तालापमा ग्रीक नबोल्नु भए तापनि, प्रेरणाद्वारा लेखिएको पाठहरु ग्रीकमा अभिलेख गरिएको छ, यसैकारण, व्याकरणीय भिन्नतालाई प्रेरित भएकै हो भन्ने ठानिएको छ ।

- **"दास"** योचाहिँ ग्रीक शब्द "डुलोस" (*doulos*) हो, जसले कुनै कमरा अथवा दासलाई उल्लेख गर्दछ । योचाहिँ "परमप्रभुको दास" को पूरानो करारीय आदरार्थी पृष्ठभूमि हो (अर्थात्, मोशा यहोशू, दाऊद अनि यशैया) अथवा येशूलाई प्रभु भनिएको सम्बन्धमा नम्रतामाथिको नयाँ करारीय केन्द्रित कुरो हो (मत्ती ०:२४–२५)।

- **"प्रेरित"** योचाहिँ अवश्य नै २ पत्रुसका लेखकको प्रत्यक्षदर्शी, अनुयायी अनि येशूका चुनिएको चेलाको रुपमा आफ्नो परिचयलाई पुष्टि गराउने एउटा शाब्दिक तरिका हो ।

"प्रेरित" शब्दचाहिँ "म पठाउँछु" (*apostellō*) भन्ने ग्रीक क्रियाबाट आएको हो । येशूले एउटा विशेष अर्थमा आफ्ना चेलाहरुमध्येबाट बाह्र जनालाई आफूसँग रहनको लागि चुन्नुभयो अनि तिनीहरुलाई "प्रेरितहरु" भनी बोलाउनुभयो (लूका ६:१३)। यस शब्दलाई येशूलाई पिताबाट पठाइएको भन्ने बारेमा बारम्बार प्रयोग गरिन्थ्यो (मत्ती १०:४०; १५:२४; मर्कूस ९:३७; लूका ९:४८; यूहन्ना ४:३४; ५:२४, ३०, ३६, ३७, ३८, ४०, ५७; ७:२९; ८:४२; १०:३६; ११:४२; १७:३, १८, २१, २३, २५; २०:२१)। यहूदी स्रोतमा यसलाई "राजदूत" (२ कोरिन्थी ५:२०) सँग मिल्दो कसैलाई अरुको एउटा आधिकारिक प्रतिनिधिको रुपमा पठाइएको भनी प्रयोग गरिएको थियो । पत्रुसले खीष्टद्वारा दिइएको आफ्नो अधिकारलाई पुष्टि गर्दैछन् ।

योचाहिँ "बाह्र चेलाहरु" को पछि एउटा बृहद् प्रयोग हुन आयो (प्रेरित १४:४, १४, बारनाबास; रोमी १६:७, एन्ड्रोनिकस र युनियस; १ कोरिन्थी ४:६–९; १२:२८–२९; १५:७, अपोल्लोस; फिलिप्पी २:२५, इपाफ्रोडिटस; १ थेसलोनिकी २:६, सिल्वानस र तिमोथी)। तिनीहरुको वास्तविक कामचाहिँ अनिश्चित नै छ, तर यो सुसमाचार घोषणा गराई अनि मण्डलीको कमारा अगुवापनसँग संलग्न रहेको छ । रोमी १६:७ (KJV "युनियस") ले एउटी स्त्री प्रेरितलाई उल्लेख गरेको समेत सम्भव रहेको छ ।

**"येशू ख्रीष्ट"** १ पत्रुस १:१ मा विशेष टिप्पणीलाई हेर्नुहोस् ।

- NASB, NRSV, NJB अनमोल विश्वास प्राप्त गर्नेहरुलाई"
- TEV "विश्वास दिइएकाहरुलाई"

योचाहिँ (*lagchanō*) शब्दबाटको एउटा एवरिष्ट कर्तृवाच्य कृदन्त हो, जसले चिठ्ठा हाल्ने कुरालाई उल्लेख गर्दछ ।

१. जुवामा जस्तो (यूहन्ना १९:२४)
२. कर्तृव्य अथवा बाध्यताको अर्थको रुपमा (लूका १:९)
३. स्वर्गीय रोजाइलाई देखाउने तरिकाको रुपमा (प्रेरित १:७)

यसको अर्थ त "प्राप्त गर्नु" अथवा "ग्रहण गर्नु" मात्र हुनसक्दछ, तर "परमेश्वरको इच्छाबाट" को LXX प्रयोगमा यसको थप संकेतार्थ हुनसक्दछ । यही नै विषयलाई ३ अनि ४ पदमा "प्रदान गरिएको" दुईपटक अनि "बोलाइएको" भनिएको छ; १० पदको "उहाँले तपाईंलाई बोलाउनुभएको अनि चुन्नुभएको" टिप्पणीलाई पनि हेर्नुहोस् ।

यस दुई अर्थ लागे कुराचाहिँ ठीक उद्धारको विरोधाभाष जस्तै नै हो । के उद्धारचाहिँ परमेश्वरको चुनावद्वारा हुन्छ कि अथवा के यसलाई प्राप्त गर्न चुनिएकाहरुद्वारा हुन्छ त ? अवश्य नै हुन्छ । योचाहिँ परमेश्वरको संसार हो भन्ने कुराप्रति बाइबल एकदमै स्पष्टै छ । उहाँ त हरेक पक्षमा संलग्न हुनुहुन्छ । उहाँलाई त करारद्वारा चेतनशील सृष्टिँग कार्य गर्नलाई चुनिएको छ । उहाँले सम्बन्धलाई सुरुवात गर्नुहुन्छ । उहाँले कार्यसूची तयार पार्नुहुन्छ, तर हामीले प्रतिउत्तर दिऔं (अर्थात, सुरुवातीरुपमा अनि लगातार) भनी उहाँले माग गर्नुहुन्छ ।

यस्ता पाठकहरुले एउटा विश्वास प्राप्त गर्दछ जुनचाहिँ तिनीहरुका (अनि सबैको लागि) लागि परमेश्वरको इच्छा हो ।

"विश्वास" शब्दचाहिँ ग्रीक शब्द *pitis* बाट आएको हो, जसलाई अंग्रेजीमा "विश्वास, अथवा "भरोसा", को रुपमा अनुवाद गरिएको छ । मूलरुपले हिब्रूमा यस अवधारणालाई एउटा स्थिर थोकलाई उल्लेख गर्दछ, तर यो कसैलाई देखाउन आयो जो विश्वासिलो, "भरोसायोग्य अथवा विश्वासयोग्य थियो । बाइबलमा यो विश्वासीहरुको विश्वास होइन, तर पमरेश्वरको विश्वसनीयता हो; विश्वासीहरुको भरोसा होइन, तर परमेश्वरको भरोसायोग्य हो । मर्कूस १:१५ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

**NASB** **"हाम्रो जस्तै"**
**NKJV** **"अनमोल जस्तै"**
**NRSV, TEV, NJB** **"अनमोल"**

योचाहिँ ग्रीक संयुक्त शब्द *isotimos* हो, *isos* (अर्थात्, बराबर, अथवा–को अनुरुप रहेक) अनि *timē* अर्थात्, दाम, मूल्य अथवा बहुमूल्य अथवा अनमोलको संकेतार्थसँगको महत्त्व) को एउटा

मिश्रण । परमेश्वरद्वारा दिइएको विश्वासचाहिँ अनुमान लगाउनै नसकिने मूल्यको थियो (१ पत्रुस १:७) अनि सबै विश्वासीहरुले त्यस्तै प्रकारको विश्वासमा बाँड्नुपर्छ । त्यहाँ प्रेरितहरुका लागि अर्कै विश्वास अनि यहूदी अनि अन्यजातिहरुका लागि अर्कै विश्वास अथवा अरुहरुका लागि अर्कै विश्वास छैन ( एफिसी ४:५)।

- **"धार्मिकता"** यसले हाम्रा प्रत्यारोपित धार्मिकता (रोमी ४) लाई उल्लेख गर्दैन, तर खीष्टको धार्मिकतालाई उल्लेख गर्दछ (प्रेरित ३:१४; ७:५२; २२:१४; १ यूहन्ना २:१, २९; ३:७)। १ पत्रुस ३:१४ मा धार्मिकतामाथिको विशेष शीर्षकलाई हेर्नुहोस् । नयाँ करारमा योचाहिँ सबैभन्दा स्पष्ट ठाउँ हो जहाँ *Theos* चाहिँ येशूलाई प्रयोग गरिएको छ । यस ग्रीक मूल शब्दलाई (जसले हिब्रू मूल शब्द **צרק, BDB 841)** २ पत्रुसमा थप्रै पटक प्रयोग गरिएको छ ।

१. धर्मी, न्यायी (*dikaios*) – २:८; धर्मी मानिस

२. धर्मी, न्याय (*dikniosunē*) म
   १:१ – येशूको धार्मिकता
   २:५ – नोआको धार्मिकता
   २:२१ – धार्मिकताको बाटो
   ३:१३ – नयाँ आकाश र नयाँ पृथ्वी जसमा धार्मिकताले वास गर्दछ

३. उचित (*dikaion*)
   १:१३ – उचित, ठीक
   २:७ – धर्मी लोत
   २:८ – धर्मी मानिस

येशू धर्मी हुनुहुन्छ; विश्वासीहरु उहाँमा धर्मी हुन्छन्; त्यसैकारण, तिनीहरु धार्मिकतामा जिउनुपर्दछ, जसले नयाँ युगलाई प्रतिविम्बित गर्दछ ।

**"हाम्रा परमेश्वर र मुक्तिदाता येशू खीष्ट"** यस वाक्यांशले येशूलाई मात्र उल्लेख गर्दछ ।

१. निश्चित उपपदचाहिँ पहिलो नामको अगाडिमात्र छ (Granville Sharp को नियम)

२. "परमेश्वर" "उद्धारकर्ता" "येशू," अनि "खीष्ट" जस्ता सबै चारैओटा मुख्य शब्दहरुको व्याकरणीय रुप (सम्बन्धकारक पुरुष एकवचनहरु)

३. १:११; २:२०; अनि ३:१८ मा आइरहने व्याकरणीय रुप ("परमेश्वर" को सट्टामा "प्रभु" बाहेक)।

४. A.T. Robertson को *Word Pictures in the New Testament*, Vol 6, पृष्ठ १४८ ले हामीलाई स्मरण गराउँदछ कि २ पत्रुसमा *gnōsis* अनि *epignōsis* लाई जहिले पनि येशूको लागि प्रयोग गरिएका छन् ।

५. नयाँ करारमा त्यहाँ अरु ठाउँहरु पनि छन्, जहाँ येशूको ईश्वरत्वलाई पुष्टि गरिएको छ ( यूहन्ना १:१; ८:५७–५८; २०:२८; रोमी ९:५; फिलिप्पी २:६–११; २ थेसलोनिकी १:१२; तीतस २:१३; हिब्रू १:८; अनि १ यूहन्ना ५:२०), जुनचाहिँ पूरानो करारको एक ईश्वरवादको प्रकाशमा आश्चर्यलाग्दो छ । पूरानो करारमा "उद्धारकर्ता" चाहिँ विशेष गरेर YHWH को लागि प्रयोग गरिएको छ, तर मसीहको लागि भने कहिलेकाहीँमात्र प्रयोग गरिएको छ । नयाँ करारमा यसले साधारणत् परमेश्वर पितालाई

उल्लेख गर्दछ । तीतसमा वाक्यांशलाई पिताको लागि तीन पटक प्रयोग गरिएको छ (१:३; २:१०; ३:१४), तरैपनि त्यही नै सन्दर्भहरुमा येशूका लागि पनि प्रयोग गरिएको छ (१:१, ११; २:२०; ३:२, १८)।

**१:२ "अनुग्रह र शान्ति तिमीहरुमा प्रशस्त हुँदै जाओस्"** योचाहिँ १ पत्रुस १:२ सँग मिल्दो रहेको छ । पावलले प्रायःजसो "अनि प्रभु येशू ख्रीष्ट" लाई जोडिएको हुन्छ ।

अनुग्रहले त्यस सत्यतालाई प्रतिविम्बित गर्दछ जुनचाहिँ परमेश्‍वरको चरित्र अनि सुविधाबाट पापी मानिसजातिको उद्धार अनि संगतिको परिणाम आउँदछ । परमेश्‍वरसँगको यस नयाँ (अर्थात् पुनर्स्थापित) सम्बन्धले शान्तिको परिणाम ल्याउँदछ । मानिसलाई पमरेश्‍वरसँगको संगतिको लागि सृष्टि गरिएको थियो, जसको स्वरुपमा हामीलाई सृष्टि गरियो, अनि एक अर्कासँग पनि । अनुग्रह जहिले पनि शान्तिको अगाडि जान्छ ! क्रियाचाहिँ एउटा एवरिष्ट कर्मवाच्य वैकल्पिक हो । यो एउटा प्रार्थना हो । परमेश्‍वरले अनुग्रह र शान्ति दुवै दिऊन् भनी पत्रुसले चाहेका छन् ।

- **"प्रभुको ज्ञानमा"** अनुग्रह र शान्तिचाहिँ परमेश्‍वर स्वयम् अनि उहाँको पुत्र दुवैको एउटा अनुभवको ज्ञान (*epignōsis*) मार्फत् परमेश्‍वरद्वारा दिइएको हो (अर्थात्, कर्मवाच्य)।

शायद कलस्सी अनि १ यूहन्ना जस्तै झूटा शिक्षकहरु (अर्थात्, नोष्टिकहरु) को कारण ज्ञानचाहिँ २ पत्रुसमा आइरहने मुख्य विषय हो ।

१. *epignosis* (पूर्ण ज्ञान); *epignōskō* पूर्णरुपले जान्नु)

| | |
|---|---|
| १:२ | २:२१ (दुईपटक) |
| १:३ | |
| १:८ | |
| २:२० | |

२. *gnosis* (ज्ञान *ginōskō* (जान्नु)

| | |
|---|---|
| १:५ | १:२० |
| १:६ | ३:३ |
| | *gnōrizō* (जनाउनु) |
| | १:१६ |

दुई अध्यायको झूटा शिक्षकहरुमा चाहिँ त्यस्ता विशेषताहरु भएको जस्तो देखिन्छ जसलाई पछि गएर एन्टिनोमियन नोष्टिकवाद Antinomian gnosticism) भनियो । दार्शनिक/ईश्‍वरशास्त्रीय मत विरुद्धका कुराहरुको यस विकसित प्रणालीचाहिँ दोस्रो शताब्दीमा विकास भएको थियो, तर यसको सुरुवात पहिलो शताब्दीमै भएको थियो । यसलाई गोप्य ज्ञानमा आधारित एउटा अतिवादद्वारा चरितार्थ गरिएको छ । उद्धारचाहिँ नैतिकताहरुमा होइन तर यस ज्ञानसँग सम्बन्धित थियो । १ पत्रुस ३:२२ मा विशेष शीर्षक हेर्नुहोस् ।

- **"परमेश्‍वरको र येशू हाम्रा प्रभुको"** मैले १:१ सँग सम्बन्धित येशूलाई मात्र उल्लेख गर्ने एउटा मिल्दोजुल्दो वाक्यांशसँग निम्नलिखित व्याकरणीय बुँदाहरुलाई बनाएको छु ।
    १. एउटा उपपद
    २. सबै सम्बन्धकारकको रुपहरु ।

यस वाक्यांशमा पनि यस्तै प्रकारका व्याकरणीय विशेषताहरुलाई पाइन्छ जसले १ पदले केवल येशूलाई मात्र उल्लेख गरेको हो कि अथवा पिता अनि पुत्रलाई पनि उल्लेख गरेको हो भन्ने विषयका शंकालाई केही हदसम्म थप्दछ । तरैपनि, जटिल ग्रीक पाण्डुलिपीको विविधतामा भिन्नता संलग्न रहेको छ । १:१ को व्याकरणको ग्रीक पाण्डुलिपिमा कुनै विभिन्नता छैन । विभिन्नताहरुको एउटा पूर्ण सूचीको लागि United Bible Society को *Greek New Testament* को चौथो संस्करणको पृष्ठ ७९९ अनि Bart Ehrman को *The Orthodox Corruption of Scripture*, पृष्ठ ८५ को पुच्छरमा दिइएको टिप्पणीलाई हेर्नुहोस् ।

**१:३–७** योचाहिँ एउटा लामो ग्रीक शब्द हो ।

**१:३ "चिनेका हुनाले"** NASB (UPDATED) लाई यहाँ अझ आलंकारिक बनाइएको छ । ग्रीक पाठमा "चिनेका हुनाले" भन्ने कृदन्त छैन ।

- **"आफ्नो"** यस सर्वनामले परमेश्वर पिता अथवा पुत्र परमेश्वरको उल्लेख गर्दैछ । यी सुरुवाती पदहरुमा भएका सबै सर्वनामहरु मिल्दोजुल्दो दुई अर्थ लाग्ने रहेका छन् । योचाहिँ पुत्रसको एउटा विशेषता हो । यो एउटा उद्देश्यपूर्णरुपले नै दुई अर्थ लाग्ने बनाइएको सम्भव रहेको छ ( अर्थात, यूहन्नाको पत्रहरुमा जस्तै दोहोरो अर्थ भएको)। १ पदमा येशूलाई "पिता" को रुपमा पहिचान गराइएको छ; २ पदमा पिता र पुत्र दुवैलाई व्यारकणीयरुपमा जोडिएका छन्; अनि ३ पदको विशेषण "स्वर्गीय" ले दुवैलाई उल्लेख गरेको छ ।
- **"हामीलाई ............ दिनुभएको छ"** योचाहिँ एउटा पूर्ण मध्यम कृदन्त हो । ग्रीक शब्दको यस रुप (*didōmi* बाटको *dōreomai*) लाई केवल मर्कूस (१५:४५) अनि पत्रुस (१ पत्रुस १:३, ४) मा मात्र प्रयोग गरिएको छ, जसले मर्कूसको सुसमाचार अनि १ पत्रुसको साहित्यिक सम्बन्धलाई चित्रण गरेको हुनसक्दछ ।
- **"जीवन र भक्तिको निम्ति ......... चाहिने प्रत्येक थोक"** तीन पदचाहिँ आधारभूतरुपमा गुप्त ज्ञान र दैनिक ईश्वररुपी जीवन जियाई मार्फत् नोष्टिक झूटा शिक्षकहरुका उद्धारको ईश्वरशास्त्रीय पृथकताको एउटा खण्डन हो । ईश्वरत्वले अनन्त जीवन (अर्थात् *zoe*) अनि दैनिक खीष्टको स्वरुप (अर्थात्, *eusebeia*) लाई प्रदान गर्दछ । साँचो ज्ञानचाहिँ येशू खीष्टमा भएको विश्वास हो जसले दैनिक जीवनलाई प्रभावित पार्दछ । विश्वासीहरुले खीष्टमा तिनीहरुलाई आत्मिकरुपमा आवश्यक सबै कुराहरु पाउँदछन् । हामीलाई गहिरो सत्यताको अनुभवलाई खोज्ने जरुरी पर्दैन !
- **NASB** **"साँचो ज्ञान"**
  **NKJV, NRSV, NJB** **"ज्ञान"**
  **TEV** **"हाम्रो ज्ञान"**

योचाहिँ गुप्त ज्ञान माथिको झूटा शिक्षाहरुको जोडलाई दिइएको अर्को झापड हो (२:२०–२१)। प्रेरितहरुद्वारा प्रचार गरिएको, सुसमाचारचाहिँ साँचो ज्ञान हो अनि येशू नै सत्यता हुनुहुन्छ (यूहन्ना १४:६)। योचाहिँ *epignōsis* को तीब्र बनाइएको रुप हो, जसमा प्रयोगात्मक ज्ञानको संकेतार्थ रहेको छ (२, ३, ८; २:२० पद)। सुसमाचारचाहिँ एउटा व्यक्ति हो अनि तिनी ईश्वरशास्त्रीयरुपमा मात्र परिभाषित भएको हुनुहुँदैन तर अनुभवी पनि हुनुपर्दछ ।

- **"हामीलाई बोलाउनु हुनेलाई"** पत्रुसमा यस क्रियालाई कैयौं पटक प्रयोग गरिएको छ (१ पत्रुस १:१५; २:९, २१; ३–९; ५:१०; २ पत्रुस १:३)। यसले जहिले पनि परमेश्‍वरबाटको बोलावटलाई उल्लेख गर्दछ । आत्माले नै नखिँचेसम्म कोही पनि परमेश्‍वरकहाँ आउन सक्दैन (यूहन्ना ६:४४, ६५; एफिसी १:४–५)।
- **"महिमा र श्रेष्ठताद्वारा"** यस बिन्दुमा योचाहिँ ग्रीक पाण्डुलिपीका विभिन्नता हो ।

१. पाण्डुलिपी $P^{72}$, B, K, L अनि प्रायजसो स–साना पाण्डुलिपीहरुमा *dia* ( मार्फत्) महिमा र गुण छ (NKJV) ।

२. पाण्डुलिपी ℵ, A, C, P अनि प्रायजसो प्राचीन अनुवादहरुमा *idia* (उहाँका आफ्नै) महिमा र गुण छ (NASB, NRSV, TEV, NJB) ।

मुख्य प्रश्‍नचाहिँ यो छ, "के विश्‍वासीहरुलाई (१) ईश्‍वरत्वको (अर्थात्, पिता र पुत्र) गुणहरुको माध्यमद्वारा बोलाइएको हो कि अथवा (२) यी गुणहरुलाई बाँड्नको लागि बोलाइएको हो ?"

UBS[4] अनुवाद समितिले संख्या १ को विकल्पलाई "आ" (प्रायः निश्‍चित) भनी निर्धारण गरेका छन् ।

**१:४ "यसैद्वारा उहाँले हामीलाई ............ दिनुभएको छ"** योचाहिँ ३ पदमा कृदन्तसँग मेल खाने एउटा पूर्ण मध्यम संकेतार्थ हो । ईश्‍वरको स्वर्गीय शक्तिलाई दिइएको छ, अनि उहाँको प्रतिज्ञाहरुको माध्यमबाट विश्‍वासीहरुलाई प्रारम्भिक रुपमा (पुष्टिकरण) अनि लगातार (शुद्धिकरण) चाहिने सबै कुराहरु लगातार दिइन्छ ।

- **NASB** **"अनमोल र महान् प्रतिज्ञाहरु"**
  **NKJV** **"अत्यधिक महान् र अनमोल प्रतिज्ञाहरु"**
  **NRSV** **"अनमोल र एकदमै महान् प्रतिज्ञाहरु"**
  **TEV** **"उहाँले प्रतिज्ञा गर्नुभएको अति नै महान् र बहुमूल्य वरदानहरु"**
  **NJB** **"सबैभन्दा महान् र अनमोल प्रतिज्ञाहरु"**

यस्ता विवरणात्मक शब्दहरुले सुसमाचारलाई नै उल्लेख गरेको हुनुपर्दछ, जसद्वारा विश्‍वासीहरु स्वर्गीय स्वभावको सहभागीहरु बन्दछन् (अर्थात्, हामीभित्र वास गर्नुहुने पवित्र आत्मा)। पतित मानिसजातिको आशाचाहिँ उहाँका प्रतिज्ञाहरु (अर्थात् पूरानो करार दुवै, तर विशेष गरेर खीष्टमा, हिब्रू ६:१७–१८) मार्फत् व्यक्त गरिएको परमेश्‍वरको अटल र अनुग्रहकारी चरित्र हो । यी दुईओटा शब्दहरुको क्रमचाहिँ ग्रीक पाण्डुलिपीमा अस्थिर रहन्छ ।

१ पत्रुसमा "अनमोल" शब्दलाई खीष्टको बलिदानरुपी रगतको लागि प्रयोग गरिएको थियो । त्यस शब्दले "तिमोथी" नाउँको मूल शब्दलाई निर्माण गर्दछ ।

- **"ईश्वरीय स्वभावका सहभागी"** यसले (१) भित्र बास गर्नुहुने पवित्र आत्मा (३ पद) जुनचाहिँ उद्धारमा आउँदछ अथवा (२) नयाँ जन्मलाई उल्लेख गर्ने अर्को तरिका (१ पत्रुस १:३, २३) लाई उल्लेख गर्दछ । योचाहिँ सृष्टिबाटै सबै मानिसहरुमा स्वर्गीय प्रकाशको ग्रीक दार्शनिक अवधारणा (यद्यपि शब्दचाहिँ स्टोइकहरुबाटै भएको भएतापनि) बाट एकदमै बेग्लै छ । यसको अर्थ हामी देवहरु हौं अनि हामी कुनै समय हुनेछौं भन्ने हुँदैन, तर हामी त खीष्टजस्तो हुनुपर्दछ (रोमी ८:२९; एफिसी १:४; यूहन्ना ३:२)। विश्वासीहरु परमेश्वरको पारिवारिक चरित्रहरु (अर्थात्, परमेश्वरको स्वरुप) को नमुना बन्नुपर्दछ । "स्वर्गीय" शब्दलाई ३ पद अनि ४ पद दुवैमा प्रयोग गरिएको चाहिँ *theois* हो, जसको अर्थ हुन्छ "ईश्वररुपी" अथवा "ईश्वरजस्तै"।

- **"उम्केर"** नयाँ करारमा यो शब्दचाहिँ केवल २ पत्रुसमा मात्र देखिएको छ (१:४; २:१८, २०)। योचाहिँ पूजा गरिएको कामलाई संकेत गर्ने एउटा एवरिष्ट कर्तृवाच्य कृदन्त हो (अर्थात्, उद्धार, सुसमाचार प्राप्त गरेको समय, १ पद)

- **"यस संसारको कुइच्छाबाट आउने भ्रष्टता"** २ पत्रुसको मुख्य विषयचाहिँ झूटा शिक्षकहरु हुन् जसले एउटा विशेष गुप्त ज्ञान (अर्थात्, नोष्टिकवाद) लाई वकालती गर्दै थिए, तर दैनिक ईश्वरीय जीवनलाई घटाइरहेका थिए (१ पत्रुस १:१५; २:११; ४:३; २ पत्रुस २:१०, १८)। एक अध्यायले ३–११ पदमा यस त्रुटिको प्रतिउत्तर दिन्छ ।

विश्वासीहरुका जीवनचाहिँ तिनीहरुका साँचो बदलाव (याकूब र १ यूहन्ना) को प्रमाण (आधार त होइन) हो । फल फल्दैन भने जरा पनि हुँदैन (मर्कूस ४:१–२०)।

**१:५ "यसैकारण"** यसलेचाहिँ ३–४ पदमा परमेश्वरका वरदान र प्रतिज्ञाहरुप्रतिको विश्वासीहरुका प्रतिउत्तर हो (फिलिप्पी २:१२–१३)। १ पत्रुस ४:३ मा गुण र अवगुणहरु माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **NASB** **"सबै किसिमका प्रयत्नद्वारा ……… थप"**
  **NKJV** **"सबै …… प्रयत्नद्वारा …… थप"**
  **NRSV** **"सहायताको लागि तिमीले हरेक कोशिस गर्नुपर्दछ ।**
  **TEV** **"सबै किसिमका प्रयत्नद्वारा …….. थप"**
  **NJB** **"सहायताको लागि तिम्रो यथाशक्ति थप"**

शाब्दिकरुपमा योचाहिँ "सबै किसिमका प्रयत्नद्वारा ……. थप" हो । योचाहिँ एउटा आज्ञार्थकको रुपमा अनि एवरिष्ट कर्तृवाच्य आज्ञार्थकको रुपमा प्रयोग गरिएको एउटा एवरिष्ट कर्तृवाच्य कृदन्त हो । परमेश्वरले उद्धारलाई अचम्मरीतिले प्रदान गर्नुभएको छ (३–४ पद); अब विश्वासीहरुले यसमा हिंड्नै पर्दछ (५–७ पद)। सुसमाचारचाहिँ (१) परमेश्वरको इच्छा; (२) खीष्टद्वारा पूरा गरिएको काम; अनि (३) आत्मालाई पाउने प्रयत्न गर्ने काम आदिबाट पूर्णरुपले स्वतन्त्र रहेको छ, तर एकपटक प्राप्त गरिसकेपछि दैनिक चेलापनको लागि सबैभन्दा महत्त्वपूर्ण बन्दछ । योचाहिँ सुसमाचारको विरोधाभाष हो

। यो एउटा वरदान हो (यूहन्ना ४:१०; रोमी ३:२४; ६:२३; एफिसी २:८; हिब्रू ६:४), तर सुविधाहरु र जिम्मेवारीहरु सहितको एउटा करार पनि हो । साँचो सुसमाचारले मन, हृदय र हातलाई प्रभाव पार्दछ ।

- **"विश्वास"** यस शब्दको कैयौं पृथक संकेतार्थहरु हुन सक्दछ ।

१. यसको पूरानो करारको पृष्ठभूमिको अर्थ हुन्छ "विश्वसनीयता" अथवा "विश्वासयोग्यता"
२. खीष्टमा हामीले परमेश्वरको सितैको वरदान क्षमालाई ग्रहण गर्नु अथवा प्राप्त गर्नु
३. विश्वासिलो, ईश्वरीय जीवन जीउनु
४. येशूको विषयमा खीष्टियन विश्वासको सामुदायिक अर्थ (प्रेरित ६:७ अनि यहूदा ३, २०)

यस सन्दर्भमा (अर्थात् १ पद) यसले खीष्टलाई उद्धारकर्त्ताको रुपमा ग्रहण गर्ने कुरालाई उल्लेख गर्दछ । अब विश्वासीहरु बढ्नु अनि विकास हुनै पर्दछ ।

यस प्रत्याशित खीष्टियन बढाइलाई रोमी ३:३–४; याकूब १:३–४ मा पनि व्यक्त गरिएको छ ।

**विशेष शीर्षक : खीष्टियन विकास**

| रोमी ५:३–४ | गलाती ५:२२–२३ | याकूब १:३–४ | २ पत्रुस १:५–७ |
|---|---|---|---|
| संकष्टका कारणहरु | आत्माका फल | परीक्षाले उत्पादन गर्ने कुराहरु | परिश्रमलाई लागू गर्ने काम |
| – दृढता | – प्रेम | – सहने काम | – नैतिक श्रेष्ठता |
| – प्रमाणित चरित्र | – आनन्द | – परिपक्वता | – ज्ञान |
| – आशा (२ पद) | – शान्ति | १. स्थिरता | – स्व–नियन्त्रण |
| | – धीरज | २. पूर्ण | – दृढता |
| | – दया | | – ईश्वररुपी |
| | – असलपना | | – भातृप्रेम(*philadeiphia*) |
| | – विश्वासयोग्यता | | – खीष्टियन प्रेम(*agapē*) |
| | – भद्रता | | |
| | – स्व–नियन्त्रण | | |

- **"नैतिक श्रेष्ठता"** यस गुणलाईचाहिँ ३ पदमा खीष्ट (अथवा परमेश्वर पिता) को लागि प्रयोग गरिएको थियो । योचाहिँ आत्माको एउटा फल हो (गलाती ५:२२–२३)। योचाहिँ "असंयम" को विपरीतार्थक शब्द हो (२:३, १४)। १ पत्रुस ४:२ मा नयाँ करारमा गुण र अवगुणहरु माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"ज्ञान"** खीष्टको स्वरुपतिर अगुवाइ गर्ने सुसमाचारको ज्ञान (*gnōsis*) चाहिँ एउटा अचम्मलाग्दो कुरो हो । भ्रूटा शिक्षकहरुले भ्रूटो ज्ञानको वकालती गर्दै थिए जसले लम्पटपनातिर डोऱ्याउँछ ।

- **"आत्मा संयम"** यस गुणले कसैको वर्णन गर्दछ जो पतित पाप स्वभावको अहंम्वादीतालाई नियन्त्रण गर्न यसले अनुचित यौन क्रियाकलापतिर संकेत गर्दछ अनि भ्रूटा शिक्षकहरुको एन्टिनोमियन प्रवृत्तिको कारण, यहाँ यसले त्यस संकेतार्थलाई पनि समावेश गरेको हुन सक्दछ ।

- **"दृढता"** यस शब्दले एउटा सक्रिय, स्वेच्छिक र स्थिर सहनशीलतालाई उल्लेख गर्दछ । योचाहिँ मानिसहरु अनि परिस्थितिाहरुसँगको धैर्यताको परमेश्वररुपी चरित्र हो (रोमी ५:३–४; याकूब १:३)।

- **"भक्ति"** योचाहिँ गोठालोरुपी पत्रहरु साथसाथै २ पत्रुस (१:३ को टिप्पणीलाई हेर्नुहोस्) मा भएको एउटा त्यस्तो महत्त्वपूर्ण शब्द हो, जसलाई म मेरो टिप्पणी, भल्यूम ९, १ तिमोथी ४:७ बाट उद्धधृत गर्न चाहन्छु ।

"योचाहिँ गोठालोरुपी पत्रहरुमा भएको एउटा ठूलो महत्त्वको शब्द हो । यसले सुसमाचारको संकेत गर्ने सिद्धान्त अनि दैनिक जीवनशैलीलाई उल्लेख गर्दछ (३:१६)। यसले अपवाद बन्ने होइन, तर प्रत्याशित बन्ने कुराको वर्णन गर्दछ । योचाहिँ "असल" (*eu*) र "आराधना" (*sebomai*) को संयुक्त शब्द हो । साँचो आराधनाचाहिँ उचित सोंचाइको माध्यमद्वारा दैनिक जीवन जियाइ हो (४:१६अ)। गोठालोरुपी पत्रमा यस शब्दलाई कतिपटक प्रयोग गरिएको छ भन्ने कुरालाई ध्यान दिनुहोस् :

१. नाम (*eusebeia*), १ तिमोथी २:२; ३:१६; ४:७, ८; ६:३, ५, ६, ११; २ तिमोथी ३:५; तीतस १:१

२. क्रिया विशेषण (*eusebēs*), २ तिमोथी ३:१२; तीतस २:१२

३. क्रिया (*eusebeō*), १ तिमोथी ५:४

४. सम्बन्धित शब्द *theosebeia*, १ तिमोथी २:१०

५. खण्डन गरिएको शब्द (अल्फा प्राइभेटिभ "Alpha Privative", अर्थात्, *asebeia*), २ तिमोथी २:१६; तीतस २:१२" (५३ पृष्ठ)।

**१:७**

| | |
|---|---|
| **NASB, NKJV** | **"भातृस्नेह, प्रेम"** |
| **NRSV** | **"प्रेमसहितको पारस्पारिक स्नेह"** |
| **TEV** | **"खीष्टियन स्नेह र प्रेम"** |
| **NJB** | **"दाज्यू–भाइप्रति प्रेमसहितको दया"** |

योचाहिँ संयुक्त ग्रीक शब्द *phileō* (अर्थात, प्रेम) अनि *adephos* (अर्थात् भाइ) हो । १ पत्रुस १:२२ मा पनि यसलाई देखिएको छ । यस सन्दर्भमा यसले करारीय दाज्यूभाइहरु अनि दिदीबहिनीहरुलाई प्रतिविम्बित गर्दछ ।

बारम्बार यसरी भनिएको छ कि *phileō* ले चाहिँ *agapeō* भन्दा कम प्रेमलाई उल्लेख गर्दछ (७ पद), तर कोइनी ग्रीक (Koine Greek) मा यी शब्दहरु पर्यायवाचीहरु हुन् (यूहन्ना ५:२०,

जसले येशूप्रतिको पिताको प्रेमको लागि *phileō* प्रयोग गरिएको छ)। तरैपनि, यहाँ अनि यूहन्ना २१ मा, त्यहाँ एउटा जानी–जानी गरिएको पृथकता हुन सक्दछ ।

**१:८ "किनकी"** ग्रीकमा योचाहिँ एउटा शर्तबन्द वाक्यको साधारण रुप होइन (NJB, तरैपनि *Word Pictures in the New Testament* मा A. T. Robertson ले यस परिच्छेदलाई दुईओटा वर्तमान कर्तृवाच्य शर्तबन्द कृदन्तको रुपमा पहिचान गरेका छन्, Vol. 6. पृष्ठ १५१), तर उल्लेखित प्रमाणचाहिँ भरोसाको लागि जरुरी रहेको छ, जुनचाहिँ पश्चाताप, विश्वास, आज्ञाकारिता, सेवा अनि दृढताको परिवर्तित अनि परिवर्तन भइरहेको जीवनमाथि आधारित छ । अनन्त जीवन (अर्थात्, स्वर्गीय स्वभाव) कोचाहिँ देख्न सकिने चरित्रहरु हुन्छ ।

१. विश्वासीहरुद्वारा गरिएको खीष्टियन गुणको प्रदर्शनी ५–७ पद

२. विश्वासीहरुसँग यस्ता गुणहरु हुन्छन् अनि तिनीहरु बढिरहन्छन् (दुवै वर्तमान कर्तृवाच्य कृदन्तहरु हुन् ८ पद)।

३. विश्वासीहरु परमेश्वरका लागि उपयोगी अनि फलदायक हुन्छन्, ८ पद

४. विश्वासीहरु परमेश्वरको साँचो ज्ञानमा जिउँदछन् (अर्थात्, खीष्टको स्वरुपमा, ८ पद)।

**"बेकम्मा र निष्फल"** योचाहिँ विश्वासीहरुमा मार्मिक रीतिले बारम्बार भइरहने आत्मिकी अवस्था हो ।

१. बेकम्मा अथवा फल नफलाउने – याकूब २:२०

२. निष्फल– मत्ती ७:१६–१९; १३:२२; मर्कूस ४:१९; कलस्सी १:१०; तीतस ३:१४

३. पावलले यस शब्दलाई चेतावनीमा प्रयोग गरेका छन् "अन्धकारको निष्फल कार्यहरुमा सहभागी नहोओ" ।

फल नफलाउने, खराब फलबाट होसियार रहो ! अनन्त जीवनको देख्न सकिने विशेषताहरु हुन्छन् । फल छैन भने जरा पनि हुँदैन !

१:९ जसरी ८ पदले साँचो खीष्टियनहरुको वर्णन गरेको छ, ९ पदलेचाहिँ त्यस्ता विश्वासीहरुको वर्णन गर्दछ जसहरु ज्ञान र जीवन, ईश्वरशास्त्र र नैतिकताहरु, माभको भूटा शिक्षकहरुको भूटा विभाजनबाट प्रभावित भएका छन् ।

- **"टाढाका कुरा नदेख्ने"** योचाहिँ शाब्दिक रुपमा "झिमझिम गर्नु" अथवा "छर्के हेर्नु" हो । यसलाई चाहिँ आलंकारिकरुपमा कसैको लागि प्रयोग गरिएको थियो जसले स्पष्टसँग हेर्ने कोशिस गर्दछ तर असक्षम बन्दछ, सम्भवत् स्वेच्छिकरुपमा उज्यालोबाट हटेका कारण हुनसक्छ (James Hope Moulton र George Milligan द्वारा लिखित *The Vocabulary of the Greek Testament: Illustrated from the Papyri and Other Non–literary Sources*, पृष्ठ ४२०)।

| | |
|---|---|
| **NASB** | **"पूराना पापहरुबाट शुद्ध भएको कुरा बिर्सेर"** |
| **NKJV** | **"आफ्ना पूराना पापहरुबाट शुद्ध भएको कुरा बिर्सेका छन्"** |
| **NRSV** | **"विगतका पापहरुलाई शुद्ध गरिएको कुरा बिर्सेका छन्"** |
| **TEV** | **"आफ्ना विगतका पापहरुबाट आफू शुद्ध भएका कुरालाई बिर्सेका छौ"** |
| **NJB** | **"विगतका पापहरुलाई कसरी पखालिएको थियो भन्ने कुरालाई बिर्सेर"** |

यिनीहरु विश्वासीहरु हुन् भनेर यसले संकेत गर्दछ, तर तिनीहरुलाई झूटा शिक्षकहरुको ईश्वरहीन भ्रष्ट जीवनशैलीतर्फ प्रलोभित पारिएका छन् (२ अध्याय)। कति दुःखलाग्दो कुरो !

१. यस्ता जीवनशैलीले कुनै आनन्द, शान्ति अथवा विश्वास ल्याउँदैन ।
२. यस्ता जीवनशैलीले सुसमाचार प्रचार कार्यमा बाधा दिन्छ ।
३. यस्ता जीवनशैलीले प्रभावकारी सेवाकाईलाई नष्ट पार्दछ ।
४. यस्ता जीवनशैलीले चाँडै मृत्युलाई ल्याउँदछ ।

यस वाक्यांशमा पत्रुसले पापबाटको शुद्धिकरण अथवा शुद्ध छुवाईलाई उल्लेख गर्दछ जुनचाहिँ हाम्रो खातिर ख्रीष्टको विधिवत् अनि प्रतिस्थापित मृत्युमार्फत् भएको छ (१ पत्रुस १:१८; २:२४; ३:१८)।

**१:१० "अझ जोशिला होओ"** यो एउटा एवरिष्ट कर्तृवाच्य आज्ञार्थक हो । यस शब्द (१:१५; ३:१४) को अर्थ यस्तो हुनसक्दछ :

१. केही कुरा एकदमै छिटो गरी गर्नु (तीतस ३:१२)
२. कसैको यथासम्भव राम्रो गर्नु (एफिसी ४:३)
३. इच्छुक हुनु (प्रेरित २०:१६, गलाती २:१०)

# ३ चाहिँ सबैभन्दा उत्तम देखिन्छ (NRSV)

- **NASB** **"निश्चय गर्नलाई"**
  **NKJV** **"निश्चित गर्नलाई"**
  **NRSV** **"पुष्टि गर्नलाई"**
  **TEV** **"स्थायी बनाउनलाई"**
  **NJB** **"कहिले नडग्मगाउनलाई"**

यस शब्दलाई तीन प्रकारले प्रयोग गरिएको छ ।

१. असल प्रकारले स्थापित भएको कुराबाट निश्चित (रोमी ४:१६)
२. भर पर्न योग्यको (२ पत्रुस २:१९ अनि हिब्रू ३:१४; ६:१९)
३. पुष्टिकरण योग्यको (इच्छा पत्रलाई वैध बनाउने जस्ता वैधानिक प्रत्यानुभूतिको लागि मिश्रणबाट कोइनी ग्रीक पपीरी "Koine Greek Papyri" मा प्रयोग गरिएको)

ख्रीष्टियनहरुमा निश्चयता हुनसक्दछ (फिलिप्पी २:१२–१३; १ यूहन्ना ५:१३)। तलका विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : निश्चयता**

अ. ख्रीष्टियनहरुले तिनीहरु बाँचेका छन् (१ यूहन्ना ५:१३) भनेर के जान्न सक्दछन् त ? १ यूहन्नामा तीनओटा जाँचहरु अथवा प्रमाणहरु छन् ।

१. सैद्धान्तिक (विश्वास) (१, ५, १० पद; २:१८–२५; ४:१–६, १४–१६; ५:११–१२)
२. जीवनशैली (आज्ञाकारिता) (२–३ पद; २:३–६; ३:१–१०; ५:१८)

३.  सामाजिक (प्रेम) (२–३ पद; २:७–११; ३:११–१८; ४:७–१२, १६–२१)

आ. निश्चयताचाहिँ सम्प्रादायिक विषय बनेको छ

१. जोहन क्याल्भिन परमेश्वरको निश्चयतामाथि आधारित रहन्थे । तिनले भनेका थिए कि यस जीवनमा हामी कहिल्यै पनि निश्चित बन्न सक्दैनौं ।

२. जोहन वेस्लीको धार्मिक अनुभवमा आधारित निश्चयता । हामीसँग जानिएको पापमाथि जिउने योग्यता हुन्छ भनी तिनी विश्वास गर्दथे ।

३. रोमन क्याथोलिक अनि चर्च अफ क्राइष्टको एउटा अधिकारयुक्त मण्डलीमाथि आधारित निश्चयता । निश्चयताको कुन्जीचाहिँ त्यो झूण्ड हो जसमा कोही संलगन हुन्छ ।

४. विश्वासीहरुको जीवनमा आत्माको फलसँग गाँसिएको बाइबलको प्रतिज्ञामाथि आधारित प्रायजसो सुसमाचार प्रचार सम्बन्धीको निश्चयता (गलाती ५:२२–२३)

इ. मलाई के लाग्छ भने पतित मानिसको प्रारम्भिक निश्चयताचाहिँ त्रि-एक परमेश्वरको चरित्रमा गाँसिएको छ,

१. परमेश्वर पिताको प्रेम
   - अ. यूहन्ना ३:१६; १०:२८–२९
   - आ. रोमी ८:३१–३९
   - इ. एफिसी २:५, ८–९
   - ई. फिलिप्पी १:६
   - उ. १ पत्रुस १:३–५
   - ऊ. १ यूहन्ना ४:७–२१

२. परमेश्वरका पुत्रको कामहरु
   - अ. हाम्रो खातिर मृत्यु
     - १. प्रेरित २:२३
     - २. रोमी ५:६–११
     - ३. २ कोरिन्थी ५:२१
     - ४. १ यूहन्ना २:२; ४:९–१०
   - आ. प्रधान पूजाहारीको प्रार्थना (यूहन्ना १७:१२)
   - इ. अतर्विन्तीको निरन्तरता
     - १. रोमी ८:३४
     - २. हिब्रू ७:२५
     - ३. १ यूहन्ना २:१

३. परमेश्वर आत्माको सेवाकाइ
   - अ. बोलावट (यूहन्ना ६:४४, ६५)
   - आ. छाप लगाउने काम
     - १. २ कोरिन्थी १:२२; ५:५
     - २. एफिसी १:१३–१४; ४:३
   - इ. निश्चयता दिलाउने काम
     - १. रोमी ८:१६–१७
     - २. १ यूहन्ना ५:७–१३

ई. तर मानिस जातिले परमेश्वरको करारीय प्रस्तावलाई प्रतिउत्तर दिनैपर्दछ (सुरुवाती अनि निरन्तर दुवै रुपमा)

१. विश्वासीहरु येशू (विश्वास) मार्फत् पाप (पश्चाताप) बाट अनि परमेश्वरतर्फ फर्कनै पर्दछ ।

अ. मर्कूस १:१५

आ. प्रेरित ३:१६, १९; २०:२१

२. विश्वासीहरुले खीष्टमा परमेश्वरको प्रस्तावलाई ग्रहण गर्नैपर्दछ

अ. यूहन्ना १:१२; ३:१६

आ. रोमी ५:१ (अनि सादृश्य रुपबाट १०:९–१३)

इ. एफिसी २:५, ८–९

३. विश्वासीहरुले विश्वासमा निरन्तरता दिनै पर्दछ

अ. मर्कूस १३:१३

आ. १ कोरिन्थी १५:२

इ. गलाती ६:९

ई. हिब्रू ३:१४

उ. २ पत्रुस १:१०

ऊ. यहूदा २०–२१

ऋ. प्रकाश २:२–३, ७, १०, १७, १९, २५–२६; ३:५, १०, ११, २१

४. विश्वासीहरुले तीनओटा जाँचहरुको सामना गर्नुपर्दछ

अ. सैद्धान्तिक (१, ५, १० पद; २:१८–२५; ४:७–१२, १६–२१)

आ. जीवनशैली (२–३ पद; २:३–६; ३:१–१०)

इ. सामाजिक (२–३ पद; २:७–११; ३:११–१८; ४:७–१२, १६–२१)

उ. निश्चयताचाहिँ कठिन छ किनभने

१. विश्वासीहरुले प्रायःजसो निश्चित अनुभवलाई खोज्दछन् तर बाइबलका प्रतिज्ञालाई होइन ।

२. विश्वासीहरुले प्रायःजसो सुसमाचारलाई पूर्णरुपले बुझ्दैनन् ।

३. विश्वासीहरुले प्रायःजसो जानीजानी (अर्थात्, सिद्धतावादीहरु) ले परमेश्वरको शर्तहीन ग्रहण अनि प्रेमलाई कहिले पनि ग्रहण गर्न सक्दैन ।

५. बाइबलमा त्यहाँ झूटा घोषणाका उदाहरणहरु छन् (मत्ती १३:३–२३; ७:२१–२३; मर्कूस ४:१४–२०; २ पत्रुस २:१९–२०; १ यूहन्ना २:१८–१९०)।

- **"उहाँका बोलावट"** "उहाँको" चाहिँ ग्रीक पाठमा छैन, तर यसलाई १:३ बाट संकेत गरिएको हो । विश्वासीहरुको अन्तिम आशाचाहिँ पिताको चरित्र, पुत्रको काम, अनि आत्मालाई पाउने कोशिस गर्नु हो । तरैपनि, यिनीहरुचाहिँ तिनीहरुका विश्वासको जीवन, परमेश्वरको स्वरुप, इत्यादिद्वारा हरेक विश्वासीहरुमा पुष्टि भएको छ (५–७ पद; फिलिप्पी २:१२–१३)। परमेश्वरले करारीय सम्बन्धमा मानवतासँग कार्य गर्नुहुन्छ । उहाँले कार्यसूची स्थापित गर्नुहुन्छ, उहाँले भेटघाटलाई सुरु गर्नुहुन्छ, उहाँ आफैंले हामीलाई उहाँमा खिँच्नुहुन्छ, तर हामीले पश्चाताप, विश्वास, सेवा, आज्ञाकारिता अनि दृढतामा प्रारम्भिक रुपमा अनि निरन्तर प्रतिउत्तर दिनैपर्दछ । सुसमाचारचाहिँ स्वागत गरिनुपर्ने व्यक्ति, विश्वास गरिनुपर्ने विश्वास, अनि जिउनुपर्ने एउटा

जीवन हो । यदि कसैलाई परिपक्व अवस्थामै छोडिन्छ भने, बाइबलीय उद्धारचाहिँ असम्भव हुन्छ ।

**विशेष शीर्षक : बोलाइएका**

विश्वासीहरुलाई आफूकहाँ बोलाइने, चुनिने अनि फकाउने कुरामा परमेश्वरले जहिलेपनि पहिलो पाइला चाल्नुहुन्छ (यूहन्ना ६:४४, ६५; १५:१६; १ कोरिन्थी १:१२; एफिसी १:४–५, ११)। "बोलावट" शब्दलाई थुप्रै ईश्वरशास्त्रीय अर्थहरुमा प्रयोग गरिएको छ ।

अ. पापीहरुलाई आत्माको दृढ विश्वास र ख्रीष्टको पूरा गरिएको काममार्फत् परमेश्वरको अनुग्रहद्वारा उद्धारका लागि बोलाइएका छन् (अर्थात्, *klētos*, रोमी १:६–७; ९:२४, जुनचाहिँ १ कोरिन्थी १:१–२ र २ तिमोथी १:९; २ पत्रुस १:१० सँग ईश्वरशास्त्रीयरुपमै मिल्दो रहेको छ ।

आ. पापीहरुलाई प्रभुको नाउँमा बचाइएको हुनलाई बोलाइन्छ (अर्थात, *epikaleō*, प्रेरित २:२१; २२:१६; रोमी १०:९–१३)। यस बयानचाहिँ यहूदी आराधनाको कहावत हो ।

इ. विश्वासीहरुलाई ख्रीष्टरुपी जीवन जिउनको लागि बोलाइएको हो (अर्थात् *klēsis*, १ कोरिन्थी १:२६; ७:२०; एफिसी ४:१)

- **"चुनाव"** *eklogē* नामलाई जहिले पनि परमेश्वरको चुनावको बारेमा प्रयोग गरिन्छ ।
  १. याकूब/इस्राएल–रोमी ९:११
  २. विश्वासिलो अवशेष–रोमी ११:५, २८
  ३. नयाँ करारका विश्वासीहरु – रोमी ११:७
  ४. मण्डली – १ थेसलोनिकी १:४; २ पत्रुस १:१०

मर्कूस १३:२० र १ पत्रुस १:२ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"यी कुराहरु गर्नाले तिमीहरु कहिल्यै लोट्ने छैनौं"** "यी कुराहरु" ले ३–७ पदलाई उल्लेख गर्दछ । अनन्त जीवनको देख्न सकिने विशेषताहरु हुन्छ ।

व्याकरण (अर्थात्, दोब्बर नकारात्मक) अनि *pote* (अर्थात्, "कुनै पनि समय" अथवा "कहिल्यै") शब्दले झूटा शिक्षाहरु (अर्थात्, २ पत्रुस) अनि कष्ट र सतावट (अर्थात् १ पत्रुस) को माझमा संघर्ष गरिरहेका विश्वासीहरुलाई ठूलो निश्चयता दिन्छ ।

*Word Pictures in the New Testament*, Vol.6, पृष्ठ १५३ मा A.T. Robertson ले "अभ्यास" (अर्थात्, *pioeō*) क्रियालाई ८ पदलाई झैं वर्तमान कर्तृवाच्य शर्तबन्द कृदन्तको रुपमा पहिचान गरेका छन् । NASB, NKJV, NRSV र TEV ले तिनीहरुका अनुवादहरुमा "यदि" अंग्रेजी शर्तबन्द शब्दलाई समावेश गरेका छन् । (८ पद जस्तै)।

- **"तिमीहरु कहिल्यै लोट्ने छैनौ"** योचाहिँ एउटा व्याकरणीय ढाँचा (दोबर नकारात्मक अनि सम्भावव्यता क्रियाको अवस्था) हो, जुनचाहिँ कुनै बयानलाई खण्डन गर्ने कडा तरिका हो । यहूदा २४ मा पनि त्यस्तै सत्यतालाई व्यक्त गरिएको छ ।

तरैपनि, हिब्रूमा जस्तै (२:१–४; ३:७–४:११; ५:११–६:१२; १०:९–३९; १२:१४–२९), २ पत्रुसमा पनि केही आश्चर्यजनक चेतावनीहरु छन् (२:१, २०–२२; ३:१७)। उद्धारचाहिँ सुरक्षित छ (१ पत्रुस १:४–६) तर कायम राख्नैपर्दछ ।

**विशेष शीर्षक : विश्वासबाट हट्ने काम (*APHISTĒMI*)**

यस ग्रीक शब्द *aphistēmi* को बृहत् अर्थ विज्ञान छ । तरैपनि, अंग्रेजी शब्द ‘apostasy’ लाई यसै शब्दबाट लिइएको हो अनि यसको प्रयोगलाई आधुनिक पाठकहरुमा पूर्वाग्रह उत्पन्न गराउँछ । सधैंझैं सन्दर्भचाहिँ एउटा कुञ्जीमात्र हो, तर पहिलेबाटै स्थपित गरिएको परिभाषा होइन ।

योचाहिँ नामयोगी *apo* बाटको एउटा संयुक्त शब्द हो, जसको अर्थ हुन्छ “बाट” अथवा “बाट टाढा” अनि *histēmi*, “बस्नु”, “खडा हुनु” अथवा “स्थिर रहनु” । निम्नलिखित (गैर–ईश्वरशास्त्रीय) प्रयोगलाई हेर्नुहोस् :

१. शारीरिक रुपमा हटाउनु
  अ. मन्दिरबाट, लूका २:३७
  आ. घरबाट, मर्कूस १३:३४
  इ. कुनै व्यक्तिबाट, मर्कूस १२:१२; १४:५०; प्रेरित ५:३८
  ई. सबै कुराहरुबाट, मत्ती १९:२७, २९
२. राजनैतिकरुपमा हटाउनु, प्रेरित ५:३७
३. सम्बन्धबाटै हटाउनु, प्रेरित ५:३८; १५:३८; १९:९; २२:२९
४. वैधानिक रुपमा हटाउनु (पारपाचुके), व्यवस्था २४:१,३ (LXX) अनि NT, मत्ती ५:३१; १९:३७; मर्कूस १०:४; १ कोरिन्थी ७:११
५. ऋणलाई हटाउनु, मत्ती १८:२४
६. छोडिएकोद्वारा असम्बन्धित देखाउनु, मत्ती ४:२०; २२:२७, यूहन्ना ४:२८; १६:३२
७. नछोडिएको द्वारा सम्बन्धित देखाउनु, यूहन्ना ८:२९; १४:१८
८. अनुमति दिनु, मत्ती १३:३०; १९:१४; मर्कूस १४:६; लूका १३:८

ईश्वरशास्त्रीय अर्थमा क्रियाको पनि बृहत् प्रयोग भएको छ :
१. पापको दोषलाई रद्द गर्नु, क्षमा गर्नु, छुटाउनु, प्रस्थान ३२:३२ (LXX); गन्ती १४:१९; अय्यूब ४२:१० अनि नयाँ करारमा, मत्ती ६:१२, १४–१५; मर्कूस ११:२५–२६
२. पापबाट आफैंलाई रोक्नु, २ तिमोथी २:१९
३. तलका कुराहरुद्वारा टाढा हटेकोले गर्दा उपेक्षा गर्नु
  अ. व्यवस्था, मत्ती २३:२३; प्रेरित २१:२१
  आ. विश्वास, इजकिएल २०:८ (LXX): लूका ८:१३; २ थेसलोनिकी २:३; १ तिमोथी ४:१; हिब्रू २:१३

आधुनिक विश्वासीहरुले थुप्रै ईश्वरशास्त्रीय प्रश्नहरु सोध्छन् जसलाई नयाँ करारका लेखकहरुले कहिले पनि सोंचेका सम्म थिएनन् । यिनीहरुमा एउटाचाहिँ विश्वासनीयताबाट विश्वासलाई अलग गर्ने आधुनिक प्रवृत्तिसँग सम्बन्धित रहेको छ ।

बाइबलमा त्यहाँ त्यस्ता व्यक्तिहरु छन् जसहरु परमेश्वरका मानिसहरुमा संलग्न छन् अनि कहिलेकाहीँ हुन्छन् ।

**१. पूरानो करार**

अ. जसले बाह्र (दश) जातिको विवरणलाई सुने, गन्ती १४ (हिब्रू ३:१६–१९)

आ. कोरह, गन्ती १६

इ. एलीका छोराहरु, १ शमूएल २,४

ई. शाऊल, १ शमूएल ११–३१

उ. झूटा अगमवक्ताहरु (उदाहरणहरु)

- १. व्यवस्था १३:१–५ १८: १९–२२ (झूटा अगमवक्तालाई चिन्ने तरिका)
- २. यर्मिया २८
- ३. झूटा अगमवक्ताहरु (उदाहरणहरु)

ऊ. झूटा अगमवादिनी

- १. इजकिएल १३:१७
- २. नहेम्याह ६:१४

ऋ. इस्राएलका दुष्ट अगुवाहरु (उदाहरणहरु)

- १. यर्मिया ५:३०–३१; ८:१–२; २३:१–४
- २. इजकिएल २२:२३–३१
- ३. मीका ३:५–१२

**२. नयाँ करार**

अ. शाब्दिक रुपमा यस ग्रीक शब्दचाहिँ *apostasize* हो । पूरानो अनि नयाँ करार दुवैले दोस्रो आगमन अघि दुष्ट र झूटा शिक्षाको एउटा गहनतालाई पुष्टि गर्दछ (मत्ती २४:२४; मर्कूस १३:२२; प्रेरित २०:२९, ३०; २ थेसलोनिकी २:९–१२; २ तिमोथी ४:४)। यस ग्रीक शब्दले मत्ती १३; मर्कूस ४; अनि लूका ८ मा पाइने बीऊ छर्नेको दृष्टान्तमा येशूका वचनहरुलाई प्रतिविम्बित गरेको हुनसक्दछ । यस्ता झूटा शिक्षकहरु स्पष्टरुपले ख्रीष्टियनहरु होइनन्, तर तिनीहरु त्यसभित्रबाटै आए (प्रेरित २०:२९–३०; १ यूहन्ना २:१९; तरैपनि, तिनीहरु अपरिपक्व विश्वासीहरुलाई प्रलोभनमा पार्न अनि कब्जा गर्न सक्षम छन् (हिब्रू ३:१२)।

ईश्वरशास्त्रीय प्रश्नचाहिँ के छ भने झूटा शिक्षकहरु पनि कुनै समय विश्वासीहरु थिए त ? योचाहिँ उत्तर दिन गाह्रो कुरो हो किनभने स्थानीय मण्डलीहरुमा त्यहाँ झूटा शिक्षकहरु थिए (१ यूहन्ना २:१८–१९)। हाम्रा ईश्वरशास्त्रीय अथवा साम्प्रदायिक परम्पराहरुले यस प्रश्नको जवाफ प्रायःजसो विशेष बाइबलीय पाठप्रतिको विना कुनै टिप्पणी दिन्छ (कसैको पूर्वाग्रहलाई अनुमानितरुपमा प्रमाणित गर्ने सन्दर्भबाट कुनै पदलाई उद्धधृत गर्ने पाठलाई प्रमाणित गर्ने तरिका सिवाय)।

आ. प्रत्यक्ष विश्वास

१. यहूदा, यूहन्ना १७:१२

२. सिमोन, मेग्नस, प्रेरित ८

३. मत्ती ७:१३–२३ मा बोलिएका कुराहरु

४. मत्ती १३; मर्कूस ४; लूका ८ मा बोलिएका कुराहरु

५. यूहन्ना ८:३१–५९ का यहूदीहरु

६. अलेकजान्डर र हुमेनियस, १ तिमोथी १:१९–२०

७. १ तिमोथी ६:२१ मा भएकाहरु
८. हुमेनियस र फिलेतस, २ तिमोथी २:१६–१८
९. डेमास, २ तिमोथी, ४:१०
१०. झूटा शिक्षकहरु, २ पत्रुस २:१९–२२; यहूदा १२–१९ पद
११. एन्टिक्राइष्ट, १ यूहन्ना २:१८–१९

इ. फलरहितको विश्वास
१. १ कोरिन्थी ३:१०–१५
२. २ पत्रुस १:८–११

यस्ता पाठहरुलाई हामी कमै सोंच्दछौं किनभने हाम्रा प्रणालीबद्ध ईश्वरशास्त्र (क्याल्भिनिज्म, अरमिनियनिज्म, इत्यादि) ले आदेश गरिएको प्रतिउत्तरलाई आदेश दिन्छ । मैले यस विषयलाई अघि ल्याएको कारण कृपया मलाई पूर्व–न्याय नगर्नुहोस् । मेरो चासोको विषयचाहिँ उचित पाठको अर्थसँग सम्बन्धित कार्यविधि हो । हामीले बाइबललाई हामीमा बोल्न दिनैपर्दछ अनि यसलाई एउटा अघिबाटै स्थापित ईश्वरशास्त्रमा ढाल्ने कोशिस गर्नुहुँदैन । योचाहिँ प्रायःजसो कष्टप्रद अनि आघातपूर्ण हुन्छ किनभने हाम्रा प्रायजसो ईशवरशास्त्रचाहिँ सम्प्रादायिक, सांस्कृतिक अथवा बौद्धिक (अभिभावक, मित्र, पाष्टर) हुन्छ, तर बाइबलीय हुँदैन । परमेश्वरका मानिसहरुमा भएका कोही कोही परमेश्वरका मानिसहरु नहुन पनि सक्दछन् (उदाहरणको लागि, रोमी ९:६)।

**१:११ "अनन्त राज्य"** यसले YHWH अनि मसीहको अनन्त राज्यकाललाई उल्लेख गर्दछ (यशैया ९:७; दानिएल ७:१४, २७; लूका १:३३; १ तिमोथी ६:१६; प्रकाश ११:१५; २२:५)। प्रकाश २० ले बाहेक, यसले एउटा एकहजार वर्षको राज्यलाई उल्लेख गर्दैन नता नयाँ करारको अरु कुनै पाठले गर्दछ, यद्यपि कोहीले १ कोरिन्थी १५:२२–२८ मा एउटा गुप्त संकेत देख्दछ । मैले त देखेको छैन ।

- **"प्रभु र मुक्तिदाता"** यस वाक्यांशलाईचाहिँ सम्राटको लागि प्रयोग गरिन्थ्यो । योचाहिँ यस पुस्तकमा प्रायजसो प्रयोग गरिएको एउटा दुर्लभ उपाधि हो (१:११; २:२०; ३:२, १८)

## NASB (UPDATED) TEXT: 1:12–15

१२यसकारण यी कुराहरु तिमीहरुलाई म सधैं सम्झाउनेछु, यद्यपि तिमीहरु यी सब जान्दछौ, र तिमीहरुमा भएको सत्यतामा तिमीहरु स्थिर छौ । १३जबसम्म म यस शरीरमा छु, तिमीहरुलाई सम्झना गराउँदै सचेत पार्नु म उचित ठान्छु । १४किनभने म जान्दछु, हाम्रा प्रभु येशू ख्रष्टिले मलाई देखाइदिनुभएको छ कि मेरो यो शरीर त्याग्ने बेला चाँडै नै आइरहेछ । १५मेरो मृत्युपछि पनि तिमीहरुले यी कुराहरु कुनै पनि समय सम्झन सक भनी म प्रयत्न गर्नेछु ।

**१:१२ "यसकारण"** १ अध्यायको सुसमाचारका सत्यतामाथि आधारित

- **"तिमीहरुलाई म सधैं सम्झाउनेछु"** योचाहिँ एउटा बारम्बार दोहोरिएको मुख्य विषय हो (१:१२–१३:१५; ३:१–२; फिलिप्पी ३:१; यहूदा ५, १७)। नयाँ विश्वासीहरुका जानकारीको लागि अनि परिपक्व विश्वासीहरुका स्थिरताका लागि सुसमाचारका यी सत्यताहरुलाई घरि–घरि दोहोराइरहनु आवश्यक पर्दछ ।

१२–१५ पदलाई प्रायःजसो “गवाहीहरु” भनिने शैलीको रुपमा पहिचान गरिएका छन् । साधारणत् योचाहिँ मृत्यु अघि कुनै व्यक्तिको अन्तिम शब्दहरुसँग सम्बन्धित हुन्छ (यहोशू २३–२४; १ शमूएल १२; २ तिमोथी ४:६–८; १:१२–१५)।

- **“सत्यता”** “सत्यता/साँचो/विश्वासयोग्य” हरुचाहिँ त्यस्ता महत्त्वपूर्ण बाइबलीय अवधारणाहरु हुन् जसलाई यूहन्नाको लेख (vol. 4) माथिको मेरो टिप्पणीबाट लिइएको दुईओटा विशेष विषयहरु म तपाइँसँग बाँड्न चाहन्छु ।

**विशेष शीर्षक : यूहन्नाका लेखहरुमा “सत्यता” (अवधारणा)**

एक अर्थमा, यूहन्नाले हिब्रू पृष्ठभूमि र *alētheia* “सत्यता” को ग्रीक पृष्ठभूमिलाई मिलाएका छन्, जस्तो तिनले *logos* लाई गरे (१:१–१४)। हिब्रूमा *emeth* (BDB 53) ले साँचो अनि विश्वासयोग्य कुरोलाई देखाउँदछ (सेप्टुअजिन्टमा प्रायःजसो *pisteuō* सँग सम्बन्धित)। ग्रीकमा यसलाई प्लेटोको वास्तविकता बनाम् काल्पनिक, स्वर्गीय बनाम् सांसारिक कुराहरुसँग सम्बन्धित थियो । योचाहिँ यूहन्नाको दोहोरोवादमा मिल्न आउँदछ । परमेश्वरले आफ्नो पुत्रमा आफैंलाई स्पष्टसँग प्रकट (*alētheia* को शब्द विज्ञानचाहिँ प्रकट गर्नु, खुल्ला गर्नु, अनि सफासँग देखाउनु हो) गर्नुभएको छ । यसलाई थुप्रै तरिकामा व्यक्त गरिएको छ ।

१. नाम, *alētheia*, सत्यता

अ. येशू अनुग्रह र सत्यताले पूर्ण हुनुहुन्छ (१:१४, १७– पूरानो करारको करारीय शब्दहरु)

आ. बप्तिस्मा दिने यूहन्नाको गवाहीमा येशूलाई केन्द्रित गरिएको छ (४:३३; १८:३७– पूरानो करारका अन्तिम अगमवक्ता)

इ. येशूले साँचो बोल्नुहुन्छ (८:४, ४४, ४५, ४६–प्रकाशचाहिँ अनुपातिक अनि व्यक्तिगत कुरो हो)

ई. येशू बाटो, सत्य र जीवन हुनुहुन्छ (१४:६)

उ. येशू (*logos* १:१–३) सत्यता हुनुहुन्छ (१७:७)

२. विशेषण, *alēthēs*, साँचो, विश्वासयोग्य

अ. येशूका गवाही (५:३१–३२; ७:१८; ८:१३–१४)

आ. येशूको इन्साफ (८:१६)

३. विशेषण, *alēthinus*, साँचो

अ. येशू साँचो ज्योति हुनुहुन्छ (१:९)

आ. येशू साँचो रोटी हुनुहुन्छ (६:३२)

इ. येशू साँचो दाख हुनुहुन्छ (१५:१)

ई. येशू साँचो गवाही हुनुहुन्छ (१९:३५)

४. क्रियाविशेषण, *alēthōs*, साँच्चै

अ. संसारको उद्धारकर्ताको रुपमा येशूलाई सामरीको गवाही (४:४२)

आ. मोशाको समयको मन्नको विपरित येशू साँचो भोजन अनि पानी हुनुहुन्छ (६:५५)

इ. सुसमाचारका लेखक यूहन्नाको गवाही साँचो हो (२१:२४)

ई. येशूलाई साँचो अगमवक्ताको रुपमा देखिएको छ (६:१४; ७:४०)

पूरानो करार अनि नयाँ कारारमा भएको सत्यताको असल छलफलका लागि George E. Ladd को *A Theology of the New Testament*, पृष्ठ २६३–२६९ लाई हेर्नुहोस् ।

**विशेष शीर्षक : यूहन्नाको लेखहरुमा "साँचो" (शब्द)**

१. परमेश्वर पिता

अ. परमेश्वर साँचो/विश्वासयोग्य हुनुहुन्छ (यूहन्ना ३:३३; ७:१८, २८; ८:२६; १७:३; रोमी ३:४; १ थेसलोनिकी १:९; १ यूहन्ना ५:२०; प्रकाश ६:१०)

आ. परमेश्वरका तरिकाहरु साँचो छन् (प्रकाश १५:३)

इ. परमेश्वरका इन्साफ साँचो छन् (प्रकाश १६:७; १९:२)

ई. परमेश्वरका भनाइहरु साँचो छन् (प्रकाश १९:११)

२. परमेश्वरका पुत्र

अ. पुत्र साँचो/सत्यता हुनुहुन्छ

१. साँचो ज्योति (यूहन्ना १:९; १ यूहन्ना २:८)

२. साँचो दाख (यूहन्ना १५:१)

३. अनुग्रह र सत्यताले पूर्ण (यूहन्ना १:१४, १७)

४. उहाँ सत्यता हुनुहुन्छ (यूहन्ना १४:६; ८:३२)

५. उहाँ साँचो हुनुहुन्छ (प्रकाश ३:७; १४; ९:११)

आ. पुत्रको गवाही/साक्षी साँचो हो (यूहन्ना १८:३७)

३. यसको एउटा तुलनात्मक अर्थ हुनसक्दछ

अ. मोशाको व्यवस्था बनाम् येशूको अनुग्रह र सत्यता (यूहन्ना १:१७)

आ. उजाड–स्थानको पाल बनाम् स्वर्गीय पाल (हिब्रू ८:२; ९:१)

४. यूहन्नामा प्राय:जसो यस संसारको थुप्रै संकेतार्थहरु (हिब्राइक र ग्रीक) थिए । यूहन्नाले ती सबैलाई पिता र पुत्रलाई व्यक्तिहरुको रुपमा, प्रवक्ताहरुको रुपमा अनि उहाँहरुका सन्देशहरु, जुनचाहिँ उहाँहरुका चेलाहरुमा जानुपर्दथ्यो, को रुपमा वर्णन गर्नलाई प्रयोग गरेका छन् (यूहन्ना ४:१३; १९:३५; हिब्रू १०:२२; प्रकाश २२:६)।

५. यूहन्नाको लागि यी दुईओटा विशेषणहरुले पितालाई एकमात्र विश्वासयोग्य ईश्वर (५:४४; १ यूहन्ना ५:२०) अनि येशूलाई केवल ज्ञानबर्द्धक, वास्तविकताहरुका लागि मात्र होइन तर छुटकाराको उद्देश्यको लागि उहाँको साँचो र पूर्ण प्रकाशको रुपमा वर्णन गरेको छ ।

| | |
|---|---|
| **NASB** | **"तिमीहरुमा भएको"** |
| **NKJV** | **"भएको सत्यतामा"** |
| **NRSV** | **"तिमीहरुमा आएको छ"** |
| **TEV** | **"तिमीहरुले प्राप्त गरेको छौ"** |
| **NJB** | **(वाक्यांशलाई छोडिएको छ)** |

शाब्दिकरुपमा वाक्यांशचाहिँ "भएको सत्यतामा" हो । "सत्यता" कसरी उपस्थित हुन्छ त ? सत्यताचाहिँ (१) परमेश्वरको चरित्र र वचनको विश्वासयोग्यता अनि (२) येशूको विवरण र सुसमाचारका सन्देशलाई उल्लेख गर्ने एउटा तरिका (अर्थात् जिउँदो वचन र लिखित वचन) दुवै हुन् ।

**"उपस्थित"** शब्दचाहिँ उहाँको "उपस्थिति" को रुपमा खीष्टको दोस्रो आगमनलाई वर्णन गर्न प्रयोग गरिएको *parousē* शब्द हो (१:१६; ३:४, १२)।

**१:१३ "यस शरीरमा"** पावलले पनि आफ्नो भौतिक शरीरलाई उल्लेख गर्नको लागि २ कोरिन्थी ५:१–१० मा यस वाक्यांशलाई प्रयोग गरेका छन् । पत्रुसले चाँडै नै शहिद बन्नलाई आशा गरेको कुरालाई १४ अनि १५ पदले स्पष्ट देखाउँदछ ।

**१:१४ "हाम्रा प्रभु येशू खीष्ट"** यस उपाधिले पहिलो शताब्दीका यहूदी/खीष्टियन अगुवापनप्रतिको थुप्रै ईश्वरशास्त्रीय सत्यताहरुलाई संकेत गरेको हुनुपर्दछ ।

- **"प्रभु"** ग्रीक शब्द "प्रभु" (*kurios*) लाई एउटा साधारण अर्थमा अथवा एउटा विकसित ईश्वरशास्त्रीय अर्थमा प्रयोग गर्न सकिन्छ । यसको अर्थ "श्रीमान्" "महोदय" (यूहन्ना ४:११), "मालिक", "स्वामी", "पति", अथवा "परमेश्वरका पूर्ण मानिस" (यूहन्ना ९:३६, ३८) हुन सक्दछ । यस शब्दको पूरानो करार (हिब्रू, *adon*) प्रयोगचाहिँ यहूदीहरुद्वारा YHWH परमेश्वरको करारीय नाउँलाई उच्चारण गर्न अनिच्छुक गरिएको करारबाट अनि हिब्रू क्रियारुप "हुनु" (प्रस्थान ३:१४) बाट आएका थिए । मर्कूस १२:३६ मा "परमेश्वरका लागि नाउँहरु" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् । तिनीहरु आज्ञा उल्लङ्घन हुन्छ कि भनी डराउँदथे, जसले भन्दथ्यो, तैंले परमप्रभु आफ्ना परमेश्वरका नाउँलाई व्यर्थैमा नलिनू (प्रस्थान २०:७; व्यवस्था ५:११)। त्यसैकारण, तिनीहरुले सोंच्दथे कि यदि तिनीहरुले यसको उच्चारण गरेनन् भने, तिनीहरुले यसलाई व्यर्थैमा लिन सक्ने थिएनन् । यसैले, तिनीहरुले हिब्रू शब्द *adon* ले प्रतिस्थापित गरिदिए, जसको ग्रीक शब्द *kurios* (परमप्रभु) सँग मिल्दोजुल्दो अर्थ थियो । नयाँ करारका लेखकहरुले खीष्टको पूर्ण ईश्वरत्वलाई वर्णन गर्नको लागि यस शब्दलाई प्रयोग गरेका छन् । "येशू प्रभु हुनुहुन्छ" भन्ने वाक्यांशचाहिँ सुरुवाती मण्डलीहरुका विश्वासको सार्वजनिक प्रायश्चित अनि बप्तिस्माको सूत्र थियो (रोमी १०:९–१३; १ कोरिन्थी १२:३; फिलिप्पी २:११)

- **"येशू"** यस हिब्रू नाउँको अर्थ हुन्छ YHWH ले बचाउनुहुन्छ" अथवा "YHWH ले उद्धार ल्याउनुहुन्छ ।" यसलाई चाहिँ एकजना दूतद्वारा उहाँका माता–पितालाई प्रकट गरिएको थियो (मत्ती १:२१)। "येशू" चाहिँ उद्धारको लागि हिब्रू शब्द *hosea*, YHWH परमेश्वरका करारीय नाउँको प्रत्ययबाट लिइएको हो । योचाहिँ हिब्रू नाउँ यहोशू जस्तै नै हो ।

- **"खीष्ट"** योचाहिँ हिब्रू शब्द "मसीह" सँग समानान्तर रहेको छ, जसको अर्थ हुन्छ, "अभिषेक जन ।" यसले "एउटा विशेष कामको लागि परमेश्वरद्वारा कसैलाई बोलाइएको अनि तयार पारिएको" भन्ने संकेत गर्दछ । पूरानो करारमा अगुवाहरुका तीनओटा झूण्ड : पूजाहारीहरु,

राजाहरु अनि अगमवक्ताहरुलाई अभिषेक गरिन्थ्यो । येशूले यस्ता अभिषेक गरिएका तीनैओटा पदहरुलाई पूरा गर्नुभएको छ (हिब्रू १:२–३)।

- **"मलाई देखाइदिनु भएको छ"** यसले पत्रुसको मृत्यु (यूहन्ना १३:३६) अथवा पत्रुसको मृत्युको स्वभावलाई उल्लेख गरेको हुनसक्दछ जसलाई यूहन्ना २१:८–१९ मा प्रभुबाट पत्रुसलाई प्रकट गरिएको थियो ।

**१:१५ "मेरो मृत्युपछि"** योचाहिँ मृत्युको (अर्थात्, euphemism) अथवा स्वर्गमा फर्कने अर्थमा प्रयोग गरिएको "प्रस्थान" (लूका ९:३१) शब्द हो ।

- **"तिमीहरुले यी कुराहरु ........... सम्झन सक"** यसले १ पत्रुस २ पत्रुस अथवा मर्कूसको सुसमाचारका पुस्तकहरु (Irenaeus) लाई उल्लेख गर्न सक्दथ्यो । आफ्नो मृत्युपछि आफ्ना लेखहरुलाई आत्माले प्रयोग गर्नेछ भनेर पत्रुसले बुझ्ेका थिए । आफ्नो मृत्युपछि ख्रीष्टियनहरुका लागि पढ्न अनि प्रयोग गरिनलाई आफूमार्फत् आत्मा बोल्नुहुँदै थियो भन्ने ज्ञान तिनीसँग पक्कै पनि भएको हुनुपर्दछ ।

NASB (UPDATED) TEXT: 1:16-18
१६किनकी हामीले तिमीहरुलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिँदा धूर्ततासँग रचिएका दन्त्यकथाहरुको हामीले अनुशरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं । १७उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु ।" १८त्यस पवित्र डाँडामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी हामी आफैले सुनेका थियौं ।

**१:१६**

| | |
|---|---|
| **NASB** | **"धूर्ततासँग रचिएका दन्त्यकथाहरु"** |
| **NKJV** | **"चतुरतासँग रचिएका नीतिकथाहरु"** |
| **NRSV** | **"धूर्ततासँग रचिएका दन्त्य कथाहरु"** |
| **TEV** | **"रचिएका कथाहरु"** |
| **NJB** | **"चतुरतासाथ आविष्कार गरिएका दन्त्य कथाहरु"** |

यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो, जुनचाहिँ अज्ञात, बाहिरी समूह (कर्मवाच्य) हरुद्वारा ल्याएका भ्रान्तिको एउटा स्थायी अवस्था (पूर्ण काल) लाई संकेत गर्दछ, जो झूटा शिक्षकहरु आफै अथवा दुष्ट हुन सक्दथ्यो । हामी यस ग्रीक शब्दबाट "दन्त्य–कथा" भन्ने अंग्रेजी शब्द पाउँदछौ, जसलाई केवल

१. १ तिमोथी १:४; ४:७
२. २ तिमोथी ४:४
३. तीतस ३:९, १४
४. २ पत्रुस १:१६ मा मात्र पाइन्छ ।

यस्ता झूटा शिक्षकहरु (२ अध्यायको विवरणबाट) केही यहूदी प्रवृत्तिहरुसहित सुरुवाती अवस्थाका नोष्टिकहरु भएका हुनाले (अर्थात्, #२), यस्ता दन्त्य कथाहरुले तलका कुराहरुलाई उल्लेख गरेको हुनसक्दथ्यो :

१. पवित्र परमेश्वर अनि तल्लो स्तरको आत्मिकी अस्तित्वहरु (*aeons*) माझको स्वर्गदूतीय स्तरहरु र तिनीहरुका गुप्त नाउँहरु

२. एउटा साँचो मानव खीष्टबाट पृथक स्वर्गीय मानिसको रुपमा मसिहसँग सम्बन्धित वंशावली

३. उद्धार र नैतिकताको उद्देश्यपूर्ण ईश्वरशास्त्रीय विभाजन

"दन्त्य कथालाई विभिन्न तरिकामा प्रयोग गरिएका कुराको एउटा राम्रो छलफलका लागि G.B. Carid को *The Language and Imagery of the Bible*, अध्याय १२–१३ पृष्ठ २०१–२४३ लाई हेर्नुहोस् ।

- **हाम्रा प्रभुको …….. आगमन"** योचाहिँ पुस्तकको अर्को केन्द्रीय विषय हो । "आगमन" अथवा "उपस्थित"को रुपमा परिभाषित गरिएको *parousia* शब्द (१२ पदमा भएको एउटै मूल शब्द) लाई कोइनी ग्रीक पापिरी (koine Greek papyri) मा राजाको भेटघाटका लागि प्रयोग गरिएको छ । *parousia* शब्दले साधारणतय् दोस्रो आगमन (३:४, १२) लाई उल्लेख गर्दछ, तर यसले अवतारलाई उल्लेख गर्न सक्दछ । अर्को वाक्यांशमा रुप परिवर्तनप्रतिको सान्दर्भिक संकेतको कारण यहाँ यसले त्यसलाई उल्लेख गर्दछ ।

**विशेष शीर्षक : दोस्रो आगमन**

योचाहिँ शाब्दिकरुपमा *parousia* सम्म" हो जसको अर्थ हुन्छ "उपस्थित", अनि राजकीय भ्रमणको लागि प्रयोग गरिन्थ्यो । दोस्रो आगमनको लागि प्रयोग गरिएका नयाँ करारका अरु शब्दहरु चाहिँ (१) *epiphaneia*, "सम्मुख पर्नु" ; (२) *apokalupis*, "प्रकट गरिएको", अनि (३) "प्रभुको दिन" अनि यस वाक्यांशका विभिन्नताहरु हुन् ।

समग्रमा नयाँ करारचाहिँ पूरानो करारको संसारको दृष्टिकोण भित्रबाट लेखिएको, जसले तलकाकुराहरुलई दाबी गर्दथ्यो ।

१. एउटा वर्तमान, विद्रोही युग

२. आउन लागेको धार्मिकताको नयाँ युग

३. यसलाईचाहिँ मीसह (अभिषेकजन) को काममार्फत् आत्माको सहायताबाट ल्याइएको हो ।

प्रगतिशील प्रकाशको ईश्वरशास्त्रीय अनुमानचाहिँ आवश्यक रहेको छ किनभने नयाँ करारका लेखकहरुले इस्राएलको प्रत्याशालाई हलुका प्रकारले परिवर्त्तन गरेका छन् । मसीहको सैन्य अनि राष्ट्रिय–केन्द्रित (इस्राएल) आगमनको सट्टामा, त्यहाँ दुईओटा अवतार थियो । उहाँ त यशैया ५३ को गैर सैन्य, गैर–न्याय विधान "कष्ट पाएका कमारा" को रुपमा आउनुभयो; जकरिया ९:९ को गधाको बछेडो माथि सवार हुनुहुने नरम स्वभावको हुनहुन्थ्यो (तर युद्धको घोडा अथवा राजकीय खच्चडमा सवार

हुनुभएन)। पहिलो आगमनले नयाँ मसिही युग अर्थात् पृथ्वीमा परमेश्वरको राज्यको उद्घाटन गर्‍यो । एउटा अर्थमा राज्य त यहीँ नै छ, तर अवश्य पनि अर्को अर्थमा यो अझै पनि धेरै टाडामा छ । योचाहिँ मसीहको दुईओटा आगमनको बीचको तनाव हो, जुनचाहिँ एउटा अर्थमा, दुईओटा यहूदी युगलाई ढाक्ने एउटा कुरो भएको छ, जसलाई पूरानो करारबाट देखिएको थिएन, अथवा कमसे कम अस्पष्ट नै थियो । वास्तविकतामा, यस दुईओटा आगमनले सबै मानिस जातिलाई छुटकारा गर्ने YHWH को प्रतिज्ञालाई जोड दिन्छ (उत्पत्ति ३:१५; प्रस्थान १९:५; अनि अगमवक्ताहरुका प्रचार, विशेष गरेर यशैया र योना)।

मण्डलीले पूरानो करारका अगमवाणी पूरा भएको चाहँदैछैनन् किनभने प्रायःजसो अगमवाणीहरुले पहिलो आगमनलाई उल्लेख गर्दछ *(How to Read the Bible for all its worth,* पृष्ठ १६५–१६६)। विश्वासीहरुले आशा नगरेको कुराचाहिँ के हो भने पुनरुत्थान हुनुभएको राजाहरुका राजा अनि प्रभुहरुका प्रभुको महिमित आगमन अनि स्वर्गमा झैं पृथ्वीमा पनि धार्मिकताको नयाँ युगको प्रत्याशित ऐतिहासिक पूर्णता (मत्ती ६:१०)। पूरानो करारका प्रस्तुतिहरु गलत थिएनन्, तर अपूर्ण भने थिए । अगमवक्ताहरुले अगमवाणी कहे झैं YHWH को शक्ति र अधिकारमा उहाँ फेरि पनि आउनुहुनेछ ।

दोस्रो आगमनचाहिँ एउटा बाइबलीय शब्द होइन, तर अवधारणाले सम्पूर्ण नयाँ करारको संसारलाई हेर्ने दृष्टिकोण र ढाँचा निर्माण गर्दछ । परमेश्वरले यी सबैलाई सोझो रुपमा स्थापित गर्नुहुन्छ । उहाँको स्वरुपमा बनाइएको मानवजाति र परमेश्वरमाझको संगतिको पुनर्स्थापन गरिनेछ । दुष्टहरुलाई न्याय गरिनेछन् अनि हटाइनेछन् । परमेश्वरको उद्देश्य असफल हुनेछैन अनि हुनसक्दैन ।

- **"उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं"** यसले येशूको संसारिक जीवनप्रतिको प्रत्यक्षदर्शी गवाहीहरुद्वारा पत्रुसको लेखकत्वलाई दाबी गर्दछ । यसले विशेष गरेर रुप-परिवर्तनलाई उल्लेख गर्दछ (१८ पद अनि मर्कूस ९:२–८)। यस वाक्यांशलाई परमेश्वरसँग एउटाको अनुभव गर्ने रहश्यमय धर्महरुभित्र पनि सूत्रपात गरिएको थियो । पावललेझैं पत्रुसले पनि आफ्ना प्रतिद्वन्द्वी वाक्यांशहरुलाई तिनीहरुलाई खण्डन गर्ने एउटा साधनको रुपमा अथवा तिनीहरुको उचित अर्थ दिएर प्रयोग गर्दथे ।

येशूलाई "वैभव" शब्दद्वारा वर्णन गरिन्छ । अर्को पदमा (१७ पद) परमेश्वर पितालाई "तेजस्वी महिमा" भन्ने त्यस्तै प्रकारको शब्दद्वारा पहिचान गराइएको छ । येशूभित्रको ईश्वरत्वको सार डाँडामा चेलाहरुको भित्री समूह (अर्थात् पत्रुस, याकूब र यूहन्ना)लाई प्रकट गरिएको थियो ।

**१:१७ "आदर र महिमा**" योचाहिँ "*Shekinah Glory*" (प्रस्थान र गन्तीका बादललाई धर्मगुरुहरुले भनेका कुरा), जुन बादलबाट परमेश्वर बोल्नुभयो (मर्कूस ९:२–८) को एउटा सम्भवत् टिप्पणी हो । १ पत्रुस १:२१ मा महिमामाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"पिता"** मर्कूस १३:३२ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"एउटा वाणी"** धर्मगुरुहरुले यसलाई Bath Kol भन्दछन् (अर्थात्, स्वर्गबाटको आवाज), जुनचाहिँ मलाकीदेखि बप्तिस्मा दिने यूहन्नाको समयको अवधिमा परमेश्वरको इच्छाको एउटा पुष्टिकरण थियो जसमा त्यहाँ कुनै अगमवाणीका आवाजहरु थिएनन् । पिताले येशूलाई उहाँको रुप परिवर्तन दुवैमा प्रमाणित गर्नुभयो (मर्कूस १:११; मत्ती १७:५–६)।
- **"मेरा प्रिय पुत्र"** योचाहिँ भजन २:७ बाटको मसिही उपाधि हो ।
- **"जससँग म अति प्रसन्न छु"** योचाहिँ यशैया ४२:१ (मत्ती ३:१७; १७:५) प्रतिको एउटा संकेत हो । भजन २ अनि यशैया ४२ लाई जोडेर पत्रुसले मसीहको राजकीय अनि कष्ट पाएका कमाराका दुवै पक्षहरुलाई जोड दिँदैछन् । यी दुई पक्षहरुले उहाँको दुईओटा आगमनलाई पनि परिभाषित गर्दछ : अवतार = कष्ट पाएका कमारा; दोस्रो आगमन – राजा अनि न्यायकर्ता !

NASB (UPDATED) TEXT:1:19-21

१९हामीसित भएका अगमवक्ताहरुको वचन अझ निश्चित भएको छ । झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरुका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरुले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ । २०सर्वप्रथम तिमीहरुले यो बुझ्नुपर्दछ, कि पवित्र धर्मशासत्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन । २१किनकी मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन् ।

**१:१९ "अगमवक्ताको वचन"** यसले (१) पूरानो करारका पाठहरु (अर्थात् १७ पद) अथवा (२) प्रेरितहरुका गवाही (१२ पद; १ यूहन्ना १:१–५) लाई उल्लेख गरेको हो ।

- **"अझ निश्चित भएको"** पूरानो करारको परमेश्वरको प्रकाशचाहिँ नयाँ करारको प्रकाशमा अझ पुष्टि गरिएको छ । नयाँ करारलाई पूर्णरुपले बुझ्नको लागि पूरानो करार निश्चय नै महत्त्वपूर्ण छ (मर्कूस १:१–३)।

यस सम्पूर्ण परिच्छेदचाहिँ दोस्रो आगमनमा गरिएको ढिलाइसँग सम्बन्धित छ, जसलाई कोहीले शंका गर्न सुरु गरे । पत्रुसले आफ्ना पाठकहरुलाई (१) नयाँ युगप्रतिको तिनको अनुभव (अर्थात्, येशूको रुप परिवर्तन) र (२) येशूको जीवन, शिक्षाहरु, मृत्यु अनि पुनरुत्थानमाथिको अगमवाणीको पूर्णता ( अर्थात्, बत्तीको उज्यालो, ताराको उज्यालो) द्वारा आश्वासन दिन चाहेका छन् । F.F.Bruce को *answers to questions*, पृष्ठ १३० लाई दिनुहोस् ।

- **"अन्धकारमा बलिरहेको दियो"** योचाहिँ भजन ११९:१०५ अनि सम्भवत् हितोपदेश ६:२३ को एउटा संकेत हो । परमेश्वरले पतित मानिस–जातिलाई विश्वासद्वारा (अर्थात्, प्रकाश, प्रेरणा अनि ज्योति) द्वारा उहाँलाई प्रतिउत्तर दिन आवश्यक सबै जानकारीहरुलाई प्रदान गर्नुभएको छ । पूरानो करारमार्फत् परमेश्वरको स्व–प्रकटीकरण अनि श्रेष्ठरुपमा खीष्टमार्फत्, जसलाई नयाँ करारका लेखकहरुद्वारा अभिलेख गरिएको छ अनि व्याख्या गरिएको छ, लाई पर्याप्त गरिएको छ (यद्यपि पूर्ण समापन भने गरिएको छैन)। पूरानो अनि नयाँ करारको यस प्रकाशचाहिँ मानिस जाति अनि स्वर्गदूतहरुको पाप र विद्रोहप्रति अन्धकारमा बलिरहेको दियो जस्तै नै हो । तर एकदिन एउटा योभन्दा धेरै उज्यालो प्रकाशले हरेक विशवासीहरुको हृदय र मनलाई उज्यालो

बनाउनेछ । प्रकाशको लक्ष्यचाहिँ जानकारी होइन, तर उद्धार (अर्थात् पुनर्स्थापन, घनिष्ठ संगति) हो ।

झूटा शिक्षकहरुले ईश्वरबाट एउटा विशेष प्रकाश पाएको दाबी गर्दथे, तर परमेश्वरको पूर्ण स्व–प्रकाशचाहिँ येशू नै हुनुहुन्छ भनेर पत्रुसले दाबी गरेका छन् ।

- **"बिहानको तारा"** योचाहिँ शाब्दिकरुपमा "ज्योतिवाहक" अथवा "दिउँसोको तारा" हो (प्रकाश २:२८; २०:१६)। यस ग्रीक शब्दबाट हामी "फसफरस" भन्ने अंग्रेजी शब्द पाउँदछौं । यस ज्योति चम्केको पक्षलाई लिएर थुप्रै पूरानो करारीय संकेतार्थहरु छन् ।

१. योचाहिँ साधारणतय् शुक्र ग्रहलाई उल्लेख गर्ने "बिहानको तारा" (ल्याटिनमा लूसिफर, यशैया १४:१२), भनी अनुवाद गरिएको *helel* भनिने हिब्रू शब्द हो ।

२. योचाहिँ गन्ती २४:१७ (अर्थात् "याकूबबाट एउटा तारा निस्किआउने") अनि मलाकी ४:२ ( "धार्मिकताको सूर्य उठाउनेछ) मा आउन लागेको मसीहसँग सम्बन्धित रहेको छ ।

३. योचाहिँ दानिएल १२:३ मा सन्तहरुको पुनरुत्थानसँग सम्बन्धित छ (आकाशको चमकजस्तै चम्किरहनेछन् ।

४. योचाहिँ प्रकाश २२:१६ मा मसीहको राजकीय अवतारसँग सम्बन्धित छ (अथवा दाऊदको सन्तान, बिहानको चम्किलो तारा । "तिमीहरुका हृदयमा नउदाउञ्जेल" सन्दर्भमा यसले धर्मशास्त्रमा ( पूरानो करार) उहाँको आफ्नै स्व–प्रकटीकरण, येशू (अवतार), अनि प्रेरितहरुका लेखहरु (नयाँ करार) द्वारा परमेश्वरद्वारा ल्याइएको अस्तित्वको लागिको मेलापलाई उल्लेख गर्दछ । केही बिन्दुहरुमा पतित मानिसहरुमा "आह" भन्ने बुझाइको क्षणहरु हुन्छन् । परमेश्वरको सत्यता हाम्रो चेतनशीलतामा जबरजस्ती घुस्दछ । बुझाइको यस प्रक्रिया अनि दृढ विश्वासलाई पवित्र आत्माबाट अगुवाई गरिएको छ (यूहन्ना ६:४४, ४५)

खीष्टियनिटीचाहिँ खीष्टमा एउटा व्यक्तिगत भिडन्त अनि पमरेश्वरप्रतिको विश्वासको प्रतिउत्तरको रुपमा सुरु हुन्छ । योचाहिँ पारिवारिक प्रेम र पारिवारिक सेवाको सामूहिक अनुभवबाट निस्किआउँदछ (१ कोरिन्थी १२:७)। मर्कूस २:६ मा हृदयमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**१:२० "पवित्र धर्मशास्त्र"** योचाहिँ नयाँ करारमा भएको कैयौं पदहरुमध्ये एउटा हो जसले पूरानो करार र नयाँ करारका लेखहरुमा परमेश्वरका स्व–प्रकाशको बारेमा बोल्दछ (अर्थात् वचन)।

१. मत्ती ५:७–१९
२. १ कोरिन्थी २:९–१३
३. १ थेसलोनिकी २:१३
४. २ तिमोथी ३:१६
५. १ पत्रुस १:२३–२५
६. २ पत्रुस १:२०–२१
७. २ पत्रुस ३:१५–१६

यी सबैका सारचाहिँ त्यो हो कि पवित्र धर्मशास्त्रचाहिँ परमेश्वरबाटको हो अनि परमेश्वरको हो, मानिस–जातिबाट उत्पन्न भएको होइन । पमरेश्वरले नै लेखकहरु (२ पत्रुस १:२०–२१) अनि तिनीहरुका लेखहरुलाई प्रेरित गर्नुभयो (२ तिमोथी ३:१६)

"व्यक्तिगत व्याख्याको विषय" यस परिच्छेदले निश्चय नै मण्डलीहरुमा झूटा शिक्षकहरुद्वारा सृष्टि गरिएको भइरहेको तनावलाई व्यक्त गर्दछ । तिनीहरुले धर्मशास्त्रबाट उद्धधृत गरेर तिनीहरुका आफ्नै कथालाई यसमा थपेका कुरा सम्भव रहेको छ (जुनचाहिँ आज सामान्य कुरो भएको छ)।

सन्दर्भमा, यस परिच्छेदले (१) पूरानो करारका लेखकहरु अथवा (२) समकालिन झूटा शिक्षकहरुलाई उल्लेख गरेको हो भनेर जान्न कठिन भएको छ । यदि यो पहिलो विकल्प हो भने, यसले प्रेरणाको ईश्वरशास्त्रीय अवधारणाको विषयमा बोल्दछ (२ तिमाथी ३:१६)। निम्नलिखित पदले यस व्याख्यालाई दाबी गरेको जस्तो देखिन्छ । यदि यो दोस्रो विकल्प हो भने, यसले प्रकाशको ईश्वरशास्त्रीय अवधारणाको बारेमा बोल्दछ (अर्थात्, बाइबललाई व्याख्या गर्नमा विश्वासीहरुलाई आत्माले अगुवाइ गर्दछ ।

आफ्नै लागि बाइबल व्याख्या गराईमा आत्माबाट दिइएको योग्यताको रुपमा "विश्वासीहरुका पूजाहारी गिरी" को ईश्वरशास्त्रीय अवधारणालाई साधारणतय् बुझिएको छ भनेर यसले उल्लेख गरेको हुनैपर्दछ । तरैपनि, बाइबलीय रुपमा, वाक्यांशले मण्डलीलाई महान् आज्ञालाई पूरा गर्ने प्रतिनिधिको रुपमा उल्लेख गर्दछ (१ पत्रुस २:५, ९); प्रकाश १:६)। पूरानो करार (प्रस्थान १९:६) अनि नयाँ करारमा ध्यान दिनुहोस् कि "विश्वासीहरुका पूजाहारीगिरी" चाहिँ सिंगो हैन तर "बहुवचन" (अर्थात्, सामूहिक) छ ।

**१:२१ "पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले ...... "** योचाहिँ शाब्दिकरुपमा "बोक्यो" भन्ने हो जुनचाहिँ एउटा वर्तमान कर्मवाच्य कृदन्त हो । यसले बाइबलचाहिँ मानिसको सन्देश होइन तर परमेश्वरको सन्देश हो भन्ने सत्यतामाथि अझ जोड दिन्छ । बाइबल मानिसको शब्दहरुमा भएको कुरो साँचो हो, तर मानिसहरुलाई आत्माद्वारा अचम्मरीतिले अगुवाइ गरिएको थियो कुनै पनि मानिस जातिले वास्तविकताको त्यस स्तरलाई बुझ्न नसकेकोले गर्दा, बाइबल सुविस्तृत सत्यता होइन, तर यो परमेश्वर, पाप, उद्धार, ईश्वरीय जीवन जिउने काम अनि अनन्तको विषयमा विश्वासयोग्य र पर्याप्त सत्यता भएको छ ।

प्रेरणाको सठीक तरिकाचाहिँ बेग्लाबेग्लै छ ।

| | |
|---|---|
| १. थियोफेनिस | २. युरिम र थुम्मिन/चिट्ठाहरु |
| ३. सपनाहरु | ४. दर्शनहरु |
| ५. तन्द्राहरु | ६. स्वर्गदूतहरु |
| ७. सांकेतिक कार्यहरु | ८. विशेष घटनाहरु र व्याख्याहरु |

प्रश्नचाहिँ यस्तो रहेको छ (१) परमेश्वरले विषयवस्तुलाई दिनुहुन्छ र मानव लेखकले त्यसलाई रुप दिन्छ कि अथवा (२) परमेश्वरले दुवै कुरा दिनुहुन्छ ?

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. खीष्टियन जीवनचाहिँ प्रारम्भिक रुपमा परमेश्वरले गर्नुभएको काम हो कि हाम्रो आफ्नै काम हो ?
२. परमेश्वरसँगको तिनीहरुको सम्बन्धमा मानिसजातिले कुनचाहिँ भूमिका खेल्नुपर्ने हो ?
३. के खीष्टियन जीवनलाई उद्धारबाट अलग गर्न सकिन्छ ?
४. के उद्धार कुनै शर्तबन्द कुरो हो त ?
५. यस पत्रमा पत्रुसले कस्तो झूटा शिक्षाको विरोध गर्दै थिए ?
६. १९ पदमा पिताको वचनको विशेषता के हो त ?
७. बाइबलको विषयमा १९–२० पदले के भन्दछ त ?

# २ पत्रुस २

**आधुनिक अनुवादहरुको परिच्छेद विभाजनहरु**

| UBS[4] | NKJV | NRSV | TEV | NJB |
|---|---|---|---|---|
| भूत अगमवक्ताहरु र शिक्षकहरु | विनाश गर्ने सिद्धान्तहरु | झूटा शिक्षकहरुमाथि आक्रमण | झूटा शिक्षकहरु | झूटा शिक्षकहरु |
| २:१–३ | २:१–३ | २:१–३ | २:१–३ | २:१–३ |
| | झूटा शिक्षकहरुको सर्वनाश | | | विगतका पाठहरु |
| २:४–१० | २:४–१० | २:४–१०अ | २:४–१०अ | २:४–१०अ |
| | | | | आउन लागेका दण्ड |
| २:१०आ–१६ | झूटा शिक्षकहरुको भ्रष्टता | २:१०आ–१६ | २:१०आ–१६ | २:१०आ–१२ |
| – | २:१२–१७ | – | – | – |
| – | – | – | – | २:१३–१६ |
| २:१७:२२ | झूटा शिक्षकहरुको धोका | २:१७–२२ | २:१७–२२ | २:१७–२२ |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद

इत्यादि ।

## २ पत्रुस २:१–२२ भित्रका सान्दर्भिक अन्तदृष्टिहरु

अ. यस भागचाहिँ यहूदासँग समानान्तर रहेको छ । शाब्दिकरुपमा त्यहाँ केही कुरालाई ल्याइएको छ, तर कसले कसबाट ल्यायो भन्ने कुरा स्पष्ट छैन । यहूदाले पत्रुसको अगमवाणीलाई संकेत गरेका कुरा सम्भव छ किनभने तिनको मृत्युपछि, यो साँचो हुन आएको छ (NET Bible)।

आ. यस्ता झूटा शिक्षकहरु उच्चरुपमा विकसित दूतहरुको अध्ययन (जसले पर्सियन प्रभावलाई प्रतिविम्बित गरेको हुनसक्दछ, १ तिमोथी ६:३–५) सहित एन्टिनोमियन अर्थात् सुरुवाती अवस्थाको नोष्टिकहरु भएको देखिन्छ । उल्लेख गरिएका पूरानो करारका सबै विवरणहरु कुनै किसिमले स्वर्गदूतहरुलाई संलग्न गरेको छ ।

इ. पत्रुसचाहिँ आफ्नो समयको साधारण ज्ञानबाट अलग भएका छन् (पूरानो करारका विवरणहरु; १ हनोक धर्मभ्रष्ट श्रोतहरु)

ई. स्वर्गदूतको संसारको सुरुवात, पतन अनि क्रियाकलापहरु प्रति बाइबलले दुईओटा अर्थहरु लगाउँदै आफ्नो जिज्ञासालाई परमेश्वरद्वारा दिइएको जानकारीभन्दा टाढा नलैजानुहोस् (अर्थात् आधुनिक उपन्यासहरु)।

उ. झूटा शिक्षकहरुको त्यहाँ विशेषताहरुको एउटा विस्तृत सूची रहेको छ ।

१. विनाशकारी भनाइहरु (१ पद लाई गोप्यरुपमा परिचय गराइएको
२. मालिकलाई इन्कार गरिएको (१ पद)
३. संवेदनशीलतालाई पालन गरिएको (२ पद)
४. लालची हुने (३ पद)
५. अधिकारलाई घृणा गर्ने (१० पद)
६. पशुसरह व्यवहार गर्ने (१२ पद)
७. मोजमज्जा खोज्ने (१३ पद)
८. खीष्टियन प्रेम भोजहरुलाई उल्टाउने (१३ पद)
९. कमजोर विश्वासीहरुलाई पाप गर्न लगाउने (१४ पद)
१०. स्वतन्त्रको प्रतिज्ञा गर्ने, तर तिनीहरु कमाराहरु हुन् (१९ पद)

### शब्द र वाक्यांशको अध्ययन

१. जसरी इस्राएलीहरुका माझमा झूटा अगमवक्ताहरु पनि थिए, त्यसरी तिनीहरुका माझमा झूटा शिक्षकहरु खडा हुनेछन् । यिनीहरुले गुप्तरुपले विनाशकारी झूटा शिक्षकहरु ल्याउनेछन्, यहाँसम्म कि तिनीहरुलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरुले इन्कार गर्नेछन्, र आफैमाथि चाँडै विनाश ल्याउनेछ । २. र धेरै जनाले तिनीहरुका विलासी आचरणको अनुशरण गर्नेछन्, र तिनीहरुको कारण सत्यको मार्गको बदनामी हुनेछ । ३. लोभले वशमा परेर तिनीहरुले झूटा कुरा बनाएर तिमीहरुबाट फाइदा उठाउनेछन् । तिनीहरुका दण्डको कुरा अघिबाटै निर्णय भइसकेको छ, र तिनीहरुका कुरा जागै छ ।

**२:१ "झूटा अगमवक्ताहरु"** साँचो अगमवक्ताहरुलाई १:१९–२१ मा छलफल गरिएको छ । पूरानो करारले बारम्बार झूटा अगमवक्ताहरुको उल्लेख गरेको छ (व्यवस्था १३:१–५, १८:१९–२२; १ राजा १८:१९; २२:६; यर्मिया ५:३; २३:९–१८), जसरी नयाँ करारले गरेको छ (मत्ती ७:१५; २४:११, २४; मर्कूस

१३:२२; लूका ६:२६; प्रेरित १३:६; २ पत्रुस २:१; १ यूहन्ना ४:१; प्रकाश १६:१३; १९:२०; २०:१०)। २ पत्रुस :१० मा "विश्वासबाट हट्ने काम माथिको शीर्षकलाई हेर्नुहोस् ।

- **"त्यसरी तिमीहरुका माझमा ......... खडा हुनेछन्"** यसले परमेश्वरका पूरानो करारका मानिसहरुलाई उल्लेख गर्दछ । पहिलो दुईओटा उपवाक्यहरुको माझको समानान्तरलाई ध्यान दिनुहोस् ("माझमा लाई दोहोऱ्याइएको छ)। झूटा अगमवक्ताहरुचाहिँ बाहिरबाट होइन तर परमेश्वरका मानिसहरुमाझबाटै आएको कुरालाई ध्यान दिनुहोस् ।
- **"झूटा शिक्षकहरु"** २ अध्यायको संकेतले यिनीहरु सुरुवाती अवस्थाका नोष्टिकहरु थिए भनेर देखाउँदछ । १ पत्रुस २३:११ मा, "नोष्टिक" माथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **"गुप्तरुपले .... ल्याउनेछन्"** *para* अनि *eisagō* को यस मिश्रणको "दुवैतर्फ लुकिछिपी लैजानु" भन्ने कुराको संकेत रहेको छ (गलाती २:४ अनि यहूदा ४ पद)
- **"विनाशकारी झूटा शिक्षाहरु"** नयाँ करारमा "झूटा शिक्षाहरु" शब्दलाई तीन प्रकारले प्रयोग गरिएको (विभाजनहरु) छन् ।

१. एउटा धार्मिक झूण्डको रुपमा प्रेरित २४:२६:५)
२. खीष्टियनिटी भित्रको विभाजनको रुपमा (१ कोरिन्थी ११:१९)
३. परम्परावादसँग विपरित शिक्षाको रुपमा

तिनीहरुचाहिँ साधारणतय् सत्यता र गलत कुराको एउटा मिश्रण हो । तिनीहरुले प्रायःजसो केही सत्यताहरुलाई अरु बाइबलीय सत्यताहरुको वर्जनको अथवा खीष्टियनवादसँग सम्बन्धित विकृतिको विशाल रुप दिन्छन् । झूटा शिक्षकहरुचाहिँ जहिले पनि खीष्टियन संगतिभित्रबाटै आउँदछ (१) सान्दर्भिक अन्तर्दृष्टि "उ" मा अनि (२) गलाती ५:१९ मा देख्न सकिन्छ ।

- **"स्वामीलाई पनि इन्कार गर्नेछन्"** योचाहिँ एउटा वर्तमान मध्यम कृदन्त हो, जसले झूटा शिक्षकहरुद्वारा खीष्टलाई व्यक्तिगत रुपमा इन्कार गरिने कुराको विषयमा बोल्दछ । यसले (१) ईश्वरशास्त्रबाट अथवा (२) जीवनशैली (यहूदा ४) बाट येशूलाई गरिएको इन्कारलाई उल्लेख गर्दछ । योचाहिँ (१) तिनीहरुका कामहरु अनि विश्वासहरु, (२) तिनीहरुका अनैतिक तरिकाहरु ( ३) तिनीहरुका लालच र (४) तिनीहरुका स्व–धोकाद्वारा स्वामीलाई झूटा शिक्षकहरुले गरेको इन्कारको विषयको चारओटा वर्णनात्मक वाक्यांशहरु (१–३ पद) को पहिलो हो ।

**"स्वामी"** उपाधिचाहिँ *despotēs* शब्द हो, जसको अर्थ हुन्छ "प्रभु" अथवा "मालिक"। योचाहिँ कमाराका मालिकहरुलाई प्रयोग गरिने शब्द हो (१ तिमोथी ६:१, २; तीतस २:९; १ पत्रुस २:१८)।

"स्वामी" शब्दचाहिँ साधारणतय् परमेश्वर पिताको लागि प्रयोग गरिएको कुरालाई टिप्पणी गर्नु रोचक कुरो हुन्छ (लूका २:२९; प्रेरित ४:२४ "प्रस्थान २०:११ अथवा भजन १४६:६ को LXX लाई उद्धधृत् गर्दै")। उहाँको ईश्वरत्वलाई पुष्टि गर्न पिताबाट पुत्रतर्फ सरुवा गराइएको यहाँ अर्को उपाधि छ ।

- **"यिनीहरुले ........ ल्याउनेछन्"** यो एउटा एवरिष्ट कर्तृवाच्य कृदन्त हो । २०–२१ पदले जस्तै, यसले पनि, हामी एकपटक बचाइएका थियौं, तर अहिले होइन भनेर संकेत गरेको जस्तो देखिन्छ । योचाहिँ (१) पूरानो करारमा YHWH ले उहाँका मानिसहरुलाई बचाउनुभएको अथवा (२) नयाँ करारमा खीष्टको छुटकाराका काम (मर्कूस १०:४५; प्रेरित २०:२८; १ कोरिन्थी ६:२०; एफिसी १:७; १ तिमोथी २:६; हिब्रू २:९; १ पत्रुस १:१९; १ यूहन्ना २:२; प्रकाश ५:९) को एउटा टिप्पणी हो । पूरानो करारमा कसैलाई दासत्वबाट मोल तिरेर छुटाउनुले चाहिँ (अर्थात्, फिरौती अथवा उद्धार) शारीरिक छुटकारालाई उल्लेख गर्दथ्यो । नयाँ करारमा यसले साधारणतय् उद्धारलाई उल्लेख गर्दछ । पूरानो करारमा कसैलाई तिनीहरुका शत्रुको हातमा बेच्नुले इन्साफलाई उल्लेख गर्दछ ।

NJB मा "जसले तिनीहरुलाई छुटाउनको लागि किन्यो" भन्ने रोचक अनुवाद छ । तिनीहरुले सन्दर्भ (२–३ पद) लाई प्रत्यक्षरुपले ती विश्वासीहरुसँग सम्बन्धित रहेको देखेका छन् जसले ईश्वररुपी जीवन जिउँदछन् अनि खीष्ट र खीष्टियनिटीलाई नजिक ल्याउँछन् । यसले त्यसपछि ती विश्वासीहरुको उल्लेख गर्दछ जसहरु तिनीहरुका ईश्वरहीन् जीवन अनि विनाशकारी प्रभावको कारण चाँडै नै मर्दछन् ।

- **"आफैंमाथि चाँडै विनाश ल्याउनेछन्"** पहिलो शताब्दीका कुनै पनि विश्वासीले यस प्रश्नलाई सोधेका छैनन्, तर आधुनिक विश्वासीहरुले यसको विषयमा साह्रै सोंच्दछन्, विशेष गरेर, तिनीहरुको झूण्डले भरोसालाई कसरी हेर्दछ भन्ने कुरासँग सम्बन्धि ! केहीले वाक्यांशलाई YHWH अथवा "मानिसहरु" सँग गाँसेका छन्, जसले त्यस प्रतिस्थानलाई उल्लेख गर्दथ्यो ( अर्थात्, उजाडस्थानमा घुमिहिँडेका कुराहरु)।

वास्तविक प्रश्नचाहिँ, "धर्म भ्रष्टहरु साँच्चै बचाइएका थिए त ?" मलाई लाग्छ कि बाइबलीय सिद्धान्तहरु ठेट भाषामा अथवा विरोधाभाष जोडाहरुमा दिइएका छन्, जुनचाहिँ पूर्वीय साहित्यको विशेषता हो । आधुनिक पश्चिमी पाठकहरु अनि व्याख्याकारहरु पदहरुलाई सापेक्षितकरण गर्न अनि असान्दर्भिक बनाउनतिर झुकेको छ । विश्वासीहरुको सुरक्षालाई म निश्चितरुपमा पुष्टि गर्दछु, तर यसप्रंकारको परिच्छेदको कारण "एकपटक बचाइएको, सदैव बचाइएको" भन्ने कुरासित म धेरैभन्दा धेरै असजिलो मान्दछु । सुरक्षाचाहिँ ईश्वररुपी जीवन जियाई (याकूब र १ यूहन्ना) द्वारा प्रमाणित भएको छ (आधारित रहेर होइन) । विश्वासीहरु संघर्ष गर्छन् अनि पाप गर्छन्, तर तिनीहरु निरन्तर विश्वास गर्छन् अनि पवित्र आत्माको सुधारप्रति कहिलेकाहीँ विस्तारै भए पनि प्रतिउत्तर दिन्छन् ।

तरैपनि, जमीनको दृष्टान्त (मत्ती १३) अनि मत्ती ७:१५–२७ को सक्रिय तर हराएका धर्मीहरुले मलाई के निश्चय गराउँदछ भने त्यहाँ विश्वासको झूटा पेशाहरु अस्तित्वमा रहेका छन् (२०–२२ पद; १ यूहन्ना २:१८–१९)।

झूटा शिक्षकहरुले मण्डलीमा ठूलो कष्ट सृष्टि गरेका छन् अनि अझै गर्दैछन् । १ यूहन्नामा साँचो विश्वासीहरुका लागि त्यहाँ थुप्रै जाँचहरु छन् ।

१. पाप स्वीकार गर्ने इच्छा (१:५; २:२२

२. आज्ञाकारिताको जीवनशैली (२:३–६)

३. प्रेमको जीवनशैली (२:७–११)
४. दुष्टमाथि विजय (२:१२–१४)
५. संसारलाई त्याग्नु (२:१५–१७)
६. दृढता (२:१९)
७. सिद्धान्त (२:२०–२४)

पत्रुसले पनि यस्ता झूटा शिक्षकहरुका अनुचित कार्यहरुलाई सुचीबद्ध गरेका छन् (सान्दर्भिक अन्तर्दृष्टि ३ लाई हेर्नुहोस्)। यदि सुसमाचारचाहिँ (१) व्यक्ति; (२) त्यस व्यक्तिको विषयका सन्देश; अनि (३) त्यस व्यक्तिको जीवनशैलीलाई अझ राम्रो बनाउने कुरो साँचो हो भने, तब त झूटा शिक्षकहरुले यी तिनै कुराहरुको उल्लङ्घन गरे ।

के कसैलाई येशूद्वारा "किनिएर" येशूलाई इन्कार गर्न सक्दछ त ? समस्याचाहिँ यही नै हो । उद्धारचाहिँ सित्तैंमा दिइने कुरो हो अनि पश्चाताप, विश्वास, आज्ञाकारिता, अनि दृढतामा प्रतिउत्तर दिने सबैको लागि हो । तर, परिपक्वताचाहिँ चेलापनमा सबैभन्दा महत्त्वपूर्ण कुरो हो । हामीले यी दुवै बाइबलीय सत्यताहरुलाई दह्रिलो गरी पक्रिराख्नै पर्दछ । सिद्धान्तचाहिँ तनाव–पूर्ण जोडीहरुमा आउँदछ किनभने ख्रीष्टियनिटीचाहिँ एउटा बाइबलीय ईश्वरशास्त्रमात्र होइन (रोमी ६), तर ईश्वरजस्तै हुने कुराको लागि एउटा दैनिक संघर्ष पनि हो (रोमी ७)। उद्धार त एउटा सम्बन्ध हो, तर एउटा पृथक निर्णय होइन ।

**२:२ "धेरै जनाले ....... अनुसरण गर्नेछन्"** अहो, अरुहरुलाई पथभ्रष्ट पार्ने एउटा दुःखान्त कुरो (मत्ती १८:६–१७)। पत्रुसले यस संयुक्त शब्दलाई घरिघरि प्रयोग गरेका छन् (१:१६; २:२, १५,२१; मत्ती १८:६)

| | |
|---|---|
| **NASB** | **"तिनीहरुका विलासी आचरण"** |
| **NKJV** | **"तिनीहरुका विलासी तरिकाहरु"** |
| **NRSV** | **"तिनीहरुका विलासी तरिकाहरु"** |
| **TEV** | **"तिनीहरुका अनैतिक तरिकाहरु"** |
| **NJB** | **"तिनीहरुका भ्रष्ट व्यवहार"** |

*aeslgeia* शब्दलाई अनियन्त्रित यौन क्रियाकलापको संकेत गर्ने "अश्लिलता," "अनैतिकता" अथवा "विलासिता" को रुपमा अनुवाद गर्न सकिन्छ (२:२, ७, १८; १ पत्रुस ४:३; यहूदा ४)। यसलाई धर्मभ्रष्ट समाजको पापहरुको सूचीमा प्रायजसो समावेश गरिन्छ (रोमी १३:१३; १ कोरिन्थी १२:२१; गलाती ५:१९)।

**"तिनीहरुका कारण सत्यका मार्गको बदनामी हुनेछ"** विश्वासीहरु कसरी जिउँछन् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । तिनीहरुले परमेश्वरको परिवारको विशेषतालाई प्रतिविम्बित गर्नुपर्दछ (अर्थात्, येशूमाथिको विश्वासले मानिसजातिमा परमेश्वरको स्वरुपलाई पुनर्स्थापन गर्दछ, १ तिमोथी ६:१; तीतस २:५)

- **"सत्यका मार्ग"** "मार्ग" चाहिँ ख्रीष्टियनहरुका लागि प्रयोग गरिएको सुरुवाती नाउँ थियो (प्रेरित ९:२; १८:२५–२६; १९:९, २३; २२:४; २४:१४, २२)। यसले हामीले पालन गर्नैपर्ने एउटा

स्पष्टरुपले चिह्नित गरिएको बाटोको रुपमा बाइलीय सत्यतको पूरानो करारको अवधारणालाई प्रतिविम्बित गर्दछ (भजन ११९:१०५, हितोपदेश ६:२३)। यस वाक्यांशले सुसमाचारका सन्देशलाई उल्लेख गर्दछ । स्पष्टरुपले एउटा ईश्वरीय जीवनशैलीचाहिँ उद्धारको एउटा अभिन्न अंग हो (एफिसी १:४; २:१०)।

- **"बदनामी हुनेछ"** धर्मभ्रष्टहरुले विश्वासीहरुलाई गलत बुझे अनि तिनीहरुलाई अनैतिक आचरणहरुको अभियोग लगाए । यस्ता झूटा शिक्षकहरुको जीवनहरुले यी गलत अवधारणाहरु प्रति थप टेवा दिन्छ ।

**२:३ "लोभको वशमा परेर"** सेप्टुअजिन्ट अनि नयाँ करार दुवैमा यस शब्दको एउटा नकारात्मक संकेत छ । झूटा शिक्षकहरुलाई कुनै पनि हालतमा धेरै भन्दा धेरै इच्छा गर्नेहरुद्वारा चरितार्थ गरिएको छ (२:१४; मीका ३:११; १ तिमोथी ६:५; तीतस १:११; यहूदा १६)। यस शब्दलाई नयाँ करारमा बारम्बार प्रयोग गरिएको छ (मर्कूस ७:२२; लूका १२:१५; रोमी १:२९; २ कोरिन्थी ९:५; एफिसी ५:३; कलस्सी ३:५; १ थेसलोनिकी २:५; २ पत्रुस २:३, १४), किनभने यसले पतित मानिसजातिको स्व–केन्द्रित प्रवृत्तिलाई चरितार्थ गर्दछ । यसले मण्डलीहरुभित्र आर्थिक लोभ, यौनिक लोभ, अथवा इज्जतको स्थान (अर्थात्, शिक्षक) लाई उल्लेख गर्न सक्दछ ।

- **"तिमीहरुबाट फाइदा उठाउनेछन्"** King James Version मा "तिमीहरुबाट फाइदा लिनेछन्" भन्ने छ । यस ग्रीक शब्दबाट हामी 'emporium' भन्ने अंग्रेजी शब्दलाई पाउँदछौं ।

| | |
|---|---|
| **NASB** | **"झूटा कुराहरुसँग"** |
| **NKJV, NRSV** | **"छलपूर्ण कुराहरु"** |
| **NJB** | **"असत्य कथनहरु"** |

विशेषणले आकार दिइएको अथवा बनाइएको भन्ने बताउँदछ (रोमी ९:२०)। यस ग्रीक शब्दबाट हामी अंग्रेजी शब्द "plastic" पाउँदछौं । झूटा शिक्षकहरुले विश्वास गर्ने समुदाय अनि समाजमा समस्या सृष्टि गर्दथ्यो । तिनीहरुको जीवनहरुले सुसमाचारमा निन्दा ल्याउँदथ्यो अनि तिनीहरुका झूटहरुले सुसमाचारका सन्देशहरुलाई विकृत गर्दथ्यो ।

- **"तिनीहरुका दण्ड"** परमेश्वरका मानिसहरुमाझ त्यहाँ जहिले पनि झूटा शिक्षकहरु रहेका छन् । पूरानो करारमा तिनीहरुलाई दोष लगाइन्थ्यो (व्यवस्था १३:१–५, ६–११, १२–१८)। तिनीहरुका सांसारिक साथसाथै मृत्यु र इन्साफसम्बन्धीका इन्साफहरु निश्चित छ अनि ढिलो हुनेछैन (गलाती ६:७)। यस सन्दर्भमा "इन्साफ" र "विनाश" दुवैलाई मानवीकरण गरिएको छ ।

यो एउटा आत्मिकी सिद्धान्त हो । परमेश्वर शिष्ट अनि नैतिक हुनुहुन्छ अनि त्यस्तै गरी उहाँको सृष्टि पनि मानिसजातिले परमेश्वरको स्तरमा आफैंलाई भंग गर्दछ । जे हामी रोप्छौं त्यही नै हामी बटुल्छौं । योचाहिँ विश्वासीहरुका लागि (तर उद्धारलाई असर गर्दैन)। अनि अविश्वासीहरुका लागि पनि साँचो कुरो हो (अय्यूब ३४:११; २८:४; ६२:१२; हितोपदेश २४:१२; उपदेशक १२:१४; यर्मिया १७:१०;

३२:१९; मत्ती १६:२७; २५:३१–४६; रोमी २:६; १४:१२; १ कोरिन्थी ३:८; गलाती ६:७–१०; २ तिमोथी ४:१४; १ पत्रुस १:१७; प्रकाश २:२३; २०:१२; २२:१२)।

NASB (UPDATED) TEXT:2:4-10अ

४स्वर्गदूतहरुले पाप गर्दा परमेश्वरले तिनीहरुलाई बाँकी राख्नुभएन, तर तिनीहरुलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा जकडिराख्नुभयो । ५उहाँले प्राचीन संसारलाई बाँकी राख्नुभएन, तर भक्तिहीनताको संसारमा जलप्रलय गराउनुहुँदा धार्मिकताका प्रचारक नोआ र अरु सातजनालाई सुरक्षित राख्नुभयो । ६उहाँले सदोम र गमोरा भन्ने शहरहरुलाई भष्म पारेर तिनको अस्तित्व नै मेटाइदिनुभयो, र भक्तिहीनहरुका सामु तिनीहरुलाई एक उदाहरण बनाउनुभयो । ७उहाँले दुष्टहरुका कामुकताबाट अति दुःखित भएका धार्मिक लोतलाई बचाउनुभयो । ८(ती मानिसहरुका माझमा बस्दा, र दिन प्रतिदिन तिनीहरुका कुकर्म देख्दा र सुन्दा, तिनी आफ्नो धार्मिक आत्मामा व्याकुल हुन्थे ।) ९यसरी भक्तलाई परीक्षाबाट बचाउन र भक्तिहीनहरुलाई न्यायको दिनसम्म दण्डमा जकडिराख्न प्रभु जान्नुहुन्छ, १०विशेष गरी तिनीहरुलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन् ।

२:४ **"स्वर्गदूतहरुले पाप गर्दा"** योचाहिँ यहूदा ६ पदसँग समानान्तर रहेको छ । तल दिएका कुराहरुचाहिँ याकूब अनि यहूदा (Vol. 11) माथिको मेरो टिप्पणीबाटको महत्त्वपूर्ण कुराहरु हुन् ।

**यहूदामाथिको टिप्पणीबाटको विवरणहरु**

यहूदा ६ पद, "आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्यागने स्वर्गदूतहरुलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ" यी स्वर्गदूतहरु झैं सदोम र गमोरा पनि पूर्ण अनैतिकतामा मग्न भएका थिए अनि अस्वाभाविक कामवासनाको पछि लागेका थिए । तर कुनचाहिँ स्वर्गदूतहरु ? स्वर्गदूतहरुका यस विशेष झूण्डलाई वर्णन गर्नको लागि केही जानकारीहरु दिइएको छ :

१. तिनीहरुले तिनीहरुका आफ्नै अधिकार क्षेत्रलाई राखेनन् ।
२. तिनीहरुले आफ्ना उचित वासस्थानलाई त्यागिदिए ।
१२. तिनीहरुलाई इन्साफको दिनको लागि अन्धकारमा अनन्त बन्धनमा राखिनेछन् ।
१३. "पाप गरे" (२ पत्रुस २:४)
१४. "तिनीहरुलाई *Tartarus* भित्र राखिएको" (२ पत्रुस २:४)
१५. "तिनीहरुलाई पातालको अन्धकारमा इन्साफको लागि सुरक्षित राखिएको (२ पत्रुस २:४)

पूरानो करारमा कुनचाहिँ स्वर्गदूतहरुले विद्रोह गरे अनि पाप गरे ?

१. धर्मभ्रष्ट उपासना पछाडिका शक्तिहरुको रुपमा स्वर्गदूतहरु
२. पूरानो करारमा विशेष दियावलसको नाउँद्वारा बोलाइएको कम शक्तिशाली स्वर्गदूतहरु । उदाहरण लिलिथ (यशैया ३४:१४), अजाजेल (लेवी १६:८), अनि बोकारुपी दियावलसहरु (लेवी १७:७)।
३. उत्पत्ति ६ मा भएको "परमेश्वरका छोराहरु" (अन्तरकरारीय विध्वँसक लेखहरु, १ हनोक ८६–८८; १०६; २ हनोक ७:१८, २ बारुख ५६; जूबली ५)
४. एउटा यहूदी विध्वंसक अन्तरकरारीय लेखहरुबाटको एउटा उदाहरणमा उल्लेख गरिएको स्वर्गदूतहरु (यहूदाले ९ अनि १४ पदमा यसप्रकारका अरु पुस्तकहरुलाई प्रयोग गरेको कारण)

**NASB** **“जसले तिनीहरुका उचित अधिकारलाई मर्यादा राखेनन्”**
**NKJV** **“जसले तिनीहरुका उचित अधिकारलाई राखेनन्”**
**NRSV** **“जसले तिनीहरुका आफ्नै स्तरलाई राखेनन्”**
**TEV** **“जसले तिनीहरुका उचित अधिकारको सीमितताभित्र रहेनन्”**
**NJB** **“जसले तिनीहरुसँग भएको अधिकारलाई राखेनन्”**

६ पदमा “राख्नु क्रियाको काललाई प्रयोग गरिएको छ । स्वर्गदूतहरुले तिनीहरुको स्थानलाई राखेनन् (एवरिष्ट कर्तृवाच्य कृदन्त) यसैले परमेश्वरले तिनीहरुलाई न्यायको दिनसम्म कैद गरिने स्थानमा राख्नुभएको छ (पूर्ण कर्तृवाच्य संकेतार्थ)। परमेश्वरको इच्छालाई भंग गर्ने स्वर्गदूतहरुले सांसारिक अनि मृत्युपछिको इन्साफ दुवैको सामना गर्नेछन्, जसरी उजाड–स्थानमा घुमिहिँड्का समयमा इस्राएलका विद्रोह अनि मृत्युपछिको इन्साफ दुवैको गमोराका बासिन्दाहरुले गरेका थिए ।

“अधिकार” शब्दचाहिँ ग्रीक शब्द *archē* हो जसको अर्थ हुन्छ केही कुराको “सुरुवात” अथवा “उत्पत्ति”

१. सृष्टि गरिएको आज्ञाको सुरुवात (यूहन्ना १:१; फिलिप्पी ४:१५)
२. सुसमाचारको सुरुवात (मर्कूस १:१; फिलिप्पी ४:१५)
३. पहिलो प्रत्यक्षदर्शी गवाही (लूका १:२)
४. चिह्नहरुको सुरुवात (आश्चर्यकर्म, यूहन्ना २:११)
५. सिद्धान्तहरुको सुरुवात (हिब्रू ५:१२)
६. निश्चयता/आत्मविश्वासको सुरुवात (हिब्रू ३:१४)

यो “नियम” अथवा “अधिकार” मा प्रयोग हुन आयो ।

१. मानिसजातिबाट शासित अधिकारीहरुको
   अ. लूका १२:११
   आ. लूका २०:२०
   इ. रोमी १३:३; तीतस ३:१
२. स्वर्गदूतीय प्रधानताहरु
   अ. रोमी ८:३८
   आ. १ कोरिन्थी १५:२४
   इ. एफिसी १:२१; ३:१०; ६:१०
   ई. कलस्सी १:१६; २:१०; १५

यस्ता झूटा शिक्षकहरुले सांसारिक अनि स्वर्गीय सबै अधिकारहरुलाई तुच्छ ठान्दछन् । तिनीहरु त “एन्टिनोमियन लिबरटिन्स” (antinomian libertins) हुन् । तिनीहरुले परमेश्वर, स्वर्गदूतहरु शासकहरु अनि मण्डलीका अगुवाहरुको अगाडि पहिले आफैलाई राख्छन् अनि आफ्ना इच्छाहरुलाई राख्छन् ।

**NASB** **"तर तिनीहरुका आफ्नै वासस्थानलाई छोडे"**
**NKJV** **"तर तिनीहरुका आफ्नै वासस्थानलाई छोडे"**
**NRSV** **"तर आफ्नो उचित निवासलाई छोडे"**
**TEV** **"तर तिनीहरुले आफ्नै निवास स्थानलाई त्यागे"**
**NJB** **"तर आफ्ना नियुक्त गरिएको ठाउँलाई छोडे"**

यी स्वर्गदूतहरुले आफ्ना स्वर्गीय वासस्थानलाई छोडेर अर्को स्थान (पृथ्वी) मा गए । यसलेचाहिँ उत्पत्ति ६:१–४ को स्वर्गदूतीय व्याख्यालाई सठीकरुपमा मिलाउँदछ । यस कार्यचाहिँ परमेश्वरको इच्छा र अधिकारलाई जानी–जानी गरिएको इन्कार हो ।

- **"अनन्त बन्धनमा"** १ हनोकमा स्वर्गदूतहरुमाथि साङ्लाको प्रयोग गरिएका छन् अनि प्रकाश २०:१–२ मा शैतानलाई एउटा "ठूलो साङ्ला" ले बाँधिएको छ । "अनन्त" शब्दको अर्थ "शक्तिशाली", "पर्याप्त", "निश्चित हुनसक्दछ, किनभने यी स्वर्गदूतहरुलाई न्यायको दिनसम्मलाई मात्र राखिएका छन्, जहिलेचाहिँ अवतारका अरु माध्यमहरुलाई प्रयोग गरिनेछ ( प्रकाश २०:१०, १४–१५)। मुख्य कुरोचाहिँ यो हो, कि तिनीहरुका दुष्ट क्रियाकलापहरुलाई नियन्त्रण गर्नको लागि, केही स्वर्गदूतहरुलाई अहिले कैदमा राखिएका छन् ।

- **"अन्धकारमा"** *Tartarus* शब्द (यहूदामा प्रयोग नगरिएको तर २ पत्रुस २:४ अनि १ हनोक २०:२ मा प्रयोग गरिएको) लाई आधा स्वर्गदूत र आधा मानवरुपी टाइटनहरु (*Titans*) लाई जकडिराख्ने स्थानको लागि ग्रीक किंवदन्तीहरुमा प्रयोग गरिन्थ्यो । योचाहिँ उत्पत्ति ६ को स्वर्गदूतीय व्याख्यामा मिल्न आउँदछ । १ हनोकले यस्ता विद्रोही स्वर्गदूतहरु (१ हनोक १०:५, १२) नयाँ वासस्थानलाई अनन्त अन्धकारको रुपमा वर्णन गर्दछ । स्वर्गीय महिमाबाट कति बेग्लै कुरो ! धर्मगुरुहरुले *Sheol* लाई "Paradise" स्वर्गलोक (धर्मीहरुका लागि) अनि "*Tartarus*" टारटारस (दुष्टहरुका लागि) भनेर विभाजन गरे । "अतल कुण्ड" शब्द (लूका ८:३, प्रकाश ९:११; ११:७; २०:३) चाहिँ १३ पदमा प्रयोग गरिएको अन्धकारको अलंकारसँग पर्यायवाची रहेको छ ।

- **"ठूलो दिन"** त्योचाहिँ न्यायको दिनलाई उल्लेख गर्ने अर्को तरिका हो, त्यो दिन जहिलेचाहिँ परमेश्वरले जीवनका वरदानका लागि जिम्मेवार रहेका सबै चेतनशील सृष्टिहरुलाई थाम्नुहुनेछ (फिलिप्पी २:१०–११; यशैया ४५:२३; रोमी १४:१०–१२)

**विशेष शीर्षक : उत्पत्ति ६ मा भएको "परमेश्वरका छोराहरु"**

अ. "परमेश्वरका छोराहरु" वाक्यांशको पहिचानमाथि त्यहाँ ठूलो विवाद भएको छ । त्यहाँ तीनओटा मुख्य व्याख्याहरु रहेका छन् ।

१. यस वाक्यांशले शेतको ईश्वरीय वंशलाई उल्लेख गर्दछ (उत्पत्ति ५)

२. यस वाक्यांशले स्वर्गदूतहरुका झूण्डको उल्लेख गर्दछ

३. यस वाक्यांशले कयिनको वंशका राजाहरु अथवा तानाशाहहरुलाई उल्लेख गर्दछ ( उत्पत्ति ४)

आ. शेतको वंशलाई उल्लेख गर्ने वाक्यांशका लागि प्रमाण

१. उत्पत्ति ४ र ५ को निकटतम शाब्दिक सन्दर्भले कयिनको विद्रोही वंशको विकास र शेतको ईश्वरीय वंशलाई देखाउँदछ । त्यसकारण, सान्दर्भिक प्रमाणले शेतको ईश्वरीय वंशको पक्ष लिएको जस्तो देखिन्छ ।

२. धर्म गुरुहरुले यस परिच्छेदप्रतिको तिनीहरुको बुझाइमाथि विभाजन गरेका छन् । यसले शेतलाई उल्लेख गरेको हो भनेर केहीले दाबी गर्दछन् (तर प्रायजसोले स्वर्गदूतहरुलाई दाबी गर्छन्)

३. "परमेश्वरका छोराहरु" वाक्यांशलाई स्वर्गदूतहरुका लागि प्रायःजसो प्रयोग गरिए तापनि मानिसजातिका लागि भने कमै उल्लेख गरिन्छ ।

अ. व्यवस्था ३२:५

आ. भजन ७३:१५; ८२:१–४

इ. होशे १:१०

इ. स्वर्गदूतहरुलाई उल्लेख गर्ने वाक्यांशको लागि प्रमाण

१. योचाहिँ परिच्छेदको सबैभन्दा सामान्य परम्पारिक बुझाइ रहेको छ । उत्पत्तिको ठूलो सन्दर्भले मानिस जातिका लागि परमेश्वरको इच्छालाई विफल गराउने अलौकिक दुष्ट प्रयासको अर्को उदाहरणको रुपमा यस विचारलाई टेवा पुऱ्याउन सक्दथ्यो (धर्म गुरुहरुले ईर्ष्याबाट भन्दछन्)।

२. ("परमेश्वरका छोराहरु") वाक्यांशलाई पूरानो करारमा स्वर्गदूतहरुका लागि अत्यधिक मात्रामा प्रयोग गरिएको छ ।

अ. अय्यूब १:६

आ. अय्यूब २:१

इ. अय्यूब ३८:७

ई. दानिएल ३:२५

उ. भजन २:१

ऊ. भजन ८९:६, ७

३. नयाँ करारको अवधीमा विश्वासहरुमाझ एकदमै प्रख्यात रहेको १ हनोकको अन्तरकरारीय पुस्तकका साथसाथै मृत सागरका पत्र (Dead Sea Scrolls) बाटको *Genesis Apocryhpon* अनि *Jubilees* ५:१ ले यिनीहरुलाई विद्रोही स्वर्गदूतहरुको रुपमा व्याख्या गर्दछ (१ हनोक १२:४; १९:१; २१:१–१०)।

४. उत्पत्ति ६ को निकटतम सन्दर्भले सृष्टिको क्रमहरुको यस अनुचित मिश्रणबाट आएको "पूराना अनि प्रसिद्ध शक्तिशाली मानिसहरुलाई संकेत गरेको जस्तो देखिन्छ ।

५. १ हनोकले त यहाँसम्म दाबी गरेको छ कि नोआको जलप्रलयचाहिँ यस स्वर्गदूत/मानिसको सम्बन्धलाई नष्ट गर्न आएको थियो जुनचाहिँ सृष्टिको लागि YHWH अनि उहाँको योजनाप्रति विद्रोही बनेको थियो (१ हनोक ७:१; १५:१; ८६:१)

ई. कयिनको वंशका राजाहरु अथवा तानाशाहहरुलाई उल्लेख गर्ने वाक्यांशको लागि प्रमाण

१. यस विचारलाई समर्थन गर्ने त्यहाँ कैयौं प्राचीन अनुवादहरु छन् :

अ. Targum अथवा Onkelos (दोस्रो शताब्दी) ले "परमेश्वरका छोराहरु" लाई "कुलीनहरुका छोराहरु" भनी अनुवाद गरेका छन् ।

आ. पूरानो करारको ग्रीक अनुवाद Symmachus (दोस्रो शताब्दी) ले "परमेश्वरका छोराहरु" लाई "राजाहरुका छोराहरु" भनी अनुवाद गरेका छन् ।

इ. *elohim* लाई कहिलेकाहीँ इस्राएली अगुवाहरुको बारेमा प्रयोग गरिएको छ ( प्रस्थान २१:६; २२:८; भजन ८२:१, ६)

ई. उत्पत्ति ६:४ मा *Nephilim* लाई *Gibborim* सँग गाँसिएको छ । *Gibborim* चाहिँ "पराक्रम, सामर्थ्य, धन अथवा शक्तिको एउटा शक्तिशाली मानिस" अर्थ्याउने *Gibbor* को बहुवचन हो ।

२. यस व्याख्या अनि यसका प्रमाणहरुलाई *Hard Saying of the Bible,* पृष्ठ १०६–१०८ बाट लिइएको हो ।

३. दुवै प्रयोगलाई वकालती गर्ने ऐतिहासिक प्रमाण

१. शेतको वंशलाई उल्लेख गर्ने वाक्यांश

अ. अलेकजान्डरको सिरिल (Cyril of Alexander)

आ. थियोडोर

इ. अगस्टिन

ई. जेरोम

उ. क्याल्विन

ऊ. काइल

ऋ. ग्लीसन आर्चर (Gleason Archer)

ॠ. वाट्स (watts)

२. स्वर्गदूतहरुलाई उल्लखे गर्ने वाक्यांश

अ. सेप्टुअजिन्टका लेखकहरु

आ. फिलो (*Philo*)

इ. जोसेफस (*Antiquities* 1.3.1)

ई. जस्टिन मार्टिर (Justin Martyr)

उ. अलेकजान्ड्रियाको क्लेमेन्ट (Clement of Alexandria),

ऊ. टरटुलियन (Tartullian)

ऋ. ओरिजेन (Origen)

ॠ. लुथर

ए. डेलिटस्जेक हेंग्स्टन वर्ग (Delitzsch Hengstenberg)

ऐ. अल्फोर्ड

ओ. वेस्टरमन्न् (Westermann)

औ. वेनहाम (Wenham)

क. (Net Bible)

ऊ.	उत्पत्ति ६:४ को नपीलहरु “Nephilim” उत्पत्ति ६:१–२ को “परमेश्वरका छोराहरु” र “परमेश्वरका छोरीहरू सँग कसरी सम्बन्धित रहेका छन् त ?

१.	तिनीहरुचाहिँ स्वर्गदूतहरु मानव स्त्रीहरुमाझको समागमबाट उत्पन्न भएको दैत्यहरु हुन् (गन्ती १३:३३)।

२.	तिनीहरु बिल्कुलै सम्बन्धित छैनन् । तिनीहरुलाई त उत्पत्ति ६:१–२ को घटनाहरुको समयमा अनि त्यसपछि पनि पृथ्वीमा रहेको अस्तित्वको रुपमा उल्लेख गरिएका छन् ।

३.	*Introduction to the old Testament,* पृष्ठ ५५७ मा R.K.Harrison ले निम्नलिखित रहश्यमय कुरालाई उद्धधृत् गरेका छन्, “*Homo Sapiens”* र आदम अवधिका प्रजातिहरुको अन्तरसम्बन्धभित्र मूल्यहीन् मानव विज्ञानसम्बन्धीका अन्तर्दृष्टिहरुलाई पूर्णरुपले गुमाउनको लागि, जुनचाहिँ परिच्छेदमा समावेश छ, अनि जुनचाहिँ ती विद्वान्हरुका लागि उपयोगी छन्, जसहरु तिनीहरुलाई पछ्याउनको लागि तयार छन् ।”

यसले मलाई के संकेत दिएको छ भने तिनले यी दुईओटा झूण्डलाई मानिसजातिको दुई बेग्लाबेग्लै झूण्डहरुको रुपमा प्रतिनिधित्व गरेको देखेका छन् । यसले आदम र हव्वाको पछिल्लो विशेष सृष्टिलाई संकेत गर्दथ्यो, तर *Homo erectus* को एउटा विकासवादी विकासलाई पनि संकेत गर्दथ्यो ।

ऋ.	यस विवादास्पद पाठको मेरो आफ्नै बुझाइलाई प्रकट गर्नुमात्र उचित हुन्छ । सर्वप्रथम सबैलाई यो याद दिलाउँ कि उत्पत्तिमा भएको पाठहरुचाहिँ संक्षिप्त अनि दुईओटा अर्थ लाग्ने प्रकारका छन् । प्रथम श्रोता मोशासँग थप ऐतिहासिक अन्तर्दृष्टि भएको हुनुपर्दछ अथवा मोशाले पितृसत्तात्मक अवधिबाटको लिखित अथवा मौखिक परम्परालाई प्रयोग गरे जसलाई तिनी आफैंले पनि पूर्णरुपले बुझेका थिएनन् । यस विषय महत्त्वपूर्ण ईश्वरशास्त्रीय विषय भने होइन । हामी प्रायःजसो धर्मशास्त्रले केवल संकेतमात्र गरेका कुराहरुको विषयमा जिज्ञासु बन्दछौं । यसबाट अनि बाइबलीय जानकारीको मिल्दोजुल्दो टुक्राहरुबाट एउटा विस्तृत वर्णन गरिएको ईश्वरशास्त्रलाई निर्माण गर्नु एकदमै दूर्भाग्यपूर्ण कुरो हुन्छ । यदि हामीलाई यस जानकारी चाहिएमा, परमेश्वरले नै यसलाई अझ स्पष्ट अनि पूर्ण रुपमा प्रदान गर्नुहुने थियो । योचाहिँ स्वर्गदूतहरु र मानिसजातिहरु नै थियो भनेर म व्यक्तिगतरुपमै विश्वास गर्दछु किनभने

१.	पूरानो करारमा स्वर्गदूतहरुका लागि “परमेश्वरका छोराहरु” वाक्यांशलाई स्थिररुपमा प्रयोग गरिएको छ, अत्यधिक रुपमा होइन ।

२.	सेप्टुअजिन्ट (अलेक्जान्ड्रियन) ले “परमेश्वरका छोराहरु” लाई “परमेश्वरका दूतहरुको रुपमा अनुवाद गरेको छ (पछिल्लो पहिलो शताब्दी ई.पू.)

३.	१ हनोकको छद्मनामी विध्वंस्क पुस्तक (सम्भवत् लगभग २०० ई.पू. मा लेखिएको) मा यसले स्वर्गदूतहरुको उल्लेख गरेको कुरोचाहिँ एकदमै विशेष रहेको छ (६–७ अध्याय)

४.	२ पत्रुस र यहूदाले स्वर्गदूतहरुको विषयमा बोल्दछ जसले पाप गरे र आफ्नो उचित वासस्थानलाई राखेनन् ।

कसैको लागि योचाहिँ मत्ती २२:३० को विरोधमा रहेको देखिएको छ भन्ने कुरा म जान्दछु, तर यस्ता विशेष स्वर्गदूतहरु न स्वर्गमा छन् नता पृथ्वीमै छन्, तर एउटा विशेष कैद (*Tartarus*) मा छन् ।

५.   मलाई के लाग्छ भने उत्पत्ति १–११ को थुप्रै घटनाहरुको एउटा कारणचाहिँ अरु संस्कृतिहरुमा पाइने (अर्थात्, त्यस्तै जलप्रलयका विवरण, त्यस्तै सृष्टिका विवरण, स्वर्गदूतहरुले स्त्रीलाई लगेको त्यस्तै विवरण) कारणचाहिँ यस समयको अवधिमा सबै मानिस जातिहरु एकै साथ भएकोले अनि YHWH को विषयमा केही ज्ञान भएकोले गर्दा हो, तर बाबेलको धरहराको घटनापछि, यो ज्ञान भ्रष्ट भएर गयो अनि बहु-ईश्वरवादको नमूनालाई अपनाइयो ।

यसको एउटा असल उदाहरणचाहिँ ग्रीक किंवदन्ती हो जहाँ टाइटन (*Titans*) भनिने आधा मनुष्य/आधा विशाल दैत्यहरुलाई र आफ्ना उचित वासस्थानलाई नराख्ने स्वर्गदूतहरुलाई जकडिराख्ने स्थान, *Tartarus* जुन नाउँलाई बाइबलमा एकै पटकमात्र प्रयोग गरिएको छ (२ पत्रुस २), मा कैद गरिएका छन् । धर्मगुरुहरुको ईश्वरशास्त्रमा हादेशलाई धर्मीहरुका लागि (स्वर्गलोक) अनि दुष्टहरुका लागि (*Tartarus*) भन्ने भागमा विभाजन गरिएको थियो ।

**NASB, NKJV, NRSV, TEV, NJV** **"नरक"**
**NJB** **"पाताल"**
**Weymouth** **"टारटारस"**

यहूदा ६ पदमा "अन्धकारमा" को टिप्पणीका लागि माथिको टिप्पणीलाई हेर्नुहोस् ।

- **"पातालको अन्धकारमा"** *sirois* शब्दचाहिँ प्राचीन ग्रीक अनसियल पाण्डुलिपीहरु א, A, B र C मा पाइन्छ । King James Version मा "साङ्लाहरु" (*seirais*) छ, जुनचाहिँ यहूदा ६ मा भएको "बन्धन" (*demois*) शब्दसँग मिल्दो अर्थ रहेको छ, जुनचाहिँ प्राचीन Papyri पाण्डुलिपी $P^{72}$ मा पाइन्छ, (१ हनोक १०:१२ सँग पनि दाँज्नुहोस)।

**२:५ "प्राचीन संसारलाई बाँकी राख्नुभएन"** यसले मानिसजातिको दुष्टतामाथि परमेश्वरको इन्साफलाई उल्लेख गर्दछ (उत्पत्ति ६:५; ११–१२, १३; ८:२१आ)। पानीबाटको यस इन्साफलाई उत्पत्ति ६–९ मा वर्णन गरिएको छ । यस्तै घटनालाई १ पत्रुस ३:१८–२२ मा पनि उल्लेख गरिएको छ ।

- **"नोआ"** एकजना मानिस र तिनको परिवारलाई "परमप्रभुको आँखामा कृपा गर्न लायकको पाइयो" (अर्थात्, नोआ, उत्पत्ति ६:८–९, १८)। यस घटनालाई Josephus' *Antiquities of Jews* 1.3.1; I Clement 7.6,9.4; अनि *Sibylline Oracles* 1.128 मा पनि वर्णन गरिएको छ ।

- **"धार्मिकताका प्रचारक"** पूरानो करारले नोआको प्रचारको व्याख्या गरेको छैन, तर धर्मगुरुहरुको परम्पराले निश्चय नै गर्दछ (*Jubilee* 7:20-29; *Sibylline Oracles* 1.128-129)

- “जलप्रलय् यस ग्रीक शब्दबाट “Cataclysm” भनिने अंग्रेजी शब्द आएको छ । १ हनोक अनुसार, योचाहिँ उत्पत्ति ६:१–४ को मानव/स्वर्गदूतको यौनिक सम्बन्धहरुको मिश्रित जाति माथिको परमेश्वरको इन्साफ हो ।

२:६ **“सदोम र गमोरा”** यी दुष्ट शहरहरुको विनाशलाई उत्पत्ति १९:२४–२८ मा वर्णन गरिएको छ । लोत र तिनको परिवारको लागि उम्कने साधनचाहिँ स्वर्गदूतहरु थिए, अनि संकेतद्वारै, तिनीहरु समतलमा भएका यी शहरहरुको विनाश कार्यमा संलग्न थिए ।

योचाहिँ यहूदा ७ पदको दृष्टान्त हो । यस्तो देखिन्छ कि नोआचाहिँ पानीबाटको इन्साफको एउटा उदाहरण हो अनि सदोम र गमोराचाहिँ आगोबाटको इन्साफको एउटा उदाहरण हो ।

मैले यहूदा ७ पद माथिको मेरो टिप्पणीबाट निम्नलिखित विवरणहरु समावेश गरेको छ ।

**यहूदाको टिप्पणीबाटको विवरणहरु**

७ पद, “सदोम र गमोरा” योचाहिँ विद्रोहको तेस्रो उदाहरण हो जुनचाहिँ विवाहको लागि परमेश्वरद्वारा प्रकट गरिएको योजनाबाहिर यौनिक क्रियाकलापसँग संलग्न थियो :

१. Shittim “शित्तिम” मा जमीनलाई मलिलो बनाउने कनानी (Canannite Fertility) आराधना (गन्ती २५)

२. सृष्टिको क्रमहरुमा मिसाउनलाई स्वर्गदूतहरुद्वारा गरिएको प्रयत्न (उत्पत्ति ६:१–४; २ पत्रुस २:४)

३. स्वर्गदूतहरुप्रति सदोम र गमोराका समलिंगी क्रियाकलाप (उत्पत्ति १९; २ पत्रुस २:६)

- **“र तिनका आसपासका शहरहरु”** व्यवस्था २९:२३ मा यी शहरहरुको नाउँ सूचीबद्ध गरिएको छ ।
- **“जुनहरु”** यो एउटा कर्मकारक हो जसले व्याकरणीयरुपमा स्वर्गदूतहरु (६ पद) सँग सम्बन्धित छ, तर “आसपासका शहरहरुसँग होइन । यस्तो अनुमान लगाइएको छ कि यहूदाले यी पूरानो करारका चित्रणहरुलाई प्रयोग गरे किनभने उत्पत्ति ६ मा जसै स्वर्गदूतहरुले स्त्रीहरुलाई लगे, त्यसरी नै यहाँ मानिसहरुले स्वर्गदूतहरुलाई लैजाने कोशिस गरे (उत्पत्ति १८:२२; १९:१)। यदि त्यसो हो भने, योचाहिँ सृष्टिको क्रमहरुलाई मिसाउने प्रयासको अर्को उदाहरण हुन सक्दथ्यो । तरैपनि, मलाई यस्तो लाग्छ कि सदोमका बासिन्दाहरुले यिनीहरु स्वर्गदूतहरु हुन् भनेर चिनेनन्, अनि तिनीहरुलाई मानिसहरु हुन् भनी सोचें (उत्पत्ति १८:२२)
- **“व्यभिचार गरेर अस्वाभाविक कामवासनामा फसेका थिए”** योचाहिँ “विभिन्न प्रकारको (*heteros*) कामवासना” को सन्दर्भमा हो । योचाहिँ (१) *Antiquities of the Jews* 1.3.1 मा Josephus अनुसार स्वर्गदूतहरु र स्त्रीहरु अनि (२) सदोमको क्षेत्रमा ज्यादै प्रचलित भएको समलिंगीपन (रोमी १.२६–२७) दुवैसँग सम्बन्धित भएको जस्तो देखिन्छ ।

- **“अनन्त अग्निको दण्ड भोगेर उदाहरण भएका छन्”** यहूदाले पूरानो करारका यी उदाहरणहरु आफ्ना पाठकहरुलाई एउटा स्पष्ट चेतावनीको रुपमा प्रयोग गरेका छन् । कसैबाटको यौन दुर्व्यवहारबाट होसियार हुनुहोस् ।

नयाँ करारले अनन्त दण्डको बारेमा स्पष्टरुपले बोलेको छ (मत्ती २५:४१–४६; २ थेसलोनिकी २:८–९; प्रकाश १९:२०; २०:११, १४–१५; २१:२८ अनि १ हनोक ५४:१ मा पनि)। यस विषयलाई छलफल गर्न कठिन छ किनभने बाइबलले स्वर्ग र नरकको विषयमा धेरै जानकारी दिएको छैन । यसले तिनीहरुको वास्तविकतालाई पुष्टि गर्दछ, तर विशेष जानकारीलाई प्रकट गर्दैन, विशेष गरेर तिनीहरुलाई आलंकारिक भाषामा वर्णन गर्दा । येशूले “हिन्नोमका छोराहरुका बेंसी” लाई प्रयोग गर्नुहुन्छ जुनचाहिँ यरुशलेमको ठीक दक्षिणतर्फ थियो अनि मनस्सेको अधीनमा इस्राएलीहरुले मोलेख भनिने कनानी अग्नि देवको पूजा गर्नलाई प्रयोग गर्दथे । जसले बाल–बालिकाको बलि चाहन्थ्यो । यहूदीहरुले, यस्ता घिनलाग्दा संस्कारहरुमा तिनीहरुका आफ्नै सहभागिताका कारण शर्म र पश्चातापले यस क्षेत्रलाई येरुशलेमको फोहोर फाल्ने ठाउँमा परिवर्तन गरिदिए । आगो, धूवाँ र कीराहरु भन्ने येशूको अलंकारहरु यसै स्थान, गेहेन्नाबाट आएका थिए ।

यातनाको यस ठाउँलाई मानिस जातिका लागि सृष्टि गरिएको थिएन, तर विद्रोही स्वर्गदूहतरुका लागि थियो (मत्ती २४५:४१)। दुष्टलाई सबै स्तरहरुमा परमेश्वरको सृष्टिबाट हटाइनेछन् अनि निकालिनेछन् । नरकचाहिँ यस स्थायी विभाजनलाई वर्णन गर्ने बाइबलीय तरिका हो ।

यस विषयलाई छोड्न अघि मलाई दुःख व्यक्त गर्न दिनुहोस् जसलाई मैले यस विषयमा ल्याएको छु । योचाहिँ बाइबलमा भएको एउटैमात्र कष्ट हो जसको छुटकारा छैन । योचाहिँ कसैको लागि परमेश्वरको इच्छा होइन । योचाहिँ स्वर्गदूत र मानिसजाति दुवैद्वारा जानीजानी गरिएको निरन्तर विद्रोहको परिणाम हो । सृष्टिहरुमाभ्र स्वतन्त्र इच्छालाई अनुमति दिने परमेश्वरको इच्छाले केही कष्टप्रद, अनन्तको नोक्सानीको नतिजा ल्याएको छ ।

*The Jerome Biblical Commentary*, Vol. II पृष्ठ ३७९ ले उल्लेख गरेको छ कि यी स्वर्गदूतहरुका दण्डको यहूदाको विवरणचाहिँ १ हनोक १०:४–६, ११, १३; १२:४; १५:३; १९:१ सँग एकदमै मिल्दोजुल्दो छ । यसले यस अन्तरबाइबलीय यहूदी विध्वंसक कामसँग यहूदाको जान पहिचानलाई पुष्टि गरेको जस्तो देखिन्छ ।

**२:७–८ “धार्मिक लोत”** योचाहिँ (१) सोलोमनको ज्ञान १०:६ को गैर–क्यानोनिकल यहूदी पुस्तक अथवा (२) एउटा धर्मगुरुहरुका परम्पराको संकेत हुनसक्दछ । समकालीन दुष्ट मानिसहरुका कामहरुबाट लोत आत्मिकरुपमै मर्माहत भएका थिए (८ पद अनि १ क्लेमेन्ट ११:१ मा केही धर्मगुरुहरुका परम्परालाई प्रतिविम्बित गरिएको छ) जसरी अनैतिक झूटा शिक्षकहरुबाट २ पत्रुसका पाठकहरु मर्माहत भएका थिए ।

यस सम्पूर्ण भाग पूरानो करारका केही कुरालाई विभिन्न भागमा विभाजन गर्ने प्रणालीको एउटा रुप हो । इस्राएलीहरुको इतिहासमा घटेका कुराहरुलाई पत्रुसको समयमा दोहोऱ्याइँदै थियो ।

२:९ योचाहिँ ४ पदमा सुरु भएको विस्तार गरिएको वाक्यको निष्कर्ष हो । परमेश्वरले उहाँका आफ्नैहरुलाई (अर्थात् नोआ, ५ पद अनि लोत, ७ पद) उद्धार गर्नुहुनेछ अनि अधर्मीहरुलाई तिनीहरुका कामहरुको लेखा लिनलाई जकडिराख्नुहुनेछ (अर्थात् स्वर्गदूतहरु र मानिसजातिहरु) ।

**२:१० "तिनीहरुलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्"** यसले परमेश्वरद्वारा निश्चित प्रतिबन्धसहित दिइएको मनुष्य नैसर्गिक प्रवृत्तिलाई उल्लेख गर्दछ (अर्थात्, मनुष्य यौनिकता, तर विवाहभित्र)। पतित मानिसजातिले स्वार्थ अनि अहम्‌वादी उद्देश्यहरु (जुनै पनि हालतमा मलाई धेरैभन्दा धेरै चाहिन्छ भन्ने खालका प्रवृत्ति) का लागि परमेश्वरद्वारा तिनीहरुका लागि दिइएको बन्धनबाट परमेश्वरका वरदानलाई टाढा लैजान्छन् ।

**"र अधिकारको अवहेलना गर्छन्"** योचाहिँ थुप्रै प्रकारले यहूदा ८ सँग समानान्तर रहेको छ ।

| **२ पत्रुस २:१०** | **यहूदा ८ पद** |
|---|---|
| १. कामवासनामा डुब्नु | १. शरीरलाई अशुद्ध तुल्याउनु |
| २. अधिकारको अवहेलना गर्नु | २. अधिकारलाई इन्कार गर्नु |
| ३. स्वर्गीय प्राणीहरुको निन्दा गर्नु | ३. स्वर्गीय प्राणीहरुको निन्दा गर्नु |

यस वाक्यांशद्वारा यहूदाले स्पष्टरुपले स्वर्गदूतहरुलाई उल्लेख गर्दछ, तर २ पत्रुसलेचाहिँ यसलाई ४ पदसँग राम्रो गरी गाँसेको छ अनि यसपछि ख्रीष्टलाई इन्कार गर्ने कुरालाई उल्लेख गरेको छ । मैले यहूदा ८ को मेरो टिप्पणीलाई समावेश गरेको छु ।

**यहूदाको टिप्पणीबाटको विवरणहरु**

८ पद **"त्यसैगरी"** यहूदाका समयका झूटा शिक्षकहरुमा पूरानो समयका विद्रोहीहरुसँग समानता थियो । समानताको वास्तविक प्रवृत्तिलाई विशेषरुपले उल्लेख गरिएको छैन

- **"यी"** योचाहिँ झूटा शिक्षकहरुलाई उल्लेख गर्ने यहूदाको तरिका हो जसले मण्डलीहरुमा आक्रमण गरेका थिए (८, १०, १२, १४, १६, १९ पद)
- **"सपना देख्ने"** यस शब्दलाई पूरानो करारका झूटा शिक्षकहरुका लागि प्रयोग गरिएको हो ( व्यवस्था १३:१–५; यर्मिया २३:२५–३२), जसहरुले परमेश्वरबाट विशेष प्रकाश पाएको दाबी गर्दथे (कलस्सी २:१८)।
- **"शरीरलाई अशुद्ध तुल्याउँछन्"** योचाहिँ "दाग" शब्दको आलंकारिक प्रयोग हो । तिनीहरुका शिक्षाहरु अनि/अथवा जीवनशैलीप्रति त्यहाँ स्पष्टरुपले एउटा नैतिकतादेखि बाहिरको कुरो थियो । पूरानो करारका यस्ता सबै उदाहरणहरु कुनै किसिमको यौनिक पापसँग संलग्न थियो (२ तिमोथी ३:१; २ पत्रुस २)
- **"अधिकार इन्कार गर्छन् र स्वर्गीय प्राणीहरुको निन्दा गर्छन्"** त्यहाँ "यी" को तीनओटा विशेषताहरु छन् :

१. "शरीरलाई अशुद्ध तुल्याउँछन्

२. “अधिकार इन्कार गर्छन्” (NASB, NKJV, NRSV)
“परमेश्वरको अधिकार तुच्छ ठान्छन्” (TEV)
“अधिकारलाई अनादार गर्छन्” (NJB)
३. “स्वर्गीय प्राणीहरुको निन्दा गर्छन्” (NASB)
“उच्चाधिकारीहरुको निन्दा गर्छन्” (NKJV)
“महिमित जनलाई निन्दा गर्छन्” (NRSV)
“माथिका महिमित जनको अनादार गर्छन् (TEV)
“महिमितलाई दुर्वचन प्रयोग गर्छन् (NJB)

पहिलोचाहिँ यौनिक पापहरुसँग सरोकार राखेको कुरो स्पष्ट छ, तर दोस्रो र तेस्रो पापको विषयमा चाहिँ के हो नि ? दोस्रो नाउँ “अधिकार इन्कार गर्छन्” लाई कमसेकम दुई प्रकारले व्याख्या गरिएको छ ।

१. “अधिकार” को लागि ग्रीक शब्दचाहिँ *kuriotēa* हो, जुनचाहिँ “प्रभु” (*kurios*) शब्दसँग सम्बन्धित छ; त्यसकारण कसैले यस इन्कारलाई (यद्यपि क्रियाको रुप बेग्लाबेग्लै छन्) ४ पदमा येशूलाई गरिएको इन्कार (हाम्रो एकमात्र मालिक र प्रभु येशू ख्रीष्ट”) सँग जोडेका छन् ।

२. “अधिकार” को लागि ग्रीक शब्दचाहँ *kuriotēta* हो, जुनचाहिँ स्वर्गदूतहरुलाई उल्लेख गर्न २ पत्रुस २:१० मा प्रयोग गरिएको *kuriotēs* सँग सम्बन्धित रहेको छ (एफिसी १:२१; कलस्सी १:१६)।

यस सन्दर्भले स्वर्गदूतहरुलाई उल्लेख गरेको जस्तो देखिन्छ, यसैले # २ चाहिँ राम्रो गरी मिल्दछ । तेस्रो नाउँले “महिमा” (*Kabod*) भन्ने एउटा पूरानो करारका शब्दलाई प्रयोग गर्दछ, जसलाई परमेश्वरका लागि (२४, २५; २ पत्रुस १:३, १७; ३:१८) अनि परमेश्वरसँग सम्बन्धित सबै कुराहरु, विशेषगरेर स्वर्गमा अथवा आउन लागेको जीवनको लागि प्रयोग गरिएको थियो । यस उदाहरणमा यहूदाले स्वर्गदूतहरुलाई शक्ति र अधिकारको रुपमा उल्लेख गर्न पूरानो करारको यस अवधारणाको अन्तरबाइबलीय विस्तारलाई लिँदैछन् ।

यसले पूरानो करारका व्यवस्थालाई इन्कार गरेको समेत उल्लेख गर्ने हुनसक्दछ किनभने यहूदीहरुले सीनै पर्वतमा मोशालाई व्यवस्था दिने समयमा स्वर्गदूतहरुले मध्यस्तताहरुको रुपमा सेवा गरेका थिए भनेर विश्वास गर्दथे (प्रेरित ७:३५)।

तेस्रो नाउँले “महिमा” (*kabod*) भन्ने एउटा पूरानो करारका शब्दलाई प्रयोग गर्दछ, जसलाई परमेश्वरका लागि (२४, २५; २ पत्रुस १:३, १७; ३:१८) अनि परमेश्वरसँग सम्बन्धित सबै कुराहरु, विशेषगरेर स्वर्गमा अथवा आउन लागेको जीवनको लागि प्रयोग गरिएको थियो । यस उदाहरणमा यहूदाले स्वर्गदूतहरुलाई शक्ति र अधिकारको रुपमा उल्लेख गर्न पूरानो करारको यस अवधारणाको अन्तरबाइबलीय विस्तारलाई लिँदैछन् ।

यसले पूरानो करारका व्यवस्थालाई इन्कार गरेको समेत उल्लेख गरेको हुनसक्दछ किनभने यहूदीहरुले सीनै पर्वतमा मोशालाई व्यवस्थाा दिने समयमा स्वर्गदूतहरुले मध्यस्थताहरुको रुपमा सेवा गरेका थिए भनेर विश्वास गर्दथे (प्रेरित ७:३५)।

सन्दर्भको यस बुँदाचाहिँ नैतिकता अनि अधिकारको क्षेत्रमा “यी” झूटा शिक्षकहरुको बन्धनबाट बाहिर रहेको जीवनशैली हो । १–४ पदमा सुरु भएको झूटा शिक्षकहरुको चरित्रचाहिँ लगातार गइरहन्छ :

(१) अधिकारलाई तुच्छ ठान्छन्; (२) पशुझैं व्यवहार गर्छन् १२ पद; (३) मोजमज्जा खोज्छन् १३ पद; (४) प्रेम भोजलाई बिटुलो पार्छन् १३ पद; (५) कमजोर विश्वासीहरुलाई पाप गर्न लगाउँछन्; अनि (६) स्वतन्त्रताको प्रतिज्ञा गर्छन्, तर तिनीहरु नै कमाराहरु हुन् १९ पद ।

NASB (UPDATED) TEXT: 2: 10आ– १६

१०आ यिनीहरु हठी र अहंकारी हुन्छन, र स्वर्गीय प्राणीहरुको निन्दा गर्न डर मान्दैनन् । ११तर स्वर्गदूतहरु शक्ति र सामर्थ्यमा अझ उच्च भएतापनि प्रभुको सामने ती प्राणीहरुलाई निन्दापूर्ण दोष दिँदैनन् । १२तर यी मानिसहरु आफैंले नबुझेका कुराहरुको निन्दा गर्छन् । यिनीहरु विवेकहीन जनावरहरु जस्ता छन्, र स्वाभाविक इच्छाहरुका वशमा रहन्छन् । यिनीहरु पक्रेर मारिनलाई जन्मेकाहरु जस्तै छन्, र यिनीहरु पशुहरु जस्तै नष्ट हुनेछन् । १३आफूले गरेका खराबीहरुका निम्ति तिनीहरु आफैले पनि खराबी भोग्नेछन् । दिउँसै भोग–विलासमा मग्न रहनु यिनीहरु खुसीको कुरा ठान्छन् । तिनीहरु धब्बा र खोटहरु हुन्, र तिमीहरुसँग भोजमा बस्दा तिनीहरु बेस्सरी खाँदै पिउँदै विलासितामा मग्न रहन्छन् । १४तिनीहरुका आँखा व्यभिचारले भरिएका हुन्छन्, र जति पाप गर्दा पनि नअघाउने हुन्छन् । तिनीहरुले चञ्चल मन भएकाहरुलाई फुस्लाउँछन् । तिनीहरुका हृदयले लोभमा तालिम पाएका हुन्छन् । तिनीहरु श्रापित सन्तान हुन् । १५सोझो मार्ग छोडेर तिनीहरु कुमार्गमा लागेका छन् । खराब कामको लाभ असल मान्ने बओरको छोरो बालमको पछि तिनीहरु लागेका छन् । १६त्यसले आफ्नै अपराधको निम्ति हप्की पाएको थियो – गूँगो गधाले मानिसको बोलीमा त्यस अगमवक्ताको पागलपनालाई रोकिदिएको थियो ।

**२:१०अ “हठी”** (मर्कूस १२:३४; १५:४३)
**“अहंकारी”** (तीतस १:७)
**“यिनीहरु ...... डर मान्दैनन्”** (मत्ती २८:४; लूका ८:४७; प्रेरित ७:३२; १ कोरिन्थी २:३)।

तीनओटा अघि आएको शब्दहरुले आत्मिक शक्तिहरु र अधिकारहरुका लागि झूटा शिक्षकहरुमा रहेको आदरको कमीलाई वर्णन गर्दछ । तिनीहरु सम्भवत् स्वर्गदूतहरुका स्तरहरु (*aeons*) अनि उच्च असल देवसँग संगति गर्नेतर्फको मार्गमा तिनीहरुका साम्राज्यमार्फत् भएर जानको लागि यस्ता स्वर्गदूतहरुका आवश्यक गुप्त नाउँहरुको नोष्टिकहरुद्वारा विस्तार गरिएको ईश्वरशास्त्रसँग सम्बन्धित छन् ।

| | |
|---|---|
| **NASB** | **“स्वर्गीय प्राणीहरु”** |
| **NKJV** | **“उच्चाधिकारीहरुलाई अपशब्द बोल्छन्”** |
| **NRSV** | **“महिमितजनको निन्दा गर्छन्”** |
| **TEV** | **“माथिका महिमित जनका लागि कुनै आदर हुँदैन”** |
| **NJB** | **“महिमित जनलाई क्रोधित तुल्याउँछन्”** |

**“महिमाहरु”** (*doxai*) माथि गरिएको यहूदाबाटको अघिल्लो भागको टिप्पणीलाई हेर्नुहोस् ।

**२:११ "प्रभुको सामने ती प्राणीहरुलाई निन्दापूर्ण दोष दिँदैनन्"** योचाहिँ यहूदा ९ सँग समानान्तर छ, जुनचाहिँ *The Assumption of Moses* बाटको एउटा उद्धरण हुनसक्दछ । योचाहिँ मिखाएल ( अर्थात्, प्रधान दूत र इस्राएलको अभिभावक) अनि शैतानमाझ मोशाको शरीरको विषयमाथिको घटना ( व्यवस्था ३४:६) सँग सम्बन्धित छ ।

यस परिच्छेदमा त्यहाँ विभिन्न एउटा ग्रीक पाण्डुलिपीको विभिन्नता छ

१. प्रभुको सामने (LOCATIVE सहितको *para*, ℵ,B,C,K,P, NASB, NKJV, TEV, NJB)

२. प्रभुबाट (ABLATIVE सहितको *para*, $P^{72}$, NRSV)

२:१२ यो पदचाहिँ यहूदा १० सँग समानान्तर छ । ९ पदले मिखाएलको सैतानसँगको झगडालाई वर्णन गर्दछ । २ पत्रुस अनि यहूदा १० पदमा भएको यस वाक्यांशले स्वर्गीय अधिकार र शक्तिलाई झूटा शिक्षकहरुले कसरी प्रतिक्रिया जनाउँछन् भनेर वर्णन गर्दछ ।

१. तिनीहरुले विवेकहीन जनावरहरुझैं व्यवहार गर्छन् ।

२. तिनीहरु पशुहरु जस्तै छन् ।

तिनीहरुले के जान्दछन् (अनि तिनीहरुले कसरी व्यवहार गर्छन्) भन्ने कुराले तिनीहरुलाई नष्ट गर्नेछ ।

- **"मारिनलाई ...... नष्ट हुनेछन्"** निम्नलिखित विशेष शीर्षकलाई हेर्नुहोस् ।

**विशेष शीर्षक : नाश, नष्ट, सर्वनाश (*phtheirō*)**

यस शब्द *phtheirō* को आधारभूत अर्थ हुन्छ नाश, सर्वनाश, नष्ट अथवा बिग्रनु । यसलाई निम्नलिखित कुराहरुका लागि प्रयोग गर्न सकिन्छ :

१. आर्थिक विनाश (सम्भवत् २ कोरिन्थी ७:२)

२. शारीरिक सर्वनाश (१ कोरिन्थी ३:१७अ)

३. आधुनिक भ्रष्टता (रोमी १:२३; ८:२१; १ कोरिन्थी १५:३३, ४२, ५०; गलाती ६:८; प्रकाश १९:२)

४. यौनिक प्रलोभन (२ कोरिन्थी ११:३)

५. अनन्त विनाश (२ पत्रुस २:१२, १९)

६. मानिसको नाश हुने परम्पराहरु (कलस्सी २:२२; १ कोरिन्थी ३:१७आ)

यस शब्दलाई प्रायःजसो यसको खण्डन गरिएको विपरितको रुपमा त्यस्तै सन्दर्भमा प्रयोग गरिएको छ (रोमी १:२३; १ कोरिन्थी ९:२५; १५:५०, ५३)। हाम्रा सांसारिक शरीरहरु र हाम्रा स्वर्गीय अनन्तका शरीरहरु माझको समानान्तर विषमतालाई ध्यान दिनुहोस् ।

१. विनाशी बनाम् अविनाशी, १ कोरिन्थी १५:४२, ५०

२. अनादार बनाम् महिमा, १ कोरिन्थी १५:४३

३. दूर्बलता बनाम् शक्ति, १ कोरिन्थी १५:४३

| | |
|---|---|
| ४. | प्राकृतिका शरीर बनाम् आत्मिकी शरीर, १ कोरिन्थी १५:४४ |
| ५. | पहिलो आदम बनाम् अन्तिम आदम, १ कोरिन्थी १५:४५ |
| ६. | सांसारिक स्वरुप बनाम् स्वर्गीय स्वरुप, १ कोरिन्थी १५:४९ |

**२:१३ "खराबीहरुका निम्ति .... खराबी भोग्नेछन्"** यो एउटा अस्वभाविक निर्माण हो जुनचाहिँ (१) एउटा कहावत् अथवा (२) एउटा शब्दको प्रयोग गराई (अर्थात्, *adikoumenoi,* जसको अर्थ हुन्छ "खराबी भोग्छन्" अनि *adikios* "खराबीहरु" भनी अनुवाद गरिएको)

- **"दिउँसै"** सबैले तिनीहरुका कामहरुलाई देखून् भनी तिनीहरु घमण्डले फूल्दछन् । यस वाक्यांश र १२ पदको अन्तिम वाक्यांशले एउटै कुरा भन्दैछ ।
- **NASB** **"धब्बा र खोटहरु"**
  **NKJV** **"दाग** र खोटहरु"
  **NRSV** **"धब्बा र खोटरु"**
  **TEV** **"शर्म र कलंक"**
  **NJB** **"नदेखिने दागहरु"**

पहिलो शब्द *spilas* (अनि यसको रुपहरु) को दुइओटा पृथक अर्थहरु छन् : (१) मूलरुपमा यसले नदेखिएका खतराहरु, शाब्दिकरुपमा लुकेको अथवा गहिरो नभएका चट्टानहरु (यहूदा १२) अनि (२) कलंक अथवा खोटहरु (एफिसी ५:२७, याकूब ३:६, २ पत्रुस २:१३, यहूदा २३ पद ) ।

दोस्रो शब्दचाहिँ केही पर्यायबाची झैं छन् । यसलाई "धब्बा अथवा दागहरु" को आलँकारिक रुपमा प्रयोग गरिएको छ । यी दुवैले ख्रीष्टियन प्रेमभोजहरु (प्रभुभोज) मा विश्वासीहरुमाथि अनैतिक झूटा शिक्षकहरुको यौनिक शिकार गराईलाई उल्लेख गर्दछ ।

- **NASB** **"जसै तिनीहरुले तिमीहरुसँग खुब खाने–पिउने गर्छन्"**
  **NKJV, NRSV** **"तिनीहरुको भोजमा सहभागी हुन्छन्"**
  **TEV** **"तिमीहरुको भोजमा सहभागी हुन्छन्"**
  **NJB** **"तिनीहरुले तिमीहरुसँग भोज गरिरहेका बेला पनि"**

यो चाहिँ यहूदा १२ सँग समानान्तर रहेको छ । भोजले "प्रेम भोज" (१ कोरिन्थी ११:१७–२२) भनिएको कुरालाई उल्लेख गर्दछ, जुनचाहिँ विश्वासीहरुको समुदायमा एउटा सामुदायिक प्रभुभोज थियो ।

**२:१४ "आँखा व्यभिचारले भरिएका हुन्छन्"** तिनीहरुले ख्रीष्टको मेचमा हरेक स्त्रीलाई एउटा यौनको वस्तुको रुपमा हेर्छन् । यस्ता झूटा शिक्षकहरु यौनिकरुपमै शोषक हुन्छन् (२:२, १०, १४, १८)।

आँखाचाहिँ आत्माको भ्याल हुन्  भनेर धर्म गुरुहरुले भन्दछन् । सोंचिरहने जीवनमा नै पाप सुरु हुन्छ । यस्ता झूटा शिक्षकहरुका आँखा कहिले आराम गर्दैनन् !

- **"चञ्चल मन भएकाहरुलाई फुस्लाउँछन्"** तिनीहरुले कमजोर अथवा नयाँ विश्वासीहरुलाई पासोमा पार्छन् (मत्ती १८:६; २ तिमोथी ३:६)
- **"हृदयले लोभमा तालिम पाएका हुन्छन्"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो । यस शब्दबाट हामी *gymnasium* भन्ने अंग्रेजी शब्दलाई पाउँदछौं । तिनीहरुले आफ्नो लागि जुनै पनि हालतमा धेरैभन्दा धेरै प्राप्त गर्ने नियमित तालिम लिएका थिए । मर्कूस २:६ मा "हृदयमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।
- **NASB** **"श्रापित सन्तान"**
  **NKJV** **"श्रापित सन्तान हुन्"**
  **NRSV** **"श्रापित सन्तान"**
  **TEV** **"तिनीहरु परमेश्वरको सरापमूनि छन्"**
  **NJB** **"तिनीहरु सरापमूनि छन्"**

यो एउटा हिब्रू कहावत हो (एफिसी २:३)। तिनीहरुले तिनीहरुका पिता, दियावलसको विशेषताहरुको प्रदर्शन गर्छन् अनि त्यही नै चरित्रमा अडिन्छन् । यस कहावतको सकारात्मक विपरित शब्दचाहिँ १ पत्रुस १:१४ को "आज्ञाकारी सन्तान" हो ।

**२:१५ "सोझो मार्ग छोडेर"** यसलेचाहिँ "पाप" को लागि हिब्रू कहावतलाई प्रतिविम्बित गर्दछ ( NRSV, TEV, NJB)। धार्मिकतालाई बाटो अथवा मार्गको रुपमा वर्णन गरिएको थियो । धर्मीहरुले मार्गलाई पछ्याउनु पर्दथ्यो । (भजन ११९:१०५; हितोपदेश ६:२३)। मार्गबाट जुनैपनि हट्ने कामचाहिँ पाप थियो)।

- **"कुमार्गमा लागेका छन्"** योचाहिँ यहूदा १३ पदसँग समानान्तर रहेको छ ।
- **"बालमको पछि"** यहूदा ११ मा पूरानो करारका यही नै घटनालाई उल्लेख गरिएको छ । यसलाई गन्ती २२–२५; ३१:८, १६ मा अभिलेख गरिएको छ । बलामले रुपियाँ–पैसाको लालसा गरेजस्तै, यस्ता झूटा शिक्षकहरुले पनि त्यसरी नै गर्दछन् (अर्थात्, लोभ, १४ पद)।
- **NASB, NKJV, TEV** **"बओर"**
  **NRSV, NJB** **"बसोर"**

पहिलो शब्दचाहिँ गन्ती २२ को सेप्टुअजिन्ट अनि MS B बाटको हो । दोस्रो शब्दलाई चाहिँ MSS $P^{72}$, $\aleph^2$, AC, C मा पाइन्छ अनि $UBS^4$ ले यसलाई 'A' दर्जा (निश्चित) मा राखेको छ । तरैपनि, अरु कुनै पनि स्थानमा यस नाउँको कुनै उदाहरण छैन ।

**२:१६ "गूँगो गधाले मानिसको बोलीमा ........"** यसले गन्ती २२:२४ अनि ३१ लाई उल्लेख गर्दछ, जुनचाहिँ एउटा स्वर्गदूत संलग्न भएको पूरानो करारको अर्को उदाहरण हो ।

NASB (UPDATED) TEXT: 2:17-22

१७तिनीहरु पानी नभएका मुहानहरु हुन्, आँधीले उडाएका तुवाँला हुन् । तिनीहरुका निम्ति पातालको अन्धकार साँचिएको छ । १८तिनीहरु मूर्खतापूर्ण ठूला–ठूला अहंकारका कुराहरु हाँक्छन्, र कुमार्गबाट भर्खरै उम्केर आएकाहरुलाई शरीरका विलासमय कामवासनाका कुराले फसाउँछन् । १९तिनीहरुलाई स्वतन्त्र दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरु आफैं भ्रष्टताका दास छन्, किनकी जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ । २०तर यदि तिनीहरुले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फँसेर त्यसको वशमा परे भने, तिनीहरुको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ । २१किनभने तिनीहरुलाई दिइएको पवित्र आज्ञा जानीकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरुलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असफल हुने थियो । २२यी सत्य उखानअनुसार नै तिनीहरुलाई यसो भएको छ, "कुकुर आफ्नै बान्तामा फर्किआउँछ," र "नुहाइदिएको सुँगुर हिलैमा लडीबुडी खेल्छ ।"

**२:१७ "पानी नभएइका मुहान्हरु र तुवाँला हुन्"** योचाहिँ यहूदा १२ पदसँग समानान्तर रहेको छ । तिनीहरुसँग आशिषको प्रतिज्ञा थियो, तर त्यसले त केवल मृत्युमात्र दिए ।

**"तिनीहरुका निम्ति पातालको अन्धकार साँचिएको छ"** योचाहिँ शाब्दिकरुपमा "पातालको घोर अन्धकार" हो (२:४; यहूदा ६, १३)। क्रियाचाहिँ परमेश्‍वरबाटको स्थायी इन्साफ र कैदलाई संकेत गर्ने एउटा पूर्ण कर्मवाच्य संकेतार्थ हो ।

यसलाई यहूदा १३ पदमा पनि समानान्तर गरिएको छ । योचाहिँ पाताललाई प्रयोग गरिएको अनन्त दण्डको लागि एउटा अलंकार हो (मत्ती ८:१२; २२:१३; २५:३० अनि १ हनोक १०:४–५; ६३:६)।

२:१८

| | |
|---|---|
| **NASB** | **"मूर्खतापूर्ण ठूला–ठूला रित्तो कुराहरु बोल्छन्"** |
| **NKJV** | **"अहंकारका ठूला–ठूला रित्तो कुराहरु बोल्छन्"** |
| **NRSV** | **"ठूला–ठूला नचाहिँदो कुराहरु हाँक्छन्"** |
| **TEV** | **"अहंकार र मूर्खताका बयानहरु दिन्छन्"** |
| **NJB** | **"ठूला–ठूला तर रित्तो कुराहरु हाँक्छन्"** |

योचाहिँ १७ पद र यूहन्ना १२–१३, १६ सँग समानान्तर रहेको छ । तिनीहरु आत्मिकी र सत्य झैं देखिन्छन् तर यो एउटा, छल र धोकामात्र हो ।

| | |
|---|---|
| **NASB** | **"तिनीहरुले .... विलासमय कामवासनाका कुराहरुले फसाउँछन्"** |
| **NKJV** | **"भर्खरै उम्केर आएकाहरुलाई** |
| **NRSV** | **"भर्खरै उम्कन सुरु गरेकाहरुलाई"** |
| **TEV** | **"भर्खरै उम्कन सुरु गरेकाहरुलाई"** |
| **NJB** | **"मुश्किलले उम्केका मानिसहरुलाई"** |

यस परिच्छेदमा त्यहाँ एउटा ग्रीक पाण्डुलिपीका विभिन्नता रहेको छ :

१. **"प्राय"** अर्थ्याउने *oligōs* (MSS $P^{72}$, $\aleph^2$, A, B, अनि Vulgate, Syric अनि Coptic अनुवादहरु)

२. "साँच्चै अथवा "वास्तवमै" अर्थ्याउने *ontōs* (MSS ℵ*, C अनि अरमेनियन र स्लेभनिक अनुवादहरु)

ईश्वरशास्त्रीय मुख्य विषयचाहिँ यो हो कि यी विश्वासीहरुलाई कुबाटोतर्फ लगिएका थिए (NKJV, NRSV, NJV) कि अथवा तिनीहरु प्रायः विश्वासीहरु नै थिए (NASB, NRSV, TEV)? २०–२१ पदको सन्दर्भले तिनीहरु विश्वासीहरु थिए भनेर निश्चय नै संकेत गर्दछ (अर्थात्, प्रथमश्रेणीको शर्तबन्द वाक्य)।

**२:१९ "तिनीहरुलाई स्वतन्त्र दिलाइदिने प्रतिज्ञा गर्छन्"** झूटा शिक्षकहरुले दुईओटा अर्थमा स्वतन्त्र दिलाईदिने प्रतिज्ञा गर्छन् : (१) स्वर्गीय माहौलहरुको गुप्त ज्ञानमाथि आधारित एउटा ईश्वरशास्त्रीय स्वतन्त्रता अनि (२) एउटा बौद्धिक उपलब्धीमात्र संलग्न रहेको उद्धारमाथि आधारित नैतिक नियन्त्रणबाटको एउटा स्वतन्त्रता (अर्थात् libertine अथवा antinomian नोष्टिकहरु)।

आफ्नो स्वतन्त्रतालाई पापको एउटा अनुमति पत्रको रुपमा प्रयोग नगर्न भनी पावलले विश्वासीहरुलाई आग्रह गरेका छन् (गलाती २:१६), जसरी पत्रुसले पनि गरे (१ पत्रुस २:१६)। स्वतन्त्रताचाहिँ जहिले पनि निषेध गरिएको फल भएको छ । आत्मा संयम्चाहिँ आत्मिकी परिपक्वताको एउटा चिह्न हो (गलाती ५:२३)। योचाहिँ स्व–स्वामीत्वको आत्मा संयम ज्ञान होइन, तर विश्वासीहरुको खीष्टियन अर्थमा भित्र वास गर्ने आत्माप्रति समर्पण अनि आफैलाई परमेश्वरको प्रकाशअनुरुप चल्ने कुरा हो । त्यसपछि वास्तविकत प्रश्नचाहिँ के हाम्रो जीवनलाई कसले अथवा के कुराले नियन्त्रण गर्छ/ अथवा चरितार्थ गर्दछ भन्ने हो ।

**"भ्रष्टता"** २:१२ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

**२:२० "यदि"** योचाहिँ एउटा प्रथम श्रेणीको शर्तबन्द हो जुनचाहिँ लेखकको दृष्टिकोणबाट अथवा तिनको शाब्दिक उद्देश्यहरुबाट साँचो हो भनी मानिलिइएको छ । यसले १८ पदको शिकारहरुचाहिँ विश्वासीहरु नै थिए भनेर संकेत गर्दछ ।

- **"संसारका दूषित बनाउने कुराबाट उम्किसकेपछि"** यो एउटा एवरिष्ट कर्तृवाच्य कृदन्त हो, जसले एउटा पूर्ण कामलाई (खीष्टमाथिको तिनीहरुका विश्वासको पेशा) संकेत गर्दछ । सुसमाचारले तिनीहरुलाई पतित स्वभावको शक्तिबाट स्वतन्त्र गरेको थियो (रोमी ६)।

- **"प्रभु र मुक्तिदाता येशू खीष्टलाई चिनेर"** योचाहिँ *epignōskō* शब्द हो, जसको पूर्ण प्रयोगात्मक ज्ञानको संकेत रहेको छ (१:२)। तिनीहरुका उद्धारको साधनचाहिँ सुसमाचार हो, जुनचाहिँ एउटा व्यक्ति हो, त्यस व्यक्तिको विषयका सत्यता हो, अनि त्यस व्यक्तिको झैं जीवनशैली हो । झूटा शिक्षकहरुले यी तीनैओटा कुराहरुलाई उल्लङ्घन गर्दछन् ।

- **"फेरि पापमा फँसेर त्यसको वशमा परे भने"** पहिलो क्रियारुपचाहिँ एउटा एवरिष्ट कर्मवाच्य कृदन्त हो, जबकि दोस्रोचाहिँ वर्तमान कर्मवाच्य संकेतार्थ हो । कर्मवाच्यलाई ध्यान दिनुहोस्, जसले एउटा बाहिरी प्रतिनिधि (अर्थात् झूटा शिक्षकहरु अथवा दुष्ट जन) लाई संकेत गर्दछ । निकटतम सन्दर्भले वशमा पर्ने कामलाई शारीरिक भोग विलास अनि कुईच्छाहरुको रुपमा परिभाषित गर्दछ । यस पदको एउटा असल छलफलको लागि *Hard Saying of the Bible,* पृष्ठ ७२९–७३० मा हेर्नुहोस् । तिनीहरुको मूल्याङ्कनसँग पूर्णरुपले सहमत छु ।
- **"तिनीहरुको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ"** योचाहिँ (१) नयाँ विश्वासीहरु (१४अ, १८अ, २१ पद) अथवा (२) झूटा शिक्षकहरु (१७, १८अ पद) सँग सम्बन्धित हुनसक्दछ । यस्तै दुई अर्थ लाग्ने कुरा १९ पदसँग पनि सम्बन्धित छ ।

२:२१ तिनीहरुको अवस्था कसरी खराब हुन सक्दथ्यो त ? (१) तिनीहरु साँचो विश्वासको विरुद्धमा प्रतिरोध बने । तिनीहरु हिब्रू २:१–४; ६:४–६ अनि १०:२६–३१ (अर्थात्, विशाल ज्योतिको उपस्थितिमा रहेको अविश्वासीहरु) जस्ता हुन्; (२) यसले तिनीहरुको व्यक्तिगत उद्धारभन्दा अझ धेरै गुमेका कुराको साक्षी बनेको नयाँ अथवा कमजोर विश्वासीहरुका जीवनशैलीलाई उल्लेख गर्न सक्दथ्यो । पूरानो अनि नयाँ स्वभावको बीचमा त्यहाँ एउटा उत्कट लडाईं हुन्छ (रोमी ७), उद्धार अघि अनि पछि पनि ।

- **"धार्मिकताको मार्ग"** यसले सुसमाचारलाई उल्लेख गर्दछ, जसरी २१ पदमा पनि "पवित्र आज्ञा ले गरेको छ अनि २० पदमा "परमप्रभुको ज्ञान" ले गरेको छ (३:२)

**२:२२ "सत्य उखान"** कुकुरको उखानचाहिँ MT बाटको हो, तर हितोपदेश २६:११ को LXX बाट होइन । सुँगुरको उखानचाहिँ आरमिक ज्ञानका पुस्तक Ahikan (अर्थात्, ८:१८) बाटको हो, जुनचाहिँ अस्सूर निर्वासनको समयमा यहूदीहरुमा परिचित थियो । Ahikan लाई यहूदी पुस्तक *Tobit* मा उत्तरका दसओटा निर्वासित जातिहरुमध्ये एउटाबाटको एकजना ज्ञानी मानिसको रुपमा उल्लेख गरिएको छ । यहूदी परम्पराले भनेको छ कि "सेन्नाचेरिब र एसारहाड्डोन" (Sennacherib and Esarhaddon) को शासनकालको अवधिमा तिनी उच्च सरकारी अधिकारी (दानिएलजस्तै) भएका थिए । यस्ता झूटा शिक्षकहरु साँचो विश्वासीहरु झैं देखिन्थे (अर्थात्, ज्ञानी मानिस), तर यो केवल एउटा बाहिरी परिवर्तनमात्र थियो तर साँचो पश्चाताप थिएन भनेर तिनीहरुका कामले देखाउँथ्यो (मत्ती ७ अनि १३)।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. के झूटा शिक्षकहरु साँचो खीष्टियनहरु थिए त ? (१ पद)
२. के तिनीहरुका चेलाहरु खीष्टियनहरु थिए त ?
३. यी झूटा शिक्षकहरुका विशेषताहरुलाई सूचीबद्ध गर्नुहोस् ।
४. यस अध्यायमा स्वर्गदूतहरुका बारेमा किन यति विघ्न बोलिएको छ त ?
५. २०–२२ पदको संकेतचाहिँ के हो त ?

# २ पत्रुस ३
## आधुनिक अनवादहरुको परिच्छेद विभाजनहरु

| UBS[4] | NKJV | NRSV | TEV | NKJB |
|---|---|---|---|---|
| प्रभुको आगमनको प्रतिज्ञा | परमेश्वरको प्रतिज्ञा ढिलो हुँदैन | प्रभुको दिन | प्रभुको आगमनको प्रतिज्ञा | प्रभुको दिन : अगमवक्ताहरु र प्रेरितहरु |
| ३:१–७ | ३:१–९ | ३:१–७ | ३:१–७ | ३:१–२ |
| – | – | – | – | प्रभुको दिनः झूटा शिक्षकहरु |
| ३:८–१३ | प्रभुको दिन | ३:८–१० | ३:८–९ | ३:८–१० |
| | ३:१०–१३ | – | ३:१०–१३ | पवित्रताको लागि ताजा बोलावट प्रशंसा |
| | स्थिर होओ | ३:११–१३ | – | ३:११–१८ |
| ३:१४–१८ | ३:१४–१८ | ३:१४–१८ | ३:१४–१६; ३:१७–१८ | |

**अध्ययन चक्र तीन ('A Guide to Good Bible Reading' बाट, पृष्ठ V.)**

**परिच्छेदको स्तरमा लेखकका मुख्य अभिप्रायलाई पालन गर्दै**

यो एउटा अध्ययन गर्नलाई सहायता गर्ने टिप्पणी मात्र हो, जसको अर्थ हुन्छ, तपाइँको आफ्नै बाइबलको व्याख्या गराइप्रति तपाइँ नै जिम्मेवार हुनुहुन्छ । तपाइँ, बाइबल, अनि पवित्र आत्माचाहिँ व्याख्या गराईमा मुख्य छन् । यसलाई तपाइँले कुनै टिप्पणीकारमाथि छोड्नु हुँदैन ।

अध्यायलाई एक बसाइँमा पढ्नुहोस् । विषयहरुको पहिचान गर्नुहोस् । तपाइँको विषय विभाजनलाई पाँच आधुनिक अनुवादहरुसँग तुलना गर्नुहोस् । परिच्छेद बनाउनलाई प्रेरित गरिएको छैन, तर यो लेखकको मूल अभिप्रायलाई पालन गर्नुपर्ने सूत्र हो, जुनचाहिँ व्याख्याको मुख्य कुरो हो । हरेक परिच्छेदको एउटैमात्र मुख्य विषय हुन्छ ।

१. पहिलो परिच्छेद

२. दोस्रो परिच्छेद

३. तेस्रो परिच्छेद इत्यादि ।

**NASB (UPDATED) TEXT: 3:1-7**

१प्रिय हो, तिमीहरुलाई लेखेको यो मेरो दोस्रो पत्र हो, र दुवै पत्रमा कति कुराको याद दिलाएर तिमीहरुका निष्कपट मनलाई उत्साहित गराएको छु, २कि पवित्र अगमवक्ताहरुका अगमवाणी र तिमीहरुका प्रेरितहरुद्वारा दिइएको प्रभु र मुक्तिदाताको आज्ञालाई तिमीहरुले सम्झनुपर्दछ । सर्वप्रथम तिमीहरुले यो बुझ्नुपर्दछ, कि पछिल्ला दिनहरुमा गिल्ला गर्नेहरु गिल्ला गर्दै, तिनीहरुका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, ४"उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो ? किनकी पिता–पूर्खाहरु सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ ।" ५जानी–बुझीकन पनि तिनीहरु यस कुराको वास्ता गर्दैनन्, कि परमेश्वरको वचनद्वारा स्वर्गहरु अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो । ६त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो । ७तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका हुन् ।

**३:१ "प्रिय"** मूलरुपमा यस शब्दलाई परमेश्वर पिताद्वारा पुत्रको लागि उहाँको बप्तिस्मा (मत्ती ३:१७) मा अनि उहाँको रुप परिवर्तन (मत्ती १७:५ अनि २ पत्रुस १:१७) मा प्रयोग गरिएको थियो । यो चाहिँ परमेश्वरका मानिसहरुका लागि उपाधि बन्दछ (रोमी १:७)। १ पत्रुसमा यसलाई केवल एक पटकमात्र प्रयोग गरिएको छ (२:११; ४:१२), तर २ पत्रुस ३ मा प्रशस्तै प्रयोग गरिएको छ (३:१,८, १४, १५–१७)। १ अनि ३ यूहन्नामा पनि यो एकदमै प्रचलित छ ।

- **"दोस्रो पत्र"** यसले स्पष्टरुप १ पत्रुसलाई उल्लेख गर्दछ, यदि तपाइँ १ अनि २ पत्रुस दुवैको स्रोत पत्रुस नै हुन् भनेर विश्वास गर्नुहुन्छ भने, जस्तो म गर्दछु ।

| | |
|---|---|
| **NASB** | **"निष्कपट मन"** |
| **NKJV** | **"तिमीहरुका शुद्ध मन"** |
| **NRSV** | **"तिमीहरुका निष्कपट अभिप्राय"** |
| **TEV** | **"तिमीहरुका शुद्ध सोंच"** |
| **NJV** | **"एउटा स्पष्ट बुझाइ"** |

यस शब्दको अर्थचाहिँ निष्कपटको अर्थमा शुद्ध अथवा नैतिकरुपमा सोझो हुनसक्दछ (फिलिप्पी १:१०)। झूटा शिक्षकहरु कुनै पनि अर्थमा शुद्ध थिएनन् । तिनीहरु अनैतिक अनि छलीहरु थिए ।

- **"कति कुराको याद दिलाएर"** यिनीहरुचाहिँ प्राय: १:१३–१४ (यहुदा १७ पद) को जस्तै नै शब्दहरु हुन् । बाइबलमा मानिस जातिलाई जहिले पनि परमेश्वरलाई उहाँको वचनलाई अनि उहाँका कामहरुलाई सम्झना गर्नु भनी आह्वान गरिन्छ । तरैपनि, परमेश्वर तिनीहरुका पापलाई क्षमा गर्न प्रोत्साहित हुनुहुन्छ (अर्थात् यर्मिया ३१:३४; यशैया ४३:२५; भजन १०३:३ मा आलंकारिकरुपमा रहेको छ; यशैया १:१८; ३८:१७; ४४:२२; मीका ७:१८)।

**३:२ "........ आज्ञालाई ........ सम्झनुपर्छ"** यो एउटा एवरिष्ट कर्मवाच्य असीमित क्रिया हो । योचाहिँ (१) पूरानो करार (१:२१); (२) येशूका वचनहरु (२:२१); अनि (३) तिनीहरुका प्रेरितिय नियम (१:१) लाई जान्नको लागि एउटा जोड दिइएको कुरो हो । योचाहिँ यहूदा १७ सँग समानान्तर रहेको छ ।

जान्नु/सम्झनुको अर्थचाहिँ दोस्रो आगमन र तिनीहरुको खीष्टरुपी जीवनमा विश्वासीहरुका विश्वासलाई प्रभाव पार्नु थियो ।

- **"पवित्र अगमवक्ताहरुका अगमवाणी"** यो एउटा पूर्ण कर्मवाच्य कृदन्त हो जसले आत्माद्वारा दिइएको (कर्मवाच्य २ पत्रुस १:२०–२१), स्थायी प्रकाश (पूर्ण काल, मत्ती ५:१७–१९; १ पत्रुस १:२५) लाई संकेत गर्दछ ।

यसले सबै पूरानो करारलाई उल्लेख गर्दछ । सबै पवित्र शास्त्रहरु अगमवक्ताहरुद्वारा लेखिएको थियो भनेर यहूदीहरु विश्वास गर्दथे । त्यसैले व्यवस्था १८:१५ मा मोशालाई अगमवक्ता भनिएको छ अनि राजाहरुद्वारा यहोशूलाई "पहिलेका अगमवक्ताहरु" भनिएका छन् ।

- **"प्रभु र मुक्तिदाताको आज्ञालाई"** योचाहिँ सुसमाचार ("पवित्र आज्ञा" २:२१; "आज्ञा" १ तिमोथी ६:१४) लाई उल्लेख गर्ने एउटा उखान हो । योचाहिँ "खीष्टको व्यवस्था" को उखानसँग सम्बन्धित छ (गलाती ६:२)

- **"तिमीहरुका प्रेरितहरु"** जसरी अगमवक्ताहरुले पहिलो करार दिएका थिए, प्रेरितहरुले पनि दोस्रो करार दिएका छन् ।

**३:३ "सर्वप्रथम ..... यो बुझ्नुपर्छ"** योचाहिँ १:२० मा प्रयोग गरिएकै वाक्यांश हो । आफ्नो मुख्य बुँदाहरुलाई अंकित गर्नको लागि पत्रुसले यस शाब्दिक उखानलाई प्रयोग गरेका छन् ।

- **"पछिल्ला दिनहरुमा"** यस पूरानो करारका वाक्यांशले मानव इतिहासको पराकाष्ठको ठीक अगाडिको समयावधिलाई बताउँछ । यसले कुनचाहिँ समयावधिलाई उल्लेख गरेको हो भन्ने कुराप्रति पत्रुसले दुईओटा अर्थ दिएका छन् । दुई अध्यायमा अघिबाटै उपस्थित थिए । योचाहिँ ईश्वरशास्त्रीयरुपमै १ यूहन्ना २:१८ को "एन्टिक्राइष्ट ...... एन्टिक्राइष्टहरु" सँग मिल्दोजुल्दो रहेको छ । यस्ता झूटा शिक्षकहरु अनि गिल्ला गर्नेहरुले पहिलो शताब्दीहरुबाट सुरु गरेर, मण्डली इतिहासको हरेक भविष्यका अवधिलाई चरितार्थ गर्नेछ । मर्कूस १३:८ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

- **"गिल्ला गर्नेहरु गिल्ला गर्दै ...... आउने छन्"** योचाहिँ यहूदा १८ सँग समानान्तर रहेको छ । जोड दिनलाई त्यही नामको कर्त्ताकारक र सहायक क्रियाको रुपलाई प्रयोग गरिएको छ । यस्ता झूटा शिक्षकहरुले खीष्टको आगमनको विषयमा बाइबलको प्रतिज्ञालाई गिल्ला गर्दै थिए अनि लगातार गिल्ला गरिरहने छन् (४ पद)।

- **"तिनीहरुका आफ्नै अभिलाषामा"** तिनीहरुका वचनहरु र कामहरुको कारण झूटा शिक्षकहरु स्पष्टै छन् (मत्ती ७:१५–२० अनि २ तिमोथी ३:२–५)। योचाहिँ यहूदा १८ सँग समानान्तर रहेको छ ।

**३:४ "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो"** यसले (१) पूरानो समयको YHWH को आगमन अथवा (२) नयाँ करारको खीष्टको दोस्रो आगमनलाई उल्लेख गर्न सक्दथ्यो ।

| | |
|---|---|
| **NASB, NKJV** | **"पिता–पूर्खाहरु"** |
| **NRSV, TEV** | **"हाम्रा पूर्वजहरु"** |
| **NJB** | **"हाम्रा पूर्वजहरु"** |

२ पदमा पूरानो करारको अवधिलाई उल्लेख गरिएको छ, यसैले "पिता–पूर्खाहरु" ले पूरानो करारको पितृहरु अथवा कूलका अगुवाहरुलाई उल्लेख गरेकै हुनुपर्दछ । यसलाई ४–६ पदद्वारा पुष्टि गरिएको छ, जसले सृष्टिको विषयमा बोल्दछ ।

सन्दर्भले इन्साफमा परमेश्वरको विपत्तिलाई स्पष्टरुपले उल्लेख गर्दछ (२ पत्रुस २)। जीवनको वरदानको हेरचाहको लागि मानिस जातिले एक दिन परमेश्वरलाई लेखा दिनुपर्नेछ भनेर पूरानो करारले दाबी गर्दछ (अर्थात्, मत्ती २५:३१–४६; २०:११–१५)। यस्ता गिल्ला गर्नेहरुले येशूको अवतारको मूल्यलाई मात्र घटाएनन्, न्यायकर्त्ताको रुपमा उहाँको आगमनप्रति पनि गिल्ला गरे ।

- **"सुतिसकेका"** योचाहिँ मृत्युको लागि मिठो पाराले भनिने पूरानो करारको तरिका हो, जसलाई नयाँ करार (मत्ती २७:३३; मर्कूस ५:३९; यूहन्ना ११:११; १ कोरिन्थी ११:३०; १५:५१; एफिसी ५:१४; १ थेसलोनिकी ४:१४) मा निरन्तरता दिइएको छ ।

- **"सबै कुराहरु सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ"** मानवजातिको इतिहासले, भौगोलिक इतिहासको तुलनामा समयमा कम भएतापनि, मानवजातिलाई नियमितताको अर्थ दिन्छ । यो प्राकृतिक प्रक्रिया अनि प्राकृतिक नियमहरुको नियमिततालाई समयमा अघि पछि दुवैतर्फ बाहिर निकाल्न सकिन्छ भन्ने आधुनिक विज्ञानको पूर्वअनुमान हो (अर्थात्, ऐक्यबद्धता)। त्यहाँ सृष्टिको लागि एउटा सुरुवात थियो अनि त्यहाँ अन्त्य पनि हुनेछ भनेर बाइबलले दाबी गर्दछ । परमेश्वरले एउटा उद्देश्यसँगै सृष्टि गर्नुभयो । त्यो उद्देश्यचाहिँ उहाँकै स्वरुपमा सृजिएका प्राणीहरुसँग संगति गर्नु थियो जसले उहाँको चरित्रलाई झल्काउँदछ । संसारचाहिँ नैतिक अनि शिष्ट परमेश्वरमा उत्तरदायी रहेको छ । तरैपनि, अन्तहीन समय र प्रकृतिको निरन्तरताको संकेतले झूटा शिक्षकहरुलाई धर्मशास्त्र अथवा येशूका वचनहरुको प्रकाश अनि प्रेरितहरुका घोषणालाई रद्द तुल्याउन लगाएको छ । मानव इतिहास र व्यक्तिगत दीर्घ आयुचाहिँ मानिस जातिलाई "भोलि पनि आजै जस्तो हो" भन्ने आत्मविश्वासको झूटो ज्ञानमा फँसाउनलाई काफी छ ।

३:५

| | |
|---|---|
| **NASB** | **"यसले तिनीहरुका ध्यान हटाउँछ"** |
| **NKJV** | **"जानी–बुझीकन पनि तिनीहरुले यसले कुराको वास्ता गर्दैनन्"** |
| **NRSV, NJB** | **"तिनीहरुले जानी–बुझीकन वेवास्ता गर्छन्** |
| **TEV** | **"तिनीहरुले उद्देश्यअनुरुप नै वेवास्ता गर्छन्"** |

यस शब्दको केही कुरा बिर्सनु अथवा केही कुरा लुकाउनु भन्ने कुराको संकेतार्थ छ; यसकारण, यस शब्दमा उद्देश्यअनुरुपताको एउटा अभिप्राय रहेको छ (१:९; ३:५, ८)। यी झूटा शिक्षकहरुले उहाँको सृष्टिमा परमेश्वरको मध्यस्थता अनि सबै सृष्टिका –जवाफदेहीता (अर्थात्, इन्साफ) प्रति उहाँले उल्लेख गर्नुभएको अभिप्रायलाई "सजिलै बिर्सिदिए" अथवा "वेवास्ता गर्नलाई चुने"।

**"परमेश्वरको वचनद्वारा"** योचाहिँ बोलिएको शब्दबाटको सृष्टि हो (उत्पत्ति १:३, ६, ८, १४, २०, २४)। त्यसलाई ल्याटिन शब्द "*fiat*" बाट ईश्वरशास्त्रमा भनिएको छ, जसको अर्थ हुन्छ, "बोलिएको वचनको माध्यमबाट" John Walter को *The lost world of Genesis One* लाई हेर्नुहोस्, जहाँ तिनले गरेका छन् कि उत्पत्ति १ चाहिँ सृष्टिको विषय होइन, तर कार्य गरिरहेको ब्रमाहण्ड हो । नोष्टिक झूटा शिक्षकहरुले एकजना पवित्र परमेश्वरले एकदमै तुच्छ, पापपूर्ण सह–अस्तित्वमा रहेका विषयलाई सृष्टि गर्न सक्नुहुन्थ्यो भनेर इन्कार गर्दछन् ।

| | |
|---|---|
| • **NASB, TEV** | **"पृथ्वीचाहिँ पानीाबट र पानीद्वारा नै बनाइयो"** |
| **NKJV** | **"पृथ्वीचाहिँ पानीबाट र पानीमै खडा गरियो"** |
| **NRSV** | **"पृथ्वीचाहिँ पानीबाट र पानीकै माध्यमबाट बनाइयो"** |
| **NJB** | **"पृथ्वीचाहिँ परमेश्वरको वचनद्वारा पानीबाट र पानीकै माझमा बनाइयो"** |

पानीचाहिँ उत्पत्ति १:२ ("गहिरो" र "पानीहरु") को एउटा महत्त्वपूर्ण तत्त्व हो । यसलाई अस्तित्वमा विशेषरुपले बोलिएको भन्ने कुराका लागि उल्लेख गरिएको छैन । पानी "मार्फत्" (*dia*) भनिने ग्रीक नामयोगीको अर्थ "बीच", "घेरिएको", "माझमा", "कामको", अथवा "थामिएको" पनि हुन सक्दछ (भजन २४:२; १३६:६)। यस वाक्यांशले उत्पत्ति १:२; १:६; अथवा १:९ लाई उल्लेख गरेको हुनसक्दछ ।

**३:६ "संसार ......... नष्ट भयो"** यसले नोआको जलप्रलय (उत्पत्ति ६–८) लाई उल्लेख गर्दैछ । मैले उत्पत्ति १–११ माथिको मेरो टिप्पणीबाट एउटा छोटो विवरणलाई समावेश गरेको छु ।

**उत्पत्ति**

"जलप्रलय" शब्दचाहिँ "नष्ट गर्नु" भन्ने अश्शूरी शब्दसँग सम्बन्धित रहेको हुनसक्ने कुरामा चाहिँ त्यहाँ केही अनुमानहरु रहेका छन् । नोआको समयको जलप्रलयचाहिँ विश्वव्यापीरुपमा आएको थियो कि अथवा केवल प्राचीन निकट पूर्वमा मात्र आएको थियो ? स्थानीय अर्थमा "पृथ्वी" शब्दलाई प्रायजसो "देश" भनी अनुवाद गरिएको छ । यदि मानिस जाति संसारको सबै भागमा नछरिएको हुँदो हो

त, जसलाई १०–११ अध्यायको बाबेलको धरहराको अनुभवमा निश्चय नै संकेत गरिएको छ, एउटा स्थानीय जलप्रलयले काम गरेको हुन्थ्यो । एउटा स्थानीय जलप्रलयका लागि बुद्धिसंगत प्रमाणमाथि मैले पढेको उत्तम पुस्तकचाहिँ Bernard Ramm को *The Christian View of Science and Scripture"* (पृष्ठ ६२) हो ।

३:७

| | |
|---|---|
| **NASB** | **"उहाँको वचनले"** |
| **NKJV, NRSV** | **"त्यही वचनले"** |
| **TEV** | **"त्यही आज्ञाले"** |
| **NJB** | **"यो त्यही वचन हो"** |

जसरी परमेश्वरले बोलिएको वचनबाट सृष्टि गर्नुभयो अनि वचनबाटै शासन गर्नुहुन्छ ( अर्थात्, *Christ*, यूहन्ना १:१), हामी परमेश्वरको जीवित र नित्य रहने वचन (१ पत्रुस १:२३) द्वारा हामी फेरि नयाँ गरी जन्मियौं । उहाँले बोलिएको वचनद्वारा शुद्ध पनि पार्नुहुन्छ (अर्थात्, जलप्रलयको इन्साफ, आगोको इन्साफ)। उहाँको मुखबाटको दुई धारे तरबारसँग आउनुहुने प्रकाश १९:१५ को येशूको चाहिँ त्यही सत्यतालाई व्यक्त गर्ने अर्को तरिका हो ।

**"अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्"** योचाहिँ एउटा कुनै कुरो घुमाएर भन्ने पूर्ण कर्मवाच्य कृदन्त हो, जसले अघिबाटै भइसकेको केही कुराको विषयमा बोल्दछ । यहाँ यसलाई परमेश्वरको वचनको विश्वसनीयतामाथि आधारित एउटा हुन आउने घटनाको निश्चयताको अगमवक्ताका अर्थमा प्रयोग गरिएको छ । सम्पूर्ण सन्दर्भले परमेश्वरको वचनको शक्ति अनि श्रेष्ठतालाई जोड दिन्छ (१:१९; ३:५,७; १ पत्रुस १:२३; २:८; ३:१)।

आगोबाटको यस इन्साफचाहिँ पूरानो करारबाट दुईओटा अर्थमा आउन सक्दछ : (१) भजनले परमप्रभुको अगाडि जाने आगोको बारेमा बोल्दछ (१८:८; ५०:३; १९:३) अथवा (२) उजाड–स्थानको भ्रमणमा YHWH को इन्साफ (लेवी १०:२; गन्ती ११:१–३; १६:३५; २६:१०) अथवा मृत्यु र इन्साफको विषयमा (दानिएल ७:१०; यशैया ३०:२७, ३०, ३३)।

पूरानो करारमा आगोचाहिँ प्रायजस्तो YHWH को उपस्थितिसँग जान्छ । योचाहिँ (१) ज्ञान र प्रकाश (ज्योति) को रुपमा परमेश्वर; (२) शुद्ध गर्ने तत्त्वको रुपमा परमेश्वर; अथवा (३) न्यायकर्ताको रुपमा परमेश्वर (अथात्, नष्ट गर्ने तत्त्व) सँग सम्बन्धित हुनसक्दछ ।

**विशेष शीर्षक : आगो**

धर्मशास्त्रमा आगोको सकारात्मक र नकारात्मक दुवै संकेतार्थ रहेको छ ।

अ. सकारात्मक
   १. ताप दिन्छ (यशैया ४४:१५; यूहन्ना १८:१८)
   २. प्रकाश दिन्छ (यशैया ५०:११; मत्ती १५:१–१३)

३. पकाउँछ (प्रस्थान १२:८; यशैया ४४:१५–१६; यूहन्ना २१:९)
४. शुद्ध पार्दछ (गन्ती ३१:२२–२३; हितोपदेश १७:३; यशैया १:२५; ६:६–८; यर्मिया ६:२९; मलाकी ३:२–३)।
५. पवित्रता (उत्पत्ति १५:१७; प्रस्थान ३:२; १९:१८; इजकिएल १:२७; हिब्रू १२:२९)।
६. परमेश्वरको अगुवापन (प्रस्थान १३:२१; गन्ती १४:१४; १ राजा १८:२४)
७. परमेश्वरको अधिकार दिइएको (प्रेरित २:३)
८. सुरक्षा (जकरिया २:५)

आ. नकारात्मक
१. जलाउँछ (यहोशू ६:२४; ८:८; ११:११; मत्ती २२:७)
२. नष्ट पार्छ (उत्पत्ति १९:२४; लेवी १९:१–२)
३. रिस (गन्ती २१:२८; यशैया १०:१६; जकरिया १२:६)
४. दण्ड (उत्पत्ति ३८:२४; लेवी २०:१४; २१:९; यहोशू ७:१५)
५. झूटो मृत्यु र इन्साफको चिह्न (प्रकाश १३:१३)

इ. पापको विरुद्धमा परमेश्वरको क्रोधलाई आगोको अलंकारहरुलाई प्रयोग गरिएको छ ।
१. उहाँको क्रोधले जलाउँदछ (होशे ८:५; सपन्याह ३:८)
२. उहाँले आगो खन्याउनुहुन्छ (नहेम्याह १:६)
३. अनन्त आगो (यर्मिया १५:१४; १७:४)
४. मृत्युपछिको इन्साफ (मत्ती ३:१०; १३:१०; यूहन्ना १५:६; २ थेसलोनिकी १:७; २ पत्रुस ३:७–१०; प्रकाश ८:७; १६:८)

ई. बाइबलका अरु थुप्रै अलंकारहरुजस्तै (अर्थात्, खमीर, सिंह) सन्दर्भलाई हेरेर आगो एउटा आशिष र एउटा सराप हुन सक्दछ ।

**"भक्तिहीन मानिसको .... इन्साफको दिनसम्मको लागि"** यो एउटा वर्तमान कर्मवाच्य कृदन्त हो । दुष्ट स्वर्गदूतहरु र दुष्ट मानिसलाई लेखा दिनुपर्ने दिनसम्मको लागि राखिएका हुन् भनेर २ पत्रुस २ अनि यहूदा दुवैले जोड दिएका छन् । सबै चेतनशील प्राणीहरु (फिलिप्पी २:९–११) लाई एकदिन जीवनका वरदानको परिचारकको रुपमा लेखा दिनलाई थामिराखिनेछन् (गलाती ६:७)।

दुष्टहरुका लागि यस मृत्यु र इन्साफको दिनचाहिँ न्यायको दिन हो, तर विश्वासीहरुका लागि भने ठूलो पुरस्कारको दिन । सतावटमा परेका मण्डलीहरुले याद गर्नुपर्दछ कि एकदिन परमेश्वरले सबै कुरो ठीकसित स्थापित गर्नुहुन्छ ।

**"विनाश"** यस शब्दबाट हामी अंग्रेजी शब्द **Apollyon** पाउँदछौं (प्रकाश ९:११)।

## NASB (UPDATED) TEXT: 3:8-11

८तर प्रिय हो, यो एउटा कुरा नभूल, कि प्रभुको निम्ति एकदिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ । ९आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै–कसैको भनाइ भएतापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चाताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरुप्रति धैर्यवान् हुनुहुन्छ । १०तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरु आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भष्म

हुनेछ । ११यी सबै कुराहरु यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्दछ ?

**३:८**

| | |
|---|---|
| **NASB** | **"यो एउटा वास्तविकताबाट तिमीहरुको ध्यान नहटोस् ।"** |
| **NKJV** | **"यो एउटा कुरा नभुल"** |
| **NRSV** | **"यो एउटा वास्तविकतालाई इन्कार नगर"** |
| **TEV** | **"एउटा कुरा नभुल"** |
| **NJB** | **"त्यहाँ एउटा कुरा छ, जसलाई तिमीहरुले कहिल्यै भुल्नुहुँदैन"** |

योचाहिँ नकारात्मक कृदन्त सहितको एउटा वर्तमान आज्ञार्थक हो, जसले साधारणतय, "प्रक्रियामा रहेको कुनै कामलाई बन्द गर्नु" भन्ने संकेत गर्दछ । सतावटको कारण (१ पत्रुस) अनि झूटा शिक्षकहरुका कारण (२ पत्रुस) विश्वासीहरुले बाइबलीय मृत्यु र इन्साफका घटनाहरुको विश्वसनीयतामाथि प्रश्न गर्न सुरु गरेका थिए ।

- **"एकदिन हजार वर्षझैं"** योचाहिँ भजन ९०:४ को एउटा संकेत हो । यसले एकजना अनन्त परमेश्वरसँग समय कुनै कारक होइन भन्ने सत्यतालाई दाबी गर्दछ । केवल उहाँका सृष्टिहरुले मात्र विगत, वर्तमान र भविष्यलाई जान्दछन् । हामी त समयको बन्धनमा छौं, समयप्रति सचेत छौं । परमेश्वरले जे प्रतिज्ञा गर्नुभएको छ, त्यसलाई परमेश्वरले गर्नुहुन्छ (१ राजा ८:२४, २६, ५६) भन्ने सत्यतामा विश्वासीहरु रहिरहनु पर्दछ । हामी उहाँका चरित्र, उहाँका प्रतिज्ञा, उहाँका वचन अनि उहाँका पुत्रमा विश्वास गर्दछौं । समय त अप्रासंगिक छ यद्यपि परमेश्वरले आफ्ना उद्देश्यहरुलाई प्रकट गर्न समयको प्रयोग गर्नुहुन्छ ।

विश्वासीहरुको पहिलो पुस्ताले येशू चाँडै नै फर्कनुहुनेछ भनेर आशा गर्दथे (मर्कूस १३:३०)। यो चाहिँ धेरै वर्षसम्म तिनीहरुले येशूका वचनहरु र कामहरु (सुसमाचार) लाई नलेखेको एउटा कारण हो । तर लगातारको ढिलाइको कारण :

१. प्रत्यक्षदर्शीहरु मर्न सुरु गरे
२. झूटा शिक्षकहरु दल बन्न सुरु गरे
३. केही किन होला भनेर सोंच्न सुरु गरे

पावल (२ थेसलोनिकी २) अनि पत्रुस (२ पत्रुस ३) दुवैले दोस्रो आगमनमा ढिलाइको यस विषयलाई सम्बोधन गरेका छन् । येशूको शिक्षामा समेत चाँडै हुने आगमन (मत्ती १०:२३; २४:२७; ३४, ४४; मर्कूस ९:१; १३:३०) को माझमा त्यहाँ एउटा तनाव रहेको छ, अनि केही घटनाहरु यस अघि घट्नै पर्दछ"

१. विश्वव्यापी सुसमाचार प्रचारको वापसी; मत्ती २४:१५; मर्कूस १३:१०
२. "पापका मानिस" को प्रकटीकरण, मत्ती २४:१५; २ थेसलोनिकी २; प्रकाश १३
३. ठूलो सतावट, मत्ती २४:२१, २४; प्रकाश १३

पत्रुसले ढिलाइलाई हराएकाहरुका लागि परमेश्वरको सहानुभूतिसँग अनौठो रुपले जोडेका छन् ! खीष्टको आगमनमा परमेश्वरले ढिलो गर्नुहुँदैछ ताकि अझ धेरैले पश्चाताप गरुन् अनि खीष्टमार्फत् उहाँतिर फर्कून् । विश्वासीहरुका ईश्वरीय जीवनले अविश्वासीहरुलाई परमेश्वरतर्फ देखाउनुपर्दछ ।

**३:९ "प्रभु ढिलो गर्नुहुन्न"** "प्रभु" को यस प्रयोगले YHWH लाई उल्लेख गरेको हुनैपर्दछ । सृष्टिप्रतिको परमेश्वरको प्रकट भएको योजना (हबकूक २:३) अनि छुटकाराचाहिँ मानिसजातिहरुमा साह्रै ढिलो भएको जस्तो देखिन्छ । समयका तत्त्वले समयभित्रै विश्वासलाई प्रयोग गर्न हामीलाई अनुमति दिन्छ । हाम्रो जीवनको यस अवधिचाहिँ विश्वासद्वारा विश्वासीहरु जिएको एउटैमात्र समय हो, जसले परमेश्वरलाई प्रसन्न तुल्याउँछ । हाम्रा धैर्य अनि ईश्वररुपी जीवनचाहिँ उहाँप्रतिको हाम्रो विश्वासको प्रतिबद्धताको अभिव्यक्ति अनि प्रमाण हुन् ।

- **"तर ……… तिमीहरुप्रति धैर्यैवान् हुनुहुन्छ"** परमेश्वरको एउटा चरित्रचाहिँ पापीहरु र धर्मीहरु दुवैप्रतिको उहाँको लामो कष्टप्रद धैर्यता हो । तरैपनि, उहाँको धैर्यतालाई दुवै झूण्डद्वारा फाइदा लिइएको छ । उहाँको धैर्यतामा पतनमा गुमेको स्वरुपलाई पुनर्स्थापन गर्ने एउटा उद्देश्य छ ।

- **"कोही पनि नष्ट नहोस् भन्ने इच्छा गरेर"** यो एउटा वर्तमान मध्यम कृदन्त हो । परमेश्वरले सबै मानिसजाति बाँचून् भन्ने चाहनुहुन्छ (इजकिएल १८:२३, ३२; ३३:११; यूहन्ना ३:१६); ४:४२; प्रेरित १७:३०; रोमी ११:३२; १ तिमोथी २:४, ६; ४:१०; तीतस २:११; हिब्रू २:९; १ यूहन्ना २:२)। किनभने सबै मानिसजातिलाई व्यक्तिगत संगतिको लागि उहाँको स्वरुपमा सृष्टि गरिएको हुनाले, उहाँले आफ्नो पुत्रलाई मर्न पठाउनुभयो, ताकि सबैले उहाँलाई प्रतिउत्तर दिन सकून् ( रोमी ५:१२–२१)। योचाहिँ ईश्वरशास्त्रीय प्रणालीहरुका लागि एउटा महत्त्वपूर्ण सन्तुलन हो जसले उद्धारमा परमेश्वरको स्थानलाई प्राथमिकता दिन्छ, तर मानिसजातिको आवश्यक परम्परागत प्रतिउत्तरलाई कम गराउँदछ । यस शीर्षकको सम्बन्धमा मैले १ तिमोथी २:४ (Vol. ९, पृष्ठ २५) बाटको मेरो टिप्पणीलाई समावेश गरेको छु ।

**१ तिमोथी २:४ माथिको मेरो टिप्पणीबाटको विवरणहरु**
**२:४ "सबै मानिसहरुले मुक्ति पाऊन् भन्ने उहाँ इच्छा गर्नुहुन्छ"** विश्वासीहरुले सबै मानिसहरुका लागि प्रार्थना गर्नुपर्दछ किनभने पमरेश्वरले सबै मानिसजाति बाँचेको चाहनुहुन्छ । योचाहिँ झूटा शिक्षकहरुको एकान्तिकताप्रति एउटा आश्चर्यपूर्ण बयान हो, चाहे नोष्टिक होस् अथवा यहूदी होस्, सम्भवत गोठालोरुपी पत्रहरुमा रहेको थियो । योचाहिँ सबै मानिसजातिप्रतिको परमेश्वरको प्रेमको विषयका एउटा ठूलो सत्यता हो (इजकिएल १८:२३, ३२; ३३:११; यूहन्ना ३:१६; प्रेरित १७:३०; रोमी ११:२२; १ तिमोथी २:४, ६; ४:१०; तीतस २:११; हिब्रू २:९; २ पत्रुस ३:९; १ यूहन्ना २:२)। यस पदले सिद्धान्तवादी, सुपर ल्यापसरियन, दुई धारे भाग्यको असन्तुलनता देखाउँदछ, जसले कुनैपनि आवश्यक मानव प्रतिउत्तरको वर्जनप्रति परमेश्वरको सार्वभौमतालाई जोड दिन्छ । उल्लेख गरिएको "पाँच बूँदे" क्याल्भिनिज्म, विशेष गरेर "रोक्न नसकिने अनुग्रह" र "सीमित प्रायश्चित" ले बाइबलीय सत्यताको करारीय पक्षलाई भंग गर्दछ । मानिसको स्वतन्त्र इच्छाको एउटा कठपुतलीप्रति परमेश्वरलाई कम गर्नु अनुचित कुरो हो, साथै स्वर्गीय इच्छाको एउटा कठपुतलीप्रति मानिस जातिलाई घटाउनु पनि अनुचित नै हो । परमेश्वरले उहाँको सार्वभौमतामा करारको माध्यमद्वारा पतित मानिस जातिसँग काम गर्न

परमेश्वरले चुन्नुभएको छ । उहाँले करारलाई सदैव सुरु गर्नुहुन्छ अनि रुप दिनुहुन्छ (यूहन्ना ६:४, ६५), तर उहाँले आदेश दिनुभएको छ मानिसजातिले पश्चाताप र विश्वासमा (मर्कूस १:१५; प्रेरित ३:१६, १९:२०:२०), साथसाथै आज्ञाकारिता र दृढतामा प्रतिउत्तर दिनैपर्दछ अनि दिइ नै रहनुपर्दछ ।

परमेश्वरको सार्वभौमता (भाग्य) अनि मानिसको स्वतन्त्र इच्छाको ईश्वरशास्त्रीय छलफलले एउटा पाठलाई प्रमाणित गर्ने तर्कमा ह्रास ल्याउँदछ । बाइबलले YHWH को सार्वभौमतालाई स्पष्टरुपले प्रकट गर्दछ । तरैपनि, यसले यो पनि प्रकट गर्दछ कि उहाँ सर्वोच्च सृष्टि, उहाँको स्वरुपमा सृष्टि गर्ने मानिसजातिलाई नैतिक निर्णय बनाउने गजबको व्यक्तिगत गुण दिइएको छ । मानिसजातिले जीवनको हरेक क्षेत्रमा परमेश्वरसँग सहकार्य गर्नैपर्दछ ।

"धेरै" शब्दलाई परमेश्वरले केहीलाई चुन्नुभएको छ (चुनिएकाहरुलाई) तर सबैलाई बिल्कुलै होइन भनेर पुष्टि गर्नलाई प्रयोग गरिएको छ । निम्नलिखित पाठहरुको सावधानीपूर्वकको पाठनले यिनीहरुलाई एउटा सामनान्तर अर्थमा प्रयोग गरिएका छन् भनेर देखाउँदछ !

| यशैया ५३ | रोमी ५ |
| --- | --- |
| १. "सबै" (६ पद) | १. "सबै" (१८ पद) |
| २. "धेरै" (११–१२ पद) | २. "धेरै" (१९ पद) |

**विशेष शीर्षक : बब्को सुसमाचारप्रचारसम्बन्धीका पूर्वाग्रहहरु**

यस बूँदाप्रति म पूर्वाग्राही छ भनेर तपाइँ पाठकहरुमा मैले मानिलिनै पर्दछ । मेरो प्रणालीबद्ध सिद्धान्तचाहिँ क्याल्भिनिज्म अथवा रिहाइवाद होइन, तर यो त सुसमाचार प्रचार गर्नु भन्ने महान् आज्ञा हो (मत्ती २८:१८–२०; लूका २४:४६–४७; प्रेरित १:८)। सबै मानिस जातिको छुटकाराको लागि पमरेश्वरसँग एउटा अनन्तको योजना थियो (उदाहरणको लागि, उत्पत्ति ३:१५; १२:३; प्रस्थान १९:५–६; यर्मिया ३१:३१–३४; इजकिएल १८;३६:२२–३९; प्रेरित २:२३; ३:१८; ४:२८; १३:२९; रोमी ३:९–१८, १९–२०, २१–३१), उहाँको स्वरुप र प्रतिरुपमा सृजिएका सबैका लागि (उत्पत्ति १:२६–२७)। करारहरुचाहिँ खीष्टमा संयुक्त रहेका छन् (गलाती ३:२८–२९; कलस्सी ३:११)। येशूचाहिँ लुकाइएको तर अहिले प्रकट गरिएको, परमेश्वरको रहस्य हो (एफिसी २:११–३:१३)। इस्राएल होइन तर नयाँ करारका सुसमाचारचाहिँ धर्मशास्त्रको कुञ्जी हो ।

यस पूर्व–बुझाइले धर्मशास्त्रको मेरो सबै व्याख्याहरुमा रंग भरेको छ । यसमार्फत् मैले सबै पाठहरुलई पढें । यो निश्चय नै एउटा पूर्वाग्रह हो (सबै व्याख्याकारहरुसँग यस्ता कुराहरु छन्), तर यो आत्मिकीरुपमै जानकारी गराइएको पूर्वानुमान हो ।

- **"सबै जनाले पश्चाताप गरुन्"** "केही" (अर्थात् चुनिएका) लाई मात्र होइन तर "सबै" लाई जोड दिएको ध्यान दिनुहोस् । हरेक व्यक्ति खीष्टमा क्षमतावान् रुपमा चुनिएका छन् । मर्कूस १:४ मा पश्चातापमाथिको विशेष शीर्षकलाई हेर्नुहोस् ।

**३:१० "प्रभुको दिन त चोरजस्तै गरी भ्कट्टै आउनेछ"** "प्रभुको दिन" भन्ने यस वाक्यांशचाहिँ समयको अन्तको लागि एउटा पूरानो करारको वाक्यांश हो । चोरहरुलाई प्रायःजसो परमेश्वरबाट (अर्थात्, इन्साफको दिन/दोस्रो आगमन/पुनरुत्थानका दिन) को लागि एउटा अप्रत्याशित बिपत्ति (मत्ती २४:४३–४४; लूका १२:३९; १ थेसलोनिकी ५:२; प्रकाश ३:३; १६:१५) को लागि एउटा अलंकारको रुपमा प्रयोग गरिन्छ ।

- **"आकाशचाहिँ .... बितिजानेछ"** योचाहिँ भौतिक सृष्टिको क्षणिकता अनि सीमितता (प्रकाश २१:१) लाई वर्णन गर्नको लागि बारम्बार आउने मुख्य विषय (अर्थात्, भौतिक सृष्टि रोकिनेछ, तर परमेश्वरको वचन होइन, मर्कूस १३:३१; मत्ती ५:१८; २४:३५) हो ।

- | | |
  |---|---|
  | **NASB, NJB** | **"गर्जनसाथ"** |
  | **NKJV** | **"ठूलो आवाजसाथ"** |
  | **NRSV** | **"ठूलो आवाजसाथ"** |
  | **TEV** | **"तीक्ष्ण आवाजसाथ"** |

यस शब्दमा हावाबाट भएर केही कुरा द्रूतगतिमा गएको कुराको संकेतार्थ रहेको छ । नयाँ युगको समापन र शुद्धिकरणचाहिँ एउटा आवाज र पेन्तिकोसमा (प्रेरित २:२–३) नयाँ युगको प्रारम्भजस्तै आगोको ज्वालाहरुसँगै आउनेछ ।

- **"तत्त्वहरु"** प्रायजसो शब्दहरु आलंकारिक विस्तारतर्फ एउटा शाब्दिक अनि भौतिक अर्थबाट विकास भएको छ । यस शब्द (*stoicheia*) ले मूलरुपमा लहर अथवा श्रृङ्खलामा भएका केही कुराहरुलाई उल्लेख गर्दछ । योचाहिँ थुप्रै संकेतार्थहरुमा विकास भएको छ :

१. संसारको आधारभूत भौतिक भवनहरु (हावा, माटो र आगो, २ पत्रुस ३:१०, १२)।

२. कुनै विषयको आधारभूत शिक्षाहरु (यहूदीवादका लागि हिब्रू ५:१२; ६:१)।

३. स्वर्गीय जीवनहरु पछिको स्वर्गदूतरुपी शक्तिहरु (१ हनोक ५२:८–९; सुरुवाती मण्डलीका पिताहरु; कलस्सी २:८, २०; १ कोरिन्थी १५:२४) अथवा नोष्टिक भ्कूटा शिक्षकहरु (कलस्सी २:१०, १५; एफिसी ३:१०) को स्वर्गदूतहरुको स्तर (*aeons*)।

४.मानिजातिहरुप्रति स्वर्गदूतहरुको विद्रोह जसले मोशाको व्यवस्थाहरु बाँड्न रोक्ने कोशिस गरे (प्रेरित ७:३८; हिब्रू २:२)।

५.सम्भवत् हाम्रो पतित संसारको अवैयक्तिक ढाँचाहरु जसले पतित मानिसजातिलाई परमेश्वरबाट अलग देखिन लगाउँदछ (शिक्षा, सरकार, औषधी, धर्म इत्यादि, गलाती ४:३; ८–९ अनि Hendrik Berkhof को Herald Press बाट प्रकाशित *Christ and the power*, पृष्ठ ३२)।

- **"आगोको रापले"** परमेश्वरलाई अज्ञात प्रतिनिधिको रुपमा संकेत गर्ने योचाहिँ एउटा वर्तमान कर्मवाच्य कृदन्त हो । योचाहिँ उच्च ज्वरोलाई बताउने एउटा चिकित्सा सम्बन्धीको शब्द थियो ।

- **NASB** **"पृथ्वी र त्यसका कामहरुलाई भष्म गरिनेछन्"**
  **NKJV** **"पृथ्वी र त्यसमा भएका सबै कामहरुलाई भष्ट गरिनेछन्"**
  **NRSV** **"पृथ्वी र त्यसमा गरिएका सबै कामहरुलाई प्रकट गरिनेछन्"**
  **TEV** **"पृथ्वी र त्यसमा भएका सबै थोक हराएर जानेछ"**
  **NJB** **"पृथ्वी र त्यसमा भएका सबै थोकलाई भष्म पारिनेछन्"**

यस वाक्यांशमा त्यहाँ थुप्रै ग्रीक पाण्डुलिपी विभिन्नताहरु छन्

१."पत्ता लगाइनेछन्" (MSS, ℵ, B, K, P)
२."नष्ट भेट्टाइनेछन्" (MS $P^{72}$)
३."भष्म पारिनेछ" (MS A)
४."लुकाइनेछन्" (MS C)

यस वाक्यांशको अनुवादमा, त्यहाँ अवश्य पनि कुनै मूल ग्रीक पाठ छैन, अथवा सम्भावना समेत छैन ।

NASB (UPDATED) TEXT: 3:11-13

११यी सबै कुराहरु यसरी पग्लन्छन् कि भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्दछ ? १२तिमीहरु परमेश्वरका दिन प्रतिक्षा गर्दछौं, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौं, जुन दिन आकाशहरु जलेर भष्म हुनेछन्. र तत्त्वहरु आगोको रापले पग्लनेछन् । १३तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्दछ ।

**३:११ "तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्दछ"** झूटा शिक्षकहरुले नैतिकता र ईश्वररुपी जीवनशैलीलाई कम महत्त्व दिए, यसैले पत्रुसले लगातार यस्ता कुराहरुलाई थामिराखेका छन् ।

**"पवित्रता र भक्तिको जीवनमा"** "भक्ति" शब्दचाहिँ २ पत्रुसमा भएको एउटा महत्त्वपूर्ण अवधारणा हो, जस्तो यो गोठालोरुपी पत्रहरुमा छ । मैले १ तिमोथी ४:७ (Vol. ९, पृष्ठ ५३) बाटको मेरो टिप्पणीलाई प्रस्तुत गर्दैछु । २ पत्रुसले १:३, ६, ७ मा नामलाई अनि २:९ मा क्रिया विशेषणलाई प्रयोग गर्दैछ ।

**१ तिमोथी माथिको मेरो टिप्पणीबाटको विवरणहरु**

"भक्ति" योचाहिँ गोठालोरुपी पत्रहरुमा भएको एउटा ठूलो महत्त्वको शब्द हो । यसले सुसमाचारको (३:१६) सैद्धान्तिक अनि दैनिक जीवनशैलीका संकेतहरुलाई संकेत गर्दछ । यसले कहिलेकाहीँ हुने कुरालाई होइन तर आशा गरिएको कुराको वर्णन गर्दछ । योचाहिँ "असल" (*eu*) अनि "आराधना" (*sebomai*) बाटको एउटा संयुक्त शब्द हो । उचित सोंचाइको माध्यमबाट साँचो आराधनाचाहिँ दैनिक जीवन हो (४:१६अ)। गोठालोरुपी पत्रहरुमा यस शब्दलाई कैयौं पटक प्रयोग गरिएको कुरालाई ध्यान दिनुहोस् :

१. नाम (*eusebeia*) १ तिमोथी २:२; ३:१६; ४:७, ८; ६:३, ५, ६, ११; १ तिमोथी ३:५; तीतस १:१;

२. क्रियाविशेषण (*eusebēs*), २ तिमोथी ३:१२; तीतस २:१२

३. क्रिया (*eusebeō*), १ तिमोथी ५:४

४. सम्बन्धित शब्द *theosebeia*, १ तिमोथी २:१०

५. खण्डन गरिएको शब्द (ALPHA PRIVATE, अर्थात्, *asebeia*), २ तिमोथी २:१६; तीतस २:१२ ।

**३:१२**

**NASB, NKJV** **"परमेश्वरको दिन प्रतिज्ञा गर्दछौं अनि हतार गर्दछौ"**

**NRSV** **"परमेश्वरको दिन हतारसाथ पर्खन्छौ"**

**TEV** **"जसै तिमीहरु परमेश्वरको दिन पर्खन्छौ अनि यसलाई छिटै गराउने यथासम्भव कोशिस गर्छौं ।**

**NJB** **"परमेश्वरको दिन आउनलाई पर्खन्छौ अनि यसको आगमनमा हतार गर्ने कोशिस गर्छौं"**

यिनीहरुचाहिँ दुवै वर्तमान कर्तृवाच्य कृदन्त हो, जसले दोस्रो आगमनसँग सम्बन्धित दुईओटा पक्षहरुलाई वर्णन गर्दछ, जसलाई यहाँ अनौठो प्रकारले "परमेश्वरको दिन" भनिएको छ । पहिलो शब्दको आधारभूत अर्थ हुन्छ "आशापूर्वक हेर्नू" (प्रेरित ३:५; १०:२४) अथवा "आशंका सहित पर्खनु" (लूका २१:२६; प्रेरित २७:३३; २८:६)। २ पत्रुस ३:१२, १३ अनि १४ मा यसलाई तीनपटक प्रयोग गरिएको छ । विश्वासीहरुले आशापूर्वक पर्खन्छन् तर अविश्वासीहरु आफ्नो गल्तीको सजाय पाउने यस दिनसँग डराउँछन् ।

दोस्रो शब्दको व्याकरणीय ढाँचासँग सम्बन्धित दुईओटा अर्थ रहेको छ जसमा यसलाई पाइन्छ :

१. यो एउटा सकर्मक क्रिया हो (अर्थात् कामलाई प्रत्यक्ष वस्तुमा पठाउँदछ), जसको अर्थ हुन्छ, "आग्रह गर्नु", "इच्छुक हुनु" (NRSV, ASV, NEB, NJV, Peshitta र New Century Version को खुट्टे टिप्पणी, सुरुवाती मण्डलीका *maranatha* सँग मिल्दोजुल्दो शब्द)।

२. यदि यो व्याकरणीय निर्माणमा अकर्मक क्रिया हो भने (अर्थात्, यसले कुनै काममा भएको अवस्थालाई वर्णन गर्दछ अथवा यसको प्रतिनिधिमाथि केन्द्रित गर्दछ)। यसको अर्थ हुन्छ "हतार गर्नु" (लूका १९:५; प्रेरित २२:१८)। विश्वासीहरुका कामहरुले प्रभुको आगमनलाई हतार गर्न सक्ने ईश्वरशास्त्रचाहिँ मत्ती ६:१० (प्रार्थना) अनि प्रेरित ३:१९–२० (जागृति); रोमी ९:११ (अन्य जातिहरु र यहूदीहरुको सम्पूर्ण सदस्यहरु बचाइएका छन्) मा पाइन्छ । यस सन्दर्भमा विश्वासीहरुका भक्तिपूर्ण जीवनलाई एउटा आउन लागेको इन्साफको आशाद्वारा उत्साहित गरिएको छ ।

हाम्रो आधुनिक विचारको कारण यो एउटा कठिन अभिव्यक्ति भएको छ जसले विरोधाभासलाई कम गर्दछ । परमेश्वर सार्वभौम हुनुहुन्छ अनि खीष्टको आगमनको लागि मिति तयार गर्नुभएको छ, तर विश्वासीहरुका कामहरुले (अर्थात् प्रार्थना, गवाही, भक्ति), सायद मितिलाई परिवर्तन गर्न सक्दछ (अर्थात्, ढिलो अथवा छिटो)। योचाहिँ बाइबलीय सत्यताको करारीय पक्ष हो जुनचाहिँ आधुनिक पश्चिमी मानिसहरुका लागि एकदमै अन्यौलपूर्ण रहेको छ । आफ्ना सन्तानहरुबाट परमेश्वरलाई असर परिरहेको

छ (नकारात्मक र सकारात्मक दुवै रुपमा)! तरैपनि, अन्तर्बिन्ती प्रार्थनाले किन काम गर्दछ भन्ने कुराको सत्यताचाहिँ यही नै हो ।

- **"जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरु आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भष्म हुनेछन्"** व्याख्यात्मक प्रश्नचाहिँ, "के यी चित्रणहरु शाब्दिक हुन् कि अथवा विध्वंसक हुन् ?" भन्ने हो । यस्ता पूरानो करारको जस्तो बयानहरु यशैया १०:१०–१३; ३४:४; ५१:६; योएल २:२८–३२; मीका १:४ सँग एकदमै मिल्दोजुल्दो छ । यस सन्दर्भलाई तापसँगको सम्बन्धमा समय र आसमानको यस भौतिक साम्राज्य अन्त्य हुने कुरासँग कैयौं पटक उल्लेख गरिएको छ । यस शुद्ध गराइले नयाँ आकाश र नयाँ पृथ्वीको लागि आत्मिक मञ्च तयार पार्दछ । तिनीहरुचाहिँ भौतिक (पुनर्स्थापित अदन) अथवा आत्मिक (१ कोरिन्थी १५:३५–५८) हुनेछन् ? एकमात्र अनि आत्मिक वास्तविकताहरुलाई सांसारिक मानिसको भाषामा वर्णन गर्न कठिन हुन्छ । वास्तविकतालाई शैलीबाट असर गरिँदैन ।

**३:१३ "तर उहाँको प्रतिज्ञाबमोजिम"** (यशैया ६५:१७–२५; ६६:२२–२४)

- **"नयाँ स्वर्ग र नयाँ पृथ्वी"** (यशैया ११:६–९; ६५:१७; ६६:२२; प्रकाश २१:१–२७)
- **"जसमा धार्मिकताले वास गर्छ"** परमेश्वरले उहाँको आफ्नै स्वभावमा कुनै दृश्यको चाहना गर्नुहुन्छ अनि मानिसलाई पूरा गर्नुहुन्छ (यशैया ६०:१२; मत्ती ५:४८)। यो नयाँ सृष्टि हो किनभने योचाहिँ पतित सृष्टिसँग वैमश्य देखाइएको छ (उत्पत्ति ३)

NASB (UPDATED) TEXT: 3:14-18

१४यसकारण प्रिय हो, तिमीहरु यी कुराहरुको प्रतिक्षा गर्नेहरु भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरु दाग वा खोट नभएकाहरु र शान्तिमा बस्नेहरु हुन प्रयत्न गर । १५हाम्रा प्रभुको धैर्यलाई मुक्तिभैं ठान । हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धि अनुसार तिमीहरुलाई यही कुरा लेखे । १६उनका सबै पत्रहरुमा पनि उनले यी कुराहरुको उल्लेख गरेका छन् । तिनमा कुनै–कुनै कुराहरु बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरुले यी कुराहरुलाई अरु धर्मशास्त्रहरुलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन् । १७यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होसियार रहो, दुष्ट मानिसहरुको मूल कुरामा अल्मलिएर आफ्नो स्थिरता नगुमाओ । १८तर हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाओ । उहाँलाई अहिले र सदासर्वदा महिमा होस् । आमेन् ।

**३:१४ "शान्तिमा बस्नेहरु हुन प्रयत्न गर"** यो एउटा एवरिष्ट कर्तृवाच्य कृदन्त हो, जसले आतुरतालाई जोड दिन्छ । विश्वासीहरुसँग भक्तिको जीवन जिउनलाई एउटा उत्तरदायित्व हुन्छ । परमेश्वरको प्रेमप्रति त्यहाँ एउटा उचित परम्परागत प्रतिउत्तर हुनैपर्दछ ।

दोस्रो क्रियाको रुपचाहिँ एउटा एवरिष्ट कर्मवाच्य असीमित क्रिया हो । यसले प्रत्यक्षरुपमा १२ पदको "परमेश्वरको दिन" लाई उल्लेख गर्दछ । येशूले विश्वासीहरुका चित्रणलाई तिनीहरुका मालिकको सम्पत्तिको हेरचाह गर्ने परिचारकहरुको रुपमा प्रायःजसो प्रयोग गर्नुहुन्छ । उहाँको आगमनको लागि अनि तिनीहरुका परिचारकपनको एउटा लेखा दिने समयको लागि कुनै पनि समयमा तयार रहनै पर्दछ (मर्कूस १३:३३–३७; लूका १८:८)।

शान्तिचाहिँ (१) यदि कुनै व्यक्तिले सुसमाचारको प्रस्तावलाई प्रतिउत्तर दिन्छ भने; (२) त्यस व्यक्तिले सुसमाचारको सन्देशलाई बुझ्दछ भने अनि (३) त्यस व्यक्ति दिनहुँ सुसमाचारमा जिउँदैछ भने मात्र सम्भव हुन्छ । झूटा शिक्षकहरु र तिनीहरुका अनुयायीहरु तीनैओटा कुरामा चुक्दछन् अनि तिनीहरुसँग कुनै शान्ति हुँदैन !

- **"दाग वा खोट नभएकाहरु"** यस वाक्यांशलाई १ पत्रुस १:१९ मा ख्रीष्टलाई उल्लेख गर्न प्रयोग गरिएको छ, ८:४६; १४:३०; लूका २३:४१; २ कोरिन्थी ५:२१; हिब्रू ४:१५; ७:२६–२७; १ पत्रुस २:२२; ३:१८ १ यूहन्ना २:२; ४:१४)। योचाहिँ बलिको पशुहरुको शुद्धतालाई वर्णन गर्ने एउटा पूरानो करारको अलंकार हो (लेवी २२:१९–२०)। हामी (१) ख्रीष्टको उदाहरण (२) ख्रीष्टको आज्ञा, अनि (३) ख्रीष्टको आगमनको ज्योतिमा जिउनुपर्दछ ।

**३:१५**

**NASB, NRSV** **"हाम्रा प्रभुका धैर्यलाई मुक्तिझैं ठान"**
**NKJV** **"हाम्रा प्रभुको लामो कष्टको लेखाचाहिँ उद्धार हो"**
**TEV** **"हाम्रा प्रभुको धैर्यलाई उहाँले तिमीहरुलाई बचाइनको लागि दिनुभएको एउटा अवसरको रुपमा हेर"**
**NJB** **"हाम्रा प्रभुको धैर्यलाई बचाइनको लागि तिमीहरुको अवसरको रुपमा सोच"**

यसले (१) अघिबाटै बचाइएका ख्रीष्टियनहरुलाई अथवा (२) ईश्वरहीन अनि विद्रोही झूटा शिक्षकहरु अनि तिनीहरुका चेलाहरुलाई उल्लेख गर्दछ कि कसलाई उल्लेख गर्दछ त ? यसलेचाहिँ स्प्ष्टरुपले ९ पदमा भएको परमेश्वरको धैर्यलाई हेर्दैछ । केहीले परमेश्वरको कृपालाई पाप गर्नको लागि अनि स्व–केन्द्रित जीवन जिउनको लागि फाइदा उठाउँछन् । अरुहरुले परमेश्वरको क्षमालाई अँगाल्दछन् अनि उहाँको चरित्रलाई अझ राम्रो बनाउँदछन् ।

- **"हाम्रा प्रिय भाइ पावलले पनि"** पावल र पत्रुसको माझमा त्यहाँ कुनै मतभेद थिएन भनेर यस वाक्यांशले स्पष्टरुपमा देखाउँदछ । तिनीहरु हरेकले एकअर्काको बोलावट र वरदानहरुलाई बुझेका थिए (गलाती २:७–१०)। गलाती २:११–२१ मा अभिलेख गरिएको घटनाले एउटा स्थायी फाटो ल्याएन ।
- **"तिमीहरुलाई"** यही प्रापकहरु (एसिया माइनर) १ पत्रुस अनि पावलले गलातीमा एसिया माइनरमा भएका उत्तरी मण्डलीहरुका झूण्डप्रति लेखेका जस्तै नै हुन् भने, त्यही नै क्षेत्रको लागि गलातीको पुस्तकचाहिँ पहिले नै लेखिएको थियो जसको लागि २ पत्रुस लेखिएको छ, अनि सबैभन्दा उत्तम विकल्पचाहिँ गलाती हो । तर वास्तविकताचाहिँ हामी जान्दैनौं ।

दोस्रो विकल्पचाहिँ त्यो हो कि यस अध्यायको साधारण् शीर्षक दोस्रो आगमन भएको हुनाले तब त उल्लेख गरिएकोचाहिँ सम्भवत् थेसलोनिकीहरुलाई लेखिएको पावलको सुरुवाती पत्र थियो । तेस्रो विकल्पचाहिँ त्यो हो कि रोमीका केही भागहरुले मूलरुपमा एउटा घुमिहिड्ने पत्रको रुपमा काम गर्दछ । मेरो लागिचाहिँ गलाती अथवा रोमी, जुनचाहिँ पावलको बढी उद्धारप्रति झूकाव रहेको ईश्वरशास्त्रीय पुस्तकहरु हुन्, त्यही नै हुन सक्दछ ।

**३:१६ "उनका सबै पत्रहरुमा पनि"** प्रेरित पत्रुसद्वारा लेखिएको २ पत्रुस पावलको पत्रको यस टिप्पणीसँग सम्बन्धित छ । यो कुरा साँचो हो कि पावलका सबै पत्रहरु एकैसाथ जम्मा गरेर "प्रेरित" शीर्षकमा फैलिएको छ, तर योचाहिँ नेरोको अधिनमा पत्रुसको मृत्यु (सन् ६४–६८) को धेरैपछि भयो । तरैपनि, पत्रुसले पावलको कतिओटा पत्रहरुको विषयमा बोल्दैछ भनेर यस पाठले पुष्टि गर्दैन, नता यस टिप्पणीले सम्पूर्ण कणहरुको फैलावटलाई संकेत गर्दछ ।

- **"…. यी कुराहरुको उल्लेख गरेका छन् । तिनमा कुनै कुनै कुराहरु बुझ्न कठिन छन्"** कस्ता कुराहरु ? (१) प्रकाश (३:२); (२) अन्तिम दिन (३:४अ); सृष्टि (३:४आ–५); (४) नोआको जलप्रलय (३:६); (५) इन्साफको दिन (३:७, १०); (६) परमेश्वरको समय (३:९); (७) दोस्रो आगमन (३:१२); (८) धार्मिकताको नयाँ युग (३:१२–१३); (९) व्यक्तिगत उद्धार (३:१४अ, १५अ); (१०) भक्तिपूर्ण जीवन (३:११, १४आ); अथवा (११) एक अथवा दुई अध्यायमा भएका केही कुरा ?

यो जेजस्तै थियो भनेतापनि झूटा शिक्षकहरुले यसलाई गलत बुझे अनि तिनीहरुका आफ्नै विनाशको लागि यसलाई बंग्याए । यस अर्थमा योचाहिँ सम्भवत् मानिसको धार्मिकताका कामहरु ( अर्थात् विश्वासबाटको पुष्टिकरण) बाहेक परमेश्वरबाटको एउटा सित्तैको वरदानको रुपमाथि पावलले दिएको जोड हो । यो कुरो सम्भव छ कि याकूबले पावलको प्रचारको अर्को गलत बुझाइलाई सच्याएको छ (याकूब २:१४–२६)।

- **"अशिक्षित र चञ्चल मानिसहरुले यी कुराहरुलाई अरु धर्मशास्त्रहरुलाई जस्तै उल्टापाल्टा पार्छन्"** येशूसँग धेरै वर्षसम्म व्यक्तिगत रुपमै सँगै हिँड्ने चेलाहरुले उहाँलाई सदैव बुझेनन् ( मर्कूस ९:३२; लूका २:५०; ९:४५; १८:३४; यूहन्ना २:२२; १०:६; १२:१६; १६:१८) भन्ने कुरा जान्नुचाहिँ मेरो लागि सहयोगी भएको छ । नता अरु प्रेरितहरुका लेखहरुलाई सबै प्रेरितहरुले बुझें । हामीलाई त एउटा विश्वासीलो गवाही र भक्तिपूर्ण करारीय दाज्यू–भाइ बन्नको लागि बोलाइएको हो ! हामी कसैले पनि सबै कुराहरुलाई बुझ्दैनौं ।

नयाँ करारमा धर्मशास्त्रहरुले जहिले पनि पूरानो करारलाई उल्लेख गर्दछ । पहिलो शताब्दीको अन्तसम्म नयाँ करारलाई पूरा गरिएको अनि संकलन गरिएको थिएन । धर्मशास्त्रको प्रेरणा अनि विश्वासनीयतामाथिको प्राय:जसो परिचित पाठहरुले पूरानो करारलाई उल्लेख गर्दछ -मत्ती ५:१७-१९; १ कोरिन्थी २:९१३; १ थेसलोनिकी २:१३; २ तिमोथी ३:१६; १ पत्रुस १:२३२५; २ पत्रुस १:२०-२१)।

योचाहिँ नयाँ करारको लेखहरुलाई पूरानो करारको धर्मशास्त्रहरुसँग बराबरी गरिएको एकदमै कम स्थानमध्येका एउटा हो । यस परिच्छेदद्वारा पत्रुसले पावलको प्रेरणा अनि तिनको लेखको अधिकारलाई पुष्टि गर्दछ ।

- **"आफ्नै विनाश ……"** बाइबलचाहिँ एउटा हराएको अनि आवश्यक संसारप्रतिको परमेश्वरको स्वप्रकटीकरण हो । पापी मानिसहरु (अर्थात् झूटा शिक्षकहरु) ले यसलाई तिनीहरुका आफ्नै खतरातिर यसलाई बंग्याएका छन् । इन्साफ आइरहेको छ ; येशूचाहिँ एकमात्र आशा हुनुहुन्छ; एकदिन सबैजना परमेश्वरको अगाडि उभिनेछन् !

**३:१७ "अघिबाटै यी कुरा जानेर"** झूटा शिक्षकहरु सदैव रहिरहेका छन् ! झूटा शिक्षकहरुले धर्मशास्त्र ( अथवा, पूरानो करार) अनि प्रेरितहरुका लेखहरु (३:२) को विषयमा पाठकहरु साह्रै चिन्तित थिए । कुनै झूटा शिक्षकहरुलाई खुट्याउनको लागि त्यहाँ थुप्रै बाइबलीय तरिकाहरु छन् ।

१. चिह्न र चमत्कारहरु, तर अर्कै देवताको नाउँमा (व्यवस्था १३:१–५)।
२. भविष्यको सठीक अगमवाणी, तर अर्कै देउताको नाउँमा (व्यवस्था १८:१८–२२)।
३. जीवनशैली (मत्ती ७; याकूब, १ यूहन्ना र २ पत्रुस)।
४. आश्चर्यकर्महरुचाहिँ परमेश्वरको आफै हुने एउटा चिह्न होइन (१ यूहन्ना ४:१–६)।
५. सन्देशचाहिँ खीष्टमाथि केन्द्रित हुनैपर्दछ (१ यूहन्ना ४:१–६)।
६. परमेश्वरको प्रकाशको गलत व्याख्या गराई (२ पत्रुस ३:२)।

- **"होसियार रहो"** यो एउटा वर्तमान मध्यम आज्ञार्थक हो । योचाहिँ १ पत्रुस १:४ झैं एउटा सैन्य शब्द हो । विश्वासीहरुमा परमेश्वर/खीष्टको विषयमा अरुहरुले के भन्दछन् भनेर निरन्तर जाँच गर्न अनि मूल्याङ्कन गर्न एउटा व्यक्तिगत उत्तरदायित्व हुन्छ । संगतिभित्र र बाहिर दुवैमा त्यहाँ धोका दिनेहरु हुन्छन्, (एफिसी ४:१४; ६:११–१२)। आत्मिकरुपमा सोझो नहुनुहोस् ।
- **"अल्मलिएर आफ्नो स्थिरता नगुमाओ"** यो एउटा एवरिष्ट कर्मवाच्य कृदन्त हो । योचाहिँ विश्वासको लागि पूरानो करार शब्दको उल्टो हो जसको अर्थ दह्रिलो पाउहरु भएको (अर्थात्, दृढता अथवा स्थिरता) हुन्थ्यो । गलाती २:१३ मा पत्रुसको आफ्नै कामहरुको वर्णन गर्नलाई यसै शब्दलाई प्रयोग गरिएको छ ।

**३:१८ "तर हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाओ"** यो एउटा वर्तमान कर्तृवाच्य आज्ञार्थक हो । योचाहिँ पुस्तकको एउटा मुख्य विषय भएको छ । विश्वासीहरुले सुसमाचारको ज्ञान अनि सुसमाचारमा जिउने कुरामा गलतको विरुद्धमा होसियार हुनुपर्दछ । योचाहिँ यहूदा २० सँग समानान्तर रहेको छ ।

- **"उहाँलाई ....... महिमा होस्"** यस वाक्यांशलाई परमेश्वर पिताको सर्वश्रेष्ठताको रुपमा प्रयोग गरिएको छ (१ पत्रुस ४:११ र यहूदा २४–२५ पदको टिप्पणीलाई हेर्नुहोस्), तर कहिलेकाहीँ भने खीष्टको लागि पनि (२ तिमोथी ४:१८; २ पत्रुस ३:१८; प्रकाश १:६)।

पूरानो करारमा "महिमा" को लागि एकदमै साधारण हिब्रू शब्द (*kbd*) चाहिँ मूलरुपमा एउटा व्यावसायिक शब्द थियो जसले तराजु लिएर "गह्रौं हुनु" भन्ने कुरालाई उल्लेख गर्दछ । जुनचाहिँ गह्रौं हुन्थ्यो त्योचाहिँ मूल्यवान् अथवा अन्तर्भुक्त मूल्यको हुन्थ्यो । उज्यालोको अवधारणालाई प्रायःजसो परमेश्वरको सर्वोच्चतालाई व्यक्त गर्न थपिएको थियो (प्रस्थान १९:१६–१८ ; २४:१७; यशैया ६०:१२)। उहाँमात्र योग्यको अनि आदरणीय हुनुहुन्छ । पतित मानिसजातिलाई हेर्नको लागि उहाँ साह्रै ज्ञानी हुनुहुन्छ (प्रस्थान ३३:१७–२३; यशैया ६–५)। केवल खीष्टमार्फत् मात्र परमेश्वरलाई साँच्चै जान्न सकिन्छ (यर्मिया १:१४; मत्ती १७:२; हिब्रू १:३; याकूब २:१)।

महिमा शब्दचाहिँ केही दुईओटा अर्थ दिने प्रकारको छ ।

१. यो "परमेश्वरको धार्मिकतासँग समानान्तर हुनसक्दछ ।

२. यसले परमेश्वरको पवित्रता अथवा सिद्धतालाई उल्लेख गरेको हुन सक्दछ ।

३. यसले मानिसजातिलाई सृष्टि गरिएको परमेश्वरको स्वरुपलाई उल्लेख गर्न सक्दथ्यो ( उत्पत्ति १:२६–२७; ५:१; ९:६), तर जसलाई पछि गएर विद्रोहमार्फत धमिल्याइएको थियो (उत्पत्ति ३:१–२२)

यसलाई पहिले प्रस्थान १६:७, १०; लेवी ९:२३: गन्ती १४:१० मा आफ्ना मानिसहरुसँग YHWH को उपस्थितिको लागि प्रयोग गरिएको थियो ।

| | |
|---|---|
| **NASB, NRSV** | **"अहिले र अनन्तताको दिनसम्म"** |
| **NKJV** | **"अहिले र सदासर्वदा"** |
| **TEV** | **"अहिले र सदा सर्वदा"** |
| **NJB** | **"अहिले र अनन्ततासम्म"** |

योचाहिँ शाब्दिकरुपमा "अहिले र युगको दिन दुवै" हो । योचाहिँ आदर्श समाप्तिको एउटा अनौठो रुप हो, यहूदा २५ पदसँग केही समानान्तर । यहूदीहरुले इतिहासलाई दुईओटा युगहरुको शब्दमा देखे, एउटा दुष्ट युग र अर्कोचाहिँ धार्मिकताको आउने युग । यस आउने युगचाहिँ अनन्त राज्यसँग पर्यायवाचीको रुपमा रहेको छ । मर्कूस १३:८ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

"आमेन" यो शब्द प्राचीन अनसियल ग्रीक पाण्डुलिपी B (Uncial Greek Manuscript B) अर्थात् "Vaticanus" मा छैन, तर $P^{72}$, ℵ, A अनि C मा देखिन्छ । मर्कूस ३:२८ मा विशेष शीर्षकलाई हेर्नुहोस् ।

**छलफलका प्रश्नहरु**

यो एउटा अध्ययनलाई मार्गदर्शन गर्ने टिप्पणी हो, जसको अर्थ हुन्छ बाइबलको तपाइँको आफ्नै व्याख्या गराईको लागि तपाइँ नै जिम्मेवार हुनुहुन्छ । हामी हरेकले हामीसँग भएको प्रकाशमा हिँडडुल गर्नुपर्दछ । तपाइँ, बाइबल अनि पवित्र आत्मा व्याख्या गराईको प्राथमिक कुराहरु हुन् । तपाइँले यसलाई कुनै टिप्पणीकर्ता माथि छोडिदिनु हुँदैन ।

यी छलफलका प्रश्नहरु पुस्तकको यस भागको मुख्य विषयहरुमा भएर तपाइँलाई सोंच्नको लागि सहायता गर्न प्रदान गरिएको छ ।

१. नोष्टिकहरुले दोस्रो आगमनलाई किन इन्कार गरे त ?
२. दोस्रो आगमनको सम्बन्धमा नयाँ करारको मुख्य सन्देश के हो त ?
३. पत्रुसले किन पावलका पत्रलाई उल्लेख गरेका छन् त ?

## परिशिष्ट एक

## ग्रीक व्याकरणका शब्दहरुको संक्षिप्त परिभाषाहरु

कोइनी ग्रीक (Koine Greek), जसलाई प्रायःजसो हेलेनिस्टिक ग्रीक (Hellenistic Greek) भनिन्थ्यो, अलेकजान्डर महान् (३३६–३२३ ई.पू.) को विजयसँगै सुरु भएर लगभग आठ सय वर्षसम्म (३०० ई.पू.–सन् ५००) सम्म रहेको मेडिटेरानियन संसारको साधारण भाषा थियो । यो एउटा सरल गरिएको, पारम्परिक ग्रीकमात्र थिएन, तर थुप्रै तरिकामा ग्रीकको नयाँ रुप थियो जुनचाहिँ प्राचीन निकटपूर्वी अनि मेडिटेरिनियन संसारको दोस्रो भाषा बनेको थियो ।

नयाँ करारको ग्रीकचाहिँ केही प्रकारले अनौठो थियो किनभने यसका प्रयोगकर्ताहरु, लूका र हिब्रूका लेखकबाहेक अरुहरुले तिनीहरुका प्रारम्भिक भाषाको रुपमा आरमिकलाई प्रयोग गरेका थिए । त्यसैकारण, तिनीहरुका लेखहरु आरमिकको उखानहरु र बनावटको रुपबाट प्रभावित भएका थिए । तिनीहरुले सेप्टुअजिन्ट (पूरानो करारका ग्रीक अनुवाद) लाई पनि पढेका अनि उद्धधृत् गरेका थिए, जसलाई कोइनी ग्रीकमा पनि लेखिएको थियो । तर सेप्टुअजिन्टलाई यहूदी विद्वानहरुद्वारा पनि लेखिएको थियो जसको मातृभाषा ग्रीक थिएन ।

यसले हामीले नयाँ करारलाई व्याकरणको कसिलो ढाँचामा ठेल्न सक्दैनौं भन्ने एउटा स्मारकको रुपमा सेवा गर्दछ । यो अनौठो त छ तरैपनि (१) सेप्टुअजिन्ट; (२) Josephus को जस्तो यहूदी लेखहरु; अनि (३) इजिप्टमा पाइने papyri सँग एकदमै मिल्दोजुल्दो छ । त्यसो भए हामी नयाँ करारको व्याकरणको मूल्याङ्कनमा कसरी पुग्दछौं त ?

कोइनी ग्रीक र नयाँ करार कोइनी ग्रीकका व्याकरणको विशेषताहरु अस्थिर हुन् । थुप्रै तरिकामा योचाहिँ व्याकरणलाई सरलीकरण गर्ने एउटा समय थियो । सन्दर्भचाहिँ हाम्रो मुख्य मार्गदर्शक हुनेछ । शब्दहरुको चाहिँ केवल ठूलो सन्दर्भमा मात्र अर्थ लाग्दछ, त्यसकारण, व्याकरणको बनावटलाई चाहिँ (१) एउटा विशेष लेखकको शैली; अनि (२) एउटा विशेष सन्दर्भको प्रकाशबाट मात्र बुझ्न सकिन्छ । ग्रीक रुपहरु र बनावटहरुको कुनै पनि टुङ्गो लगाउने परिभाषाहरु सम्भव छैनन् ।

प्रारम्भिक रुपमा कोइनी ग्रीकचाहिँ एउटा मौखिक भाषा थियो । व्याख्याहरुको कुञ्जीचाहिँ प्रायःजसो मौखिकहरुको प्रकार र रुप भएको छ । प्रायःजसो मुख्य उपवाक्यहरुमा यसको श्रेष्ठतालाई देखाउन पहिले क्रिया आउनेछ । ग्रीक क्रियालाई मूल्याङ्कन गर्नुपर्दा जानकारीको तीनओटा टुक्रालाई ध्यान दिनैपर्दछ : (१) काल, वाच्य अनि क्रियाको "अवस्था" (आकृति–विज्ञान) को आधारभूत जोड, (२) निश्चित क्रिया (Lexicography) को आधारभूत अर्थ; अनि (३) सन्दर्भको प्रवाह (वाक्यरचना)।

### १. काल

अ. काल अथवा पक्षले पूरा गरिएको काम अथवा अपूर्ण कामप्रति क्रियाहरुको सम्बन्धलाई संलग्न गराउँदछ । यसलाई प्रायःजसो "पूर्णता" अथवा "अपूर्णता" भनिन्छ ।

१. पूर्ण कालहरुले कुनै कामको घटनामाथि केन्द्रित गर्दछ । भएको केही कुराहरुबाहेक अरु कुनै पनि जानकारी दिइएको छैन ! यसको थालनी, निरन्तरता अथवा समाप्तिलाई सम्बोधन गरिएको छैन ।

२. अपूर्ण कालहरुले कुनै कामको निरन्तर प्रक्रियामाथि केन्द्रित गर्दछ । यसलाई रेखीय काम, स्थायी काम, प्रगतिशील कामको शब्दहरुमा वर्णन गर्न सकिन्छ ।

१. यो हुन आयो = एवरिष्ट

२. यो हुन आयो अनि परिणामहरु रहिरहन्छ = पूर्ण

३. योचाहिँ विगतमा भएको थियो, अनि परिणामहरु रहिरहेका थिए, तर अहिले होइन = पूर्ण बहुवचन

४. यो भइरहेको छ = वर्तमान

५. यो भइरहेको थियो = भूत

६. यो हुनेछ = भविष्य

यस्ता कालहरुले व्याख्या गराइमा कसरी सहायता गर्छन् भन्ने एउटा ठोस उदाहरणचाहिँ "बचाउनु" भन्ने शब्द हुन सक्दथ्यो । यसको प्रक्रिया र समाप्ति दुवैलाई देखाउन यसलाई थुप्रै विभिन्न कालहरुमा प्रयोग गरिएको थियो :

१. एवरिष्ट – "बचाइयो" (रोमी ८:२४)

२. पूर्ण– "बचाइएका छन् अनि परिणाम लगातार गइरहन्छ" (एफिसी २:५, ८)

३. वर्तमान – "बचाइने" (१ कोरिन्थी १:१८; १५:२)

४. भविष्य – "बचाइने छ" (रोमी ५:९, १०; १०:९)

इ. क्रियाका कालहरुमाथि केन्द्रित गर्दा व्याख्याकारहरुले मूल लेखकले आफैंलाई एउटा निश्चित कालमा व्यक्त गर्न रोजेको कारणलाई खोज्दछन् । "नचाहिँदो श्रृङ्गार छैन" भन्ने उच्च कालचाहिँ एवरिष्ट थियो । योचाहिँ नियमित "अनिश्चित", "अंकित नगरिएको" अथवा "मन्द नभएको" क्रिया रुप थियो । यसलाई थुप्रै तरिकामा प्रयोग गर्न सकिन्छ जसलाई सन्दर्भले विशेषरुपले वर्णन गर्नैपर्दछ । यसले त भएको केही कुरालाईमात्र उल्लेख गर्दैथियो । बितेका समयको पक्षहरुलाई संकेतार्थ क्रियाको "अवस्था" मा मात्र अभीष्ट गरिएको छ । यदि कुनै काललाई प्रयोग गरिएको हुँदो हो त, केही अझ विशेष कुरालाई जोड दिइन्थ्यो । तर किन ?

१. पूर्ण काल । यसले स्थायी परिणामहरु सहितको एउटा पूरा गरिएको कामको विषयमा बोल्दछ । केही तरिकामा यो एवरिष्ट र वर्तमान कालको एउटा मिश्रण थियो । साधारणतय् केन्द्रबिन्दुचाहिँ स्थायी परिणाम अथवा कुनै कामको पूर्णतामाथि हो (जस्तै, एफिसी २:५ र ८; "तिमीहरुलाई बचाइएको छ, अनि निरन्तर बचाइनेछन")।

२. वर्तमान काल । यसले एउटा अपूर्ण अथवा त्रुटिपूर्ण कामको विषयमा बोल्दछ । घटनाको निरन्तरतामाथि साधारणतय् केन्द्रित गरिएको हुन्छ । जस्तै, १ यूहन्ना ३:६ अनि ९, "उहाँमा रहने कसैले पाप गरिरहन सक्दैन ।" "परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन ।"

३. अपूर्ण काल । यस कालमा वर्तमान कालसँगको सम्बन्धचाहिँ पूर्ण र पूर्ण बहुवचन माझको सम्बन्धसँग सादृश्य रहेको छ । अपूर्ण कालले अधुरो रहेको कामको बारेमा बोल्दछ जुचाहिँ भइरहेको थियो तर अहिले रोखिएको छ अथवा विगतको कुनै कामको सुरुवातको बारेमा बोल्दछ । जस्तै, मत्ती ३:५, "यरुशलेम र सबै मानिसहरु तिनीकहाँ गए" अथवा "त्यसपछि सारा यरुशलेम तिनीकहाँ जान सुरु गरे ।"

४. भविष्य काल । यसले एउटा कामको विषयमा बोल्दछ जसलाई साधारणतय् भविष्यको एउटा समयको ढाँचामा परियोजित गरिएको थियो । यसले कुनै वास्तविक घटनाभन्दा एउटा घटनाको

लागि रहेको क्षमतामाथि केन्द्रित गर्दथ्यो । यसले प्रायःजसो घटनाको निश्चयताको बारेमा बोल्दछ । जस्तै, मत्ती ५:४–९, "तिनीहरु धन्यका हुन् ....... जो ......... ।"

**२. वाच्य**

अ. वाच्यले क्रियाको काम र यसको उद्देश्यको बीचको सम्बन्धलाई वर्णन गर्दछ ।

आ. कर्तृवाच्यचाहिँ उद्देश्यले क्रियाको काम गर्दै थियो भनेर पुष्टि गर्ने सामान्य, प्रत्याशित र जोड नदिइएको तरिका थियो ।

इ. कर्मवाच्यको अर्थ हुन्छ कि उद्देश्यले एउटा बाहिरी प्रतिनिधिद्वारा उत्पन्न गरिएको क्रियाको कामलाई प्राप्त गर्दै थियो । बाहिरी प्रतिनिधिले कामलाई उत्पन्न गरिरहेको कुराचाहिँ निम्नलिखित नामयोगीहरु अनि कारकहरुद्वारा नयाँ करारमा संकेत गरिएको थियो :

१. कर्मकारक सहितको *hupo* द्वारा एउटा व्यक्तिगत प्रत्यक्ष प्रतिनिधि (मत्ती १:२२; प्रेरित २२:३०)

२. कर्मकारक सहितको *en* द्वारा एउटा व्यक्तिगत अवैयक्तिक प्रतिनिधि ।

३. सम्बन्धकारक सहितको *en* द्वारा एउटा अवैयक्तिक प्रतिनिधि ।

४. सम्बन्धकारक एक्लैद्वारा कहिलेकाहीँ व्यक्तिगत अथवा अवैयक्तिक प्रतिनिधि ।

ई. मध्यम वाच्यको अर्थ हुन्छ कि उद्देश्यले क्रियाको कमलाई उत्पन्न गर्दछ अनि क्रियाको काममा प्रत्यक्षरुपमा संलग्न पनि हुन्छ । यसलाई प्रायःजसो उच्च पारिएको व्यक्तिगत रुचिको वाच्य भनिन्छ । यस निर्माणले कुनै प्रकारले उपवाक्यको विषय अथवा वाक्यलाई जोड दिइन्थ्यो । यस निर्माणलाई अंग्रेजीमा भने पाइँदैन । ग्रीकमा यसको अर्थहरु र अनुवादहरुको विस्तृत सम्भावना रहेको छ । बनाटवको केही उदाहरणहरु यस्ता छन् :

१. निजवाचक – आफैंमा उद्देश्यको प्रत्यक्ष काम । जस्तै, मत्ती २७:५ "आफैंलाई झुण्ड्यायो"

२. गहन – उद्देश्यले आफ्नै लागि काम उत्पन्न गर्दछ । जस्तै, २ कोरिन्थी ११:१४, "शैतान आफैंले ज्योर्तिमय स्वर्गदूतहरुको भेष धारण गर्दछ "

३. पारस्परिक – दुईओटा उद्देश्यहरु भित्रको प्रयोग । जस्तै, मत्ती २६:४ "तिनीहरुले एकआपसमा छलफल गरे ।"

उ. क्रियाको "अवस्था"

अ. कोइनी ग्रीकमा त्यहा चारओटा क्रियाको "अवस्था" हरु छन् । तिनीहरुले वास्तविकतासँग क्रियाको सम्बन्धलाई संकेत गर्दछ, कमसेकम लेखकको आफ्नै मनभित्र । क्रियाको "अवस्था"लाई दुई ठूला वर्गहरुमा विभाजन गरिएका छन् : जसले वास्तविकतालाई संकेत गर्दथ्यो ( संकेतार्थ) अनि जसले क्षमतालाई संकेत गर्दथ्यो (असम्भाव्यता, आज्ञार्थक)।

आ. संकेतार्थ "अवस्था" चाहिँ भइसकेको अथवा हुँदै गरेको कामलाई व्यक्त गर्ने सामान्य "अवस्था" थियो, कमसेकम लेखकको मनमा । योचाहिँ एउटा निश्चित समयलाई व्यक्त गर्ने एउटैमात्र ग्रीक क्रियाको "अवस्था" थियो, अनि यहाँ पनि यस पक्षचाहिँ अप्रधान थियो ।

इ. असम्भाव्यता "अवस्था" ले हुनसक्ने भविष्यको कामलाई व्यक्त गर्दथ्यो । केही कुरो अझैसम्म भएको थिएन, तर सम्भावनाचाहिँ यो हुने थियो भन्ने जस्तो थियो । भविष्यत् संकेतार्थसँग यसको धेरै नै समानता थियो । भिन्नताचाहिँ यो थियो कि असम्भाव्यताले केही हदसम्म शंकालाई व्यक्त गर्दछ । अंग्रेजीमा यसलाई प्रायःजसो हुनसक्दछ, "शायद", आदि शब्दहरुद्वारा व्यक्त गरिएको छ ।

ई. आज्ञार्थक "अवस्था" ले सम्भव रहेको आज्ञालाई जोड दिन्थ्यो, तर जोडचाहिँ भन्ने व्यक्तिको उद्देश्यमाथि हुन्थ्यो । यसले केवल इच्छाशक्तिको सम्भावनालाई मात्र दाबी गर्दथ्यो अनि

अर्काको रोजाइहरुमाथि शर्त राख्दथ्यो । प्रार्थनाहरुमा अनि तेस्रो पुरुषका निवेदनहरुमा त्यहाँ आज्ञार्थकको एउटा विशेष प्रयोग हुन्थ्यो । यस्ता आज्ञाहरुलाई नयाँ करारमा वर्तमान अनि एवरिष्ट कालहरुमा मात्र पाइन्थ्यो ।

उ. केही व्याकरणले कृदन्तहरुलाई अर्को प्रकारको "अवस्था" को रुपमा श्रेणीबद्ध गरेका छन् । नयाँ करार ग्रीकमा तिनीहरु एकदमै सामान्य छन्, साधारणतय् क्रियाको विशेषणहरुको रुपमा परिभाषित गरिएका छन् । कृदन्तहरुलाई अनुवाद गर्दा एउटा विस्तृत विविधता सम्भव थियो । धेरै अंग्रेजी अनुवादहरुसँग परामर्श लिनु असल कुरो हो । यहाँ Baker द्वारा प्रकाशित *The Bible in Twenty six Translations* चाहिँ ठूलो सहायक हुन्छ ।

ऊ. एवरिष्ट कर्तृवाच्य संकेतार्थचाहिँ कुनै घटनालाई अभिलेख गर्नलाई एउटा सामान्य अथवा "अंकित नगरिएको" तरिका थियो । अरु कुनै पनि काल, वाच्य अथवा क्रियाको "अवस्था" केही विशेष व्याख्यात्मक विशेष थियो जसलाई मूल लेखकले व्यक्त गर्न चाहन्थे ।

४. ग्रीकसँग परिचित नभएका व्यक्तिहरुका लागि निम्नलिखित अध्ययन सहयोगीहरुले आवश्यक जानकारीहरु प्रदान गर्नेछन् :

अ. Fribreg, Barbara and Timothy, *Analytical Greek New Testament,* Grand Rapids: Baker, 1988

आ. Marshall, Alfred. *Interlinear Greek-English New Testament,* Grand Rapids:Zondervan, 1076.

इ. Mounce, William D. *The Analytical Lexicon to the Greek New Textament* Grand Rapids: Zondervan, 1993.

ई. Summers, Ray. *Essential of New Testament Greek*. Nashville: Boardman, 1950.

उ. Chicago IL मा रहेको Moody Bible Institute मार्फत् शैक्षिकरुपमै मान्य कोइनी ग्रीक पत्राचार अध्ययनका विषयहरु उपलब्ध छन् ।

**५. नाम**

अ. वाक्य–रचनाको रुपमा, नामलाई कारकद्वारा वर्गीकृत गरिएको छ । कारकचाहिँ कुनै नामको त्यो रुपबाट प्रभावित भएको थियो जसले क्रियासँग अनि वाक्यको अरु भागहरुसँग यसको सम्बन्धलाई देखाउँदथ्यो । कोइनी ग्रीकमा कारकले गरेका थुप्रै कामहरुलाई नामयोगीहरुद्वारा संकेत गरिएको थियो । कारकको बनावटचाहिँ कैयौं विभिन्न सम्बन्धहरुलाई पहिचान गर्न सक्षम हुने भएकोले, यस्ता सम्भवत् कामहरुप्रति अझ स्पष्ट विभाजन दिनलाई नामयोगीहरु विकास हुन्थ्यो ।

आ. ग्रीक कारकलाई निम्नलिखित आठ तरिकामा श्रेणीबद्ध गरिएको छ :

१. कर्ताकारकलाई नाउँ दिनको लागि प्रयोग गरिन्थ्यो अनि यो प्रायः वाक्य अथवा उपवाक्यको उद्देश्य हुन्थ्यो । यसलाई सम्बन्ध गाँस्ने क्रिया "हुनु" अथवा "बन्नु" सँग विधेय नाम अनि विशेषणहरुका लागि पनि प्रयोग गरिन्थ्यो ।

२. सम्बन्धकारकलाई वर्णनको लागि प्रयोग गरिन्थ्यो अनि प्रायः यससँग सम्बन्धित शब्दको गुण अथवा विशेषताप्रति नियुक्त गरिएको थियो । यसले "कस्तो प्रकारको ?" भन्ने प्रश्नको जवाफ दिन्थ्यो । यसलाई अंग्रेजी नामयोगी "को" को प्रयोगबाट प्रायःजसो व्यक्त गरिन्थ्यो ।

३. अपादान कारकलाई सम्बन्धकारकको रुपमा त्यस्तै रुपान्तरिक बनावटको लागि प्रयोग गरिन्थ्यो, तर यसलाई विभाजनको वर्णन गर्न प्रयोग गरिन्थ्यो । यसले प्रायः समय, आसमान, स्रोत, मूल अथवा हदको बुँदाबाटको विभाजनलाई बताउँथ्यो । त्यसलाई प्रायःजसो अंग्रेजी नामयोगी “बाट” को प्रयोगद्वारा व्यक्त गरिन्थ्यो ।

४. सम्प्रदान कारकलाई व्यक्तिगत रुचिको वर्णन गर्न प्रयोग गरिन्थ्यो । यसले सकारात्मक र नकारात्मक पक्षलाई बताउन सक्दथ्यो । यो प्रायःजसो अप्रत्यक्ष वस्तु हुन्थ्यो । यसलाई प्रायःजसो अंग्रेजी नामयोगी “तिर” द्वारा व्यक्त गरिन्थ्यो ।

५. अधिकरण कारकचाहिँ सम्प्रदानकारकको रुपमा त्यस्तै रुपान्तरित रुप थियो, तर यसले असमान, समय अथवा तार्किक सीमाहरुमा अवस्था अथवा स्थानलाई वर्णन गर्दछ । यसलाई प्रायःजसो अंग्रेजी नामयोगी, “मा, तिर, माभ्र, बाट, द्वारा, माथि अनि छेवैमा” द्वारा व्यक्त गरिन्थ्यो ।

६. करणकारकचाहिँ सम्प्रदान कारक अनि अधिकरण कारकको रुपमा त्यस्तै रुपान्तरिक रुप थियो । यसले माध्यम अथवा सम्बन्धलाई व्यक्त गर्दथ्यो । यसलाई प्रायःजसो अंग्रेजी नामयोगी “द्वारा” अथवा “सँग” द्वारा व्यक्त गरिन्थ्यो ।

७. कर्मकारकलाई कुनै कामको निष्कर्षलाई वर्णन गर्न प्रयोग गरिन्थ्यो । यसले सीमिततालाई व्यक्त गर्दथ्यो । यसले मुख्य प्रयोगचाहिँ प्रत्यक्ष वस्तु थियो । यसले “कति टाढा ?” अथवा “कुन हदसम्म ?” भन्ने प्रश्नको जवाफ दिन्थ्यो ।

८. सम्बोधन कारकलाई प्रत्यक्ष सम्बोधनको लागि प्रयोग गरिन्थ्यो ।

## ६. संयोजकहरु अनि सम्बन्ध जोड्नेहरु

अ. ग्रीक एउटा एकदमै संक्षिप्त भाषा हो किनभने यसको प्रशस्तै सम्बन्धहरु छ । तिनीहरुले विचारहरु (उपवाक्यहरु, वाक्यहरु अनि परिच्छेदहरु) लाई जोड्दछ । तिनीहरु यति आम रहेका छन् कि तिनीहरुका अनुपस्थिति (asyndeton) लाई प्रायःजसो ठूलो महत्त्वको मानिन्छ । वास्तवमा, यस्ता संयोजकहरु र सम्बन्ध जोड्नेहरु लेखकको सोंचाइको निर्देशनलाई देखाउँदछ । तिनले सठीक रुपमा के कुरा बताउने कोशिस गर्दैछ भनेर निर्धारण गर्न तिनीहरु प्रायःजसो महत्त्वपूर्ण छन् ।

आ. यहाँ केही संयोजकहरु अनि सम्बन्ध जोड्नेहरु अनि तिनीहरुका अर्थहरुको एउटा सूची छ ( यस जानकारीलाई प्रायःजसो H.E.Dana र Julius K. Mantey को *A manual Grammar of the Greek New Testament* बाट एकत्रित गरिएको छ ।

१. समय जोड्नेहरु

अ. *epei, epeidē, hopote, hōs, hote, hotan* (उद्देश्य)– “कहिल्यै”

आ. *heōs* - “जहिलेचाहिँ”

इ. *hotan, epan* (उद्देश्य) – “जहिले–जहिले”

ई. *heōs, achri, mechri* (उद्देश्य)–“सम्म”

उ. *priv* (असीमित)–“अगाडि”

ऊ. *hōs*— “देखि”, “कहिले”, “जसै”

२. तार्किक सम्बन्धहरु

अ. उद्देश्य

(१) *hina* (उद्देश्य), *hopōs* (उद्देश्य), *hōs* – “त्यसको लागि”, “कि”

(३) *pros* (उपपदीय कर्मकारक असीमित क्रिया) अथवा *eis* (उपपदीय कर्मकारक असीमित क्रिया)– "त्यो"

आ. परिणाम (उद्देश्य र नतिजाको व्याकरणको रुपको माझमा त्यहाँ एउटा निकट सम्बन्ध छ (

(१) *hōste* (असीमित, योचाहिँ एकदमै सामान्य हो) – "त्यसको लागि," "यसर्थ"

(२) *hiva* (उद्देश्य)–"ताकि"

(३) *ara* – "यसैले"

इ. आकस्मिक अथवा कारण

(१) *gar* (कारण/असर अथवा कारण/निष्कर्ष)–"किनकी" "किनभने"

(२) *dioti, hotiy* – "किनभने"

(३) *epei, epeide, hōs* – "किनकी"

(४) *dia* (कर्मकारकसँग) अनि (उपपदीय असीमिततासँग) – "किनभने"

ई. प्रतिकूलात्मक अथवा विषमता

(१) *alla* (कडा प्रतिकूलात्मक) –"तर", "सिवाय"

(२) *de* – "तर", "तरैपनि", "यद्यपि", "अर्कोतर्फ"

(३) *kai* – "तर"

(४) *mentoi, oun* –"तरैपनि"

(५) *plēn* –"यद्यपि" (प्रायःजसो लूकामा पाइन्छ)

(६) *oun* –"तरैपनि"

उ. तुलना

(१) *hōs, kathōs* (तुलनात्मक उपवाक्यहरुको परिचय गर्दछ)

(२) *kata* (संयुक्तमा, *katho, kathoti, kathōsper, kathaper*)

(३) *hosos* (हिब्रूमा)

(४) *ē* – "भन्दा

ऊ. निरन्तरता अथवा श्रृङ्खलाहरु

(१) *de* – "र" "अब"

(२) *kai* – "र"

(३) *tei* – "अनि"

(४) *hina, oun* – "त्यो"

(५) *oun* – "त्यसपछि"

३. निश्चित प्रयोगहरु

अ. *alla* – "निश्चयता", "हजूर", "वास्तवमा"

आ. *ara* – "साँच्चै", "निश्चय नै," वास्तवमै"

ई. *de* – "साँच्चै"

उ. *ean* – "समेत"

ऊ. *kai* – "समेत"

ऋ. *mentoi* – “साँच्चै”

ॠ. *oun* – “साँच्चै”, “तर हर प्रकारले”

## ७. शर्तबन्द वाक्यहरु

अ. एउटा शर्तबन्द शब्दचाहिँ त्यो हो जसमा एक अथवा त्यसभन्दा बढ्दा शर्तबन्द उपवाक्यहरु हुन्छ । यस व्याकरणको बनावटहरुले व्याख्या गराईमा सहायता गर्दछ किनभने यसले मुख्य क्रियाको काम किन हुन्छ अथवा कि हुँदैन भन्ने कुराको शर्तहरु अथवा कारणहरु प्रदान गर्दछ । त्यहाँ चार प्रकारको शर्तबन्द वाक्यहरु छन् । तिनीहरु त्यसबाट हट्छन् जसलाई लेखकको उद्देश्यबाट साँचो ठानिन्थ्यो अथवा तिनको त्यस उद्देश्यको लागि हुन्थ्यो जुनचाहिँ एउटा इच्छामात्र थियो ।

आ. पहिलो श्रेणीको शर्तबन्द वाक्यले कामलाई व्यक्त गर्दथ्यो अथवा जसलाई लेखकको उद्देश्यबाट अथवा तिनको उद्देश्यको लागि साँचो मानिन्थ्यो यद्यपि यसलाई एउटा “यदि” सँग व्यक्त गरिन्थ्यो । थुप्रै सन्दर्भहरुमा यसलाई “किनभने” भनी अनुवाद गर्न सकिन्थ्यो (मत्ती ४:३; रोमी ८:३१)। तरैपनि, यसले सबै पहिलो श्रेणीहरु वास्तविकतामा साँचो हो भन्ने संकेतलाई अर्थ्याउँदैन । तिनीहरुलाई प्रायजसो कुनै बहसमा टिप्पणी गर्न अथवा भ्रमलाई विशेष जोड दिन प्रयोग गरिन्थ्यो (मत्ती १२:२७)।

इ. दोस्रो श्रेणीको शर्तबन्द वाक्यलाई प्रायःजसो “वास्तविकताको उल्टो भनेर भनिन्छ । यसले केही त्यस्तो कुरालाई उल्लेख गर्दछ जुनचाहिँ टिप्पणी गर्नलाई वास्तविकताप्रति झूटो हुन्छ । उदाहरणहरु :

१. “यिनी अगमवक्ता हुँदा हुन् ता यिनलाई छुने को र कस्ती स्त्री हो भनी यिनले जान्ने थिए” (लूका ७:३९)।

२. “तिमीहरुले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्ने थियौ”(यूहन्ना ५:४६)।

३. “यदि मैले अझै मानिसहरुलाई खुसी पार्न कोशिस गरेको भए म ख्रीष्टको दास हुने थिइन” (गलाती १:१०)।

ई. तेस्रो श्रेणीको सम्भावित भविष्यका कामहरुको बारेमा बोल्दछ । यसले प्रायःजसो त्यस कामको सम्भावनालाई अनुमान लगाउँदछ । यसले प्रायः एउटा सम्भावनालाई संकेत गर्दछ । मुख्य क्रियाको कामचाहिँ “यदि” उपवाक्यको काममा अनिश्चित हुन्छ । उदाहरणहरु : १ यूहन्ना १:६–१०; २:४, ६, ९, १५, २०, २१, २४, २९; ३:२१; ४:२०; ५:१४, १६)।

उ. चौथो श्रेणीचाहिँ सम्भावनाबाट टाढा हटाइएको छ । यसलाई नयाँ करारमा यदाकदा पाइन्छ । वास्तवमा, त्यहाँ कुनै पनि पूर्ण चौथो श्रेणीको एउटा उदाहरणचाहिँ १ पत्रुस ३:१४ मा भएको सुरुवाती उपवाक्य हो । समाप्तिको उपवाक्यमा आंशिक चौथो श्रेणीको एउटा उदाहरणचाहिँ प्रेरित ८:३१।

## ८. निषेधहरु

अ. ME PARTICLE सँगको वर्तमान आज्ञार्थकको प्रायःजसो (तर गहनरुपमा होइन) अघिबाटै भइरहेको कुनै कामको बन्द गराईमा जोड रहेको छ । केही उदाहरणहरु : “आफ्ना निम्ति पृथ्वीमा धन–सम्पत्ति नथुपार ......” (मत्ती ६:१९); “....... आफ्नो शरीरको फिक्री नगर ......” (मत्ती ६:२५); “आफ्ना शरीरका अंगहरु दुष्टताका साधनको रुपमा पाप गर्नलाई समर्पण नगर ...” (रोमी ६:१३); “परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ ......” (एफिसी ४:३०); अनि “दाखमद्यले नमातिओ ......” (५:१८)।

आ. ME PARTICLE सहितको एवरिष्ट असम्भाव्यतामा "कुनै कामलाई सुरुवात नगर" भन्ने कुराको जोड रहेको छ । केही उदाहरणहरु : " .......... भन्ने नसम्भ ....... " (मत्ती ५:१७); "............ फिक्री नगर ......." (मत्ती ६:३१); "....... शर्म नमान ........" (२ तिमोथी १:८)।

इ. असम्भाव्यता क्रियाको अवस्थासहितको दोब्बर नकारात्मकचाहिँ एउटा एकदमै निश्चित इन्कार हो । "अहँ, कहिले पनि हुँदैन" अथवा "कुनै पनि हालतमा हुँदैन ।" केही उदाहरणहरु : "...... त्यसले कहिल्यै मृत्यु चाख्ने छैन" (यूहन्ना ८:५१); "म कहिले पनि ...." (१ कोरिन्थी ८:१३)।

## ९. उपपद

अ. कोइनी ग्रीकमा निश्चित उपपद 'the' को अंग्रेजीसँग मिल्दो प्रयोग थियो । यसको आधारभूत कामचाहिँ कुनै शब्द, नाउँ अथवा वाक्यांशप्रति ध्यानाकर्षण गर्ने एउटा तरिका "देखाउने वस्तु" को थियो । नयाँ करारमा यसको प्रयोगचाहिँ लेखकपिच्छे फरक रहेको छ । निश्चित उपपदले निम्नलिखित कुराहरुको पनि काम गर्न सक्दथ्यो :

१. निश्चयवाचक सर्वनाम जस्तै विषमताको साधनको रुपमा

२. पहिलेबाटै परिचय गराइएको उद्देश्य अथवा व्यक्तिलाई उल्लेख गर्न एउटा तरिकाको रुपमा उदाहरणहरु : "परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४:२४); "परमेश्वर ज्योति हुनुहुन्छ" (१ यूहन्ना १:५); "परमेश्वर प्रेम हुनुहन्छ" (४:८, १६)।

आ. कोइनी ग्रीकमा अंग्रेजीको 'a' अथवा 'an' जस्तो अनिश्चित उपपद थिएन । निश्चित उपपदको अनुपस्थितिको अर्थ हुनसक्दथ्यो :

१. केही कुराको विशेषता अथवा गुणमाथि केन्द्रित गरिएको कुरो

२. केही कुराको वर्गमाथि केन्द्रित गरिएको कुरो

इ. उपपदलाई कसरी काममा ल्याइएको थियो भन्ने कुरामा नयाँ करारका लेखकहरु ठूलो रुपले फरक रहेका थिए ।

## १०. ग्रीक नयाँ करारमा जोड देखाउने तरिकाहरु

अ. नयाँ करारमा जोड देखाउने कौशलचाहिँ लेखकैपिच्छे फरक रहेको छ । एकदमै मिल्दो र औपचारिक लेखकहरुचाहिँ लूका र हिब्रूका लेखकहरु थिए ।

आ. एवरिष्ट कर्तृवाच्य संकेतार्थचाहिँ जोडको लागि उच्च अनि अंकित नगरिएको थियो भनेर हामीले अघिबाटै उल्लेख गरिसकेका छौं, तर अरु जुनै पनि काल, वाच्य, अथवा क्रियाको अवस्थामा व्याख्यात्मक विशेषताहरु थियो । योचाहिँ एवरिष्ट कर्तृवाच्य संकेतार्थलाई एउटा महत्त्वपूर्ण व्याकरणको अर्थमा प्रायजसो प्रयोग गरिँदैन थियो भनेर संकेत गर्नलाई होइन । (उदाहरण : रोमी ६:१० "दुईपटक")।

इ. कोइनी ग्रीकमा शब्द क्रम

१. कोइनी ग्रीक एउटा रुपान्तरित भाषा थियो जुनचाहिँ अंग्रेजीजस्तो शब्दक्रममाथि आश्रित थिएन । त्यसकारण लेखकले देखाउनको लागि आम प्रत्याशित क्रमलाई फरक पार्न सक्दथ्यो ।

अ. पाठकहरुप्रति लेखकले कुन कुरालाई जोड दिन चाहन्थ्यो ।

आ. लेखकको कस्तो विचारले पाठकहरुलाई छक्क पार्दथ्यो ।

इ. लेखकले गहिरो रुपमा के कुरालाई अनुभव गर्दथ्यो ।

२. ग्रीकको सामान्य शब्दक्रमचाहिँ अझै पनि एउटा नअडिएको विषय हो । तरैपनि, अनुमानित सामान्य क्रमचाहिँ हो :

अ. सम्बन्ध गाँस्ने क्रियाको लागि

(१) क्रिया
(२) उद्देश्य
(३) पूरक

आ. सकर्मक क्रियाको लागि
(१) क्रिया
(२) उद्देश्य
(३) पूरक

आ. सकर्मक क्रियाको लागि
(१) क्रिया
(२) उद्देश्य
(३) वस्तु
(४) अप्रत्यक्ष वस्तु
(५) नामयोगी रुपी वाक्यांश

इ. नाम उपवाक्यको लागि
(१) नाम
(२) परिवर्तक
(३) नामयोगीरुपी वाक्यांश

३. शब्दक्रमचाहिँ एउटा अति नै महत्त्वपूर्ण विस्तृतरुपले वर्णन गरिएको बुँदा हुनसक्दछ । उदाहरणहरु :

अ. "……… मलाई र बरनाबासलाई सङ्गतिको दाहिने हात दियो ।" "संगतिको दाहिने हात" वाक्यांशचाहिँ टुक्राइएको छ अनि यसको विशेषतालाई देखाउन अघि ल्याइएको छ (गलाती २:९)

आ. "ख्रीष्टसँगै" लाई पहिले राखिएको थियो । उहाँको मृत्युचाहिँ केन्द्रबिन्दु थियो (गलाती २:२०)

इ. "धेरै र विभिन्न प्रकारले" (हिब्रू १:१) लाई पहिले राखिएको थियो । योचाहिँ परमेश्वरले आफैलाई कसरी प्रकट गर्नुहुन्थ्यो भन्ने कुरालाई विषमता देखाइएको थियो, तर प्रकाशको वास्तविकतालाई भने होइन ।

ई. सामान्यतय् जोडको केही हदलाई तलका कुराहरुद्वारा देखाइएको थियो :

१. सर्वनामको दोहोऱ्याई जुनचाहिँ क्रियाको रुपान्तरित रुपमा अघिबाटै उपस्थित थियो । उदाहरण : "म ……. तिमीहरुका साथमा छु ।" (मत्ती २८:२०)

२. प्रत्याशित संयोजकको अनुपस्थिति, अथवा शब्दहरु, वाक्यांशहरु, उपवाक्यहरु अथवा वाक्यहरु बीचको अरु जोड्ने साधनहरु । यसलाई *asyndeton* ("सीमा नभएको") भनिन्छ । जोड्ने साधनलाई आशा गरिन्थ्यो, यसैले यसको अनुपस्थितिले ध्यान खिँच्दथ्यो । उदाहरण :

अ. डाँडाको उपदेशहरु, मत्ती ५:३ (सूचीलाई जोड दिइएको)
आ. यूहन्ना १४:१ (नयाँ विषय)
इ. रोमी ९:१ (नयाँ भाग)
ई. २ कोरिन्थी १२:२० (सूचीलाई जोड दिनु)

३. एउटा दिइएको सन्दर्भमा उपस्थित रहेको शब्दहरु र वाक्यांशहरुको दोहोऱ्याई । उदाहरण : "……… आफ्नो महिमाको प्रशंसाको …….." (एफिसी १:६, १२ र १४)। त्रि–एकको हरेक व्यक्तिको कामलाई देखाउनको लागि यस वाक्यांशलाई प्रयोग गरिएको थियो ।

४. शब्दहरुको बीचमा एउटा उखान अथवा शब्द (आवाज) को प्रयोग

अ. कुनै अप्रिय कुरालाई मीठो पाराले भन्ने तरिका (*euphemisms*) – वर्जित विषयहरुका लागि प्रतिस्थापित शब्दहरु, जस्तै, मृत्युको लागि "सुत्नु" (यूहन्ना ११:११–१४) अथवा पुरुष यौनाङ्गको लागि "खुट्टा" (रुथ ३:७–८; १ शमूएल २४:३)।

आ. कुरा घुमाएर भन्ने तरिका (*Circumlocutions*) –परमेश्वरको नाउँको लागि प्रतिस्थापित नाउँ, जस्तै, "स्वर्गको राज्य" (मत्ती ३:२१) अथवा "स्वर्गबाटको आवाज" (मत्ती ३:१७)।

इ. अलंकार

(१) असम्भव अतिरन्जन (मत्ती ३:९;५:२९–३०; १९:२४)

(२) बयानहरुमाथि हल्का (मत्ती ३:५; प्रेरित २:३६)

(३) मानवीकरण (१ कोरिन्थी १५:५५)

(४) व्यंग्य (गलाती ५:१२)

(५) काव्यात्मक परिच्छेदहरु (फिलिप्पी २:६–११)

(६) शब्दहरु बीचको ध्वनिको प्रयोग

अ. "मण्डली"

(क) "मण्डली" (एफिसी ३:२१)

(ख) "बोलावट" (एफिसी ४:१, ४)

(ग) "बोलाइएको" (एफिसी ४:१, ४)

आ. "स्वतन्त्र"

(क) "स्वतन्त्र स्त्री" (गलाती ४:३१)

(ख) "स्वतन्त्रता" (गलाती ५:१)

(ग) "स्वतन्त्र" (गलाती ५:१)

इ. उखानरुपी भाषा – भाषा जुनचाहिँ सामान्यतय साँस्कृतिक अनि भाषा विशेष छ :

(१) "भोजन" को आलंकारिक प्रयोग (यूहन्ना ४:३१–३४)

(२) "मन्दिर" को आलंकारिक प्रयोग (यूहन्ना २:१९; मत्ती २६:६१)

(३) सहानुभूतिको हिब्रू उखान" "घृणा" (उत्पत्ति २९:३१; व्यवस्था २१:१५; लूका १४:३६; यूहन्ना १२:२५; रोमी ९:१३)

(४) "सबै" बनाम् "धेरै" । यशैया ५३:६ ("सबै") लाई ५३:११ र १८ ("धेरै") सँग तुलना गर्नुहोस् । शब्दहरुचाहिँ रोमी ५:१८ र १९ ले देखाएजस्तै पर्यायवाची छन् ।

५. एउटैमात्र शब्दको सट्टामा पूर्ण भाषाको वाक्यांशको प्रयोग । उदाहरण : "प्रभु येशू ख्रीष्ट"

६. *autos* को विशेष प्रयोग

अ. उपपदसँग हुँदा (प्रतीकात्मक अवस्था) यसलाई "त्यस्तै भनी अनुवाद गरिएको थियो ।

आ. उपपदसँग नहुँदा (विधेय अवस्था) यसलाई एउटा गहन निजवाचक सर्वनाम – "आफैं", "उनी आफै," अथवा "यो आफै" को रुपमा अनुवाद गरिएको थियो ।

उ. गैर ग्रीक अध्ययन गर्ने बाइबलका विद्यार्थीहरुले जोडलाई कैयौं तरिकामा पहिचान गर्न सक्छन् :

१. एउटा विश्लेषणात्मक शब्दकोष अनि अन्तररुपीय ग्रीक/अंग्रेजी पाठ ।

२. अंग्रेजी अनुवादहरुको तुलना, विशेष गरेर अनुवादहरुको फरक सिद्धान्तहरुबाट । उदाहरण : एउटा "गतिशील समान" (Williams, NIV, NEB, REB, JB, TEV) सँग "शब्दको लागि शब्द" को अनुवादलाई तुलना गरिनु (KJV, NKJV, ASV, NASB, RSV, NRSV) ।

Baker को *The Bible in Twenty Six Translation* चाहिँ यहाँ एउटा असल सहयोगी हुनसक्दछ ।

३. Joseph Bryant Rotherham को *The Emphasized Bible* को प्रयोग (Kregel 1994)

४. एकदमै शाब्दिक अनुवादको प्रयोग

अ. १९०१ को The American Standard Version.

आ. Robert Young को *Young's Litreal Translation of the Bible* (Guardian Press, 1976).

व्याकरणको अध्ययनचाहिँ पट्यारलाग्दो हुन्छ तर उचित व्याख्या गराइको लागि आवश्यक हुन्छ । यी संक्षिप्त परिभाषाहरुचाहिँ टिप्पणीहरु अनि उदाहरणहरुलाई यस पुस्तकमा प्रदान गरिएको व्याकरणको टिप्पणीहरुलाई प्रयोग गर्न गैर ग्रीक अध्ययन गर्ने व्यक्तिहरुलाई उत्साह दिन र तयार पार्नलाई हो । यी परिभाषाहरुलाई निश्चय नै एकदम सरलीकरण गरिएको छ । तिनीहरुलाई सैद्धान्तिक अनि रुपान्तरित प्रकारले प्रयोग गरिनुहुँदैन, तर नयाँ करारमाथिको प्राविधिक टिप्पणीहरु जस्ता अरु अध्ययनका टिप्पणीहरुलाई बुभ्न पनि पाठकहरुलाई सक्षम बनाउनेछ भन्ने आशा गरिएको छ ।

हामीले बाइबलका पाठहरुमा पाइने जानकारीका विषयहरुमाथि आधारित हाम्रा व्याख्याहरुलाई पुष्टि गर्न सक्षम हुनैपर्दछ; यस्ता विषयहरुमा व्याकरणचाहिँ एउटा एकदमै सहयोगी विषय हो; अरु विषयहरुमा चाहिँ ऐतिहासिक घटना, शाब्दिक सन्दर्भ, समकालीन शब्द प्रयोग र समानान्तर परिच्छेद समावेश हुन्छ ।

**परिशिष्ट दुई**
**मूल पाठसम्बन्धीका समालोचना**

यो विषयले यस टिप्पणीमा पाइने मूल पाठसम्बन्धीको विवरणहरुलाई व्याख्या गर्ने तरिकामा काम गर्नेछ । निम्नलिखित जोड इएका कुराहरुलाई प्रयोग गरिने छ :

१. हाम्रो अंग्रेजी बाइबलको मूल पाठ सम्बन्धीका स्रोतहरु

अ. पूरानो करार

आ. नयाँ करार

२. "निम्न समालोचना" को समस्याहरु र सिद्धान्तहरुको संक्षिप्त व्याख्या गराई, जसलाई "मूल–पाठसम्बन्धीको समालोचना" पनि भनिन्छ ।

३. अझ बढी पाठनको लागि प्रस्तावित स्रोतहरु

१. हाम्रो अंग्रेजी बाइबलको मूल पाठसम्बन्धीका स्रोतहरु

**अ.पूरानो करार**

१. Masoretic Text (MT) – हिब्रू व्यञ्जन वर्णका पाठलाई Rabbi Aquiba द्वारा सन् १०० मा स्थापित गरिएको थियो । स्वर बुँदाहरु, उच्चारणहरु, पन्नाको किनारमा लेखिएका टिप्पणीहरु (marginal notes), विराम चिह्न प्रक्रिया अनि उपकरणीय बुँदाहरुलाई थप्न छैटौं शताब्दीमा सुरु गरियो अनि नवौं शताब्दीमा पूरा भएको थियो । यसलाई Masoretes भनिने यहूदी विद्वानहरुका एउटा परिवारबाट गरिएको थियो । तिनीहरुले प्रयोग गरेका मूल पाठसम्बन्धीका बनावटचाहिँ Mishnah, Talmud, Targuma, Peshitta अनि Vulgate मा भएजस्तै नै थियो ।

२. सेप्टुअजिन्ट "Septuagint" (LXX) सेप्टुअजिन्टलाई चाहिँ King Ptolemy II (२८५–२४६ ई.पू.) को समर्थनमा अलेकजान्ड्रिया पुस्तकालयको लागि ७० यहूदीहरुद्वारा ७० दिनमा उत्पन्न गरिएका थियो भनेर परम्पराले भन्दछ । अनुवादलाई चाहिँ अलेकजान्ड्रियामा बस्ने एउटा यहूदी अगुवाद्वारा निवेदन गरिएको थियो भन्ने मानिएको थियो । यो परम्पराचाहिँ 'Letter of Aristeas' बाट आएको हो । LXX चाहिँ Rabbi Aquiba (MT) को मूल पाठबाटको विभिन्न हिब्रू मूल पाठसम्बन्धीको परम्परामाथि घरिघरि आधारित हुन्थ्यो ।

३. मृतसागरका पत्र "Dead Sea Scrolls" (DSS) – मृतसागरका पत्रहरुलाई 'Essenes' भनिने यहूदी विभाजनवादहरुको एउटा झूण्डद्वारा रोममा (२०० ई.पू. देखि सन् ७०) मा लेखिएको थियो । मृत सागरको छेउछाउको थुप्रै स्थानहरुमा पाइने हिब्रू पाण्डुलिपीले विभिन्न हिब्रू मूल पाठसम्बन्धीका परिवार पछाडि MT र LXX दुवैमा रहेको केही भिन्नतालाई देखाउँदछ ।

४. यी मूल पाठहरुलाई कसरी तुलना गरिनु पर्ने हो भन्ने केही विशेष उदाहरणहरुले व्याख्याकारहरुलाई पूरानो करार बुझ्न सहायता गरेको छ ।

अ. LXX ले अनुवादकहरु र विद्वानहरुलाई MT बुझ्न सहायता गरेको छ

(१) यशैया ५२:१४ को LXX, "जसरी उसदेखि धेरै जना व्याकुल थिए ........"

(२) यशैया ५२:१४ को MT, "जसरी तिमीदेखि धेरैजना व्याकुल भएका थिए ......."

(३) यशैया ५२:१५ मा LXX बाट पृथक रहेको सर्वनामलाई पुष्टि गरिएको छ

अ. LXX, “त्यसरी नै धेरै जातिहरु उसदेखि अचम्मित हुनेछन्”

आ. MT, “त्यसरी नै उसले धेरै जातिहरुमाथि छर्किनेछ ।

आ. DSS ले अनुवादकहरु र विद्वानहरुलाई MT बुझ्नको सहायता गरेको छ ।

(१) यशैया २१:८ को DSS, “त्यो पहरादार यसो भनेर करायो, “............... म दिनहुँ पहरा बस्ने धरहरामा उभिरहन्छु .... ।”

(२) यशैया २१:८ को MT, “अनि मैले सिंहलाई कराए, “हे प्रभु, म दिनहुँ पहरा बस्ने धरहरामा उभिरहन्छ ........ ।”

इ. LXX र DSS, “उसका प्राणको वेदनापछि, जीवनको ज्योति देखेर उ सन्तुष्ट हुनेछ ....... ।”

**आ. नयाँ करार**

१. ग्रीक नयाँ करारको सबै अथवा केही भागहरुको ५,३०० भन्दा बढी पाण्डुलिपीहरु अझै पनि रहेका छन् । लगभग ८५ वटा papyri मा अनि २६८ ओटा सबै ठूला अक्षरहरु (Uncials) मा लेखिएका छन् । पछि गएर, लगभग नवौं शताब्दीमा, एउटा चलिरहने लिपि (Minuscule) को विकास गरिएको थियो । लिखित रुपमा रहेको ग्रीक पाण्डुलिपीचाहिँ लगभग २,७०० जति छन् । हामीसँग आराधनामा प्रयोग गरिने धर्मशास्त्रका पाठहरुको सूचीहरुको लगभग २,१०० प्रतिहरु पनि छन्, जसलाई हामी “लेक्सनरी” हरु (Lectionaries) भन्दछौं ।

२. Papyrus मा लेखिएको नयाँ करारका भागहरु समावेश भएको लगभग ८५ ओटा ग्रीक पाण्डुलिपीहरु लाई संलग्रहालयमा सुरक्षित राखिएका छन् । केही त दोस्रो शताब्दीबाटका छन्, तर प्रायःजसोचाहिँ तेस्रो अथवा चौथो शताब्दीबाटका छन् । यस्ता कुनै पनि MSS मा सम्पूर्ण नयाँ करार समावेश छैन । यिनीहरु नयाँ करारका सबैभन्दा पूरानो प्रतिहरु भएकै कारण तिनीहरुमा कमै विभिन्नता रहेको छ भनेर आफैआफ अर्थ लाग्दैन । यिनीहरुमा धेरैलाई एउट स्थानीय प्रयोगको लागि द्रूतगतिमा प्रतिलिपि गरिएको थियो । त्यस प्रक्रियामा कुनै ध्यान दिइएको थिएन । त्यसैकारण, तिनीहरुमा थुप्रै विभिन्नताहरु छन् ।

३. हिब्रू वर्ण א*(aleph)* अथवा (०१) द्वारा जानिने Codex Sinaiticus लाई, Tischendrof द्वारा सीनै पर्वतमा भएको सन्त क्याथेरीनको मन्दिरमा भेट्टाइएको थियो । योचाहिँ चौथो शताब्दीबाटको हो, अनि यसमा पूरानो करारको LXX र ग्रीक नयाँ करार दुवै समावेश रहेको छ । योचाहिँ अलेकजान्ड्रियन पाठ (Alexandrian Text) को प्रकारको छ ।

४. "A" अथवा (०२) को रुपमा चिनिने Codex Alexandrinus, चाहिँ पाँचौं शताब्दीको ग्रीक पाण्डुलिपी हो, जसलाई अलेकजान्ड्रिया, इजिप्टमा पाइएको थियो ।

५. "A" अथवा (०३) को रुपमा चिनिने Codex Vaticanus लाई भेटिकनको पुस्तकालयमा पाइएको थियो जुनचाहिँ चौथो शताब्दीको मध्यतिरको थियो । यसमा पूरानो करारको LXX र ग्रीक नयाँ करार दुवै समावेश छ । योचाहिँ अलेकजान्ड्रियन पाठको प्रकारको छ ।

६. "C" अथवा (०४) को रुपमा चिनिने Codex Ephraemi, चाहिँ पाँचौं शताब्दीको ग्रीक पाण्डुलिपी हो । योचाहिँ “पश्चिमी पाठ” भनिने कुराको मुख्य प्रतिनिधि थियो । यसमा थपिएका थुप्रै कुराहरु समावेश छन्, अनि King James अनुवादको लागि मुख्य ग्रीक साक्षी थियो ।

७. “D” अथवा (०५) को रुपमा चिनिने Codex Bezae चाहिँ पाँचौं अथवा छैटौं ग्रीक पाण्डुलिपी हो । योचाहिँ “पश्चिमी पाठ” भनिने कुराको मुख्य प्रतिनिधी थियो । यसमा थपिएका थुप्रै कुराहरु समावेश छन् अनि King James अनुवादको लागि मुख्य ग्रीक साक्षी थियो ।

८. NT MSS लाई तीन अथवा सम्भवत् चार परिवारहरुमा एकत्र गर्न सकिन्छ जसले निश्चित विशेषताहरुलाई बाँड्दछ ।

अ. इजिप्टबाट अलेकजान्ड्रियन मूल पाठ

(१) $P^{75}$, $P^{66}$ (लगभग सन् २०० तिरको), जसले सुसमाचारहरुलाई अभिलेख गर्दछ ।

(२) $P^{46}$ (लगभग सन् २२५ तिरको), जसले पावलको पत्रलाई अभिलेख गर्दछ ।

(३) $P^{72}$ (लगभग सन् २२५–२५० तिरको), जसले पत्रुस र यहूदालाई अभिलेख गर्दछ ।

(४) Codex B, जसलाई Vaticanus भनिन्थ्यो (लगभग सन् ३२५ तिरको), जसमा सम्पूर्ण पूरानो करार र नयाँ करार सामेल छ ।

(५) यस पाठको प्रकारबाट Origen ले उद्धधृत गरेका छन् ।

(६) यसप्रकारको पाठलाई देखाउने अरु MSS चाहिँ ℵ,C,L,W, 33

आ. उत्तरी अफ्रिकाबाटको पश्चिमी पाठ

(१) उत्तरी अफ्रिकाका मण्डलीका धर्मगुरुहरु, Tertullian, Cyprian अनि पूरानो ल्याटिन अनुवादको उद्धरणहरु

(२) Irenaeus बाटको उद्धरणहर

(३) Tatian र पूरानो साइरिक अनुवादबाटको उद्धरणहरु

(४) Codex D “Bezae” ले यसप्रकारको पाठलाई पालन गर्दछ ।

इ. कन्स्यान्टिनोपलबाटको पूर्वीय बाईजानटाइन् पाठ

(१) यसप्रकारको पाठलाई ५,३०० MSS को ८०% भन्दा बढीमा प्रतिविम्बित छ ।

(२) सीरियाका एन्टिओखियाका मण्डलीका धर्मगुरुहरु, Cappadoceans, Chrysostom अनि Therodoret द्वारा उद्धधृत् ।

(३) Codex A, सुसमाचारमा मात्र

(४) Codex E (आठौं शताब्दी) पूर्ण नयाँ करारको लागि

ई. प्यालेष्टाइनबाटको चौथो सम्भावित प्रकारचाहिँ "Caesarean" हो

(२) यसका केही गवाहीहरुचाहिँ $P^{45}$ र W हुन् ।

२. “निम्न समालोचना” अथवा “मूल पाठ सम्बन्धीका समालोचना” का समस्याहरु र सिद्धान्तहरुको संक्षिप्त व्याख्या

अ. विभिन्नता कसरी हुन आयो

१. नसोचि गरिएको अथवा अन्जानमा गरिएको (घटनाहरुको ठूलो बहुमत)

अ. हातले प्रतिलिपि गर्दा हेराइमा गल्ती भएको जसले दुईओटा त्यस्तै शब्दहरुलाई दोस्रो उदाहरणको रुपमा पढिन्छ अनि, यसोस्ले, बीचमा भएको सबै शब्दहरुलाई छोडिएको छ (homoioteleuton)

(१) दुई अक्षरको शब्द अथवा वाक्यांश (haplography) लाई छोड्नुमा हेराइकै गल्ती

(२) ग्रीक मूलपाठको वाक्यांश अथवा रेखालाई दोहोऱ्याउँदा मनको गल्ती (dittography)

आ. मौखिक श्रुतिलेखनद्वारा हातले प्रतिलिपि गर्दा गलत हिज्जे गराईहरु हुन आयो (itacism) । गलत हिज्जे गराईले प्रायःजसो त्यस्तै सुनिने ग्रीक शब्दलाई संकेत गर्दछ अथवा हिज्जे गर्दछ ।

इ. सुरुवातको ग्रीक मूल पाठहरुमा कुनै अध्यायहरु अथवा पदको विभाजनहरु थिएन, कमैमात्र विराम चिह्न अथवा प्राय थिएनन् अनि शब्दहरुमा कुनै विभाजन थिएन । विभिन्न शब्दहरु बनाउँदै विभिन्न स्थानहरुमा अक्षरहरुलाई विभाजन गर्न सम्भव हुन्छ ।

२. जानी–बुझी गरिएको

अ . प्रतिलिपि गरिएका पाठको व्याकरणको बनावटलाई सुधार गर्न परिवर्तनहरु गरिएको थियो ।

आ. अरु बाइबलीय पाठहरुसँग पाठलाई निश्चयतामा ल्याउनलाई परिवर्तनहरु गरिएको थियो ( समानान्तरहरुको मिलाप)।

इ. एउटा लामो संयुक्त पाठभित्र दुई अथवा धेरै विभिन्नता पाठनहरुलाई संयुक्त गरेर परिवर्तन गरिएको थियो (रुपान्तरण)।

ई. पाठमा भएको अनुमान गरिएको समस्यालाई सच्याउनको लागि परिवर्तनहरु गरिएको थियो (१ कोरिन्थी ११:२७ र १ यूहन्ना ५:७–८)

उ. पाठको ऐतिहासिक दृश्य र सठीक व्याख्या गराईप्रतिको केही थप जानकारीलाई एकजना शास्त्रीद्वारा पन्नाको छेउमा राखिएको थियो तर अर्को शास्त्रीद्वारा पाठमा राखिएको थियो (यूहन्ना ५:४)

आ. मूल पाठसम्बन्धीका समालोचनाको आधारभूत सिद्धान्तहरु (विभिन्नताहरु अस्तित्वमा हुँदा पाठको मूल पठनलाई निर्धारण गर्नको लागि तार्किक मार्गदर्शनहरु)

१. एकदमै अनौठो अथवा व्याकरणका अस्वभाविक पाठचाहिँ सायद मूल कुरो हो ।

२. सबैभन्दा छोटो पाठचाहिँ सायद मूल कुरो हो ।

३. अरु सबै कुरालाई बराबरी गरिँदा, मूल कुरोप्रति यसको ऐतिहासिक सामीप्यको कारण पूरानो पाठले अझ वजन दिइएको छ ।

४. भौगोलिक रुपमा भिन्न रहेका MSS को साधारणतय् मूल पठन रहेको छ ।

५. विशेष गरेर १ यूहन्ना ५:७–८ मा भएको त्रि–एक जस्ता पाण्डुलिपी परिवर्तनको अवधिको मुख्य ईश्वरशास्त्रीय छलफलहरुसँग सम्बन्धित सैद्धान्तिक रुपमा कमजोर पाठहरुलाई रुचाइनुपर्दछ ।

६. पाठ जसले अरु विभिन्नताहरुको उत्पत्तिलाई असलरुपमा वर्णन गर्न सकिन्छ ।

७. दुईओटा उद्धरणहरु जसले यस्ता कष्टप्रद विभिन्नताहरुको सन्तुलनलाई देखाउन सहायता गर्दछ :

अ. J. Harold Greenlee को पुस्तक, *Introduction to New Testament Textual Criticism*, पृष्ठ ६८ :

“कुनै पनि ख्रीष्टियन सिद्धान्त एउटा तर्कयोग्य पाठमाथि अल्झिरहँदैन; अनि नयाँ करारका विद्यार्थीहरु आफ्ना पाठलाई प्रेरित मूल पाठभन्दा अझ परम्परागत अथवा सैद्धान्तिकरुपमा बलियो बनाउन चाहने कुराबाट होसियार हुनुपर्दछ ।”

आ. W. A. Criswell ले The Briminghami News को Greg Garrisons लाई भने कि तिनले (Criswell) बाइबलमा भएका हरेक शब्द प्रेरणाबाटै आएको हो भनेर विश्वास गर्दैनन्, “कमसेकम अनुवादकहरुको शताब्दीहरुबाट आधुनिक मानिसहरुलाई दिइएको हरेक शब्दलाई भने होइन ।” Criswell (क्रिसवेल) ले भने :

"म मूलपाठ सम्बन्धीको समालोचनाको एकदमै ठूलो विश्वासी हुँ । यसर्थ, मलाई के लाग्छ भने मर्कूस १६ को अन्तिम आधा जति अध्यायचाहिँ बनावटी कथा हो, यो प्रेरणाद्वारा होइन, केवल गढन्ते कुरा मात्र हो ..... जब तपाइँले ती पाण्डुलिपीहरुलाई पहिलेका कुरासँग तुलना गर्नुहुन्छ भने, मर्कूसको पुस्तकमा भएको जस्तो त्यहाँ कुनै कुरा थिएन । यसलाई त कसैले थपेको हो ........ ।"

SBC पथभ्रष्टवादीको पितृसत्तात्मकताले पनि दाबी गरेका छन् कि "क्षेपक जोड्नु" पनि यूहन्ना ५ को एउटा प्रमाण हो, वेथेसदाको दहमा येशूको विवरण । अनि तिनले यहूदाको आत्महत्या (मत्ती २७ र प्रेरित १) को दुई बेग्लाबेग्लै विवरणहरुको छलफल गरेका छन् : "योचाहिँ आत्महत्याको बेग्लै दृष्टिकोणमात्र हो, "क्रिसवेलले भने । "यदि यो बाइबलमा हुँदो हो त, त्यहाँ यसको लागि एउटा व्याख्या हुनुपर्दथ्यो । अनि बाइबलमा यहूदाको आत्महत्याको दुईओटा विवरणहरु रहेका छन् ।" क्रिसवेलले यसरी थपेका थिए, "मूल पाठसम्बन्धीका समालोचनाचाहिँ आफैंमा एउटा अचम्मलाग्दो विज्ञान हो । यो कुनै क्षणिक कुरो होइन, यो कुनै अप्रासंगिक कुरो होइन । यसको परिवर्तन भइरहने अनि माझको ....।"

३. पाण्डुलिपीका समस्याहरु (मूल पाठसम्बन्धीका समालोचना)

अ. अरु अरु पाठनको लागि प्रस्तावित गरिएको स्रोतहरु

१. R.H.Harrison को *Biblical Criticism: Historical, Literary and Textual*

२. Bruce M. Metzger को *The Text of the New Testament : Its Transmission, Corruption and Restoration*.

३. J.H. Greenlee को *Introduction to New Testament Texual Criticism*.

# परिशिष्ट तीन

## सैद्धान्तिक विवरण

म विषेशरुपले विश्वास अथवा सिद्धान्त को वयानहरुलाई वास्ता गर्दिन । म त बाइबल आफैलाई पुष्टि गर्न रुचाउँछु । तरै पनि, मैले बुझेको छु कि विश्वासको एउटा वयानले मसंग परिचित नभएकाहरुलाई मेरो सैद्धान्तिक उद्धेश्यको मुल्यांकन गर्न एउटा बाटो प्रदान गर्नेछ । यस्तो ईश्वरशास्त्रीय भूल र धोका भएको हाम्रो समयमा, मेरो ईश्वरशास्त्रको निम्नलिखित संक्षिप्त सारांशलाई प्रदान गरिएको छ ।

१. बाइबल, पूरानो र नयाँ करार दुवै, प्रेरणाबाट लेखिएको, अचूक, अधिकारयुक्त, परमेश्वरको अनन्त वचन हो । योचाहिँ अलौकिक अगुवापनको अधीनमा मानिसहरुद्वारा अभिलेख गरिएको परमेश्वरको स्व-प्रकटीकरण हो । योचाहिँ परमेश्वर अनि उहँको उद्धेश्यहरुको विषयका हाम्रा एकमात्र स्पष्ट सत्यता हो । यो उहाँको मण्डलीमा लागि विश्वास र अभ्यासको एकमात्र स्रोत पनि हो ।

२. त्यहाँ केवल एउटैमात्र अनन्तको सृष्टिकर्त्ता, अनि उद्धारकर्त्ता परमेश्वर हुनुहुन्छ । उहाँ सबै कुराहरुको सृष्टिकर्त्ता हुनुहुन्छ, दृश्य र अदृश्य दुवैको । उहाँले आफैलाई प्रेमिलो र वास्ता गर्नुहुनेको रुपमा प्रकट गर्नुभएको छ यद्यपि उहाँ उचित र न्यायी हुनुहुन्छ । उहाँले आफैलाई तीनजना पृथक व्यक्तिहरुमा प्रकट गर्नुभएको छ : पिता, पुत्र र पवित्र आत्मा, वास्तवमै अलग अनि तैपनि सारमा एउटै ।

३. आफना संसारलाई परमेश्वरले सक्रियरुपमा नियन्त्रण गर्नुहुन्छ । उहाँको सृष्टिको लागि त्यहाँ एउटा दुवै अनन्तको योजना छ, जसलाई परिवर्त्तन गर्न सकिँदैन अनि एकलरुपमा केन्द्रित गरिएको छ जसले मानिसको स्वातन्त्र इच्छालाई अनुमनि दिँदछ । परमेश्वरको ज्ञान र अनुमति विना केही पनि हुँदैन, तरैपनि उहाँले स्वर्गदूतहरु र मानिसहरु दुवैमाझ एकल रोजाईको अनुमति दिनुहुन्छ । येशू पिताका चुनिएका मानिस हुनुहुन्छ अनि सबैजना क्षमतावान्‌रुपमा उहाँमा चुनिएका छन् । घटनाहरुप्रतिको परमेश्वरको पूर्वज्ञानले मानिसजातिलाई एउटा निर्धारित पूर्व-लिखित लिपिमा कम गर्न सकिँदैन । हामी सबै हाम्रा सोंचाइहरु र कामहरुको जिम्मेवार छौं ।

४. मानिसजाति, यद्यपि परमेश्वरको स्वरुपमा सृजिएर पापबाट मुक्त रहेको भए तापनि, परमेश्वरको विरुद्धमा विद्रोह गर्नलाई रोजे । एउटा अलौकिक प्रतिनिधिद्वारा परिक्षित भए तापनि, आदम र हव्वा तिनीहरुका स्वेच्छिक स्वकेन्द्रितताको लागि जिम्मेवार थिए । तिनीहरुका विद्रोहले मानवजाति र सृष्ति लाई असर गरेको छ । आदममा हाम्रो सामुहिक अवस्था र हाम्रो व्यक्तिगत इच्छाशक्तिको विद्रोहको लागि हामी सबै परमेश्वरको दया र अनुग्रह दुवैको खाँचोमा छौं ।

५. परमेश्वरले क्षमादानको साधन र पतित मानवताका लागि पुनर्स्थापन प्रदान गर्नुभएको छ । परमेश्वरका अनौठो पुत्र, येशू ख्रीष्ट, मानिस बन्नुभयो, पापरहितको जीवन जिउनुभयो, अनि उहाँको प्रतिस्थापित मृत्युको माध्यमबाट, मानिसजातिका पापको लागि दण्डको मोल तिर्नुभयो । परमेश्वरसंगको पुनर्स्थापन र संगतिको मार्गचाहिँ उहाँमात्र हुनुहुन्छ । उहाँका पूर्ण काममाथिको विश्वासमार्फत बाहेक उद्धारको त्यहाँ अरु कुनै माध्यम छैन ।

६. हामी हरेकले परमेश्वरको क्षमादानको प्रस्ताव र येशूमा रहेको पुनर्स्थापनलाई व्यक्तिगतरुपमै ग्रहण गर्नैपर्दछ । योचाहिँ येशूमार्फत र जानिएको पापबाट एउटा ऐच्छिक फर्काइको मार्फत परमेश्वरको प्रतिज्ञाहरुमा ईच्छाशक्तिद्वाराको विश्वासको माध्यमबाट पूरा भएको छ ।

७. हामी सबैलाई खीष्टमाथिको हाम्रो विश्वास र पापबाटको प्रायश्चितमाथि आधारित कुराहरुद्वारा हामीलाई पूर्ण क्षमादान दिइएको छ अनि पुनर्स्थापित गरिएको छ । तरैपनि, यस नयाँ सम्बन्धको लागि प्रमाणचाहिँ परिवर्तित अनि परिवर्त्तन हुने जीवन हो । मानिसजातिका लागि परमेश्वरको लक्ष्यचाहिँ कुनै दिन स्वर्गमात्र होइन तर अहिलेको खीष्टको स्वरुप पनि हो । वास्तवमै उद्धार पाएकाहरुले, यद्यपि यदाकदा पाप गरे तापनि, तिनीहरुका जीवनभरी नै विश्वास र पश्चातापमा निरन्तर रहिरहनेछन् ।

८. पवित्र आत्माचाहिँ "अर्को येशू" हुनुहुन्छ । उहाँ हराएकाहरुलाई खीष्टमा डोर्‍याउन अनि बचाइएकाहरुमा खीष्टको स्वरुप विकाश गर्न यस संसारमा उपस्थित हुनुहुन्छ । आत्माको वरदानचाहिँ उद्धारमा दिइएका छन् । तिनीहरुचाहिँ उहाँ शरीर अर्थात मण्डलीमा विभाजन भएका येशूको जीवन र सेवाकाई हुन् । वरदानहरु जुनचाहिँ आधारभूतरुपमा येशूको मनोवृत्तिहरु र उद्धेश्यहरु हुन्, लाई आत्माको फलद्वारा प्रोत्साहित गराउन आवश्यकता पर्दछ । आत्मा त हाम्रो समयमा पनि सक्रिय हुनुहुन्छ जस्तो उहाँ बाइबलीय समयमा हुनुहुन्थ्यो ।

९. पिताले पुनरुत्थित येशूलाई सबै कुराहरुको न्यायकर्त्ता बनाउनु भएको छ । सबै मानिसजातिलाई इन्साफ गर्न उहाँ संसारमा फर्कंदै हुनुहुन्छ । येशूलाई विश्वास गर्नेहरु अनि थुमाको जीवनको पुस्तकमा नाउँ लेखिएकाहरुले उहाँको आगमनमा तिनीहरुका अनन्त महिमिति शरीरहरु ग्रहण गर्नेछन् । तिनीहरु उहाँसंग सदासर्वदै रहनुहुनेछ । तरैपनि, परमेश्वरको सत्यतालाई प्रतिउत्तर दिन इन्कार गर्नेहरुलाई त्रि -एक परमेश्वरसंगको संगतिको आनन्दबाट सदासर्वदैकोलागि अलग गरिनेछ । तिनीहरुलाई दियावलस र त्यसका दूतहरुसंगै इन्कार गरिनेछन् ।

यो निश्चय नै पूर्ण अथवा प्रत्येक कुरामा ध्यान दिएर गरिएको त छैन तरैपनि यसले तपाईंलाई मेरो हृदयको ईश्वरशास्त्रीय स्वाद दिनेछ भन्ने मैले आशा गरेको छु ।

"आवश्यकताहरुमा - एकता, परिधिको कुराहरुमा - स्वातन्त्र, सबै कुराहरुमा - प्रेम" भन्नेचाहिँ मलाई मन पर्ने विवरण हो ।